## विश्वासीहरूका निम्ति लेखिएको
## पवित्र बाइबलको टिप्पणी

# पुरानो नियमको टिप्पणी

विलियम म्याक डोनाल्ड

Title of the English Original:

**Believer's Bible Commentary by William MacDonald**

Indian Publisher of the English Original:

**Authentic Media, Medchal Road, Suchitra Junction, Secunderabad – 500 067, India**

ISBN of the English Original: ISBN 9789381905593

Copyright of the English Original: © 1995 by Christian Mission in Many Lands, Inc. P.O. Box 13, Spring Lake, NJ 07762, USA www.cmml.us

Copyright of the Nepali translation: © 2015 by Christian Mission in Many Lands, , Inc. P.O. Box 13, Spring Lake, NJ 07762, USA www.cmml.us

Publisher of the Nepali translation:

जीवन मार्ग प्रकाशन
पी.ओ. बोक्स नं. २३
पी.ओ. कालिम्पोङ्ग - ७३४३०१
पश्चिम बंगाल
भारत

Please visit our webpage for additional literature.
These publications are available as pdf files from:
www.nbcinepal.org
or write to: nbcinepal@gmail.com

Printed at:

# कवितासंग्रहका पाँचवटा पुस्तकहरूको टिप्पणी

(अय्यूबको पुस्तकदेखि श्रेष्ठगीतको पुस्तकसम्मको भाग)

# कवितासंग्रहका पाँचवटा पुस्तकहरूको भूमिका

कसैले यसो भनेका छन्ः 'अनुवादमा कविताको गुण र स्वाद हराउँछ।' तर हामी भाग्यमानी छौं; किनकि हिब्रू कविताको विषयमा कुरा यस्तो छैन; किनभने जसले हिब्रू कविताको विषयमा यस्तो भन्छ, ऊ साँचो कुरा भन्दैन, तर उसको राय उसको अज्ञानताको फल हुनुपर्छ। बरु ठेट अङ्ग्रेजी वा स्तरीय प्रान्सेली भाषाको कविताको विषयमा यसो भन्न मिल्ला; किनभने अङ्ग्रेजी कविताको विषयमा अपनाउनुपर्ने नियमहरू कठोर छन्, जस्तैः तुकको एकताको विषयमा, पंक्ति-पंक्तिको रचना, त्यसको लमाइ, लय र ताल बनाउने, शब्द र शब्दांशको उच्चारणको एकता आदि विषयहरूमा कड़ा नियम छन् अनि कवितामा विशेष शब्दावलीहरू पनि प्रयोग गरिएका छन्। यसकारण अङ्ग्रेजी कविता अरू भाषाहरूमा अनुवाद गर्न एकदम गाह्रो छ र मलाई लाग्छ, यसको अनुवाद त्यति सफलतापूर्वक भएको छैन।

हो, हिब्रू कवितामा पंक्तिको लमाइ र त्यसको लय र ताल बनाउने सम्बन्धमा नियम त छ, अँ, अनुप्रास अलङ्कार प्रयोग गरिन्छ, अर्थात् उस्तै-उस्तै ध्वनि भएका शब्दहरू प्रयोग गरिन्छन्, अनि हाम्रो अङ्ग्रेजी कविताको रचनासित मिल्ने अरू प्रणालीहरू पनि प्रयोग गरिन्छन्।

भविष्यवक्ताहरूका जम्मै पुस्तकहरू प्रायः कविताको शैलीमा लेखिएका भए तापनि पुरानो नियमअन्तर्गत पाँचवटा पुस्तकहरू छन्, जुनचाहिँ कविताको सङ्ग्रह मानिएका छन्, जस्तैः अय्यूबको पुस्तक, भजनसंग्रह, हितोपदेश, उपदेशक र श्रेष्ठगीतका पुस्तकहरू।[1)]

**क) कविता मानिएका पुस्तकहरू यी हुन्ः**

**अ) अय्यूबको पुस्तक**

हुन सक्छ, अय्यूबको पुस्तक पवित्र बाइबलको सबैभन्दा पुरानो पुस्तक होला; किनकि ठीक र बेठीकको विषयमा यसमा गरिएका सबै छलफलहरूमा मोशाको व्यवस्थाको कुनै सङ्केत पाइँदैन। यस पुस्तकमा अति नै कष्टहरू भोगिरहेका धर्मी अय्यूबले प्रभावकारी बातचितहरूमा आफ्ना मित्रहरूसँग आफ्नो दुःखकष्टको खास कारणको विषयमा बहस गर्दै बस्छन्; तर अन्तमा परमप्रभुले उनलाई सिकाउनुभयोः उनले जेजस्तो अवस्थामा पनि आफूलाई सर्वाधिकारी परमेश्वरको इच्छाको अधीनतामा सुम्पनुपर्छ। अय्यूबको पुस्तक बुद्धि-साहित्यको उत्कृष्ट रचना हो, अनि यो कुरा विश्वासमा नआएका मानिसहरू समेत स्वीकार गर्न तयार छन्। यसकारण यो सर्वोत्तम, तेजस्वी कविता अवश्य पढ्नुहोस्!

**आ) भजनसंग्रहको पुस्तक**

ख्रीष्ट-विश्वासीहरूको निम्ति पुरानो नियममा सबैभन्दा लोकप्रिय पुस्तक भजनसंग्रहको पुस्तक हो। यसकारण नयाँ

नियमका कति संस्करणहरूमा हामीजस्तै सम्पूर्ण बाइबल बोक्न गाह्रो मान्नेहरूको सुविधाको निम्ति भजनसंग्रहको पुस्तक पनि त्यसमा जोड़िएको छ। भजनसंग्रहको पुस्तक मन पराउने धेरै मानिसहरू छन्, तर तिनीहरूमध्ये धेरैलाई यो पुस्तक पूरापूर कविता हो भन्ने कुरा थाहा छैन।[2)]

भजनसंग्रहचाहिँ उहिलेको इस्राएली जातिको गीतसंग्रह थियो; भजनसंग्रहको पुस्तक पाँचवटा पुस्तकहरूको संग्रह हो। यी भजनहरू लगभग एक हजार वर्षको अवधिभित्र, अँ, ख्रीष्टपूर्व १४०० साल र ख्रीष्टपूर्व ४०० सालभित्र लेखिए। भजन ९० मोशाको रचना हो, जुनचाहिँ ख्रीष्टपूर्व १४०० सालतिर बनेको थियो भने, एज्राको रचना ख्रीष्टपूर्व ४०० सालतिर भएको हो।

### इ) हितोपदेशहरूको पुस्तक

ख्रीष्ट-विश्वासीहरूको निम्ति पुरानो नियमअन्तर्गत दोस्रो स्थानमा आउने पुस्तक हितोपदेशहरूको पुस्तक हो। अनि हितोपदेशहरूको यो पुस्तक पनि नियमित रूपले पढ़िन्छ। यो पुस्तक बुद्धिका वचनहरूले भरपूर छ। जीवनको सफलता कसरी प्राप्त गरिन्छ? तपाईंले यसको विषयमा परमेश्वरको दृष्टिकोण जान्न चाहनुभयो भने, हितोपदेशहरूको पुस्तक पढ़्नुहोस्; किनकि वास्तवमा यस प्रकारको जीवन मात्र जिउन लायक जीवन हो। यो उदेक रचना बुद्धि-साहित्यको हीरा हो।

### ई) उपदेशकको पुस्तक

यो पुस्तक प्रायः मानिसहरूले पवित्र बाइबलको आधारभूत शिक्षासित मिलाउन सकेका छैनन्, तिनीहरूको निम्ति यो सबैभन्दा गाह्रो कुरा हो। तर उपदेशकको पुस्तकको अर्थ खोल्ने एउटा कुञ्जी-शब्द छ, ‘सूर्यमनि’। किनकि यस पुस्तकमा उपदेशकले परमेश्वरको प्रकाश नपाएको व्यक्तिको दृष्टिकोण अपनाएर तर्क गरिरहेका छन्। उपदेशकको पुस्तकचाहिँ बुद्धि-साहित्यको अर्को अद्‌भुत रचना हो।

### उ) श्रेष्ठगीतको पुस्तक

श्रेष्ठगीतको पुस्तकको विषयमा बाइबल-प्रेमीहरू सबैको राय एउटै होः यो साँचो, विशुद्ध प्रेमको विषयमा लेखिएको कति सुन्दर कविता हो! तर यस पुस्तकका व्याख्याहरू भिन्नै छन्। ‘श्रेष्ठगीत’को नाम हिब्रू भाषामा ‘गीतहरूको गीत’ हो। यो एउटा हिब्रू मुहावरा हो, जसको अर्थ ‘सबैभन्दा उत्कृष्ट गीत’ हो। राजा सुलेमानले एक हजार पाँच गीतहरू रचे (१ राजा ४:३२); तर यो श्रेष्ठगीतचाहिँ उनको सर्वोत्तम रचना थियो।

## ख) हामीले पुरानो नियमको कविताबाट आनन्द उठाउन सक्नुपर्छ

दुःखलाग्दो कुरा के हो भने, हामीमध्ये धेरैजना स्कूलको समयमा कविताबाट अघायौं; किनकि कि त हामीलाई मन नपरेका र अर्थ नबुझिने कविताहरू कण्ठ गर्न लगाइन्थ्यो, कि त शिक्षकहरूले कविताहरूको चिरफार यहाँसम्म गर्थे कि कविताहरूको सारा सुन्दरता, स्वाद र तेज हराइसकेको थियो। पुरानो नियमका कविताहरूबाट आनन्द उठाउने कुरा केसित तुलना गर्न उचित होला त? यो त गुलाफको फूल रोप्नु र स्याहार गर्नुजस्तै हो, यस्तो काम जोपनि गर्न सक्छ। गुलाफको सुन्दरता र मकमक वासना उपभोग गर्न धेरै सीप चाहिँदैन। मलाई विश्वास गर्नुहोस्, यी कविताहरूबाट गुलाफको फूलको मीठो सुगन्धजत्तिकै सुगन्ध आउँछ। तर कविताहरू पढ़्दा जीव-विज्ञानको कक्षामा

# कवितासंग्रहअन्तर्गत तीनवटा बुद्धि-साहित्यका पुस्तकहरू र कबिताका अरू दुईवटा पुस्तकहरू यस नकस्सामा कालक्रमअनुसार प्रस्तुत गरिएका



बसेको जस्तै गुलाफको फूल चिरफार गर्ने काम नगरौं, जुन कामबाट सायद थुप्रै ज्ञान प्राप्त गरिन्छ होला, तर यसरी हामी निश्चय नै न यी कविताहरूको कला, न यिनको सुन्दरता उपभोग गर्न सक्नेछौं।

आउनुहोस्, हामी पुरानो नियमका कविताहरूबाट आनन्द उठाऔं! कसरी? एक, शुरुमा हामी गुलाफको विषयमा ज्ञान नभएका मानिसहरू बनौं, जसले गुलाफको फूलबाट पूरा आनन्द लिन्छौं। यसकारण पुरानो नियमका कविता-रचना पढौं र यस पढ़ाइबाट आनन्द उठाऔं। अनि दुई, हामी कविताहरू अध्ययन गरौं, तर वैज्ञानिक अध्ययन गरेजस्तै नगरौं।

गुलाफका फूलहरू किसिम-किसिमका छन्। यसैले तपाईंले हाइब्रिड गुलाफ र फ्लोरिबण्डा नामक गुलाफको बीचमा भिन्नता के हो, सो जान्नुभयो भने, निश्चय नै तपाईंले गुलाफका फूलहरूबाट अझ बढ़ी आनन्द उठाउनुहुनेछ। अनि जसले गुलाफका फूलहरूका विभिन्न रङ्गहरू छुट्ट्याउन सक्छ, जसले रातो रङ्ग र गुलाफी रङ्गको गुलाफको बीचमा, मुगाको रङ्ग र सुन्तलाको रङ्ग भएको गुलाफबाट छुट्ट्याउन सक्छ, उसको आनन्द अझ बढ्छ।

ठीक त्यस्तै तपाईंले कविताहरूको रङ्गरस छुट्टाउन सक्नुहुन्छ। कसरी? तपाईंले ती कविताहरूमा पाइने विभिन्न रूपहरू र रचनाका विभिन्न तकनिकीहरू जान्नुभयो भने, अँ, भजनका लेखकहरू र बाइबलका अन्य कविहरूले अपनाएका शैली र पद्धतिहरूको विषयमा तपाईंसँग केही हदसम्म ज्ञान छ भने, तपाईंले पवित्र बाइबलका कविताहरूबाट बढ़ी आशिषहरू पाउनुहुनेछ। अनि यो कुरा कवितासंग्रह मानिएका पाँचवटा पुस्तकहरूको विषयमा मात्र साँचो ठहरिँदैन, तर पुरानो नियमको बाँकी भागको विषयमा पनि सत्य ठहरिन्छ; अँ, नयाँ नियमको विषयमा उक्त सल्लाह पनि लागू हुन्छ।

### ग) समानान्तरताको तकनिकी

अङ्ग्रेजी कवितामा अपनाइएको मुख्य तकनिकी ध्वनिको तालमेल हो, तर पवित्र बाइबलको कवितामा योचाहिँ सबैभन्दा ठूलो तकनिकी होइन, तर छन्दोबद्ध विचारहरू मिलाउने पद्धति पो यसको प्रमुख तकनिकी हो। यसको अर्थ यस प्रकारको छः यस तकनिकीमा दुई वा दुईभन्दा बढ़ी पंक्तिहरू जोड़िन्छन्, जुन पंक्तिहरू एक-अर्कासँग बढ़ीकम्ती जसोतसो मिल्छन्। हामी परमेश्वरलाई धन्यवाद चढ़ाऔं; किनभने पवित्र बाइबलका प्रायः सबै कविताहरू यस प्रकारका छन्। किनकि यस किसिमका कविताहरू प्रायः सबै भाषाहरूमा असल प्रकारले अनुवाद गर्न सकिन्छ, अनि यी कविताहरूको अनुवाद गर्दा तिनको सुन्दरता पनि हराउँदैन। हाम्रा प्रभु येशू आफैले पनि बोल्नुहुँदा घरिघरि समानान्तरताको तकनिकी अपनाउनुभयो (यस सम्बन्धमा निम्न संक्षिप्त विवरणहरू पढ़िसक्नुभएपछि तपाईंले मत्ती ५-७ र यूहन्ना १३-१७ अध्यायहरूका खण्डहरू फेरि एकपल्ट यस विशेष कुरा-माथि ध्यान दिएर पढ्नुहोस्)।

हामी यहाँ हिब्रू भाषाले अपनाएको समानान्तरताका मुख्य प्रकारहरूका केही उदारणहरू यस हेतुले प्रस्तुत गर्न चाहन्छौं, कि पाठकवर्गले यस प्रकारका रचनाहरू छिटो भेट्टाउन सकोस्, अँ, 'विश्वासीहरूको निम्ति लेखिएको पवित्र बाइबलको टिप्पणी' नामक बाइबलकोषको सहायता लिएर तपाईंले पुरानो नियम अध्ययन गर्नुभएको बेलामा मात्र नभएर, तर दैनिक बाइबल-पठन गर्दाखेरि र प्रवचनहरू सुन्दाखेरि पनि तपाईंले यस प्रकारका रचनाहरू छिटो फेला पार्न सक्नुहुनेछ।

**अ) समान अर्थ भएका पंक्तिहरूको बीचमा रहेको समानान्तरता**

उक्त नामले सङ्केत गरेअनुसार यस प्रकारको कवितामा पहिलो पंक्तिमा जे भनिएको छ, दोस्रो पंक्तिमा पनि त्यही कुरामाथि जोड़ दिनको निम्ति त्यही कुरा लेखिएको छ। हितोपदेशहरूको पुस्तकभरि यस प्रकारको समानान्तरता पाइन्छ, जस्तैः

*हितोपदेश १२ः२८ः*
धार्मिकताको मार्गमा जीवन छ,
अनि यस बाटोमा मृत्यु हुँदैन।

*श्रेष्ठगीत २ः१ः*
'मचाहिँ शारोनको गुलाफ
र बेंसीहरूको लिली फूल हुँ।'

**आ) विरोध अर्थ भएका पंक्तिहरूको बीचमा रहेको समानान्तरता**

यस प्रकारको समानान्तरतामा दुईवटा विरोधाभास जनाउने पंक्तिहरू एक-अर्कोको विरोधमा राखिएका छन्, जस्तैः

*भजन १ः६*[3]*ः*
किनकि परमप्रभुले धर्मी जनहरूको बाटो जान्नुहुन्छ;
***तर*** भक्तिहीनहरूको बाटो नष्ट हुनेछ।

*हितोपदेश १०ः१२ः*
घृणाले झगड़ा मच्चाउँछ,
***तर*** प्रेमले सबै पापहरू ढाकिदिन्छ।

**इ) कति पंक्तिहरूमा समानान्तरताको रूप मात्र छ**

यस प्रकारको समानान्तरता रूपमा मात्र रहेको छ; किनकि दुई पंक्तिहरू न एक-अर्काको विरोध गर्छन्, न अर्थ बढ़ाउँछन्, न कुनै कुरामाथि जोड़ दिन्छन्। कुनै विचार वा विषयको बारेमा कविताका दुईवटा पंक्तिहरू सँगै राखिन्छन्, बस यति, जस्तैः

*भजन २ः६ः*
तरै पनि मैले आफ्नो राजालाई मेरो पवित्र पर्वत सियोनमाथि बसालेको छु।

**ई) संश्लेषण गर्ने समानान्तरता**

यस प्रकारको समानान्तरतामा कविताको पहिलो पंक्तिले प्रकट गरेको विचार दोस्रो पंक्तिले लिएर बढ़ाइदिन्छ; (ग्रीक भाषाको कुरा होः संश्लेषणको अक्षरशः अर्थ 'एकसाथ राख्नु' हो); जस्तैः

*भजन २३ः१ः*
परमप्रभु मेरा गोठाला हुनुहुन्छ;
मलाई कुनै कुराको घटी हुनेछैन।

*हितोपदेश ४ः२३ः*
आफ्नो हृदय पूरा यत्नसित सम्हालेर राख;
किनकि यसैबाट जीवनका धाराहरू निस्कन्छन्।

**उ) प्रतिकात्मक समानान्तरता**

यस प्रकारको कविताको पहिलो पंक्तिमा एउटा शब्द-चित्र पेस गरिएको छ, जुनचाहिँ दोस्रो पंक्तिमा लेखिएको कुरा स्पष्ट पार्ने काम गर्छ, जस्तैः

*भजन ४२ः१ः*
***जसरी*** मृगले खोलाको पानीको तिर्सना गर्छ,
***त्यसरी नै,*** हे परमेश्वर, मेरो प्राणले पनि तपाईंको तिर्सना गर्छ।

*हितोपदेश ११ः२२ः*
सुन्दरी स्त्रीसँग विवेकशीलता नहुनुचाहिँ सुङ्गुरको थुतुनुमा सुनको बुलाकी भए***जस्तै*** हो।

### घ) कविताहरूमा साहित्यका विभिन्न अलङ्कारहरू प्रयोग गरिएका छन्

#### अ) तुलनाहरू

पवित्र बाइबलमा विशेष गरी कविता-संग्रहका यी पाँचवाट पुस्तकहरूमा धेरै पल्ट एउटा कुरा अर्को कुरासँग सजीव ढङ्गले तुलना गरिएको छ।

#### १) उपमा भनिने तुलना

जब दुईवटा कुराहरू तुलना गरिएका छन् र 'जस्तै' वा 'झैं' भन्ने शब्द प्रयोग गरिएको छ भने, यस प्रकारको तुलना उपमा भनिन्छ, जस्तैः

*भजन ५:१२:*
किनकि हे परमप्रभु, तपाईंले धर्मी जनलाई आशिष दिनुहुनेछ;
ढालले ***झैं*** तपाईंले उसलाई दयाले घेर्नुहुनेछ।

*श्रेष्ठगीत २:३क:*
वनका रूखहरूको बीचमा स्याउको रूख ***झैं***
छोराहरूको बीचमा मेरा प्रिय हुनुहुन्छ।

#### २) रूपक नामक तुलना

कुनै तुलना सीधा छ; त्यसमा 'जस्तो' वा 'झैं' भन्ने शब्द छैन, तर एउटा चीजले अर्को चीज वर्णन गर्छ, यस प्रकारको तुलना 'रूपक' भनिन्छ। अनि यो धेरै लोकप्रिय तरिका[4)] हो, जस्तैः

*भजन ८४:११:*
किनकि परमप्रभु परमेश्वर ***सूर्य र ढाल*** हुनुहुन्छ;
परमप्रभुले अनुग्रह र महिमा दिनुहुनेछ;
सीधा चाल चल्नेहरूलाई उहाँले कुनै पनि असल कुरा नदिई राख्नुहुन्न।

*श्रेष्ठगीत ४:१२:*
'मेरी बहिनी, मेरी दुलही चारैपट्टि बार लगाइएको ***बगैंचा***,
बुज्याइएको ***मुहान***, मोहर छाप ठोकी बन्द गरिएको ***धारा*** हुन्।

#### आ) अनुप्रास अलङ्कार

अनुप्रास एउटा महत्त्वपूर्ण साहित्यिक अलङ्कार हो, जसमा एकै व्यञ्जनको ध्वनि घरिघरि प्रयोग गरिन्छ, जसबाट कविता सङ्गीतमय र प्रभावशाली बन्छ। यसकारण जब एउटै वाक्य वा पदमा कति शब्दहरू एकै अक्षरबाट शुरु हुन्छन्, प्रायः एकै व्यञ्जनबाट शुरु हुन्छन्, तब यस प्रकारको उपयुक्त अनुप्रासले हामीलाई कलापूर्ण सहायता दिन्छ।[5)] हामी यसको निम्ति निम्न उदाहरण दिन्छौंः श्रेष्ठगीतका शुरुका पदहरूमा हिब्रू पाण्डुलिपीमा धेरै शब्दहरू छन्, जुनचाहिँ 'श' भन्ने अक्षरबाट शुरु गर्छन्, हिब्रूमा श्रेष्ठगीतको शीर्षक र सुलेमानको नामको शुरुमा पनि त्यो 'श' अक्षर लाग्छ।

यस सम्बन्धमा कुरा स्पष्ट छ, कि कुनै अनुवादमा यस प्रकारका अनुप्रासहरू मिल्दैनन्, अँ, मूलभाषामा गरेको जस्तै हुनै सक्दैन।[6)] तर के.जे.वी. र एन.के.जे.वी.का अनुवादहरूमा धेरै घतलाग्दा अनुप्रासहरू पाइन्छन्, जस्तैः

*Job 5:12-13:*

He frustrates the devises of the ***c***rafty,
so that the hands ***c***annot ***c***arry out their plans.
He ***c***atches the wise in the own ***c***raftiness,
and the ***c***ouncel of the ***c***unning ***c***omes quickly upon them.

*Job 14:1-2 (NKJV):*

Man who is born of a woman is of ***f***ew days and ***f***ull of trouble.
He comes ***f***orth like a ***f***lower and ***f***ades away.
He ***f***lees like a shadow and does not continue.

*Psalm 111:9:*

***H***e ***h***as sent redemption to ***H***is people;
***H***e ***h***as commanded ***H***is covenant forever:
***H***oly and awesome is ***H***is name.

*Proverbs 17:8:*

A ***p***resent is a ***p***recious stone in the eyes of its ***p***ossessor;
Wherever he turns, he ***p***rospers.

*Proverbs 18:8 (NKJV):*

***T***he words of a ***t***alebearer are like ***t***asty ***t***rifles,
And ***t***hey go down in ***t***he inmost body.

**इ) मानवीकरण गर्ने रूपक**

मानवीकरण गर्ने रूपक भनेको परमेश्वर जो आत्मा हुनुहुन्छ, उहाँलाई मानिसहरूका अङ्गहरू भएको रूपमा वर्णन गर्नु हो, जस्तैः

*भजन ११:४:*

परमप्रभु आफ्नो पवित्र मन्दिरमा हुनुहुन्छ, परमप्रभुको सिंहासन स्वर्गमा छ; उहाँका ***आँखाहरूले*** हेर्दछन्,
उहाँका ***पलकहरूले*** मानिसका सन्तान-हरूलाई जाँच गर्दछन्।

**ई) पशुपक्षी-जगत्‌बाट लिएको रूपक**

मनावीकरण गर्ने रूपकले गरेजस्तै, उस्तै प्रकारले परमेश्वरका सद्‌गुणहरू बयान गर्दा पशुपक्षी-जगत्‌को सहारा लिइन्छ र उहाँका सद्‌गुणहरू पशुपक्षीका अङ्ग-प्रतङ्गहरूसित तुलना गरिन्छ, जस्तैः

*भजन ९१:४:*

उहाँले तिमीलाई आफ्ना ***प्वाँखहरूले*** ढाक्नुहुनेछ;
र उहाँका ***पखेटाहरूमनि*** तिमीले शरण लिनेछौ;
उहाँको सत्यता तिम्रो ढाल र कवच हुनेछ।

**उ) अजीव वस्तुहरूमा मानवी गुण दिने व्यक्तीकरण**

यस प्रकारको व्यक्तीकरण गर्ने अलङ्कारमा एउटा अजीव वस्तु वा निर्जीव गुणलाई मानिसको गुण र स्वभाव दिइन्छ, जस्तैः

*भजन ९६:११-१२:*

आकाश ***रमाओस्,*** र पृथ्वी ***आनन्दित होस्;*** समुद्र र त्यसको भरपूरी गर्जून्!
मैदान र त्यसमा भएका सबै थोक ***प्रफुल्लित होऊन्;***
तब जङ्गलका सबै रूखहरू परमप्रभुको सामु ***रमाउनेछन्।***

*हितोपदेश ८:१२:*

'म बुद्धिचाहिँ निपुणतासँग वास गर्छु, र विचारपूर्ण युक्तिहरूको ज्ञान प्राप्त गर्छु।'

**ऊ) अक्षरबद्ध कविता**

अक्षरबद्ध कविता ठीक किसिमले अनुवाद गर्न सकिँदैन;7) किनभने यस प्रकारको कविता हिब्रू वर्णमालामाथि आधारित छ, र कविताका पंक्तिहरू वर्णमालाको क्रमअनुसार राखिएका छन्। यसका प्रख्यात उदाहरणहरू भजन ११९ र विलापको पुस्तकका पाँच अध्यायमध्ये चारवटा हुन्, जुनचाहिँ अक्षरबद्ध कविता हुन्। अनि हितोपदेशहरूको पुस्तकका अन्तिम बाइसवटा पदहरू हिब्रू वर्णमालाको

क्रमअनुसार प्रस्तुत गरिएका छन् (हितोपदेश ३१:१०-३१), जुन पदहरूमा एउटी आदर्श स्त्रीलाई सम्मान गरिएको छ।

अरू पनि अलङ्कार भाषाहरू छन्, जसमध्ये कति अलङ्कारहरू हामीले यहाँ प्रस्तुत गरेका अलङ्कारहरूसँग केही हदसम्म मिल्छन्, र उस्तै छन्। यसकारण हामी यो कुरा अघि बढ़ाउँदैनौं। किनकि हामीलाई के लाग्छ भने, यहाँ अलङ्कारहरूको विषयमा प्रस्तुत गरिएको जानकारी हाम्रा प्रिय ख्रीष्ट-विश्वासीहरूको निम्ति पर्याप्त छन्।

प्रिय पाठक, तपाईंले यी पाँचवटा कवितायुक्त पुस्तकहरू अध्ययन गर्नुभएको बेलामा यस प्रकारका रचनाहरू अवश्य भेट्टाउनुहुनेछ; अँ, पवित्र बाइबलका बाँकी भागहरूमा पनि फेला पार्नुहुनेछ। तब हाम्रो चाहना यो हो कि यी रचनाहरूद्वारा यी पवित्र लेखहरूको विषयमा तपाईंमा नयाँ चासो बढ़ेको होस्; किनभने तपाईंले यसको अध्ययनबाट यसको सुन्दरताको गुणगान गर्ने थुप्रै कारणहरू पाउनुहुनेछ (उपदेशक ३:११[क] हेर्नुहोस्)।

## ENDNOTES:

1) Three of these – Job, Proverbs, and Ecclesiastes – are also called ‘Wisdom Literature’. While poetic in form their contents stress wisdom, or the art and skill of living according to the fear of God.
2) Part of the reason for this is that the KJV traditionally has printed all forms of Bible literature – laws, history, poetry, epistles – in exactly the same format. More modern versions seek to show by the format itself the type of writing being presented.
3) The entire first psalm is an antithetical parallelism between the righteous and the ungodly, a masterpiece of what in art is called „dark against light and light against dark”.
4) Our Lord used metaphors when He called Himself „the Door,” „the Vine”, „the Bread of Life”, and „the Good Shepard”.
5) English preachers are especially fond of this device for sermon outlines, and alliteration is a real help to the memory, when not forced, fanciful or over-done.
6) In the New Testamant the book of Hebrews opens with a cluster of words beginning with the „p” sound (Greek *pi*) in the original.
7) Ronald Knox‘s translation of the Bible makes a rather impressive attempt to do so, but necessarily dropping four lesser-used letters from the English alphabet, since Hebrews has only twenty-two letters.

# अय्यूबको पुस्तकको टिप्पणी

# अय्यूबको पुस्तकको भूमिका

*'मानिसको भाग्य के हो र यहाँ, यस पृथ्वीमा मानिससँग परमेश्वरको व्यवहार केकस्तो हुँदो रहेछ, सो सम्बन्धमा, अँ, यस कहिल्यै नटुङ्गिने मामिलाको बारेमा यो पुस्तक हाम्रो हातमा आएको पहिलो, सबैभन्दा पुरानो लेख हो । योचाहिँ एकजना मानिसको असाध्य दुःख र परमेश्वरसित तिनको परम सुन्दर मेलमिलापको विषयमा लेखिएको, मानिसको हृदयमा उत्पन्न भएको सबैभन्दा पुरानो भजनकीर्तनको रचना हो; यसको धुन कति मधुर छ – गर्मी यामको एउटा न्यानो, अँध्यारो रातको राग सम्झनुहोस् ! यसको उचाइ र गहिराइ कति महान् छ – एउटा विशाल सृष्टि त्यसका सागरहरू र त्यसका ताराहरूसित कल्पना गर्नुहोस् ! मेरो विचारमा, पवित्र बाइबलमा र अन्य साहित्यमा अय्यूबको पुस्तकसित तुलना गर्न सकिने अरू कुनै साहित्य रत्न लेखिएकै छैन ।'*

*श्री थोमस कर्लाइल*

### क) ग्रन्थ-सूचिमा यस पुस्तकको विशिष्ट स्थान

पवित्र बाइबलभरि अय्यूबको पुस्तकजस्तो अरू कुनै पुस्तक नै छैन; यो अद्वितीय छ। यसमा कविताको रूपमा लेखिएको एउटा नाटकीय लामो वार्ता प्रस्तुत गरिएको छ, जुनचाहिँ यस पुस्तकको ऐतिहासिक वृत्तान्तरूपी भूमिका र उउ३२पसंहारको बीचमा एउटा ठूलो बहुमुखी मणिको रूपमा सजिएको छ। यो पुस्तक हिब्रू भाषामा लेखियो; अनि अय्यूब १ र २ अध्याय, अय्यूब ३२ः१-६[क] र ४२ः७-१७ पदका खण्डहरू छोड़ेर यसको मूल-रचना प्रायः कविताको रूपमा लेखिएको हो ।

श्री सामुएल रिडूले पवित्र धर्मशास्त्र बाइबलमा यस पुस्तकको स्थानको विषयमा यस प्रकारको टिप्पणी गरेका छन्ः

> 'अय्यूबको पुस्तक एउटा ठूलो किताब हो; अनि यसमा प्रस्तुत गरिएका सामग्रीहरूमाथि लगाइएकोएकै नजरले स्पष्ट बुझिन्छ, कि अय्यूबको पुस्तकचाहिँ परमेश्वरको वचनको महत्त्वपूर्ण अङ्ग हुनुपर्छ। तर दुःखलाग्दो कुरा के हो भने, प्रायः यसको बेवास्ता गरिएको छ। यस पुस्तकका अन्तर्वस्तुहरूसित कोचाहिँ सुपरिचित भएको छ होला ? यस्तो व्यक्ति विरलै पाइन्छ ।' 1)

यस पुस्तकमा प्रयोग गरिएको भाषाको महानतालाई मान्यता दिइएको छ, अँ, विश्वास नगर्ने मानिसहरू समेत यो कुरा मान्न तयार छन्; यसको भाषाको तारिफ गर्नेहरू तिनीहरू हुन् । तर तर्कवादीहरूचाहिँ छिटै आफ्ना सिद्धान्तहरू पेश गर्न सधैं तयार हुँदा रहेछन्; तिनीहरूले यसका स्रोतहरूको कुरा, यसको संपादन गरिएको कुरा र यसमा थपिएका प्रक्षेपहरूको कुरा त गर्छन्, तर तिनीहरूसँग कुनै पाण्डुलिपि नै छैन, जुन पाण्डुलिपिले तिनीहरूको विनाशकारी सिद्धान्त र तिनीहरूका व्यर्थ तर्कहरू समर्थन गर्छ ।

महान् धर्मसुधारक श्री मार्टिन लुथरचाहिँ एक प्रतिभाशाली लेखक र निपुण बाइबल-अनुवादक थिए; तिनले अय्यूबको पुस्तकको विषयमा आफ्नो राय यसरी दिए: 'पवित्र धर्मशास्त्र बाइबलका पुस्तकहरूमा यो पुस्तक सबैभन्दा प्रतापी र उत्कृष्ट छ।' श्री अल्फ्रेड लर्ड टेन्निसन इङ्ग्ल्याण्डको पदक-प्राप्त कवि थिए; यिनी साहित्यको उच्च रचना चिन्नमा पूरा सक्षम हुन्थे; यस कुरामा कुनै शङ्का छैन। अनि यिनले 'हामीले चाहे प्राचीन साहित्यको हिसाबले, चाहे आधुनिक साहित्यको हिसाबले कुरा गर्नु हो भने, हामीले जुनै हिसाबले पनि हेरेर अय्यूबको पुस्तकचाहिँ सबैभन्दा महान् कविता मान्नुपर्छ।'

अय्यूबको पुस्तकको उत्कृष्ट शैली र मानिसको अवस्थाको विषयमा यसको गहन अन्तर्दृष्टिको कारणले गर्दा यस पुस्तकले हाम्रो दैनिक बोली निक्कै प्रभावित पारेर हाम्रो भाषा धनी तुल्याएको र सिँगारेकोमा कुनै अचम्मको कुरा नहोला। निम्न केही उक्तिहरू सीधा अय्यूबको पुस्तकबाट आएका हुन्; यो सुस्पष्ट छ। यी उक्तिहरूमध्ये धेरैचाहिँ अय्यूबको पुस्तकबाट जस्ताका त्यस्तै उद्धृत गरिएका हुन् र हाम्रो दैनिक बोलीका अभिन्न अङ्गहरू बनेका छन्, जस्तैः

**अय्यूब ४:१५[ख]:** *'मेरो शरीरको रौं ठाड़ो भयो।'* (हाम्रो शब्दमाः 'मेरो रौं खड़ा भयो')।

**अय्यूब ७:७[क]:** *'मेरो जीवन हावा मात्र हो।'*

**अय्यूब १३:१४[ख]:** *'आफ्नो प्राण आफ्नो हत्केलामा राख्नु।'* (हाम्रो बोलीमाः 'आफ्नो जीवन आफ्ना हातमा लिनु')।

*'अय्यूबका सान्त्वना दिने दाताहरू'* (यीजस्तै उस्तै शब्दहरू फेला पर्दिँदैनन्, तर १६:२ पदमा अय्यूबले आफ्ना साथीहरूलाई 'दुःखदायी सान्त्वना दिनेहरू' भने)।

**अय्यूब १९:७:** *'न्याय छैन।'*

**अय्यूब १९:२०[ख]:** *'म आफ्नो दाँतको छालासित उम्कें।'*

**अय्यूब १९:२८[ख]:** *'यस कुराको जरा।'*

**अय्यूब २१:५[ख]:** *'आफ्नो हात आफ्नो मुखमाथि राख!'*

**अय्यूब २८:१३[ख]:** *'जीवितहरूको देश।'*

**अय्यूब २९:१५:** *'अन्धाको निम्ति आँखाहरू र लङ्‌ड़ाको निम्ति खुट्टाहरू हुनु।'*

**अय्यूब ३०:१०[ख]:** *'मेरो मुखमा थुक्नु।'*

**अय्यूब ३२:९:** *'ठूला मानिसहरू सधैंभरि बुद्धिमान् हुँदैनन्।'*

**अय्यूब ३५:१६[ख]:** *'विनाज्ञानका शब्दहरू।'*

**अय्यूब ३८:११:** *'तँ यहींसम्म आउलास्, तर यहाँबाट अघि बढ्न पाउँदैनस्! अनि यहाँ तेरा घमण्डी छालहरू रोकिऊन्।'*

**अय्यूब ३८:१७[क]:** *'मृत्युका मूल-ढोकाहरू।'*

**अय्यूब ३९:२५:** *'त्यसले टाढ़ैबाट लड़ाइँको गन्ध थाहा पाउँछ।'* (हाम्रो बोलीमा 'लड़ाइँको गन्ध' भनिन्छ।)

**अय्यूब ४२:६[ख]:** *'धूलो र खरानीमा बसेर म पश्चात्ताप गर्छु।'*

*'किनकि म जान्दछु, मेरा उद्धारक जीवित हुनुहुन्छ'* (१९:२५) भन्ने वाक्य श्री जर्च फ्रेड्रिक ह्याण्डल्सले रचेको 'मसीह' नामक अद्‌भुत संगीतले गर्दा सुप्रसिद्ध भयो; किनकि तिनी अति सुन्दर ढङ्गले यस वाक्यका शब्दहरू आफ्नो संगीतमा हाल्न सक्षम भए।

अनि के.जे.वी.अनुसार याकूब ५:११ पदमा *'अय्यूबको धीरज'* भन्ने शब्द लेखिएको छ; यो शब्द अय्यूबको पुस्तकमा नभए तापनि यो हाम्रो दैनिक कुराकानीको एउटा अङ्ग बनेको छ।

अनि यस पुस्तकको सामग्रीको विषयमा हामीले ध्यानमा राख्नुपर्छः अय्यूबले जीवन, मृत्यु, दुःखकष्ट र मृत्युपछिको जीवनको बारेमा जुन-जुन गहन प्रश्नहरू सोधे, यी सबै

प्रशनहरूको उत्तर प्रभु येशू ख्रीष्टमा पाइन्छ, जसको बाटो अय्यूबले हेरिरहेका थिए ।

### ख) यस पुस्तकको लेखक को हुन् ?

अय्यूबको पुस्तक लेख्ने लेखक अज्ञात छन् । तर यहूदी परम्पराले 'मोशा यसको लेखक हुन्' भनेर भन्छ । अरू सुझाउहरू पनि दिइएका छन्, जस्तैः एलिहू, सुलेमान, हिजकियाह, एज्रा वा ख्रीष्टपूर्व ५०० र २०० सालको बीचमा बाँचेको एक बेनामी यहूदी मानिस अथवा अय्यूब आफै । अय्यूब यस पुस्तकमा उल्लेख गरिएका घटनाहरू घटेको अवधिदेखि अझै एक सय चालीस वर्ष बाँचेका हुनाले अनि यस पुस्तकमा प्रस्तुत गरिएका सबै घटनाहरू र बातचितहरू आफैले अनुभव गरेका हुनाले, हुन सक्छ, उनी नै यस पुस्तकको सबैभन्दा सम्भावित लेखक भए होलान् ।

### ग) यस पुस्तकको लेख्ने मिति के हो ?

यस पुस्तकमा प्रस्तुत गरिएका घटनाहरूबाट प्रायः अनुमान गरिन्छ, कि अय्यूब अब्राहाम-भन्दा अघि जिएका मानिस थिए । यसो हो भने, अय्यूबको पुस्तकमा उल्लेख गरिएका घटनाहरू उत्पत्ति ११ अध्यायको अन्ततिर घटे होलान् । अय्यूबको पुस्तक मानव इतिहासको यस अवधिमा निर्दिष्ट गरिएका धेरै कारणहरू छन् । सबैभन्दा पहिलो कारण यही होः उनी यहूदी थिए भन्ने कुराको विषयमा यस पुस्तकमा केही पनि लेखिएको छैन। अनि यस पुस्तकमा इस्राएलीहरूको मिस्र देशबाटको प्रस्थान र मोशाको व्यवस्थाको बारेमा कुनै कुरा उल्लेख गरिएको छैन । अनि वास्तवमा कुरा यस्तो छः अय्यूबले आफ्नै परिवारको लागि पूजाहारीको काम गर्थे (१:५), अनि यस प्रकारको पारिवारिक पूजाहारीगिरीचाहिँ उहिलेका पिता-पुर्खाहरूको अवधिको विशेषता थियो । अनि गाईवस्तु र अन्य पशुधनको आधारमा मानिस धनी भएको-नभएको कुरा निर्धारित गर्नु पनि पितापुर्खाहरूको अवधिको लक्षण हो । अय्यूबको उमेर दुई सय वर्षभन्दा बढ़ी थियो; अनि यति लामो उमेर बाँच्नु अब्राहामको समय-भन्दा अगाड़िको युगको विशेषता थियो । अनि बाइबल-विद्वान्हरूले हाम्रो ध्यानमा ल्याउन खोजेका छन्, कि अय्यूबको पुस्तकमा जुन बाजाहरू (२१:१२) र जुन पैसाको मुद्रा (४२:११) उल्लेख गरिएका छन्, ती बाजाहरू र त्यस पैसाको मुद्राको प्रयोगचाहिँ कालक्रम-अनुसार उत्पत्तिको पुस्तकको शुरुको समयमा पर्छन् ।[2)]

यस पुस्तकको लेख्ने समयको बारेमा विद्वान्हरूको बीचमा कुरा यस्तो छः कति छन्, जसले अय्यूबको पुस्तक उहिलेका पिता-पुर्खाहरूको अवधिमा अर्थात् ख्रीष्टपूर्व २१००-१९०० सालमा लेखियो भन्छन्; अरू पनि छन्, जसको अनुमानमा यस पुस्तकको लेख्ने मिति ख्रीष्टपूर्वको दोस्रो शताब्दी थियो अरे । (यो अन्तिम धारणा परम-उदारवादीहरूले कायम राखेका छन्; तर यो असम्भव देखिन्छ, किनकि मृत सागरमा फेला परेका मुठाहरूमा अय्यूबको पुस्तकका केही अंशहरू भेट्टाइए । यिनको बारेमा केकस्तो छ ? यसर्थ यो पुस्तक त्यस अवधिको रचना हुनै सक्दैन ।)

तर यस पुस्तकको लेख्ने समयको सम्बन्धमा दुईवटा सम्भावित युगहरू बढ़ी सम्भव देखिन्छन्ः कि त पितापुर्खाहरूको उहिलेको युग, कि त राजा सुलेमानको अवधि । पश्चिमका आधुनिक मानिसहरूको विचारमा यति लामा, जटिल बातचितहरूको सबैभन्दा असल संरक्षण गर्ने तरिकाचाहिँ यी बातचितहरू बोल्नेबित्तिकै लेखिराख्नु हो । तर पूर्वीय जातिहरू र यहूदीहरूको मौखिक हस्तान्तरण आफ्नो विशुद्धताको लागि प्रख्यात छ ।

अय्यूबको पुस्तकको लेख्ने मिति सुलेमानको अवधिमा पार्नेको निम्ति सबैभन्दा असल

तर्कचाहिँ यस पुस्तकको शैली र यसको सामग्री हुन् । अय्यूबको पुस्तक पनि 'बुद्धिको साहित्य' मानिन्छ, र राजा सुलेमानका रचनाहरूजस्तै छ । श्री फ्रान्ज डेलित्च र श्री मेरिल एफ. अङ्गरजस्ता पुरानो नियमका शास्त्रसम्मत् विद्वान्हरू छन्, जसले अय्यूबको पुस्तकको खास लेख्ने मिति सुलेमानको अवधिमा पारेका छन्, तर उनीहरू लामो अवधिमा जस्तोको त्यस्तै यसको मौखिक हस्तान्तरण भएको धारणाको विरोधमा छैनन् । पश्चिमका मानिसहरूको विचारमा यस प्रकारको अक्षरशः हस्तान्तरण एउटा साहित्यको असाधारण तरिका मानिन्छ, जुन तरिकाचाहिँ पूर्वका मानिसहरूको बुझाइमा अलिकति पनि गाह्रो हुँदैन ।

### घ) यस पुस्तकको सन्दर्भ र यसका विषयवस्तुहरू के-के हुन् ?

अय्यूबको पुस्तकको लेखक अज्ञात छन्; यसो भए पनि यस पुस्तकको रचना परमेश्वरको आत्माको प्रेरणाको फल हो र यसको ऐतिहासिक विशुद्धताको बारेमा कुनै प्रश्न उठ्दैन । प्रेरित पावलले १ कोरिन्थी ३ः१९ पदमा अय्यूब ५ः१३ पदबाट यसो उद्धृत गरेका छन्ः 'उहाँले बुद्धिमान्हरूलाई तिनीहरूकै धूर्ततामा पक्रनुहुन्छ ।' अनि इजकिएल १४ः१४ पदअनुसार अय्यूब एक काल्पनिक पात्र थिएनन्, तर एकजना ऐतिहासिक व्यक्ति थिए । अनि याकूब ५ः११ पदमा उनको नाम फेरि लिइएको छ, जहाँ यस्तो लेखिएको छः *'तिमीहरूले अय्यूबको धीरजको विषयमा सुनेका छौ, अनि प्रभुबाटको परिणाम देखेका छौ; किनकि प्रभु अति नै टिठाउनुहुने र दयालु हुनुहुन्छ ।'*

यस पुस्तकको विषयवस्तुचाहिँ मानिसले सहनुपरेको दुःखकष्टमा भएको रहस्य र पीड़ाबाट उठेको समस्या हो । सबै मानिसहरूले केही न केही दुःखकष्ट भोग्नुपर्छ; किन होला ? अनि विशेष गरेर धर्मी जनहरूले दुःखकष्ट सहनुपर्छ; यसको कारण के होला त नि ? अय्यूबमा हामी एकजना मानिसलाई देख्छौं, जसले एकै दिनमा अरू सबै मानिसहरूले भन्दा धेरै प्रकोपहरू सामना गर्नुपरेको थियो । हाम्रो यस उक्त रायबाट हामीले प्रभु येशूलाई बाहेक गर्नुपर्ला । परमप्रभुले यी दुःखकष्टहरू यस हेतुले अय्यूबको जीवनमाथि आइपर्न दिनुभयो, कि यी दुःखकष्टहरूले उनमा परमेश्वरसँग सङ्गति गर्ने क्षमता बढ़ाइदिऊन् । अनि कसले जान्दछ, सायद यस पुस्तकको उद्देश्यचाहिँ यहूदीहरूले सहनुपरेका दुःखकष्टहरूमाथि पूर्वछाया पारिदिनु थियो कि ? यो पनि सम्भव देखिन्छ ।

यदि यहूदीहरूले एक शूरवीर मक्काबीलाई होइन, तर दुःखकष्ट सहनुभएको मसीहलाई स्वीकार गर्नु हो भने, तिनीहरूलाई स्पष्टसँग देखाउनु र विश्वास दिलाउनु थियो, कि दुःखकष्टहरू सधैं व्यक्तिगत पापहरूको प्रतिफल थिएनन् । किनभने ख्रीष्ट येशूले हाम्रो लागि कष्ट भोग्नुभयो; यी धर्मी जनले हामी अधर्मीहरूको निम्ति दुःख सहनुभयो ।

यस पुस्तकका कति खण्डहरू छन्, जुन खण्डहरू प्रभु येशूमाथि लागू गर्न सकिन्छः

**क) अय्यूब ९ः३३ः** *'न ता हाम्रो बीचमा कुनै निर्णायक छन्, जसले हामी दुवैमाथि आफ्नो हात राख्न सक्छन् ।'* (परमेश्वर र मानिसहरूको बीचमा भएको खाड़लमाथि ख्रीष्ट येशूले पुलको काम गर्न सक्ने मध्यस्थ हुनुहुन्छ ।)

**ख) अय्यूब १६ः८-१९ः** अय्यूबका कष्टहरूको सिलसिलामा यस खण्डमा धेरै अभिव्यक्तिहरू छन्, जुन अभिव्यक्तिहरूको अर्थ भजनसंग्रहको पुस्तकमा मसीहले भोग्नुपरेका कष्टहरूमा लागू गरिएको छ ।

**ग) अय्यूब १६ः२१ः** *'मानिसले आफ्नो छिमेकीको निम्ति मुद्दा लड़ेझैं कसैले मानिसको निम्ति परमेश्वरसँग मुद्दा लड़्ने भए त !'*

(प्रभु येशू ख्रीष्ट हाम्रा वकील हुनुहुन्छ, जसले परमेश्वर पिताको सामु हाम्रो मुद्दा लड्नुहुन्छ।)

**घ) अय्यूब १९:२५-२६:** *'किनकि म जान्दछु, मेरा उद्धारक जीवित हुनुहुन्छ।'* (ख्रीष्ट येशू हाम्रा उद्धारकर्ता र भावी राजाको भूमिका खेल्नुहुन्छ भन्ने कुरा यहाँ, यस ठाउँमा स्पष्ट रूपले वर्णन गरिएको छ।)

**ङ) अय्यूब ३३:२४:** *'त्यसलाई तल खाड़लमा जानदेखि छुटाऊ! मैले छुटकाराको दाम पाएको छु।'* (यहाँ प्रयोग गरिएको 'छुटकाराको दाम' भन्ने शब्द र 'प्रायश्चित्त' भन्ने शब्द एउटै हो। ख्रीष्ट येशूले क्रूसमा पूरा गर्नुभएको प्रायश्चित्तको कामद्वारा ख्रीष्ट-विश्वासीहरूले नरकको खाड़लबाट छुटकारा पाएका छन्।)

अय्यूबको पुस्तकमा कति विवरणहरू छन्, जुन विवरणहरूबाट विज्ञानको सम्बन्धमा यी मानिसहरूको ज्ञान निक्कै विकसित भएको कुरा प्रकट हुन्छ, जस्तैः

१) पानी वाफ हुने वाष्पीकरण र वृष्टि-पातको चक्र (३६:२७-२८)।

२) हावा र मौसमका परिचालनहरू (३७:९ र १७)।

३) मानिसको शरीरको बनावट (३३:६)।

४) पृथ्वी शून्यमा झुन्डिएको (२६:७)।

५) समुद्रको गहिराइमा हुने असाधारण तथ्यहरू (३८:१६)।

६) बादल र वज्रपातको बीचको सम्बन्ध (३७:११)।

७) आकाशका पिण्डहरूका परिक्रमाहरू र यस पृथ्वीमा तिनको प्रभाव (३८:३२-३३)।

# रूपरेखाः

**खण्ड १) अय्यूब १-२ः पुस्तकको भूमिकाः अय्यूबको जाँच**

**क) अय्यूब १ः१-५ः** दृश्य १ः ऊज देशमा जिइरहेका अय्यूब

**ख) अय्यूब १ः६-१२ः** दृश्य २ः स्वर्गमा परमप्रभुको उपस्थितिमा

**ग) अय्यूब १ः१३-२२ः** दृश्य ३ः ऊज देशमा अय्यूबको सम्पत्ति र उनका सन्तानहरूमाथि आइपरेका विपत्तिहरू

**घ) अय्यूब २ः१-६ः** दृश्य ४ः स्वर्गमा परमप्रभुको उपस्थितिमा

**ङ) अय्यूब २ः७-१३ः** दृश्य ५ः ऊज देशमा अय्यूबमाथि आइपरेको विपत्ति

**खण्ड २) अय्यूब ३-३१ः अय्यूब र उनका साथीहरूको बीचको तर्कवितर्क**

**क) अय्यूब ३-१४ः** बातचितहरूको पहिलो चक्र

- **अ) अय्यूब ३ः** अय्यूबको विलापको शुरुवात
- **आ) अय्यूब ४-५ः** एलिपजको पहिलो तर्क
- **इ) अय्यूब ६-७ः** अय्यूबको जवाफ
- **ई) अय्यूब ८ः** बिल्ददको पहिलो तर्क
- **उ) अय्यूब ९-१०ः** अय्यूबको जवाफ
- **ऊ) अय्यूब ११ः** सोपरको पहिलो तर्क
- **ओ) अय्यूब १२-१४ः** अय्यूबको जवाफ

**ख) अय्यूब १५-२१ः** बातचितहरूको दोस्रो चक्र

- **अ) अय्यूब १५ः** एलिपजको दोस्रो तर्क
- **आ) अय्यूब १६-१७ः** अय्यूबको जवाफ
- **इ) अय्यूब १८ः** बिल्ददको दोस्रो तर्क
- **ई) अय्यूब १९ः** अय्यूबको जवाफ
- **उ) अय्यूब २०ः** सोपरको दोस्रो तर्क
- **ऊ) अय्यूब २१ः** अय्यूबको जवाफ

**ग) अय्यूब २२-३१ः** बातचितहरूको तेस्रो चक्र

- **अ) अय्यूब २२ः** एलिपजको तेस्रो तर्क
- **आ) अय्यूब २३-२४ः** अय्यूबको जवाफ
- **इ) अय्यूब २५ः** बिल्ददको तेस्रो तर्क
- **ई) अय्यूब २६ः** अय्यूबको जवाफ
- **उ) अय्यूब २७-३१ः** अय्यूबको एकालाप

**खण्ड ३) अय्यूब ३२-३७ः एलिहूको हस्तक्षेप**

**क) अय्यूब ३२ः** एलिहूले अय्यूबका तीनजना साथीहरूसँग बातचित गरेको

**ख) अय्यूब ३३ः** अय्यूबसँग एलिहूको बातचित

**ग) अय्यूब ३४ः** एलिहूले अय्यूबका तीनजना साथीहरूसँग दोस्रो पल्ट बातचित गरेको

**घ) अय्यूब ३५-३७ः** अय्यूबसँग एलिहूको दोस्रो बातचित

**खण्ड ४) अय्यूब ३८ः१-४२ः६ः परमप्रभुको प्रकाश**

**क) अय्यूब ३८ः१-४०ः२ः** परमप्रभुले अय्यूबलाई दिनुभएको पहिलो चुनौती

**अ) अय्यूब ३८ः१-३ः** उहाँको तर्कको परिचय

**आ) अय्यूब ३८ः४-३८ः** सृष्टिका निर्जीव थोकहरूमा देखा परेका आश्‍चर्यकर्महरू उहाँको तर्कको पहिलो जग हुन्

**इ) अय्यूब ३८ः३९-४०ः२ः** पशुजगत्‌मा देखिने आश्‍चर्यकर्महरू उहाँको तर्कको दोस्रो जग हुन्

**ख) अय्यूब ४०ः३-५ः** अय्यूबको जवाफ

**ग) अय्यूब ४०ः६-४१ः३४ः** परमप्रभुले अय्यूबलाई दिनुभएको दोस्रो चुनौती

**अ) अय्यूब ४०ः६-१४ः** परमप्रभुको चुनौतीः 'हे अय्यूब, मानिसलाई सुहाउँदो रीतिले मलाई जवाफ देऊ !'

**आ) अय्यूब ४०ः१५-२४ः** परमप्रभुको चुनौतीः 'हे अय्यूब, बिहेमोतलाई विचार गर !'

**इ) अय्यूब ४१ः** परमप्रभुको चुनौतीः 'हे अय्यूब, लिव्यातानलाई विचार गर !'

**घ) अय्यूब ४२ः१-६ः** अय्यूबको विनम्र जवाफ

**खण्ड ५) अय्यूब ४२ः७-१७ः उपसंहारः अय्यूबको विजय**

**क) अय्यूब ४२ः७-९ः** अय्यूबका साथीहरूले हप्की खाए, र तिनीहरूको पुनर्स्थापना भयो

**ख) अय्यूब ४२ः१०-१७ः** अय्यूबको समृद्धिको पुनर्स्थापना

**खण्ड ६) निष्कर्षः अय्यूबको पुस्तकबाट हामीले सिक्न पाउने पाठहरू**

# अय्यूबको पुस्तकको टिप्पणी

## खण्ड १
## अय्यूब १-२ः
### अय्यूबको जाँच

**क) अय्यूब १ः१-५ः दृश्य १ः ऊज देशमा जिइरहेका अय्यूब**

**अय्यूब १ः१-३ः** अय्यूब ऊज देशमा जिउने एक धनी मानिस थिए। अनि विलाप ४ः२१ पदबाट के देखिन्छ भने, ऊजचाहिँ एदोममा अर्थात् कनान देशको दक्षिण-पूर्वमा अवस्थित थियो।[3] यी सीधा चाल चल्ने र परमेश्‍वरको भय मान्‍ने अय्यूबका सातजना छोराहरू र तीनजना छोरीहरू थिए। उनको पशुधन यति विशाल थियो कि उनी पूर्वमा सबैभन्दा महान् मानिस गनिन्थे।

**अय्यूब १ः४-५ः** अय्यूबको पुस्तकमा उल्लेख गरिएका घटनाहरू पितापुर्खाहरूको उहिलेको युगमा घटे भन्‍ने बलिया तर्कहरूमध्ये एउटा यो हो कि अय्यूबले आफ्नो परिवारको शिरको रूपमा पूजाहारीको काम गर्थे र आफ्ना छोराहरूको लागि होमबलिहरू चढ़ाउँथे। किनकि अरू बेला हो भने आफ्नो भक्ति कायम राख्‍न सक्ने मानिसहरूले भोजभतेर गर्दा र मोज गर्दा तुच्छ, क्षुद्र कुरा गर्ने, अँ, ईश्‍वरनिन्दासम्म गनिने अपवित्र कुरा गर्ने खतरा सधैं जारी रहन्छ। श्री सी. एच. स्पर्जनले बड़ादिन अर्थात् ख्रीष्टमसको दिनको सम्बन्धमा लेखेको आफ्नो साँझको मननमा निम्न असल प्रयोग हामी इसाई युगमा जिउनेहरूमाथि लागू गरेका छन्ः

> 'पारिवारिक मनमोज सकेपछि जुन कुरा यी कुलपिता अय्यूबले एकाबिहानै आफ्ना छोराहरूको निम्ति गरे, त्यही कुरा हे ख्रीष्ट-विश्‍वासीहो, तपाईंले आज राती ओछ्यानमा विश्राम लिनुभन्दा अघि आफ्नो लागि गर्नुभएको भए असल हुनेथियो। किनकि पारिवारिक जमघटको खुशीयालीमा हामीलाई पापमय बकवादमा फस्न र इसाईको भक्तिपूर्ण आफ्नो चरित्र भुल्न सजिलो हुन्छ। खास यस्तो हुनुहुँदैन; तर के गर्ने ? यस्तै भइरहेको छ। किनभने हाय, हाम्रा

भोजका दिनहरू पवित्र आनन्द लिने दिनहरू हुनुको सट्टामा अपवित्र किसिमको मोजमज्जामा पतित हुँदा रहेछन् ! ... हामीलाई पवित्र पार्न शोकमा जतिकै गुण हुन्छ, पवित्र कृतज्ञतामा पनि उत्तिकै गुण हुनुपर्नेथियो । तर हाय, हाम्रा हृदयहरू कति निर्बल हुन्छन् ! किनकि हाम्रो निम्ति भोजको घरमा बस्नुभन्दा शोकको घरमा जानु असल हुन्छ । यसको निम्ति प्रमाणहरू धेरै छन् । यसकारण ख्रीष्ट-विश्‍वासी भाइबहिनीहो, आउनुहोस्, र आफ्नो जीवन नियालेर हेर्नुहोस् ! आज तपाईंले कुनचाहिँ पाप गर्नुभयो ? के अरूले जस्तै हामीले पनि व्यर्थको बातचित गरेका र छाड़ा बोली छोड़ेका हौं कि ? यसो हो भने, हामी आफ्नो पाप स्वीकार गरौं र त्यस एकमात्र बलिदानकहाँ भागौं ! ख्रीष्ट येशूको बलिदानले पवित्र तुल्याउँछ । मारिनु-भएको थुमाको यस बहुमूल्य रगतले हाम्रो दोष मेटाउँछ, अनि अज्ञानता र लापरवाहीमा गरेका हाम्रा पापहरूको अशुद्धता हटाइदिन्छ ’।[4]

### ख) अय्यूब १:६-१२: दृश्य २: स्वर्गमा परमप्रभुको उपस्थितिमा

यो वृत्तान्त अघि बढ्दा हाम्रो सामु स्वर्गको दृश्य प्रस्तुत गरिन्छ; यस दृश्यमा परमेश्‍वरका छोराहरू[5] अर्थात् स्वर्गदूतहरू परमप्रभुको सामु देखा परे । शैतान पनि त्यहाँ उपस्थित भयो । (शैतान अभियोगकर्ताको लागि प्रयोग भएको हिब्रू शब्द हो) । अनि जब परमेश्‍वरले शैतानसँग आफ्नो सेवक अय्यूबको इमान-दारीको बारेमा कुरा गर्नुभयो, तब शैतानले यस कुरामा निम्न अर्थ लगायोः परमेश्‍वरले अय्यूबको भलाइ गर्नुभएको र उनको भलाइ मात्र गर्नुभएको कुराचाहिँ उनले परमेश्‍वरको डर मान्ने एकमात्र कारण थियो अरे । शैतानको विचारमा, परमप्रभुले अय्यूबको वरिपरि लगाइदिनुभएको बार हटाउनु मात्र पर्नेथियो, र उनले उहाँलाई, आफ्ना सृष्टिकर्तालाई मुखमा सराप्नेथिए ।

### ग) अय्यूब १:१३-२२: दृश्य ३: ऊज देशमा अय्यूबको सम्पत्ति र उनका सन्तान-हरूमाथि आइपरेका विपत्तिहरू

**अय्यूब १:१३-१९:** तब परमप्रभुले शैतानलाई अय्यूबको सम्पत्ति लुटेर उनलाई जाँच्ने अनुमति दिनुभयो । तर शैतानले अय्यूबलाई छुन पाउँदैनथियो । त्यसपछि क्रमशः छिटो-छिटो एकपछि अर्को गर्दै भयानक विपत्तिहरू उनीमाथि आइलागे, जस्तैः

**क)** शबाका मानिसहरूले हमला गरे अनि पाँच सय हल गोरुहरू र पाँच सय गधाहरू चोरेर लगे र यी नोकरहरूलाई मारे, जसको जिम्मामा यी वस्तुहरू रहेका थिए ।

**ख)** चट्याङ हानेर सात हजार भेड़ाहरू र तिनका चराउने नोकरहरू नष्ट भए ।

**ग)** कल्दीहरूले तीन हजार ऊँटहरू चोरे र तिनको हेरचाह गर्ने नोकरहरूलाई मारे ।

**घ)** अय्यूबका छोराछोरीहरूले खानपिन गरिरहेको र दाखमद्य पिइरहेको बेलामा ठूलो हुरीबतास आएर तिनीहरू बसेको घर ढालि-दियो, र तिनीहरू सबैजनाको मृत्यु भयो ।

**अय्यूब १:२०-२२:** यी डरलाग्दा हानि-हरू उठाउनुपरेका अय्यूबले परमेश्‍वरलाई दण्डवत् गरे । ‘आफ्नी आमाको गर्भबाट म नाङ्गै निस्केर आएँ, र नाङ्गै म त्यहाँ फर्केर जानेछु; परमप्रभुले दिनुभयो, र परमप्रभुले लैजानुभयो; परमप्रभुको नाम धन्यको होस्’ भनेर उनी परमप्रभुलाई आराधना गर्न सक्षम भए ।

### घ) अय्यूब २:१-६: दृश्य ४: स्वर्गमा परमप्रभुको उपस्थितिमा

दुई अध्यायमा शैतान फेरि परमप्रभुको सामु देखा परेको छ । यसपालि शैतानले के सुझाउ दियो भने, त्यसले अय्यूबको शरीर छुन पायो भने, उनले परमेश्‍वरप्रति आफ्नो निष्ठा तत्कालै

छोड्नेथिए । तब शैतानलाई उनको शरीर प्रहार गर्ने अनुमति दिइयो ।

### ङ) अय्यूब २:७-१३: दृश्य ५: ऊज देशमा अय्यूबमाथि आइपरेको विपत्ति

**अय्यूब २:७-१०:** तब अय्यूबका पाउका पैतालादेखि उनको शिरको थाप्लोसम्म उनको शरीरभरि नराम्रोसँग पोल्ने खटिराहरू निस्के । उनको कष्ट यति धेरै ठूलो थियो कि उनकी पत्नीले उनलाई परमेश्वरलाई सरापेर मर्ने आग्रह गरिन् । तर अय्यूबले तिनलाई यसो भन्दै जवाफ दिए: 'हो, हामी परमेश्वरको हातबाट असल कुरा लिन्छौं; तब के, के हामी खराब कुरा नलिऔं त ?' अय्यूबकी पत्नीको सन्दर्भमा श्री हरोल्ड सेन्त जोह्नले निम्न अनुच्छेद उद्धृत गरेका छन्:

> 'जब म यी पुरुषवादी टिप्पणीकारहरूको विषयमा विचार गर्छु, जसले अय्यूबकी पत्नीको बारेमा क्रूर र एकतर्फी कुराहरू के-के लेखे, तब म आफ्नो पुरुषजातिको निम्ति साह्रै लज्जित हुन्छु । किनकि एउटी स्त्रीको कुरा बुझ्न एउटी स्त्रीलाई आवश्यक पर्छ । अनि निम्न कुरा ख्याल गर्ने एकजना लेखिकाको भाग थियो, शायद यिनको नाम श्रीमती लुइस हटन थियो; किनकि यिनले यसो लेखिन्: "जबसम्म अय्यूबकी पत्नी आफ्ना पतिका कष्टहरूमा सहभागी हुन सकिन्, तबसम्म तिनले साहससित यो सहिन् । तर जब अय्यूबमाथि अर्को कष्ट आइपर्‍यो, जुन कष्टबाट तिनी पूरा वञ्चित थिइन्, तब तिनले हिम्मत हारिन् । किनकि तिनको लागि असह्य कष्ट भनेको त्यो कष्ट थियो, जुनचाहिँ आफ्ना पतिसँग भोग्न तिनलाई मनाही गरिएको थियो ।" ' **6)**

**अय्यूब २:११-१३:** अनि केही समयपछि अय्यूबका तीनजना साथीहरूले उनीमाथि आइपरेको खराबीको विषयमा सुने र सान्त्वनाका वचनहरू लिएर उनलाई भेट्ने निर्णय गरे । उनका साथीहरू एलिपज, बिल्दद र सोपर थिए ।

तर जब तिनीहरूले अय्यूबको पीड़ादायक र दयनीय अवस्था देखे, तब तिनीहरूलाई यति साह्रै झट्का लाग्यो कि तिनीहरू सात दिनसम्म उनीसँग बोल्नै सकेनन् ।

# खण्ड २

# अय्यूब ३-३१:

## अय्यूब र उनका साथीहरूको बीचको बातचित

तीन अध्यायदेखि अय्यूब र उनका साथीहरूको बीचका बातचितहरूका क्रमहरू शुरु हुन्छन्; यो यस पुस्तकको हामीलाई निक्कै जटिल लाग्न सक्ने मूल-खण्ड हो । यो खण्ड श्री सामुएल रिडूले यसरी राम्रो ढङ्गले वर्णन गरेका छन्:

> 'यस खण्डले "उल्झन" भन्ने नाम पाएको छ; किनभने यो खण्ड तर्क-वितर्क, दोष-आरोप, शङ्का-उपशङ्का र किसिम-किसिमका सिद्धान्तहरूले पूर्ण छ, जुन सिद्धान्तहरूमा केही सत्य त थिए, साथै बीच-बीचमा विश्वास र आशाका झलकहरू पनि हालिएका छन् – सारा खण्ड कविताको उत्कृष्ट भाषामा, पूर्वीय दृश्य-काव्यको प्रतापी भव्यताको साथ प्रस्तुत गरिएको छ । अनि अनियमित रूपले पढ्ने पाठकको लागि यस तर्कवितर्कमा कुनै स्पष्ट प्रगति गरेको देखिँदैन । अनि यो हामीले मानिलिनुपर्छ, कि परमेश्वरका जनहरूले यी अध्यायहरूबाट धेरै फाइदा उठाउन सकेका छैनन्; किनकि सुपरिचित, सुन्दर र घरिघरि उद्धृत गरिएका केही पदहरू यसको योगफल हुन् ।' **7)**

यी बातचितहरू हामीले तीनवटा क्रमहरूमा विभाजन गर्न सक्छौं, जुन क्रम अय्यूबबाट

शुरु हुन्छ; उनी बोल्छन्, त्यसपछि उनका साथीहरूमध्ये एकजनाले उनलाई जवाफ दिन्छन्; अनि अय्यूबले तिनलाई फेरि जवाफ दिन्छन्; तर नभन्दै उनको दोस्रो साथीले उनको कुरा काट्छन् । बिचरा अय्यूबले आफ्नो सफाइ र प्रतिवाद गर्न खोज्दा-खोज्दै उनको तेस्रो साथीले उनलाई हप्काइदिन्छन् ।

निम्न प्रकारले उनीहरूको बीचका बातचितहरूका तीनवटा क्रमहरू छुट्ट्याउन सकिन्छ, जस्तैः

*बातचितको पहिलो चक्रः*
अय्यूबः अध्याय ३
एलिपजः अध्यायहरू ४-५
अय्यूबः अध्यायहरू ६-७
बिल्ददः अध्याय ८
अय्यूबः अध्यायहरू ९-१०
सोपरः अध्याय ११

*बातचितको दोस्रो चक्रः*
अय्यूबः अध्यायहरू १२-१४
एलिपजः अध्याय १५
अय्यूबः अध्यायहरू १६-१७
बिल्ददः अध्याय १८
अय्यूबः अध्याय १९
सोपरः अध्याय २०

*बातचितको तेस्रो चक्रः*
अय्यूबः अध्याय २१
एलिपजः अध्याय २२
अय्यूबः अध्यायहरू २३-२४
बिल्ददः अध्याय २५
अय्यूबः अध्यायहरू २६-३१
(सोपर बोल्दैनन्)

अय्यूबका तीनजना साथीहरूका तर्कहरूको संक्षिप्त सार निम्नानुसार दिन सकिन्छः

एलिपजले अनुभवमाथि वा सामान्य दृष्टिगोचर अवलोकनमाथि जोड़ दिन्छन् । तिनले घरिघरि 'मैले देखेको छु ...' भनेर भन्छन्, जस्तैः ४:८र १५; ५:३; १५:७ र २२:१९ ।

बिल्ददले परम्पराको निम्ति आफ्नो आवाज उठाउँछन् र प्राचीनत्व आफ्नो एकमात्र अधिकार तुल्याउँछन् (८:८) । 'यिनका बातचितहरू लोकोक्ति र नैतिक सामान्योक्तिहरूले पूर्ण छन्, जुनचाहिँ साँचो त थिए, तर केवल सर्वमान्य र सर्वविदित कुराहरू मात्र हुन्थे (९:१-३ र १३:२) ।' [8)]

सोपर विधिवादी र कर्मकाण्डवादी थिए, जसले अय्यूबलाई धर्मनिष्ठ हुने सल्लाह दिए (११:१४-१५) । 'तिनले हरेक अवस्थामा परमेश्वरले के गर्नुहुनेछ, उहाँले यसो किन गर्नुहुनेछ, र हरेक कुराको सम्बन्धमा उहाँको विचार के हो, सो जान्दछु भन्ने अनुमान गर्छन् ।' [9)] तर तिनका विचारहरू केवल अनुमानहरू हुन्थे, बिलकुल तिनको हठधर्मका फलहरू हुन्थे ।

अय्यूबको पुस्तकको बाँकी भागमा पहिले बत्तीस अध्यायदेखि सैंत्तीस अध्यायसम्म एलिहू नामक जवान मानिसको लामो वक्तव्य आउँछ, र त्यसपछि परमेश्वर र अय्यूबको बीचको बातचित पेश गरिएको छ (३८-४२ अध्यायहरू) । अय्यूबको पुस्तक गद्य शैलीमा लेखिएको उपसंहारको साथ समाप्त हुन्छ, जुन उपसंहारचाहिँ यस पुस्तकको प्रस्तावनासँग मेल खान्छ ।

### क) अय्यूब ३-१४ः बातचितहरूको पहिलो चक्र

#### अ) अय्यूब ३ः अय्यूबको विलापको शुरुवात

**अय्यूब ३ः१-९ः** यस अध्यायलाई 'अभाग्य जन्मदिन' भन्ने शीर्षक दिइएको छ; किनकि यसमा अय्यूबले आफ्नो जन्मदिन सराप्छन्, मृत्युमा हुने आशिषहरूको तारिफ गर्छन्, तर

आफै किन मर्न नसकेको कुराको विषयमा गुनासो गर्छन्! 'हाय त्यो दिन, जुन दिनमा उनको गर्भधारण भयो! त्यो दिन निस्पट्ट अन्धकारले पूर्ण, पूरा अँध्यारो भएको होस्!' यो उनको निर्धारित नियत थियो।

**अय्यूब ३:१०-१२:** ठिक्कै छ, उनको गर्भधारण र उनको जन्म भएछ, तर उनी जन्मँदा उनको मृत्यु किन नभएको? (यो कुरा हाम्रो ध्यानमा राख्न लायक छ कि अय्यूबले आफ्नो यस साह्रै तिक्त अनुभव र भारी शोकमा गर्भपात वा भ्रूणहत्या गर्ने कुनै सुझाउ दिँदैनन्। गर्भपातचाहिँ प्राचीन संसारमा सामान्य खराबी थियो, जुन खराबी वर्तमान समयमा पश्चिमी मुलुकहरूमा फेरि व्याप्त भएको छ।)

**अय्यूब ३:१३-१९:** अय्यूबले मृत्युको प्रशंसा गर्छन्, किनकि उनको विचारमा, मृत्युमा थकित हुनेहरूले विश्राम पाउँछन्; त्यहाँ साना र ठूला सबै मानिसहरू जम्मा हुन्छन्, र नोकर आफ्नो मालिकको हातबाट मुक्त हुन्छ।

**अय्यूब ३:२०-२६:** त्यसपछि उनले यो प्रश्न गर्छन्: जीवनको ज्योति किन ती मानिसहरूलाई दिइन्छ, जसले उनले जस्तै कष्ट भोगिरहेका छन् र जसले लुकाइराखिएको धनभन्दा बढ़ी मृत्युको लालसा गर्छन्?

पच्चीस पद धेरै प्रसिद्ध छ, जहाँ यसो लेखिएको छ:

> *'किनकि जुन कुरासँग म डराउँथें, त्यही कुरा ममाथि आइपरेको छ, र जुन कुरादेखि मलाई डर लाग्थ्यो, त्यही कुरा मकहाँ आइपुगेको छ।'*

के अय्यूबलाई आफ्नो समृद्धिका सुखी दिनहरूमा पनि आफूसँग भएको धनसम्पत्ति गुमाउने डर थियो? यो पद यसको स्पष्ट सङ्केत हुन सक्छ। किनकि प्रशस्त धनसम्पत्ति भएका मानिसहरूको एउटा सामान्य विशेषता के हो भने, तिनीहरूलाई आफ्नो धनसम्पत्ति गुमाएर मितव्ययी जीवन बिताउनुपर्ला भन्ने ठूलो डर लागेको हुन्छ। किनभने धनसम्पत्तिमा कुनै वास्तविक सुरक्षा छैन। परमेश्वरले मात्र हामीलाई सुरक्षा दिन सक्नुहुन्छ।

### आ) अय्यूब ४-५: एलिपजको पहिलो तर्क

चार अध्यायमा अय्यूबका साथीहरूका तर्कहरू र उनले तिनीहरूलाई दिएका जवाफ-हरूको पहिलो चक्र शुरु गर्छ। श्री सामुएल रिडूले तिनीहरूको सन्देशको संक्षिप्त सार निम्नानुसार गरेका छन्:

> 'यी तीनजना साथीहरूको वादविवादमा एउटा साझा नैतिक सिद्धान्तमाथि स्थापित गरिएको धारणाको विषयमा एकमत छ। अनि त्यो नैतिक सिद्धान्त यस प्रकारको छ: सबै दुःखकष्टहरूमा शिक्षाप्रद हुने लाभ थोरै हुन्छ, किनकि ती दुःखकष्टहरू दण्डात्मक हुन्छन्; दुःखकष्टहरू परमेश्वरको प्रेमका चिन्हहरू होइनन्, तर उहाँको न्यायमाथि स्थापित भएका कामहरू हुन्छन्। यद्यपि उहाँका सबै चालहरूमा उहाँका यी दुवै सद्गुणहरू संयुक्त रूपले काम गर्छन्। तर यस प्रकारको एकतर्फी सिद्धान्तले धर्मी जनले भोग्नुपर्ने दुःखकष्टहरू र दुष्ट मानिसले पाउने दुःखकष्टहरूको बीचमा छुट्ट्याउँदैन, र यसकारण यसले त्यस कुरामा फेल खानु अनिवार्य हो।'**10)**

अय्यूब ४ र ५ अध्यायमा एलिपज बोल्छन्। एलिपजको नामको अर्थ कि त 'परमेश्वर शक्ति हुनुहुन्छ' कि त 'परमेश्वर निखुर सुन हुनुहुन्छ' हो। तिनी निष्ठावान् मानिस थिए, एक प्रमुख व्यक्ति थिए; परमेश्वरको महानताको विषयमा तिनको धारणा शास्त्रसम्मत् थियो, तर त्यसमा दयाको निम्ति कुनै ठाउँ थिएन। बातचितहरूका क्रमहरू अघि बढ़दाखेरि तिनी आफ्नो कुरामा कठोर, झन् कठोर हुँदै जान्छन्। अनि यस सिलसिलामा यो कुरा हाम्रो ध्यानमा राख्न लायक छ, कि अय्यूबको पुस्तक अघि बढ़दै जाँदा जब उनका तीनजना साथीहरूको समझ कम, झन् कम हुँदै जान्छ, तब परमेश्वरका चालहरूको विषयमा अय्यूबको

समक्ष बढ्दै, अझै बढ्दै जान्छ र अन्तमा एलीहूका बातचितहरू र परमप्रभुसँग साँचो भेटघाटमा चरमसीमामा पुग्छ; तब उनले साँचो नम्रताको साथ आफ्नो जीवनमा परमेश्वरको इच्छा स्वीकार गर्छन्।

**अय्यूब ४:१-११:** एलिपजले भन्न खोजेको तत्पार्य के हो भने, 'तिमीले अरूलाई सहायता गरेका छौ, तर अब तिमीले आफैलाई सहायता गर्न सक्दैनौ।' अथवा जेम्स मोफातअनुसार 'तिम्रा वचनहरूले मानिसहरूलाई सम्हालेका छन्' (४:४)। (यी शब्दहरूले प्रभु येशू क्रूसमा झुन्डिनुभएको बेलामा उहाँलाई गिल्ला गर्नेहरूको कुरा सम्झना दिलाउँछन्, जसले यसो भनेः 'यसले अरूलाई बचायो, तर आफैलाई चाहिँ बचाउन सक्दैन')। एलिपजको विचारमा, अय्यूबमाथि आइपरेका दुःखहरूको एकमात्र कारण उनको स्वधार्मिकता थियो। अय्यूब ४:६ पद जे. एन. डार्बीको अनुवादअनुसार यसरी पढ़िन्छः 'के तिम्रो भक्ति तिम्रो भरोसा थिएन र? अनि तिम्रा चालहरूको सिद्धता तिम्रो आशा थिएन र?' मानिसहरूले आफ्नो दुष्टताको खातिर कष्ट भोग्छन् भने, अय्यूबले पनि पाप गरेको हुनुपर्छ (४:७-९)।

**अय्यूब ४:१२-२१:** अब एलिपजले एउटा दर्शनको बारेमा कुरा निकाल्छन्, जुन दर्शन-चाहिँ रातको समयमा गुप्त रीतिले तिनीकहाँ ल्याइएको थियो। यस दर्शनमा एउटा आत्माले निम्न प्रश्न सोधेः *'के मरणशील मानिस परमेश्वरभन्दा धर्मी हुन सक्छ? के मानिस आफ्नो सृष्टिकर्ताभन्दा शुद्ध हुन सक्छ?'* (पद १७)। अनि यस भनाइको अर्थ यस प्रकारको भएको देखिन्छः मानिससँग परमेश्वरको कुरा काट्ने वा खण्डन गर्ने अधिकार छैन। मानिसले कष्ट भोग्यो भने, त्यो उसकै दोषको खातिर भएको हुनुपर्छ; यसमा परमेश्वरको कुनै दोष छैन। अन्तिम आएर परमेश्वर यति महान् हुनुहुन्छ कि उहाँले आफ्ना दासहरूमाथि भरोसा राख्नुहुन्न, र उहाँको तुलनामा उहाँका दूतहरू कति भूल गर्ने प्राणी हुन्, अँ, कति दोषी छन्। यसो हो भने, पुतालीजस्तै क्षणिक भएका मरणशील मानिसहरू झन् कति बढ्ता गरी भरोसाको योग्य हुँदैनन्, तर चुक्ने र भूल गर्ने दोषक्षम प्राणी हुन्छन्!

**अय्यूब ५:१-७:** एलिपजले अय्यूबलाई चुनौती दिन्छन्: 'पाप गरेपछि पाप गर्ने मानिसमाथि न्याय आइपर्छ भन्ने कुरा खण्डन गर्ने मानिसहरूलाई वा पवित्र जनहरूलाई भेला पार!' पवित्र जनहरू यहाँ, यस ठाउँमा स्वर्गदूतहरू भएका हुनुपर्छ। तिनी आफैले दुष्टता र दण्डको बीचमा अपरिवर्तनीय सम्बन्ध रहेको कुरा ख्याल गरेका छन्। कुनै कारणविनाको समस्या हुँदै-हुँदैन। मानिस पापी भएको हुनाले उसको निश्चित भाग्य कष्ट भोग्नु हो, जसरी आगोका झिल्काहरू अनिवार्य रूपले माथि आकाशतिर उड़िरहेका हुन्छन्।

**अय्यूब ५:८-१६:** तब मानिसले गर्नुपर्ने कर्तव्य के हो? उसले परमेश्वरको खोजी गर्नुपर्छ र आफ्नो मामिला उहाँको हातमा सुम्पनुपर्छ; किनकि उहाँ सर्वज्ञानी र सर्वशक्तिमान् हुनुहुन्छ। प्रकृति उहाँको नियन्त्रणमा रहेको कुराबाट यो देखिन्छ, र मानव जातिसँगको उहाँको पूर्वप्रबन्ध र व्यवहारमा पनि देखिन्छ। यस संसारको बुद्धिको पर्दाफास गर्ने प्रेरित पावलले १ कोरिन्थी ३:१९ पदमा अय्यूब ५:१३ पद उद्धृत गरेका छन्।

**अय्यूब ५:१७-२७:** एलिपजले के भन्छन् भने, सर्वशक्तिमान्‌को ताड़नाको अधीनतामा बस्ने मानिसहरूले अनिकाल, लड़ाइँ, निन्दा, गृहयुद्ध, खतरा, खड़ेरी, जङ्गली जनावरहरू र बाली-क्षतिबाट ईश्वरीय छुटकारा पाउँछन्। तिनीहरूले आफ्नो परिवारमा शान्ति र सुरक्षा, फलवन्त जीवन र दीर्घायु उपभोग गर्छन्।

### इ) अय्यूब ६-७: अय्यूबको जवाफ

**अय्यूब ६:१-१३:** हो, अय्यूब मानि-लिन्छन्: उनका शब्दहरू हतारमा निस्के; तर

यसको निम्ति एउटा कारण छ ! किनकि उनको शोक र उनको विपत्ति समुद्रको बालुवाभन्दा गह्रौं थियो; अनि उनको आत्माले सर्वशक्तिमान्‌का काँड़हरूको विष पिउँदैथियो । यस पुस्तकमा विशेष गरी अय्यूबद्वारा व्यक्त गरिएका धेरै नकारात्मक र डरलाग्दा कुराहरू भए ता पनि ती कुराहरू यति सुन्दर ढङ्गले व्यक्त गरिएका छन्, कि ध्यानसित पढ्ने पाठकलाई तिनको शक्तिको घत लाग्छ-लाग्छ। पशुहरूले कारणविना डुक्राउँदैनन् भने, अय्यूबले पनि विनाकारण यति तिक्त प्रकारले गुनासो गर्दैनन्; यो उनको प्रतिवाद थियो। स्वादहीन भोजन र नुनको बीचमा भएको सम्बन्ध जस्तै छ, कष्ट र रोदनको बीचमा सम्बन्ध उस्तै हुन्छ। उनी मर्ने इच्छा गर्छन्; किनभने उनीसँग सहने शक्ति रहेन र उज्ज्वल भविष्यको लागि कुनै आशा थिएन। तब उनको आयु लम्म्याउनु व्यर्थ भयो ।

**अय्यूब ६ः१४-२३ः** अय्यूबका साथी-हरूले, जसलाई उनले यहाँ आफ्ना दाजुभाइहरू भन्छन्, उनलाई धोका दिएका छन् र उनलाई तिनीहरूको आवश्यकता बढ़ी भएको बेलामा उनलाई निराश तुल्याएका छन्। उनले तिनीहरूलाई खहरे खोलाहरूसँग तुलना गर्छन्, जसको पानी हामीलाई बढ़ी आवश्यक परेको बेलामा गायब हुन्छ। उनले तिनीहरूबाट केही पनि पाउने आशा गर्दैनथिए, तर तिनीहरूले उनलाई अनिश्चित दोष लगाइहालेका छन्, तर उनको खास पाप के थियो, सो प्रकट गर्न तिनीहरू असमर्थ भए ।

**अय्यूब ६ः२४-३०ः** अय्यूबले आफ्नो इमानदारी कायम राखेका छन्; उनी गुप्त पापी कहाँ हुन् र ? एलिपजको बातचित र त्यसका निहित अर्थहरू जेसुकै होऊन् । उनी आफू कुन कुरामा चुके, सो उनले जान्न चाहन्छन् र आफ्नो जिब्रोले कहाँ अन्याय गरेको, यसको प्रमाण पाउन चाहन्छन् । अनि सत्ताइस पदमा उनले बरु आफ्ना साथीहरूलाई अभियोग पो लगाउँदा रहेछन्। अनि हुन सक्छ, यस पदमा जुन साथीको निम्ति तिनीहरूले खाड़ल खाने, ती साथी सम्भवतः अय्यूब आफै थिए, कि कसो हो !

**अय्यूब ७ः१-१०ः** तर अब अय्यूब परमप्रभुलाई सम्बोधन गर्छन् । दिनभरि परिश्रम गरेको नोकरलाई विश्राम गर्ने ठूलो चाहना हुन्छ भने, उनलाई मर्ने चाहना किन नहुने ? यो स्वाभाविक कुरा हो । तर अय्यूबसित कुरा अर्को थियोः रातको समयले उनको कष्टले पीड़ित भएको शरीरलाई कुनै राहत दिँदैनथियो, तर उनले बिहानसम्म ओल्टाइ-पल्टाइ गरिरहन्थे । उनको आशाहीन जीवन जुलाहाका थुरी सरह छिट्टै बितिरहेको थियो, अँ, एउटा बादलजस्तै दृष्टिबाट लुप्त हुन लागेको थियो ।

**अय्यूब ७ः११-२१ः** उनले परमप्रभुलाई निम्न प्रश्नहरू सोध्छन्ः उहाँले उनीजस्तै तुच्छ, नगण्य मानिसमाथि किन यति धेरै ध्यान लगाउनुभएको ? उहाँले उनीमाथि पहरा किन राख्नुभएको ? उहाँले उनलाई सपनाहरू-द्वारा किन तर्साउनुभएको, यहाँसम्म कि गला-घोटाइको पकड़मा परेको उनलाई लाग्यो । के मानिस यति महान् छ, कि परमेश्वरले उसलाई निरन्तर दुःखकष्टमा सुम्पनु खाँचो छ र ? मानौं, अय्यूबले पाप गरे, तब के उनलाई, जसको मृत्यु चाँड़ै हुन लागेको थियो, उनको पाप क्षमा हुन सक्दैनथियो ?

### ई) अय्यूब ८ः बिल्ददकको पहिलो तर्क

'बिल्दद' नामको अर्थ 'कलहको पुत्र' हुन सक्छ; अनि यो नाम यिनको निम्ति अति सुहाउँदो हो; किनकि अय्यूबका यी मित्र कलहप्रिय मानिस थिए। श्री सामुएल रिड़ूले बिल्ददको शैली र ज्ञानचाहिँ एलिपजसँग निम्नानुसार तुलना गरेका छन्ः

> 'एलिपजको बातचितमा जुन शिष्टाचार र मर्यादा थियो, बिल्ददमा त्यो शिष्टाचार र त्यो मर्यादा कम थियो, साथै अय्यूबप्रति यिनको मनमा केही कठोरता पनि थियो; किनकि अय्यूबले परमेश्वरको विरोधमा

तिक्त आरोप लगाइदिए। परमेश्वरका आत्मिक नियमहरूको विषयमा बिल्ददको ठूलो अज्ञानता थियो; ता पनि परमेश्वरको सम्मानको लागि लड्न यिनको जलन उठेको थियो, र यिनले उहाँमाथि कुनै दोष लागेको सहन सक्दैनथिए। यस कुरामा यिनी बिलकुल ठीक थिए। तर यिनी अय्यूबलाई उनको दोष साबित गराउन असफल भए; किनभने यिनका विचारहरूमा एउटा मूल त्रुटि थियोः "परमेश्वरले पापी मानिसलाई त्यसको पापको दण्ड दिनैपर्छ। तब अय्यूब पापी भएका हुनुपर्छ; किनभने उनले सजाय पाइरहेका छन्।"' 11)

**अय्यूब ८:१-७:** बिल्ददले अय्यूबलाई उनको बेहोशी, डीङ मारेको बोलीको विषयमा दोष लगाए। यिनले परमेश्वरको न्यायको प्रतिरक्षा गरे, जसले दुष्टहरूलाई दण्ड दिनुहुन्छ र इमानदार हुनेहरूलाई इनाम दिनुहुन्छ। यिनले निर्दयताको साथ के भन्छन् भने, अय्यूबका छोराहरू तिनीहरूको अपराधको खातिर नाश भए अरे। तर पवित्र वृत्तान्तबाट यसको निम्ति कुनै सङ्केत, कुनै लक्षण छैन। तर कुरा यस्तो भएको भए ठूलो दुःख र पीड़ामा परेको व्यक्तिलाई यसो भन्नु निश्चय क्रूर व्यवहार ठहरिन्छ। अय्यूबको निम्ति बिल्ददको सल्लाह थियोः 'हे अय्यूब, तिमी यत्नपूर्वक परमेश्वर-कहाँ फर्कनुपर्छ; तब तिम्रो निम्ति परमेश्वरको कृपा पाउने आशा जारी रहन्छ।'

**अय्यूब ८:८-२२:** त्यसपछि यिनी इतिहासको सहारा लिन्छन्; किनकि यिनले अधर्म र त्यसको प्रतिफलको बीचमा सम्बन्ध रहेको कुरा प्रमाणित गर्न खोज्छन्। पानी नभएको नर्कट ओइलिन्छ; ठीक त्यस्तै भक्तिहीन र पाखण्डी मानिसको विनाश हुन्छ। (अनि याद रहोस्ः अय्यूब ८:१६[क] चाहिँ बोटविरुवाले सूर्यको किरणबाट पर्णहरित/क्लोरोफिल तानेको अवशोषण-कार्यको लागि सङ्केत हुन सक्छ है।) परमेश्वर दुष्ट मानिसहरूलाई हटाएर निर्दोष मानिसलाई तिनीहरूको स्थानमा स्थापित गर्न प्रसन्न हुनुहुन्छ; त्यसपछि उहाँ निर्दोष मानिसलाई आशिष दिँदै जानुहुनेछ।

**उ) अय्यूब ९-१०ः अय्यूबको जवाफ**

**अय्यूब ९:१-१३:** जब अय्यूबले 'मानिस कसरी परमेश्वरको सामु धर्मी हुन सक्छ?' भन्ने प्रश्न गर्छन्, तब उनले मुक्तिको बाटो जान्न खोजेका होइनन्। तर उनले भन्न खोजे, कि परमेश्वर यति महान् हुनुहुन्छ; यसकारण उहाँको सामु उनले आफ्नो निर्दोषता प्रमाणित गर्ने उनको कोशिश व्यर्थ भएको छ। परमेश्वरसँग वादविवाद गर्नु मूर्खता हो; किनकि कसैले उहाँलाई हजार प्रश्नहरूको एकै जवाफ दिन सक्दैन। उहाँ सार्वभौम अधिकारी हुनुहुन्छ; उहाँसँग सबै बुद्धि हुन्छ; उहाँ सर्वशक्तिमान् हुनुहुन्छ; यो कुरा पहाड़हरू, पृथ्वी, सूर्य, ताराहरू र समुद्र उहाँको नियन्त्रणमा रहेकोबाट देखिन्छ। हो, उहाँका अचम्मका कामहरू अनगिन्ती छन्!

**अय्यूब ९:१४-३१:** के अय्यूबले आफ्नो प्रतिवाद गर्ने मौका पाउलान्? के परमेश्वर उनको कुरा सुन्दै हुनुहुन्थ्यो? यस कुरामा उनी कसरी निश्चित हुन सक्नेथिए? अय्यूबको विचारमा परमप्रभु निर्दयी, स्वेच्छाचारी र अन्यायी हुनुहुन्थ्यो; यसकारण निष्पक्ष न्यायजाँच पाउन उनको निम्ति असम्भव थियो। आफ्नो निराशामा अय्यूबले परमेश्वरलाई निम्न आरोप लगाउँछन्ः उहाँले निर्दोष हुनेहरू र दुष्टहरूलाई भेदभाव नगरी नाश गर्नुहुन्छ; उहाँ निर्दोष हुनेहरूको दुर्दशामा हाँस्नुहुन्छ र पृथ्वीका न्यायकार्ताहरूलाई अधर्म गर्न लगाउनुहुन्छ अरे। उनले के भन्छन्? 'म निर्दोष छु, तर मलाई अब यसको के वास्ता! मैले जीवनदेखि हार खाएको छु। निर्दोष हुनु-नहुनु केही फरक पर्दैन; किनकि परमेश्वरले निर्दोष र दोषी दुवैलाई नष्ट गर्नुहुनेछ' (अय्यूब ९:२१-२२, टि.ई.वी.अनुसार)। उनको जीवन सकिन लागेको थियो; तब न आफ्नो विषयमा

निस्फिक्री हुनु, न आफ्नो जीवन सुधार्नुमा केही मतलब थियो ।

अय्यूब सुस्केरा हाल्छन् । ओहो, परमेश्वर र उनको बीचमा एकजना मध्यस्थ भए कति असल हुनेथियो ! तर उनले कोही मध्यस्थलाई पाउन सक्दैनथिए। तर हामीलाई थाहा छः उनको र हाम्रो सबैभन्दा ठूलो खाँचो पूरा गर्न सक्ने मध्यस्थ प्रभु येशू ख्रीष्ट हुनुहुन्छ (१ तिमोथी २:५)। श्री माथ्यू हेनरीको टिप्पणीमा यसो लेखिएको छः

> 'अय्यूब आफ्नो मामिला कसैको हातमा जिम्मा लगाउन कति खुशी हुनेथिए; तर कुनै पनि प्राणी निर्णायक हुन योग्य थिएन; अनि यही कारणले उनले आफ्नो मुद्दा परमेश्वरको हातमा सुम्पनुपर्‍यो र उहाँको न्यायमा सन्तुष्ट हुनु र चुपचापसित स्वीकार गर्नुपरेको थियो । हाम्रा प्रभु येशूचाहिँ यी परम धन्य प्रधानपञ्च हुनुहुन्छ, जसले स्वर्ग र पृथ्वीको बीचमा मध्यस्थको काम गर्नुहुन्छ, जसले पक्ष र विपक्षमा बस्नेहरूमाथि आफ्नो हात राख्नुहुन्छ । किनकि उहाँको हातमा परमेश्वर पिताले सम्पूर्ण न्यायको काम सुम्पि-दिनुभएको छ, र हामीले पनि आफ्नो मुद्दा उहाँकै हातमा राखिछोड्नुपर्छ । तर यो कुरा त्यस बेलामा त्यति स्पष्ट रूपले प्रकाशमा आएको थिएन, जसरी अहिले यो कुरा सुसमाचारद्वारा छरलङ्ग भएको छ; अनि सुसमाचारको प्रकाशले यस्तो खालको गुनासोको निम्ति कुनै ठावैं छोड्दैन ।' [12)]

**अय्यूब १०:१-७ः** आफ्नो व्याकुलतामा अय्यूबले परमेश्वरसँग तिक्त गुनासो गरे र उहाँले सृष्टि गर्नुभएको मानिससँग आफ्नो अनुपयुक्त व्यवहार स्पष्ट पारिदिनुहुन अनुरोध गरे। अय्यूब दुष्ट नभएको कुरा थाहा हुँदा-हुँदै पनि उहाँले किन दयामाया नगरीकन उनको न्याय गर्नुभएको र किन तुच्छ मानिसले गरेझैं उनीसित कुव्यवहार देखाउनुभएको होला ?

**अय्यूब १०:८-१२ः** श्री हरोल्ड सेन्त जोह्नले यस अनुच्छेदको विषयमा निम्नानुसार टिप्पणी गरेका छन्ः

> 'मानिसरूपी माटोले सृष्टिकर्तारूपी कुमालेसँग वादविवाद गरेको यस अचम्मको खण्डमा हामीले निम्न कुराहरू भुल्नुहुँदैन; किनकि यसमा उनले परमेश्वरलाई के सम्झाए भने, उहाँले मानिसलाई सृष्टि गर्नुभएको हो; यसैले मानिसप्रतिका आफ्ना जिम्मेवारीहरूबाट उहाँ इज्जतसाथ उम्कन सक्नु-हुन्नथियो ।**क)** अय्यूब १०:८ः "तपाईंका हातहरूले मलाई मेरो आकार दिएर मलाई बनाए ।" **ख)** अय्यूब १०:१०ः उनको आमाको गर्भमा उनको भ्रूणको रचना भएको थियो । **ग)** अय्यूब १०:११ः त्यस बेलामा उनको छाला र मासुको वृद्धि भएको अनि उनका हड्डी र नसाहरूको विकास भएको हो । **घ)** अय्यूब १०:१२<sup>क</sup>ः उहाँले उनलाई 'प्राण' भन्ने जीवन-दान, त्यसका बहुमुखी क्षमताहरूसहित दिनुभयो । अनि ङ) अय्यूब १०:१२<sup>ख</sup>ः परमेश्वरको वास्ता र देखरेखमा मानिसलाई 'आत्मा' भन्ने उसको सर्वोच्च भाग प्रदान गरियो र सुरक्षित राखियो ।' [13)]

**अय्यूब १०:१३-२२ः** परमप्रभुले अय्यूब-माथि किन कष्टमय विपत्तिहरू ल्याउनुभएको होला ? यसो हेर्दा उनी धर्मी भएको वा दुष्ट भएको कुराले कुनै फरक पार्दैन रहेछ; किनकि उनको जीवन ईश्वरीय क्रोधले भरिएको थियो । तब परमेश्वरले उनलाई किन जन्म लिन दिनुभयो ? अनि अब विस्मृतिको देशमा जानुभन्दा अघि, जहाँ उज्यालो अँध्यारोसित बराबर हुन्छ, उनले थोरै समय सान्त्वना किन नपाएको ?

### ऊ) अय्यूब ११ः सोपरको पहिलो तर्क

**अय्यूब ११:१-१२ः** नामाती सोपरको विचारमा यस्तो खोक्रो, अहङ्कारपूर्ण बात-चितको उत्तर जोड़को साथ दिनु थियो। अय्यूबको तेस्रो साथीको नामको अर्थको सन्दर्भमा श्री सामुएल रिडूले यसो लेखेका छन्ः

> 'सोपर भन्ने नामको अर्थ 'भँगेरा' हो, जुन शब्दचाहिँ 'चिरबिर गर्नु' भन्ने क्रियापदबाट आएको हो; अनि सोपरचाहिँ मोशाकी पत्नीको सिप्पोरा नामको पुलिङ्ग रूप हो । यिनीजस्तै तिनी अनजानमा मानिसको

शारीरिक स्वभावमाथि ठहराइएको परमेश्वरको न्यायको विरोधी भए, यद्यपि तिनी अय्यूबको जीवनमा अनुमान गरिएका शरीरका कामहरूको दोष देखाइदिनमा धेरै जोशिला थिए। तिनले लगाएका कड़ाभन्दा कड़ा आरोपहरू पूर्णतया अनुचित थिए; यसकारण यी आरोपहरू हानिकारक थिएनन्, तर केवल एउटा भँगेराको चिरबिर पो थिए, जुन भँगेराको नाम सोपरले पाएका थिए।' 14)

सोपरको तर्क यस प्रकारको थियोः ओहो, अय्यूबले परमेश्वरको दृष्टि अपनाएर कुराहरू उहाँले जस्तै देख्न सकेका भए कति बढ़िया हुनेथियो ! तब उनले महसुस गर्नेथिए, कि उनले जति कष्ट भोगिरहेका थिए, यी दुःख-कष्टहरू केही पनि थिएनन्, किनभने उनी यीभन्दा बढ़ी दुःखकष्ट पाउन योग्य थिए। परमेश्वरको महानताको सम्बन्धमा अय्यूबको अज्ञानता यति विघ्न थियो, कि यस अज्ञानताले उनलाई उहाँको न्यायको विषयमा प्रश्न गर्न अयोग्य तुल्यायो। बाह्र पदमा अय्यूबलाई ताकेको, साह्रै नमीठो चोट पुर्‍याउने प्रहार थियो, जहाँ यस्तो लेखिएको छः 'यदि जङ्गली गधाको बछेड़ा मानिस भएर जन्मिन सक्छ भने बेवकुफ मानिस बुद्धिमान् हुन सक्छ।'

**अय्यूब ११ः१३-२०ः** सोपरको विचारमा, अय्यूबको लागि गर्न सक्ने सबैभन्दा राम्रो कुरा के थियो भने, उनले आफ्ना पापहरू आफूबाट हटाएर टाढ़ा राख्नुपरेको थियो; तब परमेश्वरले उनलाई सुरक्षा, शान्ति र सान्त्वना दिनुहुनेथियो। तर उनले यसो गरेनन् भने उनको निम्ति विनाशबाट उम्कने उपाय हुनेथिएन।

### ओ) अय्यूब १२-१४ः अय्यूबको जवाफ

**अय्यूब १२ः१-६ः** 'निश्चय खास मानिस तिमीहरू नै हौ, र बुद्धि तिमीहरूसँगै मर्ने रहेछ !' अहिले प्रसिद्ध भएको यस च्वास्स डसिदिने व्यङ्ग्यद्वारा अय्यूबले आफ्ना साथीहरूलाई तिनीहरूले आफ्नो बुद्धिको मिथ्यागर्व गरेको आरोप लगाए। परमेश्वर बुद्धिमान् र शक्तिशाली हुनुहुन्छ भन्ने कुरा कसले जान्दैन र? यो सर्वविदित कुरा हो। तर तिनीहरूले यसको स्पष्टीकरण दिऊन्ः बितेको समयमा आफ्ना प्रार्थनाका उत्तरहरू पाउने मानिसले यत्रो यातनापूर्ण दुःखकष्ट किन भोग्नुपर्छ? अनि भक्तिहीन मानिसहरूको फलिफापको विषयमा कसो हो? 'तिमीहरूको समस्या छैन, र पनि तिमीहरूले मेरो खिल्ली उड़ाउँछौ र मलाई एउटा लड्नै लागेको मानिसलाई हिर्काउँछौ' (पद ५, टि.ई.वी.अनुसार)।

**अय्यूब १२ः७-१२ः** प्रकृति-जगत्मा पनि अर्थात् पशुहरू, चराहरू र माछाहरूमा के देखिन्छ भने, कुनै-कुनै प्राणीलाई नाश गरेर र अरू कति प्राणीहरूलाई बचाएर उहाँले आफ्नो मनपरी गर्नुहुँदो रहेछ। अय्यूबका यी आलोचकहरूले खानेकुरा चाखेझैं होशियारपूर्वक शब्दहरूको जाँच गरेका भए तिनीहरू उहिलेका मानिस-हरूसँग सहमत हुनेथिए, किनकि ती उहिलेका मानिसहरू अय्यूबले भनेको कुरामा एकसाथ सहमत हुन्छन्।

**अय्यूब १२ः१३-२५ः** अनि अबचाहिँ अय्यूबले परमप्रभुको सर्वाधिकार, उहाँको बुद्धि र शक्तिको बारेमा सविस्तार कथन शुरु गर्छन्। यी कुराहरू काममा लगाएर कस्ता-कस्ता अकथनीय, अनौठा परिणामहरू निस्कँदा रहेछन्!

**अय्यूब १३ः१-१९ः** अय्यूबले आफ्ना आलोचकहरूलाई गाली गर्छन्; किनकि तिनीहरूले कुनै नयाँ कुरा भनेका छैनन्। तर उनले आफ्नो मुद्दा परमेश्वरकहाँ पेश गर्न चाहन्छन्, यी झूट र कूटको रचना गर्नेहरूकहाँ होइन, जो बित्था वैद्यहरू हुन्। तिनीहरू चुप लागे भने, मानिसहरूको दृष्टिमा तिनीहरू बुद्धिमान् ठहरिनेथिए। परमेश्वरको कारबाहीको बारेमा तिनीहरूको स्पष्टीकरण सत्य थिएन; अनि तिनीहरू यसको लागि उहाँको सामु जवाफदेही हुनेथिए। तिनीहरूका तर्कहरू कति

कमजोर र कति व्यर्थ थिए ! तिनीहरू केवल चुपचाप बसेका भए, तब उनले आफ्नो मुद्दा परमेश्वरको सामु पेश गर्नेथिए र आफ्नो जीवन उहाँको हातमा सुम्पनेथिए । उनी निर्दोष साबित हुनेछु भन्ने कुरामा ढुक्क र निर्धक्क थिए । परमेश्वरले उनलाई मार्नुभए तापनि उनले उहाँमाथि अझै पनि भरोसा राख्नेथिए ।

**अय्यूब १३:२०-२८:** यस पददेखि १४:२२ पदसम्म, यस खण्डमा अय्यूबले परमेश्वरलाई सम्बोधन गरेका छन् । उनले आफ्नो कष्टबाट छुटकारा पाऊँ भन्ने अर्जी चढ़ाउँछन् र परमेश्वरले उनीसित किन यति कठोर व्यवहार गर्नुभएको, यसको स्पष्टीकरण पाउन खोज्छन् । उनी सड़ेको चीजझैं, माउले खाएको वस्त्रझैं नष्ट भएर जान्छन्; उनी परमेश्वरको यत्रो ध्यानको योग्य कहाँ थिए र ?

श्री फ्रान्सिस एन्डर्सनले अय्यूबका शब्दहरू निम्नानुसार मूल्याङ्कन गरेका छन्:

> 'यहाँ अय्यूबले आफूलाई आफ्ना मित्रहरूभन्दा बढ़ी अवलोकन गर्ने इमानदार दर्शक र प्रफुल्लित विचारक प्रमाणित गरेका छन् । किनकि परमेश्वरको बारेमा उनको धारणा यति महान् छ, कि हाम्रो दिमाग लरबराउँछ । तर एलिपज, बिल्दद र सोपरअनुसार तिनीहरूको ईश्वर कति सानो हुँदो रहेछ, यो अनुमान गर्न सजिलो थियो र उसमाथि विश्वास गर्न पनि सहज थियो । तर अय्यूबको कत्रो विश्वास ! त्यसले हाम्रो आत्मालाई कड़ा परिश्रम गर्न लगाउँछ ।' [15]

**अय्यूब १४:१-६:** अय्यूब प्रश्न गरि-रहन्छन् । परमेश्वरले उनीजस्तै यति क्षणिक, यति कमजोर र भूलचूक गरिरहने व्यक्तिसँग किन लगातार यत्रो निर्दय व्यवहार गर्नुभएको होला ? एक पदचाहिँ व्यापक रूपले उद्धृत गरिन्छ; हुन सक्छ, यस पदमा भनिएको कुरा धेरै अवसरहरूसँग मिल्छ, कि के हो ?

> *'स्त्रीबाट जन्मेको मानिस थोरै दिनको र दुःखले भरिएको हुन्छ ।'*

उनले आफ्नो छोटो बाँकी जीवन केही शान्तिको साथ किन जिउन नपाउने ?

**अय्यूब १४:७-१२:** उनको निम्ति भन्दा त काटेर ढालिएको रूखको निम्ति बढ़ी आशा थियो । किनकि मानिसको मृत्युको बारेमा एउटा भयानक अपरिवर्तनशील टुङ्गा हुन्छ; मरेको मानिस एउटा सुकेको खोलाजस्तो छ ।

**अय्यूब १४:१३-१७:** अय्यूबको इच्छा के थियो भने, परमेश्वरको क्रोध शान्त नभएसम्म उहाँले उनलाई चिहानमा लुकाउनुभएको होस् । अनि जब सर्वशक्तिमान्ले उनलाई चिहान-बाहिर बोलाउनुहुन्छ, तब उनले आफूलाई निर्दोष साबित गर्नेथिए । अनि त्यस बेलासम्म परमेश्वरले उनको एक-एक पापमाथि ध्यान लगाउँदै बस्न सक्नुहुनेथियो ।

अय्यूबले यस खण्डमा चारवटा कुराहरू गरेका छन्: **क)** उनले आफ्ना पापहरू के-के थिए, यसको बारेमा प्रकाश पाऊँ भन्ने अनुरोध गरेका छन् । **ख)** उनले मानिसको जीवनको क्षणभङ्गुरता वर्णन गरेका छन् । **ग)** उनले मृत्युको अपरिवर्तनशील टुङ्गासित हार खाएका छन् (उनले एक मध्यस्थलाई पाउने चाहना गरे र परलोकको जीवनको आशा पक्रिराखे) । **घ)** उनले आफ्नो वर्तमान दुर्दशाको विषयमा गुनासो गरेका छन् ।

अय्यूब १४:१४[क] पदमा एउटा महत्त्वपूर्ण प्रश्न सोधिन्छ: *'जब मानिस मर्छ, तब के त्यो फेरि जीवित हुन्छ ?'* हाम्रा प्रभु येशूले यूहन्ना ११:२५-२६ पदहरूमा यस प्रश्नको उत्तर दिनुभएको छ: *'बौरिउठाइ र जीवन म नै हुँ । जसले ममाथि विश्वास गर्छ, ऊ मरे तापनि जिउनेछ; अनि जो जिउँछ र ममाथि विश्वास गर्छ, त्यो कहिल्यै मर्नेछैन ।'* श्री हरोल्ड सेन्त जोह्नले अय्यूब १४:१४ र १५ पदको सिलसिलामा निम्न टिप्पणी गरेका छन्:

> 'अय्यूब १४:१४ र १५ पदहरूमा पूर्व फाटेर एउटा प्रशान्त सागरमाथि मिरमिरे उज्यालो खस्दैछ; किनकि यस अनुच्छेदमा आम्मै हो, अय्यूबले कत्रो बहादुरी आँट गरेका रहेछन्, जब उनले घोषणा गरेका छन्: मानिस नाश हुने भौतिक थोकभन्दा महान् छ ।

आकाश बितेर जानेछ र क्षय हुनेछ; अमर पहाड़हरू टुक्रा-टुक्रा हुनेछन्; अनि उनीचाहिँ हुन सक्छ, हजारौं वर्ष चिहानको पकड़मा पर्लान् । तर यस भावी दिनको उदय निश्चित हुने नै छ, जब परमेश्वरले आफ्नो हृदयमा आफ्नो मित्रको लागि तिर्सना गर्नुहुनेछ र आफ्नो हातको कामको चाहना गर्नुहुनेछ । त्यस दिनमा पातालको गहिराइबाट अय्यूबले उहाँलाई उत्तर दिनेछन्, र परमेश्वरसँग उनको पुनर्मिलन हुनेछ, जो आफ्नो सेवकको वियोगले गर्दा व्याकुल र आतुर हुनुहुन्छ; अनि तब उनीपहाड़हरूभन्दा, अँ, आकाश भन्दा चिरस्थाही हुनेछन् '।[16)]

**अय्यूब १४ः१८-२२ः** प्रकृतिमा क्षयको प्रक्रिया अनिवार्य छ; ठीक त्यस्तै परीक्षामा परेको मानिस पनि खिएर जान्छ। उसको शरीर फेरि माटोमा मिल्छ, र उसको आत्मा-प्राण उराठलाग्ने ठाउँमा जान्छ ।

यसरी बातचितहरूको पहिलो चक्र समाप्त भयो । अय्यूबका साथीहरूको तर्क यस्तो थियोः **क)** परमेश्वर धर्मी हुनुहुन्छ; **ख)** यसैले उहाँले दुष्ट मानिसहरूलाई दण्ड दिनुहुन्छ; **ग)** अय्यूबले सहेको सजायले उनी दुष्ट हुन् भन्ने प्रमाण दिएको छ । तर अय्यूबले यो कुरा सरासर इन्कार गरेका छन् र आफू दुष्ट होइनन् भन्ने कुरा दृढ़तापूर्वक कायम राखेका छन् ।

## ख) अय्यूब १५-२१ः बातचितहरूको दोस्रो चक्र

बातचितहरूको दोस्रो चक्रमा अय्यूबको सान्त्वना दिनेहरूले उनलाई पश्चात्ताप गर्ने आह्वान गर्न छोड्छन्, तर तिनीहरूको भर्त्सना कड़ा, झन् कड़ा र बढ़ी जोड़दार हुन जान्छ । तर अय्यूब हठी र झन् हठी हुँदै जान्छन् ।

### अ) अय्यूब १५ः एलिपजको दोस्रो तर्क

**अय्यूब १५ः१-६ः** अब तेमानी एलिपजको निम्ति अय्यूबको खण्डन गर्ने पालो आयोः तिनले अय्यूबलाई उनको सारहीनता र उनका भक्तिहीन र लाभहीन शब्दहरूको खातिर हप्काउँछन् । वेगसित हानेकै-हानेकै एउटामाथि अर्को गर्दै गरेका प्रश्नहरूद्वारा तेमानीले अय्यूबको कथित ज्ञानको खिल्ली उदाउँछन् र 'यो कति खोक्रो ज्ञान हो' भनेर भन्छन् । हो, परमेश्वरलाई चुनौती दिने अय्यूबका दुःसाहसी शब्दहरूले उनलाई उनले परमेश्वरको भय पन्साएको आरोपको लागि आलोचनीय तुल्याए । तर उनलाई लगाइएको 'तिमीले धूर्तहरूको जिब्रो रोजेको' आरोप न्यायसँगत थिएन । अय्यूबलाई कुनै दोष लाग्नु हो भने, उनको गल्ती के थियो भने, उनी चाहिएको भन्दा बढ़ी खुला थिए, अँ, उनले आफूलाई बढ़ी खुलस्त पारेका थिए । तर उनी कपटी थिएनन् । तर उनको निम्ति र अरू जोसुकै व्यक्तिको निम्ति 'धर्मी हुँ' भन्ने दाबी गर्नु व्यर्थ हो ।

**अय्यूब १५ः७-१३ः** अब एलिपजले अय्यूबलाई तिनको विचारमा उनको अहङ्कार सम्झिएको कुराको विषयमा चुनौती दिन्छन् । किनकि तिनको रायमा, उनले आफ्ना विचार-हरूको विषयमा चाहिएको भन्दा बढ़ी सोचे । यसकारण 'के बुद्धिचाहिँ तिम्रै मात्र हो र ?' भनेर तिनले उनलाई सोध्छन्। तर एलिपजले तीनजना सान्त्वना दिनेहरूका शब्दहरू 'परमेश्वरका सान्त्वनाहरू' र 'कोमल वचन' भनेर के देखाउँछन् भने, साँचो, सहानुभूतिशील सल्लाह दिनको निम्ति तिनको हृदयको ठूलो कमी थियो ।

**अय्यूब १५ः१४-१६ः** परमेश्वरको पवित्रता र मानिसको पापी अवस्थाको विषयमा यहाँ एलिपजले अय्यूब ४ः१७-१९ पदको खण्डमा टिका-टिप्पणी गरेको आफ्नो कुरा दोहोर्‍याइराखेका छन्। तर अय्यूब कसरी एलिपजभन्दा ठूलो पापी भए? यस सिलसिलामा श्री सामुएल रिडूले निम्न प्रश्न सोधेका छन्ः

'तर एलिपजले यो कुरा किन अय्यूबमाथि लागू गरे त ? के तिनको यस तर्कले अय्यूबलाई अरू सबै मानिसहरूभन्दा ठूलो पापी ठहर्‍याउन सक्यो त ?

होइन, होइन, तर अय्यूबका सबै जोशिला वचनहरू-भन्दा बरु एलिपजको तर्क पो धूर्त थियो । एलिपजले अय्यूबको छेउमा आफ्नो ठाउँ लिनु थियो र आफू कति घृणित र कति फोहोर थिए, सो कुरा मानिलिनु थियो । तब यी बिचरा पीड़ित अय्यूबले त्यस्तो व्यवहारप्रति उचित प्रतिक्रिया जनाउनेथिए होलान् ।' 17)

**अय्यूब १५ः१७-२६ः** पितापुर्खाहरूबाट आएको प्राचीन बुद्धिकहाँ फर्केर एलिपजले दुष्ट मानिसले आफ्नो जीवनमा अनुभव गरेको पीड़ा वर्णन गर्छन् ।

**अय्यूब १५ः२७-३५ः** त्यसपछि तिनले दुष्ट मानिसमाथि आइपर्ने सङ्कष्टहरूको डरलाग्दो सूचि प्रस्तुत गर्छन्, र यी विपत्तिहरू त्यस मानिसको दोषअनुसार ठूला-साना हुन्छन् ।

### आ) अय्यूब १६-१७ः अय्यूबको जवाफ

**अय्यूब १६ः१-५ः** एलिपजले जसरी अय्यूबको परिस्थिति विश्लेषण गरेका छन्, तिनको यो विश्लेषण उनले अस्वीकार गर्छन् र आफ्ना आलोचकहरूलाई 'दुःखदायी सान्त्वना दिनेहरू' भन्ने नाम दिएर तिनीहरूलाई खण्डन गर्छन् । तिनीहरू उनको ठाउँमा भएका भए उनले तिनीहरूलाई सान्त्वना दिने प्रयास गर्नेथिए ।

**अय्यूब १६ः६-१४ः** तर के गर्ने ? परमेश्वर उनको विरुद्धमा उठ्नुभएको रहेछ; उहाँले उनलाई भक्तिहीन मानिसहरूको हातमा सुम्पिदिनुभएको र घाउमाथि घाउ लगाएर उनलाई सहन नसकिने गरी सताउनुभएको रहेछ । उनी कुनै अधर्मको दोषी थिएनन्, र पनि यो सब उनीमाथि आइपरेको थियो ।

**अय्यूब १६ः१५-२२ः** अय्यूबले आफ्नो छाला ढाक्न भाङ्ग्राको लुगा लगाएको त के, उनले भाङ्ग्राको लुगा सिलाए पो । यसले उनले लगातार शोक गरेको देखाउँछ । उनलाई सान्त्वना दिने साथीहरू थिएनन्, उनको मुद्दा लड्ने कोही पनि थिएन; यसैले उनी चाँड़ै कहिल्यै नफर्केर आउने बाटोमा जान लागेका थिए ।

याद रहोस्ः अय्यूब १६ः९-१९ पदको खण्डमा प्रयोग गरिएका शब्दहरू भजनसंग्रहको पुस्तकमा पनि प्रयोग गरिएका छन् र त्यहाँ मसीहमाथि लागू गरिएका छन् । यसकारण हामीले यी शब्दहरू ख्रीष्टका कष्टहरूमाथि लागू गर्न सक्छौं; यस प्रकारको व्याख्या गर्न न्यायोचित छ, तर यी शब्दहरूको प्राथमिक अर्थ यो होइन ।

**अय्यूब १७ः१-१२ः** आत्मा टुटेका अय्यूब चिहानको मुखमा लड़खड़ाइरहे; अनि यस्तो बेलामा उनका साथीहरूले उनलाई गिल्ला गरिरहन्छन् । उनको एकमात्र चाहना के थियो भने, अरू कसैले होइन, तर परमेश्वरले उनको मुद्दा जाँच्नुभएको होस्; किनभने उनका समालोचकहरूले आफूलाई निकम्मा साबित गरिसके । परमप्रभुले उनलाई अपमानको पात्र तुल्याउनुभयो । तर समयमा उनको अवस्था देखेर सीधा चाल चल्ने मानिसहरू उनका समालोचकहरूको विरुद्धमा खड़ा हुनेथिए, तर त्यस बेलासम्म उनले चाहिँ निरन्तर आफ्नो सच्चाइमा दृढ़तासाथ जोर दिनेथिए । उनले आफ्ना तीनजना विरोधीहरूमध्ये एकजना बुद्धिमान् मानिसलाई भेट्टाउन सक्दैनथिए ।

**अय्यूब १७ः१३-१६ः** अय्यूबको निम्ति उनको जीवनमा बाँकी के पो थियो र ? उनको लागि चिहान, अँ, त्यो चिसो, अन्धकार, सड़ावट र कीराहरूले युक्त चिहानबाहेक अरू केही बाँकी थिएन ।

### इ) अय्यूब १८ः बिल्ददको दोस्रो तर्क

**अय्यूब १८ः१-४ः** शूही बिल्ददले अय्यूबमा दोष भेट्टाउँछन्; किनकि उनले आफ्ना साथीहरूले र बिल्दद स्वयम्ले बोलेका बुद्धिका वचनहरूको धेरै खिसी गरे । बिल्ददको बारेमा भन्न सकिने राम्रो कुरा यो होः यिनका

तिरस्कारहरू यिनका सह-शान्तिदाताहरूका भन्दा छोटा छन्। यिनलाई संक्षिप्तिमा भएको सद्गुणको बारेमा अवगत भएको थियो होला; किनकि साहसी भई यिनले अय्यूबलाई 'तिम्रा वचनहरू अन्त गर' भन्ने सुझाउ दिन्छन्।

**अय्यूब १८ः५-२१ः** दुष्ट मानिस आफ्ना पापहरूको जालमा फस्छ भन्ने नारासित हामी अहिलेसम्म सुपरिचित भइसकेका छौं, जुन नारा यिनले यहाँ फेरि दोहोर्स्याउँछन्। त्यसपछि यिनले पापी मानिसको घर-परिवारमाथि आइपर्ने विपत्तिहरूको डरलाग्दो सूचि पेश गर्छन्। मानिसहरूले आफ्ना पापहरूको लागि कष्ट भोग्छन् भन्ने कुरामा बिल्ददको राय सठीक थियो, तर अय्यूबले सहेका दुःखकष्टहरूको निम्ति यिनको यो स्पष्टीकारण पूरा गलत थियो। किनभने कसैको जीवनमाथि आइपरेको सबै दुःखकष्ट सीधा उसको पापको परिणाम हुँदैन होइन।

### ई) अय्यूब १९ः अय्यूबको जवाफ

**अय्यूब १९ः१-२२ः** अय्यूबले आफ्ना साथीहरूलाई 'तिमीहरू ममाथि गरेको अन्यायको लागि लज्जित हुनुपर्नेथियो' भनेर भन्छन्। परमेश्वरले, उनका आफन्तहरू र साथीहरूले, साथै उनका नोकरहरूले समेत उनको दुर्व्यवहार गरेका छन्। अनि उनको शरीर खिएर घट्दै गएको छ, र उनी मुस्किलले मृत्युबाट उम्केका छन्। यसो भए पनि उनका साथीहरूले परमेश्वरसँग मिलेर उनलाई निर्दयतासाथ लगातार आक्रमण गरिरहेका छन्।

**अय्यूब १९ः२३-२४ः** उनले भविष्यमा कुनै बेलामा उचित न्याय पाउन सकून् भन्ने हेतुले उनका प्रतिरक्षाका शब्दहरू एउटा पुस्तकमा छापिएका होऊन् र सदाको लागि फलामको कलम र सीसाले एउटा चट्टानमाथि कुँदिएका होऊन्; यो उनको उत्कृष्ट चाहना थियो।

**अय्यूब १९ः२५-२७ः** *'किनकि म जान्दछु, मेरा उद्धारक जीवित हुनुहुन्छ।'* यो प्रकाशको कत्रो दुर्लभ झलक हो! उनले आफ्ना उद्धारकमाथि विश्वास गरिरहेका छन्, जसले एक दिन उनलाई निर्दोष ठहराउनुहुनेछ र उनलाई पुनर्स्थापित गर्नुहुनेछ, उनको मृत्यु र शरीरको सड़ावट जेसुकै होस्।

महान् अंग्रेजी प्रचारक श्री सी. एच. स्पर्जन, जसको लेख्ने शैली अय्यूबको पुस्तकको जस्तै थियो, तिनले अय्यूब १९ः२५ पदको अर्थ निम्न किसिमले प्रयोग गरेका छन्ः

> ' "**मेरा** उद्धारक"; वास्तवमा यस 'मेरो' भन्ने सानो शब्दमा, साथै उनका उद्धारक *जीवित* हुनुहुन्छ भन्ने कुरामा अय्यूबको सान्त्वनाको सारतत्त्व रहेछ। ओहो, ख्रीष्ट येशू यी जीवित उद्धारकलाई पक्रिराख्नुहोस्! हामीले उहाँमा आनन्द उपभोग गर्नुभन्दा अघि हामी उहाँमा हाम्रो व्यक्तिगत हक र अंश पाएका हुनुपर्छ। ...। तब एकजना उद्धारकर्ता, जसले दाम तिरेर मलाई छुट्टाउन सक्नुहुन्न, उहाँको के काम ? मेरो रगतको बदला लिन मेरो पक्षमा कहिल्यै खड़ा नहुने दण्डनायकबाट मलाई के फाइदा भयो र ?"हो, मैले आफूलाई मेरा जीवित प्रभु येशूको हातमा सुम्पिदिएँ, र उहाँ मेरा हुनुहुन्छ" भनेर तपाईंले विश्वासको साथ भन्न सक्नुपर्छ; तपाईंले यसो भन्न सक्नुहुन्न भने यसो भन्न नसक्ने बेलासम्म सन्तुष्ट नरहनुहोस्! हुन सक्छ, तपाईंले उहाँलाई कमजोर हातले समात्दै हुनुहुन्छ होला, र "उहाँ **मेरा** उद्धरकर्ता भएर जीवित हुनुहुन्छ" भन्न तपाईंलाई कत्रो दुःसाहस गरेको लाग्ला। तब याद गर्नुहोस्! तपाईंसँग रायोको दानाजतिको विश्वास छ भने, त्यो सानो अल्प विश्वासले तपाईंलाई'उहाँ मेरो हुनुहुन्छ' भन्ने अधिकार दिन्छ। तर यहाँ ध्यान दिन लायकको अर्को शब्द पनि छ, जुन शब्दले अय्यूबको ठूलो निश्चयता र निर्धक्कता व्यक्त गरेको छः "म जान्दछु।" "मलाई आशा छ"; "म आशावादी हुँ" भन्ने वचन केही हदसम्म शान्तिदायक होला; अनि प्रभु येशूको बगालमा हजारौं विश्वासी छन्, जसले योभन्दा बढ़ी कहिल्यै भन्न सक्दैनन् होलान्। तर सान्त्वनाको मुटुमा पुग्न र त्यसको पूरा रस पाउन हामीले "म जान्दछु" भन्न सक्नुपर्छ; हामी त्यहाँसम्म आइपुग्नुपर्छ।' 18)

'अनि औंसाहरूले मेरो छाला, त्यसपछि मेरो यो शरीर नाश गरे ता पनि म मेरो यस शरीरमा परमेश्‍वरलाई देख्नेछु।' अय्यूबको विश्‍वास यस्तो थियो। अनि उनको यस दृढ़ कथनले मृतशरीरहरूको पुनरुत्थान हुनेछ भन्ने शिक्षा सुदृढ़ पार्छ। तर यस प्रकारको शिक्षा पुरानो नियमको समयमा विरलै पाइन्थ्यो; तर हाम्रा प्रभु येशूको समयमा यो शिक्षा यहूदीहरूको बीचमा सामान्य धारणा भइसकेको थियो। श्री सी. एच. स्पर्जनले छबीस पदको सुन्दर टिप्पणी यस प्रकारले गरेका छन्:

'"म परमेश्‍वरलाई देख्नेछु।" अय्यूबको भक्तिपूर्ण प्रत्याशा ख्याल गर्नुहोस्! उनले कसलाई देख्ने आशा गरे? "म पवित्र जनहरूलाई देख्नेछु" भनेर उनले भनेनन्, यद्यपि पवित्र जनहरूसँगको हाम्रो मिलन निस्सन्देह ठूलो आनन्दको कारण हुनेछ। तर उनले "म परमेश्‍वरलाई देख्नेछु" भनेर भनेछन्। "म नयाँ यरूशलेमका मोतीले बनेका मूलढोकाहरू देख्नेछु; म त्यस शहरको स्फटिकले बनेको पर्खाल देख्नेछु; म मग्न भई सुनका मुकुटहरू नियालेर हेर्नेछु" भनेर उनले भनेनन्; तर उनले "म परमेश्‍वरलाई देख्नेछु" भनेर भने नि। किनकि स्वर्गको योगफल र मुख्य विषयवस्तु परमेश्‍वर स्वयम् हुनुहुन्छ। अनि परमेश्‍वरलाई देख्नुचाहिँ सबै ख्रीष्ट-विश्‍वासीहरूको एकमात्र आशा र परम आनन्द हो।'[19)]

**अय्यूब १९:२८-२९:** अय्यूबको धर्मी ठहरिने दिन नजिकै थियो; यसकारण उनका साथीहरूले उनलाई सताउनुहुँदैनथियो, तर उनलाई सताउन छोड्नुपरेको थियो, नत्रता तिनीहरूले यसको निम्ति सजाय पाउनेथिए।

### उ) अय्यूब २०: सोपरको दोस्रो तर्क

**अय्यूब २०:१-१९:** अय्यूबको यो विश्‍वासको अङ्गिकार बहिरा कानहरूमाथि परेको रहेछ; यो स्पष्ट छ। किनकि सोपरले उनको कुरा सुन्दै सुनेनन्। तिनको तर्क सुनौं! मानव इतिहास साक्षी छ, कि घमण्डी मानिस नाश हुनेछ र सधैंको निम्ति दृष्टिबाट लोप हुनेछ। त्यसका छोराछोरीहरूले गरिबहरूबाट कृपा-दान माग्नेछन्, र त्यसले अन्याय गरेर लिएको थोक तिनीहरूले फिर्ता गर्नुपर्नेछ। जवानीको बल भएको अवस्थामा त्यसको देहान्त हुनेछ। त्यसले जति सुखी जीवन बिताएको किन नहोस्, त्यसले गरिबहरूलाई थिचोमिचो र शोषण गरेर कमाएको सबै नीच कमाइ अचानक एकैक्षणमा गुमाउनेछ।

**अय्यूब २०:२०-२९:** त्यसमाथि कुनचाहिँ विपत्ति आइपर्नेछैन? भोक, कठिनाइ, पीड़ा, अस्त्र-शस्त्रको आक्रमण, आगलागी र शान्तिको हरण आदि – कल्पना गर्न सकिने हरेक विपत्ति त्यसमाथि आइपर्नेछ। स्वर्ग र पृथ्वी त्यसको विरुद्धमा छन्, र त्यसको सम्पत्ति उड़िजानेछ। यो दुष्ट मानिसको हकको सम्पत्ति हो, अँ, परमेश्‍वरले दुष्ट मानिसको लागि नियुक्त गर्नुभएको अधिकारको भाग यही हो।

यसको बारेमा श्री जी. क्याम्पबेल मोर्गनले यसो भनेका छन्:

'यस रोमहर्षित खण्डमा सोपरले पूरा जोश र उमङ्गको साथ नीच कमाइका लाभहरूको चञ्चलता वर्णन गर्छन्। किनकि त्यहाँ आनन्द त हुन्छ, तर त्यसको आनन्द छोटो छ। त्यहाँ समृद्धि होला, तर त्यो हिउँजस्तै छिट्टै पग्लिहाल्छ। त्यहाँ जवानीको बल त छ, तर त्यो धूलोमा पड्न जानेछ। त्यहाँ मिठास त छ, तर त्यो मिठास शोक र अफसोसमा परिणत हुनेछ। त्यसले धनसम्पत्ति निल्न त निल्छ, तर यो त्यसको निम्ति बान्ता पो बन्नेछ। त्यसले प्राप्त गरेको सम्पत्तिबाट त्यसले आनन्द लिन पाउनेछैन। दुष्ट मानिसको अन्तिम पतन र विनाश यस प्रकारको छः परमेश्‍वर त्यसमाथि आइलाग्नुहुन्छ र न्यायका हात-हतियारहरू लिएर त्यसको खेदो गर्नुहुन्छ। अन्धकारले त्यसलाई चारैतिरबाट छोप्छ। आकाशको ज्योतिले त्यसको अधर्म प्रकट गरिदिन्छ, र पृथ्वी त्यसको विरुद्धमा उठ्छ। दुष्टताको यस वृत्तान्तमाथि ध्यान दिनेले बुझ्छ, कि यो वर्णन बिलकुल साँचो र पूरा सय हो।'[20)]

**ऊ) अय्यूब २१ः अय्यूबको जवाफ**

**अय्यूब २१ः१-२२ः** अय्यूबको माग के थियो भने, निश्चय तिनीहरूले उनको कुरा ध्यानसित सुन्नुपर्छ। किनकि उनको गुनासो खास कुनै मानिसको विरुद्धमा थिएन। तर उनको दयनीय अवस्था देख्ने जोसुकै मानिसको मनमा उनको यस हालतले सहानुभूति उत्पन्न गर्नुपर्नेथियो। उनले तिनीहरूका तर्कहरू खण्डन गरेर आफ्नो अवलोकनअनुसार यथार्थ कुरा के भन्छन् भने, जीवनको हरेक क्षेत्रमा प्रायः दुष्टहरूको समृद्धि हुन्छ-हुन्छ, र तिनीहरूको जीवनमा परमेश्‍वरको निम्ति कुनै स्थान नभए पनि तिनीहरूको पीड़ामुक्त मृत्यु हुन्छ। उनको प्रश्‍न छः कहिले र कहाँ दुष्टहरूले आफ्नो जीवनकालमा आफ्ना पापहरूको प्रतिफल पाउँछन्, भन्नुहोस्! अँ, कहिले तिनीहरू आँधीले उड़ाएर लगिएको भुसजस्तै उड़ाएर लगिएका हुन्छन् हँ, मलाई भन्नुहोस्!

‘परमेश्‍वरले छोरालाई उसका बुबाले गरेका पापहरूको सजाय दिनुहुन्छ भनेर तपाईंहरू दाबी गर्नुहुन्छ। होइन, परमेश्‍वरले पापी मानिसहरूलाई नै दण्ड दिनुभएको होस्! उहाँले यो तिनीहरूका पापहरूको खातिर गर्नुभएको हो भन्ने कुरा स्पष्ट देखाइदिऊन्। पापी मानिसहरूले आफ्नै पापहरूको दण्ड भोगून्; तिनीहरूले सर्वशक्तिमान् परमेश्‍वरको क्रोध चाखून्। अनि जब मानिसको जीवन समाप्त हुन्छ, तब के उसले वास्तवमा आफ्ना छोराछोरीहरू सुखी भएको-नभएको कुरा वास्ता गर्छ र? अनि के, के मानिसले परमेश्‍वरलाई सिकाउन सक्छ, जसले उच्च पदहरूमा हुनेहरूलाई समेत न्याय गर्नुहुन्छ?’

(१९-२२ पदहरू, टि.ई.वी.अनुसार)

**अय्यूब २१ः२३-३४ः** यस्तो व्यक्ति छ, जो सुखचैनमा रहेर र पूरा बल हुँदा समृद्धिमा मर्छ। अर्को मानिस छ, जो आफ्नो मनको तीतोपन र गरिबीमा मर्छ। तर मृत्युमा सबै मानिसहरू उस्तै र बराबर छन्। यदि अय्यूबका साथीहरूले ‘दुष्ट मानिसहरूलाई सधैं यस जीवनमा सजाय दिइन्छ’ भन्ने कुरामा जोड़ दिए भने, उनले धेरै ठाउँहरूमा घुमफिर गरेका पर्यटकहरूलाई गवाही दिने आग्रह गर्छन्; किनकि दुष्ट मानिसलाई मृत्युपार परलोकमा सजाय त दिइन्छ, यो पक्का हो; तर नरलोकमा त्यो प्रायः खुशीको साथ जिउन पाउँछ। कसैले पनि त्यसलाई दोषी ठहराउँदैन, न त्यसलाई दण्ड दिन्छ; दुष्ट मानिस अरू सबै मानिसहरूजस्तै मर्छ। अनि अय्यूबको अन्तिम तर्क यस प्रकारको छः ‘अनि तिमीहरूचाहिँ – तिमीहरूले मलाई व्यर्थ कुराले सान्त्वना दिन खोज्दैछौ। किनकि तिमीहरूले मलाई दिएको हरेक जवाफ झूट मात्र हो रहेछ!’ (३४ पद, टि.ई.वी.-अनुसार)।

यी वचनहरू बोलेर अय्यूबले आफू र आफ्ना मित्रहरूको बीचमा चलेका बातचितहरूको दोस्रो चक्र अन्त्याएका छन्। यी ‘सान्त्वना दिनेहरू’ अय्यूबलाई पापको दोषी बनाउने प्रयासको आफ्नो अन्तमा आइपुगिसकेका छन्; तिनीहरूले अय्यूबसित बातचितको अर्को चक्र गर्न प्रयास गर्न लागेका छन्, तर त्यसमा सोपरले भाग लिँदैनन्।

अय्यूबको पुस्तकबाट उठेको समस्या अझै पनि समाधान हुन बाँकी नै छ। धर्मी जनहरूले किन कष्ट पाउँछन्? जे भए तापनि अय्यूबले केही आत्मिक प्रगति गरेका छन् र उनको कष्टको अँध्यारो भेदबाट उज्याला ससाना किरणहरू चम्कन थालेका छन्।

**ग) अय्यूब २२-३१ः बातचितहरूको तेस्रो चक्र**

**अ) अय्यूब २२ः एलिपजको तेस्रो तर्क**

तेस्रो चक्रमा आएर एलिपज र बिल्दद धेरै पटक आफ्ना तर्कहरू दोहोऱ्याउँदै आफ्नो निष्कर्षमा आइपुग्छन्। तर सोपर चुप लाग्छन्। अय्यूबले तिनीहरूलाई दिएको जवाफबाट

बुझिन्छ, कि तिनीहरूका तर्कहरूले उनलाई प्रभावित पार्न सकेनन्; किनकि उनले जान्दथिए, उनी गुप्त रूपले पाप गर्ने पापी नै थिएनन्; अनि उनी कपटी पनि होइनन्, तर एक अध्यायले भनेझैं उनी एक सिद्ध, दोषरहित मानिस थिए (तर उनी पापरहित थिएनन्, न उनी नम्र नै थिए।) एलिपजको अन्तिम जवाफमा गरिमा थियो र साहित्यको हिसाबले हेर्नु हो भने त्यो जवाफ शोभाले भरिएको थियो; तिनी अहिले कष्ट भोगिरहेका पीड़ित अय्यूब-प्रति केही हदमा अलिक बढ़ी नम्र भएका रहेछन्, तर पनि तिनले त्यसमा उनको अन्याय गर्दैथिए।

**अय्यूब २२:१-११:** एलिपजले जुन प्रश्नहरू सोध्छन्, ती प्रश्नहरूको एउटा उद्देश्य छः परमेश्वरलाई अय्यूबको आवश्यकता परेन; उहाँलाई न उनीसँग भएको सम्पत्ति, न उनले गरेको कुनै कामको खाँचो पर्छ, अँ, उनको इमानदार चाल पनि उहाँलाई दरकार परेन। तिनले ती प्रश्नहरूद्वारा यो देखाउन खोजेका हुन्। त्यसपछि तिनले अय्यूबलाई 'तिमीले घोर दुष्टता गरेका' भनेर झूटो अभियोग लगाएर आफ्नो लामो, विषवमनको प्रवाह छोड्छन्। अय्यूबले बिनसित्तिमा गरिबहरूबाट बन्धकहरू लिएको, उनले थाकेकाहरूलाई पिउने पानी सम्म नदिएको, उनले भोकाहरूलाई खानेकुरा नदिएको, उनले जबरजस्ती अरूको जग्गाजमिन हड़प गरेको, उनले विधवाहरू र टुहुराहरूको अत्याचार गरेको अरे। एलिपजको भनाइ-अनुसार योचाहिँ अय्यूबको वर्तमान नाजुक परिस्थितिको खास कारण थियो। तर वास्तविकता अर्कै थियो; किनकि अय्यूबले ठूलो सामाजिक चेतना देखाएका थिए, उनी आफ्नो परोपकार र कल्याण-सेवामा पूरा उदारचित्तको थिए।

**अय्यूब २२:१२-२०:** एलिपजको तर्क थियोः स्वर्गको उचाइमा विराजमान हुनुहुने परमेश्वरले तल पृथ्वीमा भइरहेको कुरा देख्नुहुन्न भन्ने विचार गलत हो; अय्यूबले यस प्रकारको विचार अपनाउनुहुँदैनथियो। किनकि उनले निरन्तर पाप गरिबसे भने, उनले नूहको समयमा बाँचेका मानिसहरूको नियति भोग्नुपर्ने-थियो – उनले यस्ता मानिसहरूको नियति भोग्नुपर्नेथियो, जसको समृद्धि परमेश्वरले पहिले गर्नुभएको थियो, तर पछि जलप्रलयले पृथ्वीको जग ठ्याकठुक सोरेर बगाइदियो। अनि दुष्ट मानिसहरूले दण्ड पाउँदा धर्मी जनहरू सधैं रमाउँछन्।

**अय्यूब २२:२१-३०:** आफ्नो अन्तिम प्रबल अनुरोध पेश गर्दा साँच्चै एलिपजसँग अय्यूबको लागि केही उत्कृष्ट शब्दहरू छन्ः 'अब उहाँसित आफूलाई परिचित गराऊ, र मेलमिलापमा बस' (पद २१[क]); 'हो, तब सर्वशक्तिमान् नै तिम्रो सुन र तिम्रो निम्ति बहुमूल्य चाँदी हुनुहुनेछ' (पद २५); 'अनि तिम्रा बाटाहरूमा ज्योति चम्किनेछ' (पद २८[ख])। तेइस पदअनुसार सर्वशक्तिमान् परमेश्वरकहाँ फर्केर जाने र आफ्नो वास-स्थानबाट अधर्म टाढ़ा हटाउने पश्चात्तापी मानिसको निम्ति यी वचनहरू सुन्दर मात्र होइन, तर कति सत्य र लाभदायक पनि छन्! तर यी शब्दहरूको प्रयोगमा त्रुटि पो भएको छ; किनकि अय्यूब पापमा जिएका थिएनन्। एलिपजले अय्यूबलाई गरेको अन्तिम अनुरोधको सारांश श्री अल्बर्ट बार्न्सले यसरी गरेका छन्ः

> 'सर्वशक्तिमान् उनको रक्षक हुनुहुनेथियो; उनी परमेश्वरमा सुखी हुनेथिए; उनले आफ्नो प्रार्थनाको उत्तर पाउनेथिए; उनका मार्गहरूमाथि ज्योति चम्किनेथियो; अनि जब अरू मानिसहरू होचिन्छन्, तब उनी उच्च पारिनेथिए।'[21]

### आ) अय्यूब २३-२४: अय्यूबको जवाफ

२३ र २४ अध्यायहरू अय्यूबले बोलेको उनको बातचितको एकै टुक्रा हुन्, तर प्राचीन बाइबल-विद्वान्हरूले यो खण्ड सुविधाको लागि दुई खण्डमा छुट्ट्याएका हुन्। तेइस अध्यायमा अय्यूबले तीनवटा मुख्य विषयहरू उठाएर

बढ़ाइरहेका छन्ः **क)** अय्यूब २३ः१-९ः उनले आफ्नो मुद्दा परमेश्वरको सिंहासनको सामु पेश गर्ने आफ्नो तीव्र चाहना व्यक्त गरे; **ख)** अय्यूब २३ः१०-१२ः यस खण्डमा उनले आफ्नो प्रतिरक्षा गरे; उनले आफ्नो धर्मी जीवन पेश गरे; अनि **ग)** अय्यूब २३ः१३-१७ः उनी कसरी परमेश्वरसँग डराइरहे; अनि यसमा उनले उहाँ उनको शत्रु हुनुभएको भान गरे ।

**अय्यूब २३ः१-९ः** अय्यूबको गुनासो तीतो छ । उनले परमेश्वरको सिंहासनको सामु आउन सके त ! उनले उहाँलाई भेट्टाउन सके त ! यस ठाउँमा श्री सी. एच. स्पर्जनले गरेको टिप्पणी यस प्रकारको छः

> ' "हे प्रभु, म आफ्नो शरीरको हरेक अङ्गमा फैलेर गएको रोगबाट निको हुन पाऊँ !" भनेर अय्यूबको पहिलो प्रार्थनाको अनुरोध थिएन । अनि "हे प्रभु, मेरा छोराछोरीहरूलाई मृत्युको पकड़बाट निकालिदिनुहोस् र म तिनीहरूलाई फेरि देख्न पाऊँ ! अनि लुट्नेहरूको हातबाट मेरो सम्पत्ति फेरि मकहाँ फर्केर आएको म देख्न सकूँ" भन्ने अनुरोध पनि उनले चढ़ाएनन् । तर उनका परमेश्वरलाई चढ़ाउने उनको एकमात्र विन्ती थियोः "म उहाँलाई कहाँ भेट्टाउन सक्छु, सो मलाई थाहा भए त ! ओहो, म उहाँको आसनको सामु आउन सके त !" आँधीबेह्री चल्न लागेको बेलामा परमेश्वरका छोराछोरीहरू घरतिर दगुर्छन् । परमेश्वरको निगाहको पात्र भएको विश्वासी जनले परमप्रभुका पखेटाहरूमनि सबै खराबीहरूबाट शरण पाउन खोज्छ; किनकि नयाँ जन्म पाएको मानिसमा भएको सहजज्ञानले उसलाई यसो गर्न सिकाउँछ ।' 22)

अय्यूब पूरा विश्वस्त थिए, कि उनले परमप्रभुको सामु आउन पाएका भए परमेश्वरले अन्तमा अय्यूब धर्मी छन् भन्ने कुरा मानिलिनुपर्नेथियो; अनि यसरी नै उनले आफ्ना न्यायकर्ताबाट सदाको निम्ति छुटकारा पाउनेथिए ।

**अय्यूब २३ः१०-१२ः** 'जब उहाँ मलाई जाँच्नुहुन्छ, तब म सुनजस्तै निखुर भई निस्कनेछु ।' आत्मिक परीक्षाहरूबाट प्राप्त हुने शुद्धीकरणको लाभ प्रमाणित गर्न घरिघरि यो दस पद उद्धृत गरिन्छ, तर हामीले यस पदको सन्दर्भमा ध्यान दिनु हो भने, यसको अर्थ अर्को छः यो वास्तवमा 'निर्दोष' भन्ने फैसलाको बारेमा अय्यूबको दृढ़ विश्वासको अङ्गिकार पो हो । त्यो दिन नआएसम्म परमेश्वरलाई जे मन लाग्छ, उहाँले त्यही गरून्; अनि उहाँका डरलाग्दा न्यायका कामहरूले गर्दा अय्यूब डरले थरथर भएका छन् (१५ पद) । यसो भए पनि अय्यूबलाई के विश्वास थियो भने, परमेश्वरको न्याय-आसनको सामु उनको मुद्दाको सुनुवाइ भएको भए उनी निखुर सुनजस्तै शुद्ध र निर्दोष साबित हुनेथिए र परमेश्वरका वचनहरूप्रति सधैं आज्ञाकारी भएका प्रमाणित हुनेथिए; किनकि उनले उहाँका वचनहरू आफ्नो आवश्यक भोजनभन्दा पनि बढ़ी बहुमूल्य ठान्थे । दस पदका मनमोहक शब्दहरू आफ्नै जीवनको निम्ति कण्ठस्थ गर्न लायक छन्ः

*'तर उहाँ मेरो चालचलन जान्नुहुन्छ;*
*जब उहाँ मलाई जाँच्नुहुन्छ,*
*तब म सुनजस्तो भई निस्कनेछु ।'*

**अय्यूब २३ः१३-१७ः** परमेश्वर अद्वितीय हुनुहुन्छ, र मानिसको दृष्टिमा उहाँ स्वेच्छाचारी हुनुहुँदो रहेछ । किनकि उहाँ आफ्नो मनले चिताएको कुरा गर्नुहुन्छ; अनि अय्यूब उहाँसँग डराइरहेका छन्, अँ, भयभीत र विचलित भएका छन्; किनभने परमेश्वरले अय्यूबको हृदय कांतर तुल्याउनुभयो ।

**अय्यूब २४ः१-१२ः** सर्वशक्तिमान् परमेश्वरबाट कुनै पनि कुरा लुकेको छैन; यसकारण अय्यूबले बुझ्न सकेननः उहाँलाई चिन्नेहरूको होइन, तर दुष्ट मानिसहरूको समृद्धि पो भएको, अहँ, यो उनको निम्ति एउटा जटिल समस्या भएको थियो, जसको समाधान किन भएन ? अनि अब उनले यस संसारमा भइरहेको घोर अन्यायको बेलिबिस्तार गर्छन् । उनले

अत्याचारीहरूका अपराधहरू र उत्पीड़ित-हरूका कष्टहरू विस्तृत रूपमा वर्णन गर्छन् ।

श्री सामुएल रिडूले टिप्पणी गरेका छन्ः

'उनले यहाँ वास्तविकताको भयानक चित्र कोरेका हुन्; अनि यो कुरा उनका साथीहरूले राम्ररी जान्दथिए र हामी पनि राम्ररी जान्दछौं । तब एलिपजले "यस जीवनमा सधैं जुनै खराब कामको निम्ति मानिसलाई उचित दण्ड दिइन्छ" भन्ने आफ्नो सिद्धान्तसँग यी यथार्थ कुराहरू कसरी मिलाउन सक्छन् त ? तर योभन्दा जटिल समस्या अझै छँदैथियोः परमेश्वर यी कुराहरूबाट कसरी आफ्ना आँखाहरू बन्द गर्न सक्नुहुन्छ र यी कुकर्मीहरूको सट्टामा अय्यूबजस्तै विश्वासयोग्य मानिसलाई कष्ट दिन सक्नुहुन्छ ? अनि यो अय्यूबको ठूलो समस्या भएको थियो; अनि यसको लागि उनले कुनै उत्तर पाएका थिएनन् ।' 23)

अय्यूबले परमेश्वरमा संसारको शासन गर्ने सम्बन्धमा दोष भेट्टाएर यस असफलताको विषयमा गुनासो गरेका छन् (पद १२):

'शहरको बीचबाट मानिसहरूले सुस्केरा हालिरहेका छन्; अनि घायल भएकाहरूको मन गुहार पाउनको निम्ति चिच्च्याउँछ; तरै पनि परमेश्वरले तिनीहरूलाई अधर्मको दोष लगाउनुहुन्न, कसरी ?'

**अय्यूब २४:१३-१७ः** त्यसपछि अय्यूबले विद्रोही, हत्यारा, व्यभिचारी र चोरको वर्णन गरेका छन् । ती सबैजनाले आफ्ना क्रिया-कलापहरूको लागि रातको सहारा लिन्छन्; किनकि तिनीहरूको निम्ति बिहान त मृत्युको छायासमान हो ।

**अय्यूब २४:१८-२५ः** ती दुष्ट पापी मानिसहरूलाई यस पृथ्वीमा श्राप दिइनुपर्नेथियो र तिनीहरूको स्मृति नरहनुपर्नेथियो; तर परमेश्वरले तिनीहरूलाई सुरक्षा दिनुभएको, कसरी ? अय्यूबको दाबी यस प्रकारको छः दुष्ट मानिसको मृत्यु अरू मानिसहरूको भन्दा बढ़ी दुःखदय हुँदैन । उनको यो कुरा खण्डन गर्ने जोसुकै होस्, उनी यस्तो मानिससित बहस गर्न र उसलाई चुनौती दिन तयार थिए ।

बातचितहरूको तेस्रो चक्रमा बिल्ददको जवाफ धेरै छोटो थियो र सोपरको जवाफै भएन; अनि अय्यूबको जवाफ अति लामो भयो; यसकारण केही बाइबल-विद्वान्हरूको सुझाउ के हो भने, अय्यूब २४:१८-२५ पदहरूमा लेखिएको कुरा वास्तवमा अय्यूबका शब्दहरू होइनन् अरे । अनि केही आधुनिक बाइबल-संस्करणहरूले यहाँ र अन्य ठाउँहरूमा लेखको लेआउट आफ्नो अनुमानअनुसार धेरै स्वतन्त्रतापूर्वक मिलाएका छन् । यस सम्बन्धमा हामीले श्री फ्रान्सिस आइ. एन्डर्सनको कुरा सुन्नुपर्छ, जसले यसो भनेः 'अय्यूबले यी वचनहरू किन नबोलेका ? यसको निम्ति म कुनै खास कारण देख्दिनँ ।' त्यसपछि तिनले कस-कसले यस खण्डसित के-के गरे, सो निम्न प्रकारले वर्णन गरेका छन्ः

'अय्यूबले हाम्रो विचार र स्वादअनुसार भन्नुपरेको कुरा यहाँ नगरेका हुनाले हामीले उनका ओठहरूबाट यी शब्दहरू सजिलोसँग हटाउन हतार गर्नुहुँदैन । तर के गर्ने ? ठीक यही गर्न नहुने कुरा तीन प्रकारले गरिएको छः क) यो खण्ड पुस्तकको फट्केमा लेखिएको एउटा पार्श्व-टिप्पणीको रूपमा राखेर; यसरी तिनीहरूले अय्यूबलाई चाहिएको भन्दा बढ़ी निष्ठावान् तुलाए; तर वास्तवमा तिनीहरूले उनलाई यहाँ प्रस्तुत गर्न खोजेकोजस्तै उनी त्यस्तै थिएनन् । ख) यो खण्ड अय्यूबका मित्रहरूमध्ये कुनै एकजनाका शब्दहरू तुल्याएर, जसरी एन.ए.बी.-अनुवादले यो खण्ड बिल्ददका शब्दहरू तुल्यायो र श्री मार्विन पोपले यो खण्ड सोपरका शब्दहरू तुल्याए । ग) यस खण्डमा अय्यूबले आफ्ना साथीहरूले भनेको कुरा उद्धृत गरेको पारेर; आर.एस.वी.ले यस खण्डको शुरुमा निम्न शब्दहरू थप्योः "तिमीहरू भन्छौ, ... ।" अनि श्री रोबर्ट गोर्डिसले १८-२४ पदहरूको सम्पूर्ण खण्ड अय्यूबका साथीहरूका शब्दहरू तुल्याए, जुन शब्दहरू उनले उद्धृत गरे अरे ।' 24)

**इ) अय्यूब २५ः बिल्ददको तेस्रो तर्क**

अय्यूबका सान्त्वना दिनेहरूको अन्तिम तर्क सोपरको होइन, तर शूही बिल्ददको हो । किनकि सोपरले आफ्नो तर्कको कोष खतम गरिसकेका रहेछन् । अनि बिल्ददको तर्क पनि निक्कै छोटो छ, तिनको यो तर्क अय्यूबको पुस्तकमा सबैभन्दा छोटो छ ।

> 'बिल्ददको यो बातचित छोटो छ, रयिनले यसमा पेश गरेको कुनै नयाँ कुरा छैन; यसबाट बुझिन्छ कि अय्यूबका यी साथीहरूले आफूसँग भएका सबै तर्कहरू सिद्ध्याइसकेका रहेछन् । तिनीहरू यहाँसम्म आफ्नो तर्क र आफ्नो दृष्टिकोण पेश गर्न सफल भए, तिनीहरू यति भन्न सक्षम भए । अनि यसको मतलब ठूलो छ; किनकि तिनीहरू विचारशील मानिसहरू थिए, जसका तर्कहरू व्यक्त गर्ने क्षमताहरू उत्कृष्ट थिए । तिनीहरूले प्रयोग गरेको भाषा स्तरीय र उच्च कोटिको थियो; तिनीहरूले पेश गरेका रूपकहरूमा शोभा र शब्दबल त थियो । तर तिनीहरूको तर्क र विचार गलत र संकीर्ण थियो अनि ग्रहण गर्न योग्य थिएन ।' 25)

बिल्ददले स्पष्टसँग बुझे कि थुप्रै शब्दहरूको रासमा कुनै फायदा छैन रहेछ; यसकारण यिनले केवल दुईवटा विषयवस्तुहरू पेश गर्छन्ः क) अय्यूब २५ः१-३ः परमेश्वरको महानता र ख) अय्यूब २५ः४-६ः मानिसको शून्यता/सूक्ष्मता ।

**अय्यूब २५ः१-३ः** परमेश्वरसँग प्रभुत्व छ र डर देखाउने क्षमता पनि छ, र उहाँको सेनाहरूको सङ्ख्या अनगिन्ती छ ।

**अय्यूब २५ः४-६ः** चन्द्रमा र ताराहरू परमेश्वरको दृष्टिमा शुद्ध छैनन् भने, त मानिस जो एउटा औंसा र कीरा हो, उसको विषयमा कुरा नगरे हुन्छ; उसको निम्ति आशा के हुन सक्नेथियो ? बिल्ददका वचनहरू साँचो र सुन्दर ढङ्गले प्रस्तुत गरिएका छन्, तर यिनले बोलेका यी शब्दहरूमा प्रेम र सान्त्वनाको झलक थिएन, र यसैले यी शब्दहरूले अय्यूबको खाँचो पूर्ति गर्न सकेनन् ।

**ई) अय्यूब २६ः अय्यूबको जवाफ**

**अय्यूब २६ः१-४ः** सबैभन्दा पहिले अय्यूबले बिल्ददको तर्कको वितर्क गर्छन् । ठीक छ, मानौं अय्यूबको शक्ति नभएको, अँ, उनीसँग बल र बुद्धि छैन; तब बिल्ददले यति भनेर उनलाई के पो सहायता गरे ? यिनका शब्दहरू व्यर्थ र असंवेदनशील थिए अनि अय्यूबका तर्कहरूको जवाफ दिन पूरा असफल भए ।

**अय्यूब २६ः५-१३ः** यस अध्यायको बाँकी खण्डमा ब्रह्माण्डमा चलिरहेको परमेश्वरको शक्तिको अद्‌भुत विवरण दिइएको छः उहाँको निर्देशनअनुसार पानी वाफ हुने वाष्पीकरण र वृष्टिपातको चक्र चल्छ; अनि बादलहरूको घनत्व, दिन र रात हुने नियम र समुद्रमा चल्ने आँधीबेह्रीको विषयमा कसो हो ? उहाँले आफ्नो आत्माको शक्तिमा ताराहरू र तारामण्डलहरू-द्वारा आकाश सिँगार्नुभयो ।

बिल्ददले आफ्नो उक्त बयानमा आकाशमा देखा परेको परमेश्वरको महिमामा जोड़ दिँदैथिए भने, अय्यूबले यहाँ गहिराइहरूमा देखिने उहाँको शक्तिमाथि आफ्नो विचार पुऱ्याउँछन्ः पानी-मनि के-के छ, अनि अधोलोक र विनाश छ ।

अय्यूबले यहाँ जे वर्णन गर्दैछन्, यो सिकाउन विज्ञानलाई अझै धेरै शताब्दीहरू लाग्योः परमेश्वरले पृथ्वी शून्यमा झुन्ड्याउनुभयो । (काव्यात्मक भाषामा यहाँ सौर परिवारमा पृथ्वीको स्थान र गमन बयान गरिएको छ) ।

> 'यी थोरै, तर महान् उच्च शब्दहरूले अन्यजाति दार्शनिकहरूको विश्वोत्पत्तिवाद निक्कै तल छोड़े है । यी शब्दहरूमा श्री आइसक न्युटन र श्री योहन्नेस केप्लरका अनुसन्धानहरू बीउको रूपमा पेश गरिएका छन् । पवित्र धर्मशास्त्र बाइबलले वैज्ञानिक यथार्थताहरू सिकाउँदैन भन्ने सोचमा ठूलो भूल छ । किनकि वैज्ञानिक भाषा प्रयोग नगरीकन, तर

वैज्ञानिक विशुद्धता कायम राखीकन पवित्र बाइबलले हामीले जान्नुपर्ने सबै आवश्यक सत्यता सिकाइदिन्छ ।' 26)

**अय्यूब २६:१४:** यी आश्चर्यकर्महरू केवल उहाँका मार्गहरूका छेउछाउ भएका कुराहरू हुन् भने, अनि हामीले उहाँको विषयमा सुनेको कुरा एउटा छनक वा साउती मात्र हो भने, अय्यूबको प्रश्न छः तब उहाँको शक्तिको पूरा गर्जन के हुनुपर्ला त ? के यो हाम्रो समझदेखि बाहिर र हाम्रो निम्ति बुझ्नै नसकिने कुरा हुनेछैन र ?

### उ) अय्यूब २७-३१: अय्यूबको एकालाप

हो, अय्यूबका 'सान्त्वना दिनेहरू'ले आफ्नो कुरा प्रमाणित गर्न सकेनन्; अनि अय्यूबले चाहिँ ? उनले आफ्नो समस्या समाधान गरेका छैनन् । तर उनले अपनाएको बाटो सही बाटो हो, अनि उनी विश्वासमा बढ़िरहेका देखिन्छ ।

अय्यूबको एकालापमा तीनवटा मुख्य विषयवस्तुहरू छन्: **क)** अय्यूब २७: अय्यूबले आफ्नो इमानदारी अवस्था दुष्ट मानिसको विनाशसँग तुलना गर्छन्; **ख)** अय्यूब २८: उनले बुद्धिको अमूल्य गुणको प्रशंसा गर्छन्; अनि **ग)** अय्यूब २९-३१: अन्तमा उनी आफ्नो तर्कमा स्वकेन्द्रित रहन्छन् ।

**अय्यूब २७:१-५:** *'अनि अय्यूबले आफ्नो कुरा अघि बढ़ाएर भने ।'* यस अध्यायका शुरुका यी शब्दहरूले एउटा मुख्य विराम वा मुख्य मौड़ आएको सङ्केत दिन्छन् । किनभने अबदेखि उसो उनले बिल्ददलाई जवाफ दिँदैनन् (२६:१); तर उनले यहाँ आफ्ना तीनैजना साथीहरूलाई सम्बोधन गर्छन् । अनि उनले धेरै कुराहरू आफ्नो मनबाट निकाल्दैछन् । अय्यूब आफ्नो इमानदारी, आफ्नो सच्चरित्र र आफ्नो धार्मिकतामा अडिग रहन्छन् । उनका आलोचकहरूले उनलाई गोप्य पापको दोष लगाइहाले र फलस्वरूप उनले यी कष्टहरू भोगे भन्ने अनुमान गरे । तर उनले एक क्षण पनि यो तिनीहरूको दोष आफूमाथि लाग्न दिँदैनथिए ।

**अय्यूब २७:६-२३:** अय्यूब दुष्ट, अधर्मी र कपटी मानिसको प्रतिरक्षा गर्दैनन् । तिनीहरू-माथि आइपरेको विपत्ति हर प्रकारले समुचित नै छ । अनि अब उनले आफ्ना तीनजना साथी-हरूलाई तिनीहरू स्वयम्ले जानेका यथार्थ कुराहरू अर्थात् अधर्मी मानिससित परमेश्वरको व्यवहार केकस्तो हुन्छ, सो बारेमा सिकाउन चाहन्छन् । किनकि दिव्य विपत्तिले प्रायः दुष्ट मानिसको परिवार, त्यसको धनसम्पत्ति, त्यसको घर र त्यसलाई प्रहार गर्छ नै, तर सधैं त होइन । अनि असल मानिसहरू रमाउन पाउँछन्, तर दुष्ट मानिस नाश हुनेछ ।

**अय्यूब २८:१-११:** 'तर बुद्धि कहाँबाट पाइन्छ ? र समझको ठाउँ कहाँ हो ?' यो मनमोहक अध्याय अय्यूब २८:१२ र २० पदमा उठाइएका प्रश्नहरूको जगमाथि बसालिएको हो ।

यस अध्यायको शुरुको खण्डमा मानिसले बहुमूल्य धातु र मणिहरू खोज्नमा ठूलो सीप र लगनशीलता देखाउँछ । तर खानीमा देखाइएको उसको यस निपुणताले बुद्धि फेला पार्न सहायता दिन सक्दैन; यसको कुनै सीप लाग्दैन । अनि अय्यूब २८:१३-१९ पदहरूको खण्डले मानिसको धनले बुद्धि किन्न सकिँदैन भन्ने कुरा देखाउँछ भने, अय्यूब २८:२१-२८ पदहरूको खण्डमा परमेश्वरलाई बुद्धि दिने एकमात्र स्रोतको रूपमा पेश गरिएको छ ।

प्राचीन समयमा खानी-कर्म कसरी गरिएको, यसको विवरण धेरै आकर्षक छ; तर यसको बयानले बाइबल-अनुवादकहरूलाई निक्कै समस्याहरू दिएको छ । विशेष गरी चार पदको अनुवाद कठिन छ । किनकि हरेक अङ्ग्रेजी बाइबलको संस्करणमा यसको माने अनुवादकको बुझाइमा अर्को थियो । श्री फ्रान्सिस आइ. एन्डर्सनले यसको विषयमा निम्न टिप्पणी गरेका छन्:

'तिनीहरू सबैको हातमा एकै हिब्रू पाण्डुलिपि भएको कुरा हामीलाई विश्वास गर्न गाह्रो छ ।'[27]

'बिल्ददको दृष्टिमा मानिस एउटा औंसा, एउटा कीरा थियो भने, अय्यूबको दृष्टिमा मानिसमा निपुणता थियो, जुन निपुणता, उदाहरणको लागि, उसले खानी-काममा प्रकट गऱ्यो । अनि खानी खन्ने काममा मानिसले प्राप्त गरेको उल्लेखनीय सफलताले ऊ कति निपुण र बुद्धिमान् छ भन्ने कुरा देखाउँछ; तर यसो भए पनि ऊ बुद्धि खोजेर निकाल्नमा पूरा असफल भएको छ ।'[28]

**अय्यूब २८ः१२-१९ः** बुद्धिको बाटो पत्ता लगाउन त्यत्ति सजिलै होइन । बुद्धि जमिनभित्र भेट्टाइँदैन, र समुद्रको गहिराइमा पनि पाइँदैन; बुद्धि किन्न सकिँदैन, न ता यसको निम्ति उचित दाम दिन सकिन्छ; किनभने गोमेद र नीरमणिको दामभन्दा यसको मूल्य ज्यादा छ र निखुर सुनको तौलमा गन्न सकिँदैन ।

**अय्यूब २८ः२०-२८ः** बुद्धि र समझ सबै जीवित प्राणीहरूको नजरबाट लुकेको छ । विनाश र मृत्युले कतै बुद्धि र समझको बारेमा सुनेका रहेछन् । तर प्रकृतिका नियमहरू स्थापित गर्नुभएको परमेश्वर बुद्धिको स्रोत हुनुहुन्छ; किनभने उहाँले नै बुद्धिको घोषणा गर्नुभयो र उहाँले नै बुद्धि तयार गर्नुभयो । उहाँको भय मान्नु बुद्धि हो र खराबीबाट अलग रहनुचाहिँ समझ हो ।

यस अध्यायमा हामीले सिक्नुपर्ने पाठको सङ्केत यस प्रकारको छः हामीले हामीसित परमेश्वरले देखाउनुभएको उहाँको व्यवहार बुझे-नबुझे पनि आफूलाई सधैं उहाँको पूर्व निर्धारित इच्छा र योजनाको अधीनतामा सुम्पनुपर्छ ।

**अय्यूब २९ः१-१७ः** अनि अबचाहिँ अय्यूब उदासी भई आफूले समृद्धि र सम्मानमा बिताएका विगत सुदिनहरूको उत्कृष्ट विवरण दिन्छन्; अनि ती सुदिनहरू फर्के त – उनको तीव्र चाहना थियो । किनकि उनले परमेश्वरको विगत समयमा अनुग्रह र उहाँको निर्देशन पाएर यसबाट आनन्द उठाउँथे । त्यस बेलामा उनका छोराछोरीहरू उनको साथमा हुन्थे; उनको सुखचैन ठूलो हुन्थ्यो; अनि शहरमा के जवानहरू, के वृद्धहरू, के शासकहरू, के भारदारहरू, सबका सबले उनका परोपकारी कार्यहरू, उनको धार्मिकता र उनको साँचो न्यायको खातिर उनलाई सम्मान गर्थे ।

**अय्यूब २९ः१८-२५ः** उनले 'आफ्नो गुँड़मा' लामो आयु र शान्तिमय मृत्यु पाउने आशा गरेका थिए; किनकि उनले समृद्धि, तागत र बल उपभोग गर्दैथिए । 'मेरो जरा पानीहरूतिर फैलिएको थियो; अनि रातभरि शीत मेरो हाँगामाथि खस्थ्यो । मेरो महिमा ममा ताजा रहन्थ्यो; मेरो धनु मेरो हातमा नयाँ हुँदै जान्थ्यो' भन्ने वाक्यले यसको सजीव शब्द-चित्र दिन्छ । किनभने किसानले वर्षा स्वागत गरेझैं मानिसहरूले उनको सल्लाह स्वागत गर्थे । अनि उनको मुस्कुराएको अनुहारले तिनीहरूको आड़भरोसा ताजा तुल्याइदिन्थ्यो । उनको अगुवा हुने सीपले उनलाई तिनीहरूको प्रधान तुल्यायो । अनि उनी सेनाको बीचमा राजाजस्तै बस्थे । उनी शोक गर्नेहरूलाई सान्त्वना दिने हुन्थे । उनीजस्तै धर्मी मानिसलाई परमेश्वरले किन सजाय दिनुभएको होला ? यो कुरा बुझ्न गाह्रो छ ।

**अय्यूब ३०ः१-८ः** तर दुःखको कुरा, अबचाहिँ अय्यूब जवान मानिसहरूको खिसीको कारण पो भएथे – यस्ता जवानहरूद्वारा उनी अपमानित भएथे, जसका बुबाहरू समाजबाट बहिष्कृत थिए, जुन बुबाहरू अय्यूबका कुकुरहरूलाई उनका भेड़ाहरूको हेरचाह गर्नमा सहायता गर्न समेत अयोग्य हुन्थे – ती बेकम्मा, कमजोर र गरिब मानिसहरू । तिनीहरू धेरै भोकाउँथे, जहाँसम्म तिनीहरूले उजाड़स्थानका झाड़ीका पत्ता र टुसा सिस्नुको झोलसित खाने गर्थे; तिनीहरू मानिसहरूको बीचबाट लखेटिएका थिए; तिनीहरू घरबारविहिन घुमन्ते हुन्थे; तिनीहरू देशबाट निकालिएका थिए ।

**अय्यूब ३०:९-१५:** अनि यी मानव कलङ्कहरूले अब अय्यूबलाई पूरा रूपले अपमान गरेका छन्। तिनीहरूको तिरस्कार र अवहेलना कस्तो थियो? यो निम्न वाक्यांशहरूबाट बुझिन्छ, जस्तैः 'म तिनीहरूको खिसीको गीतको विषयवस्तु', 'म तिनीहरूको उपमा' भएँ; 'तिनीहरू मलाई घृणा गर्छन्', 'तिनीहरू मेरो मुखमा थुक्नधरि बाँकी राख्दैनन्', 'तिनीहरूले मेरा खुट्टाहरू (मलाई लड़ाउन खोज्ने हिसाबले) धकेलिदिन्छन्', 'तिनीहरू मेरो बाटो भत्काउँछन्, (वा बाटो छेक्छन् कि अवरोध गर्छन्)' आदि। अय्यूबको सम्मान र समृद्धि पूरा गुम गयो; त्यो कहाँ गयो?

**अय्यूब ३०:१६-२३:** उनी पीड़ाले तड़पिरहेका थिए, अनि उनको यातनाले उनको रूप बिगारिदिएको थियो; उनी धूलो र खरानीसरह भएका थिए र मर्न लागेका थिए। तर परमेश्वरले उनका प्रार्थनाहरूको जवाफ दिनुहुन्नथियो। उहाँ कति क्रूर हुनुहुन्थ्यो; किनकि उहाँले उनको विरोध गर्नुहुन्थ्यो, र उनलाई उठाएर फनफनी फन्काउनुभयो। के उहाँले उनलाई मार्न लाग्नुभयो, कि के हो?

**अय्यूब ३०:२४-३१:** निश्चय नै उहाँले यस मानिसलाई चिहानमा दुःख दिनुहुनेछैन, जुन मानिसले मर्ने बेलामा उहाँसँग प्रार्थना गर्छ। अय्यूबले अरू मानिसहरूलाई दया देखाएका थिए, तर उनलाई भने कुनै दया देखाइएको थिएन। उनको एक्लोपन र तिरस्कार उनको परम पीड़ा थियो। उनको शारीरिक र मानसिक अवस्था दयनीय र नाजुक थियो। अय्यूबजस्तो धर्मी मानिस किन स्यालहरूको भाइ र शुतुरमुर्गहरूको साथी बन्नुपर्‍यो?

**अय्यूब ३१:१-१२:** अय्यूबले कुनै युवतीमाथि कामुक हेराइले आफ्ना आँखाहरू गाड्दैनथिए; यसमा उनको जोर थियो; उनलाई यसको दोष कहिल्यै नलागोस्! परमेश्वर यस्तो पाप देख्नुहुन्छ र त्यसको निम्ति दण्ड दिनुहुन्छ भन्ने कुरा उनलाई राम्रोसँग थाहा थियो। उनले छलको काम गरेनन्। तब एउटा इमानदार केरकार गरियोस्; यस प्रकारको जाँचले यस कुरामा परमेश्वरलाई विश्वस्त तुल्याउनेथियो। उनी धार्मिकताको मार्गबाट भड्किएका थिएनन्; नत्र उनी आफ्नो फसल गुमाउन योग्य हुनेथिए। उनले आफ्नो छिमेकीकी पत्नीको लालच गरेनन्; नत्रता उनकी पत्नी अर्काकी भइजाऊन्, अनि उनको श्रीसम्पत्ति र उनको जीवन नष्ट होऊन्।

**अय्यूब ३१:१३-३७:** अय्यूब आफ्ना नोकरहरूप्रति दयालु हुन्थे, अनि गरिब, विधवा र टुहुराहरूप्रति परोपकारी हुन्थे। उनले सुनको लोभ गर्दैनथिए; उनी लोभमुक्त थिए। उनी मूर्तिपूजा गर्न बहकिएका थिएनन्, अहँ, उनले कहिल्यै, अँ, गुप्त रूपले पनि मूर्तिपूजा गरेका थिएनन् (अर्थात् उनले सूर्यतिर वा चन्द्रमातिर आफ्नो हात चुम्बन समेत गरेका थिएनन्)। उनको मनमा उनका शत्रुहरूप्रति कुनै द्वेष थिएन। उनी सबैको अतिथि-सत्कार गर्ने मानिस थिए। उनी गुप्त पापबाट मुक्त थिए। अनि उनी आफ्नो कारोबार र लेनदेनमा पनि सधैं इमानदार हुन्थे। अनि उनको विरोधमा लगाइएका अभियोगहरू कुनै पुस्तकमा लेखिएका भए, उनले त्यो दोषपत्र गर्वको साथ आफ्नो काँधमा बोक्नेथिए र मुकुटजस्तै आफ्नो शिरमा लगाउनेथिए।

**अय्यूब ३१:३८-४०:** एकतीस अध्यायको अन्तमा अय्यूबले बोलेका शब्दहरू समाप्त भए। तर श्री सामुएल रिडू अय्यूबको अन्तिम वचनसँग सन्तुष्ट भएनन्ः

> 'मेरो विचारमा, अय्यूबका शब्दहरू तब मात्र ठीक प्रकारले सिद्धिन्छन्, जब उनले उहाँको प्रशंसा गर्छन्, जो केवल प्रशंसाको योग्य हुनुहुन्छ। अय्यूबका शब्दहरू यहाँ अन्त भएकोमा हामी खुशी छौं'।[29]

# खण्ड ३

# अय्यूब ३२-३७ः एलिहूको हस्तक्षेप

### क) अय्यूब ३२ः एलिहूले अय्यूबका तीनजना साथीहरूसँग बातचित गरेको

**अय्यूब ३२ः१-६ः** यहाँसम्म आएर अय्यूब र उनका तीनजना साथीहरूको बीचको बातचित सकियो । अघि अपनाइएको बातचितको चक्र-अनुसार अबचाहिँ बोल्ने पालो सोपरको हुनेथियो; तर यिनले केही कारणवश नबोल्ने निर्णय गरे ।

बूजी बारकेलका छोरा एलिहू नाम गरेका जवान मानिसले अय्यूब र उनका तीनजना साथीहरूको बीचमा चलिरहेको चर्को बहस सुनिरहेका थिए । बाइबलका धेरै शिक्षाविद् विद्यार्थीहरूले तिनमा हाम्रा मध्यस्थ ख्रीष्ट येशूको चित्र देख्छन् । किनकि तिनले अय्यूबका साथीहरूले उनको बारेमा गरेका तिनीहरूको विश्लेषण र परमप्रभुको उपायको बीचमा उत्तम तवरले पुल बाँध्ने काम गर्छन् । छोटकरीमा भन्नु हो भने, तिनी मानिसहरू र परमेश्वरको बीचमा मध्यस्थकर्ता हुन्, जसले परमप्रभु दर्शनभूमि-रूपी मञ्चमा देखा पर्ने सबै कुरा तयार गर्छन् ।

अन्य टिप्पणीकारहरू पनि छन्, जसले एलिहूको विषयमा आफ्नो प्रतिकूल राय दिएर तिनलाई अभिमानी युवा सिकारु प्रवर्तकको रूपमा देखेका छन् । जे भए पनि, एलिहू अय्यूबसँग रिसाए; किनकि उनले परमेश्वरलाई धर्मी ठहराउनुको सट्टामा आफूलाई पो धर्मी ठहराए । (एलिहू नामको अर्थ 'उहाँ मेरा परमेश्वर हुनुहुन्छ' हो ।) अनि तिनी अय्यूबका तीनजना साथीहरूसित पनि रिसाएका थिए, किनकि तिनीहरूले अय्यूबलाई ठीक प्रकारको जवाफ दिन सकेनन् । अब आउँदा पदहरूको खण्डमा तिनले यहाँसम्म छलफल गरिएका उनन्तीस अध्यायहरूको संक्षिप्त सार दिन लागेका छन् ।

**अय्यूब ३२ः७-२२ः** तिनीहरूको उमेर इज्जत गरेर तिनी चुपचाप बसे र तिनले तिनीहरूका शब्दहरू ध्यानसित सुने; तर अब तिनले आफूलाई रोकिराख्न सक्दैनथिए ।

यी ठूला मानिसहरू एन.के.जे.वी.को फट्केमा लगाइएको टिप्पणीअनुसार उमेरदार मानिसहरू थिए । तिनको विचारमा तिनीहरू सधैं बुद्धिमान् हुँदैनथिए; अनि परमेश्वरले तिनीजस्तै जवान मानिसलाई पनि अन्तर्दृष्टि दिन सक्नुहुन्छ । अनि तिनले अय्यूबका आलोचक-हरूलाई हप्काउँछन्, किनकि तिनीहरूले ठोस तर्कहरू निकाल्न सकेनन् । अनि तिनीहरूको यस असफलताको खातिर तिनलाई भित्री मनबाट बोल्न बाध्य भयो; अनि अब तिनी कुनै पक्षपात वा कुनै चापलुसीविना बोल्नेथिए ।

### ख) अय्यूब ३३ः अय्यूबसँग एलिहूको बातचित

**अय्यूब ३३ः१-७ः** एलिहूले 'म तपाईंलाई विन्ती गर्छु' भन्ने शब्द प्रयोग गरेर अय्यूबको ध्यान आकर्षण गराउन चाहन्छन्; किनभने तिनी इमानदारीको साथ सत्य वचनहरू बोल्न लागेका थिए । अय्यूबले परमेश्वरको सामु आफूलाई प्रमाणित गर्ने मौका पाउन खोजिरहेका थिए । अनि अब एलिहू परमेश्वरको उपस्थितिमा अय्यूबसँग कुरा गर्ने उहाँको प्रतिनिधि र प्रवक्ताको भूमिका निभाइरहेका थिए; तिनी पनि अय्यूबजस्तै माटोबाट बनेको मरणशील मानिस थिए । अनि अय्यूबले चाहे भने उनले परमेश्वरको क्रोधको डर केही पनि नराखी

स्वतन्त्रतापूर्वक तिनको सामु आफ्नो प्रतिरक्षा गर्न सक्नेथिए ।

**अय्यूब ३३ः७-१८ः** एलिहूले अय्यूबलाई हप्काउँछन्; किनकि उनले आफूलाई पूरा निर्दोष भएको दाबी गरे र परमेश्वरलाई उनीसित अन्याय गरेको दोष लगाए। परमेश्वर मानिसभन्दा महान् हुनुहुन्छ, अनि उहाँले मानिससँग गर्नुभएको व्यवहारको विषयमा कसैलाई कुनै लेखा दिनुपर्दैन । तर परमेश्वर मानिसहरूसित बोल्नुहुन्छ; किनभने उहाँले तिनीहरूलाई तिनीहरूको खराबी र तिनीहरूको घमण्डको विषयमा चेताउनी दिन चाहनुहुन्छ; उहाँ तिनीहरूलाई हिंसक मृत्युबाट बचाउन इच्छुक हुनुहुन्छ । यसकारण उहाँ सपना र रातका दर्शनहरूद्वारा मानिसहरूसँग बोल्नुहुन्छ ।

**अय्यूब ३३ः१९-३०ः** अनि परमेश्वर मानिसहरूसित पीड़ाद्वारा र सिकिस्त रोग-बिमारीद्वारा पनि बोल्नुहुन्छ। त्यस बेलामा मानिसले स्वादिष्ठ भोजनको रुचि पनि राख्दैन । ऊसँग एकजना मध्यस्थ वा एकजना दूत भए असल हुनेथियो, जसले उसलाई परमेश्वरको सीधा मार्ग बताउन सक्छन् । अनि यदि यस पीड़ित व्यक्तिले विश्वासको सठीक प्रतिक्रिया देखायो भने, परमेश्वर उसलाई खाड़लमा पर्नदेखि बचाउनुहुन्छ; किनकि उहाँले उसको निम्ति उचित छुटकाराको दाम पाउनुभयो । एलिहूले यो छुटकाराको दाम के हो, यसको अर्थ खोलेनन्; तर हाम्रो निम्ति यो छुटकाराको दाम प्रभु येशू हुनुहुन्छ, *'जसले आफैलाई सबैको लागि छुटकाराको दामको रूपमा दिइहाल्नुभयो'* (१ तिमोथी २ः६); यसको अर्थ यो लिनु न्यायसँगत कुरा हो। यसकारण एलिहूका शब्दहरूअनुसार जब कुनै मानिसले परमप्रभुको वाणी सुनेर यसप्रति आफ्नो सकारात्मक प्रतिक्रिया जनाउँछ, तब उसको शारीरिक र आत्मिक स्वास्थ्य उसकहाँ फर्कन्छ । यसकारण आफ्नो पाप स्वीकार गर्नुहोस्, तब तपाईं आफ्नो आत्मिक र शारीरिक मृत्युबाट छुट्नुहुन्छ ।

**अय्यूब ३३ः३१-३३ः** अय्यूबको केही भन्नु छ भने, उनले बोलून् । होइन भने, उनी चुप लाग्नुपर्छ र उनले ध्यानसित सुनिरहनुपर्छ, अनि एलिहूले उनलाई बुद्धि के हो, सो कुरा सिकाउनुहुनेथिए ।

### ग) अय्यूब ३४ः एलिहूले अय्यूबका तीनजना साथीहरूसँग दोस्रो पल्ट बातचित गरेको

**अय्यूब ३४ः१-१५ः** त्यसपछि एलिहूले अय्यूबका तीनजना साथीहरूलाई 'जसरी जिब्रोले भोजनको स्वाद चाख्छ, त्यसरी नै तपाईंहरूले मेरा शब्दहरू जाँच्नुहोस्' भन्ने आग्रह गर्छन् । तिनले अय्यूबको दाबी लिएर तर्क गर्छन्ः अय्यूबजस्तै धर्मी मानिसलाई कष्टमा सुम्पिदिएर के परमेश्वर अधर्मी हुनुहुन्थ्यो ? अनि के, के परमेश्वरलाई खुशी पार्न चाहने मानिसको भक्ति साँच्चै व्यर्थ थियो र? होइन नि ! ! किनकि परमेश्वर कहिल्यै कसैसित कुनै अन्याय गर्नुहुन्न, उहाँ अन्याय गर्न सक्नुहुन्न । किनभने उहाँले आफ्नो आत्मा र आफ्नो सास फिर्ता लिनुभएको भए उहाँले सृष्टि गर्नुभएका सबै प्राणीहरू तत्कालै नष्ट हुनेथिए ।

**अय्यूब ३४ः१६-३०ः** कुनै राजालाई 'अधम' भन्नु अथवा कुनै महाजनलाई 'निकम्मा' भन्नु कति अनुचित कुरा हो भने त, ब्रह्माण्डका सार्वभौम अधिकारीमाथि, जो पूरा निष्पक्ष र पूरा पक्षपातरहित हुनुहुन्छ, दोष लगाउनु झन् कति बढ़ता अकल्पनीय कुरा हो ! कुनै पनि दुष्टता परमेश्वरबाट लुक्न सक्दैन। उहाँले दुष्ट मानिसहरूलाई प्रहार गर्नुहुन्छ र उत्पीड़ित-हरूलाई छुटकारा दिनुहुन्छ ।

**अय्यूब ३४ः३१-३७ः** अय्यूबलाई सम्बोधन गर्दै एलिहूले उनलाई 'तपाईंको पाप स्वीकार गरेर त्याग्नुहोस् र तपाईंको इच्छा पूरा हुनुपर्छ भन्ने माग परमेश्वरसँग गर्न छोड्नुहोस्' भन्ने सल्लाह दिन्छन् । किनभने अय्यूबले अज्ञानताको कुरा गर्दैथिए, उनले खराबी

बोल्दैथिए; उनले परमेश्‍वरको विरुद्धमा विद्रोह मच्चाउँदैथिए, उनले पापका शब्दहरू छाद्‌दैथिए र उहाँको विरुद्धमा धेरै कुराहरू बोल्दैथिए ।

**घ) अय्यूब ३५-३७ः अय्यूबसँग एलिहूको दोस्रो बातचित**

**अय्यूब ३५ः१-८ः** त्यसपछि एलिहूले अय्यूबलाई हप्काउँछन्, किनकि उनले आफूलाई व्यवहारमा परमेश्‍वरभन्दा धर्मी भएको दाबी गरे र मानिसलाई आफ्नो धार्मिकताबाट कुनै लाभ हुँदैन भनेर भन्ने गर्थे । यसकारण उनले एलिहूको कुरा सुनून्ः मानिसको पापले सार्वभौम परमेश्‍वरलाई कुनै हानि गर्दैन र उसको धार्मिकताबाट परमेश्‍वरलाई कुनै लाभ हुँदैन ।

**अय्यूब ३५ः९-१६ः** अत्याचारको वृद्धिको कारणले मानिसहरू सङ्कष्टमा कराउँछन्, तर तिनीहरूले आफ्ना परमेश्‍वरलाई स्वीकार गर्दैनन्, जसले तिनीहरूलाई पृथ्वीका पशुहरूको र आकाशका पक्षीहरूको भन्दा धेरै बुद्धि दिनुभयो । यसकारण तिनीहरूले आफ्नो प्रार्थनाको उत्तर पाउँदैनन् । हामीले परमेश्‍वरलाई नदेखे ता पनि, उहाँ हामीलाई देख्दै हुनुहुन्छ; यसैले हामीले उहाँमाथि भरोसा गर्नुपर्छ र हामी अहङ्कारी हुनुहुँदैन ।

**अय्यूब ३६ः१-१२ः** एलिहूको चौथो बातचितमा तिनले परमेश्‍वरको न्यायको प्रतिरक्षा गर्न र यस संसारमा मानिसहरूमाथि परिआउने दुःखकष्टको अर्थ खोल्न गहन सत्यताहरू निकाल्ने दाबी गर्छन् । दुष्ट मानिसहरूसित उहाँको व्यवहार अनि थिचोमिचोमा परेकाहरूसँग उहाँको व्यवहार र धर्मी जनहरूसँग उहाँको व्यवहार पूरा सठीक र न्यायसँगत हुन्छ, चाहे तिनीहरू सिंहासनमाथि बस्ने राजाहरू हुन्, चाहे साङ्‌लाहरूले बाँधिएका कैदीहरू किन नहोऊन् (७-९ पद) । अनि जब हठधर्मी मानिसहरूले अहङ्कारपूर्ण काम गरे भने, उहाँले तिनीहरूलाई तिनीहरूका अपराधहरूको बारेमा कायल पारेर तिनीहरूलाई पश्‍चात्तापमा ल्याइपुर्‍याउन खोज्नुहुन्छ । तिनीहरूले उहाँका आज्ञापालन गरेर उहाँको सेवा गर्छन् भने, उहाँले तिनीहरूको समृद्धि गर्नुहुन्छ । तिनीहरूले उहाँको आज्ञापालन गर्दैनन् भने, तिनीहरू तरवारद्वारा र परमेश्‍वरको ज्ञानविना नष्ट हुन्छन् ।

**अय्यूब ३६ः१३-२१ः** अय्यूब विनम्र र पूरा पश्‍चात्तापी भएका भए, परमप्रभुले उनलाई अघिबाटै उनको नाजुक परिस्थिति र यस घोर सङ्कष्टबाट छुटकारा दिनुहुनेथियो; तर उनी जिद्दीवाल थिए, स्वधर्मी थिए; यसैले उनले कपटीहरूको दण्ड भोग्दैथिए । यसकारण एलिहूले उनलाई चेताउनी दिँदैथिएः 'तपाईं यसमा लागिपर्नुभयो भने तपाईंको ठूलो अशुभ भाग्य हुनेछ, जुन अशुभ भाग्यबाट ठूलो छुटकाराको दामले पनि तपाईंलाई दाम तिरेर छुटाउन सक्दैन ।' अठार पद पढ्‌न लायकको छ; किनकि यो चेताउनी सबै युगका पापी मानिसहरूको निम्ति अनिवार्य हो, जहाँ यसो लेखिएको छः *'किनभने क्रोध छँदैछ; होशियार ! नत्र ता उहाँले आफ्नो एउटै प्रहारले तपाईंलाई उठाएर लैजानुहुन्छ; तब ठूलो छुटकाराको दामले पनि तपाईंलाई छुटाउन सक्दैन ।'*

**अय्यूब ३६ः२२-३३ः** परमेश्‍वर सर्वबुद्धिमान् हुनुहुन्छ; यसकारण अय्यूबले उहाँको बढ़ाइ गर्नुपर्नेथियो । पानीझरी, बादलहरू, बज्रपात र बिजुली चम्काइ उहाँको नियन्त्रणमा रहेका छन्; यसबाट उहाँको महानता देखिन्छ । अनि उहाँले अघिबाट निर्धारित गर्नुभएका योजनाहरूअनुसारको उहाँको व्यवहारमा जुन महानता छ, सो हामी बुझ्न सक्दैनौं; तर हामी जान्दछौं, कि उहाँको पूर्वयोजनाअनुसारको उहाँको व्यवहारले उहाँको अनुग्रहमा उहाँका जनहरूको भलाइ गर्छ-गर्छ । श्री योहन्न वी. अन्ड्रेले धेरै पहिले यसरी लेखेका थिएः

> 'जुन आँधीबेह्री दण्डको रूपमा र विनाशको निम्ति भूमिहरूमाथि पठाइन्छ, त्यही आँधीबेह्री ती भूमिहरूलाई प्रशस्त आशिष दिन र फलवन्त तुल्याउन

नियुक्त गरिएको छ। यसकारण परमेश्‍वरका सबैभन्दा कड़ा न्यायका कामहरूको विषयमा कुरा पनि यस्तो छः उहाँका कड़ाभन्दा कड़ा सजायहरू हामीले आशिषको स्रोत मान्‍नुपर्छ, जहाँबाट परमेश्‍वरको अनुग्रह टपटप टप्केर निस्कँदो रहेछ। 30)

**अय्यूब ३७ः१-१३ः** परमेश्‍वरको बुद्धि, उहाँको शक्ति, उहाँको अद्‌भुत महानता र उहाँको स्वर्ण महिमा देखाउन एलिहूले प्रकृतिका विभिन्‍न क्षेत्रहरूमा खोज गरेर आफ्नो ज्ञान निकाल्छ। तिनले गरेको प्रकृतिको वर्णन स्मरणीय छः पहिले भारी पानीझरीसित आउने एउटा आँधीबेह्रीको बयान छ; त्यसपछि पृथ्वीमाथि हिउँ झरेको वर्णन, हल्का पानी परेको बयान, जाड़ो यामको, उत्तरको हावा चलेको, आकाशमा बाक्ला बादलहरू बनेका र घामको उज्यालो चम्केको बयान आउँछ।

**अय्यूब ३७ः१४-२३ः** एलिहूले सुस्पष्ट अनुरोधको साथ आफ्नो कुरा अन्त्याउँछन्ः *'हे अय्यूब, यो कुरा ध्यानपूर्वक सुन्‍नुहोस्! स्थिर भई खड़ा रहनुहोस्, र परमेश्‍वरका अचम्मका कामहरू विचार गर्नुहोस्!'* अनि नभन्दै तिनले अय्यूबलाई उनको प्रकृतिको ज्ञानको विषयमा चुनौती दिन्छन्ः बादलहरू कसरी माथि आकाशमा अड़िएर बसेका छन्? अनि दक्षिणी हावा चल्दा उनलाई किन न्यानो हुन्छ? यी कुराहरूबाट अघि बढ़ेर प्रकृतिको सम्बन्धमा अझ बढ़ी चुनौतीपूर्ण प्रश्‍नहरू उठ्छन्, जुन प्रश्‍नहरू सृष्टिकर्ता स्वयम्‌ले अय्यूबलाई यस पुस्तकको आँउदो मुख्य खण्डमा सोध्न लाग्नुभएको छ। परमेश्‍वरको भयानक प्रताप छ, त्यसले हाम्रो कमजोर समझ नाघ्छ। यसकारण मानिसले परमप्रभुको डर मानोस्, उहाँको ताड़नाको अधीनतामा बसोस् – सर्वोत्तम कुरा यही हो; तर हामी अय्यूबजस्तो हुनुहुँदैन, जसले उहाँलाई अन्याय गर्नुभएको दोष लगाए।

**अय्यूब ३७ः२४ः** एलिहूको यो अन्तिम पद अय्यूबको जीवनमाथि लागू हुनु थियो; अनि यो पद यहाँसम्म छलफल गरिएको मामिलाको संक्षिप्त सार हो। यस पदको पहिलो भाग बुझ्न सजिलो छ; तर यसको दोस्रो भाग एन.के.जे.वी. र अन्य बाइबल-संस्करणहरूमा बुझ्न गाह्रो छ। श्री फ्रान्सिस एन्डर्सनले हिब्रू भाषाको सहारा लिएर यस वाक्यमा नकार्ने शब्द निषेधको अर्थको सट्टामा जोड़ गर्ने शब्दको रूपमा लिएर यस पदको दोस्रो भाग निम्न प्रकारले अनुवाद गरेका छन्ः

> 'यसकारण मानिसहरू उहाँको डर मान्छन्; निश्‍चय नै बुद्धिमान् हृदय भएकाहरू सबैजना उहाँसँग डराउँछन्!' 31)

# खण्ड ४

# अय्यूब ३८ः१-४२ः६ः

## परमप्रभुको प्रकाश

### क) अय्यूब ३८ः१-४०ः२ः परमप्रभुले अय्यूबलाई दिनुभएको पहिलो चुनौती

#### अ) अय्यूब ३८ः१-३ः उहाँको तर्कको परिचय

अब परमप्रभु आफैले अय्यूबलाई आँधीबेह्रीबाट जवाफ दिनुहुन्छ। पुरानो नियमको समयमा परमेश्‍वर बेला-बेलामा यस प्रकारले देखा पर्नुभयो। अघिल्ला अध्याय-हरूमा झगड़ाका शब्दहरू सुनेपछि हामीले अब परमेश्‍वरका शब्दहरू सुन्‍न पाएकोमा कति शान्ति छ! यस्ता शब्दहरूलाई स्वागत छ। अय्यूबले ज्ञानहीन शब्दहरूद्वारा सल्लाहलाई अँध्यारो पारे, किनकि उनी मूर्ख भएर परमेश्‍वरले उनीसँग गर्नुभएको उहाँको व्यवहारमा अन्याय देखेका थिए। तर अब परमप्रभुले प्रश्‍न सोध्नुहुन्छ, र

अय्यूबको निम्ति अब उहाँलाई जवाफ दिन तयार हुने समय आएको छ !

निम्न प्रश्नहरूमा परमेश्वरले दुःखकष्टको भेद खोल्ने स्पष्टीकरण दिनुहुन्न। तर उहाँ आफ्नो प्रताप, महिमा, बुद्धि र शक्तिका झलकहरू दिन ब्रह्माण्डबाट कुराहरू निकाल्नुहुन्छ। अनि उहाँले भन्न खोज्नुभयोः 'मेरा चालहरूमा दोष भेट्टाउनुभन्दा अघि तैंले आफैलाई सोध्नुपर्छः जसरी मैले सृष्टिको असल सञ्चालन गर्दैछु, के यसरी नै तैंले यसको सञ्चालन गर्न सक्छस् ?' निस्सन्देह यस एउटै प्रश्नले अय्यूबलाई उनी कति शक्तिहीन, कति ज्ञानहीन, कति अगण्य, कति अक्षम, कति अयोग्य र कति सिमित रहेछन् भन्ने कुरा देखाउन सक्यो।

श्री सामुएल रिड्‌ले टिप्पणी गरेर स्पष्ट गरेका छन्ः यहाँ हाम्रो सामु परमप्रभुको वाणी छः

> 'अब त हामीले अय्यूबका साथिहरूको बातचित-हरूमा जस्तै शारीरिक मानिसहरूको अन्धा मनका छामछाम-छुमछुमको कुरा सुन्नुपर्दैन; अनि हामीले अय्यूबको मुखबाट उनको घाइते विश्वासका चीत्कारहरू पनि सुन्नुपर्दैन; अनि हामीले एलिहूका सुस्पष्ट, गम्भीर शब्दहरू पनि सुन्नुपर्दैन। तर अब हामी परमप्रभुको उपस्थितिमा छौं, र उहाँ हामीसँग कुरा गर्दै हुनुहुन्छ।' 32)

अनि जब हामी परमप्रभुका प्रश्नहरू सुन्न गइरहेका छौं, तब कतै हामीमा घरिघरि एउटा भान आउँछ कि के यी प्रश्नहरूमा कुनै रूपकात्मक अर्थ त होइन कि ? हुन सक्छ, यिनमा कुनै गहिरो आत्मिक अर्थ होला; अनि यी प्रश्नहरूको क्रममा पनि महत्त्व होला त नि। के गर्ने ? अहिलेसम्म हामी धमिलो देखिरहेछौं।

तर कतिजनाको गर्वसाथको भनाइ होलाः आधुनिक विज्ञानलाई धन्यवाद होस्, परमेश्वरले यहाँ, यस खण्डमा सोध्नुभएका प्रश्नहरूका धेरै जवाफहरू हामीले पाएका छौं। यसको सिलसिलामा आदरणीय बाबुसाहेब अलेक्जेन्डर हुम्बोल्ट्‌ले यसरी स्वीकार गरेका छन्ः

> 'जुन प्रश्नको उत्तर अय्यूबले दिन सकेनन्, त्यस प्रश्नको उत्तर वैज्ञानिकहरूले पनि अहिलेसम्म दिन सकेका छैनन्। त्यो तिनीहरूको निम्ति अगम्य र अपार रहेको छ। वैज्ञानिकहरू धेरै ज्ञानी त छन्, तर तिनीहरूले सधैं केवल द्वितीयक कारणहरू बताउँछन्, तर प्राथमिक कारणहरू भने तिनीहरूले पत्ता लगाएका छैनन्। अचम्म, तिनीहरू किन र कसरी सबैको मूलकारणकहाँ, आफ्ना सृष्टिकर्ताकहाँ आइपुग्दैनन् ? तिनीहरू उहाँलाई किन चाहँदैनन् ?' 33)

### आ) अय्यूब ३८ः४-३८ः सृष्टिका निर्जीव थोकहरूमा देखा परेका आश्चर्यकर्महरू उहाँको तर्कको पहिलो जग हुन्

**अय्यूब ३८ः४-७ः** परमप्रभु यहाँ पृथ्वीको उत्पत्तिको कुरा गर्दै हुनुहुन्छ। उहाँ यसको निम्ति कवितात्मक भाषा प्रयोग गर्नुहुन्छ, जसको शोभा अद्वितीय छ। उहाँले पृथ्वीका जगहरू बसाल्नुभयो, त्यसका नापहरू ठहराउनुभयो, त्यसमाथि सूत तान्नुभयो, त्यसको टेवा दिनुभयो (वास्तवमा, उहाँले पृथ्वी अन्तरिक्षमा झुन्ड्याउनुभयो); त्यस बेलामा स्वर्गदूतहरूले ठूलो हर्षले उत्सव मनाएका थिए। त्यसपछि उहाँले अय्यूबलाई सोध्नुहुन्छः 'यो सब हुँदा तिमी कहाँ थियौ ?'

**अय्यूब ३८ः८-११ः** उहाँको सृष्टिको बयान अघि बढ़िरहेको छ। ब्रह्माण्ड-विज्ञानबाट उहाँ भूगोलमा पुग्नुहुन्छ, र भूगोल-बाट उहाँ समुद्री विज्ञानमा आइपुग्नुहुन्छ। उहाँले समुद्रको निम्ति त्यसका तोकिएका किनाराहरू बाँध्नुभयो र त्यसलाई त्यसका सिमानाहरू नाघेर जान निषेध गर्नुभयो। उहाँले समुद्रको पानीलाई बादलहरू र बाक्लो अन्धकाररूपी वस्त्र लगाउनुभयो, एउटा सानो नवबालकलाई लपेट्ने लुगा लगाएको जस्तै।

**अय्यूब ३८ः१२-१८ः** त्यसपछि उहाँ सजीव भाषामा बिहानमाथि आफ्नो नियन्त्रणको

वर्णन प्रस्तुत गर्नुहुन्छ। बिहानै, उज्यालो खस्ने बेलामा घामका किरणहरू आकाशको एक छेउदेखि अर्को छेउसम्म फैलिजान्छन्, र त्यसको ज्योति जहाँ-जहाँ पुग्छ, त्यहाँ-त्यहाँ उज्यालै-उज्यालो हुन्छ; यसो हुँदा त्यसले रातको अन्धकारमा काम गर्ने दुष्ट मानिसहरूको भन्डाफोर गर्छ र तिनीहरूलाई धूलो झारेझैं टकटकाउँछ; त्यसको उज्यालोले पृथ्वीको सतहको आकृति प्रकट गर्छ, र त्यो आकृति मानौं साँचोबाट निकालिएको चिम्टे माटोजस्तै देखा पर्छ; अनि त्यसले भू-दृश्यमा मानौं एउटा सुन्दर पोशाक लगाएजस्तै रङ्गहरू भर्छ। अन्धकार दुष्ट मानिसहरूको 'ज्योति' हो, तर दिन हुँदै त्यो ज्योति तिनीहरूबाट रोकेर राखिन्छ र तिनीहरूका दुष्ट युक्तिहरू विफल पारिन्छन्। परमप्रभुले अय्यूबलाई चुनौती दिएर सोध्नुहुन्छः 'के समुद्रका गहिराइहरू, मृत्युको राज्य र पृथ्वीको चौड़ाइको बारेमा तिम्रो ज्ञान छ?'

**अय्यूब ३८ः१९-२४ः** परमेश्वर अब ज्योतिको उत्पत्ति र त्यसको स्वभावको विषयमा अय्यूबको जिरह-सवाल गर्नुहुन्छ। ज्योतिको उत्पत्ति र स्रोत सूर्य हो भन्ने जवाफ पर्याप्त हुँदैन; किनभने सूर्यले आफ्नो स्थान लिनुभन्दा अघि उज्यालो थियो (उत्पत्ति १ः३ र १ः१६)। के यस प्रश्नको उत्तर जान्न अय्यूबको उमेर पुग्छ र? अनि हिउँ र असिनाको बारेमा उनलाई के थाहा छ? किनकि कहिलेकाहीं परमेश्वरले सङ्कष्टका समयहरूमा र युद्ध हुने बेलामा हिउँ र असिना आफ्नो हातहतियार तुल्याएर प्रयोग गर्नुहुन्छ। ज्योति र पूर्वीय हावा एकै बिन्दुबाट आएको जस्तो देखिन्छ, तर ज्योति र पूर्वीय हावा पृथ्वीको सतहमा कसरी अलग-अलग हुने गरी फैलिन्छन्?

**अय्यूब ३८ः२५-३०ः** त्यसपछि मौसमको कक्षामा बसेर अय्यूबले वर्षावृष्टि र मेघगर्जनको विषयमा उत्तर दिनुपर्छ। कसरी मरुभूमिमाथि पानी पर्छ, र कसरी त्यसले त्यहाँ प्रशस्त उपज उत्पन्न गर्छ? त्यसपछि उनलाई वर्षा, शीत, बर्फ र तुसारोको स्रोतको बारेमा प्रश्नहरू सोधिन्छन्। पानी जमेर कसरी ढुङ्गाजति कड़ा हुन्छ, र गहिरो सागरको सतह कसरी ठोस वस्तु बन्छ?

**अय्यूब ३८ः३१-३३ः** खगोल विज्ञान-जस्तै कुनै विज्ञान छैन, जसले मानिसलाई उसको महत्त्वहीनता देखाउँछ। यसकारण परमेश्वरले अय्यूबलाई 'के तिमी ताराहरू र तारामण्डलहरू आफ्नो नियन्त्रणमा राख्न सक्छौ? के तिमी नक्षत्रहरू तिनीहरूका ग्रह-पथहरूमा बाँधिराख्न सक्छौ? अथवा के तिमी पृथ्वीमाथि तिनीहरूको प्रभाव निर्धारण गर्न सक्छौ?

आधुनिक मानिसले विज्ञानको माध्यम-मार्फत प्रकृतिमाथि ठूलो नियन्त्रण पाएको छ अरे; तब श्री सी. एच. स्पर्जनका निम्न शब्दहरूमा ध्यान दिन उचित छ, जसले एकतीस पदको आधारमा त्यस उक्त रायमा सन्तोषजनक सन्तुलन ल्याएका छन्ः

> ' *"कृत्तिका नक्षत्रका गुच्छा के तिमी बाँध्न सक्छौ, अथवा मृगशिराका बन्धनहरू फुकाउन सक्छौ?"* (अय्यूब ३८ः३१)। हामीमा आफ्ना क्षमताहरूको बारेमा घमण्ड गर्ने झुकाउ होला; तब प्रकृतिको विशालता र वैभवमाथि ध्यान दिनु उचित छ; त्यसबाट हामी कति साना, सूक्ष्म प्राणी रहेछौं, सो छिट्टै बुझिन्छ। हामी चम्किरहेका ताराहरूमध्ये सबैभन्दा सानो तारा सार्न सक्दैनौं। हामी घामको एउटा किरण पनि निभाउन सक्दैनौं। हामी शक्तिको कुरा गर्छौं, तर आकाश हाम्रो खिसी गरेर हाँस्छ। जब वसन्त-ऋतुमा कृत्तिका नयाँ जोश र उमङ्गको साथ चम्किन्छ, तब हामी त्यसको प्रभाव रोक्न सक्दैनौं; अनि जब मृगशिरा आकाशमा राज्य गर्छ, र हाम्रो ऋतु हिउँदको पकड़मा परेको हुन्छ, तब हामी बर्फका बन्धनहरूबाट मुक्त हुन सक्दैनौं। ऋतुहरू ईश्वरीय नियुक्तिअनुसार बदली हुन्छन्; अनि सम्पूर्ण मानव-जातिका सबै मानिसहरूले मिलेर त्यसमा कुनै परिवर्तनल्याउन सक्दैनन्। हे प्रभु, मानिस के हो र?' 34)

**अय्यूब ३८:३४-३८:** कुरा स्पष्ट छः परमेश्वरलाई उहाँको बुद्धि र उहाँको शक्तिको विषयमा प्रश्न गर्ने मानिसले कम्तीमा ठूलो सोरले चिच्च्याएर बादलहरूबाट पृथ्वीमाथि पानीभरी बर्साउन सक्नुपर्छ र बिजुलीलाई त्यसले तुरुन्तै उसको कुरा मान्ने गरी आदेश गर्न सक्नुपर्छ ! मानिसको दिमाग र मनले कसरी काम गर्छ, अनि मानिसले यी सबै क्षेत्रहरूमा बुद्धि र समझ कसरी प्राप्त गर्छ, के अय्यूबले परमेश्वरलाई बताउन सक्छन् ?[35] कुनै पनि मानिसमा बादलहरू गन्न सक्ने बुद्धि छैन, तब जलकणहरू गन्ने कुरा नगरे हुन्छ। किनकि अनगिन्ती जलकणहरूबाट बादलहरू बन्छन्। अनि कड़ा ढिका र डल्लाहरू बनेको बन्जर जमिनमाथि कहिले पानी पर्नुपर्छ, सो मानिसहरूमा कसैले पनि निर्धारित गर्न सक्दैन ।

### इ) अय्यूब ३८:३९-४०:२: पशुजगत्मा देखिने आश्चर्यकर्महरू उहाँको तर्कको दोस्रो जग हुन्

**अय्यूब ३८:३९-४१:** परमेश्वर अब सृष्टिका निर्जीव थोकहरूबाट पशुजगत्तिर अघि बढ्दै हुनुहुन्छ। उहाँले अय्यूबलाई प्रश्नहरूमाथि प्रश्न गरेर उनलाई आफ्नो ईश्वरीय प्रबन्धको सम्झना गराउनुहुन्छ। उहाँ आफ्नो मुठी खोल्नुहुन्छ र हरेक जीवित प्राणीको भोक मेटाउनुहुन्छ; पशुहरूका राजा मानिएका, आफ्ना ओड़ार र लुक्ने ठाउँहरूमा बस्ने सिंहहरूदेखि लिएर आकर्षक नभएको काग र त्यसका बच्चाहरूसम्म उहाँ सबैलाई खुवाउनुहुन्छ ।

**अय्यूब ३९:१-८:** अब हिमाली बाख्रा र मृगको कुरा आयो । अय्यूबलाई सम्झाइन्छ, कि परमेश्वरबाहेक अरू कसैले पनि हिमाली बाख्रा र मृगको गर्भवती हुने समय, जन्माउने आदत र सहज प्रवृत्तिहरू जान्दैन । अनि जङ्गली गधाले लगाम, शहरी जीवन र साजलाई घृणा गर्छ, तर त्यो हरेक हरियो चीज भेट्टाउन मरुभूमि र पहाड़हरूहुँदो आफ्नो राजीखुशीमा खोजिहिँड्छ ।

**अय्यूब ३९:९-१८:** अनि जङ्गली साँढ़ेले पनि हलो जोत्ने वा ढुवानी गर्ने जीवन अस्वीकार गर्छ। अनि शुतुरमुर्ग र त्यसका असाधारण पखेटाहरूको विषयमा कसो हो ? त्यसले कति मूर्ख काम गर्छ, किनकि त्यसले अण्डाहरू भुइँमा छोड़िराख्छ, जहाँ ती अण्डाहरू असुरक्षित हुन्छन् । अनि त्यो आफ्ना बच्चाहरूप्रति कठोर हुन्छ । तर छिटो दौड़ेर त्यसले जुनै पनि दौड़को घोड़ा र यसको घोड़चढ़ीलाई उछिन्न सक्छ ।

**अय्यूब ३९:१९-२५:** त्यसपछि परमेश्वरले अय्यूबलाई सोध्नुहुन्छः 'के तिमीले युद्धको घोड़ालाई त्यसको बल दिएका छौ ? के तिमीले त्यसको गर्दनमा त्यसको जगर लगाइदिएका छौ ?' त्यो कति राजसी र कति निडर जनावर हो ! आफ्नो हड़बड़ी र अवेगमा फुत्कार छोड़ेर र टाप मारेर त्यसले एकैक्षणमा ठूलो दूरी पार गर्छ। यो कति घमण्डी पशु हो, जसले न सेनाको ललकार, न तुरहीको ध्वनि, न ता चमचम चम्किने भाला र खुकुरीहरूको धार वास्ता गर्छ, तर जो पूरा उत्सुकता र अधीरताको साथ छिटो-छिटो रणभूमितिर टाप मारेर लम्कन्छ ।

**अय्यूब ३९:२६-३०:** के अय्यूबले बाजलाई दक्षिणतिर बसाइँ सर्नुपर्छ भन्ने बुद्धि दिए ? अनि के, के उनैले चीललाई उड्न सिकाए ? के उनले त्यसलाई अग्लो चट्टानको चुलीमा गुँड़ बनाउने, धेरै टाढ़ाबाट आफ्नो शिकार ल्याउने र त्यसका बचेराहरूलाई तिनीहरूको आहारा खोज्ने शिक्षा दिए ?

**अय्यूब ४०:१-२:** अनि परमप्रभुले फेरि पनि अय्यूबलाई हप्काउनुहुन्छ; किनकि उनले आफ्नो धृष्टतामा सर्वशक्तिमान् परमेश्वरमा गल्ती पाएका थिए र बेहोशी भई उहाँलाई दोष देखाएका थिए। उनी यति बुद्धिमान् र यति शक्तिशाली भएदेखि उनले भर्खरै परमप्रभुको

मुखबाट सुनेका थुप्रा सूचित प्रश्नहरूको उत्तर दिन सक्नुपर्नेथियो ।

### ख) अय्यूब ४०ः३-५ः अय्यूबको जवाफ

परमप्रभुले अय्यूबलाई सोध्नुहुन्छः सृष्टिको सम्बन्धमा उनको अल्प ज्ञान यति धेरै भएपछि उनले उहाँलाई उहाँको प्रबन्धको विषयमा सुधार्ने वा हप्काउने अधिकार कहाँबाट लिए होलान् त नि ? तब बल्ल अय्यूबले उनलाई सुहाएको स्थान ग्रहण गरेर यसो भन्छन्ः 'हेर्नुहोस्, म एक नीच व्यक्ति हुँ; म तपाईंलाई के जवाफ दिऊँ ? म आफ्नो हात मेरो मुखमाथि राख्नेछु ।' परमप्रभुको विस्तृत ज्ञानबाट अभिभूत भएर उनले अबदेखि उसो नबोल्ने निर्णय गरे ।

### ग) अय्यूब ४०ः६-४१ः३४ः परमप्रभुले अय्यूबलाई दिनुभएको दोस्रो चुनौती

#### अ) अय्यूब ४०ः६-१४ः परमप्रभुको चुनौतीः 'हे अय्यूब, मानिसलाई सुहाउँदो रीतिले मलाई जवाफ देऊ !'

तर अय्यूबको प्रतिक्रिया पश्चात्तापको योग्य भएन; यसकारण परमप्रभुले यस आँधीबेह्रीबाट उनीसँग अझै बहस गर्न र आफ्नो आपत्ति जनाउन अघि बढ्नुहुन्छ । उहाँले अय्यूबलाई मानिसलाई सुहाउँदो गरी बोल्न चुनौती दिनुहुन्छ; किनकि अय्यूबले परमेश्वरलाई अन्याय गर्नुभएको आरोप लगाएका थिए र आफूलाई धर्मी ठहराउन उहाँलाई दोष लगाएका थिए । यसकारण उनले परमेश्वरको स्थान ओगटून् र आफ्नो सर्वशक्ति देखाऊन् र चट्याङको आवाजमा बोलून् । उनले स्वर्गको सिंहासन ग्रहण गरून्, अनि आफूलाई गौरव, सर्वश्रेष्ठता, महिमा र सुन्दरताले सुशोभित पारून् । उनले आफ्नो क्रोध हरेक दोषीमाथि खन्याऊन् र हरेक घमण्डीलाई नम्र तुल्याऊन् । उनले यी सबै कामहरू गर्न सक्छन् भने, परमप्रभुले उनको शक्ति यसो भन्दै स्वीकार गर्नुहुनेथियोः 'हो, उनको हातले उनलाई बचाउन सक्दो रहेछ ।'

#### आ) अय्यूब ४०ः१५-२४ः परमप्रभुको चुनौतीः 'हे अय्यूब, बिहेमोतलाई विचार गर !'

त्यसपछि परमप्रभुले अय्यूबलाई यसो भन्दै चुनौती दिनुहुन्छः 'बिहेमोतलाई विचार गर, जसलाई मैले तिम्रो साथसाथै बनाएँ !' यस कुराले 'बिहेमोत र लिव्यातानचाहिँ प्राचीन समयमा प्रख्यात भएका, पौराणिक कथाका कल्पानिक प्राणीहरू हुन्' भन्ने धारणा काटि-हाल्छ, जुन मिथ्या धारणा कतिपय टिप्पणी-कारहरूको भूल धारणा हो । किनकि तपाईं आफै भन्नुहोस्, एउटा हुँदै नभएको, काल्पनिक पशुले अस्तित्व राखेको मानिसको निम्ति कसरी एउटा चुनौती हुन सक्ला ?

'बिहेमोत' भन्ने हिब्रू शब्दको अर्थ यस प्रकारको छः योचाहिँ 'बेह-माह' शब्दको बहुवचन हो, जसको अर्थ गाईवस्तु हो । अनि श्री मेरेडिथ क्लाइनले यसको व्याख्या यस प्रकारले गरेका छन्ः

> 'बिहेमोत शब्दको बहुवचनचाहिँ प्रवर्धक शब्दको रूप लिन्छ भने, बिहेमोतबाट 'उत्कृष्ट जनावर'को अर्थ निस्कन्छ । तब "परमेश्वरका मार्गहरूमा त्यो श्रेष्ठ हो" भन्ने गुणसूचक वाक्यजस्तै 'बिहेमोत' पनि एउटा गुणसूचक शब्द हुन जान्छ (पद १९क) । अय्यूब ४१ः३३-३४ पदहरूमा "त्योजस्तै अरू कुनै छैन" भनेर लिव्यातानको विषयमा उस्तै उच्च कुराहरू लेखिएकोमा ध्यान दिनुहोस् ।'[36]

परमेश्वरले बिहेमोतलाई 'मेरा मार्गहरूको सर्वश्रेष्ठ' पशुप्राणी भन्नुभयो र त्यस बिहेमोतलाई पशुजगत्को सर्वोत्तम प्रदर्शन-वस्तु तुल्याउनुभयो । हामीले 'बिहेमोत यो थियो कि त्यो थियो' भनेर निश्चित रूपले तोक्न नसके तापनि हामीलाई थाहा छ, कि यो जनावरचाहिँ शाकाहारी, स्थलचर-जलचर र अत्याधिक शक्तिशाली प्राणी थियो । यो पशु ओझेल परेको, दलदले ठाउँहरूहुँदो विश्राम गर्थ्यो र

कसैबाट अलिकति पनि डराउँदैनथियो। अय्यूबको निम्ति बिहेमोतबाट सिक्नुपर्ने पाठ के थियो भने, उनले यस जङ्गली जनावरलाई तह लगाउन सकेनन् भने, उनले यो संसार कसरी सञ्चालन गर्न सक्लान् ?

कहिलेकाहीं बिहेमोतलाई हिप्पोपोटामस नामक पानीहात्तीसँग[37)] तुलना गरिएको छ, र फ्रान्सेली भाषामा बाइबल अनुवाद गर्ने श्री लुइस सेगोन्डले बिहेमोतको अनुवाद पानीहात्ती नै गरे। तर कुनै हालतमा पनि हिप्पोपोटामसलाई 'परमेश्वरका मार्गहरूमा सर्वश्रेष्ठ' भन्न सकिँदैन, बरु एउटा हात्ती वा 'मम्मोत' नामक प्राचीन हात्तीचाहिँ यस गुणसूचक वाक्यसित मिल्ला, तर हिप्पोपोटामसचाहिँ अवश्य होइन नि ! जब हाम्रा नानीहरू चिड़ियाखानामा जान्छन्, तब तिनीहरूले हिप्पोपोटामसको मायालाग्दो सानो पुच्छरतिर औंलाएर हर्षले चिच्च्याउँछन्; किनकि त्यसको पुच्छर देवदारजस्तोको हुँदैन होइन।

कोही इसाई वैज्ञानिकहरू छन्, जसले बिहेमोत कि त अहिलेसम्म विलुप्त भइसकेको कि त अफ्रिकाको घनघोर बाक्लो जङ्गलका दुर्गम ठाउँहरूहुँदो पाइने जनावर हुनुपर्लो भन्छन्। वास्तवमा, डाइनासोर परिवारको कुनै सरीसृपचाहिँ यहाँ, यस खण्डमा बयान गरिएको जनावरसित खूबै मिल्छ।[38)]

### इ) अय्यूब ४१ः परमप्रभुको चुनौतीः 'हे अय्यूब, लिव्यातानलाई विचार गर !'

परमेश्वरले अय्यूबका गुनासोहरूअनुसार उनलाई सीधा जवाफ दिनुभएन। तर उहाँले भन्न खोज्नुभएको कुरा यस प्रकारको छः 'तैंले मजस्तै महान्, राजसी र प्रतापी व्यक्तिको बुद्धि, प्रेम र शक्तिमा भरोसा गर्न सक्नुपर्छ।'

**अय्यूब ४१ः१-९ः** अर्को भयानक स्थलचर-जलचर प्राणी लिव्यातान हो, जो परमेश्वरले सृष्टि गर्नुभएका थोकहरूमा अद्वितीय छ। 'के तिमीले त्यसमा लगाम लगाउन सक्छौ ?' परमेश्वर अय्यूबबाट यो जान्न चाहनुहुन्छ। 'त्यसलाई एकैपल्ट मात्र छोऊ, र तिमीले त्यसलाई फेरि कहिल्यै छुने आँट गर्नेछैनौ; किनकि तिमीले त्यससितको यो एकै जुधाइ कहिल्यै बिर्सनेछैनौ' (पद ८, टि.इ.वी.अनुसार)। प्राचीन कनानी साहित्य-अनुसार लिव्यातान शब्दको सन्दर्भ 'सातवटा टाउका भएको समुद्री अजिङ्गर' थियो। तर श्री फ्रान्सिस आइ. एन्डर्सनले गरेको टिका-टिप्पणीअनुसार 'तर त्यस कुराले कुनै प्रकारले यस अध्यायमा बयान गरिएको लिव्यातानचाहिँ पौराणिक अयथार्थ विशाल जन्तु थियो भन्ने कुरा प्रमाणित गर्दैन।'[39)]

अङ्ग्रेजी र नेपालीमा हामी स्वर्ग र बैकुण्ठ, आइतवार र विहिवार आदि शब्दहरू प्रयोग गर्छौं, तर यी शब्दहरू कहाँबाट उत्पन्न भएर आए, यिनको अन्यजातीय धर्मको मूलअर्थसित कुनै सरोकार राख्दैनौं। किनकि शब्दहरूको प्रयोगले यिनको अर्थ निर्धारित गर्छ। अब यहाँको कुरा आयोः परमेश्वरले अय्यूबलाई चुनौती दिनुभयोः उनले लिव्यातानमा एउटा वास्तविक जन्तुलाई विचार गर्नुपरेको थियो। तर कारणवश हामीले वर्तमान समयमा लिव्यातान कस्तो जनावर थियो, सो निश्चित रूपले तोकेर भन्न सक्दैनौं। लिव्यातानचाहिँ नील नदीको गोही थियो भन्ने अनुमान लोकप्रिय भएको छ; किनकि लिव्यातानको बयान कता-कतै यस घस्रेर हिँड्ने जन्तुसित मिलेको छ।

बिहेमोतचाहिँ प्रायः एउटा स्थलचर प्राणी थियो भने, लिव्यातानचाहिँ एउटा जलचर प्राणी थियो। मानिसले त्यसलाई न बिल्छीले पक्रन, न डोरीले बाँध्न सक्थ्यो। कसैले त्यसलाई पाल्तू पशु बनाउन वा कुकुर-बिरालोजस्तै पाल्न सक्दैनथियो। त्यसको मासु स्वादिष्ठ थिएन, कुनै भोजमा टक्राउन लायक थिएन। त्यसको कवचजस्तो चाम्रो, बाक्लो छाला माछा मार्ने बर्छाबर्छी र भालाहरूले छिर्न सकिँदैनथियो, र

त्यसको दृश्य यति डरलाग्दो थियो, कि कसैले पनि त्यससित जुध्न चाहँदैनथियो ।

**अय्यूब ४१:१०-११:** परमेश्‍वर सन्दर्भबाट उठेको एउटा प्रश्‍न सोध्न बीचमा लिव्यातानको विषयमा गर्नुभएको आफ्नो बयान रोकिराख्नुहुन्छ । मानिसहरू सृष्टि गरिएको यही प्राणीको डर राख्छन् र भयाकुल, भयातुर हुन्छन् भने, तिनीहरूले झन् बढ्ता गरी यस प्रकारको प्राणी सृष्टि गर्नमा सक्षम हुनुभएको सृष्टिकर्ताको भय मान्नुपर्नेथियो । किनकि उहाँ अनन्त हुनुहुन्छ; अनि कसैप्रति उहाँको बाध्यता छैन; किनभने उहाँ सबैका मालिक र सृष्टिकर्ता हुनुहुन्छ । यस सम्बन्धमा श्री मेरेडिथ क्लाइनले यस प्रकारको टिप्पणी गरेका छन्:

> 'यस खण्डको मुख्य बुँदा यहाँ छः अय्यूबले एउटा सहचर प्राणीलाई आफ्नो वशमा ल्याउन नसक्ने आफ्नो दुर्बलता पत्ता लगाउनु थियो; अनि यसबाट उनले सृष्टिकर्ताको सिंहासनमाथि बस्न चाहने आफ्नो मूर्खता कति ठूलो रहेछ, सो बुझ्नु थियो'।[40)]

**अय्यूब ४१:१२-३४:** आउनुहोस्, हामी लिव्यातानमा फर्कौं ! त्यसको बनावट विशाल थियो र त्यसको शक्तिबल अति ठूलो थियो । त्यसको छालाचाहिँ एउटा कड़ा, संरक्षणीय ढकना थियो । त्यसलाई लगाम लगाउन सकिँदैनथियो । त्यसको मुख र त्यसका दाँतहरू पेचकसजस्तै थिए । त्यसको छालामा पातापातीका लहरहरू एकसाथ टाँसिएका थिए; यसले गर्दा त्यो कवचजस्तै देखिन्थ्यो । अनि कवितात्मक ढङ्गमा परमप्रभुले त्यसको हाच्छिउँ, त्यसका आँखाहरू, त्यसको मुख र नाकका प्वाँलहरू डरलाग्दो प्रकारले वर्णन गर्नुहुन्छ । तब कसले त्यसको शान्ति भङ्ग गर्ने आँट गर्ला ? लिव्यातानको शक्ति अति ठूलो थियो र त्यसको मासुका पत्रहरू एकसाथ टाँसिएका थिए । त्यो निडर थियो; तर त्यसले आफ्नो चारैतिर हिलो पानी कुटपिट गर्दा सबैभन्दा साहसी हृदय पनि डरले थरथर हुन्थ्यो । अनि सामान्य हतियारहरू त्यसको छालाबाट उछिट्टिन्थे । अनि जब त्यो घस्राँदा-घस्राँदै दलदले हिलोबाट भएर अघि बढ्थ्यो, तब त्यसको मनिको भाग खपटाका धारिला टुक्राहरूसरह भएको हुनाले त्यसले आफ्नो पछि बाटोभरि झाँट्ने हतियारले मुजा पारेझैं तीखा, चुच्चा परेका चिन्हहरू छोड्थ्यो । त्यसले गहिरो पानी भाँड़ाको पानी उमालेझैं खलबलाइदिन्थ्यो, यहाँसम्म कि पानीमा सेतो चहाकिलो रेखा देखा पर्थ्यो । ठिक्कै छ, हामी मानिलिन्छौं, यहाँ, यस बयानमा मध्यपूर्वको प्राच्य काव्यात्मक भाषा, त्यसको बढ़ाई-चढ़ाई गरिने अतिशयोक्ति प्रयोग गरियो होला; यसो भए पनि यहाँ, यस खण्डमा गोहीको बयान गरिएको छ, अँ, मानौं यो सबैभन्दा ठूलो गोहीको बयान भएको, सो हामीलाई पत्याउन निक्कै गाह्रो परेको छ; किनभने कुनचाहिँ गोहीलाई 'सबै घमण्डका सन्तानहरूमाथिको राजा' भन्न मिल्ला, सो मलाई भन्नुहोस् ![41)]

यी अध्यायहरूमा जुन जङ्गली जनावरहरू र हुन सक्छ, जुन डाइनासोरहरूको वर्णन गरिएको छ, त्यस बयानले परमेश्‍वरको महिमा, शक्ति र पराक्रम झल्काउन खोजेको छ । यी जन्तुहरू उहाँका सृष्टिका थोक हुन्, र यिनको सृष्टिमा उहाँको उद्देश्य थियो; किनभने उहाँले यी जन्तुहरू आफ्नो महिमा र शक्तिको उदाहरणको रूपमा दिन चाहनुभयो । यसकारण उहाँले आफ्नो बयान मृग र कागजस्ता मामुली पशुप्राणीहरूबाट शुरु गर्नुभयो र क्रमशः उहाँ त्यहाँदेखि अघि बढ्दै ठूला र झन् ठूला, अन्तिममा सबैभन्दा ठूला प्राणीहरूकहाँ पुग्नुभयो – त्यो स्थलचर प्राणी बिहेमोत र जलचर प्राणी लिव्यातानकहाँ, जो सबै जनावरहरूको राजा थियो, जो एउटा अति डरलाग्दो, अति भयानक, एउटा सुप्रख्यात अद्‌भुत भयावह जन्तु थियो ।

### घ) अय्यूब ४२:१-६: अय्यूबको विनम्र जवाफ

अय्यूब पराजित भए। अब उनलाई अति भइसकेको थियो। उनले परमेश्वरको सार्वभौमिकता र सर्वाधिकार मानिलिए। उनले आफ्ना ओठले अनुचित शब्दहरू बोलेको स्वीकार गरे। उनले परमप्रभुको बारेमा सुनेका मात्र होइन, तर अब उहाँलाई आफ्नै आँखाले देखेका छन्। उनले अब आफैलाई घृणा गर्छन्; उनले धूलो र खरानीमा बसेर पश्चात्ताप गर्छन्। पक्कै पनि, उनले वास्तवमा परमेश्वरलाई आफ्नै आँखाले देखेका थिएनन्[42], तर उनले उहाँको बुद्धि, उहाँको शक्ति, उहाँको पूर्वप्रबन्ध र उहाँको सर्वाधिकारको विषयमा यत्रो ज्वलन्त प्रकाश पाए कि यो महान् परमेश्वरको दृश्य-समान थियो।

अय्यूब १:१ पदमा अय्यूबलाई 'सिद्ध' अथवा 'निर्दोष' मानिस भनिएको थियो। तर यहाँ, यस पुस्तकको अन्तमा उनले आफैलाई घृणा गर्छन्। अनि युगौंदेखि योचाहिँ परमेश्वरका मानप्राप्त पवित्रजनहरूको अनुभव थियो र अनुभव हो।[43] यस सिलसिलामा श्री डि. एल. मुडी लेखेका छन्:

> 'मानिस अनुग्रहमा जति बढ़ी बढ्छ, त्यति नै बढ़ी ऊ आफ्नो नजरमा नीच हुँदो रहेछ'।[44]

# खण्ड ५
# अय्यूब ४२:७-१७:
## उपसंहार: अय्यूबको विजय

### क) अय्यूब ४२:७-९: अय्यूबका साथीहरूले हप्की खाए, र तिनीहरूको पुनर्स्थापना भयो

त्यसपछि परमप्रभुले एलिपज र तिनका दुईजना साथीहरूलाई[45] हप्काउनुहुन्छ; किनकि तिनीहरूले उहाँको विषयमा गलत वर्णन दिए। किनभने मानिसहरूले सहेका सबै दुःखकष्टहरू तिनीहरूका पापको फल थिए भन्ने कुरामा तिनीहरूले जोड़ दिए। तर अय्यूबको सन्दर्भमा यो कुरा सत्य थिएन। परमेश्वरको आज्ञाअनुसार तिनीहरूले सातवटा बहर र सातवटा साँढ़-भेड़ाहरू होमबलिको रूपमा चढ़ाए; यो तिनीहरूको निम्ति एउटा निक्कै ठूलो होमबलि थियो। अनि अय्यूबले आफ्ना साथीहरूको निम्ति प्रार्थना गरिदिए र यसरी उनी तिनीहरूको मध्यस्थ भए। अनि फलस्वरूप तिनीहरूबाट न्याय टारियो र अय्यूबलाई स्वीकार गरियो।

### ख) अय्यूब ४२:१०-१७: अय्यूबको समृद्धिको पुनर्स्थापना

**अय्यूब ४२:१०-१२:** अय्यूबले आफ्ना तीनजना साथीहरूको निम्ति प्रार्थना गर्नेबित्तिकै परमप्रभुले अय्यूबलाई अघि उनको भएको धनसम्पत्तिको दुई गुणा फर्काउनुभयो; त्यसो हुँदा उनले पशुधन गुमाएको क्रम यहाँ उल्टो

भयोः पहिले उनले दोब्बर भेड़ाबाख्राहरू, त्यसपछि दोब्बर ऊँटहरू, दोब्बर गोरुहरू र दोब्बर गधाहरू फिर्ता पाए ।

**अय्यूब ४२:१३-१७:** अनि उनले सातजना छोराहरू र तीनजना छोरीहरूलाई पनि प्राप्त गरे, र यसरी उनको परिवारका सदस्यहरू दोब्बर भए; किनकि उनले आफ्ना पहिलेका छोरा-छोरीहरूलाई गुमाएका थिएनन् रहेछन्; किनभने तिनीहरू स्वर्गमा थिए । अय्यूब अझै एक सय चालीस वर्ष बाँचे । अनि परमप्रभुले अय्यूबलाई उनका शुरुका दिनहरूमा भन्दा उनका पछिल्ला दिनहरूमा अधिक आशिष दिनुभयो । यसरी अय्यूब वृद्ध भएर र धेरै उमेर खाएपछि उनको मृत्यु भयो । अनि अय्यूबले यो सब भए पनि परमेश्वरलाई सरापेनन्; शैतानले भनेको कुरा सत्य ठहरेन ।

परमेश्वरको अनुग्रहमा एउटा सुन्दर विशेषता छः अय्यूबको रूप उनको रोगले गर्दा साह्रै बिग्रेको थियो; उनको पुनर्स्थापनापछि उनका तीनजना छोरीहरू भए, जो असाध्यै सुन्दर थिए; (अनि कुनचाहिँ बुबा होलान्, जसलाई आफ्ना सुन्दर छोरीहरूको विषयमा गर्व गर्न मन लाग्दैन ?) । अय्यूबका छोरीहरूका नामहरूमा शिक्षाप्रद अर्थ[46) छः यमिमाको अर्थ ढुकुर हो; अनि केसियाचाहिँ सुगन्धित तेजपातको रूख, दालचिनीको बोक्रा र त्यसको धूलो हो; अनि केरेन-हप्पूकको अर्थचाहिँ गाजलको सिङ्ग हो[47) । अय्यूबले उनीहरूलाई पनि उनीहरूका दाजुभाइहरूको साथमा आ-आफ्नो अधिकारको भाग दिए । अनि हुन सक्छ, उहिलेका पिता-पुर्खाहरूको जमानामा छोरीहरूको बीचमा यस प्रकारको अंश-भागबन्डा गर्ने चलन थिएन, कि के हो ?

# खण्ड ६

## निष्कर्षः अय्यूबको पुस्तकबाट हामीले सिक्न पाउने पाठहरू

वास्तवमा, हामीले मानिसहरूले सहेका दुःखकष्टहरूको विषयमा रहस्यको पूरा बोध पाएनौं । यस सम्बन्धमा श्री वेस्ली बेकरले निम्न टिप्पणी गरेका छन्:

> 'अय्यूबको पुस्तकको अन्तमा आइसकेपछि हामीले यसमा त्यस प्रश्नको बारेमा कुनै लिखित जवाफ पाएनौं; किनभने यहाँ हाम्रो तर्कसम्मत् दिमागलाई सन्तुष्ट पार्ने केही पनि छैन !'[48)

तर हामी यी दुईवटा कुराहरूको विषयमा निश्चित हुन सक्छौं:

**क)** सर्वप्रथम, अय्यूबले सहेका दुःख-कष्टहरू उनको कुनै व्यक्तिगत पापको प्रत्यक्ष प्रतिफल थिएन । किनकि परमेश्वरले उनको विषयमा साक्षी दिनुभयोः उनी सिद्ध र इमानदार मानिस थिए (अय्यूब १:८) । अनि परमेश्वरले अय्यूबका तीनजना साथीहरूको तर्क झूटो ठहराउनुभयो, जसले उनका पापहरूको खातिर परमेश्वरले उनलाई दण्ड दिनुभएको भन्ने गर्थे (अय्यूब ४२:८) ।

**ख)** ठिक्कै हो, अय्यूब आफूले पाप गरेको खातिर दुःख भोगेनन्; तर उनका परीक्षाहरूले उनको हृदयको घमण्ड, उनको आफूलाई दोषमुक्त गर्ने प्रतिवाद र उनको वैरभाव, उनको द्वेषभाव प्रकट गरे । अनि उनले आफ्नो शून्यता र परमेश्वरको महानताको दर्शन नपाएसम्म (अय्यूब ४२:१-६) र आफ्ना साथीहरूको

निम्ति प्रार्थना नगरेसम्म उनले आफ्नो कष्टबाट छुटकारा पाएनन् (अय्यूब ४२:१०)।

तर दुःखकष्टको सम्बन्धमा हामीले अय्यूबको पुस्तकबाट सिक्नुपर्ने केही पाठहरू निम्न प्रकारका छन्:

१) धर्मी जनहरू कष्टबाट मुक्त हुँदैनन्।

२) दुःखकष्ट सधैं पापको प्रतिफल हो भन्न मिल्दैन।

३) परमेश्वरले धर्मी जनहरूको वरिपरि सुरक्षाको बार लगाइदिनुभएको छ।

४) परमेश्वरले रोग र कष्ट पठाउनुहुन्न। यो त शैतानबाट आएको हो (लूका १३:१६; २ कोरिन्थी १२:७)।

५) दुष्ट मानिसहरूमाथि अर्थात् अय्यूबको सन्दर्भमा शबाका मानिसहरू र कल्दीहरूमाथि शैतानको केही अधिकार छँदैथियो; यसकारण त्यसको सीमित अधिकार निम्न कुराहरूमाथि रहेको छः क) पाकृतिक प्रकोपहरूमाथि, किनकि आकाशबाट आगो झर्‍यो; ख) मौसम-माथि, किनभने ठूलो आँधीबतास चल्यो; ग) रोगमाथि, किनकि अय्यूबको शरीरमा निस्केका खटिराहरू शैतानको काम थियो; अनि घ) मृत्युमाथि।

६) तर केवल परमेश्वरको अनुमति पाएर शैतानले यस्ता कुराहरू ख्रीष्ट-विश्वासीको जीवनमाथि ल्याउन सक्छ।

७) परमेश्वरले जुन कुराको निम्ति अनुमति दिनुहुन्छ, त्यो कुरा उहाँले गर्नुभएको प्रायः भानिन्छ, मानिन्छ, जसरी अय्यूबले पनि भनेः *'अँ, हामी परमेश्वरको हातबाट असल कुराहरू लिन्छौं; तब के हामी खराब कुरा नलिने त?'*

८) हामीले हाम्रो जीवनमाथि आइपरेका सबै कुराहरू शैतानको तर्फबाट आएको होइन, तर प्रभुबाट आएका, उहाँको अनुमतिमा भइरहेका कुराहरूको रूपमा हेर्नुपर्छ। *'परमप्रभुले दिनुभयो, र परमप्रभुले लैजानुभयो; परमप्रभुको नाम धन्यको हो।'*

९) परमेश्वरले हामीलाई सधैं हाम्रो कष्टको खास कारण बताउनुहुन्न।

(प्रकाशकको टिप्पणीः तर हामी जान्दछौं, पहिलो मानिस आदमद्वारा संसारमा पापको प्रवेश भयो; अनि मानिसहरूमाथि आइपर्ने दुःखकष्टहरूमध्ये धेरैभन्दा धेरै यसको सुनिश्चित प्रतिफल हुन्।)

१०) दुःखकष्टले सहनशीलता उत्पन्न गर्छ।

११) जब हामी कष्टमा परेका पवित्र जन-हरूलाई भेट्न जान्छौं, तब हामीले तिनी-हरूको न्याय गर्नुहुँदैन।

१२) तिनीहरूसित हाम्रो भेटघाट छोटो हुनुपर्छ।

१३) मानिसहरूका विभिन्न सल्लाह र उपयुक्त विचारहरू व्यर्थ छन्। किनकि परमेश्वर मात्र पूरा रूपले सान्त्वना दिन सक्नुहुन्छ।

१४) अय्यूबको पुस्तकको अन्तमा आएर हामी के देख्छौं भने, *'प्रभु अति टिठाउनुहुने र दयालु हुनुहुन्छ'* (याकूब ५:११)। अनि हामी यो पनि सिक्छौंः कहिलेकाहीं यस जीवनमा कुनै न कुनै बेठीक भएको कुरा सुध्रेर सठीक र सही हुन जाँदो रहेछ।

१५) कष्टमा परेका अय्यूबको धीरजले परमेश्वरलाई आफूलाई सत्य ठहराउने मौका दिलायो।

१६) अय्यूबको धीरजले शैतानलाई झूटो आरोप लगाउने अभियोक्ता र झूट बोल्ने झूटा साबित गरिदियो।

१७) के मानिस उसको वरिपरि भएका कुराहरूभन्दा महान् छैन र? तब हाम्रो

धनसम्पत्ति र हाम्रो घरपरिवारमाथि आइपर्ने कुराहरू जेसुकै किन नहोऊन्, हामीले सङ्कष्टमा पर्नुभन्दा अघि गरेजस्तै सबैको निम्ति परमेश्वरको प्रशंसा गर्न सक्नुपर्छ र उहाँमाथि भरोसा राख्न सक्नुपर्छ ।

१८) हामी सामान्य कथनहरू गर्नुमा होशियार हुनुपर्छ; हामीले आफ्ना रायहरूमा अपवाद-हरूको निम्ति पनि ठाउँ राख्नुपर्छ ।

१९) शैतान न सर्वव्यापी छ, न सर्वशक्तिमान् छ, न ता सर्वज्ञानी छ ।

२०) परमेश्वर हाम्रा कर्महरूसित सरोकार नराखिने कष्ट हामीमाथि आइपर्न दिनुहुन्छ; तापनि उहाँ आफ्नो व्यवहारमा सधैं सच्चा र भलो हुनुहुन्छ ।

पवित्र बाइबलका अन्य खण्डहरूको प्रकाशमा हामी परमेश्वरले किन आफ्ना पवित्र जनहरूलाई दुःखकष्ट भोग्न दिनुहुन्छ, निम्न कारणहरू पाउँछौं:

**क)** कहिलेकाहीं हाम्रो जीवनमा हामीले स्वीकार नगरेको पाप छ, जसको कारणले हामीले दुःखकष्ट भोग्छौं (१ कोरिन्थी ११:३२) ।

ख) हामीमा धीरज, सहनशीलता र नम्रता-जस्ता आत्मिक सद्गुणहरू उत्पन्न गर्न परमेश्वरले दुःखकष्टहरू आफ्नो माध्यम तुल्याउनुहुन्छ (रोमी ५:३-४; यूहन्ना १५:२) ।

**ग)** दुःखकष्टहरूले ख्रीष्ट-विश्वासीको जीवनबाट कुनै खोट खार्ने वा अन्य अशुद्धता-हरू हटाउने काम गर्छन्; प्रभुले आफ्नो स्वरूपको छरलङ्ग प्रतिबिम्ब हामीमा धमिलो होइन, तर सिद्ध प्रकारले देख्न चाहनुहुन्छ (यशैया १:२५) ।

**घ)** दुःखकष्टहरूबाट पार भएर आएको परमेश्वरको छोराछोरीले उहाँबाट जुन सान्त्वना पाएको छ, त्यही सान्त्वना लिएर उसले अरू मानिसहरूलाई पनि सान्त्वना दिन सक्छ (२ कोरिन्थी १:५) ।

**ङ)** हामीले सहेका दुःखकष्टहरूद्वारा मुक्तिदाता प्रभुका कष्टहरूमा सहभागी हुन सक्छौं, तर उहाँको त्राणात्मक मृत्युमा उहाँले सहनुभएका दुःखकष्टहरूमा होइन; किनकि यी दुःखकष्टहरूमा हामी कुनै हालतमा पनि सहभागी हुनै सक्दैनौं । अनि यसरी हामी उहाँप्रति झन् कृतज्ञ र धन्यवादी बन्दै जान्छौं (फिलिप्पी ३:१०) ।

**च)** हामीले सहेका दुःखकष्टहरूचाहिँ स्वर्ग र पृथ्वीमा भएका प्राणीहरूको निम्ति एउटा वस्तुगत पाठ हुन् (२ थिस्सलोनिकी १:४-६) । यस पाठले उनीहरूलाई के सिकाउँछ भने, परमेश्वर प्रेम गर्न योग्य हुनुहुन्छ; उहाँले हामीलाई देखाउनुभएका उपकारहरूको खातिर मात्र होइन, तर उहाँ आफ्नै खातिर हाम्रो प्रेम पाउन योग्य हुनुहुन्छ ।

**छ)** परमेश्वरले उहाँलाई प्रेम गर्नेहरूलाई मात्र ताड़ना दिनुहुन्छ; यसकारण हामीले सहेका दुःखकष्टहरू हामी उहाँका छोराछोरी भएको निश्चयता दिलाउने पक्का प्रमाण हुन् (हिब्रू १२:७-११) ।

**ज)** दुःखकष्टहरू पवित्र जनहरूले आफ्नो शक्तिमाथि होइन, तर केवल परमेश्वरमाथि भरोसा गरून् भन्ने हेतु हुन् (२ कोरिन्थी १:९) ।

**झ)** दुःखकष्टहरूद्वारा परमेश्वरले आफ्ना जनहरूलाई आफूसँग नजिक राख्नुहुन्छ (भजनसंग्रह ११९:६७) ।

**ण)** जुन दुःखकष्टहरूमा हामी सहभागी हुन्छौं, ती दुःखकष्टहरू हामीले भविष्यमा प्राप्त गर्ने महिमाको बैना हुन् (रोमी ८:१७-१८) ।

**ट)** परमेश्वरले हामीलाई हाम्रो शक्ति-देखि बाहिरको परीक्षामा कहिल्यै पर्न दिनुहुन्न (१ कोरिन्थी १०:१३) ।

*'तिमीहरूले अय्यूबको धीरजको विषयमा सुनेका छौ, अनि प्रभुबाटको परिणाम देखेका छौ; किनकि प्रभु अति नै टिठाउनुहुने र दयालु हुनुहुन्छ ।'* याकूब ५:११[ख]

## FOOTNOTES:

**1) Introduction:** Samuel Ridout, Job: An Exposition, p. 5.

**2) Introduction:** Genesis 1–11 is generally dated from about 2000 B.C. and much earlier as one traces back through the genealogies.

**3) 1:1–3:** "Others support an identification with the region East of Edom in North Arabia" (The Revell Bible Dictionary, ed. by Lawrence O. Richards, p. 1138).

**4) 1:4-5:** Charles Haddon Spurgeon, Morning and Evening, p. 721.

**5) 1:6–12:** In the Semitic languages "sons of God" was a standard term for angels.

**6) 2:1–10:** Harold St. John, Job, The Lights and Shadows of Eternity, p. 9.

**7) Chapter 3–31: Introduction:** Samuel Ridout, Job, p. 33.

**8) Chapter 3–31: Introduction:** The New ScofieldStudy Bible, New King James Version, p. 595.

**9) Chapter 3–31: Introduction:** Ibid., p. 598.

**10) Chapter 3–31: Introduction:** Samuel Ridout, Job, pp. 43, 44.

**11) Chapter 8: Introduction:** Samuel Ridout, Job, p. 64.

**12) 9:32–35:** Matthew Henry, 'Job," in Matthew Henry's Commentary on the Whole Bible, III:59.

**13) 10:8–12:** Harold St. John, Job, p. 17.

**14) 11:1–12:** Samuel Ridout, Job, p. 31.

**15) 13:20–28:** Francis I. Andersen, Job: An Introduction and Commentary, p. 163.

**16) 14:13–17:** Harold St. John, Job, pp. 17, 18.

**17) 15:14–16:** Samuel Ridout, Job, p. 84.

**18) 19:25–27:** C. H.Spurgeon, Morning and Evening, Devotion for April 21, Morning.

**19) 19:25–27:** Ibid., p. 21.

**20) 20:20–29:** G. Campbell Morgan, Searchlights from the Word, p. 145.

**21) 22:21–30:** Albert Barnes, 'Job," in Notes on the Old Testament, II:3.

**22) 23:1–9:** C. H.Spurgeon, Morning and Evening, Devotion for November 19, Evening.

**23) 24:1–12:** Samuel Ridout, Job, p. 124.

**24) 24:18–25:** Francis I. Andersen, Job, p. 213.

**25) Chapter 25: Introduction:** Samuel Ridout, Job, p. 127.

**26) 26:5–13:** Samuel Ridout, Job, pp. 133, 134.

**27) 28:1–11:** Francis I. Andersen, Job, p. 225.

**28) 28:1–11:** Francis I.Andersen, Job, p. 225.

**29) 31:38–40:** Samuel Ridout, Job, p. 169.

**30) 36:22–33:** Quoted by Otto Zöckler, 'The Book of Job," in Lange's Commentary on the Holy Scriptures, IV:596.

**31) 37:24:** Francis I. Andersen, Job, p. 268.

**32) 38:1–3:** Samuel Ridout, Job, pp. 210, 211.

**33) 38:1–3:** Cited by William Kelly in Eleven Lectures on the Book of Job, p. 278.

**34) 38:31–33:** C. H.Spurgeon, Morning and Evening, Devotion for March 21, Evening.

**35) 38:34–38:** Because verse 36 seems to interrupt the discussion of weather phenomena in verses 34–38, many other translations have been suggested. The Hebrew is admittedly difficult.

**36) 40:15–24:** Meredith G. Kline, "Job," in Wycliffe Bible Commentary, p. 488.

**37) 40:15–24:** For example, Albert Barnes used the following description to make the text fit a hippopotamus: 'The huge head of the animal, from the prominency of its eyes, the great breadth of its muzzle, and the singular way in which the jaw is placed in the head, is almost grotesque in its ugliness. When it opens its jaws, its enormously large mouth and tongue, pinkish and fleshly, and armed with tusks of most formidable character, is particularly striking" ("Job," II:247, 248). The problem with this depiction is that while A. Barnes's description of the hippopotamus is good, the tusks, fleshy pink mouth, etc., are not found in Job! Also, neither the jaw, head, nor muzzle of the behemoth (ch. 40) is described in Scripture.

**38) 40:15–24:** See Ken Ham, "What Happened to the Dinosaurs? Answers to some of the Most Asked Questions on Creation/ Evolution" (Sunnybank, Australia: Creation Science Foundation Ltd., 1986). Seealso Henry Morris, The Remarkable Record of Job (Grand Rapids: Baker Book House, 1990).

**39) 41:1–9:** Francis I. Andersen, Job, p. 289.

**40) 41:10-11:** Meredith G. Kline, "Job," p. 488.

**41) 41:12–34:** Leviathan may have been an ocean-dwelling dinosaur. The description of the reptile with its four giant flippers and a very long neck could be the "plesiosaurus," an enormous aquatic but believed-to-be extinct reptile. The descriptions in Job 41 are consistent with this creature or similar sea-dinosaur. The famous "Loch Ness Monster" description also fits the plesiosaurus.

**42) 42:1–6:** It is possible that God appeared in a theophany to Job, a visible manifestation of God's glory.

**43) 42:1–6:** Some other biblical figures who sensed their own wretched sinfulness in God's presence include Moses (Ex. 3:6); Isaiah (Isa. 6:5); Peter (Luke 5:8); Paul (Acts 9:4); and John (Rev. 1:17).

**44) 42:1–6:** D. L. Moody, Notes fromMy Bible, p. 62.

**45) 42:7–9:** It is interesting to notice that Elihu, the fourth man to address Job, is not rebuked. Furthermore, he is not mentioned again in the book. His advice was apparently correct, and perhaps was used as a "transition" between the friends' bad advice and

God's majestic answer to Job. This may also fit in with the fore-mentioned theory that Elihu was a type of Christ.

**46) 42:13–17:** Samuel Ridout believes that the names have "divine significance... .These are the fruit of Job's trials. The dove, suggesting the gentleness and love of the bird of sorrow. Cassia, telling of the fragrance that has come from his bruising; and the horn of cosmetic, of the 'beauty for ashes' that is now his. Love, fragrance, beauty — these come of our sorrows. Truly there are no daughters so fair as these" (Job, pp. 263, 264).

**47) 42:13–17:** The ancient women emphasized their eyes with makeup more than their lips. All this illustrates Solomon's words that 'There is nothing new under the sun"!

**48) Conclusion:** Wesley C. Baker, More Than a Man Can Take: A Study of Job, p. 128.

## BIBLIOGRAPHY


Andersen, Francis I. *Job: An Introduction and Commentary*. London: Inter-Varsity Press, 1976.

Baker, Wesley C. *More Than a Man Can Take: A Study of Job*. Philadelphia: The Westminster Press, 1966.

Delitzsch, F. "The Book of Job." In *Biblical Commentary on the Old Testament*.Vol. 9, 10. Reprint. Grand Rapids: Eerdmans Publishing Co., 1971.

Green, William Henry. *The Argument of the Book of Job*. Reprint. Minneapolis, MN: James &Klock Christian Publishers, 1977.

Ham, Ken. "What Happened to the Dinosaurs? *Answers to Some of the Most Asked Questions on Creation/Evolution*". Sunnybank, Australia: Creation Science Foundation Ltd., 1986.

Kelly, William. *Eleven Lectures on the Book of Job*. Reprint. Denver: Wilson Foundation, n.d.

Kline, Meredith G. "Job." In *Wycliffe Bible Commentary*. Chicago: Moody Press, 1962.

Minn, H. R. *The Burden of this Unintelligible World* or *The Mystery of Suffering*. Auckland, New Zealand: Whitcombe& Tombs Limited, 1942.

Morris, Henry. *The Remarkable Record of Job*. Grand Rapids: Baker Book House, 1990.

Ridout, Samuel. *The Book of Job: An Exposition*. Seventh Printing. Neptune, NJ: Loizeaux Brothers, 1976.

St. John, Harold. *Job, The Lights and Shadows of Eternity* (pamphlet). New York: Bible Scholar, n.d.

Zöckler, Otto. "The Book of Job." In *Lange's Commentary on the Holy Scriptures*.Vol. 4. Grand Rapids: Zondervan Publishing House, Reprint, 1960.

# भजनसंग्रहको

# टिप्पणी

# भजनसंग्रहको पुस्तकको भूमिका

*‘भजनसंग्रहको पुस्तकलाई अर्को नाम दिनु हो भने, मैले यस पुस्तकको नाम ‘मानिसको आत्माको एक-एक भागको बनावट केकस्तो छ, सो कुरा प्रस्तुत गर्ने ग्रन्थ’ भन्नुपर्ला; किनभने मानिसको मनमा कुनचाहिँ भावना होला, जुन भावनाको प्रतिच्छाया यस पुस्तकरूपी ऐनामा प्रकट गरिएको छैन? मानिसको मनमा उठ्न सक्ने सबै प्रकारका शोकचिन्ताहरू, मानिसहरूमाथि आइपर्ने सबै प्रकारका सङ्कष्ट र समस्याहरू, तिनीहरूलाई लाग्ने सबै डरत्रासहरू, तिनीहरूका सबै शङ्का-उपशङ्का, आशा र आकङ्क्षाहरू, हो, मानिसहरूमाथि आइपर्ने सबै प्रकारका दुःखकष्ट, अन्योल र प्रकोपहरू र तिनीहरूका हृदयबाट उर्लिरहेका डाहा, रिस र अन्य आवेगरूपी सबै आँधीबेह्रीहरू यहाँ सुस्पष्ट रूपले चित्रण गरिएका छन्।’*

*श्री जोह्न कल्वीन*

**क) ग्रन्थ-सूचिमा यस पुस्तकको विशिष्ट स्थान**

तपाईं एकलै कुनै दुर्गम टापुमा छोड़िनुभएको बेलामा पवित्र बाइबलका छयसट्ठी पुस्तकहरूमध्ये एउटै पुस्तक मात्र साथमा लान पाउनुभएको भए तपाईंले कुनचाहिँ पुस्तक छान्नुहुनेथियो? मेरो आशा छ, कि तपाईं र म – हामी यस प्रकारको अप्ठ्यारो स्थितिमा कहिल्यै पर्नुपर्नेछैन होला; तर परेको भए मैले चाहिँ यस अवस्थामा भजनसंग्रहको पुस्तक छान्नेथिएँ। किनभने भजनसंग्रहको पुस्तकमा चर्चित विषयहरू किसिम-किसिम र धेरै छन्; हो, यो पुस्तक जीवनमा गर्न सकिने थरी-थरीका अनुभवहरूले पूर्ण छ; यसमा यति उच्च कोटी उपासना, आराधना र प्रशंसा छ, कि यस पुस्तकबाट लामो समयसम्म मेरो आत्मिक खुराक प्रशस्त, साथै परमेश्‍वरलाई प्रार्थना गर्न र स्तुतिप्रशंसा चढ़ाउने विषयवस्तुहरू थुप्रै हुनेथिए।

अनि शुरुमा श्री जोह्न कल्वीनको लेखबाट उद्धृत गरिएको खण्डबाट के बुझिन्छ भने, तिनले पवित्र बाइबलका छयसट्ठी पुस्तकहरूमध्ये एउटै पुस्तक मात्र साथमा राख्न पाएका भए सायद तिनले पनि भजनसंग्रहको पुस्तक छान्नेथिए, कि के हो? अनि श्री ग्रहम स्क्रोग्गीले पनि भजनसंग्रहको पुस्तक रोज्नेथिए; किनकि तिनले यसो भनेका छन्ः

> ‘ओहो, यी भजनहरू परमेश्‍वरको स्तुतिले पूर्ण छन्! यिनमा सृष्टिको उत्पत्तिदेखि लिएर परमेश्‍वरको पूर्व-प्रबन्ध र उहाँको छुटकारा आदि अन्य महत्त्वपूर्ण विषयहरू उत्तेजित उपासकका विषयवस्तुहरू बनेका छन्। यिनमा आकाश र पृथ्वी, समुद्र र वायुमण्डल अनि तिनमा भएका जीव-निर्जीव वस्तुहरूले परमप्रभुको स्तुति गर्ने आह्वान पाएका छन्।’ 1)

जब हामी भजनसंग्रहको पुस्तकको अध्ययन गर्न शुरु गर्छौं, तब कति भजनहरूमा भजनलेखकको विचारधारा कहाँदेखि

कहाँसम्म बग्दै गरेको, सो कुरा भेट्टाउन हामीलाई गाह्रो पर्ला। यसको विषयमा निराश नहुनुहोस्! किनभने कति भजनहरू छन्, जसको निरन्तरतामा अनियमितता देखिन्छ, अँ, जसको प्रसङ्गको साङ्ला टुटेको, धमिलो भएको र पूरा हराएको देखिन्छ। यस सम्बन्धमा श्री अल्बर्ट बार्नस र श्री सी. एस. लूईसले गरेका दुईवटा अवलोकनहरूबाट हामीलाई सहायता मिल्छ भन्ने आशा छ। श्री अल्बर्ट बार्नसले यसो भनेका छन्ः

> 'प्रायः सबै भजनहरू गीतात्मक कविताहरू हुन्, जसको मुख्य उद्देश्य पढ्नु होइन, तर वीणा र अन्य बाजाहरूको साथमा गाउनु थियो।' [2)]

श्री सी. एस. लूईसले उस्तै प्रकारले स्पष्टीकरण दिएका छन्ः

> 'यी भजनहरू हामीले कविताको रूपमा पढ्नुपर्छ; हाम्रो जोड़ र दृष्टिकोण यसैमा हुनुपर्छ। गीति काव्यमा प्रयोग गरिएको भाषामा कति स्वतन्त्रता छ, कति नियमबद्ध कुराहरू पनि छन्, कति अतिशयोक्तिहरू छन्; भजनहरूको खण्ड-खण्डको बीचमा आपसी सम्बन्धहरू तर्कयुक्त नहोलान्, तर भावावेशमाथि आधारित हुन्छन्। गीति काव्यका लक्षणहरू यस्ता हुन्।' [3)]

यसो हो भने, यस प्रकारको दृष्टिकोणले भजनसंग्रहको पुस्तकको सम्बन्धमा हाम्रो बुझाइमा कति भिन्नता ल्याउँछ!

### ख) यस पुस्तकको लेखक को हुन्?

भजनसंग्रहको पुस्तक प्रायः 'दाऊदका भजनहरू' पनि भनिन्छ; तर यस पुस्तकका त्रिहत्तरवटा भजनहरू मात्र तिनको रचना हुन्; यसर्थ भजनसंग्रहका लगभग आधा भाग भजनहरूको निम्ति इस्राएली जातिका ती निपुण गायकले यसको श्रेय पाएका छन्। बाह्रवटा भजनहरू आसाफको रचना हुन् भने, दसवटा भजनहरूमा कोरहवंशीहरूको नाम छ। अनि भजनसंग्रहको पुस्तकमा सुलेमानका दुईवटा भजनहरू, मोशाको एउटा भजन, अनि एतान, हेमान र एज्राको एक-एक भजन हालिएका छन्। अनि उनन्चासवटा भजनहरू कसको रचना थिए, सो बताइएको छैन। यसो हो भने, यस पुस्तकका प्रायः एक तिहाइ भजनहरू अज्ञात रचनाकारहरूको कला हुन्।

तर भजनसंग्रहको पुस्तकले राजा दाऊदको जीवनसित नजिकको सम्बन्ध राख्छ भन्ने विचार प्रचलित छ। यो कुरा एकजना अपरिचित लेखकले कति सुन्दर ढङ्गले निम्न शब्दद्वारा व्यक्त गरेका छन्ः

> 'दाऊदको वीणा अझै पनि हाम्रा कानहरूमा गुञ्जायमान भइरहेको छ; किनकि पवित्र आत्माले यिशाईका पुत्रका प्रार्थना र स्तुतिरूपी रत्नहरू हाम्रा निम्ति सुरक्षित राख्नुभयो। सङ्गीत रच्नु एउटा कला हो भने रचिएका भजनहरू परिरक्षा गर्नु अर्को कला हो। यी भजनहरू ती पवित्रजनको हृदयको तरङ्गरूपी सङ्गीत हुन्। अनि भजनसंग्रहको पुस्तकमा यस सङ्गीतको विशुद्ध परिरक्षण गरिएको हो। यसैले कुनै भजनहरू उदास र दुःखले पूर्ण हुन्छन् भने, अरू भजनहरू आनन्दले प्रफुल्लित हुन्छन्। कति भजनहरू मनको अन्धकार र वेदनाले प्रेरित भएर रचिए। अरू भजनहरूमा भजन-लेखकको मन-मुद्रा शान्त र सुखी हुन्छ। यी भजनहरूमा दाऊदको मनको सङ्गीत प्रस्तुत गरिएको छ, जसरी परमेश्वरको आत्माले यी भजनहरू सुरक्षित राख्नुभयो। यसकारण यी भजनहरूद्वारा हामी निश्चय परमेश्वरको नजिक जाने प्रोत्साहन पाउँछौं।'

### ग) यस पुस्तकको लेख्ने मिति के हो?

भजनसंग्रहको पुस्तकमा समावेश गरिएका भजनहरू मोशादेखि एज्रासम्म लगभग एक हजार वर्षभित्र लेखिए अर्थात् ख्रीष्टपूर्व १४०० साल र ख्रीष्टपूर्व ४०० सालको बीचमा लेखिए। तर प्रायः सबै भजनहरू

राजा दाऊद र राजा हिजकियाहको समयको बीचमा अर्थात् ख्रीष्टपूर्व १००० साल र ख्रीष्टपूर्व ७०० सालको बीचमा लेखिए। यसो हो भने, भजनसंग्रहको पुस्तकको लेख्ने समय र पुरानो नियमको लेख्ने समय एकै हो। यसबाट हामीले अय्यूबको पुस्तक बाहेक गर्नुपर्ला; किनकि यो एउटै पुस्तक मोशाको जमानाभन्दा अघि लेखिएको थियो।

**मसीह राजा सम्बन्धित भजनहरू:**

| *भविष्यवाणी गरेको:* | *भविष्यवाणी पूरा भएको:* |
|---|---|
| **भजन २:७:** उहाँ परमेश्वरको पुत्र हुनुहुन्छ | **मत्ती ३:१७** |
| **भजन ८:२:** केटाकेटीहरूले उहाँको प्रशंसा गरेको | **मत्ती २१:१५-१६** |
| **भजन ८:६:** उहाँ सबैका शासक हुनुहुन्छ | **हिब्रू २:८** |
| **भजन १६:१०:** उहाँ मरेकाहरूको बीचमा बौरिउठ्नुभएको | **मत्ती २८:७** |
| **भजन २२:१:** उहाँ परमेश्वरबाट त्यागिनुभएको | **मत्ती २७:४६** |
| **भजन २२:७-८:** शत्रुहरूले उहाँको खिल्ली उड़ाएका | **लूका २३:३५** |
| **भजन २२:१६:** उहाँका हात र खुट्टाहरू छेड़िएका | **यूहन्ना २०:२७** |
| **भजन २२:१८:** उहाँका वस्त्रको निम्ति चिट्ठा हालिएको | **मत्ती २७:३५-३६** |
| **भजन ३४:२०:** उहाँको एउटै हड्डी पनि नभाँचिएको | **यूहन्ना १९:३२-३३ र ३६** |
| **भजन ३५:११:** झूटा साक्षीहरूले उहाँलाई आरोप लगाएका | **मर्कूस १४:५७** |
| **भजन ३५:१९:** कारणविना उहाँ घृणा गरिनुभएको | **यूहन्ना १५:२५** |
| **भजन ४०:७-८:** परमेश्वरको इच्छा पालन गर्नुमा उहाँ पूरा प्रसन्न हुनुभएको | **हिब्रू १०:७** |
| **भजन ४१:९:** उहाँको साथीले उहाँलाई विश्वासघात गरेको | **लूका २२:४७** |
| **भजन ४५:६:** उहाँ अनन्त राजा हुनुहुन्छ | **हिब्रू १:८** |
| **भजन ६८:१८:** उहाँ स्वर्गमा चढ़िजानुभएको | **प्रेरित १:९-११** |
| **भजन ६९:९:** परमेश्वरको घरको जोशले उहाँ प्रेरित हुनुभएको | **यूहन्ना २:१७** |
| **भजन ६९:२१:** उहाँलाई सिर्का र पित्त पिउन दिइएको | **मत्ती २७:३४** |
| **भजन १०९:४:** उहाँले आफ्ना शत्रुहरूको निम्ति प्रार्थना गर्नुभएको | **लूका २३:३४** |
| **भजन ११०:१:** उहाँ आफ्ना शत्रुहरूमाथि राज्य गर्नुभएको | **मत्ती २२:४४** |
| **भजन ११०:४:** उहाँ अनन्तसम्म पूजाहारी हुनुभएको | **हिब्रू ५:६** |
| **भजन ११८:२२:** उहाँ परमेश्वरको भवनको मुख्य कुनेढुङ्गा हुनुभएको | **मत्ती २१:४२** |
| **भजन ११८:२६:** उहाँ परमप्रभुको नाममा आउनुभएको | **मत्ती २१:९** |

### घ) यस पुस्तकको सन्दर्भ र यसका विषय-वस्तुहरू के-के हुन् ?

भजनसंग्रहको पुस्तकचाहिँ पाँचवटा पुस्तकहरूको संग्रह हो, जसको एक-एक पुस्तकको अन्तमा परमेश्वरको स्तुतिगान हालिएको छ। अनि भजन १५० चाहिँ यसको पाँचौं पुस्तकको स्तुतिगान हो।

श्री एफ. डब्ल्यू. ग्राण्टले के सुझाउ दिएका छन् भने, भजनसंग्रहका पाँच पुस्तकहरू तिनमा राखिएका विषयबद्ध रचनाहरूद्वारा छुट्ट्याइएका छन्।[4] अनि तिनले भजनसंग्रहको पुस्तकका यी पाँचवटा खण्डहरू, जसरी यी खण्डहरू हिब्रू बाइबलमा प्रस्तुत गरिएका छन्, निम्न प्रकारको सार दिएर छुट्ट्याएका छन्:

*भजन १-४१:* परमेश्वरको सल्लाह-अनुसार ख्रीष्टचाहिँ उहाँको निजी प्रजा अर्थात् इस्राएली जातिका सबै आशिषहरूको स्रोत हुनुहुन्छ।

*भजन ४२-७२:* इस्राएली जातिको पतन र अन्तका दिनहरूमा तिनीहरूको पुनरुद्धार

*भजन ७३-८९:* तिनीहरूसित कारवाही गर्दाखेरि परमेश्वरले आफ्नो पवित्रता सधैं कायम राख्नुभएको

*भजन ९०-१०६:* आदममा प्रथम मानिस विफल भए र दोस्रो मानिस उसको स्थानमा आउनुभएको; अनि उहाँको शासनको अधीनतामा संसार सुव्यवस्थित र स्थिर हुनेछ।

*भजन १०७-१५०:* परमेश्वरका अगम्य चालहरूअनुसार अन्तमा परमेश्वर र मानिसहरूको बीचको सङ्गति पुनर्स्थापित हुनेछ; यसको नैतिकताको माग के हो, सो प्रकट गरिएको छ।

भजनसंग्रहको पुस्तकका यी पाँचवटा खण्डहरू हामीले पेन्टटुकका पुस्तकहरूसित मिलाएर पनि छुट्ट्याउन सक्छौं। यसको निम्ति हामी दुईवटा उदाहरण पेश गर्छौं: भजन ४२-७२ को खण्डको विषयवस्तु प्रायः प्रस्थानको पुस्तकको विषयवस्तु – इस्राएलीहरूको मिस्र देशबाटको छुटकारासित मिल्छ; अनि भजन ७३-८९ को खण्डको विषयवस्तु – परमेश्वरको पवित्रता लेवीको पुस्तकले जोड़ दिएको पवित्रतासित मेल खान्छ।

भजनहरू निम्न किसिमका हुन्छन्:

**अ)** *ऐतिहासिक भजनहरू:* यी भजनहरू इस्राएली जातिको इतिहासमा घटेका कुनै घटनासित वा भजनलेखकको व्यक्तिगत जीवनसित सम्बन्धित भजनहरू हुन्।

**आ)** *मसीह राजा सम्बन्धित भजनहरू:* यी भजनहरूको सन्दर्भ ख्रीष्ट येशूले भोग्नुभएका दुःखकष्टहरू हुन्, साथै उहाँले दुःख सहनुभएपछि पाउन लाग्नुभएका महिमा र प्रतापहरू हुन्।

**इ)** *हजार वर्षको राज्यको विषयमा दिइएका भविष्यवाणीरूपी भजनहरू:* यी भजनहरूले इस्राएली जातिको भविष्य ताकेका छन्: तिनीहरूको निम्ति निर्धारित गरिएको सङ्कष्टकाल, तिनीहरूको भावी समृद्धि, शान्ति र सुरक्षा।

**ई)** *पश्चात्ताप गर्ने मानिसका भजनहरू:* यी भजनहरूमा पश्चात्तापले चूर्ण भएका भजनलेखकले आफ्ना पापहरू मानिलिए र टुटेको मनबाट उठेको पुकारद्वारा पापको क्षमा पाउने तीव्र चेष्टा व्यक्त गरे।

**उ)** *प्रतिशोध व्यक्त गरिएका भजनहरू:* यी भजनहरूमा परमेश्वरले आफ्ना जनहरूका शत्रुहरूबाट बदला लिऊन् भन्ने विन्तीहरू पेश गरिएका छन्।

**ऊ)** *परमप्रभुको प्रशंसा गर्नेहरूका भजनहरूः* अरू धेरै भजनहरू छन्, जसमा कि त व्यक्तिगत तवरले, कि त सामाजिक तवरले परमेश्वरको स्तुतिप्रशंसा र आराधना गरिएको छ।

**ए)** *कथारूपी भजनहरूः* परमप्रभुले आफ्ना जनहरूसित कस्तो-कस्तो व्यवहार गर्नुभएको छ, यसको विषयमा लेखिएका भजनहरू पनि छन्।

### ङ) भजनहरूको व्याख्याः

'विश्वासीहरूको निम्ति लेखिएको पवित्र बाइबलको टिप्पणी' नामक पुस्तकभरि नै इस्राएली जाति र प्रभुको मण्डलीको बीचमा छुट्ट्याइएको छ। यसकारण हामीले याद गरौं, कि जुन भजनहरूमा दुष्ट मानिसहरूमाथि श्रापहरू आएको चाहना व्यक्त गरियो, ती भजनहरू मोशाको व्यवस्थाको अधीनतामा बसेका यहूदीहरूको दृष्टिमा समुचित देखिन्थ्यो, तर मण्डलीको युगमा जिइरहेका ख्रीष्ट-विश्वासीहरूको निम्ति यस प्रकारका श्रापहरू घोषणा गर्न अलिकति पनि सुहाउँदैन। किनभने हामी यस्तो युगमा जिउँछौं, जुन युगमा हामीले आफ्ना शत्रु-हरूलाई प्रेम गर्नुपर्छ, र तिनीहरूको भलाइ गर्नुपर्छ, जसले हाम्रो अपमान गर्छन्। जुन मानिसले भजनसंग्रहको पुस्तकको व्याख्या गर्दा व्यवस्थाको युगको ईश्वरीय नियम र अनुग्रहको युगको ईश्वरीय नियमको बीचमा छुट्ट्याउँदैन, त्यस मानिसले ठूला समस्याहरू सृजना गर्छ।

जुन मानिस भजनसंग्रहको पुस्तक ध्यानसित पढ्दै जान्छ, त्यस मानिसले तत्कालै बुझ्छ, कि भजनलेखकका अनुभवहरू, इस्राएली जातिका अनुभावहरू र प्रभु येशू ख्रीष्टका अनुभवहरू उस्तै-उस्तै रहेछन्। किनकि यी तीनैजनाले सतावट, दुःखकष्ट, शोकचिन्ता, घृणा र तिरस्कार अनुभव गर्नुभयो; अनि यी तीनैजनाले उत्थान, महिमा र हर्ष पनि अनुभव गर्नुभयो। अनि यस टिप्पणीभरि हामी यी तीनैजनाको बीचका समानताहरूमा घरिघरि याद दिलाउनेछौं।

### च) भजनसंग्रहको सठीक प्रयोग गर्ने चाबीहरूः

पवित्र बाइबलका सबै पुस्तकहरू मण्डलीका विश्वासीहरूको निम्ति लेखिएनन्, तर सारा धर्मशास्त्र मण्डलीको निम्ति उपयोगी हुन्छ। जब हामी आफ्ना अनुभवहरू भजनलेखकका अनुभवहरूसित तुलना गर्छौं, तब हामी यी भजनहरूबाट सान्त्वना पाउँछौं, शिक्षा, अर्ती, हप्की, हौसला र चेताउनीहरू पाउँछौं।

यहूदीहरूका निम्ति दिइएका शिक्षाहरूबाट हामीले ख्रीष्टको मण्डलीको निम्ति महत्त्वपूर्ण पाठहरू सिक्न सक्छौं। अनि यहूदीहरूको मन्दिरमा हामी ख्रीष्टको मण्डलीको पूर्व-चित्रण देख्न सक्छौं। ख्रीष्टको मण्डली उहाँको शरीर हो, जुन मण्डलीमा सबै ख्रीष्ट-विश्वासीहरू अङ्गहरू हुन् र जुन आत्मिक शरीरमा पवित्र आत्माले वास गर्नुभएको छ। अनि भजनहरूमा बयान गरिएका लड़ाइँहरूले हामीलाई हाम्रा आत्मिक लड़ाइँको विषयमा याद दिलाउँछन्, जुन लड़ाइँ हामी प्रधान-हरूको विरोधमा, अधिकारीहरूको विरोधमा यस संसारको अन्धकारका शासकहरूको विरोधमा, आकाशी स्थानहरूमा भएको आत्मिक दुष्टताको विरोधमा लड्छौं (एफेसी ६:१२)। अनि इस्राएली जातिले यस पृथ्वीमा उपभोग गरेका भौतिक आशिषहरूले हाम्रा आत्मिक आशिषहरूको सङ्केत गर्छन्, जुन आत्मिक आशिषहरू हामीले ख्रीष्टमा स्वर्गीय स्थानहरूमा पाएका छौं।

यस प्रकारका चाबीहरू प्रयोग गरेपछि भजनसंग्रहको पुस्तक हाम्रो निम्ति अति अर्थपूर्ण हुन जान्छ; अनि भजनहरूको व्याख्या गर्दाखेरि देखा परेका अन्य समस्याहरू एकैपल्टमा लुप्त हुन जान्छन्।

**छ) भजनहरूका शीर्षकहरूः**

भजनहरूमा लगाइएका शीर्षकहरू शुरुदेखि लगाइएका थिए र यसकारण यस पवित्र लेखको निजी भाग सम्झनु उचित होला। तर धेरै भजनहरूका शीर्षकहरूको मतलब र उद्देश्य हाम्रो निम्ति निक्कै धमिलो हुन्छ। अनि यही कारणले हामीले यी भजनहरूको प्रायः कुनै शीर्षकको विषयमा टिप्पणी गरका छैनौं। किनभने जसको विषयमा हामीलाई कुनै ज्ञान र जानकारी छैन, तब यसको विषयमा किन लेखिबस्ने ?

# रूपरेखाः

**खण्ड १) भजन १-४१ः पुस्तक एक**

**खण्ड २) भजन ४२-७२ः पुस्तक दुई**

**खण्ड ३) भजन ७३-८९ः पुस्तक तीन**

**खण्ड ४) भजन ९०-१०६ः पुस्तक चार**

**खण्ड ५) भजन १०७-१५०ः पुस्तक पाँच**

# भजनसंग्रहको टिप्पणी

## खण्ड १

## भजन १-४१ः

## पुस्तक एक

### भजन १ः एउटा असल जीवन यस्तै छ !

भजनसंग्रहको पुस्तकको शुरुमै परमेश्वरले मानिसहरूको बीचमा 'पापमय जीवन नै एउटा असल जीवन हो' भन्ने निक्कै प्रचलित भ्रम र भूलधारणा हाम्रो मस्तिष्कबाट हटाइदिनुहुन्छ। किनकि दिनहुँ संसारका मानिसहरूको दिमागको धुलाइ भइरहेको छ। यसैले तिनीहरू साँचो र स्थायी सन्तुष्टि त शरीरका अभिलाषाहरू पूरा गर्नाले पाइन्छ भन्ने विचारपट्टि ढल्केका हुन्छन्। सोसल मिडिया, टेलिभिजन, रेडियो, चलचित्र र पत्र-पत्रिकाहरूले पनि मानिसहरूलाई सुख प्राप्त गर्ने बाटो यही हो भनेर विज्ञापन गरिरहेका छन्ः तिनीहरूले लगाम छोडेर तिनीहरूलाई जे-जस्तो इच्छा लाग्छ, त्यही गरेर तिनीहरू सुखी हुन्छन् रे। पवित्रताको जीवन कठोर नीतिपरायणता ठानेर तिनीहरूद्वारा तत्कालै खारिज गरिएको छ। तर यहाँ भजनकारले यस विषयमा हाम्रो सोचाइ सठीक पारिदिन्छन्।

**भजन १ः१ः** निस्सन्देह त्यो व्यक्ति धन्यको हुन्छ, जसले भक्तिहीन मानिसहरूको जीवन-शैली अपनाउँदैन, तर अधर्मको जीवनबाट पूरा अलग बस्छ। उसले भक्तिहीन मानिसहरूसित सम्बन्ध राख्दाखेरि पनि ऊ तिनीहरूको पापमा र तिनीहरूको निन्दामा कहिल्यै सहभागी हुँदैन; उसले तिनीहरूको पापी चालको मौन सहमति पनि गर्दैन। त्यसको मतलब यो होइन कि, यस धन्यको मानिसले आफूलाई दुष्ट मानिसहरूदेखि बिलकुलै अलग राख्छ; होइन, तर उसले तिनीहरूलाई पाप, धार्मिकता र न्यायको विषयमा गवाही दिन्छ र तिनीहरूलाई खीष्ट येशूको परिचय दिन खोज्छ, जो तिनीहरूको अनन्त सुखको स्रोत हुनुहुन्छ। यो धन्यको मानिस भक्तिहीन मानिसहरूको साँचो मित्र हो, तर ऊ तिनीहरूका कामहरूमा कहिल्यै साझा हुँदैन।

**भजन १ः२ः** यो अनिवार्य हो, कि यो धन्यको मानिस परमेश्वरको वचन प्रिय मान्ने, यसमा लिप्त भएको मानिस हुनुपर्छ। अरू कुरा असम्भव छ। परमप्रभुको वचनको

निम्ति उसको नित्य भोक भइरहन्छ। उसले पवित्र बाइबललाई प्रेम गर्छ र दिनरात त्यसको मनन गर्छ। यसरी नै उसको जीवन आशिषित हुन्छ, र ऊ अरू मानिसहरूका निम्ति आशिषको कारण बन्छ।

**भजन १:३:** पापदेखि अलग बस्ने र पवित्र धर्मशास्त्रको निम्ति पूरा समर्पित भएको मानिसका गुणहरू एउटा बलियो, स्वस्थ र फलवान् रूखजस्तै हुन्छन्, जस्तैः

**क)** *'पानीका नदीहरूको किनारमा रोपिएको'*ले [5] गर्दा उसले निरन्तर पोषण र ताजापना पाउँछ। **ख)** *'उसले आफ्नो ऋतुमा आफ्नो फल फलाउँछ':* उसले आफ्नो जीवनबाट आत्माका फलहरूरूपी सद्‍गुणहरू प्रदर्शन गर्छ; अनि उसका वचन र कामहरू सधैं समय अनुकूल र पूरा सुहाउँदा हुन्छन्। **ग)** *'उसको पात पनि ओइलिनेछैन':* उसको आत्मिक जीवनमा ऋतुगत हेरफेरहरू आउँदैनन्; किनकि त्यो भित्रबाट दिन प्रतिदिन नयाँ-नयाँ हुँदै जान्छ। श्री डी. एल. मूडीले भनेझैं 'प्रभुका सबै रूखहरू सदा हरियाभरिया हुन्छन्।' [6]

यस किसिमको मानिस आफूले गरेका सबै कामहरूमा सफल हुन्छ। निश्चय, उसको सफलताको खास कारण हामीले उसको प्रभुसितको अटुट सङ्गतिमा खोज्नुपर्छ; किनभने उसले गरेका सबै कामहरू प्रभुको सेवाको रूपमा र पवित्र आत्माको अगुवाइमा गरिएका हुन्छन्। इसाई जीवनमा सक्षम र सफल हुने एकमात्र उपाय परमेश्वरको आत्माको अगुवाइ पाउनु हो। आफ्नै निर्देशनअनुसार गरिएको कामकाजचाहिँ समय, पैसा र मेहनत खेर फाल्ने ठूलो बरबादी मात्र हो।

**भजन १:४:** *'भक्तिहीनहरू यस्ता हुँदैनन्।'* तिनीहरू न ठीकसँग रोपिएका, न फलवान्, न ता धेर समयसम्म टिक्ने, न फस्टाउने नै हुन्छन्। तिनीहरू दानाविनाको भुसजस्तै हुन्छन्; तिनीहरूमा खास तत्त्व छैन। तिनीहरूको जीवनमाथि आँधीहरू चल्दा तिनीहरू अडिग छैनन्। द्रुत गतिमा आएको हावाले तिनीहरूलाई एकाएक उड़ाएर लैजान्छ।

**भजन १:५:** *'भक्तिहीनहरू न्यायमा खड़ा रहनेछैनन्।'* हो, तिनीहरू एकदिन यस ठूलो सेतो सिंहासनको सामु न्यायको निम्ति उभिने नै छन्। तर यहाँ, यस पदमा भनिएको कुराको अर्थ के हो भने, तिनीहरूसित आफ्नो प्रतिरक्षा गर्ने ठोस कारण हुनेछैन। मुहावराको शैलीमा भन्नु हो भने, तिनीहरूसँग उभिने टेको-टेवा छैन। अनि यति मात्र नभएर तिनीहरू धर्मी जनहरूको सभामा पनि खड़ा रहने नै छैनन्। प्रभु येशू ख्रीष्टमाथि विश्वास गरेर अनुग्रहद्वारा मुक्ति पाउनेहरूको समुदायबाट तिनीहरू सधैंको निम्ति वञ्चित हुनेछन्, अलग गरिनेछन्।

**भजन १:६:** के उक्त कुराहरूको निम्ति तपाईंलाई कुनै तर्कसँगत कारण चाहिन्छ? तब बुझ्नुहोस्ः *'परमप्रभुले धर्मी जनहरूको बाटो जान्नुहुन्छ।'* उहाँले तिनीहरूको जीवनको विषयमा जानकारी लिनुभएको मात्र कहाँ हो र, तिनीहरूले अपनाएको बाटो उहाँको अनुमोदन पाएको छ। तर पापमय जीवनको अन्त कति फरक छ? पापी मानिसहरूको अन्त अनन्त मृत्यु हुनेछ।

तर हामीले यहाँ जोड़ गरेर भन्नुपर्छः नयाँ नियमको प्रकाशअनुसार मानिसको भाग्य खास गरी उसले व्यतीत गरेको जीवनको फल होइन। किनभने प्रभु येशूमाथि विश्वास गरेर मानिसले नयाँ जन्म पाएको छ कि छैन, यस कुराअनुसार उसको भाग्य निर्धारित गरिन्छ। अनि धर्मी व्यक्तिचाहिँ उही हो, जसले आफ्नो पाप मानिलिएर प्रभु येशू ख्रीष्टलाई आफ्ना प्रभु र मुक्तिदाताको रूपमा ग्रहण गरेको छ। अनि उसको धार्मिक जीवन ख्रीष्ट येशूमा उसले पाएको नयाँ जीवनको फल हो। अनि

भक्तिहीन मानिसचाहिँ त्यो हो, जसले मुक्ति पाउने आफ्नो आत्मिक खाँचो स्वीकार गर्दैन र प्रभु येशूको सामु आफ्ना घुँडा टेक्न मान्दैन। त्यसले आफ्ना पापहरू मुक्तिदातासित साटासाट गर्नुभन्दा बरु आफ्ना पापहरू आफ्नो साथमा राख्न चाहन्छ, र यसरी नै त्यसले आफ्नो विनाश आफैले सुनिश्चित ठहऱ्याएको छ।

## भजन २ः कहिल्यै अदलबदल नहुने परमेश्वरको उर्दी सुन्नुहोस्!

यो भजन कालक्रमअनुसार सठीक स्थानमा राख्नु हो भने, हामीले यो महासङ्कष्टको अन्तमा, हाम्रा प्रभु येशू ख्रीष्टको महिमित आगमनको ठीक अगाड़ि राख्नुपर्ला, जुन बेलामा उहाँ राज्य गर्न आउन लाग्नुहुनेछ। त्यति बेलामा विभिन्न राष्ट्रहरू र तिनीहरूका शासकहरूले मिलेर विशाल राष्ट्रसंघको रूपमा ख्रीष्ट येशूलाई सारा पृथ्वीमाथिको शासन हात पार्नदेखि रोक्न भरमग्दूर प्रयास गर्नेछन्। [7)]

**भजन २ः१-३ः** तर यो राष्ट्रसंघ र त्यसको मिथ्या प्रयास पूरा व्यर्थै ठहरिनेछ। भजन-लेखकले शुरुमा यो प्रश्न गरेका छन्ः 'किन अन्यजातिहरू र यहूदीहरूले यस्तो निकम्मा षड्यन्त्र कल्पना गर्छन्? ती अन्यजातिका राजाहरू र यहूदी शासकहरूले परमप्रभुको शासन-अधिकार र उहाँले नियुक्त गर्नुभएको उहाँको अभिषिक्त जनको विरोधमा विद्रोह मच्चाउन सफल हुन्छौं भन्ने कसरी ठान्न सक्छन्?'

**भजन २ः४-६ः** स्वर्गमा विराजमान हुनुहुने परमेश्वर तिनीहरूको त्यस मूर्ख ढीठपनाको खिल्ली उड़ाएर हाँस्नुहुनेछ। तिनीहरूले मुड्की देखाउँदै लाएका गर्जंदा नाराहरू उहाँले ठट्टामा उड़ाइदिनुहुनेछ। उहाँको निम्ति तिनीहरूको फुटानी र धम्की त मूसाले चीं-चीं गरेर सिंहको विरोधमा आफ्नो आवाज उठाएको जति हो।

अन्तमा परमेश्वरले मौन हुन छोड्नुहुनेछ। अनि जब उहाँ बोल्नुहुनेछ, तब उहाँ यस्तो तातो रिस र बल्दो क्रोधको साथ बोल्नुहुनेछ, कि उहाँका शत्रुहरू डरले थरथर हुनेछन्। तब तिनीहरूले उहाँको अपरिवर्तनीय फैसला सुन्नेछन्ः *'मैले आफ्नो राजालाई मेरो पवित्र पर्वत सियोनमाथि बसालेको छु।'* अनि जब परमेश्वर आफ्नो यो फैसला सुनाउनुहुन्छ, तब उहाँले निर्धारित गर्नुभएको कुरा पूरा हुने नै छ। यो त घोषित गर्नुभएको कुरा पूरा भइसकेकै जत्तिकै हो।

**भजन २ः७ः** तब ख्रीष्ट आफैले यस ईश्वरीय उर्दीमा आफ्नो गवाही थप्नुहुनेछ। पिताले उहाँलाई व्यक्तिगत रूपमा पहिल्यै जे भन्नुभएको थियो, त्यो कुरा उहाँले अब प्रकट गर्नुहुनेछ। पिताले उहाँलाई अघि यसो भन्नुभएको थियोः *'तिमी मेरा पुत्र हौ; आज मैले तिमीलाई जन्माएको छु।'* यो ईश्वरीय उर्दी हामी कम्तीमा चार प्रकारले बुझ्न सक्छौं। **क)** अनादिकालदेखि नै ख्रीष्ट परमेश्वरकै पुत्र हुनुहुन्थ्यो। यो कुरा साँचो र बिलकुल सत्य हो। **ख)** तर प्रेरित १३ः३३ पदमा यो पद ख्रीष्ट देहधारी हुनुभएको सन्दर्भमा उद्धृत गरिएको हो। **ग)** तेस्रो अर्थमा, कलस्सी १ः१८ पदअनुसार उहाँ मरेकाहरूको बीचबाट बौरिउठ्नेहरूमा जेठा हुनुभएको छ। यसैले ख्रीष्ट बौरिउठ्नुभएको बेलामा जन्मनुभएको कुरा सङ्केत गरिएको हुन सक्छ। **घ)** अन्तमा, कतिजनाको सुझाउअनुसार 'आज' भन्ने शब्दले भविष्यको त्यो दिन बुझाउँछ, जुन दिनमा ख्रीष्टलाई पूरा सम्मानको साथ राजाको पदमा स्थापित गरिनेछ।

**भजन २ः८ः** तर पिताले पुत्रको गवाहीमा अझै यो कुरा थप्नुभयोः *'मसँग माग, र म तिमीलाई तिम्रो हकको सम्पत्तिको रूपमा*

*अन्यजातिहरू र तिम्रो अधिकारको भागको रूपमा सम्पूर्ण पृथ्वी दिनेछु।'* अर्को शब्दमा भन्नु हो भने, पिता परमेश्‍वरले आफ्ना पुत्रलाई विश्‍वमाथिको शासनअधिकार दिन्छु भन्ने प्रतिज्ञा गर्नुभएको छ। सारा पृथ्वी उहाँकै अधीनतामा आएर बस्नेछ, र उहाँको राज्य पृथ्वीको एक छेउदेखि त्यसको अर्को छेउसम्म हुनेछ।

**भजन २:९:** अन्तमा, परमेश्‍वरले ख्रीष्टलाई सबै अटेरीपन र ढीठपनसित कारबाही गर्ने अधिकार दिनुभएको छ। उहाँले आफ्नो विरोधमा उठ्नेहरूको दुःसाहस फलामको डण्डाले तोड्नुहुनेछ र तिनीहरूलाई कुम्हालेको भाँड़ाझैं टुक्राटुक्रा पार्नुहुनेछ। पवित्र धर्मशास्त्रका अन्य खण्डहरूबाट हामीले के सिकेका छौं भने, ख्रीष्ट येशूले यस पृथ्वीमा फर्केर आउनुभएको बेलामा राज्य गर्न थाल्नुहुनेछ र एक हजार वर्षसम्म राज्य गर्नुहुनेछ। उहाँको राज-अभिषेक हुनुभन्दा अगाड़ि उहाँले परमेश्‍वरलाई नचिन्नेहरू र मुक्तिको सुसमाचार पालन नगर्नेहरू सबैलाई नाश गर्नुहुनेछ। त्यसपछि हजार वर्षको राज्यमा ख्रीष्ट येशूले फलामको डण्डा लिएर शासन गर्नुहुनेछ र विद्रोह जहाँ-जहाँ उठ्न खोज्छ, त्यहाँ-त्यहाँ त्यसको शिर कुच्च्याउनुहुनेछ।

**भजन २:१०-११:** अब पवित्र आत्मा बोल्नुभएको वाणी सुनिन्छ। उहाँको सुसमाचारयुक्त आग्रह सुन्नुहोस्: उहाँले राजाहरू र शासकहरूलाई 'परमप्रभुलाई प्रेम गर र उहाँको सेवा गर' भन्ने आह्वान गर्नुहुन्छ। उहाँलाई इन्कार गर्नु भनेको नाश हुनु हो। तर उहाँमाथि भरोसा राख्नेहरूले सुरक्षा र साँचो सुख उपभोग गर्नेछन्।।

**भजन २:१२:** आफ्ना सृष्टिकर्तामाथि भरोसा राख्नु सृष्टि गरिएको मानिसको निम्ति सबैभन्दा समझदार कुरा, अँ, सबैभन्दा तर्कसँगत र न्यायसँगत काम हो। तर जसले सर्वशक्तिमान् परमेश्‍वरमाथि विश्‍वास गर्दैनन्, तर उहाँलाई विरोध गर्छन्, तिनीहरूले साह्रै मूर्ख काम गर्छन् र आफ्नै खुट्टामा बन्चरो हान्छन्।

## भजन ३: विभिन्न मनोभावना-हरूको अध्ययन गरौं!

हाम्रो मनस्थिति छिटो-छिटो बदली भइबस्छ भने, ढाढ़स लिनुहोस्, किनकि दाऊदको मनस्थिति पनि त्यस्तै थियो, तल-माथि हुन्थ्यो। यस भजनमा एक क्षणमा दाऊद सबका सब कुरा अँध्यारो मात्र देख्ने निराशामा डुबेका थिए, एक क्षणपछि तिनको मन शान्त भयो, त्यसमा फेरि साहस आयो।

**भजन ३:१-२:** शुरुमा दाऊद आफ्ना शत्रुहरूको भयले आतङ्कित थिए। तिनीहरूको ठूलो सङ्ख्याले गर्दा दाऊदको मन पूरा भयभीत भएको थियो। तिनले मनमनमा भने: 'मेरा शत्रुहरू यति धेरै, त म एकलैले के गर्न सक्छु र?' त्यति मात्र होइन, तर तिनको मनमा तिनीहरूका खिसी-टिउरीको खील बिझेको र त्यसको विष पनि लागेछ। 'त्यसको पापले गर्दा त्यसलाई परमेश्‍वरबाट कुनै सहायता मिल्नेछैन' भनेर तिनीहरूले तिनलाई पेच हाने।

दुई पदको अन्तमा 'सेला' भन्ने एउटा रहस्यमय शब्द छ। भजनसंग्रहको पुस्तकभरि एकहत्तर पल्ट यो 'सेला' भन्ने शब्द प्रयोग गरिएको छ। अनि यहाँ यो शब्द पहिलो पल्ट उल्लेख गरिएको छ। यसकारण हामी यस शब्दको अर्थ बताउन एकछिन समय लिन्छौं। तर अभाग्यवश यस शब्दको स्पष्टीकरण दिनुको सट्टामा हामीले बरु यसको विषयमा आफ्नो अनभिज्ञता स्वीकार गर्नुपर्छ। किनभने हामी यस शब्दको खास अर्थै जान्दैनौं। यसकारण हामी यहाँ यस शब्दको विषयमा केही सुझाउहरू पेश गर्छौं, जुन सुझाउ-

हरूबाट कुनचाहिँ उपयोगी होला, सो पाठक आफैले निर्णय गर्नुहोला ।

**क)** 'सेला' भन्ने शब्दको अर्थ 'यस ठाउँमा भजन गाउँदा वा बाजाहरू बजाउँदा सङ्गीतको ध्वनि बढ़ाओ !' भनेको हुन सक्छ ।

**ख)** यस शब्दले 'पढ्ने काम एकछिन रोकिराख र यहाँसम्म पढ़ेको कुराको विषयमा मनन गर !' भनेको हुन सक्छ ।

**ग)** अथवा ' "सेप्टुवाजिन्ट" नामक ग्रीक भाषाको पुरानो नियममा यस शब्दको अनुवाद 'दिअप्साल्मोस्' गरिएको हो, जसको अर्थ भजनमा अन्तराल आएको हो । यसो हो भने यस शब्दको अर्थ कि त बाजाहरू जोरले बजाउने, कि त बाजा बजाउने अन्तराल आएको सङ्केत दिन खोजेको होला ।' [8)]

**घ)** कतिजनाको विचारमा, 'डा कापो' भनेझैं यस शब्दले गीतको टेक आएको अर्थात् यो भाग फेरि दोहोर्‍याउने निर्देशन दिएको हुन सक्छ ।

**ङ)** अथवा यसको अर्थ सङ्गीतको विशेष खण्ड सकिएको अथवा

**च)** सेला शब्दले श्रद्धाभक्तिको साथ दण्डवत् गरेको अर्थ धरि लिन सक्छ ।

**भजन ३ः३ः** यस पदमा दाऊदको मनमुद्रा बदली भएको आभास हुन्छ । किनकि दाऊदले यहाँ आफ्ना शत्रुहरूदेखि आफ्नो नजर हटाएर आफ्ना आँखाहरू उठाएर परमप्रभुतिर लगाएका छन्; अनि यही कुराले तिनको दृष्टिकोणमा ठूलो परिवर्तन ल्याएको छ । तत्कालै तिनले परमप्रभुमा एउटा बलियो ढाल पाएको, महिमाको स्रोत पाएको, अँ, तिनको शिर उठाउने सहायक पाएको बुझ्छन् । तिनका निम्ति ढाल बनीकन परमप्रभुले तिनलाई तिनका सबै शत्रुहरूका हमलाहरूबाट बचाउनुहुन्छ । अनि दाऊदको महिमाको रूपमा परमप्रभुले तिनको थाप्लामाथि हालिएको शर्म, निन्दा र बदनामीको सट्टामा तिनलाई आदर र सम्मान दिनुहुन्छ अनि तिनलाई निर्दोष ठहर्‍याउनुहुन्छ । तिनको शिर उठाउनेको रूपमा परमप्रभुले तिनलाई प्रोत्साहन दिनुहुन्छ र उच्च पार्नुहुन्छ ।

**भजन ३ः४ः** परमेश्वरको विषयमा यति उच्च, सत्य विचारबाट प्रेरणा पाईकन दाऊद परमप्रभुको चरणमा परेर प्रार्थना गर्छन् र तत्कालै आफ्नो विन्तीको सुनाइ भएको निश्चयता पाउँछन् । परमेश्वर पवित्र पर्वतबाट उत्तर दिनुहुन्छ । उहाँले यरूशलेममा अवस्थित भएको मन्दिरको स्थलबाट तिनको प्रार्थना सुन्नुभयो, जुन ठाउँमा उहाँ आफ्ना पवित्र जनहरूको बीचमा वास गर्नुहुन्थ्यो ।

**भजन ३ः५-६ः** परमप्रभुबाट सुरक्षा पाउँछु भन्ने निश्चयतामा ढुक्क भएर दाऊद, यस भजनको रचनाकार, निष्फिक्री भई सुत्छन् र निदाउँछन् पनि । त्यो निद्रा साह्रै मीठो निद्रा थियो; किनकि यस्तो निद्राचाहिँ तिनीहरूको निम्ति परमेश्वरकै वरदान हो, जसले जीवनका सबैभन्दा तनाउ र सङ्कटपूर्ण परिस्थितिहरूमा पनि उहाँमाथि भरोसा राख्छन् ।

आरामले रात बिताइसकेपछि दाऊद बिउँझन्छन्, र तिनको चेतना खोलेछः प्रभुलाई धन्यवाद ! सबै भय र नमीठा पूर्वाभासबाट उठेको तनाउबाट परमप्रभुले तिनको मन शान्त पार्नुभएको रहेछ । अब दस हजारौं शत्रुहरूबाट तिनलाई केको डर ! तिनले आफ्ना शत्रुहरूको सामना गर्ने हिम्मत पाए ।

**भजन ३ः७ः** उक्त कुराबाट तिनलाई अब प्रार्थनाको जरुरत पर्दैन भन्ने अर्थ बुझ्नुहुँदैन । जुन अनुग्रहले हिजो हामीलाई सम्हाल्यो, त्यो अनुग्रह आजको निम्ति काफी नहोला । हरेक दिन हामीलाई परमेश्वरको अनुग्रहको आवश्यकता परिरहन्छ । यसकारण दाऊद फेरि र फेरि छुटकारा पाउन परमप्रभुको शरण पर्छन् । तिनमा यो विश्वास थियो, कि

परमेश्वरले तिनका शत्रुहरूलाई तिनीहरूको गालामा हिर्काउनुहुन्छ र तिनीहरूका दाँतहरू भाँचिदिनुहुन्छ ।

**भजन ३ःद्धः** दाऊदको निम्ति कुरा सुस्पष्ट थियोः छुटकारा दिनुहुने परमप्रभु हुनुहुन्थ्यो । उद्धार केवल परमप्रभुबाट आउँथ्यो, आउँछ र आउनेछ । यसैकारण तिनले परमेश्वरसित 'आफ्ना जनहरूलाई आशिष दिनुहोस्' भनेर प्रार्थना गर्छन् । उहाँले तिनीहरूलाई लगातार अद्‌भुत रीतिले छुटकारा दिएका होऊन् ।

हामीले 'दाऊदको भजन; आफ्नो पुत्र अब्शालोमदेखि भागेको बेलाको रचना' भन्ने शीर्षकमा फर्केर यसमाथि एक क्षण ध्यान दियौं भने, दाऊदजस्तै परमेश्वरका यी जनको उर्लंदो मनमुद्रा कहाँबाट आएको, सो कुरा हामी राम्रोसँग बुभ्न सक्छौं ।

दाऊदका शत्रुहरूको सेनापतिचाहिँ तिनको छोरा अब्शालोम थिए । यदि तिनका शत्रुहरू आक्रमणकारी विदेशी सेनाहरू भएका भए यो कुरा जति नराम्रो भए पनि तिनले यो सहन सक्नेथिए । तर अबचाहिँ तिनका शत्रुहरूको अगुवा तिनको वागी छोरा भएको कारणले तिनको मानसिक पीड़ा झन् तिक्त थियो ।

## भजन ४ः मनलाई शान्त पारिदिने परमेश्वरको गुप्त औषधी के हो ?

**भजन ४ः१ः** जब दाऊदले परमप्रभुलाई पुकारेर प्रार्थना गर्छन्, तब तिनले उहाँलाई 'मेरो धार्मिकताका परमेश्वर' भनेर सम्बोधन गर्छन् । दाऊदको निम्ति परमेश्वर न्यायको परमेश्वर हुनुहुन्थ्यो । अनि यही कारणले उहाँले धार्मिकतापूर्वक दाऊदको न्याय गर्नुहुनेछ भन्ने विषयमा तिनी ढुक्कै रहन सके । मानिसहरूले तिनको बदनाम गर्लान् र तिनको विरोधमा आफ्नो सोर उठाउलान् । तर वास्तविक कुरा त परमेश्वर नै जान्नुहुन्छ र उहाँको खातिर सठीक न्यायको जित हुन्छ-हुन्छ ।

त्यसपछि दाऊदले यसो भनेः *'जब म कष्टमा परें, तब तपाईंले मलाई बढ़ाउनुभयो ।'* जी. एन. डार्बीको अनुवादमा यो वाक्य यस प्रकारले अनुवाद गरिएको छ, 'म तनाउग्रस्त हुँदा तपाईंले मेरो ठाउँ बढ़ाइदिनुभयो ।' साधारण अर्थमा तनाउ भन्नाले हामी कुनै वस्तुको परिधि वा परिमाण घटेको बुझ्छौं । तर परमेश्वरले तनाउबाट हाम्रो आत्मिक वृद्धि पो गराउनुहुँदो रहेछ । समृद्धिबाट हामीलाई थोरै फाइदा हुन्छ, तर प्रतिकूल परिस्थितिहरूले हामीमा आत्मिक वृद्धि र परिपक्वता पैदा गर्छन् । श्री सी. हेच. स्पर्जनले यसो भनेका छन्ः

> 'मलाई के लाग्छ भने, मैले सुखैसुख भएका घण्टाहरू र आफ्ना आरामदायी समयहरूबाट पाएको अनुग्रहको मूल्य निक्कै सानो छ र त्यसको भलाइ सानो ठाउँमा अट्न सक्थ्यो । तर मैले पीड़ा, शोक र दुःखबाट पाएको भलाइ गनेर गन्न नसकिने बेहिसाबको हुन्छ । धन्य त्यो घन र त्यो फलामको अचानो, त्यो आगो र त्यो रेती ! किनकि यी औचारहरूमध्ये कुनचाहिँले मेरो गुन गरेको छैन र ? दुःखकष्ट नै मेरो घरका हातहतियारहरूमध्ये सर्वोत्तम हुँदो रहेछ ।' **9)**

विगत समयमा दाऊद कठिनाइमा परेको बेलामा परमेश्वरले तिनको प्रार्थना सुन्नुभएको र उत्तर दिनुभएको थियो । यस कुराबाट तिनले 'मेरो प्रार्थना फेरि सुनिदिनुहोस्' भनेर परमेश्वरलाई पुकार्ने साहस पाएका छन् ।

**भजन ४ः२-३ः** दाऊदले आफ्नो अनुरोधको निम्ति प्रेरणा कहाँबाट पाएका थिए ? यो कुरा हामीले भजन ४ः२-५ पदको खण्डबाट थाहा गर्छौं । विवेकहीन मानिसहरूले तिनको बदनाम र निन्दा गर्दैथिए । तिनको अवगुण निकाल्न खोज्ने ती निन्दकहरूले तिनको नाममा कलङ्क लगाएर तिनको मानहानि गरिरहेका थिए र तिनको चरित्रहत्या

गरिरहेका थिए। तिनीहरूका आधारहीन आरोपहरू सरासर झूट थिए।

दाऊदले तिनीहरूलाई 'कहिलेसम्म तिमीहरू मसित बिनसित्ति क्रोधित भइरहन्छौ' भन्ने प्रश्न गर्दैथिए। परमेश्वर तिनको पक्षमा हुनुभएको कारणले तिनलाई ढलपल गराउने तिनीहरूको प्रयास व्यर्थ ठहरिनेथियो। तिनले तिनीहरूलाई यसो भन्दै सम्झाएका छन्: *'जो भक्त छ, उसैलाई परमप्रभुले आफ्नै निम्ति अलग पार्नुभएको हो।'* जतिजनाले परमप्रभुमाथि भरोसा राख्छन्, उनीहरू उहाँको आँखाको नानी हुन्छन् (जकरिया २:८)। उनीहरूका नामहरू उहाँका हत्केलाहरूमा खोपिएका हुन्छन् (यशैया ४९:१६)। उनीहरूले उहाँलाई पुकार्दा उहाँ उनीहरूको विन्ती सुन्नुहुन्छ र उनीहरूलाई सहायता गर्न हतारिनुहुन्छ। प्रेरित पावलले रोमी ८:३१ पदमा पेश गरेको सत्यता दाऊदले अघिबाट जानेका रहेछन्, जहाँ यसो लेखिएको छः *'परमेश्वर हाम्रो पक्षमा हुनुहुन्छ भने, हाम्रो विरोधमा को उठ्न सक्ला?'*

**भजन ४:४:** दाऊदका शत्रुहरूको रिसको आवेग सेलाओस्! तिनीहरू रिसाउनु हो भने तिनीहरूको रिस धार्मिक रिस हुनुपर्छ। *'रिसाओ, तर पाप नगर'* भन्ने वाक्य एफेसी ४:२६ पदमा उद्धृत गरिएको छ। तर एफेसीहरूलाई लेखिएको यस पत्रमा त्यो आदेश ख्रीष्ट-विश्वासीहरूलाई दिइएको हो। उनीहरू परमेश्वरको कुराको पक्ष लिएको खण्डमा रिसाउनु हुन्छ, तर आफ्नो खातिर रिसाउनु कहिल्यै उचित ठहरिँदैन भन्ने कुरा उनीहरूले याद गरेका होऊन्। तर यहाँ भजन ४ मा यो कुरा दुष्ट मानिसहरूलाई भनिएको छ। तिनीहरूलाई 'तिमीहरूको रिसको झोक हिंसात्मक काममा परिणत नहोस्' भन्ने चेताउनी दिइएको छ। सुनसान रातको शान्त वातावरणमा ओछ्यानमा ढल्किरहेको बेलामा तिनीहरूले आफ्नै हृदयको तलाश गरून्, र आफूलाई 'कतै हामीले परमेश्वरको विरुद्धमा लड़ाइँ गर्ने मूर्ख काम पो गर्दैछौं कि' भन्ने प्रश्न गरून्। त्यस्तो गम्भीर विचारले अर्काको निन्दा गर्ने तिनीहरूको कुरा चुप गराउनेथियो र तिनीहरूका दुष्ट युक्तिहरू खतम पार्नेथियो।

**भजन ४:५:** दाऊदले सुसमाचारीय जोशले उत्प्रेरित भएर ती दुष्ट मानिसहरूलाई यो सल्लाह दिन्छन्: 'परमप्रभुमाथि भरोसा राख्नुको साथै तिमीहरूको जीवन व्यावहारिक धार्मिकतासित मेल खाओस्।' 'धार्मिकता नै तिमीहरूको बलिदान होस्!' (जोसेफ जेलिनो)। तर परमप्रभुमाथि भरोसा राख्नेहरूले मात्र आफ्नो जीवनबाट धार्मिकता देखाउन सक्छन्।

**भजन ४:६:** सुख र समृद्धिको चाहना गर्नेहरू धेरै हुन्छन्। तिनीहरूले सधैं कुनै न कुनै असल कुरा देख्ने तीव्र इच्छा गरिरहन्छन्। तर दुःखको कुरा के हो भने, तिनीहरूले आशिषचाहिँ लिने, तर आशिष दिनुहुने दातालाई इन्कार गर्ने, हो, परमेश्वरविनै असल कुरा प्राप्त गर्ने चाहना गरिरहेका छन्। ख्रीष्ट येशूले दिनुहुने भरपूर जीवनका सबै आशिषहरू तिनीहरूले उपभोग गर्न चाहन्छन्, तर ख्रीष्ट येशूलाई तिनीहरूले चाहँदैनन्।

दाऊदले तिनीहरूको ठीक विपरीत काम गर्छन्। *'हे परमप्रभु, तपाईंको चेहराको ज्योति हामीमाथि चम्काउनुहोस्'* भन्दै तिनी सीधै परमप्रभु, सबै भलाइको मुहानकहाँ जान्छन्।

**भजन ४:७:** *'तिनीहरूको अन्न र तिनीहरूको दाखमद्यको वृद्धि हुँदा जुन आनन्द तिनीहरूको हुन्छ, त्योभन्दा बढ़ी आनन्द तपाईंले मेरो हृदयमा हालिदिनुभएको छ।'* भक्तिहीन मानिसहरूका भकारीहरू अन्नले भरिएको र तिनीहरूका पीपाहरू दाखमद्यले टन्न भएको अवस्थामा ती मानिसहरूको आनन्द जति हुन्थ्यो, त्योभन्दा धेरै परमप्रभुमा दाऊदको आनन्द हुन्थ्यो। 'जुन आनन्द

तपाईंले मेरो हृदयमा हालिदिनुभएको छ, त्योजस्तो आनन्द प्रशस्त अन्न र दाखमद्यका फसलहरूले मलाई कहिल्यै दिन सकेनन् र दिन सक्दैनन्' (नोक्स)।

**भजन ४:८:** परमप्रभुमा आशिषहरूको भरपूरी हुन्छ। यो आश्वासन पाएर भजनको रचनाकारको मनको हलचल शान्त हुन्छ। तिनी शान्तिसित सुत्न र निदाउन सक्छन्, यो जानेर कि परमप्रभुले नै तिनलाई सुरक्षासाथ बस्न दिनुहुन्छ। यति छोटो समयमा आठवटा पदहरूमा अटाउने प्रार्थनाले कत्रो परिवर्तन ल्याएको, अचम्म !

## भजन ५: बिहानको प्रार्थना

भजन ५ को शीर्षकमा यसो लेखिएको छः *'प्रधान वादकको निम्तिः बाँसुरीहरूमा, दाऊदको भजन।'* भजनसंग्रहको पुस्तकका धेरै भजनहरूमा योजस्तै शीर्षकहरू भएका हुनाले हामीले यो कुरा फेरि एकपल्ट भन्नुपर्लाः बाइबलका धेरै विद्वान्हरू छन्, जसको विचारमा, ती टुप्पामा शीर्षकको रूपमा लेखिएका शब्दहरू पनि आत्माप्रेरित शब्द हुन्। हिब्रूको मूललेखको अनुसरण गरेर कतिवटा बाइबलहरूमा माथि लेखिएका शीर्षकहरू यी भजनहरूको पहिलो पदमा समावेश गरिएका छन्। अनि यस्ता विद्वान्हरू पनि छन्, जसले भजनको शीर्षक अघिल्लो भजनको अन्तमा हाले अर्थपूर्ण हुन्छ भन्छन् अरे। तर तिनीहरूको यो विचार हामीलाई विश्वसनीय लाग्दैन। यी शीर्षकहरूको विषयमा ठूलो समस्या के हो भने, प्रायः यी शीर्षकहरूको अर्थ अस्पष्ट हुन्छ। तर भजन ५ को शीर्षक स्पष्ट छः 'बाँसुरीहरूमा' भन्नाले यो भजन बाँसुरीहरूको साथमा गाउनुपर्थ्यो। तर अरू शीर्षकहरूले 'यो भजन फलानो भजनको लयमा गाउन सकिन्छ' भन्ने सङ्केत गरे होलान्। उदाहरणको निम्ति, भजन ५७ को शीर्षकमा *'अल-थश्हेत-रागमा'* लेखिएको छ; अनि अल-थश्हेतको शाब्दिक अर्थ 'नाश नगर' हो। हुन सक्छ, त्यस समयमा 'नाश नगर' नामक गीत खूबै प्रख्यात भएको थियो कि? बेला-बेलामा शीर्षकहरूको अर्थ धमिलो छ; यसकारण एन.के.जे.वी.का अनुवादकहरूले हिब्रूका शब्दहरू अनुवाद नगरी जस्तोको त्यस्तै अङ्ग्रजीमा लेख्ने निर्णय गरे। भजन १६ यसको उदाहरण हो, जहाँ शीर्षकमा *'दाऊदको मिक्ताम'*[10] भनेर लेखिएको छ। धन्न, हामीले कुनै भजनबाट उठाउने आशिष यस भजनको शीर्षक बुझेको ज्ञानमा भर पर्दैन।

भजन ५ चाहिँ बिहानको प्रार्थना हो; अनि यस भजनमा परमेश्वरले धर्मी जनप्रति र दुष्ट मानिसहरूप्रति आफ्नो दृष्टिमा आकाश-पातालको भिन्नता राख्नुहुन्छ भन्ने कुराको विषयमा दाऊदले मनन गरेका छन्।

**भजन ५:१-२:** शुरुमा दाऊदले परमेश्वरलाई तिनका शब्दहरूतिर कान मात्र नलगाएर तिनको ध्यानतिर पनि मन लगाइदिनुहुन अनुरोध गरेका छन्। यो एउटा उचित अनुरोध हो। किनभने पवित्र आत्माले हाम्रा मननहरू हामीले बोलेका शब्दहरूजस्तै सजिलोसँग बुझ्न सक्नुहुन्छ।

भजन-रचयिताले परमेश्वरलाई तिनको मनन मात्र होइन, तर तिनको दुहाईको सोर पनि सुनिदिनुहुन आग्रह गरेका छन्। तिनको दुहाईमा केवल शब्दहरू थिएनन्। तर तिनको पुकारको काकु, त्यसको आवाजमा परिवर्तन आएको बुझिन्छ। तिनको सोरमा कुनै उतार-चढ़ाउ भएको हुनुपर्छ, जुन उतार-चढ़ाउले तिनको प्रार्थनाको गहनता र गम्भीरता प्रकट गरेको छ।

दाऊदले यहाँ *'हे मेरा राजा र मेरा परमेश्वर'* भनेर परमप्रभुलाई सम्बोधन गरेका छन्; यसरी तिनको उहाँसितको हार्दिक, व्यक्तिगत, घनिष्ठ सम्बन्ध रहेको कुरा तिनले

व्यक्त गरेका छन्। *'किनकि तपाईंलाई नै म प्रार्थना गर्नेछु;'* यी शब्दहरूद्वारा दाऊदले सुस्पष्ट पारे, कि तिनले अरू कसैलाई होइन, तर केवल एकमात्र सत्य परमेश्वरलाई आफ्नो प्रार्थना चढ़ाउँथे। तिनले भन्न खोजेको यो होः 'अरू कसैलाई होइन, तर तपाईंलाई, हो, केवल तपाईंलाई म प्रार्थना गर्नेछु।' परमेश्वरसितको तिनको सम्बन्ध सुनिश्चित र पक्का थियो भने, परमप्रभुसितको त्यस सम्बन्धले अरू सबै देवीदेवताहरूलाई बाहेक गर्थ्यो।

**भजन ५ः३ः** दाऊदको प्रार्थना अनियमित हुँदैनथियो; तिनले बेला-बखतमा मात्र होइन, तर नित्यै प्रार्थना गर्थे। बिहानैपिच्छे परमप्रभुले तिनको प्रार्थनाको सोर सुन्न पाउनुहुन्थ्यो। बिहानैपिच्छे ती परमेश्वरका जनले स्तुतिप्रशंसा र विन्तीप्रार्थनारूपी बलिदान चढ़ाउँथे; अनि त्यसपछि तिनी दिनभरि परमप्रभुले आफूलाई तिनीकहाँ प्रकट गर्नुहुने प्रतीक्षामा रहन्थे। हामी प्रायःजसो परमेश्वरले हामीलाई दिनुभएका जवाफहरू वास्तै गर्दैनौं; हाम्रो भूल यसैमा छ। यस सिलसिलामा श्री एफ. बी. मेयेरले यसो भनेका छन्:

> 'हामी धेरजसो प्रार्थनाका उत्तरहरू यादै गर्दैनौं र उहाँका जवाफहरू गुमाइपठाउँछौं; किनभने मानौं बन्दरगाहमा फर्कन लागेका पानी-जहाजहरू पर्खिंदा-पर्खिंदा हामी थाकिहाल्छौं।'

**भजन ५ः४-६ः** परमेश्वरको पवित्रता र धार्मिकताको सम्झना गरेर आफ्ना शत्रुहरूको विषयमा सधैं महसुस भएका दाऊदलाई प्रार्थनामा परमप्रभुमाथि भरोसा राख्न अझ टेवा पुगेको छ। ख्रीष्ट-विश्वासीहरूले परमेश्वरको अनुग्रहको सिंहासनको सामु आउने विशेष अधिष्ठान पाएका छन्। भक्तिहीन मानिसहरूको हालत यस्तै होइन। परमेश्वरले कुनै प्रकारको दुष्टता सहन सक्नुहुन्न। खराबीले एकै रात पनि उहाँकोमा वास बस्न पाउँदैन। अहङ्कारीहरूले राजाको दर्शन कहाँ पाउँछन् र!! परमेश्वर सबै कुकर्मीहरूलाई घृणा गर्नुहुन्छ। 'परमेश्वर प्रेम र प्रेम मात्र हुनुहुन्छ; यसैले उहाँले कसैलाई घृणा गर्नै सक्नुहुन्न' भन्ने कुरा कल्पनाको फल हो। किनकि यहाँ प्रस्तुत गरिएको सत्यताले उक्त झूटो धारणा नकारेको छ। उहाँले सबै झूट बोल्नेहरूलाई सजाय दिनुपर्छ; उहाँले सबै हत्याराहरू र छलकपट गर्नेहरूलाई घृणा गर्नुहुन्छ – यो परमेश्वरको पवित्रताको माग हो।

**भजन ५ः७ः** दाऊदका दुष्ट विरोधीहरूले होइन, तर दाऊदले नै तत्कालै परमप्रभुको उपस्थितिमा प्रवेश गर्न पाउँथे। किन? किनभने तिनीमाथि परमेश्वरको असंख्य करुणा र अनुग्रह रहन्थ्यो। प्रगाढ़ श्रद्धा-भक्तिको साथमा तिनले परमेश्वरलाई दण्डवत् गरे। सबै भक्त यहूदीहरूले जस्तै तिनले पनि पवित्र मन्दिरतर्फ फर्केर परमेश्वरको उपासना गरे। तर दाऊदको मृत्युसम्म यरूशलेमको मन्दिर बनिएकै थिएन। यसकारण यस 'मन्दिर' भन्ने शब्दले पवित्र निवासस्थानलाई बुझाएको हुनुपर्छ, जस्तो १ शमूएल १ः९, ३ः३ र २ शमूएल २२ः७ पदमा पनि त्यही अर्थ लाग्छ।

**भजन ५ः८ः** शत्रुहरूको सतावटदेखि हैरान भएर दाऊदले परमप्रभुलाई यसो भनेर विन्ती गरेः 'हे प्रभु, आफ्नो धार्मिक न्याय प्रकाशमा ल्याउनुहोस्, र मलाई चारैतिरबाट आइरहेका खतराहरूबाट सुरक्षित राख्नुहोस् र मेरो सामु तपाईंको बाटो सुस्पष्ट पारिदिनुहोस्!'

**भजन ५ः९ः** अनि त्यसपछि दाऊद ती भजन-रचयिताले परमप्रभुलाई आफ्ना धर्मी दासलाई निर्दोष ठहऱ्याउन र तिनका दुष्ट शत्रुहरूलाई दण्ड दिनको निम्ति बलिया-बलिया तर्कहरू पेश गर्छन्। तिनले भन्छन्:

'तिनीहरूले भनेको एउटै कुरा पनि तपाईं विश्वास गर्न सक्नुहुन्न।' तिनीहरूको अन्तस्करण, तिनीहरूको सोचविचार र तिनीहरूका भावनाहरू अति भ्रष्ट छन् र विनाशकारी हुन्छन्। *'तिनीहरूको घोक्रो खुला चिहान हो'*, किनकि त्यसबाट भ्रष्टाचारको दुर्गन्ध निस्केको छ र त्यसले आफ्ना शिकारहरूलाई खर्लप्पै निल्नै आँटेको छ। तिनीहरू छलकपट गर्ने बानी बसालेका चापलुसहरू हुन्।

**भजन ५:१०:** तिनीहरूले अन्तमा पाउने सजाय न्यायोचित छ। तिनीहरूले आफ्ना अपराधहरूको दण्ड भोग्नुपर्छ। तिनीहरूका दुष्ट युक्तिहरू तिनीहरूको थाप्लोमाथि फर्केर आउनैपर्छ। तिनीहरूको बहिष्कार तिनीहरूका अनगन्ती अपराधहरूको उचित फल हो। परमप्रभु परमेश्वरको विरुद्धमा गरेको तिनीहरूको विद्रोह नै तिनीहरूको प्रमुख पाप हुँदो रहेछ।

**भजन ५:११-१२:** आफ्ना शत्रुहरूसित परमेश्वरको व्यवहार न्याय हो भने, उहाँका मित्रहरूको निम्ति उहाँ सुदृढ़ र सुनिश्चित शरणस्थान हुनुहुन्छ। उहाँ उनीहरूको नित्य रमाउने र हर्षले चिच्च्याउने कारण हुनुहुन्छ। परमप्रभुलाई प्रेम गर्नेहरू सबैले उहाँको बढ़ाइ गरून्! किनकि उहाँ उनीहरूको अचूक रक्षक हुनुहुन्छ। परमेश्वर धर्मी जनमाथि कृपादृष्टि लगाउनुहुन्छ; यसमा कुनै शङ्का छैन। उहाँले उसलाई दयाले घेर्नुहुन्छ, रक्षात्मक ढालले गरेजस्तै।

## भजन ६: दाऊद दुई किसिमका समस्याहरूको चेपमा परेको

दाऊदको निम्ति सिकिस्त बिमारीले पीड़ित हुनु कति नमीठो कुरा थियो भने, त्यहीमाथि तिनका दुश्मनहरूको बढ़्दो चापद्वारा तिनको दुःख असह्य भइरहेको थियो। हुन सक्छ, तिनको आशाहीन अवस्थाबाट ती दुष्ट मानिसहरूले खूब आनन्द लिन्थे होलान्।

**भजन ६:१:** दाऊदले आफ्नो बिमारी कुनै न कुनै पापको कारणले परमेश्वरको ताड़नाको फल ठानेका थिए। अनि आफै बिमारी हुँदा हामीलाई पनि त्यस्तै लाग्छ। तब हाम्रो मनमा 'म कुनचाहिँ पापको फल भोग्दैछु' भन्ने विचार आइहाल्नु स्वाभाविक कुरा हो। अनि कहिलेकाहीं यस अवस्थामा 'मैले पाप गरेको हुनुपर्छ' भन्ने विचार सही पनि होला। किनकि ख्रीष्ट-विश्वासीको जीवनमा स्वीकार नगरिएको पाप छ भने यही कारणले उसलाई कुनै रोगबिमार लाग्न सक्ला (१ कोरिन्थी ११:३०)। तर हामीलाई लागेको रोगबिमार सधैं पापको कारणले हुनुपर्दैन। किनकि परमेश्वरले आफ्नो शक्ति र महिमाको प्रदर्शन गर्न कसैलाई रोग लाग्न र बिरामी हुन दिनुहुन्छ (यूहन्ना ९:३ र ११:४)। उहाँले रोगहरू हामीमा आत्मिक फल पैदा गर्ने साधनको रूपमा (रोमी ५:३) वा पापको रोकथाम गर्नको निम्ति प्रयोग गर्नुहुन्छ (२ कोरिन्थी १२:७)। अथवा हदभन्दा ज्यादा काम गरेकोले कोही बिरामी हुन सक्छ (फिलिप्पी २:३०)। अनि कति रोगबिमारहरू बुढ़ेसकालको फल पनि हुन सक्छन् (उपदेशक १२:३-६)।

जब हाम्रो जीवनमाथि कुनै रोगबिमार आइपर्छ, तब हामीले गर्नुपर्ने पहिलो कामचाहिँ यो होः हाम्रो जीवनमा स्वीकार नगरिएको कुनै पाप छ कि छैन, सो हामीले पत्ता लाउनुपर्छ। त्यसपछि हामीले यस रोगबिमारद्वारा परमेश्वरको उद्देश्य पूरा भएको होस् भनेर प्रभुसित प्रार्थना गर्दै चङ्गाइ माग्नुपर्छ। त्यसपछि कुनै डाक्टरकहाँ गएर औषधी सेवन गर्नु उपयोगी देखिन्छ। तर यस कुरामा हामी सावधान रहनुपर्छ। हाम्रो भरोसाचाहिँ प्रभुमाथि नै रहनुपर्छ, उहाँले

हामीलाई निको पार्न प्रयोग गर्नुहुने साधन-हरूमाथि होइन (२ इतिहास १६:१२)। किनभने सबै प्रकारका चङ्गाइ प्रभुबाटै आउँछन्, चाहे त्यो चङ्गाइ चमत्कार होस्, चाहे त्यो सामान्य चङ्गाइ किन नहोस्। उहाँ कुनै बिमारीलाई चङ्गाइ गर्नुहुन्न भने, उहाँले उसलाई कि त उसको रोग सहने अनुग्रह, कि त मर्न अनुग्रह दिनुहुन्छ। तर जबसम्म हामीलाई मर्नको निम्ति अनुग्रहको आवश्यकता पर्दैन, तबसम्म हामी यस प्रकारको अनुग्रह पाउँदैनौं।

**भजन ६:२-३:** भजनकारले यहाँ सुस्पष्ट शब्द र ढङ्गले चङ्गाइ पाऊँ भन्ने निवेदन गरे। तिनी व्याकुल थिए, किनकि तिनको शरीर क्षीण भएर गइरहेको थियो। तिनका हड्डी-हरूले तिनलाई लगातार पीड़ा र दर्द दिइरहेका थिए। यसबाट तिनको सम्पूर्ण आन्तरिक जीवनमाथि, हो, तिनका भावनाहरू, तिनको सोचविचार र तिनको इच्छा-शक्तिमाथि नराम्रो असर परेको थियो। तिनलाई प्रार्थनाको उत्तर दिन परमप्रभुले साह्रै ढिलो गर्नुभएको लाग्दैथियो। 'कहिलेसम्म?' यो तिनको मनमा उठेको प्रश्न थियो। कहिले उहाँले यी पीड़ित व्यक्तिलाई अनुग्रह देखाउनुहुनेथियो? कहिले उहाँले तिनलाई चङ्गाइ दिनुहुनेथियो?

**भजन ६:४:** दाऊदले परमप्रभुलाई तिनको परबाह नराख्नुभएको व्यवहारबाट मन फर्काएर तिनलाई यस रोगबिमार र सम्भवतः मृत्युबाट बचाउनुहुन अनुरोध गर्छन्। परमप्रभुले तिनलाई त्यस पीड़ाबाट किन छुटकारा दिनुपर्नेथियो? यसको एकमात्र कारण परमप्रभुको अटल कृपा थियो। अनि यही अटल कृपा पाऊँ भनेर तिनले उहाँलाई विन्ती गरे।

**भजन ६:५:** त्यसपछि तिनले आफ्नो चङ्गाइको निम्ति एउटा असाधारण तर्क पेश गर्छन्: यदि दाऊद मरिगए भने यसबाट परमेश्वरलाई केही फाइदा हुनेथिएन। किनभने जबसम्म दाऊद जीवित हुन्थे, तबसम्म तिनले परमप्रभुलाई सम्झेर उहाँको प्रशंसा गर्न सक्नेथिए। तर यदि तिनी मरे भने उहाँको सम्झना नै रहनेथिएन अरे। प्राण निस्केपछि कसैको मृत शरीरले उहाँलाई यस धरतीमा धन्यवाद दिन सक्नेथिएन।

दाऊदको तर्क शरीरको विषयमा केही हदसम्म ठीक थियो; किनकि कुनचाहिँ मृत शरीरमा सम्झना-शक्ति होला त? कुनचाहिँ लासले परमेश्वरको प्रशंसा गर्ला त? तर मृत्युपरको जीवनको विषयमा पुरानो नियमका पवित्र जनहरूसँग सीमित ज्ञान थियो भन्ने कुरा दाऊदको तर्कबाट बुझिन्छ। किनभने तिनको तर्क आत्मा र प्राणको सम्बन्धमा सत्य ठहरिँदैन। तर परमेश्वरलाई धन्यवाद होस्! प्रभु येशू ख्रीष्टले यस विषयमाथि पूरा प्रकाश पार्नुभयो! अब हामी जान्दछौं, कि जब कुनै ख्रीष्ट-विश्वासी मर्छ, तब आफ्नो पार्थिव शरीर छोड़िराखेर ऊ ख्रीष्ट येशूसँग रहन जान्छ; उसको निम्ति यो सर्वोत्तम हो (फिलिप्पी १:२३)। ऊ शरीर-देखि अलग, तर प्रभुसँग हुन्छ; ऊ घर आइ-पुगेछ (२ कोरिन्थी ५:८)। यसकारण बुझ्नुहोस्: ख्रीष्ट-विश्वासी मरेपछि उसको आत्मा विस्मृतिको चिरनिद्रामा रहने होइन, तर ऊ प्रभुको उपस्थितिमा पूरै होशमा हुन्छ, र त्यहाँ उसले उहाँको स्तुतिप्रशंसा र उहाँको उपासना गरिरहन्छ।

दाऊदको पक्षमा हामीले यति भन्नुपर्ला, कि तिनले आफूले पाएको प्रकाशको सदुपयोग गरे; किनकि तिनले त्यो प्रकाश आफ्ना प्रार्थनाहरूसित मिलाए। हामीले पाएको प्रकाश तिनको भन्दा उत्तम प्रकाश हो; त्यो प्रकाश हामीले आफ्नो स्तुति र आफ्नो प्रार्थनाको आदर्श तुल्याएका भए हामीले त्यस प्रकाशको सदुपयोग गर्नेथियौं अनि हाम्रा स्तुतिप्रशंसा र विन्तीप्रार्थनाहरू कति गजब हुनेथिए।

**भजन ६:६-७:** यी पदहरूमा भजनकारले आफ्नो हालत बयान गरेका छन्; यसबाट तिनको दुःखको गम्भीरता हामी अजमाउन सक्छौं। 'हँ, हँ' गर्दै गरेको तिनको नित्य सुस्केरा र करुण क्रन्दनले गर्दा तिनी पूरा खिइसकेका थिए। रातभरि रोएरै तिनले आफ्नो सिरानी भिजाउँथे र आफ्नो पलङ पनि आँसुले निथ्रुक्कै पार्थे। पीर र शोकले गर्दा तिनका आँखाहरू भित्र भासिएका थिए र तिनका सबै शत्रुहरूको अत्याचारले गर्दा तिनको दृष्टि धमिलिँदै गइरहेको थियो। तिनको जीवन मुखसम्म कष्टैकष्टले भरिएको थियो। अनि तिनले अरू बढ़ी दुःख खप्नै सक्दैनथिए।

**भजन ६:८-१०:** तर प्रार्थनाद्वारा परिस्थितिहरूमा परिवर्तन आउँछ-आउँछ। परमेश्वरको आत्माको गुप्त र रहस्यमय सञ्चारद्वारा परमप्रभुले तिनको रोदनको सोर र तिनको प्रार्थना सुन्नुभएको छ भन्ने निश्चयता तिनले प्राप्त गरे। अनि त्यही निश्चयताद्वारा शक्ति पाएर तिनले आफ्ना शत्रुहरूलाई 'हे कुकर्मीहरूहो, मबाट हटिजाओ' भन्ने आदेश दिन्छन्। अबदेखि उसो तिनी तिनीहरूको धम्कीदेखि अलिकति पनि डराउनेछैनन्; किनकि परमप्रभु तिनीहरूलाई दण्ड दिन उठ्नुहुँदा तिनीहरू एकाएक लाजमर्दो प्रकारले परास्त हुनेछन्।

> हे प्रभु, अचम्म, तपाईंको उपस्थितिमा बिताएको एकै घण्टाले हामीभित्र कत्रो परिवर्तन ल्याएको! हाम्रो पिठ्यूँबाट ठूला-ठूला भारीहरू हटाएको! सुक्खा जमिनरूपी हाम्रो मनले पानीको झरीद्वारा सिँचिएझैं कस्तो-कस्तो शीतलता पाएको!
>
> जब हामी घुँड़ा टेक्छौं, तब हामी आफ्नो वरिपरि उठेका सबै समस्याहरू साना हुन गएका पाउँछौं; अनि जब हामी प्रार्थनाबाट उठ्छौं, तब टाढ़ा-नजिकका सबै कुराहरू घमाइला, उत्साही, निर्मल भएका देखा पर्छन्। कमजोर भई हामी घुँड़ा टेक्छौं, तर प्रार्थनाबाट उठ्दा हामी कति बलवान् हुन्छौं, कति!
>
> तब किन, अँ, किन होला, हामी आफ्नो विरुद्ध र अरूको विरोधमा यो गल्ती गरिपठाउँछौं, र हामी सधैं किन बलिया हुँदैनौं? हामी किन बोझले लदिएका हुन्छौं?
>
> हामी किन सधैं कमजोर, सधैं निराश, सधैं हताश हुन्छौं त? हामी किन चिन्तित र विचलित हुन्छौं, जब तपाईं प्रार्थनामा हाम्रो साथमा हुनुहुन्छ? जब तपाईंसँग आनन्द, शक्ति र साहस छँदैछन्?
>
> श्री रिचार्ड चेनुविक्स् ट्रेन्च

## भजन ७: थिचोमिचोमा परेकाहरूको पुकार

*'दाऊदको शिग्गायोन, जुनचाहिँ तिनले बिन्यामिनी कुशका वचनहरूको विषयमा परमप्रभुको निम्ति गाए।'* यस शीर्षकले यो भजन 'शिग्गायोन'को रूपमा पेश गरेको छ। यस विषयमा श्री एफ. डब्ल्यू. ग्राण्टले के लेखेका छन् भने: ' "शिग्गायोन"को अर्थ कि त यात्राको गीत हो, कि त चर्को स्वरमा गाइने उत्साहित तुल्याउने भजन बुझिन्छ, जुन भजन रच्दाखेरि आफ्नो भावनाको तरङ्गमा बग्दै गरेको लेखक कहाँ पुगे, कहाँ?' यहाँ प्रस्तुत गरिएको भजनको विषयवस्तु बिन्यामिनी कुशका वचनहरू थिए। ती कुश नामक व्यक्ति राजा शाऊलको कुलको मानिस थिए; हुन सक्छ, यिनी उनकै सेनाका एक कप्तान थिए, कि कसो हो? जे होस्, यिनी दाऊदको अहितकर दुश्मन थिए। एन.के.-जे.वी.-अंग्रेजी बाइबलमा 'शिग्गायोन'को शब्द 'मनन' वा 'चिन्तन' भनेर अनुवाद गरिएको छ।

**भजन ७:१-२:** दाऊदले आफ्नो प्रार्थनामा आफ्ना पीछा गर्नेहरूबाट छुटकारा पाऊँ भनेर पूरा आवेगपूर्ण अनुरोध गरेका छन्; नत्र ता

तिनी एउटा सहाराहीन भेड़ाको पाठोभैंं हुनेथिए, जुन पाठोचाहिँ एउटा सिंहद्वारा आक्रमण गरिन्छ र पूरा घाइते र निष्प्राण भएको अवस्थामा घिस्स्याएर लगिन्छ।

**भजन ७ः३-५ः** कुश नामक व्यक्तिले दाऊदमाथि अनेक अभियोगहरू लगाएको बुझिन्छ। तिनले शाऊलको ज्यान लिन खोजेका र राजकीय भण्डारहरू आक्रमण गरेर लुटेका आरोपहरू पनि थिए होलान्। तर यस सम्बन्धमा दाऊदले परमप्रभुको सामु आफ्नो सफाइ गरे; किनकि तिनीमाथि लगाइएका अभियोगहरू सरासर झूटा थिए। तिनका हातले कसैलाई लुटेका थिएनन्। तिनले राजा शाऊललाई बदला दिने मौका पाउँदा-पाउँदै तिनले उनीबाट बदला लिएनन्। यदि तिनले अभियोग गरिएका अपराधहरू गरेका हुँदा हुन् ता तिनी यसको निम्ति पूरा जवाफदेही हुनेथिए; हो, तिनी खेदोमा पर्न, पक्राउ खान, हिर्काइन र मारिमाग्न रोजी थिए।

**भजन ७ः६-८ः** तर तिनको हालत त्यस्तो थिएन; यसकारण तिनले साहसपूर्वक परमप्रभुलाई पुकार गर्छन्ः 'हे परमप्रभु, आफ्नो रिसमा उठ्नुहोस्! मेरा शत्रुहरूलाई दण्ड दिनुहोस् र मजस्तै निर्दोष व्यक्तिलाई दोषमुक्त, निरापराधी ठहऱ्याउनुहोस्!' त्यस-पछि तिनले हाम्रो सामु परमेश्वरले ठूलो न्यायजाँच हुने आदेश गर्नुभएको शब्दचित्र कोर्छन्ः मानौं अदालतमा एउटा ठूलो भीड़ भेला भएको छ। परमप्रभु न्याय-आसनमाथि बस्दै हुनुहुन्छ र मानिस-मानिसको बीचमा न्याय गर्नुहुन्छ। दाऊदको एउटै मात्र माग यही थियोः तिनलाई तिनकै धार्मिकता र सच्चाइ-अनुसार न्याय गरियोस्। यो त कत्रो मपाईं भएको सुनिन्छ! तर यस विषयमा हामीले याद गर्नुपर्छ, कि दाऊदले यहाँ आफ्नो जीवनका सबै क्षेत्रहरूमा पूरा निर्दोष छु भन्ने दाबी गरेका होइनन्, तर तिनको विरोधमा लगाइएका अभियोगहरूको सम्बन्धमा मात्र आफू निर्दोष रहेको दाबी गरेका हुन्।

**भजन ७ः९-११ः** 'हो, दुष्ट मानिसहरूको दुष्टताको अन्त भएको होस्' भनेर नौ पदले थिचोमिचोमा परेका परमेश्वरका जनहरूको युगौंदेखिको पुकार व्यक्त गरेको छ। किनकि एक दिन दुष्टको राज्यको अन्त हुनेछ र धर्मी जनहरूले पृथ्वीको अधिकार गर्नेछन्। योचाहिँ हरेक भक्त जनको हृदयको एकमात्र चाहना हो। जुन दिनमा ख्रीष्ट येशू आफ्नो राज्य स्थापित गर्न आउनुहुनेछ, त्यस दिनमा यो सुदिन शुरु हुनेछ। त्यस बेलासम्म धर्मी परमेश्वर जसले मानिसहरूको एक-एक विचार र तिनीहरूका सबै अभिप्रायहरू जान्नुहुन्छ, उही धर्मी परमेश्वर सीधा चाल चल्नेहरू सबैको ढाल र रक्षक हुनुहुन्छ। अनि धर्मी न्यायकर्ताको रूपमा उहाँ दिनहुँ दुष्ट मानिसहरूसित क्रोधित हुनुहुन्छ।

**भजन ७ः१२-१३ः** परमेश्वरसँग हतियार-हरूको भरपूर भण्डार छ। दुष्ट मानिसहरूले पश्चात्ताप गर्नुपर्छ; नत्र ता उहाँले आफ्नो तरवारमा सान लाउनुहुनेछ र आफ्नो धनुको ताँदो चढ़ाउनुहुनेछ, आफ्ना अग्निवाणहरू हान्नको निम्ति। परमेश्वरका सबै हतियारहरू घातक हुन्छन्।

**भजन ७ः१४-१६ः** अन्तमा, दाऊद यस कुरामा निश्चित भए, कि तिनको शत्रुले जे छरेको थियो, त्यसैको कटनी गर्नेछ। त्यसको पापको क्रम यस प्रकारको छः पहिले त्यस पापको गर्भधारण हुन्छ, त्यसपछि त्यसको निम्ति पापीको मनमा गर्भवती हुने समय आउँछ, त्यसपछि त्यो जन्मिन्छ र अन्तमा त्यसको निम्ति चिहान पनि तयार हुन्छ। दाऊदको शत्रुले पहिले तिनलाई मार्ने युक्ति रच्यो। नभन्दै त्यसको मन दुष्ट विचारहरूले भरिपूर्ण भयो। त्यसपछि त्यसले आफ्नो दुष्ट छली युक्ति काममा परिणत गर्न खोज्यो; तर त्यसले सोचेजस्तो भएन। त्यो दुष्ट त आफूले

थापेको पासोमा पो पऱ्यो। त्यसले दाऊदको विरुद्धमा रचेका सबै उपद्रव र हिंसाचाहिँ त्यसकै थाप्लोमाथि आइपरे। त्यसको भाग्य पल्टयो-पल्टयो, कसरी, कुन्नि ?

**भजन ७:१७:** *'परमप्रभुको धार्मिकताको खातिर म उहाँको प्रशंसा गर्नेछु र परमप्रधान परमप्रभुको नामको स्तुति गाउनेछु।'* परमेश्‍वरको यस पक्षपातरहित न्यायले दाऊदमा तिनको हृदयबाट परमप्रभुलाई धन्यवाद चढ़ाउने प्रेरणा दिलायो; अनि तिनले परमप्रधान परमप्रभुको नामको स्तुति गाए।

## भजन ८: मानिस के हो ?

परमेश्‍वर यति महान् हुनुहुन्छ, कि उहाँको महानता अवर्णनीय छ। अनि मानिसचाहिँ ? उहाँको तुलनामा मानिस असाध्यै सूक्ष्म र क्षुद्र प्राणी हो; र पनि परमेश्‍वरले मानिसलाई ठूलो महिमा र आदर दिनुभयो। यस अद्‌भुत कुराले दाऊदमा ठूलो आश्‍चर्य उत्पन्न गरेको थियो, जुन आश्‍चर्य तिनले यस भजनमा असल प्रकारले व्यक्त गरे।

**भजन ८:१:** कसैको देख्ने आँखा छ भने, उसले सारा सृष्टिमा परमप्रभुको महानता झल्केको स्पष्टसँग देख्छ। प्रकृतिको हरेक क्षेत्रमा सृष्टिकर्ताको अत्यन्त बुद्धि र शक्तिको निम्ति प्रमाणहरू प्रशस्त छन्। परमेश्‍वरको महिमा आकाशहरूभन्दा पनि उच्च छ। ग्रहहरूले के, ताराहरूले के, अँ, असिमित ब्रह्माण्डले परमेश्‍वरको महानताको एक छेउको मात्र झलक दिन्छ। तर आजका दुनियाँभरिका विकसित भनाउँदाहरूले प्रशस्त प्रमाणहरू हुँदा-हुँदै पनि सृष्टिकर्तालाई प्रमाणित गर्ने कुनै ठोस प्रमाण नभएको जस्तै व्यवहार गर्छन्।

**भजन ८:२:** तर यता दूधे बालकहरूले आफ्नो निष्कपट विश्‍वासमा सरल बाल-गीतहरू गाएर परमेश्‍वरको महानताको वर्णन गर्छन्। ख्रीष्ट येशूले भन्‍नुभएको जस्तैको त्यस्तै भयो: परमेश्‍वरले यी कुराहरू बुद्धिमान् र समझदार मानिसहरूबाट छिपाउनुभयो र दूधे बालकहरूकहाँ प्रकट गर्नुभयो (मत्ती ११:२५)।

यी बालकहरूलाई हामी जुनै पनि प्रकारले लिन सक्छौं, अक्षरशः लिन सक्छौं अथवा प्रभु येशूमाथि नानीकै जस्तो विश्‍वास भएका उहाँका चेलाहरू सम्झौं, यी बालकहरू प्रभुका शत्रुहरूको विरोधमा उहाँको बलियो मोर्चा भएका छन्; यो सत्य हो। धेरै पल्ट कुरा यस्तो छः कुनै साधारण प्रश्‍न सोधेर अथवा भोला प्रकारको जाँचबुझ गरेर तिनीहरूले परमेश्‍वरका वैरीहरूको मुख बन्द गर्न सक्छन्। जसरी सानो आलपिनको घोचाइले एउटा ठूलो बेलुन फुटाउँछ, ठीक त्यस्तै गरी ख्रीष्ट येशूका साधारणभन्दा साधारण अनुयायीहरूले ती मानिसहरूको अभिमान र तिनीहरूका बहानाहरू भुइँमा झार्छन्, जुन मानिसहरूले बड़ो धाक पिट्‌दै सृष्टिमा र मानिसहरूको इतिहासमा परमेश्‍वरको हात भएको कुरा इन्कार गर्छन्।

**भजन ८:३:** विज्ञानको अरू कुनै विभाग नै छैन, जुन विभागले खगोल-विज्ञानले जस्तै सुस्पष्ट रूपले परमेश्‍वरको महानता र मानिसको नगण्य अल्पता प्रकट गर्छ। एउटा सामान्य कुराले मैले भन्‍न खोजेको तात्पर्य के हो, सो सुस्पष्ट पार्छः आकाशमण्डल यति विशाल छ, कि त्यसका दूरीहरू नाप्न 'प्रकाश-वर्ष' भन्‍ने नाप प्रयोग गर्नुपर्छ। एक वर्षभित्र प्रकाश पार गर्ने दूरी प्रकाश-वर्ष भनिन्छ। प्रकाशले एक सेकेन्डमा १,८६,००० माइल पार गर्छ। अनि एक वर्षमा एकतीस करोड़ पचास लाख (३१,५०,००,०००) सेकेन्ड हुन्छन्। यसो हो भने, एक वर्षमा प्रकाशले लगभग साठी खरब माईल पार गर्छ ($9.4607 \times 10^{12}$ kilometres)।

तर कति ताराहरू छन्, जुनचाहिँ पृथ्वीदेखि अरबौं-खरबौं प्रकाश-वर्षहरू टाढ़ा छन्। यही कारणले यस किसिमको गणन-पद्धतिलाई 'अपरिमित गणाना' भनिन्छ।

रातको समयमा आकाशलाई नियालेर हेर्नुहोस्! तब तपाईंको मनमा परमेश्वरको विषयमा महान्-महान् विचारहरू उठ्नेछन्। चन्द्रमा र ताराहरू उहाँका औंलाहरूको काम हुन्। हामीले असङ्ख्य ताराहरू, ब्रह्माण्डका विशाल दूरीहरू र ग्रहहरू आ-आफ्ना परिक्रमा-पथमा सम्हाल्ने अपार शक्ति र त्यसको गणितीय शुद्धताको विषयमा विचार गर्‍यौं भने, हाम्रो दिमाग निक्कै खलबलिन्छ।

**भजन ८:४:** ब्रह्माण्डको तुलनामा पृथ्वीचाहिँ एउटा धूलाको कण मात्र हो। तब यस ग्रहमाथि बस्ने एकजना मानिस के हो र? तरै पनि परमेश्वर एक-एक मानिसमा चासो राख्नुहुन्छ। उहाँ हरेक मनुष्यको चिन्ता गर्नुहुन्छ। हामीमा उहाँको व्यक्तिगत, अन्तरङ्ग वास्ता यस्तो छ।

**भजन ८:५:** परमेश्वरले मानिसलाई आफ्नै स्वरूपमा र आफ्नै समानतामा बनाउनुभयो। मानिस परमेश्वरभन्दा[11)] कम हो; तापनि परमेश्वर र मानिसका कति समान क्षमताहरू छन्, जुनचाहिँ पृथ्वीमा भएको अरू कुनै प्राणीसँग छैनन्। परमेश्वरले सृष्टि गर्नुभएका सबै थोकहरू 'असल' थिए; तर सृष्टि गरिएको मानिस 'धेरै असल' थियो, अर्थात् पृथ्वीमाथि उहाँको सर्वोच्च रचना थियो।

**भजन ८:६-८:** पृथ्वीमाथि परमेश्वरले मानिसलाई उहाँको प्रतिनिधिको रूपमा सबै किसिमका पशुहरू, चराहरू, माछाहरू र घस्रने जन्तुहरूमाथि प्रभुत्व दिनुभयो। मानिसको अधीनतामा नसुम्पिएको कुनै थोक नै थिएन।

तर हिब्रू २:५-९ पदको खण्डअनुसार वर्तमान समयमा मानिसले यस प्रकारको सर्वमान्य शासन-अधिकार जमाउन सकेको छैन। कुकुरहरूले मानिसमा भुक्छन्, साँपहरूले मानिसलाई डस्छन्, चराहरू र माछाहरू मानिसको जालदेखि उम्कन्छन्। यसको निम्ति एउटा स्पष्टीकरण चाहिन्छ। आदमद्वारा संसारमा पाप पस्यो; अनि त्यस बेलामा मानिसले पशुप्राणीहरूमाथि भएको प्रभुत्व गुमायो।

तर परमेश्वरको उद्देश्य स्थिर र सुदृढ़ रहेको छ। उहाँले उर्दी गर्नुभयोः मानिसले प्रभुत्व चलाउने नै छ। अनि कुनै कुराले परमेश्वरको यो उद्देश्य छेकथुन गर्न सक्दैन। हो, हामी वर्तमान समयमा सबै कुराहरू मानिसको वशमा रहेका देख्दैनौं। तर हामी येशूलाई देख्छौं, जसद्वारा एकदिन मानिसको प्रभुत्व उसको हातमा फेरि स्थापित गरिनेछ। जब ख्रीष्ट येशू यस पृथ्वीमा आउनुभयो, तब उहाँ केही समयको निम्ति स्वर्गदूतहरूभन्दा केही कम हुनुभयो; किनकि मानिस-जातिका निम्ति आफ्नो प्राण दिन उहाँ मानिस बन्नुपरेको थियो। तर अब उहाँ महिमा र आदरको मुकुट पहिरेको अवस्थामा परमेश्वर पिताको दाहिने हातपट्टि बस्नुभएको छ। एक दिन ख्रीष्ट येशू मानिसका पुत्रको रूपमा फेरि यस पृथ्वीमा आउनुहुनेछ, र राजाहरूका महाराजाधिराज र प्रभुहरूका परमप्रभुको रूपमा राज्य गर्नुहुनेछ। अघि पहिलो आदमले गुमाइपठाएको त्यो प्रभुत्व दोस्रा आदमले यस हजार वर्षको राज्यमा फेरि सम्हाल्नुहुनेछ।

**भजन ८:९:** तब दाम तिरेर छुटाइएका परमेश्वरका जनहरूले धन्यवादको साथ निम्न स्तुतिगान गाउन साथ दिनेछन्: *'हे परमप्रभु, हाम्रा प्रभु, सारा पृथ्वीभरि तपाईंको नाम कति उत्तम छ!'*

## भजन ९ः प्रतिफलको दिन आउँदैछ ! !

कल्दी भाषाको पुरानो नियमको अनुवादमा लेखिएको अभिलेख ठीक हो भने, दाऊदले यहाँ, यस भजनमा गोल्यतमाथि विजय प्राप्त गरेको विजयोत्सव मनाइरहेका छन्। तर तिनले यस भजनमा आफ्नो यो विजय नाघेर टाढ़ासम्म हेरिरहेका छन्। तिनले परमेश्वरको अन्तिम विजय देख्न सके, किनकि एक दिन उहाँ आफ्ना शत्रुहरूमाथि पूरा रूपले विजयी हुनुहुनेछ। यो भजनचाहिँ एउटा अक्षरबद्ध कविता हो, जुनचाहिँ हिब्रू वर्णमालाको प्रथम भागका आधा अक्षरहरूमाथि आधारित हुन्छ। [12)]

**भजन ९ः१-२ः** परमेश्वरका सबै अचम्मका कामहरूले गर्दा दाऊद, इस्राएली जातिका ती मधुर गायक, हर्षले उल्लसित हुन्छन्। तर सृष्टिको उत्पत्ति हुँदा र आफ्ना जनहरूलाई दाम तिरेर छुटकारा गर्दा परमेश्वरले देखाउनुभएका कामहरू यहाँ, यस भजनमा तिनको विषयवस्तु भएनन्, तर तिनले इस्राएली जातिका शत्रुहरूलाई प्रहार गरेर जित्दा उहाँले काममा लगाउनुभएका हिम्मत र कमालमाथि आफ्नो ध्यान लगाएका हुन्छन्। दाऊदले यसको निम्ति आफूलाई होइन, आफ्ना हतियारहरू वा युद्धवीरतालाई पनि होइन, तर सारा श्रेय परमेश्वरलाई दिन्छन्। आफ्नो पूरा शक्तिले तिनले परमप्रधानको नामको बढ़िबढ़ाइ र महिमा गर्छन्। परमप्रभुप्रति तिनको प्रेम र भक्ति उदाहरणीय छ। तब हामी हाम्रा प्रभुको निम्ति मनतातो र असक्रिय कसरी हुने? यस प्रकारको दोष हामीलाई कहिल्यै नलागोस्।

**भजन ९ः३-४ः** त्यसपछि तिनले परमेश्वरको निर्णायक महायुद्धको विषयमा मनन गर्छन्। दाऊदले यहाँ व्यक्त गरेका शब्दहरू हाम्रा प्रभु येशू ख्रीष्टको दोस्रो आगमनमा मात्र सम्पूर्ण रूपले पूरा हुनेछन्। उहाँको दृश्यको एकै झलकमा शत्रुहरू पछि हटेर भाग्नेछन्। आत्तिएर तिनीहरू छताछल्ल र पानीआन्द्रे हुनेछन्, तिनीहरू पछारिनेछन्, उम्कनुभन्दा अघि तिनीहरू नाश हुनेछन्। त्यस दिनमा आफ्नो महिमित सिंहासनमाथि बस्नुहुने महाराजाले धर्मी जनहरूलाई निर्दोष ठहऱ्याउनुहुनेछ। धार्मिक न्याय कस्तो हुँदो रहेछ, सो कुरा पृथ्वीले अन्तमा चाख्नेछ।

**भजन ९ः५-६ः** थिचोमिचो गर्ने अन्य-जातिहरूले नमीठो, तिक्त हप्की खानुपर्नेछ, अनि इस्राएली जातिका सबै शत्रुहरूको नामनिशान कहिल्यै सम्झनामा नआउने गरी मेटिनेछ। तिनीहरूले साह्रै घमण्ड गरेको तिनीहरूकै सभ्यताका भग्नावशेषहरूमा तिनीहरूको दफन हुनेछ। अमर देखा परिरहेका महानगरहरू पूरै उखालिनेछन्। वाशिङ्टन, मस्को, बीजिङ्ग र दिल्लीजस्ता नामहरू सधैंको निम्ति बिर्सिनेछन्।

**भजन ९ः७-८ः** विरोधीहरू सबै सखाप हुनेछन्; तर परमप्रभु सधैंभरि रहिरहनुहुनेछ; उहाँ सधैं धर्मी र विश्वासयोग्य रहनुहुन्थ्यो, रहनुहुन्छ र रहनुहुनेछ। उहाँ आफ्नो महिमाको सिंहासनमाथि बस्नुहुनेछ, र उहाँले पूर्ण धार्मिकताको साथ यस संसारमाथि शासन गर्नुहुनेछ। हरेक मानिसले उहाँबाट उचित व्यवहार पाउनेछ। प्रेरित पावलले एथेन्समा दिएको सन्देशमा यस भजनको आठ पदको पहिलो खण्ड प्रयोग गरेका छन्, जब उनले यसो भनेः *'त्यस अज्ञानताको समयहरू परमेश्वरले वास्ता गर्नुभएन; तर अब उहाँले सबै ठाउँका सबै मानिसहरूलाई पश्चात्ताप गर्ने आज्ञा गर्नुहुन्छ। किनभने उहाँले एउटा दिन ठहऱ्याउनुभएको छ, जुन दिनमा उहाँ आफूले नियुक्त गर्नुभएको मानिसद्वारा धार्मिकतापूर्वक संसारको न्याय गर्नुहुनेछ, जुन मानिसलाई बौराएर उठाईकन उहाँले सबै*

*मानिसहरूलाई यस कुराको प्रमाण दिनुभएको छ'* (प्रेरित १७:३०-३१)। उनले स्पष्ट पारे, कि भावी न्यायमा न्यायकर्ताको मुख्य भूमिका खेल्नुहुने व्यक्तिचाहिँ बौरिउठ्नुभएको प्रभु येशू ख्रीष्ट हुनुहुनेछ।

**भजन ९:९-१०:** यस संसारमा थिचोमिचोमा परेका भीड़ैभीड़ मानिसहरू छन्, जसले उहाँमा आफ्नो उच्च गढ़ र कहिल्यै नचुक्ने अमोघ शरणस्थान पाएका छन्। उहाँलाई र उहाँको नाम चिन्नेहरू सबैले उहाँमाथि भरोसा राख्नेछन्, किनकि उहाँले आफ्ना जनहरूको आशा कहिल्यै निराशा हुन दिनुहुन्न।

**भजन ९:११-१२:** इस्राएली जातिले परमप्रभुको स्तुति गाउनेछ; यति मात्र होइन, तर यस जातिले अन्यजाति मानिसहरूकहाँ सुसमाचार पुऱ्याउने कर्तव्य पनि पूरा गर्नेछ, जुन सुसमाचारमा यिनीहरूले परमप्रभुका अद्भुत छुटकाराहरूको घोषणा गर्नेछन्। उहाँले आफ्ना जनहरूको रक्तपातको बदला फेर्नुहुनेछ। उहाँले उनीहरूका दुःखकष्टहरूको बेवास्ता गर्नुभएको छैन; यसो सोच्नु सरासर गलत हो। उनीहरूका प्रार्थनाहरूको उत्तर उहाँ नदिई छोड्नुहुन्न।

**भजन ९:१३-१४:** हजार वर्षको राज्यरूपी वातावरणहरू अहिलेसम्म भएकै छैनन्। भजन ९:१३ र १४ पदहरूले हामीलाई झट्का दिएर हामीलाई कष्टकर वर्तमानमा फर्काएर ल्याउँछन्। दाऊदलाई अझ पनि परमेश्वरको दयाको खाँचो परेको थियो; तिनलाई शत्रुबाट रक्षा पाउन आवश्यकता परिरहेको थियो; किनकि सियोनका मूलढोकाहरूले फेरि पनि तिनले गाएका प्रशंसाका गीतहरूको प्रतिध्वनि गर्नु छ।

**भजन ९:१५:** त्यसपछि तिनी फेरि एकपल्ट त्यस भावी समयमा हाम फाल्छन्, जुन समयमा गैर-यहूदी जातिहरू त्यस खाड़लमा पर्नेछन्, जुन खाड़ल तिनीहरूले यहूदीहरूका निम्ति खने। परमेश्वरका प्राचीन जनहरूको निम्ति फैलाएको जालमा तिनीहरू आफै फसे। इतिहास दोहोरिन्छ। हामानको घटना दोहोरिन्छ, जुन हामानचाहिँ त्यस फाँसीको काठमा झुन्डियो, जुन काठ त्यसले मोर्दैकैलाई झन्ड्याउन खड़ा गरेको थियो।

**भजन ९:१६:** परमप्रभुले आफूलाई प्रकट गर्नुहुनेछ, जसले 'जस्तालाई तस्तै, ढिँड़ोलाई निस्तै' भनेझैं भक्तिहीन मानिसहरूलाई तिनीहरूले छरेको कामको कटनी गर्न दिनुहुनेछ। परमेश्वरलाई ठट्टामा उड़ाउन सकिँदैन।

'हिग्गायोन सेलाको अर्थ यही हो' तोकेर भन्न सकिँदैन। हुन सक्छ, यसको अर्थ गम्भीर ध्वनि हुन्छ होला। (तपाईंले यसको स्पष्टीकरणको निम्ति भजन ३ को टिप्पणीमा हेर्नहोला)।

**भजन ९:१७:** जब दाऊदले *'दुष्टहरू अधोलोकमा फर्कनेछन्'* भनेर भन्छन्, तब तिनले यस वाक्यको अर्थ यी दुष्ट मानिसहरू शरीरदेखि अलग भएको अवस्थामा छन्, अथवा तिनीहरू मरेर चिहानमा पुगेको कुरामा सीमित राख्न खोजेका होइनन्। यहाँ सन्दर्भको माग अर्को छः यहाँ त्यस वाक्यको अर्थ नरक नै हुनुपर्छ; किनभने नरकको कहिल्यै ननिभ्ने आगोको कुण्डचाहिँ परमेश्वरलाई बिर्सने सबै जातिहरूको भाग हुनेछ।

**भजन ९:१८:** अनि यो पनि सुनिश्चित छः खाँचोमा परेकाहरू सधैंभरि बिर्सिनेछैनन्। यो वाक्य नोक्सको अनुवादमा यस प्रकारको छः 'कष्टमा परेकाहरूको धैर्य खेर जानेछैन।' तिनीहरूले आशा गरेका सबै कुराहरू हजार वर्षको राज्यमा पूरा हुनेछन्।

**भजन ९:१९-२०:** धार्मिकताको भावी राज्यको विषयमा दाऊदले गरेका विचारहरूले तिनमा 'तपाईंको राज्य छिट्टै आओस्' भन्ने उत्कट चाहना जगाएका छन्। तत्कालै तिनको

मनमा निम्न प्रार्थनाको सृजना भयोः 'हे परमप्रभु, अन्यजातिका मानिसहरूको न्याय गर्न उठ्नुहोस्! तिनीहरूको युक्ति विफल पार्नुहोस्, र "हामी कति तुच्छ, कति दुर्बल र मरणशील मानिस रहेछौं" भन्ने कुरा तिनीहरूले बुझून्।'

## भजन १०ः हेर्नुहोस्, एक नम्बरको सार्वजनिक शत्रु यही हो !

यहाँ, यस भजनमा भजनकारले त्यस परम दुष्टको वर्णन गर्दा हिब्रू वर्णमालाको दोस्रो भागका अक्षरहरूमाथि आधारित एउटा अक्षरबद्ध कविता प्रस्तुत गर्छन्।[13] 'एक नम्बरको सार्वजनिक शत्रु' नामक व्यक्तिचाहिँ यसो हेर्दा पापको मूर्तरूप भएको देखिन्छ। यसकारण हाम्रो निम्ति त्यसको सम्बन्ध 'पापको पुरुष'सित जोड्नु स्वाभाविक कुरा हो, जुन पापको पुरुषचाहिँ सात वर्षको सङ्कष्टकालको शुरुमा खड़ा हुनेछ। त्यस विनाशको पुत्रले आफैलाई ईश्वर मानिएको जुनसुकै पूजनीय व्यक्तिको विरोधमा उचाल्नेछ। यरूशलेममा भएको परमेश्वरको मन्दिरमा आफ्नो आसन ग्रहण गरेर त्यसले 'परमेश्वर म नै हुँ' भनेर घोषणा गर्नेछ (२ थिस्सलोनिकी २ः३-४)। त्यसको पूजा गर्न नमान्नेहरूले आर्थिक दण्ड भोग्नुपर्नेछ, तिनीहरू सतावटमा पर्नेछन्, तिनीहरूले मृत्यु-दण्ड पाउनेछन्।

### क) भजन १०ः१ः परमेश्वरले मौन-धारण गर्नुभएको

यस भजनको शुरुमै यो प्रश्न पेश गरिएको छ, जुन प्रश्न ढिलो-छिटो हामी सबैको मनमा आउँछः 'निर्दोष मानिसहरूले दुःख पाइरहेका र दुष्ट मानिसहरूले निर्विरोध र निर्विवादको साथ राज्य गरिरहेको बेलामा परमप्रभु किन चुप रहनुभएको?' योजस्तै अरू रहस्यमय कुराहरू छन्, जुन रहस्यहरूले हामीलाई हाम्रो विश्वास कार्यरत तुल्याउने प्रेरणा गर्छन्, हामीलाई त्यो कुरा नबुझे पनि विश्वास गर्ने प्रोत्साहन दिन्छन् र अन्त्यसम्म धैर्यपूर्वक विश्वासमा स्थिर रहने चुनौती दिन्छन्।

### ख) भजन १०ः२ः अत्याचारमा परेकाहरूले चढ़ाएको प्रार्थना

सहन नसकिने अति अहङ्कार र हुङ्कारको साथ दुष्ट मानिसहरूले कति पनि दयामाया नराखी निरन्तर असहाय पवित्र जनहरूको पाइलोखेदो गर्छन्। तब तिनीहरू धर्मी जन-हरूका निम्ति रचेका आफ्नै दुष्ट युक्तिहरूमा फस्नुचाहिँ निस्सन्देह तिनीहरूका निम्ति न्यायोचित दण्ड ठहरिन्छ।

### ग) भजन १०ः३-११ः शत्रुको परिचय

**भजन १०ः३-४ः** आफूले रचेको एक-एक युक्तिको विषयमा घमण्ड गर्नु नै दुष्टको विशेषता हो। धनी हुने तीव्र अभिलाषाले उन्मत्त भएर त्यसले परमेश्वरको निन्दा गर्छ र उहाँलाई तिरस्कार गर्छ; किनकि जसले सुनको पूजा गर्छ, त्यसले परमेश्वरलाई त्यागेको हुनुपर्छ। आत्मसन्तुष्टि र आत्म-निर्भरताचाहिँ त्यसको जीवन-चरित्र हो। त्यसलाई 'मलाई परमेश्वर चाहिँदैन' भनेझैं लाग्छ, र परमेश्वर नहुनुभएको जस्तै त्यो निष्फिक्री भई जिउँछ।

**भजन १०ः५-६ः** सबै कुराहरू त्यसले चाहेजस्तै हुँदै जान्छन् र भइरहेका हुन्छन्। अरू मानिसहरूमाथि आइपर्ने दुःखकष्ट-हरूदेखि जसोतसो त्यो उम्कन्छ। परमेश्वरले आफ्ना जनहरूको निम्ति स्थापित गर्नुभएका निर्देशनहरूदेखि त्यो दुष्ट मानिस धेरै पर बस्छ। त्यसले आत्मिक तथ्यहरू बुझ्न सक्दैन, न ता ईश्वरीय नियमहरू नै बुझ्न सक्छ। त्यसले ठूलो घृणाले आफ्ना सबै शत्रुहरूलाई खिसी गर्छ। त्यसको विचारमा,

कुनै कुराले त्यसको शान्ति-सुरक्षा भङ्ग गर्न सक्दैन। बाँचुन्जेल कष्टमुक्त जीवन जिउने त्यसको आशा छ।

**भजन १०:७-८:** त्यो जहाँ छ, त्यहाँ ईश्वर-निन्दा गरिन्छ-गरिन्छ; त्यसको वातावरण यस्तै हुन्छ। त्यो आफूले अरू कसैलाई धोका दिन सक्दैन भने, त्यसले अरूलाई यसो गर्न लाउँछ-लाउँछ। त्यसको बोलीले कहिल्यै पनि कसैको उत्थान गर्दैन, कसैको भलाइ गर्दैन। अपराध र विनाश जहिले पनि त्यसको बोलीका विषयवस्तु हुन्। अरू डाँकाहरूजस्तो त्योचाहिँ सुरक्षा-व्यवस्था नभएका लुक्ने ठाउँहरूमा निर्दोष-हरूलाई आक्रमण गर्न ढुकेर बस्छ। अनि जब तिनीहरू त्यहाँबाट भएर जान्छन्, तब त्यसले तिनीहरूलाई गोली हानेर मार्छ। त्यसले जहिले पनि निष्फिक्रीसँग जिउनेहरू र सहाराहीन हुनेहरूमाथि आफ्ना आँखा गाड्छ।

**भजन १०:९-११:** आफ्नो ओड़ारमा बसेको सिंहले झैं आफ्नो शिकारमाथि झम्टन त्यो चाल मारेर बस्छ। शिकारीले झैं त्यसले आफ्नो शिकार जालमा फसाउँछ-फसाउँछ। धम्काएर होस्, कि शोषण गरेर होस्, घूस खुवाएर कि कमारा बनाएर वा हत्या गरेर होस्, त्यसले आफ्नो शिकार आफ्नो हातमा पार्छ-पार्छ। त्यसको शिकार बन्न पुगेको बिचरा त्यस अपराधीको ठूलो शक्तिद्वारा ढालिएको हुन्छ। हताश-निराश भएर उसलाई 'परमेश्वरले मलाई बिर्सनु-भएछ; उहाँले मतिर होइन, तर अन्तै कतातिर हेर्दै हुनुहुँदो रहेछ। उहाँले आफ्नो छोराछोरीको दुर्दशा देख्नुहुन्न रहेछ' जस्तै लागेको छ।

### घ) भजन १०:१२-१८: विश्वासयोग्य हुनेहरूको पुकार

**भजन १०:१२-१३:** तर अब परमप्रभुको निम्ति उठ्ने र काम गर्ने समय आएको छ। अब थिचोमिचो गर्नेको न्याय गर्न उहाँ आफ्नो हात उठाउनुहुन्छ; अब उहाँ कष्टमा परेका-हरूमाथि दया देखाउनुहुन्छ। किन दुष्टका सेनाहरूले आफ्नो भक्तिहीनता र आफ्नो अधर्ममा लागिरहन पाऊन्? परमेश्वरले तिनीहरूका अपराधहरूको लेखा लिनुहुनेछैन भन्ने सोचबाट तिनीहरूले किन साहस लिन पाऊन्?

**भजन १०:१४-१५:** तर परमेश्वरले देख्नुभएको छ। उहाँले एक-एक अन्याय र एक-एक अपराधको हिसाब लिइराख्नुहुन्छ; किनकि उहाँले आउँदो दिनमा त्यसको निम्ति सठीक बदला फेर्नुहुनेछ। यसकारण असहायले आफूलाई परमेश्वरको हातमा सुम्पेको व्यर्थ हुँदै होइन। के परमेश्वरले कयौं पल्ट आफूलाई अनाथहरूको मित्र ठहऱ्याउनुभएको छैन र? परमप्रभुले विश्वासयोग्य हुनेहरूका पुकारा सुन्नुभएको छ; उहाँले दुष्टको पाखुरा भाँचिदिनुहुनेछ; उहाँले त्यसको एक-एक दुष्टताको पर्दाफास गर्नुहुनेछ र त्यसको एउटै खराबीलाई दण्ड नदिई छोड्नुहुनेछैन।

**भजन १०:१६:** त्यो बदला लिने दिन कहिले हुनेछ? त्यो दिन तब शुरु हुनेछ, जब यस संसारका राज्यहरू हाम्रा प्रभुका र उहाँको ख्रीष्टका हुनेछन् (प्रकाश ११:१५)। तब यी सताउने दुष्ट जातिहरू नाश हुनेछन्, जसरी भविष्यवक्ता यशैयाले यसो भविष्यवाणी गरेका छन्:

'*हेर, तिमीसँग क्रोधित हुनेहरू सबै लज्जित हुनेछन् र शर्ममा पर्नेछन्, तिनीहरू शून्यसरह हुनेछन्। अनि तिमीसँग झगड़ा गर्नेहरू नाश हुनेछन्। तिमीले तिनीहरूलाई खोज्नेछौ, तर तिनीहरूलाई भेट्टाउनेछैनौ, ती तिमीसँग झगड़ा गर्नेहरूलाई। तिमीसँग लड़ाइँ गर्ने मानिसहरू शून्यसरह र व्यर्थका ठहरिनेछन्। किनकि म, परमप्रभु तिम्रा परमेश्वरले तिमीलाई यसो भन्दै तिम्रो दाहिने*

*हात समात्नेछुः "नडराऊ, म तिमीलाई सहायता गर्नेछु" '* (यशैया ४१ः११-१३)।

**भजन १०ः१७-१८ः** हामी यस कुरामा पूरा निश्चित हुन सक्छौंः पमरप्रभुले नम्र-हरूका प्रार्थनाहरू सुन्नुहुनेछ र उत्तर दिनुहुनेछ। उहाँले हरेक परीक्षाको साथमा तिनीहरूलाई पापसित नहार्ने अनुग्रह दिनुहुनेछ। अनाथ र थिचोमिचोमा परेकाहरूको न्याय गर्न उहाँले कम्ती दुःख उठाउनुहुनेछैन। परमेश्वरको स्तुति होस्! त्यो भावी दिन आउन लागेको छ, जुन दिनदेखि उसो पृथ्वीको कुनै मानिसले गरिब र असहायहरूलाई कहिल्यै थिचोमिचो गर्न पाउनेछैन।

## भजन ११ः जब भरोसा गर्न सकिन्छ, तब किन भाग्ने ?

भजन ११ चाहिँ निराशाजनक मुख्य समाचारहरूको विष झार्ने औषधीको काम गर्छ। जब हामी केवल लड़ाइँ, हिंसा, अपराध, भ्रष्टाचार र राजनीतिक अशान्ति आदि नकारात्मक विषयहरूको बारेमा नराम्रा समाचारहरू सुन्छौं, तब दाऊदले हामीलाई के सम्झाउँछन् भने, आफ्नो नजर प्रभुतिर उठाएर र उहाँमाथि आफ्ना आँखाहरू लगाएर नै हामी त्यस्ता स्थिति-परिस्थितिहरूदेखि माथि उड्न सक्छौं।

हामी यहाँ दाऊदलाई कल्पना गर्न सक्छौं, जसले जब आफ्नो घरको ढोका खोले, तब स्याँ-स्याँ र फ्याँ-फ्याँ गर्दै गरेको एकजना मानिस स्वाट्टै तिनको घरभित्र पस्यो। यस मानिसको अनुहारको रङ फिका र नियाँस्रो थियो भने यसको उत्तेजनाले यसका आँखाहरू एकैक्षणमा निस्केलान् झैं ठूला भएका थिए, र यसका ओठहरू थरथर कामिरहेका थिए। अनि यस मानिसले क्षण-क्षणमा रोक्दै गरेको आवाजमा र बोल्दाखेरि बीच-बीचमा हप्याक-हप्याक लामो सास फेर्दा दाऊदलाई आउनै लागेको विपत्तिको खबर सुनाउँदैथियो र तिनलाई पहाड़हरूतिर भागेर जाने सल्लाह दियो। यो भजनचाहिँ यस निराशावादी आगन्तुक व्यक्तिको नैराश्य-पूर्ण, निरुत्साहित तुल्याउने सुझाउको निम्ति दाऊदको सठीक उत्तर हो।

**भजन ११ः१-३ः** 'म परमप्रभुमाथि भरोसा राख्छु-राख्छु' भनेर दाऊदले पहिले आफ्नो सरल विश्वास व्यक्त गर्छन्। परमप्रभु तिनको शरणस्थान हुनुहुन्थ्यो। तिनले हामीलाई प्रश्न गर्छन्: 'जब म परमप्रभुमाथि भरोसा राख्न सक्छु, तब म किन भागूँ?' त्यसपछि तिनले आफ्नो शान्ति भङ्ग गराउने यस खराब खबर ल्याउने दूतलाई डाँट्छन्। भजन ११ः१[ख] पददेखि तीन पदसम्म यस उदास पैकारका निराशाजनक शब्दहरू पेश गरिएका छन्। 'चराझैं आफ्नो पहाड़तिर उड़ेर जाऊ' भन्ने वाक्यबाट यसको कुरा शुरु भएको छ। मानौं यस मानिसले दाऊदलाई यसो भनेको थियोः 'तिमी त एउटा सानो नगण्य, निराश्रय चराजस्तै छौ। यसकारण भागेर जानु नै तिम्रो लागि सर्वोत्तम उपाय ठहरिन्छ। यस कलि-युगमा अपराधीहरूको हक चल्छ; तिनी-हरूसँग प्रशस्त हतियारहरू छन्; तिनीहरू शिष्ट, आज्ञाकारी नागरिकहरूलाई गोली हानेर मार्न पनि तयार हुन्छन्। कानुन-व्यवस्था लोप भएको छ, र समाजका दृढ़ जगहरू नष्टभ्रष्ट भएका छन्। यसकारण तिमीजस्तो धर्मी व्यक्तिको निम्ति कुनचाहिँ आशा रहेको छ र?'

**भजन ११ः४-६ः** तिनको आशा? परमप्रभु तिनको आशा हुनुहुन्थ्यो। पक्का? हो, पक्का! *'परमप्रभु आफ्नो पवित्र मन्दिरमा हुनुहुन्छ।'* अनि कुनै कुराले पनि उहाँका योजनाहरू रोक्न वा विफल पार्न सक्दैन। *'उहाँको सिंहासन स्वर्गमा छ।'* पृथ्वीमा जुनसुकै राज्यको उत्थान वा पतन होस्, तर स्वर्गमा भएको उहाँको सिंहासन यसको असर

पर्दैन; उहाँको सिंहासन कहिल्यै नहल्लिने गरी अडिग र अटल रहन्छ। यद्यपि कुनै कुराले पनि परमेश्वरको शान्ति र शान्त वातावरण खलबलाउन सक्दैन, तापनि मानिसका सन्तानहरूको रहनसहनमा उहाँ चासो लिइ-रहनुभएको छ। संसारमा के-के भएको, के-के भइरहेको छ, सो सबै कुराहरू उहाँले देख्नुहुन्छ; यति मात्र होइन, तर उहाँले लगातार धर्मी जनहरूको चाल र दुष्ट मानिस-हरूको चाल जाँच्नुहुन्छ। परमेश्वर अनन्त प्रेम हुनुहुन्छ, तापनि उहाँको मनले हिंसा गर्ने मानिसहरूलाई घृणा गर्छ। उहाँले तिनीहरू-माथि न्यायको रास बर्साउनुहुन्छः आगो, गन्धक र भतभती पोल्ने आँधी।

**भजन ११:७ः** परमेश्वरले हिंसक मानिसलाई घृणा गर्नुहुन्छ; ठीक त्यस्तै गरी उहाँले धर्मी जनलाई प्रेम गर्नुहुन्छ। परमेश्वर आफै धर्मी हुनुहुन्छ; अनि उहाँ धार्मिकतालाई प्रेम गर्नुहुन्छ। अन्तमा सीधा चाल चल्ने मानिसको इनाम यही हुनेछः ऊ परमेश्वरको उपस्थितिमा खड़ा हुनेछ।

यसकारण बुझ्नुहोस्ः हामीले यी खराब मुख्य समाचारहरूको विषयमा पीर मान्नु-पर्दैन। हाम्रो जीवनमा कुनै यस्तो समय आउला, जब छालमाथि छाल हान्ने गरी प्रतिफूल परिस्थितिहरू हाम्रो विरोधमा उर्लेर आउलान्; तर ज्वारको पछि भाटा आएझैं अन्तमा परमेश्वरको रोकेर रोक्नै नसकिने उद्देश्यको जीत सुनिश्चित हुनेछ।

उहाँको शासन नचल्ने ठावैं छैन,
सबै कुराहरू उहाँको नियन्त्रणमा रहेका छन्;
उहाँको हरेक कार्यमा पवित्र आशिष छ,
र उहाँको मार्गमा निर्मल ज्योति चम्कन्छ।
उहाँलाई बुझेर हामी बुझ्न सक्दैनौं,
र पनि आकाश र पृथ्वीले बताउँछन्ः
सर्वाधिकारी परमेश्वर सिंहासनमाथि विराजमान
हुनुहुन्छ र सबै थोकहरूमाथि उहाँको सुशासन
चल्दैछ। अज्ञातको रचना

## भजन १२ः मानिसहरूको बोलीको विरुद्ध परमेश्वरको वचन

**भजन १२:१ः** मानिसहरूको बीचमा, विशेष गरी तिनीहरूको बोलीवचनको सम्बन्धमा तिनीहरूको विश्वासयोग्यतामा आएको ह्रासले भजन बाह्रको एक पदमा उल्लेख गरिएको प्रार्थनाको निम्ति प्रेरणा दिएको थियो।

'हे परमप्रभु, मलाई बचाउन आउनुहोस्; किनकि भक्ति समाप्त भएको छ। नीच संसारमा सच्चा हृदय भएकाहरू बिरलाकोटी हुन गएका छन्।' (नोक्सको अनुवादअनुसार)

**भजन १२:२ः** त्यसपछि यस विश्वासहीन पुस्ताको विरोधमा तीनवटा विशेष आरोपहरू पेश गरिएका छन्ः

**क)** झूट बोलेको आरोपः यी मानिस-हरूले सरासर झूट बोल्थे; तिनीहरूको प्रत्यक्ष चालबाजी यही थियो। तर तिनीहरूले निर्दोष झूटहरू र अर्ध-सत्य पनि बोल्थे, बढ़ाइचढ़ाइ गर्थे र प्रतिज्ञाहरू भङ्ग गर्थे।

**ख)** चापलुसी गरेको आरोपः तिनीहरूले अरूको झूटा प्रशंसा गर्थे। चिप्लोघसाइ र प्रशंसा एउटै कुरा होइन। कसैको हुँदै नभएको गुणको प्रशंसा गर्नुचाहिँ चिप्लोघसाइ हो। चिप्लोघसाइको पछाड़ि प्रायः कुनै न कुनै अशुभ जिताउने, स्वार्थपूर्ण अभिप्राय लुकेको हुन्छ।

**ग)** कपटः तिनीहरूको सोचाइ एउटा हुन्थ्यो भने, तिनीहरूको भनाइ अर्कै हुन्थ्यो। श्री निक्कोलो माकियाभेलीले जस्तै तिनी-हरूले सधैं छलकपट गर्थे, कुनीति अपनाउँथे, षड्यन्त्र रच्थे।

**भजन १२:३-४ः** परमेश्वरका पवित्र जनहरूको युग-युगदेखिको सुस्केरा यही होः परमप्रभु स्वयम्ले भक्तिहीन मानिसहरूका

चिप्लो घस्ने ओठहरू चुप पारिदिऊन्। 'हाम्रै नीतिहरूको जीत हुनेछ' भन्ने विषयमा घमण्ड गर्नेहरूका जिब्राहरू उहाँले अचल तुलाइ-दिऊन्। 'हाम्रो विषयमा जोसुकैले जेसुकै सोचोस्, तर हामीले मन लागेको जे पनि भन्न पाउनुपर्छ, यो हाम्रो जन्मसिद्ध अधिकार हो' भन्नेहरूको मुख उहाँले बन्द गर्नुपर्छ।

**भजन १२:५-६:** गरिबहरू र घटीकमीमा परेकाहरूको रोदन र क्रन्दन सुनेर परमप्रभुले 'म उठेर तिमीहरूलाई बचाउनेछु' भन्ने प्रतिज्ञा गर्नुभयो अर्थात् 'जुन छुटकाराको निम्ति तिनीहरूले तिर्खाएका छन्, त्यो छुटकारा दिन्छु' भन्नुभएको हो (जोसेफ जेलिनो)। अनि उहाँले जे प्रतिज्ञा गर्नुभएको छ, त्यो कुरा उहाँले अवश्यै पूरा गर्नुहुनेछ। *'परमप्रभुका वचनहरू शुद्ध वचनहरू हुन्, माटोको भट्टीमा निखुर पारिएको, सात पल्ट खारिएको चाँदी-जस्तो छन्।'* अर्को शब्दमा भन्नु हो भने, परमेश्‍वरको वचनमा कुनै धोका, कुनै चापलुसी, कुनै दुईजिब्रे कुरा, कुनै त्रुटि नै हुँदैन। यसैले परमेश्‍वरका वचनहरूमा पूरा भर पर्न सकिन्छ।

**भजन १२:७:** यसकारण ख्रीष्ट-विश्‍वासीमा सहज-ज्ञानले काम गर्छ। तत्कालै ऊ परमप्रभुकहाँ जान्छ र उहाँबाट सुरक्षा पाउन खोज्छ। त्यस दुष्ट, भक्तिहीन पुस्ता र त्यसका सबै आक्रमणहरूबाट उसले सुरक्षा पाउन माग्छ। त्यस पुस्ताका मानिसहरूसँग गर्न सकिने जुनसुकै सम्झौता वा सहभागिता-बाट ऊ सुरक्षित रहनुपर्छ।

**भजन १२:८:** यस भजनको अन्तिम पदमा उक्त दुष्ट पुस्ताको वर्णन गरिएको छ, जुन मानिसहरू हरदम नीचतालाई उच्च तुल्याउने र जुनै पनि सद्‌गुणको खिल्ली उड़ाउने दाउमा बसेको हुन्छ। यो त्यही पुस्ता हो, जसको विषयमा हितोपदेश ३०:११-१४ पदको खण्डमा उल्लेख गरिएको छः

*'एउटा यस्तो पुस्ता छ, जसले आफ्ना बुबालाई सराप्छ र आफ्नी आमालाई धन्यकी भन्दैन।*

*एउटा यस्तो पुस्ता छ, जो आफ्नै दृष्टिमा शुद्ध छ, तर पनि तिनीहरू आफ्नो मैलाबाट धोइएका छैनन्।*

*एउटा यस्तो पुस्ता छ, आहा-हा, तिनीहरूका आँखाहरू कति घमण्डले भरिएका छन्! तिनीहरूका परेलाहरू कति चढ़ेका छन्!!*

*एउटा यस्तो पुस्ता छ, जसका दाँतहरू तरवारजस्ता छन् र जसका बङ्गाराहरू पृथ्वीबाट दुःखीहरूलाई र मानिसहरूको बीचबाट खाँचोमा परेकाहरूलाई निलिखान छुरीजस्तै छन्।'*

## भजन १३: कहिलेसम्म?

यस भजनमा दाऊदको मुखबाट चारपल्ट 'कहिलेसम्म, कहिलेसम्म?' भन्ने शब्द निस्केको सुनिन्छ। सम्भवतः राजा शाऊल-जस्तै शत्रुद्वारा आफ्नो पानीखेदो भएको देखेर परमेश्‍वरको रथले किन यति बियाँलो गरेकोमा दाऊदले अचम्म मानिरहेका थिए। तिनलाई कुच्च्याउन लागेका चारवटा भयानक बोझहरूबाट तिनलाई छुटाउन सहायता कहिल्यै नआउने हो कि?

- **क)** परमेश्‍वरले तिनलाई बिर्सनुभएको तिनलाई लागेको थियो।
- **ख)** तिनले आफूलाई परमेश्‍वरको कृपा-देखि वञ्चित भएको सम्झन्थे।
- **ग)** तिनले दिनहुँ आत्मामा ज्यादै उदास-निराश भएको अनुभव गर्थे।
- **घ)** तिनले हारैहारको सामना गर्नुपरिरहेको कारणले आफू हरदम अपमानित भएको महसुस गर्थे।

**भजन १३:१-४:** परमेश्‍वरले दाऊदको त्यो दुर्दशा विचार गरेर तिनीबाट दुईवटा

विपत्तिहरू दूर गर्न यथाशीघ्र सहायता पठाउनुपरेको थियो; नत्र ता एक, दाऊदको मृत्यु हुनेथियो र दुई, तिनको शत्रुले आफ्नो विजयमा खूबै गर्व गर्न पाउनेथियो। परमप्रभुले दाऊदका आँखाहरू उज्ज्वल नपार्नुभएको भए तिनको मृत्युले तिनलाई सधैंको निम्ति बन्द गर्नेथियो। परमप्रभुले चन्द्रमा दाहिनो नपार्नुभएको भए शत्रुहरूले आफ्नै जीतमा र दाऊदको साह्रै नमीठो हारको विषयमा गर्व गर्नेथिए।

**भजन १३:५-६:** कसको हार-जीत हुने हो, यस विषयमा कुनै शङ्का छैन। किनकि 'सकारात्मक उत्तर पाइरहेको छु' भन्ने विश्वासमा भजनकारको हिम्मत थियो। परमप्रभुको दयामाथि भरोसा गर्नेले जान्दथिएः तिनले आफ्नो विरोधीबाट दिव्य छुटकारा देख्नेथिए; हो, तिनी यसको उत्सव मनाउन अझै पनि बाँच्नेथिए। तिनको निम्ति यो ईश्वरीय उद्धार आउन लागेको थियो; यसकारण यसको आशामा तिनले परमप्रभुको असीम दयाको निम्ति उहाँको स्तुतिप्रशंसा गाउन सके।

यो भजन एउटा सुस्केराबाट शुरु भएको थियो र एउटा स्तुतिगानमा टुङ्गिएको छ; अनि परमेश्वरबाटै पठाइएका हाम्रा जाँच र परीक्षाहरूको विषयमा कुरा पनि प्रायः यस्तै हुन्छ।

## भजन १४: मूर्ख मानिसको विश्वासको सार यस्तै छ !

**भजन १४:१:** *'परमेश्वर छैन।'* मूर्खको विश्वासको सार यो हो। किनभने परमेश्वर हुनुभएको त्यसले चाह गर्दैन। यसैकारण 'परमेश्वर हुनुहुन्छ' भन्ने कुरा त्यसले सरासर इन्कार गर्छ। तर त्यसको यो विचार अर्थहीन, तर्कहीन, विवेकहीन हो। **क)** के त्यो मानिस सर्वज्ञानी हो ? के त्यसले यसो भन्न सक्छः 'म सबै कुरा जान्दछु; यसकारण मेरो असीमित ज्ञानअनुसार कुनै ईश्वर हुनै सक्दैन।' **ख)** के त्यो मानिस सर्वव्यापी हो ? के त्यसले यसो भन्न सक्छः 'म हर समयमा हरेक ठाउँमा उपस्थित हुन्छु; यसकारण सारा ब्रह्माण्डमा यस्तो कुनै ठावैं छैन, जहाँ कुनै ईश्वर हुन सक्छन्, जसको विषयमा मैले ज्ञान पाएको छैनँ।' **ग)** परमेश्वरको अद्‌भुत सृष्टिबाट प्रस्तुत भइरहेका उहाँका अचम्म-अचम्मका कामहरूको विषयमा कसो हो ? यी ठोस कुराहरू कसले बेवास्ता गर्न सक्छ, जस्तैः ब्रह्माण्डको विशालता, ग्रहहरूको सठीक गति र भइरहेको अचम्मको त्रुटिहीन सञ्चालन, जीवित प्राणीहरू बस्न लायकको पृथ्वीको उपयुक्त वातावरण, मानव-शरीरको अद्‌भुत बनावट, मानिसको मस्तिष्कको उत्कृष्ट रचना अनि पानी र माटोमा हुने असाधारण गुणहरू आदि।

यहाँ हामी जीवित प्राणीहरू बस्न लायकको पृथ्वीको उपयुक्त वातावरण उदाहरणको रूपमा पेश गर्छौं। श्री हेन्री बोशले परमेश्वरले बड़ो होशियारीको साथ सृष्टिको अद्‌भुत बनावट गर्नुभएका उदाहरणहरूमाथि हाम्रो ध्यान आकर्षण गर्न खोजेर यसो भनेका छन्ः

> 'पृथ्वी प्रतिघण्टा प्रायः एक हजार माइलको रफ्तारमा अक्षको वरिपरि घुम्छ। यदि त्यसको घुम्ने रफ्तार प्रतिघण्टा १०० माइल हुँदो हो ता दिन र रातको समय दस गुणा बढ़ी हुनेथियो, अनि हाम्रो ग्रह घरी डढ्नेथियो, र घरी चिसोले बरफ बन्नेथियो। यस प्रकारको अनुपयोगी वातावरणमा कुनै हरियोपरियो बोटविरुवा बाँच्नै सक्नेथिएन।
>
> मानौं पृथ्वी चन्द्रमाजतिको सानो भइदिएको भए त्यसको गुरुत्वाकर्षण-शक्ति यति कमजोर हुनेथियो, कि त्यसले मानिसको निम्ति पर्याप्त वायुमण्डल कायम राख्न सक्नेथिएन। तर पृथ्वी वृहस्पति, शनि-ग्रह वा युरनसजत्रो ठूलो

हुँदो हो ता गरुत्वाकर्षण अति बढ़ी भएको कारणले मानिसको निम्ति यता-उता चलमल गर्न असम्भव हुनेथियो। अनि यदि पृथ्वी शुक्र-ग्रहजतिको सूर्यको नजिकमा भइदिएको भए हामीले सहनै नसक्ने प्रचण्ड गर्मी हुनेथियो। अनि पृथ्वी सूर्यदेखि मङ्गल-ग्रहजतिको टाढ़ामा भइदिएको भए त्यसका गरम जग्गाहरू पनि हरेक रात हिउँ र बरफले ढाकिनेथिए।

महासागरहरूको आकार अहिलेको भन्दा आधा भइदिएको भए कम्ती पानी पर्नेथियो, केवल चार भागको एक भाग पानी पर्नेथियो। तर महासागरहरूको आकारका आठ भागमा एक भाग थपिएको भए वार्षिक वृष्टिपात चार गुणा बढ्नेथियो, र यसरी पृथ्वी बसोबास गर्ने नसकिने दलदले सिमसार बन्नेथियो।

हिमाङ्क अर्थात् शून्य डिग्री सेल्सीयसमा पानी जम्छ र बरफमा परिणत हुन्छ। तर त्यस तापक्रममा महासागरहरू जमेर बरफ भएको भए हाम्रो अवस्था नाजुक हुनेथियो; किनकि यसरी नै उत्तरीय ध्रुव र दक्षणी ध्रुवमा उचित मात्रामा पानी पग्लनेथिएन, तर सयौं वर्षसम्म बरफ थुप्रिनेथियो। यसबाट वातावरणमा ठूलो गड़बड़ी आउनेथियो। तर हामीलाई यस प्रकारको महाविपत्तिबाट बचाउन प्रभुले समुद्रको पानीमा नुन हालिदिनुभयो र समुद्रको पानी जम्ने तापक्रमको फेरबदल गर्नुभयो।' 14)

यी सबै कुराहरू त्यसै हुन आएको र संयोगको फल भएको निम्ति सम्भावना अति सूक्ष्म हुन्छ, नगण्य हुन्छ। यसैकारण पवित्र बाइबलले नास्तिकहरूलाई 'मूर्ख' भनेको छ। तिनीहरू नैतिक हिसाबले मूर्ख छन्। तिनीहरू समझको हिसाबले होइन, तर नैतिकताको हिसाबले मूर्ख हुन्।

यी मूर्ख मानिसहरूको विषयमा परमेश्वरको फैसला सुनौंः *'तिनीहरू भ्रष्ट भएका छन्; तिनीहरूले घिनलाग्दा कामहरू गरेका छन्।'* मानिसको विश्वास र उसको व्यवहारको बीचमा घनिष्ठ सम्बन्ध रहेको हुन्छ। परमेश्वरको विषयमा उसको धारणा जति निकृष्ट हुन्छ, त्यति नै उसको नैतिक व्यवहार पनि निकृष्ट हुन्छ; यो स्वाभाविक कुरा हो। चाहे यसको मूलकारणको रूपमा, चाहे यसको नतिजाको रूपमा होस्, नास्तिक-वाद र अज्ञेयवाद जस्तो भए पनि भ्रष्ट जीवनसित सम्बन्धित हुन्छ-हुन्छ। यस सिलसिलामा श्री अल्बर्ट बार्नसले यसो लेखेका छन्ः

' "ईश्वर छैन" भन्ने धारणा प्रायः कि त दुष्ट जीवन व्यतीत गर्ने अभिलाषामाथि आधारित हुन्छ, कि त भ्रष्ट जीवन जिइरहेका मानिस-हरूद्वारा यस प्रकारको धारणा अँगालिएको हुन्छ। आफ्नै भ्रष्ट जीवन कायम राख्ने तिनी-हरूको चाहना छ, जसले आउँदो दिनमा आफ्ना अपराधको निम्ति सजाय भोग्नुपर्छ भन्ने डरबाट तर्कन खोज्छन्।' 15)

**भजन १४:२-३ः** जब आदमका सन्तान-हरूमध्ये कसैले परमेश्वरको खोजी गरेर बुद्धिमान् काम गर्दैछ कि भनेर परमप्रभुले स्वर्गबाट हेर्नुहुन्छ, तब उहाँको यस अनुसन्धानबाट प्राप्त जानकारी निराशजनक हुन्छ। किनकि स्वभावले र कर्मले मानिस पापी हुन्छ। उसलाई आफ्नै खुशीमा छोडून हो भने उसले कहिल्यै परमेश्वरलाई खोज्ने-थिएन। केवल पवित्र आत्माको सेवकाईद्वारा नै मानिसहरूमा तिनीहरूलाई परमेश्वर र उहाँको मुक्तिको आवश्यकता पर्छ भन्ने चेतना खोल्छ।

प्रेरित पावलले यस भजनका पहिला तीनवटा पदहरू रोमी ३:१०-१२ पदको खण्डमा उद्धृत गरेका छन्; किनकि पापले समस्त मानिस-जातिलाई र एक-एक मानिसको सम्पूर्ण व्यक्तित्व नराम्रो असरले प्रभावित पारेको छ भन्ने कुरा उनले जनाउन चाहे। तर यहाँ, यस भजनमा दाऊदले सम्पूर्ण मानव-जातिको विषयमा कुरा गरेका छैनन्, यद्यपि सबै मानिसहरूको सम्बन्धमा तिनको

बयान सत्य ठहरिनेथियो। तर तिनले त खुला रूपले परमेश्‍वरलाई इन्कार गर्नेहरूको विषयमा सोचेका छन् र तिनी-हरूलाई धर्मी जनहरूसित तुलना गरेका छन्। यी अविश्‍वासीहरूले सत्य र जीवित परमेश्‍वरलाई पूर्ण परित्याग गरेका छन्। तिनीहरू नैतिक हिसाबले भ्रष्ट छन्। परमेश्‍वरले तिनीहरूमध्ये असल काम गर्ने एकैजनालाई पनि पाउनुभएन।

**भजन १४ः४ः** तिनीहरूले परमेश्‍वरका जनहरूसित गरेको दुर्व्यवहारबाटै तिनीहरूको अज्ञानता कहाँसम्म जाने हो, सो प्रष्ट रूपमा थाह लाग्छ। परमेश्‍वर गरिबहरूको रक्षा गर्नुहुन्छ र पापलाई दण्ड दिनुहुन्छ भन्ने कुरा तिनीहरूले बुझेका भए रोटी खाएझैं गरी तिनीहरूले विश्‍वासीहरूलाई कहिल्यै त्यसरी निल्नेथिएनन्, यो एउटा मामुली कुरा सम्झनेथिएनन्। परमेश्‍वरको दया र कठोरताको विषयमा तिनीहरूले जानेका भए तिनीहरूले प्रार्थना नगर्ने जीवन व्यतीत गर्नेथिएनन्।

**भजन १४ः५-६ः** जब परमप्रभु निर्दोष-हरूको पक्ष लिनुहुन्छ, तब अधर्मीहरू डरले थरथर हुनेछन्। तिनीहरूले गरिबहरूलाई यिनीहरूको सरल विश्‍वासको निम्ति खिल्ली उड़ाउँथे; तर अब तिनीहरू आफूले इन्कार गरेको परमेश्‍वरलाई यिनीहरूको शरणस्थान भइदिनुभएको देख्नेछन्।

**भजन १४ः७ः** त्यो दिन कत्रो महान् दिन हुनेछ, जब मसीह राजा आफ्ना जनहरूलाई छुटकारा दिन सियोनबाट आउनुहुनेछ। त्यस दिनमा इस्राएली जातिको आनन्दको सीमा रहनेछैन, जब ख्रीष्टका यहूदी पवित्र जनहरूले एकमात्र सत्य परमेश्‍वरलाई इन्कार गर्ने जातिहरूको बीचमा कैदी रहेको तिनीहरूको अवस्थाबाट अन्तिम आएर पूर्ण छुटकारा पाउनेछन्।

## भजन १५ः परमेश्‍वरले चुन्नुभएको मानिस

**भजन १५ः१ः** परमेश्‍वरले आफ्नो साथीको रूपमा चुन्नुभएको व्यक्तिचाहिँ भजन १५ को विषयवस्तु बनेको छ। यस भजनमा नभनिएको कुरा हामीले तपाईंलाई जनाउनु-पर्छः नयाँ गरी जन्मनुचाहिँ परमेश्‍वरको राज्यमा प्रवेश गर्न पाउने मूलभूत योग्यता हो। नयाँ जन्म नपाईकन कसैले पनि परमेश्‍वरको राज्य देख्न सक्दैन, न ता त्यसभित्र प्रवेश गर्न पाउँछ। माथिबाटको जन्म परमेश्‍वरको निगाहको फल हो, र विश्‍वासद्वारा अनुभव गरिन्छ। नयाँ जन्म मानिसको पुण्यफल हुँदै होइन। यो दिव्य अनुभवचाहिँ प्रभु येशूमाथि राखिएको विश्‍वासद्वारा बाहेक मानिसले गर्न सक्ने अरू जुनसुकै कामबाट बिलकुल अलग हुने कुरा हो।

हाम्रो शिक्षा यही भजनमा लेखिएको कुरामा मात्र सीमित राख्नु र आधारित गर्नु हो भने, मानिसको मुक्ति उसको धार्मिक चरित्र वा उच्चस्तरीय धर्मकर्महरूसित सम्बद्ध रहेको जस्तो बुझिन्छ। तर पवित्र धर्मशास्त्र बाइबलका बाँकी खण्डहरू साथमा राख्दाखेरि के बुझिन्छ भने, मुक्ति दिलाउने विश्‍वास-चाहिँ पवित्र जीवन पैदा गर्ने किसिमको विश्‍वास हुनुपर्छ। यसको एकमात्र सठीक अर्थ यही हो। याकूबले आफ्नो पत्रमा त्यही कुरा लेखेका छन्। अनि यहाँ दाऊदले पनि यही कुरा भन्छन्ः परमप्रभुमाथि राखिएको विश्‍वास सकली विश्‍वास हो भने, यस भजनमा उल्लेख गरिएका असल कामहरू यस किसिमको विश्‍वासका फलहरू हुन्।

प्रसङ्गबाट उठेको कुरा होः यस भजनले सियोनको नागरिकमा भएका सद्‌गुणहरूको पूरा सूचि दिन खोजेको होइन। यसको चरित्र-

चित्रण सुझाउपूर्ण, साङ्केतिक छ, तर सम्पूर्ण छैन।

**भजन १५ः२ः** सर्वप्रथम, सियोनको नागरिक सत्यनिष्ठ हुन्छ, र इमानदारसाथ चल्छ। इमानदार मानिस नैतिक हिसाबले सुस्वस्थ हुन्छ। ऊ परिपक्व, पूरा विकसित र सन्तुलित हुन्छ।

दोस्रो कुरा, सियोनको नागरिकले जुन कुरा ठीक छ, त्यही गर्छ। उसले होशियारीसाथ दोषरहित विवेक कायम राख्छ। खराब विवेकको साथ यस पृथ्वीमा बस्नुभन्दा ऊ असल विवेकको साथ स्वर्ग जान चाहन्छ।

यस मानिसले सधैं हृदयबाटै सत्य बोल्छ भन्ने कुरामाथि भर पर्न सकिन्छ। झूट बोल्नुभन्दा ऊ बरु मर्नु तयार हुन्छ। ऊ वचनबद्ध हुन्छ। उसले 'हो' भनेको 'हो' नै हुन्छ, र 'होइन' भनेको 'होइन' नै हुन्छ।

**भजन १५ः३ः** *'उसले आफ्नो जिब्रोले बदनामी गर्दैन।'* उसले अर्काको निन्दाचर्चा गरेको कहिल्यै सुनिँदैन। अर्काको निन्दा र मानहानि गर्ने कुरा कहिल्यै उसको मुखबाट निस्कँदैन। उसले आफ्नो जिब्रोमा लगाम लगाउँछ; उसले अर्कोको चरित्रहत्या गर्दैन, बरु अरूको उन्नति गराउँछ।

उसले आफ्नो छिमेकीको कुनै खराबी गर्दैन। उसको एकमात्र चाहना अरूलाई सहायता गर्ने, उत्साह दिने र अर्ती दिने नै हुन्छ। उसले आफ्नो साथीको विषयमा कुनै निन्दात्मक चर्चा सुन्यो भने, त्यस कुराको टुङ्गा त्यहीं हुनेछ। पक्का पनि उसले त्यो कुरा अरू कसैलाई सुनाउनेछैन।

**भजन १५ः४ः** उसको दृष्टिमा नैतिक भिन्नताहरू धमिलिएका छैनन्। उसले पाप के हो, धार्मिकता के हो, अन्धकार र ज्योति, असल र खराबको बीचमा छुट्ट्याउन सक्छ। उसले नीच व्यक्तिलाई तुच्छ ठान्छ। यसो भन्नुको तात्पर्य यो हो कि उसले त्यस मानिसको भक्तिहीनताको विरुद्धमा सुस्पष्ट, बलियो साक्षी दिन्छ। तर उसले 'फलाना मेरो भाइ, फलानी मेरी बहिनी हो' भनेर विश्वासको घरानाको एक-एक सदस्य-सदस्यालाई खुला रूपले स्वीकार गर्छ र आफूलाई ऊसित एक तुल्याउँछ।

उसले प्रतिज्ञा गरेपछि त्यो पूरा गरेरै छाड्छ, चाहे उसले यसबाट आर्थिक नोक्सानी भोग्नु किन नपरोस्। के हामी यसको निम्ति एउटा उदाहरण दिऔं? कुनै ख्रीष्ट-विश्वासी थियो, जसले कसैलाई आफ्नो घर रू. २५,००,००० (पच्चीस लाख)मा बेच्ने वचन दिएको थियो। तर यसको किनबेचको कागज-पत्रमा हस्ताक्षर गर्नुभन्दा अघि एउटा ठूलो लेनदेन-कम्पनीले उसलाई यस घरको निम्ति रुपियाँ ३०,००,००० (तीस लाख) दिन्छु भन्ने वचन दियो। तर उसले पहिलो ग्राहकलाई वचन दिइसक्यो! अनि जस्तो भए पनि ऊ आफूले दिएको वचनबद्ध रहने नै छ।

**भजन १५ः५ः** परमेश्वरको मित्रले आफ्नो पैसा ब्याजमा लाउँदैन, अर्थात् उसले परमेश्वरको घरानाको अर्का सदस्यलाई यसबाट सुदसहित पैसा फिर्ता पाउँछु भन्ने विचारले उधारो दिँदैन। मोशाको व्यवस्था-अन्तर्गत इस्राएली मानिसले अन्यजाति-हरूलाई ब्याजमा सापट दिन सक्थे (व्यवस्था २३ः१९-२०), तर आफ्नो सजातीय दाजु-भाइसँग त्यसो गर्नु मनाही थियो (प्रस्थान २२ः२५; लेवी २५ः३५-३७)।

यदि व्यवस्थाको अधीनतामा रहेका यहूदीहरू यस नियमले बाँधिएका थिए भने, अनुग्रहको अधीनतामा बाँचिरहेका इसाई-हरूको विषयमा कुरा कसो हो? के तिनीहरूले झन् बढ़ी यो नियम कदर गर्नु-पर्नेथिएन र?

अन्तमा, यस धर्मी जनले निर्दोषको विरुद्धमा घूस खाँदैन। उसले न्याय बिग्रेको

कुरा पटक्कै मन पराउँदैन र 'हरेकको आ-आफ्नो दाम हुन्छ' भन्ने त्यो पुरानो उक्ति उसले खण्डन गरिदिन्छ।

यस किसिमको व्यक्ति नै वर्तमान समयमा परमेश्वरका निम्ति जिउँछ र अनन्तसम्म परमेश्वरका निम्ति जिउने नै छ। यस कुरा-माथि विचार-मनन गरौं: अरू कोही पनि परमेश्वरको उपस्थितिमा सन्चोसँग बस्नै सक्दैन।

## भजन १६: ख्रीष्ट येशू बौरिउठ्नुभएको हो!

भजन १६ को बुझ्ने चाबी हामी प्रेरित २:२५-२८ पदको खण्डमा पाउँछौं, जहाँ प्रेरित पत्रुसले यही भजन सोह्रको आठ पददेखि एघार पदसम्मको खण्ड उद्धृत गरे, जुन खण्डको सन्दर्भ ख्रीष्ट येशूको बौरिउठाइ थियो। आउनुहोस्, हामी त्यो चाबी लिएर यस भजनको अर्थ खोलिदिऔं र हाम्रा उदेकको मुक्तिदाताले आफ्नो मृत्यु हुनुभन्दा ठीक अगाड़ि आफ्ना पितासित के-के प्रार्थना गर्नुभयो, सो सुनौं!

**भजन १६:१-२:** प्रभु येशू सिद्ध मानिस हुनुहुन्थ्यो, जो सधैं परमेश्वरमाथि पूरा आश्रित रहनुहुन्थ्यो। उहाँ यहाँ आफ्नो सुरक्षाको निम्ति परमेश्वरलाई पुकारा गर्नुहुन्छ, जो उहाँको एकमात्र शरणस्थान हुनुहुन्छ। पृथ्वीमा बिताउनुभएको जीवनको तीस वर्षको अवधिभरि मुक्तिदाता प्रभुले परमेश्वरलाई आफ्नो जीवनका प्रभु र मालिकको रूपमा स्वीकार गर्नुको साथै खुशीसाथ उहाँलाई आफ्नो जीवनको एकमात्र चाहना र दिलचस्पीको रूपमा स्वीकार गर्नुहुन्थ्यो, जसरी *'तपाईंमा बाहेक मेरो भलाइ अरू कहीं छैन'* भन्ने वाक्यले प्रकट गर्छ। यी शब्द-हरूद्वारा मुक्तिदाता प्रभुको पापरहित अवस्था खण्डन गरिएको होइन, तर यो त ख्रीष्ट येशूले परमेश्वरमा परिपूर्णता पाउनुभएको बलियो, हाम्रो हृदयलाई छुने साक्षी हो। यस गवाहीले भजन ७३:२५ पदमा व्यक्त गरिएको आराधनामा आफ्नो जोड़ी पाएको छ, जहाँ यसो लेखिएको छ: *'स्वर्गमा तपाईंबाहेक मेरो अरू को छ र? अनि पृथ्वीमा पनि तपाईंलाई बाहेक म अरू कसैलाई चाहँदिनँ।'*

**भजन १६:३:** मसीहको जीवन परमेश्वर-माथि केन्द्रित जीवन थियो; यसो भए ता पनि उहाँले यस धरतीमा भएका पवित्र जनहरूको पनि कदर गर्नुहुन्थ्यो। वास्तवमा, परमेश्वर-माथि केन्द्रित जीवन र पवित्र जनहरूलाई गरिने वास्ताको बीचमा नजिकको सम्बन्ध छ; किनकि परमेश्वरलाई प्रेम गर्नु भनेको उहाँका जनहरूलाई प्रेम गर्नु हो (१ यूहन्ना ५:१-२)। प्रभु येशूले यहाँ आफ्ना पवित्र जनहरूलाई पृथ्वीका उत्तम जनहरू भन्नुभएको छ, जसमा उहाँले पूरा आनन्द पाउनुभएको छ। यस सम्बन्धमा उस्तै किसिमको साक्षी परमेश्वरका एकजना उहिलेका पवित्र जनबाट सुनौं:

> 'मैले आफ्नो विश्वासको यात्रा शुरु गरेको दिनदेखि आजको दिनसम्म मजस्तो मरणशील र पापी मानिसले पाउन सक्ने उच्चकोटिको कृपा पाइरहेको छु; किनभने मेरो सङ्गति पृथ्वीका उत्तम जनहरूसित भइरहेको छ। अनि तिनीहरू हरेकले प्रभुकै खातिर मलाई दया देखाउन भरमग्दुर प्रयास गरिरहेका छन्।' 16)

**भजन १६:४:** सत्य परमेश्वरका उपासकहरूभन्दा झूटा देवीदेवताहरूको पूजा गर्ने मानिसहरू कति फरक हुन्छन्। मूर्तिपूजामा पूरा लिप्त र लीन भएका मानिसहरूको जीवनमाथि आइपर्ने दुःखहरूका लहरहरू कहिल्यै टुङ्गिँदैनन्; यो अनिवार्य हो। मूर्तिपूजा गर्नेहरूमाथि आइपर्ने न्यायिक दण्डहरूमध्ये सबैभन्दा ठूलोचाहिँ यही हुन सक्छ, कि तिनीहरू आफैले पुजेको थोकजस्तै बन्नेछन्। परमेश्वरका पवित्र पुत्र तिनीहरूका रगतका अर्घबलिहरूसित कुनै सरोकार

राख्नुहुन्न, तर सरासर अस्वीकार गर्नुहुन्छ। उहाँ मूर्तिहरूका नामहरू धरि आफ्नो मुखमा लिनुहुन्न; किनकि उहाँ न मूर्तिहरू, न मूर्ति-पूजक अन्यजातिका मानिसहरूका व्यर्थ रीति-विधिहरूसित कुनै सम्बन्ध राख्नुहुन्छ; उहाँले यस्ता घिनलाग्दा कुराहरू सहनै सक्नुहुन्न।

**भजन १६:५-६:** ख्रीष्ट येशूले आफ्नो व्यक्तिगत जीवनमा परमप्रभुलाई आफ्नो अधिकारको भाग र कचौरा चुन्नुभयो। परमेश्‍वरचाहिँ येशूको धन र आनन्द हुनुहुन्थ्यो। परमप्रभुले येशूको अधिकारको भागको लमाइ-चौड़ाइ कायम राख्नुहुन्थ्यो। परमेश्‍वर पिताले कति बुद्धिमानीसाथ र कति अद्‌भुत रीतिले पुत्र येशूको जीवनको हरेक सानो कुरा पनि योजना गर्नुभएको!! छ पदमा ख्रीष्ट येशूले त्यो कुरा एउटा मनोहर ठाउँमा पाएको उत्तम अधिकारको भागसित तुलना गर्नुभएको छ। उहाँको पैतृक सम्पत्तिमा उत्तम-उत्तम कुराहरू मात्र हुँदा रहेछन्। जब हामी परमेश्‍वरको सङ्गतिमा जिउँछौं, तब हामी पनि एउटा सुव्यवस्थित जीवन पाएकोमा उहाँको प्रशंसा गर्न सक्छौं। जसले गुनासो गर्छ, उसले परमेश्‍वरको बुद्धि, प्रेम र शक्तिमाथि कम भरोसा गरेको प्रमाणित गर्छ।

**भजन १६:७:** यहाँ, यस पदमा ख्रीष्ट येशूले परमप्रभुको प्रशंसा गर्नुहुन्छ; किनभने प्रभु येशूको सारा जीवनभरि परमप्रभुले विश्‍वासयोग्यतासाथ उहाँलाई अगुवाइ गर्नुहुन्थ्यो र उहाँलाई परामर्श दिनुहुन्थ्यो। राति प्रभु येशू अनिदो रहनुभएको समयमा प्रार्थना गर्दा र परमेश्‍वरको वचन मनन गर्दा उहाँको अन्तस्करणले उहाँलाई शिक्षा दिन्थ्यो। निदाउन नपाएका समयहरू खेर फालिएको समय कहाँ हुन्थे र! यो समय पवित्र हुन्थ्यो, र उहाँको सान्त्वना र आशिषका निम्ति ठहऱ्याइएको थियो। ख्रीष्ट येशूको यो अनुभव परमेश्‍वरका जनहरूको जीवनमा धेरै चोटि दोहोरियो, यसको साध्य छैन।

> किनकि ज्योतिका सन्तानहरूमध्ये यस्ता हर्षोन्मत्त गाइनेहरू थुप्रै छन्, जसले आफ्नो सबैभन्दा मीठा गीतको रचनाको विषयमा यसो भन्लान्: 'यो त मैले रातको समयमा पाएको गीत पो हो?'
> अनि पिताको घर गुञ्जायमान गरिरहेका धेरै भव्य भजनहरूको विषयमा अन्धकारमय कोठामा बसेर सुँक्क-सुँक्क गर्दै गरेको अवस्थामा भाइबहिनीहरूले यी भजनका शब्दहरू प्राप्त गरेको कुरा सत्य ठहरिएको छ।
>
> अज्ञातको रचना

यस भजनका बाँकी पदहरू प्रेरित पत्रुसले पेन्टेकोष्टको दिनमा उद्धृत गरे, जसको सन्दर्भ ख्रीष्ट येशूको बौरिउठाइ हो।

*'किनकि दाऊदले उहाँको विषयमा यसो भनेका छन्:*

*"मैले परमप्रभुलाई सधैं मेरो सामु देखें; किनकि म नडगमगाऊँ भनेर उहाँ मेरो दाहिने हातपट्टि रहनुहुन्छ; यसकारण मेरो हृदय रमायो, र मेरो जिब्रो अति आनन्दित भयो, साथै मेरो शरीर पनि आशामा बस्नेछ; किनभने तपाईंले मेरो प्राणलाई अधोलोकमा छोड्नुहुनेछैन, न ता तपाईंले आफ्ना पवित्र जनलाई सड्न नै दिनुहुनेछ। तपाईंले मलाई जीवनका मार्गहरू जान्न दिनुभएको छ। तपाईंले मलाई आफ्नो उपस्थितिद्वारा आनन्दले भर्नुहुनेछ।"*

*हे मानिसहरू र दाजुभाइहरूहो, कुल-पति दाऊदको विषयमा म तपाईंहरूलाई स्वतन्त्रतापूर्वक भन्न सक्छु: उनी मरे, र गाड़िए पनि; अनि उनको चिहान आजको दिनसम्म पनि हाम्रो बीचमा छँदैछ। यसकारण उनी भविष्यवक्ता भएका हुनाले, र उनको सिंहासनमाथि बसाउनलाई शरीरअनुसार उनकै शरीरको फलबाटकोलाई अर्थात् ख्रीष्टलाई खड़ा गर्नेछु भनेर परमेश्‍वरले*

*उनीसित शपथ खाएर प्रतिज्ञा गर्नुभएको कुरा जानेका हुनाले, अनि उनले यो कुरा पहिल्यै देखेका हुनाले ख्रीष्टको बौरिउठाइको सम्बन्धमा "उहाँको प्राण अधोलोकमा छोड़िएन, न ता उहाँको शरीर नै सड्यो" भनेर भने। यही येशूलाई परमेश्वरले बौराएर उठाउनुभयो, जुन कुराका साक्षी हामी सबै हौं। यसकारण परमेश्वरको दाहिने हातद्वारा उच्च पारिएर र पिताबाट पवित्र आत्माको प्रतिज्ञा प्राप्त गरेर उहाँले त्यो खन्याउनुभयो, जुन कुरा तपाईंहरूले अहिले देख्दै र सुन्दै हुनुहुन्छ।'* (प्रेरित २:२५-३३)

अब प्रेरित पत्रुसले पेश गरेका बुँदाहरू याद गर्नुहोस्, जस्तैः

**क)** दाऊदले ख्रीष्टको विषयमा कुरा गरेका थिए (प्रेरति २:२५)। जुन कुरा दाऊदले यहाँ भने, त्यो कुरा उनले आफ्नो विषयमा भन्न सक्नेथिएनन्; किनकि यरूशलेममा उनको मृत शरीर एउटा चिहानभित्र पड़िरहेको थियो।

**ख)** भजनकार भविष्यवक्ता भएका हुनाले परमेश्वरले ख्रीष्ट येशूलाई सिंहासनमाथि बसेर राज्य गर्न दिनुभन्दा अघि बौराएर उठाउनुहुनेछ भन्ने कुरा जान्दथिए।

**ग)** यसैकारण दाऊदले भविष्यवाणी गर्न सके, कि परमेश्वरले ख्रीष्ट येशूको प्राणलाई अधोलोकमा छोड्नुहुन्न, न ता ख्रीष्ट येशूको मृत शरीरलाई सड्न दिनुहुन्छ।

**घ)** परमेश्वरले ख्रीष्ट येशूलाई बौराएर उठाउनुभएको हो; यो कुरा सुनिश्चित छ। अनि पेन्टेकोष्टको दिनमा जुन कुराहरू घटे, यी कुराहरू ख्रीष्ट येशू परमेश्वरको दाहिने हातपट्टि महिमाको स्थानमा उठाइनुभएको र विराजमान हुनुभएको फलाफल थिए।

निस्सन्देह हामीले भजन १६ को यस खण्डबाट यी बुँदाहरू निकाल्न सक्नेथिएनौं। तर प्रेरित पत्रुसको सहायताले पाएका उक्त जानकारीहरू मनमा राखेर हामी अब यस भजनका अन्तिम पदहरू अध्ययन गर्छौं (भजन १६:८-११)।

**भजन १६:८:** सर्वप्रथम, यहाँ मसीहले दृढ़तापूर्वक 'मैले परमप्रभुलाई सधैं आफ्नो सामु राखेको छु' भनेर भन्नुभयो; अनि यसमा कुनै प्रकारको वाक्छल थिएन। किनकि ख्रीष्ट येशू परमप्रभुको निम्ति र उहाँकै निम्ति मात्र जिउनुहुन्थ्यो। उहाँले आफ्नो स्वेच्छाले कहिल्यै कुनै काम गर्नुहुन्नथियो। पिताकै इच्छाप्रति आज्ञाकारी रहेर उहाँले सबै कुराहरू गर्नुहुन्थ्यो।

*'उहाँ मेरो दाहिने हातपट्टि हुनुहुन्छ, यसैले म डगमगाउनेछैनँ।'* पवित्र धर्मशास्त्र बाइबलमा 'दाहिने हात' भन्ने शब्द निम्न अर्थहरूमा प्रयोग गरिएको छः

क) शक्ति (भजन ८९:१३)

ख) सुरक्षा (भजन २०:६)

ग) आदर (भजन ४५:९ र ११०:१)

घ) सुखचैन (भजन १६:११)

ङ) निगाह (भजन ८०:१७)

च) सहारा (भजन १८:३५)

यहाँ, यस पदमा 'दाहिने हात' भन्ने शब्दको अर्थ शान्ति-सुरक्षा हो।

**भजन १६:९-१०:** परमेश्वर पिताको निरन्तर हेरचाह र सुरक्षाको विषयमा सुनिश्चित हुनुभएको हाम्रा मुक्तिदाता प्रभुले ढुक्कै भएर भविष्य सामना गर्नुभयो। किनकि उहाँको हृदय आनन्दित छ; उहाँको प्राण रमाउँछ र उहाँको शरीर सुरक्षित छ। परमेश्वरले उहाँको प्राणलाई अधोलोकमा छोड्नुहुनेछैन र उहाँको शरीरलाई सड्न दिनुहुनेछैन; यो कुरा उहाँले निश्चित जान्नुहुन्थ्यो। अर्को शब्दमा भन्नु हो भने, ख्रीष्ट येशू मरेकाहरूको बीचबाट बौरिउठ्नुहुनेछ।

शेओल अर्थात् 'अधोलोक' भन्ने शब्दको विषयमा एउटा स्पष्टीकरण दिनु आवश्यकता पर्छ। पुरानो नियममा यो 'शेओल' भन्ने शब्द

चिहानको निम्ति, पातालको निम्ति र शरीरबाट अलग रहेका मानिसहरूका आत्मा-हरूको स्थानको निम्ति प्रयोग गरिएको छ। अनि नयाँ नियममा हिब्रूको 'शेओल' भन्ने शब्दको बदलीमा त्योसित बराबर भएको ग्रीकको 'हादेस' भन्ने शब्द प्रयोग गरिएको छ। 'शेओल' भन्ने शब्दले चाहिँ मरेकाहरूको भौगोलिक स्थान होइन, तर मरेकाहरूको आत्मा शरीरबाट अलग भएको अवस्था बताउन चाह्यो। विश्वासी होस् कि विश्वास नगर्ने मानिस होस्, मरेकाहरूको हरेक व्यक्तिको अवस्था एकै थियो, र पुरानो नियममा 'शेओल' शब्दद्वारा बयान गरिन्थ्यो। तर नयाँ नियममा 'शेओल'सित बराबर भएको शब्द 'हादेस' विश्वास नगर्ने मानिसहरूको सम्बन्धमा मात्रै प्रयोग गरिएको छ। 'शेओल' भन्ने शब्दको अर्थ अनिश्चित र अस्पष्ट थियो। यस शब्दले मृत्युपार भएको जीवनको विषयमा कुनै स्पष्ट चित्रण दिनै सकेन। यस शब्दमा ज्ञान दिने शक्ति थिएन, तर हामीलाई अलमल र अन्योलमा मात्र पार्थ्यो।

तब नयाँ नियममा आउनुहोस्, र सबै कुरा सुस्पष्ट हुन्छ; किनकि येशू ख्रीष्टले सुसमाचारद्वारा जीवन र अमरता प्रकाशमा ल्याउनुभएको हो (२ तिमोथी १:१०)। वर्तमान समयमा हामी जान्दछौं, कि कुनै विश्वास नगर्ने मानिसको मृत्यु भयो भने त्यसको पार्थिव मृत शरीर मट्टीमा जान्छ, तर त्यसका आत्मा र प्राणचाहिँ पातालमा कष्ट भोग्न जान्छन् (लूका १६:२३)। तर ख्रीष्ट-विश्वासी मर्‍यो भने, उसका आत्मा र प्राण स्वर्गमा ख्रीष्ट येशूसँग रहन जान्छ (२ कोरिन्थी ५:८; फिलिप्पी १:२३), र उसको पार्थिव मृत शरीर चिहानमा गाड़िन्छ।

जब ख्रीष्ट येशूले 'तपाईंले मेरो प्राणलाई अधोलोकमा छोड्नुहुनेछैन' भन्नुभयो, तब 'परमेश्वरले उहाँलाई शरीरविहीन अवस्थामा छोड्नुहुन्न' भन्ने विषयमा उहाँसँग पूर्वज्ञान थियो भन्ने कुरा स्पष्ट हुन्छ। प्रभु येशू अधोलोकमा पुग्नुभयो, तर उहाँ त्यहाँ रहनु-भएन।

परमेश्वरले प्रभु येशूको मृत शरीर अरू मानिसहरूका लासहरूजस्तो सड्न दिनु-भएन। ईश्वरीय आश्चर्यकर्मद्वारा, रोकथाम गर्ने दिव्य प्रक्रियाद्वारा ख्रीष्ट येशूको मृत शरीर तीन दिन र तीन रातसम्म सड़ाहटबाट पूरा सुरक्षित रह्यो।

**भजन १६:११:** यस अन्तिम पदमा हाम्रा परमधन्य प्रभु आफ्नो निश्चयता व्यक्त गर्नुहुन्छः हो, उहाँ यस कुरामा पूर्ण निश्चित हुनुहुन्छ, कि परमेश्वर पिताले उहाँलाई जीवनको बाटो देखाउनुहुनेछ, अर्थात् उहाँलाई मृत्युबाट फेरि जीवनमा फर्केर आउने बाटो देखाउनुहुनेछ। अनि यस बाटोले उहाँलाई फेरि स्वर्गमा परमेश्वरको उपस्थितिमा ल्याइ-पुर्‍याउनेथियो। अनि त्यहाँ नै उहाँले सदा-सर्वदा आनन्दको भरपूरी र सुखचैनहरूको अनुभव गर्नुहुनेथियो।

## भजन १७: एउटा जटिल समस्या

जब हामी कुनै भूल, कुनै अपराध गरेर त्यसको निम्ति दुःख पाउँछौं, तब त्यो दण्ड न्यायोचित हो भनेर हाम्रै विवेकले हामीलाई बताउँछ। तर हामीले कुनै भूल, कुनै अपराध, कुनै गल्ती नगर्दा दुःख भोग्नुपर्छ भने त त्यो अर्कै कुरा हुन्छ। त्यस किसिमको दुःख-भोगाइ प्रेरित पत्रुसले 'धार्मिकताका निम्ति दुःख भोग्नु' भने (१ पत्रुस ३:१४)। अनि यो कुराचाहिँ परमेश्वरका छोराछोरीहरूको निम्ति जहिले पनि एउटा जटिल समस्या बनेको छ।

दाऊदलाई पनि यस प्रकारको अनुभव भएको थियो। अनि तिनले यसको विषयमा कस्तो-कस्तो कदम उठाउनुपर्ने हो, सो जान्दथिए। तिनले त्यो मामिला धार्मिक

न्यायकर्ताकहाँ लगिए। उहाँ निष्पक्ष जाँच गर्नुहुन्छ भन्ने कुरामा तिनी विश्वस्त थिए।

यस भजनको ठाउँ-ठाउँमा दाऊदमा ठूलो अहम् चढ़ेको लाग्छ; किनभने तिनले घरिघरि आफ्नो प्रतिरक्षा गर्न खोजेका छन्। तिनले चर्को सोरले आफ्नो धार्मिकता, आफ्नो इमानदारी र आफ्नो आज्ञाकारिता घोषणा गर्छन्। के तिनी पापरहित अवस्थामा पुगेका थिए? यस्तो सुनिन्छ। तर तिनको पापरहित अवस्था छँदैथिएन। वास्तवमा दाऊदले 'आफ्नो जीवनका सबै क्षेत्रहरूमा म दोषरहित छु' भन्ने कुरा दाबी गर्दैनन्। तर तिनले केवल 'वर्तमान मामिलाका परिस्थितिहरूको सम्बन्धमा दोषरहित छु' भनेका हुन्। 'मेरा विरोधीहरूको मप्रति यत्रो दुश्मनी बढ़ाउने किसिमको कुनै काम मैले गरेकै छैनँ' भन्ने तिनको भनाइ हो।

यस भजनमा पेश गरिएको दाऊदको मामिलाको भावअनुवाद हामी यस प्रकारले गर्न सक्छौं:

**भजन १७:१-२:** 'हे परमप्रभु, मेरो विन्ती छ, मेरो मामिला सुनिदिनुहोस्; किनकि मेरो मुद्दा न्यायसङ्गत छ। मैले भनेको कुरा ध्यानपूर्वक सुनिदिनुहोस्, किनभने बिनसित्ति म सतावटमा परेको छु। सठीक न्याय पाउनको निम्ति म भएकै कुरा जस्तोको त्यस्तै बताउँछु; यसमा कुनै छलकपट र सत्यतालाई ओझेलमा पार्ने कुरा छँदैछैन। तपाईंको अदालतमा म निर्दोष साबित हुन माग्छु। तपाईंका आँखाहरूले यस मामिलाको पक्ष-विपक्ष सबै नियालेर हेरून्, जाँचून्, र त्यसपछि तपाईंले सठीक फैसला गर्नुहोस्!'

**भजन १७:३-५:** 'तपाईंले मेरो हृदय जाँच्नुभयो भने, यदि तपाईंले रातको अँध्यारोमा र दिनको उज्यालोमा पनि मेरो जाँचपड़ताल गर्नुभयो, जति धुइँपत्ताल लाएर मलाई जाँच्नुभयो भने पनि मेरा विरोधीहरूसँग मलाई यसरी सताउनको निम्ति कुनै उचित कारण पत्ता लगाउन सक्नुहुन्न। म बिलकुल साँचो र सत्य बोलिरहेको छु। मानिसहरूको सामान्य दुष्ट चालको विषयमा म भन्न सक्छु, कि तपाईंको पवित्र वचन बाइबलसित नजिकको सम्बन्ध राखेरै मैले तिनीहरूको हिंसाबाट आफूलाई जोगाउन सकिरहेको छु। मेरो आफ्नै शक्तिबलमाथि भरोसा गरेर होइन, तर तपाईंकै आज्ञाहरू र तपाईंका प्रतिज्ञा-हरूद्वारा म तपाईंप्रति आज्ञाकारी भई सठीक मार्गमा हिँड्न सकिरहेको छु। मेरा पाइलाहरू चिप्लेका छैनन्। तिनीहरूसित हिंसाको साटो फेर्न धेरै मौकाहरू पाएर पनि मैले यसो गरेको छैनँ।'

**भजन १७:६-७:** 'अब म आफ्नो मुद्दा तपाईंको हातमा सुम्पन्छु। तपाईंले मेरो पुकार सुन्नुहुनेछ र उत्तर दिनुहुनेछ भन्ने भरोसामा "सठीक न्याय पाऊँ" भनेर म तपाईंलाई आग्रह गर्छु। तपाईं तिनीहरूका उद्धारक हुनुहुन्छ, जसले आफ्ना शत्रुहरूबाट बाँच्नको निम्ति तपाईंको दाहिने हातमनि शरण लिएका छन्। म अहिले दगुर्दै तपाईंकहाँ आउँछु; यसकारण मप्रति आफ्नो अद्‌भुत करुणा अचम्म प्रकारले देखाइदिनुहोस्!'

**भजन १७:८-१२:** 'आँखाको नानीलाई झैं मलाई रक्षा गर्नुहोस्! अनि आँखाको पुतलीको कुरा गर्दा "त्यो कसरी परेला, ढकनी, आँखीभौं, हाड़े खोपिल्टो र त्यसको रक्षाको निम्ति छिटो उठ्ने हातद्वारा बचाइन्छ", सो म विचार्छु (श्री एफ. बी. मेयेर)। मलाई तपाईंका पखेटाहरूको छाया-मनि लुकाएर मेरो रक्षा गर्नुहोस् र मलाई ममता देखाउनुहोस्! तब मसँग भएका सबै थोकहरू लुट्न चाहने र मेरो ज्यानको समेत हत्या गर्न खोज्ने ती दुष्ट मानिसहरूबाट म सुरक्षित रहनेछु।

तपाईंलाई राम्ररी थाह छ, कि बोसोले पुरिएका तिनीहरूका हृदयले दयामाया

देखाउन सक्दैनन्, र तिनीहरूले आफ्ना मुखहरूले मलाई "पख, तँलाई हामी यसो-उसो गरेर ठीक पार्छौं" भनेर धमास पिट्दै मलाई धम्क्याउँछन्, मलाई ठूलो डर देखाउँछन्। तिनीहरूले लुकी-लुकी मेरो पानीखेदो गर्छन् र मलाई छोड्दै-छोड्दैनन्। तिनीहरूले मलाई आफ्नो घेरामा हालेका छन्। तिनीहरूले आफ्ना आँखाहरूले मलाई एकै प्रहारमा फेरि नउठ्नै गरी लड़ाउने दाउमा हेरिरहेका छन्। भोकाएको हिंस्रक सिंहले जस्तै, हो, झाड़ीमा ढुकिबस्ने जवान सिंहले जस्तै मलाई धुजा-धुजा पार्न तिनीहरू तयार छन्।'

**भजन १७:१३-१४:** 'हे परमप्रभु, म अरू कुनै उपाय देख्दिनँ; जसो भए पनि तपाई मेरो प्रतिरक्षा र बचाउको निम्ति उठ्नुपर्छ। तिनीहरूको सामना गर्नुहोस्! तिनीहरूलाई ढालिदिनुहोस्। आफ्नो तरवारले मलाई ती दुष्ट मानिसहरूको पन्जाबाट छुटाउनुहोस्, जुन मानिसहरूले यही जीवनमा पाउने कुराहरूसित मात्रै सरोकार राख्छन्। तपाईंले तिनीहरूलाई चाहिएको भन्दा बढ़ता भौतिक कुराहरू दिनुभएको छ, यहाँसम्म कि तिनीहरूका छोराछोरीहरूसँग पनि उब्रोपाब्रो छ, आफ्ना बालबच्चाहरूको निम्ति छोड़िराख्ने गरी प्रशस्तै छ।'

**भजन १७:१५:** 'यी सबै थोकहरू तिनीहरूका होऊन्! यसमा मेरो के परबाह? किनकि भौतिक धनमा भन्दा आत्मिक धनमै मेरो बढ़ी चासो छ। म दोषी भएको पापी मानिस नठहरिऊँ, तर धर्मी ठहरिएर म तपाईंको चेहरा निहार्न पाऊँ, यो मेरो निम्ति यथेस्ट छ। जब म तपाईंको स्वरूपमा बिउँझन्छु, तब म पूरा सन्तुष्ट हुनेछु।'

श्री ए. बेन्डोर सामुएलले हाम्रो ध्यानमा राख्न खोजे, कि भजन १७:१५ पदमा १ यूहन्ना ३:२ पदमा लेखिएको एक-एक कुरा पाइन्छः

***क) परम सन्तुष्टिः***

१ यूहन्ना ३:२: ... अनि हामी के हुनेछौं, त्यो अहिलेसम्म प्रकट भएको छैन, तर ...'

भजन १७:१५: '... म सन्तुष्ट हुनेछु'

***ख) ठूलो परिवर्तनः***

१ यूहन्ना ३:२: '... तब हामी उहाँजस्तै हुनेछौं।'

भजन १७:१५: '... तपाईंको स्वरूपमा बिउँझनेछु'

***ग) आत्मिक दर्शनको वृद्धिः***

१ यूहन्ना ३:२: 'हामी उहाँलाई, उहाँ जस्तो हुनुहुन्छ, त्यस्तै देख्नेछौं।'

भजन १७:१५: 'म तपाईंको चेहरा निहार्नेछु।' [17)]

यस सम्बन्धमा तपाईंले १ कोरिन्थी १५:५१-५५ र प्रकाश २२:४ पनि हेर्नुहोला।

## भजन १८: ख्रीष्ट येशूलाई मेरकाहरूबाट बौराएर उठाउने शक्ति

*'यसैकारण म अन्यजातिहरूको बीचमा तपाईंलाई स्वीकार गर्नेछु र तपाईंको नामको भजन गाउनेछु।'* यसरी रोमी १५:९ पदमा भजन १८:४९ पद उद्धृत नभएको भए हामीले यो भजन प्रभु येशू ख्रीष्टको सम्बन्धमा लेखिएको कुरा पत्ता पाउनेथिएनौं होला। तर रोमी १५:९ पदले यो भजन उहाँकै सन्दर्भमा लेखिएको हो भन्ने कुरा प्रकट गरेको छ।

हामीले यो भजन राम्ररी नियालेर अध्ययन गर्नुपर्छ, तब उक्त कुरा सही हुँदो रहेछ भनेर स्पष्ट हुन्छ; अनि तब यो भजन प्रभु येशू ख्रीष्टकै विषयमा रहेछ भन्ने पत्ता लागिन्छ। यस भजनमा उहाँको मृत्यु, उहाँको बौरि-उठाइ, उहाँको स्वर्गारोहण, उहाँको दोस्रो आगमण र उहाँको महिमित राज्यको विषयमा विस्तृत ज्ञान पाइन्छ।

हाम्रा मुक्तिदाता प्रभुको बौरिउठाइ हुने बेलामा भइरहेको भीषण युद्धको विषयमा यस भजनमा छोड़ेर पवित्र बाइबलको अन्य कुनै ठाउँ नै छैन, जहाँ यो भारी संघर्ष यति स्पष्ट रूपमा बयान गरिएको छ। तर यहाँ हामी यसको विषयमा यति पूर्व-जानकारी दिन्छौं; किनकि पछि हामी यस कुराको बढ़ी चर्चा गर्दै जान्छौं।

**भजन १८:१-३:** *'हे परमप्रभु, मेरा बल, ... मेरा चट्टान, ... मेरा किल्ला, ... मेरा उद्धारक, ... मेरा ढाल, ... मेरा उद्धारको सिङ र मेरा उच्च गढ़।'* यो भजन प्रशंसाको साथ एउटा स्तुतिगानबाट शुरु हुन्छ, जुन स्तुतिगानमा परमेश्वरको प्रिय पुत्रले परमप्रभुलाई प्रार्थना सुनिदिनुभएको र उत्तर दिनुभएकोमा उहाँलाई धन्यवाद चढ़ाउनुभएको छ। तपाईंले काव्य भाषाका निम्न रूपक शब्दहरू ख्याल गर्नुहोलाः मेरा बल, मेरा चट्टान, मेरा किल्ला, मेरा उद्धारक, मेरा ढाल, मेरा उद्धारको सिङ, मेरा उच्च गढ़। किनकि बल, सुरक्षा, बचाउ र छुटकारा – यी सबै कुराहरू परमेश्वरमा पाइन्छन्।

**भजन १८:४-६:** यस खण्डमा कष्ट भोगिरहनुभएको मुक्तिदाता प्रभुलाई मृत्युले छिटो-छिटो घेरिरहेको रहेछ। एक शब्द-चित्र लगत्तै अर्को शब्द-चित्र आउँदै-फेर्दै उहाँले आफूमाथि आइपरेका अप्ठ्यारा-अप्ठ्यारा परिस्थितिहरू बयान गर्नुभएको छ। उहाँ लठाराहरूले बाँधिनुभएको, बिस्तार-बिस्तारै छालहरूले छोपिनुभएको, जटिल डोरीहरूमा फसेर जेलिनुभएको र उम्कनै नसकिने गरी अनेक पासाहरूमा पर्नुभएको रहेछ। त्यस्ता निराशाजनक परिस्थितिमा उहाँको निम्ति उपाय केवल एउटै थियोः त्यो हो परमेश्वरसित प्रार्थना गर्नु। ख्रीष्ट येशूले 'मलाई मर्नुदेखि बचाउनुहोस्' भनेर विन्ती गर्नुभएन। किनभने उहाँ यस संसारमा आउनुको उद्देश्य त्यही थियो (यूहन्ना १२:२७)। तर उहाँको अनुरोध के थियो? 'मृत्युको बन्धनबाट छुटकारा पाऊँ' – यो उहाँको खास विन्ती थियो। *'उहाँले आफ्नो शरीर हुनुभएका दिनहरूमा बेसरी कराई-कराई र आँसु बहाई-बहाई आफूलाई मृत्युबाट बचाउन सक्नुहुनेलाई प्रार्थना र विन्तीहरू चढ़ाउनुभयो; अनि उहाँको भक्ति-भयको कारणले गर्दा उहाँको सुनाइ भयो'* (हिब्रू ५:७)। श्री जे. एन. डार्बीको अनुवाद-अनुसार 'मृत्युबाट बचाउन' होइन, तर परमेश्वर पिताले उहाँलाई मृत्युको पन्जाबाट निकालेर ल्याउनुपरेको थियो।

आफ्नो घोर सङ्कष्टमा पर्नुभएको ख्रीष्ट येशूसँग आफ्नो प्रार्थनाको सुनाइ भएको र यसको उत्तर पनि पाइसक्नुभएको निश्चयता थियो। गेत्समनी र गलगथामा प्रभु येशूका विलापपूर्ण पुकारहरूद्वारा सर्वशक्तिमान् परमेश्वरका सैन्यबल येशूको पक्षमा लामबन्दी भएको कुरा यस भजनको बाँकी भागमा प्रकट भएको छ। यस विषयमा श्री एफ. बी. मेयरले यसो लेखेका छन्ः

> 'यहाँ उहाँको सोर त कति झीनो सुनिन्छ,
> उहाँ एकलो छोड़िनुभएको देखिन्छ; तर उहाँको
> प्रार्थनाको उत्तरले सारा सृष्टिलाई हल्लायो।'

**भजन १८:७-१५:** जब हामी यस भजन १८:७-१९ पदहरूको खण्ड पढ़्छौं, तब हामी युद्ध चलिरहेको आभास पाउँछौं; अनि ठीक यही कुरा ख्रीष्ट येशूको बौरिउठाइको बेलामा भइरहेको थियो। परमेश्वर र नरकका सेनाहरूको बीचमा घनघोर लड़ाइँ चलिरहेको थियो। प्रभु येशूले कहिल्यै बौरिउठ्न नपाऊन् भन्ने दृढ़ संकल्प लिएको शैतान र त्यसका सबै दुष्ट आत्माहरूले यरूशलेम-बाहिर येशूको चिहानमा छाउनी हाले। तिनीहरू परमेश्वरको पुत्रलाई क्रूसमा मार्न सफल भए। तर उहाँ मरेकाहरूको बीचबाट बौरिउठ्नुभयो भने तिनीहरूको यो सफलताचाहिँ सरासर विफलता ठहरिनेथियो।

यसकारण तिनीहरू मुक्तिदाता प्रभुको मोहर-छाप लगाइएको यस चिहाननेर भेला भए।

तब परमेश्वरले आकाश झुकाउनुभयो; उहाँ तल आउनुभयो, र संसारका मानिसहरूले कहिल्यै नजानेको शक्तिको सर्वोच्च प्रदर्शन गर्नुभयो। प्रेरित पावलले पछि यस घटनाको बयान यस प्रकारले गरेः *'उहाँको शक्तिशाली सामर्थ्यको कामअनुसार ... जुन सामर्थ्य यहाँले ख्रीष्टमा काममा लगाउनुभयो, जब यहाँले उहाँलाई मरेकाहरूको बीचबाट बौराएर उठाउनुभयो'* (एफेसी १ः१९-२०)। सृष्टिको उत्पत्तिमा काममा लगाइएको शक्ति-भन्दा ठूलो, हो, इस्राएली जातिलाई मिस्र देशदेखि छुटाउन काममा लगाइएको शक्ति-भन्दा पनि ठूलो सामर्थ्य परमेश्वरको बौराउने सामर्थ्य हो, जुन सामर्थ्यद्वारा प्रभु येशूको बौरिउठाइ भएको बिहानीमा उहाँले ती शैतानिक प्रधानताहरू, शक्तिहरू र दुष्ट आत्माहरूलाई धपाइदिनुभयो।

परमेश्वरको सवारीमा पृथ्वी हल्लियो र काम्यो। परमेश्वरको क्रोध कतिको थियो? उहाँको नाकबाट धूवाँ छुटेको, उहाँको मुख-बाट प्रचण्ड आगोका मुस्लाहरू निस्केका र आफ्ना शत्रुहरूमाथि फ्याँक्नुभएका झरझराउँदा कोइलाहरूको दृश्यले नै यो बुझाउँछ। अनि जब उहाँ बादलमाथि भएझैं एउटा करूबमाथि सवार हुनुभयो, तब उहाँले अन्धकार, वज्रपात, बिजुलीहरू र असिनारूपी भारी बमहरू आफ्ना शत्रुहरूमाथि बर्साउनु-भयो, र यी प्रकोपहरूको प्रचण्ड आँधीद्वारा संसार खूबै डगमगायो। इस्राएलीहरूले लाल समुद्र पार गरेको समयमा समुद्रको पानी हटेर गएको थियो, ठीक त्यस्तै समुद्र र नदीहरूका पानीहरू सर्वशक्तिमान् परमेश्वरको क्रोधको भयानक प्रदर्शनमा डरले भयातुर भई पछि हटे।

**भजन १८ः१६-१९ः** उक्त खण्डमा प्रयोग गरिएको साङ्केतिक भाषा याद गर्नुहोस्ः जबसम्म परमेश्वरको शत्रु पूरा हार खाएर पछि हट्दैनथियो, तबसम्म परमेश्वरले त्यसलाई हिर्काइरहनुभएको, त्यसलाई कुल्चाइ-रहनुभएको, त्यसलाई कुच्च्याइरहनुभएको अनि त्यसलाई घाइते र अपाङ्ग पारि-रहनुभएको थियो। त्यसपछि तल आईकन उहाँले ख्रीष्ट येशूलाई मोहरछाप लगाइएको त्यस चिहानबाट बाहिर निकाल्नुभयो। हल्लेलूयाह! ख्रीष्ट येशू बौरिउठ्नुभयो। परमेश्वरले उहाँलाई मरेकाहरूको बीचबाट बौराएर उठाउनुभयो। तर उहाँको काम यतिमा सीमित रहेन। किनकि उहाँले ख्रीष्ट येशूलाई शत्रुकै राज्यको बीचबाट लैजानुभयो र उहाँको विजयोल्लसित स्वर्गारोहणद्वारा आफ्नो दाहिने हातमा उच्च महिमाको स्थानमा पनि राखिदिनुभयो। प्रेरित पावलले यसो भनेका छन्ः *'अनि प्रधानहरू र अधिकार-हरूलाई हातहतियाररहित पारेर उहाँले तिनी-हरूलाई खुल्लमखुल्ला तमाशा बनाइ-दिनुभयो, र यसैमा उहाँ तिनीहरूमाथि विजयी बन्नुभयो'* (कलस्सी २ः१५)।

**भजन १८ः२०-३०ः** यहाँ बौरिउठाइको कारण-समूह वा यस रहस्यमयताको आधार पेश गरिएको छ। प्रभु येशूलाई बौराएर उठाउन परमेश्वरको नैतिक बाध्यता थियो। अनि यो बाध्यताचाहिँ ख्रीष्ट येशूकै पापरहित निष्कलङ्क जीवनबाट आएको थियो, आफ्ना पिताको इच्छाको दाहिने-देब्रे कतै नजाने उहाँको भक्तिबाट आएको थियो र गलगथाको क्रूसमा उहाँले पूरा गर्नुभएको त्राणको कामको सिद्धताबाट आएको थियो। परमेश्वरले अनन्त जीवनको शक्ति लगाएर मुक्तिदाता प्रभुलाई चिहानबाट निकालेर ल्याउने कुरा परमेश्वरका सबै धार्मिक सद्‌गुणहरूको माग थियो। *'पिताको महिमाद्वारा ख्रीष्ट मरेका-हरूको बीचबाट बौराइनुभयो'* भन्ने प्रतापमय भनाइको अर्थ यही हो (रोमी ६ः४)। परमेश्वरको महिमामय स्वभावले प्रभु येशूको

बौरिउठाइ एउटा नैतिक आवश्यकता तुल्यायो; किनभने ख्रीष्ट येशूको सिद्ध धार्मिकताले बौरिउठाइको इनाम कमाइदियो।

दाऊदले भजन १८ लेखेका हुन्, तर २०-३० पदहरूको खण्डले तिनको जीवनसित पूरा मेल खाँदैन। होइन, तिनले त पवित्र आत्माको प्रेरणाद्वारा यी कुराहरू उहाँको विषयमा भविष्यवाणीको रूपमा लेखेका हुन्, जो तिनको पुत्र र तिनको प्रभु पनि हुनुहुनेथियो (मत्ती २२:४१-४६)।

**भजन १८:३१-४२:** यी पदहरूले ख्रीष्ट येशूको दोस्रो आगमन बयान गरेका छन्। *'जब प्रभु येशू स्वर्गबाट आफ्ना सामर्थी दूतहरूको साथमा दन्किरहेको आगोमा प्रकट हुनुहुनेछ र उहाँले परमेश्‍वरलाई नचिन्नेहरूलाई र हाम्रा प्रभु येशू ख्रीष्टको सुसमाचार पालन नगर्नेहरूलाई बदला दिनुहुनेछ'* (२ थिस्सलोनिकी १:७-८)। अनि उहाँले रगतमा चोपिएको पोशाक पहिरनुहुनेछ; अनि उहाँको मुखबाट एउटा लाग्ने तरवार निस्किनेछ, जुन तरवारले उहाँले जाति-जातिलाई प्रहार गर्नुहुनेछ; अनि उहाँले तिनीहरूलाई कुल्चीमिल्ची पारेर सर्वशक्तिमान् परमेश्‍वरको भयानक रिस र क्रोधको मद्यको कोल चलाउनुहनेछ (प्रकाश १६:१३ र १५)।

ख्रीष्ट येशूलाई यहाँ योद्धाको रूपमा चित्रण गरिएको छ। यस कुराले पवित्र धर्मशास्त्रका अरू खण्डहरूसँग मेल खान्छ, जुन खण्डहरूले सिकाउँछन्, कि *'उहाँ सबैको न्याय गर्न, साथै मानिसहरूको बीचमा सबै भक्तिहीनहरूलाई, तिनीहरूले भक्तिहीन भएर गरेका तिनीहरूका सबै भक्तिहीन कामहरूको विषयमा र भक्तिहीन पापीहरूले उहाँको विरोधमा बोलेका तिनीहरूका सबै कठोर वचनहरूको विषयमा दोषी ठहर्‍याउन आउनुहुन्छ'* (यहूदा १:१५)।

परमेश्‍वर पिताले ख्रीष्ट येशूलाई लड़ाइँको निम्ति सुसज्जित पार्नुहुनेछ (भजन १८:३१-३७), त्यसपछि ख्रीष्ट येशूले आफ्ना शत्रुहरूलाई पिछा गरेर बिलकुल नष्ट गर्नुहुनेछ (भजन १८:३७-४२)।

**भजन १८:४३-४५:** आफ्ना शत्रुहरूलाई धूलोपीठो पारिसक्नुभएपछि ख्रीष्ट येशूले राजाहरूका अधिराज र प्रभुहरूका परमप्रभुको रूपमा पृथ्वीमाथि आफ्नो राज्य स्थापित गर्नुहुनेछ। तब उहाँ पृथ्वीमा सबै जातिहरूका शिर हुनुहुनेछ। उद्धारप्राप्त इस्राएलीहरू र उद्धारप्राप्त अन्यजातिहरू दुवैले खुशीसाथ महिमावान् ख्रीष्ट येशूको धार्मिक शासन-अधिकार स्वीकार गर्नेछन्। तर विदेशीहरूले केवल उहाँको ओठे सेवा गर्नेछन्।

**भजन १८:४६-५०:** यस भजनले जसरी शुरु गरेको छ, यसको अन्त पनि यस्तै हुन्छः एउटा स्तुतिगानद्वारा परमेश्‍वरको प्रशंसा गरिएको छ, जसले प्रभु येशूलाई अद्‌भुत रीतिले सत्य ठहर्‍याउनुभयो। उहाँले आफ्ना राजालाई महान्-महान् विजयहरू दिनुभएको छ र आफ्ना पुत्र, यी अभिषिक्त जनमाथि निरन्तर कृपा देखाउनुभएको छ।

ख्रीष्ट येशूले पूरा गर्नुभएका सबै महिमाले पूर्ण कार्यहरूको खातिर हामीले पनि अन्य-जातिहरूको बीचमा उहाँको प्रशंसा गर्नुपर्छ र उहाँको नामको स्तुति गाउनुपर्छ।

## भजन १९: परमेश्‍वरका दुईवटा पुस्तकहरू यी हुन्

**भजन १९:१-२:** *'आकाशले परमेश्‍वरको महिमाको वर्णन गर्छ; अनि आकाश-मण्डलले उहाँको हातको सीप प्रकट गर्छ।'* कति गजबको कुरा! आकाशले हामीलाई के बताउन खोजेको? सबैभन्दा पहिलो कुरा यही होः ब्रह्माण्डको विशालता कति हो, सो त्यसले बताउँछ। प्रकाशको गतिमा हामीले एक सेकेण्डमा एक लाख छियासी हजार (१,८६,०००) माइलको रफ्तारमा यात्रा गरेर

एक वर्षमा प्रायः साठी खरब (६०,००,००,००,००,०००) माइल यात्रा गर्न सक्छौं। त्यसो हो भने, दूरदर्शक टेलिस्कोपको सहायताले देख्न सकिने ब्रह्माण्डको सबैभन्दा टाढ़ो अन्तिम छेउमा पुग्न हामीलाई यस रफ्तारमा यात्रा गर्दा दस अरब वर्षहरू लाग्नेथियो; तर पनि अन्तरिक्षको सबैभन्दा उत्तरको सीमादेखि हामी अझै पनि धेरै टाढ़ा हुनेथियौं। यसकारण होला, वर्तमान खगोल-विद्हरूको विचारमा, अन्तरिक्षको कुनै साँध-सिमान छैन। यसो हो भने, असीमित आकाशमा हाम्रो पृथ्वी त एउटा सूक्ष्म कण मात्रै हुँदो रहेछ।

अब हामी ताराहरू र अरू आकाशीय पिण्डहरूको सङ्ख्याको विषयमा विचार गरौं! हामीले आँखाले पाँच हजारजति ताराहरू देख्न सक्छौं। सानो टेलिस्कोपको सहायताले हामी बीस लाखजति ताराहरू देख्छौं; तर पालोमार वेधशालामा अवस्थित भएको टेलिस्कोपले भने अरबौं तारा-समूहहरू देख्छौं, तिनीहरूको ताराको सङ्ख्या नगरे पनि हुन्छ।

त्यसपछि हामी पृथ्वीदेखि आकाशीय पिण्डहरूसम्म र तिनीहरूको बीचमा एक-अर्काको दूरीको विषयमा विचार गरौं! एकजना व्यक्तिले निम्न तरिकाले यो कुरा बुझाउने कोशिश गरेः मानौं एक हजार माइल यात्रा गर्न हामीलाई एक पैसा भाड़ा लाग्छ भने, चन्द्रमामा पुग्न हामीलाई दुई रुपियाँ अठतीस पैसा लाग्नेथियो, अनि सूर्यमा पुग्न नौ सय तीन रुपियाँ लाग्नेथियो, तर सबैभन्दा नजिकको तारामा पुग्न हामीलाई कम्तीमा छबीस करोड़ रुपियाँ लाग्नेथियो।

टेलिस्कोपद्वारा देखिने सबैभन्दा टाढ़ाका ताराहरूको प्रकाश पृथ्वीमा आइपुग्न दस अरब वर्षजत्ति लाग्छ। यसकारण जब हामी अन्तरिक्षतिर हेर्छौं, तब हामी धेरै पहिले भूतकालमा छोड़िएको प्रकाश पो देख्छौं। यहाँ हामी यसको उदाहरण दिन्छौंः जुन एन्ड्रोमेडा नामक तारा-समूह हामी हालैमा देख्छौं, हामी वास्तवमा त्यस तारा-समूहको वर्तमान अवस्था होइन, तर त्यसको बीस लाख वर्ष अगाड़िको अवस्था पो देखेको छौं।

आकाशमा ताराहरू भीड़ लागेको जस्तो देखिन्छ; तर तिनीहरूको बीचमा एक तारादेखि अर्को ताराको दूरी विशाल छ, यहाँसम्म कि तिनीहरूको बीचको दूरी हामीले पानीजहाजहरूसित तुलना गर्न सक्छौं, जुन जहाजहरू एउटा खुला अपार महासागरमा एक-अर्काबाट लाखौंलाख माइल अलग-अगल हुन्छन्।

ब्रह्माण्ड यति विशाल छ भने, यसको सृष्टिकर्ता कति महान् हुनुपर्छ? उहाँ त सृष्टिभन्दा ज्यादा ठूलो हुनुपर्छ, होइन र? दिनको समयमा र रातको समयमा आकाशले सृष्टिकर्ता परमेश्‍वरको सामर्थ्य र बुद्धिको महानताको चर्चा गरिरहेको छ। अनि आकाश-मण्डलले उहाँको हातको सीप कतिको छ, सो उद्घोषणा गरिरहन्छ। (पवित्र बाइबलमा आकाश-मण्डलले गगनको फैलावट बुझिन्छ)। यस सिलसिलामा श्री आइजक वाट्सले यसो लेखेका छन्ः ‘प्रकृतिले ठूलो सोरले आफ्नो सृष्टिकर्ताको प्रशंसा चारैतिर फैलाएको छ।’

**भजन १९ः३-४क**ः त्यहाँ न कुनै बोली छ, न कुनै शब्द छ, न कानले सकिने कुनै सोर छ, तर पनि ताराहरूले दिएको उपदेश सारा पृथ्वीभरि गुञ्जायमान भएको छ र तिनी-हरूको सन्देश संसारको कुना-कुनासम्म पुगेको छ। माथि आकाशतिर फर्केर हेर्दाखेरि मानिसले परमेश्‍वर हुनुहुँदो रहेछ भन्ने कुरा सजिलोसँग जान्न सक्छ र उहाँको अनन्त शक्ति कतिको हुनुपर्छ, सो बुझ्न सक्छ (रोमी १ः२०)। ब्रह्माण्डको भयानक लमाइ, चौड़ाइ, उचाइ र गहिराइले, साथै मानिसको मगजले भियाउनै नसकिने त्यसको

जटिलताले गणितज्ञ र भौतिक शास्त्री लर्ड केल्विनले गरेको निम्न टिप्पणीको समर्थन गरेका छन्ः 'तपाईंले राम्ररी विचार गर्नुभयो भने, विज्ञानले तपाईंलाई परमेश्वरमाथि विश्वास गर्न विवश गराउँछ।' यस सिलसिलामा दार्शनिक श्री इम्मानुएल कान्तले यसो लेखेका छन्ः

> 'संसारको बनावटको विषयमा मनन-चिन्तन गर्दा त्यसको व्यवस्थामा एउटा प्रशंसनीय क्रम नदेख्नु असम्भव छ; अनि त्यसको एक भाग अर्को भागसित स्थापित भएको पारस्परिक सिद्ध सम्बन्धमा परमेश्वरको हात रहेको कुरा हामीले स्वीकार गर्नैपर्छ। यो एउटा समझको सवाल हो। जुन मानिसले सृष्टिको सुन्दरता र त्यसको सिद्ध हस्तकलामाथि आफ्नो विचार पुऱ्याएको छ र त्यसको तारिफ गरेको छ, त्यस मानिसको धार्मिक क्रोध यो सबै आफैआफ हुन आएको र संयोगको सुखद फल भएको मूर्ख धारणाको दुःसाहसप्रति जागेर आउनु तर्कसङ्गत कुरा हो। किनभने यो अनिवार्य छ, कि सर्वोच्चको बुद्धिले यसको सृष्टिको योजना रचेको हुनुपर्छ, र उहाँको अनन्त शक्तिले यो दिव्य योजना कार्यान्वित गरेको हुनुपर्छ।' [18)]

**भजन १९ः४$^{ख}$-६ः** भजनकारले आकाशको गुमजरूपी परिधि एउटा विशाल तम्बूजस्तो देख्छन्, जुन तम्बू परमेश्वरले सूर्यका निम्ति तयार पार्नुभयो। बिहान सूर्यको उदाय हुन्छ, त्यो त आफ्नो कोठादेखि निस्किरहेको दुलहाजस्तो देखिन्छ। सूर्य आकाशको गुमजबाट भएर जान्छ, त्यो त रमाउँदै गरेको बलवान् मानिस दौड़मा कुदि-रहेको जस्तो देखिन्छ। सूर्यको उक्त दौड़ आकाशको पूर्वीय छेउबाट शुरु हुन्छ र पश्चिमी क्षितिजमा टुङ्गिन्छ। हामीलाई निश्चित थाह भएको कुरा होः वास्तवमा सूर्य उदाएको र अस्ताएको होइन, तर पृथ्वी पो घुम्छ, र हामीलाई यस प्रकारको आभास दिलाउँछ। किनकि पवित्र बाइबलका कवितात्मक खण्डहरूमा प्रायः हामीले बोलेको हाम्रै दैनिक सामान्य बोलीवचन प्रयोग गरिएको छ।

सूर्यको प्रकाश र तापबाट केही कुरा लुकेको छैन। किनकि त्यसले हरेक कुना-काप्चा र खोच्याप्रो भएको ठाउँ छिचोल्दै संसारको यावत् थोक उदाङ्गो पारिदिन्छ।

**भजन १९ः७-९ः** तर सृष्टिचाहिँ परमेश्वरको प्रकाश गर्ने एकै ग्रन्थ मात्र हो। अनि भजन १९ः७ पदले हामीलाई परमेश्वरको प्रकाश दिने दोस्रो ग्रन्थको परिचय दिन्छ, जुनचाहिँ परमप्रभुको व्यवस्था हो। दुवै ग्रन्थहरूले परमेश्वरको महिमा गर्छन्, अनि दुवैले विचारशील मानिसहरूलाई परमेश्वरको उपासना गर्ने प्रेरणा दिन्छन्। भजनसंग्रहको पुस्तकका प्रायः सबै टिप्पणी-कारहरूले श्री इम्मानुएल कान्तको यो प्रख्यात धारणा प्रस्तुत नगरी सकेनन्, जसले यसो भनेका छन्ः

> 'ममाथि भएको ताराले पूर्ण आकाश र मभित्र भएको नैतिक व्यवस्था – यी दुई कुराहरू हुन्, जसले मेरो मनमा सधैं श्रद्धाभक्तिको भावना बढ़ाइदिन्छन्।' [19)]

तर परमेश्वरका यी दुई पुस्तकहरूको बीचमा भिन्नता छ। सृष्टिले परमेश्वरलाई पराक्रमीको रूपमा र सर्वशक्तिमान् परमेश्वरको रूपमा प्रकट गर्छ। तर उहाँको वचनले चाहिँ उहाँलाई आफ्ना जनहरूसित वाचागत सम्बन्ध राख्नुहुने परमेश्वरको रूपमा प्रकट गर्छ। परमेश्वरका कामहरूले उहाँको ज्ञान र शक्ति प्रकट गर्दछन् भने, परमेश्वरको वचनले उहाँको प्रेम र अनुग्रह प्रकट गर्दछ। वैज्ञानिक तथ्यले हाम्रो बुद्धिलाई प्रेरित गर्ला, तर केवल आत्मिक सत्यताले चाहिँ हाम्रो हृदय र विवेक कायल पार्छ।

परमेश्वरको वचनको गुणगान गर्दै गरेका दाऊदले यसको नाम 'परमप्रभुको व्यवस्था' मात्रै राखेनन्, तर 'परमप्रभुको साक्षी-वचन',

'परमप्रभुका नियमहरू', 'परमप्रभुको आज्ञा', 'परमप्रभुको भय' र 'परमप्रभुका न्याय-वचनहरू' भनेका छन्। भजनकार दाऊदले परमेश्वरको वचनमा आठवटा उत्तम गुणहरू रहेका बताएका छन्, जुनचाहिँ यी हुन्: परमेश्वरको वचन सिद्ध छ, पक्का छ, सही छ, शुद्ध छ, अँ, सदा रहिरहने, सत्य र धर्ममय छ। त्यसपछि तिनले यसका पाँचवटा अद्‌भुत सेवा-कार्यहरूको बयान गरेका छन्, जस्तैः परमेश्वरको वचनले हाम्रो मन परिवर्तन गर्छ, बोधालाई बुद्धिमान् तुल्याउँछ, हाम्रो हृदय आनन्दित गराउँछ, हाम्रा आँखाहरू ज्योतिर्मय पार्छ र परमेश्वरको दासलाई चेताउनी दिन्छ।

**भजन १९:१०:** सुन जति किन नहोस्, तर त्यसको मूल्य परमेश्वरको वचनको दाँचामा आउँदै-आउँदैन। परमेश्वरको वचन अझै पनि त्योभन्दा किम्मती हुन्छ। तर एउटै कुरामा चाहिँ परमेश्वरको वचन र सुन उस्तै हुन्छ। किनकि मानिसहरूले खनेर सुन निकाल्नुपर्छ; अनि मानिसहरूले खनेरै परमेश्वरको वचनको धन खोजेर निकाल्नु-पर्छ। परमेश्वरको यस पवित्र पुस्तकका पानाहरूमा ठूलो धन लुकेको हुन्छ। अनि जुन मानिसले परमेश्वरको वचनभित्र आत्मिक धनको खोजी गर्छ, त्यस मानिसले परमेश्वरको वचनबाट सबैभन्दा बढ़ी फाइदा उठाउँछ।

*'कुनै कुरा गुप्त राख्नुमा परमेश्वरको महिमा छ भने, राजाहरूको महिमाचाहिँ कुरा तलाश गर्नुमा हुन्छ।'* (हितोपदेश २५:२)

पवित्र बाइबलमा सुनका डल्लारूपी आत्मिक धन भेट्टाउँदा म जति आनन्दित हुन्छु, त्यति आनन्दित जमिनभित्र कच्चा सुन खोजेर भेट्टाउने कोही मानिस नै हुँदैन; यस कुरामा दुईमत छैन। मलाई मह धेरै मन परेको छ; तर मेरो लागि त्यसको मिठास परमेश्वरको उत्तम वचनको मिठासको तुलनामा कहिल्यै आउनै सक्दैन। मैले पवित्र बाइबलमा जुन समृद्धि र तृप्ति पाएँ, त्यो समृद्धि र तृप्ति बयान गर्ने मेरै शब्द नै छैन।

यो पुरानो पुस्तक मेरो मार्ग-दर्शक हो;
मेरो छातीमा टाँसिदिने मेरो अति प्रिय साथी हो;
यो मेरो बाटोको निम्ति उज्यालो बत्ती र ज्योति हो।

दिन प्रतिदिन म बाइबल पढ्छु र यसमा
लेखिएको एक-एक कुरामाथि ध्यान दिन्छु,
तब यसको हरेक प्रतिज्ञाले मेरो मनलाई
आश्वस्त र आनन्दित तुल्याइदिन्छ।

श्री एड्मण्ड पिलिफान्ट

प्रसङ्गवश 'ती वचनहरू महभन्दा, हो, महको चाकाभन्दा पनि मीठो हुन्छन्' भन्ने वाक्यमा सुनको सुगन्ध छ; किनकि निचोरेर निकालिएको महभन्दा चाकाबाट तपतप चुहुँदै गरेको मह नै सबैभन्दा शुद्ध मह हो।

**भजन १९:११:** *'तीद्वारा नै तपाईंको दासले चेताउनी पाउँछ।'* पवित्र धर्मशास्त्र बाइबल-द्वारा ख्रीष्ट-विश्वासीहरूले शैतानको सामना गर्न, पापको परीक्षाबाट भाग्न, जुनै पापलाई घृणा गर्न र खराबीको हरेक रूपबाट अलग बस्न सिक्छन्। परमेश्वरको वचनका नियमहरू पालन गरेर नै ख्रीष्ट-विश्वासीले जीवनमा साँचो परिपूर्णता र साँचो तृप्ति पाउँछ। किनकि आत्मिक हिसाबले, शारीरिक हिसाबले र मानसिक हिसाबले उसले असल जीवनको रस र स्वाद उपभोग गर्नेछ। अनि सबैभन्दा ठूलो कुरा यो होः उसले ख्रीष्टको न्यायआसनमा धेरै इनाम पाउनेछ। किनभने *'भक्तिचाहिँ सबै कुराको निम्ति लाभदायक हुन्छ; किनकि यसैमा अहिलेको जीवन र पछि आउने जीवनको प्रतिज्ञा छ'* (१ तिमोथी ४:८)।

**भजन १९:१२:** तर परमप्रभुको व्यवस्था कति पवित्र, कति धर्ममय र कति सिद्ध छ! जब यसको विषयमा हामी सोच्न थाल्छौं, तब हामी आफ्नो असफलता कतिको छ, सो देख्छौं, र दाऊदसँग मिलेर यसो भन्दै स्वीकार

गर्न पूरा राजी हुन्छौंः *'आफ्ना भूलचूकहरू कसले बुझ्न सक्छ र?'* यस सम्बन्धमा श्री अल्बर्ट बार्नसले यसो लेखेका छन्ः

> 'यति पवित्र, यति शुद्ध, यति ससख्त आदेशहरू र विस्तृत मागहरू गरिरहेको व्यवस्था छ, जसले हाम्रा विचारहरू, हाम्रा शब्दहरू र हाम्रो समस्त जीवनमाथि आफ्नो अधिकार दाबी गर्छ भने, हामीले यस ईश्वरीय व्यवस्थाका नियमहरू कतिपल्ट भङ्ग गरेको, यसको हिसाब नै छैन। भजन ११९ः९६ पदमा पनि उस्तै विचार व्यक्त गरिएको पाउँछौं, जहाँ यसो लेखिएको छः "मैले सबै सिद्धताको अन्त देखेको छु; तर तपाईंको आज्ञाचाहिँ असीमित हो।" ' 20)

पवित्र धर्मशास्त्र बाइबलले हामीलाई हाम्रै भेद खोलिदिन्छ र हामीलाई यस्ता पापहरूको विषयमा कायल पारिदिन्छ, जसको विषयमा हामीले अघि जानेका थिएनौं भने, हामीले ती गुप्त पापहरूको क्षमा माग्नुपर्छ। यी गुप्त पापहरू हाम्रो नजरदेखि छिपेका र अरूका आँखाहरूदेखि लुकेका भूलत्रुटिहरू हुन्, जसको विषयमा परमेश्वरलाई पूरा ज्ञान छ। यस विषयमा बुझ्नुहोस्ः हरेक पाप पाप नै हो, हामी त्यसको विषयमा अनजान रहे-नरहे पनि। तब कसो गरे ठीक हुन्छ? हामीले आफ्ना पापहरू मानिलिँदा सधैं यो पनि भन्नुपर्छः 'मलाई गुप्त पापहरूबाट शुद्ध पार्नुहोस्!'

**भजन १९ः१३ः** यस भजनको शिक्षाले हामीलाई अनजानमा गरिएका पापहरूबाट शुद्ध हुनुपर्ने कुरा मात्र समेट्दैन, तर हामीलाई ढीठपनका पापहरूको विषयमा पनि सिकाउँछ। ढीठपनका पापहरूचाहिँ हाम्रो घमण्ड र अहङ्कारबाट जन्मेका पापहरू हुन्, जसबाट हामी जोगिनैपर्छ। विश्वको मूलपाप घमण्ड नै थियो। किनभने लुसिफरको घमण्डले त्यसलाई परमेश्वरको विरुद्धमा विद्रोह मच्चाउन लगायो। यसैकारण अरू केही कुरादेखि होइन, तर भजनकार आफ्नो जीवनमा ढीठपनको पापले पो राज्य गर्छ कि भन्ने कुरादेखि बढ़ी डराइरहेका थिए। दाऊदको शब्दअनुसार जो मानिस ढीठपनाका पापहरूको प्रभुत्वबाट बाँच्छ, त्यो मानिस ठूलो अपराधदेखि निर्दोष रहनेछ, हो, विशेष गरी जीवित परमेश्वरदेखि पिठ्यूँ फर्काएर उहाँबाट टाढ़ा जाने अविश्वासको खराब हृदयबाट र उहाँको विरुद्धमा बागी हुने ठूलो अपराधबाट निर्दोष रहनेछ।

**भजन १९ः१४ः** अबचाहिँ परमेश्वरको वचनको गुणगान गर्ने काम सिद्धियो। दाऊदले पहिले सृष्टिरूपी ग्रन्थको गुण गाए, त्यसपछि परमेश्वरको वचनरूपी दिव्य प्रकाशको पुस्तकको गुण गाए। अब तिनले परमप्रभु आफ्नो चट्टान र उद्धारकलाई आफ्नो अन्तिम विन्ती चढ़ाउँछन्ः *'मेरो मुखका शब्दहरू र मेरो हृदयको ध्यान तपाईंको दृष्टिमा ग्रहणयोग्य भएका होऊन्!'*

परमेश्वर कुन हिसाबले तिनको चट्टान हुनुहुन्थ्यो त? उहाँ तिनको बल हुनुहुन्थ्यो र तिनको बचाउ र रक्षक हुनुहुन्थ्यो। अनि तिनको उद्धारकचाहिँ हाम्रै उद्धारक हुनुपर्छ, जसले ख्रीष्ट येशूमा हामीलाई पाप, दासत्व र शर्मबाट दाम तिरेर छुटाउनुभएको छ।

## भजन २०ः याकूबका परमेश्वरको नाम

इस्राएली जाति लड़ाइँको सन्मुखमा आइपुगेको थियो। अनि राजा दाऊद आफ्ना सेनाहरूको साथमा रणभूमिमा उत्रनुभन्दा अघि बलिहरू चढ़ाउन तयार भए। अनि राजनिष्ठ जनताका भीड़ैभीड़ मानिसहरू यस उपलक्ष्यमा दाऊदलाई आफ्नो शुभेच्छा टक्राउन उपस्थित छन्। अनि भजन २०ः१-५ पदको खण्डमा तिनीहरूको प्रार्थना उल्लेख गरिएको छ। तिनीहरूले तिनको पक्षमा

परमप्रभुलाई पुकार्छन्ः उहाँले तिनको रक्षा गरून् र तिनलाई यस लड़ाइँमा विजय दिऊन्। अनि आफ्नो जनताको प्रार्थनाद्वारा हौसला पाएका राजा दाऊदले आफ्नो दृढ़ निश्चय व्यक्त गर्छन्ः निस्सन्देह परमप्रभु तिनको पक्षमा लड्नुहुनेछ (भजन २०:६)। अनि राजाको निर्भरता जनतामा सर्छ; अनि तिनीहरूले आफ्नो प्रार्थनामा छुटकारा पाउने निश्चयता व्यक्त गर्छन् (भजन २०:७-९)।

### क) भजन २०:१-५ः परमेश्वरका जनहरूको प्रार्थना

**भजन २०:१ः** लड़ाइँमा उत्रने अघिल्लो साँझको कुरा होः मानिसहरूले परमप्रभुलाई पुकार्छन्ः उहाँले हुनै लागेको लड़ाइँको सम्बन्धमा तिनीहरूका राजाको विन्ती सुनेर तिनीहरूको शत्रुलाई प्रहार गरेर पूरा परास्त गरिदिऊन्। 'याकूबका परमेश्वरको नामले तिमीलाई रक्षा गरोस्' भन्ने नारा छोड़ेर तिनीहरूले आफ्ना राजालाई शुभकामना टक्राए। यस वाक्यले हामीलाई यो स्मरण गराउँछ, कि परमेश्वरको नाम भन्नु र परमेश्वर भन्नु एउटै कुरा हुँदो रहेछ। यस भजनभरि तीन चोटि यस अजिब नामको सन्दर्भमा निम्न जानकारी लेखिएको पाउँछौं, जस्तैः

**अ)** *भजन २०:१ः* 'याकूबका परमेश्वरको नामले तिमीलाई रक्षा गरोस्!'

**आ)** *भजन २०:५ः* 'हाम्रा परमेश्वरको नाममा हामी आफ्ना झण्डाहरू खड़ा गर्नेछौं।'

**इ)** *भजन २०:७ः* 'हामी त परमप्रभु हाम्रा परमेश्वरको नामको सम्झना गर्नेछौं।'

श्री जर्ज विलियम्सले ठीक प्रकारको सङ्केत दिने निम्न शब्दालङ्कार बनाएका छन्ः

**अ)** परमप्रभुको नाम रक्षा दिने नाम हो

**आ)** परमप्रभुको नाम प्रदर्शन गर्ने नाम हो

**इ)** परमप्रभुको नाम छुटकारा दिलाउने नाम हो

**भजन २०:२ः** तिनीहरूको निम्ति आवश्यक सहायता पाउने स्रोत कहाँ थियो, सो स्पष्ट पारिएको छः पुरानो नियमको समयमा सियोनमा अवस्थित भएको पवित्र-स्थानचाहिँ यस पृथ्वीमा परमेश्वरको वासस्थान हुन्थ्यो। यसकारण यस पवित्र-स्थानबाट सहायता पाउने आशा राख्नु र सियोनबाट सामर्थ्यको अपेक्षा राख्नु बिलकुल मुनासिब हुन्थ्यो।

**भजन २०:३ः** राजाले भेटीहरू र होमबलि चढ़ाएर देखाएको विश्वासयोग्यता र आज्ञाकारिताचाहिँ परमप्रभुले दयाको साथ तिनको सम्झना गर्नुपर्ने मुख्य कारणको रूपमा पेश गरियो।

**भजन २०:४-५ः** राजाको चाहना के थियो भने, परमप्रभुले तिनका योजनाहरू र मनसाय साथ दिऊन्, सफल तुल्याऊन्, पूरा गरिदिऊन्। राजालाई प्रेम गर्ने जनताहरूले 'लड़ाइँको परिणाम राजाले चित्ताएको जस्तै होस्' भनेर प्रार्थना गर्छन्। तिनीहरूले अघिबाटै हर्षोल्लासको साथमा ठूलो विजय-उत्सव मनाउने कल्पना गरिरहेका थिए, जुन उत्सवमा तिनीहरूले विजयको उत्तेजित समाचार सुनाउनेथिए र आफ्ना परमेश्वरको नामको श्रद्धाञ्जलिमा झण्डाहरू हावामा फरफराउनेथिए।

'परमप्रभुले तिम्रा सबै विन्तीहरू पूरा गरिदिऊन्' भन्ने विन्ती जनसाधारणले चढ़ाएको प्रार्थना, प्रधान पूजाहारीले गरेको प्रार्थना वा राजाले गरेको प्रार्थना हुन सक्छ। जे होस्, यो एउटा सुयोग्य प्रार्थना हो।

### ख) भजन २०:६ः राजाको प्रत्युत्तर

आफ्नो प्रजाका शुभकामनामय प्रार्थनाद्वारा उत्साह पाएर राजा ढुक्कै भए र यस कुरामा रमाए, कि परमप्रभुले अवश्य आफ्नो पवित्र

स्वर्गबाट तिनलाई चाहिएको जति सहायता पठाईकन आफ्नो अनन्त शक्तिको प्रदर्शनद्वारा हस्तक्षेप गरिदिनुहुनेछ।

### ग) भजन २०:७-९: प्रजाहरूको विश्वास-पूर्ण प्रार्थना

**भजन २०:७-८:** यस किसिमको दृढ़ निश्चयता अर्कामा सर्दै जान्छ। राजनिष्ठ जनताले आफ्ना अगुवाको दृढ़ विश्वासद्वारा प्रेरणा पाए। अबदेखि उसो तिनीहरू सेखी-बाज शत्रुको सैन्यबलदेखि डराउनेथिएनन्। त्यसले आफ्ना जित्न नसकिने अजय रथ-हरूमा र लड़ाइँमा तालिमप्राप्त घोड़ाहरूमा गर्व गर्दै जाओस्। यसको केही परबाह छैन। किनभने इस्राएली जातिले परमप्रभुको नाममा गर्व गर्ने नै थियो। रासैरास हतियारहरूमाथि भन्दा परमप्रभुमाथि भरोसा राख्नु उत्तम हो। परमप्रभुको एकै नजरले शक्तिशालीभन्दा शक्तिशाली सेनाहरू पनि भुइँमा घप्ल्याक-घुप्लुक हुनेछन्। तर परमप्रभुको पक्षमा उभिनेहरू लड़ाइँको धूवाँ छुट्दा अझै पनि सीधा खड़ा हुनेछन्।

**भजन २०:९:** मनको यो शान्ति लिएर मानिसहरूले फेरि एकपल्ट आफ्ना राजाको पक्षमा परमप्रभुलाई तिनले उहाँबाट विजय पाऊन् भन्ने अनुरोध गर्छन्। अनि त्यो विजयचाहिँ तिनीहरूको प्रार्थनाको उत्तर ठहरिनेथियो।

### घ) हाम्रो निम्ति यसको प्रयोग र व्यावहारिकता के हो त?

ऐतिहासिक हिसाबले यस भजनको प्रयोग २ शमूएल १०:१४-१९ पदको खण्डमा पूरा भयो, जब दाऊदले अम्मोनीहरू र अरामी-हरूलाई परास्त गरे।

तर यस भजनको सन्दर्भ प्रभु येशू पनि हुन सक्नुहुन्छ। यसो हो भने यस भजनले उहाँका विश्वासी जनहरूले परमेश्वरलाई प्रभु येशूको बौरिउठाइ भएको होस् भन्ने विन्ती चढ़ाएको अर्थ लिन्छ। परमेश्वरले ख्रीष्ट येशूलाई बौराएर उठाईकन ख्रीष्ट येशू गलगथामा त्राणको बलिदान हुनुभएकोमा पूरा सन्तुष्टि पाउनुभएको सङ्केत दिऊन् – यो तिनीहरूको अनुरोध थियो। अनि जब मसीह राजाले शैतान र त्यसका सेनाहरूसँग संघर्ष गर्नुभयो, तब उहाँ यस युद्धमा विजयी भएरै छाड्ने कुरामा पूरा ढुक्कै र विश्वस्त हुनुहुन्थ्यो। यस भजन बीसको सन्दर्भ यही हो भने, यस भजनले उमङ्गको साथ प्रभु येशूको बौरि-उठाइको बिहानीको बाटो हेर्दैथियो।

यस भजनको शिक्षा मिशनेरीहरूमा लागू गर्न सकिन्छ, जोचाहिँ शैतानले अधिकार जमाएको क्षेत्रमा निस्किरहेका छन्। अथवा यस भजनको सन्दर्भ त्यो ख्रीष्ट-विश्वासी हुन सक्छ, जो प्रभुको नाममा नयाँ क्षेत्रतिर सुसमाचार फैलाउन निस्कन्छ।

## भजन २१: विजयको निम्ति धन्यवाद-ज्ञापन

भजन २० र भजन २१ को बीचमा नजिकको सम्बन्ध रहेको छ। अघिको भजनमा जनताले लड़ाइँमा निस्किरहेका राजाले विजय प्राप्त गरून् भन्ने प्रार्थना गरेको थियो भने, यहाँ आएर ती मानिसहरूको प्रार्थनाको सुनाइ भएको बयान छ, साथै तिनीहरूले परमप्रभुसित यस विजयको चर्चा गरेर विजयोत्सव मनाए। पहिले तिनीहरूले बड़ो रोमहर्षक ढङ्गमा परमेश्वरले तिनी-हरूलाई सफलता हासिल गराउनुभएको कुरा वर्णन गर्छन् (भजन २१:१-७)। त्यसपछि तिनीहरूले राजाका सबै शत्रुहरू वशमा पारिने दिनको बाटो हेरिरहन्छन् (भजन २१:८-१२)। अन्तमा तिनीहरूले परमप्रभुको शक्ति र प्रतापको बढ़िबढ़ाइ गर्छन् (भजन २१:१३)।

### क) भजन २१:१-७: विजयको मिठास

**भजन २१:१-४:** परमप्रभुले आफ्नो प्रताप प्रकट गर्नुभएको र आफूलाई सेनाहरूको परमप्रभुको रूपमा प्रमाणित गर्नुभएकोमा राजा दाऊदले यहाँ आनन्द मनाइरहेका छन्। सठीक समयमा परमप्रभुले यस लड़ाइँमाथि हस्तक्षेप गर्नुभएकोमा तिनी साह्रै खुशीले उल्लसित भएका छन्। परमेश्वरले तिनलाई तिनले चाहना गरेको विजय दिनुभयो, जुन सफलताको निम्ति तिनले उहाँलाई प्रार्थना गरेका थिए। परमप्रभुले विजय र समृद्धिरूपी आशिषहरू लिएर तिनीसित भेट गर्नुभयो। परमप्रधान परमेश्वरले तिनको शिरमाथि निखुर सुनको अविनाशी मुकुट लगाइ-दिनुभयो। 'सुरक्षा पाऊँ' भनेर राजाले गरेको प्रार्थनाको उत्तरमा परमेश्वरले तिनलाई जीवन दिनुभयो, हो, सदा-सर्वदा रहिरहने दीर्घआयु दिनुभयो। दाऊदको सम्बन्धमा यस वाक्यांशको अर्थ लामो आयु थियो होला, तर मसीह राजाको सम्बन्धमा यसको अर्थ उहाँको बौरिउठाइ भएपछि उहाँले प्राप्त गर्नुभएको सदा रहिरहने अविनाशी जीवन हो। उहाँमा यो कुरा अक्षरशः रूपले पूरा भयो।

**भजन २१:५-७:** यस खण्डको शोभा बढ्छ, जब हामी याद गर्छौं, कि यसको सन्दर्भ प्रभु येशू ख्रीष्ट हुनुहुन्छ। किनभने परमेश्वरको उद्धाररूपी सहायताले ख्रीष्ट येशूलाई ठूलो सम्मान दिएको हो। उहाँलाई मरेकाहरूको बीचबाट बौराइउठाएर र उहाँलाई आफ्नै दाहिने हातपट्टि बसाएर परमेश्वरले उहाँलाई महिमा र आदरको मुकुट पहिऱ्याइदिनुभयो (हिब्रू २:९)। हो, परमप्रभुले उहाँलाई सदा-सर्वदाका निम्ति अति आशिषित तुल्याउनुभएको हो, र उहाँलाई सारा संसारका निम्ति आशिषका मूलकारण बनाउनुभएको हो। सर्वोच्च स्थानमा विराजमान हुनुभएको ख्रीष्ट येशू आफ्ना पिताको उपस्थितिमा आनन्दले भरिनुभएको छ। परमप्रभुमाथि रहेको उहाँको पूर्ण भरोसाले नै उहाँलाई त्यस आदरको स्थानमा ल्याइपुऱ्यायो। अनि परमप्रधानको करुणाले उहाँलाई सदा-सर्वदा त्यस उच्च स्थानमा राखिछोड्नेछ। परमप्रभुको कृपा यसको धरोतरूपी बिमा हो।

### ख) भजन २१:८-१२: राजाका शत्रुहरूको विनाश

**भजन २१:८-१०:** यहाँ यस ठाउँमा आएर मानिसहरूले सीधै राजालाई सम्बोधन गर्छन्। (अघिल्लो खण्डमा तिनीहरूले परमप्रभुसित कुरा गरिरहेका थिए)। हामी ती राजा मसीह हुनुहुन्छ भन्ने कुरा सुनिश्चित गर्छौं भने, यस खण्डले ख्रीष्ट येशूको दोस्रो आगमनमा उहाँका शत्रुहरूको विनाश कसरी हुने रहेछ, सो कुरा बताउँछ।

मसीह राजाको दाहिने हातले उहाँका सबै शत्रुहरूलाई खोजी-खोजी निकाल्नेछ; उहाँलाई घृणा गर्नेहरूमध्ये कोही पनि उम्कने-छैन। तिनीहरूलाई नाश गर्ने हतियार आगो नै हुनेछ। *'त्यस समयमा, जब प्रभु येशू स्वर्गबाट … दन्किरहेको आगोमा प्रकट हुनुहुनेछ, र उहाँले परमेश्वरलाई नचिन्ने-हरूलाई र हाम्रा प्रभु येशू ख्रीष्टको सुसमाचार पालन नगर्नेहरूलाई बदला दिनुहुनेछ'* (२ थेस्सलोनिकी १:७ख-८)। उहाँले तिनीहरूका सन्तानहरूलाई पृथ्वीको सतहबाट र तिनीहरूका वंशलाई मानिसका सन्तान-हरूको बीचबाट नाश गर्नुहुनेछ।

**भजन २१:११-१२:** ख्रीष्ट येशूलाई विश्वव्यापी राज्यको शासन-अधिकार सँभाल्नदेखि रोक्न खोज्ने तिनीहरूको यो षड्यन्त्र असफल हुनेछ, जुन षड्यन्त्रको विषयमा भजन २:२-३ पदहरूमा लेखिएको छ। परमेश्वरले तिनीहरूलाई आफ्नो निशाना तुल्याई सीधा तिनीहरूलाई प्रहार गर्नुहुँदा डरले

आतङ्कित भएका ती विद्रोहीहरू पछि हट्नेछन्।

### ग) भजन २१:१३: प्रभुको महिमा भएको होस्!

यस भजनको अन्तिम पङ्क्तिमा परमप्रभु उच्च पारिनुभयो; किनभने उहाँले अद्भुत रीतिले आफ्नो सामर्थ्य प्रकट गर्नुभयो। आफ्ना जनहरूलाई छुटकारा दिने र आफ्ना सबै शत्रुहरूलाई ढालिदिने परमेश्वरको प्रतापको खातिर प्रशंसाका गीतहरूको मूल फुट्छ। यो भजन इस्राएली जातिका बाँकी रहेकाहरूको स्तुतिगान हो, जसले मसीह राजाको उत्थानको निम्ति प्रार्थना गर्छन् र अन्तमा उहाँलाई सबका प्रभुको रूपमा स्वीकार गर्छन्।

## भजन २२: ख्रीष्ट येशूको दुःखभोगाइ र महिमा

परमेश्वरको पुत्र त्यागिनुभएको! अहँ, परमेश्वर बरु आफ्नो मूलतत्त्वबाट अलग हुन सक्नुहुनेथियो।
तर आदमका पापहरू धर्मी पुत्र र पिताको बीचमा आए।
हो, एक पल्ट टुहुरा छोड़िनुभएको इम्मानुएलको पुकारले परमेश्वरको ब्रह्माण्ड हल्लायो,
'हे मेरा परमेश्वर, म त्यागिएँ' भन्ने आवाज त सुनियो, तर त्यसको प्रतिध्वनिचाहिँ कतै सुनिएन।
उहाँका पवित्र ओठहरूबाट त्यो आवाज निस्क्यो,
जब उहाँको वरिपरि आफूले सृष्टि गर्नुभएका, तर पापमा हराएका उहाँका प्राणीहरू थिए;
यसकारण अब कुनै ख्रीष्ट-विश्वासीले 'हाय, म त्यागिएँ' भन्ने शब्द कहिल्यै उच्चरण गर्नुपर्नेछैन।

श्रीमती एलिजाबेथ बेरेट ब्राउनिङ

**भजन २२:१-२:** मेरो अनुरोध छः तपाईंले बड़ो गम्भीरता र श्रद्धाको भावनाको साथमा यो भजन अध्ययन गर्नुहोला। किनभने मेरो विचारमा, योजस्तै पवित्र भूमिमाथि तपाईं अघि कहिल्यै उभिनुभएको छैन। यस भजनले तपाईंलाई गलगथामा लाँदैछ, जहाँ असल गोठालाले आफ्ना भेड़ाहरूको निम्ति आफ्नो प्राण अर्पण गर्नुभयो। तीन घण्टासम्म पृथ्वीमा घोर अन्धकारले छायो। अनि त्यस बेलामा *'हे मेरा परमेश्वर, हे मेरा परमेश्वर, तपाईंले मलाई किन त्यागनुभयो?'* भन्ने टुहुरा छोड़िनुभएको इम्मानुएलको पुकारले ब्रह्माण्डलाई हल्लायो।

यस मर्मस्पर्शी, हृदयविदारक प्रश्नको पृष्ठभूमि एउटा डरलाग्दो वास्तविकता थियोः दुःखकष्ट भोग्नुभएको मुक्तिदाता प्रभु साँच्चै परमेश्वरबाट त्यागिनुभएको थियो। यो त्याग वास्तविक थियो, र पूर्ण थियो। परमेश्वरको अनन्त पुत्र, जो आफ्नो पिताको नित्य आनन्द हुनुहुन्थ्यो, उहाँ त्यागिनुभयो। परमेश्वरको इच्छा पालन गर्नदेखि कहिल्यै नचुक्नुहुने ती सिद्ध मानिसले परमेश्वरबाट बहिष्कृत हुनुभएको त्यो तिक्त, भीषण अनुभव गर्नुपर्‍यो।

यस सम्बन्धमा यो प्रश्न उठ्छः 'उहाँ किन त्यागिनुभएको?' परमेश्वरका पवित्र र पापरहित पुत्रले घोर अन्धकारले छाया पारेको तीन घण्टासम्म अनन्त नरकको संत्रासको गाढ़ा अनुभव किन गर्नुपर्‍यो? पवित्र धर्म-शास्त्र बाइबलले हामीलाई यसको उत्तर दिन्छ। सर्वप्रथम हामीले याद गर्नुपर्छः परमेश्वर पवित्र, धर्मी र न्यायपरायण हुनुहुन्छ। यसर्थ उहाँले हरेक पापको दण्ड दिनैपर्छ, त्यो पाप जोसुकैको किन नहोस्। पाप अदेखा गर्नु र बेवास्ता गर्नु परमेश्वरको निम्ति असम्भव छ। अब दोस्रो कुरा आयोः प्रभु येशूको पाप थिएन; तर उहाँले हाम्रै पापहरू उठाउनुभयो र आफूमाथि लगाउनु-

भयो। उहाँले आफ्नै राजीखुशीले हाम्रा अधर्महरूको निम्ति तोकिएको जरिवाना तिर्ने दायित्व उठाउनुभयो। हामीलाई लागेको ऋण उहाँको खातामा जोड़ियो; किनकि उहाँ हाम्रो लागि जमानी बस्न राजी हुनुभयो। तर अब परमेश्‍वरको पालो आयोः यस अवस्थामा उहाँले के गर्नुभयो ? पापले आफ्नो दण्ड पाउनैपर्छ – यो उहाँको धार्मिक स्वभावको माग हो। तर अब उहाँको दृष्टि आफ्ना एकमात्र पुत्रमाथि पर्‍यो, जो अरूको निम्ति दण्ड भोगिदिने व्यक्ति बन्न तयार हुनुभयो। उहाँका प्रिय पुत्रले हाम्रा पापको भार उठाउनुभयो, र उहाँ हाम्रा पाप-वाहक हुनुभयो। जब परमेश्‍वरले हाम्रा पापहरू आफ्ना प्रिय पुत्रमाथि लादिएका देख्नुभयो, तब उहाँले के गर्नुभयो ?

तब परमेश्‍वरले के गर्नुहुन्छ होला भन्ने कुरामा कहिल्यै कुनै शङ्का थिएन। किनभने उहाँले नहिचकिचाईकन आफ्नो धर्ममय क्रोध आफ्ना प्रिय पुत्रमाथि खन्याउनुभयो। यसो हुँदा ईश्‍वरीय न्यायको प्रलयरूपी प्रचण्ड धारा यी निर्दोष व्यक्तिमाथि खनियो। हाम्रै निम्ति ख्रीष्ट येशू परमेश्‍वरद्वारा त्यागिनुभयो, यस हेतुले कि हामी कहिल्यै त्यागिनु नपरोस्।

यसकारण जब हामी ख्रीष्ट येशूको अति गहन, अति तिक्त दुःखकष्टको बारेमा पढ्छौं, तब सधैं हामीले यी दुःखकष्टहरू उहाँले हाम्रै निम्ति सहनुभएको ख्याल गर्नुपर्छ। उहाँले सहनुभएको एक-एक पीड़ामाथि 'त्यो त मेरै निम्ति थियो' भन्ने छापले अङ्कित गर्नुपर्छ। के उहाँ त्यागिनुभयो? हो, उहाँ मेरो निम्ति त्यागिनुभयो। *'मलाई सहायता गर्नदेखि र मेरा ऐया-आत्थाका शब्दहरूदेखि तपाईं किन यति टाढ़ा बस्नुभएको छ?'* भन्दै गरेको के तपाईं उहाँको पुकार सुन्दै हुनुहुन्छ? तब जान्नुहोस्, कि यो पुकार त तपाईंको निम्ति थियो। उहाँको निम्ति दिन र रातमा स्वर्ग चुप रहेको कारण हामी नै थियौं।

**भजन २२:३:** एक प्रकारले, मुक्तिदाता प्रभुले आफू किन त्यागिनुभएको थियो, निम्न शब्दद्वारा यसको स्पष्टीकरण दिनुभएको छः *'हे इस्राएली जातिका स्तुतिहरूरूपी सिंहासन-माथि विराजमान हुनुहुने, तपाईं पवित्र हुनु-हुन्छ।'* एक-एक पापको निम्ति जरिवाना तिर्नैपर्छ – यो परमेश्‍वरको पवित्रताको माग थियो। अनि जुन कुरा उहाँको पवित्रताले माग गरेको थियो, त्यो कुरा उहाँको प्रेमले उपलब्ध गराइदियो। किनकि उहाँले आफ्नै पुत्रलाई पठाउनुभयो, जो हाम्रो बदलीमा क्रूसमा मरेर स्थानापन्न प्रायश्‍चित्तको बलि हुनुभयो। अबदेखि उसो न्यायले त्योभन्दा बढ़ी अरू केही पनि माग्न पाउनेछैन; अनि अबदेखि उसो परमेश्‍वरको अनुग्रहले आफ्नो अपार भण्डार खोलेर आफ्नो धन हामीसित बाँड़चुँड़ गर्न पाएको छ।

**भजन २२:४-५:** तर फेरि एकपल्ट सुन्नुहोस्! हाम्रा मुक्तिदाता प्रभुले अझै पनि आफ्ना पितासँग कुरा गरिरहनुभएको छ र आफ्ना पितापुर्खाहरू कहिल्यै त्यागिएका थिएनन् भन्ने कुरा उहाँलाई स्मरण गराउँदै हुनुहुन्छ। तिनीहरूले विश्‍वासको साथ उहाँलाई गुहार गर्थे; अनि तिनीहरूका पुकारहरू उत्तर नपाई खेर गएनन्। छुटकारा दिनुहोस् भनेर तिनीहरूले उहाँलाई पुकार गर्दा तिनीहरू एकपल्ट पनि निराश हुनुपरेन, शर्ममा पर्नुपरेन। तिनीहरूको पाप र हठीपना भए पनि यसको खातिर परमेश्‍वरले तिनीहरूलाई कहिल्यै त्याग्नुभएन। परमेश्‍वरद्वारा त्यागिनु – यो न्यायको फैसला केवल परमेश्‍वरको निष्कलङ्क थुमाको निम्ति राखिएको थियो।

**भजन २२:६-७:** उहाँ परमेश्‍वरद्वारा त्यागिनुभएको मात्र कहाँ हो र! उहाँ मानिस-हरूद्वारा तुच्छ ठानिनुभएको र तिरस्कृत हुनुभएको पनि थियो। आफ्नै हातले सृष्टि गरेका प्राणीहरूको दृष्टिमा ख्रीष्ट येशू मानिस गनिनुभएन, तर एउटा कीरासमान हुनुहुन्थ्यो।

जुन मानिसहरूलाई बचाउन उहाँ आउनुभयो, ती मानिसहरूले उहाँलाई हेला गरेको र उहाँलाई अस्वीकार गरेको तिक्त अनुभव उहाँले गर्नुभयो। ख्रीष्ट येशू क्रूसमा टाँगिनुभएको बेलामा पनि तमाशा हेर्न आउने भीड़ैभीड़ मानिसहरूले तिनीहरूलाई अनन्त प्रेमले प्रेम गर्ने तिनीहरूका वरलाई गिल्ला र खिसी गरिपठाए। हामीलाई विश्‍वास गर्न गाह्रो छ, तर तिनीहरूले एउटा उपहासको गीत गाए, जुन गीतका शब्दद्वारा तिनीहरूले उहाँको असहाय अवस्थाको विषयमा ठट्टा गरे र परमेश्‍वरमाथि राखिएको उहाँको भरोसा बिलकुल व्यर्थ ठानेर यसको विषयमा उहाँको खिल्ली उड़ाए।

**भजन २२:८:** *'परमप्रभुले त्यसलाई छुटकारा दिनुहुन्छ भनेर त्यसले उहाँमाथि भरोसा राख्यो; उहाँले त्यसलाई छुटकारा दिऊन्; किनकि उहाँ त्यससँग प्रसन्न हुनुभएको छ।'* हो, उहाँको गिल्ला गर्ने भीड़ले क्रूसमा ठीक यी शब्दहरू प्रयोग गऱ्यो (मत्ती २७:३९ र ४३)।

**भजन २२:९-११:** तर मानिसका पुत्र येशू यी मानिसहरूदेखि आफ्नो मुख फर्काएर परमेश्‍वरसँग कुरा गर्नुहुन्छ र उहाँको सामु बेतलेहेमको सम्झना गर्नुहुन्छ। परमेश्‍वरले उहाँलाई कन्याको गर्भबाट जन्माउनुभयो। परमेश्‍वरले उहाँलाई आफ्नो बाल्यकालको सुकोमल अवस्थामा सुरक्षित राख्नुभयो। परमेश्‍वरले उहाँलाई उहाँको किशोर र युवा अवस्थामा सम्हाल्नुभयो। ख्रीष्ट येशूले बितेको समयमा परमेश्‍वर पितासँग उपभोग गर्नुभएको प्रेमको सम्बन्ध आफ्नो आग्रहको जग तुल्याउनुभयो र परमेश्‍वरलाई यस एकलो छोड़िएको, पेलाइ र सकसमा परेको अवस्थामा 'मदेखि टाढ़ा नबस्नुहोस्, तर मकहाँ आउनुहोस्' भन्ने विन्ती चढ़ाउनुभयो।

**भजन २२:१२-१३:** गलगथामा घृणाको भावनाले भेला भएको भीड़मा प्रायः सबै इस्राएलीहरू थिए। अनि ख्रीष्ट येशूले यहाँ तिनीहरूलाई बाशानका बलिया-बलिया साँढेहरू र फहराउने, गर्जने सिंहहरूसँग तुलना गर्नुभएको छ। यर्दनको पूर्वपट्टि अवस्थित भएको बाशानचाहिँ हरियाली खर्क र बलिया, मोटा-मोटा गाईबस्तुहरूको निम्ति प्रसिद्ध थियो। पछिबाट भविष्यवक्ता आमोसले सुखविलास मन पराउने इस्राएलीहरूलाई बाशानका गाईहरूसित तुलना गरे (आमोस ४:१)। तर जब ख्रीष्ट येशूले यहाँ बाशानका साँढेहरूको कुरा गर्नुभयो, तब उहाँले यो शब्द आफ्नै देशवासीहरूको निम्ति प्रयोग गर्नुभयो, जो जुनै घड़ीमा पनि उहाँलाई मार्न उहाँमाथि आइलग्न लागेका थिए। तिनीहरू हान्ने साँढ़ेहरूजस्ता मात्र थिएनन्, तर फहराउने, गर्जने सिंहहरूजस्ता पनि थिए। इस्राएली जातिका मसीह राजा आइपुग्नुभयो, तर सिंहहरूले एउटा भेड़ाको पाठामाथि झम्टेझैं तिनीहरूले उहाँमाथि झम्टन लागे।

**भजन २२:१४-१५:** ख्रीष्ट येशूका शारीरिक यातनाहरू साह्रै कष्टदायक थिए, यसको साध्य छैन। उहाँको क्लान्ती र थकावट थियोः उहाँ पानीझैं पोखिनुभयो। अनि क्रूसमा झुन्डिनुभएको बेलामा उहाँका हड्डीहरू जोर्नीहरूबाट खुस्किएका हुनाले उहाँलाई ठूलो पीड़ा भएको थियोः उहाँका सबै हड्डीहरू जोर्नीहरूबाट फुस्केका थिए। अनि उहाँका भित्री इन्द्रियहरूमा भयङ्कर विकार र गड़बड़ी आएको थियोः उदाहरणको निम्ति, छातीभित्र उहाँको मुटु मैनजस्तो पग्लेको थियो। अनि उहाँको असहनीय दुर्बलता थियोः उहाँको बल खपटोझैं सुकेको थियो। अनि उहाँलाई निरन्तर तिर्खा लागिरहेको थियोः उहाँको जिब्रो उहाँको तालुमा टाँसिएको थियो। परमेश्‍वरले उहाँलाई मृत्युको धूलोमा मिल्काउनुभएको बाहेक यसको अर्थ अरू के हुन सक्थ्यो र?

**भजन २२:१६-१७:** अघि उहाँले आफूलाई सताउने र दुःख दिने यहूदीहरूलाई 'साँढेहरू' र 'सिंहहरू'को रूप दिनुभयो, ठीक त्यस्तै उहाँले अहिले आफूलाई क्रूसमा झुन्ड्याएर मृत्युदण्ड दिने अन्यजातिका मानिसहरूलाई कुकुरहरूसँग तुलना गर्नुहुन्छ। किनकि यहूदीहरूले अन्यजातिहरूलाई 'कुकुर' नै भन्ने गर्थे (मत्ती १५:२१-२८)। तर यहाँ 'कुकुरहरू' भन्ने शब्दद्वारा विशेष गरी ती रोमी सिपाहीहरूलाई सङ्केत गरिएको छ, जसले उहाँलाई टोक्ने ङ्यारङ्यारती कुकुर-हरूले जस्तै घेरेका थिए। यी कुकर्मीहरूको टोलीले उहाँका हातहरू र पाउहरू काटीले छेड़ेको थियो। उहाँको आधा नाङ्गो शरीरलाई नियालेर हेर्दा तिनीहरूले खुम्चिएको छाला-बाट उहाँका हड्डीहरू बाहिर निस्कन खोजेका जस्तो दृश्य देखिरहेका थिए। अनि यस निर्दय दृश्यले तिनीहरूलाई के साह्रो आनन्द र सन्तुष्टि दिलायो, अचम्म ! !

**भजन २२:१८:** *'तिनीहरू मेरा वस्त्रहरू आपसमा बाँड्छन् र मेरो पोशाकको लागि गोला हाल्छन्।'* यस भजनमा कति अद्‌भुत भविष्यवाणीहरू छन्। यी भविष्यवाणी-हरूमध्ये पहिलो यहाँ, यस पदमा लेखिएको छः रोमी सिपाहीहरूले उहाँका वस्त्रहरू आपसमा बाँड्ने र उहाँका पोशाकको निम्ति गोला हाल्ने कुरा प्रभु येशूले अघिबाट देखि-सक्नुभयो। सयौं वर्षपछि यो भविष्यवाणी यस प्रकारले पूरा भयोः

*'तब येशूलाई क्रूसमा टाँगेपछि सिपाहीहरूले उहाँका वस्त्रहरू लिएर हरेक सिपाहीको निम्ति एक-एक भाग हुने गरी चार भाग लगाए; अनि अलखा पनि। तर अलखाचाहिँ सिउनीविनाको, माथिदेखि तल-सम्म बुनिएको थियो। यसकारण तिनीहरूले आपसमा भनेः "हामी यो नच्यातौं, तर यसको निम्ति चिट्ठा हालौं, यो कसको हुने रहेछ" '* (यूहन्ना १९:२३-२४)।

**भजन २२:१९-२१:** यस भजनमा मुक्तिदाता प्रभुले अन्तिम पल्ट परमेश्वरलाई 'तपाईंको उपस्थिति र तपाईंको सहायता पाऊँ' भनेर विन्ती चढ़ाउनुभयो। उहाँले तरवारदेखि र कुकुरको पन्जादेखि बचाइमाग्नुभयो। तरवार र कुकुर भन्ने शब्दहरूले अन्यजाति-हरूलाई सङ्केत गर्छन्। तरवारचाहिँ सरकारी अधिकारको चिन्ह हो (रोमी १३:४)। अनि यहाँ यसको सन्दर्भ रोमी सरकार थियो, जसको हातमा त्यस समयमा मृत्युदण्ड दिने अधियार रहेको थियो। 'कुकुर' भन्ने शब्दले अघि बताएअनुसार अन्यजाति सिपाहीहरूलाई सङ्केत गर्छ। अनि भजन २२:२१ पदमा ख्रीष्ट येशूले सिंहको मुखबाट र जङ्गली साँढेहरूका सिङहरूबाट बचाइमाग्नुभयो। अनि हामीले भजन २२:१२- १३ पदहरूमा देखिसक्यौं, कि यी शब्दहरूको सन्दर्भ यहूदीहरू नै थिए, जसले राज्यपाल पिलातसलाई यसो भनेः *'हामीसित व्यवस्था छ, र हाम्रो व्यवस्था-अनुसार त्यो मर्नैपर्छ'* (यूहन्ना १९:७)।

*'तपाईंले मेरो विन्ती सुन्नुभएको छ'* भन्ने वाक्यले २१ र २२ पदको बीचमा एउटा सुस्पष्ट विराम लगाएको छः उहाँले जय पाउनुभयो ! यस वाक्यले यस भजनका दुईवटा खण्डहरू जोड्न कब्जाकै काम गरेको छ। कविताको भाषामा परिवर्तन आएको छः अहिलेसम्म शोकाकुल आग्रह यसको प्रसङ्ग थियो भने, अबदेखि उसो यो भजन हर्षको गीतमा बदली हुन्छ। प्रभु येशूका दुःख-कष्टहरू सधैंको निम्ति भूतपूर्व हुने कुरा भए। उहाँको त्राणको काम पूरा भयो। यस साटफेरमा मुकुटले क्रूसको ठाउँ लियो।

यस भजनका यी दुई पदहरूको बीचमा भजनकारले एकैक्षणमा हामीलाई ख्रीष्टको पहिलो आगमनदेखि उहाँको दोस्रो आगमनमा पुर्‍याउँछन्; हो, तिनले हामीलाई एकैपल्टमा गलगथादेखि जैतुन डाँड़ामा लैजान्छन्। यहाँ, यस ठाउँमा यसको कुरा गरिएको छैन; तर

हामी जान्दछौं, कि यसको अन्तरालमा ख्रीष्ट येशूको मृत्यु, उहाँको दफन, उहाँको बौरिउठाइ र स्वर्गारोहण परेको छ, साथै सारा मण्डली-युग पनि परेको छ, जुन युगमा हामी बाँचिरहेका छौं।

**भजन २२:२२:** *'म आफ्ना भाइहरूलाई तपाईंको नाम घोषणा गर्नेछु; सभाको माझमा म तपाईंको प्रशंसा गर्नेछु।'* यस भजनले यहाँ सङ्केत गरिएको समय ख्रीष्ट येशू पृथ्वीमा राज्य गर्न फर्केर आउनुभएको समय रहेछ, जब इस्राएली जातिमा बचेका विश्वासयोग्य जनहरू हजार वर्षको राज्यमा प्रवेश गरिसक्छन् र यस राज्यको सारा गौरब उपभोग गरिरहेका हुन्छन्। इस्राएली जातिका मसीह राजाले आफ्ना यहूदी भाइहरूलाई परमेश्वरको विश्वासयोग्यताको विषयमा गवाही दिन लाग्नुभएको छ; किनभने परमेश्वरले ख्रीष्ट येशूलाई उहाँका प्रार्थनाहरूको उत्तर दिनुभयो, जुन प्रार्थनाका विन्तीहरू यस भजनको पहिलो खण्डमा उल्लेख गरिएका छन्। अबचाहिँ ख्रीष्ट येशू सभाको बीचमा परमेश्वरको प्रशंसा गर्नुहुन्छ।

**भजन २२:२३-२४:** यी दुईवटा पदहरूले ख्रीष्ट येशूले भविष्यमा त्यस हजार वर्षको राज्यमा ती उद्धारप्राप्त इस्राएलीहरूलाई सम्बोधन गरी के भन्नुहुनेछ, सो कुराको सार दिन्छन्। उहाँले यहाँ तिनीहरूलाई 'हे परमप्रभुको डर मान्नेहरूहो', 'हे याकूबका सबै सन्तानहरूहो' र 'हे इस्राएलका सबै सन्तानहरूहो' भनेर सम्बोधन गर्नुहुन्छ, कतिका मानयुक्त समरूपताहरू। त्यसपछि उहाँले तिनीहरूलाई 'परमप्रभुको प्रशंसा गर', 'उहाँको महिमा गर' र 'उहाँको डर मान' भन्ने अर्तीहरू दिनुहुन्छ। तिनीहरूले किन त्यस प्रकारको श्रद्धाले पूर्ण प्रतिक्रिया देखाउनुपर्छ? किनकि परमेश्वरले प्रभु येशूको वेदनाले भरिएको पुकार सुन्नुभयो र उहाँलाई उत्तर दिनुभयो, जुन पुकार त्यस अन्धकारको छाया परेको गलगथामा उहाँको मुखबाट निस्क्यो। परमेश्वर पिताले आफ्ना पुत्रले सहनुभएका दुःखकष्टहरू तुच्छ ठान्नुभएन, न आफ्ना पुत्रदेखि लामो समयसम्म आफ्नो अनुहार लुकाउन सक्नुभयो। होइन; *'परमेश्वरले उहाँलाई अति उच्च पार्नुभयो, र उहाँलाई यस हेतुले त्यो नाम दिनुभयो, जुनचाहिँ हरेक नामभन्दा उच्च छ, कि स्वर्गमा, पृथ्वीमाथि र पृथ्वीमनि भएकाहरूको हरेक घुँड़ा येशूको नाममा टेकिनुपर्छ, र पिता परमेश्वरको महिमाको निम्ति हरेक जिब्रोले "येशू ख्रीष्टचाहिँ प्रभु हुनुहुन्छ" भनेर स्वीकार गर्नुपर्छ'* (फिलिप्पी २:९-११)।

**भजन २२:२५:** *'ठूलो सभामा तपाईंबाट मेरो प्रशंसा हुनेछ ...।'* परमेश्वर नै मसीह राजाको प्रशंसाको विषय हुनुहुनेछ; किनकि सङ्कष्टमा परेको बेलामा ख्रीष्ट येशूले 'म सबैको सामु खुला रूपले तपाईंको प्रशंसा गर्नेछु' भन्ने भाकल गर्नुभएको थियो। अनि अहिलेचाहिँ उहाँले परमेप्रभुको भय मान्नेहरूको सामु आफ्ना भाकलहरू पूरा गर्नुहुनेछ।

**भजन २२:२६:** यस भजनका अन्तिम छवटा पदहरूमा बोल्ने वक्ता बदली भएको बुझिन्छ। अबचाहिँ पवित्र आत्मा ख्रीष्टको हजार वर्षको राज्यमा कत्रो शान्ति र समृद्धि हुनेछ, सो विषयमा बोल्दै यी आदर्श-अवस्थाहरू बयान गर्नुहुन्छ।

**क)** गरिबी हुनेछैन; किनकि गरिबहरूले खानेछन्, र तृप्त हुनेछन्।

**ख)** पृथ्वी परमेश्वरको प्रशंसाले भरिनेछ। किनभने परमप्रभुको खोजी गर्नेहरूले उहाँको प्रशंसा गर्नेछन्। अनि परमेश्वरको आत्माले यी सबै उपासकहरूलाई यसो भन्दै आशिष दिनुहुन्छः 'तिमीहरूको हृदय सदा-सर्वदा जीवित रहिरहोस्!'

**भजन २२ः२७ः ग)** संसारभरि आत्मिक जागृति हुनेछ। ख्रीष्ट येशूले गलगथामा पूरा गर्नुभएको त्राणको काम सम्झेर पृथ्वीका कुना-कप्चाहरूका सबै मानिसहरू परमप्रभुकहाँ फर्कनेछन्। जाति-जातिका सबै कुलहरूले मिलेर उहाँको सामु दण्डवत् गर्नेछन्, र संयुक्त आम-सभारूपी उपासना हुनेछ ।

**भजन २२ः२८-२९ः** परमप्रभुले संसार-भरि शासन-अधिकार र प्रभुत्व जमाउनु-हुनेछ। उहाँ नै सिंहासनमाथि बस्नुहुनेछ। उहाँले जाति-जातिमाथि शासन गर्नुहुनेछ। पृथ्वीका सबै ठूला-ठूला मानिसहरू आएर उहाँकै अधीनतामा बस्नेछन्, र हरेक मरणशील प्राणीले उहाँको सामु दण्डवत् गर्नेछः माटोमा मिल्नेहरू सबै र आफ्नो प्राण जीवित राख्न नसक्नेहरू सबै ।

**भजन २२ः३०-३१ः** ख्रीष्ट येशूको कीर्ति रहिरहनेछ। एउटा पुस्तापछि अर्को पुस्ताले उहाँको निरन्तर सेवा गर्नेछ र उहाँको सर्वश्रेष्ठताको प्रचार गर्नेछ। एक पुस्ताले अर्को पुस्तालाई यसो भनेर एउटा विशेष समाचार सुनाउनेछः 'ख्रीष्ट येशूले धार्मिकता र दक्षतापूर्वक त्यो महान् त्राणको काम पूरा गर्नुभयो ।'

प्रभु येशूले क्रूसमा बोल्नुभएका सातवटा वाणीहरू छन्, अनि *'हे मेरा परमेश्वर, हे मेरा परमेश्वर तपाईंले मलाई किन त्याग्नुभयो'* भनेर भजन २२ चौथो वाणीबाट शुरु भयो। यस वाणीको नाम 'प्रायश्चित्तको पुकार' हो। अनि यस भजनको अन्त्यमा *'उहाँले यस्तो-यस्तो गर्नुभएको छ'* भन्ने वाक्य छ। अनि यो कथन उहाँले क्रूसमा बोल्नुभएको 'पूरा भयो' भन्ने सातौं वाणीसित पूरा मिल्छ (यूहन्ना १९ः३०)। एक शताब्दीदेखि अर्को शताब्दी-सम्म यो शुभ समाचार पूरा कृतज्ञताको साथ र आश्चर्य मान्दै गरेको एक पुस्ताले अर्को पुस्तालाई सुनाउँदै जानेछः 'ख्रीष्ट येशूले यस्तो-यस्तो गरेर यो त्राणको काम पूरा गर्नुभयो ।'

## भजन २३ः परमप्रभु हाम्रा महान् गोठाला हुनुहुन्छ

संसारको समस्त साहित्यमा भजन २३ सबैभन्दा लोकप्रिय कविता मानिन्छ; यसमा दुईमत नहोला। चाहे स्कोटल्याण्डको क्रीमोन्ड चर्चको सुप्रख्यात रागमा भव्य भजनको रूपमा गाइएको होस्, चाहे सन्डे-स्कूलको कार्यक्रममा यसको सरल वाचन गरिएको होस्, यस भजनमा चिरस्थायी मोह छ र अमर सन्देश छ। एकजना वृद्ध धर्मविज्ञानीले यसो लेखेका छन्ः 'त्यो दिन धन्यको हो, जुन दिनमा यस भजन २३को रचना भयो ।'

यस भजनको उत्कृष्ट रूपरेखामा सुगन्ध थप्न सकिँदैन होला, जुन सुन्दर रूपरेखा श्री जे. आर. लिटलप्राउडले निम्न प्रकारले प्रस्तुत गरेका छन्ः

**क)** सुखी जीवनको रहस्य यसैमा छः सुखी जीवन त्यो हो, जसको हरेक आवश्यकता पूरा भएको हुन्छ।

*'परमप्रभु मेरा गोठाला हुनुहुन्छ; मलाई कुनै कुराको घटीकमी हुनेछैन।'* (भजन २३ः१)

**ख)** सुखमय मृत्युको रहस्य यसैमा छः सबै डर हटेको मृत्युचाहिँ सुखी मृत्यु मानिन्छ।

*'चाहे मृत्युको घोर अन्धकारमय छायाको घाटीबाट भएर हिँड्नुपरे तापनि म कुनै खराबीदेखि डराउनेछैनँ; किनकि तपाईं मेरो साथमा हुनुहुन्छ।'* (भजन २३ः४)

**ग)** सुखमय अनन्तताको रहस्य यसैमा छः सुखमय अनन्तता त्यहाँ छ, जहाँ हाम्रा सबै चाहनाहरू पूरा हुनेछन्।

*'निश्चय मेरो सारा जीवनभरि नै भलाइ र करुणाले मलाई पछ्याउनेछन्; अनि म परमप्रभुको भवनमा सदा-सर्वदै वास गर्नेछु'* (भजन २३:६)। **21)**

**भजन २३:१:** संसारभरि नै यो भजन लोकप्रिय भएको छ; तर यो भजन सबै मानिसहरूको निम्ति होइन रहेछ, तर खास गरी 'परमप्रभु मेरा गोठाला हुनुहुन्छ' भन्न सक्नेहरूको निम्ति मात्र हुँदो रहेछ। हो, असल गोठालाले सबै मानिसहरूको निम्ति आफ्नो प्राण दिनुभएको कुरा बिलकुल साँचो हो; तर उहाँलाई निर्णयात्मक विश्वासद्वारा ग्रहण गर्नेहरू मात्रै उहाँका भेड़ाहरू हुन्। के तपाईं उहाँको हुनुहुन्छ? उहाँको मुक्ति दिलाउने त्राणको काम सबैको निम्ति पर्याप्त छ, तर त्यस त्राणको कामको आशिष तिनीहरूको निम्ति मात्र कार्यकारी हुन्छ, जसले उहाँमाथि विश्वास गर्छन्। यसकारण मुक्ति पाएको-नपाएको कुरा 'मेरो' भन्ने शब्दमा निर्भर गर्छ। के परमप्रभु मेरा गोठाला हुनुहुन्छ? उहाँ मेरा गोठाला हुनुहुन्न भने यो भजन मेरो निम्ति लेखिएको होइन रहेछ। तर उहाँ मेरो हुनुहुन्छ र म उहाँको हुँ भने त उहाँमा सबै थोकहरू मेरै हुन्छन्।

**भजन २३:२:** मेरो प्राण र मेरो शरीरका निम्ति मलाई भोजनको अभाव हुनेछैन; किनकि उहाँले मलाई हरिया खर्कहरूमा सुताउनुहुन्छ। मलाई ताजापनको घटीकमी हुनेछैन; किनभने उहाँले मलाई शान्त पानीनिर डोऱ्याउनुहुन्छ।

**भजन २३:३:** मलाई जीवन-शक्तिको अभाव हुनेछैन; किनभने उहाँले मेरो प्राणलाई पुनर्जीवित पार्नुहुन्छ। मलाई आत्मिक निर्देशनको अभाव हुनेछैन; किनकि उहाँले मलाई आफ्नो नामको खातिर धार्मिकताका मार्गहरूमा डोऱ्याउनुहुन्छ।

सन्डेस्कूलमा एउटा केटाले यस भजनको कण्ठस्थ गर्दा डरले आत्तिएर यसो भनिपठाएछः 'परमप्रभु मेरो गोठाला हुनुहुन्छ; मैले चिन्ता गर्नुपर्दैन।' यसरी उसले हामीबाट एउटा मुस्कान निकाल्न सक्यो। तर उसले यसो भनेकोमा कुनै गल्ती छैन, तर बरु ठीक कुरा भनिपठाएको रहेछ। हो, उसले लेखिएको खास शब्दहरू भुल्यो, तर उसले यस पदको ठीक अर्थ पक्र्यो। किनभने परमप्रभु हाम्रा गोठाला हुनुहुन्छ भने हामीले कहिल्यै कुनै चिन्ता गर्नुपर्नेछैन।

**भजन २३:४:** अनि हामी मृत्युदेखि पनि डराउनुपर्नेछैन। मृत्युको घोर अन्धकारमय घाटीबाट भएर जाँदा हामी डराउनुपर्नेछैन; किनकि त्यहाँ पनि हाम्रा गोठाला हाम्रै साथमा हुनुहुन्छ। मृत्युको खील पाप हो, अँ, स्वीकार नगरिएको र क्षमा नपाएको पाप हो। तर ख्रीष्ट येशूले विश्वासीहरूको निम्ति मृत्युबाट त्यसको खील खोसिदिनुभएको छ। किनभने उहाँले हामीबाट एकैपल्टमा हाम्रा पापहरू सदाको निम्ति हटाइदिनुभएको छ। यसकारण अब मृत्युले हामीलाई गर्न सक्ने सबैभन्दा ठूलो खराबी त हाम्रो भलाइ हुन जान्छ। हाम्रो निम्ति त्योभन्दा राम्रो कुरा के हुन सक्थ्यो र?! यसैले हामी निम्न गीत गाउन सक्छौंः

ए मृत्यु, ए चिहान, तेरो शक्तिसित म डराउँदिनँ;
किनकि मेरो ऋण तिरिसकिएको छ;
किनभने त्यस अँध्यारो र भयावह घड़ीमा
प्रभु येशूमाथि मेरा सबै पापहरू लादिएका थिए।

श्रीमती मारजरेट एल. कार्सन

कति ख्रीष्ट-विश्वासीहरूलाई प्रायः तिनीहरूको मृत्युसित सम्बन्धित दुःखकष्टको विषयमा पूर्वाभास हुन्छ; यो कुरा साँचो हो। यस सिलसिलामा एकजना वृद्ध विश्वासीले यसो भनेका सुनिएको थियोः 'प्रभुले मेरो तम्बू तल झार्नुभयो भने, यसमा मलाई कुनै आपत्ति छैन; तर उहाँले जोगाएर, बिस्तारै,

होशियारसाथ त्यो झारिदिऊन् भन्ने मेरो आशा छ।'

यो कुरा पनि साँचो होः हामीलाई आवश्यक नपरेसम्म हामीले शान्तिसित मर्ने अनुग्रह पाउँदैनौं। तर यो एक सुदृढ़ सत्यता होः हाम्रो लागि मृत्युबाट त्यसको डर हराएको छ; किनकि हामी जान्दछौं, कि हामी मेरेर ख्रीष्ट येशूकहाँ जान्छौं, उहाँको साथमा रहन जान्छौं। त्यो त कता हो कता उत्तम हो। 'मर्नु लाभ हो।'

गोठालाको लाठो र लौरोचाहिँ हाम्रो निम्ति सान्त्वना, सुरक्षा र मार्ग-दर्शनका चिन्हहरू हुन्। जरुरत परेको खण्डमा उहाँले आफ्नो लौरो ताड्नाको निम्ति पनि प्रयोग गर्नुहुन्छ। प्रायः सबै भेड़ाहरूलाई बेला-बेलामा ताड़नाको आवश्यकता पर्छ।

**भजन २३:५:** अन्तराल-समयमा गोठालाले हाम्रा शत्रुहरूको सामुन्ने हाम्रो अघिल्तिर एउटा टेबल तयार पार्नुहुन्छ। यस टेबलमाथि सबै प्रकारका आत्मिक आशिष-हरू सजाइएका हुन्छन्, जुन आशिषहरू उहाँले हाम्रो निम्ति आफ्नो अनमोल रगतद्वारा किन्नुभएको हो। यस टेबलले हामीले ख्रीष्ट येशूमा पाएका सबै थोकहरू सङ्केत गर्छ। हाम्रो वरिपरि शत्रुहरू छँदै हामी शान्ति र सुरक्षाको साथ ती आशिषहरू उपभोग गर्दै जान्छौं। यस सम्बन्धमा श्री जे. एच. जोवेटले निम्न उदाहरण प्रस्तुत गरेका छन्:

> 'पाहुनाको सम्पूर्ण सुरक्षा पूर्वीय देशहरूको अतिथि-सत्कारमा सुरक्षित रहेको हुन्छ। अतिथि-सत्कारको सम्बन्धमा सर्वमान्य प्रतिबन्धहरू लागू हुन्छन्, जुन प्रतिबन्धहरूले गर्दा पाहुनाको बचाउ सुनिश्चित हुन्छ। उदाहरणको निम्ति, पाहुना आतिथ्यको तम्बूभित्र लगिन्छ र उसको सामु भोजनवस्तु राखिन्छ, जब रिसले आफ्ना आँखीभुइँ खुम्च्याइराखेका उसका सताउनेहरू ऊ बसेको तम्बूको ढोका-बाहिर उभिन्छन्।'

अनि उहाँले हाम्रो शिर तेलले अभिषेक पनि गर्नुहुन्छ। गोठालाहरूले आफ्ना भेड़ा-हरूका टाउकाहरूमा काटेका चोटहरू र खोर्सेका घाउहरूमा सन्चो पार्न तेल घसिदिन्छन्। अनि पूजाहारीहरूको विषयमा कुरा गर्नु हो भने, अभिषेकको तेलले सेवाको काममा तिनीहरूको समर्पणको कुरा गर्छ। अनि राजाहरूको सम्बन्धमा अभिषेकको तेल तिनीहरूको राज्याभिषेकको निम्ति प्रयोग गरिन्थ्यो। अनि ख्रीष्ट-विश्वासीहरूको सम्बन्धमा ? जुन घड़ीमा कसैले विश्वासद्वारा मुक्तिदाता प्रभुलाई ग्रहण गर्छ, त्यस घड़ीमा पवित्र आत्माले उसलाई अभिषेक गर्नुहुन्छ। अनि अबदेखि उसो उसले परमेश्वरको आत्माबाट शिक्षा पाउने लाभ उठाउन पाउनेछ भन्ने अधिकार यस अभिषेकभित्र बाँधिएको हुन्छ र यसमा सुरक्षित रहन्छ।

जब हामी ख्रीष्ट येशूमा पाएको अनुग्रहको अपार धनको विषयमा विचार गर्छौं, तब हामी कृतज्ञताले आभारी भई स्वीकार गर्छौंः 'हो, साँच्चै मेरो कचौरा भरिएर पोखिएको छ।'

> उहाँको प्रेमको सीमा हुँदैन,
> उहाँको अनुग्रहको परिमाण जोखेर गन्न सकिँदैन,
> उहाँको शक्तिको निम्ति मानिसको जस्तै साँधसिमाना छैन;
> किनकि ख्रीष्ट येशूमा भएको आफ्नो असीमित धनबाट उहाँले दिनुहुन्छ, दिइरहनुहुन्छ र दिइरहनुहुनेछ।
>
> श्रीमती एनी जोह्नसन फ्लिन्ट

**भजन २३:६:** अनि अन्तमा, सुखमय अनन्तताको रहस्य पनि प्रस्तुत गरिएको छ। हाम्रो सारा जीवनभरि परमेश्वरको भलाइ र करुणाले हामीलाई साथ दिन्छन्; अनि अन्तमा हामी पिताको घरमा आइपुग्नेछौं, हाम्रो अनन्त वासस्थानमा। यी सबै कुराहरू विचार गरेर हामी श्री गाय किङसित सहमत हुन्छौं, जसले

यसो भनेका छन्ः 'ओहो, हामी कस्ता भाग्यमानी भिखारी रहेछौं !'

## भजन २४ः महिमाका राजा को हुनुहुछ ?

यस भजन २४ले महासङ्कष्टको अन्तमा घट्ने महिमामय घटनामाथि आफ्नो नजर लगाइदिन्छ। यसको दर्शन कहाँबाट शुरु गर्छ? परमेश्‍वरका न्यायहरूरूपी वज्रपात थामिएका छन्, प्रभु येशू यस पृथ्वीमा फर्केर आउनुभएको र आफ्ना सबै शत्रुहरूलाई पाउमनि पार्नुभएको छ; अनि अब उहाँ राजाहरूका अधिराज र प्रभुहरूका परमप्रभुको रूपमा राज्य गर्न यरूशलेममा पदार्पण गर्दै हुनुहुन्छ। घटनाक्रम यस प्रकारको छ। ओहो, यो त संसारले अघि कहिल्यै नदेखेको कत्रो विशाल विजय-जुलुस हुने रहेछ! एक समयमा मुक्तिदाता प्रभुको क्रूसीकरणको दृश्यले उहाँका असाध्य कष्टहरूले गर्दा दर्शकहरूलाई आश्‍चर्यचकित तुल्यायो, तर अब त उहाँको उच्च मिहमाको भव्यता देखेर दर्शकहरू झन् बढ़ता गरी अवाक् हुनेछन्।

**भजन २४ः१-२ः** अपार भीड़ यरूशलेम शहरको नजिक-नजिक आउँदै गर्दा यो उद्घोषणा गुञ्जायमान हुन्छः 'पृथ्वी र यसमा भएका सबै थोकहरू परमप्रभुकै हुन्।' यस उद्घोषणाको अर्थ यस प्रकारको छः परमेश्‍वर सारा पृथ्वीको मालिक हुनुहुन्छ र यसमा राज्य गर्ने पूर्ण अधिकार उहाँको ख्रीष्टको छ। त्यसपछि भजन २४ः२ पदमा यसको कारण बताइएको छः उहाँले संसारको रचना गर्नुभएको हो। उहाँले पानीहरू एक ठाउँमा जम्मा गर्नुभयो, र सुक्खा, ओबानो भूमि देखा पर्‍यो। उहाँले नदीहरू बनाउनुभयो, जुन नदीहरूमध्ये कतिचाहिँ पृथ्वीको सतहमा बग्छन्, कति जमिनभित्र बगेका हुन्छन्। अनि अहिले उहाँ आफ्नै सम्पत्ति दाबी गर्न आउँदै हुनुहुन्छ, जुन सम्पत्तिमाथि उहाँको हक धेरै शताब्दीहरूदेखि अस्वीकार गरिएको थियो।

**भजन २४ः३-६ः** अबका चारवटा पदहरूमा ख्रीष्टको राज्यमा कुन किसिमका मानिसहरूले प्रवेश गर्ने अधिकार पाउनेछन्, र यसमा हजार वर्षसम्म शान्ति र समृद्धि उपभोग गर्नेछन्, सो व्यक्त गरिन्छ। तिनीहरू को हुन्? तिनीहरू इस्राएली जातिबाट बचेका विश्‍वासीहरू हुन्, साथै अन्यजातिहरूबाट दाम तिरेर छुटाइएका जनहरू हुन्, जो माथि यरूशलेममा अवस्थित भएको मन्दिरमा उपासना गर्न जानेछन्। ती मानिसहरू आफ्नो असल चरित्रले गर्दा राज्यको निम्ति योग्य ठहरिए जस्तो लाग्न सक्छ; तर कुरा यस्तै हुँदैन। तिनीहरूको यो असल चरित्रचाहिँ तिनीहरूको माथिबाट भएको नयाँ जन्मको नतिजा हो; किनभने नयाँ गरी नजन्मेसम्म कुनै पनि मानिसले परमेश्‍वरको राज्य देख्न सक्दैन, न यसमा पस्न सक्छ (यूहन्ना ३ः३ र ५)। ती चरित्रवान् पवित्र जनहरू महा-सङ्कष्टबाट भएर आएका हुन्छन्, र तिनीहरूले आफ्ना वस्त्रहरू थुमाको रगतमा धोएर सेता पारेका छन्।

यहाँ तिनीहरूको चरित्रका चार विशेषता-हरू उल्लेख गरिएका छन्, जस्तैः **क)** तिनी-हरूका हात सफा छन्। अर्को शब्दमा भन्नु हो भने, तिनीहरूका कामहरू धर्ममय र निर्दोष छन्। **ख)** तिनीहरूका हृदयहरू शुद्ध छन्। तिनीहरूका सबै अभिप्रायहरू सच्चा र तिनीहरूका मनहरू निर्मल र स्वच्छ छन्, तिनमा भ्रष्ट भएको केही पनि छैन। **ग)** तिनीहरूले आफ्नो मन कुनै व्यर्थ कुरातिर लगाएका छैनन्। तिनीहरू कुनै झूटा कुरा अनुमोदन गर्दैनन्, त्यसको मान्यता दिँदैनन्। अनि अन्तमा **घ)** तिनीहरूले असत्य कुरा सत्य ठहऱ्याउन झूटो गवाही दिएर न्याय कुनै हालतमा पनि बिगार्दैनन्। तिनीहरूका हातहरू, तिनीहरूका हृदयहरू, तिनीहरूका

मनहरू र तिनीहरूका ओठहरू सर्वाङ्ग धर्ममय छन् ।

यस्ता चरित्रवान् मानिसहरू ख्रीष्टको हजार वर्षको राज्यको प्रजा हुनेछन् । एक समयमा भक्तिहीन मानिसहरूले तिनीहरूको ठट्टा गरे र तिनीहरूलाई तुच्छ ठाने, तर अबचाहिँ तिनीहरूको उद्धारको परमेश्वरले नै तिनीहरूलाई सत्य र निर्दोष ठहऱ्याउनुहुनेछ । हो, ख्रीष्टको हजार वर्षको राज्यका नागरिक-हरू यस्ता पो हुन्छन्; तिनीहरूले परमेश्वरको खोजी गर्छन्; तिनीहरूले परमेश्वरबाट अनुग्रह पाएका छन्, जसले ती अयोग्य र अभागी-हरूलाई प्रेम गर्नुहुन्छ ।

**भजन २४:७-८:** यस विजय-जुलुसको विषयमा मलाई कल्पना गर्न मन लाग्छ, कि कसरी यो विजय-जुलुस भजन २४:१-६ पदका शब्दहरू स्तुतिगाणको रूपमा गाउँदै किद्रोन खोला पार गर्छ । गाउँदा-गाउँदै गरेको जुलुसको शिरबाट अचानक तुरही फुकेको आवाजजस्तै अग्रदूतको आह्वान सुनिन्छ । तिनले यरूशलेमका मूलढोकाहरूमा पाले बसेका पहरेदारहरूलाई आह्वान गर्छन्: *'हे मूलढोकाहरूहो, आफ्ना शिर उठाओ ! अनि हे अनन्त ढोकाहरूहो, उच्च होओ, र महिमाका राजा भित्र आउनुहुनेछ ।'* तब शहरको पर्खालमा बसेको मुख्य पहरेदारले यस आह्वानको उत्तरमा उच्च स्वरले सोध्छः *'यी महिमाका राजा को हुनुहुन्छ ?'* तब सुस्पष्ट चर्को गर्जनको रूपमा जवाफ आउँछः 'यी महिमाको राजा शक्तिशाली र प्रतापी परमप्रभु हुनुहुन्छ; हो, लड़ाइँमा सामर्थी हुनुहुने परमप्रभु हुनुहुन्छ !'

**भजन २४:९-१०:** यस समयसम्म तिनीहरू शहरको झन् नजिकमा आइपुगेछन्, र पनि यसका मूलढोकाहरू अझै पनि खोलिएनन् । तब ती अग्रदूतले महिमाका राजाको निम्ति ती मूलढोकाहरू तत्कालै खोलिऊन् भनेर आदेश दिन्छन् । अनि फेरि *'यी महिमाका राजा को हुनुहुन्छ ?'* भनेर मुख्य पहरेदारले उहाँको परिचय पाउन खोज्छ । तब उत्तर आउँछः *'सेनाहरूका परमप्रभु; उहाँ नै यी महिमाका राजा हुनुहुन्छ ।'* त्यसपछि मसीह राजा आफ्नो स्वामीभक्त प्रजालाई लिएर विश्वव्यापी राज्यको राजदण्ड आफ्नो कीलाले छेड़िएको हातमा लिन यस शहरमा पस्नुहुन्छ ।

श्री एफ. बी. मेयेरले यसो भनेका छन्:

> 'यस भजनमा बताइएको कुरा तब हामीमा पूरा हुन्छ, जब प्रभु येशू हाम्रो जीवनको राजाको रूपमा हाम्रो हृदयमा राज्य गर्न प्रवेश गर्नुहुन्छ । अनि जब पृथ्वी र त्यसका बासिन्दाहरूले उहाँलाई आफ्ना प्रभुको रूपमा स्वागत गर्नेछन्, तब यसको सिद्धि सम्पूर्ण हुनेछ ।' [22)]

## भजन २५: परमप्रभुको रहस्य

यो भजन अक्षरबद्ध कविता हो, अर्थात् वर्णको क्रमअनुसार राखिएको भजन हो; यसमा हिब्रू वर्णमालाको एउटा अक्षर छोड़िएको छ र एउटा अक्षर दुई चोटि प्रयोग गरिएको छ ।[23)] यस भजनमा हामीले एउटा संयुक्त विषयबद्ध विषयवस्तु भेट्टाउन सकेनौं । यसमा विभिन्न प्रार्थना र ध्यान-चिन्तनका विषयहरू हालिएका छन्, जसको बीचको एकमात्र सम्बन्ध तिनीहरूको वर्ण-अनुक्रमिक ढङ्ग भएको छ होला ।

**भजन २५:१-३:** पहिले यस भजनको शुरुमा सुरक्षाको प्रार्थना छ । दाऊदका शत्रुहरू कहिल्यै टाढ़ा बस्दैनन्, कि के हो ? यस्तो देखिन्छ । यसकारण तिनले सहायता पाउन परमप्रभुको बाटो हेर्छन्, यो मानिलिएर कि परमेश्वर तिनको भरोसाको एकमात्र सत्आधार हुनुहुन्थ्यो । दाऊदको दुईतर्फी अर्जविन्ती के थियो भने, एक, परमप्रभुमाथि भरोसा गरेर तिनले शर्ममा पर्न चाहेनन्, अनि दुई, परमेश्वरले आफ्ना छोराछोरीहरूमध्ये

एकजनालाई त्याग्नुभएको कुराबाट तिनका शत्रुहरूले द्वेषपूर्ण आनन्द लिन नपाऊन् भन्ने विन्ती थियो। परमप्रभुमाथि भरोसा राख्नेहरू सबैको निम्ति तिनको प्रार्थना यही थियो। तर निर्लज्जसाथ अपराध गर्नेहरू शर्मले भुतुक्कै होऊन्; तिनीहरूले आफ्नो झूटो कामको पूरा नापअनुसार शर्म भोगून्। यो तिनको विन्ती थियो।

**भजन २५:४-५:** यस खण्डमा भजनकारले आफूलाई अर्ती र शिक्षा खोज्ने विद्यार्थीको रूपमा चित्रण गरेका छन्। तिनले परमप्रभुका मार्गहरू जान्न, उहाँका चालहरूमा हिँड्न र उहाँको सत्यतामा बढ्न चाहेका छन्। यसमा आफ्नो उद्धारको परमेश्वरप्रतिको प्रेम तिनको प्रेरणा थियो; अनि तिनका सबै आकङ्क्षाहरू परमेश्वरमाथि केन्द्रित रहेका थिए।

**भजन २५:६-७:** त्यसपछि दाऊद यहाँ, यस ठाउँमा पापको क्षमा-याचना गर्ने एक पापी मानिसको रूपमा देखा पर्छन्। तिनले परापूर्वकालदेखि जारी रहेका परमप्रभुका कोमल कृपाहरू र करुणाहरू आफ्नो अनुरोधको आधार बनाए र उहाँलाई सम्झना दिलाए, कि विगत समयमा उहाँले यस प्रकारको निगाह देखाउनुभएको थियो, मानौं परमप्रभुले बिर्सनुभएको छ र तिनले उहाँलाई यसको याद दिलाउनुपरेको छ। यस प्रकारका विन्तीहरूबाट स्पष्ट बुझिन्छ, कि परमेश्वरको अनुग्रहको विषयमा दाऊदको सीमित ज्ञान भएको रहेछ। तर यस विषयमा हामीले याद राख्नुपर्छ, कि तिनी छाया-प्रतिच्छायाको युगमा जिइरहेका थिए, तर हामीले चाहिँ सुसमाचारको युगको पूर्ण प्रकाशमा जिउने सौभाग्य र सुअवसर पाएका छौं।

दाऊदको जवानीका पापहरूले तिनलाई निक्कै सताइरहेका थिए; जवानीका पापहरूले प्रायः यस्तै गर्छन्। यसकारण भजनकारले सफासँग परमप्रभुलाई 'यी पापहरू भुलिदिनुहोस्' भन्ने विन्ती गर्छन् र उहाँले आफ्नो कोमल कृपाअनुसार र आफ्नो भलाइको खातिर तिनको सम्झना गरिदिनुहुन आग्रह गर्छन्। यस किसिमको प्रार्थनाको सुनाइ हुन्छ-हुन्छ।

हाम्रा पापहरू ख्रीष्ट येशूको रगतले ढाकिएको! पूर्वदेखि पश्चिम जति टाढ़ा छ, त्यति नै टाढ़ा हाम्रा पापहरू हामीदेखि हटाइएका! हाम्रा पापहरू परमेश्वरको विस्मृतिरूपी सागरको गहिराइमा फालेर सधैंको लागि गाड़िएका र ती पापहरूको निम्ति अनन्त क्षमा पाएको ज्ञानमा ठूलो छुटकारा छ, हो, ठूलो आनन्द र निर्धक्कता छ!!

**भजन २५:८-१०:** दाऊद अब प्रार्थना गर्न छोड़ेर मनन-चिन्तन गर्न थाल्छन्। परमप्रभुको शिक्षा दिने सेवाकाईको दक्षता सम्झेर तिनले उहाँको गुणानुवाद गर्ने उपयोगी शब्दहरू फेला पार्न सकेनन् कि के हो? परमप्रभु पूरापूर भला र सीधा चालका हुनुहुन्छ, यो उहाँको स्वभाव हो; यसकारण उहाँले पापी मानिसहरूलाई सत्यता, न्याय र मुक्तिको मार्गको सम्बन्धमा शिक्षा दिनुहुन्छ। अनि उहाँबाट हामीले सिक्न सक्ने र सिक्नुपर्ने एउटै सबैभन्दा महत्त्वपूर्ण गुण नम्रता हो। नम्र र दीन भएर हामीले आफ्नो अज्ञानता मानिलिनुपर्छ र थप शिक्षाको आवश्यकताबोध गर्नुपर्छ। यदि हामी सिकाउँदा सिक्ने भयौं भने, हामीले कुन कुरा ठीक हो, अँ, परमेश्वरको इच्छा के रहेछ, सो छिट्टै जान्नेछौं। नालायक जीवन जिउनुपर्ने कुरा परै जाओस्, परमप्रभुको वचन पालन गर्नेहरूले आफ्नो जीवन परमेश्वरको अटल प्रेम र विश्वासयोग्यताले भरिएको शुभलाभ उठाउनेछन् र यसका मङ्गलमय लक्षणहरू धेरै देख्न पाउनेछन्।

**भजन २५ः११ः** अब दाऊद फेरि एक क्षणको लागि पाप-क्षमाको प्रार्थनामा फर्कन्छन्। आफ्नो पापको ठूलो बोझले थिचिएर र आफ्नो विवेकद्वारा पूरै कायल भएर तिनले आफ्नो विनय 'तपाईंको नामको खातिर, हे परमप्रभु' भन्ने कुरामाथि बसाल्छन्। अनि यस विषयमा हामी बुझ्नुपर्छ, कि एकजना व्यक्ति र उसको नामको बीचको नजिकको सम्बन्ध रहेको छ, र प्रायः एउटै कुरा गनिन्छ। यसो हो भने, यहाँ भजनकारचाहिँ परमेश्वरको व्यक्तित्व र स्वभाव, विशेष गरी उहाँको कृपा र अनुग्रह आफ्नो क्षमा-याचनाको एकमात्र आधार तुल्याएका छन्। दाऊदले आफूमा भएको कुनै योग्य गुण छ अथवा पुण्यकर्मको फल पाऊँ भनेर दाबी गरेनन्। यसको विषयमा एउटै शब्द छैन यहाँ।

**भजन २५ः१२-१३ः** यहाँ दाऊदले आफ्नो प्रार्थना फेरि एकपल्ट बीचैमा रोकेर मन-मनमै आफूसित आत्मिक बातचित गर्न थाल्छन्। परमप्रभुको भय मान्ने मानिसको कल्पना गरेर तिनले उसलाई परमेश्वरको उत्तमभन्दा उत्तम कुराहरूको उपभोग गर्न पाउने सौभाग्यशाली मानिस ठान्छन्। परमप्रभुको डर मान्ने मानिसले निम्न उत्तम कुराहरू अनुभव गर्न पाउनेछ, जस्तैः

**क)** सुस्पष्ट मार्गदर्शनः परमेश्वरले उसलाई ऊ चल्नुपर्ने मार्गमा देखाउनुहुन्छ।

**ख)** व्यक्तिगत फलिफापः उसले उब्रोपाब्रो भरपूरी उपभोग गर्नेछ।

**ग)** उसको परिवारको निम्ति सुरक्षाः उसका सन्तानहरूले देशको अधिकार गर्नेछन्।

**घ)** परमेश्वरसँग सङ्गतिः ऊ तिनीहरूको आत्मीय सङ्गतिको घेराभित्र हुन्छ, जससित परमेश्वरले आफ्नो मन बताएर मैत्रीभावले कुरा गर्नुहुन्छ र जसलाई आफ्ना मार्गहरू प्रकट गर्नुहुन्छ।

**भजन २५ः१४ः** *'परमप्रभुको रहस्य तिनीहरूसँगै रहन्छ, जसले उहाँको भय मान्छन्; अनि उहाँले तिनीहरूलाई आफ्नो वाचा प्रकट गर्नुहुनेछ।'* यो चौधा पदचाहिँ यस भजनको सुनौलो पद हो।

परमेश्वरले दानियलजस्ता अति प्रिय मानिसकहाँ अन्यजातिका साम्राज्यहरूको विषयमा अद्‌भुत दर्शनहरू दिनुभयो। यी दर्शनहरूअनुसार ती अन्यजातिका साम्राज्यहरू शेष भएपछि प्रभु र मुक्तिदाता येशू ख्रीष्टको राज्य अन्तिम राज्य हुने रहेछ। अनि प्रभु येशूको छातीमा अड़ेसिने चेला यूहन्नालाई पतमोस टापूमा प्रकाशको पुस्तकको त्यो महिमामय दर्शन दिइयो।

**भजन २५ः१५ः** दाऊदले आफूलाई पनि परमेश्वरको भय मान्नेहरूको गन्तीमा गनेका छन्। किनकि तिनका आँखाहरूले पूर्ण भरोसा र आशाको साथ निरन्तर स्वर्गतिरै हेरिरहेका छन्। किनभने तिनमा 'परमप्रभुले तिनलाई तिनी हालैमा फसिराखेको त्यस दुःख र कष्टको जालबाट छुटाउनुहुनेछ' भन्ने पूर्ण भरोसा छ।

**भजन २५ः१६-२१ः** आफ्नो झमेलारूपी यस जालको कुरा गर्नसाथ दाऊदले आफ्नो आत्मिक मन्तव्य एकतिर राखेर हालमा भइरहेको आफ्नो दुर्दशाको निम्ति प्रार्थना गर्छन्। तिनी एकलो र पीड़ित छन्। तिनको हृदयका दुःखहरू बढ़ेका छन्, थुप्रै भएका छन्। यसैकारण तिनले परमेश्वरसित निम्न विन्ती गर्छन्ः उहाँले तिनीमाथि दया देखाऊन्, तिनको बोझले दबिएको हृदय शान्त पारून्, तिनलाई तिनका कष्टहरूबाट निकाऊन्, तिनको एक-एक कष्ट र पीड़ाको ख्याल र गन्ती गरून् अनि तिनका सबै

पापहरू क्षमा गरिदिऊन्। दाऊदको थप विन्ती के थियो भने, परमप्रभुले तिनलाई तिनका शत्रुहरू र तिनीहरूको कटु दुश्मनी र हेलाबाट पनि जोगाइराखून्। यसरी उहाँले तिनलाई निर्दोष र सत्यनिष्ठ ठहराऊन्, र परमप्रभुमाथि भरोसा राखेकोमा तिनले सठीक काम गरेको प्रमाणित भएको होस्। जब तिनले 'इमानदारी र सीधा चालले मलाई सुरक्षित राखून्' भनेर प्रार्थना गर्छन्, तब तिनले यस प्रार्थनाद्वारा आफूलाई पूरा इमानदार भएको देखाउन खोजेका होइनन्, तर परमेश्वरले तिनीजस्तै उहाँमाथि भरोसा राख्ने व्यक्तिलाई छुटकारा दिऊन्, र यसरी उहाँले आफ्नो धार्मिकता प्रकट गरून् भन्न चाहेका हुन्।

**भजन २५:२२:** यस अन्तिम पदमा दाऊदले आफूलाई इस्राएली जातिसित एक तुल्याउँछन् र यस जातिको छुटकाराको निम्ति प्रार्थना गर्छन्। यस कुराले के सङ्केत दिलाउन खोज्यो भने, योजस्तो भजनचाहिँ भावी सङ्कष्टकालका दिनहरूमा बाँचिरहने यहूदी भक्त जनहरूले उच्चरण गर्ने शब्दहरू पो बन्दो रहेछ।

## भजन २६: अलग बस्ने सम्बन्धमा लेखिएको भजन

भजन २६ अध्याय सरासर पढ्दाखेरि यो भजन स्वार्थपरायण मतलबी मानिसको रचना हो जस्तै लाग्न सक्छ। तर यसको सतहदेखि भित्र आफ्नो ध्यान गाड्दाखेरि हामीलाई के थाहा लाग्छ भने, यस भजनको खास प्रसङ्ग संसारदेखि अलग, परमेश्वरको निम्ति अलग भएको मानिसको जीवन हो रहेछ, जसको वास्तविक बयान यहाँ दिइएको छ। शब्द-हरूको सतहमा नभएको अर्थगर्भित कुरा होः कतै दाऊदलाई भक्तिहीन मानिसहरूसित भाइचारा गरेको र यही कारणले परमप्रभुप्रति निष्ठावान् नरहेको आरोप लागेको आभास लाग्दैछ। यसकारण तिनले आफ्नो पक्षमा जवाफ दिएको प्रतिरक्षा यहाँ पेश गरिएको छ। तिनले कहीं पनि पापरहित भएको दाबी गरेका छैनन्; ता पनि तिनलाई लगाइएका आरोपहरूको सम्बन्धमा तिनले निर्दोष हुँ भन्छन्।

**भजन २६:१-३:** तिनले आफ्नो मुद्दा परमप्रभुको हातमा सुम्पन्छन्; उहाँले तिनलाई निर्दोष ठहऱ्याऊन्। तिनलाई दोष लाउनेहरूले जेसुकै भनून्, दाऊद नैतिक हिसाबले पूरा इमानदारीसाथ चलेका थिए। तिनी लगातार परमेश्वरमाथि भरोसा राखेर हिँडेका थिए। तिनले यहाँ धातु-विज्ञानको भाषामा सहारा लिएका छन्। धातुको मैला छ कि छैन धातु पगाल्ने भट्टीले प्रकट गर्छ। ठीक यस्तै तिनले आफ्नो असलीपन र सच्चाइ जाँचिनको निम्ति आफूलाई परमेश्वरको हातमा सुम्पन्छन्। तिनी आफ्नो हृदय, तिनको भावना-केन्द्रको विषयमा र अभिप्रायहरू उत्पन्न हुने आफ्नो मनको विषयमा निश्चित, अँ, दोषमुक्त हुन्छु भन्ने कुरामा पूरा विश्वस्त थिए; किनकि तिनले सधैं परमप्रभुको करुणा आफ्ना आँखा-हरूको सामु राखेका थिए र परमेश्वरको वचनको सम्बन्धमा विश्वासयोग्य चालमा हिँडेका थिए।

**भजन २६:४-५:** निकम्मा, व्यर्थ मानिसहरूसँग बस्नु भनेको तिनीहरूसितको सङ्गत रुचाउनु हो। अनि यस्तो कुसङ्गत दाऊदले गरेकै थिएनन्। कपटीहरूसित सम्बन्ध राख्नु भनेको राजीखुशीले धोकेबाज, पाखण्डी र ढोङ्गीहरूसित सहभागी हुनु हो। अनि यस प्रकारको सहभागिता दाऊदले पनि गरेकै थिएनन्; होइन नि। तर बरु तिनले अपराधीहरूको सङ्गत घृणा गर्थे र दुष्ट-हरूसित मित्रता गाँस्नुदेखि पूरा अलग रहने पवित्र सङ्कल्प तिनले सधैं कायम राख्थे।

**भजन २६:६-८:** तिनी दुष्ट मानिस-हरूदेखि अलग बस्थे; तर तिनी संसारबाट

छुट्टै बसेको मात्र होइन, तर तिनको पृथक्करणले तिनलाई परमेश्‍वरसितको घनिष्ठ सम्बन्धमा ल्याइपुऱ्यायो। परमप्रभुको वेदीनिर जानुभन्दा अघि दाऊदले आफ्ना हातहरू पाप र अशुद्धताबाट धोइएका सुनिश्‍चित गरे। किनभने परमेश्‍वरको हरेक उपासक शुद्ध हुनुपर्छ। त्यसपछि तिनले परमप्रभुलाई हार्दिक धन्यवाद दिए र उहाँका अचम्मका कामहरूको वर्णन गरे। तिनको निम्ति परमेश्‍वरको आराधना गर्ने कुरा बाध्य भएर गर्नुपर्ने, दिक्क लाग्ने रीतिविधि हुँदैनथियो। तिनले परमप्रभुको भवनप्रति प्रीति राख्थे; किनकि त्यहाँ महिमाको बादल, परमेश्‍वरको महिमित उपस्थितिको चिन्ह देखिन्थ्यो।

**भजन २६ः९-११ः** यस संसारमा तिनले पापी मानिसहरूको गुटमा आउन र तिनीहरूसँग सङ्गत गर्न अस्वीकार गरे; यसकारण दाऊदले परलोकमा तिनीहरूको भागमा सहभागी हुनु नपरोस् भन्ने प्रार्थना चढ़ाउँछन्। तिनी जीवनभरि पापीहरू, हत्याराहरू र घूसखोरीहरूका कुव्यवहारहरूमा संलग्न हुन अस्वीकार गर्थे; यसकारण तिनले तिनीहरूको मृत्युसित सहभागी हुनु नपरोस् भन्ने अर्जी चढ़ाउँछन्। तिनले एउटा धार्मिक जीवन व्यतीत गरेका हुनाले दुष्टहरूले भोग्नुपर्ने दण्डबाट उम्कन पाऊँ, र अरू केही होइन, तर परमेश्‍वरबाट केवल अनुग्रहको व्यवहार पाऊँ भन्ने विन्ती गर्छन्।

**भजन २६ः१२ः** यहाँसम्म दाऊदको जीवन निष्कलङ्क जीवन थियो; यस जगरूपी समतल भूमिमाथि उभिएर तिनी सभाहरूमा परमप्रभुलाई धन्यको भन्ने प्रतिज्ञा गर्छन्।

पृथक्करणको विषयमा हामीले अझै एउटा कुरा याद गर्नुपर्छः पृथक्करणमा एउटा पक्ष बाँकी नै छ, जुन पक्षको विषयमा यस भजनमा केही पनि भनिएको छैन। हो, हामी तब पापी मानिसहरूबाट अलग बस्नुपर्छ, जब हामी प्रत्यक्ष वा अप्रत्यक्ष रूपले तिनीहरूका दुष्ट कामहरूसित सहमत वा सहभागी हुने सम्भवना हुन्छ। तर तिनीहरूको मुक्तिको खाँचोको विषयमा कसो हो? के हामीले तिनीहरूलाई ख्रीष्ट येशूमा भएको मुक्तिको विषयमा बताउनुपर्दैन र? यस सम्बन्धमा तिनीहरूबाट अलग बसेको हाम्रो पृथक्करण पाप पो ठहरिन्छ। प्रभु येशू स्वयम् पापी मानिसहरूको मित्र हुनुहुन्थ्यो। उहाँले तिनीहरूलाई ग्रहण गर्नुभयो; उहाँले तिनीहरूसित खाइपिइ पनि गर्नुभयो। तर उहाँले परमेश्‍वरप्रति निष्ठवान् रहने सम्बन्ध कहिल्यै खतरामा हाल्नुहुँदैनथियो, तर सधैं आफ्नो भक्ति कायम राख्नुहुन्थ्यो। तर उहाँले तिनीहरूलाई तिनीहरूको पापको विषयमा बताउन र तिनीहरूलाई पापको क्षमा पाउनुपर्ने आवश्यकता भएको कुरा जनाउनदेखि कहिल्यै चुक्नुहुन्नथियो। लूका ७ः३६-५० पदको खण्डमा प्रभु येशू शिमोनको घरमा जानुभएको वृत्तान्त उल्लेख गरिएको छ, जसको विषयमा बिशप जे. सी. राइलले यसो भनेका छन्ः

> 'उहाँ आफ्नो 'पिताको काम' साथमा लिएर यस फरिसीको टेबलमा बस्नुभयो। उहाँले यस फरिसीलाई यसको जेलजाल गरिने पापको विरोधमा गवाही दिनुभयो। उहाँले यस फरिसीलाई सित्तैंमा उपलब्ध हुने पापहरूको क्षमाको विषयमा शिक्षा दिनुभयो र यसलाई उहाँप्रतिको साँचो प्रेमको रहस्य केमा छ, सो बताइदिनुभयो। उहाँले यसलाई विश्‍वासमा भएको बचाउने गुण र शक्तिको विषयमा बुझाउनुभयो। तब यी ख्रीष्ट-विश्‍वासीहरूको विषयमा कसो हो, जो मुक्ति नपाएका मानिसहरूसित घनिष्ठ सम्बन्ध राख्ने पक्षका समर्थकहरू हुन्छन्? हाम्रा प्रभु येशूको जस्तै मनसा लिएर तिनीहरू मुक्ति नपाएका मानिसहरूका घरहरूमा जाऊन्, र त्यही प्रकारले बोलून् र त्यही प्रकारको व्यवहार देखाइ-

दिऊन् । तब अविश्वासीहरूसितको तिनीहरूको कारबाहीमा केही दोष नहोला त नि । तर के प्रभु येशूले शिमोनको टेबलमा देखाउनुभएको नमुनाअनुसार तिनीहरूले मुक्ति नपाएका आफ्ना चिनारुहरूसँग खानामा बस्दा कुरा गर्लान् र तिनीहरूसित यही प्रकारको व्यवहार देखाउलान् त ? तिनीहरूले यस प्रश्नको उत्तर दिए असल हुनेथियो ।' [24)]

अँ, हामी सबैले यस प्रश्नको उत्तर दिनुपर्छ ।

## भजन २७ : प्रभु येशू पक्राउ पर्नुभएको र उहाँको न्यायजाँच भएको दृष्टिकोणले गरिएको व्याख्या

भजन २७ चाहिँ जुनै दृष्टिकोणबाट हेरेर पनि सुन्दर छ। तर यस भजनको आकर्षण अझै बढ्छ र विशेष हुन जान्छ, जब हामी गलगथा जानुभन्दा अघिका निर्णायक घण्टाहरूमा हाम्रा प्रभु येशूको अन्तस्करणबाट उठेका चिन्तनहरू यहाँ व्यक्त गरिएको कल्पना गर्छौं ।

**भजन २७:१:** यसको निम्ति हामी निम्न उदाहरण दिन्छौंः जब मुख्य पूजाहारीहरू, मन्दिरका कप्तानहरू र बूढ़ा प्रधानहरू ख्रीष्ट येशूलाई पक्रन गेत्समनीको बगैंचामा आए, तब उहाँले तिनीहरूलाई भन्नुभयोः *'यो तिमीहरूको घड़ी हो, र अन्धकारको अधिकार हो'* (लूका २२:५३) । तर सायद त्यस क्षणमा उहाँले आफैलाई निम्न शब्दहरूद्वारा सान्त्वना दिनुभयो होलाः *'परमप्रभु मेरो ज्योति र मेरो उद्धार हुनुहुन्छ; म कससँग डराऊँ ? परमप्रभु मेरो जीवनको बल हुनुहुन्छ; म कोदेखि डराऊँ ?'*

अन्धकारले उहाँमाथि आफ्नो छाया पारिसकेको अवस्थामा परमेश्वर उहाँको निम्ति ज्योति हुनुहुन्थ्यो । परमेश्वर उहाँको उद्धारक हुनुहुन्थ्यो, जसले उहाँलाई यस पृथ्वीमा भएका उहाँका शत्रुहरूबाट छुटकारा दिनुभयो । प्रभु येशूको जीवनको निम्ति परमेश्वर किल्ला हुनुहुन्थ्यो, आँधी चलेको बेलामा उहाँको शरणस्थान हुनुहुन्थ्यो । अनि यस प्रकारको दिव्य सुरक्षा पाउनुभएको प्रभु येशू कसैबाट डराउनुपर्दैनथियो ।

**भजन २७:२:** जब मानिसहरू प्रभु येशूलाई पक्रन आए, तब उहाँले तिनीहरूलाई सोध्नुभयोः 'तिमीहरू कसलाई खोज्दैछौ ?' तिनीहरूले उहाँलाई जवाफ दिएः 'नासरतका येशूलाई ।' अनि जब येशूले तिनीहरूलाई 'त्यो म नै हुँ' मात्र भन्नुभएको थियो, तब तिनीहरू पछि हटेर भुइँमा पछारिए (यूहन्ना १८:४-६) । त्यस घड़ीमा ख्रीष्ट येशूले भजन २७:२ पदका शब्दहरू मनन गर्नुभएको होलाः *'जब दुष्टहरू – मेरा शत्रुहरू र मेरा दुश्मनहरू – मेरो मासु खान ममाथि जाइलागे, तब तिनीहरू ठेस खाएर लोटे ।'*

शिकारी चराहरूले हानेजस्तै तिनीहरूले वेगले उहाँमाथि आइलागे, तर एकक्षणको निम्ति उहाँको मानवीय देहद्वारा 'म हुँ' भन्नुहुनेको ईश्वरत्वको महिमा झल्क्यो, र उहाँलाई पक्रनेहरू भुइँमा पछारिए ।

**भजन २७:३:** यूहन्नाले आफ्नो सुसमाचारको पुस्तकमा हामीलाई बताए, कि त्यस बगैंचामा प्रभु येशूलाई पक्रन आउनेहरूको दलबलचाहिँ सिपाहीहरूको एक टोली, साथै मुख्य पूजाहारीहरूबाट पठाइएका केही अफिसरहरू र धेरै फरिसीहरू थिए, जो बत्तीहरू, राँकाहरू र हतियारहरू लिएर त्यहाँ आए (यूहन्ना १८:३) । अनि जब उहाँले तिनीहरूलाई आउँदै गरेका देख्नुभयो, तब उहाँले शान्तिसित भन्न सक्नुभयोः *'सेनाले मेरो विरोधमा छाउनी हाले तापनि मेरो हृदय डराउनेछैन; मेरो विरोधमा लड़ाइँ मच्चियो भने पनि म त्यस अवस्थामा निश्चिन्त रहनेछु ।'*

**भजन २७ः४ः** बिचरा पत्रुसले आफ्ना स्वामीलाई बचाउने कोशिश गरे र प्रधान पूजाहारीको दासको कान च्वाट्टै काटिपठाए। प्रभु येशूले पत्रुसलाई भन्नुभयोः *'के मेरा पिताले मलाई दिनुभएको यो कचौरा म नपिऊँ?'* परमेश्वरसित एकै जग्गामा बसिरहनु उहाँको एकमात्र चाहना थियो; अनि स्वर्गको महिमामा पुऱ्याउने पथले उहाँलाई पहिले क्रूसबाट भएर लानेथियो; यसकारण उहाँ क्रूसको दुःख र शर्म सहन तयार हुनुहुन्थ्यो। मानौं उहाँले यसो भन्नुभयोः *'एउटै कुरा मैले परमप्रभुबाट मागेको छु, र त्यसैको पछि लाग्नेछु – परमप्रभुको सुन्दरता निहार्न र उहाँको मन्दिरमा सोधपुछ गर्न म आफ्नो जीवनभरि नै परमप्रभुको भवनमा रहन पाऊँ।'*

'एउटै कुरा'माथि ध्यान दिने मानिसहरू एक प्रकारले अजेय हुन्छन्। किनकि आफूले के चाह गरेको, सो उनीहरूलाई राम्ररी थाह हुन्छ, र उनीहरू त्यो कुरा प्राप्त गरेर छोड्छन्। कसैले र कुनै कुराले पनि उनीहरूलाई रोक्न सक्दैन।

**भजन २७ः५ः** अन्तमा सिपाहीहरूको यस टोली र तिनीहरूका कप्तानले अनि यहूदीहरूका अफिसरहरूले प्रभु येशूलाई पक्रे र उहाँलाई बाँधे (यूहन्ना १८ः१२)। दर्शकहरूको दृष्टिमा प्रभु येशू हार्नुभएको देखा परेको हुनुपर्लाः तर त्यस क्षणमा सायद उहाँले यसो भन्नुभयो कि? *'किनकि विपत्तिको दिनमा उहाँले मलाई आफ्नो मण्डपभित्र लुकाइराख्नुहुनेछ; उहाँले मलाई आफ्नो वासस्थानको गुप्त स्थानमा लुकाउनुहुनेछ; उहाँले मलाई चट्टानमाथि बसाल्नुहुनेछ।'*

परमेश्वरबाट सुरक्षा पाउँछु भन्ने कुरामा प्रभु येशूको हृदय ढुक्क र आश्वस्त हुन्थ्यो; किनभने यस प्रकारको सुरक्षा परमेश्वरले उहाँलाई प्रेम गर्ने सबैलाई प्रतिज्ञा गर्नुभयो।

**भजन २७ः६ः** ती सिपाहीहरूले ख्रीष्ट येशूलाई प्रधान पूजाहारी कायफाकहाँ लगे (मत्ती २६ः५७)। अनि उनी यिनै कायफा थिए, जसले अघि यहूदीहरूलाई 'यस जनताको निम्ति एकजना मानिस मर्नु नै फायदाजनक छ' भनेर सल्लाह दिए (यूहन्ना १८ः१४)। ख्रीष्ट येशूका शत्रुहरूले उहाँलाई धरतीबाट उचालेर उहाँलाई क्रूसमाथि चढ़ाउने युक्ति रचे। तर हाम्रा प्रभुले चाहिँ अर्कै प्रकारको उचालिने कुराको बाटो हेरिरहनुभयो, जस्तैः *'अब मेरो शिर मेरो वरिपरि भएका शत्रुहरूभन्दा माथि उठाइनेछ; यसकारण म उहाँको वासस्थानमा हर्षोल्लासका बलिहरू चढ़ाउनेछु; म गाउनेछु, अँ, परमप्रभुको निम्ति म स्तुति-प्रशंसाहरूका गीत गाउनेछु।'*

यो कति अचम्मको आशावादको कुरा हो! किनकि मृत्युदण्ड दिने मुद्दा उहाँको विरोधमा चलिरहेको थियो र यस न्यायजाँचको फैसलाचाहिँ उहाँलाई प्राणदण्ड दिनु नै थियो; यो उहाँले जान्नुभएको थियो। तर त्यति नै खेर पनि उहाँ महिमाको आशामा आनन्दित हुनुहुन्थ्यो। *'अबदेखि उसो तपाईंहरूले मानिसका पुत्रलाई प्रतापवान्‌को दाहिने हातपट्टि बसिरहेका र आकाशका बादलहरूमा आइरहेका देख्नुहुनेछ'* भनेर के उहाँले कायफालाई भन्नुभएन र? (मत्ती २६ः६४)।

**भजन २७ः ७-८ः** उहाँको यस जवाफमा बम्केर प्रधान पूजाहारीले 'यसले ईश्वरनिन्दा गरेको हो' भन्ने आरोप लगाइहाले। उनले आफ्नो वरिपरि भएकाहरूलाई सोधेः 'तिमीहरूको राय के हो?' तिनीहरूले जवाफ दिएर भनेः 'यो मृत्युदण्डको योग्य छ।' त्यतिखेर ख्रीष्ट येशूले मनमनै यसो भन्दै प्रार्थना गर्नुभएको कुरा कल्पना गर्न सजिलो पर्छः *'हे परमप्रभु, जब म सोर उचाली पुकारुँला, तब सुन्नुहोस्; अनि ममाथि दया*

*पनि गर्नुहोस् र मलाई जवाफ दिनुहोस् ! जब तपाईंले "तिमीहरूले मेरो चेहराको खोजी गर" भन्नुभयो, तब मेरो हृदयले तपाईंलाई भन्योः "हे परमप्रभु, तपाईंकै चेहराको खोजी म गर्नेछु ।" '*

**भजन २७:९:** त्यस क्षणसम्म उहाँका सबै चेलाहरू उहाँलाई छोड़ेर भागिसकेका थिए (मत्ती २६:५६)। तर विगत समयमा परमेश्वर प्रभु येशूको सहारा हुनुहुन्थ्यो; यसकारण उहाँले परमेश्वरलाई 'त्यस दुःखको घड़ीमा मलाई नत्याग्नुहोस्' भनेर पुकारा गर्नुभयो। *'तपाईंको चेहरा मबाट नलुकाउनुहोस्; रिसमा आफ्नो दासलाई नहटाउनुहोस् ! तपाईं मेरो सहायता बन्नुभएको छ; हे मेरा उद्धारका परमेश्वर, मलाई नछोड्नुहोस् र मलाई नत्याग्नुहोस् !'*

**भजन २७:१०:** हामीले पाएको हाम्रो जानकारीअनुसार दाऊदका बुबाआमाले तिनलाई कहिल्यै त्यागेनन्, न ता हाम्रा प्रभुका बुबाआमाले उहाँलाई कुनै समयमा त्यागे। यसकारण हुन सक्छ, श्री जे. एन. डार्बीले यो पदको सठीक अनुवाद गरे होलान्, जहाँ यसो लेखिएको छः 'किनकि मेरा बुबाले र मेरी आमाले मलाई त्यागिदिएका भए परमप्रभुले मलाई सम्हाल्नुहुनेथियो ।'

**भजन २७:११-१२:** ख्रीष्ट येशूको धार्मिक न्यायजाँच चल्दा मुख्य पूजाहारीहरू र सम्पूर्ण महासभाले प्रभु येशूलाई मारिछाड्ने प्रयासमा आफ्नो कुराको समर्थन गर्न झूटा गवाहीहरूलाई बटुले। तर तिनीहरूले तबसम्म उहाँको विरुद्धमा कुनै हानिकारक जाल रच्न सकेनन्, जबसम्म दुईजना झूटा गवाहीहरूले उहाँलाई यसो भन्ने आरोप लगाएः 'यस मान्छेले "म परमेश्वरको मन्दिर भत्काउन र त्यो तीन दिनमा खड़ा गर्न सक्छु" भनेको छ' (मत्ती २६:५९-६१)। वास्तवमा प्रभु येशूले आफ्नै शरीररूपी मन्दिरको सम्बन्धमा यसो भन्नुभएको थियोः *'यो मन्दिर भत्काइदेओ, र म यसलाई तीन दिनमा खड़ा गर्नेछु'* (यूहन्ना २:१९ र २१)। तर प्रभु येशूको सम्पूर्ण न्यायजाँच बनावटी जाँच मात्र थियो। यसकारण यो झूटो गवाही स्वीकार गरियो। अब हामी मुक्तिदाता प्रभुले गर्नुभएको यो प्रार्थना सुन्छौंः *'हे परमप्रभु, मलाई तपाईंको मार्ग सिकाउनुहोस्; अनि मेरा शत्रुहरूको कारणले मलाई सम्म बाटोमा डोर्‍याउनुहोस् ! मेरा शत्रुहरूको इच्छामा मलाई नसुम्पनुहोस्; किनकि झूटा साक्षीहरू र निर्दयता उकेल्नेहरू मेरो विरुद्धमा उठेका छन् ।'*

**भजन २७:१३:** त्यसपछि हामी पिलातसको राजभवन-बाहिर उत्तेजित भीड़लाई 'त्यो क्रूसमा टँगाइयोस्' भन्दै चिच्च्याइरहेका सुन्छौं (मत्ती २६:२२ र २३)। परमधन्य प्रभु येशूले तिनीहरूका चिच्च्याहटका शब्दहरू पनि सुन्नुभयो र तिनीहरूले भन्न खोजेको कुरा राम्ररी बुझ्नुभयो। त्यस घड़ीमा उहाँले यसो भन्नुभएको सम्भव थियोः *'जीवितहरूको मुलुकमा परमप्रभुको भलाइ देख्ने विश्वास ममा नहुँदो हो ता म मूर्च्छित हुनेथिएँ ।'*

**भजन २७:१४:** *'परमप्रभुको बाटो हेर; सहासिला होऊ; र उहाँले तिम्रो हृदय बलियो पार्नुहुनेछ; म भन्दछुः परमप्रभुको बाटो हेर !'* अनि यस भजनको अन्तिम पदको विषयमा के-कसो हो ? हाम्रो व्याख्यामा यो पद कसरी मिलाइदिऔं ? हामी यो पद कुन प्रकारले बुझे राम्रो होला ? यो पद निम्न अर्थमा लिन मलाई मन पर्छः जब प्रभु येशू यो संसार छोड़ेर जानुभयो, तब उहाँले हामी हरेकलाई यस पदका शब्दहरूद्वारा आश्वासन दिन चाहनुभयो। प्रभुले आफ्ना पितामाथि भरोसा राख्दा गर्नुभएका आफ्नै अमूल्य अनुभवहरूमा आधारित हामीलाई यहाँ केही व्यक्तिगत सल्लाह दिनुभएको हो ।

## भजन २८ः परमेश्वर चुप लाग्नुभएको मौनता

**भजन २८ः१-२ः** 'केवल तपाईंलाई, अँ, तपाईंलाई नै म पुकार्छु, हे परमप्रभु ! तपाईं मेरो चट्टान हुनुहुन्छ।' 'मेरो चट्टान' भन्ने उपाधिमा सुरक्षा, शक्तिबल र स्थिरता पाउने अर्थ समावेश हुन्छ। 'मेरो विन्ती नसुन्नुभएको जस्तो नगर्नुहोस् ! किनभने तपाईंले मेरो विन्ती सुन्नुभएन भने, दुष्टहरूसित तिनीहरूको मृत्युमा म एक हुनेछु, तिनीहरूजस्तै म तपाईंबाट पूरा अलग हुनुपर्नेछ। मैले तपाईंको महापवित्रस्थानतिर आफ्ना हातहरू उठाउँदा र सहायता पाउन तपाईंको अनुग्रहको सिंहासनको सामु आउँदा मेरो विन्तीको सोर सुनिदिनुहोस् !'

**भजन २८ः३ः** 'मलाई कहिल्यै नछोड्नुहोस्; मलाई दुष्टहरूसित तिनीहरूको दुर्भाग्यमा एक हुन नदिनुहोस् ! किनभने तिनीहरूले त निष्ठुरतापूर्वक अरूको विरोधमा निरन्तर विभिन्न अधर्महरू गर्ने युक्ति रच्छन्; तिनीहरूले आफ्नो मुखले आफ्ना छिमेकीहरूलाई खूबै चिप्लो घस्छन् र शान्तिको कुरा गर्छन्; तर वास्तवमा तिनीहरूले उनीहरूलाई छल गरेका छन्, अँ, केवल उनीहरूलाई ठग्न र कुनै न कुनै हानि गर्न खोजेका छन्।'

**भजन २८ः४ः** 'हे परमप्रभु, तिनीहरूका कामहरू र तिनीहरूका कामहरूको घोर दुष्टताको हिसाब राखेर तिनीहरूसित व्यवहार गर्नुहोस् र तिनीहरूलाई तिनीहरूले पाउनुपर्ने यथोचित प्रतिफल दिनुहोस् ! तिनीहरूलाई तिनीहरूका हातका कामहरूअनुसार प्रतिफल दिनुहोस्; किनभने तिनीहरू दण्ड पाउन पूरा योग्य छन्।'

**भजन २८ः५ः** 'अनि तिनीहरूका कामहरू र तिनीहरूका हातहरूको कामको कारणले मात्र दण्ड नदिनुहोस्, तर तिनीहरूले तपाईंका कामहरू र तपाईंका हातहरूको कार्यको कदर नगरेको कारणले पनि दण्ड दिनुहोस् ! यसैकारण तपाईंले तिनीहरूलाई कहिल्यै फेरि निर्माण गर्न नसकिने भवनजस्तै भत्काउनुहुनेछ।'

**भजन २८ः६ः** 'हे परमप्रभु, मैले प्रार्थना गर्दाखेरि तपाईंको पवित्र आत्माले "तिम्रा विन्तीहरू सुनिएका छन् र तिमीले यिनको उत्तर पाएका छौ" भन्ने अद्भुत निश्चयता मलाई मेरो मनमा दिनुभएको छ। यस निश्चयताको निम्ति म तपाईंलाई धन्यवाद दिन्छु; किनकि मैले अब एउटा नयाँ स्तुतिगान गाउने अवसर पाएको छु।'

**भजन २८ः७-८ः** एकजना अज्ञात व्यक्तिले यी पदहरूको भावानुवाद सुन्दर लयबद्ध ढङ्गमा गरेका छन्, जस्तैः

परमप्रभु मेरो बल र मेरो ढाल हुनुहुन्छ;
उहाँमाथि मेरो हृदयले भरोसा राख्छ।
मैले सहायता पाएको छु;
मेरो हृदय हर्षित भएको छ;
उहाँलाई नै म आफ्ना धन्यवादका बलिहरू चढ़ाउँछु।

उहाँका सबै चुनिएकाहरूको शक्तिको स्रोत उहाँ नै हुनुहुन्छ;
अनि उहाँको परमधन्य ख्रीष्ट पुत्रको निम्ति उहाँ बचाउने शक्ति हुनुहुन्छ।

**भजन २८ः९ः** 'हे परमप्रभु, तपाईंले मलाई छुटकारा दिन्छु भन्ने प्रतिज्ञा गर्नुभएकोमा धन्यवाद ! अझ पनि मेरो एउटा विन्ती छः आफ्ना जनहरूलाई बचाउनुहोस् ! इस्राएली जातिरूपी आफ्नो निज अधिकारको भागलाई आशिष दिनुहोस् ! तपाईं तिनीहरूको कोमल, दयालु गोठाला हुनुहुन्छ; यसकारण तिनीहरूलाई हरियो खर्कमा चराउनुहोस् र तिनीहरूलाई सदा-सर्वदा आफ्ना बाहुहरूले बोकिदिनुहोस्। धन्यवाद !'

## भजन २९ः परमप्रभुको वाणी

**भजन २९ः१-२ः** के तपाईंले कतै मौसमको विषयमा गनगन गर्नुभएको छ? इस्राएल देशमा ठूलो आँधी चलेको, मेघ गर्जेको, बिजुली चम्केको र मुसलधारे पानी परेको दृश्यबाट दाऊदले गनगन गर्नुको सट्टामा बरु परमेश्‍वरको प्रशंसा गर्ने प्रेरणा पाए। वास्तवमा तिनले स्वर्गका सबै सेनाहरूलाई 'परमप्रभुको महिमा र शक्तिको खातिर उहाँलाई दण्डवत् गर' भन्ने आह्वान गरेका छन्; किनकि अरू कसैले होइन भने, तिनीहरूले नै यस आँधीमा उहाँको महिमा र शक्तिको प्रदर्शन भएको पूरा जान्दछन्।

आओ, पवित्रताको सन्दरतामा परमप्रभुलाई दण्डवत् गर!
उहाँको सामु भुइँसम्म घुप्टो पर, र उहाँको महिमाको प्रचार गर!

आज्ञाकारिता तिमीहरूको सुन र नम्रताचाहिँ तिमीहरूको धूप होस्,
यी भेटीहरूको साथ घुँडा टेक र उहाँलाई श्रद्धाभक्ति चढ़ाओ!
परमप्रभु उहाँको नाम हो।

श्री जे. एस. बी. मन्सेल

**भजन २९ः३-४ः** यस भजनमा 'परमप्रभुको आवाज' भन्ने शब्द सातपल्ट प्रयोग गरिएको छ। यो शब्द आँधीको सम्बन्धमा र विशेष गरी वज्रपातको सम्बन्धमा प्रयोग गरिएको देखिन्छ।

यो आँधी पहिले भूमध्यसागरमाथि चल्न थाल्यो र त्यसपछि यो इस्राएल देश भएर लेबानोनतिर अघि बढ्‌यो। विशाल जल-मण्डलमाथि तोप हानेकै-हानेको जस्तै मेघ गर्जेको ठूलो आवाज अघि बढ़िरहेको सुनिएको छ। यो कत्रो भयानक शक्तिको आवाज हो, कत्रो प्रतापमय आवाज हो!

**भजन २९ः५-६ः** लेबानोनका पहाड़-हरूमाथि भारी वज्रपात भइरहेको छ। अनि अग्ला-अग्ला देवदारका रूखहरू चट्याङ्ले हानिएर चिरिएका छन्। लेबानोनको वनमाथि द्रुत गतिमा चलेको प्रचण्ड हुरीबतासका झोक्काहरूले समुद्रका छाल बगेको तालमा रूखहरू नुहाउँदैथिए; यसो हुँदा लेबानोनको पर्वत-शृङ्‌खलाचाहिँ बाछाजस्तै उफ्रेको र सिरिओनचाहिँ जवान जङ्गली साँढ़ेजस्तै नाचेको देखिन्थ्यो। सिरिओन पहाड़ भन्नु र हेर्मोन पहाड़ भन्नु एउटा कुरा हो।

**भजन २९ः७-८ः** बिजुली झिलिक-झिलिक गर्दै दक्षिणतिर अघि बढ्‌दै जान्छ। प्रकृतिको भीषण आक्रमणले कादेशको उजाड़स्थान हल्लाइदिन्छ।

**भजन २९ः९ः** दक्षिणमा आँधी शान्त हुँदै गएको देखेर दाऊदले तीनवटा टिप्पणी गरेर आफ्नो प्रशंसा व्यक्त गरेका छन्। पहिलो कुराः तिनले यसो भनेका छन्ः *'परमप्रभुको आवाजले हरिणीलाई बियाउने तुल्याउँछ।'* वैज्ञानिक अनुसन्धानअनुसार मौसममा आएका गड़बड़ीहरूले बियाउन लागेका पशुहरूमाथि प्रत्यक्ष रूपले असर पार्दछन्।

दोस्रो कुराः भजनकारले जङ्गलका रूखहरूका पातहरू झरेका र ती नाङ्गा भएका देख्छन्। क्षणभरमा ती जम्मै रूखहरूका पातहरू उड़िगए। ती क्षीन र नाङ्गा भएका रूखहरूको दृष्टि कति मायालाग्दो छ।

तेस्रो कुराः त्यसपछि इस्राएली जातिको यी निपुण भजनगायकले हामीलाई के सम्झना दिलाउँछन् भने, परमेश्‍वरको मन्दिरमा हरेक जनले ठूलो सोरले उद्‌घोषणा गर्छः 'महिमा! महिमा!' अनि यहाँ 'उहाँको मन्दिर' भन्नाले प्रकृतिको दुनियाँ भनेको कुरा स्पष्टसँग बुझिन्छ, विशेष गरी यस आँधीद्वारा खलबलिएको क्षेत्र भनेको हो। बिजुलीका वाणहरू, मेघका गर्जनहरू, वेगसित चलेको प्रचण्ड हुरीबतास, वनजङ्गल र उजाड़स्थान

– यी सबका सबले एकसाथ परमेश्वरको सामर्थ्य, महिमा र प्रतापको वर्णन गर्छन्।

**भजन २९:१०-११:** यो आँधी थामियो; तर परमप्रभु रहिरहनुभएको छ। उहाँको सिंहासन स्थिर र सुदृढ़ रहन्छ, पृथ्वीका उथलपुथलहरू र विशाल जलप्रलयले पनि त्यसलाई हल्लाउन सकेन। प्राकृतिक प्रकोपहरूद्वारा उहाँको सर्वाधिकारमा कुनै हेरफेर आएन; त्यो अटल र अडिग रहन्छ। यसकारण बुझ्नुहोस्: हाम्रो जीवन हल्लाउन सक्ने सबै प्रकारका हलचलहरूमा उहाँले आफ्ना जनहरूलाई शक्ति र शान्ति दिन सक्नुहुन्छ। उहाँले हामीलाई शक्ति र शान्ति दिनुभएको होस्!

कतिजना बाइबल-विद्हरू छन्, जसले यस भजन २९:३-९ पदको खण्डमा सङ्कष्टकालको समयमा इस्राएली जातिमाथि उत्तरदेखि सैनिक आँधी चलेको कुराको पूर्वचित्रण गरिएको अनुमान लाउँछन्। तिनीहरूको विचारमा, त्यस सङ्कष्टपूर्ण समयको लगत्तै पछि प्रभु येशू ख्रीष्टले सारा पृथ्वीमाथि राजा भई राज्य गर्नुहुनेछ र यस पृथ्वीमा रहेका आफ्ना जनहरूलाई शक्ति र शान्तिरूपी आशिष दिनुहुनेछ (भजन २९:१०-११)। यो पनि विचार गर्न लायकको कुरा हो।

श्री डब्ल्यू. इ. भाइनको विचारमा, यस भजनले ख्रीष्ट येशू र उहाँको दोस्रो आगमन चित्रण गर्छ अरे। पहिले उहाँ हार-मागेडोनमा देखा पर्नुहुनेछ (प्रकाश १६:१६), त्यसपछि उहाँ कादेशको उजाड़स्थानमाथि आइलाग्नुहुनेछ, जसको केन्द्र बोज्रा हो (यशैया ६३:१)।[25] यसो हो भने, यस भजनले कवितात्मक ढङ्गमा त्यस बेलामा इस्राएली जातिमाथि हमला गर्ने सबै जातिहरू बिलकुल परास्त हुने कुरा वर्णन गरेको छ।

यस भजनमा वर्तमान समयको निम्ति सर्वमान्य व्यावहारिक पाठ पनि छ: **क)** हाम्रो जीवनमा आँधी चलेको होस् वा घमाइलो दिन भएको होस् – जुनै अवस्थामा पनि परमेश्वरको आवाज सुन्न सकिन्छ। **ख)** उहाँ आफ्ना उद्देश्यहरू पूरा गर्दै आउनुभएको हो। **ग)** कुनै पनि कामकुरा कहिल्यै उहाँको नियन्त्रणदेखि बाहिर जाँदैन। **घ)** उहाँलाई चिन्ने र उहाँलाई प्रेम गर्नेहरू सबैको निम्ति सबै कुरा मिलेर भलाइ नै उत्पन्न हुन्छ। यस सम्बन्धमा श्री एच. ए. आइरनसाइडले यसो भनेका छन्:

> 'यस भजनले यस्तो एकजना मानिसको सुन्दर चित्रण गर्छ, जसको मन तालिम प्राप्त भएको छ; किनभने विभिन्न तनाउ र चापहरूमा, दु:खकष्टमा परेर यसले आफ्नो पाठ सिकेको छ: परमेश्वर सर्वेसर्वा हुनुहुन्छ र बचाउन उहाँ सामर्थी हुनुहुन्छ। यसकारण यस मानिसको हृदयले उहाँको आड़मा विश्राम र शान्ति पाएको छ।'[26]

## भजन ३०: चङ्गाइ पाएको मानिसको गीत

हामीमध्ये धेरैजनासँग सिकिस्त बिरामी अवस्थाबाट निको भएको सुखद अनुभव छ। यो कस्तो चङ्गाइ थियो! ओहो, चिरफार-जगत्‌बाट छुट्टी पाएको! अचेत तुल्याउने एनेस्थेसिया र आइ.सी.यू.को वातावरण छोड़ेको, सेलाइन-वाटर, छाला घोच्ने सुईहरू र लामो समयसम्म औषधीका चक्कीहरू सेवन गर्नुपरेको स्थितिलाई सधैंको निम्ति बिदा दिएको! हामीले यसको निम्ति आधुनिक चिकित्सा-विज्ञान र औषधीलाई श्रेय दिनु बढ़ी सम्भव छ। तर शुरुदेखि अन्तसम्म हाम्रो सम्पूर्ण चङ्गाइमा परमेश्वरको हात रहेको कुरा नबुझी हामीले उहाँको निम्ति धन्यवादको गीत गाउन भुल्छौं।

तर दाऊदले परमेश्वरलाई धन्यवाद चढ़ाउन भुलेनन्। हुन सक्छ, आफ्नो भवनको

समर्पण गर्ने बेलामा तिनले एउटा सिकिस्त बिमारीबाट चङ्गाइ पाए होलान्। जेजस्तो भए पनि, त्यही भवन-समर्पणको शुभ उपलक्ष्यमा तिनले आफ्ना चङ्गाइ गर्नुहुने परमप्रभुका निम्ति यो भजन गाउने शुभ अवसर पाए।

**भजन ३०:१-४:** यस भजनले हामीलाई पहिले के सिकाउँछ भने, सुस्वस्थ अवस्थामा फर्कन पाएकोमा हामीले सम्पूर्ण हृदयले परमेश्‍वरलाई धन्यवाद चढ़ाउनुपर्छ। दाऊदको परिस्थिति निक्कै नाजुक थियो। तिनको बाँच्ने आशा कम्ती थियो। तिनका शत्रुहरूले तिनी कहिले मरिहाल्छन् कि भनेर गिद्धे नजरले हेरिरहेका थिए। तब तिनले यस लाचारी अवस्थामा परमप्रभुलाई पुकारे, र परमप्रभुले तिनको प्रार्थना सुनेर तिनलाई मृत्युको मुखबाट फर्काउनुभयो। तिनी मुस्किलले त्यस अधोलोकको मुखदेखि र चिहानमा पर्नुदेखि उम्के; किनकि तिनको मृत्युदेखि एक कदम मात्र बाँकी रहेको थियो।

भजन ३० मा पाइने शिक्षा यस प्रकारको छः हामीले परमेश्‍वरलाई धन्यवाद चढ़ाउनुको साथै परमेश्‍वरका पवित्र जनहरूलाई हाम्रो साथमा स्तुति गर्नुमा भाग लिने निम्तो दिनुपर्छ; तिनीहरू हाम्रो हर्षोल्लासमा सहभागी हुन सकून्, र हाम्रो एकल गान गायक-मण्डलको गीत बनोस्।

*‘हे परमप्रभुका पवित्र जनहरूहो, उहाँको निम्ति गीत गाओ, र उहाँको पवित्रताको सम्झनामा धन्यवाद चढ़ाओ’* भनेर इस्राएली जातिका यी निपुण गायकले परमेश्‍वरका सबै जनहरूलाई परमप्रभुका निम्ति स्तुति गाउन र उहाँको पवित्र नामलाई धन्यवाद चढ़ाउने आह्वान गरे।

**भजन ३०:५:** त्यसपछि तिनले सुन्दर ढङ्गमा दुईवटा भिन्नै कुराहरू आपसमा तुलना गर्दै परमप्रभुको प्रशंसा गर्ने दुईवटा कारणहरू पेश गर्छन्। श्री रोनल्ड नोक्सले यस पदको मूल्यवान् अनुवाद यसो गरेः

‘उहाँको क्रोध क्षणभर हो,
उहाँको प्रेम जिन्दगीभर हो;
शोक एक रातको पाहुना हो,
यसको भोलिपल्ट बिहान आनन्द आउने नै हो।’

यहाँ हाम्रो अध्ययन-क्रम एक क्षणको निम्ति रोकेर म हाम्रो परिवारको सम्बन्धमा एउटा व्यक्तिगत कथा सुनाउन चाहन्छु। यस्तो एउटा समय थियो, जब म्याक डोनाल्डको परिवार शोकसागरमा डुबेको थियो। धेरै शुभचिन्तक मित्रहरू सान्त्वना दिन आए; तर कुनैले पनि मनको पीर बीसको उन्नाइस भएन। उनीहरूका सान्त्वनाका वचनहरूमा अभिप्राय राम्रो थियो, तर ती शब्दहरू अपर्याप्त थिए। त्यसपछि डाक्टर एच. ए. आइरनसाइडले हामीलाई एउटा छोटो नोट लेखे, जसमा भजन ३०:५ उद्धृत गरिएको थियोः

*‘रुवाइ रातभर रहला, तर बिहानै आनन्द आउँछ-आउँछ।’*

यस पदले हामीमा काम गर्‍यो; यसले हाम्रो शोकका सबै बन्धनहरू तोड़िदियो। त्यस समयदेखि उसो मैले यो पद अरू धेरै विश्‍वासीहरूसित बाँड्ने मौका पाएँ, जो शोकको अन्धकारमय घाटीबाट भएर गइ-रहेका थिए; अनि यस पदले सधैं शोकित व्यक्तिहरूमा कुनै न कुनै कृतज्ञता जगाउन सक्यो।

**भजन ३०:६-७:** यस भजनबाट हामी अर्को पाठ पनि सिक्छौं। हामीले भौतिक समृद्धिमाथि होइन, तर सधैंभरि परमेश्‍वरमाथि आड़भरोसा गर्नुपर्छ। बिरामी हुनुभन्दा अघि दाऊद धनसम्पन्न मानिस थिए, र आफूमाथि भर पर्थे। तिनले आफूलाई परीक्षामुक्त, समस्यामुक्त सम्झन्थे। तिनी हल्लाउन नसकिने गरी अडिग थिए, एउटा ठूलो पहाड़जस्तो। तिनले हरेक प्रकारको बचाउ र

सुरक्षाको निम्ति प्रबन्ध गरेका थिए। यसको आश्रयमा तिनी ढुक्क रहन सक्थे; अब तिनको केको डर?

तर एउटा यस्तो घटना घट्यो। एकै रातमा परमप्रभुले तिनीदेखि आफ्नो अनुहार लुकाउनुभएको, कसरी? मानौं उहाँ तिनीसँग रिसाउनुभएको र तिनीबाट आफ्नो कृपा हटाउनुभएको, कि कसो हो? नभन्दै तिनको निम्ति जीवनचाहिँ ऐंठन परेको रात पो बनेको थियो।

**भजन ३०:८-१०:** तर त्यस ऐंठनरूपी तिक्त अनुभवले तत्कालै दाऊदको प्रार्थनाको जीवनमा परिवर्तन ल्याएको थियो। अघिको समयमा त्यस सुसम्पन्न अवस्थामा तिनका प्रार्थनाहरू जोश र फूर्तिहीन हुन्थे। तर अहिले बिरामी भएको बेलामा तिनको प्रार्थना विषयबद्ध, लक्ष्यात्मक र इमानदार हुन थाल्यो। तिनले परमेश्वरसित 'यदि म मरें भने, मेरो मृत्युबाट सर्वशक्तिमान्‌लाई के फाइदा हुन्छ होला र?' भनेर तर्क राखे। भजनकारको मृत शरीरले उहाँको प्रशंसा गर्न सक्ने होइन; तिनको माटो बनेको शरीरले परमेश्वरको विश्वासयोग्यता घोषणा गर्न कहाँ सक्नेथियो र!

'जब म खाड़लमा जाउँला, तब मेरो रगतमा के लाभ छ र? के धूलोले तपाईंको प्रशंसा गर्छ र? के यसले तपाईंको सत्यताको घोषणा गर्छ र?'

हाम्रो विचारमा यस प्रकारको तर्क त्यति गहकिलो, ओजनदार नठहर्ला। शिक्षाको दृष्टिकोणले हेर्नु हो भने, त्यस तर्कमा ठूलो घटी भएको देखिएला; तर हामीले पुरानो नियमको समयमा जिएका पवित्र जनहरूको न्याय गर्नदेखि होशियार बस्नुपर्छ। किनकि तिनीहरूले धेरै कुराहरू धमिला ऐनामा देख्ने गर्थे। यस भजनमा हाम्रो सामु यसका दुईवटा उदाहरणहरू छन्।

भजन ३०:५ पदमा दाऊदले आफ्नो बिरामी अवस्थामा परमेश्वरको क्रोधको लक्षण देखे। तर हामी जान्दछौं, कि परमेश्वरको ताड़नाचाहिँ उहाँको क्रोधको चिन्ह होइन, तर उहाँको प्रेमको चिन्ह पो हो (हिब्रू १२:६)। यसो भए पनि हामी आफू-माथि आइपरेको रोगबिमारमा र दुःखकष्टमा उहाँ हामीसित नाराज हुनुभएको अशुभ लक्षण देख्न खोज्छौं। यो कत्रो भूतधारणा हो! यो हामीले घरिघरि गरिरहने हाम्रो गल्ती हो।

अब मसँग भजन ३०:९ पदमा आउनुहोस्! दाऊदको विचारमा, मृत्युले विश्वासीको प्रशंसा गर्ने मुख सधैंको निम्ति बन्द गरिदिएको छ। हो, यस पृथ्वीमा उसले फेरि कहिल्यै प्रशंसा चढ़ाउनेछैन र गवाही दिनेछैन। यहाँसम्म कुरा ठिक्कै हो। तर हामी नयाँ नियमबाट जान्दछौं कि ख्रीष्ट-विश्वासीको मृत्यु हुँदा उसको आत्मा उसको शरीर छोड़ेर ख्रीष्ट येशूकहाँ जान्छ; केवल उसको शरीर चिहानमा जान्छ (२ कोरिन्थी ५:८; फिलिप्पी १:२३)। तर त्यो मरेको ख्रीष्ट-विश्वासी होशमा छ, अँ, प्रभुको उपस्थितिमा छ; उसले उहाँको आराधना गर्छ, यस प्रकारको आराधना उसले अघि पृथ्वीमा कहिल्यै गर्न सकेको थिएन। पुरानो नियमका विश्वासीहरूलाई यसको विषयमा कुनै ज्ञान थिएन। किनभने सुसमाचारद्वारा जीवन र अमरता ज्योतिमा ल्याउनुहुनेचाहिँ ख्रीष्ट येशू हुनुहुन्छ (२ तिमोथी १:१०)।

तर यहाँ एउटा उदेकको कुरा छ। धेरै क्षेत्रहरूमा सीमित ज्ञान भएका पुरानो नियमका धेरै विश्वासीहरू छन्, जसले हामीलाई विश्वास गर्नुमा, प्रार्थना गर्नुमा, जोश र भक्ति देखाउनुमा जितेका छन्।

**भजन ३०:११:** आउनुहोस्, हामी दाऊदकहाँ फर्कौं! रोगबिमारको चपेटमा परेको बेलामा तिनले परमेश्वरलाई चढ़ाएको प्रार्थना भजन ३०:९-१० पदहरूमा उल्लेख

गरिएको छ। दस पदको पछि र एघार पदको अघि बीचमा तिनको प्रार्थनाको उत्तर आएको हुनुपर्छ। परमप्रभुले तिनलाई निको पारिदिनुभयो। अनि यस भजनका अन्तिम दुईवटा पदहरूमा तिनले आफ्नो चङ्गाइको विषयमा आनन्द मनाउँछन्। दाऊदको निम्ति त्यस चङ्गाइमा मराउको शोक र विवाहको हर्षजत्तिको भिन्नता थियो। अथवा अर्को शब्दमा भन्नु हो भने, परमेश्वरले तिनको भाङ्ग्राको लुगा फुकालेर तिनलाई हर्षको पोशाक पहिराइदिनुभयो। तिनलाई नयाँ जोड़ी लुगा लाउन पाएको जस्तो अनुभव भएको रहेछ।

**भजन ३०:१२:** दाऊदको चङ्गाइबाट एउटा परिणामचाहिँ चिहानमा चुपचाप रहनुको सट्टामा तिनले जीवनमा परमप्रभुको स्तुतिप्रशंसा गर्न सके। अनि सदा-सर्वदा परमप्रभुलाई धन्यवाद चढ़ाउनु नै तिनको अभिप्राय थियो। मानौं तिनले यसो भनेका छन्ः 'परमप्रभुले मेरा निम्ति गर्नुभएको काम म कहिल्यै भुल्न सक्नेछैनँ र यसको निम्ति उहाँको प्रशंसा गर्न कहिल्यै छोड्नेछैनँ।'

यस भजनले तपाईंमा कस्तो प्रतिक्रिया जगाएको छ, सो मलाई थाहा छैन। तर मलाई चाहिँ यसले शर्ममा पार्छ। किनकि म आफू बिमार भएका समयहरू याद गर्छु, मलाई पूरा चटपट लागिरहेको र हताश भएको अवस्थामा मेरा प्रार्थनाहरूद्वारा मैले स्वर्गका ढोकाहरू घचघच्याएका ती क्षणहरूको सम्झना गर्छु; अनि प्रभु येशूले अनुग्रहको साथ मेरो प्रार्थनाको उत्तर दिनुभएको सम्झन्छु। तर मैले अभाग्यवश उहाँलाई प्रशंसारूपी धन्यवादको बलि चढ़ाउन भुलें। शरीरको चङ्गाइ मैले आफ्नो हक सम्झें; यसैले मैले प्रभुकहाँ आफ्नो कृतज्ञता प्रकट गर्न बिर्सें।

परमेश्वरले हामीलाई यस भजनमा दाऊदको नमुना छोड्नुभएकोमा उहाँको उद्देश्य छ। हामीले तिनको गुणगान गर्नुको साथै तिनको नमुनाको देखासिकी गर्नुपर्छ।

## भजन ३१ः 'म आफ्नो आत्मा तपाईंको हातमा सुम्पन्छु'

भजन ३१ः५ पदले परमेश्वरको पुत्रसित आफ्नो सुनिश्चित सम्बन्ध जोड्छ, जो असाध्य दुःखकष्ट सहेर हाम्रो पापबलिको रूपमा मृत्युको मुखमा पुग्नुभयो। किनकि क्रूसबाट प्रभु येशूले बोल्नुभएका सात वाणीहरूमा उहाँको अन्तिमचाहिँ यो वाक्य थियोः *'हे पिता, म मेरो आत्मा तपाईंको हातमा सुम्पन्छु'* (लूका २३ः४६)।

तर यस भजनको एउटा पद ख्रीष्ट येशूसित सम्बन्धित हुँदैमा अरू सबै पदहरू पनि यस सम्बन्धमा लेखिए भन्ने अनुमान लाउनु कुनै आवश्यकता छैन। तर यस विशेष भजनको एक-एक पदको सम्बन्ध कहीं न कहीं ख्रीष्ट येशूसित रहेको देखिन्छ।

यस भजनको छानबिन गर्दा हाम्रो समस्या के हो भने, यस भजनले प्रभु येशूको कष्टभोगाइ, उहाँको मृत्यु, उहाँको दफन र उहाँको बौरिउठाइ कालक्रमबद्ध रूपमा प्रस्तुत गर्दैन, तर एकै क्षणमा प्रभु येशूको दुःखभोगाइ र अर्को क्षणमा उहाँको बौरिउठाइको वर्णन गर्छ र घरीघरी यी दुईवटा मुख्य घटनाहरू अघिपछि पार्छ। तर श्री सी. एस. लूईसले भनेको कुरा हामीले स्मरण गर्नुपर्छः

> 'भजनहरू कविता हुन्, जुन कविताहरूको रचनाको मुख्य उद्देश्य पठन गर्नुमा होइन, तर गाउनुमा पो थियो। भजनहरू शिक्षाबद्ध निबन्धहरू होइनन्, प्रवचन र उपदेशहरू पनि होइनन्।' 27)

### क) भजन ३१ः१-५[क]ः ख्रीष्ट येशूले छुटकाराको प्रार्थना गर्नुभएको

**भजन ३१ः१ः** यस भजनको शुरुका पदहरूमा प्रभु येशूले क्रूसबाट पितासित

प्रार्थना गर्नुभएको बुझिन्छ। उहाँ सिद्ध मानिस हुनुहुन्थ्यो, यसैले उहाँले सधैं परमेश्‍वरमाथि भरोसा राखेको जीवन व्यतीत गर्नुहुन्थ्यो। अनि हालैमा उहाँलाई असाध्य पीड़ा भइरहेको बेलामा उहाँले परमप्रभुमाथि भरोसा गर्नुभएको कुरा पुष्टि गर्नुहुन्छ; किनभने परमप्रभु उहाँको एकमात्र सुयोग्य, सक्षम शरणस्थान हुनुहुन्थ्यो। 'हे पिता, तपाईंमाथि भरोसा राखेकोमा म कहिल्यै शर्ममा नपरूँ' भनेर उहाँले विन्ती गर्नुहुन्छ। यो एक अति शक्तिशाली प्रार्थना हो। किनभने यस प्रार्थनाले के भन्न खोजेको हो भने, परमेश्‍वरका पुत्रको बौरिउठाइ र परमेश्‍वर पिताको नामको महिमाको बीचमा छुट्‌नै नसक्ने सम्बन्ध रहेको छ। प्रभु येशूलाई मरेकाहरूको बीचबाट बौराएर उठाउने कार्य परमेश्‍वर पिताको निम्ति धार्मिक काम ठहरिनेछ। किनकि उहाँले यसो नगर्नुभएको भए मुक्तिदाता प्रभुले गलत ठाउँमा भरोसा गर्नुभएको हानि उठाउनुपर्नेथियो, र उहाँको अपमान हुनेथियो।

**भजन ३१ः२-३ः** यहाँ परमेश्‍वरसँग मानिसका जस्ता अङ्गहरू भएको भाषा प्रयोग गरिएको छ। किनभने क्रूसको कष्ट एकलै भोग्नुभएको प्रभुले परमेश्‍वरलाई 'गलगथा-पट्टि झुकेर आफ्नो कान मतिर लगाउनुहोस्' भनेर विन्ती गर्नुभयो, साथै 'मलाई छिट्टै बचाउनुहोस्' भन्ने अति आवश्यक, अति जरुर आग्रह गर्नुभयो। अनि 'हे परमप्रभु, मेरो बलियो चट्टान र मलाई रक्षा गर्ने किल्ला हुनुहोस्' भन्ने उहाँको थप अनुरोध थियो। किनभने प्रभु येशूलाई एउटा बलियो र हल्लन नसक्ने चट्टानको खाँचो परेको थियो, र एउटा बलियो गढ़, जहाँ उहाँ सबै प्रकारका जोखिमहरूबाट सुरक्षित रहनुहुन्थ्यो।

हुन त, परमेश्‍वर अघिबाटै येशूको चट्टान र किल्ला हुनुहुन्थ्यो, हो, उहाँको रक्षा गर्नुहुने एकमात्र शरणस्थान हुनुहुन्थ्यो।

मेरो शरणस्थान अरू केही छैन,
मेरो बेसहारा मन तपाईंमा शरण परेको छ।
मलाई एकलो नछोड्नुहोस्,
मलाई अझै पनि सम्हाल्नुहोस् र अझै पनि
सान्त्वना दिनुहोस्!

श्री चार्ल्स् वेस्ले

*'यसकारण आफ्नो नामको खातिर मलाई डोर्‍याउनुहोस् र मलाई अगुवाइ गर्नुहोस्!'* यहाँ ख्रीष्ट येशूले फेरि पनि आफ्नो अनुरोध परमेश्‍वरको नामको महिमा खतरामा हालिने डर छ भन्ने तर्कमाथि बसाल्नुभएको छ। के परमेश्‍वरले धर्मी जनलाई छुटकारा दिने प्रतिज्ञा गर्नुभएन? हो, उहाँले यसो गर्ने प्रतिज्ञा गर्नुभएको हो। तब परमेश्‍वरले प्रभु येशू ख्रीष्टलाई मृत्युको पन्जादेखि छुटकारा दिएर, उहाँलाई बौराएर र उहाँलाई स्वर्गको महिमामा पुर्‍याएर आफ्नो नामको सम्मान गर्नुहुनेथियो। अनि ठीक यही कुरा प्रभुले यहाँ अनुरोध गर्नुभएको छ।

**भजन ३१ः४ः** मुक्तिदाता प्रभुलाई पक्रन र त्यसको पकड़मा राखिराख्न बड़ो होशियारी-पूर्वक मृत्युरूपी जाल बिछाइएको थियो। अनि यहाँ ख्रीष्ट येशूले 'मलाई यस जालबाट निकालिदिनुहोस्' भनेर परमेश्‍वरलाई पुकार्नु-भएको छ। परमेश्‍वर पिताले उहाँलाई चिहानबाट निकालिदिऊन्; किनभने परमप्रभु उहाँलाई सुरक्षा दिनुहुने उहाँको बलियो शरणस्थान हुनुहुन्थ्यो।

**भजन ३१ः५[क]ः** लूकाको सुसामाचार-अनुसार प्रभु येशूले चर्को सोरले कराएर यसो भन्नुभयोः *'हे पिता, म मेरो आत्मा तपाईंको हातमा सुम्पन्छु।'* यसरी उहाँले यस पदको पहिलो खण्डका शब्दहरू प्रयोग गर्नुभयो। कसैले पनि ख्रीष्ट येशूबाट उहाँको ज्यान लिएन। उहाँले राजीखुशीले र पूरा सक्षम भई आफ्नो प्राण अर्पण गर्नुभयो। परिस्थितिले उहाँलाई यसको बाध्यतामा पारेन। त्यस बेलादेखि आजको दिनसम्म परमेश्‍वरका धेरै

पवित्र जनहरूले मर्दाखेरि यो वाक्य उच्चरण गरे, जस्तैः मार्टिन लुथर, जोह्न नोक्स, यान हस र कैयौं अन्य विश्वासी जनहरूले पनि ।

**ख) भजन ३१:५[ख]-८: ख्रीष्ट येशूले बौरिउठाइको निम्ति धन्यवाद चढ़ाउनुभएको**

**भजन ३१:५[ख]-६:** पाँच पदको बीचमा एउटा सुस्पष्ट विराम आएको छ। किनभने ख्रीष्ट येशू मृत्युदेखि पुनरुत्थानमा आइपुग्नुभयो; उहाँको प्रार्थना प्रशंसामा परिणत भएको छ। परमेश्वरलाई धन्यवाद होस्; किनभने उहाँ आफ्नो वचनप्रति विश्वासयोग्य रहनुभयो। उहाँले आफ्नो पवित्र जनलाई मृत्यु र चिहानबाट छुटकारा दिनुभयो। एकमात्र सत्य र जीवित परमेश्वरको पुत्रले उहाँमाथि भरोसा राख्नुभयो र यसैमा उहाँ पूरा सच्चा ठहरिनुभयो। तर व्यर्थका मूर्तिहरूमाथि भरोसा राख्नेहरूले परमेश्वरको तिरस्कार-बाहेक अरू केही पनि पाउँदैनन्।

**भजन ३१:७-८:** यहाँ उहाँको स्तुतिगान उड़ेर यसको चरमसीमामा पुग्छः परमेश्वरको प्रिय पुत्रले आफ्नो कष्टमा पिताको सदा बराबर रहिरहने अटुट प्रेमको क्षत्रछायामनि बस्न पाउनुभएको निम्ति परमेश्वर पितालाई धन्यवाद चढ़ाउनुभएको छ। यो कस्तो प्रेम थियो? यो उहाँका सबै दुर्दशाहरू ख्याल गर्ने प्रेम थियो; यो उहाँलाई उहाँका शत्रुहरूको हातमा छोड्न नमान्ने प्रेम थियो; यो उहाँलाई खाड़लबाट निकालेर उहाँका पाउहरू पुनरुत्थानको भूमिरूपी फराकिलो ठाउँमा उभ्याउने प्रेम थियो।

**ग) भजन ३१:९-१३: ख्रीष्ट येशूको असहनीय ठूलो वेदना**

**भजन ३१:९-१०:** तर अब यस भजनको प्रसङ्गले हाम्रा प्रभुको जीवनको त्यस क्षणबाट कुरा उठाउँछ, जुन बेलामा उहाँको न्यायजाँच र क्रूसीकरण भएको थिएन। 'शोकसित सुपरिचित मानिस'ले पापी मानिसहरूको तिक्त घृणा सहनुपर्दा के-के प्रार्थना गर्नुभयो, सो कुरा हामीलाई यहाँ सुन्न दिइएको छ। मानिसहरूद्वारा तुच्छ ठानिनुभएको र त्यागिनुभएको बेलामा हाम्रा प्रभुले घोर सङ्कष्टमा परमप्रभुबाट सहायता माग्नुभयो र उहाँको दयाको व्यवहार पाउने आशा प्रकट गर्नुभयो। अतिशय वेदनाले गर्दा उहाँका आँखाहरू भासिए, र रुँदा-रुँदा उहाँका प्राण र शरीर दुवै दुर्बल र क्षीण भए। शोक र सुस्केराले उहाँलाई थकाएको र खिइसकेको थियो। उहाँको कष्टले उहाँको बल सुकाइसकेको थियो, अनि उहाँका हड्डीहरू एकैक्षणमा भाँचिएलान् झैं कमजोर भए।

*'मेरै अधर्मको कारणले मेरो बल घटेको छ'* भन्ने वाक्यको अर्थ पापरहित मुक्तिदाताको सम्बन्धमा अर्को हुन जान्छः हाम्रै अधर्मको खातिर उहाँको बल घटेको हुनुपर्छ; किनभने उहाँले हाम्रा पापहरू आफूमाथि लदाउनुभयो। यसरी प्रभु येशू हाम्रा पाप-वाहक हुनुभयो। अरू कुनै अर्थमा यो पद ख्रीष्ट येशूसित सम्बन्धित हुनै सक्दैन।

**भजन ३१:११-१३:** यहाँ, यस खण्डमा कष्टहरू सहनमा धैर्यवान् हुनुहुने प्रभुले आफूलाई आफ्ना सबै शत्रुहरूको बीचमा कटु निन्दाको पात्र भएको भेट्टाउनुभयो; उहाँ छिमेकीहरूको निम्ति तर्साउने भयानक दृश्य वस्तु बन्नुभयो। तिनीहरू उहाँलाई आइरहनुभएको देख्दा नदेखेझैं गरी तर्केर कि त छेउ लागेर हिँड्थे, कि त अर्कै गल्लीतिर छड्कन्थे। तिनीहरूले उहाँलाई कति छिटो भुलिहाले! तिनीहरूको दृष्टिमा उहाँ फुटेको भाँड़ा ठहरिनुभयो र रद्द गरिनुभयो। उहाँले आफ्नो विरुद्धमा मच्चाइएको उहाँको बदनाम गरेको अभियानको नारा सुन्नुभयो। मानिसहरूले उहाँलाई मार्ने युक्तिहरू रच्दाखेरि उहाँलाई दिनरात डरैडर लागेको थियो।

जुनसुकै मानिसको विषयमा यस प्रकारको अपमानजनक र कष्टैकष्टले भरिएको शब्द-चित्रण कोरे उदास पैदा गर्छ भने, यो कुरा त सारा ब्रह्माण्डका सृष्टिकर्ता, महिमाका प्रभुको बारेमा लेखिएको हो। तब हामी के भनौं?

### घ) भजन ३१:२४-२८: ख्रीष्ट येशूले छुटकाराको निम्ति प्रार्थना गर्नुभएको

**भजन ३१:१४-१७[क]:** शोक र सुस्केराले विश्वासपूर्ण प्रार्थनाको निम्ति बाटो छोड्छन्। यहाँ, यस ठाउँमा मानिसहरूद्वारा रद्द गरिनुभएको प्रभु येशूले परमप्रभुलाई आफ्नो आशा र आफ्नो जीवनको परमेश्वरको रूपमा स्वीकार गर्नुभएको छ। प्रभु येशूका सबै समयहरू पिताकै हातमा छन्; यस कुराबाट उहाँले वर्णन गर्न नसकिने सान्त्वना पाउनुभएको छ। अनि त्यही सान्त्वनामा परमेश्वरमाथि भरोसा राख्ने उहाँका जनहरू पनि सहभागी भएका छन्; किनभने कहिले हाँसो, कहिले रोदनमा निम्न गीत गाएका छन्:

हाम्रा समयहरू तपाईंकै हातमा छन्;
हो, पिता, हाम्रा समयहरू त्यहाँ भएका चाहन्छौं।
हाम्रो जीवन, हाम्रा आत्मा-प्राणहरू, हाम्रा सबै थोकहरू हामी सम्पूर्ण रूपले तपाईंकै प्रेमी हातमा छोड़िदिन्छौं।

श्री विलियम एफ. लोईड

परमेश्वरमाथि आफ्नो दृढ़ भरोसा राखेको र उहाँको अधीनतामा बसेको कुरा स्वीकार गर्नुभएपछि प्रभु येशूले 'मलाई सताउने मेरा शत्रुहरूको पन्जादेखि मलाई छुटाउनुहोस्' भन्ने विशेष अर्जी परमेश्वरलाई चढ़ाउनुभएको छ। 'ममाथि निगाहको दृष्टि राख्नुहोस्' भनेर उहाँले पितालाई विन्ती गर्नुहुन्छ। उहाँले मृत्युबाट बाँच्न चाहनुभयो; परमप्रभुको अटल प्रेमको आधारमा उहाँले यो अनुरोध गर्नुभएको छ। 'म कहिल्यै शर्ममा पर्नु नपरोस्!' फेरि पनि यो उहाँको माग थियो। किनकि उहाँले परमप्रभुलाई आफ्नो एकमात्र उद्धारक मान्नुभएको छ। यहाँ आलङ्कारिक भाषा प्रयोग गरिएको छ, जसको शाब्दिक अर्थ पछाड़ि छोड़िएको छ। किनभने परमप्रभुमाथि भरोसा राख्दा ख्रीष्ट येशू शर्ममा पर्नु असम्भव थियो। यो कुरा उहाँलाई थाह थियो, र यो कुरा हामीलाई पनि थाहा छ। तर मेरो विचारमा, जसले यो भावनाले पूर्ण प्रार्थना वा अरू कुनै गीति-कविता पढ्छ र यसको अक्षरशः अर्थमाथि जोर गर्छ, उसले केही आशिष गुमाउँछ र आफ्नो हानि गर्छ।

**भजन ३१:१७[ख]-१८:** दुष्ट मानिसहरूमाथि आफ्नो विचार पुर्‍याएर ख्रीष्ट येशूले 'तिनीहरूचाहिँ शर्ममा परून् र चुपचापसित अधोलोकमा पुगून्' भनेर प्रार्थना गर्नुभएको छ। 'तिनीहरूका झूट बोल्ने ओठहरू चुप पारिऊन्' भन्ने अनुरोध यहाँ उहाँको विन्ती भएको छ; किनकि ती ओठहरूले उहाँ परमेश्वरको पवित्र पुत्रको अपमान गरेका छन्।

कति निष्ठावान् मानिसहरू छन्, जसको विचारमा, यी पदहरूमा प्रकट भएको अख्रीष्टिय भावले गर्दा तुच्छ ठान्छन्। तर यी अपराधीहरूको ठूलो निर्दयताको विषयमा केकसो हो? तिनीहरूको अपराधको नीचता र गम्भीरताको विषयमा कसो हो? र तिनीहरूको क्रूर व्यवहारको शिकार हुनुभएको प्रभुको विषयमा के हो त? यी कुराहरूको विषयमा हामी जति विचार गर्छौं, त्यत्ति नै ती मानिसहरूको मूल्याङ्कन होइन, तर यहाँ प्रयोग गरिएको भाषा सठीक ठहरिन्छ। यसैले यहाँ कुनै असुहाउँदो भाषा प्रयोग गरिएको छैन भन्ने निष्कर्षमा हामी आइपुगेका छौं।

### ङ) भजन ३१:१९-२०: परमेश्वर महान् शरणस्थान हुनुहुन्छ

यहाँ भजनको विषयवस्तु फेरि बदली हुन्छ: अघि यसको भाव आपद्-केन्द्रित

थियो भने अहिले यसको भाव आनन्द-केन्द्रित हुन्छ, र अघिसम्म विन्तीयुक्त थियो भने अहिले प्रशंसायुक्त छ। प्रभु येशूको मुखबाट बड़ो राजसी वाग्धारा बग्दैछ; उहाँको निम्ति परमेश्वर पिताजस्तै अद्वितीय अनुपम शरणस्थान अरू को हुन सक्थ्यो र? यसकारण प्रभु येशूले यहाँ उहाँको बढ़िबढ़ाइ गर्नुभएको छ। उहाँको विचारमा, परमेश्वर भलाइको कहिल्यै नसिद्धिने अपार भण्डारको भण्डारी हुनुहुन्छ, जुन भलाइ उहाँले आफ्ना जनहरूको निम्ति साँचेर राख्नुभएको छ, हो, उनीहरूको निम्ति, जसले उहाँमाथि विश्वास गर्छन्। अनि यस भण्डारबाट उहाँमा शरण लिनेहरू सबैलाई उहाँ मानिसहरूका आँखाकै सामु प्रशस्त गरी दिन तयार हुनुहुन्छ। परमेश्वरको उपस्थिति त्यो स्थान हो, जहाँ उहाँका चुनिएका पवित्र जनहरू मानिस-हरूका दुष्ट युक्तिहरूदेखि लुक्न सक्छन्। श्री रोनल्ड नोक्सले भनेझैं उहाँ हामीलाई 'संसारको होहल्लामय रगड़ाझगड़ा'देखि जोगाउन सक्ने सदुपयोगी शरणस्थान हुनुहुन्छ।

### च) भजन ३१:२१-२२: ख्रीष्ट येशूले आफ्नो व्यक्तिगत कृतज्ञता प्रकट गर्नुभएको

घेराबन्दीमा परेको शहरझैं चारैतिरबाट शत्रुहरूको घेरामा पर्नुभएको बेलामा प्रभु येशूले परमेश्वरको भलाइ अद्‌भुत प्रकारले अनुभव गर्नुभयो। अतालिएको बेलामा उहाँलाई 'परमप्रभुले मलाई पूरा त्याग्नु-भएको' जस्तो लागेको थियो। हो, क्रूसमाथि उहाँ तीन घण्टाको भयावह अवधिभरि त्यागिनुभयो; तर परमेश्वरले उहाँको पुकार सुन्नुभयो र उहाँलाई मरेकाहरूको बीचबाट बौराएर उठाउनुभयो।

### छ) भजन ३१:२३-२४: परमप्रभुलाई प्रेम गर!

ख्रीष्ट येशूले परमेश्वरको प्रेम चाख्नु-भएपछि उहाँको यस प्रेमको खातिर उहाँलाई प्रेम गर्नुभयो र प्रेम गर्दै हुनुहुन्छ। अनि उहाँको विचारमा, अरू सबैले परमेश्वरलाई प्रेम गर्नुपर्छ; यो समुचित ठहरिन्छ। परमप्रभुमाथि पूरा भर पर्न सकिन्छ; किनकि उहाँले विश्वास गर्ने आफ्ना जनहरूलाई रक्षा गर्नुहुन्छ, तर अहङ्कारी विद्रोहीहरूलाई दण्ड दिनुहुन्छ।

अहिलेसम्म कसैले कहिल्यै कुनै हालतमा पनि परमप्रभुमाथि व्यर्थमा आशा राखेको छैन; यो कहिल्यै हुन सक्दैन। यसकारण हे प्रतिकूल परिस्थितिहरूको चपेटमा परेका विश्वासी भाइबहिनीहो, यस निश्चित आशा-माथि उभिएर बलियो हुनुहोस् र हिम्मत बाँध्नुहोस्!

## भजन ३२: धन्य, धन्य, मेरो पापको क्षमा भयो!

*'धन्य हो त्यो, जसको अपराध क्षमा भएको छ, जसको पाप ढाकिएको छ।'* जसको पाप क्षमा भएको छ, ऊ धन्यम्मन्य, भाग्यमानी मानिस हो; यस खुशी-आनन्दको निम्ति पर्याप्त कुनै शब्द नै छैन। यो त ठूलो भारी हटिगएको, ठूलो ऋणबाट चुक्त हुन पाएको र दोष लगाउने विवेकले विश्राम पाएको शीतल छाएको अनुभव हो। दोषमुक्त होइन्छ, अनि युद्धविराम र शान्ति उपभोग गरिन्छ। दाऊदको सम्बन्धमा यसको अर्थ यो होः तिनको ठूलो अपराधको क्षमा भएको, तिनको पाप ढाकिएको, तिनको अधर्मको हिसाब नलिइएको र तिनको मन छलकपटबाट शुद्ध पारिएको थियो। वर्तमान समयमा जिउने ख्रीष्ट-विश्वासीको सम्बन्धमा यसको अर्थ यो होः उसको पाप ढाकिएको मात्र कहाँ हो

र? यो त पुरानो नियमको शिक्षा आधारित प्रायश्चित्तको धारणा हो। यस अनुग्रहको युगमा जिउने ख्रीष्ट-विश्वासीले जान्दछ, कि उसका पापहरू पूरा हटाइएका छन् र परमेश्वरको विस्मृतिको गहिरा सागरभित्र सदाको निम्ति गाड़िएका छन्।

**भजन ३२:१-२:** रोमी ४:७-८ पदको खण्डमा प्रेरित पावलले भजन ३२:१-२ पदको खण्ड उद्धृत गरे; किनभने पुरानो नियमको समयमा पनि मानिसहरू कामहरू-विना विश्वासद्वारा धर्मी ठहरिन्थे भन्ने कुरा उनले यस खण्डबाट देखाउन चाहे। तर दाऊदले भनेका शब्दहरूमा भन्दा तिनले नभनेको कुरामा यसको खास प्रमाण रहेको छ। किनभने तिनले यहाँ आफ्नो योग्यताले मुक्ति कमाउन खोज्ने धर्मी मानिसको कुरा गरेनन्। तिनले यहाँ एउटा पापी मानिसको कुरा गरेका हुन्, जसको पाप क्षमा भयो। अनि पापको क्षमा पाएको मानिसको धन्यता बयान गर्दा तिनले यस मानिसले गरेका कामहरूको विषयमा केही पनि भनेनन्। यसकारण पवित्र आत्माको सहायताद्वारा प्रेरित पावल यस निष्कर्षमा आइपुगे, कि दाऊदले यहाँ त्यस व्यक्तिको धन्यता बयान गरेका हुनुपर्छ, जुन व्यक्तिलाई परमेश्वरले कुनै प्रकारको धर्मकर्मविना धर्मी ठहराउनुभएको छ (रोमी ४:६)।

**भजन ३२:३-४:** अब दाऊदको मनमुद्रा बदलिएको छ; तिनी ज्यादा गम्भीर भएछन्। तिनले बतशेबासित व्यभिचार गरेका थिए, र तिनी ऊरियाहलाई मार्ने दुष्ट युक्ति पूरा गर्न सफल भएका थिए (२ शमूएल ११); तर त्यसपछि तिनले ढीठ भएर आफ्नो पाप मानिलिन इन्कार गरे। तिनले चुपचापसँग यो सब लुकाउन खोजे। हुन सक्छ, 'समयले सबै कुरा सठीक पारिहाल्छ नि' भन्दै तिनी ढुक्कै भइरहेका थिए होलान्। ढीठ र बागी भई पश्चात्तापले चूर्ण हुन पूरा अस्वीकार गरेर तिनले परमेश्वरको विरुद्धमा र आफ्नो भलाइको विरुद्धमा मुकाबिला गरिरहेका थिए। तब तिनको स्वास्थ्य बिग्रियो; तिनको मनको पीड़ा शान्त नभएर यसो भएको हो। परमेश्वरको हात तिनीमाथि गह्रौं भएर तिनलाई हरेक पाइलामा रोकिरहेको, तिनलाई बाधा दिइरहेको र तिनलाई हतोत्साहित तुल्याइरहेको तिनलाई थाह लाग्यो। कुनै काममा तिनी सफल हुन सकेनन्। तिनको जीवनका दाँतचक्रहरू एक-अर्कासित ठीकसँग मिल्दै मिलेनन्। तिनका निश्चिन्त दिनहरू कहाँ गए? किनकि सुक्खा, बन्जर मरुभूमिझैं तिनको नरमाइलो जीवनको नमीठो अनुभव भइरह्यो।

**भजन ३२:५:** एक वर्षसम्म दाऊद पश्चात्ताप नगरी बसेपछि तिनी यस परिस्थितिमा पुगे, जुन अवस्थामा तिनी 'मैले पाप गरें' भन्ने कुरा आफ्नो मुखले स्वीकार गर्न बाध्य भए। यी तीनवटा शब्दहरू परमेश्वरले तिनको मुखबाट सुन्न पर्खिरहनुभएको थियो। बल्ल दर्दनाक घाउबाट पीप निस्केझैं तिनले आफ्नो शर्मलाग्दो एक-एक काम स्वीकार गरे। अब आफ्नो भूल ढाकछोप गर्ने, हल्का ठान्ने र त्यसको विषयमा बहाना निकाल्ने तिनको प्रयास खतम भएको छ; किनकि अन्तमा दाऊदले 'मेरो पाप ... मेरो अधर्म ... मेरा अपराधहरू' भनेर आफ्ना कुकर्महरूको निम्ति सठीक नाम पाए। तिनले आफ्नो पाप मानिलिनेबित्तिकै परमप्रभुले तिनको पापको अधर्म क्षमा गर्नुभएको निश्चयता पाइहाले।

**भजन ३२:६:** प्रार्थनाको उत्तर पाएको तिनको यस अनुभवले तिनलाई अर्को प्रार्थना गर्ने प्रेरणा दिलायो। परमेश्वरका सबै जन-हरूले परमप्रभुलाई यसै प्रकारले अनुभव गरून्। परमप्रभुको सङ्गतिमा रहनेहरूले सङ्कष्टको समयमा छुटकारा पाउनेछन्; गहिरा पानीका बाढ़हरूले उनीहरूलाई भेट्टाउनेछैनन्।

**भजन ३२:७:** अघि हृदय कठोर पारेर आफ्नो पापको विषयमा पश्चात्ताप नगरेका दाऊद अहिले टुटेर चूर्ण हृदयका भए। अति कृतज्ञ भईकन तिनले 'हे परमेश्वर, तपाईं मेरो लुक्ने ठाउँ, सङ्कष्टबाट मलाई रक्षा गर्ने रक्षक र छुटकाराका गीतहरूले घेर्नुहुने प्रभु हुनुहुन्छ' भन्ने कुरा मानिलिएका छन्।

**भजन ३२:८-९:** यी दुईवटा पदहरूमा लेखिएका शब्दहरू कि त दाऊदका हुन्, कि त परमप्रभुकै हुन्। यो हाम्रो व्याख्यामा भर पर्छ। हामीले यहाँ लेखिएका कुराहरू दाऊदकै शब्द हुन् भन्ने अर्थ लगायौं भने, श्री जे. आदमले भनेको कुरा सत्य ठहरिन्छ, जसले यसो भनेका छन्:

> 'क्षमा-दान पाएको व्यक्तिको स्वाभाविक प्रतिक्रियाचाहिँ अरूसँग आफ्नै अनुभव बाँड़ेर तिनीहरूलाई सहायता गर्नु हो, विशेष गरी दुःखकष्टमा परेकाहरूलाई सरसल्लाह दिएर मद्दत गर्नु हो।' 28)

अनि हामी यी वचनहरू परमप्रभुले बोल्नुभएको दोस्रो धारणा अपनाउँछौं भने दाऊदको अर्चनाको प्रत्युत्तरमा परमप्रभुले तिनलाई अगुवाइ गर्नेछु भन्ने प्रतिज्ञा गर्नुभएको हो। तिनी अबुझ हुनुहुँदैन, तर सधैं विवेकशील र उहाँको अर्ती ग्रहण गर्ने शिक्षार्थी हुनुपर्छ भन्ने पाठ उहाँले तिनलाई सिकाउनुभएको हो। यसो हो भने, हामीले यी शब्दहरूमा दाऊद, ती पछि हटेका छोरा, फर्केर आउँदा परमेश्वर पिताले तिनको निम्ति तयार पार्नुभएको आत्मिक भोज देख्नुपर्ला। तिनको हेरचाह गर्नुहुने परमेश्वरले तिनलाई तिनी हिँड्नुपर्ने बाटोको विषयमा निर्देशनहरू दिनुहुनेछ र तिनको जीवनका सबै क्षेत्रहरूमा तिनले गर्नुपर्ने निर्णयहरूको सम्बन्धमा व्यक्तिगत सरसल्लाह दिनुहुनेछ। तर यस विषयमा तिनी होशियार बस्नुपर्छ। तिनी अबुझ घोड़ाजस्तै हुनुहुँदैन; किनकि घोड़ा चञ्चल हुन्छ र आदेश नपाई अघि बढ्छ। अनि खच्चरचाहिँ – त्यो त अह्राउँदा पनि हिँड्न नमान्ने अटेरी पशु हो। यी दुवै पशुहरूलाई वशमा ल्याउन र आज्ञाकारी बनाउन तिनीहरूलाई लगाम र करेली लगाउनुपर्छ। प्रिय ख्रीष्ट-विश्वासीहरूहो, प्रभुको अगुवाइको सम्बन्धमा संवेदनशील र ग्रहणशील हुनुहोस्! नत्र तपाईंलाई तह लगाउन उहाँले ताड़नाका कड़ा तरिकाहरू काममा लगाउनुपर्ला।

**भजन ३२:१०-११:** दाऊदको विषयमा कुरा गर्नु हो भने, दुष्टको भन्दा धर्मी जनको हालत बड़िया हुन्छ; हो, आकाश-पातालको फरक छ। दुष्टहरूमाथि धेरै शोकहरू आइपर्नु स्वाभाविक कुरा हो। तर विनम्र विश्वासी भाइबहिनीलाई प्रभुको कृपाले घेरेको हुन्छ। यसकारण धर्मी जनहरूलाई परमप्रभुमा आनन्दित हुनु र हर्षले चिच्च्याउनु पूरा सुहाउँछ।

## भजन ३३: उहाँको निम्ति एउटा नयाँ गीत गाओ!

यसो हेर्दा यस भजनको पहिलो पद र अघिको भजनको अन्तिम पदको बीचमा पारस्परिक सम्बन्ध रहेको देखिन्छ। किनकि यी दुवै भजनहरूमा लेखकले धर्मी जनहरूलाई परमप्रभुमा रमाउन उत्साह दिन्छन्। तर यस भजनमा चाहिँ यो विषय बढ़ाइएको छ र धर्मी जनहरूले किन उहाँको प्रशंसा गर्नुपर्छ, यसको निम्ति उचित कारण दिइएको छ।

हामीले यो कुरा याद गर्नुपर्छ, कि यहाँ, यस भजनमा सक्रिय शत्रुहरू, सतावट वा सङ्कष्टको विषयमा केही पनि लेखिएको छैन। यहाँ प्रस्तुत गरिएको वातावरण शान्तिमय छ। इस्राएली जाति सुरक्षित रहेको छ, र परमप्रभुलाई विश्वव्यापी सर्वाधिकारी शासकको रूपमा मान्यता दिइएको छ। यसो हो भने, यस भजनले ताकेको निर्धारित

समयचाहिँ ख्रीष्ट येशूको राज्यको शुरु भएको हुनुपर्ला, जब याकूबको सङ्कष्ट बितेको हुनेछ, र अन्यजातिहरूले यस जातिलाई थिचोमिचो गर्ने समय सधैंको निम्ति खतम हुनेछ।

**भजन ३३:१-२:** यस भजनका पहिला सात पदहरूमा इस्राएली जातिलाई परमप्रभुको आराधना गर्ने आह्वान दिइएको छ भने, आठ पदमा अन्यजातिका मानिसहरूलाई पनि यही आह्वान गरिएको छ। परमप्रभुको स्तुति-प्रशंसा गर्नु अति सुन्दर र सम्मोहक कुरा हो; यसमा सङ्गीतका सबैभन्दा मधुर र उच्च कोटिका बाजागाजाहरू प्रयोग गर्नुपर्छ, जस्तै वीणा र दसतारे वीणा।

**भजन ३३:३:** *'उहाँको निम्ति एउटा नयाँ गीत गाओ!'* अनि त्यो नयाँ गीत दाम तिरेर छुटाइएकाहरूको छुटकाराको गीत हो। पापको क्षमा पाएपछि यो गीत गाइन्छ (भजन ३२)। यो नयाँ गीत ख्रीष्ट येशूको बहुमूल्य रगतले शुद्ध पारिएकाहरू सबैको निम्ति हो। तर एक दिनमा यो नयाँ गीत विशिष्ट रूपले गाइनेछ, जब ख्रीष्ट येशूको हजार वर्षको राज्यको शुरुमा इस्राएली जातिका उद्धार पाएकाहरूले यो नयाँ गीत गाउनेछन् (प्रकाश १४:३)।

**भजन ३३:४:** उक्त नयाँ गीतले परमप्रभुको वचन र उहाँका सबै कामहरूको गुणगान गर्छ। परमेश्वरको वचन बिलकुल सत्य, हरेक दृष्टिले धर्ममय र विश्वासयोग्य छ; उहाँको वचन कहिल्यै बित्नेछैन, कहिल्यै अदलबदल हुनेछैन। अनि उहाँका सबै कामहरूचाहिँ? उहाँका कामहरू विश्वास-योग्यतामा गरिएका छन्। यो कुरा उहाँको सृष्टिमा देखिन्छः *'पृथ्वी रहेसम्म बीउ छर्ने समय र कटनी गर्ने समय, जाड़ो र गर्मी, ग्रीष्म ऋतु र शीत ऋतु, दिन र रातको अन्त हुनेछैन।'* (उत्पत्ति ८:२२)। यो कुरा उहाँको दिव्य प्रबन्ध र सञ्चालनमा देखिन्छः *'परमेश्वरलाई प्रेम गर्नेहरूको निम्ति सबै कुराहरू मिलेर भलाइ नै उत्पन्न गर्दछन्' उनीहरूको निम्ति, जो उहाँको मनसायअनुसार बोलाइएका छन्'* (रोमी ८:२८)। यो कुरा मुक्तिको काममा पनि देखिन्छः *'हामीले आफ्ना पापहरू स्वीकार गर्‍यौं भने हामीलाई हाम्रा पापहरू क्षमा गर्न र हामीलाई सबै अधर्मबाट शुद्ध पार्न उहाँ विश्वासयोग्य र धर्मी हुनुहुन्छ'* (१ यूहन्ना १:९)।

**भजन ३३:५:** परमेश्वर सच्चा र विश्वासयोग्य हुनुहुन्छ; यसकारण उहाँ धार्मिकता र न्याय कायम राख्नुहुन्छ। तर परमेश्वर भलो पनि हुनुहुन्छ; किनकि परमप्रभुको भलाइका प्रमाणहरू यत्र-तत्र-सर्वत्र छन्।

**भजन ३३:६-७:** परमेश्वरको महानता केमा देखिन्छ? उहाँले आकाश र त्यसका तारागण आफ्नो मुखको सृजनात्मक वचनले सृष्टि गर्नुभयो। उहाँलाई यसको निम्ति ठूलो बल परेन। ठीक यस प्रकारले उहाँले सजिलैसित महासागरहरू तिनीहरूका निर्धारित सीमा-क्षेत्रभित्र सीमित राख्नुभयो। कतिजनाको विचारमा, आकाशका ताराहरूले इस्राएली जातिलाई यस काव्यात्मक भाषामा धमिलो सङ्केत गर्छन् (उत्पत्ति १५:५) भने, उर्लिरहेका समुद्रहरूले अन्यजातिहरूलाई सङ्केत गर्छन्, जुन अन्यजातिहरूलाई प्रभु येशूले आफ्नो दोस्रो आगमनमा आफ्नो अधीनतामा ल्याउनुहुनेछ अरे।

**भजन ३३:८-९:** जेजस्तो भए पनि, परमेश्वर धेरै महान् हुनुहुन्छ; यसकारण सारा मानिस-जातिले उहाँको डर मान्नुपर्छ र उहाँलाई ठूलो श्रद्धाभक्ति चढ़ाउनुपर्छ। उहाँको वचन ध्वनि-ऊर्जामा परिणत भयो र तत्त्व बन्यो। उहाँको आदेशद्वारा सारा सृष्टिको उत्पत्ति भयो।

**भजन ३३:१०-११:** सारा मानव-इतिहासभरि भक्तिहीन जातिहरूले मिलेर

परमेश्वरलाई बाधा दिन, उहाँलाई रोक्न र उहाँका जनहरूलाई नष्ट गर्न एकसाथ काम गर्दै आएका छन्। श्री रोबर्ट बर्नसका शब्दमा भन्नु हो भने, 'मुसाहरू र मानिसहरूका सबभन्दा होशियारसाथ रचेका युक्तिहरू सबै अन्तमा फेल खान्छन्।' अथवा हामीले यसो भन्नेथियौं: 'तिनीहरूका सबै युक्तिहरू व्यर्थैव्यर्थ हुन जान्छन्।' किनभने अन्तमा परमेश्वरले आफ्ना विरोधीहरूको धूर्त युक्ति-हरू विफल तुल्याउनुहुनेछ, तिनीहरूका युक्तिहरू जति जटिल किन नहोऊन्। कसैले पनि र कुनै कुराले पनि उहाँका दिव्य उद्देश्यहरू पूरा हुनदेखि बाधा दिन वा रोक्न सक्दैन। उहाँले सधैं अन्तिम निर्णय गर्नुहुन्छ, अनि जुन योजना उहाँले रच्नुभयो, त्यो योजना पूरा हुने नै छ।

**भजन ३३:१२:** यसकारण जुन मानिसले आशिषको सुमार्ग के हो, सो जान्न चाहन्छ, यस मानिसले बुझोस्: परमेश्वरसित मिलेर एकसाथ काम गर्नु नै आशिषको राजमार्ग हो। त्यो जाति धन्यको हो, जसले परमप्रभुलाई आफ्नो परमेश्वरको रूपमा मान्छ – ती मानिसहरूलाई उहाँले आफ्नो निज सम्पत्तिको रूपमा चुन्नुभएको छ।

**भजन ३३:१३-१७:** परमप्रभुले स्वर्गबाट तल हेर्नुहुँदा सबै मानिस-जातिलाई छर्लङ्गै देख्नुहुन्छ। उहाँको नजरदेखि कोही पनि र कुनै चीज पनि लुक्न वा उम्कन सक्दैन। पृथ्वीमा के-के भइरहेको छ, सो सबै उहाँ देख्नुहुन्छ। त्यति मात्र होइन, तर उहाँ हरेक मानिसको हृदयका सबै विचारहरू र अभिप्रायहरू पनि जान्नुहुन्छ। कतिले शारीरिक हतियारहरू लिएर लड़ाइँ गर्न खोजेको देखेर उहाँ तिनीहरूको त्यस मूर्खताको विषयमा मुसुक्क हाँस्नुहुन्छ। तिनीहरू जीवित परमेश्वरमाथि भरोसा राख्दैनन्, तर आफ्नो स्थल-सेना, जल-सेना र वायु-सेनामाथि भरोसा गर्छन्। तिनीहरूको जत्रो ठूलो सैन्यबल भए पनि तिनीहरूले विजय हासिल गर्न सक्दैनन्। यो कुरा तिनीहरूले कहिले सिक्लान्?

**भजन ३३:१८-१९:** जस-जसले मुक्तिको निम्ति उहाँमाथि विश्वास गरेका छन् र सबै थोकहरूको प्रबन्धको निम्ति उहाँको कृपामाथि भर पर्छन्, यिनीहरूलाई परमेश्वरले पनि देखिरहनुभएको छ। यिनी-हरूले उहाँलाई प्रसन्न तुल्याउँछन्। उहाँले यिनीहरूमाथि ठूलो कृपादृष्टि राख्नुहुन्छ।

**भजन ३३:२०-२२:** यस भजनका रचनाकार र तिनका मानिसहरू कस्तो वर्गका थिए, यसको विषयमा कुनै प्रश्न, कुनै शङ्का छैन। उनीहरूले परमप्रभुलाई आफ्नो सहायक र आफ्नो रक्षकको रूपमा विश्वास गर्छन्। उनीहरूले उहाँको पवित्र नाममाथि भरोसा गरेर साँचो आनन्द पाएका छन्। 'हे प्रभु, हामी केवल तपाईंमाथि भरोसा राख्दै जिउनेछौं; यसकारण विन्ती छ, तपाईंको अटल प्रेमको घमाइलो, न्यानो वातावरण तापिरहन पाऔं' – यो उनीहरूको एकमात्र अर्जी थियो।

## भजन ३४: नयाँ जन्मको विषयमा रचिएको भजन

यस भजनको ऐतिहासिक पृष्ठभूमि १ शमूएल २१ मा लेखिएको छ। दाऊद राजा शाऊलदेखि भागेर आकिश नामक गातका पलिस्ती राजाकहाँ शरण लिन गए, जसको नाम वा उपाधि यस भजनको शीर्षकअनुसार अबिमेलेक पनि थियो। (हुन सक्छ, अबिमेलेकचाहिँ कुनै व्यक्तिको नाम होइन, तर 'महाराज'जस्तै कुनै उपाधि थियो होला)। यी राजा इस्राएलीहरूको शत्रु थिए; यसैले 'यिनले मलाई मार्नेछन्' भन्ने डर दाऊदलाई लागेको थियो; यसकारण तिनले आफ्नो दाह्रीभरि राल चुहाउँदै मूलढोकाका दरबाजा-हरू आफ्ना नङहरूले कोरेर आफू पागल

भएको बहाना गरे; अनि तिनको छली युक्ति सफल भयो। यी राजाले आफ्नो उपस्थितिमा अझै एक बौलाहा मान्छेलाई बढ़ी भएको देख्न चाहेनन्; यिनले दाऊदलाई त्यहाँबाट पठाइहाले। अनि दाऊद त्यहाँबाट उम्केर अदुल्लामको गुफामा आए। भजनलेखकको सफल-असफल जीवनमा घटेका मुख्य घटनाहरूमध्ये त्यस घटनामा महिमित कुरा केही पनि थिएन, र त्यसमा दाऊद अलिकति पनि शूरवीरजस्तो देखा परेनन्। तर तिनको विचारमा, त्यो त परमप्रभुबाट भएको अद्‌भुत छुटकारा गनियो। अनि यही कारणले त्यस घटनाको उत्सव मनाउन तिनले यो भजन लेखेका हुन्।

धेरै शताब्दिहरूदेखि ख्रीष्ट-विश्वासीहरूले भजन ३४ मन पराइरहेका छन्; किनकि यस भजनमा प्रभु येशूमाथि विश्वास गरेर उहाँको अनुग्रहद्वारा तिनीहरूले मुक्ति पाएको अनुभवरूपी तिनीहरूको साक्षी खूबै दक्षतापूर्वक व्यक्त गरिएको छ। आउनुहोस्, हामी यस प्रकारको दृष्टिकोण लिएर यो भजन अध्ययन गरिहेरौं !

**भजन ३४:१:** मुक्ति अर्थात् पापको क्षमा यति ठूलो बहुमूल्य वरदान हो, कि हामीले हामीलाई उक्त वरदान दिनुहुने दातालाई हाम्रा हृदयबाट नित्य धन्यवाद चढ़ाइरहनुपर्छ। के तपाईंले मुक्ति पाउनुभएको छ? तब मुक्ति पाएको खातिर हर बखत प्रभु येशूलाई धन्यको भनिरहनुहोस्! उहाँलाई धन्यवाद चढ़ाएको बढ़ी भएको नसम्झनुहोस्! होइन, उहाँको प्रशंसा निरन्तर हाम्रो मुखमा हुनुपर्छ; किनभने हामीले उहाँलाई दिनुपर्ने गुण उहाँलाई फर्काएका छैनौं, तर यसको एउटा सानो भाग मात्र फर्काएका छौं। अनन्त-अनन्तसम्म मुक्ति पाएका मानिसहरूले परमेश्वरलाई धन्यवाद दिइरहँदा पनि तिनीहरूको यो धन्यवादको भेटी कहिल्यै पर्याप्त हुनेछैन।

**भजन ३४:२:** मुक्ति पाएका मानिसहरूले आफ्नै गुन वा आफ्ना सफलताहरूमा होइन, तर प्रभु येशूमा गर्व गर्छन्। अनुग्रहको सुसमाचारको शिक्षा बुझ्नेहरूले जान्दछन्: सबै पाप र अधर्महरू हामीबाट भए, तर सम्पूर्ण त्राणको काम ख्रीष्ट येशूले पूरा गर्नुभएको हो। यसकारण हामीले हाम्रा प्रभु र मुक्तिदातामा र केवल उहाँमा गर्व गर्नुपर्छ। पापको बन्धनमा परेकाहरूले प्रभु येशूद्वारा मुक्तिको काम पूरा भएको र हामीले उहाँबाट सित्तैंमा मुक्ति पाएको हाम्रो साक्षी सुनून् र बुझून्! हुन सक्छ, तिनीहरूको होश खोल्ला, र तिनीहरूजस्तै अधम पापी मानिसहरूको निम्ति पनि आशा रहेछ भन्ने कुरा खुशीसाथ जानून्।

**भजन ३४:३:** *'मसँग परमप्रभुको बढ़ाइ गर! हामी मिलेर एकसाथ उहाँको नाम उच्च पारौं!'* मुक्तिको निश्चयता पाएको व्यक्ति एकलैले मुक्तिको मिठास उपभोग गरेकोमा सन्तोष हुन मान्दैन। मुक्तिचाहिँ यस्तो सर्वोत्तम विषय हो, कि उसले आफ्ना सबै भाइबन्धुहरूलाई आफूसँगै मिलेर सामूहिक रूपले प्रभुको बढ़ाइ गर्न र उहाँको नाम उच्च पार्न बोलाउँछ। कति दम्पतीका विवाहका औंठीमा यही वचन अङ्कित गरिएको हुन्छ।

**भजन ३४:४:** जब परमेश्वरको आत्माले कुनै पापी मानिसको मनमा काम गर्न थाल्नुहुन्छ, तब उहाँले उसभित्र प्रभुको खोजी गर्ने इच्छा जगाउनुहुन्छ; यो सहज-ज्ञान एउटा दिव्य दान हो। तर मुक्ति पाएपछि मात्र मानिसले 'वास्तवमा मैले प्रभुलाई खोजिनँ, तर मैले खोज्नुभन्दा अघि उहाँले नै मलाई खोज्नुभएको हो' भन्ने कुरा बुझ्छ। उसको जीवनमा यस आत्मिक गानले भनेजस्तो भएछः

> मैले प्रभुको खोजी त गरें, तर पछि मैले थाह
> पाएँ कि उहाँले मेरो मनमा उहाँको खोजी गर्ने
> इच्छा हाल्नुभएको रहेछ;

किनभने उहाँले मेरो खोजी गरिरहनुभयो ।
मुक्तिदाता प्रभु, मैले तपाईंलाई भेट्टाएँ-भेट्टाएँ;
तर वास्तवमा त्यो भेट्टाउने म होइनँ रहेछु, तर
तपाईं हुनुहुँदो रहेछ ! किनकि तपाईंले मलाई
भेट्टाउनुभयो ।

अज्ञात कविको रचना

आजको दिनसम्म यो कुरा सत्य होः जब हामी उहाँलाई खोज्छौं, तब उहाँले उत्तर दिनुहुन्छ र हामीलाई हाम्रा सबै डरहरूबाट बचाउनुहुन्छ। के तपाईंलाई अनिश्चित भविष्यको डर लागेको छ? यसबाट प्रभु येशूमा छुटकारा छ। के तपाईंलाई स्वीकार नगरेका पापहरूको क्षमा नपाई मर्ने डर लागेको छ? यस डरबाट पनि उहाँमा छुटकारा छ। के तपाईंलाई न्यायको निम्ति ठूलो सेतो सिंहासनको सामु खड़ा हुनुपर्ने डर लागेको छ? यस डरबाट उहाँले छुटकारा दिनुहुन्छ। जब हामी ख्रीष्ट येशूलाई आफ्ना प्रभु र मुक्तिदाताको रूपमा विश्वास गर्छौं, तब हामीले क्षमा-दान पाएका उहाँको यो वचन सुन्न पाउँछौंः 'तिम्रा पापहरू क्षमा भए; शान्तिसित जाऊ !'

**भजन ३४:५ः** तर यो मुक्ति कसैको निजी पेवा होइन, यो सबैको निम्ति हो। यसकारण यो मुक्तिको दान आफ्नो निम्ति उपलब्ध गर्नुहोस् ! जतिजनाले ख्रीष्ट येशूलाई विश्वासको दृष्टिले हेर्छन्, उनीहरू सबै ज्योतिर्मय हुन्छन्। तिनीहरूको उदासी चेहरा हर्षित मुस्कानमा परिणत हुन्छ। तिनीहरूको खिन्नता र निराशा आनन्दमा बदली हुन्छ। संसारमा यस्तो एकजना मानिस नै छैन, जो आफ्नो जीवन प्रभु येशूको हातमा समर्पण गरेर हतास हुनुपरेको छ। होइन, होइन ! यसो हुन असम्भव छ। यसकारण सम्पूर्ण हृदयले प्रभु येशूमाथि भरोसा राख्नुहोस् ! किनकि उहाँले तपाईंलाई कुनै हालतमा पनि धोका दिनुहुन्न, धोका दिन सक्नुहुन्न ।

**भजन ४३:६ः** हामी आफ्नो आत्मिक गरिबीमा, झुत्रेझाम्रे वस्त्र ओढ़ेको, दीन र असहाय अवस्थामा प्रभु येशूकहाँ आउछौं, र आफ्नो शक्तिले मुक्ति पाउन पूरा असक्षम भएको कुरा गाह्रो नमानी हामी खुशीसाथ मानिलिन्छौं। हामीले आफ्नो सम्पूर्ण भरोसा उहाँमाथि राख्छौं, निम्न शब्दले भनेअनुसार

*'मेरो हातमा कुनै दाम लिएर आउँदिनँ,*
*केवल तपाईंको क्रूसको सहारा लिन्छु ।'*

तब प्रभु येशूले हाम्रो पुकारा सुन्नुहुन्छ। आफ्नो गरिबीमा हामी उहाँको असीमित धन पाउन विन्ती गर्छौं। उहाँ हामीतिर झुकेर हामीलाई हाम्रा सबै कष्टहरूबाट बचाउनुहुन्छ, हाम्रा हातले बुनेको हामीलाई अल्झाउने पापको जाल जेजस्तो जटिल किन नहोस् !

**भजन ३४:७ः** ख्रीष्ट-विश्वासीहो, तपाईंले मुक्ति पाउनुभएको हो; तर यति मात्र होइन, तपाईं उहाँमा सुरक्षित पनि हुनुहुन्छ। परमप्रभुको दूत प्रभु येशू स्वयम् हुनुहुन्छ, जसले उहाँको भय मान्नेहरूको वरिपरि रक्षक सेनाझैं घेरा हालेर उनीहरूलाई देख-अदेख सबै खतराहरूबाट छुटकारा दिनुहुन्छ। उहाँका भेड़ाहरूमध्ये एउटै पनि नाश हुनेछैन (यूहन्ना १०:२८)।

**भजन ३४:८-९ः** जस-जसले मुक्तिदाता प्रभुलाई चिन्छन्, उनीहरूले उहाँलाई अरू मानिसहरूसित पनि परिचय गराउने चाहना राख्छन्, सामरियामा भएका ती चार कोरी-हरूले जस्तै, जसले यसो भनेका थिएः 'हामीले सठीक काम गरिरहेका छैनौं। आजको दिन शुभ समाचारको दिन हो; तर हामी चुप लागेर बसेका छौं, र बोलेकै छैनौं' (२ राजा ७:९)। अनि यही कारणले यो सुसमाचार अझै पनि गुन्जिन्छः *'अहो ! चाखेर हेर; प्रभु कति भला हुनुहुन्छ ! उहाँमाथि भरोसा गर्ने मानिस धन्यको हो ।'*

मुक्ति नपाएका मानिसहरूहो, यो न्यानो, व्यक्तिगत जरुरी निमन्त्रण सुन्नुहोस्! दिमागे तर्कहरू सुन्दै गर्नुहोस्! ठिक्कै छ। ख्रीष्टिय विश्वासका प्रमाणहरू मूल्याङ्कन गर्नुहोस्! यो पनि ठिक्कै छ। तर अन्तमा जेजस्तो भए पनि तपाईं आफूले मुक्ति चाखेर हेर्नुपर्छ। यस सिलसिलामा श्री क्याम्पबेल मर्दोकले यसो लेखेका छन्ः

> 'हामीले विशाल ब्रह्माण्ड र सबै थोकहरू आफ्नो नियन्त्रणमा राख्नुहुने परमात्माको अदृश्यीय शक्ति आदि कुराहरूबाट बाहिरी प्रमाणहरू झिकाएर परमेश्वर र उहाँको अस्तित्वको विषयमा तर्कवितर्क गर्न सक्छौं। तर उहाँको प्रेम र उपस्थितिले हाम्रो हृदयलाई छुँदा मात्रै हामीले उहाँलाई र उहाँको अवर्णनीय भलाइ साँचो गरी चिन्न र जान्न सक्छौं।' [29)]

यसको लगत्तै पछि प्रभु येशूकहाँ फर्केकाहरूको निम्ति पनि एउटा निमन्त्रण छ। तिनीहरूले विश्वासको जीवन जिउने बोलावट पाएका छन्। पवित्र जनहरूहो, आँखाको भरमा होइन, विश्वासको भरमा चल्ने यो निम्तो सुन्नुहोस्! तब तपाईंहरूले तपाईंहरूको निम्ति परमेश्वरको अद्भुत, उदेकको, प्रशस्त प्रबन्ध के हो, सो अनुभव गरेर थाह पाउनुहुनेछ। मत्ती ६ः३३ पदको सन्देश पनि त्यही हो, जहाँ प्रभु येशूले हामीलाई यसो भन्नुभयोः *'तर पहिले परमेश्वरको राज्य र उहाँको धार्मिकताको खोजी गर, र यी सबै थोकहरू तिमीहरूलाई थपिनेछन्।'*

**भजन ३४ः१०ः** जवान सिंहहरूलाई[30)] आहारको घटीले गर्दा बेला-बेलामा ती भोकले आत्तिन्छन्, तर प्रभुको खोजी गर्नेहरूलाई कुनै असल कुराको घटी हुनेछैन; किनभने हाम्रा प्रभु येशू ख्रीष्ट नै हाम्रो निम्ति प्रशस्त गरी प्रबन्ध गर्नुहुने हाम्रा महान्, सर्वेसर्वा विधाता हुनुहुन्छ।

**भजन ३४ः११ः** परमेश्वरको अनुग्रहले बचाउने, जोगाउने र जुटाउने काम मात्र गर्दैन, तर शिक्षा दिने काम पनि गर्छ।

*'किनकि मुक्ति ल्याउने परमेश्वरको अनुग्रह सबै मानिसहरूकहाँ देखा परेको छ, र यसले हामीलाई यो सिकाउँछः अभक्ति र सांसारिक अभिलाषाहरू इन्कार गरेर यस वर्तमान संसारमा हामी आत्मसंयम, धार्मिकता र भक्तिसाथ जिउनुपर्छ, र त्यस धन्य आशाको, अनि हाम्रा महान् परमेश्वर र मुक्तिदाता येशू ख्रीष्टको महिमापूर्ण आगमनको बाटो हेर्दै जिउनुपर्छ। हामीलाई सबै अधर्मबाट छुटकारा दिन र असल कामहरूमा जोशिलो भएको विशेष जातिलाई आफ्नै निम्ति शुद्ध पार्न उहाँले आफैलाई हाम्रा निम्ति दिइहाल्नुभयो'* (तीतस २ः११-१४)।

भजनकारले यहाँ आफ्ना छोराछोरीहरूलाई परमप्रभुको भयको विषयमा व्यावहारिक शिक्षा दिएका छन्। परमप्रभुको भय के हो?

भजन ३४ः१२-१५ पदहरूअनुसार परमप्रभुको भय निम्न तीनवटा कुराहरूबाट देखिन्छः

१) *वशमा राखिएको जिब्रोः* यस प्रकारको जिब्रो खराबी र छलबाट मुक्त हुन्छ।

२) *अलग बसेको चालः* यो खराबीदेखि अलग बसेको र असल कामहरूको निम्ति अलग भएको चाल हो।

३) *शान्तिप्रिय स्वभावः* यसको विषयमा प्रेरित पावलले यसो भनेका छन्ः *'सम्भव भए तिमीहरूबाट जहाँसम्म हुन सक्छ, सबै मानिसहरूसँग मेलमिलापमा बस!'* (रोमी १२ः१८)।

१ पत्रुस ३ः९ पदमा प्रेरित पत्रुसले यसो लेखेका छन्ः 'यो जानेर कि तिमीहरू अरूलाई आशिष दिन बोलाइएका हौ, ताकि तिमीहरू आशिषका हकदार हुन सक।' त्यसपछि उनले भजन ३४ः१२-१६[क]

पदहरूको खण्ड उद्धृत गरेर आफ्नो शिक्षाको बलियो आधार तुल्याए। हामीले खराबीको बदलामा खराबी गर्नुहुँदैन र गालीको बदलामा गाली दिनुहुँदैन, बरु आशीर्वाद दिनुपर्छ! तब हामी आशिषको हकदार बन्छौं; अनि जुन आशिषको हकदार हामी हुन्छौं, त्यो उहाँको कृपादृष्टि हो, जसरी लेखिएको छः *'परमप्रभुका आँखाहरू धर्मी जनहरूमाथि लागिरहन्छन् र उहाँका कानहरू उनीहरूको पुकार सुन्न खुला रहन्छन्'* (भजन ३४:१५)।

**भजन ३४:१६:** प्रेरित पत्रुसले यो पद उद्धृत गर्दा *'परमप्रभुको चेहरा खराबी गर्नेहरूको विरुद्धमा हुन्छ'* भनेर यसको आधा पद मात्र लिए, तर त्यसको अघिल्लो खण्ड उनले उद्धृत गरेनन्, जहाँ यसो लेखिएको छः *'पृथ्वीबाट तिनीहरूको सम्झनाधरि मेटाइदिन।'* किनभने 'परमप्रभुको चेहरा खराबी गर्नेहरूको विरोधमा हुन्छ' भन्ने वचन जुनसुकै युगमा सत्य ठहरिन्छ भने, 'पृथ्वीबाट तिनीहरूको सम्झनाधरि मेटाइदिने' वचन त्यति बेलामा मात्र पूरा हुनेछ, जुन बेलामा प्रभु येशू ख्रीष्ट राजाहरूका अधिराज भई यस पृथ्वीमा फर्केर आउनुहुनेछ।

**भजन ३४:१७:** धर्मी जनहरूको अद्वितीय अवर्णनीय सौभाग्य छः उनीहरूको पुकार परमप्रभुको सामु आएर तुरुन्तै उनी-हरूको सुनाइ हुन्छ। उनीहरूले उहाँलाई पुकार गरेको हरेक समयमा उहाँले उनीहरूको विन्ती सुन्नुहुन्छ र उनीहरूलाई उनीहरूका सबै कष्टहरूबाट उनीहरूलाई छुटकारा दिनुहुन्छ। यस ठाउँमा श्री अल्बर्ट बार्नसले यसो टिप्पणी गरेर लेखेका छन्ः

> 'मेरो विचारमा, कसैले पनि परमेश्वरलाई पुकार गर्न पाउने अनुमतिको मूल्याङ्कन गरेर प्रार्थना गर्ने हाम्रो यस सौभाग्यको सारा गुण जानेको छैन होला।'

भजन ३४:१७ पद छोड्नुभन्दा अघि हामीले यो कुरा याद राख्नुपर्छ, कि प्रभुले हामीलाई कष्टहरूबाट जोगाउनुहुन्न रहेछ, तर हामीलाई कष्टहरूको बीचबाट छुटाएर निकाल्नुहुन्छ। ख्रीष्ट-विश्वासीहरूलाई कष्ट हुँदैन भन्ने होइन, तर उनीहरूलाई छुटकारा दिनुहुने प्रभुचाहिँ सामर्थी र पूरा सक्षम हुनुहुन्छ। महत्त्वपूर्ण भिन्नता यसैमा छ।

**भजन ३४:१८:** परमप्रभु घमण्डीहरूको सामना गर्न जान्नुहुन्छ, तर उहाँले टुटेको र पश्चात्तापले चूर्ण भएको हृदयको विरोध गर्न वा इन्कार गर्न सक्नुहुन्न। टुटेको हृदय भएकाहरू उहाँकोमा सधैं स्वागत छन्, र चूर्ण मन भएकाहरूको उद्धार गर्न उहाँ सब समय तत्पर रहनुहुन्छ।

**भजन ३४:१९:** हामीले अघि भनिसक्यौं, कि धर्मी जनहरूलाई धेरै कष्टहरू त हुन्छन्। अनि हुन सक्छ, त्यो दिन आउला, जुन दिनमा भक्तिहीन मानिसहरूलाई भन्दा बढ़ी कष्ट हामीलाई पो परिआएको हामीले थाह गर्नेछौं। तर यसमा सान्त्वना दिने कुरा यही होः हाम्रा सबै कष्टहरू वर्तमान जीवनमा सीमित रहन्छन्। अनि हामीले कुनै कष्ट एकलैले भोग्नुपर्दैन, किनकि हाम्रो दाहिनेमा हामीलाई साथ दिनुहुने हाम्रा अनन्त मित्र हुनुहुन्छ। अनि प्रभु येशूको बौरिउठाइद्वारा हामी एक दिन सबै कष्टहरूबाट सम्पूर्ण रूपले र सधैंको निम्ति छुटकारा पाउने निश्चयता पाएका छौं। प्रभु येशू मरेकाहरूको बीचबाट बौरिउठ्नुभयो; यही कारणले हामी पनि भावी दिनमा बौरिउठ्ने नै छौं; त्यसपछि हामी पापबाट, रोगबिमारबाट, शोकचिन्ताबाट, दुःखकष्ट-बाट र मृत्युबाट सधैंको निम्ति मुक्त हुनेछौं।

**भजन ३४:२०:** *'उहाँले उसका सबै हड्डीहरूको रक्षा गर्नुहुन्छ; तिनमा एउटै पनि भाँचिँदैन।'* यसो हो भने, प्रभुका पवित्र जन-हरूको मृत्यु हुँदा पनि उहाँले उनीहरूका शरीरको रक्षा गर्नुहुँदो रहेछ।

यो पद हाम्रा प्रभु येशूको मृत्युमा अक्षरशः रूपले पूरा भयो। *'तर जब तिनीहरू येशूकहाँ*

*आए, र उहाँलाई पहिल्यै मरिसक्नुभएको देखे, तब तिनीहरूले उहाँका खुट्टाहरू भाँचेनन्। ... किनकि "उहाँको एउटै पनि हड्डी भाँचिनेछैन" भन्ने पवित्रशास्त्रको वचन पूरा होस् भनेर नै यी कुराहरू भएका हुन्'* (यूहन्ना १९:३३ र ३६)।

यस सम्बन्धमा हाम्रा प्रभु येशू निस्तारको पाठाको सिद्ध प्रतिरूप हुनुहुन्थ्यो, जसको विषयमा यसो लेखिएको छः *'तिमीहरूले यसको एउटै हड्डी पनि नभाँच्नू'* (प्रस्थान १२:४६)।

**भजन ३४:२१-२२:** यस भजनका अन्तिम दुईवटा पदहरूका मुख्य शब्दहरू 'दोषी ठहरिनेछन्' र 'दोषी ठहरिनेछैन' हुन्। किनकि निश्चय कुनै विपत्तिले दुष्ट मानिसहरूलाई मृत्युमा ल्याइपुऱ्याउँछ; अनि तिनीहरू दोषी ठहरिनेछन्। तर परमप्रभुका दासहरूसँग उनीहरूको उद्धारक हुनुहुन्छ, जसले उनीहरूका आत्मा दाम तिरेर छुटाउनुहुन्छ; यसैकारण उनीहरूमध्ये एकैजना पनि दोषी ठहरिनेछैन। परमेश्वरको स्तुति होस्; किनकि ख्रीष्ट येशूमा हुनेहरूको निम्ति कुनै दण्डको आज्ञा छैन (रोमी ८:१)।

> अब कसले हामीलाई दोषी ठहऱ्याउन सक्ला ? किनकि ख्रीष्ट येशू मर्नुभयो, बौरिउठ्नुभयो र स्वर्ग चढ़ी जानुभयो, अनि प्रेम गर्नुहुने परमेश्वरको दाहिने हातपट्टि बस्नुभएको छ, हाम्रो निम्ति अन्तर्विन्ती चढ़ाउन। तब कसले हामीलाई दोषी ठहऱ्याउन सक्ला ?
>
> श्री होराटियस बोनार

अनि यसरी नै ख्रीष्ट-विश्वासीको मुक्ति भएको छ, उसको सुरक्षा भइरहेको छ, अनि अहिलेदेखि लिएर अनन्तसम्म ऊ परमेश्वरको प्रचूर प्रबन्धमा सन्तुष्ट हुनेछ। अहो, नयाँ जन्म पाउनु कति गजबको कुरा हुँदो रहेछ! अनि यस भजनको सन्देश यही हो।

## भजन ३५: दाऊदका साथीहरू कसरी विश्वासघाती भए ?

**भजन ३५: १-३:** दाऊदले यो भजन लेख्दा आफ्नो निरपराध कल्पना गर्ने शक्ति प्रयोग गरे। तिनले परमेश्वरलाई 'आफ्ना सबै हतियारहरू भिरेर मित्रको नाम मात्र भएका मेरा भनाउँदा साथीहरूसित छोटकारीमा व्यवहार गर्नुहोस्' भनेर विन्ती गरे; किनकि तिनीसितको मित्रता तोड़ेर तिनीहरू तिनका क्रूर शत्रुहरू हुन गए। दाऊदको चाहना के थियो भने, परमप्रभु सानो ढाल र ठूलो ढाल लिएर रणभूमिमा उत्रून्, र निशाना नबिराई भाला तारोमा हिर्काऊन्! त्यसपछि दाऊदतिर फर्केर अरू कसैले नसुन्ने गरी यसो भनून्: 'हे दाऊद, सुर्ता नगर! म तिनीहरूसित कारबाही गर्छु नि; किनकि म तिम्रो उद्धारक हुँ।'

**भजन ३५:४-६:** जुन मानिसहरूले दाऊदको प्राण लिने खोजेका थिए, तिनका यी यथाकथित हत्याराहरू लज्जित बन्नुपर्छ र शर्ममा पर्नुपर्छ; तब निष्पक्ष न्याय हुनेथियो। तिनीहरूका शैतानिक युक्तिहरू असफल हुनुपर्छ र व्यर्थ तुल्याइनुपर्छ; तब सठीक न्याय हुनेथियो। तिनीहरू दण्ड पाउनुको योग्य थिए, कि तिनीहरू लाचार र रद्द होऊन्, बतासको सामु खेदिएका भुसजस्ता होऊन्; हो, परमप्रभुका दूतले तिनीहरूलाई निरन्तर खेदिदिऊन्। अँ, तिनीहरूको बाटो अँध्यारो र बरफजस्तै चिप्लो भएको होस्, र परमप्रभुका दूतले तिनीहरूको पानीखेदो गरून्। हो, तिनीहरूले पाउनुपर्ने उचित दण्ड यो हुनेथियो।

**भजन ३५:७-८:** किनकि तिनीहरूले दाऊदको विरोधमा यस्तो दुष्ट युक्ति रच्न कुनै उचित कारण थिएन। तब तिनीहरूले किन बिनसित्ति तिनलाई जङ्गली पशुलाई पक्रेझैं पक्रन खोजे त ? यसकारण परमप्रभुले

तिनीहरूलाई अचानक प्रहार गरून्, र तिनीहरू आफ्नो जालमा फसून्।

**भजन ३५ः९-१०ः** तब दाऊद परमप्रभुमा हर्षित हुनेथिए र उहाँको उद्धारमा रमाउनेथिए। तिनले आफ्नो सम्पूर्ण आत्मा, प्राण र शरीरले परमप्रभुलाई आफ्नो अद्वितीय परमेश्‍वरको रूपमा स्वीकार गर्नेथिए, जसले तिनीजस्तै आश्रयहीन व्यक्तिलाई तिनीभन्दा शक्तिशाली तिनको विरोधीबाट बचाउनुहुन्छ, अनि जसले तिनीजस्तो असहाय र अभावग्रस्त व्यक्तिलाई तिनको लुटाहाबाट छुटाउनुहुन्छ।

**भजन ३५ः११-१४ः** भजनकारको मनोभावनामा यत्रो आवेश कहाँबाट आयो त? यो कुरा जान्नको निम्ति हामीले पहिले यो बुझ्नुपर्छ, कि जुन मानिसहरूले अहिले आएर तिनको विरुद्धमा गवाही दिइरहेका थिए, तिनीहरू एक समयमा तिनकै साथीहरू थिए। तर अहिले तिनीहरूले तिनको बदनाम र निन्दा गर्दैथिए र तिनको विरोधमा नभएका कुराहरूको आरोप लगाए, जुन कुराहरूको विषयमा तिनी पूरा अनजान हुन्थे। तिनीहरूप्रति तिनले देखाएका सबै दयाको सट्टामा तिनले केवल द्वेष र घृणा पाइरहेका थिए। तब तिनी यति विचलित किन नहुने?

किनभने ती मानिसहरू बिरामी हुँदा कुरा अर्कै थियो। दाऊदले तिनीहरूप्रति समवेदना प्रकट गर्दै दुःखित हुन्थे, यहाँसम्म कि तिनी खाना खान सक्दैनथिए। शोकित भएर तिनले आफ्नो घनिष्ठ साथी वा साखै भाइका निम्ति गरेझैं तिनले तिनीहरूको निम्ति निरन्तर प्रार्थना गर्थे। तिनले आफ्नै आमाको निम्ति शोक गरेझैं गम्भीर तौरले शोक गर्थे।

**भजन ३५ः१५-१६ः** तर जब दाऊदमाथि विपत्ति र दुर्दशा आइपर्‍यो, तब तिनीहरू साह्रै रमाए। तिनीहरूले मिलेर एकसाथ तिनको दोष लगाइहाले। तिनको बदनाम र मानहानि गर्न तिनीहरूले सड़कहरूबाट डुलान्तेफिरान्तेहरूको सहायता लिएर क्रोधपूर्ण कुवक्याहरूले तिनको प्रहार गर्न छोड़ेनन्। तिनीहरूले ठूलो सोरले तिनको अनादर र उपहास मात्र कहाँ गर्थे र? तर तिनीहरूले आफ्नो हेलामा दाह्रा पनि किट्थे। भजनकारको यस दर्दनाक अनुभवले हामीलाई पोन्तियस पिलातसको सामु र हेरोदको सामु उभिनुभएको प्रभु येशूको सम्झना गराउँछ। उहाँले त्यस बेलामा भोग्नुपरेको दुःखको अनुभव यहाँ, यस भजनमा प्रयोग गरिएको प्रबल भाषाद्वारा राम्रोसँग बयान गरिएको छ।

**भजन ३५ः१७-१८ः** कहिलेसम्म परमप्रभुले कुनै कारबाही नगरी यो अन्याय हेर्न सक्नुहुनेथियो? उहाँले निर्दोषलाई उसका शत्रुहरूको संहारबाट र उसको अमूल्य ज्यान मानव-सिंहहरूबाट बचाउने समय आएको थियो।

**भजन ३५ः१९-२१ः** कुनै खास कारणविना दाऊदका शत्रु भएकाहरूले तिनको पतनबाट दुष्ट आनन्द लिनु र आफ्नो जीत भएको भन्ठानेर आफ्ना आँखाहरू झिम्क्याउने मौका पाउनु कति विचित्र कुरा हुनेथियो। तिनीहरूले शान्ति चाहँदैनथिए। तिनीहरूको एकमात्र चाहना शिष्टाचारी, आज्ञाकारी नागरिकहरूको विरुद्धमा झूटा आरोपहरू रच्नु थियो। तिनीहरूले अरूमा सानोभन्दा सानो भूलत्रुटि देख्दा तुरुन्तै यसो भन्थेः 'हो त! हामीले भनेकै थियौं नि। तिमीले गरेको भूल हामीले देख्यौं-देख्यौं है!'

**भजन ३५ः२२-२५ः** 'हे प्रभु, तपाईंले पनि देख्नुभएको हो। तपाईंले मेरो यो झन्झट, यो सारा झमेला देख्नुभएको हो। तपाईं चुप लागेर नबस्नुहोस्! मदेखि टाढ़ा नबस्नुहोस्! तपाईंको निम्ति जागेर कुनै न कुनै कारबाही गर्ने बेला भएकै हो। मेरो प्रतिरक्षा गर्नुहोस् र मेरो धर्ममय मुद्दा लड्नुहोस्! तपाईं मलाई कहिले निर्दोष ठहर्‍याउनुहुन्छ? म यो देख्न चाहन्छु; किनभने तपाईं सधैं सठीक काम,

सही न्याय गर्नुहुन्छ। यसकारण मेरो पतनमा रमाउन चाहनेहरूको योजना विफल तुल्याउनुहोस्! मलाई निल्न खोज्नेहरूले आफ्नो इच्छा पूरा भएको देखेर रमाउन नपाऊन्।'

**भजन ३५:२६:** 'हे प्रभु, मलाई गिरेको देखेर रमाउन खोज्नेहरू शर्मले भुतुक्कै भएका होऊन्! तिनीहरूले ठूलो ढीठपनाले मेरो दुर्व्यवहार गरे; यसैले तपाईंले तिनीहरूलाई अपमान र अनादरको वस्त्र पहिराइदिनुहोस्!'

**भजन ३५:२७-२८:** 'तर मेरो निर्दोषता साबित भएको देख्न आशा गर्ने मेरा सबै शुभ चिन्तकहरू हर्षले चिच्च्याऊन् र आनन्दित होऊन्। तपाईं साँच्चै महान् प्रभु हुनुहुन्छ भन्ने कुराको उनीहरूले साक्षी दिऊन्; किनभने तपाईंले आफ्ना सेवकहरूको कल्याणमा ठूलो चासो र आनन्द लिनुहुन्छ। अनि मेरो जिब्रोचाहिँ, त्यो पनि चुप रहनेछैन; त्यसले अरूलाई तपाईंको सच्चा न्यायको बयान गर्छ र तिनीहरूलाई तपाईंको प्रशंसनीयता केमा छ, सो बताइरहनेछ।'

## भजन ३६: दुष्ट मानिसको पाप ठूलो छ, तर परमेश्वर महान् हुनुहुन्छ

**भजन ३६:१-४:** दाऊदको हृदयमा एउटा दिव्य वाणी आएको छ; अनि यस ईश्वर-वाणीले सुस्पष्ट रूपले दुष्टको अपराध चित्रण गरेको छ। पापी मानिसले परमेश्वरको डर त्यागिदिन्छ; त्ससँग अघि परमेश्वरको डर थियो कि, थिएन कि, पत्ता छैन। त्यसले आफ्ना अपराधहरूको विषयमा आफैलाई सर्काइबस्छ; किनकि त्यसको विचारमा, यी अपराधहरू त्यसको विरुद्धमा प्रमाणित गर्न सकिँदैनन्, र त्यसले यिनको दण्ड भोग्नुपर्दैन अरे। त्यसको बोलीवचन दुष्टता र छलले भरिएको, पूरा भिजेको हुन्छ। त्यसले नियम-कानुनको सीमाभित्र रहने इज्जतदार चाल घृणा गर्छ। अरू मानिसहरूको सुत्ने बेलामा त्यसले नयाँ दुष्ट युक्तिहरू रचिरहेको हुन्छ, त्यसपछि जानी-बुझी कुबाटोमा लागेर खुशीसाथ पापमय प्रलोभनहरू अँगालिरहेको हुन्छ।

**भजन ३६:५:** पापी मानिसको भ्रष्ट स्वभाव र परमप्रभुका सद्गुणहरूमा आकाश-पातालको भिन्नता छ। उहाँको करुणा आकाशसम्म पुगेको छ। श्री अल्बर्ट बार्नसले यसो लेखेका छन्:

> 'परमेश्वरको कृपा अति उच्च छ, आकाशसम्म उच्च पारिएको छ; त्यो मानिसले आफ्नो कल्पनामा भियाइसक्ने सर्वोच्च कुरा रहेछ। यस पदमा प्रस्तुत गरिएको विचार यस प्रकारको छः परमेश्वरको कृपा स्वर्गमा प्रकट भएको होइन, अनि स्वर्गबाट आएको पनि होइन, (त्यो जति साँचो किन नहोस्), तर परमेश्वरको कृपामा सर्वोच्च गुण छ; किनकि मानिसहरूले स्वर्गभन्दा उच्च हुने कुनै कुरा कल्पना गर्नै सक्दैनन्।' **31)**

परमेश्वरको विश्वासयोग्यता बादलहरूसम्म पुग्छ; यसर्थ उहाँको विश्वासयोग्यताको लमाइ, चौड़ाइ, उच्चइ र गहिराइ नाप्न सकिँदैन, त्यो असीमित हुन्छ। यस सम्बन्धमा श्री ए. डब्ल्यू. पिङ्कले यसो भनेका छन्:

> ' "तपाईंको विश्वासयोग्यता बादलहरूसम्म पुग्छ" भन्ने वाक्य कति अचम्मको वचन हो! परमेश्वरको अपरिवर्तनीय विश्वासयोग्यता मानिसको सीमित ज्ञानभन्दा धेरै माथिको छ। परमेश्वरको विषयमा सबै कुराहरू महान्, विशाल र अतुलनीय हुन्छन्। उहाँले कहिल्यै भुल्नुहुन्न, कहिल्यै चुक्नुहुन्न, कहिल्यै अशक्त हुनुहुन्न र आफ्नो वचन कहिल्यै घटाउनुहुन्न। प्रभु आफ्नो हरेक प्रतिज्ञा र हरेक भविष्य-वाणीको विषयमा अडिग रहनुभएको छ। अनि जुनसुकै करारको वचन वा जुनसुकै धम्कीको चेताउनी किन नहोस्, उहाँले आफ्नो करारको

एक-एक वचन र आफ्नो धम्कीको एक-एक चेताउनी पूरा गर्नुहुने नै छ; किनकि "परमेश्‍वर मानिस हुनुहुन्न; यसैले उहाँ झूट बोल्नुहुन्न; न ता उहाँ मानिसको सन्तान नै हुनुहुन्छ; यसैले उहाँ पछुतो गर्नुहुन्न; के उहाँले भन्‍नुभएपछि त्यो गर्नुहुन्न र? अनि बोल्नुभएपछि के उहाँले त्यो गर्नुहुन्न र?" (गन्ती २३:१९)। त्यसकारण ख्रीष्ट-विश्‍वासीले ठूलो सोरले उद्‌घोषणा गर्छः "किनभने उहाँका कोमल कृपाहरूको अन्त हुँदैन। हरेक बिहान ती नयाँ-नयाँ हुन्छन्; तपाईंको विश्‍वासयोग्यता महान् छ!" (विलाप ३:२२-२३)।' 32)

**भजन ३६:६:** परमेश्‍वरको धार्मिकता उहाँले बनाउनुभएका ठूला-ठूला पहाड़-हरूजस्तै सुस्थिर, अटल, अडिग र सम्पूर्ण रूपले भरोसा गर्नुको योग्य छ। उहाँ जहिले पनि, जुनसुकै कामकुरा गर्दा सठीक काम गर्नुहुन्छ; उहाँ सधैं पूरा भरपर्दो हुनुहुन्छ। अनि तपाईंले परमेश्‍वरको धार्मिकताले काम गरेको देख्न चाहनुभयो भने मसँग गलगथामा आउनुहोस्; किनभने त्यस क्रूसमा उहाँको धार्मिकता सिद्ध प्रकारले प्रकट भएको हो। हरेक पापको निम्ति उचित दण्ड हुनैपर्छ – परमेश्‍वरको धार्मिकताको माग यो हो। अनि हामीले आफ्ना पापहरूको निम्ति दण्ड भोग्नु-परेको भए हामी अनन्तसम्म नाश हुनेथियौं। यसैकारण परमेश्‍वरका परमधन्य पुत्रले हाम्रा पापहरू उठाएर आफैमाथि लदाउनुभयो। परमेश्‍वरले आफ्नो धार्मिकतामा आफ्नो सुदृढ़ अडान लिनुभयो र यसमा उहाँ यति साह्रो अडिग हुनुभयो, कि जब उहाँले आफ्ना पापरहित पुत्रमाथि हाम्रा पापहरू रहेका देख्नुभयो, तब उहाँले आफ्नो न्यायका दण्ड-रूपी धाराहरू छोड्नुभयो र आफ्ना पुत्रमाथि बर्साइदिनुभयो। अनि अब परमेश्‍वरसित एउटा धर्ममय आधार छ, जुन आधारमा उहाँले भक्तिहीन पापी मानिसहरूलाई बचाउन सक्नुहुन्छ; किनकि एक सुयोग्य स्थानापन्‍न व्यक्तिद्वारा हाम्रा पापको दण्ड तिरेर चुक्त गरिसकिएको छ।

मुक्तिदाता प्रभुको रगत परमेश्‍वरको सिद्ध
धार्मिकताको निम्ति साक्षी बसेको छ;
किनकि ख्रीष्ट येशूको क्रूसको मृत्युमा हामी
उहाँको धार्मिकता देख्छौं,
होइन, त्योभन्दा बढ़ी हामी आफूप्रति उहाँको
अद्‌भुत अनुग्रह पो देख्छौं।

श्री अल्बर्ट मिडलेन

परमेश्‍वरका न्यायहरू गहिरा सागरझैं छन्। त्यसको मतलब यो हो कि उहाँका आदेशहरू, उहाँका निर्णयहरू, उहाँका विचारहरू र उहाँका योजनाहरू अगम्य, जटिल र बुद्धिमान् हुन्छन्। परमेश्‍वरको यस सद्‌गुणको विषयमा चिन्तन-मनन गरेका प्रेरित पावलले ठूलो सोरले यस प्रकारको उद्‌घोषणा गरेका छन्: *'आहा, परमेश्‍वरको बुद्धि र ज्ञानरूपी धन कति गहिरो छ! उहाँका न्यायहरू कति अथाह छन्, र उहाँका मार्गहरू कति अगम्य!'* (रोमी ११:३३)।

*'हे परमप्रभु, तपाईं मानिस र पशुको रक्षा गर्नुहुन्छ।'* यस वाक्यको सन्दर्भ लौकिक बचाउ हो; किनकि परमेश्‍वरको पूर्वप्रबन्धमा र उहाँको सञ्चालनमा उहाँले सृष्टि गर्नुभएका प्राणीहरू संरक्षित हुन्छन्, जीवित रहन्छन्। अनि यो उहाँको कति ठूलो कृपा हो। यति धेरै मानिसहरू छन्, र उत्तिकै धेरै पशुप्रणी, चराहरू र माछाहरू छन्, जसको निम्ति उहाँले ख्याल राखेर प्रबन्ध गर्नुभएको छ; यो कुरा विचार गर्न लायक छ। मानिसको विषयमा कुरा यस्तो छः परमेश्‍वरले एक-एक मानिसको कपालको एक-एक केश पो गन्ती गर्नुहुन्छ; अनि जाबो भँगेराको विषयमा कुरा गर्नु हो भने, *'तिमीहरूको स्वर्गको पिताको इच्छाविना तीमध्ये एउटा पनि भुइँमा खस्दैन'* (मत्ती १०:२९)।

**भजन ३६:७:** *'हे परमेश्‍वर, तपाईंको करुणा कति उत्तम छ!'* तपाईंको जीवन र मेरो

जीवन परमेश्वरको करुणाको प्रभावमा पर्नुपर्छ; किनभने त्योभन्दा मूल्यवान् कुरा हुँदैन। उहाँको कृपा अनन्त छ; यो उहाँको अधिकारमा रहेको उहाँको एकमात्र पेवा हो; यो अपरिमित र अपरिवर्तनीय हुन्छ। कसैले उहाँको करुणा कमाउन सक्दैन; कोही यसको योग्य हुँदैन। यो उहाँको निगाहमा दिइएको सित्तैंको दान हो। अनि यो पनि बुझ्नुहोस्ः कुनै कुराले पनि कहिल्यै परमेश्वरको कुनै छोरालाई र उहाँकी कुनै छोरीलाई उहाँको अनुग्रहबाट अलग पार्न सक्दैन। इस्वी संवत् १७४३ सालमा श्री जोह्न ब्राइनले यसो लेखेका थिएः

> 'कसैले पनि परमेश्वरको अपरिमित प्रेम उचित शब्दमा व्यक्त गर्न सकेको छैन, अनि यस्तो दिमाग पनि छैन, जसले उहाँको अपार प्रेम बुझ्न सकेको छ; किनभने उहाँको प्रेम ज्ञानले जानेर नसकिने प्रेम हो (एफेसी ३ः१९)। सीमित मानिसको मगजले ईश्वरीय प्रेमको बारेमा कल्पना गरोस् र त्यसको लमाइ-चौड़ाइको विषयमा ठूलो-ठूलो विचार निकालोस्, तर त्यसले यसको वास्तविक रूपको एक छेउ पनि बयान गर्न सकेको छैन। पृथ्वीदेखि स्वर्ग जति टाढ़ा हुन्छ, त्यति नै परमेश्वरको भलाइको बारेमा हामीले अनुमान लाउन सक्ने उच्चभन्दा उच्च विचारहरू यसको वास्तविकतादेखि टाढ़ा छ। यो त एउटा महासागरजस्तै छ, जसको पानीले आफ्नो विरोधमा खड़ा भएका सबै पहाड़हरू छोपिहाल्छ – ती मानिसहरूमा, जो उहाँको भलाइको पात्र हुन्छन्। अनि यो त एउटा मुहानजस्तो छ, जुन मुहानबाट यसमा अभिरुचि राख्नेहरू सबैको निम्ति सबै प्रकारको भलाइ बगेर आउँछ।' 33)

अनि यही कारणले मानिसका सन्तानहरू उहाँका पखेटाहरूको छायामनि शरण लिन्छन्। तर अभाग्यवश सबै मानिसहरू परमेश्वरको प्रेमले उपलब्ध गरेको सुरक्षाको छत्रछायामनि बस्न रुचाउँदैनन्। तर यो सौभाग्य सबैको निम्ति उपलब्ध गरिएको छ; अनि हरेक देश र जातिका मानिसहरू, अँ, हरेक वर्ग र संस्कृतिका मानिसहरूले परमेश्वरका ती अद्वितीय पखेटाहरूमनि आएर आराम, शान्ति र सुरक्षा उपभोग गर्न पाएका छन्।

**भजन ३६ः८ः** परमेश्वरको छत्रछायामा सुरक्षा मात्र पाइँदैन, तर प्रशस्त प्रबन्ध पनि छ। *'उनीहरू तपाईंको भवनको पोसिलो पदार्थले प्रशस्त गरी तृप्त हुनेछन्; अनि तपाईंले आफ्ना सुखहरूको नदीबाट उनीहरूलाई पिउन दिनुहुनेछ।'* अरू कुनचाहिँ भोजन होला, जुनचाहिँ परिमाण र गुणको हिसाबले परमप्रभुको भवनको उच्च भोजनको तुलनामा आउन सक्छ? अनि यो कति सुखदायक छ, यसको साध्य छैन? श्री एफ. बी. मेयेरले यसको स्पष्टीकारण दिएर यसो भनेका छन् कि परमेश्वरले दिनुभएको शोक कचौराले नाप्न सकिन्छ, तर उहाँले दिनुभएको सुख नदीसमान हुन्छ।

**भजन ३६ः९ः** *'किनकि जीवनको मूल तपाईंसँग छ।'* अनि यो जीवनको मूल ख्रीष्ट येशू हुनुहुन्छ। किनकि *'उहाँमा जीवन थियो, अनि त्यो जीवन मानिसहरूको ज्योति थियो'* (यूहन्ना १ः४)। *'तपाईंको ज्योतिमा हामीले ज्योति देख्नेछौं।'* अनि यही ज्योतिमा हामी ज्योति देख्छौं। जसरी प्राकृतिक उज्यालोले भौतिक थोकहरूको खास रूप प्रकट गर्छ, त्यसरी नै परमेश्वरको ज्योतिले हामीलाई कुराहरू परमेश्वरले जस्तै देख्नुहुन्छ, त्यस्तै देख्न सक्षम तुल्याउँछ। यस दिव्य प्रकाशले हामीलाई आत्मिक कुराहरूको वास्तविकता के हो, सो जान्न तुल्याउँछ, अनि संसारको, अरू मानिसहरूको र आफ्नो विषयमा सठीक मूल्याङ्कन गर्न सक्षत बनाउँछ।

कामिल कोरोट नाम भएका एकजना प्राकृतिक दृश्यका नक्सा कोर्ने फ्रान्सेली प्रख्यात

चित्रकारलाई यसो भनेको सुनियोः 'जब म एउटा सुन्दर प्राकृतिक स्थलमा हुन्छु, तब म आफ्नै चित्रकलासित नाराज हुन्छु।' आफ्नो स्टुटियोमा तिनका तस्बीरहरू ठिक्कै, अँ, सुन्दर देखिएलान्, तर बिचरा, यी निपुण चित्रकारका रचनाहरू प्रकृतिको गरिमाको तुलना आउन सकेनन्। तिनको निम्ति यो कति विनम्र तुल्याउने कुरा भएको रहेछ। ठीक त्यस्तै हामीले आफूलाई संसारको ज्योतिमा नियालेर हेर्नु हो भने हामी आफूमा गर्वको कारण पाएर आफूलाई ठिक्कै भएको भेट्टाउँछौं। तर हामीले आफूलाई प्रभुको ज्योतिमा जाँच्नुपर्छ; हामीले आफूलाई ईश्वरीय मानदण्डले नाप्नुपर्छ। तब यस प्रकारको नापजोखले हाम्रो घमण्ड सठीक पार्छ, र हामीलाई निक्कै शर्ममा पार्ला।

Choice Gleanings बाट उद्धृत

**भजन ३६:१०-११:** अघि परमेश्वरका सद्गुणहरूरूपी उच्च हिमचुलीहरूमाथि उल्केपछि अब यिशाईको पुत्र फेरि तल मानिसको आवश्यक्तातारूपी बेंसीमा फर्केर आउँछन् र 'दुष्ट मानिसहरूबाट नित्य रक्षा पाऊँ' भनेर प्रार्थना गर्छन्। अनि एघार पदले दस पदको व्याख्या गर्छ। उहाँले तिनलाई कुल्चीमिल्ची गर्न चाहेका घमण्डीहरूको खुट्टा र तिनलाई टाढैसम्म धपाउन खोज्ने दुष्ट-हरूको हात रोकिराखेर नै परमेश्वरले तिनीप्रति आफ्नो करुणा कायम राखून् र तिनलाई छुटकारा दिऊन् – दाऊदको प्रार्थना यही थियो।

**भजन ३६:१२:** अनि तिनको प्रार्थनाको सुनाइ भयो। तिनले विश्वासको आँखाले दुष्टहरूलाई फेरि उठ्नै नसक्ने गरी लड़ेका देख्न सके।

## भजन ३७: साँचो शान्ति

दाऊदले आफ्नो सारा जीवनभरि भक्तिहीन र विवेकहीन मानिसहरूबाट धेरै दुःखहरू भोग्नुपरेको थियो। अब तिनी एक वृद्ध मानिस भए। हामी दुष्ट मानिसहरूका युक्तिहरू र तिनीहरूका विषालु जिब्राहरूका शिकार बन्नुपर्दा हामीले कस्तो-कस्तो प्रति-क्रिया जनाउनुपर्छ, सो विषयमा तिनले हामीलाई केही अमूल्य सल्लाह दिन्छन्।

**भजन ३७:१-२:** पहिले कुकर्मीहरूले गर्दा हाम्रो मन अमिलो हुनुहुँदैन, हामी चिढ़िनुहुँदैन। हाम्रो निम्ति खतरा कहाँबाट आउँछ? जब हामी राति सुत्न जान्छौं, र त्यो शर्मलाग्दो, रिस उठाइदिने सारा अप्रिय घटना फेरि मनमा दोहोऱ्याउन वा तेहऱ्याउन थाल्छौं। खतरा यहाँ छ। किनकि पहिले अरूले भनेका र गरेका कुराहरू सम्झन्छौं, त्यसपछि मनमा आफूले तिनीहरूलाई कुन प्रकारले जवाफ दिएको कुरा याद आउँछ, तब यसो-उसो गरेर तिनीहरूलाई मुखभरिको जवाफ दिनुपर्ने विचार जाग्छ। अनि नभन्दै हाम्रो पेटमा पाचन रस अमिलो सल्फ्युरिक एसिडमा परिणत हुन जान्छ। तब हामीलाई निद्रा नलागेको, तर कोल्टे फेर्दै रात काट्ने कारण अन्य कहीं खोज्नुपर्दैन। हाम्रो चिढ़ाइले अरू कसैलाई होइन, तर हामीलाई पो हानि पुऱ्याउँछ। यसबाट कसैलाई कुनै लाभ हुँदैन। हामीले यसो गर्नुहुँदैन।

हामीले अरू जेसुकै गरौं, तर हामीले अधर्मीहरूलाई कुनै हातलमा पनि डाह गर्नुहुँदैन। तिनीहरूको स्वर्ग केवल यस पृथ्वीमा हो; बस्, तिनीहरूको भाग यति हो। प्रतिफलको खुर्पाले घाँस काटेझैं तिनी-हरूलाई फाँड्नेछ; अनि तिनीहरूका सबै प्रगति र फूर्ति ओइलाउनेछ र सुकिजानेछ।

**भजन ३७:३:** यस शब्द-चित्रको नकारात्मक पक्ष यही हो। प्रिय भाइ-बहिनीहो, तिनीहरूको खातिर विचलित नहुनुहोस्! तपाईं तिनीहरूजस्तै हुन किन चाहनुहुन्छ? होइन, होइन! सकारात्मक पक्षमा आउनुहोस्! हामीले गर्नुपर्ने पहिलो कुरा परमप्रभुमा भरोसा राख्नु र भलाइ गर्नु

हो। प्रभुमाथिको भरोसा भनेको 'सबै कुराहरू आफैआफ ठीक भइहाल्छन्' भन्ने आधारहीन प्रफुल्ल आशावाद होइन। तर भक्तिहीन-हरूलाई दण्ड दिन्छु र धर्मी जनहरूलाई इनाम दिन्छु भन्ने प्रतिज्ञा गर्नुहुने परमेश्‍वरमाथि गम्भीर र अडिग भरोसा राख्नु यसको खास मतलब हो। उहाँको वचन कहिल्यै चुक्दैन। यसो हो भने, सीधा चाल चल्नेहरू साँच्चै देशमा बस्नेछन् र सुरक्षित रहनेछन्। दुष्ट आत्माहरू र दुष्ट मानिसहरूका डरलाग्दा हमलाहरूले गर्दा ख्रीष्ट येशूका भेड़ाहरूमध्ये एउटै पनि नाश हुनेछैन (यूहन्ना १०:२७-२९)। ख्रीष्ट येशूमाथि भरोसा राख्नेहरू सबैको वासस्थान पिताको घरमा सुनिश्‍चित भएको छ (यूहन्ना १४:१-६)।

एक समयमा श्री जोह्न वेस्लेले आफ्नो प्रचारक मित्र सामुएल ब्र्याडबर्नलाई कुनै आर्थिक सहयोग पठाए। एउटा लिफामा पाँच पाउण्डको नोट हालीकन तिनले यसको साथमा एउटा सानो चिट्ठी पनि लेखेः 'प्रिय स्याम भाइ, परमप्रभुमा भरोसा राख्नुहोस्, र भलाइ गर्नुहोस्! तब तपाईंले देशमा बस्न पाउनुहुनेछ, र तपाईं तृप्त हुनुहुनेछ।' धन्यवादी भएका श्री ब्र्याडबर्नले उत्तरमा तिनलाई यसो भनेः 'तपाईंले आफ्नो पत्रमा उल्लेख गर्नुभएको पवित्र धर्मशास्त्र बाइबलको खण्डको शोभाले म अघि घरिघरि प्रभावित भएको थिएँ; तर मैले यो कुरा मानिलिनुपर्छ कि मैले यस पदको विषयमा यस प्रकारको उपयोगी र व्याख्यात्मक टिप्पणी अघि कहिल्यै पढ़ेको थिइनँ।'

**भजन ३७:४ः** ठीक छ, हामी मानि-लिऔंः तपाईंसँग प्रभुको निम्ति कुनै न कुनै विशेष सेवा गर्ने ठूलो चाहना छ। अनि यस सम्बन्धमा तपाईं प्रभुको अगुवाइ पाउनुभएको कुरामा निश्‍चित हुनुहुन्छ, र यस सेवाद्वारा उहाँको महिमा गर्नु तपाईंको एकमात्र चाहना हो; तर एउटा शक्तिशाली शत्रुले तपाईंको मार्गको प्रत्येक मोड़मा विरोध गरिरहेको, रोकटोक गरिरहेको र बाधा दिइरहेको छ। यस्तो अवस्थामा हामीले के गरे ठीक होला? यसको उत्तर यस प्रकारको छः तपाईं प्रभुमा मग्न हुनुहोस्, यो जानेर कि उहाँले उचित समयमा तपाईंका हृदयका चाहनाहरू पूरा गरिदिनुहुनेछ! तपाईंले यस शत्रुसित मुकाबिला गर्नुपर्दैन; किनकि *'लड़ाइँ तिमी-हरूको होइन, तर परमेश्‍वरको हो'* (२ इतिहास २०:१५)। *'परमप्रभु तिमीहरूको निम्ति लड्नुहुनेछ; तिमीहरू चुपचाप बस!'* (प्रस्थान १४:१४)।

**भजन ३७:५-६ः** अथवा हामी मानि-लिऔंः कसैले तपाईंको शब्दको बेठीक उद्धरण गरेको, तपाईंलाई झूटा आरोप लगाएको वा तपाईंको निन्दा गरेको होला। त्यसमा रत्तीभर सत्य केही कुरा भए तिनी-हरूको कुरा स्वीकार गर्न यति गाह्रो हुने-थिएन नै। तर तिनीहरूको कुरा एकदमै झूटा र द्वेषपूर्ण छ। यस हातलमा हामीले के गरे ठीक होला? सारा मामिला परमप्रभुको हातमा सुम्पनुहोस्! यसको समस्त भार परमप्रभुको हातमा राखिछोड्नुहोस्! उहाँलाई तपाईंको पक्षमा काम गर्न दिनुहोस्! तब तपाईं पूरा निर्दोष ठहरिनुहुनेछ। तपाईं निर्दोष हुनुहुन्छ भन्ने कुरा सबैको निम्ति सुस्पष्ट हुनेछ। यस विषयमा श्री अल्बर्ट बार्नसले यसो भनेका छन्ः

> 'हुन सक्छ, कसैद्वारा तपाईंलाई झूटा आरोप लगाइएको होला, तपाईंको मानहानि गरिएको होला र तपाईं धुम्म लागेको अवस्थामा हुनुहुन्छ होला; हुन सक्छ, दुष्ट मानिसहरूका हमलाहरू सामना गर्न नसकिने गरी तपाईंको विरोधमा निन्दाको रूपमा आइरहेका हुन्छन् होलान्; तब तपाईंले आफ्नो मामिला परमेश्‍वरको हातमा सुम्पनुपर्छ। तपाईंले आफ्नो मामिला उहाँको हातमा सुम्पनुभयो भने उहाँले नै तपाईंको इज्जत जोगाइराख्नुहुनेछ र त्यो कालो बादल हटाएर

छरपस्ट पार्नुहुनेछ। तब तपाईंको चरित्रमा कुनै कलङ्क रहनेछैन, तर तपाईंको आचरणको विशुद्ध अभिप्रायको विषयमा तपाईंको गवाही कुनै शङ्का नरहने गरी छ्याङ्ङै उघ्रिएको आकाशमा सूर्यझैं चम्किलो हुनेछ।' 34)

**भजन ३७:७-८:** आफ्नो मार्ग परमप्रभुको हातमा सुम्पिसकेपछि अर्को कदमचाहिँ उहाँमा बिसाउनु हो। उहाँले हाम्रो भारी बोक्दै हुनुभएको हुनाले हामीले आफ्नो भारी बोक्न छोड्नुपर्छ, हामीले आफ्नो भारी बोक्नुहुँदैन। तर के गर्ने? हामी प्रायः ठीक त्यही गरिपठाउँछौं। हामीले अनिश्चयको साथ आफ्नो चिन्ताको भारी उहाँमाथि त लगाइदिन्छौं, तर त्यसपछि हामी जसोतसो त्यो फेरि उठाएर बोक्न थालिहाल्छौं, कसरी?

मेरो निम्ति परमेश्वरको यो चाहना हो, कि
हरेक दिनको चिन्ताको भारी म उहाँमाथि लगाइराखूँ।
उहाँले मलाई यो आज्ञा पनि दिनुभयोः
'ममाथिको भरोसा कतै नफाल!'
तर उफ्, म कति मूर्ख रहेछु नि!
बेहोशी भएको बेलामा म प्रभुमाथिको सारा भरोसा फालेर आफ्ना फिक्रीहरूको सारा भार फेरि आफैले बोकिरहेछु।

श्री टी. बेयड

*'... र धीरजसँग उहाँको बाटो हेर!'* यस खण्डमा परमप्रभु घरिघरि ख्रीष्ट-विश्वासीको आशिषको स्रोतको रूपमा प्रस्तुत गरिनुभएको छ, जस्तैः

**क)** *भजन ३७:३:* 'परमप्रभुमाथि भरोसा राख!'

**ख)** *भजन ३७:४:* 'परमप्रभुमा मग्न होऊ!'

**ग)** *भजन ३७:५:* 'आफ्नो मार्ग परमप्रभुलाई सुम्प!'

**घ)** *भजन ३७:७क:* 'परमप्रभुमा अड़ेस लाग!'

**ङ)** *भजन ३७:७ख:* 'धीरजसँग उहाँको बाटो हेर!'

धीरज धारेर उहाँको बाटो हेर्नु हामीलाई कहिलेकाहीं सबैभन्दा गाह्रो पर्छ। किनभने धीरज धार्ने कुरामा हामी एकदम कमजोर छौं। तर हामीसँग साँचो विश्वास छ भने परमेश्वर आफूले प्रतिज्ञा गर्नुभएको कुरा पूरा गर्न सक्षम हुनुहुन्छ भन्ने आशा लिएर हामी ढुक्क भएर पर्खन सक्छौं (रोमी ४:२१)।

*'रिस थाम र क्रोध त्याग! मनलाई अमिलो नपार!'* दोस्रो पल्ट दाऊदले हामीलाई यो आदेश किन दिएर छोड्छन्? 'आफ्नो मन अमिलो नपार' भन्ने यो आज्ञा यहाँ किन दोहोऱ्याइएको? निश्चय नै यस आज्ञामाथि जोर दिनु आवश्यक परेको कारणले यो दोहोरिएको हो। 'मसँग गरिएको यस दुर्व्यवहारको खातिर म विचलित हुँदिनँ' भन्ने दृढ़ संकल्प लिएर पनि प्रायः हामी त्यही कुरा फेरि उठाएर आफ्नो मनमा यो पङ्क खेलाउन थाल्छौं। तर त्योजस्तो हानिकारक र हार खुवाउने कुरा अरू केही नहोला। यसकारण दुष्ट मानिस आफ्नो बाटोमा सफल भयो भने, र आफ्ना दुष्ट युक्तिहरू पूरा गर्नमा त्यो सफल भयो भने पनि हे ख्रीष्ट-विश्वासीहो, तपाईं विचलित हुनुहुँदैन र रिसराग राख्नुहुँदैन, क्रोध, द्वेष र ईर्ष्या राख्ने कुरा परै जाओस्! हामीले आफैलाई यस प्रकारका खराब मनोभावनाहरूको वशमा सुम्पन्छौं भने यी विकृत भावनाहरू हिंसात्मक शब्द र काम-हरूमा परिणत हुन जालान्। तब हामी आफै दोषी अपराधी ठहरिनेछौं।

**भजन ३७:९-११:** त्यो सुदिन आउने नै छ, जुन दिनमा यस पृथ्वीमा गरिएका सबै अन्यायहरू सठीक पारिनेछन्। त्यस समयमा दुष्टहरू नष्ट हुनेछन्, र परमेश्वरमाथि भरोसा राख्ने पवित्र जनहरूले उहाँले प्रतिज्ञा गर्नु-भएका सबै आशिषहरू अधिकार गर्नेछन्। अब धेरै बेर लाग्दैन, र दुष्टहरू एकै क्षणमा

यस धरतीरूपी मञ्चबाट हराइजानेछन्। तिनीहरूलाई तिनीहरूका अखाड़ा र अड्डा-हरूमा यत्नपूर्वक खोज्ने हाम्रो तलाश व्यर्थै हुनेछ। त्यस दिनमा नम्र जनहरू पृथ्वीका हकवाला हुनेछन्, र उनीहरूले यसको अभूतपूर्व समृद्धि उपभोग गर्नेछन्। त्यस सुदिनको शुरु कहिले होला? मण्डलीको निम्ति त्यो सुदिन त्यस बेलामा शुरु हुनेछ, जुन बेलामा मुक्तिदाता प्रभु उहाँको बाटो हेर्ने मानिसहरूलाई उठाईकन उनीहरूलाई उनी-हरूको स्वर्गको अनन्त घरमा लैजान बादल-हरूमा ओर्लेर आउनुहुनेछ। इस्राएली जातिको बाँकी भागरूपी विश्वासीहरू र अन्यजाति-हरूको निम्ति त्यो सुदिन तब शुरु हुनेछ, जब प्रभु येशू आफ्ना शत्रुहरूलाई नाश गर्न र हजार वर्षसम्म आफ्नो शान्तिको राज्य स्थापित गर्न यस पृथ्वीमा फर्केर आउनुहुनेछ। डाँड़ाको उपदेशमा प्रभु येशूले निम्न शब्दहरू भनेर यस महिमित दिनको बाटो हेर्नुभएको थियो: *'नम्र हुनेहरू धन्य हुन्, किनकि उनीहरू पृथ्वीका अधिकारी हुनेछन्'* (मत्ती ५:५)।

**भजन ३७:१२-१३:** त्यस दिनसम्म ठगाहाहरू, शोषकहरू र अत्याचारीहरूले परमेश्वरका छोराछोरीहरूको विरुद्धमा अझै पनि युक्तिहरू रच्लान्; केही छैन। तिनीहरूले परमप्रभुलाई प्रेम गर्नेहरूप्रति तिक्त शत्रुता राख्छन्। तर परमप्रभु तिनीहरूको दाह्रा किटाइले अलिकति पनि विचलित हुनुहुन्न; किनकि उहाँ जान्नुहुन्छ, कि सबै कामकुरा-हरूको लेखा दिने दिन अब धेरै टाढ़ा छैन। हामीले आफ्ना शत्रुहरूको विषयमा यस प्रकारको बेवास्ता गरेको दृष्टिकोण अपनाउनु हाम्रो निम्ति उत्तम हो। आउनुहोस्, हामी एकजना अज्ञात भाइले दिएको सल्लाह-अनुसार साधारण मानिसहरूको दुनियाँ आफ्नो पछाड़ि छोड़िराखौं!

**भजन ३७:१४-१५:** के सत्यतालाई सधैं फाँसी दिइन्छ र अन्याय सधैं सिंहासनमाथि बसालिन्छ र, जस्तो प्रायः देखा परेको छ? दुष्टहरू हतियारहरूले सुसज्जित र पूरा तालिम-प्राप्त भएका हुन्छन्। तिनीहरूको तुलनामा धर्मी जनहरूसित के पो छ र? उनीहरूसँग यस प्रकारका उपयोगी साधनहरू नहोलान्, र उनीहरू तिनीहरूजत्तिकै चलाख नहोलान्। तर नैतिकता-जगत्मा केही अटल र स्थिर नियमहरूले काम गरिरहेका हुन्छन्। यसकारण यी नियमहरू भङ्ग गर्नेहरूको मार्ग अन्तमा कठिन हुन्छ। पाप धुरीबाट कराउँछ भन्ने आहान छ। मानिसहरू आफ्ना पापहरू-देखि सधैं उम्कन सक्दैनन्। तिनीहरूका पापहरूले तिनीहरूलाई कुनै न कुनै दिनमा फेला पार्ने नै छन्। आफूले अर्कालाई हानेको हतियार आफैतिर फर्कन्छः *'तिनीहरू तरवार तिनीहरूकै मुटुभित्र पस्नेछ।'* तिनीहरूलाई तिनीहरूका हतियारहरू बढ़ी आवश्यक परेको समयमा यी हतियारहरूले काम गर्न छोड्ने-छन्: *'तिनीहरूका धनुहरू भाँचिनेछन्।'*

**भजन ३७:१६:** एकैजना धर्मी जनको थोरै सम्पत्ति धेरै दुष्टहरूको थुप्रै धनसम्पत्ति-भन्दा उत्तम हो; किनकि परमेश्वरको जनसित प्रभु हुनुहुन्छ; तर पापी मानिससँग प्रभु हुनुहुन्न। हिब्रूहरूलाई पत्र लेख्ने लेखकले ख्रीष्ट-विश्वासीले ख्रीष्ट येशूमा पाएको सारा अनुपम धनको बारेमा उल्लेख गरिसकेपछि यसो भनेर यसको ठीक विपरीत कुरा पनि पेश गरेछन्: *'तिमीहरूको चाल पैसाको लोभरहित भएको होस्; तिमीहरूसँग जे कुराहरू छन्, तिनैमा सन्तुष्ट होओ! किनकि उहाँ आफैले भन्नुभएको छः "म तिमीलाई कुनै रीति छोड्नेछैनँ, न ता तिमीलाई कुनै रीतिले त्याग्नेछु"'* (हिब्रू १३:५)।

**भजन ३७:१७-१८:** *'दुष्टहरूका पाखुरा भाँचिनेछन्।'* तिनीहरूको पाखुरामा तिनी-हरूको बल बुझिन्छ। तर धर्मी जनहरूको हालत यस्तो हुँदैन। अपरम्पार शक्तिले सुसम्पन्न हुनुभएको परमप्रभुले उनीहरूलाई

सम्हाल्नुहुन्छ। सीधा चाल चल्नेहरूको आयु कति हुने हो, उनीहरूको जीवनभरि उनीहरूलाई के-के हुने हो, र अन्तमा उनीहरूको जीवन कहाँ टुङ्गिने हो, सो उहाँ जान्नुहुन्छ। धर्मी जनहरूको अधिकारको भाग सदा रहिरहनेछ – त्यो पनि उहाँ जान्नुहुन्छ। उनीहरूको अधिकारको भागचाहिँ अविनाशी, निष्कलङ्क र कहिल्यै नओइलिने पैतृक सम्पत्ति हुँदो रहेछ, जुनचाहिँ उनीहरूको निम्ति स्वर्गमा साँचिराखिएको छ, जो अन्तिम समयमा प्रकट हुन तयार भएको मुक्तिको निम्ति परमेश्वरको शक्तिले विश्वासद्वारा सुरक्षित हुन्छन् (१ पत्रुस १ः४-५)।

**भजन ३७ः१९ः** कठिन समयहरू आउँदा पवित्र जनहरू आफ्नो विश्वासको खातिर शर्ममा पर्नेछैनन्। किनभने उनीहरूसँग गुप्त आत्मिक साधनहरू छन्, जुन साधनहरूले उनीहरूलाई कुदिनमा मद्दत गर्छन्। अभावको समयमा उनीहरू विशेष प्रकारको भरपूरीको अनुभव गर्छन्। एक त, उनीहरू बलिदानयुक्त जीवन जिउन सिकेका हुन्छन्; यसकारण भाँड़ामा चामल रित्तिन लाग्दा पनि उनीहरूलाई कुनै हानि भएको जस्तो लाग्दैन। अनि उनीहरूसँग प्रभु हुनुहुन्छ; उहाँ उनीहरूको निम्ति उजाड़स्थानमा पनि भोज तयार गर्न सक्षम हुनुहुन्छ। परमेश्वरले उनीहरूको खाँचो पूरा गर्नको निम्ति कसरी अलौकिक प्रकारले प्रबन्ध गरिदिनुहुन्छ भन्ने आश्चर्यकर्म उनीहरूले घरिघरि देख्ने सौभाग्य पाउँछन्। अनि यस किसिमको स्वर्गीय मन्नाबाट विशेष मिठास आउँछ।

**भजन ३७ः२०ः** *'तर दुष्टहरू नाश हुनेछन्।'* यस भजनभरि परमप्रभुका शत्रुहरूको निम्ति मृत्युको घण्टी बजिरहेकै छ। तिनीहरू विभिन्न नामले चिनिन्छन्, जस्तैः दुष्टहरू, कुकर्मीहरू, भक्तिहीन हुनेहरू, आफ्नो मार्गमा फलिफाप हुनेहरू, दुष्ट युक्ति रच्नेहरू, परमप्रभुका शत्रुहरू, उहाँका श्रापित हुनेहरू, दुष्टका सन्तानहरू र अपराधीहरू। यस भजनमा 'दुष्ट' भन्ने शब्द चौध पल्ट उल्लेख गरिएको छ, र यस भजनको मुख्य विषयहरूमा एक भएको छ।

परमप्रभुका शत्रुहरू खर्कहरूको वैभवसित तुलना गरिएका छन्। एक दिन ती खर्कहरू जङ्गली फूलहरू र मौलिने घाँसले हरिला-भरिला हुन्छन् भने, अर्को दिन घाँस काट्नेहरूले ती खर्कहरूको घाँस काट्लान् अथवा ऋतुको हेरफेरमा ती खर्कहरू सुकेर जालान्। यसरी सारहीन भई ती दुष्टहरू धूवाँझैं बिल्नेछन्।

**भजन ३७ः२१ः** दुष्ट मानिसले ऋण लिन्छ, तर ऋण तिर्दैन। कि त त्यसले ऋण तिर्ने कुरा बेवास्ता गर्छ, कि त त्योसँग ऋण तिर्ने पैसा हुँदैन। तर यत्रो पैसा भएको मानिसले किन ऋण तिर्न सक्दैन? किनभने त्यो जहिले पनि अरू कबुल र प्रतिबद्धले बाँधिएको हुन्छ। पैसाको लोभले त्यसले यता लगानी गरेको र उता पनि लगानी गरेको हुन्छ। अनि जब त्यसलाई घाटा पर्छ, तब त्यसले त्यस घाटाको पूर्ति गर्न अर्को ऋण लिन्छ। फलानाको ऋण तिर्न ढिकानोबाट ऋण काढ्ने दस्तुर पुरानो छ। त्यसले बाँकीमै आफ्नो 'राज्य' निर्माण गर्छ, तर विभिन्न असफलताहरू भोग्नुपर्दा त्यसले घट्दै गएको धनमा टेको लाउने सकभर कोशिश गर्छ। त्यसको समृद्धिको भेषको पछाड़ि त्यसको आर्थिक अव्यवस्था लुकेको रहेछ।

धर्मी जनहरूचाहिँ प्रायः धनी हुँदैनन्, तर उनीहरू उदारचित्तका हुन्छन्। उनीहरूको निम्ति लिनुभन्दा दिनु नै धन्यको ठहरिन्छ। 'ख्रीष्ट-विश्वासीले साँच्चै कुनै दान दिन चाह्यो भने, उसलाई कहिल्यै दान दिने साधनको अभाव हुनेछैन' भन्ने कुराको निम्ति उनीहरू साक्षी बसेका छन्। यस विषयमा प्रेरित पावलले यो शिक्षा दिएका छन्ः *'अनि तिमीहरू सधैंभरि सबै कुराहरूमा पूरा*

*भरिभराउ भएर हरेक असल कामको निम्ति भरपूर होओ भनेर तिमीहरूलाई प्रशस्त गरी सबै अनुग्रह दिन परमेश्वर सामर्थी हुनुहुन्छ'* (२ कोरिन्थी ९:८)।

**भजन ३७:२२:** धर्मी जनहरू र दुष्ट-हरूको भाग्य परमप्रभुसित तिनीहरूको सम्बन्धमा निर्भर गर्छ। विश्वासद्वारा धर्मी ठहरिएकाहरू प्रभुमा आशिषित हुन्छन्; उनीहरूले देश अधिकार गर्नेछन्। तर जस-जसले परमेश्वरले तिनीहरूको निम्ति उपलब्ध गर्नुभएको मुक्तिको दान अस्वीकार गर्छन्, तिनीहरूले आफूलाई उहाँको रन्थनाउने श्रापमनि राख्छन् र यस अशुभ ठहरको योग्य ठहऱ्याउँछन्; तिनीहरू नाश हुनेछन्।

**भजन ३७:२३-२४:** *'असल मानिसका पाइलाहरू परमप्रभुद्वारा सुव्यवस्थित हुन्छन्।'* 'असल' भन्ने शब्द मूल-पाण्डुलिपिमा छैन, तर २३ र २४ पदमा यस प्रकारको साङ्केतिक अर्थ लाग्छ; किनभने परमेश्वरले निश्चय यस मानिसको निम्ति उसका मार्ग र चालको योजना बनाउनुभएको छ र सुव्यवस्थित गर्नुहुन्छ, जुन मानिस उहाँको सङ्गतिमा जिउँछ र उहाँको सम्पर्कमा रहिरहन्छ। अनि जसका चालहरूले उहाँलाई खुशी तुल्याउँछन्, उसलाई नै उहाँ सम्हाल्नुहुन्छ। यस्तो मानिस पापका परीक्षाहरूमा र सङ्कष्टहरूमा पर्न सक्ला, तर ती परीक्षा र सङ्कष्टहरूले उसलाई पूरा निल्दैनन्; किनकि प्रभुले उसलाई आफ्नो हातले समातिराख्नुहुन्छ। अनि यो कुरा पनि सम्भव छ, कि धर्मी मानिस पापमा पर्ला, तर प्रभुले यस अवस्थामा पनि उसलाई त्याग्नु-हुनेछैन। तर पापमा पतित हुने कुरा यस पदको सन्दर्भ होइन।

**भजन ३७:२५:** दाऊदले यो भजन लेख्दा तिनी बूढ़ा मानिस भइसकेका थिए। तिनले आफ्नो जीवनभरि धर्मी जनलाई त्यागिएको वा उसका सन्तानहरूले रोटीको भीख माग्दै गरेको देखेका थिएनन्। ठिक्कै छ, कसैले यसको विषयमा 'होइन, होइन! मैले यस्तो कुरा देखें' भनेर आफ्नो आपत्ति जनाउन चाहला। यस मानिसलाई हामी जवाफमा दुईवटा कुराहरू भन्न चाहन्छौं। एक, दाऊदले भन्न खोजेको कुराको तात्पर्य यसो हुन सक्छः तिनले अन्तमा धर्मी जनलाई त्यागिएको कहिल्यै देखेनन्। अथवा दुई, तिनले यहाँ एउटा सर्वमान्य नियम प्रस्तुत गरेको सम्भव छ, जुन नियममा कताकतै केही अल्प-अपवादहरू पनि होलान्। पवित्र धर्मशास्त्र बाइबलमा यसका धेरै उदाहरण छन्। किनकि पवित्र बाइबलमा प्रायः आत्मिक नियम-हरूको विषयमा सामान्य शिक्षा पेश गरिन्छ। अनि अपवादहरूले कुनै नियमको सर्वमान्य कुल अर्थ खारिज गर्न सकेका छैनन्।

**भजन ३७:२६:** धर्मी जनले आफ्ना छोराछोरीहरूलाई भीख माग्न पठाउने कुरा परै रहोस्! उसले उदारचित्तले दान पो गर्छ र ऋण पनि दिने गर्छ। परमेश्वरको वचन-अनुसार ऊ मेहनती र कम खर्चिलो भई किफायती हुन्छ, र पैसा र साधनहरूको जतन गर्छ। मेहनत गरेर, फिजुल खर्च नगरेर, चीजबीजहरू बरबाद नगरेर र आवश्यकता-भन्दा बढ़ी नखोजेर उसले खर्च जोगाउँछ र खाँचोमा परेकाहरूलाई सहयोग गर्छ। उसका सन्तान-दरसन्तानहरू आशिषको कारण बन्छन्; किनकि यिनीहरूले यी पाठहरू घरमै सिकेका छन् र आफ्नो जीवनभरि यी नियमहरू पालन गरिरहन्छन्।

**भजन ३७:२७:** *'खराबीदेखि अलग रह, र भलाइ गर, र सदा रहिरह!'* पवित्र बाइबलका केही पदहरूमध्ये यो एउटा हो, जुन पदले असल कामहरूद्वारा मुक्ति पाइन्छ भन्ने कुरा सिकाएको भान गराउँछ। तर एफेसी २:८-१० र तीतस ३:५ पदहरूबाट हामी जान्दछौं कि पवित्र बाइबलको शिक्षा यो होइन रहेछ। तर हामी यस पदबाट यस निष्कर्षमा आइपुग्छौं, कि मुक्ति पाएको मानिसले

भलाइका कामहरू गर्छ-गर्छ। अनि विश्वास-योग्य पवित्र जनहरू ती मानिसहरू हुन्, जो सदा-सर्वदा रहिरहन्छन्।

**भजन ३७:२८:** परमप्रभु न्यायपरायण हुनुहुन्छ। यसकारण यस न्यायको मन पराउने आफ्नो सद्‌गुणअनुसार उहाँले आफ्ना पवित्र जनहरूलाई अनन्तसम्म सुरक्षित राख्नुहुनेछ। पवित्र जनहरू आफैमा अनन्त जीवन पाउनु योग्य हुँदैनन्, तर ख्रीष्ट येशूले क्रूसमा मरेर उनीहरूको निम्ति अनन्त जीवन किनिदिनुभएको छ; अनि परमेश्वरले त्यस किनबेचका सर्तहरू कदर गर्नुहुन्छ।

भजनकार ख्रीष्ट-विश्वासीहरूको सुरक्षामाथि केन्द्रित रहेर यसको विषयमा मनन-चिन्तन गर्न खूब रुचाउँछन् (भजन ३७:१८, २४, २८ र ३३)। जतिजनाले प्रभु येशू ख्रीष्टमाथि विश्वास गरेर नयाँ जन्म पाएका छन्, उनीहरूले अनन्तसम्म मुक्ति पाएको सत्यता परमेश्वरको वचनको अधिकार आधारित जान्न सक्छन्। यस सिलसिलामा श्री एफ. डब्ल्यू. डिक्सनले यसो भनेका छन्:

> ‘के तपाईंले मुक्तिको निश्चयता हराउनुभएको छ? तब तपाईंको निम्ति मुक्तिको निश्चयता फेरि प्राप्त गर्ने एउटै उपाय छः परमेश्वरको वचन लिनुहोस्! परमेश्वरको वचन लिनुहोस् र विश्वास गर्नुहोस्! तपाईं उहाँकै हुनुहुन्छ; तपाईं सुरक्षित हुनुहुन्छ, सम्पूर्ण रूपले सुरक्षित हुनुहुन्छ भन्ने कुरा उहाँ आफैले भन्नुभएको हो। “म तिमीलाई कहिल्यै छोड्नेछैनँ” भन्ने वचन उहाँकै हो। यस प्रकारको औषधी बढ़ी सेवन गर्नुहोस्!’ **35)**

हो, धर्मी जनहरू सदा-सर्वदा सुरक्षित रहिरहनेछन्; तर दुष्टहरू र तिनीहरूका सन्तानहरूचाहिँ नाश हुनेछन्। मुक्ति नपाएका मानिसहरूको विनाशको बारेमा विचार गर्नु एउटा बड़ो दुःखलाग्दो कुरा हो। अनन्त-अनन्तसम्म परमेश्वरबाट अलग, ख्रीष्ट येशूबाट अलग र आशाबाट अलग, यो कस्तो विषादी विषय हो!

**भजन ३७:२९:** मसीह राजाको शासन-अन्तर्गत यस देशमा जिउन पाउनुचाहिँ इस्राएली जातिको निम्ति प्रमुख आशा थियो। यहूदी भक्त जनहरूसँग स्वर्गको आशा पनि थियो (हिब्रू ११:१०)। तर त्यस शान्ति र समृद्धिको सुनौलो युगमा इस्राएल देशमा भौतिक आशिषहरू उपभोग गर्न पाउने कुरामाथि पुरानो नियमको समयमा जोर दिइएको थियो। *‘धर्मी जनहरू देशका हकवाला हुनेछन् र सदा-सर्वदा त्यसमा बसिरहनेछन्’* भन्ने कुरा पढ़दाखेरि हामीले याद गर्नुपर्छः यस पृथ्वीमा ख्रीष्ट येशूको राज्य एक हजार वर्षसम्म रहनेछ, र त्यसपछि त्यो परमेश्वरको अनन्त राज्यमा परिणत हुनेछ। अनि यो पनि सम्भव देखिन्छ, कि उद्धारप्राप्त इस्राएली जातिले प्रकाश २१:१ पदमा उल्लेख गरिएको नयाँ पृथ्वीमा बसोबास गर्न पाउनेछ; तिनीहरूको अनन्त अवस्था यही हुनेछ होला। यसो हो भने, देश सदा-सर्वदा अधिकार गर्न पाउने यो प्रतिज्ञा त्यतिखेरै अक्षरशः पूरा हुनेछ।

धर्मी जनहरू र दुष्टहरूको बीचको भिन्नता केमा छ, सो तुलना गरेर देखाउने काम अझ सकिएको छैन।

**भजन ३७:३०-३१:** धर्मी मानिसको बोली बुद्धिले भरपूर हुन्छ। उसले जे भन्छ, त्यो विवेकपूर्ण हुन्छ, त्यो बाइबलीय हुन्छ र त्यसमा ठोस कुरा हुन्छ। उसले टेढ़ामेढ़ा र छलकपटको कुरा होइन, तर न्यायपूर्ण कुरा गर्छ। उसले नित्य परमेश्वरको वचन मनन गर्छ; अनि यही कुराले उसका पाइलाहरू चिप्लेर पाप र शर्ममा पर्नदेखि जोगाउँछ। श्री सी. एच. स्पर्जनले यस प्रकारको टिप्पणी गरेका छन्:

**क)** धर्मी जनसँग सर्वोत्तम कुरा छः परमेश्वरको व्यवस्था।

**ख)** परमेश्वरको वचन सर्वोत्तम ठाउँमा राखिएको छः उसको हृदयमा ।

**ग)** परमेश्वरको वचनले सर्वोत्तम परिणाम ल्याउँछः उसका पाइलाहरू चिप्लँदैनन् ।

**भजन ३७ः३२-३३ः** *'दुष्टले धर्मी जनलाई ताकिबस्छ र उसलाई मार्न खोज्छ ।'* दुष्ट मानिसले निर्दोषमाथि झम्टेर उसलाई नाश गर्ने दाउ हेरिरहन्छ। तर परमप्रभुले निर्दोषलाई न उसको शत्रुको हातमा छोड्नुहुन्छ, न ता उसको विरुद्धमा मुद्दा चल्दाखेरि उहाँले उसलाई दोषी साबित हुन दिनुहुन्छ। परमेश्वर आफ्ना सबै जनहरूको रक्षक र वकील हुनुहुन्छ ।

**भजन ३७ः३४ः** *'परमप्रभुको बाटो हेर र उहाँको मार्ग पक्रिराख !'* यसकारण हाम्रो सर्वोत्तम नीतिचाहिँ परमप्रभुको बाटो हेर्नु अर्थात् उहाँमाथि भरोसा राख्नु हो, साथै उहाँको मार्ग पक्रिराख्नु अर्थात् उहाँको आज्ञापालन गर्नु हो। प्रभु येशूमाथि भरोसा गर्नुहोस् र आज्ञाकारी हुनुहोस् ! ख्रीष्ट येशूमा सुखी हुने अर्को तरिका छैन। सही तरिका यही हो ।

कुरा अझ टुङ्गिएको छैन। छैटौं पल्ट भजनकारले यो प्रतिज्ञा गरेका छन्, कि परमप्रभुको बाटो हेर्ने र उहाँको मार्ग पक्रि-राख्नेहरू देशका हकवाला हुनेछन् । त्यसपछि तिनले यस प्रतिज्ञाको निम्ति अर्को निश्चयता थप्छन्। दुष्ट मानिसहरू नाश हुँदा ख्रीष्ट-विश्वासीहरू दर्शक मात्र हुनेछन्। त्यो भयावह दृष्टिबाट उनीहरूले कुनै आनन्द लिनेछैनन्; तर उनीहरू न्यायमा पर्नदेखि पूरा मुक्त हुनेछन् ।

**भजन ३७ः३५ः** *'मैले दुष्टलाई बड़ो सामर्थी भएको र देशको हरियो रूखझैं फैलेको देखेको छु ।'* दाऊदमा मानिसको जन-जीवन ध्यानपूर्वक अवलोकन गरेर यसबाट ज्ञान हासिल गर्ने गुण थियो। एक समयमा तिनले एक रोबदार दुष्ट मानिसलाई नियालेर हेर्दैथिए, जो देशको माटोमा सप्रेको ठूलो पीपलको रूखजस्तै चारैतिर फैलिरहेको थियो। तिनले हाम्रो ध्यान आकर्षण गर्न खोज्ने विचार यस प्रकारको छः त्यो रूख कहींबाट सरेर आएको होइन, त्यहाँबाट उम्रेको हो। त्यो रूख जहाँ उम्रेको थियो, त्यही माटोमा हुर्केर हृष्टपुस्ट र अत्यन्त ठूलो भएको थियो। ठीक त्यो रूखजस्तै त्यो दुष्ट मानिस धनी र शक्तिशाली भएको थियो ।

**भजन ३७ः३६ः** तर केही समयपछि दाऊद त्यही ठाउँबाट भएर जाँदाखेरि त्यो मानिस थिएन, तर मरिसकेको थियो । तिनले त्यसको खोजी गरे, तर त्यसलाई कहीं पनि भेट्टाएनन्। त्यस मानिसले केही समयको निम्ति मात्र उन्नति गऱ्यो । त्यसको प्रताप थोरै समयको निम्ति थियो; त्यसपछि त्यो मानिस गइगयो; अनि त्यसको धन र प्रताप पनि गइगए ।

**भजन ३७ः३७-३८ः** *'सिद्ध मानिसलाई चिनिराख र सीधा चाल चल्नेलाई हेर !'* भजनकारले हाम्रो ध्यान निर्दोष मानिसमाथि खिच्न खोज्छन्, जो सीधा चालमा चल्छ। ऊ र अपराधीहरूको बीचमा कत्रो भिन्नता छ ! के तपाईंले यसको याद गर्नुभयो ? शान्तिप्रिय मानिसको भावी सन्तान हुने रहेछ; तर दुष्टहरूको भविष्य खतम हुनेछ। शान्तिप्रिय मानिसको विषयमा श्री अगस्ट थोलुकले के भनेका छन् भने, 'शान्तिप्रिय मानिसको अन्त उत्तम हुनेछ।' तर दुष्ट मानिसहरूको भविष्य योजस्तो उज्ज्वल हुनेछैन ।

**भजन ३७ः३९-४०ः** धर्मी जनहरूको सबैभन्दा ठूलो धन परमेश्वरसितको उनी-हरूको सम्बन्ध हो। सङ्कष्टको समयमा उहाँ उनीहरूको उद्धारक र उनीहरूको बल हुनुहुन्छ। ख्रीष्ट-विश्वासीहरू खाँचोमा परेको समयमा सहज-बुद्धिको प्रेरणाले तत्कालै

परमेश्वरको सहारा लिन्छन् – यसमा अचम्म मान्नुपर्ने केही पनि छैन । उनीहरू उहाँमाथि भर परेको हुनाले उहाँले उनीहरूलाई सहायता गर्नुहुन्छ, उनीहरूलाई छुटकारा दिनुहुन्छ र उनीहरूलाई जोगाउनुहुन्छ। यो उनीहरूको अनुभव हो। के तपाईं सङ्कष्टमा पर्नुभएको छ? तब प्रभु येशूमाथि भरोसा राख्नुहोस्! उहाँले तपाईंलाई सहयता गर्नुहुने नै छ।

## भजन ३८ः पापको निम्ति गरिएको शोक

यस भजनको तेस्रो पदमा 'मेरो पाप', चौथो पदमा 'मेरो अधर्म', पाँचौं पदमा 'मेरो मूर्खता' र एघारौं पदमा 'मेरो घाउ' भनेर नलेखिएको भए शायद हामीले यो भजन मुक्तिदाता प्रभुको दुःखकष्टको सन्दर्भमा लेखिएको अनुमान लाउन सक्नेथियौं। यस भजनको बाँकी भागमा प्रभु येशूले दुवै परमेश्वर र मानिसहरूको हातबाट कष्ट भोग्नुभएको अर्थ लगाउनु केही हदसम्म ठीक होला; तर यस भजनको प्रमुख व्याख्याचाहिँ दाऊदको जीवनमा घटेको घटना हुनुपर्छ, जुन समयमा तिनले गरेको कुनै पापको खातिर मानसिक र शारीरिक यातना भोग्नुपरिरहेको थियो।

**भजन ३८ः१-४ः** शुरुमा दाऊदले आफ्ना दुःखकष्टहरू क्रोधित हुनुभएको परमेश्वरको हप्की र उहाँको तातो रिसको ताड़ना सम्झेर परमप्रभुलाई यस प्रकारको घेराबन्दी छोड़िदिने आग्रह गर्छन्। सर्वशक्तिमान्‌का काँड़हरूले भजनकारको मन र शरीर आफ्ना निशाना बनाएका छन्; अनि परमेश्वरको गह्रौं हातले तिनलाई बेसरी थिचेको छ। ईश्वरीय क्रोध सहेर तिनको सम्पूर्ण शरीर बिरामी भएको छ। तिनकै पापले गर्दा त्यो बिमार तिनका हड्डीहरूमा घुसेको छ। तिनका अधर्महरूको निम्ति अब कुनै बहानै छैन; किनकि ती सबैको निम्ति तिनी कायल भएका छन्। उर्लिरहेका विशाल छालहरूझैं ती तिनीमाथि बज्रिएका छन्; अनि तिनका अधर्महरूको ठूलो वजनले तिनको बल चूर पारिदिएको छ।

**भजन ३८ः५-८ः** तिनको शरीरभरि गन्हाउने सड़ेका घाउहरू फुटेका छन्; अनि यो किन यस्तो भएको हो, यस विषयमा तिनलाई कुनै शङ्का छैन। तिनको पीड़ा दुगुणा बढ़ेको रहेछ; तिनी अति कमजोर र धेरै शिथिल भएका छन् – तर्साउने भूतजत्तिकै शोकको सजीव अवतार तिनी! तिनको शरीर निस्लोट ज्वरोले खँगार बनेको छ; तिनको शरीरको रोग नलागेको कुनै भाग नै छैन; तिनमा रोगसित लड्ने शक्ति रहेको छैन। यस रोगको भारी प्रकोपले गर्दा 'ऐया-आत्था' भन्दै व्यथा कहनुबाहेक तिनी अरू केही गर्न सक्दैनन्।

**भजन ३८ः९-११ः** दाऊदलाई केही हदसम्म सान्त्वना मिलेको छ; किनभने परमप्रभुले तिनको हृदयको वेदना जान्नुभएको छ र यस तिक्त अनुभवद्वारा तिनको मनमा पैदा भएका, तर तिनले कुनै शब्दले व्यक्त गर्न नसकेका भावनाहरू बुझ्नुभएको छ। तर तिनको मुटु अझै पनि तेज गतिमा धड्किरहेको छ, र तिनको बल छिटो-छोटो घट्दै गएको छ; अनि तिनका आँखाहरूबाट सारा चमक हराएको छ। अनि तिनका कुटुम्ब र इष्टमित्रहरू कुष्ठ-रोगीदेखि टाढ़िएझैं तिनीदेखि पर-पर हुन्छन् र तिनका आफन्तहरूले पनि तिनलाई भेट्ने इच्छा गर्दैनन्।

**भजन ३८ः१२-१४ः** हो, तिनको हत्या गर्न खोज्नेहरूले आफ्ना युक्ति, आफ्ना धम्की र आफ्नो दुष्ट्याइँ अझै पनि छोड़ेका छैनन्। तर दाऊदले तिनीहरूका धम्कीहरू नसुनेझैं गरेका छन्; तिनले तिनीहरूका हप्कीको उत्तरमा तिनीहरूलाई कुनै हप्की नदिएर

आफ्नो प्रतिरक्षा वा आफ्नो सफाइ समेत गरेका छैनन्, तर तिनी पूरा चुप रहेका छन्।

**भजन ३८:१५-१७:** तर वर्तमान स्थिति जति नाजुक भए तापनि तिनी आशाविहीन भएका छैनन्। तिनीसँग परमेश्वरले तिनलाई उत्तर दिनुहुनेछ भन्ने निश्चयता अझै जारी रहेको छ। तिनका विरोधीहरूले तिनको विनाशमा रमाउन नपाऊन् भन्ने तिनको प्रार्थनाको विन्ती छ। तर यस बेलामा तिनी मानिसले सहन सक्ने हदसम्म असीम वेदनाले मड़ारिरहेका छन्।

**भजन ३८:१८:** दाऊदले पूरा इमानदारीको साथ र चूर्ण हृदयको साथ आफ्नो पाप नलुकाईकन आफ्नो अधर्म मानिलिन्छन् र परमेश्वरबाट माफ माग्छन्। इमानदारीपूर्वक परमेश्वरको सामु आफ्नो पाप मानिलिने जोसुकै व्यक्तिले अवश्य पापको क्षमा पाउँछ। *'जसले आफ्ना पापहरू ढाक्छ, त्यो सफल हुँदैन; तर जसले ती पापहरू मानिलिन्छ र छोड़िदिन्छ, उसले कृपा पाउनेछ।'* योचाहिँ परमप्रभुले लिखित रूपले हामीलाई दिनुभएको उहाँको प्रतिज्ञा हो (हितोपदेश २८:१३)। यसो नहुँदो हो ता कुनै मानिसको निम्ति आशा हुनेथिएन, तर सबै मानिसहरू नाश हुनेथिए।

**भजन ३८:१९-२०:** दाऊद फेरि एकपल्ट आफ्ना शत्रुहरूको विषयमा कुरा गर्न थाल्छन्। तिनी कमजोर र रोगी छन्; तर तिनीहरू फूर्तिला र बलिया छन्। तिनले परमेश्वरको ताड़ना न्यायोचित भएको मानि-लिए; तर तिनका विरोधीहरूले तिनीसँग दुश्मन राखेको ठोस कारण नभएकोले तिनले यसको घोर विरोध गरे। तिनले तिनीहरूलाई दया देखाए, तर यसको सट्टामा तिनीहरूले तिनलाई घृणा गरे। दाऊद परमेश्वरको देखासिकी गर्ने उहाँको चेला थिए र असल कुराको अनुसरण गर्ने उहाँको अनुयायी थिए – योचाहिँ तिनीहरूको यस शत्रुताको जड़ कारण थियो।

**भजन ३८:२१-२२:** यसकाण 'मलाई नत्याग्नुहोस्! मेरो छेउमा बसिदिनुहोस् र मलाई बचाउन हतार गर्नुहोस्' भनेर तिनले परमेश्वरलाई अनुरोध गर्छन्। दाऊदको परमेश्वरले तिनको उद्धारकर्ता परमेश्वर हुनुहुन्छ भन्ने प्रमाण दिऊन्।

## भजन ३९: मनभित्र सल्किएको तापको परिभाषा

**भजन ३९:१-३:** 'मेरो दुर्दशा सीमा नाघ्न लागेको भए तापनि मैले परमप्रभुको विरुद्धमा कुनै प्रकारको विद्रोह वा गनगन नगर्ने दृढ़ सङ्कल्प गरें। विश्वास नगर्ने मानिसहरू मेरो छेउमा होउन्जेल मैले आफ्नो मुख पूरा बन्द राख्ने शपथ खाएँ; किनकि यसो गरेकोमा तिनीहरूले परमेश्वरको पूर्वप्रबन्ध र सञ्चलनको विषयमा कुनै प्रश्न गर्न वा कुनै शङ्का गर्न नपाऊन् भन्ने मेरो चाहना थियो। मनभित्र उकुसमुकुसिएका भावनाहरू पोखिन नदिएर म लाटोजस्तै चुपै लागिबसें। तर मेरो यो चुप लागेको के काम? रिसको राप र अन्योलताले मेरो हृदय झन्-झन् तप्त भयो। प्रभुले मलाई किन यस्तो असाध्यै दुःख सहन दिनुभएको मैले बुझ्न सकिनँ। जति मैले मनको तिक्त व्यथा सहिरहें, त्यति नै भित्रभित्रै यसको चाप बढ्दै गयो। अन्तमा दबिएर रहेका ती सबै दर्दभरी भावनाहरू प्रश्नसूचक प्रार्थनाको रूपमा फुट्ट निस्किहाले।'

**भजन ३९:४-६:** 'हे परमप्रभु, मेरो यो कहालीलाग्दो अनुभव कहिलेसम्म रहने हो, सो मलाई बताइदिनुहोस्! मेरो जीवनमा कति समय बाँकी रहेको र त्यो कहिले सिद्धिन्छ, सो म जान्न पाऊँ। मेरो जीवनको आयु ज्यादाभन्दा ज्यादा मेरो बित्ताभरिको होला। तपाईंको अनन्त गुणको तुलनामा मेरो आयु

गन्तीमै आउँदैन। हामी मानिसहरू बाफजस्तै कति क्षुद्र छौं। हाम्रो जीवन एउटा बढ़िरहेको छाया मात्र हो। आफ्नो गतिविधिमा हामी कति उन्मत्त हुन्छौं, यता-उता कुदिबस्छौं कति-कति ! ? तर अन्तमा यसबाट लाभ के होला नि ? यो हामीलाई थाहै छैन। हामी जीवनभरि आफ्नो धनसम्पत्ति बचत गर्दै र फारोतिनो गर्दै बस्छौं, र त्यसपछि यो सबै बैगुनी, मूर्ख वा पराई मानिसहरूको हातमा छोड़िराख्नुपर्छ, जसले हाम्रो सम्पत्ति उपभोग गर्नेछन्।'

**भजन ३९:७-८:** 'यसो हो भने, मेरो आशा के पो छ, हे प्रभु ? मेरो आशा तपाईंमै छ। तपाईंबाहेक मेरो अरू केही छैन। यसकारण मलाई मेरा सबै अपराधहरूबाट छुटकारा दिनुहोस्, विशेष गरी ती पापहरूबाट मलाई छुटकारा दिनुहोस्, जुन पापहरूले यस किसिमको असाध्य दुःख मेरो जीवनमा ल्याएका छन्। मूर्ख मानिसहरूले मेरो दुर्दशामाथि गिद्धे नजर लाएर यसबाट दुष्ट आनन्द उठाउन पाउने विचार म सहन सक्दिनँ।'

**भजन ३९:९-१०:** 'तपाईंलाई थाह छ, कि यो आपद् ममाथि आइपरेको समयदेखि यता म कसरी चुप लागिबसें; किनकि यो कष्ट तपाईंकै इच्छाद्वारा भएको हो भनी मलाई थाह भयो। तर अब म तपाईंलाई विन्ती गर्छुः तपाईंको ताड़ना दिने हात मदेखि हटाइ-दिनुहोस् ! किनकि ममाथि लगातार परिआउने तपाईंका प्रहारहरूद्वारा म पूरा थाकेको छु।'

**भजन ३९:११:** 'जब तपाईंले कुनै मानिसलाई उसका पापहरूको खातिर विभिन्न अनुशासनद्वारा सुधार्नुहुन्छ, तब दामी लुगा-जस्तै उसको सुन्दर रूप माउकीराले खाएको थाङ्ना पो हुन जान्छ। यसबाट यो कुरा स्पष्ट हुन्छ, कि हामी सबैजना बाफजस्तै कति अल्पकालीन रहेछौं।'

**भजन ३९:१२-१३:** 'यसकारण हे प्रभु, म तपाईंकहाँ आउँछु; मेरो प्रार्थना सुनिदिनुहुन म अनुरोध गर्दछु। मेरो जरुरी विन्ती सुन्नुहोस् र उत्तर दिनुहोस् ! मेरा आँसुहरू देखेर प्रभावित हुनुहोस् ! अन्तमा म तपाईंको दुनियाँमा एक रातको पाहुना, मेरा पितापुर्खाहरूजस्तै एक बटुवा मात्र हुँ। मप्रति नाराज हुन छोड्नुहोस् र न्यायमा दया देखाउनुहोस् भन्ने मेरो विन्ती छ। यस जीवनको मञ्चबाट सधैंको निम्ति बिदा पाउनुभन्दा अगाड़ि म केही समयको लागि स्वास्थ्य र सुख उपभोग गर्न पाऊँ ! किनकि म यस पृथ्वीमा फेरि कहिल्यै देखा पर्नेछैनँ नै।'

## भजन ४०: ख्रीष्ट येशू मृत्युबाट बचाइनुभयो !

*'बलिदान र भेटी तपाईंले चाहनुभएन'* भन्ने सुप्रसिद्ध शब्दहरूले यस भजनको सन्दर्भ सुनिश्चित गरेका छन् (भजन ४०:६-८)। ख्रीष्ट येशू यस भजनको विषयवस्तु हुनुहुन्छ; किनभने हिब्रू १०:५ पदमा यी शब्दहरू प्रभु येशूमाथि लागू गरिएका हुन्। तर यस भजनले एउटा समस्या खड़ा गरेको छ। किनभने यसको पहिलो खण्डमा प्रभु येशूको बौरिउठाइको कुरा गरिएको छ भने, यसको दोस्रो खण्डमा चाहिँ उहाँको क्रूसको वेदना बयान गरिएको देखिन्छ। यहाँ अघिको कुरा पछाड़ि र पछिको कुरा अगाड़ि किन राखिएको छ, सो बुझ्न र बुझाउन गाह्रो छ। कतिजनाको विचारमा, यस भजनको पहिलो खण्ड मुक्तिदाता प्रभुले आफ्नो बौरिउठाइको बाटो हेर्नुभयो, तर मानौं आफ्नो बौरिउठाइ भइसकेको जस्तै कुरा गर्नुभयो अरे। अरू मानिसहरू पनि छन्, जसले यस भजनको अन्तिम खण्डमा उल्लेख गरिएको वेदनापूर्ण प्रार्थना महासङ्कष्टको समयमा बाँकी रहेका यहूदीहरूले चढ़ाउने प्रार्थना हो भन्छन्। तर हामीचाहिँ यस बाइबल-अध्ययनमा सारा

भजन प्रभु येशूको सम्बन्धमा लेखिएको धारणा अपनाउँछौं। यसर्थ यस भजनको पहिलो खण्डको सन्दर्भ उहाँको बौरिउठाइ हो भने, यसको दोस्रो खण्डको सन्दर्भ उहाँको क्रूसका दुःखहरू हुन्। यहाँ कालक्रम भङ्ग भएको कुराले हामी पश्चिमी मानिसहरूको दिमागमा मात्र समस्या सृजना गर्छ; किनभने पूर्वेली मानिसहरूले कालक्रममा सधैं ठूलो महत्त्व देख्दैनन्।

**भजन ४०:१:** यी शब्दहरू बोल्नुहुने व्यक्ति ख्रीष्ट येशू हुनुहुन्छ। उहाँले धीरजसँग परमप्रभुको बाटो हेर्नुभएको थियो। यहाँले प्रभुको प्रार्थना सुनिदिऊन् र उहाँलाई मृत्युबाट छुटकारा दिऊन्! के तपाईंले देख्नुभयो? हाम्रा परम धन्य प्रभुले सधैं झट्टै प्रार्थनाको उत्तर पाउनुभएन। तर प्रार्थनाको उत्तर ढिलो भएकोमा आफ्नो प्रार्थना अस्वीकार भएको कुरा उहाँले बुझ्नुभएन। हाम्रो जीवनमा परमेश्वरका उद्देश्यहरू पूरा हुने हिसाबले उहाँले उपयुक्त समयमा हामीलाई प्रार्थनाको उत्तर दिनुहुन्छ।

परमेश्वरको सहायता आउँछ-आउँछ! तर उहाँको सहायता छिटो नआउला, नत्र ता अन्धकारमा उहाँमाथि भरोसा राखेको त्यो धन्यता के हो, सो हामीले जान्न पाउनेथिएनौं नि! अनि उहाँको सहायता ढिलो पनि आउँदैन, नत्र ता व्यर्थैमा भरोसा गरेछु भन्ने दर्द हामीले महसुस गर्नुपर्नेथियो।

**भजन ४०:२:** मुक्तिदाता प्रभुले मृत्युबाटको आफ्नो महिमान्वित छुटकारा सत्यानाशको खाड़लबाट र दलदले हिलोबाट पाएको उद्धारसित तुलना गर्नुभएको छ। जब प्रभु येशू सदा-सर्दवा जीवित हुनको निम्ति पाप, शैतान, मृत्यु र चिहानमाथि विजयी भई चिहानबाट निस्केर आउनुभयो, तब जीवन-दाता स्वयम्‌को निम्ति यस महिमित क्षणको महत्त्व के थियो, सो कसैले कल्पना गर्न सक्दैन।

ख्रीष्ट येशूको छुटकारा हर दृष्टिले अद्वितीय थियो। तर हामी सबैले पनि जीवनका खाड़लहरू र दलदले हिलोबाट छुटकारा पाईकन केही हदसम्म उस्तै प्रकारले परमेश्वरको शक्तिको अनुभव गर्न सक्छौं। हामी सबैलाई थाह छ, कि जीवन त्यस्तै गहिरा-गहिरा खल्टाहरूले भरिएको हुन्छ। जब पवित्र आत्माले मुक्ति नपाएको मानिसलाई त्यसका पापहरूको विषयमा कायल पार्नुहुन्छ, तब त्यस मानिसले आफूलाई सत्यानाशको खाड़लमा भएको अनुभव गर्छ। विश्वासबाट पछि हटेको ख्रीष्ट-विश्वासीले पनि आफूलाई दलदले हिलोमा भासिएको भेट्टाउँछ। दुःख र बिमार, कष्ट र पीड़ा, शोक र चिन्ता पनि धाप नै हुन्। अनि हामीलाई मार्गदर्शनको खाँचो पर्दा पनि घरिघरि अँध्यारो कालकोठरीमा बसेको नमीठो अनुभव गरिन्छ। अनि बेला-बेलामा हामी वियोग, बिछोड़, एकलोपना र निराशाको दलदलमा डुब्छौं। यस्ता तिक्त, विरक्त अनुभवहरू हामी कहिल्यै भुल्न सक्दैनौं; अनि यी दुःखमा परेका समयहरूमा हामी प्रार्थना गर्छौं, रुन्छौं र व्यथाले कराउँछौं, तर केही भएको देखिँदैन। हामीले आफ्ना मुक्तिदाता प्रभुको उदाहरणबाट धैर्यसाथ परमेश्वरको बाटो हेर्न सिक्नुपर्छ। परमेश्वरले आफ्नो समयअनुसार र आफ्नै तरिकाले हाम्रो पक्ष लिनुहुनेछ, हामीलाई खाड़लबाट निकाल्नुहुनेछ र हाम्रा पाइलाहरू चट्टानमाथि स्थिर र सुदृढ़ पार्नुहुनेछ।

**भजन ४०:३:** हामी याद राखौं, कि परमेश्वर हाम्रो स्तुतिको स्रोत र हाम्रो स्तुतिको विषयवस्तु हुनुहुन्छ। उहाँ हाम्रो मुखमा एउटा नयाँ गीत हालिदिनुहुन्छ; अनि त्यो नयाँ गीत हाम्रा परमेश्वरको स्तुति गर्ने गीत हो।

हाम्रो छुटकाराबाट परमेश्वरको स्तुति हुन्छ; यति मात्र होइन, तर हाम्रो छुटकारा अरू मानिसहरूको निम्ति गवाही बन्छ; किनकि

*'धेरैजनाले यो देख्नेछन्, र डराउनेछन्, अनि परमप्रभुमाथि भरोसा राख्नेछन् ।'* यो कुरा प्रभु येशूको बौरिउठाइको सम्बन्धमा बढ़ी सत्य ठहरिएको छ। किनभने त्योजस्तो शक्तिशाली गवाही अरू के हुन सक्थ्यो र ? उहाँको चिहान रित्तो छ। स्मरण रहोस्ः उहाँको रित्तो चिहान त्यो आश्चर्यकर्म हो, जुन आश्चर्यकर्मद्वारा अनगिन्ती मानिसहरू प्रभुमा आए र जीवित परमेश्वरको निम्ति जितिए।

**भजन ४०ः४ः** *'धन्य हो त्यो मानिस, जसले परमप्रभुलाई आफ्नो भरोसा बनाउँछ ।'* के तपाईंले आफ्नो निम्ति चाखेर हेर्नुभयोः प्रभु कति भला हुनुहुन्छ ! बौरिउठ्नुभएको मुक्तिदाताले आत्मिक जीवनको सम्बन्धमा सबैभन्दा महान् र सरल आधारभूत सत्यता पेश गर्नुहुन्छः *'धन्य हो त्यो मानिस, जसले परमप्रभुलाई आफ्नो भरोसा बनाउँछ ।'* केवल परमेश्वरमाथि भरोसा राख्नाले हाम्रो जीवनमा साँचो सुख र परिपूर्णता आउँछ; सुख र परिपूर्णता पाउने अरू कुनै उपाय छैन। हामी यस प्रकारले सृर्जिएका हौं, कि परमेश्वरलाई आफ्ना प्रभु र स्वामीको रूपमा मानिलिएर मात्र हामी आफ्नो भाग्य प्राप्त गर्न सक्छौं। श्री ब्लेस पस्कलले भनेको कुरा मलाई सठीक लाग्यो, जसले यसो भनेका छन्ः

> 'परमेश्वरको निम्ति हरेक मानिसको हृदयमा एउटा रिक्त स्थान राखिएको छ।'

सान्त अगष्टिनले यही कुरा यस प्रकारले भनेका छन्ः

> 'हो प्रभु, तपाईंले हामीलाई आफ्नै निम्ति बनाउनुभएको हो; अनि हाम्रो हृदयले तपाईंमा विश्राम नपाएसम्म अरू कहीं विश्राम पाउँदैन।'

परमप्रभुको सहारा लिने मानिस धन्यको हो; तर यो आशिषित मानिस घमण्डीहरू र झूटा देवीदेवताहरूको पछि लाग्नेहरूदेखि पनि टाढ़ा रहन्छ। जीवनको विषयमा मानिसहरूको बीचमा दुईवटा सबैभन्दा ठूला भ्रमहरू यस प्रकारका छन्ः **क)** घमण्डी मानिसहरूबाट आउने सम्मान महत्त्वपूर्ण ठान्नु; **ख)** भौतिक सम्पत्ति, धनदौलत, सुखचैन, मोजमज्जा र यौनका सुखहरू हाम्रा ईश्वरहरू मान्नु। तर यी कुराहरूले मानिसको हृदय कहिल्यै तृप्त पार्न सक्दैनन्। यी भ्रमहरूमा हामी कहिल्यै फस्नुहुँदैन। यस भाग्यमानी मानिसले अरू मानिसहरूको प्रशंसाभन्दा परमेश्वरबाट आउने स्याबासीसित सरोकार राख्छ; किनकि उसलाई थाहै छ, कि आनन्दको भरपूरी मूर्तिहरूका मन्दिरहरूमा पूजा गर्नेहरूको सङ्गतमा होइन, तर परमेश्वरको उपस्थितिमा मात्र पाइन्छ।

**भजन ४०ः५ः** उक्त कुराले ख्रीष्ट येशूको विचार परमेश्वरका अनगिन्ती कृपाहरूमाथि पुऱ्यायो। आफ्ना जनहरूप्रति उहाँको अनुग्रहकारी कारबाही र उहाँका दयावान् विचारहरूको हिसाब गरेर साध्य छैन। परमेश्वरको सृष्टिका विस्तृत थोकहरूको बेलीबिस्तार कसले गर्न सक्छ र ? परमेश्वरले आफ्नो सर्वाधिकारमा मानिसहरूका परि-स्थितिहरूमाथि अचम्म प्रकारले हस्तक्षेप गर्नुभएका घटनाहरू कसले गन्ती गर्न सक्छ ? परमेश्वरको चुनाउ, उहाँको पूर्वठहराइ, विश्वासद्वारा प्राप्त हुने हाम्रो धार्मिक ठहर, ख्रीष्ट येशूले दाम तिरेर कमाउनुभएको छुटकारा, उहाँको बलिदानमा हुने प्रायश्चित्त, उहाँको नाममा भएको हाम्रा पापहरूको क्षमा, परमेश्वरसित हाम्रो मेलमिलाप, प्रभु येशूमा सित्तैंमा पाइने मुक्ति, नयाँ जन्म, पवित्र आत्माले हामीमा वास गर्नुभएको र हामीमा छाप लगाउनुभएको, आत्माको बैना, अभिषेक, पवित्रीकरण, हाम्रो धर्मपुत्र हुने हक, हाम्रो अधिकारको भाग र स्वर्गमा हाम्रो अनन्त महिमाजस्ता आत्मिक आशिषहरूको सारा महत्त्व कसले नापजोख गरेर बुझ्न सकेको छ ? *'मैले तिनीहरूको विषयमा*

*बताउन र बोल्न चाहें भने ती गन्ती गर्न सकिनेभन्दा ज्यादा छन् ।'*

हे मेरा परमेश्वर, जब मेरो जागृत भएको मनले
तपाईंका सबै कृपाहरूको सर्वेक्षण गर्छ,
तब आश्चर्य, प्रेम र प्रशंसाले म विह्वल हुन्छु ।
श्री जोसेफ एडिसन

**भजन ४०:६:** हामीले शुरुमा भनिसक्यौं: भजन ४०:६-८ पदको खण्डबाट स्पष्ट बुझिन्छ, कि यो भजन ख्रीष्ट येशूको सन्दर्भमा लेखिएको रहेछ । अनि हिब्रू १०:५-९ पदको खण्डबाट के सिकिन्छ भने, परमेश्वरको पुत्र यस संसारमा आउनुहुँदा उहाँले यी शब्दहरू भन्नुभएको हो । उहाँले यहाँ, यस खण्डमा भन्न खोज्नुभएको कुरा यस प्रकारको छः परमेश्वरले इस्राएली जातिको निम्ति बलिदान र दानहरूको व्यवस्था स्थापित गर्नुभयो; तर बलिदानहरू चढ़ाउने यो व्यवस्था उहाँको सर्वोच्च मूल-उद्देश्य थिएन । ती दान र बलिदानहरू आउने सर्वोत्तम कुराका प्रतीक र छायाचित्र थिए । ती दान र बलिदानहरूमा स्थायी उपाय नपाएसम्म एउटा अल्पकालिक उद्देश्य पूरा भयो । तर तिनमा परमेश्वर कहिल्यै सन्तुष्ट हुनुहुन्नथियो । उहाँको विचारमा ती दान र बलिदानहरू सर्वोत्तम र सिद्ध थिएनन्; किनभने वास्तवमा ती दान र बलिदानहरूद्वारा मानिसको पापले सृजना गरेको समस्या अलिकति पनि समाधान हुँदैनथियो ।

होमबलि र पापबलिहरूको कमी जानेर त्यसको सट्टामा परमेश्वरले आफ्ना प्रिय पुत्रका कानहरू खोलिदिनुभयो । उहाँका कानहरू खोलिदिनुभएको मतलब ख्रीष्ट येशूका कानहरू आफ्ना पिताको इच्छा पालन गर्ने गरी ध्यानसित सुन्न खुला थिए । ख्रीष्ट येशू यस संसारमा आउनुहुँदा यो अभिप्राय बोकेर आउनुभयो । उहाँ परमेश्वर पिताको इच्छा पालन गर्न पूरा इच्छुक हुनुहुन्थ्यो ।

आर. वी. नामक अङ्ग्रेजी बाइबलको पार्श्व-टिप्पणीमा 'मेरा कानहरू तपाईंले खोल्नुभएको छ' भन्ने वाक्यको सट्टामा 'तपाईंले मेरो निम्ति कानहरू छेड्नुभएको छ' भनेर अनुवाद गरिएको छ । किनकि कति व्याख्याकारहरूले यसको सन्दर्भ प्रस्थान २१:५-६ पद हो भनेर भन्छन्, जहाँ हिब्रू दासको विषयमा निम्न नियम पेश गरिएको छः सातौं वर्षमा हिब्रू दासले स्वतन्त्र हुने इच्छा गरेन भने, उसको मालिकले उसलाई आफ्नो घरको ढोकाकहाँ ल्याएर त्यसको खाँबामा उसको कान सुतारीले छेड्यो, र यस रीतिद्वारा ऊ सधैंको निम्ति मालिकको दास भयो । ख्रीष्ट येशू यसको प्रतिरूप हुनुहुन्थ्यो; किनभने मानिसको चोला धारण गर्नुहुँदा उहाँले राजीखुशीले दासको रूप लिनुभयो (फिलिप्पी २:७) । अनि प्रभु येशू फर्केर आउनुहुने बेलामा उहाँ अझै पनि आफ्ना जनहरूको सेवा गर्नुहुनेछ (लूका १२:३७) ।

जब हिब्रू १०:५ पदमा 'मेरा कानहरू तपाईंले खोल्नुभएको छ' भन्ने वाक्य उद्धृत गरिएको छ, तब *'तपाईंले मेरो निम्ति एउटा शरीर तयार पार्नुभएको छ'* भएछ । 'कससँग यस प्रकारको परिवर्तन गर्ने अधिकार छ' भन्ने प्रश्नको उत्तर यस्तो छः जुन पवित्र आत्माले भजन ४० का शब्दहरू लेख्ने प्रेरणा दिनुभयो, ती पवित्र आत्मासँग नयाँ नियममा यो वाक्य उद्धृत गर्नुहुँदा यसको स्पष्टीकरण दिने अधिकार छ । जुन क्रियापदको अक्षरशः अनुवाद 'कान छेड्नु' हो, यो क्रियापद एउटा उपलक्ष्य अलङ्कार-शब्द पनि हुन सक्छ, जुन उपलक्ष्य अलङ्कारअनुसार अंशको निम्ति पूर्णता र पूर्णताको निम्ति अंश प्रयोग गरिन्छ अर्थात् सम्पूर्ण शरीरको निम्ति कान लेखिएको छ । अनि नयाँ नियममा यस शब्दको अर्थ खोलिएको र यसको अर्थ बढ़ाइएको छ, र यसको सन्दर्भ ख्रीष्ट येशूको देहधारण हुँदो रहेछ ।

**भजन ४०:७-८:** जब ख्रीष्ट येशू मानिस हुनुभयो, तब उहाँ नाइँ भन्न नसकेर यस कुरामा जसोतसो सहमत हुनुभएको होइन, तर उहाँ सारा हृदयले र सहर्षसाथ मानिस हुनुभयो। त्यस बेलामा उहाँले यसो भन्नुभयोः *'हेर्नुहोस्, म आएको छु; बेरुवा-पुस्तकमा मेरो विषयमा यो लेखिएको छः "हे मेरा परमेश्वर, तपाईंको इच्छा पूरा गर्न म प्रसन्न हुन्छु; हो, तपाईंको व्यवस्था मेरो हृदयभित्र छ।"'* सम्पूर्ण पुरानो नियमभरि नै ख्रीष्ट येशू यस संसारमा आउनुहुनेछ भन्ने भविष्यवाणी गरिएको छ, तर उहाँ पूरा इच्छुक र तयार मनले परमेश्वरको इच्छा पालन गर्न आउनुहुनेछ भन्ने कुरा पनि भविष्यवाणी गरिएको हो। परमेश्वरको इच्छा केवल प्रभु येशूको मस्तिष्कभित्र सीमित रहेन, तर उहाँको आन्तरिक हृदयभित्र अङ्कित भएको थियो।

**भजन ४०:९-१०:** यी दुईवटा पदहरूले यस पृथ्वीमा प्रभु येशूको सेवकाई बयान गर्छन्। उहाँले ठूलो जनसभामा अर्थात् इस्राएलको घरानालाई मुक्तिको सुसमाचार प्रचार गर्नुभयो। परमेश्वरले उहाँलाई जे-जे कुरा प्रचार गर्न दिनुभयो, यसको एउटा कुरा पनि उहाँले नसुनाएर आफूसँग राख्नुभएन। उहाँले परमेश्वरको बचाउने सहायता, उहाँको सधैंभरि रहिरहने विश्वासयोग्यता र उहाँको अटल प्रेमजस्तै महान्-महान् सत्यताहरू साँचेर राख्नुभएन।

**भजन ४०:११:** यस भजनको बाँकी भागको विषयमा हामीलाई के लागेको छ भने, यहाँ कुरा ख्रीष्ट येशूको क्रूसकहाँ फर्केर गएको छ (भजन ४०:११-१७)। हामीले मुक्तिदाता प्रभुको मुखबाट एउटा वेदनापूर्ण, मर्मस्पर्शी प्रबल पुकार सुन्छौं। उहाँले भजन ४०:१० पदमा भन्नुभएको कुरासित यसको नजिकको सम्बन्ध भएको छ। यसको सम्बन्ध यस प्रकारको छः 'मैले मानिसहरूलाई तपाईंको मुक्ति, तपाईंको विश्वासयोग्यता र तपाईंको अटल प्रेमको विषयमा बताएको छु। अब तपाईंका कोमल कृपाहरू मबाट रोकि-राखेर मेरो साक्षी खतरामा नराख्नुहोस्! आफ्ना कोमल कृपाहरूद्वारा मेरो निरन्तर रक्षा गरिदिनुहोस्!'

**भजन ४०:१२:** उहाँले कुन अवसरमा यो जरुरी अनुरोध गर्नुभयो? जब गलगथामा यी भयानक शास्तीहरूको वज्रपात उहाँमाथि बर्स्यो, तब उहाँले यो अति जरुरी निवेदन टक्र्याउनुभयो। यी अनगन्ती खराबीहरू अनगन्ती पापहरूसँग सम्बन्धित थिए। तर जब उहाँले 'मेरा अधर्महरू' भन्नुभयो, तब यसको खास अर्थ 'हाम्रा अधर्महरू' थियो; किनभने हाम्रा पापहरूको निम्ति उहाँ यो डरलाग्दो सजाय भोग्न राजी हुनुभयो। उहाँका कष्टका पीड़ाहरू यति ज्यादा थिए, कि उहाँको मुटुले काम गर्न छोड्यो। हाम्रा पापहरूको क्षमाको निम्ति उहाँले जुन पीड़ाहरू सहिदिनुभयो, ती पीड़ाहरूको गहिराइ कसले कल्पना गर्न सकेको छ होला?

**भजन ४०:१३:** आफ्ना कष्टहरू चरम सीमामा पुगेर ख्रीष्ट येशूले गुहार माग्न स्वर्गको मूलढोका ढकढक्याउनुभयो; किनकि उहाँलाई तत्कालै सहायताको खाँचो परेको थियो। यसकारण मानौं उहाँले यसो भन्दै पुकार्नुभयोः 'हे पिता, मलाई झट्टै छुटाउनुहोस्!' यस प्रकारको प्रार्थना प्रबल हुन्छ। यसद्वारा सर्वशक्तिमान् परमेश्वर कदम चाल्न बाध्य हुनुहुन्छ।

**भजन ४०:१४-१५:** आफ्ना शत्रुहरूको सम्बन्धमा उहाँको विन्ती थियो, कि तिनी-हरूको दण्ड तिनीहरूको अपराधअनुसार भएको होस्। तिनीहरूले उहाँको ज्यान लिन खोजे; यसकारण तिनीहरू लज्जित हुनु र शर्ममा पर्नुपर्छ; यो तिनीहरूको निम्ति उहाँको इच्छा थियो। तिनीहरूले उहाँको खराबी चिताए; यसकारण तिनीहरू पछि हट्नुपर्छ र शर्ममा पर्नुपर्छ। तिनीहरूले उहाँको दुर्दशा-

माथि गिद्धे नजर लाएर यसबाट दुष्ट आनन्द उठाउन खोजे; यसकारण तिनीहरूको ठूलो अपमानले गर्दा तिनीहरू हैरान र व्याकुल होऊन्। प्रेमी परमेश्‍वरलाई यस किसिमको भावना शोभा दिँदैन भनेर कसैले आपत्ति जनाउँछ भने, उसलाई म यो कुरा याद गराउन चाहन्छु, कि परमेश्‍वरको प्रेम इन्कार गरेर मानिसले जानीबुझी आफ्नो दण्ड आफूले रोचेको छ।

**भजन ४०:१६:** परमेश्‍वरका मित्रहरूको सम्बन्धमा ख्रीष्ट येशूको प्रार्थना यो हो, कि उनीहरू सधैं प्रभुमा रमाऊन्। उहाँको दृढ़ आशा छ, कि परमेश्‍वरको खोजी गर्नेहरू सबै रमाऊन् र उहाँमा आनन्दित होऊन्। अनि उहाँको उद्धारलाई प्रेम गर्नेहरूले निरन्तर भनून्: 'परमप्रभुको बढ़ाइ होस्!'

**भजन ४०:१७:** अनि आफ्नो विषयमा चाहिँ? उहाँको शक्ति सानो र उहाँको खाँचो अघोर थियो। तर परमप्रभुले उहाँको चिन्ता गर्नुभएकोमा उहाँले सान्त्वना पाउनुभएको छ। यस विषयमा कसैले यसो भनेका छन्: 'हाम्रो गरिबी र हाम्रो खाँचो परमेश्‍वरका शुभ चिन्ताहरूको निम्ति कुनै बाधा हुँदैनन्।'

अनि परमेश्‍वरको सम्बन्धमा कसो हो? परमेश्‍वरको प्रिय पुत्रको निम्ति उहाँ सहायता र उद्धारक हुनुहुन्थ्यो। प्रभु येशूको प्रार्थनाको अन्तिम अनुरोध यस प्रकारको छ: 'हे मेरा परमेश्‍वर, ढिलो नगर्नुहोस्!' अनि यस प्रार्थनाको उत्तर ढिलो भएन। प्रभु येशू मर्नुभएको तेस्रो दिनमा परमेश्‍वर पिताले उहाँलाई त्यस उजाड़ खाड़लबाट निकालेर छुटाउनुभयो। अनि यस विषयमा हामीले यही भजनको पहिलो खण्डमा देखिसक्यौं।

यस भजनको पहिलो भागमा मुक्तिदाता प्रभुको प्रार्थनाको उत्तर उल्लेख गरिएको र त्यसपछि उहाँको प्रार्थनाका शब्दहरू पेश गरिएका जस्तो देखा पर्छ। यसो हो भने, *'उनीहरूले पुकार्नुभन्दा पहिल्यै म जवाफ दिनेछु; अनि उनीहरू बोल्दा-बोल्दै म सुन्नेछु'* भन्ने प्रतिज्ञाको निम्ति हाम्रो सामु यहाँ एउटा सजीव उदाहरण छ (यशैया ६५:२४)।

## भजन ४१: रोग-शय्याबाट उठेको प्रार्थना

दाऊद बिरामी भए; अनि तिनका शत्रुहरूले तिनको त्यो बिमारी साधारण नहोस् भन्ने आशा राखेका थिए। 'अहो, तिनको त्यस बिमारीले तिनको ज्यान जाने रहेछ' भनेर तिनीहरू अघिबाटै रमाइरहेका थिए। दाऊदको दुःखमाथि दुःख थपिदिने पिरोल्ने कुरा यही थियो, कि तिनका विश्‍वासघातीहरूमध्ये एकजनाचाहिँ तिनको भूतपूर्व घनिष्ठ मित्र थियो।

**भजन ४१:१-३:** तर दाऊदजस्तै बिरामी मानिस सान्त्वना र आशाविहीन कहाँ थिए र? किनकि परमप्रभुले गरिबहरूको ख्याल र वास्ता राख्ने मानिसलाई आशिष दिनुहुन्छ भन्ने कुरा तिनले पहिले सम्झे। यहाँ 'गरिब' भन्नाले आर्थिक रूपले गरिब भएको अर्थभन्दा रोगले ग्रस्त, स्वास्थ्यहीन र कमजोर भएको बुझ्नुपर्लो। दाऊदले यो कुरा सम्झेर आफैलाई सान्त्वना दिएका छन्, कि जस्तै परमप्रभुले आपद्‌विपद्‌मा परेका मानिसहरूसँग सद्‌व्यवहार गर्नुहुन्छ, ठीक त्यस्तै तिनले रोगको चपेटमा परेकाहरू सबैसित गरे; तिनले तिनीहरूलाई सहायता गरे, तिनीहरूलाई सान्त्वना र प्रोत्साहन दिए। अब परमप्रभुले तिनलाई सङ्कष्टमा परेको समयमा छुटकारा दिनुहुनेछ भन्ने प्रतिज्ञा तिनले दाबी गरेका छन्। निश्‍चय नै परमप्रभु तिनीमाथि निगरानी राखेर तिनको प्राणको रक्षा गर्नुहुन्छ। दाऊदले बिरामीहरू र दुःखमा परेकाहरूलाई वास्ता र कल्याण गरेको मर्यादा कमाएका हुनाले तिनी ढुक्कै थिए, कि परमेश्‍वरले पक्का पनि तिनलाई तिनका शत्रुहरूको दुष्ट

द्वेषपूर्ण इच्छामा छोड्नुहुँदैनथियो। बरु उहाँले दाऊदलाई तिनी रोगको ओछ्यानमा पड़िरहेको बेलामा आवश्यक अनुग्रह दिनुहुन्छ र तिनलाई फेरि सुस्वास्थ्य र बल फर्काइदिनुहुन्छ। परमप्रभुले यहाँ नर्सको भूमिका निभाउनुभएको चित्रण छः उहाँ रोगको ओछ्यान मिलाउँदै तिनलाई आराम दिलाउनुहुन्छ।

**भजन ४१:४:** तर भजनकार आफूले बितेको समयमा बिरामीहरू र कमजोर भएकाहरूलाई ख्याल गरेको कुरामाथि मात्र भर परेनन्। तिनले बुद्धिमानीसाथ काम गरे र आफ्नो बिमारी परमप्रभुकहाँ ल्याए। तिनले आफ्नो पाप मानिलिए र चङ्गाइको निम्ति प्रार्थना गरे, जुन चङ्गाइ पाउन तिनी आफ्नो दृष्टिमा योग्य थिएनन्। यस विषयमा बुझ्नुहोस्, कि ख्रीष्ट-विश्वासीहरूको जीवनमा आएका सबै रोग-बिमारीहरू पापको कारणले भएका होइनन्। हामी यसको निम्ति यहाँ निम्न उदाहरण दिन्छौंः वृद्ध मानिसहरूका धेरै शारीरिक कमजोरीहरू सीधा तिनीहरूको बढ़ेको उमेरको फल हुन्छन्; किनभने बढ़िरहेको उमेरअनुसार प्रायः मानिसहरूको स्वास्थ्य बिग्रिन्छ; यो स्वाभाविक कुरा हो। तर कुनै विशेष परिस्थितिमा हाम्रो बिमारी हामीले गरेको कुनै पापसित सम्बन्धित छ। अनि जहाँ हाम्रो बिमारीमा पापसित सम्बन्ध रहेको सम्भावना देखिन्छ, त्यहाँ तुरुन्तै प्रभु येशूकहाँ गएर हामीले सारा हृदयले आफ्नो पाप मानिलिनुपर्छ। पहिले हामीले हाम्रा महावैद्यबाट पापको क्षमा पाउनुपर्छ, त्यसपछि मात्र स्थानीय डाक्टरबाट रोगको इलाज खोज्नु उचित छ।

**भजन ४१:५:** यस समयमा भजनकारका शत्रुहरूले 'दाऊद मरे' भनेर अस्पतालबाट तिनको निधन भएको खबर कहिले सुन्न पाऔं भन्ने हेतुले पर्खिरहेका थिए। तिनीहरूले एक-अर्कालाई 'त्यो कहिले मर्ला?' भनेर सोधासोध गरे र भनेः 'अँ, कहिले हामी यस मान्छेको अन्तिम कुरा सुनौं?'

**भजन ४१:६:** कहिलेकाहीं ती अशुभ-चिन्तकहरूमध्ये एकजना तिनको रोगको ओछ्यानमा देखा पर्‍यो; तर त्यससित कुनै सान्त्वनाको वचन थिएन, त्यसको मुखबाट आशा र प्रोत्साहनको शब्द सुन्ने कुरा परै जाओस्! अर्थगार्भित केही नभन्दै त्यो मुखले मात्रै प्यारप्यार बोल्थ्यो। वास्तवमा, त्यो भेट्न आउने व्यक्ति दाऊदको विरुद्धमा केही जानकारी लिने दाउमा बसेको थियो। त्यहाँबाट गइसकेपछि त्यसले तिनको विषयमा सकभर नकारात्मक कुरा मात्र सुनायो।

**भजन ४१:७-८:** बिरामी दाऊदको विरुद्धमा कानेखुसी गर्ने अभियान चलिरहेको थियो। विनाशका अगमवक्ताहरूले दाऊदमाथि आइलाग्ने विपत्तिहरूको विषयमा कुरा रच्न एक-अर्कालाई उछिन्न सकभर कोशिश गरे। 'कुनै घातक रोगले दाऊदलाई पक्रेको हुनुपर्छ, र अब तिनको अर्को बिसौनी लाश राख्ने घरमा हुने रहेछ' भनेर तिनीहरूले हल्ला फैलाए।

**भजन ४१:९:** हुन सक्छ, बितेको समयमा तिनको घनिष्ठ मित्र भएको व्यक्तिबाट त्यो विश्वासघात भएकोले तिनलाई सबैभन्दा निर्मम चोट लागेको हुनुपर्ला। आफ्नो आत्मीय मित्रले हामीलाई धोका दिँदा त्योचाहिँ जीवनको सबैभन्दा तीतो अनुभव मानिन्छ। अनि यस प्रकारको तिक्त सन्ताप हाम्रा मुक्तिदाता प्रभुलाई लागेको हुनुपर्छ, जब यहूदा इस्करयोतीले उहाँलाई विश्वासघात गरेर सुम्पिदियो। अनि आफ्ना मुक्तिको कर्ता र स्वामीको पछि लाग्नेहरूको जीवनमा यस्तो तिक्त अनुभव असाधारण ठहरिँदैन।

प्रभु येशूले यूहन्ना १३:१८ पदमा यहूदा इस्करयोतीको सम्बन्धमा भजन ४१:९ पद उद्धृत गर्नुभयो; तर यसो गर्दा उहाँले *'मेरो परिचित मित्रले, जसमाथि मैले भरोसा राखेको थिएँ'* भन्ने वाक्य छोड्नुभएको कुरामा महत्त्व छ। किनकि यहूदाले एक दिन उहाँलाई धोका दिन्छ भन्ने कुरा प्रभु येशूलाई अघिबाट थाह भएको हुनाले उहाँले उसमाथि कहिल्यै भरोसा राख्नुभएन। यसकारण उहाँले केवल यति भन्नुभयो: *'जसले मसँग रोटी खान्छ, त्यसले मेरो विरुद्धमा आफ्नो कुर्कुच्चा उठाएको छ'* (यूहन्ना १३:१८)।

**भजन ४१:१०:** त्यस चित्त दुखाउने मानिसपट्टि आफ्नो पिठ्यूँ फर्काएर दाऊदले परमप्रभुलाई आफ्नो सामु राखेका छन् र उहाँबाट दयाको भिक्षा मागेका छन्। अरूले तिनलाई त्यागलान्; तर तिनले परमप्रभुलाई साथ दिनको निम्ति पूरा विश्‍वासयोग्य ठानेका छन्। त्यसपछि तिनले एउटा अनौठो अनुरोध गर्छन्: *'मलाई उठाउनुहोस्, कि म तिनीहरूलाई बदला दिन सकूँ।'* शुरुमा यो कुरा दाऊदजस्ता भद्र मानिसको निम्ति असुहाउँदो जस्तो देखा पर्ला। तर यस विषयमा हामीले यो सम्झनुपर्छ, कि तिनी इस्राएली जातिको निम्ति परमप्रभुको अभिषिक्त शासक थिए; अनि राजाको रूपमा तिनले राजद्रोह र विश्‍वासघातसित उचित कारबाही गर्नुपर्थ्यो, यो तिनको कर्तव्य थियो। हो, तिनले व्यक्तिगत हिसाबले आफ्नो विरोधमा दुष्ट्याइँ र विश्‍वासघातजस्तै नीच व्यवहार सहन सक्नेथिए होला, तर राजाको रूपमा तिनले सरकारलाई ढाल्ने हरेक दुःप्रयास दमन गर्नुपर्थ्यो।

**भजन ४१:११-१२:** तिनका शत्रुहरूका युक्तिहरूको असफलतामा तिनले आफूप्रति परमप्रभुको निगाह भएको देखे। त्यस कुरामा तिनले यी शब्दहरू पनि थप्छन्: *'मेरो इमानदारीमा तपाईं मलाई सम्हाल्नुहुन्छ र मलाई सदाको निम्ति आफ्नो मुखको सामु राख्नुहुन्छ।'*

यहाँ अनुवादको कुरा आयो। हामीले यो उक्त अनुवाद लियौं भने, दाऊदले के साह्रै गर्व गरेको लाग्न सकिन्छ। तर तिनी वास्तवमा आफ्नो इमानदारीमा चल्ने मानिस थिए; तिनका पाप र असफलताहरूले यो कुरा काट्न सक्दैनन्। अनि तिनका शत्रुहरूको तुलनामा तिनी सद्‍गुणको आदर्श नमुना थिए। अनि यो कुरा पनि सम्भव छ, कि परमप्रभुले तिनको जीवनमा इमानदारी र धार्मिकता देख्नुभएको हुनाले उहाँले तिनलाई सम्हाल्नुभयो। श्री जोसेफ जेलिनोले यो समस्या हटाएर यस पदको अनुवाद यस प्रकारले गरेका छन्:

'तपाईंले मलाई सम्हाल्नुभयो भने मलाई केही हानि हुनेछैन, र म सदाको निम्ति तपाईंको उपस्थितिमा राखिनेछु।'

यस अनुवादअनुसार सबै कुरा दाऊदको इमानदारीमाथि होइन, तर परमप्रभुमाथि निर्भर गर्छ। परमप्रभुकै सम्हाल्ने अनुग्रहले यस जीवनमा हामीलाई सुरक्षा, साथै स्वर्गको राजाको उपस्थितिमा एउटा अनन्त ठहर सुनिश्‍चित गर्छ।

**भजन ४१:१३:** निर्धक्कता र निष्फिक्रीको साथ भजनकारले अन्तमा प्रशंसाको उद्‍गार छोड्छन्। परमप्रभु इस्राएली जातिको करारबद्ध परमेश्‍वर हुनुहुन्थ्यो। उहाँ अनादिदेखि अनन्तसम्म आराधनाको योग्य हुनुहुन्छ। दाऊदले यस प्रशंसाको शब्दमा यहाँ 'आमेन, र आमेन!' भनेर आफ्ना दुईवटा तथास्तु लगाइहाले; अनि यस कुरामा हामी पनि सहर्षसाथ आफ्नो पुष्टि गर्ने 'आमेन' लगाइदिन्छौं।

# खण्ड २

# भजन ४२-७२ः

# पुस्तक दुई

## भजन ४२ः परमेश्वरको निम्ति तिर्खाएको तिर्सना

कति मानिसहरू छन्, जसले यस भजनमा दाऊदको छोरा अब्शालोमले विद्रोह मच्चाइ-रहेको समयमा दाऊद देशनिकाला भएर भड्किएर हिँड्ेको बेलामा तिनले पुकारेको आवाज सुन्छन्। अरूले यस भजनमा तिरस्कृत र पीड़ित हुनुभएको ख्रीष्ट येशूको आवाज सुन्छन्। अझै अरू मानिसहरू छन्, जसले यस भजनमा सङ्कष्टकालको भावी समयमा बाँकी रहेका यहूदीहरूको कष्ट र पीड़ाले सुँकसुँकाएको आवाज सुन्छन्। अन्तमा यस्ताहरू पनि छन्, जसले यस भजनको अर्थ यस्तो ख्रीष्ट-विश्वासीलाई लगाइदिन्छन्, जसले आफ्नो पहिलो प्रेमका दिनहरूको सम्झना गर्छ, र प्रभुसित फेरि यस किसिमको घनिष्ठ र मीठो सङ्गति पाउने चाहना गर्दछ।

धन्न, हाम्रो निम्ति यस भजनको अर्थ एउटै धारणामा सीमित राख्नु दरकार छैन; किनभने सबै उक्त धारणाहरूमा कुनै न कुनै व्यावहारिक उपयोग छँदैछ। किनभने भजनहरूमा यिनका बहुमुखी प्रयोगहरू यिनको विशेषता छ।

**भजन ४२ः१ः** परमेश्वरको सङ्गतिको निम्ति हाम्रो भित्री उत्कट चाहना हामी केसित तुलना गरौं? यो त सुक्खा भूमिहुँदो तिर्खाले हरहर भएर खोलाको पानी पिउन हाँपझाँप गरी धाउने मृगको तिर्सनासित तुलना गर्न सकिन्छ। श्री गमलिएल ब्र्याडफोर्डले यो चित्रण आफैमा लागू गराएर यसो भनेका छन्ः

> जहाँ-जहाँ मेरा पाउहरू टेकिरहेका छन्,
> मेरो एकनाश भइरहेको एकमात्र चाहना,
> परमेश्वरको निम्ति कहिल्यै तृप्त नभएको त्यो
> तिर्सना, मेरो मनबाट कहिल्यै नहट्ने त्यो प्रखर
> हरहरती हो।

**भजन ४२ः२ः** हाम्रो तिर्सना परमेश्वरले बाहेक अरू कुनै कुराले, अरू कुनै व्यक्तिले तृप्त पार्न सक्दैन। यसकारण उहाँ हाम्रो एकमात्र तिर्सना हुनुपर्छ। यसकारण प्रिय भाइबहिनीहरूहो, निर्जीव मूर्तिहरूको निम्ति होइन, तर जीवित परमेश्वरको निम्ति तिर्सना गर्नुहोस्! यो यस्तो एउटा चाहना हो, जुन-चाहिँ व्यक्तिगत रूपले प्रभुको सामु देखा नपरुन्जेल कहिल्यै पूरा तृप्त हुँदैन। यसकारण उहाँको मुहार निहार्न पाउने आफ्नो सौभाग्य प्रयोगमा ल्याउनुहोस्!

> हे प्रभु, आफ्नो ईश्वरीय सुन्दरताले पूर्ण ज्योतिर्मय चेहराको एक झलक मलाई दिनुहोस्! तब म तपाईंको प्रेममा छोड़ेर अरू कुनै प्रेममा मग्न हुनेछैनँ, न ता अरू कसैको सपना गर्नेछु;
>
> तपाईंको ज्योतिको चमकमा अरू सबै ससाना ज्योतिहरू अँध्यारा हुनेछन्, सबै ताराहरू अलप भइजानेछन्। तब यो सुन्दर पृथ्वी पनि मेरो निम्ति फेरि कहिल्यै सुन्दर देखिनेछैन।
>
> अज्ञात लेखकको रचना

**भजन ४२ः३ः** प्रभुको सङ्गतिबाट वञ्चित भएको तिक्त बिछोड़को निम्ति उचित शब्द पाएर कसले बयान गर्न सक्ला? यो त निरन्तर आँसुको घुट्को पिउनुपर्ने जस्तो, कहिल्यै शमनीय नहुने दुःखले पूर्ण जीवनको नमीठो अनुभवजस्तै हो। त्यतिले मात्र भएन;

तर तिनका वैरीहरूले 'तेरो परमेश्वर खोइ, कहाँ छ?' भनी तिनको गिल्ला गरिदिँदा भ्रन् काटेको घाउमा नुनचुक गरेजत्तिकै हुन्छ। शिमीले दाऊदलाई 'तँ आफ्नै दुष्टतामा फसेको छस्; किनकि तँ खूनी मान्छे होस्' भन्दाखेरि तिनलाई यस प्रकारले पिरोल्न खोजेको थियो (२ शमूएल १६:८)। अनि मुख्य पूजाहारीहरूले क्रूसमा टाँगिनुभएको ख्रीष्ट येशूको विषयमा *'यसले परमेश्वरमाथि भरोसा राख्थ्यो; उहाँले यसलाई चाहनुभयो भने उहाँले अहिले नै यसलाई छुटकारा दिएका होऊन्'* भनेर भन्न चाहेको तात्पर्य पनि उहाँलाई खिसी गरेर चोटमाथि चोट पुर्‍याउनु थियो (मत्ती २७:४३)।

**भजन ४२:४:** तर त्यसपछि तिनलाई शुभ दिनहरूको सम्झना जरुर आउँछ। परमेश्वर-सँग अटुट सङ्गतिमा हिँड़ेको सम्झना कति मीठो छ! यस प्रकारको मीठो सङ्गतिबाट वञ्चित भएको अनुभव तिनको निम्ति असह्य छ। श्री रोनल्ड नोक्स्ले भजन ४२:४ पदको भावानुवाद यस प्रकारले गरेका छन्:

'मेरो मन पगालिदिने सम्झनाहरू मलाई आउँछन्; किनकि बितेको समयमा मैले हर्षोल्लास र धन्यावादको साथमा परमेश्वरको भवनमा जाने भीड़लाई अगुवाइ गरें; यो कत्रो हलचल मच्चाउने उत्सव थियो!'

**भजन ४२:५:** सुखले पूर्ण विगत समयको सम्झनाले तिनमा आत्मिक खिन्नता पैदा गर्छ; अनि निराशा र विश्वासको बीचमा पारस्परिक हार-जीतको संघर्ष चल्न शुरु गर्छ। तिनको मन व्याकुल र खिन्न हुन्छ। तर विश्वासले यस बोझले लादिएको मन-स्थितिलाई चुनौती दिन्छः *'हे मेरो प्राण, परमेश्वरमाथि आशा राख्; किनकि उहाँको चेहराको सहायताको खातिर म अझै पनि उहाँको स्तुति गर्नेछु।'* के यो 'सबै कुरा आफैआफ ठीक भइहाल्छ नि' भन्ने धार्मिक आशावाद मात्र हो र? तब यो एउटा बिलकुल फोस्रो भावना ठहरिनेथियो। तर यो त 'परमेश्वरका जनहरूले उहाँको अनुहार देख्नेछन्' भन्ने परमेश्वरको वचनको प्रतिज्ञा-माथि स्थापित भएको आशा हो (भजन १७:१५; प्रकाश २२:४); यसकारण यो आशा सय प्रतिशत पक्का हुन्छ।

**भजन ४२:६:** जब खिन्नताको चक्र चल्छ, तब मनको खिन्नता घरिघरि फर्केर आउँछ। तर विश्वासले सुदृढ़ कथन भनेर त्यो व्याकुलता हटाइदिन्छः 'म यर्दनको देश अनि हर्मन र मिजारको डाँड़ादेखि परमेश्वरको सम्झना गर्नेछु।' हुन सक्छ, यी तीनवटा ठाउँहरूले तीनवटा आत्मिक अनुभवहरू सङ्केत गर्लान्; तर यो कुरा हामी निश्चित रूपले भन्न सक्दैनौं। तर एउटा कुरा सुस्पष्ट छः यर्दन, हर्मन र मिजारको डाँड़ाचाहिँ देश-बाट निकालिएको र यरूशलेममा भएको परमेश्वरको भवनदेखि टाढ़ा भएको अवस्था बुझाउने ठाउँहरू हुन्। अनि जब हामी परमेश्वरको भवनमा जान सक्दैनौं, तब हामी यस भवनमा वास गर्नुभएको परमेश्वरलाई सम्झना गर्न सक्छौं नि। यहाँ भन्न खोजिएको तात्पर्य यही हो।

**भजन ४२:७:** यस सातौं पदमा आइपुग्दाखेरि हाम्रो आत्मिक सहज-बुद्धिले हामीलाई बताउँछ, कि हामी यहाँ आत्मिक प्रकारले गलगथामा आइपुगेछौं, जहाँ परमेश्वरका न्यायरूपी छाल र लहरहरू प्रभु येशूमाथि ओइरिँदा उहाँका चीत्कारहरू सुनिन्छन्। जब उहाँले हाम्रा पापहरू आफ्नै शरीरमा लादेर यो पापको बोझ क्रूसमा बोकेर लानुभयो, तब ईश्वरीय क्रोधरूपी झरनामाथि झरना गर्जिरहेको आवाजमा उहाँमाथि ओइरिए।

यस तीव्र पीड़ाको अन्तिम दृश्य हेर,
जहाँ परमेश्वरका सबै छाल र लहरहरू
उहाँमाथि ओइरिए!

मेरो आत्मा बचाउन उहाँ क्रूसमा एकलै यस क्षीण अवस्थामा छोड़िनुभयो;
अनुपम प्रेम, कति महान्! मेरो निम्ति सित्तैंमा, कसरी? किनकि प्रभु येशूले मेरो निम्ति आफ्नो प्राण दिनुभयो।

श्री जे. जे. होप्किन्स

**भजन ४२:८:** श्री जर्ज मिलरले भनेका छन्: 'परीक्षाजाँचहरूचाहिँ विश्वासको पोष्य आहार हुन्।' यसैकारण हामी यहाँ एकजना आश्वस्त ख्रीष्ट-विश्वासीलाई दृढ़तापूर्वक यसो भनेको सुन्छौं: *'दिनको समयमा परमप्रभुले आफ्नो करुणा पठाउनुहुनेछ; अनि रातमा मेरो जीवनको परमेश्वरको निम्ति मेरो प्रार्थनाको रूपमा उहाँको गीत मसित हुनेछ।'*

तीन पदमा दिनरातको कुरा थियो भने, यहाँ यसको मिल्ने जोड़ी भएको छ। भजन ४२:३ पदमा भजनकारले *'मेरा आँसुहरू दिनरात मेरो भोजन भएका छन्'* भनेर भने; तर अबचाहिँ दिउँसो तिनको समय परमेश्वरको अटल प्रेमले भरिएको छ र राति तिनको समय गीत र प्रार्थनाले भरिएको हुन्छ। यसरी नै दिउँसो र राति परमेश्वरको भलाइ प्रमाणित हुन्छ।

**भजन ४२:९-१०:** दाऊदमा निराशा फर्केछ। यस पालि शत्रुको नित्य थिचो-मिचोले गर्दा तिनको जीवनमा निराशा आएको छ। के परमेश्वरले आफ्नो छोरालाई बिर्सनुभयो? तिनलाई यस्तो लागेछ। एकलो र निराश भएको ख्रीष्ट-विश्वासी र शोकित मानिस यस कुरामा बराबर छन्: तिनीहरू उदास भई यताउता भौंतारिन्छन्। 'मेरा शत्रुहरूले मेरो मुटु छेड़ पार्ने गरी चिच्च्याएर मेरो निन्दा गर्छन्' (जोसेफ जेलिनो)। बाहिरी दृष्टिले हेर्दा परमेश्वरले आफ्नो छोरालाई भुल्नुभएको जस्तो देखा परेको थियो। यसकारण तिनका शत्रुहरूले तिनलाई 'तेरो परमेश्वर खोइ, कहाँ छन्' भन्ने प्रश्न गर्दै तिनको निरन्तर गिल्ला गरिरहे।

**भजन ४२:११:** तर विश्वाससँग सधैं अन्तिम निर्णायक शब्द छँदैछ। यसकारण आउनुहोस्, हामी विश्वासलाई फैसला गर्न दिऔं, जसले भन्दछः 'निराश नहोऊ! विचलित नहोऊ! परमेश्वरमाथि आशा राख! तिमीले आफ्ना शत्रुहरूबाट छुटकारा पाउने नै छौ, साथै तिम्रो व्याकुलताबाट पनि मुक्त हुनेछौ। त्यसपछि तिमीले आफ्ना मुक्तिदाता परमेश्वरको स्तुतिप्रशंसा गर्नेछौ।' अन्तमा एकजना भाइको कुरा सुनौं, जसले यसो भनेका छन्: 'किन्नताको औषधि यस प्रकारको छः आफ्नो व्याकुल मनलाई चनौती दिनुहोस्, आफ्ना आँखाहरू उठाउनुहोस् र आशा गर्नुहोस्! ख्रीष्टिय जीवनचाहिँ सतर्क, उच्च प्रयासले पूर्ण, सक्रिय र दौड़ दौड़्ने जीवन हो। इसाई जीवन उँधो फर्केको मुन्टो र बाँधिएको हात लिएर आफ्नो हार स्वीकार गर्ने जीवन नै होइन।'

## भजन ४३: 'तपाईंको ज्योति र तपाईंको सत्यता पठाउनुहोस्!'

यो भजन यसभन्दा अघिको भजनको जोड़ी हो। यी दुईवटा भजनहरूको बीचको सम्बन्ध यति घनिष्ठ छ, कि एन.ई.बी.-बाइबलले यी दुवै भजनहरू जोड़ेर एउटै भजन बनाएको छ।

**भजन ४३:१-२:** देशबाट निकालिएको मानिसको प्रार्थना यस भजनमा आफ्नो निरन्तरता पाएको छ। ती मानिस सियोनमा आएर परमेश्वरको उपासना गर्न चाहन्छ, तर एउटा भक्तिहीन जाति र कुनै एक अन्यायी मानिसले तिनलाई विरोध गरिरहेको रहेछ। यस कुराले सङ्कष्टकालमा बाँकी रहेका भक्त यहूदीहरूले सहनुपर्ने अत्याचार चित्रण गर्ला, जब तिनीहरूले इस्राएली जातिका विश्वास नगर्ने मानिसहरू र ख्रीष्ट-विरोधीबाट यस प्रकारको कुव्यवहार सहनुपर्नेछ।

तिनको पहिलो प्रार्थनाको विन्तीचाहिँ दोषमुक्त हुने अनुरोध र सहायता पाउने अनुरोध हो। भजनकारले परमेश्‍वरलाई ‘विश्‍वास नगर्ने यहूदी भाइबन्धुहरू र पापको पुरुषको विरोधमा आफ्ना जनहरूको मुद्दा लड्नुहोस्’ भन्ने अन्तर्विन्ती चढ़ाउँछन्। परमेश्‍वरकहाँ शरण लिएर पनि आफूलाई उहाँबाट त्यागिएको लाग्नु विश्‍वासका कष्टपूर्ण अनुभवहरूमध्ये एक मानिन्छ। विजेताको पक्षमा भएर पनि शत्रुको थिचो-मिचोमा पर्नु विश्‍वासका पहेलीहरूमध्ये एक हो।

**भजन ४३ः३ः** *‘तपाईंको ज्योति र तपाईंको सत्यता पठाउनुहोस्! तिनीहरूले मलाई डोऱ्याऊन्; तिनीहरूले मलाई तपाईंको पवित्र पर्वत र तपाईंका निवासस्थानहरूमा ल्याइपुऱ्याऊन्!’* त्यसपछि ‘म सियोनमा फर्किआउन पाऊँ’ भन्ने सुनिश्‍चित र सुस्पष्ट विन्ती चढ़ाइन्छ। यस पदमा प्रयोग गरिएको भाषा चौपट्टै सुन्दर छ। भजनकारले परमेश्‍वरको पहरा-टोली पाउन खोजे, जुन पहरा-टोलीमा परमेश्‍वरको उपस्थितिको ज्योति र परमेश्‍वरको प्रतिज्ञारूपी सत्यता थिए। यी दुवै कुराहरूले तिनलाई डोऱ्याउनेछन् अनि उहाँको भलाइ र करुणा तिनको पछि-पछि आउनेछन् (भजन २३ः६)। तब पक्का पनि तिनी खुशीसाथ परमेश्‍वरको पवित्र पर्वतमा फर्किआउनेछन्। यस कुरामा तिनी निश्‍चित थिए।

**भजन ४३ः४ः** तीन पद र चार पदमा देखिएको प्रगति याद राखौंः

**क)** तपाईंको पवित्र पर्वतमा
**ख)** तपाईंको निवासस्थानमा
**ग)** परमेश्‍वरको वेदीमा
**घ)** परमेश्‍वरकहाँ, जो मेरो असीम आनन्द हुनुहुन्छ।

परमेश्‍वरको साँचो उपासक कुनै भौगोलिक ठाउँसित अथवा कुनै भवन वा वेदीसित सन्तुष्ट हुँदैन; ऊ परमेश्‍वरकहाँ पुग्नैपर्छ।

**भजन ४३ः५ः** भविष्यमा परमेश्‍वरको सामु देखा पर्न पाउने उज्यालो आशाले प्रोत्यसाहित भएका भजनकारले आफूलाई निरुत्साहित र व्याकुल भएकोमा फेरि एकपल्ट हपार्छन्, र आग्रह गरेर भन्छन्ः ‘परमेश्‍वरमाथि आशा राख्! र उहाँले तँलाई तैंले मन्तव्य गरेको तेरो लक्ष्यमा पुऱ्याइदिनुहुनेछ।’

हे मेरो मन, शान्त रहो!
किनकि तेरा परम स्वर्गीय मित्रले
काँड़ैकाँड़ा भएको मार्गबाट भएर
तँलाई आनन्दले भरपूर लक्ष्यमा पुऱ्याउनुहुनेछ।
श्रीमती क्याथारिना वोन श्लेगल

## भजन ४४ः काटमारको निम्ति ठहराइएका भेड़ाहरू

भूतपूर्व जीतहरूको सम्झनामा हारको पीड़ा झन् तिक्त र साह्रै नमीठो हुन्छ। अनि जब हामीलाई परमेश्‍वरको अनुहार हामीदेखि लुकेको लागेको छ, त्यति बेलै मात्र हाम्रो दृष्टिमा उहाँसितको सङ्गति बढ़ी मूल्यवान् गनिन्छ; कुरा प्रायः यस्तो हुन्छ।

**भजन ४४ः१-३ः** इस्राएली जातिको इतिहास परमेश्‍वरले तिनीहरूको पक्षमा हस्तक्षेप गर्नुभएका रोमहर्षक घटनाहरूले भरपूर छ। उहाँले अन्यजातिहरूलाई कनान देशबाट धपाउनुभयो र त्यो देश आफ्ना जनहरूलाई दिनुभयो। कनानीहरूलाई वशमा पारेर उहाँले इस्राएलीहरूलाई आफ्नै देशमा स्वतन्त्र तुल्याउनुभयो। आफ्नो ठूलो सैनिक शक्तिद्वारा यहूदीहरूले त्यो मनोहर देश अवश्य अधिकार गरेनन्, न ता आफ्नै बाहुबलद्वारा तिनीहरू विजयी भए। होइन नि; तर परमेश्‍वरको शक्तिशाली दाहिने हात, सर्वशक्तिमान्‌को बाहुबलद्वारा र उहाँको

निगाहले तिनीहरू विजयी भए; किनकि तिनीहरूमाथि उहाँको कृपादृष्टि रहेको थियो र तिनीहरू उहाँको निगाहका पात्र थिए।

**भजन ४४:४-८:** प्रभुले हाम्रो निम्ति के-के गर्नुभयो ? यसको सम्झना गरेर हाम्रो हृदयले उहाँको प्रशंसा गर्ने प्रेरणा पाउँछ। उहाँ महान् राजा हुनुहुन्छ; उहाँ ती सर्वशक्तिमान् परमेश्‍वर हुनुहुन्छ, जसले अयोग्य याकूबका अयोग्य सन्तानहरूलाई विजयमाथि विजय दिनुहुन्छ। उहाँद्वारा नै इस्राएली जातिले आफ्ना शत्रुहरूका मोर्चाहरू पेल्‍न सक्यो र आफ्ना आक्रामकहरूलाई कुल्चन सक्यो। लड़ाइँ जित्‍न धनुमाथि भर पर्नुहुँदैन रहेछ, अनि तरवारको बलले पनि बचाउन सक्दैन रहेछ, यसको निम्ति तरवार उपयोगी रहेनछ भनी इस्राएली जातिले सिक्यो। आफ्ना जनहरूलाई छुटकारा दिनुहुने र तिनीहरूका शत्रुहरूलाई पूरा अलपत्र पारिदिनुहुने परमेश्‍वर नै हुनुहुन्छ। यसकारण मानिसहरू उहाँसँग आफ्नो सम्बन्ध रहेकोमा कति गर्वान्वित थिए, र तिनीहरूले यस विजयको अवस्थामा 'हामी उहाँलाई धन्यवाद चढ़ाउन कहिल्यै छोड्‌नेछैनौं' भन्‍ने प्रण घरिघरि दोहोऱ्याइराखे।

**भजन ४४:९-१२:** तर यसको बीचमा कुनै न कुनै घटना घटेको हुनुपर्छ, जुन घटनाले तिनीहरूको स्तुतिगान एउटा विलापको गीतमा बदली गऱ्यो। परमप्रभुले आफ्ना जनहरूलाई भुल्नुभयो र तिनीहरूलाई अपमान सहन छोड़िदिनुभयो, कि के हो ? तिनीहरूका सेनाहरू परमेश्‍वरको उपस्थिति र सहायताविना रणभूमिमा उत्रे; यसकारण तिनीहरू चाँड़ै डरले हार खाएर पछि हटिहाले, र तिनीहरूको शत्रुहरूले इस्राएली जातिको सारा सम्पत्ति लुटे। परमप्रभुले आफ्ना भेड़ाहरूलाई कसाईहरूको हातमा छोड़िदिनुभयो र तिनीहरूबाट बाँचेकाहरूलाई अन्यजातिहरूको बीचमा तितरबितर पारिदिनुभयो। परमेश्‍वरले कसरी आफ्ना जनहरूलाई यति सस्तोमा, अति नै अल्प मूल्यमा बेच्‍न सक्नुभएको ? यो कति अनौठो लेनदेन थियो ? ! अनि तिनीहरूको शत्रुचाहिँ ? यस खराबीको निम्ति त्यससित कुनै पनि कारबाही गरिएन; त्यसको कुनै सजाय भएन।

**भजन ४४:१३-१६:** बिचरा इस्राएली जाति; यो त अरू जातिहरूको निम्ति हाँसोको पात्र, खिसी र निन्दाको विषय पो बनेछ ! यहूदीहरूको इज्जत झार्ने लोकप्रचलित कथन र उखानहरू प्रयोग गरेर तिनीहरूलाई हाँसोमै उड़ाइन्थ्यो। परमेश्‍वरका प्राचीन जनहरू अन्यजातिहरूको बीचमा साह्रै नीच ठट्टाहरूको तारो र निशान बने। तिनीहरू यस प्रकारको शर्मबाट उम्कन सक्दैनथिए। तिनीहरूका शत्रुहरूका खिसी र निन्दाहरूले गर्दा, तिनीहरूसँग बदलाको भावना राख्‍ने वैरीलाई देख्‍नसाथ तिनीहरूको अनुहार निरन्तर लाजले रातो हुन्थ्यो।

**भजन ४४:१७:** इस्राएली जातिको पछि हटाइ तिनीहरूले यस प्रकारको हार र शर्म सहनुपरेको ठोस कारण थिएन। अचम्म लाग्‍ने कुरा यही रहेछ। तिनीहरूको इतिहास पल्टाउनु हो भने, अरू बेलाहरूमा तिनीहरूले सहनुपरेको दुःखकष्ट सीधा तिनीहरूको पापसित सम्बन्धित हुन्थ्यो। तर यहाँ, यस भजनमा प्रस्तुत गरिएको मामिलामा यस्तो कुनै कारण थिएन। तर यहाँ के बुझिन्छ भने, ती मानिसहरू परमेश्‍वरका चुनिएका जनहरू भएका हुनाले तिनीहरू त्यस दुर्दशामा परे। परमेश्‍वर र उहाँको वाचाको खातिर हालैमा यो दुःखकष्ट तिनीहरूमाथि आइपरेको थियो।

**भजन ४४:१८-१९:** यस्ता मानिसहरूमाथि विपत्तिहरू आइपरेका थिए, जुन मानिसहरूले परमेश्‍वरपट्टि आफ्नो पिठ्यूँ फर्काएका थिएनन्, न ता उहाँको वाचा उल्लाङ्घन गरेका थिए। तिनीहरूले उहाँलाई प्रेम गर्न छोड़ेका थिएनन्, न ता उहाँले

तिनीहरूका निम्ति ठहराइदिनुभएको मार्ग त्यागेका थिए। तर पनि परमप्रभुले तिनीहरूलाई स्यालहरूको निर्जन देशमा चकनाचूर पार्नुभयो र तिनीहरूलाई मृत्युको छायाले ढाक्नुभयो।

**भजन ४४:२०-२२:** तिनीहरूले आफ्ना परमेश्वरको नाम बिर्सेका भए अथवा मूर्तिहरू पुजेका भए के यो कुरा परमेश्वरलाई थाह हुनेथिएन र? उहाँले हाम्रो भित्री हृदयका विचारहरू र अभिप्रायहरू जान्नुहुन्छ। अहँ, यस प्रकारको कुनै कारण थिएन। परमप्रभुसित ती मानिसहरूको सम्बन्ध भएको हुनाले तिनीहरूले दुःख भोगिरहेका थिए। उहाँको खातिर तिनीहरू मरेतुल्य जीवन जिए, र तिनीहरूलाई कसाईखानामा लागिएका भेड़ाहरू ठहरिएर तिनीहरूसँग साह्रै तुच्छ दुर्व्यवहार गरिएको थियो।

सायौं वर्षपछि प्रेरित पावलले आफूलाई यही अवस्थामा पाए र आफ्नो परिस्थिति बयान गर्न भजन ४४:२२ पद उद्धृत गरे (रोमी ८:३६)। हरेक युगमा परमेश्वरका जनहरूले यस प्रकारको दुःखकष्ट सहनुपरेको थियो र सहनुपरेको छ।

**भजन ४४:२३-२६:** तेइस पदमा विन्ती चढ़ाउने व्यक्तिको आग्रह चरमसीमामा पुगेको छ। मानौं प्रभु निदाउनुभएको थियो, र उहाँलाई निद्राबाट बिउँझाएर उहाँलाई आफ्ना जनहरूको पक्षमा काम गरिदिनुहुन अनुरोध गर्नुपरेको थियो। भजनकारले यो बुझ्नै सक्दै सकेनन्: परमेश्वरका जनहरू धूलोमा लम्पसार परिरहेको बेलामा उहाँले आफ्नो अनुहार कसरी लुकाउन सक्नुभयो? के उहाँले तिनीहरूलाई यति साह्रै बेवस्ता र हेला गर्नुहुन्थ्यो? यसकारण तिनले फेरि एक पल्ट परमप्रभुलाई जगाउने किसिमले आफ्नो आवाज उठाएर विन्ती गरेका छन्: *'हाम्रो सहायताको निम्ति उठ्नुहोस्, र आफ्नो करुणाको खातिर हामीलाई छुटकारा दिनहोस्!'*

## भजन ४५: राजाहरूका राजा

**भजन ४५:१:** यो भजन लेख्न भजनकारलाई सजिलो लाग्यो। वास्तवमा राजाको विषयमा यो कविता रच्न यी शब्दहरू तिनको हृदयबाट फुट्ट निस्केका थिए; यी शब्दहरू तिनको कलमबाट सललल बगे। तिनी प्रेरणाको तरङ्गमा तहरिएर बग्दैथिए। तिनको जिब्रो निपुण लेखकको कलमजस्तै थियो। अनि ती निपुण लेखक पवित्र आत्मा हुनुहुन्थ्यो। यस प्रकारको अर्थ लगाएर हामीले अनर्थको व्याख्या गरेका होइनौं।

**भजन ४५:२:** शुरुमा हामीलाई राजाको परिचय दिइएको छ। उहाँको शोभा अद्वितीय छ; दस हजारमा उहाँ सर्वोत्तम हुनुहुन्छ र बिलकुल मनोहर हुनुहुन्छ। उहाँका ओठहरूमा अनुग्रह खन्याइएको छ; उहाँको बोली अति मीठो छ। उहाँको व्यक्तिगत उत्कृष्ट श्रेष्ठताले गर्दा परमेश्वरले उहाँलाई सदा-सर्वदाको निम्ति आशिषित तुल्याउनुभएको छ।

> पृथ्वीले जन्माएको समस्त मानव-जातिमा
> परम सुन्दर तपाई, सुन्दरताले सिद्ध तपाईं;
> अनुग्रहले पूर्ण छन् तपाईंका ओठहरू,
> र प्रेमले पूर्ण छ तपाईंको कोमल हृदय।
> सदा धन्य परमेश्वर, तपाईंको सामु हामी घुँड़ा टेक्छौं, र मानिलिन्छौं, कि सबै परिपूर्णता तपाईंमा वास गर्छ।
>
> अज्ञात लेखकको रचना

**भजन ४५:३-५:** त्यसको लगत्तै पछि हामी यस खण्डमा ख्रीष्ट येशूको दोस्रो आगमनमा पुगेका हुन्छौं, त्यस क्षणमा, जब उहाँ ठूलो शक्ति र ठूलो महिमाको साथ यस पृथ्वीमा फर्केर आउनुहुनेछ। त्यस बेलामा उहाँ नासरतको सिकर्मीको दीन रूपमा होइन,

तर जयवन्त शूरवीर योद्धाको रूपमा आउनुहुनेछ। जब यी परम सामर्थी प्रभु आफ्नो महिमा र आफ्नो प्रतापको साथ ओर्ली आउनुहुनेछ, तब उहाँको कम्मरमा एउटा तरवार भिरिएको हुनेछ। सत्यता, नम्रता र धार्मिकताको मुद्दा लड्न उहाँ सफलताको साथ महिमामय प्रतापको सवार हुनुहुनेछ। काँटीको डोब भएको उहाँको दाहिने हात डरलाग्दो शक्तिको साथमा आफ्ना शत्रुहरूको विरुद्धमा तरवार चलाउन निपुण छ। राजाका शत्रुहरूको मुटु उहाँका काँड़हरूको निम्ति ताकेर हान्ने सुनिश्चित निशान हुनेछ; जाति-जातिका मानिसहरू पटक-पटकमा उहाँकै सामु सोतर भएर ढल्नेछन्।

**भजन ४५ः६-७[क]ः** अबचाहिँ उक्त लड़ाइँ शमनीय भयो; अनि राजा यरूशलेममा आफ्नो महिमाको सिंहासनमाथि विराजमान हुनुहुन्छ। अनि स्वर्गबाट परमेश्वरको वाणी सुनिन्छ। यस वाणीमा राजालाई 'परमेश्वर' भनेर सम्बोधन गरिएको छ, जसको राज्य अनन्त राज्यको रूपमा घोषणा गरिएको छ। अनि हामी जान्दछौं, कि यस वाणीमा परमेश्वर आफै बोल्नुभएको छ; किनकि हिब्रू १ः८-९ पदहरूमा यो भनिएको हो, जब यसो लेखिएको छः *'तर पुत्रको विषयमा उहाँ भन्नुहुन्छः "हे परमेश्वर, तपाईंको सिंहासन युगानुयुग रहिरहन्छ; धार्मिकताको राजदण्ड तपाईंको राज्यको राजदण्ड हो। तपाईंले धार्मिकतालाई प्रेम गर्नुभएको र अधर्मलाई घृणा गर्नुभएको छ; यसकारण परमेश्वरले, तपाईंका परमेश्वरले तपाईंलाई तपाईंका साथीहरूलाई भन्दा बढ़ी हर्षको तेलले अभिषेक गर्नुभएको छ।" '*

याद गर्नुहोस्ः परमेश्वरले यहाँ, यस खण्डमा आफ्ना पुत्रलाई 'परमेश्वर' भनेर सम्बोधन गर्नुभएको छ। पवित्र बाइबलमा ख्रीष्ट येशूको परमेश्वरत्व प्रमाणित गर्ने सुस्पष्ट प्रमाणहरूमध्ये यो एक हो। तर हामी स्वीकार गर्न तयार छौं, कि कति बाइबल-अनुवादकहरूले भजन ४५ः६ पद 'हे परमेश्वर, तपाईंको सिंहासन सदा-सर्वदा रहिरहन्छ' नभनेर 'तपाईंको ईश्वरीय सिंहासन सदा-सर्वदा रहिरहन्छ' भनेर अनुवाद गरे। तर जब तिनीहरूले यो उद्धृत गरिएको पद हिब्रूहरूको पुस्तकमा अनुवाद गरे, तब यो पद 'हे परमेश्वर, तपाईंको सिंहासन युगानुयुग रहिरहन्छ' भएछ। यसकारण ख्रीष्ट येशूको सिंहासन ईश्वरीय सिंहासन भएको कुरा साँचो हो; तर उहाँ परमेश्वर हुनुहुन्छ भन्ने कुरा पनि उत्तिकै साँचो र बिलकुल सत्य हो।

ख्रीष्ट येशूको राज्य सदा-सर्वदा रहिरहनेछ। उहाँले यस पृथ्वीमा एक हजार वर्ष राज्य गर्नुहुनेछ, त्यसपछि उहाँको त्यो राज्य हाम्रा प्रभु र मुक्तिदाता येशू ख्रीष्टको अनन्त राज्यसित एक भएर जानेछ (२ पत्रुस १ः११)।

ख्रीष्टको राजदण्ड निष्पक्षताको राजदण्ड हो। राजदण्ड भनेको विशेष किसिमको लौरो हो, जुन लौराचाहिँ राजकीय अधिकारको प्रतीक हो। यसो हो भने, मसीह राजाले पूर्ण न्यायको साथ शासन गर्नुहुनेछ। अनि उहाँको शासन-व्यवस्था सम्पूर्ण रूपले पवित्र हुनेछ; किनकि यी राजाले धार्मिकता मन पराउनुहुन्छ र दुष्टतालाई घृणा गर्नुहुन्छ।

**भजन ४५ः७[ख]-८ः** प्रभु येशूमा धार्मिकता र सच्चाइ भएको कारणले परमेश्वरले उहाँलाई अरू सबै शासकहरूलाई भन्दा बढ़ी हर्षको तेलले अभिषेक गर्नुभएको छ। हर्षको तेलले पवित्र अभिषेकको तेल सङ्केत गर्छ, जुन अभिषेकको तेलद्वारा पूजाहारीहरू उनीहरूको पूजाहारी-पदमा नियुक्त गरिन्थे (प्रस्थान ३०ः२२-२५)। हाम्रा प्रभु पूजाहारी एवम् राजा हुनुहुनाले उहाँको निम्ति यो अभिषेकको तेल प्रयोग गरियो। गन्धरस र अगरु अभिषेकको तेलका मुख्य सामग्री थिए भने, श्रेष्ठगीत ४ः१४

पदअनुसार तेजपात वा दालचिनीचाहिँ उत्तम मसलाहरूमध्ये एक गनिन्थ्यो। यी सुगन्धित मसलाहरूले हाम्रा प्रभु येशू र उहाँको त्राणको कामको सर्वश्रेष्ठता प्रकट गरिदिने सुबास्ना सङ्केत गर्छन्। अनि गन्धरस र अगरुचाहिँ विशेष गरी उहाँले सहनुभएका दुःखहरू र उहाँको मृत्युसित सम्बन्धित हुन्छन्; किनकि उहाँको मृत शरीर दफन गर्न तयार गर्दा ती सुगन्धित मसलाहरू प्रयोग गरिएका थिए (यूहन्ना १९:३९)।

हस्तिहाड़का महलहरूबाट तिनीहरूले उहाँलाई आनन्दित तुल्याउँछन्। यो त त्यो राजकीय वाद्य-मण्डल हो, जुन वाद्य-मण्डल-को सङ्गीतद्वारा संसारको आनन्दोत्सवको ध्वनि चारैतिर गुञ्जायमान हुन्छ; किनभने मानिस-जातिको निम्ति रोदन र सुस्केराको समय सकिएको र बल्ल सुनौलो युगको उदय भएको छ।

**भजन ४५:९:** राजा आफ्नो सत्तामा एकलै रहनुहुनेछैन। पृथ्वीका राजाहरूका छोरीहरू उहाँका राजकीय नोकरचाकरहरूको बीचमा हुनेछन्। उहाँको दाहिने हातपट्टि ओपिरको सुनले सुसज्जित भएकी रानी हुन्छिन्। अनि यी रानीचाहिँ को हुन् त ? यो त मण्डली पो हो कि भन्ने धारणादेखि हामी टाढ़ा रहनुपर्छ; किनकि ख्रीष्ट येशूको मण्डली पुरानो नियमको प्रकाशको विषयवस्तु नै होइन (एफेसी ३:५-९; कलस्सी १:२६)। उक्त रानीचाहिँ इस्राएली जातिका छुटकाराप्राप्त जनहरूको बाँकी भाग हो भनेर हामी विश्वास गर्छौं (इजकिएल १६:१०-१४)। अनि ती नोकरचाकरहरूले चाहिँ इस्राएली जातिको गवाहीद्वारा ख्रीष्ट येशूकहाँ ल्याइएका अन्य-जातिहरूलाई सङ्केत गरेका हुन सक्छ।

**भजन ४५:१०-११:** 'हे छोरी, आफ्ना मानिसहरूलाई र आफ्नो बुबाको घर बिर्स !' यहाँ एकजना अपरिचित व्यक्तिको सोर सुनिन्छ। हुन सक्छ, यहाँ पवित्र आत्माले यी रानीलाई यिनका मानिसहरूलाई र यिनका पिताको घर बिर्सने सल्लाह दिनुभएको होला। जुन बन्धनहरूद्वारा यिनी मुक्ति पाउनुभन्दा अघि बाँधिएका थिए, ती बन्धनहरू तोड़ेर यिनले अब राजा, आफ्ना मालिक र स्वामीप्रति पूरा समर्पित हुनुपर्छ भन्ने अर्थ निस्सन्देह यस आज्ञाको सुस्पष्ट अर्थ हो। यस दिव्य सरसल्लाहले लूका १४:२६ पदमा हाम्रा प्रभु येशूले भन्नुभएको वचनको पूर्वाभास दिलाउँछ, जहाँ उहाँले यसो भन्नुभयो: *'कोही मानिस मकहाँ आउँछ, र आफ्ना बुबा, आमा, स्वास्नी, छोराछोरीहरू, दाजुभाइहरू र दिदीबहिनीहरूलाई, अँ, र आफ्नो प्राणलाई पनि घृणा गर्दैन भने त्यो मेरो चेला हुन सक्दैन।'*

ख्रीष्ट येशूप्रति हाम्रो प्रेम यति प्रगाढ़ हुनुपर्छ, कि यसको तुलनामा हाम्रा अरू सबै प्रेमका सम्बन्ध र प्रीतहरू घृणासमान ठहरिनुपर्छ। हृदयको अखण्डता र एक-चित्ततामा यस्तो एउटा सुन्दरता छ, जुन सुन्दरता उहाँलाई अति प्रिय लाग्छ। उहाँ हाम्रा प्रभु हुनुहुनाले उहाँ हाम्रो जीवन पाउनु योग्य हुनुहुन्छ र हामीसित भएका सबै कुराहरू पनि पाउनु योग्य हुनुहुन्छ।

**भजन ४५:१२:** धनी टायरकी छोरी सौगात लिएर रानीकहाँ आउँछिन्। हो, संसारका सबैभन्दा धनवान् मानिसहरूले उत्तमभन्दा उत्तम उपहारहरू लिएर यरूशलेमको यात्रा गर्नेछन्।

**भजन ४५:१३:** त्यसपछि राजाकी छोरी राजसी वैभवको पहिरनमा राजमहलमा देखा परेकी छिन्; अब एकै क्षणमा यिनी राजाकहाँ ल्याइन्छिन्। एक समयमा यिनी पापले थकित भएकी दासी थिइन्; तर अहिले यिनी सुनको बेलबुट्टा हानिएको वस्त्रले सिँगारिएर आफ्नो कोठामा बस्दैछिन्।

**भजन ४५:१४-१५:** अनि नभन्दै रङ्गरङ्गको कार्चोपी वस्त्र पहिरेकी दुलही

राजाकहाँ पुऱ्याइन्छिन्, यिनका कन्या सहेलीहरू पनि यिनको साथमा छन्। ठूलो हर्षोल्लासको साथमा यिनीहरू अघि बढ्नेछन् र अन्तिम आएर राजाको महलभित्र पस्नेछन्।

'पितालाई आनन्द दिलाउने, पुत्रलाई आनन्द दिलाउने र पवित्र आत्मालाई आनन्द दिलाउने, साथै पवित्र स्वर्गदूतहरूलाई आनन्द दिलाउने यो परम आनन्दको विषय अवर्णनीय छ। अनि आफ्नो प्रभुको आनन्दमा प्रवेश गर्नेहरूको आनन्दको निम्ति उचित शब्दै छैन। भएभरको सौन्दर्यले पूर्ण सुन्दर यिनी, सम्पूर्ण सद्गुण-हरूले सुशोभित भएकी यी अपसरा! सम्पूर्ण मनोहरताले मनोहर भएकी, सम्पूर्ण आकर्षणले आकर्षित भएकी, सम्पूर्ण तवरले परमेश्वरका पुत्रको रूपमा बदली भएर रूपवान् भएकी यिनी!'

अज्ञातको लेख

**भजन ४५:१६-१७:** यी अन्तिम दुईवटा पदहरूमा परमेश्वर पिताले ख्रीष्ट राजासँग बोल्नुभएको छ। उहाँले ख्रीष्ट राजालाई छोराहरू दिन्छु भन्ने प्रतिज्ञा गर्नुहुन्छ, जुन छोराहरू उहाँका पितापुर्खाहरूको सट्टामा पृथ्वीमा सक्षम शासकहरू हुनेछन्। श्री रोनल्ड नोक्सअनुसार 'तिनीहरूले संसारलाई आपसमा आ-आफ्ना अधिकारका क्षेत्रहरूमा विभाजन गर्नेछन्' अरे।

अनि राजाको विषयमा कसो हो? पुस्तौंपुस्तासम्म राजाको नामको प्रशंसा हुनेछ। जाति-जातिका मानिसहरूले सदा-सर्वदा उहाँको श्रद्धाभक्ति गर्नेछन्। अबदेखि उसो यस्तो कुनै समय कहिल्यै हुनेछैन, जुन समयमा मानिसहरूले उहाँको भक्ति र सम्मान गर्दैनन्।

## भजन ४६: परमेश्वर हाम्रो साथमा

यो पहिलो विश्व-युद्धको कुरा होः स्कटल्याण्डको पहाड़ी क्षेत्रमा जवान मानिस-हरू ठूलो सङ्ख्यामा सेनामा भर्ती भए। जहिले-जहिले तिनीहरूका सैन्य दलहरू समुद्र-यात्रा गर्न पोतघाटमा जम्मा भए, तहिले-तहिले ती जवानहरूका आफन्त र इष्टमित्रहरू त्यहाँ भेला भए, र तिनीहरूले उनीहरूको निम्ति यो भजन गाएः

परमेश्वर हाम्रा शरणस्थान र हाम्रा बल हुनुहुन्छ,  
सङ्कष्टमा तुरुन्तै पाइने सहारा।  
यसकारण चाहे पृथ्वी हटिजाओस्,  
चाहे पहाड़हरू समुद्रको गहिराइमा फालिऊन्,  
समुद्रको पानी गर्जोस्, त्यसको छालहरू उर्लून्,  
चाहे त्यो उर्लेर आएकोले पहाड़हरू हल्लिऊन्,  
तर हामी डराउनेछैनौं।

एउटा नदी छ, जसका धाराहरूले परमेश्वरको शहरलाई, अँ, त्यस पवित्रस्थानलाई आनन्दित तुल्याउनेछन्, जहाँ परमप्रधान प्रभुले आफ्नो वासस्थान बनाउनुभएको छ।

परमेश्वर त्यसको बीचमा वास गर्नुहुन्छ,  
कुनै कुराले पनि त्यसलाई हटाउनेछैन;  
परमप्रभु त्यसका सहायक हुनुहुन्छ।

शान्त होओ र परमेश्वर म नै हुँ भनी जान!  
अन्यजातिहरूको बीचमा म उच्च हुनेछु,  
पृथ्वीमा म अति उच्च हुनेछु।

हाम्रा परमेश्वर सेनाहरूका परमप्रभु हुनुहुन्छ;  
उहाँ अझै पनि हाम्रो पक्षमा हुनुहुन्छ;  
याकूबका परमेश्वर, सदा-सर्वदा रहिरहनुहुने  
हाम्रा शरणस्थान हुनुहुन्छ।

स्कटिश भजनहरूको पुस्तकबाट उद्धृत

उक्त घटनाजस्तै हजारौं छन्, जुन-जुन बेलामा परमेश्वरका पवित्र जनहरूले ठूलो सङ्कष्टमा परेको समयमा यस भजनबाट सान्त्वना र ढाढ़स पाए। रोगको ओछ्यानमा, शोकित परिवारमा, सतावटको काल-कोठरीमा, कष्टमय र दुःखद परिस्थितिको चेपारोमा परेकाहरूको कानमा यस भजनबाट यी प्रतापी शब्दहरू पढ़िदिँदाखेरि अनगिन्ती हृदयहरूले उत्साह र प्रोत्साहन पाए। यही भजनले यातना र सतावटभोगी भूतपूर्व

अगष्टिन पन्थी मोठबासी मार्टिन लुथरलाई धर्मसुधारको बेलामा आफ्नो सुप्रख्यात गीत 'ए माइटी फोर्टर्स इज आवर गड' लेख्ने प्रेरणा दिएको थियो। यस भजनको सन्देश कालातीत छ, र यसबाट मिल्ने उत्साह अटुट र सुनिश्चित छ।

श्री जी. क्याम्पबेल मोर्गनले यो भजन तीन विविध खण्डमा विभाजित गरेका छन्, र यसको एक एक खण्ड निम्न शीर्षक दिएका छन्ः

**खण्ड १)** *भजन ४६ :१-३ :* हामीलाई भरोसा गर्ने चुनौती दिइएको छ।

हामी डराउनुहुँदैन; किनकि परमेश्वर हाम्रो साथमा हुनुहुन्छ।

**खण्ड २)** *भजन ४६ :४-७ :* भरोसा राख्ने भेद यसैमा छः परमप्रभु यरूशलेममा सिंहासनमाथि विराजमान हुनुहुन्छ।

**खण्ड ३)** *भजन ४६ :८-११ :* एक दिन भरोसा राखेको कुरा सत्य ठहरिनेछ; किनभने ख्रीष्टको विश्वव्यापी राज्यमा यस पृथ्वीमाथि शान्ति स्थापित हुनेछ।

सर्वमान्य विचारअनुसार यो भजन लेख्ने प्रेरणा दिलाउने ऐतिहासिक पृष्ठभूमिचाहिँ अश्शूरका राजा सनहेरिबले यरूशलेम शहर घेराबन्दी गरेको घटना मानिन्छ, जुन घेराबन्दीबाट तिनीहरूले अद्‌भुत रीतिले छुटकारा पाएका थिए (२ राजा १८ :१३-१९ :३५; यशैया ३६ :१-३७ :३६)। त्यस बेलामा यहूदाका मानिसहरूले परमेश्वरको उपस्थिति आफ्नो साथमा रहेको खूबै महसुस गरेका थिए। अनि यही कारणले यस भजनले तिनीहरूको साथमा हुनुहुने इम्मानुएलको स्तुतिगान गरेको छ। इम्मानुएलको अर्थ 'परमेश्वर हाम्रो साथमा' हो।

**भजन ४६ :१-३ :** *'परमेश्वर हाम्रा शरणस्थान र बल, सङ्कष्टहरूमा तुरन्तै पाइने सहायता हुनुहुन्छ।'* अथवा एन. ए. एस. बी.-बाइबलको मार्जिनअनुसार 'हामी साह्रै चेपमा परेको साँघुरो अवस्थामा पनि उहाँको सहायता प्रचूर हुन्छ।' हाम्रो धनसम्पत्ति र हाम्रो सेनाबलले हाम्रो सुरक्षा र हाम्रो बचाउ गर्दैनन्, तर परमप्रभुमा मात्र हाम्रो सुरक्षा सुनिश्चित छ भन्ने कुरा बुझ्ने मानिस धन्यको हो।

तपाईंको विचारमा, सबैभन्दा खराब कुरा के हुन सक्नेथियो ? तब त्यही कुरा कल्पना गरौं ! मानौं यो सारा पृथ्वी एउटा विशाल ज्वालामुखीभित्र पग्लिएको छ। मानिलिऔं, कि एउटा डरलाग्दो भुइँचालो चलेर संसारका सबै पहाड़हरू समुद्रको गहिराइमा डुबेका छन्। मानिलिऔं, कि जलप्रलय उर्लेर आएको र जमिनमाथि ओइरिएको छ। अथवा मानौं प्राकृतिक प्रकोपको फलस्वरूप पहाड़-हरू पूरा हल्लिएका छन्।

अथवा आउनुहोस्, हामी एक क्षणको निम्ति अर्को कल्पना गरौं ! पहाड़हरूले संसारका राज्यहरू र तिनीहरूका शहरहरूलाई सङ्केत गरून्, अनि समुद्रको पानीले देश-देशका जातिहरूलाई सङ्केत गरोस्। मानौं, समाजका जगहरू पल्टिरहेका छन्; राज्य-राज्यहरू ढलिरहेका र टुक्रिरहेका छन्। संसारका राष्ट्रहरू राजनीतिक, आर्थिक र सामाजिक अन्योलता र समस्याहरूले मन्थन गरिएका र सारा संसारलाई अभूतपूर्व तीव्रताले पक्रिरहेका छन् भने कसो ?

यसो भए पनि परमेश्वर हाम्रो शरणस्थान र बल हुनुहुन्छ; यसकारण हामी डराउनेछैनौं। जेजति खराब कुरा हामीमाथि आइलागे ता पनि हाम्रो निम्ति डराउनुपर्ने कुनै कारण छैन; किनकि परमेश्वर अझै पनि हाम्रो साथमा हुनुहुन्छ।

**भजन ४६ :४ :** *'एउटा नदी छ, जसका धाराहरूले परमेश्वरको शहरलाई आनन्दित*

*तुल्याउनेछन् ।'* परमेश्वर स्वयम् ती नदी हुनुहुन्छ, जसले आफ्नो शहरलाई आनन्दित तुल्याउनुहुनेछ। वास्तवमा यरूशलेममा कुनै नदी नै छैन। तर सामान्य हिसाबले कुनै शहरको लागि एउटा नदीको जेजति योगदान हुन्छ, परमेश्वर पनि आफ्नो पवित्र वासस्थानको निम्ति उत्तिकै योगदान हुनुहुन्छ र त्योभन्दा बढ़ी हुनुहुन्छ; किनकि उहाँ जीवनको मुहान र शीतलताको स्रोत हुनुहुन्छ; उहाँ कृपा र भलाइको निरन्तर बगिरहने नदी हुनुहुन्छ।

*'त्यहाँ महिमित परमप्रभु हाम्रो निम्ति फराकिला नदीहरू र खोलाहरूको एउटा ठाउँ बन्नुहुनेछ, जहाँ बहानाहरू भएको कुनै जहाज चल्नेछैन, न ता कुनै शानदार जहाज नै त्यहाँ-बाट भएर जानेछ'* (यशैया ३३ः२१)।

**भजन ४६ः५ः** परमेश्वर यरूशलेममा सिंहासनमाथि विराजमान हुनुहुन्छ; यही कारणले त्यो शहर डगमगाउनेछैन; किनकि *'सखारै परमेश्वरले त्यसलाई सहायता गर्नुहुनेछ।'* परमेश्वरका जनहरूको निम्ति यो एउटा लामो अँध्यारो रात भयो; तर अब चाँड़ै मिरमिरे उज्यालो खस्ने नै छ, र ख्रीष्ट येशूले आफ्नो अधिकारपूर्ण आसन ग्रहण गर्नुहुनेछ र आफूलाई आफ्ना जनहरूको पक्षमा शक्तिमान् देखाउनुहुनेछ।

**भजन ४६ः६ः** पृथ्वीका जातिहरू रिसले चूर भएका छन्; तिनीहरूका राज्यहरू धरमराउनेछन्। जब परमेश्वर आफ्नो क्रोधमा बोल्नुहुन्छ, तब उहाँको सामु लुरुक्कै परेको पृथ्वी पग्लिन्छ।

**भजन ४६ः७ः** उक्त शब्दहरूले विशेष गरी महासङ्कष्टलाई ताकेका छन्, जुन बेलामा पृथ्वी भयानक प्राकृतिक प्रकोपहरूद्वारा पीड़ित हुनेछ, राजनीतिक उथलपुथल, लड़ाइँहरू र महामारीहरूले र सोच्नै नसकिने कष्टहरूले ग्रसित हुनेछ। तब प्रभु येशू स्वर्गबाट देखा पर्नुहुनेछ, अनि उहाँले सबै अवज्ञाकारी तत्त्वहरू र हर प्रकारको विद्रोह चकनाचूर पार्नुहुनेछ अनि धार्मिकता र शान्तिको साथ राज्य गर्नुहुनेछ। अनि त्यस बेलामा इस्राएली जातिका विश्वास गर्नेहरूको बाँकी भाग मानिसहरूले यसो भन्नेछन्ः *'सेनाहरूका परमप्रभु हाम्रो साथमा हुनुहुन्छ; याकूबका परमेश्वर हाम्रो शरणस्थान हुनुहुन्छ।'*

'सेनाहरूका परमप्रभु हाम्रो साथमा हुनुहुन्छ' भन्ने वचनमा व्यक्त गरिएको निश्चयता असाध्य मिठासले पूर्ण छ; किनकि जो हाम्रो साथमा हुनुहुन्छ, उहाँ अनगिन्ती स्वर्गदूतहरूरूपी स्वर्गका सेनाहरूको सेनापति हुनुहुन्छ। तर उहाँ याकूबका परमेश्वर पनि हुनुहुन्छ। अनि याकूबको अर्थ 'ठग', 'अर्कोको खुट्टा तान्ने' वा 'अर्काको स्थान लिने' हुन्छ। तर परमेश्वरले आफूलाई 'याकूबको परमेश्वर हुँ' भनेर भन्नुहुन्छ। यी दुईवटा कुराहरू जोड्नुहोस् र यस प्रकारको अर्थ निस्कन्छः स्वर्गीय सेनाहरूका परमेश्वर अयोग्य पापीहरूका परमेश्वर हुनुहुन्छ। उहाँ जसको उचाइ असीमित हुन्छ, उहाँ ज्यादै नजिक हुनुहुन्छ। उहाँ हाम्रो बाटोको एक-एक कदममा हाम्रो साथमा हुनुहुन्छ; उहाँ जीवनका सबै आँधीबेह्रीहरूमा हाम्रो अचूक शरणस्थान हुनुहुन्छ।

**भजन ४६ः८ः** यस पदमा आइपुग्दा सारा कोलाहल र सबै विपत्तिहरू अन्त भइसकेका छन्। मानिसको समय सकिगयो। अबचाहिँ राजा यरूशलेममा आफ्नो सिंहासनमाथि विराजमान हुनुहुन्छ। अनि हामीलाई निस्केर जाने र उहाँको विजयस्थल नियालेर हेर्ने निम्तो दिइएको छ। हामीले जहाँ पनि हेर्छौं, जताततै उहाँका हार खाएका शत्रुहरूको विनाश देखिन्छ। महासङ्कष्टको अवधिमा र उहाँको महिमित आगमन हुँदा संसारमाथि आइपरेका भयानक न्यायहरूका प्रत्यक्ष प्रमाणहरू जहाँ पनि देखिन्छन्।

**भजन ४६ः९ः** तर अब शान्तिका राजकुमार सिंहासनमाथि विराजमान हुनुभएको छ; अनि संसारभरि लड़ाइँहरू थामिएका छन्। जुन कुरा सबै सभाहरू, राष्ट्र-संघहरू र बैठकहरूले हासिल गर्न सकेनन्, त्यो कुरा प्रभु येशूले आफ्नो फलामको डन्डाद्वारा प्राप्त गर्नुभयो। अब सबै हतियारहरू हटाउने काम छलफलको विषय मात्र रहेन, तर यो कुरा काममा परिणत भएको छ। सबै अस्त्रशस्त्र रद्द भए। अनि अघि लड़ाइँका सामानहरूमा गरिएको खर्च अब कृषिमा र विकासका अन्य परियोजनाहरूमा प्रयोग गरिन्छ।

**भजन ४६ः१०ः** *‘शान्त रहो, र परमेश्वर म नै हुँ भनी जान! म अन्यजातिहरूको बीचमा उच्च हुनेछु, म पृथ्वीमा उच्च हुनेछु।’* पृथ्वीका सबै बासिन्दाहरूको निम्ति परमेश्वरको यो वाणी आएको छ। यसमा ठूलो निश्चयता र ठूलो अधिकार गुज्जिएको छ। हरेक डर शान्त पारिएको छ; हरेक चिन्ता चुप गराइएको छ। अब उहाँका जनहरू विश्राम लिन सक्छन्। उहाँ परमेश्वर हुनुहुन्छ। उहाँको मामिलाको जीत भएको छ। उहाँ अन्यजातिहरूको बीचमा सर्वोच्च हुनुहुन्छ; उहाँ सारा पृथ्वीको सर्वाधिकारी हुनुहुन्छ।

अनि यस पदबाट श्रीमती क्याथारिना वोन श्लेगलले ‘बि स्टिल माई सोल’ नामक सुप्रख्यात गीत लेख्ने प्रेरणा पाईन्।

हे मेरो मन, शान्त हो! तेरा परमेश्वरले अतीतमा भएझैं भविष्यमा पनि तँलाई डोर्‍याउने जिम्मा लिनुभएको छ;
यसकारण कुनै कुराले तेरो आशा, तेरो भरोसा डगमगाउन नपाओस्!
जुन कुराहरू अहिले रहस्यमय देखिन्छन्, ती सबै कुराहरू अन्तमा उज्याला भइहाल्नेछन्।

हे मेरो मन, शान्त हो! आँधीबतास र छालहरूले अझै पनि उहाँको आवाज जान्दछन्, जसले यस धरतीमा हुनुहुँदा तिनीहरूलाई हुकुम दिनुहुन्थ्यो।

**भजन ४६ः११ः** घट्न सक्ने जुनसुकै कुरा घटोस् अथवा घड़ी जतिसुकै अँध्यारो किन नहोस्, तर ख्रीष्ट-विश्वासीले निर्धक्क भई र निर्भयको साथ भन्न सक्छः *‘सेनाहरूका परमप्रभु हाम्रो साथमा हुनुहुन्छ; याकूबका परमेश्वर हाम्रो शरणस्थान हुनुहुन्छ।’* स्वर्गका सेनाहरूलाई निर्देशन गर्नुहुने हाम्रो पक्ष लिनुहुन्छ भने को हाम्रो विरोधमा उठेर हामीमाथि प्रबल हुन सक्ला त? याकूबजस्तो अयोग्य कीराको परमेश्वर यस्तो एउटा किल्ला हुनुहुन्छ, जुन किल्लामा हामी सबैजना यस चञ्चल, ढलपल जीवनका आँधीहरूबाट शरण लिन सक्छौं।

शान्त होऊ! किनभने त्यो बिहान आउँदैछ,
जब यो रात बितिजान्छ;
ख्रीष्ट येशू, आफ्नो ज्योतिमा पूरा भर पर!
उहाँ तिम्रा विश्वासयोग्य मित्र हुनुहुन्छ।
अनि यो जान, कि उहाँ परमेश्वर हुनुहुन्छ,
जसको सिद्ध इच्छाअनुसार सबै कुराहरू तिम्रो भलाइ गर्छन्; यसकारण आफ्ना आँखाहरू उहाँतिर उठाऊ, र शान्त होऊ!

श्रीमती फ्लोरेन्स विल्स

## भजन ४७ः नयाँ वर्षको शुभकामना!

यस भजनको घटनास्थल यरूशलेम हो, जहाँ नयाँ वर्षको पूर्व-सन्ध्यामा, सूर्यास्त भएको बेलामा राष्ट्रिय रङ्गशालामा एउटा पवित्र सङ्गीत समारोहद्वारा मसीह राजाको सुनौलो युगको पहिलो सालको नयाँ वर्ष भव्य प्रकारले स्वागत गरिन्छ। यस उपलक्ष्यमा कार्यक्रमको मुख्य भाग भजन ४७ का जयजयकारयुक्त उल्लसित उपभेदहरू भएका रहेछन्। अनि यदि हामीले फिलहालमा

भइरहेका अन्तराष्ट्रिय परिवर्तनहरूमाथि नजर लगायौं भने यस भजनका शब्दहरूले नयाँ अर्थ पाएका छन् ।

**भजन ४७:१-४:** अब यो भजनको प्रस्तुति शुरु हुन लागेको छ। त्यस बेलामा त्यहाँ उपस्थित दर्शक-गणले के बुझेको छ भने, विश्वव्यापी सङ्कष्टकाल भर्खर सकिएको छ; अनि त्यस सङ्कष्टकालबाट उम्केका अन्यजातिहरूलाई 'ताली बजाओ र उच्च स्वरले कराएर परमेश्वरको निम्ति जयजयकार गर' भन्ने आह्वान दिएको छ। अभूतपूर्व जोशको आवेगमा गायक-मण्डलले ताली बजाउँदै भजनको तालमा अगुवाइ गरेको छ। अनि जब गाउँदा-गाउँदै गायकहरू *'परमप्रधान परमप्रभु भययोग्य हुनुहुन्छ'* भन्ने शब्दमा आइपुगे, तब सबै मानिसहरू एकाएक जरुक्कै उठेका छन्। अनि भर्खर सुसम्पन्न भएको प्रभु येशू ख्रीष्टको राज्याभिषेक तिनीहरूको सम्झनामा आएको छ, जुन बखतमा *'उहाँ सारा पृथ्वीमाथि महाराजा हुनुहुन्छ'* भनेर खुल्लमखुल्ला उद्घोषणा भएको छ। उहाँले 'बाख्रा-जातिहरूलाई' तिनीहरूका पाउहरूमनि पार्नुभएको कुरा सम्झेर मानिसहरूमा कृतज्ञता उर्लेर आयो (मत्ती २५)। किनकि इस्राएली जातिको सङ्कष्टको समयमा ती जातिहरूले यससित घोर शत्रुता गरे। गायक-मण्डलले यस भजनका निम्न शब्दहरू गाउँदाखेरि श्रोतागणमा करतल-ध्वनिका गड़गड़ाहटहरू गर्जिए।

*'उहाँले हाम्रो निम्ति हाम्रो अधिकारको भाग अर्थात् याकूबको श्रेष्ठता चुन्नुहुनेछ, जसलाई उहाँले प्रेम गर्नुभयो। **सेला**'*

**भजन ४७:५:** मसीह राजा जो शूरवीर योद्धाको रूपमा स्वर्गबाट ओर्लनुभएको छ र जसले आफ्ना शत्रुहरूलाई वशमा पार्नुभएको छ, उहाँ अहिले आफ्ना जनहरूका जयजयकारको साथमा यरूशलेममा भव्य स्वागतको साथमा सिंहासनमाथि उक्लिनुभएको छ। अनि तुरहीहरूले उहाँको यस महान् विजयको उद्घोषणा गरिरहेका छन्।

**भजन ४७:६-७:** अब यस गायक-मण्डलले इस्राएलीहरूलाई परमेश्वरको स्तुति गाउने र आफ्ना राजाको स्तुति गाउने आह्वान गरेको छ; यो एक हृदयस्पर्शी क्षण थियो। किनकि 'राजा येशू परमेश्वर हुनुहुन्छ' भन्ने कुरा अब कुनै हिचकिचाहटविना स्वीकार गरिन्छ; किनकि गलगथामा उहाँका जुन हातहरू छेड़िएका थिए, ती उहाँका हातहरूमा अहिले विश्वव्यापी शासन थियो। सबैजनाले दक्षताको साथ उहाँको निम्ति यो भजन गाउन औचित्य सम्झे, जुन शिक्षाप्रद भजन तिनीहरूले समझसहित र मननको साथ गाउनु थियो।

**भजन ४७:८:** घरिघरि यस गायक-मण्डलले मसीह राजाको ईश्वरत्वमाथि जोर दिन्छ। अब अन्यजातिहरूमाथि राज्य गर्नुहुने उहाँ नै हुनुहुन्छ, जसको सिंहासन पवित्रतामाथि स्थापित भएको छ।

**भजन ४७:९:** 'जाति-जातिका शासकहरू भेला भएका छन्' भन्ने शब्दहरू गाउँदाखेरि कतिजनाको मनमा हल्का चिसो आभास आएको हुन सक्ला। किनकि बितेका समयहरूमा यी शासकहरूले इस्राएली जातिलाई धपाएर र ठेलेर समुद्रमा फाल्न खोजेका थिए। तर जब यस गायक-मण्डल गाउने क्रममा अघि बढ्छ, तब यो कुरा स्पष्ट हुन्छ, कि यी शासकहरू अब अब्राहामका परमेश्वरका जनहरू भएछन् र यसरी नै भेला भएका रहेछन्। तिनीहरूले इस्राएलीहरूसँग मिली राजाहरूका राजा र प्रभुहरूका प्रभुलाई श्रद्धा र भक्ति चढ़ाइरहेका छन्।

'पृथ्वीका ढालहरू' भन्ने शब्दले ती शासकहरूलाई सङ्केत गरे, जुन शासकहरूलाई मानिसहरूका रक्षकहरूको रूपमा नियुक्त गरिएको थियो। यो कुरा सबैजनाले कहाँ

बुझ्न सके। अब यी शासकहरू सबै परमेश्वरका हुन्। उहाँ पृथ्वीका सबै शक्तिशाली शासकहरूभन्दा अति उच्च हुनुहुन्छ।

उक्त सङ्गीत समारोह सकिएको छ। अनि समीक्षकहरूको राय एकमतको भयोः हो, इस्राएली जातिको सम्पूर्ण इतिहासमा योजस्तै अर्थपूर्ण रोश-हशनह अर्थात् यहूदीहरूको नयाँ वर्ष कहिल्यै भएको थिएन।

## भजन ४८ः तिनीहरूले के देखे ?

आक्रमणकारी विदेशी सेना यरूशलेमका मूलढोकाहरूको सामु आइपुगेको थियो। अनि यस शहरभित्रका मानिसहरूले अब लामो समयसम्म घेराबन्दीमा रहेर निक्कै कष्ट पाउने बाटो हेरिरहेका थिए। मानिसको दृष्टिकोणले हेर्नु हो भने, तिनीहरूको परिस्थिति नाजुक थियो। तर तब परमप्रभुले एउटा आश्चर्यकर्म गर्नुभयो। शत्रुले त्यहाँ यस्तो डरलाग्दो दृश्य देख्यो, जुन दृश्यले गर्दा तिनीहरू साह्रै आतङ्कित भए। तिनीहरू साह्रै डराएर यस शहरबाट हटे। अनि यरूशलेम शहर नाश हुनदेखि बाँच्यो; यसकारण प्रशंसाको ठूलो तरङ्ग उठेर परमेश्वरकहाँ पुग्यो। अनि यस भजन ४८ मा त्यही उल्लासमय क्षण शब्दले व्यक्त गरिएको छ।

**भजन ४८ः१-२ः** परमप्रभु कति महान् हुनुहुन्छ, यसको वर्णन गर्न सकिँदैन। उहाँ शक्तिमा महान् हुनुहुन्छ; उहाँ ज्ञानमा महान् हुनुहुन्छ। उहाँको महिमा महान् छ; अनि उहाँको अनुग्रह महान् छ। उहाँको प्रेम महान् छ; अनि उहाँको कृपा र दया महान् छन्। उहाँ बुद्धि र ज्ञानमा महान् हुनुहुन्छ। अनि उहाँका न्यायका कामहरू अथाह छन् र उहाँका मार्गहरू अगम्य छन्।

परमेश्वर अति महान् हुनुहुन्छ; यसकारण उहाँ सम्पूर्ण तवरले स्तुतिको योग्य हुनुहुन्छ। उहाँ महान् सृष्टिकर्ता, महान् पालनहार, महान् भविष्यवक्ता, महान् महापूजाहारी, राजाहरूका राजा, महान् उद्धारक र आफ्ना जनहरूलाई छुटकारा दिनुहुने तारणहार हुनुहुन्छ; यसकारण उहाँ स्तुतिको योग्य हुनुहुन्छ। अनि यहाँ, यस भजनमा कुन-कुन विषयमा उहाँको महानता प्रस्तुत गरिएको छ? उहाँ आफ्नो शहर र आफ्ना जनहरूको उद्धारक र रक्षक हुनुहुन्छ। यस दृष्टिकोणले यो भजन लेखिएको छ।

एकै सासमा यहाँ मानिसहरूले परमेश्वर र उहाँको शहरको विषयमा कुरा गर्दा रहेछन्; किनकि तिनीहरूले यस शहरको सम्बन्ध परमेश्वरसित जोड्छन्, जसले यस शहरमा अवस्थित भएको मन्दिरको महापवित्रस्थानमा वास गर्नुहुन्थ्यो। तिनीहरूको विचारमा, यरूशलेम परम सुन्दर शहर थियो, अँ, संसारको सबैभन्दा सुन्दर शहर थियो; किनकि यो शहर उहाँको पवित्र पर्वतको टुप्पामा अवस्थित थियो; एउटा प्रतापी मुकुटमा कोहिनूरको हीराजत्तिकै यो शहर सर्वोच्च सुन्दर, सम्पूर्ण पृथ्वीको गहना थियो।

यस शहरका डाँड़ाहरूमध्ये एउटाको नामअनुसार यरूशलेम शहर कहिलेकाहीं 'सियोन पर्वत' पनि भनिएको छ। यरूशलेमको परिस्थिति बयान गर्दा यहाँ *'जुनचाहिँ उत्तरीय भागहरूमा अवस्थित छ'* भन्ने वाक्य प्रयोग गरिएको छ। श्री रोनल्ड नोक्स र श्री जोसेफ जेलिनो दुवैले यो वाक्यंश 'पृथ्वीको उत्तरीय ध्रुव-विन्दु' भनेर अनुवाद गरेका छन्। परमेश्वरका प्राचीन जनहरूको दृष्टिमा यरूशलेम साँच्चै संसारको केन्द्र थियो। तिनीहरूको निम्ति यस शहरमा भूचुम्बकीय ध्रुवमा जस्तै तिनीहरूको सारा आकर्षण खिच्न सक्ने केन्द्र-विन्दु थियो, तिनीहरूलाई गुरुत्वाकर्षण गर्ने संसारको धार्मिक, राजनीतिक र सांस्कृतिक राजधानी थियो। अनि यरूशलेमचाहिँ महाराजाको शहर पनि हो; किनभने भविष्यमा, जब प्रभु

येशू ख्रीष्ट राजाहरूका राजा भई यस पृथ्वीमा राज्य गर्न फर्केर आउनुहुनेछ, तब यो यरूशलेम शहर उहाँको राजधानी हुनेछ ।

**भजन ४८:३:** पर्खालहरूले घेरिएको यस यरूशलेम शहरभित्र परमेश्वर विश्वास-योग्य रक्षकको रूपमा पूरा प्रमाणित हुनुभएको छ । किनभने सबैलाई थाह छ, कि उहाँले क्षणभरमा नाश हुन आँटेको शहर कसरी चमत्कारपूर्ण ढङ्गमा बचाउनुभयो । यस अद्‌भुत घटनाको क्रम यस प्रकारको थियोः

**भजन ४८:४:** शहर-बाहिर शत्रुको सैन्यबल बढ़ी सङ्ख्यामा भेला भएको थियो । जुनै बेलामा पनि आक्रमण गर्न सक्ने धेरैभन्दा धेरै फौजहरू मोर्चामा तैनाथ रहे । त्यत्रो सैन्यबलसित मुकाबिला गर्न यस शहरसित सैनिक दृष्टिकोणले एकदम कम आशा थियो ।

**भजन ४८:५:** त्यसपछि ती आक्रमण-कारीहरूले केही देखे, जुन कुराले गर्दा तिनीहरूको हिम्मत हार्‍यो । तिनीहरूले के देखे ? यस पदले सङ्केत गरेअनुसार के तिनीहरूले देखेको वस्तु यो यरूशलेम शहर नै थियो ? यसको अर्थ कम्ती सम्भव भएको देखिन्छ; किनकि यत्रो सानो शहरको दृश्यले ती निपुण सिपाहीहरूलाई आतङ्कित पारेको पत्यारलाग्दो छैन ।

हुन सक्छ, तिनीहरू र अदृश्य संसारको बीचमा भएको पर्दा हटाइएको र तिनीहरूले यरूशलेम शहरको रक्षा गर्न तैनाथ रहेका स्वर्गदूतहरूको फौजलाई देखे; यो सम्भव छ । अथवा हुन सक्छ, २ राजा ६:१७ पदमा लेखिएझैं तिनीहरूले अग्नि-घोड़ाहरू र अग्नि-रथहरूले भरिएको पहाड़ देखे ? अथवा के तिनीहरूले परमप्रभुका दूतलाई देखे ? किनकि प्रभु येशू ख्रीष्ट देहधारी हुनुभन्दा अघि धारण गर्नुभएका रूपहरूमध्ये परमप्रभुको दूतको रूप एक थियो (हेर्नोस् यशैया ३७:३६) ।

**भजन ४८:६-७:** तिनीहरूले खास के देखे, सो हामीलाई थाह छैन । तर त्यो के थियो, यसको केही पर्वाह छैन । किनभने त्यो दृश्य यति भयानक, यति आतङ्कित तुल्याउने थियो, कि ती बहादुर शूरवीरहरूले हिम्मत हारे । त्यस दृश्यले तिनीहरूलाई घबरायो र आतङ्कित तुल्यायो । सैनिक शिविरमा ठूलो उपद्रव मच्चियो । पूरा अत्तालिएर तिनीहरू यस शहरबाट हटे, र त्यहाँबाट भाग्दा लगलग कामे । तिनीहरूको पीड़ा सुत्केरी व्यथासित तुलना गर्न सकिन्छ । ती आक्रमणकारी शत्रुहरूको बीचमा कत्रो गड़बड़ी, कत्रो हूलदङ्गा मच्चियो, तुफानले समुद्री पानी-जहाजहरूको बेड़ा सोतर पारेजत्तिकै ।

**भजन ४८:८:** शहरभित्रका मानिसहरू आनन्दले विभोर भए; किनकि तिनीहरूमाथि आइपर्न लागेको विपत्ति अचम्म प्रकारले विजयमा परिणत भयो । बितेको समयमा परमेश्वरले यरूशलेम स्थापित गर्नुभएको र यसको रक्षा गर्नुभएको कुरा तिनीहरूले बारम्बार सुन्दै आएका थिए; तर अहिले तिनीहरूले आफ्नै आँखाहरूले देखेका छन् । 'परमेश्वरले यो शहर सदा-सर्वदा सम्हालि-राख्नुहुन्छ भन्ने कुरा हामीले उहिलेदेखि सुन्दै आएका छौं; अनि अहिले हामी यसको प्रत्यक्ष साक्षी बनेका छौं' (श्री रोनल्ड नोक्स) ।

**भजन ४८:९-११:** यसकारण तिनीहरूले सहर्षसाथ परमेश्वरको प्रशंसा गरे । आफ्ना धन्यवादका बलिहरू लिएर माथि मन्दिरमा उक्लिरहेको बेलामा तिनीहरूसँग परमप्रभुको दयाको विषयमा चिन्तन-मनन गर्ने प्रशस्त समय हुन्थ्यो । तिनीहरू यस निष्कर्षमा पुगे, कि पृथ्वीमा जहाँ-जहाँ परमेश्वरको नाम जानिएको छ, त्यहाँ-त्यहाँ उहाँको प्रशंसा भइरहन्छ; किनकि उहाँको दाहिने हात धार्मिक विजयले परिपूर्ण छ । तिनीहरूले यरूशलेमलाई आनन्दको साथ उत्सव मनाउन

र यहूदाका ससाना शहरहरूलाई आनन्दित हुने आह्वान गरे।

**भजन ४८ः१२-१४ः** अनि अहिलेचाहिँ तिनीहरूले यस शहरको वरिपरि विजय-यात्रा गरे। शहरको निरीक्षण गर्दा तिनीहरूले एक-अर्कालाई 'यसका धरहराहरू गन' भनेर प्रोत्साहन दिए; किनकि यी धरहराहरूमध्ये एउटै पनि घटी भएन; 'यसका प्राकार-प्रचीरहरूमाथि दृष्टि लगाओ' भनेर उत्साह दिए; किनभने सुरक्षा-पर्खालहरूमध्ये एउटा पनि भत्किएका थिएन; 'यसका निर्जन महलहरूमा घुमफिर गर' भनेर हौसला दिए; किनभने शत्रुको सेना आउनुभन्दा अघि ती महलहरू जस्तै थिए, अहिले पनि त्यस्तै थिए। परमेश्वरले यरूशलेम शहरलाई अलिकति पनि क्षति नहुने गरी चमत्कारपूर्ण ढङ्गले बचाउनुभएको चाखलाग्दो सत्य कथा तिनीहरूका छोराछोरीहरू र नातानातिना-हरूलाई सुनाउन लायकको कहानी थियो। तिनीहरूले 'यस उदेकको विजय प्राप्त गर्नुहुनेचाहिँ सदा-सर्वदा हाम्रा परमेश्वर हुनुहुन्छ; उहाँ मृत्युसम्म हाम्रा अगुवा हुनुहुन्छ' भनेर आउने पुस्तालाई सिकाउनेथिए।

एकजना भाइले यो पद निम्न प्रकारले अनुवाद गर्न सकिन्थ्यो भन्ने निक्कै सुरिलो सुझाउ दिएका छन्ः

'यिनै परमेश्वर अनादिदेखि अनन्तसम्म हाम्रा परमेश्वर हुनुहुन्छ; उहाँ हाम्रो मृत्युसम्म, हाम्रो मृत्यु हुँदा र हाम्रो मृत्युपारि पनि पर-लोकमा हाम्रा अगुवा हुनुहुनेछ।'

## भजन ४९ः दुष्टहरू र तिनीहरूको धनसम्पत्ति

जीवनका जटिल पहेलीहरूमध्ये एउटा-चाहिँ यही होः दुष्ट मानिसहरू धेरजसो भौतिक समृद्धि उपभोग गर्न पाउँछन्, जब ख्रीष्ट-विश्वासीहरू प्रायः गरिब र धनहीन हुन्छन्; यो किन यस्तो? तर हामीले यो कुरा त्यतिमा सीमित राख्नुहुँदैन। किनकि जुन धनमाथि आस्था राखेर भक्तिहीन मानिसहरू भर पर्छन्, त्यो धन तिनीहरूलाई तिनीहरूको सबैभन्दा जरुरत भएको आवश्यकतामा साथ दिन चुक्छ। तिनीहरूको धनले तिनीहरूलाई मृत्युदेखि बचाउँदैन। तिनीहरूले आफ्नो धन उपभोग गर्न पाउने समय क्षणभर हुन्छ; त्यसपछि तिनीहरू चिहानमा पर्न जान्छन्; तिनीहरूको धनले तिनीहरूलाई माटो हुनदेखि कहाँ बचाउँछ र? तिनीहरू त्यो धन साथमा लान पाउँदैनन्। तिनीहरू आफ्नो धनबाट फेरि आनन्द लिन फेरि कहिल्यै फर्केर आउँदैनन्। यसकारण अन्तमा परमप्रभुमाथि नभएर रुपियाँ-पैसामाथि भरोसा राखेको कुरा तिनी-हरूको मूर्खता ठहरिनेछ। अनि भजन ४९ को सन्देशको सार यही हो।

**भजन ४९ः१-४ः** सबै जाति-जातिका मानिसहरूले यो सन्देश सुन्नुपर्छ; किनभने साना र ठूला, धनी र गरिब सबै व्यक्तिहरूको निम्ति एउटा सन्देश छ। यो सन्देश समझले पूर्ण हृदयबाट निस्केको विशुद्ध बुद्धिले भरपूर सन्देश हो। कोरहका छोराहरूको ध्यान जीवनको यस सामान्य असमानतामाथि परेको र तिनीहरूले यसको जाँचबुझ गरे। अनि यसको उत्तर पाएपछि तिनीहरूले वीणा बजाईकन आफ्नो अनुसन्धान गीतको रूपमा प्रस्तुत गरे।

**भजन ४९ः५-९ः** जुन दिनहरूमा थिचोमिचो गर्नेहरूले परमेश्वरका जनहरूको खेदोपाइलो गर्छन्; अथवा जुन दिनहरूमा उनीहरूका सताउनेहरू अधर्मी युक्तिहरू रचेर उनीहरूलाई चारैतिर घेर्छन्, ती अँध्यारा दिनहरूको विषयमा वास्तवमा परमेश्वरका जनहरूले चिन्ता गर्नुपर्दैन। उनीहरूका शत्रुहरूले आफ्नो सुनचाँदीमाथि र त्यसले तिनीहरूलाई प्रदान गर्ने शक्तिमा भरोसा गर्छन्; तिनीहरूले आफू कति धनी भएकोमा खूब

गर्व गर्छन्; तर ! यस 'तर' भन्ने शब्दले ठूलो भिन्नता ल्याउँछ। तर तिनीहरूको भएभरको पैसाले तिनीहरूको एक भाइलाई पनि मृत्युदेखि बचाउन सक्दैन; तिनीहरूको सारा धनले तिनीहरूलाई पनि बचाउन सक्दैन। मानिसको प्राणको निम्ति छुटकाराको दाम ज्यादा छ। रुपियाँपैसाको तुजुक देखाएर मानिसले मृत्युको दिन टार्न खोज्ने प्रयास सधैंको निम्ति छोड्नुपर्छ; किनकि यस्तो कुनै मानिस नै छैन, जसको अमर जीवन किन्ने औकात हुन्छ। चिहानदेखि को उम्कन सक्छ ?

आठ पदको अघि-पछि एउटा कोष्ठक-चिन्ह लागिएको छ; यस कोष्ठक-चिन्हले यो पद बीचमा हालिएको उपवाक्य तुल्याएको छ। यसो हो भने, हामीले भजन ४९:७ र ९ पदहरू जोड़ेर पढ्नुपर्ला; तब यी दुईवटा पदहरू यसरी पढ़िन्छः

*'तिनीहरूमध्ये कसैले कुनै हालतले पनि आफ्नो भाइलाई छुटाउन सक्दैन र ऊ सधैंभरि बाँचिरहोस् र खाड़ल देख्नु नपरोस् भन्ने हेतुले परमेश्वरलाई उसको निम्ति छुटकाराको दाम दिन सक्छ।'*

**भजन ४९:१०:** ढिलो होस् कि छिटो होस्, बुद्धिमान् मानिसहरू पनि मर्छन्। ठीक यही प्रकारले धनी मूर्ख मानिसहरू र बेसमझदार मानिसहरू पनि मर्छन्, र तिनीहरूले आफ्नो धनसम्पत्ति अरूको निम्ति छोड़िदिन्छन्। यस सम्बन्धमा यो कुरा याद रहोस्ः बुद्धिमान् मानिसले आफ्नो धनसम्पत्ति अरूको निम्ति छोड्छ भन्ने कुरा लेखिएको छैन। हुन सक्छ, उसको इच्छा-पत्रमा वा वसियत-नामामा यस्तो लेखिएको पाइन्छ कि ? 'विवेकशील भएर आफू जीवित हुंदा मैले आफ्नो पैसा प्रभुको कामको निम्ति दिएर सदुपयोग गरें।'

**भजन ४९:११-१२:** अनौठो लाग्ने हकिकत कुरा के हो भने, यस संसारमा आफ्नो भविष्य निर्माण गर्न सक्षम बुद्धिमान् मानिसहरू छन्, जसले आफू कति मरणशील हुन्छन्, सो एकक्षण पनि विचारै गर्दैनन्। 'हाम्रा घरहरू त सधैं रहिरहनेछन्; अनि हामी यहाँ लामो समयसम्म बाँचिरहनेछौं' भन्ने तिनीहरूको मनमनको विचार हुन्छ। तिनीहरूले आ-आफ्नै नामअनुसार आफ्नो जग्गा-जमिन, सड़कहरू र बस्तीहरूका नाम राख्छन्। तर उम्कनै नसकिने सत्यता यो होः मानिस र त्यसको सारा सम्मान नाश हुन्छ। यस सम्बन्धमा मानिस र पशुहरूको बीचमा कुनै भिन्नता छैन। अरू कुराहरूमा मानिस र पशुहरूको बीचमा ठूलो भिन्नता छँदैछ। हामी यसको उदाहरण दिन्छौंः मानिसको मृत शरीर चिहानमा जान्छ, तर उसको आत्मा र उसको प्राण नाश हुँदैनन्। अनि मानिसको मृत शरीर एकदिन कि त अनन्त दण्ड पाउन, कि त अनन्त आशिष पाउनको निम्ति चिहानबाट बौरिउठ्नेछ। मानिसको अस्तित्व अनन्त हुन्छ, तर पशुप्राणीहरूको अस्तित्व अस्थायी हुन्छ।

**भजन ४९:१३-१४:** परमेश्वरमाथि भरोसा नराखेर मूर्खतापूर्वक आफ्नो धन-सम्पत्तिमाथि भरोसा राख्नेहरूको दशा त्यस्तै हुनेछ। तिनीहरू 'हामी कहिल्यै मर्दैनौं' भनेजस्तै मूर्खसरह जिउँथे। तर तिनीहरू मर्ने त मर्छन् नै। अनि तिनीहरूको मृत्यु भएपछि तिनीहरूका आफन्त र इष्टमित्रहरूले तिनीहरूलाई तिनीहरूको गहन बुद्धिको निम्ति तारिफ गर्छन्।

अनिवार्य रूपले तिनीहरू शरीरदेखि अलग हुनुपर्ने हुनाले तिनीहरू भेड़ाहरूसमान छन्, जसलाई मृत्युरूपी गोठालाले दया-माया नगरीकन निरन्तर अघि बढ़ाउँदै चिहानतिर लैजान्छ। *'अनि बिहानै सीधा चालमा चल्नेहरूले तिनीहरूमाथि शासन गर्नेछन्।'* अब तिनीहरूको परिस्थति बदलिन्छ, धनी मानिस र लाजरसको जस्तै तिनीहरूको परिस्थितिमा साटफेर हुनेछ। त्यति बेलामा अब्राहामले

त्यस धनी मानिसलाई भनेको यो कुरा हामी सम्झौं:

*'हे छोरा, सम्झ ! तिमीले आफ्नो जीवन-कालमा तिम्रा असल-असल कुराहरू पाइ-सक्यौ, त्यसरी नै लाजरसले पनि खराब कुराहरू पायो; तर अहिले उसले शान्ति पाएको छ, र तिमीचाहिँ तड्पिरहेका छौ'* (लूका १६ः२५)।

त्यस धनी मानिसको भव्यता र सुन्दरता सबका सब खतम भए र उसको घर अधोलोक हुने भयो। यस पृथ्वीमा त्यसले अल्प समयको निम्ति उपभोग गरेको भव्य घरको बदलीमा त्यसको स्थायी घर कति भिन्न भयो, कति ! !

**भजन ४९ः१५ः** *'तर परमेश्वरले मेरो प्राणलाई मृत्युको पन्जाबाट छुटकारा दिनुहुनेछ।'* यहाँ, यस पदमा बौरिउठाइको सम्बन्धमा एक झलक छ; यस प्रकारका झलकहरू पुरानो नियममा ठाउँ-ठाउँमा पाइँदा रहेछन्। पुरानो नियमका लेखकहरूले प्रायः मृत्यु र मृत्युपार हुने सम्बन्धमा कुनै स्पष्ट प्रकाश गरेनन्। तर यहाँ भजनकारले निश्चयतासाथ स्वीकार गरेका छन्, कि परमेश्वरले तिनको प्राण मृत्युको पन्जाबाट छुटकारा दिनुहुनेछ। यसर्थ परमेश्वरले तिनको प्राण त्यसको शरीरदेखि अलग भएको अवस्थादेखि बचाउनुहुनेछ र तिनलाई तिनको बौरिउठाइको शरीरसँग जोड्नुहुनेछ। जब तिनले *'किनकि उहाँले मलाई ग्रहण गर्नुहुनेछ'* भनेर भन्छन्, तब तिनले त्यही शब्द प्रयोग गरे, जुन शब्द परमेश्वरले हनोक र एलियालाई ग्रहण गर्नुभएको सम्बन्धमा प्रयोग गरिएको थियो।

**भजन ४९ः१६-१९ः** यसकारण भक्तिहीन मानिस धनी भयो र त्यसको घर पनि भव्य र झलमल्ल भयो भने, ख्रीष्ट-विश्वासी विचलित हुनुपर्दैन। त्यसको स्वर्ग यस पृथ्वीमा हो, बस यति। *'किनकि जब त्यो मर्छ, तब त्यसले केही पनि साथमा बोकेर लैजानेछैन,'* तर आफ्नो सम्पूर्ण धनसम्पत्ति यहाँ छोड्नुपर्नेछ। रित्तै हात लिई त्यो मानिस चिहानमा जानेछ र त्यसको वैभव त्यसको साथमा जानेछैन। बाँचुन्जेल 'मलाई कुनै कुराले विचलित पार्न र मबाट मेरो आनन्द लुट्न सक्दैन' भन्ने त्यसको सोच थियो। त्यसले आफैलाई धनी तुल्याएकोमा मानिस-हरूले त्यसलाई वाह-वाह गर्थे। तर छिटो होस् वा ढिलो होस्, त्यो मानिस आफ्ना पितापुर्खाहरूजस्तै मर्नेछ र त्यस कालो लामो रातमा तिनीहरूसँग सहभागी बन्नेछ।

**भजन ४९ः२०ः** मानिसको निम्ति आफ्नो भौतिक धन र मान-सम्मान थामिराख्ने कुनै उपाय नै छैन। नाश भइजाने पशुहरूसरह त्यसको पनि मृत्यु अनिवार्य छ।

'चाहे धर्मी जनहरू होऊन्, चाहे दुष्ट मानिसहरू होऊन्, सबै मानिसहरू मर्नेछन्' भनेर कसैले आफ्नो आपत्ति जनाउँला। यो कुरा ठिक्कै हो। प्रभु येशू चाँडै आउनुहुन्न भने हामी सबैजना मर्नेछौं। तर यहाँ यस भजनमा भन्न खोजेको कुरा यो हो, कि दुष्टहरू मर्नेछन् र आफ्नो धनसम्पत्ति यहाँ छोड्राख्छन् भने, धर्मीजनहरूचाहिँ आफ्नो अनन्त घरमा जानेछन् र अपार धनरूपी आफ्नो अनन्त इनाम पाउनेछन्।

यसको सम्बन्धमा हाम्रो अन्तिम टिप्पणी यस प्रकारको छः पवित्र धर्मशास्त्र बाइबलमा प्रायःजसो धनी मानिस र दुष्ट मानिस ' दुवै मानिसहरूलाई समान अर्थमा प्रस्तुत गरिएको छ। यस कुराले हामीलाई सचेत गराउनुपर्छ। पवित्र बाइबलमा 'धनी हुनु पाप हो' भनेर भनिएको छैन; तर जीवित परमेश्वरमाथि भरोसा नराखेर धनसम्पत्तिमाथि भरोसा राख्नु-चाहिँ पाप हो भनेर भनिएको छ। अनि धनसम्पत्ति भएको मानिसको निम्ति आफ्नो धनमाथि भरोसा नराख्नु कठिन छ। पवित्र

बाइबलले रुपियाँपैसाप्रति प्रीति राख्ने कुभावनालाई दोषी ठहऱ्याउँछ, साथै अरूलाई थिचोमिचो गरेर बेइमानीसाथ धन थुपारिराख्ने काममा पनि दोष भेट्टाएको छ। हराएको संसार र त्यसका विभिन्न दुःखकष्ट भोग्ने मानिसहरूका आवश्यकताहरू केही वास्ता नगरी स्वार्थी भावले आफ्नो निम्ति मात्र धन जम्मा गर्ने काम पनि पवित्र बाइबलको प्रकाशमा घोर अपराध ठहरिएको छ।

## भजन ५०ः परमेश्वरको निरन्तर भइरहेको न्यायजाँच

यस भजनको पृष्ठभूमिचाहिँ अदालत हो; परमेश्वर न्यायकर्ता हुनुहुन्छ, इस्राएली जाति प्रतिवादी हो, अनि आकाश र पृथ्वी साक्षी बसेका छन्।

तर हामीले अदालत बसेको दृश्य धेरै अघि इस्राएली जातिको इतिहासमा घटेको एउटा पुरानो, धमिलो मुद्दा सम्झनुहुँदैन। तर यस प्रकारको न्यायजाँचचाहिँ परमेश्वरले संसार-भरिका पवित्र जनहरूको सिलसिलामा सधैं कायम राख्नुभएको हो।

### क) भजन ५०:१-६ः अदालतको बैठक बस्दैछ

**भजन ५०:१ः** शुरुमा न्यायकर्ता परमेश्वरलाई पूर्वदेखि पश्चिमसम्म सम्पूर्ण इस्राएल देश[36]का सबै मानिसहरूलाई अदालतमा भेला हुन बोलाउनुभएको सुनिन्छ। शक्तिशाली परमेश्वर परमप्रभु स्वयम् बोल्नुभएको छ; यस कुराले न्याय-कर्ताको यस आह्वानमा पूरा मान्यता र अधिकार दिएको छ।

**भजन ५०:२-३ः** त्यसपछि न्यायकर्ता परमेश्वरलाई 'शेकिना' नामक आँखै तिरमिराउने चम्किलो बादलको रूपमा सियोन पर्वतमा अवस्थित भएको मन्दिरको महापवित्रस्थानबाट निस्कनुभएको देखिन्छ। अबदेखि उसो उहाँ आफ्ना जनहरूको पापको विषयमा चुप लाग्नुहुनेछैन। सिनाई पर्वतमा ओर्लनुभएझैं उहाँ अब ओर्लनुहुन्छ। उहाँको अघि-अघि आगोको ठूलो ज्वाला भस्म पार्दै जाँदैथियो र उहाँको वरिपरि भयानक आँधी चल्दैथियो, अनि वज्रपात र बिजुली हानि-रहेका थिए। तर यसपालि उहाँ व्यवस्था दिन आउनुहुन्न, तर त्यस व्यवस्थाको भित्री, आत्मिक अर्थ खोल्न आउनुहुन्छ।

**भजन ५०:४-५ः** अनि न्यायआसन ग्रहण गर्नुभएपछि उहाँले आकाश र पृथ्वीलाई गवाही दिन कठघरामा उभ्याउनुहुन्छ; त्यसपछि उहाँले आफ्ना सेवकहरूलाई 'जाओ, प्रतिवादीहरूलाई भित्र ल्याओ' भन्ने हुकुम गर्नुहुन्छ। सबैभन्दा पहिले उहाँले इस्राएली जातिका पवित्र जनहरूको न्याय-जाँच गर्नुहुन्छ। उहाँको शब्दअनुसार ती पवित्र जनहरूले बलिदान चढ़ाएर उहाँसँग एउटा वाचा बाँधेका छन्। (यसको सन्दर्भ होरेब पर्वतमा स्थापित गरिएको व्यवस्थाको वाचा हो, जुन वाचाचाहिँ बलिदानहरूको रगतद्वारा पारित भएको हो (प्रस्थान २४:३-८)।) भजन ५०:७-१५ पदहरूको खण्डमा उहाँका विश्वासयोग्य जनहरूको न्यायजाँच गरिन्छ भने, त्यसपछि दुष्टहरूसित उहाँको विशेष न्यायसभा बस्नेछ (भजन ५०:१६-१९)।

**भजन ५०:६ः** गवाही दिन आकाशलाई बोलाइन्छ; त्यसले परमेश्वरका न्यायका कामहरू कति धर्ममय छन् भन्ने सम्बन्धमा गवाही दिनु थियो। परमेश्वर स्वयम् न्यायकर्ता हुनुहुन्छ; यसको मतलब यो हो, कि यस मामिलाका सबै कुराहरूको विषयमा उहाँलाई सम्पूर्ण ज्ञान छ; उहाँ पूरा निष्पक्ष हुनुहुन्छ र उहाँको न्यायका फैसलाहरू बुद्धिले पूर्ण र न्यायसङ्गत हुन्छन्।

**ख) भजन ५०:७-१५: विधिवादको पाप**

अबचाहिँ परमेश्‍वर इस्राएली जाति नाम गरेका आफ्ना जनहरूको विरोधमा अभियोग लगाउने एक अभियोक्ता वकीलको भूमिका खेल्नुहुन्छ। मानिसको दृष्टिकोणले हेर्नु हो भने, न्यायकर्ता अभियोक्ता वकीलको भूमिका निभाउन सक्दैनन्; तर हाम्रो सामु पेश गरिएको मामिलाको सम्बन्धमा यो कुरा बिलकुल सही हो; किनभने यी न्यायकर्ता परमप्रधान परमेश्‍वर स्वयम् हुनुहुन्छ।

**भजन ५०:८:** इस्राएलीहरूले उहाँकहाँ बलिदानहरू ल्याउनमा कुनै गल्ती गरेका छैनन्। शुरुमा परमेश्‍वरले यो कुरा स्पष्ट पार्नुहुन्छ। तिनीहरू आफ्ना होमबलिहरू चढ़ाउनमा विश्‍वासयोग्य थिए। तर दुःखको कुरा के थियो भने, तिनीहरूले परमप्रभुप्रति आफ्ना जिम्मावारीहरू यी विधिहरूमा पूरा भएका सम्झेर आफ्नो भक्ति यतिमै सीमित राखे। हामी तिनीहरूलाई केसित तुलना गरौं ? तिनीहरू यी छोरीहरूजस्तै छन्, जसले वर्ष-भरि आफ्नी आमालाई बेवास्ता गरेका छन्, तर तिनको जन्मदिनमा चाहिँ तिनलाई चकलेट मिठाई वा फूलको एक गुच्छा दिएर तिनलाई माया देखाउँछन्। अथवा तिनीहरू ती छोराहरूजस्तै छन्, जसले आफ्ना बुबालाई धन्यवाद दिएर उनले तिनीहरूप्रति देखाएको उनको गुन कहिल्यै फर्काउँदैनन्, तर बुबाको मुख हेर्ने दिनमा उनलाई उपहारस्वरूप एउटा टाई दिन्छन्।

उहाँले तिनीहरूमा के-के दोष भेट्टाउनु-भयो, सो अब सुनौं: तिनीहरूले उहाँको वेदीमाथि बलिपशुहरू थुपारिरहेका थिए, तर व्यक्तिगत रूपले उहाँको चिसो बेवास्ता गरेका थिए। उहाँका जनहरूले यी बलिदानहरू चढ़ाउने सम्बन्धमा पालन गर्नुपर्ने एक-एक विधि होशियारपूर्वक पालन गर्ने गर्थे; तर परमप्रभुसित हार्दिक, व्यक्तिगत सम्बन्ध राख्दैनथिए। तिनीहरू यस कुरामा ज्यादा चुके। यस विषयमा श्री एफ. बी. मेयेरले यसो लेखेका छन्:

> ‘प्रस्तुत भजनले ती कपटीहरूको निम्ति कड़ा हप्कीको काम गर्छ, जसले परमेश्‍वरको घरको रीतिविधि केवल बाहिरी तवरले पूरा गर्छन् र जो यसैमा सन्तुष्ट हुन्छन्, तर जसले परमेश्‍वरलाई आफ्नो हृदयबाटको प्रेम र भक्ति दिँदैनन्।’ **37)**

**भजन ५०:९:** यसकारण परमेश्‍वरले *‘म तिम्रो घरबाट कुनै बहर लिनेछैनँ, न ता तिम्रा खोरहरूबाट बोकाहरू लिनेछु’* भन्नुहुन्छ। उहाँ विधिवादी हुनुहुन्न; उहाँ धार्मिक रीतिहरू पूरा भएकोमा खुशी हुनुहुन्न। परमेश्‍वरले बलि-दानहरूको नियम स्थापित गर्नुभएको बेलामा उहाँले यो नियम मानिसहरूका भित्री गलत मनोभावनाहरू ढाकछोप गर्ने उपाय कहिल्यै देख्नुभएन। बाहिरी क्रिया सठीक भएमा त्यसले मानिसको मनभित्रको आत्मिक घटीकमीको पूर्ति कहाँ गर्छ र ?

**भजन ५०:१०-१३:** परमेश्‍वरका जन-हरूले एकछिन घोरिएर सोचे कति असल हुनेथियो। तब तिनीहरूले यो कुरा बुझ्नेथिए, कि संसारका सबै पशुप्राणीहरू परमेश्‍वरका थिए; हो, तब जङ्‌गलको हरेक पशु, हजारौं पहाड़हरूका गाईबस्तुहरू, आकाशका चराहरू र मैदानमा चर्ने सबै पशुप्राणीहरू उहाँकै हुन् भन्ने कुरा तिनीहरूले स्पष्टसँग बुझ्नेथिए। परमेश्‍वरलाई मानिसहरूबाट एउटै थोकको पनि आवश्यकता पर्दैन। उहाँलाई भोक लाग्दैन। उहाँ भोकाउनुभएको भए उहाँले हामीसित केही पनि माग्नुहुनेथिएन; किनभने उहाँको भण्डार सबै कुराहरूले परिपूर्ण छँदैछ। अनि उहाँले आफ्नो पालनपोषण गर्न न बहरहरूको मासु खानुहुन्छ, न आफ्नो तिर्खा मेटाउन वा आफ्नो सन्तुष्टि बढ़ाउन बोका-हरूको रगत पिउनुहुन्छ। परमेश्‍वर पूर्ण रूपले आत्मनिर्भर र स्वपालित हुनुहुन्छ।

**भजन ५०:१४-१५:** यसो भए परमेश्वर आफ्ना जनहरूबाट केको चाहना गर्नुहुन्छ? उहाँले तीनवटा कुराहरू पाउन चाहनुहुन्छ; ती यिनै हुन्:

**क)** उहाँ हामीबाट धन्यवाद पाउन चाहनुहुन्छ। अरू कुनै पनि दान कृतज्ञताको बराबरीमा आउन सक्दैन। हामीमध्ये धेरैजना त्यस परिवारका सदस्य-सदस्याहरूजस्ता छौं, जसले आफ्नी गुणवती आमाको ठूलो गुण र मूल्य जान्दैनन्, तर जसले तिनको मृत्यु भएपछि तिनको मृत शरीरलाई महँगा शववस्त्र लगाइदिएर आफ्नो कृतघ्नता पूर्ति गर्न खोज्छन्।

**ख)** परमेश्वर हामीले गरेका भाकलहरू पूरा भएका देख्न चाहनुहुन्छ। *'परमप्रधानको निम्ति आफ्ना भाकलहरू पूरा गर!'* उहाँलाई प्रेम, उपासना, सेवा र भक्ति गर्छु भन्ने भाकलहरू हामीले पूरा गर्नुपर्छ।

**ग)** उहाँ प्रार्थनाको सङ्गति पाउन चाहनुहुन्छ। *'सङ्कष्टको दिनमा मलाई पुकार! म तिमीलाई छुटकारा दिनेछु, र तिमीले मेरो बढ़ाइ गर्नेछौ।'* यहाँ परमेश्वरको हृदयभित्र के छ, हामी यसको अद्‌भुत अन्तर्दृष्टि पाएका छौं। उहाँले आफ्ना जनहरूलाई प्रार्थना गरेका सुन्न मन पराउनुहुन्छ। अनि उहाँले तिनीहरूका प्रार्थनाहरूको उत्तर दिन उत्तिकै मन पराउनुहुन्छ। आफू र आफ्ना जनहरूको बीचमा भएको घनिष्ठ, कोमल सम्बन्धमा उहाँ खूब प्रसन्न हुनुहुन्छ।

### ग) भजन ५०:१६-२१: तर दुष्टहरूको विषयमा केकसो हो?

**भजन ५०:१६-१७:** अब न्यायकर्ता परमेश्वर इस्राएली जातिको अर्को भाग मानिसहरूकहाँ फर्कनुभएको देखिन्छ। तिनीहरूले आफूलाई धर्मी भएको दाबी गर्छन्, तर तिनीहरूको जीवन र व्यवहार यस दाबीको विरुद्धमा छ। पवित्र धर्मशास्त्रका वचनहरू उद्धृत गर्ने र आफ्नो लागि करारका आशिषहरू दाबी गर्ने यी धर्मी भइटोपल्ने-हरूको अधिकार छैन भनी उहाँ भन्नुहुन्छ। त्यसपछि उहाँ तिनीहरूको विरुद्धमा क्रमैसँग एक-एक अभियोग लगाउँदै हुनुहुन्छ।

**क)** तिनीहरूले अनुशासनलाई घृणा गर्थे। तिनीहरूले आफूलाई अनुशासनभन्दा माथिका ठाने। तिनीहरूले उन्नतिशील आलोचनाहरू स्वागत गर्नुपर्नेथियो अथवा नभए कम्तीमा तिनीहरूले दिइएका सल्लाहहरू सहनु-पर्नेथियो; तर ती कपटीहरूले अन्यथा सम्भेर यी आलोचकहरूसँग नमीठो गरी रिसराग राख्थे, अनि तिनीहरूलाई सम्भाउन-सच्च्याउन खोज्नेहरू तिनीहरूको तिक्त हमलाको तारो र निशान बन्थे, चाहे त्यो आलोचक परमप्रभु किन नहोऊन्।

**ख)** तिनीहरूले परमेश्वरको वचनको अवहेलना गर्थे। पवित्र धर्मशास्त्रप्रति श्रद्धा-भक्तिको भावनाको सट्टामा तिनीहरूले परमेश्वरको वचन निकम्मा सम्भेर त्यो आफ्नो पछिल्तिर फ्याँक्थे।

**भजन ५०:१८: ग)** तिनीहरूले पापबाट अलग बस्ने मार्गमा हिँड्न अस्वीकार गर्थे। तिनीहरूले चोरहरू र परस्त्रीगामीहरूसँग मित्रता गाँसेर परमप्रभुको आज्ञापालन गर्दैनथिए, तर उहाँको नामको निन्दा गर्थे।

**भजन ५०:१९-२०: घ)** तिनीहरूको बोलीवचन दुष्ट थियो। तिनीहरूको मुखमा कुनै लगाम थिएन; कुनै कुराले पनि तिनी-हरूलाई खराबी बोल्नदेखि रोक्न सक्दैन-थियो। तिनीहरू भूट बोल्न र छलछामको कुरा गर्न पूरा निपुण र पोख्त थिए। तिनीहरूका नजिकका आफन्तहरू पनि तिनीहरूको दुष्ट निन्दादेखि सुरक्षित हुँदैनथिए।

**भजन ५०:२१:** परमेश्वरले तिनीहरूलाई तत्कालै दण्ड नदिनुभएको हुनाले तिनीहरूले उहाँलाई आफूजस्तै लापरवाह ठाने। उहाँको

धैर्यले तिनीहरूलाई पश्चात्ताप गर्ने मौका दिएको हो भन्ने कुरा तिनीहरूलाई के थाहा? तर अब परमप्रभु चुप रहनुहुनेछैन; उपरोक्त अभियोगहरूको सिलसिलामा उहाँ अब तिनीहरूलाई हप्काउनुहुन्छ।

### घ) भजन ५०:२२-२३: चेताउनी र प्रतिज्ञा

एउटा चेताउनी र एउटा प्रतिज्ञा दिएर यो भजन समाप्त हुन्छ। परमेश्वरको बेवास्ता गर्नेहरूलाई चेताउनी दिइएको छ, अँ, तिनी-हरूलाई, जसले आफ्नो जीवनमा उहाँलाई भुल्छन् र जसलाई परमेश्वर हुनुहुन्छ कि हुनुहुन्न, यसको कुनै सरोकार छैन। तिनीहरूले पश्चात्ताप गर्दैनन् भने उहाँ सिंहझैं तिनी-हरूमाथि झम्टनुहुनेछ र उहाँले तिनीहरूलाई पूरा नाश गर्नुहुनेछ। तर धन्यवादका बलिहरू लिएर उहाँकहाँ आउनेहरूले उहाँको महिमा गर्नेछन्। यस आज्ञाकारिताको मार्गमा हिड्ने-हरू सबैले सङ्कष्टका समयहरूमा परमेश्वरका अद्‌भुत छुटकाराहरू अनुभव गर्नेछन्।

## भजन ५१: पश्चात्तापमा भएको मीठो सुगन्ध

श्री अलेक्जन्डर म्याकलारेनले यसो भनेका छन्: 'ईश्वरीय प्रेममा रासायनिक शक्ति छ, जुन दिव्य शक्तिले पापको फोहोर मैलाबाट पश्चात्तापको मीठो सुगन्ध निकाल्न सक्छ।' त्यसैको निम्ति एउटा सुस्पष्ट उदाहरण हामी भजन ५१ मा पाउँछौं। यस भजनको शीर्षकले बताएअनुसार यो भजन दाऊदले लेखे। अँ, विशेष गरी भविष्यवक्ता नातानले हिम्मत बाँधेर तिनलाई बतशेबा-सितको व्यभिचार र ऊरियाहको हत्या पर्दाफास गरेपछि तिनले यो भजन लेखे, जुन भजनमा आफ्नो पापको विषयमा पूरा रूपले कायल भएका दाऊदले आफ्नो टुटेको र चूर्ण हृदयबाट पश्चात्तापको धारा बहाएका छन्।

तिनले आफ्नो पाप मानिलिएको कुरा यस प्रकारको भावानुवाद गर्न सक्छौं:

**भजन ५१:१:** 'हे परमेश्वर, दया पाऊँ! म तपाईंबाट दया पाऊँ! म त दण्ड पाउने लायकको छु। तर तपाईं दयालु परमेश्वर हुनुहुन्छ; यसकारण विन्ती छ, जुन दण्डको योग्य म भएँ, त्यसअनुसार मसित व्यवहार नगरिदिनुहोस्! तपाईंका कोमल कृपाहरू अपरम्पार छन्; र यही कारणले म तपाईंलाई विन्ती गर्न आँट गर्छु: तपाईंको पवित्र व्यवस्था उल्लङ्घन गरेका मेरा भयानक अपराधहरू मेटाइदिनुहोस्!'

**भजन ५१:२:** 'मलाई पूरा तौरले धुनुहोस्, किनकि मेरो अधर्ममा म तपाईंको सीधा मार्गबाट भड्किएँ; र मलाई शुद्ध पार्नुहोस्; किनभने मेरो पापमा म निशानादेखि अति नै चुकें।'

**भजन ५१:३:** 'हे मेरा परमेश्वर, म खुल्लमखुल्ला स्वीकार गर्छु कि मैले तपाईंको व्यवस्था भङ्ग गरेको छु। मेरो यो पाप सबैलाई विदितै थियो; यसकारण म खुला रूपले यो मानिलिन्छु। मेरो पापको दोषले मलाई दिनरात सताइरहेको थियो; म त्यो एक दिन बढ़ी सहन सक्दिनँ।'

**भजन ५१:४:** 'मैले तपाईंको विरोधमा, केवल तपाईंकै विरुद्धमा पाप गरेछु। अहह, मैले बतशेबाको विरुद्धमा र तिनका विश्वासयोग्य पति ऊरियाहको विरुद्धमा पनि पाप गरेछु। ती शूरवीर योद्धाप्रति विश्वासघात गरेकोमा, हे परमेश्वर, मलाई क्षमा गर्नुहोस्! तर अब मेरो होश खोलेको छ: सबै पाप खास तपाईंकै विरुद्धमा पो गरिन्छ। तपाईंको व्यवस्था भङ्ग भएछ। तपाईंको इच्छा तुच्छ गनिएको छ, कति हो कति! अहो, तपाईंको नामको ठूलो निन्दा भएछ। अब म आफ्नै पक्ष होइन, तर तपाईंको पक्ष लिन्छु। किनकि तपाईं आफ्नो न्यायको फैसलामा बिलकुल

धर्मी हुनुहुन्छ; यसकारण कसैले पनि तपाईंका फैसलाहरू गलत ठहराउन सक्दैन ।'

**भजन ५१:५:** 'हे प्रभु, म निकम्मा छु । म त अधर्ममा जन्में; हो, खास मेरो गर्भधारण पापमा भएको हो । यसो भन्दाखेरि मेरी आमाको इज्जत झारेर मैले आफ्नै दोष कम गर्न खोजेको होइन, तर मैले भन्न चाहेको मतलब यो होः मैले पापहरू गरेको मात्र होइन, तर म त स्वभावैले एउटा पापी मानिस हुँ ।'

**भजन ५१:६:** 'तर तपाईं पापलाई घृणा गर्नुहुन्छ र मानिसको अन्तस्करणमा विश्वास-योग्यता र सच्चाइ भएको मन पराउनुहुन्छ । यसकरण म यही विन्ती लिएर तपाईंकहाँ आउँछुः मेरो भित्री हृदयमा मलाई बुद्धि सिकाइदिनुहोस् !'

**भजन ५१:७:** 'कोरीलाई शुद्ध पार्दा हिसप र बगिरहेको पानी प्रयोग गर्नू भनी तपाईंले आदेश दिनुभएको थियो (लेवी १४:१-८) । ठीक यस्तै, हे प्रभु, नैतिक हिसाबले म एउटा कोरी हुँ । यसकारण मलाई हिसपले चोख्याउनुहोस्, र म शुद्ध हुनेछु; मलाई धुनुहोस्, र म हिउँभन्दा सेतो हुनेछु ।'

**भजन ५१:८:** 'पाप गरेर मैले गीत गाउन छोडें । साँचो हर्ष र साँचो आनन्द के हो, सो मैले नजानेको धेरै भयो । म त्यो हर्षको सङ्गीत फेरि एकपल्ट सुन्न पाऊँ । मेरो पछि हटेको अवस्थामा तपाईंले मेरा हड्डीहरू भाँच्नुभएको र मलाई लङ्‌गड़ा बनाउनुभएको – यो मेरो अनुभव थियो । यसैले पवित्र चाड़हरूमा मैले तपाईंको सामु नाच्नै सकिनँ । अब यी भाँचिएका हड्डीहरू निको पारि-दिनुहोस्, र म तपाईंका जनहरूसित मिली नाच्दै-गाउँदै तपाईंको नामको स्तुति गर्न सकूँ ।'

**भजन ५१:९:** 'हे मेरा परमेश्‍वर, न्याय गर्ने र दण्ड दिने उद्देश्यले मेरा पापहरू हेर्नदेखि आफ्नो अनुहार हटाउनुहोस् भनी विन्ती गर्छु । मेरा ठूला अधर्महरूको अन्तिम लेशसमेत मेटाइदिनुहोस् ! यिनको एक-एक सम्झनाले मलाई घरिघरि घोच्दैछ ।'

**भजन ५१:१०:** 'फर्केर हेर्दा मलाई महसुस हुन्छः मेरो समस्या खास मेरो मनबाट शुरु भएको हो; किनकि मेरो विचारको धारा दूषित थियो । दुष्ट विचारहरूले मेरो मनमा खेलि-राखेकोले गर्दा अन्तमा मैले पाप गरें । यसकारण म अब विन्ती गर्छुः मभित्र एउटा शुद्ध हृदय सृजना गर्नुहोस् ! किनभने मलाई थाह छ, जलस्रोत शुद्ध छ भने त्यसबाट बगि-रहेको धारा पनि शुद्ध हुन्छ । हे प्रभु, मेरो सम्पूर्ण अन्तस्करण नयाँ तुल्याउनुहोस्, किनकि भविष्यको पापको विप्लवबाट जोगिन मलाई एउटा स्थिर आत्मा दरकार छ ।'

**भजन ५१:११:** 'मलाई नत्याग्नुहोस्, प्रभु ! तपाईंको उपस्थितिदेखि मलाई नहटाउनुहोस् ! तपाईंदेखि टाढ़ा भएर जिउनु, अहँ, म यस प्रकारको विचार सहन सक्दिनँ । तपाईंको पवित्र आत्मा मबाट हट्नुभएको, अहँ, म यस्तो कुरा सोच्नै सक्दिनँ । म जिइरहेको युगमा तपाईंले कतिजना अनाज्ञाकारी मानिसहरूबाट आफ्नो पवित्र आत्मा उठाइलैजानुभयो । शाऊलको जीवनमा तपाईंले यस्तै गर्नुभयो (१ शमूएल १६:१४) । पवित्र आत्मा हटाएका परिणाम-हरू के-के हुन्, यसको बारेमा विचार गर्दा म त डरले थरथर काम्छु । हे प्रभु, कृपया मलाई यस्तो हुन नदिनुहोस् !'

**भजन ५१:१२:** 'तपाईंलाई थाहै छः मैले अघिबाट गीत गाउन छोडें । मैले मेरो आत्मा गुमाइनँ, तर आफ्नो गीत गुमाइपठाएँ । मैले तपाईंले दिनुभएको मुक्ति होइन, तर मैले तपाईंको मुक्तिमा मेरो आनन्द गुमाएँ । तर अबचाहिँ म पश्चात्ताप गर्दै, पाप स्वीकार गर्दै र आफ्नो पाप त्याग्ने प्रण गर्दै तपाईंकहाँ आएको छु; अब मेरो यो प्रार्थना छ, ती चुँड़िएका तारहरू फेरि बज्न थालून् । अनि

तपाईंको मुक्तिमा मेरो आनन्द मलाई फर्काउनको साथै तपाईंको उदारचित्तको आत्माले मलाई सम्हाल्नुहोस् भन्ने प्रार्थना छ। अर्को शब्दमा भन्नु हो भने, म यो चाहन्छुः तपाईंको आज्ञापालन गर्न र तपाईंलाई सबै कुराहरूमा प्रसन्न तुल्याउन तपाईंको आत्माले मलाई इच्छुक बनाइदिऊन्। तब म धार्मिकताका मार्गहरूमा लागिपर्ने नै छु।'

**भजन ५१ः१३ः** 'मैले पाएको पापको क्षमाको एक परिणाम यो हुनेछ, कि म जोश र उमङ्को साथमा अरू अपराधीहरूलाई गवाही दिनेछु र तपाईंबाट पापको क्षमा पाउन र तपाईंसित मेलमिलाप राख्न तपाईंका मार्गहरू के-के हुन्, सो तिनीहरूलाई स्पष्ट पार्नेछु। अनि तपाईंले मेरो निम्ति जे गर्नुभयो, त्यसको विषयमा सुनेर तिनीहरूले पनि तपाईंकहाँ फर्केर आउन चाहनेछन्।'

**भजन ५१ः१४ः** 'हे परमेश्‍वर, तपाईंले मलाई रक्तपातको दोषदेखि दोषमुक्त गर्नुभयो भने, यो भएपछि सारा संसारले तपाईंको छुटकाराको बारेमा मेरो गवाही सुन्नेछ। हे मेरा उद्धारका परमेश्‍वर, ऊरियाहको रगतको दोष मलाई थिच्ने ठूलो भारी भएको छ। यस दोषको हिसाब मेटाइदिनुहोस्, र म सदा-सर्वदा तपाईंको स्तुतिप्रशंसा गरिरहनेछु।'

**भजन ५१ः१५ः** 'मेरो पापले गर्दा मेरा ओठहरू मोहरबन्द भए। मलाई तपाईंको क्षमा-दान दिएर ती खोलिदिनुहोस्, र मेरो मुख बोल्नेछ र तपाईंको स्तुति-प्रशंसा गाउनमा पूरा समर्पित हुनेछ।'

**भजन ५१ः१६-१७ः** 'हे प्रभु, पापको क्षमा पाउन म रीतिविधिहरूमाथि भरोसा राख्दिनँ। म जान्दछु कि तपाईं रीतिविधि मन पराउने परमेश्‍वर हुनुहुन्न। तपाईंले बलि-पशुहरू चाहनुभएको भए मैले ती ल्याएर चढ़ाउनेथिएँ। तर कुनै होमबलिले तपाईंको हृदयलाई प्रसन्न तुल्याउँदैन। हो, तपाईंले विभिन्न बलिदान र भेटीहरू चढ़ाउने नियमहरू दिनुभयो, तर यी बलिदान र भेटीहरूमा तपाईंको सिद्ध इच्छा छँदैथिएन। यसकारण म एउटा टुटेको हृदय लिएर तपाईंकहाँ आउँछु; तपाईंले चाहनुभएको बलिदान यही हो। मैले तपाईंकहाँ ल्याएको चूर्ण र पश्‍चात्तापी हृदय तपाईंले अवश्य तुच्छ ठान्नुहुन्न।'

**भजन ५१ः१८ः** 'अनि अब हे प्रभु, म आफ्नो निम्ति मात्र होइन, तर तपाईंका प्रिय जनहरूको निम्ति पनि प्रार्थना गर्न चाहन्छु। प्रसन्न भएर उनीहरूमाथि असल, अँ, केवल असल कुराहरू बर्साउनुहोस्! यरूशलेमका पर्खालहरू पुनर्निर्माण गर्नुहोस्! निस्सन्देह, मेरा पापहरूले तपाईंको कामको प्रगतिमा बाधा ल्याए, यसमा शङ्का छैन। मैले तपाईंको नाममाथि निन्दा ल्याएँ। तर अब तपाईंको काम बाधाबिघ्नविना अघि बढ़ोस्।'

**भजन ५१ः१९ः** 'अनि जब आफ्ना पापहरू स्वीकार गर्दै र त्याग्दै हामी सबैजना तपाईंसितको सङ्गतिमा हिँड्डुल गर्छौं, तब तपाईं हाम्रा धार्मिकताका बलिदानहरूमा प्रसन्न हुनुहुनेछ। तपाईंप्रति हाम्रो समर्पण पूर्ण भएको सङ्केत दिलाउने यी बलिदानहरूले तपाईंको हृदयलाई खुशी तुल्याउनेछन्। हामी तपाईंको विदीमाथि बहरहरू बलि गर्नेछौं, जुन बहरहरूले पाप र अधर्म क्षमा गर्नुहुने परमेश्‍वरको स्तुति-प्रशंसा गरेको अर्थ लिन्छन्।'

## भजन ५२ः विश्‍वासघातीको भन्डाफोर भएको

१ शमूएल २१ र २२ अध्यायमा यस भजनको ऐतिहासिक पृष्ठभूमि पाइन्छ। एदोमी दोएग राजा शाऊलको मूलगोठालो थियो। अनि शाऊलदेखि भागिहिँड्रेका दाऊदले प्रधान पूजाहारी अहिमेलेकबाट भोजन र गोल्यतको तरवार पाउँदाखेरि त्यो दोएग त्यहाँ उपस्थित थियो। त्यसको लगत्तै

त्यो गएर शाऊलकहाँ तिनको पोल लगायो। तब अहिमेलेक र परमप्रभुका अरू चौरासी-जना पूजाहारीहरूलाई हत्या गर्ने काम दोएगलाई अह्राइयो, कस्तो पुरस्कार!! नभन्दै त्यसले नोबका स्त्रीहरू र केटाकेटीहरू सबैको पनि हत्या गर्‍यो अनि त्यो गाउँ र यसको बस्तुभाउ नाश गर्‍यो।

भजन ५२:१-४ पदको खण्डमा दोएगको चरित्र बयान गरिएको छ भने, भजन ५२:५-७ पदको खण्डमा त्यसको विनाशपूर्ण अन्त वर्णन गरिएको छ। अनि भजन ५२: ८-९ पदहरूमा भजनकारको भिन्नै किसिमको चरित्र बयान गरिएको छ।

**भजन ५२:१-४:** दाऊदको शुरुको प्रश्नले त्यस विश्वासघातीलाई आक्रमण गरेको छ; किनभने त्यसले यस अघोर दुष्ट कामको बारेमा घमण्ड गर्‍यो र परमेश्वरका विश्वास-योग्य दासहरूको विरुद्धमा दिनभर झूटैझूट रचिरहेको थियो। त्यो विश्वासघाती ख्रीष्ट-विरोधीको पूर्व-नमुना थियो; किनकि त्यसको छुराजस्तो धारिलो जिब्रो थियो, जुन जिब्रोले झूटा निन्दाद्वारा मानिसहरूलाई नमीठो चोट हुने गरी काट्थ्यो। भलाइको निम्ति होइन, तर खराबीको निम्ति त्यसको ठूलो झुकाउ थियो; अनि सत्य बोल्नुको सट्टामा त्यसले बरु झूट नै बोल्न रुचाउँथ्यो। छलको अवतार भएर त्यसले अरू मानिसहरूको जीवन बरबाद गरेको बोलीमा मज्जा लिन्थ्यो।

**भजन ५२:५:** भजनकारले दोएग र त्योजस्तै सबै मानिसहरूको अन्तको विषयमा गरेको भविष्यवाणीसित दुवै ईश्वरीय न्यायको फैसला र मानवीय न्यायको फैसला एकमत भएका छन्। परमेश्वरले त्यसको घररूपी जीवन भताभुङ्ग पार्नुहुनेछ र एउटा खण्डहर तुल्याउनुहुनेछ। सर्वोच्च परमेश्वरले त्यसलाई त्यसको वासस्थानबाट खोसेर निकाल्नुहुनेछ र त्यसलाई जिउँदाहरूको देश-बाट जरासित उखेलिदिनुहुनेछ।

**भजन ५२:६-७:** परमेश्वरको भय मान्ने मानिसहरूले त्यसको न्यायको दिन देख्न पाउनेछन्; तिनीहरू त्यसमाथि परमेश्वरको भयावह न्याय आइपरेको देखेर भयभीत हुनेछन्, र त्यसको भाग्य पल्टेकोमा यसो भन्दै मुसुक्क हाँस्नेछन्: 'हेर, यो त्यही मान्छे हो, जसले परमेश्वरलाई आफ्नो सामर्थ्य तुल्याएन, तर आफ्नै धनसम्पत्तिको भरपूरी-माथि भरोसा राख्यो र आफ्नो दुष्टतामा आफूलाई बलियो तुल्यायो।'

**भजन ५२:८-९:** तर कुरा स्पष्ट छः भजनकारको चरित्रचाहिँ त्यसको ठीक विपरीतको छ। तिनले आफूलाई परमेश्वरको भवनमा रोपिएको हरियो जैतुनको रूखसँग तुलना गर्छन्, जुन जैतुनको रूखचाहिँ समृद्धि र फलवान् जीवनको प्रतीक हो। श्री एफ. डब्ल्यू. ग्राण्टको भनाइअनुसार

> 'जैतुनको रूखमा त्यो तेल रहन्छ, जुन तेलले परमेश्वरको आत्मालाई सङ्केत गर्छ; अनि त्यो रूख हरियो हुन्छ, किनकि त्यसमा अनन्त जीवनको ताजापन छ। अनि त्यो रूख परमेश्वरको भवनमा रोपिएको छ, जुन भवन त्यस दुष्ट मानिसको पालरूपी वासस्थानदेखि कति फरक छ, जुन वासस्थानबाट त्यो दुष्ट निकालिन्छ।' **38)**

परमेश्वरलाई आफ्नो शरणस्थान बनाउन नचाहेको त्यस दोएगको तुलनामा दाऊद कति फरक थिए; किनकि तिनले सदा-सर्वदा परमेश्वरको कृपामाथि भरोसा राख्ने अठोट गरे। त्यसबाहेक तिनले परमप्रभुलाई उहाँले गर्नुभएको कामको निम्ति धन्यवाद चढ़ाउनेछन्; किनभने उहाँले दुष्टलाई दण्ड दिनुभयो र र धर्मीलाई निर्दोष ठहराउनुभयो। अन्तमा, तिनले उहाँका सबै भक्त पवित्र जन-हरूको उपस्थितिमा परमप्रभुको नामको बढ़ाइ गर्नेछन्; किनभने उहाँको नाम असल हो, र उहाँ भलो, अँ, केवल भलो हुनुहुन्छ।

# भजन ५३: नास्तिक हुनु मूर्खता हो

भजन १४ र भजन ५३ को बीचमा मुख्य भिन्नताचाहिँ परमेश्वरको नाम 'परमप्रभु' अर्थात् 'यह्वे'देखि बदली भएर 'एलोहिम' भएको छ।[39] भजन १४ मा मूर्ख मानिसले आफ्नो करारमा विश्वासयोग्य रहनुभएको परमप्रभु परमेश्वरको अस्तित्व इन्कार गर्छ, जसले आफ्ना जनहरूको भलाइमा ठूलो चासो राख्नुहुन्छ र जो तिनीहरूको भलाइ गर्नमा लागिपर्नुहुन्छ। तर भजन ५३ मा चाहिँ मूर्ख मानिसले सर्वशक्तिमान्, सार्वभौम सृष्टि-कर्ता परमेश्वरको अस्तित्व इन्कार गर्छ, जो सारा विश्वका पालनहार र त्यसको नियन्त्रण गर्नुहुने एकमात्र शासक हुनुहुन्छ।

> 'परमेश्वरलाई दुई प्रकारले इन्कार गर्न सकिन्छ। कति मानिसहरू छन्, जसले सृष्टिकर्ताले कुनै विशेष जातिप्रति अथवा मानिसहरूको विशेष झुण्डप्रति अभिरुचि राख्नुहुन्छ भन्ने कुरा इन्कार गर्छन्। अनि अरू मानिसहरू छन्, जसले परमेश्वर हुनुहुन्छ भन्ने कुरा सरासर अस्वीकार गर्छन्।'
>
> स्क्रिप्चर यूनियनका दैनिक पाठहरूबाट उद्धृत

**भजन ५३:१:** त्यो मूर्ख मानिसचाहिँ बोधो मगज भएको निर्बुद्धि मानिस भएको हुनुपर्दैन। त्यसको शिक्षाको स्तर उच्च हुन सक्छ, त्यससँग तीखो बुद्धि हुन सक्छ। तर त्यस मानिसले परमेश्वरको व्यक्तित्व, उहाँको शक्ति र मानिसहरूको भाग्य उहाँको नियन्त्रणमा रहेका आदि प्रमाणहरू स्वीकार गर्न चाहँदैन। यसकारण जानी-बुझी त्यो अनजान रहन्छ। हिब्रू शब्दको अर्थअनुसार मूर्ख मानिसको यो इन्कार, सत्यताको विषयमा त्यसको इन्कार दुष्ट हो।

यसो हो भने, नास्तिकताचाहिँ नैतिक भ्रष्टता र पतित मानिसको नीचताको कारण र फल हुँदो रहेछ। यसकारण 'परमेश्वर छैन' भन्नेहरू घिनलाग्दा अधर्म गर्ने भ्रष्ट मानिस-हरू हुन् भन्ने कुरामा अचम्म मान्नुपर्दैन। तिनीहरूमध्ये असल गर्ने कोही पनि छैन।

**भजन ५३:२:** यहाँ सन्दर्भ नास्तिक-हरूदेखि सारा मानव-जातिपट्टि सरेको देखिन्छ। प्रेरित पावलले रोमी ३ अध्यायमा यी पदहरूबाट उद्धृत गर्दै सारा मानिस-जाति पूरा भ्रष्ट भएको तथ्य प्रमाणित गरेका छन्। अनि तिनको यो अभियोग साँचो पनि हो। परमेश्वरले स्वर्गबाट मानिसका सन्तानहरू-माथि नजर लगाएर हेर्नुहुँदा परमप्रभुको डर मान्ने बुद्धि भएको मानिस एकैजनालाई पनि भेट्टाउनुभएन। एकलै छोड़िएको कुनै पनि मानिसले परमेश्वरलाई खोज्दैन। किनभने यसो गर्नको निम्ति पहिले पवित्र आत्माले हामीमा काम गर्नुभएको हुनुपर्छ।

**भजन ५३:३:** तिनीहरू सबैजना जीवित परमेश्वरदेखि तर्केर गएका छन्। तिनीहरू सबैजना भ्रष्ट भएका छन्। असल काम गर्ने एकैजना पनि छैन। यस सन्दर्भमा असल गर्नु भनेको परमप्रभुको निगाह प्राप्त गर्ने योग्यता कमाउनु हो; अनि यस किसिमको क्षमता मानिसमा हुँदैन।

**भजन ५३:४-५:** यी पदहरूको सन्दर्भ विशेष खालका पापीहरू भएका रहेछन् अर्थात् ती धर्मत्यागीहरू, जसले परमेश्वरका जनहरूलाई सताउँछन्। तिनीहरू किन त्यति अदूरदर्शी भए होलान्? यी प्रार्थना नगर्ने मानिसहरू निर्दयी हुन्छन्। तिनीहरूको निम्ति रोटी खानु र बाँकी रहेका विश्वासयोग्य जनहरूलाई नाश गर्नुको बीचमा केही फरक छैन, यो एउटै कुरा हुँदो रहेछ। हो, तिनीहरूलाई कहिल्यै प्रार्थनाद्वारा परमेश्वर-सित कुरा गर्ने इच्छा हुँदैन, कसरी? तर एक दिन अभूतपूर्व आतङ्कले तिनीहरूलाई पक्रनेछ

– यसको विषयमा तिनीहरूलाई अलिकति पनि होशै छैन। तर परमेश्वरले आफ्ना भक्त अनुयायीहरूको विरुद्धमा लड़ाइँ गर्नेहरूका हड्डीहरू छरपस्ट पारिदिनुहुनेछ।

**भजन ५३:६:** यस अन्तिम पदमा दाऊदले मसीहको आगमन चाड़ै भएको होस् भनेर प्रार्थना गर्छन्। किनकि उहाँ नै छुटकारा दिनुहुने उद्धारक हुनुहुन्छ, जो सियोनबाट आउनुहुनेछ (रोमी ११:२६), र जसले इस्राएली जातिका सबै विश्वासीहरूलाई बचाउनुहुनेछ। त्यस दिनमा इस्राएली जातिको जीर्णोद्धार हुनेछ, याकूब रमाउनेछ र इस्राएल आनन्दित हुनेछ।

## भजन ५४: परमेश्वर मेरा सहायक हुनुहुन्छ

दाऊद शाऊलदेखि भागिरहेको बेलामा जिफीहरूले दुईपल्ट राजाकहाँ तिनी रहेको ठाउँको भ्फोसपोल गरे (१ शमूएल २३:१९ र २६:१)। तिनीहरूका यी विश्वासघातका कार्यहरू यो भजन रच्ने मूल-कारण भए। अनि यो भजन जुनसुकै युगमा मानिसहरूबाट कष्ट भोगिरहेका परमेश्वरका जनहरूको निम्ति उपयुक्त प्रार्थना बनेको छ।

**भजन ५४:१:** शुरुमा दाऊदले गुहार माग्दा परमेश्वरको नाममा छुटकारा पाउनु र उहाँको शक्तिमा सठीक न्याय पाएर निर्दोष साबित हुनु नै तिनको पुकारको मुख्य विषय भएको थियो। परमेश्वरको नामले यहाँ उहाँको स्वभाव वा उहाँको चरित्रको अर्थ लिन्छ; अनि उहाँको शक्ति भन्नाले उहाँको सर्वशक्ति बुझिन्छ। दाऊदले उहाँको नाममा र उहाँको शक्तिमा आफ्ना शत्रुहरूबाट छुटकारा पाउन खोजे।

**भजन ५४:२-३:** भजनकारका शब्दहरू-अनुसार तिनको यो निवेदन अहिले कि कहिल्यै अतिशय जरुर थियो। यही कारणले तिनले 'सुनिदिनुहोस्, मेरो मुखका उत्तेजिला, रापिला शब्दहरूतिर कान लगाउनुहोस्' भन्ने अत्यावश्यक आग्रह गरे। के भएको थियो? परदेशीहरूले आफ्नो फाइदाको निम्ति दाऊदको विश्वासघात गरेर तिनलाई ठग्ने युक्ति रचेका थिए। हो, रक्त-पिपासु मानिसहरू तिनको प्राण लिन निस्किरहेका थिए। यी धर्मच्युत मानिसहरूले परमेश्वरको कुनै पर्बाह गर्दैनथिए।

**भजन ५४:४-५:** तर परमेश्वरमा तिनको यो समस्या हल भयो। किनभने परमप्रभुले विश्वासी जनको जीवन सम्हालिराख्नेहरूलाई साथ दिनुहुन्छ। अनि एक दिन उहाँले आफ्ना जनहरूका शत्रुहरूमाथि विपत्ति र विनाश खन्याएर तिनीहरूसित बदला फेर्नुहुनेछ। परमेश्वरले जे गर्न लाग्नुभएको छ, त्यसको विषयमा पाएको ज्ञानले दाऊदमा निम्न प्रार्थनाको रूप लिएको छः 'हो, प्रभु, यसो गरिदिनुहोस्, र आफ्नो विश्वासयोग्यता-अनुसार तिनीहरूका दुष्ट युक्तिहरू खतम पारिदिनुहोस्!'

**भजन ५४:६:** पहिलो पदमा परमप्रभुको नाममा छुटकारा थियो भने, अब उहाँको नामको स्तुति गरिन्छ। दाऊदले परमप्रभुको निम्ति स्वेच्छा-बलि ल्याउनेछन् र परमप्रभुको नाममा धन्यवाद चढ़ाउनेछन्; किनकि यस अनमोल नाममा सबै असल कुराहरू समावेश हुन्छन्।

**भजन ५४:७:** अन्तिम पदमा दाऊदले मानौं तिनका सबै कष्टहरू बितिगएका, र तिनले आफ्ना शत्रुहरूको मृत्यु देखिसकेको जस्तै कुरा गरिरहेका छन्। यस विषयमा श्री जी. च्याम्पबेल मोर्गनले यसो लेखेका छन्:

> 'अझै पनि जोखिमको बीचमा रहेका दाऊदले यहाँ छुटकाराको गीत गाइरहेका छन्, मानौं त्यो छुटकारा भइसकेको जस्तो।' **40)**

यसरी विश्वासले हामीले आशा गरेका कुराहरू ठोस रूप दिन्छ र हामीलाई नदेखेका

वास्तविकताहरूको विषयमा सुनिश्चित गराउँछ (हिब्रू ११:१)।

## भजन ५५: आफ्नो बोझ परमप्रभुमाथि राखिदेऊ !

पहिले अहितोपेलचाहिँ दाऊदका सबैभन्दा भरपर्दा सल्लाहकारहरूमध्ये एक थिए; तर पछि यिनी तिनको साथ दिन छोड़ेर दलबदल गर्नेहरूको नेता भई राज्य हड़प गर्ने अब्शालोमपट्टि लागे। यस भजनमा त्यही तिक्त वज्रपातले गर्दा दाऊदको हृदय असीम वेदनाले पीड़ित भएको बुझिन्छ। अनि यहाँ यहूदा इस्करयोतीले मुक्तिदाता प्रभुलाई विश्वासघात गरेको सम्बन्धमा उहाँको हृदयमा कस्ता-कस्ता वेदनाका तरङ्गहरू उर्लिरहे, सो विषयमा पनि पढ़िन्छ। अनि यस भजनले यी बाँकी रहेकाहरूको प्रार्थनाको पूर्व-सङ्केत गर्छ, जसले भविष्यमा ख्रीष्ट-विरोधीको षड्‌यन्त्रअन्तर्गत दुःखकष्ट भोग्नेछन्।

**भजन ५५:१-२क:** असीम वेदनाले ग्रसित मानिसको मनमा परमेश्वरको ध्यान आकर्षण गर्ने किसिम-किसिमका शब्दहरूको अभाव र मौलिकताको अभाव हुँदैन। 'कान लगाउनुहोस्' यसको सकारात्मक विन्ती थियो भने 'आफूलाई नलुकाउनुहोस्' भन्ने नामन्जुर गर्ने यसको अनुरोध थियो। 'मतिर ध्यान दिनुहोस्' भनेर तिनको विन्ती सुनिदिने आग्रह गरिएको छ भने 'मेरो विन्ती सुन्नुहोस्' भनेर तिनको पक्षमा कारबाही गरिदिने आग्रह गरिएको छ।

**भजन ५५:२ख-५:** त्यसपछि व्यक्तिगत दुःख र जरुर खाँचोहरूको निम्न हृदयस्पर्शी सूचि पेश गरिएको छः

**क)** दुःख पोख्दै र विलाप गर्दै गरेकोले गर्दा तिनलाई पूरा बेचैनी लागिरहेको

**ख)** शत्रुका चिच्च्याइहरूले गर्दा तिनको ध्यानभङ्ग भएको

**ग)** दुष्टहरूको थिचोमिचोमा परिरहेको

**घ)** तिनीहरूले तिनीमाथि कष्टमाथि कष्टको थुप्रो लगाएको

**ङ)** तिनी तिनीहरूका क्रुद्ध आक्रमण-हरूको शिकार बनेको

**च)** वेदना र पीड़ाले तिनको मन टुटेको

**छ)** आउन लागेको विनाशको आतङ्कले तिनी संत्रस्त भएको

**ज)** रोकेर नरोकिने कम्पनले पीड़ित भएको

**झ)** तिनी त्रासले छोपिएको

**भजन ५५:६-८:** तिनको पहिलो चाहनाचाहिँ आफ्ना सबै कष्टहरूबाट उड़ेर भागिजानु थियो। तिनका पखेटाहरू भए ता हुर्र उड़ेर टाढ़ा उजाड़स्थानमा कहीं तिनले शान्ति पाउनेथिए। चारैतिरबाट आइरहेको प्रचण्ड बतासको भुमरीदेखि उम्कन तिनले हतार गर्नेथिए।

**भजन ५५:९क:** तर अब तिनको डरत्रास जल्दो-बल्दो क्रोधमा परिणत भएछ। ती षड्‌यन्त्रकारीहरूको विश्वासघात र धोकाले गर्दा तिनलाई यति घृणा भयो, कि तिनले परमप्रभुलाई 'नाश गरिदिनुहोस्' भन्ने पुकार गरे। के उहाँले ती दुष्ट मानिसहरूलाई नाश गर्नुपर्नेथियो, अथवा के उहाँले तिनीहरूका दुष्ट युक्तिहरू नाश गर्नुपर्नेथियो, सो तिनको विन्तीबाट स्पष्ट भएन। अनि तिनले 'तिनीहरूको बोलीमा फाटो ल्याउनुहोस्' भनेर परमेश्वरलाई प्रार्थना गरे। हुन सक्छ, परमप्रभुले अहितोपेलको सल्लाह मूर्खतामा परिणत गरेका होऊन् भन्ने दाऊदको प्रार्थना उक्त विन्तीको सन्दर्भ थियो कि (२ शमूएल १५:३१)?

**भजन ५५:९ख-११:** जब यिशाईका छोराले आफूले चुनेको र जितेको यरूशलेम शहरलाई हेर्दैथिए, तब तिनले त्यो अत्याचार र झगड़ाले भरिएको देखे। दिनरात यी दुईवटा खराबीहरूले त्यसका पर्खालहरूमाथि घुम-

फिर गरिरहन्थे। शान्ति-नगर अहिले उपद्रव र कष्टले पूर्ण शहर भएछ। त्यो त विनाशको वासस्थान भएछ। शोषण र ठग-वृत्तिले त्यसको हाट र बजार कहिल्यै छोड्दैनथिए, जहाँ न्यायनीति र निष्पक्षता हुनुपर्नेथियो।

**भजन ५५ः१२-१५ः** तर दाऊदको गुनासोको मुटुचाहिँ तिनको विश्वासघात गरिएको पीड़ा थियो। यदि त्यो अपराधी कुनै सुपरिचित शत्रु भएको भए बरु त्यो पीड़ा बढ़ी सहन सक्ने हुनेथियो। यदि ती निन्दाहरू, ती गिल्लाहरू र ती अपमानहरू सर्वेसर्वा विरोधीबाट आएका भए भजनकारले त्यससित कुनै सरोकार राख्नेथिएनन्। तर त्यो त तिनको आफन्त, तिनको चिनारु र तिनले प्रिय मानेको तिनको भरपर्दो मित्र पो थियो, जसले तिनको पिठ्यूँमा त्यो छुरी रोपेको थियो। त्यो त उही थियो, जससँग एक समयमा भजनकारले परमेश्वरको भवनका चोकहरूमा एकसाथ हिँड़डुल गर्दै मीठो सङ्गति गर्थे। त्यस मानिस र त्यसको पछि लाग्ने त्यसका अनुयायीहरूको बेइमानी तिनीहरूको अचानक मृत्युको योग्य अपराध थियो। तिनीहरू जीवितै अधोलोकमा पुग्ने भए। श्री जेलिनोको अनुवादअनुसार 'तिनीहरूका घरहरूमा र तिनीहरूका हृदयहरूको तहमा दुष्टताले वास गरेको हो।'

**भजन ५५ः१६-२१ः** तर दाऊदको मनमा यत्रो आवेगको खलबली मच्चिरहेको बेलामा पनि तिनलाई प्रार्थनाको उत्तरमा सहायता पाउने निश्चयता भएको थियो। बेलुका, बिहान र दिउँदो सुस्केरा र सुँक्कसुँक्कको साथ परमेश्वरकहाँ चढ़ाइएको तिनको प्रार्थना मुक्तिदाताको कानमा पुग्ने नै छ। दाऊदको विरोधमा मोर्चा बाँध्ने शत्रुहरूको सङ्ख्या धेरै थियो; तर तिनी यस लड़ाइँबाट विजेता भएर निस्कनेछन् र तिनको जीतको माल शान्ति हुनेछ। हो, अनादिदेखि अनन्तसम्म सिंहासनमाथि विराजमान हुनुहुने परमेश्वरले सुन्नुहुनेछ र तिनका शत्रुहरूलाई कष्ट दिनुहुनेछ। तिनीहरूको योग्य सजाय यही हुनेछ; किनकि तिनीहरूमा कुनै मनको परिवर्तन छैन र तिनीहरूसँग परमेश्वरको डर पनि छैन। विश्वासघातीको दण्डको आज्ञा यस्तो छ – त्यस अन्तरङ्ग मित्रको, जसले आफ्ना साथीसङ्गीहरूको हानि गर्न आफ्नो हात उठायो र मित्रताको करार र आस्था भङ्ग गऱ्यो। त्यसको मुखका शब्दहरू घिउभन्दा चिल्ला थिए, तर खास गरी ती नाङ्गा तरवारहरू थिए।

**भजन ५५ः२२ः** यहाँ बाइस पदमा हामी भजन पचपन्नको सुनौलो चरमसीमा आइपुग्यौं।

> *'तिम्रो बोझ परमप्रभुमाथि राखिदेऊ, र उहाँले तिमीलाई सम्हाल्नुहुनेछ;*
> *उहाँले धर्मी जनलाई कहिल्यै डग्न दिनुहुनेछैन।'*

भजनकारले यो बुझे, कि सङ्कष्टको समयमा दुःखकष्टहरूबाट भाग्नु सर्वोत्तम तरिका होइन रहेछ, तर बोझ परमप्रभुमाथि राखिदिनु हुँदो रहेछ। विशप जर्ज होर्नले हाम्रो सामु राखिदिएको सुन्दर पाठ हामी सिकौंः

> 'बितेको समयमा हाम्रा पापहरू र शोकहरू उठाएर क्रूसमा बोक्नुभएको प्रभु येशूको अनुरोध यस प्रकारको छः अहिले र सधैं हामीले उहाँलाई हाम्रा फिक्रीहरूको बोझ बोक्न दिनुपर्छ।'

**भजन ५५ः२३ः** निर्ममताको साथ हत्यारा र विश्वासघातीहरूको अकाल मृत्यु हुनेछ। अहितोपेलको मृत्यु यस्तो थियो (२ शमूएल १७ः१४ र २३) र यहूदा इस्करयोतीको मृत्यु यस्तै थियो (मत्ती २७ः५)। तर परमेश्वरका जनहरूहो, परमेश्वरमाथि भरोसा गर्नुहोस् र ढुक्क हुनुहोस्; किनभने उहाँले तपाईंलाई बचाउनुहुन्छ।

## भजन ५६ः परमेश्वर मेरो पक्षमा हुनुहुन्छ

आफ्नै देशवासीहरूदेखि भागेर गातमा पलिस्तीहरूको बीचमा शरण लिनुपरेको अनुभव दाऊदको निम्ति एउटा तीतो अनुभव थियो (१ शमूएल २१ः१०-१५, २७ः४ र २९ः२-११); तर राजा शाऊलको तीव्र वैरभाव र दुश्मनले तिनलाई बाध्यै तुल्याएको थियो; तिनलाई यस्तै लागेको थियो। त्यस समयमा तिनी घरि डरले त्रस्त र घरि विश्वासले आँटिला भएका थिए। भजन ५६ मा तिनले आफूमाथि उर्लेर आएको यो अनुभव बयान गरेका छन्।

**भजन ५६ः१-२ः** यस भजनको शुरुमा दाऊदले आफ्नो खेदो गर्ने शत्रुहरूको निरन्तर सतावटले गर्दा अनुग्रहकारी परमेश्वरको सहायता पाऊँ भन्ने प्रार्थना गर्छन्। यी विरोधीहरूबाट तिनलाई दिनहुँ तीन प्रकारका डर हुने गर्थेः

**क)** *भजन ५६ः१ः* त्यसले तिनलाई सताइरहेको थियो।

**ख)** *भजन ५६ः२ः* तिनका शत्रुहरूले तिनलाई निल्न खोज्दैथिए।

**ग)** *भजन ५६ः५ः* तिनीहरूले तिनका वचनहरू टेढ़ा पार्थे।

तिनका शत्रुहरूले तिनलाई बड़ो धम्कीको साथ आक्रमण गर्थे, निरन्तर तिनको विरुद्धमा युक्ति रच्थे र दलबन्दी गर्थे, तिनीमाथि झम्टन ढुकिरहन्थे र नित्य तिनको चियोचर्चा गर्थे (५६ः२, ५ र ६)। त्यो त हददेखि बाहिरको काण्ड भएको जस्तो देखिन्थ्यो।

**भजन ५६ः३ः** तर विश्वासले त्यो निराशापूर्ण अन्धकार फटाइदिन्छ र आश्वस्त उद्घोषणा गर्छः *'जुन बेलामा मलाई डर लाग्छ, त्यस बेलामा म तपाईंमाथि भरोसा राख्नेछु।'* श्री फ्रान्ज डेलित्जले यस प्रकारको भरोसा यसो भनेका छन्ः 'यो एकजना शरणार्थीको कत्रो प्रफुल्ल साहस हो।' तिनको यो साहस परमेश्वरको चरित्रमाथि आधारित र उहाँका प्रतिज्ञाहरूको विश्वासयोग्यतामाथि आश्रित थियो। परमेश्वर हाम्रा सबै शत्रुहरूभन्दा शक्तिशाली हुनुहुन्छ, र उहाँले हामीलाई हानिबाट जोगाउँछु भन्ने प्रतिज्ञा गर्नुभएको छ। उहाँले हाम्रो वरिपरि लगाइदिनुभएको सुरक्षाको पर्खालबाट उहाँको अनुमतिविना कोही पनि र केही पनि छिर्न सक्दैन। यसैकारण हामी नडराईकन परमेश्वरमाथि भरोसा राख्न सक्छौं।

**भजन ५६ः४-६ः** 'जाबो मानिसले मलाई के गर्न सक्छ र?' भन्ने यस साहसिलो चुनौतीले तर्कबाट यो जवाफ पाउन सक्छः 'मानिसले तँलाई धेरै गर्न सक्छ। मानिसले सताउन सक्छ, क्षति गर्न सक्छ, अपाङ्ग बनाउन सक्छ, गोली हान्न सक्छ र मार्न सक्छ।' तर खास कुरा यस्तो छः परमेश्वरको छोरा वा उहाँको छोरीको काम पूरा नभएसम्म ऊ अमर रहन्छ। अनि मुक्तिदाता प्रभुको यस वचनको आधारमा दाऊदको निर्भयता कहाँबाट आयो, सो झन् स्पष्ट बुझिन्छः

*'अनि शरीरलाई मार्ने, तर प्राणलाई चाहिँ मार्न नसक्नेहरूसँग नडराओ; तर बरु उहाँसँग डराओ, जसले आत्मा र शरीर दुवैलाई नरकमा नाश गर्न सक्नुहुन्छ'* (मत्ती १०ः२८)।

**भजन ५६ः७ः** तिनलाई बिलकुल नाश गर्न तिनका शत्रुहरूका सबै परिकल्पित दुप्रयासहरू पेश गरेपछि दाऊदले परमेश्वरलाई यसो पुकारेः 'हे परमेश्वर, आफ्नो क्रोधमा ती मानिसहरूलाई ढालिदिनुहोस्!' तिनले उहाँलाई तिनीहरूको धोकाबाजीको बदला लिइदिने अनुरोध गरे।

**भजन ५६ः८ः** हामीप्रति हाम्रा प्रभुको संवेदनशील, व्यक्तिगत वास्ता कस्तो छ? यस पदमा यसको सुन्दर बयान पढ्नुहोस्!

उहाँ हामी भागी-भागी हिँड़ेका बरालाइहरूको हिसाब राख्नुहुन्छ, अनि राति बेचैनीमा हामीले कोल्टे फेरेको उहाँ गन्ती राख्नुहुन्छ। हामीले शोकमा बहाएका हाम्रा आँसुहरूको एक-एक कारण के हो, सो विषयमा उहाँ बढ़ी चासो राख्नुहुन्छ, यहाँसम्म कि उहाँले हाम्रा आँसुहरू आफ्नो बोतलमा राख्नुहुँदो रहेछ। हुन सक्छ, यहाँ शोक मनाउनेहरूको प्राचीन दस्तुरको सङ्केत झल्किन्छ कि? यस दस्तुरअनुसार शोक गर्नेहरूले मरेको प्रियजनको निम्ति बहाएका आँसुहरू एउटा सानो बोतलमा हाले र तिनीहरूले मृतकलाई कति माया गरेका थिए, त्यसको सम्झनाको निम्ति यो बोतल मृतकको चिहानमा राख्ने गर्थे। जेजस्तो भए पनि परमेश्‍वरले हाम्रा आँसुहरूको हिसाब एउटा पुस्तकमा लेखिराख्नुहुन्छ, जसरी प्रभु येशूले हामीलाई पछि शिक्षा दिनुभयो, कि हाम्रा शिरका केशहरू धरि सबै गन्ती गरिएका छन् (मत्ती १०:३०)।

**भजन ५६:९:** दाऊदसँगै हामी पनि यस कुरामा निश्‍चित हुन सक्छौंः हाम्रा प्रार्थनाको उत्तरमा परमेश्‍वरले हाम्रा शत्रुहरूलाई पछि हट्न लाउनुहुन्छ। हामीलाई यो कुरा किन थाह छ? किनकि परमेश्‍वर हाम्रो पक्षमा हुनुहुन्छ। अनि परमेश्‍वर हाम्रो पक्षमा हुनुहुन्छ भने, कोचाहिँ हाम्रो विरोधमा सफल हुन सक्छ? (रोमी ८:३१)।

> 'आखिरमा हाम्रो जीवनमा एउटै महत्त्वपूर्ण प्रश्‍न मात्र रहन्छ, जसको तुलनामा अरू सबै प्रश्‍नहरू मुख्य हुँदैनन्, अनि यो प्रश्‍न यस्तो छः "के परमेश्‍वर हाम्रो पक्षमा हुनुहुन्छ?" अन्तमा दाऊद परमेश्‍वरप्रति पूरा आश्‍वस्त भए। अनि परमेश्‍वरप्रति आश्‍वस्त भएको मानिस निडर हुन्छ (भजन ५६:११)।'
>
> स्क्रिप्चर यूनियनका दैनिक पाठहरूबाट उद्धृत

**भजन ५६:१०-११:** चार पदचाहिँ यहाँ दस र एघार पदमा यसको दोहोरिएको कोरस भएछ। तर यसपालिचाहिँ तिनले परमेश्‍वरको निम्ति दुईवटा नामहरू प्रयोग गरे, जस्तैः

'**परमेश्‍वर**मा म उहाँको वचनको प्रशंसा गर्नेछु;
**परमप्रभु**मा म उहाँको वचनको प्रशंसा गर्नेछु;
**परमेश्‍वर**माथि मैले भरोसा राखेको छु; म डराउनेछैनँ।
मानिसले मलाई के गर्न सक्छ?'

भजनकारले यहाँ सर्वशक्तिमान् परमेश्‍वरको प्रतिज्ञाको प्रशंसा गर्दा रहेछन्, अँ, करारबद्ध परमप्रभु परमेश्‍वरको वचनको प्रशंसा गर्दा रहेछन्, किनकि तिनी उहाँको सुरक्षामा पूरा निश्‍चित भएका थिए र कमजोर मानिसमा तिनको क्षति गर्ने क्षमता अति क्षुद्र सम्झेर तिनले त्यसको खिल्ली उदाए।

**भजन ५६:१२-१३:** भावी छुटकाराको विषयमा हालैमा पाएको निश्‍चयताले दाऊदलाई बाध्य तुल्यायोः तिनले जसरी भए पनि परमप्रभुको निम्ति गरेका आफ्ना भाकलहरू पूरा गर्नुपरेको थियो र उहाँप्रति कृतज्ञतारूपी ऋण चुकाउनुपरेको थियो। तिनी अझै पनि शत्रुको इलाकामा थिए, तर तिनले पूर्ण छुटकाराको आशिष उपभोग गरिरहेका थिए। तिनको ज्यान बाँचेको थियो, र तिनका पाउहरू ठेस लाग्नदेखि जोगिए; यसकारण तिनले परमेश्‍वरको उपस्थितिमा निरन्तर जीवनको ज्योतिमा हिँड़डुल गर्न सके।

## भजन ५७: उहाँका पखेटाहरूको छत्रछायामा

यो भजन लेख्दाखेरि दाऊद शाऊलदेखि भागेर कि त अदुल्लामको गुफामा, कि त एन-गदीको कुनै गुफामा लुके। अनुग्रहकारी परमेश्‍वर र डरलाग्दो शत्रु – यी दुईवटा मूल

तत्त्वहरू सधैं तिनको सामु हुन्थे। यस भजनमा कुरा पिङ खेलेझैं यी दुईजनाको बीचमा अघि-पछि जान्छ। तर दाऊदमा परमेश्वरमाथिको तिनको विश्वासचाहिँ तिनको शत्रुदेखि लागेको डरभन्दा ठूलो थियो; यसकारण तिनको विश्वासको ओजनले त्यो अघि-पछि हुने चाकाचुली अन्तमा परमेश्वरपट्टि ढल्काउँछ।

**क) भजन ५७:१-३: सदा उपस्थित रहनुहुने परमेश्वर**

यहाँ भजनकार छुटकारा आफ्नो हक सम्झेझैं सीधा आएर परमेश्वरबाट छुटकाराको माग गर्दैनन्। तर तिनले त्यो छुटकारा उहाँबाट कृपाको दानको रूपमा, उहाँको दयाबाट पल्हाएको बेहकको आशिषको रूपमा माग्छन्। यस ओड़ारमा आफ्नो वरिपरि भएको त्यो चिसो, अँध्यारो परिवेश ध्यानमा नराखेर तिनले आफूलाई परमेश्वरका पखेटाहरूको छत्रछायामनि शरण पाएको महसुस गर्छन्, कुखराको पोथीका पखेटाहरूमनि गुटुमुटु परेको चल्लाझैं। अनि जीवनका आँधीबेह्रीहरू पार नहोउन्जेल तिनी त्यहीं रहनेथिए। अनि आफ्नो यस सौभाग्य-शाली शरणस्थानबाट र उहाँको घनिष्ठ सङ्गतिमा रहेको महसुस गरेर तिनले परमप्रधान परमेश्वरलाई पूरा भरोसाको साथ पुकार्छन्; किनकि कुनै मानिसले र कुनै कुराले पनि उहाँलाई उहाँका जनहरूका जीवनमा उहाँका उद्देश्यहरू पूरा गर्नदेखि रोक्न सक्दैन। अनि जब स्वर्गबाट प्रार्थनाको उत्तर आउँछ, तब हृदयदेखि परमप्रभुमाथि भरोसा गर्नेलाई छुटकारा मिल्नेछ, तर तिनलाई कीमा बनाउन खोज्ने तिनका थिचोमिचो गर्नेहरूको अनादर हुनेछ। अनि त्यो दिव्य छुटकाराचाहिँ परमेश्वरको प्रेम र विश्वसनीयताको कहिल्यै भुल्न नसकिने प्रदर्शनी हुनेछ।

**ख) भजन ५७:४: जहिले पनि उपस्थित भएको शत्रु**

तिनका शत्रुहरू डरलाग्दा छन्, चिथोर्ने र निल्ने जङ्गली पशु र हिंस्रक सिंहहरूजस्ता छन्। ती मानिसहरूका भाला र काँड़हरूजस्तै दाँतहरू छन् र धारिला तरवारहरूजस्ता जिब्राहरू छन्। तर दाऊद त्यस्तो खतराको बीचमा आराम गर्न सुत्छन्। साँच्चै यो कति अद्‌भुत विश्वास हो!!

**ग) भजन ५७:५: सदा उपस्थित रहनुहुने परमेश्वर**

*'हे परमेश्वर, तपाईं आकाशभन्दा पनि उच्च हुनुहोस्; तपाईंको महिमा सारा पृथ्वीभन्दा उच्च होस्!'* यो पद एघार पदमा दोहोरिएको कोरस हुनेछ। यस स्थितिमा दाऊदले परमेश्वरको महिमा प्रकट भएको हेर्न चाहन्छन्: उहाँका शत्रुहरू परास्त भएका होऊन् र उहाँको मामिलाको उचित न्याय भएको होस्! उहाँको महिमाको लमाइ, चौड़ाइ र उचाइ व्यापक हुनैपर्छ, पृथ्वीभरि र आकाशसम्म पुग्नैपर्छ।

**घ) भजन ५७:६: जहिले पनि उपस्थित भएको शत्रु**

विरोधीहरूले यिशाईका छोरालाई पासोमा पार्ने चलाकीपूर्ण धूर्त युक्तिहरू रचे। तिनको प्राण गह्रौं भारीले थिचिएर झुकेको थियो। हो, तिनीहरूले तिनलाई फसाउन र पक्राउ पार्न एउटा खाड़ल खनेका थिए, तर तिनीहरू आफै त्यसमा खसे।

**ङ) भजन ५७:७-११: सदा उपस्थित रहनुहुने परमेश्वर**

तब भजनकारको हृदय परमप्रभुको निम्ति मीठो रागमा स्तुति गाउन स्थिर भएकोमा

अचम्म कुरा छैन। तिनले आफ्नो मन जगाउँछन् अनि सितार र वीणा निकाल्छन्; यसमा हामीलाई अचम्म लाग्दैन। प्रशंसाका गीतहरूको साथ तिनले मिरमिरे बिहानीलाई स्वागत गर्छन्, यो स्वाभाविक कुरा हो।

तिनको यो गान एउटा निजी भजन-कीर्तन हुनेछैन। किनकि तिनले जाति-जातिका मानिसहरूको बीचमा परमप्रभुलाई धन्यवाद चढ़ाउनेछन् र राज्य-राज्यको बीचमा स्तुतिहरू गाउनेछन्; किनभने परमेश्वरको कृपा आकाशझैं अनन्त र उहाँको सत्यता बादलहरूझैं असीमित हुन्छ।

श्री एफ. बी. मेयेरले यस प्रकारको टिप्पणी गरेका छन्ः

> 'दाऊद परमेश्वरको महिमाको चाहना गरेर आफ्नो व्यक्तिगत दुःखदेखि माथि उठे, त्यसरी नै हामीले पनि उहाँ उच्च पारिनुभएको देख्ने उत्कट चाहना गरेर आफ्ना सानातिना दुःखहरू यसको ठूलो लक्ष्यको अधीनतामा ल्याउनुपर्छ।'

## भजन ५८ः न्यायकर्ताहरूको न्याय भएको

**भजन ५८ः१-२ः** यस भजनको शुरुमै अधर्मी न्यायकर्ताहरू र शासकहरूको विरुद्धमा सशक्त विरोध गरिएको छ। यस पृथ्वीका शक्तिशाली शासकहरूको निम्ति निक्कै अप्ठ्यारो भएछ। के तिनीहरूका न्यायका फैसलाहरू निष्पक्ष भए त? के तिनीहरूले साधारण जनताको सठीक न्याय गरे? यसको सुस्पष्ट जवाफ 'अहँ, गरेनन्' हो। तिनीहरूले बरु आफ्ना हृदयमा सबै प्रकारका टेढ़ामेढ़ा कुराहरू रच्थे। तिनीहरूले आफ्ना हृदयमा रचेका अत्याचार तिनीहरूका हातहरूले पूरा गर्थे। यसैले देश अन्यायले भरियो र भ्रष्ट भएछ।

**भजन ५८ः३ः** अब सन्दर्भ ती बेइमान शासकहरूदेखि अरू दुष्ट मानिसहरूतिर सर्छ, किनकि यी शासकहरू पनि यही वर्गका मानिसहरू हुन्थे। तिनीहरूको भ्रष्टता तिनीहरूको जीवनका वर्षहरू बढ़ेको फल होइन; त्यो त तिनीहरूको जन्मजात अवगुण रहेछ। तिनीहरूको अराजकता, अनुशासन-हीनता र बागीपन त जन्मैदेखिको तिनीहरूको स्वभावै हो। तिनीहरू बोल्न थालेको दिनदेखि नै ढाँट्न पनि थालिहाल्छन्।

**भजन ५८ः४-५ः** तिनीहरूको बोली निन्दापूर्ण र साँपको घातक विषजस्तै हानिकारक हुन्छ। तिनीहरूका कानहरू परमेश्वरको वाणी नसुन्ने गरी बहिरा छन्; तिनीहरू त सपेराले जति सीप लगाएर मोहनी लाउँदा पनि सुन्दै नसुन्ने बहिरा साँभेसाँपहरू-जस्तै छन्।

**भजन ५८ः६-७ः** अनि जसरी दाऊदले यी मानिसहरूको दुष्टता वर्णन गर्न प्रकृतिबाट उदाहरण लिए, त्यसरी नै तिनले तिनीहरूको न्याय बयान गर्दा उचित शब्द-चित्रणहरू पाउन प्रकृति-विज्ञानको सहारा लिन्छन्। ती हिंस्रक सिंहहरूका दाँत भाँचिऊन् र तिनीहरूका दाह्राहरू उखेलिऊन्। ती मानिसहरू जमिनभित्र छिट्टै सोसिएर जाने पानीजस्तै होऊन्, अँ, हेर्दा-हेर्दै भूमिभित्र हराइहाल्ने खोलाजस्तै होऊन्।

हिब्रूमा सात पदको ख) खण्ड अनिश्चित छ, यस वाक्यको अर्थ यो हुन सक्छः 'तिनीहरू टुप्पा काटिएका काँड़हरूजस्तै भुत्ते र हानिकर नभएका होऊन्।'

**भजन ५८ः८ः** त्यसपछि चिप्ले कीरा जगत्को भाषा प्रयोग गरिन्छ। जसरी चिप्ले कीरा च्यालजस्तो सेतो रेखा छोड्दा-छोड्दै पग्लिजान्छ, त्यसरी नै ती अपराधीहरू पनि मानिसहरूका अड्डाबाट हराएर जाऊन्। के चिप्ले कीरा च्याल छोड्दा-छोड्दै बिल्छ र? यसको अक्षरशःता महत्त्वहीन कुरा हो।

किनकि हामीले 'जलिरहेको घर धूवाँ भएको' भन्दा कसैले पनि आपत्ति जनाउँदैन। यसकारण पवित्र बाइबलमा प्रयोग गरिएको सङ्केतात्मक वा आलङ्कारिक भाषाको विषयमा किन वादविवाद गरिबस्ने ?

अर्को श्राप यस प्रकारको छः ती कुकर्मीहरू कहिल्यै घाम देख्न नपाएको स्त्रीको तुहेको गर्भको फलजस्तै अकालमै मरून्। तिनीहरूको विषयमा श्री स्क्रोग्गीले यसो भनेका छन्ः

> 'यी दुष्ट मानिसहरूका आँखाहरू कहिल्यै खोलिएनन्, र तिनीहरूका सम्भव्यताहरू पनि कहिल्यै विकसित भएनन्। यसो हो भने, पापी मानिस गर्भै तुहेको फल हुँदो रहेछ; कहिल्यै पूरा नहुने एउटा मिथ्या आशा मात्र हो रहेछ।' 41)

**भजन ५८:९:** अन्तमा भजनकारले के विन्ती गर्छन् भने, ती दुष्ट मानिसहरू एकाएक उठाएर लगिऊन्, आगो सल्केका, तर पकाउने भाँड़ाले काँड़ाहरूको राप थाह पाउनुभन्दा अघि आँधी-बेह्रीद्वारा स्वात्तै उड़ाएर लगिएका काँड़ाहरूजस्तै। यस सम्बन्धमा श्री ए. म्याक्लारेनले यसो भनेका छन्ः

> 'भजनकारको मनका आँखाको सामु एउटा छाउनी हालेको यात्री-दलले भोजन तयार गर्दै गरेको चित्र देखा परेको जस्तै छ। तिनीहरूले आफ्नो भोक मेटाउन काँड़ेझाङका झिँजा-मिजा बटुलेर भाँड़ा बसाले, तर भाँड़ा तात्तिनुभन्दा अघि, अँ, पानी उम्लेर भोजन पाक्नुभन्दा अघि एउटा भुमरी चलेर आगो-सागो, भाँड़ा-साँड़ा सब स्वात्तै उड़ाइ-दियो।' 42)

**भजन ५८:१०:** यहाँ हिब्रूमा कुनै अनिश्चित कुरा छैन; किनकि सुस्पष्ट रूपले यहाँ लेखिएको छ, कि दुष्टहरूले दण्ड पाउँदा परमेश्वरका जनहरू रमाउनेछन् र दुष्टहरूको रगतमा तिनीहरूले आफ्ना पाउहरू धुनेछन्। हामी इसाईहरूका कानहरूमा यस प्रकारको प्रतिशोधको भावना प्रेमरहित सुनिन्छ भने, हामी श्री जे. जी. बेलेटसँग मिलेर यति भन्छौंः ठिक्कै छ, यस अनुग्रहको युगमा हामी न्यायको विषयमा आनन्द लिँदैनौं होला, तर जब प्रभु येशूले दुष्टहरूसँग बदला लिएर आफ्नो ईश्वरीय महिमा न्यायसँगत र सिद्ध ठहराउनुहुनेछ, तब ख्रीष्ट-विश्वासीहरू रमाउनेछन्। अथवा हामी श्री जी. च्याम्पबेल मोर्गनले भनेका निम्न कुराहरू विचार गरौंः

> 'परमेश्वरको क्रोधको समर्थन गर्नुको सट्टामा बरु भ्रष्ट अत्याचारीहरूप्रति सहानुभूतिको भावना राख्नुचाहिँ निम्सरो भावुकता र दुष्ट दुर्बलता मान्नुपर्छ।' 43)

**भजन ५८:११:** भक्तिहीनहरूको न्याय हुँदा मानिसहरूले बुझ्छन्, कि धर्मी जनहरूले इनाम पाउने रहेछन् र वास्तवमा यस पृथ्वीमा न्याय गर्नुहुने परमेश्वर हुनुहुँदो रहेछ।

## भजन ५९ः हामीलाई भेट्न आउनुहुने परमेश्वर

यहाँ, यस भजनमा हस्याङफस्याङ गर्दै गरेका दाऊद परमेश्वरको सिंहासनमा उजुर गर्न पुग्छन्; किनकि शाऊलले दाऊद बसेको घर घेर्न र तिनीमाथि पासो कस्न मानिस-हरूलाई पठाएका थिए।

**भजन ५९:१-४:** तिनका रापिला शब्दहरूको धारा भल कुदेझैं तिनको मुखबाट निस्किरहेको छः 'मलाई छुटाउनुहोस्, ... मेरो रक्षा गर्नुहोस्, ... मलाई छुटकारा दिनुहोस्, ... मलाई बचाउनुहोस्!' तिनले प्रयोग गरेको भाषा जोरदार, हड़बड़े, अत्यन्त जरुरी थियो; किनभने ती भक्तिहीन मानिस-हरू तिनको रक्तपात गर्न खोज्ने खूनी मानिसहरू थिए। तिनको हत्या गर्न तिनी-हरूले निरन्तर मौका खोजिरहेका थिए। तिनलाई शेष पार्न तिनीहरू एक मनका भएका

थिए। तर कुनै खास कारणविना नै तिनीहरूले यसो गरिरहेका थिए। तिनी राजद्रोह र विश्वासघातको यस आरोपदेखि निर्दोष थिए, जुन आरोप तिनीहरूले तिनीमाथि लगाएका थिए। तिनको कुनै दोषैविना तिनीहरू तिनको विरुद्धमा उत्तेजित भएका थिए, र के-के जोरजाम गर्दैथिए। अब अरू कुनै सीपै चल्दैन, अब परमेश्वर जाग्नुपर्छ, र उहाँले दाऊदको छुटकारा गर्नुपर्छ।

**भजन ५९:५:** तर एक क्षणको निम्ति यिशाईका पुत्रले आफ्ना व्यक्तिगत शत्रुहरूदेखि आफ्नो नजर इस्राएलका सबै शत्रुहरूमाथि लगाएको जस्तै देखिन्छ; अनि 'तिनीहरूलाई सजाय दिएर तिनीहरूसित पूरा कारबाही गर्नुहोस्' भनेर परमेश्वरलाई पुकार गरेका छन्। यहाँ तिनले परमेश्वरलाई 'परमप्रभु', 'सेनाहरूका परमेश्वर' र 'इस्राएलका परमेश्वर' भनेर सम्बोधन गरेका छन्; तिनले परमेश्वरका यी तीनवटा नामहरू किन मुखमा लिएका छन्? किनभने यसरी तिनले परमेश्वर उहाँको मूलभूत तत्त्व र व्यक्तित्व खास के-कस्तो हुनुहुन्छ, र विशेष गरी इस्राएली जातिसितको सम्बन्धमा उहाँ को हुनुहुन्छ, सो सबै कुरा व्यक्त गर्न खोजेका हुन्।

**भजन ५९:६-७:** मालिक नभएका, स्यालजस्तै कराउने कोर्काली कुकुरहरूको हूलझैं तिनका शत्रुहरू तिनलाई चारैतिरबाट घेर्न फर्केछन्, अँ, घात लगाउने चाल मारेर तिनको वरिपरि घुमफिर गरेछन्। तिनीहरूको निरन्तर भुकाइ र ङ्यार-ङ्यार गर्जेको आवाजले वातावरण काबू बनाइदिन्छ। तिनी-हरू घमण्डले यति साह्रै फुलेका छन्, कि तिनीहरू 'हामीलाई कसैले पनि पत्ता लाउन सक्दैन' भनी फुटानी गर्छन्।

**भजन ५९:८-९:** तर परमप्रभु तिनी-हरूसित सुपरिचित हुनुहुन्छ र तिनीहरूको बेहोसी मूर्खता देखेर उहाँ खिसी गरेर हाँस्नुहुन्छ। उहाँ उही परमेश्वर हुनुहुन्छ, जसले माथिबाट हेरेर सेखी गरिरहेका अन्यजातिहरूको ठट्टा गर्नुहुन्छ। उही महान् परमेश्वर दाऊदको बल हुनुहुन्छ; तिनी उहाँकै बाटो हेर्छन्; अनि उहाँ तिनको उच्च गढ़ हुनुहुन्छ।

**भजन ५९:१०:** एकजना भाइले यस पदको खण्ड क) यस प्रकारको स्मरणीय भावानुवाद गरेका छन्: 'मेरा परमेश्वर आफ्नो दया लिएर मलाई जहींतहीं, जीवनको हरेक मोड़मा भेट्न आउनुहुनेछ।' हरेक युगमा यस कुराले आँधीबेह्रीको चपेटामा परेकाहरूलाई ठूलो सान्त्वना दिन्छ। यस निश्चयतासित मिल्ने जोड़ी के होला त? यो हाम्रा शत्रुहरूको हार देख्न पाउन परमेश्वरले हाम्रो रक्षा गर्नुहुनेछ भन्ने ज्ञान पो हो।

**भजन ५९:११-१३:** एघार पदको प्रार्थना अद्वितीय छ। किनकि 'शत्रुलाई तत्कालै मारिनहाल्नुहोस्' भनेर दाऊद परमप्रभुलाई विन्ती गर्छन्। इस्राएलीहरूले पापको गम्भीरता किन हल्का लिने मौका पाऊन्? दण्डचाहिँ एक पछि अर्को गर्दै दिइयो भने परमेश्वरको कठोरताको प्रभाव नमेट्ने गरी तिनीहरूमाथि अङ्कित हुनेछ। तर पढ्दै जानु हो भने कुरा स्पष्ट छ, कि दाऊदले आफ्ना खेदो गर्नेहरूको सम्बन्धमा उल्लेख गरेका डरलाग्दा सजायहरूको सूचिमा तिनीहरूको सत्यानाश पनि समावेश गरिएको छ। परमेश्वरको शक्तिले तिनीहरूलाई छरपस्ट पारोस्, र इस्राएली जातिको ढाल र रक्षक हुनुहुने परमप्रभुले तिनीहरूलाई ढालिदिऊन् – यो तिनको प्रार्थना थियो। तिनीहरू आफ्नो घमण्डको चरमसीमामा पुगेको बेलामा पक्राउ परून्, र आफ्ना पापले पूर्ण, दुष्ट शब्दहरूको निम्ति तिनीहरूले लेखा दिनुपरोस् – यो तिनको अनुरोध थियो। अन्तमा, तिनीहरू आफूले बोलेका श्राप र झूटा बोलीवचनको खातिर बिलकुल नाश होऊन् भनेर तिनी

प्रार्थना गर्छन्। तब परमेश्‍वरले साँच्चै याकूबका सन्तानहरूको ख्याल राख्नुहुँदो रहेछ भनी संसारका पूर्वदेखि पश्‍चिमसम्मका मानिसहरूले बल्ल-बल्ल जान्नेछन्।

**भजन ५९:१४-१५:** तर यस अन्तरालमा भजनकारका शत्रुहरू, यी कुकुरहरू तिनको खोजीमा शहर फर्केछन्। तिनीहरू घात लगाउने चाल मारेर ङ्यार-ङ्यार गर्जंदै र स्यालजस्तै कराउँदै हिँडूछन् र तिनलाई नभेट्टाएपछि रिसले चूर हुन्छन्।

**भजन ५९:१६-१७:** यी कुकुरहरू साँझ-भरि ङ्यार-ङ्यार गर्जिरहेका हुन्छन्, तर यिशाईका पुत्रले बिहानै गीत गाइरहेका हुन्छन्। तिनले परमप्रभुको शक्ति र कृपाको प्रशंसा गरिरहेका हुन्छन्; किनकि तिनको ठूलो खाँचोको समयमा उहाँले आफूलाई तिनको उच्च गढ़ र शरणस्थान हुनुभएको कुरा प्रमाणित गर्नुभएको छ। अनि ठीक त्यस्तै परमेश्‍वरका सबै जनहरूको निम्ति त्यही सुनौलो बिहानी आइरहेको हुन्छ, जुन बिहानीमा उनीहरूका शत्रुहरू गइसकेका हुनेछन्, र मुक्तिदाता प्रभुको शक्ति र प्रेम अनन्त स्तुतिगानको विषय बन्नेछ।

## भजन ६०: परमप्रभुमा हाम्रो आशा छ

यस भजनको शीर्षकअनुसार यसको ऐतिहासिक पृष्ठभूमिचाहिँ यही होः दाऊदले नहरैम अर्थात् मेसोपोटामियाका अरामीहरू र जोबाहका अरामीहरूसँग लड़ाइँ गरेका रहेछन्, र फर्केर आउँदा योआबले नुनको बेंसीमा बाह्र हजार एदोमीहरूलाई मारे। अनि यसो हेर्दाखेरि सिरिया र एदोमसितको यस लड़ाइँमा दाऊदले हार खानुपर्ला जस्तै एउटा रोकावट आएको अथवा अस्थायी असफलता भएको हुनुपर्ला, जसले गर्दा तिनलाई गुहार माग्नको निम्ति अति जरुरी अर्जी गरेर स्वर्गका ढोकाहरू ढकढक्याउन करै लाग्यो (२ शमूएल ८:३-१४)।

यस भजनको रूपरेखा यस प्रकारको छः

**क) भजन ६०:१-४:** इस्राएली जातिको यो हार परमप्रभुबाटै भएको थियो।

**ख) भजन ६०:५:** इस्राएलको आशा परमप्रभुमा थियो।

**ग) भजन ६०:६-८:** परमप्रभुले आफ्नो प्रतिज्ञाअनुसार तिनीहरूलाई अन्तमा विजय दिनुहुने रहेछ।

**घ) भजन ६०:९-११:** इस्राएली जातिलाई परमप्रभुको आवश्यकता परेको थियो।

**ङ) भजन ६०:१२:** परमप्रभुमाथि इस्राएली जातिको दृढ़ भरोसा भएकै थियो।

### क) भजन ६०:१-४: इस्राएली जातिको यो हार परमप्रभुबाटै भएको थियो।

**भजन ६०:१-३:** एदोम र अरामको संयुक्त सेनाले मारेका र घाइते पारेकाहरूका समाचारहरू अध्ययन गर्दै-गर्दा दाऊदले यस दुर्गतिमा परमप्रभुले आफ्ना जनहरूलाई त्याग्नुभएको लक्षण देखे र यस प्रकारको अर्थ लगाए। तिनको विचारमा, यस दुर्गतिको एकमात्र अर्थ परमेश्‍वरले इस्राएललाई रद्द गर्नुभएको मतलब हुन सम्भव थियो। उहाँले आफ्नो रिसमा यस जातिको सुरक्षाको पर्खाल तोड़िदिनुभयो र यसलाई असहाय अवस्थामा छोड़ेर यसलाई शत्रुका निर्दय हमलाहरूको तारो तुल्याइदिनुभयो। तब के, के यो परमप्रभुको निम्ति फेरि कृपा देखाउने सबैभन्दा असल समय थिएन र? के यो शत्रुको प्रहारमा परेका, उहाँका हार खाएका सेनाहरू पुनर्स्थापित गर्ने सर्वोत्तम बेला भएको थिएन र?

इस्राएलको हालत कस्तो थियो? त्यो त एउटा ठूलो भुइँचालो चलेर देश छिन्नभिन्न

पारिएको जस्तो थियो। राष्ट्रको आर्थिक, राजनीतिक र सामाजिक जगहरू तोड़िएका छन्। समाजका पर्खालहरूमा धाँजाधाँजै परेर ती ढलपल भएका छन्। अहो, परमप्रभुले ती धाँजाहरू पुरेर आफ्ना जनहरूलाई सामान्य स्थितिमा फर्काइल्याउनुभएको भए कति असल हुनेथियो!

सारा जनता एउटा अग्नि-परीक्षाबाट भएर गयो। अनि कष्ट र हाररूपी मद्यले तिनी-हरूलाई मतवालाझैं धरमराउने तुलायो।

**भजन ६०:४:** मूलपाण्डुलिपिमा पनि यस पदको अर्थ अस्पष्ट छ। यसकारण एन.के.जे.वी.-बाइबलले अनुवाद गरेजस्तै यस पदको अर्थ यस प्रकारको हुन सम्भव छः 'सत्यताको खातिर त्यो झण्ड फरफराओस् भन्ने उद्देश्यले तपाईंले आफ्ना डर मान्नेहरूलाई एउटा झन्डा दिनुभएको छ।' तर आर.वी.-बाइबलको किनारामा लगाइएको टिप्पणी-अनुसार यसको अर्थ विपरीत हुन सक्छ, जस्तैः 'तपाईंको डर मान्नेहरूलाई तपाईंले एउटा झन्डा दिनुभएको छ, यस हेतुले कि तिनीहरू धनुको सामुन्नेबाट भाग्न सकून्।' यस दोस्रो अर्थअनुसार परमप्रभुले जुन झण्डा उठाउनुभयो, त्यो झन्डा इस्राएलको निम्ति जीतको झन्डा थिएन, तर हारको चिन्ह, अँ, शत्रुका फौजहरूको सामुन्नेदखि पछि हट्ने सङ्केत दिने चिन्ह पो थियो। तब खुला रूपले व्यङ्ग्य लगाएर दाऊदले यहाँ गुनासो गर्नेथिए।

### ख) भजन ६०:५: इस्राएलको आशा परमप्रभुमा थियो।

लाजमर्दो हारको खरानीबाट यो प्रार्थना पैदा भएको छ। भजनकारले आफ्नो सम्बन्धमा र आफ्नो प्रजाहरूको सम्बन्धमा 'तपाईंका प्रियहरू' भन्ने नाम प्रयोग गरेर परमप्रभुबाट छुटकारा, विजय र सङ्गतिको पुनर्स्थापना पाऔं भन्ने माग गर्छन्। 'आउनुहोस्, र आफ्ना मित्रहरूलाई छुटाउनु-होस्! आफ्ना दाहिने हातले सहायता गर्नुहोस् र उत्तर दिनुहोस्!' (जेलिनो)

### ग) भजन ६०:६-८: परमप्रभुले आफ्नो प्रतिज्ञाअनुसार तिनीहरूलाई अन्तमा विजय दिनुहुने रहेछ।

**भजन ६०:६-७:** यस ग) खण्डमा एउटा ईश्वरीय वाणी पेश गरिएको छ; पवित्रस्थानमा परमेश्वरको निम्न वाणी सुनियोः परमप्रभुले सुदृढ़ संकल्प गर्नुभएको छः उहाँले समस्त इस्राएल देश फेरि आफ्नै अधीनतामा ल्याउनुहुनेछ र आफ्ना अन्यजाति शत्रुहरूलाई हार खुवाउनुहुनेछ।

शेकेम, सुक्कोत, गिलाद, मनस्से, एप्रैम र यहूदा – यी सबै ठाउँहरू यहूदाको राज्यको क्षेत्रमा परे। परमेश्वरले यी सबै ठाउँहरू आफ्नो निम्ति दाबी गर्नुभएको छ। उहाँले यर्दनको पश्चिममा शेकेम र यर्दनको पूर्वमा सुक्कोतको बेंसी अझै एकपल्ट नाप्दै र बाँड्दै यी ठाउँहरू आफ्नै अधिकारको भाग ठहराउनुहुनेथियो। उहाँले यर्दन-पारिका गिलाद देश र मनस्सेका दुई प्रान्तहरू आफ्नो अधिकारमा ल्याउनुहुनेथियो, जुन प्रान्त-हरूमध्ये एउटाचाहिँ यर्दनदेखि वर र अर्को-चाहिँ यर्दन-पार परेको थियो।

इस्राएलको मध्य भागमा अवस्थित भएको एप्रैम उहाँको शिरको बल अर्थात् उहाँको तोप हुँदो रहेछ। यसर्थ यस कुलले देशको सुरक्षा राख्ने काममा अगुवाइ गर्दो रहेछ। अनि यहूदाचाहिँ उहाँको राजदण्ड हो; उत्पत्ति ४९:१० पदमा याकूबले आफ्नो मृत्यु हुने बेलामा गरेको भविष्यवाणीअनुसार यहूदा-चाहिँ सरकारको आसन बन्नेछ।

**भजन ६०:८:** त्यसपछि इस्राएलको वरिपरि रहेका यी तीनवटा जातिहरूकहाँ फर्केर परमप्रभुले तिनीहरूमाथि आफ्नो अधिकार दाबी गर्नुहुन्छ। मृत सागरको

दक्षिण-पूर्वपट्टि अवस्थित भएको मोआब देशचाहिँ उहाँको पाउ धुने बाटा हुनेछ। उहाँले एदोममाथि आफ्नो जुत्ता फ्याँक्नुहुनेछ; यसको साङ्केतिक अर्थ कि त बलजफत गरेर त्यो देश आफ्नो अधिकारमा लिएको, कि त तिनीहरूलाई दासत्वमा पारेको, कि त सायद तिनीहरूको तिरस्कार गरेको अर्थ पनि हुन सक्छ। अनि पलिस्ती देशचाहिँ? त्यसले परमेश्वरका न्यायहरूको खातिर विजयको नारा लगाउनेछ।

**घ) भजन ६०ः९-११ः इस्राएली जातिलाई परमप्रभुको आवश्यकता परेको थियो।**

**भजन ६०ः९ः** यहाँ, यस ठाउँमा बोल्ने व्यक्ति बदली भएको महसुस होइन्छ।[44] यो बोल्नेचाहिँ परमप्रभु हुनु असम्भव देखिन्छ, किनकि उहाँलाई त्यस पर्खालले घेरिएको शहरभित्र ल्याइपुऱ्याउन अरू कसैको सहायता आवश्यक पर्दैन नि। यसो हो भने, हाम्रो विचारमा, यी शब्दहरू दाऊदका शब्दहरू हुनुपर्ला, जसले त्यो दिन देख्ने चाहना गरिरहे, जुन दिनमा एदोमको राजधानी इस्राएलीहरूको हातमा पर्नेथियो। (एदोमको राजधानीको नाम कुनै बेलामा बोज्रा, अरू बेलामा सेला र पेट्रा पनि भएको थियो)। तर यहाँ त्यस शहरले एदोमको समस्त देशको ठाउँ लिएको छ। एदोम देशमाथि आफ्नो जुत्ता फ्याँक्न परमेश्वरको जुन उद्देश्य छ, त्यो उद्देश्य पूरा गर्ने माध्यम बन्न दाऊदले ठूलो इच्छा र चाहना गरे।

**भजन ६०ः१०ः** तर यस घड़ीमा यस प्रकारको आशा राख्नु व्यर्थ कुरा ठहरियो; किनकि परमेश्वरले आफ्ना जनहरूदेखि आफ्नो अनुहार लुकाउनुभयो। उहाँले तिनीहरूलाई त्याग्नुभयो। उहाँले इस्राएली सेनाहरूलाई विजयको भरपत्यारको रूपमा साथ दिनुहुन्नथियो।

**भजन ६०ः११ः** यही कारणले दाऊदले परमेश्वरसित फेरि एकचोटि सङ्कष्टमा परेका आफ्ना जनहरूको पक्षमा लड़िदिनुहुन आग्रह र अर्जी गर्छन्। परमेश्वरबाटको सहायता अनिवार्य र अपरिहार्य हुन्छ; तर मानिसको सहायता व्यर्थ हो।

**ङ) भजन ६०ः१२ः परमप्रभुमाथि इस्राएली जातिको दृढ़ भरोसा भएकै थियो।**

परमेश्वरमाथि आफ्नो दृढ़ भरोसा व्यक्त गरेर यो भजन समाप्त हुन्छ। अनि परमेश्वरको सहायता पाएर इस्राएली सेना कीर्तिमान कार्य गर्नमा सुनिश्चित हुन सक्यो। तिनीहरूका शत्रुहरू उहाँकै कुर्कुच्चामनि कुल्चिनेथिए।

**हाम्रो निम्ति यसको व्यावहारिकता के हो?**

संसार, शरीर र शैतान हामी ख्रीष्ट-विश्वासीहरूका शत्रुहरू हुन्। हामी आफैमा तिनीहरूलाई जित्ने शक्ति हुँदैन। अनि यस आत्मिक युद्धमा हामीले अरू मानिसहरूबाट पाउन सक्ने सहायता पर्याप्त हुँदैन, चाहे तिनीहरूको मद्दत गर्ने उद्देश्य जतिकै राम्रो किन नहोस्। तर प्रभु येशू ख्रीष्टद्वारा हाम्रो विजय सुनिश्चित हुनेछ। यसकारण हे भाइबहिनीहरूहो, छुटकारा पाउन उहाँमाथि भरोसा राख्नुहोस्! किनकि प्रभु येशूमाथि भरोसा राख्ने कोही पनि कहिल्यै निराश हुनेछैन।

भजन ६० मा उल्लेख गरिएको कुरा अन्तिम पल्ट अन्तका दिनहरूमा पूरा हुनेछ, जब घोर सतावटमा परेर हताश भएका बाँकी यहूदीहरूले मुक्ति र विजय पाउन मसीहतिर आफ्ना आँखाहरू उठाउनेछन्। त्यस बेलामा इस्राएल देश कुल-कुलको बीचमा भागबन्दा गरिनेछ र यस जातिका शत्रुहरू वशमा आउनेछन्।

## भजन ६१ः मभन्दा उच्च चट्टान

परमप्रभुसित दाऊदको अद्‌भुत सम्बन्ध थियो। तिनको निम्ति परमेश्वर के हुनुहुन्थ्यो भने,

> उहाँ तिनको निम्ति एक जीवित, उज्ज्वल वास्तविकता हुनुहुन्थ्यो,
>
> तिनको विश्वासको आँखाको निम्ति उहाँ संसारको अरू कुनै देखिने वस्तुभन्दा विद्यमान हुनुहुन्थ्यो,
>
> तिनको निम्ति उहाँ संसारको जुनै पनि नाताभन्दा पनि प्रिय र घनिष्ठ हुनुहुन्थ्यो।
>
> अज्ञात रचना

विशेष गरी तिनी खतरामा परेका समय-हरूमा, जब तिनको स्थिति नाजुक हुन्थ्यो, बिलकुलै आशाविहीन हुन्थ्यो, तब तिनले आफ्नो बोझ परमप्रभुमाथि राख्न र उहाँमै राखिछोड्न सिके।

अनि यहाँ तिनी फेरि एउटा बड़ो अप्ठ्यारो स्थितिमा परेका छन्। अनि कठिनभन्दा कठिन परिस्थितिहरूको चपेटमा परेको दाऊदको हृदयबाट एउटा सुस्पष्ट, मर्मस्पर्शी प्रार्थना फुटिनिस्केको छ। यो प्रार्थना सतावटमा र मानसिक वेदनामा परेका अनि दुःखकष्टबाट भएर जाँदै गरेका परमेश्वरका हजारौं जनहरूको निम्ति अमृत आदर्श प्रार्थना बनेको छ; किनभने दाऊदले त्यही कुरा व्यक्त गर्न सके, जुन कुरा तिनीहरूले अनुभव गरे, तर यसको निम्ति तिनीहरूले उपयुक्त शब्दहरू पाउन सकेनन्।

**भजन ६१ः१ः** सृष्टिको मालिकको सिंहासन-कक्षमा यसो भन्दै गरेको दाऊदको सुपरिचित सोर सुनिन्छः *'हे परमेश्वर, मेरो पुकार सुन्नुहोस्; मेरो प्रार्थनामा ध्यान दिनुहोस्!'* तिनको सोर सुनेर परमेश्वरको हृदय आनन्दित भएको छ। अनि सर्वोच्च परमेश्वरले आफ्नो दासको पुकार, अँ, बालकको जस्तो तिनको विश्वासको प्रार्थना तुरुन्तै सुन्नुहुन्छ।

**भजन ६१ः२ः** *'मेरो हृदय व्याकुल हुँदा पृथ्वीको छेउदेखि म तपाईंलाई पुकार्नेछु।'* भजनलेखक साँच्चि नै पृथ्वीको छेउमा थिएनन्, तर तिनको परिस्थिति अति नाजुक थियो, अनि सुरक्षा र छुटकारा तिनीदेखि धेरै टाढ़ा भएको देखिन्थ्यो; अँ, मानौं तिनी आफ्नो जीवनको अन्तमा आइसके, मृत्युको मुखमा पुगिसके। तिनको शरीर र मनको शक्ति खतम भइसक्यो; तर तिनलाई थाह थियो, कि अनुग्रहको सिंहासनचाहिँ अति नजिकै, अँ, एकै सासमा भेटिने दूरीमा थियो। यसकारण तिनी दया र खाँचोको समयमा सहायता पाउन उहाँको नजिकमा जान्छन्। यस विषयमा कसैले यसो भनेका छन्ः 'प्रार्थनाको सम्बन्धमा टाढ़ा-नजिकको कुरा महत्त्वहीन हुन्छ, र हाम्रो जीवनमाथि आइपर्न सकिने यस्तो कुनै कठिनाइ, यस्तो कुनै समस्या नै छैन, जुन कठिनाइ, जुन समस्याले हाम्रो प्रार्थना रोक्न सक्नेथियो।'

> *'मलाई त्यस चट्टानमा डोर्‍याउनुहोस्, जुनचाहिँ मभन्दा उच्च छ।'*

आत्मिक सहजबुद्धिले दाऊदलाई सुरक्षाको निम्ति तिनलाई एउटा चट्टानको खाँचो छ, र त्यो चट्टान तिनीभन्दा उच्च हुनुपर्छ, अनि त्यहाँ पुग्न तिनलाई ईश्वरीय मार्गदर्शन आवश्यक पर्छ भन्ने कुरा सिकाएको छ। अनि परमप्रभुचाहिँ त्यो चट्टान हुनुहुन्छ (२ शमूएल २२ः३२)। पवित्र बाइबलमा 'चट्टान' भन्ने रूपक शब्द कहिल्यै साधारण मानिसको सम्बन्धमा प्रयोग गरिएको छैन।[45) तर त्यो चट्टान मानिसभन्दा महान् हुनुपर्छ, नत्र ता मानिसले त्यसमा शरण कहाँ पाउन सक्छ र? तब त्यस चट्टानमा हुनुपर्ने गुण ख्रीष्ट येशूको ईश्वरत्व सङ्केत गर्छ। (अनि याद

रहोस्ः त्यो चट्टान शत्रुदेखि लुक्ने ठाउँ बनिनु हो भने, त्यो चिरा परेको हुनुपर्छ)। अनि अन्तमा, दाऊदले आफ्नै पाइलाहरू डोर्‍याउन आफूसित न बुद्धि, न शक्ति भएको कुरा मानिलिएका छन्; यसकारण तिनले परमप्रभुलाई 'मलाई तपाईंकहाँ, त्यस सनातान चट्टानमा डोर्‍याउनुहोस्' भन्ने अनुरोध गरेका छन्।

**भजन ६१ः३ः** *'किनकि तपाईं मेरो लागि आश्रय र शत्रुबाट बाँच्न एउटा बलियो धरहरा हुनुभएको छ।'*

यी शब्दहरूले परमेश्वर नै त्यो चट्टान हुनुहुँदो रहेछ भन्ने कुरा पुष्टि गरेका छन्। दाऊदले उहाँलाई आफ्नो निम्ति एउटा भरपर्दो शरणस्थान पाएका छन् – एउटा बलियो धरहारा, जसमा धर्मी जन दगुरेर जान्छ र सुरक्षित रहन्छ (हितोपदेश १८ः१०)। अनि उहाँ दाऊदको लागि जे हुनुहुन्थ्यो, त्यो उहाँ हाम्रो निम्ति पनि हुनुहुनेछ।

**भजन ६१ः४ः** *'सदा-सर्वदा म तपाईंको निवासस्थानमा वास गर्नेछु; म तपाईंका पखेटाहरूको आड़माथि भरोसा गर्नेछु। सेला'*

यस किसिमका प्रार्थनाहरूले अनुग्रहको सिंहासनमा विराजमान हुनुहुने परमेश्वरलाई स्पर्श नगरी सक्दैनन्। यस्तो कोमल प्रेम र सरल विश्वास कहिल्यै अस्वीकार हुँदैन। परमेश्वरले दाऊदलाई आफ्नो हृदयअनुसारको मानिस भन्नुभयो, यसमा अचम्म लाग्दैन (१ शमूएल १३ः१४)। 'तपाईंका पखेटा-हरूको आड़' भन्ने शब्द-रचनाले यी करूबहरूका पखेटाहरू सङ्केत गरेको हुन सक्छ, जुन पखेटाहरू रगत छर्किएको कृपा-आसनमाथि फैलिरहेका थिए।

**भजन ६१ः५ः** *'किनकि हे परमेश्वर, तपाईंले मेरा भाकलहरू सुन्नुभएको छ; तपाईंले मलाई तपाईंको नामको डर मान्ने-हरूको अधिकारको भाग दिनुभएको छ।'*

पुरानो नियममा अधिकारको भाग, पैतृक सम्पत्ति वा उत्तराधिकार भन्ने शब्द कनान देशसित सम्बन्धित शब्द हो (प्रस्थान ६ः८), र इस्राएलीहरूसित सम्बन्धित शब्द हो (भजन ९४ः५), साथै परमेश्वरको वचन (भजन ११९ः१११) र छोराछोरीहरू पनि पैतृक सम्पत्ति भनिएका छन् (भजन १२६ः३)। परमप्रभुका दासहरूको अधिकारको भागमा हानिबाट सुरक्षा पनि समावेश गरिएको छ (यशैया ५४ः१७); अनि अन्तमा, परमप्रभुको भवन वा मन्दिरको सम्बन्धमा यो शब्द प्रयोग गरिएको छ (यर्मिया १२ः७)। अघि, चार पदमा परमेश्वरको निवासस्थानको कुरा गरिएको र करूबहरूको विषयमा एउटा धमिलो सङ्केत पाइएको हुनाले यहाँ, यस ठाउँमा यस अधिकारको भागको अर्थ परमप्रभुको भवन भएको हुनुपर्ला। तर आजकल परमेश्वरको नामको डर मान्नेहरूको अधिकारको भाग अनन्त जीवन हो (कलस्सी १ः१२)।

**भजन ६१ः६-७ः** *'तपाईंले राजाको आयु बढ़ाउनुहुनेछ; उनको उमेर धेरै पुस्ताझैं हुनेछ। सदा-सर्वदा उनी परमेश्वरको सामु रहनेछन्; उनको रक्षा गर्न करुणा र सत्यता तयार गर्नुहोस्!'*

यहाँ चाखलाग्दो कुरा के हो भने, यी दुईवटा पदहरूमा दाऊद प्रथम पुरुषबाट अन्य पुरुषमा पुगेछन्। यसमा चाखलाग्दो के हुन सक्थ्यो र? तिनले अझै पनि आफ्नो विषयमा र त्यस करारको विषयमा कुरा गरेका छन्, जुन करार परमेश्वरले तिनीसित बाँध्नुभएको थियो (२ शमूएल ७)। तर तिनका शब्दहरू बरु अर्का राजाको निम्ति बढ़ी सुहाउँदा देखिन्छन्। जब हामी यी शब्दहरूको अर्थ दाऊदमाथि लागू गर्छौं, तब तिनले आफ्नै लागि लामो आयु र आफ्नै राज्यको स्थायीकारण मागेको अर्थ निस्कन्छ; यी शब्दहरूको बुझाइ यो हुनुपर्छ। तर यी

शब्दहरूको अर्थ प्रभु येशूमाथि लागू गर्नु हो भने, यी शब्दहरू उहाँको जीवनमा निम्न प्रकारले अक्षरशः पूरा भएका छन्ः

**क)** *हिब्रू ७ः१६ः* उहाँ सतावटमा परेर पनि उहाँको जीवन अनन्त र अविनाशी थियो।

**ख)** *हिब्रू १ः१२ः* उहाँका वर्षहरूको अन्त हुनेछैन, तर पुस्ता-पुस्तासम्म रहि-रहनेछन्।

**ग)** *हिब्रू १ः८ः* उहाँको सिंहासन परमेश्वरको सामु सदा-सर्वदा स्थिर रहिरहनेछ।

**घ)** *भजन ९१ः१-१६ः* परमेश्वरको दया/अटल प्रेम र उहाँको सत्यता/विश्वास-योग्यताले अङ्गरक्षकहरूले झैं उहाँको देखरेख गर्नेछन्।

अनि 'टर्गुम' नामक प्राचीन यहूदी बाइबलको टिप्पणीमा पनि यी पदहरूको सन्दर्भ मसीह राजा हुनुहुन्छ भन्ने कुरा लेखिएको छ।

**भजन ६१ः८ः** *'यसैले दिनहुँ मेरा भाकलहरू पूरा गर्न म सदा-सर्वदा तपाईंको नामको स्तुति गाउनेछु।'*

अनि यसरी परम सङ्कष्टमा शुरु भएको भजन शान्तिको साथमा समाप्त हुन्छ। दाऊद आफूभन्दा उच्च चट्टानमा पुगिसके, अनि तिनी यति कृतज्ञ भए, कि तिनले 'तपाईंको आराधना गर्छु', 'तपाईंलाई प्रेम गर्छु' र 'तपाईंको सेवा गर्छु' भन्ने आफ्ना भाकलहरू पूरा गर्दै जानेछन् र परमप्रभुको नित्य स्तुति गाइरहने सङ्कल्प गरे। तिनी ती मानिस-हरूजस्ता हुँदैनथिए, जसले सङ्कष्टको चपेटमा परेको बेलामा ठूला-ठूला भाकलहरू गर्छन्, तर सङ्कष्ट टरेपछि तत्कालै ती भाकलहरू बिर्सन्छन्। तिनी प्रार्थना गर्दा खुट्टा भुइँ छोड़िजाने जोशले उफ्रने, तर प्रशंसा गर्दा लङ्गड़ा हुने थिएनन्।

भजन ६१ निम्न सुन्दर आत्मिक गीतको निम्ति प्रेरणा बन्योः

**१)** कहिले हाम्रो जीवनमाथि परेका छायाहरू लामा न लामा हुन्छन्, र गन्तव्य स्थलमा पुग्ने बाटो अति रूखो लाग्छ; अनि कहिले शोकचिन्ताहरू आँधीबेह्रीहरूझैं हाम्रो मन छोप्छन्।

*कोरसः* तब म ती चट्टानमा उड़ेर जान्छु – ती चट्टानकहाँ, जो मभन्दा उच्च हुनुहुन्छ; तब म ती चट्टानमा उड़ेर जान्छु – ती चट्टानकहाँ, जो मभन्दा उच्च हुनुहुन्छ।

**२)** कहिले दिन कति लामो, कहिल्यै नबितिजानेजस्तै लाग्छ, र कहिले मेरा पाउहरू साह्है थकित हुन्छन्; परिश्रमको साथ जीवनको धूलैमूलो लागेको बाटोमा अघि बढ्दा धन्य हो, ती चट्टानको छाया, त्यो कति मीठो छ!

**३)** मेरो जीवनमा चाहे आशिषहरू चाहे शोकहरू प्रचलित होऊन्, चाहे म उकालो बाटोमा एउटा अग्लो पहाड़ चढूँ, चाहे अन्धकारको छाया परेको घाटीबाट भएर हिँडूँ, म ती दिव्य चट्टानको घनिष्ठ सङ्गतिमा रहिरहन पाऊँ।

श्री इरास्टस जोह्नसन

## भजन ६२ः परमेश्वर मात्र!

भजन ६२ को सन्देश यस प्रकारको छः परमेश्वर एकमात्र साँचो शरणस्थान हुनुहुन्छ। 'उहाँ मात्र' भन्ने शब्द घरिघरि दोहोरिनुको मतलब यही हो, कि केवल उहाँ हाम्रो सम्पूर्ण र अखण्ड भरोसा पाउन योग्य हुनुहुन्छ; यस भजनको जोर यसैमा छ।

परमेश्वरको परिचय विभिन्न सुन्दर रूप-हरूमा गरिएको छ, जस्तैः

**क)** भजन ६२ः१<sup>ख</sup>, २<sup>क</sup>, ६<sup>क</sup>, ७<sup>क</sup>ः उहाँ हाम्रो उद्धारको स्रोत हुनुहुन्छ

**ख)** भजन ६२:२[क], ६[क], ७[क]: उहाँ हाम्रा चट्टान हुनुहुन्छ

**ग)** भजन ६२:२[ग], ६[ग]: उहाँ हाम्रो उच्च गढ़ हुनुहुन्छ

**घ)** भजन ६२:५[ख]: उहाँ हाम्रो आशा हुनुहुन्छ

**ङ)** भजन ६२:७[क]: उहाँ हाम्रो महिमा हुनुहुन्छ

**च)** भजन ६२:७[ख], ८[ग]: उहाँ हाम्रो शरणस्थान हुनुहुन्छ

**छ)** भजन ६२:११[ख]: उहाँ हाम्रो शक्तिको स्रोत हुनुहुन्छ

**ज)** भजन ६२:१२[क]: उहाँ करुणाको सागर हुनुहुन्छ

हरेक जसले परमेश्वरलाई आफ्नो भरोसा र शक्तिको आधार बनाउँछ, उसले निम्न प्रतिज्ञाहरू पाउँछः

**क)** भजन ६२:२[ख]: ऊ धेरै डग-मगाउनेछैन।

**ख)** भजन ६२:३: ऊसँग आफ्ना शत्रुहरूलाई हपार्ने साहस हुन्छ।

**ग)** भजन ६२:४: उसले तिनीहरूका युक्ति र रणनीतिहरू पत्ता लगाउँछ।

**घ)** भजन ६२:६[ख]: ऊ अलिकति पनि डगमगाउनेछैन।

**ङ)** भजन ६२:८: अरूले पनि परमेश्वरमाथि राखेको भरोसाबाट पाइने आनन्द जानेको उसले चाहन्छ।

मानिसहरूले परमेश्वरमाथि बाहेक अरू के-के कुरामाथि भरोसा गर्छन्? यस भजनमा पाँचवटा कुराहरू पेश गरिएका छन्, जस्तैः

**१)** भजन ६२:९: तल्ला तहका मानिसहरू – यी सामान्य मानिसहरूमा ठोस कुरा के पो छ र? तिनीहरूको अस्तित्व बाफ-जत्तिकै क्षणिक हुन्छ।

**२)** भजन ६२:९: माथिल्ला तहका मानिसहरू – चाहे तिनीहरू शासकहरू होऊन्, चाहे धनवान् किन नहोऊन्, तिनीहरू धोका दिनेहरू हुन्। किनकि तिनीहरूले सहायता र सुरक्षा दिने आशा दिलाउँछन्, तर तिनीहरू भरोसाको योग्य हुँदैनन्। आउनु-होस्, हामी यी समान्य मानिसहरू र यी कुलीन मानिसहरूलाई तराजुमा जोखिहेरौं! तिनीहरूमा हाम्रो भरोसाको योग्य कुनै ओजन नै छैन।

**३)** भजन ६२:१०: अत्याचार – अत्याचार अपनाउने मानिस मूर्ख हो। यस्तो कुकर्ममाथि भरोसा नराख्नुहोस्! किनकि त्यसमा परमेश्वरको श्रापको दुर्गन्ध छ।

**४)** भजन ६२:१०: डकैती – लुटपाट कसैलाई विक्रमी र धनी हुने छोटो-मीठो मार्ग लाग्ला, तर नीच कमाइको धनको निम्ति मानिस परमेश्वरको न्यायमा पर्नु सुनिश्चित छ।

**५)** भजन ६२:१०: धनसम्पत्ति – इमानदारीसाथ कमाएको धन पनि हाम्रो स्नेहको योग्य हुँदैन; त्यसले कहिल्यै प्रभु र उहाँको सेवाको ठाउँ लिनुहुँदैन। यस विषयमा श्री एफ. बी. मेयेरले यसो भनेका छन्ः

> ‘कति चोटि हामी सहायताको निम्ति मानिसहरू र रुपियाँपैसामाथि व्यर्थैमा भर पर्‍यौं; तर परमेश्वरले हामीलाई कहिल्यै निराश तुल्याउनुभएन।’

हुन सक्छ, यो भजन रच्नको निम्ति भजनलेखकलाई अब्शालोमको विद्रोहबाटै प्रेरणा मिलेको थियो होला। यी विद्रोह मच्चाउनेहरूको निम्ति दाऊद ढल्न लागेको पर्खाल र लर्खरिएको बार मात्र थिए, जसलाई तिनीहरूले एकै प्रहारमा खतम पार्न लागेका थिए। तिनलाई तिनको उच्च स्थानबाट तल खसाल्न अर्थात् सिंहासनच्युत गर्न तिनीहरूको मूल-उद्देश्य र लक्ष्य थियो। वफादार भइटोपलेर तिनीहरूले राजद्रोह गर्ने षड्यन्त्र रचिरहेका थिए। तर भाग्दै गरेका राजाले आफ्नो विश्वासयोग्य प्रजालाई अलिकति

पनि ढलपल नगरी परमप्रभुमाथि भरोसा राख्ने आग्रह गरे। तिनका शत्रुहरूले मानिसहरू र रुपियाँपैसामाथि भरोसा गरेका थिए; तर न मानिसहरूमा न धनमा कुनै उद्धार थियो। तिनको भरोसा परमप्रभुमाथि रहिरहन्थ्यो। अनि परमप्रभुले 'शक्ति र प्रेमको मुहान म नै हुँ; मेरो शक्ति विश्वासयोग्य हुनेहरूलाई छुटकारा दिन र शत्रुहरूलाई दण्ड दिन प्रयोग गरिन्छ, तर मेरो प्रेम मेरा जनहरूलाई सान्त्वना र आशिष दिन प्रयोग गरिन्छ' भनेर तिनलाई घरिघरि आश्वासन दिनुभयो। अनि उहाँको अनुग्रह इन्कार गर्नेहरू सबैले उहाँको धर्ममय न्याय चाख्नेथिए; अनि तिनले यो देख्न पाउनेथिए।

श्री जोह्न डोनले यस भजनको विषयमा लेखेको टिप्पणी स्मरणीय छः

'उहाँ मेरो चट्टान, मेरो उद्धार, मेरा रक्षक, मेरो शरणस्थान र मेरो महिमा हुनुहुन्छ।
उहाँ मेरो शरणस्थान हुनुहुन्छ भने, कुनचाहिँ शत्रुले मेरो खेदो गर्ला ?
उहाँ मेरा रक्षक हुनुहुन्छ भने, कुनचाहिँ परीक्षाले मलाई आघात पुऱ्याउला ?
उहाँ मेरो चट्टान हुनुहुन्छ भने, कुनचाहिँ आँधीबेह्रीले मलाई हल्लाउला ?
उहाँ मेरो उद्धार हुनुहुन्छ भने, कुनचाहिँ निराश वा खिन्नताले मलाई उदास बनाउला ?
उहाँ मेरो महिमा हुनुहुन्छ भने, कुनचाहिँ झूटा निन्दाले मेरो बदनाम गर्ला ?'

## भजन ६३ः तपाईंको दया जीवनभन्दा उत्तम हो

केही समयको निम्ति पदच्युत भएका दाऊदले बाध्य परेर यहूदाको उजाड़स्थानहुँदा यर्दनको पारिपट्टि आफ्नो निर्वासन-स्थलतर्फ पदयात्रा गरिरहेका थिए (२ शमूएल १५ः२३-२८, १६ः२ र १७ः१६)। राजाको राज-नीतिक किस्मतमा ठूलो भाटा भएको थियो, तर तिनको आत्मिक तेज उच्च थियो।

**भजन ६३ः१ः** *'हे परमेश्वर, तपाईं मेरा परमेश्वर हुनुहुन्छ'* भनेर तिनले परमेश्वरलाई 'आफ्नै' दाबी गरेको कुरा घतलाग्दो छ। यी शब्दहरू खूबै सरल छन् र बाल्य लाग्छ, तर यिनमा अर्थको भण्डार छ। 'मेरा परमेश्वर' भन्ने शब्दले एउटा घनिष्ठ र व्यक्तिगत सम्बन्ध व्यक्त गर्छ। 'मेरा परमेश्वर' – उहाँ हाम्रो चिरस्थायी धन हुनुहुन्छ, जब अरू सबै शेष हुन्छ। 'मेरा परमेश्वर' – हरेक परिस्थितिको निम्ति र हरेक सङ्कष्ट सामना गर्न उहाँमा प्रशस्त उपलब्धि हुन्छ।

अनि परमेश्वरको निम्ति भजनकारको कत्रो तिर्सना थियो! यस कुराले हामीलाई कति नम्र तुल्याउँछ; किनकि हाम्रो मन प्रायः चीसा र सङ्कोची हुन्छ। *'एकाबिहानै म तपाईंलाई खोज्नेछु।'* तिनले जीवनको शुरुमै र हरेक दिनमा एकाबिहानै परमप्रभुको खोजी गर्थे। अनि तिनले जोश र उमङ्गको साथमा उहाँको खोजी गर्थे; यस्तो व्यक्तिलाई इन्कार गर्न गाह्रो पर्ला। तिनको मन परमेश्वरको निम्ति तिर्खाउँथ्यो भने तिनको शरीर पनि परमेश्वरको निम्ति हप्याक-हप्याक हुन्थ्यो। यस भनाइको मतलब यो हो कि अनन्त परमेश्वरसँग सङ्गति गर्न पाउन तिनका आत्मा, प्राण र शरीर चिच्च्याइउठ्थे। सुक्खा, थकाउने, पानी नभएको भूमिमा यात्री तिर्खाएझैं तिनले परमेश्वरको तीव्र चाहना गर्थे। हो, संसार सुक्खा बन्जर भूमि हो रहेछ। प्रसङ्गबाट उठेको यो बयान बिलकुल सही हो।

**भजन ६३ः२ः** तिनले बितेका ती समयहरू सम्झेका छन्, जुन समयहरूमा तिनले यरूशलेममा भएको त्यस पवित्र-स्थानमा उपासना गर्ने गर्थे। तिनले वर्णन गर्न नसकिने ती पवित्र क्षणहरू सम्झन्छन्, जुन बेलामा तिनी आफ्नो मनन-चिन्तनमा परमेश्वरलाई सम्पूर्ण शक्ति र महिमामा देखेर अत्यन्तै हर्षविभोर भएका थिए। अनि अब

तिनको मन अरू कुनै कुरामा तृप्त हुन सक्दैनथियो, तर त्यसले जुनै हालतमा पनि सारा वैभव र पराक्रममा परमप्रभुको नयाँ प्रकाश पाउनुपर्थ्यो। कतिजनाले परमेश्वरको यस दिव्य महिमाको प्रकाश शुभ मङ्गलकारी दर्शन भन्दा रहेछन्। यस प्रकारको प्रकाशको नाम जेसुकै होस्, तर यो यस्तो एउटा अनुभव हो, जसको तुलनामा अरू जुनै पनि कुरा धमिलो र फिका ठहरिन्छ।

होऊ, मेरो दर्शन, हे मेरो प्राणको प्रभु, तपाईं-
बाहेक आनन्द छैन अरू,

रातमा वा दिनमा होस् सोच तपाईंकै, सुत्दा वा
बिउँझँदा ज्योति तपाईं नै।

आठौं शताब्दीका आयरल्याण्डको भजन श्रीमती मेरी ई. बअर्नेद्वारा अनुवादित

**भजन ६३:३-४:** त्यसपछि यहूदाको यस उराठलाग्दो उजाड़स्थानबाट एउटा ठूलो श्रद्धापूर्ण स्तुतिगान गाइउठ्यो।

*'तपाईंको करुणा जीवनभन्दा उत्तम हो; यसकारण मेरा ओठहरूले तपाईंको प्रशंसा गर्नेछन्। यसरी म जीवनभरि तपाईंलाई धन्यका भन्नेछु; म तपाईंको नाममा मेरा हातहरू उचाल्नेछु।'*

जीवनले हामीलाई दिन सक्ने सबै कुराहरूभन्दा परमप्रभुको दया उत्तम हुन्छ। अनि उहाँको प्रशंसा गर्नु हाम्रा ओठहरूको सबैभन्दा उत्तम र उच्च काम हो। अनि उहाँलाई धन्यको भन्न हाम्रो सारा जीवन पर्याप्त हुँदैन। अनि जब प्रशंसा र प्रार्थना गर्दै गरेको बेलामा हामीले उहाँकहाँ आफ्ना हातहरू उचाल्छौं, तब परितृप्तिले गर्दा यी हाम्रा हातहरू काँप्छन्।

**भजन ६३:५-८:** कुनै प्रीति-भोज पनि यस प्रकारको पवित्र सङ्गतिको तुलनामा आउँदैन; किनकि उहाँको सङ्गतिमा हाम्रो मन सर्वोत्तम सुखहरूले तृप्त हुन्छ र हर्षित ओठहरूबाट हाम्रा धन्यवादका शब्दहरू पोखिरहेका हुन्छन्, किनभने हामी हाम्रा महिमित प्रभुको विषयमा मनन-चिन्तन गरेर रातका निद्रा नलाग्ने घण्टाहरू सदुपयोग गर्छौं। हाम्रो निम्ति उहाँ कति महान् सहायक हुनुभएको छ! उहाँले हाम्रो निम्ति गर्नुभएका उपकारहरू कसले नापजोख गर्न सक्ला? उहाँका पखेटाहरूको छत्रछायामा हामीले हर्षको गीत किन नगाउने? अनि उहाँमाथि प्रेमपूर्ण भरोसा गरेर र हामीलाई सदैव उहाँको आवश्यकता पर्छ भन्ने कुरा जानेर हामी उहाँसँग टाँसिरह्यौं भने, उहाँले हामीलाई देख-अदेख खतराहरूबाट बचाउनुहुन्छ र पुरस्कार पाउने गरी निशानातिर अघि बढ्न शक्ति दिनुहुन्छ।

**भजन ६३:९-१०:** अनि हाम्रो शत्रुहरूको विषयमा कसो हो? 'हो, मेरा शत्रुहरू, मेरो सत्यानाश गर्न खोज्नेहरू छँदैछन्। तर तिनीहरूको अन्त विनाश हो। तिनीहरूको शान्तिसँगको मृत्यु हुनेछैन, बरु तिनीहरूको हत्या गरिनेछ। तिनीहरूको कुकुरजत्तिकै अपमानजनक दफन हुनेछ।

**भजन ६३:११:** तर म परमेश्वरमा आनन्दित हुनेछु। हो, उहाँको निष्ठा राख्छु भन्ने शपथ खाने हरेक भाइबहिनी त्यस हर्षोल्लासमा सहभागी हुनेछ; तर झूट बोल्न रुचाउनेहरूको मुख चुप गराइनेछ।'

## भजन ६४: धनुहरू र काँड़हरू

भजन ६४ मा दुईवटा धनुर्धारी प्रतियोगिताहरू पेश गरिएका छन्। भजन ६४:१-६ पदहरूमा प्रारम्भिक प्रतियोगिता दुष्टहरू र एकजना धर्मी जनको बीचमा छ। अनि भजन ६४:७-१० पदहरूमा मुख्य प्रतियोगिताचाहिँ परमेश्वर र दुष्टहरूको बीचमा छ।

**भजन ६४:१-६:** पहिलो लड़ाइँ साह्रै एकतर्फी भएको रहेछ। किनकि धर्मी

दाऊदको विरोधमा दुर्जनहरू थुप्रै थिए। दाऊदसित एउटै पनि काँड़ थिएन, तर तिनीहरूका ठोक्राहरू काँड़ैकाँड़हरूले भरिएका थिए। तर तिनीसित प्रार्थना, एउटा गुप्त हतियार थियो; अनि यो हतियार चलाएर तिनले आफ्ना अदृश्य दिव्य साथीबाट सहायता पाउन प्रयोग गरे। पहिले तिनले परमेश्वरकहाँ आफ्नो सोर उचालेर 'शत्रुको डरदेखि रक्षा पाऊँ' भन्ने अनुरोध गरे; अनि तिनले 'मलाई दुष्टहरूका गुप्त युक्तिहरूदेखि बचाउनुहोस्' भनेर उहाँलाई पुकारे। त्यसपछि तिनले गुप्तचरले झैं परमेश्वरलाई शत्रुहरूको विषयमा निम्न जानकारी दिन्छन्: तिनीहरूका जिब्राहरू सान लगाइएका लाग्ने तरवारजस्ता छन्। तिनीहरूले दोषारोपण र तीता न तीता निन्दापूर्ण वचनरूपी काँड़हरू हान्न आफ्ना धनुहरूमा ताँदो चढ़ाएका छन्। गुप्तमा बसेर तिनीहरूले आफ्ना लुक्ने ठाउँहरूबाट एक्कासि आक्रमण गर्छन्, र तिनीहरूलाई जवाफी हमलाको डरै छैन। तिनीहरूले निर्दोष व्यक्तिलाई नाश गर्न दृढ़ सङ्कल्प गरेका छन्। तिनीहरूले सुटुक्कै भजनकारलाई पासोमा पार्ने युक्ति रचे; किनकि तिनीहरूको विचारमा, कसैले पनि त्यो थाह पाउँदैन। मोफ्फातको अनुवादअनुसार 'तिनीहरूले होशियारसाथ आफ्नो युक्ति रचे; हरेकको धूर्त हृदय छ; हरेकसँग बड़ो चतुर्‍याइँ छ।'

**भजन ६४:७:** अहिलेसम्म पेश गरिएका सबै कुराहरू दुर्जनहरूकै पक्षमा भएका जस्तो देखा पर्छ। तर धर्मी जनले यस प्रतिज्ञामा अड़ान लिन्छ: *'परमप्रभु तिमीहरूको निम्ति लड़्नुहुनेछ; यसकारण तिमीहरू चुपचाप बस!'* (प्रस्थान १४:१४)। *'किनकि लड़ाइँ तिमीहरूको होइन, तर परमेश्वरको हो'* (२ इतिहास २०:१५)।

**भजन ६४:८:** अनि दोस्रो लड़ाइँमा परमेश्वरले तिनीहरूलाई एकै काँड़ले हान्नुभएको देख्छौं, अनि त्यसले तारो हिर्कायो-हिर्कायो। तिनीहरू घायल भएर भुइँमा ढल्छन्। परमेश्वरले तिनीहरूका कुवचनहरू तिनीहरूमाथि परेका पार्नुभएको छ; अनि सबै दर्शकहरू डरले थरथर भएर भाग्छन्।

**भजन ६४:९-१०:** फलस्वरूप जनसाधारणलाई ठूलो डर हुन्छ। खबर छिटो-छिटो फैलिन्छ; अनि मानिसहरूले धार्मिकताको जीत भएको बुझ्छन्। यही कुराले धर्मी जनहरूलाई आनन्दित तुल्याउँछ; यो हामीले भन्नपर्दैन होला। अनि तिनीहरूले अझै परमप्रभुमाथि भरोसा राख्ने प्रेरणा पाएका छन्। सत्यको पक्ष लिनेहरू सबैले जयजयकार गर्नेछन्।

## भजन ६५: ख्रीष्टको हजार वर्षको राज्यमा गाइने फसलको गीत

भजन ६५ चाहिँ फसल भित्र्याएपछि धन्यवाद-पर्वमा गाइने उत्कृष्ट गीतको रूपमा प्रयोग गरिन्छ, तर यसको प्रमुख अर्थ प्रभु येशूको दोस्रो आगमनसित सम्बन्धित छ र यस भजनले त्यस बेलाका अवस्थाहरू बयान गर्छ। यस कुरामा कुनै शङ्का छैन।

**भजन ६५:१:** इस्राएली जाति परमेश्वर-देखि विच्छेद भएका धेरै शतब्दीहरूभरि सियोनमा परमेश्वरको प्रशंसा गरिँदैनथियो; यस सम्बन्धमा सियोन बाँझो थियो। तर जब प्राचीन समयदेखि परमेश्वरका जन हुनेहरू उहाँकहाँ फर्कनेछन् र उहाँसितको सम्बन्धमा पुनर्स्थापित हुनेछन्, तब सियोनमा प्रशंसा उहाँको प्रतीक्षामा हुनेछ, साथै भय र श्रद्धा-भक्तिले पूर्ण सन्नाटा पनि। बल्ल उहाँकै निम्ति भाकल पूरा गरिनेछ। त्यसको मतलब यो हो: *'मेरो सामु हरेक घुँड़ा टेकिनेछ'* भन्ने उहाँकै भाकल पूरा हुनेछ (यशैया ४५:२३)। अथवा त्यसको सन्दर्भ भजन २२:२२ पदमा

लेखिएको मसीहको भाकल हुन सक्छः *'सभाको बीचमा म तपाईंको प्रशंसा गर्नेछु।'* अथवा त्यसको सन्दर्भ प्रेम, उपासना र सेवा गर्छौं भन्ने त्यो भाकल हुन सक्छ, जुन भाकल सतावटमा परेका बाँकी इस्राएली जनहरूले सङ्कष्टकालको त्यस डरलाग्दो कष्टको समयमा खानेछन्।

**भजन ६५ः२ः** एक पदको सन्दर्भ इस्राएली जाति थियो भने अबचाहिँ समस्त मानव-जातिलाई समावेश गरिएको छ। 'हे प्रार्थना सुन्नुहुने' भनेर परमेश्वरलाई एउटा प्रतापी र महान् उपाधि दिइएको छ। प्रभु-कहाँ फर्केका जाति-जातिका मानिसहरू विश्वासको प्रार्थनाद्वारा उहाँमा लीन हुनेछन्।

**भजन ६५ः३ः** यहाँ, यस पदको बीचमा बोल्ने व्यक्तिहरू बदली भएको महत्त्वपूर्ण छ; यो हामीले याद गर्नुपर्छ। पहिलो खण्डमा मसीह स्वयम्ले बोल्नुभएको र गलगथामा पापको भयानक बोझमनि पिसिँदा अरूको निम्ति पूरा गर्नुभएको त्राणको काम बयान गर्नुभएको छ। तर बाँकी रहेको भागरूपी यहूदीहरूले तुरुन्तै मानिलिन्छन्ः 'त्यो त्राणको काम उहाँका पापहरूको खातिर होइन, तर हाम्रा अपराधहरूको खातिर भएको थियो।' तिनीहरू भन्छन्ः 'उहाँ हाम्रा अपराधहरूको निम्ति घायल हुनुभयो; हाम्रै अधर्महरूको खातिर उहाँमाथि चोटैचोटको प्रहार आइ-पर्‍यो; अनि हाम्रो शान्तिको निम्ति शास्ति उहाँमाथि पर्‍यो र उहाँका कोर्राका चोटहरू-द्वारा हामी निको भयौं' (यशैया ५३ः५)। अनि इस्राएलीहरूले यसरी आफ्नो दोष स्वीकार गर्नेबित्तिकै आफ्ना सबै अपराधहरू क्षमा भएको निश्चयता पाइहाल्नेछन्।

**भजन ६५ः४ः** हामीले फेरि याद गर्नुपर्छः यस पदको पहिलो खण्डको सन्दर्भ येशू ख्रीष्ट हुनुहुन्छ, तर यस पदको दोस्रो खण्डमा दाम तिरेर छुट्टाइएका इस्राएलीहरूले कुरा गरेका छन्। परमेश्वरले चुन्नुभएको व्यक्ति को होला त ? उहाँ परमेश्वरका परमधन्य पुत्र येशू हुनुहुन्छ, जस्तो हामी यशैया ४२ः१ पदमा पढ्छौंः *'हेर, ... मेरा चुनिएका जन, जससँग मेरो मन प्रसन्न हुन्छ !'* अनि उहाँ नै ती व्यक्ति हुनुहुन्छ, जसलाई परमेश्वरले आफ्नो नजिक-मा आउन दिनुहुन्छ; उहाँचाहिँ मल्किसेदेकको रीतिअनुसार सदा-सर्वदाको निम्ति पूजाहारी हुनुहुन्छ। उहाँले परमप्रभुका चोकहरूमा, उहाँको एकदमै नजिकमा वास गर्नुहुनेछ।

त्यसपछि बाँकी रहेको भागरूपी इस्राएलीहरूले परमेश्वरको भवनको अर्थात् उहाँको पवित्र मन्दिरको उत्तमताले पूर्ण रूपले तृप्त हुने निश्चयता व्यक्त गरेका छन्। यहाँ मन्दिरको कुरा गरिएको छ; तब यस भजनको रचना कसरी दाऊदको हुन सक्ला भन्ने प्रश्न कतिजनाको मनमा उठेको छ; किनकि त्यो मन्दिर दाऊदको मृत्युपछि मात्र बनाइएको थियो। तर जब सुलेमानको मन्दिर खड़ा हुनुभन्दा अघि पनि निवासस्थानको सम्बन्धमा 'मन्दिर' भन्न शब्द प्रयोग गरिएको कुरा याद गरिन्छ, तब त्यो समस्या हल हुन्छ (१ शमूएल १ः९ र ३ः३; २ शमूएल २२ः७)।

**भजन ६५ः५-७ः** बाँकी रहेको भागरूपी इस्राएलीहरू अझै बोल्दैछन्। तिनीहरूका प्रार्थनाहरूको उत्तरमा परमप्रभुले तिनीहरूका शत्रुहरूलाई डरलाग्दा न्यायहरूको साथ धर्ममय दण्ड दिनुहुनेछ। यसरी नै उहाँले आफूलाई तिनीहरूको उद्धारको परमेश्वरको रूपमा प्रकट गर्नुहुनेछ र सारा पृथ्वीभरिका मानिसहरूको निम्ति र समुद्रमा टाढ़ा-टाढ़ा बस्ने मानिसहरूको निम्ति भरोसाको योग्य प्रमाणित गर्नुहुनेछ। हेर्नुहोस्, उहाँ कति महान् परमेश्वर हुनुहुन्छ ! उहाँको सर्वशक्ति उहाँको कमरपेटी हो। उहाँले आफ्नो महाशक्तिद्वारा पहाड़हरू आ-आफ्नो स्थानमा स्थिर पार्नुभयो। अनि गर्जिरहेका समुद्रहरू र तिनी-हरूका उर्लिरहेका छालहरू शान्त पार्नु अथवा

जाति-जातिका मानिसहरूको प्रचण्ड रिस दमन गर्नु उहाँको निम्ति केही पनि होइन रहेछ।

**भजन ६५ः८ः** यसकारण अचम्म लाग्ने कुरा छैन, जब पृथ्वीका छेउ-छेउमा बस्ने मानिसहरू परमेश्‍वरले तिनीहरूमाथि न्यायको रूपमा देखाउनुभएका चिन्हहरू देखेर आफ्नो अविश्‍वासमा डराएका छन्, तब सूर्योदयदेखि सूर्यास्तसम्म देश-देशका विश्‍वासीहरू रमाइ-रहेका छन्।

**भजन ६५ः९ः** यस पददेखि तेह्र पदसम्मको खण्डमा बीउ छर्ने समयदेखि फसल कट्ने समयसम्मको कृषि-वर्ष वर्णन गरिएको छ; तर यी पदहरूको सन्दर्भ ख्रीष्टको हजार वर्षको राज्य र त्यस बेलाका अवस्थाहरू हुन्। किनकि त्यस बेलामा जमिनमाथि परेको श्राप पूरा हटेको हुनेछ, र सालैपिच्छे प्रशस्त-प्रशस्त फसलहरू हुनेछन्।

बसन्त ऋतु परमेश्‍वरको भेटघाट तुल्य हुनेछ। उहाँले आकाशका बादलबाट पानी-झरी बर्साउनुहुनेछ। त्यसपछि जमिन तयार भएपछि उहाँले छर्नेलाई बीउको प्रबन्ध गर्नुहुनेछ।

**भजन ६५ः१०ः** अन्नबाली लगाउने समयमा जोतिएका गराहरू सिँचिनेछन्। आकाशको पानीले जमिनका डल्लाहरू पगालिदिनेछ र जमिन नरम राख्नेछ। अनि चाड़ै अन्नहरू प्रचुर मात्रामा उभ्रनेछन्।

**भजन ६५ः११-१३ः** अनि परमेश्‍वरले वृद्धिको कालचक्रलाई भलाइको मुकुट पहिर्‍याइदिनुहुन्छ। उहाँका पाइलाहरूले जहाँ-जहाँ टेखे, त्यहाँ-त्यहाँ प्रशस्तताको खोला बग्दैछ (नोक्स)। खर्कहरूमा बस्तु-भाउको निम्ति प्रशस्तै घाँसपात उब्जन्छ। अनि हर्षले गद्गद् भएझैं डाँड़ाहरू लहलह हरियालीले ढाकिरहेको छ। खर्कहरू ऊनी वस्त्र ओढ़ेझैं देखिन्छन्; किनकि तिनमा भेड़ाबाख्राहरू डम्मै छन्। अनि बेंसीहरूभरि पाकिरहेका अन्नका बालाहरू तालबद्ध लयमा झुलिरहेकै हुन्छन्। यसो हेर्दा सारा प्रकृतिले मसीहको सुनौलो युगको आगमनमा हर्षोल्लास मनाइरहेको देखिन्छ।

## भजन ६६ः आओ, हेर र सुन!

**भजन ६६ः१-४ः** भजनकारले यी पहिला चारवटा पदहरूमा सारा पृथ्वीलाई परमेश्‍वरको स्तुति गाउने आह्वान गरेका छन्। अनि त्यो स्तुतिगानचाहिँ एउटा आनन्दको गीत हुनुपर्छ र उहाँको नामका सर्वश्रेष्ठ गुणहरूको योग्य अनुष्ठान हुनुपर्छ। उहाँको स्तुतिप्रशंसाचाहिँ महिमित हुनुपर्छ; किनकि यस गीतको विषयवस्तुचाहिँ परमेश्‍वर महामहिम हुनु-हुन्छ। त्यसपछि तीन र चार पदमा यस विश्‍वव्यापी स्तुतिगानका शब्दहरू पेश गरिएका छन्, जुन शब्दहरूको भावअनुवाद निम्न प्रकारले गर्न सकिन्छः

'हे परमप्रभु, तपाईंले पूरा गर्नुभएका कार्यहरू कति महान् छन्! अनि तपाईंको सामर्थ्य यति विशाल छ, कि तपाईंका शत्रुहरू तपाईंको अघि लुरुक्कै पर्छन्। बल्ल-बल्ल सारा पृथ्वीले झुकेर तपाईंलाई दण्डवत् गर्नेछ। यत्र-तत्र-सर्वत्र मानिसहरूले तपाईंको नामको स्तुति गाउनेछन्।'

हजार वर्षको राज्यको युग शरु भएपछि यो गीत अवश्य जनप्रिय बन्नेछ।

**भजन ६६ः५-७ः** पाँच पददेखि बाह्र पदसम्मको खण्डमा 'हाम्रो' र 'हामीलाई' भन्ने शब्द घरिघरि दोहोरिएको छ; यसकारण यस कुराले हामीलाई विश्‍वास गराउँछ, कि यो खण्ड अन्तिम दिनहरूमा बाँकी रहेको भागरूपी यहूदीहरूको विषयमा लेखिएको हो, जसले यहाँ, यस खण्डमा आफ्ना सुसमाचारीय मन्तव्यहरू व्यक्त गर्छन्, यस हेतुले कि जाति-जातिका मानिसहरूले परमेश्‍वरले इस्राएली जातिको निम्ति

गर्नुभएका अद्‌भुत कामहरूमाथि ध्यान दिऊन् र यिनको विषयमा विचार गरून्। छ पदमा परमेश्‍वरका दुईवटा कामहरू पेश गरिएका छन्, जुन कामहरूमा उहाँले आफ्नो अत्यन्त ठूलो शक्ति प्रदर्शन गर्नुभयो। उहाँले लाल समुद्रलाई सुक्खा जमिन तुल्याएर त्यसको बीचबाट भएर एउटा राजमार्ग तयार गर्नुभयो। अनि त्यसको चालीस वर्षपछि जब इस्राएलीहरू यर्दन नदीमा आइपुगे, तब तिनीहरूले खुट्टा नभिजाईकन नदी तारे। त्यस बेलामा इस्राएलीहरूको बीचमा आनन्दको कत्रो ध्वनि गुँजियो! मानिसहरू आफ्ना परमेश्‍वरमा अति हर्षित भए – यस्ता परमेश्‍वरमा, जसको शक्तिशाली प्रभुत्वको अन्त कहिल्यै हुँदैन र जसका आँखाहरूले जाति-जातिका मानिसहरूलाई सधैं नियालि-रहेका हुन्छन्। यस्ता परमेश्‍वरको विरोधमा विद्रोह गर्नु ठूलो मूर्खता हो।

**भजन ६६:८-१२:** परमेश्‍वरले अचम्म प्रकारले इस्राएलीहरूको रक्षा गर्नुभएकोमा अन्यजातिहरूले पनि उहाँलाई धन्यको भन्नुपर्छ। इस्राएली जातिको अवस्था छिटो-छिटो बदली हुने निम्न चित्रहरूको लहरद्वारा पेश गरिएको छः

**क)** *भजन ६६:१०:* त्यो जाति चाँदीजस्तै भट्टीको ठूलो तापमा धातु गलाउने भाँड़ामा खारिएको छ।

**ख)** *भजन ६६:११क:* तिनीहरू जालमा परेझैं शिकार भएका, अँ, कैदी भएका छन्।

**ग)** *भजन ६६:११ख:* त्यस जातिलाई कमारालाई जस्तै काममा जोतिएको छ।

**घ)** *भजन ६६:१२क:* नीच मानिसहरूले तिनीहरूलाई कुल्चीमिल्ची गरेका छन्।

**ङ)** *भजन ६६:१२ख:* भयानक खतरा-हरूमा परेर त्यो जाति आगो र पानीबाट भएर गएको छ।

तर परमेश्‍वरले तिनीहरूलाई अन्तमा हार्न दिनुभएन; होइन, तर उहाँले तिनीहरूलाई निकालेर भरपूरीको ठाउँमा ल्याउनुभयो; योचाहिँ ख्रीष्टको हजार वर्षको राज्यमा इस्राएली जातिको प्रशस्त समृद्धिको शुभ सङ्केत हो, जसरी श्री जर्ज विलयम्स्‌ले भनेका छन्ः

> 'इस्राएली जातिलाई बिलकुल नाश गर्न शैतान र मानिसहरूले निरन्तर प्रयास गरिरहे ता पनि यसका बाह्र कुलहरू हजार वर्षको राज्यको शुभ बिहानीमा सियोन पर्वतमा देखा पर्नेछन् र यस भजनको नौ पदमा पेश गरिएको तथ्य सत्य साबित गर्नेछन्। भजन ६६:१०-१२ पदहरू-अनुसार तिनीहरूले सहनुपरेका सास्तीहरू बिलकुल न्यायसङ्गत थिए र प्रेमकै कारणले तिनीहरूमाथि आएका थिए र बुद्धिमानीसित लगाइएका थिए भन्ने गवाही दिनेछन्।' [46)]

**भजन ६६:१३-१५:** अनि तेह्र पददेखि बीस पदसम्मको खण्डमा 'म' र 'मेरो' भन्ने सर्वनामले यस भजनको भाग एकल गीत भएको सङ्केत दिन्छ। अनि केही विचारशील टिप्पणीकारहरूको विचारमा, यस खण्डमा बोल्ने वक्ता प्रभु येशू हुनुहुन्छ, जो इस्राएलका राजा र यसका महान् प्रधान पूजाहारी हुनुहुन्छ। उहाँ होमबलिहरू लिएर परमेश्‍वर-कहाँ आउनुहुन्छ, जुन होमबलिहरूको अर्थ उहाँको जीवन पिताको इच्छामा पूरा समर्पित भएको बुझिन्छ। उहाँले आफू सङ्कष्टमा पर्नुभएको बेलामा गर्नुभएका भाकलहरू अब स्तुतिप्रशंसाको रूपमा पूरा गर्नुहुन्छ। यसको सन्दर्भ कि त उहाँले क्रूसमा सहनुभएका दुःखकष्टहरू हुन सक्छन्, कि त उहाँ आफ्ना जनहरूका कष्टहरूमा सहभागी हुनुभएको उहाँको संवेदना हुन सक्छ; किनकि 'उनी-हरूको सारा कष्टबाट उहाँलाई पनि दुख्‍यो' (यशैया ६३:९)।

अनि जब हामी यहाँ होमबलिहरूको विषयमा, भेड़ा, बोका र बहरहरूका

बलिदानहरूको विषयमा पढ्छौं, तब हामीले यी शब्दहरू अक्षरशः लिनुपर्दैन। किनकि यी होमबलिहरू केवल भजनकारको अनुभवको सम्बन्धमा अक्षरशः थिए। तर ख्रीष्ट येशूले यी बलिहरू आफ्ना जनहरूको सम्बन्धमा त्यस आत्मिक आराधनाको चित्रणको रूपमा प्रयोग गर्नुहुन्छ, जुन आराधना उहाँले र बाँकी रहेको भागरूपी इस्राएलीहरूले परमेश्‍वरलाई चढ़ाउनुहुनेछ। तर यति भन्नेमा उहाँको राज्यमा बलिहरू चढ़ाउने सम्बन्धमा एउटा संशोधित व्यवस्था फेरि स्थापित हुनेछ होला भन्ने कुरा इन्कार गरिएको छैन।

**भजन ६६:१६-१९:** पाँच पदमा 'आओ, र हेर' भन्ने निमन्त्रण दिइएको थियो। अनि यहाँ सोह्र पदमा आएर 'आओ र सुन' भन्ने निम्तो छ। इतिहासमा परमेश्‍वरका कामहरू देख्न सकिन्छन्, तर उहाँले हाम्रो आत्मासित गर्नुभएको व्यवहारको विषयमा केवल सुन्न सकिन्छ। मसीहले परमेश्‍वरको डर मान्ने-हरूलाई उहाँको गवाही सुन्न बोलाउनुहुन्छ; किनकि उहाँ प्रार्थनाको उत्तर पाउनुभएको साक्षी दिन लाग्नुभएको छ। उहाँले पिता परमेश्‍वरलाई अर्जी चढ़ाउनुभयो र उहाँको बढ़ाइ पनि गर्नुभयो। यसको सन्दर्भ उहाँले शरीरमा बिताउनुभएको समय हो, जुन समयमा उहाँले पिता परमेश्‍वरलाई चर्को सोरले र आँसुको साथ प्रार्थना र विन्तीहरू चढ़ाउनुभयो, जुन पिता परमेश्‍वर उहाँलाई मृत्युबाट बचाउन सामर्थी हुनुहुन्थ्यो (हिब्रू ५:७)। उहाँले आफ्नो हृदयमा अधर्म राख्नुभएको भए पिताले उहाँको पुकार सुन्नुहुनेथिएन। तर उहाँ पापरहित हुनुहुन्थ्यो; अनि यही कारणले उहाँको भक्तिभयको खातिर उहाँको सुनाइ भयो (हिब्रू ५:७)।

**भजन ६६:२०:** अनि यही कुराले यस भजनको अन्तमा अन्तिम प्रशंसाको ध्वनि फक्राएर निकाल्योः *'परमेश्‍वर धन्यका होऊन्, जसले मेरो प्रार्थना इन्कार गर्नुभएन, न ता आफ्नो दया मदेखि हटाउनुभयो।'*

## भजन ६७: इस्राएली जातिलाई सुसमाचार प्रचार गर्ने बोलावट भएको

जब परमेश्‍वरले इस्राएली जातिलाई बोलाउनुभयो, तब उहाँको उद्देश्य यो थियो, कि त्यस जातिले सुसमाचारीय कार्य कायम राखोस्। निम्न दुईवटा महत्त्वपूर्ण तथ्यहरूको विषयमा त्यो जाति वरिपरिका जातिहरूको निम्ति साक्षी हुनु र गवाही बन्नु थियोः

**क)** तिनीहरूले परमेश्‍वर केवल एकजना हुनुहुन्छ भन्ने सत्यताको विषयमा गवाही दिनु थियो (प्रस्थान २०:२-३; व्यवस्था ६:४ र यशैया ४३:१०-१२)।

**ख)** परमप्रभुको शासनको अधीनतामा आज्ञाकारी जीवन व्यतीत गर्ने मानिसहरू सुखी हुन्छन् र र तिनी-हरूको समृद्धि हुन्छ भन्ने सत्यताको निम्ति तिनीहरू साक्षी बन्नु थियो (लेवी २६:३-१२; व्यवस्था ३३:२६-२९; १ इतिहास १७:२० र यर्मिया ३३:९)।

इस्राएलचाहिँ परमेश्‍वरको आशिषको टुङ्गो र विराम होइन, तर आशिष बगिरहने माध्यम पो हुनुपर्छ भन्ने उहाँको इच्छा थियो। परमेश्‍वरको मुक्तिको प्रबन्ध यहूदीहरूको निम्ति मात्र होइन, तर अन्यजातिहरूको निम्ति पनि हो, अनि इस्राएल देश पूजाहारीहरूको राज्य भएको हुनाले परमेश्‍वर र अन्य-जातिहरूको बीचमा मध्यस्थको काम गर्नु थियो भन्ने कुराको निम्ति पुरानो नियमभरि निक्कै सङ्केतहरू पाइन्छन्।

अभाग्यवश इस्राएल आफ्नो यस कर्तव्यदेखि चुक्यो। तर मूर्तिपूजातिर लागेर

तिनीहरूले जुन तथ्यहरूको प्रचार गर्नुपरेको थियो, ती तथ्यहरू त सरासर इन्कार गरे।

तर परमेश्वरका मनसायहरू यति सजिलोसँग विफल कहाँ हुन् र? किनभने सङ्कष्टकालको अवधिमा बाँकी रहेको भाग-रूपी यहूदीहरूले राज्यको सुसमाचार सारा संसारभरि प्रचार गर्नेछन् (मत्ती २४:१४)। अनि आउन लागेको हजार वर्षको राज्यमा इस्राएलचाहिँ जाति-जातिहरूकहाँ आशिष पुर्‍याउने माध्यम बन्नेछ (यशैया ६१:६ र जकरिया ८:२३)।

**भजन ६७:१-२:** यस भजनले त्यस युग-माथि पूर्वदृष्टि लगाइदिन्छ। यसमा विश्वास गर्ने यहूदीहरूले यस उद्देश्यले परमेश्वरलाई 'हामीलाई आशिष दिनुहोस्' भनेर प्रार्थना गरेका सुन्छौं, कि तिनीहरू अन्यजातिहरूकहाँ सुसमाचार पुर्‍याउने माध्यम बन्न सकून्। जब हामी *'पृथ्वीमाथि तपाईंको मार्ग थाह भएको होस्'* भन्ने वाक्य पढ्छौं, तब हामीले सम्झना गर्नुपर्छ कि ख्रीष्ट येशू त्यो मार्ग हुनुहुन्छ (यूहन्ना १४:६)। किनकि उहाँद्वारा मात्रै जाति-जातिका मानिसहरू व्यक्तिगत रूपले परमेश्वरको मुक्ति दिलाउने शक्ति अनुभव गर्न सक्छन्।

**भजन ६७:३-४:** सुसमाचारको निम्ति अपूर्व जोश र उमङ्गले प्रेरित भई इस्राएली जातिले यही प्रार्थना गर्छ, कि अन्यजाति-हरूबाट प्रशंसाका ठूला धाराहरू उर्लेर परमेश्वरकहाँ पुगून्, र ख्रीष्टको उपकारले पूर्ण, धर्ममय शासन र उहाँको कृपामय हेरचाहमा जाति-जातिका मानिसहरूले जय-जयकार गर्ने शुभ अवसर पाऊन्।

**भजन ६७:५:** जसरी संसारका सबै जातिका मानिसहरूले परमेश्वरको स्तुति-प्रशंसा गरेका इस्राएलले उत्कट इच्छा गर्छ, त्यसरी नै हामीले ख्रीष्टको शिरको निम्ति मुकुटहरू चाहना गर्नुपर्छ; श्री एफ. बी. मेयेरले हामीलाई यसको सम्झना दिलाएका छन्।

**भजन ६७:६-७:** अनि यी दुई अन्तिम पदहरूले हजार वर्षको राज्य आइसकेको पूर्वचित्रण गर्छन्। किनकि अन्नबालीहरूको कटनी भइसकेको छ र भकारीहरू टन्न भरिएका छन्। इस्राएली जातिमाथि रहेको परमेश्वरको भारी आशिष जाति-जातिका मानिसहरूको निम्ति एउटा अकाट्य प्रमाण र एउटा शक्तिशाली गवाही हुनेछ। हिब्रू भाषाको विद्वान् श्री फ्रान्ज डेलित्जले निम्न सार दिएका छन्:

> 'किनकि परमेश्वरको तरिका यस प्रकारको छः उहाँले जति भलाइ इस्राएली जातिप्रति प्रकट गर्नुहुन्छ, त्यो भलाइ अन्तिम आएर समस्त मानव-जातिकै भलाइ हुनेछ।' **47)**

## भजन ६८: परमेश्वर अघि बढ्दै हुनुहुन्छ

यो भजन इस्राएली जातिको राष्ट्रीय शोभायात्राको गीत हो; यस शोभायात्राको गीतमा सिनाई पर्वतदेखि सियोन पर्वतसम्म करारको सन्दुकले पूरा गरेको सम्पूर्ण यात्रा बयान गरिएको छ। अनि यस शोभायात्राले अन्तिम विजयतर्फ अघि बढ्नुभएको परमेश्वरको प्रस्थान सङ्केत गर्छ। अनि यहूदी मानिसको विचारमा, करारको सन्दुकले परमेश्वरको उपस्थिति प्रस्तुत गर्थ्यो। अनि यो विचार बिलकुल ठीक थियो; किनभने जब-जब परमप्रभुको सन्दुक अघि बढ्थ्यो, तब-तब परमेश्वर अघि बढ्नुहुन्थ्यो।

सर्वमान्य धारणाअनुसार यो भजन करारको सन्दुकको इतिहासमा घटेको घटनाको विशेष अवसर मनाउनको निम्ति रचिएको थियो। किनकि एक समयमा पलिस्तीहरूले करारको सन्दुक कब्जा गरेका थिए; यो कति लाजमर्दो थियो। तर त्यसपछि

त्यो सन्दुक ओबेद-एदोमको घरमा राखिएको थियो (२ शमूएल ६:२-१८); त्यसपछि त्यो सन्दुक सियोन पर्वतमा फर्काएर ल्याइयो।

यस शोभायात्राको गीतले भन्न खोजेको कुरा राम्रोसँग पक्रन हामीले यो भजन सातवटा खण्डहरूमा विभक्त गरेका छौं:

**क) भजन ६८:१-६:** परमेश्वरको प्रशंसा गर्ने प्रारम्भिक स्तुतिगान

**ख) भजन ६८:७-८:** सिनाई पर्वतबाट उजाड़स्थानहुँदो करारको सन्दुक अघि बढ़ेको

**ग) भजन ६८:९-१४:** कनान देशभित्र गरेको प्रवेश र विजय-प्राप्ति

**घ) भजन ६८:१४-१८:** दाऊदले यरूशलेम शहर कब्जा गरेको

**ङ) भजन ६८:१९-२३:** यबूसीहरू-माथि विजय प्राप्त गरेकोमा इस्राएली-हरूले परमेश्वरको प्रशंसा गरेको स्तुतिगान

**च) भजन ६८:२४-२७:** करार सन्दुक यरूशलेममा अवस्थित भएको पवित्र-स्थानतर्फ लैजाने शोभायात्रा

**छ) भजन ६८:२८-३५:** परमेश्वरको अन्तिम विजयको प्रत्याशामा हर्ष-उल्लास मनाउनेहरूको भीड़

अनि ख्रीष्ट येशूको पृष्ठभूमिमा, यसको दृष्टिकोण लिनु हो भने यस भजनले उहाँको देह-धारण, गलगथाको क्रूसमा उहाँको विजय, उहाँको स्वर्गारोहण र उहाँको दोस्रो आगमन चित्रण गर्छ।

### क) भजन ६८:१-६: परमेश्वरको प्रशंसा गर्ने प्रारम्भिक स्तुतिगान

**भजन ६८:१-३:** यहाँ एक पदले हामीलाई यस भजनको मुख्य विषय पेश गरिएको छ; किनकि यहाँ करारको सन्दुकले आफ्नो ठाउँ बदलेको सङ्केत दिइएको छ। किनभने जब करारको सन्दुक पहिलो पल्ट सिनाई पर्वतदेखि अघि बढ़्यो, तब मोशाले उस्तै शब्दहरू प्रयोग गरे (गन्ती १०:३५)। के तपाईंले यहाँ परमेश्वरको सन्दुक अघि बढ़िरहेको दृश्य देख्दै हुनुहुन्छ? किनकि यो त्यो बेला हो, जुन बेलामा परमेश्वर उठ्नुहुन्छ र काम गर्न थाल्नुहुन्छ। अनि उहाँका शत्रु-हरूको निम्ति यो त्यो समय हो, जुन समयमा तिनीहरूमाथि विपत्ति आइपर्छ र तिनीहरू तितरबितर हुन्छन्; तर धर्मी जनहरूको निम्ति यो औधि रमाउने समय हो। किनकि उहाँका शत्रुहरू चारैतिर छरपस्ट हुन्छन्। तिनीहरू ठूलो गड़बड़ीको साथ भाग्छन्। तिनीहरू साररहीन धूवाँजस्तै छन् र आगोको सामना गर्न नसक्ने, तर तुरुन्तै पग्लिहाल्ने मैनजस्तै छन्; अनि लर्बरिँदै तिनीहरू आफ्नो विनाशमा आइ-पुग्छन्। तर धर्मी जनहरूको निम्ति त्यो समय सत्य प्रमाणित हुने, इनाम पाउने, अनि हर्ष र आनन्दले उल्लासित हुने समय हो।

**भजन ६८:४-६:** यो त परमेश्वरको निम्ति स्तुति गाउने समय र मरुभूमिमा परमप्रभुको निम्ति एउटा राजमार्ग उठाउने समय हुँदो रहेछ (यशैया ४०:३ र ६२:१०)। उहाँको नाम 'याह' हो; उहाँ आफ्नो करार पूरा गर्नुहुने परमप्रभु हुनुहुन्छ। उहाँ अनन्त स्तुतिको योग्य हुनुहुन्छ। उहाँ अत्यन्तै उच्च र महान् हुनुहुन्छ, तर पनि उहाँ बेसहारा हुनेहरू र दीनहीन हुनेहरूको नजिकमा हुनुहुन्छ। सबै अनुग्रहको परमेश्वर टुहुराहरूका पिता र विधवाहरूको पक्ष लिनुहुने न्यायकर्ता हुनुहुन्छ। उहाँले एकलो परेका-हरूलाई सुखी परिवारको न्यानो सङ्गति उपलब्ध गर्नुहुन्छ; अनि अन्यायको कारणले कैदमा परेकाहरूलाई उहाँले आनन्दको ध्वनिको साथ समृद्धिको स्थानमा ल्याइ-पुर्‍याउनुहुन्छ।

तर विद्रोहीहरूको निम्ति कुरा अर्कै हुन्छ। उजाड़ मरुभूमि तिनीहरूको भाग हुँदो रहेछ।

संयुक्त अमिरकाको युद्ध गीतका शब्द-हरूमा भन्नु हो भने यी परिचय दिलाउने पदहरूमा 'हाम्रा परमेश्वर अघि बढ्दै हुनुहुन्छ।' अनि जब उहाँ अघि बढ्नुहुन्छ, तब यस कुराले धर्मी जनहरू र विद्रोहीहरूका परिणामहरूमा आकाश र पातालको भिन्नता ल्याउँछ।

नेपाली बाइबलको अनुवादमा थाह नलागेको ता पनि यस भजनको हिब्रू रचनामा परमेश्वरका सातवटा नामहरू बुनिएका छन्, जस्तैः एलोहिम (पद १), याह (पद ४), यहोवा (पद १०), एल शाद्दाई (पद १४), याह एलोहिम (पद १८), अदोनाइ (पद १९) र यहोवा अदोनाइ (पद २०)।

### ख) भजन ६८ः७-८ः सिनाई पर्वतबाट उजाड़स्थानहुँदो करारको सन्दुक अघि बढ़ेको

जब इस्राएलीहरू सिनाई पर्वतबाट हिँड्न लागे र करारको सन्दुक अग्रगामी भएर तिनीहरूले प्रतिज्ञाको देशतर्फ यात्रा शुरु गरे, तब त्यो शोभायात्राको शरुआत भावोत्तेजक क्षण थियो। प्रकृति स्वयम् यस भयावह घटनामा साथ दिएको देखिन्छ; किनकि यस दृश्यमा पृथ्वी काम्यो, आकाशबाट पानी पऱ्यो र सिनाई पर्वत हल्लियो।

### ग) भजन ६८ः९-१४ः कनान देशभित्र गरेको प्रवेश र विजय-प्राप्ति

**भजन ६८ः९-१०ः** अनि नौ पदमा आएर इस्राएली जाति कनान देशमा बसिसकेको रहेछ; अनि परमेश्वरले हावापानीमा हेरफेर ल्याउनुभयो; यसकारण देशमा प्रशस्त पानी पर्थ्यो। मिस्र देशको सिँचाइ र उजाड़स्थानको खड़ेरी कति फरक हुन्थ्यो! देहातले जीवनसित एउटा नयाँ सम्झौता गरेछ; यसकारण ओइलिरहेको वनस्पति-जगत्‌मा फलफूल, घाँसपात र बोटबिरुवाहरू सप्रेर लहलह भए। परमप्रभुको भरपूर प्रबन्धले गर्दा मानिसहरू ढुक्कै भएर बस्थे।

**भजन ६८ः११-१३ः** वृत्तान्त छिटो-छिटो अघि बढ़ेर देशको कब्जामा आइपुग्छ। प्रभुले शत्रुको विरुद्धमा कदम बढ़ाउने आदेश दिनुभयो। अनि उहाँको यस वचनमा विजयको निश्चयता पनि दिइएको छ। त्यसपछि अर्को कुरा के थाहा लाग्छ भने, स्त्रीहरूको एउटा ठूलो दलले[48)] 'सेनाहरूका राजाहरू भागे, तिनीहरू छिटो-छिटो भागे' भन्ने समाचार घरमा फैलाए। न्यायकर्ताहरूको पुस्तकको पाँच अध्यायमा दबोराको जय-गीतसित खूब मिल्ने शब्दहरूमा यहाँ बताइन्छ, कि स्त्रीहरूले लड़ाइँको लुटको माल बाँड़िरहेका छन्; यसको लागि यिनी-हरूले भेड़ाका गोठहरू कहिल्यै छोड्नु-पर्दैनथियो। अनि यिनीहरूले सुन्दर वस्त्रहरू र गरगहनाहरू लगाइहेर्दा यिनीहरू चाँदीले ढाकिएका ढुकुरका पखेटाहरूजस्ता देखिन्थे अथवा अर्को दिशाबाट यिनीहरूमाथि रश्मि पर्दा यिनीहरू पहेंलो सुनमा टल्केर पहेंलपुर प्वाँखहरूजस्तै हुन्थे।

**भजन ६८ः१४ः** शत्रुको निम्ति त्यो कत्रो विनाशकारी हार थियो! किनभने परमेश्वरले राजाहरूलाई सल्मोन पर्वतमा परेको हिउँझैं तितरबितर पार्नुभयो।

### घ) भजन ६८ः१४-१८ः दाऊदले यरूशलेम शहर कब्जा गरेको

**भजन ६८ः१५-१६ः** त्यस बेलासम्म यरूशलेम शहर अझै पनि अन्यजाति यबूसीहरूको हातमा थियो। तर सारा इस्राएलमाथि राजाको रूपमा अभिषेक भइसकेपछि दाऊदले कदम चालेको प्रथम कामचाहिँ त्यस शहरको विरुद्धमा जाइलाग्नु थियो। त्यसको रक्षकगण यति साह्रो आत्म-निर्भर थियो, कि तिनीहरूको विचारमा त्यो

शहर अन्धा र लङ्गड़ाहरूले सुरक्षित राख्न सक्ने अजय हुन्थ्यो। तर दाऊद र तिनका मानिसहरूले त्यो गढ़ कब्जा गरे र त्यसको नाम 'दाऊदको शहर' राखे (२ शमूएल ५:१-९)।

भजनकारले यसको सन्दर्भमा यही कुरा यहाँ उल्लेख गरेका हुन्। उक्त गढ़ कब्जा गरेकोमा के प्रकट भयो भने, यरूशलेमचाहिँ त्यो चुनिएको शहर थियो। यसकारण बाशानको उत्तरमा अवस्थित भएको हर्मोनको उच्च हिम-चुलीले सियोन पर्वतलाई ईर्ष्यापूर्ण दृष्टिले हेर्दैथियो। हर्मोनचाहिँ धेरै उच्च चुचुराहरू भएको एउटा शानदार हिम शृङ्खला हो; तर परमेश्वरले त्यसलाई होइन, तर सियोनलाई आफ्नो स्थायी वासस्थानको निम्ति चुन्नुभयो। यसैकारण त्यस हर्मोनले सियोनलाई ईर्ष्यापूर्ण दृष्टिले हेर्दैथियो।

**भजन ६८:१७:** हो, दाऊदले यबूसी-हरूको हातबाट यरूशलेम कब्जा गरेको कुरा याद गरेका छन्। तर त्यस विजयको खास स्रोतको सम्बन्धमा दाऊद धोकामा पर्दैनथिए। त्यो विजय तिनको चलाख रणनीति वा तिनका मानिसहरूको वीरताको फल थिएन। होइन, तर परमेश्वरका अनगन्ती रथहरूले त्यस शहरमाथि हमला गरेका थिए। सिनाई पर्वतबाट शुरु भएको परमेश्वरको यात्रा सियोनमा आफ्नो महिमित चरमसीमामा पुगेर पूरा भयो।

**भजन ६८:१८:** अनि जब दाऊदले आफ्ना सिपाहीहरूले यरूशलेमको उचाइमाथि हमला गरेको कुरा सम्झे, तब यसमा तिनले शारीरिक सोच नाघेर परमेश्वरलाई एउटा उच्च पर्वतमाथि उक्लनुभएको, कैदीहरूलाई कैद गरेर लैजानुभएको र भूतपूर्व विद्रोही-हरूको निम्ति आफ्नो विजयमा लुटका मालहरू हासिल गर्नुभएको देखे, किनकि उहाँले ती मानिसहरूको बीचमा तिनीहरूका प्रभु र मुक्तिदाताको रूपमा वास गर्ने चाहना गर्नुभयो।

अनि प्रेरित पावलले यो अठार पद ख्रीष्टको स्वर्गारोहणको अर्थमा प्रयोग गरे (एफेसी ४:८-१०)। किनकि जब यस धरतीबाट ख्रीष्ट येशूको स्वर्गारोहण भयो, तब उहाँले कैदलाई कैद गरेर लैजानुभयो। यसको मतलब उहाँका शत्रुहरूमाथि उहाँको महिमित विजय भयो, र उहाँले मानिसहरूलाई दानहरू दिनुभयो। अनि भजन ६८:१८ पदअनुसार जुन दानहरू उहाँले क्रूसमाथि पूरा गर्नुभएको त्राणको कामको इनामस्वरूप मानिसहरूको बीचबाट पाउनुभयो, ती दानहरू उहाँले आफ्नो मण्डलीको स्थापना र विस्तार गर्नको निम्ति फेरि मानिसहरूलाई दिनुभयो (एफिसी ४:८)।

### ङ) भजन ६८:१९-२३: यबूसीहरूमाथि विजय प्राप्त गरेकोमा इस्राएलीहरूले परमेश्वरको प्रशंसा गरेको स्तुतिगान

**भजन ६८:१९-२०:** अनि सियोन कब्जा गरिएका सम्झनाहरूले परमेश्वरका जनहरूमा उहाँको प्रशंसा गर्ने इच्छा जगाए; यो अनिवार्य कुरा हो। अनि तिनीहरूको स्तुतिगानले परमेश्वरलाई उद्धारक र विनाशकको रूपमा पेश गरेको छ। उद्धारकको रूपमा उहाँले 'हाम्रा बोझहरू बोक्नुहुन्छ र हाम्रै निम्ति विजय हासिल गर्नुहुन्छ' (नोक्स)। उहाँ हाम्रो उद्धारका परमेश्वर हुनुहुन्छ र उहाँसँग मृत्युदेखि छुटकारा दिने शक्ति छ।

**भजन ६८:२१-२३:** अनि विनाशकको रूपमा उहाँले आफ्ना शत्रुहरूलाई चकनाचूर पार्नुहुन्छ – ती विद्रोहीहरूलाई, जसका लामा-लामा कपालले तिनीहरूको कानुन-विरुद्धको, दुष्ट चालचलन सङ्केत गर्छन्। उहाँले तिनीहरूलाई बाशानका बन्जर भूमिहरू र गहिरा-गहिरा समुद्रका तटहरूबाट खोजी-खोजी निकाल्ने प्रतिज्ञा गर्नुभयो। फलस्वरूप

इस्राएली जातिले तिनीहरूको रगतमा आफ्ना पाउहरू धुनेछ र यसका कुकुरहरूले तिनीहरूका लाशहरू आफ्नो आहार बनाउनेछन्।

बाइस पदको सन्दर्भ इस्राएली जाति फेरि एकत्रित हुने कुरा होइन, तर इस्राएलका शत्रुहरूलाई ताकेर खतम पार्ने कुरा हो।

### च) भजन ६८:२४-२७: करार सन्दुक यरूशलेममा अवस्थित भएको पवित्रस्थानतर्फ लैजाने शोभायात्रा

दाऊदले यरूशलेम कब्जा गरेको केही समयपछि तिनले करारको सन्दुक त्यसको निम्ति खड़ा गरेको पालमा ल्याउने बन्दोबस्त गरे (२ शमूएल ६:१२-१९)। अनि उक्त शोभायात्राको वर्णन यहाँ गरिएको छ। करारको सन्दुक पवित्रस्थानतर्फ लगिरहेको बेलामा भजनकारले मानौं यसो भनेका छन्: 'हेर, यहाँ उहाँ आउँदै हुनुहुन्छ।'[49] गायकमण्डल अघि हिँड्दैथियो, संगीतकारहरूको झुण्ड सबैभन्दा पछि आइरहेको थियो र बीचमा खैंजड़ी बजाउँदै गरेका तनेरीहरू हिँड़े। तिनीहरूको गीतका शब्दहरू के रहेछन्, सो सुनौं:

*'हे इस्राएलको मूलबाट निस्केकाहरूहो, सभाहरूमा परमेश्वर प्रभुलाई धन्यका भन!'*

सबै कुलहरूबाट प्रतिनिधिहरू उपस्थित थिए: दक्षिणबाट सानो बिन्यामिन र यहूदा थिए भने उत्तरबाट जबूलून र नप्ताली थिए।

### छ) भजन ६८:२८-३५: परमेश्वरको अन्तिम विजयको प्रत्याशामा हर्षोल्लास मनाउनेहरूको भीड़

अनि जब करारको सन्दुक मानिसहरूको नजरदेखि पालभित्र लोप भयो, तब बाहिर मानिसहरू अन्तिम प्रार्थनाको निम्ति एकत्रित भए (६८:२८-३१), र गीतका शब्दहरूद्वारा तिनीहरूले सारा पृथ्वीलाई परमप्रभुको स्तुति गर्ने आह्वान गरे (६८:३२-३५)।

**भजन ६८:२८-२९:** सर्वप्रथम यस प्रार्थनाले परमेश्वरलाई 'आफ्नो सामर्थ्यलाई आज्ञा गर्नुहोस्' भन्ने अनुरोध गरेको छ; उहाँले आफ्ना जनहरूको पक्षमा फेरि एकपल्ट आफ्नो शक्ति काममा लगाइदिऊन्; उहाँले तिनीहरूको निम्ति शुरु गर्नुभएको काम पूरा गरून्। अनि यस प्रार्थनाको उत्तर कहिले आउला त? त्यसको सम्पूर्ण उत्तर ख्रीष्टको हजार वर्षको राज्यमा आउनेछ, जब उहाँको मन्दिर यरूशलेमको महिमा हुनेछ अनि राजाहरूले महाराजाकहाँ भेटीको रूपमा सुन र धूप ल्याउनेछन् (यशैया ६०:६)।

**भजन ६८:३०:** हिब्रू भाषामा यो तीस पद स्पष्ट छैन, तर हाम्रो विचारमा, यस पदले भन्न खोजेको कुरा यस प्रकारको छः मानिसहरूको विन्ती के थियो भने, 'हे परमेश्वर, पशुहरू र साँढ़ेहरूको बथानलाई हप्काउनुहोस्!' निगालो-घारीका पशुहरू भन्नाले हामीले गोहीहरू र जलगैंड़ाहरू बुझ्नुपर्ला होला, जसले मिस्र देशका शासकहरूलाई सङ्केत गर्छन्। अनि साँढ़ेहरूचाहिँ? नोक्सको सुझाउअनुसार यी साँढ़ेहरू अन्य शासकहरू हुन्, जसले जातिहरूको शान्त बगालमाथि आफ्नो प्रभुत्व जमाउँछन्।

*'जबसम्म हरेकले चाँदीका टुक्राहरू लिएर आफूलाई अधीनतामा सुम्पिँदैन'* भन्ने वाक्यको अर्थ 'जबसम्म ती जातिहरू करको रूपमा चाँदी लिएर तपाईंको अघि झुक्दैनन्' होला, कि त 'जुन जातिहरू चाँदीको करले गर्दा फस्टाए, ती जातिहरू नहारेसम्म' हुनु सक्छ। यी दुईवटा अर्थहरू हामीलाई राम्रो लागेको छ। किनकि 'लड़ाइँमा खुशी हुने मानिसहरूलाई तितरबितर पार्नुहोस्!' भन्ने सम्बन्धित विषय लिएर यो प्रार्थना अघि बढ़ेको छ। यी अनुरोधहरूको उत्तर ख्रीष्ट येशूको दोस्रो

आगमनमा आउनेछ, जुन बेलामा आक्रमणकारीहरू र जङ्गबाजहरू नाश हुनेछन्।

**भजन ६८:३१:** त्यस दिनमा मिस्र देशबाट राजदूतहरू कर लिएर आउनेछन्, र कूश देशले विन्तीभावको साथमा परमेश्वरकहाँ आफ्ना हातहरू फैलाउँदै सम्पूर्ण पृथ्वीका राजालाई भक्ति र आदर गर्नेछ।

**भजन ६८:३२-३५:** यी अन्तिम पदहरूमा पृथ्वीका राज्यहरूलाई इस्राएलका परमेश्वरलाई आदर र प्रशंसाका योग्य परमेश्वर मानिलिने आह्वान गरिएको छ। यी पदहरूका शब्दले परमेश्वरको वैभव र उहाँको महानताको अद्‌भुत बोधको आभास दिलाएका छन्। उहाँ सर्वश्रेष्ठ हुनुहुन्छ, जसले प्राचीनकालदेखिको स्वर्गमाथि सवार गर्दै हुनुहुन्छ। उहाँ प्रकाशमान् परमेश्वर हुनुहुन्छ, जो शक्तिशाली आवाजको साथ बोल्नुहुन्छ। उहाँ सर्वशक्तिमान् हुनुहुन्छ, जो इस्राएलको पक्षमा बलवान् हुनुहुन्छ। अनि उहाँको सर्वशक्ति बादलहरूदेखि पार हुन्छ।

उहाँ आफ्ना पवित्र स्थानहरूमा भययोग्य हुनुहुन्छ; तर झुकीकन उहाँ आफ्ना जनहरूलाई बल र सामर्थ्य दिनुहुन्छ। तब भन्नको निम्ति एउटै कुरा मात्र रहेको छः *'परमेश्वर धन्यका होऊन्!'*

## भजन ६९: हे परमेश्वर, मलाई बचाउनुहोस्!

हाम्रा परमधन्य मुक्तिदाताको निम्ति आफ्ना कष्टहरू र आफ्नो मृत्यु परमेश्वरको क्रोधको सागरमा डुबेको बराबर थियो। उहाँले भोग्न लाग्नुभएको दुःखको बारेमा बोल्नुहुँदा यो एउटा बप्तिस्मासित तुलना गर्नुभयो, जब उहाँले यसो भन्नुभयोः *'तर मैले लिनुपर्ने एउटा बप्तिस्मा छ, र त्यो पूरा नभएसम्म म कति चेपारोमा परेको हुन्छु'* (लूका १२:५०)। अनि भजन ४२:७ पदमा हामी उहाँको पुकारका निम्न शब्दहरू सुन्छौंः *'तपाईंका छाँगाहरूका आवाजमा गहिरोले गहिरोलाई बोलाउँछ; तपाईंका सबै छालहरू र तपाईंका लहरहरूले मलाई छोपेका छन्।'* आफ्नो मृत्युको अत्यन्तै दर्दनाक र अति तिक्त अनुभवमा प्रभु येशूले हाम्रै पापको विरुद्धमा भएको परमेश्वरको न्यायको गहिराइ के हो, सो पूरा नाप्नुभयो।

**भजन ६९:१-३:** अनि यहाँ भजन ६९ मा उहाँ मृत्युभित्र डुब्नुहुँदा उहाँको पवित्र मनका गहिरा-गहिरा श्रमहरू के-के थिए, सो सुन्न र जान्न हाम्रो सौभाग्य भएको छ। पानी बढ़ेर उहाँको घाँटीसम्म आइसक्यो र उहाँलाई डुबाउन आँटेको छ। उहाँलाई टेको दिने केही पनि थिएन; उहाँका पाउहरूमनि केवल एउटा गहिरो दलदल थियो। अनि अहिले बाढ़हरूले उर्लेर उहाँको शिर छोपिरहेका छन्। त्यो पानी गहिरो, अति गहिरो थियो; तब दाम तिरेर छुटाइएकाहरूमध्ये कसले कहीं यसको गहिराइ पत्ता लगाउला? अनि कुरा साँचो होः परमेश्वरले न्यायका सबै पानीहरू एकै ठाउँमा, गलगथामा जम्मा पार्नुभयो, र उहाँका प्रिय पुत्र, उहाँको प्रेम-पात्रले हाम्रा पापहरूको ऋण तिर्नको निम्ति परमेश्वरको न्यायको यो महासागर पार गर्नुभयो।

यस न्यायको पानीको विशाल पथहीन सागरको सतहमाथि 'हे परमेश्वर, मलाई बचाउनुहोस्, मलाई बचाउनुहोस्' भन्ने उहाँको अविरल पुकार प्रतिध्वनित हुन्थ्यो। उहाँले यसरी अनन्तसम्म गुहार गर्दै गर्नुभएको जस्तो छ। पुकार्दा-पुकार्दै उहाँको सोर भङ्ग भयो र ख्याप्पै सुक्यो। कतै परमेश्वरबाट सहायता आउँछ कि भन्ने आशामा निरन्तर क्षितिज हेरिरहेका उहाँका आँखाहरू सुन्निएर बन्द भए; तर कुनै सहायता भएन।

**भजन ६९:४:** रिसाहा मानिसहरूको भीड़ले विषालु भावना, घृणा, कटुता र निर्दयताको उम्लिरहेको मिश्रण लिएर क्रूसको

अघि यता र उता गरिरह्यो। ब्रह्माण्डको सृष्टिकर्ता र पालनहार अपराधीझैं क्रूसमाथि झुन्डिनुभएको र उहाँका हत्याराहरू उहाँको सामु भेला भएको कस्तो दृश्य! यी अपराधीहरू को हुन् त? तिनीहरू ती स्त्री र पुरुषहरू हुन्, जो आफ्नो जीवनको एक-एक सासको निम्ति उहाँको ऋणी थिए, र पनि उहाँलाई विनाकारण घृणा गर्थे। तिनीहरूले उहाँलाई नाश गर्न दृढ़ निश्चय गरे; तिनीहरूले झूटा आरोप लगाएर उहाँमाथि आक्रमण गरे।

किन? मेरा प्रभुले कुनचाहिँ अपराध गर्नुभएको? केले गर्दा यत्रो रिस, यत्रो द्वेष?
उहाँले लङ्‌ङाहरूलाई हिँड्ने तुल्याउनुभयो;
उहाँले अन्धाहरूलाई दृष्टिदान दिनुभयो।
तिनीहरूको चङ्गाइ उहाँको अपराध ठहरियो, कि कसो हो?
बिचरा! तिनीहरू नै नाराज भए र उहाँको विरोधमा उठे, कसरी?

श्री सामुएल क्रसम्यान

अब मुक्तिदाता प्रभुका ओठहरूबाट यो मर्मस्पर्शी वाक्य फुटेर निस्कन्छः 'मैले चोरी नगरेको चीज मैले फिर्ता गरें।' मानिसको पापले परमेश्वरबाट सेवा, उपासना, आज्ञाकारिता र महिमा लुट्यो भने त्यसले मानिसबाट जीवन, शान्ति, आनन्द र परमेश्वरसँगको सङ्गति लुट्यो। यसैले कुरा साँचो होः ख्रीष्ट येशू आफूले चोरी नगरेको चीज फिर्ता गर्न आउनुभयो।

आफ्नो परमसुन्दर ईश्वरीय वेशभूषा एकातिर फालेर उहाँले आफ्नो ईश्वरत्वमाथि देहको घुम्टो हालिदिनुभयो;
अनि त्यस माटोको चोलामा उहाँको अद्‌भुत प्रेमको प्रदर्शन भयो, र यसरी उहाँ आफूले लाँदै नलगेको कुरा फिर्ता गर्नुभयो।

अज्ञात लेखक

यस सम्बन्धमा उहाँले हामीलाई दोष-बलिको सम्झना गराउनुहुन्छ (लेवी ५)। त्यस दोष-बलिको मुख्य विशेषता के थियो भने, त्यस दोष-बलि चढ़ाउने व्यक्तिले क्षतिको निम्ति भर्ना गर्नुपरेको थियो र त्यसमाथि त्यसको पाँचौं भाग थप्नुपर्थ्यो। हाम्रो दोष-बलिको रूपमा प्रभु येशूले मानिसको पापले चोरी गरेको कुराको क्षतिपूर्ति मात्र गर्नुभएन, तर उहाँले त्यसमाथि अझ थपिदिनुभयो। किनकि परमेश्वरले ख्रीष्ट येशूले पूरा गर्नुभएको त्राणको कामद्वारा जति महिमा प्राप्त गर्नुभयो, त्यति महिमा त संसारमा पाप पस्दै नपसेको भए उहाँले प्राप्त गर्नुहुनेथिएन। पापद्वारा उहाँले सृष्टि गरिएका प्राणीहरूलाई गुमाउनुभयो, तर अनुग्रहद्वारा उहाँले पुत्रहरूलाई प्राप्त गर्नुभयो। पापमा पतित नभएको आदममा हामी जेजस्ता हुनेथियौं, त्योभन्दा कता हो कता उत्तम हाम्रो अवस्था ख्रीष्टमा छ।

ख्रीष्ट येशूमा आदमका सन्तानहरू गर्व गर्छन्, किनकि तिनीहरूका पुर्खाले गुमाएको भन्दा बढ़ी आशिषहरू तिनीहरूले उहाँमा पाएका छन्।

**भजन ६९:५:** यस पदको सन्दर्भ हाम्रै पापहरू हुन्, जुन पापहरू प्रभु येशूले राजीखुशीले आफूमाथि लदाउनुभयो। उहाँमा कुनै मूर्खता, कुनै भूल वा गल्ती छँदैथिएन, तर उहाँले हाम्रा पापहरू र हाम्रा शोकचिन्ताहरू लिनुभयो र ती आफ्नै तुल्याउनुभयो। उहाँले आफूलाई हामीसित यति साह्रै एक तुल्याउनुभयो, कि हाम्रा पापहरू उहाँकै पापहरू भए – त्यो कति अद्‌भुत अनुग्रह हो!!

**भजन ६९:६:** तब एक किसिमको डरले उहाँको पवित्र हृदयमा एउटा कालो छाया हाल्यो। किनकि उहाँले परमेश्वर पितासित गर्नुभएका प्रार्थनाहरू उत्तर नमिलेका देखेर कतिजना इमानदार ख्रीष्ट-विश्वासीहरूले ठक्कर पो खालान् कि भन्ने उहाँलाई डर भयो। यस्तो कदापि हुनुहुँदैनथियो। उहाँसित

जेजस्तो भइरहेको थियो, यसको खातिर परमेश्‍वरमाथि आशा राख्ने कोही पनि शर्ममा पर्नुहुँदैनथियो। अनि उहाँ अपमानित हुनुभएको र त्यागिनुभएको हुनाले इस्राएलका परमेश्‍वरको खोजी गर्ने कोही पनि लज्जित नहोस् – यही उहाँको प्रार्थना थियो।

**भजन ६९:७-८:** तर पिताकै इच्छाप्रति आज्ञाकारी हुनुभएको हुनाले उहाँले निन्दा सहनुपरिरहेको थियो। परमेश्‍वरलाई खुशी तुल्याउनमा उहाँको आनन्द हुन्थ्यो; अनि यस कुराले मानिसहरूलाई असाध्य शर्मले उहाँको अनुहार छोप्ने र उहाँको अनुहारमा थुक्ने अवसर दिलायो। उहाँले आफ्नो आज्ञाकारिताको निम्ति दाम चुकाउनुपर्‍योः उहाँकी आमाका छोराछोरीहरूबाट त्यागिएको विछोड़को व्यथा थियो। किनभने उहाँका झट्केला भाइहरूले उहाँलाई पागल ठाने।

**भजन ६९:९:** प्रभु येशूलाई आफ्ना पिताको घरको जोशले खाएको थियो। जब-जब मानिसहरूले परमेश्‍वरको विरुद्धमा निन्दा गरेको उहाँले सुन्नुहुन्थ्यो, तब-तब उहाँले त्यो आफ्नै निन्दा गरिएको ठान्नुहुन्थ्यो। उहाँले यरूशलेममा रुपियाँपैसा साट्ने सराफीहरूलाई मान्दिर-परिसरबाट लखेट्नुभएको दिनको कुरा होः त्यस बेलामा उहाँका चेलाहरूले 'तपाईंको घरको जोशले मलाई खाएको छ' भन्ने कुरा भजन ६९ मा लेखिएको छ भनी सम्झे (यूहन्ना २:१७)।

**भजन ६९:१०-१२:** प्रभु येशू सिद्ध मानिस हुनुहुन्थ्यो; तर उहाँले यस धरतीमा जेजस्तो गर्नुभए पनि त्यसको एउटै पनि कामले उहाँको आलोचना गर्नेहरूलाई खुशी तुल्याउन सकेन। उहाँले उपवास बसेर आफ्नो प्राणलाई ताड़ना दिनुहुँदा पनि तिनीहरूले उहाँलाई 'खूब धर्मात्मा हुन खोजेको हँ' भन्दै दोषी ठहर्‍याउन खोजे। उहाँ गहिरो शोकमा डुब्दा पनि तिनीहरूले उहाँलाई सहानुभूति देखाउनको सट्टामा उहाँ तिनीहरूको निम्ति निन्दाकै पात्र पो हुनुभयो। शहरको मूलढोकामा बस्ने शासकहरूदेखि लिएर रक्सीका भट्टीहरूमा लगाम छोड़ेर चर्को सोरले उपहासपूर्ण गीतहरू गाउँदै गरेका मतवालाहरूसम्म समाजका सबै वर्गका मानिसहरूले उहाँको विरुद्धमा कुरा गर्थे। यो कति अनौठो कुरा होः जीवन र महिमाका प्रभु यस संसारमा आउनुभयो र उहाँ मतवालाहरूको गीतको विषय बन्नुभयो।

**भजन ६९:१३-१८:** यसकारण प्रभु येशू फेरि परमेश्‍वर, आफ्ना एकमात्र सहाराकहाँ जानुभयो। उहाँको प्रार्थनामा कति तीव्रता, कति एकाग्रता र कति जोर थियो! उहाँले निरन्तर गुहार माग्दै गरेका आफ्ना आग्रहहरूद्वारा स्वर्गका बुर्जहरू हल्लाइसक्नुभयो। तर यसो गरे तापनि उहाँले परमेश्‍वरलाई ग्रहणयोग्य समयमा प्रार्थनाको उत्तर दिने छुट दिनुभयो। जब उहाँ दलदलमा भासिनुभयो; तब तत्कालै उहाँले परमेश्‍वरलाई अनुरोध गर्नुभयोः 'आफ्नो विश्‍वासयोग्यतामा मलाई सहायता गर्नुहोस्, र मलाई बचाउनुहोस्! मलाई मेरा शत्रुहरूबाट छुटकारा दिलाउनुहोस्! अनि गहिरो पानी, बाढ़ी र खाड़लबाट मलाई बचाउनुहोस्!' आफ्नो आपद्‌विपद्‌को गहिराइमा उहाँले आफ्ना आग्रहहरू परमेश्‍वरको दयामा र उहाँका कोमल कृपाहरूमाथि बिछाउनुभयो। उहाँका निवेदनहरू छोटा र विषयबद्ध थिए, जस्तैः 'मेरो विन्ती सुन्नुहोस्, मतिर फर्कनुहोस्, आफ्नो अनुहार मदेखि नलुकाउनुहोस्, मेरो नजिक आउनुहोस्, दाम तिरेर मलाई छुटाउनुहोस् र मेरो छुटकारा गराउनुहोस्!' 'मेरा शत्रुहरूको खातिर मलाई छुटाउनुहोस्' भनेको मतलब 'नत्र ता तिनीहरूले मेरो कम नभएको कष्ट देखेर खुच्चिङ मच्चाउलान्' भन्नु हो।

**भजन ६९:१९-२०:** आफ्ना शत्रुहरूको कुरा गर्नसाथ उहाँले मानिसहरूको हातबाट

सहनुभएका सबै दुःखकष्टहरूको आलो सम्झना गर्नुभयो। उहाँले जीवनभरि निन्दा, शर्म र अनादर सामना गरिरहनुपर्‍यो। आफ्नो बाल्यावस्थामा विरोधीहरूले उहाँलाई खेदो गरेका थिए। तिनीहरूको सङ्‌ख्या कति थियो, सो परमेश्वरलाई थाहा छ। आदमका सन्तानहरूको निम्ति भलो मात्र चिताउने उहाँको हृदय अपमानहरूले छिया-छिया भयो। खेद र उदासीपनले उहाँलाई हताश बनाएको थियो। उहाँको शोक र दुःखमा उहाँलाई टिठ्याउने कोही पनि भएन। उहाँले व्यर्थैमा सान्त्वना दिनेहरूको खोजी गर्नुभयो। अँ, उहाँका चेलाहरूले पनि उहाँलाई छोडे, र भागे। उहाँ एकलै हुनुभयो।

**भजन ६९:२१:** त्यसपछि हामी यहाँ दाऊदले बोलेका आश्चर्यचकित तुल्याउने भविष्यवाणीहरूमध्ये अर्को एउटा पढ्न पाएका छौं, जुन भविष्यवाणी प्रभु येशूमा पूरा भयोः *'अनि खानको निम्ति तिनीहरूले मलाई पित्त दिए, र मलाई तिर्खा लाग्दा पिउनलाई तिनीहरूले मलाई सिर्का दिए।'* यो कुरा मत्ती २७:३४ र ४८ पदमा पूरा भयोः *'तब तिनीहरूले उहाँलाई पित्त मिलाएको सिर्का पिउन दिए; अनि उहाँले चाख्नुभएपछि पिउने इच्छा गर्नुभएन। ... अनि उत्तिखेरै तिनीहरू-मध्ये एकजनाले दगुरेर एउटा स्पन्ज लियो, त्यसमा सिर्का भर्‍यो, र त्यो एउटा निगालोमा राखी उहाँलाई पिउन दियो।'*

पित्तचाहिँ एउटा तीतो र सम्भवतः विषालु पदार्थ थियो, जसको थोरै मात्राको सेवनले शामक औषधिको काम गर्थ्यो। प्रभु येशूले त्यो पिउने इच्छा गर्नुभएन; किनभने पूरा होशमा रहेर उहाँले हाम्रो सट्टामा दुःख भोग्नैपर्नेथियो। अनि त्यो सिर्काचाहिँ? यो त अमिल्याएको अङ्‌गुरको रस थियो, जसले तिर्खा मेटाउनुको सट्टामा बरु तिर्खा झन् बढ़ाउने गर्थ्यो।

**भजन ६९:२२:** यस बाइस पदमा आएर यस भजनको तरङ्गमा अकस्मात् परिवर्तन भएको छ। अनि आउँदा सातवटा पदहरूमा हामी मृत्युको मुखमा पुगिसक्नुभएको मुक्तिदाता प्रभुले परमेश्वरलाई पुकार्नुभएको पाउँछौंः उहाँले प्रभु येशूलाई मृत्यु-दण्डको योग्य ठहर्‍याउने त्यस जातिलाई दण्ड दिऊन्। प्रभु येशूले *'हे पिता, तिनीहरूलाई क्षमा गर्नुहोस्; किनकि तिनीहरूले के गरिरहेका छन्, सो जान्दैनन्'* भनेर प्रार्थना गर्नुभएको कुरा याद गर्दाखेरि हामीलाई शुरुमा कस्तो-कस्तो लाग्छ (लूका २३:३४)। तर वास्तवमा ती दुईवटा प्रार्थनाहरूको बीचमा मेल नखाने कुरा छैन। ती मानिसहरूले पश्चात्ताप गरेका भए अवश्यै पापको क्षमा पाउनेथिए। तर तिनीहरूको हृदयमा कुनै बदलाव नआएको खण्डमा तिनीहरूको निम्ति यहाँ बयान गरिएको न्यायमा पर्नुबाहेक अरू के बाँकी रहन सक्थ्यो र?

यहाँ जान्नुपर्ने महत्त्वपूर्ण कुरा के हो भने, यी पदहरूको खास सन्दर्भचाहिँ इस्राएली जाति हो। रोमी ११:९-१० पदमा प्रेरित पावलले भजन ६९:२२ र २३ पदहरू इस्राएलसितै सम्बन्धित रहेका बताएका छन्। अनि पच्चीस पदमा 'तिनीहरूका तम्बूहरू' भनेर यहूदीहरूको छाउनीको कुरा गरिएको स्पष्ट बुझिन्छ; किनकि यो एक विशिष्ट यहूदी शब्द हो।

यी पदहरूले त्यही यहूदी-जातिका मानिसहरूमाथि आइपर्ने न्यायको बारेमा भविष्यवाणी गरेका छन्, जुन मानिसहरूले आफ्ना मसीहलाई रद्द गरे, र जो उहाँको क्रूसीकरण पूरा गर्नमा सफल भए।

तिनीहरूको टेबल एउटा पासो बन्नेथियो। उक्त टेबल भन्नाले इस्राएली जातिका सबै सौभाग्यहरू बुझिन्छ, जुन सौभाग्यहरू परमेश्वरले आफ्ना जनहरूलाई प्रदान

गर्नुभयो; किनकि तिनीहरू यस पृथ्वीमा उहाँको एकमात्र चुनिएको जाति थिए। तर यी सौभाग्यहरू आशिष हुनुको सट्टामा बरु तिनीहरूलाई दोषी ठहऱ्याउने नाप र मापक पो बन्नेथिए।

जब तिनीहरू समृद्धि उपभोग गर्छन्, (हिब्रूमा 'शलोम' अर्थात् शान्ति), तब यो तिनीहरूको निम्ति धराप बन्नेथियो। जब यस जातिका मानिसहरू 'सबै ठिक्कै छ' सम्झन्छन्, तब अचानक तिनीहरूमाथि सङ्कट आइपर्नेछ।

**भजन ६९:२३:** तिनीहरूका आँखाहरू देख्नै नसक्ने गरी अँध्यारा हुनेथिए। यसको सन्दर्भ तिनीहरूको सजायरूपी अन्धापन हो। यो अन्धापन इस्राएली जातिमाथि परेको छ (२ कोरिन्थी ३:१४)। तिनीहरूले ईश्वरीय प्रकाश रद्द गरेका हुनाले तिनीहरूलाई फेरि कुनै नयाँ प्रकाश दिइनेछैन।

तिनीहरूका कम्मरहरू निरन्तर कामिरहनेथिए। तिनीहरू जाति-जातिहरूको बीचमा तितरबितर भएर तिनीहरूका पैतालाहरूले विश्राम पाउनेथिएनन्, तर परमप्रभुले तिनीहरूलाई कामिरहने हृदय, धमिलो देख्ने आँखाहरू र मनको व्याकुलता दिनुहुनेथियो (व्यवस्था २८:६५)।

**भजन ६९:२४:** परमेश्वरको क्रोध तिनीहरूमाथि खनिनेथियो, र उहाँको बल्दो रिसले तिनीहरूलाई पक्रनेथियो। यहूदीहरूको विरोधमा ती डरलाग्दा-डरलाग्दा हत्याकाण्डहरू, ती नजरबन्दी शिविरहरू, ती ग्यास-च्याम्बर र भट्टीहरूमा उक्त भविष्यवाणी कसरी पूरा भयो, सो हामी तिनीहरूको निम्ति ठूलो सहानुभूति र संवेदना प्रकट गर्दै सम्झना गर्छौं। हो, दुष्ट मानिसहरूले ती क्रूरताहरू पूरा गरे, तापनि परमेश्वरले यहूदीहरूसित यसो हुन दिनुभयो; यसमा शङ्का छैन। किनकि तिनीहरूले यसो भनेः *'त्यसको रगत हामीमाथि र हाम्रा छोराछोरीहरूमाथि परोस्'* (मत्ती २७:२५)।

**भजन ६९:२५:** तिनीहरूको वासस्थान उजाड़ हुनेथियो र तिनीहरूका पालहरूमा कोही पनि बस्नेथिएन। यहाँ, यस ठाउँमा हामी मत्ती २३:३८ पदमा ख्रीष्ट येशूले भन्नुभएका निम्न शब्दहरू याद गर्छौं: *'हेर, तिमीहरूको घर तिमीहरूको निम्ति उजाड़ छोड़िन्छ।'* प्रभु येशूको वचन इस्वी संवत् ७० सालमा अक्षरशः पूरा भयो, जब रोमी सेनापति टाइटस र तिनको रोमी सेनाले यरूशलेमलाई ध्वंस पारे र यसको मन्दिर नाश गरे।

**भजन ६९:२६:** के तिनीहरूमाथि आइपरेको उक्त सजाय तपाईंलाई बढ़ी भएको लाग्दैछ? तब तपाईंले त्यसको कारण याद गर्नुहोला, र तिनीहरूको परम अपराध सम्झनुपर्छ।

*'किनकि जसलाई तपाईंले हिर्काउनुभएको छ, उसैलाई तिनीहरू सताउँछन्; र जसलाई तपाईंले घायल पार्नुभएको छ, तिनीहरू उनीहरूकै शोकको विषयमा कुरा गर्छन्।'*

आउनुहोस्, हामी दाखबारीको दृष्टान्तको कुरा सुनौं! किनकि मत्ती २१:३८ पदमा दाखबारीका मालिकका छोराको विषयमा किसानहरूले यसो भनेका लेखिएको छः *'हकवाला यही हो; आओ, हामी यसलाई मारौं, र यसको हकको सम्पत्ति हड़प गरौं!'* उहाँ परमेश्वरको पुत्र हुनुहुन्छ भनी तिनीहरूलाई थाहै थियो, र पनि तिनीहरूले उहाँको हत्या गरे। अनि भजन ६९:२६ पदको खण्ड ख) को वाक्यले ख्रीष्ट येशूका ती चेलाहरूलाई बयान गरेको छ, जो उहाँको निम्ति शहीद हुनेथिए।

**भजन ६९:२७-२८:** यो कुरा ध्यानमा राखी मुक्तिदाता प्रभुका निम्न शब्दहरूको कठोरताको निम्ति खेद प्रकट गर्नुपर्ने आवश्यकता देखिँदैन।

*'तिनीहरूको अधर्ममाथि अधर्म थपिदिनुहोस्, अनि तिनीहरूलाई तपाईंको धार्मिकतामा आउन नदिनुहोस् । जीवितहरूको पुस्तकबाट तिनीहरू मेटिऊन्, र धर्मी जनहरूसँग तिनीहरूको नाम नलेखियोस् ।'*

यसो भए पनि हामीले यो कुरा भुल्नुहुँदैनः परमेश्वरका पुत्र क्रूसमा टाँगिनुभएपछि पनि परमेश्वरको आत्माले इस्राएली जातिलाई तिनीहरू पश्चात्ताप गरेर उहाँकहाँ फर्किआऊन् र प्रभु येशूलाई मसीहको रूपमा स्वीकार गरून् भनी आग्रह गर्नुभयो । प्रेरितहरूको पुस्तकमा वर्णन गरिएको सारा अवधिमा परमेश्वरको हृदयको धड्कन छाम्न सक्नुहुन्छ; उहाँ आफूले प्रेम गर्नुभएको त्यस जातिप्रति उत्कट चाहना राख्नुभयो र बड़ो प्रेमको साथ तिनीहरूलाई उहाँको कृपा र अनुग्रह ग्रहण गर्ने निम्तो दिनुभयो । अनि वर्तमान समयमा पनि अन्यजातिहरूलाई गरेजस्तै यहूदी मानिसहरूलाई पनि सुसमाचार प्रचार गरिँदैछ । यसकारण बुझ्नुहोस्ः भजन ६९ः२२-२८ पदहरूको खण्डमा उल्लेखित न्यायका दण्डहरू केवल ती मानिसहरूले भोग्नेछन्, जसले परमेश्वरका ख्रीष्टलाई तिरस्कार गरेर जानी-बुझी त्यस्तै दुर्भाग्य रोच्छन् ।

**भजन ६९ः२९ः** यस पदमा प्राण त्याग्ने बेलामा पापी मानिसहरूका मित्र येशूबाट बोलिएको अन्तिम शब्द दिइएको छ । अवर्णनीय पीड़ाले छट्पटिरहनुभएको बेलामा उहाँले 'तपाईंको उद्धारले मलाई सुरक्षासाथ उच्च स्थान राखोस्' भनेर प्रार्थना गर्नुभयो । अनि ठीक त्यस्तै हुन आयो पनि । उहाँ मर्नुभएको तेस्रो दिनमा परमेश्वरले उहाँलाई मरेकाहरूबाट बौराएर उठाउनुभयो, र उहाँलाई प्रभु र मुक्तिदाताको रूपमा आफ्नै दाहिने हातपट्टि बसाउनुभयो । पापको निम्ति उहाँले सहनुभएका उहाँका कष्टहरू सदा-सर्वदाको निम्ति समाप्त भए । अनि हामी यसमा आनन्दित छौं ।

अबदेखि उसो परमप्रभु परमेश्वरले फेरि कहिल्यै हाम्रा प्राणको गोठालालाई प्रहार गर्नुहुनेछैन;
अनि क्रूर पापीहरूले फेरि कहिल्यै हाम्रा महिमित प्रभुसित तुच्छ व्यवहार गर्न पाउनेछैनन् ।

श्री रोबर्ट सी. च्यापम्यान

यसकारण हामी यसो भन्ने गीत गाउँछौंः

जुन आँधीबेह्रीले तपाईंको धन्यको शिर निहुराइदियो, त्यो आँधीबेह्री अब सदाको निम्ति शान्त भएको छ, अनि यसको सट्टामा तपाईंको शिरमाथि महिमाको मुकुट छ, र त्यो स्वर्गीय विश्राम हाम्रै भएछ ।

श्री एच. रोसियर

**भजन ६९ः३०-३३ः** यी अन्तिम सात पदहरूमा बोल्ने वक्ता हाम्रा बौरिउठ्नुभएको मुक्तिदाता हुनुहुन्छ । पहिले परमेश्वरले उहाँलाई मृत्यु र चिहानबाट छुटकारा दिनुभएकोमा प्रभु येशूले पिता परमेश्वरको बढ़ाइ गर्ने भाकल गर्नुहुन्छ । उहाँ गीतद्वारा परमेश्वरको नामको प्रशंसा गर्नुहुनेछ र धन्यवाद दिँदै उहाँको बढ़ाइ गर्नुहुनेछ । यस कुरामा परमप्रभुको निम्ति महँगा-महँगा बलिदानहरूमा भन्दा धेरै अर्थ र महत्त्व हुन्छ । सबै ठाउँहरूका थिचोमिचोमा परेका मानिसहरू तब ढाड़स पाउँछन्, जब तिनीहरू यो कुरा बुझ्छन्ः जसरी परमप्रभुले मुक्तिदाता प्रभुका प्रार्थनाहरू सुनेर उहाँलाई छुटकारा दिनुभयो, त्यसरी नै उहाँले खाँचोमा परेका-हरूको पुकार सुन्नुहुनेछ र ती कैदीहरूलाई छुटकारा दिनुहुनेछ, जसले उहाँलाई पुकार गर्छन् ।

**भजन ६९ः३४-३६ः** अनि इस्राएली जातिको विषयमा कसो हो ? यी अन्तिम तीनवटा पदहरूले तिनीहरूको उज्ज्वल भविष्यको पूर्वजानकारी गरेका छन् । फिलहालमा तिनीहरू अस्थायी रूपले रद्द

गरिएका छन्; तर इस्राएली जाति फेरि आशिषको स्थानमा पुनर्स्थापित हुनेछ। अँ, जब तिनीहरूले उहाँलाई हेर्नेछन्, जसलाई तिनीहरूले घोचेका थिए, जब तिनीहरूले आफ्नो एकमात्र छोराको निम्ति विलाप गरेझैं उहाँको निम्ति विलाप गर्नेछन्, अनि जब तिनीहरूले यसो भन्नेछन्: 'परमप्रभुको नाममा आउनुहुने धन्यका हुनुहुन्छ', तब, अँ, तब नै परमेश्वरले सियोनलाई बचाउनुहुनेछ, र यहूदाका शहरहरू पुनर्निर्माण गर्नुहुनेछ। त्यस समयदेखि उसो तिनीहरू जाति-जातिहरूको बीचमा छरपस्ट हुनेछैनन्, तर उहाँका दासहरूले देशमा वास गर्नेछन् र उनीहरूका छोराछोरीहरूले त्यो अधिकार गर्नेछन्। त्यस कुराले ख्रीष्टको हजार वर्षको राज्यतिर पूर्वदृष्टि लगाइदिन्छ, जुन समयमा मसीह राजा हुनुभएको प्रभु येशूले राज्य गर्नुहुनेछ र इस्राएल जातिले सुरक्षासाथ देशमा वास गर्नेछ।

## भजन ७०: हे परमेश्वर, मलाई झट्टै सहायता गर्नुहोस्!

भजन ७० को अधिकांशमा भजन ४०:१३-१७ पदहरू दोहोरिएका छन्। अनि यसको शीर्षकमा 'याद दिलाउनको निम्ति दाऊदको भजन' लेखिएको छ। यो भजन चारवटा चरणहरूमा छुट्टिन सकिन्छ, जस्तैः

### क) भजन ७०:१: मलाई सहायता गर्न हतार गर्नुहोस्!

श्री जी. च्याम्पबेल मोर्गनले 'चिन्ताले ग्रस्त भएको मानिसको तीव्र सुँक्कसुँक्क' भन्ने शीर्षक दिएका छन्। अनि एक पदबाट हामी यस प्रकारको छाप पाउँछौं; किनकि दाऊदले यहाँ परमप्रभुसित 'मलाई छुटाउन हतार गर्नुहोस्' भनी आग्रहपूर्वक विन्ती गरेका छन्।

### ख) भजन ७०:२-३: पूरा तौरले दण्ड दिनुहोस्!

यस घड़ीमा तिनका शत्रुहरूको हार र लाज तिनको चिन्ताको मुख्य विषय रहेछ। तिनले तिनीहरूलाई के आरोप लगाउँछन् भने, तिनीहरूले तिनलाई मार्न खोजे; तिनीहरूले तिनको हानिबाट खूब मज्जा लिए; अनि तिनीहरूले तिनको विपत्तिमा खिसी गरेर हाँसे। यसकारण तिनको विन्ती थियोः तिनीहरू अक्क न बक्क परून्, तिनीहरू पछि हटून्, तिनीहरू शर्ममा परून्, अँ, तिनीहरू अझै शर्मले भुतुक्कै भएर पानी-पानी होऊन्।

### ग) भजन ७०:४: तपाईंको प्रशंसा निरन्तर भइरहोस्!

यहाँ विचार-धारा कहाँदेखि कहाँसम्म बहेको छ? परमेश्वरले भजनकारको उद्धार गर्नुभयो भने यसको निम्ति उहाँमाथि प्रशंसाको ठूलो वर्षा बर्सिनेछ। किनकि परमप्रभुको खोजी गर्नेहरू सबैले उहाँको सहायताले गर्दा उहाँको बढ़िबढ़ाइ गर्नेछन् र उहाँलाई उद्धारका महान् परमेश्वर भनी आराधना गर्ने सुअवसर पाउनेछन्।

### घ) भजन ७०:५: मलाई झट्टै सहायता गर्नुहोस्!

फेरि पनि यी सहाराहीन व्यक्तिबाट 'छिटोभन्दा छिटो मलाई बचाउनुहोस्' भन्ने पुकार उठेको छ। यसमा दाऊदको विश्वास उड्ने विश्वास थिएन; तर परमप्रभु तिनका सहारा र तिनका उद्धारक हुनुहुन्छ भन्ने तिनको विश्वास त थियो; अनि यस किसिमको विश्वास इनाम नपाई कहिल्यै खेर जानेछैन।

## भजन ७१: वृद्ध भएको अवस्थामा

भजनलेखकका अनुभवहरू र इस्राएली जातिका अनुभवहरूको बीचमा ठूलो समानता रहेको छ। श्री जोह्न जी. बेलेटले गरेको सुझाउअनुसार यो भजन इस्राएली जातिको 'वृद्ध अवस्था'मा बाँकी रहेको भागरूपी इस्राएलीहरूले कष्ट पाउँदा गरेको प्रार्थनाको रूपमा अध्ययन गर्न सकिन्छ। [50)]

**भजन ७१:१-३:** शुरुका यी तीनवटा पदहरू भजन ३१:१-३ पदहरूसँग मिल्दा-जुल्दा छन्। परमप्रभु आश्रय, चट्टान र गढ़ हुनुहुन्छ; अनि यसको निम्ति यहाँ उहाँको प्रशंसा गरिएको छ। भजनलेखकले छुटकारा, उद्धार र रक्षा पाउन उहाँमाथि भरोसा राखे; साथै बचाउको निम्ति उहाँलाई शरणस्थानको चट्टान र गढ़ बनाए; यो भरोसा खेर नजाओस् र सत्य ठहरिएको होस् भनेर तिनले अनुरोध गरे।

**भजन ७१:४:** यो प्रार्थना अघि बढ्दै जाँदा के थाहा लाग्छ भने, दाऊद बितेको समयमा परमेश्वरको सहायता पाएकोमा पूरा कृतज्ञ थिए; अनि तिनले आफ्नो बुढ़ेसकालमा उहाँको अटुट दया पाउँछु भन्ने भरोसा व्यक्त गरे।

यस भजनको अर्थ हामी इस्राएली जातिमाथि लागू गर्नु हो भने, चार पदमा उल्लेख गरिएको त्यो दुष्ट, अधर्मी र निर्दयी व्यक्तिचाहिँ ख्रीष्ट-विरोधी हो। त्यसको तानाशाह शासनको आतङ्कले पवित्र जनहरूको धैर्य सीमासम्म जाँच्नेछ र तिनी-हरूबाट गुहार माग्न परमजरुरी विन्तीहरू निकाल्नेछ।

**भजन ७१:५-६:** त्यो मानिस धन्यको हो, जसले 'मेरो बालककालदेखि परमेश्वर मेरा आशा र भरोसा हुनुभएको छ' भनेर भन्न सक्छ। जसले जन्मदेखि नै परमप्रभुमाथि अड़ेस लाग्न सिकेको छ, उसका जीवन अस्ताउने अन्तिम वर्षहरूमा उसलाई कुनै सहाराको अभाव हुनेछैन। उसले जन्मेको घड़ीदेखि आफ्नो जीवनमा परमेश्वरको अद्भुत अनुग्रह पत्ता लगाउन सक्यो भने आफ्नो जीवनका पछिल्ला वर्षहरूमा पनि उसलाई उहाँको प्रशंसा गर्ने कारणहरूको अभाव हुनेछैन।

**भजन ७१:७-८:** भजनकारले सहेको घोर तिरस्कार र कष्टको कारणले तिनी धेरैजनाको निम्ति एउटा आश्चर्यकर्म थिए; अनि ठीक त्यस्तै शायद तिनले अनुभव गरेका अद्भुत छुटकाराहरूको कारणले पनि तिनी तिनीहरूको ताजुब लाग्ने कारण थिए होलान्। तर तिनको जीवनका परिवर्तनशील परिस्थितिहरूबाट भएर जाँदा पनि परमेश्वर तिनको निम्ति बलियो शरणस्थान हुनुहुन्थ्यो। अनि यसकारण तिनले हरेक दिनमा आफ्नो मुख उहाँको प्रशंसा र उहाँको आदरले भरिएको चाहन्थे।

**भजन ७१:९:** *'बुढ़ेसकालमा मलाई नफाल्नुहोस्; मेरो बल घटेको बेलामा मलाई नत्याग्नुहोस्।'*

> 'गरिमापूर्ण रूपले वृद्ध हुँदै जानको निम्ति प्रकृतिले हामीलाई दिन सक्ने निगाहभन्दा बढ़ी अनुग्रहको आवश्यकता पर्छ। बुढ़ेसकालचाहिँ अनौठा संघर्षहरू र गुप्त डरहरूले पूर्ण एउटा नौलो दुनियाँ हो, जस्तैः एकलै छोड़िने डर, आफ्ना प्रियजनहरूको निम्ति भार र बोझ बन्ने डर, असहाय र अशक्त हुने डर, आत्मसंयमी हुन छोड़िने डर, झूटो आरोपको सिकार बनिने डर आदि। ती डरहरूमा कुनै नौला कुरा छैन। यसकारण यहाँ भजनलेखकले जीवनको शरत्कालका वर्षहरूमा जिइरहेकाहरूलाई उत्साह दिन आफ्नो मनको कुरा प्रकट गरेका छन्।'
>
> स्क्रिप्चर यूनियनका दैनिक पाठहरूबाट उद्धृत

**भजन ७१ः१०-११ः** अवश्यै पनि तिनलाई अर्को डर पनि थियोः ती शत्रुहरूबाट तिनलाई डर लागेको थियो, जसले तिनको बदनाम गर्ने गर्थे र तिनको हत्या गर्ने युक्ति रचे। परमेश्वरले तिनलाई त्याग्नुभएको गलत विचार गरेर तिनीहरू आफ्नो अन्तिम हमला गर्ने तयारीमा थिए; 'हाम्रो प्रतिरोध कसले गर्ला र' भनेर तिनीहरू ढुक्क र निष्फिक्री थिए।

**भजन ७१ः१२-१३ः** त्यस सङ्कष्टले तिनलाई आपत्कालीन पुकार गर्ने प्रेरणा दिलायो; यसमा तिनले परमेश्वरलाई 'मेरो पक्षमा लड्न आउनुहोस् र मलाई सहायता गर्नुहोस्' भनेर आग्रह गरे। परमेश्वरको निम्ति ती शत्रुहरूलाई शर्म र हार खुवाउन, निन्दा र अपमानले पुरिदिन कुनै थप कष्ट हुनेथिएन।

**भजन ७१ः१४-१६ः** तर छिट्टै आशाले तिनको डर जितेछ; अनि डरको सट्टामा तिनको प्रशंसाले आफ्नो चर्को उत्कर्ष सोर सुनाउन थाल्यो। यस स्तुतिगानका शब्द-हरूको बोल सुन्नुहोस्; किनकि यसमा परमेश्वरका धर्ममय कार्यहरूको वर्णन गरिएका छन् र उहाँले हैरानमा परेको आफ्नो बालकलाई अनगिन्ती पल्ट छुटाउनुभएको छ। पवित्र सङ्कल्पको साथमा भजनकारले यसो भनेका छन्ः 'यहोवा एलोहिमका शक्तिशाली कामहरूको अटुट वर्णन लिएर म आउनेछु।' 51)

**भजन ७१ः१७-१८ः** जसरी पाँच पददेखि एघार पदसम्मको खण्डमा यहाँ फेरि तिनले आफ्नो बालककालदेखि लिएर बुढ़ेसकाल-सम्मको अनुभव नियालेर हेरेका छन् (भजन ७१ः१७-२१), तर परमेश्वरको विश्वास-योग्यता बाहेक तिनले यसमा अरू केही पनि पाउँदैनथिए। परमेश्वरले तिनलाई तिनको बालककालदेखि नै सिकाउनुभयो, अनि यसमा श्री नोक्सले आफ्नो अनुवादमा निम्न शब्दहरू थपेर भनेका छन्ः 'अझै पनि म तपाईंका आश्चर्यकर्महरूको बयान गरि-रहेछु।' अहिले तिनी वृद्ध भए र तिनको केश फुलिसकेको थियो, र पनि तिनलाई आफ्नो काम सिद्धिसकेको जस्तो लाग्दैनथियो। आउँदो पुस्ता र त्यसपछि आउने सबैलाई परमप्रभुका सामर्थ्यका कामहरूको बारेमा बताउन तिनले समय मागेछन्। यस प्रार्थनाको उत्तर जरुर भएको छ; किनकि पवित्र धर्मशास्त्र बाइबलमा यस भजनको संरक्षण भजनसंग्रहको पुस्तकमा भयो।

**भजन ७१ः१९-२१ः** परमेश्वर कति उदेकको हुनुहुन्छ! उहाँको शक्ति र उहाँको धार्मिकता आकाशभन्दा उच्च छन्। अनि उहाँले गर्नुभएका महान्-महान् कामहरूको बारेमा सोच्दाखेरि कोही पनि उहाँको तुलनामा आउन सक्दैन।

कहिलेकाहीं परमेश्वरले हुन दिनुभएकै कामको विषयमा उहाँले त्यो गर्नुभएको भनिन्छ। यहाँ पनि यस्तै छः उहाँले भजन-कारलाई (र इस्राएली जातिलाई पनि) धेरै तीता अनुभवहरू गर्न दिनुभयो। अनि इस्राएली जातिको सन्दर्भमा कुरा गर्नु हो भने, हामीले तिनीहरूको यस तिक्त अनुभवमा सङ्कष्टकाल बुझ्नुपर्छ। तर उहाँ पुनरुत्थानको परमेश्वर हुनुहुन्छ, र उहाँले आफ्ना जन-हरूलाई पुनर्जागृत गराउनुहुन्छ र तिनी-हरूलाई चिहानको मुखबाट खोस्नुहुन्छ। त्यति मात्र होइन; तर उहाँले तिनीहरूलाई निन्दाको सट्टामा आदर दिनुहुनेछ र तिनी-हरूलाई सान्त्वनाको घेराभित्र राख्नुहुनेछ।

**भजन ७१ः२२ः** परमेश्वरको विश्वास-योग्यताको प्रशंसा गर्न यहाँ सितार-बाजाको सेवा लिइन्छ। अनि इस्राएलका पवित्र जनको बढ़ाइ गर्न वीणाले साथ दिन्छ। भजन-संग्रहको पुस्तकमा 'इस्राएलका पवित्र जन' – परमेश्वरको यो नाम अरू दुईवटा ठाउँ-हरूमा पाइन्छः भजन ७८ः४१ र भजन ८९ः१८।

**भजन ७१:२३-२४:** यस स्तुतिगानमा भजनकारका ओठहरू, तिनको प्राण र तिनको जिब्रोले सितार-बाजा र वीणालाई साथ दिन्छन्। गीत गाउँदाखेरि तिनका ओठहरू आनन्दले बुद्बुद् हुनेछन्। थुमाको रगतको दाममा छुटकारा पाएको तिनको प्राण स्तुति गाउँदा औधि नै रमाउनेछ। अनि तिनको जिब्रो पनि परमेश्वरको भरोसा गर्न लायकको गुणको बारेमा कुरा गर्न कहिल्यै थाक्नेछैन; किनकि तिनका सबै शत्रुहरू पूरा शर्ममा परेका छन्।

## भजन ७२: ख्रीष्टको महिमाले भरपूर राज्य

यस भजनले शुरुमा पृथ्वीका एकजना राजाको निम्ति, सम्भवतः सुलेमानको निम्ति गरिएको प्रार्थनाको रूप लिएको छ; तर धेरै समय लाग्दैन, र हामी बुझिहाल्छौं, कि यस भजनका लेखकले सुलेमानको कुरा नाघेर पल्लो प्रभु येशू ख्रीष्टको राज्यको सारा महिमा पो देखेछन्। ख्रीष्टको राज्यचाहिँ यस थकित जुझ्ने संसारको निम्ति उत्कृष्ट समय हुनेछ। अनि मानव-जातिले उत्कट चाहना गरेको त्यस स्वर्ण-युगको शुभारम्भ हुनेछ। सृष्टिको आर्तनाद र ऐया-आत्था बन्द हुनेछ अनि शान्ति र समृद्धि फस्टाउनेछ।

**भजन ७२:१:** एक पदमा राजाको राजाभिषेक हुँदा मनाइरहेको पवित्र सभाबाट उठेको प्रार्थना सुन्छौं। श्री नोक्सले निम्न शब्दले यो पद अनुवाद गरेका छन्: 'हे परमेश्वर, राजालाई तपाईंको न्याय गर्ने दक्षता दिनुहोस्! र सिंहासनको हकवाला-चाहिँ तपाईंजस्तै धर्मी र न्यायपरायण होऊन्!'

अनि भजन ७२ को बाँकी भागमा 'उनले यसो गर्नेछन्, उनले उसो गर्नेछन्' भनेर जेजति बताइएको छ, त्यी सबै कुराहरू मुक्तिदाता प्रभुले आफ्नो चम्किलो राज्य स्थापित गर्नुहुँदा वास्तविक रूपमा पूरा हुनेछन्।

**भजन ७२:२:** *'उनले धार्मिकतापूर्वक तपाईंका जनहरूको र न्यायपूर्वक तपाईंका गरिबहरूको न्याय गर्नेछन्।'* भ्रष्टाचार, घूसखोरी र अत्याचारको अन्त हुनेछ। अनि सबै न्यायजाँचहरू निष्पक्ष हुनेछन्, र गरिबहरूलाई फेरि कहिल्यै कुनै प्रकारको प्रतिकूलता हुनेछैन।

**भजन ७२:३:** पहाड़हरूले उहाँका जनहरूको निम्ति शान्ति र समृद्धिको प्रशस्त फसल दिनेछन्, र सठीक न्यायले डाँड़ाहरूलाई ढाक्नेछ। पवित्र धर्मशास्त्र बाइबलमा 'पहाड़हरू' भन्नाले प्रायः सरकारी अधिकारवर्ग बुझिन्छ। यसो हो भने, ख्रीष्टको राज्यमा उहाँको प्रजाले देशका सबै अदालतहरूमा सर्वोच्च न्यायालयदेखि लिएर स्थानीय कचहरीसम्म निष्पक्षता र समुचित न्यायको आशा राख्न सक्नेछ।

**भजन ७२:४:** धेरै शताब्दीहरूदेखि नै गरिबहरू र अभावग्रस्तहरू थिचोमिचोमा परेका छन्, कम्ती वेतनमा काम गरेका छन्, सतावटमा परेका छन् र हत्याको समेत शिकार बनेका छन्। तर ख्रीष्टको हजार वर्षको राज्यमा राजा स्वयम् तिनीहरूका वकील हुनुहुनेछ। उहाँले तिनीहरूलाई सधैंको निम्ति मुक्त गर्नुहुनेछ र तिनीहरूलाई दमन गरेर तिनीहरूबाट फाइदा उठाउनेहरूलाई दण्ड दिनुहुनेछ।

**भजन ७२:५-६:** घाम र जून रहुन्जेल पुस्ता-पुस्तासम्म उहाँको प्रजाले उहाँलाई आदर-सम्मान गर्नेछ र उहाँको डर मान्नेछ। काटेको घाँसमाथि पानी परेझैं र सुक्खा जमिनमाथि झरी परेझैं उहाँको उपस्थितिबाट लाभ र ताजापन आउनेछ।

**भजन ७२:७:** उहाँचाहिँ साँचो मल्किसेदेक हुनुहुनेछ; उहाँ धार्मिकताको राजा र शान्तिको राजा हुनुहुनेछ। उहाँको

राज्यकालमा सठीक न्याय फस्टाउनेछ र जून रहुन्जेल शान्तिको भरपूरी हुनेछ। यहाँ शान्तिको अघि धार्मिकता आउँछ भन्ने कुरा हामीले याद राख्नुपर्छ। *'धार्मिकताको काम शान्ति हुनेछ, र धार्मिकताको परिणाम सदाको निम्ति चैन र निर्धक्कता हुनेछन्'* (यशैया ३२:१७)। प्रभु येशूले क्रूसमाथि हाम्रो निम्ति धार्मिकताको काम पूरा गर्नुभयो र हाम्रो निम्ति शान्ति वसियत गरेर छोड़िराख्नुभयो। अनि एक दिन उहाँले आफ्नो धर्ममय शासनद्वारा युद्धग्रस्त संसारमा शान्ति ल्याउनुहुनेछ।

**भजन ७२:८:** 'ब्रिटिश साम्राज्यमा सूर्य कहिल्यै अस्ताउँदैन' भन्ने कुरामा यू.के.लाई गर्व लाग्थ्यो। किनकि ब्रिटिश उपनिवेशहरू संसारका अन्य राष्ट्रहरूको बीचमा जताततै छरिएर बस्थे। तर ख्रीष्टको राज्यचाहिँ विश्वव्यापी हुनेछ। यस राज्यले चारैतिर छरिएका उपनिवेशहरूको रूप लिनेछैन। तर विश्वका सबै जाति र राष्ट्रहरू यसैमा समाविष्ट हुनेछन्। उहाँको राज्य एक समुद्रदेखि अर्को समुद्रसम्म र यूफ्रेटिस नदीदेखि लिएर पृथ्वीका छेउछेउसम्म फैलिएको हुनेछ।

**भजन ७२:९:** मरुभूमिमा बसेका, अराजक हुने फिरन्ते बन्जारे जातिहरू अन्तिम आएर उहाँको सामु घोप्टो पर्नेछन्, र उहाँका शत्रुहरूको नमीठो हार हुनेछ। यस सिलसिलामा 'धूलो चाट्नु' भनेको अपमान-पूर्वक र लाजमर्दो ढङ्गमा दमन गरिनु हो।

**भजन ७२:१०-११:** अन्यजातिहरूका राजाहरू राजाहरूका राजाको निम्ति कर र उपहारहरू लिएर यरूशलेममा आउनेछन्। यता स्पेनको शासक आउने रहेछन्, उता विभिन्न टापु-देशहरूबाट राष्ट्रपतिहरू उपस्थित हुने रहेछन्; अनि नभन्दै दक्षिण अरबका जातिहरूका मुख्यहरू पनि आएका देखिनेछ। उहाँलाई भेट्न आउने ठूला-ठूला पदाधिकारीहरू र गण्यमान्य व्यक्तिहरूले हवाई-अड्डामा खचाखच भीड़ जम्नेछ; किनकि सबैजनाले उहाँको शासन स्वीकार गर्नेछन्, र एउटै नछोड़ी सबै जातिहरूले उहाँको सेवा गर्नेछन्।

> 'के धनको राजा, के विद्याको राजा, के संगीतको राजा र के कलाको राजा – यी सबै राजाहरूले उहाँलाई स्वीकार गरिसकेका छन् र अझै पनि स्वीकार गर्नेछन्'

भनेर श्री एफ. बी. मेयेरले भनेका छन्।

**भजन ७२:१२-१४:** खाँचोमा परेका-हरूप्रति राजाको कति ठूलो दयामाया रहेछ, सो यहाँ देखिन्छ। गरिबहरू, शोषित हुनेहरू अनि कमजोर र अभागी मानिसहरूले प्रभु येशूमा एकजना शक्तिशाली उद्धारकलाई पाउनेछन्। गरिबी हराएर जानेछ र सामाजिक अन्याय त उहिलेको कुरा बन्नेछ। कमजोर भएकाहरू र खाँचोमा परेकाहरूसँग तुरन्तै उहाँको उपस्थितिमा पुग्ने अधिकार हुनेछ; अनि तिनीहरूको मामिलामाथि ध्यान दिइनेछ र तत्कालै कारबाही गरिनेछ। उहाँले तिनी-हरूलाई अन्याय र क्रूर व्यवहारबाट छुटाउनु-हुनेछ र तिनीहरूका जीवन आफ्नो दृष्टिमा कति अमूल्य रहेछन् भन्ने कुरा संसारलाई देखाउनुहुनेछ।

**भजन ७२:१५:** उहाँका विश्वासयोग्य प्रजाहरूको मुखबाट 'महाराजा अमर रहून्' भन्ने नारा गुँजिनेछ। उहाँप्रति कृतज्ञ भएर तिनीहरूले उहाँलाई शेबाका भण्डारहरूबाट सुन दिनेछन्। उहाँको निम्ति सारा संसारबाट अटुट प्रार्थना चढ़ाइनेछ, अनि मानिसहरूले मिरमिरे उज्यालोदेखि साँझ नपरेसम्म उहाँलाई धन्यको भन्नेछन्।

**भजन ७२:१६:** जमिनको उर्वरता अर्थात् उब्जाउ-शक्ति अवर्णनीय हुनेछ। अन्न राख्ने भण्डारहरू र गाईबस्तुको निम्ति घाँस राख्ने साइलोहरू अन्नले भरिएर टनाटन हुनेछन्।

पहाड़का टाकुराहरू जस्तै अघि कहिल्यै खनजोत नगरिएका ठाउँहरूमा लेबानोनका तरङ्गित वनहरूझैं बारीहरूमा पाकेका अन्नाहरू शीतल हावामा लहलह झुल्नेछन्।

अनि शहरहरू मानिसहरूले भरिभराउ हुनेछन्, जसरी मैदानहरू घाँसपातले भरिएका हुन्छन्। जनसङ्ख्याको वृद्धि बेहिसाब हुनेछ; रपनि खाद्य पदार्थको कुनै अभाव हुनेछैन।

**भजन ७२:१७:** उहाँको नाम सदा-सर्वदा रहिरहनेछ, सदैव प्रिय मानिनेछ र सदा आदरणीय भइरहनेछ। सूर्य रहुन्जेल उहाँको सुनाम र कीर्ति रहिरहनेछ। परमेश्वरले अब्राहामलाई गर्नुभएको प्रतिज्ञाअनुसार सबै मानिसहरू उहाँमा आशिषित हुनेछन्, र सबै जातिहरूले उहाँलाई धन्यको भन्नेछन्।

**भजन ७२:१८-१९:** एउटा स्तुतिगानको साथमा यो भजन समाप्त हुन्छ। प्रभु येशूको महिमाले भरपूर राज्यचाहिँ परमेश्वरको उपलब्धि हो। उहाँ नै यी सबै अद्भुत स्थितिहरूको कर्ता र प्रबन्धक हुनुहुन्छ; अरू कसैले पनि यस्तो काम गर्न सक्दैन। यसकारण उहाँको महिमापूर्ण नामको प्रशंसा सदा-सर्वदा भइरहोस्, र उहाँको महिमाले सम्पूर्ण पृथ्वी भरियोस्! योजस्तै सुहाउने कुरा अरू के हुन सक्थ्यो र?

**भजन ७२:२०:** यिशाईका पुत्र दाऊदका प्रार्थनाहरू समाप्त भए। यस भनाइको अर्थ के हुन सक्छ र के हुन सक्दैन, सो हामी हेरौं! त्यसको मतलब 'समस्त भजनसंग्रहको पुस्तकको हिसाबले दाऊदका प्रार्थनाहरू समाप्त भए' भनेर भनेको होइन; किनकि पछि भजनसंग्रहको पुस्तकमा दाऊदका अरू भजनहरू पनि धेरै हालिएका छन्। हुन सक्छ, त्यसको मतलब भजनसंग्रहको दोस्रो खण्डमा भएका दाऊदका प्रार्थनाहरू समाप्त भए; किनकि भजन ७२ चाहिँ भजनसंग्रहको दोस्रो खण्डको अन्तिम भजन थियो। तर त्योभन्दा अझ विश्वासलाग्दो स्पष्टीकरण छँदैछः प्रभु येशू ख्रीष्टको भावी राज्यचाहिँ तिनका प्रार्थनाहरूले माग गरेको चरमसीमा र परम उत्तर हो। जुन राज्यको बारेमा अघिका पदहरूमा विस्तृत वर्णन गरिएको छ, त्यो राज्यचाहिँ तिनका अन्तिम शब्दहरूको विषयवस्तु थियो (२ शमूएल २३:१-४), अनि त्यो महिमित घटना तिनका प्रार्थनाहरूको अन्तिम लक्ष्य थियो। जब ख्रीष्ट येशूले यस राज्यको सिंहासनमाथि आफ्नो आसन ग्रहण गर्नुहुनेछ, तब दाऊदका सबै आकाङ्क्षा र इच्छाहरू पनि पूरा हुनेछन्।

# खण्ड ३
# भजन ७३-८९:
# पुस्तक तीन

## भजन ७३: विश्वासको समस्या

**भजन ७३:१:** यस भजनमा आसाफले कुरा गरिरहेका छन्। अनि उनले यसो भनेका छन्: 'शुरुमा म यो कुरा स्पष्ट पार्न चाहन्छु, कि इस्राएलको निम्ति परमेश्वर भला हुनुहुन्छ, तिनीहरूको निम्ति, जसको हृदय शुद्ध छ। यो कुरा मलाई पक्का थाह छ। अनि यो तथ्य यति सरल र सर्वविदित छ, कि यस कुराको विषयमा कसले पो शङ्का गर्ला भनेर यो मेरो विचार थियो, अनि शायदै यो तपाईंको पनि विचार होला।'

**भजन ७३:२-३:** 'तर यस्तो एउटा समय थियो, जुन समयमा मेरो मनमा यसको विषयमा शङ्का उठ्न थाल्यो; अनि यस विषयमा लिएको मेरो अड़ान डगमगाउन लाग्यो र एक क्षणको लागि मेरो विश्वास

झन्डै धरमरियो। किनकि दुष्टहरू कति सौभाग्यशाली छन्! तिनीहरूसँग धेरै रुपियाँ-पैसा हुन्छ, तिनीहरूको मज्जैमज्जा छ र दुःखकष्ट केही पनि छैन। अनि नभन्दै म पनि तिनीहरूजस्तै भए कति असल हुनेथियो भन्ने कुरा सोच्न पुगें।'

**भजन ७३:४-९:** 'सबै कुरा तिनीहरूले भनेजस्तै, तिनीहरूले चिताएजस्तै भएको, कसरी? सबै कुराहरूमा भाग्य तिनीहरूकै पक्षमा भएको, कसरी? विश्वासीहरूले सहनुपरेका शारीरिक दुःखकष्टहरू धेरै, तर तिनीहरूले सहनुपरेको दुःख खास छँदैछैन। तिनीहरूका शरीरहरू निरोगी र तन्दुरुस्तीले टल्किने हुन्छन् (यो स्वाभाविक कुरा हो; किनकि तिनीहरूले सबै उत्तम-उत्तम खाने-कुराहरू किन्न सक्छन्।) हामीजस्ता शिष्ट मानिसहरूमाथि आइपर्ने कष्ट र विपत्तिहरूले तिनीहरूलाई प्रायः छुँदैनन्। अनि कारणवश तिनीहरूमाथि कुनै आपद् आइपर्छ भने जुनै पनि सम्भावित हानि-नोक्सानीको निम्ति तिनीहरूले कुनै न कुनै बिमा गरेका छन्। यसकारण तिनीहरूमा ठूलो आत्म-विश्वास छ; यसमा अचम्म लाग्दैन। तिनीहरू मयूरझैं घमण्डी र बाघझैं निष्ठुर हुन्छन्। तिनीहरूका शरीरहरूमा बोसैबोसो लागेको छ, अनि तिनीहरूका मनहरू धूर्त युक्तिहरूले भरिएका हुन्छन्। आम्मै, तिनीहरू कति अहङ्कारी हुँदा रहेछन्! तिनीहरूले आफूदेखि मनिका मानिसहरूलाई खिसी गर्छन् र सराप्छन् अनि तिनीहरूलाई कसिङ्गरसरह ठानेर निरन्तर धम्की दिइरहन्छन्। अनि परमेश्वर स्वयम् पनि तिनीहरूको द्वेषदेखि उम्कन सक्नुभएन। तिनीहरूको बोलीवचनको नीचताको साध्य छैन, र कति पनि धक नमानी तिनीहरू ईश्वर-निन्दा गर्छन्। 'बाटो छोड्; हेर्, म आउँदैछु' भनेझैं तिनीहरूको जिब्रोको धाक र आडम्बरले पूर्ण चाल सारा पृथ्वीले चाख्नुपर्छ।'

**भजन ७३:१०-१२:** 'प्रायः सबै साधरण मानिसहरूले तिनीहरूलाई महान् सम्झन्छन्। किनकि यिनीहरूले तिनीहरूलाई नमस्कार गर्छन्, तिनीहरूलाई ढोग्छन् र तिनीहरूलाई ठूलो आदर-सम्मान देखाउँछन्। ती दुष्ट मानिसहरूले जेसुकै गरे पनि जनताले तिनीहरूमा कुनै दोष देख्दैन। अनि त्यस प्रकारको व्यवहारबाट ती अत्याचारीहरूको अहङ्कारले पुष्टि पाउँछ। "परमेश्वर हुनुहुन्छ भने यहाँ के भइरहेको छ, सो उहाँलाई थाह हुँदैन" भन्ने विचारधारणा तिनीहरूको थियो। यसकारण तिनीहरूलाई केको डर? तिनीहरू आफ्ना टेढ़ामेढ़ा चालमा धुक्कै र पूरा निर्धक्क थिए। अनि अहो, हेर्नुहोस्, तिनीहरू कत्रो सुखै-सुखले पूर्ण आरामदायक जीवन जिउने गर्छन्, र सदैव धनमाथि धन थुपार्दै जान्छन्!'

**भजन ७३:१३-१४:** 'ठिक्कै छ; तर मेरो मनतव्य कहाँसम्म पुग्यो? सुशील, इमानदार र आदरको योग्य जीवन जिएर मेरो लाभ के पो भयो त? मैले प्रार्थनामा बिताएका घण्टा-हरूको विषयमा कसो हो? मैले परमेश्वरको वचन अध्ययन गर्नमा बिताएको समयको बारेमा के भयो? मैले प्रभुको कामको निम्ति गरेको मेरो आर्थिक सहायताको विषयमा के भयो? मैले सार्वजनिक र व्यक्तिगत रूपले प्रभुको निम्ति गवाही दिएको के भयो? मैले यी सबै कुराहरूको सट्टामा दैनिक दुःख र दैनिक सजाय पो पाएँ। विश्वासको जीवनको निम्ति मैले जुन मोल चुकाउनुपरेको छ, के यस्तो जीवन त्यस प्रकारको मोलको योग्य हो त?'

**भजन ७३:१५:** 'मैले कहिल्यै आफ्ना शङ्काहरू अरू विश्वासीहरूलाई सुनाइनँ; यो निश्चित छ। त्यसो नगर्नु नै मैले उत्तम ठानें। किनकि मेरो विचार घरिघरि ती मानिसको भनाइतिर पुग्छ, जसले यसो भनेः "तिमी जुन-जुन कुराहरूको विषयमा निश्चित छौ, ती कुराहरू मलाई सुनाऊ; किनकि

शङ्काहरूचाहिँ मसँग यथेस्ट छँदैछन्।" यसकारण मैले आफ्ना शङ्काहरू मनमै राखें, नत्र ता कहीं मेरो खातिर कुनै सीधासादा विश्वासीले ठेस र ठक्कर खाला।'

**भजन ७३:१६:** 'तर अझ पनि यो सब कुरा मेरो निम्ति खोल्नै नसकिने गाँठो छँदैथियो। दुष्टहरू मौलाउँछन्, तर धर्मी जनहरूचाहिँ दुःख पाइरहेका छन्। यो कुरा बुझ्न अति गाह्रो थियो। त्यो समस्या हल गर्ने प्रयासले मलाई पूरा थकाइदियो।'

**भजन ७३:१७:** 'तब एउटा अचम्मको कुरा भइगयोः एक दिन म परमेश्वरको पवित्रस्थानमा गएँ – यरूशलेममा भएको मन्दिरमा होइन, तर विश्वासद्वारा म स्वर्गको पवित्रस्थानमा पुगें। मैले यस लौकिक जीवनमा दुष्टहरूको फलिफापको विषयमा परमप्रभुसँग गुनासो पोखिरहेको थिएँ; तब अकस्मात् मेरो मनमा यस प्रश्नले मलाई झस्कायोः "यो त हो, तर तिनीहरूको परलोकको जीवनको विषयमा कसो हो?" अनि जति मैले तिनीहरूको अनन्त भाग्यको बारेमा सोचें, त्यति नै सबै कुरा सुस्पष्ट भयो।'

**भजन ७३:१८-२०:** 'तब परमप्रभुसँग मेरो बातचित यस्तो भयोः "हो प्रभु, अब म कुरा बुझ्दैछु; दुष्टहरूको जीवन जेजस्तो भए पनि खतरा हुँदो रहेछ। किनकि तिनीहरू ठूलो भिरालो चट्टानको चिप्लो धारमाथि-माथि पो हिँड्दै रहेछन्। ढिलो-छिटो तिनीहरू लड्ने रहेछन् र विनाशमा पर्ने रहेछन्। एकै क्षणमा तिनीहरू गइगए, होश गुमाइदिने खालका आतङ्कहरूको ठूलो छालले तिनीहरूलाई स्वात्तै पक्रेर लगिहाल्ने रहेछ। अब तिनीहरू मेरो लागि त्यो मिथ्या सपना जस्ता भए, जुन सपनाचाहिँ बिहान बिउँझँदा केही पनि छैन रहेछ, अनि जुन कुराहरूले सपना देख्नेको शान्ति भङ्ग गरे, ती कुराहरू बिलकुल रद्द कल्पना पो रहेछन्।'

**भजन ७३:२१-२२:** 'अहिले म बुझ्दैछु; जुन कुराहरूले मलाई डाही तुल्याएका थिए, ती कुराहरू त छाया मात्रै रहेछन्। भक्तिहीन मानिसहरू सुसम्पन्न भएका देखेर ईर्ष्यालु, तिक्त र व्याकुल हुनु मेरो मूर्खता हो रहेछ। तपाईंको न्यायको विषयमा शङ्का गरेर म मानिसजस्तो होइन, तर पशुजस्तो पो भएछु। मेरो यस्तो मूर्ख व्यवहारको लागि मलाई क्षमा गर्नुहोस्!'

**भजन ७३:२३-२४:** 'धन्यवाद! मेरो मूर्खतापूर्ण व्यवहारको खातिर तपाईंले मलाई त्याग्नुभएको छैन। म निरन्तर तपाईंसँगै छु; अनि जसरी बुबाले आफ्नो छोरालाई हात समाइराख्छन्, ठीक त्यसरी नै तपाईंले मलाई समाइराख्नुभएको छ। मेरो सारा जीवनभरि तपाईं मलाई आफ्नो सल्लाह दिईकन मेरो अगुवाइ गर्नुहुन्छ, र अन्तमा तपाईंले मलाई महिमामा ग्रहण गर्नुहुनेछ।'

**भजन ७३:२५-२६:** 'स्वर्गमा तपाईं मेरो हुनुहुन्छ; यो मेरो लागि काफी छ। यस कुराले मलाई असाध्यै धनी तुल्याएको छु। अनि पृथ्वीमा पनि अब मलाई तपाईंबाहेक अरू कुनै कुराको चाहना छैन। भक्तिहीन मानिसहरूलाई तिनीहरूको धनसम्पत्ति हुँदै गरोस्, मलाई कुनै पर्बाह छैन। तर मचाहिँ तपाईंमै सन्तुष्ट हुन्छु, र तपाईंमा मेरो सारा आवश्यकता पूरा हुन्छ। मेरो शरीर दुब्लो-पातलो भएर जाला, अनि मेरो हृदयको गति बन्द होला, तर परमेश्वर मेरो जीवनको बल हुनुहुन्छ, र अनन्तकालसम्म उहाँ मेरो एकमात्र चाहना र मेरो भाग हुनुहुनेछ; तब मलाई केको खाँचो?'

**भजन ७३:२७-२८:** 'तपाईंदेखि जति-सक्दो टाढ़ा रहन खोज्नेहरू तपाईंविना नष्ट हुनेछन्। अनि झूटा देवीदेवताहरूको पछि लाग्न तपाईंलाई त्याग्नेहरू सबै नाश हुनेछन्। तर मचाहिँ जतिसक्दो तपाईंकै नजिक हुन चाहन्छु। मैले आफूलाई तपाईंको हातमा,

तपाईंको सुरक्षामा सुम्पेको छु; अनि मेरो कुरा सुन्ने हरेकलाई म तपाईंका अद्‌भुत कामहरूको घोषणा गर्ने नै छु।'

## भजन ७४ः सम्झनुहोस्!

यस हृदयस्पर्शी विलाप-गीतले नबूकद्‌नेस्सरको अधीनस्थ बेबिलोनी सेनाहरूले यरूशलेमको मन्दिरको विनाश गरेको विगत घटनाको सम्झना गराउँछ; साथै यस भजनले इस्राएल देशमा भविष्यमा घट्‌ने अरू तीनवटा दुःखद घटनाहरूतिर पनि आफ्नो पूर्वदृष्टि लगाएको छ, जस्तैः

**क)** ख्रीष्टपूर्व १७०-१६८ सालमा एन्तिओकस एपिफानेसले पवित्रस्थानलाई अपवित्र तुल्याउनेथिए।

**ख)** इस्वी संवत् ७० सालमा रोमी सेनापति टाइटस र तिनका रोमी सेनाहरूले मन्दिर ध्वंस पार्नेथिए।

**ग)** अनि मत्ती २४ः१५ पदमा भविष्यवाणी गरेअनुसार यरूशलेममा भएको मन्दिर अझै टाढ़ा भविष्यमा उजाड़ पारिनेथियो।

बेबिलोनी विध्वंसकहरूले आफ्नो तोडू्ने-भत्काउने काम सिद्ध्याएपछि अब त परमेश्वरले आफ्नो जनहरूलाई सधैंभरिको लागि त्याग्नुभएको जस्तो देखिन्थ्यो। अनि जब तिनीहरूले ती भग्नावशेषहरूबाट उठिरहेको धूवाँ देखे, तब तिनीहरूले यो महाविपत्तिचाहिँ परमेश्वरको दन्किरहेको क्रोधको पक्का चिन्ह थियो भन्ने अड़कल काटे, अनि यो तिनीहरूको अर्थ-लगाइ सठीक थियो। तर यो सबै भए पनि तिनीहरूले विषादी, खिन्न स्वरमा परमप्रभुलाई स्मरण गराए, कि ...

**क)** *भजन ७४ः१ः* तिनीहरू अझै पनि उहाँको खर्कका भेड़ाहरू थिए।

**ख)** *भजन ७४ः२ः* तिनीहरू अझै पनि उहाँको समुदाय थिए।

**ग)** *भजन ७४ः२ः* तिनीहरू अझै पनि उहाँको निज सम्पत्तिको डन्डा थिए।

**घ)** *भजन ७४ः१९ः* तिनीहरू अझै पनि उहाँको दुःखी, अभागी ढुकुर थिए।

**ङ)** *भजन ७४ः २१ः* तिनीहरू थिचो-मिचोमा परेका थिए।

**च)** *भजन ७४ः २१ः* तिनीहरू दुःखी र खाँचोमा परेका थिए।

अनि तिनीहरूले घरिघरि 'प्रभु, यो सम्झनुहोस्, त्यो सम्झनुहोस्' भन्ने मौका छोपे।

**क)** *भजन ७४ः२ः* तपाईंको समुदायको सम्झना गर्नुहोस्!

**ख)** *भजन ७४ः२ः* सियोन पर्वतलाई सम्झनुहोस्!

**ग)** *भजन ७४ः१८ः* शत्रुले गरेको अपमान र निन्दा सम्झिदिनुहोस्!

**घ)** भक्तिहीन मानिसहरूले परमेश्वरको नामको अपमान र निन्दा गरेको सम्झनुहोस्!

**भजन ७४ः१-४ः** के विगत घटनाको विषयमा परमेश्वरलाई थाहै छैन र तिनीहरूले उहाँलाई 'आएर हेर्नुहोस्' भन्नुपरेको थियो र? किनकि तिनीहरूले उहाँलाई यहाँ कल्दी सेनाहरूले कसरी त्यो पवित्र भवन पूरा ध्वंस पारे र माटोमा मिलाइदिए, सो बयान गर्छन्। त्यसपछि उक्त घटेनाको प्रत्यक्षदर्शी भई तिनीहरूले गवाही दिन्छन्। यी विदेशी आक्रमणकारीहरूले सीधै पवित्रस्थान कब्जा गरे। अनि यिनीहरूले चिन्हको रूपमा आफ्ना झण्डाहरू खड़ा गरे। यसर्थ जुन ठाउँमा व्यवस्थाअनुसार परमप्रभुको उपासना गरिन्थ्यो, त्यो पवित्र ठाउँ तिनीहरूले आफ्ना

धर्मका रीतिहरू र आफ्नै मूर्तिहरूद्वारा अपवित्र तुल्याए।

**भजन ७४:५-८:** अनि जसरी दाउरेहरूले मोटा-मोटा रूखहरू आफ्ना सिपालु हातले एकपछि अर्को गर्दै छिटो-छिटो ढालिहाल्छन्, त्यस्तै गरी यी अन्यजाति योद्धाहरूले मन्दिरमा भएका बेल-बुट्टाका कामहरू र त्यसको काठका फल्याक, तख्ता, निदालहरू आदि आफ्ना बन्चराहरू र घन-हरूले चकनाचूर पारे। सबै भताभुङ्ग भइ-सकेपछि यिनीहरूले ती भग्नावशेषहरूमा आगो लगाइदिए र त्यसरी परमेश्वरको पवित्रस्थान पूरै अपवित्र तुल्याइदिए। इस्राएलको नामनिसान मेटाउन र परमेश्वरको उपासना जरासित उखेल्न यिनीहरूले देशमा परमेश्वरका सबै सभास्थानहरू जलाइदिए।

**भजन ७४:९:** इस्राएली जातिको त्यस भयानक दुर्दशाले तिनीहरूका तीनवटा अभावहरू सुस्पष्ट पार्‍यो, र चारवटा प्रश्न-हरूले तिनीहरूको समस्याको सङ्क्षिप्त सार दिन्छन्।

ती तीनवटा अभावहरू यी हुन्:

**क)** कुनै चिन्ह छँदैथिएन। विगत समयमा परमेश्वरले आफ्ना आश्चर्यकर्महरूद्वारा इस्राएलीहरूको पक्षमा हस्तक्षेप गर्नु-हुन्थ्यो; यो इस्राएली जातिको सुपरिचित अनुभव हुन्थ्यो। तर वर्तमान समयमा ती आश्चर्यकर्महरू पूरै हराएर गए।

**ख)** कुनै भविष्यवक्ता छँदैथिएनन्। तिनी-हरूको समयमा भविष्यवाणीको आवाज पूरा बन्द भएको थियो (इजकिएल ३:२६)।

**ग)** यस दुर्दशाबाट विराम पाउने कुनै आशा छँदैथिएन। किनकि त्यो दुःखकष्टको समय कहिलेसम्म रहने हो, सो कसैले पनि जान्दैनथियो।

**भजन ७४:१०-११:** अनि ती चार प्रश्न-हरू यिनै हुन्:

**क)** कहिलेसम्म परमेश्वरले यी विरोधी-हरूलाई खिसी गरेर हाँस्न दिनुहुन्छ?

**ख)** के परमेश्वर निरन्तर आफ्नो नामको निन्दा गर्न दिनुहुन्छ?

**ग)** उहाँको हातले यस्तो विनाश रोक्न सक्नेथियो, तर उहाँको हात थामियो, किन होला?

**घ)** किन उहाँले अल्छी पाराले आफ्नो दाहिने हात आफ्नो वस्त्रको खल्तीमा लुकाइराख्नुभएको?

**भजन ७४:१२-१७:** तर भजनकारले भूतकालको सम्झनामा आशा र सान्त्वना पाएका छन्; किनकि बितेको समयमा परमेश्वरले आफ्ना जनहरूको निम्ति आफ्नो ठूलो शक्ति काममा लगाउनुभएकै थियो। परमप्रभु लामो समयदेखि इस्राएलका राजा हुनुहुन्थ्यो; अनि उहाँले विभिन्न ठाउँ र समय-हरूमा अद्‌भुत छुटकाराहरू गरेर आफ्नो परिचय दिनुभयो। उदाहरणको निम्ति, उहाँले आफ्नो सामर्थ्यद्वारा लाल समुद्र दुई भाग पार्नुभयो र यसरी यहूदीहरूको निम्ति मिस्र देशदेखि उम्कन एउटा सजिलो बाटो तयार पारिदिनुभयो। तर जब फाराओका सेना-हरूले, ती मिस्री अजिङ्गरहरूले तिनी-हरूको पीछा गर्न खोजे, तब उहाँले समुद्रको पानी अघिको अवस्थामा फर्काउनुभयो र शत्रुका सेनाहरूलाई डुबाइदिनुभयो। उहाँले लिव्यातानका टाउकाहरू टुक्रा-टुक्रा पार्नु-भयो। लिव्यातानचाहिँ एउटा अति विशाल गोही थियो, जसले मिस्र देशको सरकार र त्यसका अधिकारीवर्गलाई सङ्केत गरेको छ। अनि समुद्रको तरङ्गले ल्याएर ती सिपाही-हरूका लाशहरू किनारहरूहुँदो सोतर परे, अनि यसरी तिनीहरू गिद्धहरू र वनपशुहरूको आहार बने। उहाँले उजाड़स्थानमा मूल फुटाएर पानीको खोला बगाउनुभयो; अनि उहाँले यर्दन नदी सुकाउनुभयो, र यहूदीहरू प्रतिज्ञा गरिएको देशमा पस्न सके। अनि दिन

र रात उहाँकै नियन्त्रणमा रहन्छन्; अनि उहाँको समयादेशअनुसार सूर्य, चन्द्रमा र ताराहरूले आ-आफ्नो काम गरिरहेका छन्। अनि उहाँले नै पृथ्वीका भौगोलिक अवस्थितिहरू र स्थलाकृतिहरू निश्चित गर्नुभएको हो। अनि ऋतुहरू पनि उहाँको नियन्त्रणमा रहिरहन्छन्।

**भजन ७४:१८-२१:** भजनकारले परमेश्वरलाई के सम्झना दिलाए भने, उहाँ पनि उक्त विपत्तिमा सम्बद्ध हुनुभयो। किनकि शत्रुले उहाँको नामको निन्दा गर्दै आएका छन्; हो, नीच र मूर्ख मानिसहरूले उहाँलाई साह्रै अनादर र घृणा गरेका छन्।

तर उहाँका जनहरूको दुर्दशा साह्रै गाह्रो र नाजुक थियो। यसकारण 'हामीलाई नछोड्नुहोस्, नत्याग्नुहोस्' भन्ने तिनीहरूको विन्ती थियो। 'आफ्नो प्रिय ढुकुरलाई बेबिलोनका जङ्गली पशुहरूको हातमा नछोड्नुहोस्, र कष्टमा परेका आफ्ना जनहरूलाई कहिल्यै नबिर्सनुहोस्' भनेर तिनीहरूले आग्रह गरेका छन्। इस्राएल देशका अँध्यारा ठाउँहरू हिंसा र क्रूरताको अड्डा भए; यसकारण वर्तमान समयमा परमेश्वरले अब्राहामसित बाँध्नुभएको करार कदर गरून् भनेर तिनीहरूको अनुरोध थियो। थिचोमिचोमा परेका उहाँका जनहरूलाई उहाँले शर्ममा पार्ने उद्देश्यले होइन, तर आदरको साथ फेरि देशमा फर्काएर ल्याऊन्; अनि प्रार्थनाको उत्तर पाएको कारणले तिनीहरूले फेरि उहाँको नामको प्रशंसा गर्ने ठोस कारण पाऊन्।

**भजन ७४:२२-२३:** अन्तमा यो मुद्दाचाहिँ परमेश्वरको मामिला थियो; अनि त्यसको हार हुने खतरा थियो। उहाँले आफ्नो नामको मर्यादा कायम राख्नुपरेको छ; किनभने भक्तिहीन मानिसहरूले दिनहुँ उहाँको उपहास गरिरहेथे। उहाँले याद गरून् र नबिर्सून्, कि उहाँका शत्रुहरू उहाँको खिल्ली उड़ाएकोमा मक्खा परिरहे, र तिनीहरूको यस नित्य उर्लिरहेको उपहासले सम्पूर्ण वातावरण निरन्तर पिरो-तीतो पारिदिन्छ; यो कत्रो चुनौती हो !

## भजन ७५: साँचो उत्थानको स्रोत परमप्रभु हुनुहुन्छ

भजन ७४ मा चढ़ाइएको प्रार्थनाले भजन ७५ मा उत्तर पाउँछ। किनकि परमप्रभु आफ्नो मुद्दा लड्न उठ्नुहुनेछ (भजन ७४:२२) र उहाँको अधीनतामा नआएका सबैलाई र सबै कुराहरू दमन गर्नुहुनेछ। तर अन्तिम आएर यस भजनले त्यस ऐतिहासिक क्षणमाथि पूर्वदृष्टि लगाइदिन्छ, जुन क्षणमा प्रभु येशू फेरि यस पृथ्वीमा फर्केर आउनुहुनेछ, र यस धरतीमा धार्मिकताको साथ राज्य गर्नुहुनेछ।

**भजन ७५:१:** अनि त्यस महिमित घटनाको प्रत्याशामा मुक्तिदाता प्रभु परमेश्वरलाई धन्यवाद चढ़ाउनमा आफ्ना जनहरूलाई अग्रसर गर्नुहुन्छ। अनि परमेश्वरका सबै अचम्मका कामहरूले उहाँ नजिकै हुनुहुन्छ भन्ने कुरा स्पष्ट देखाउँछन्; उहाँ आफ्ना चुनिएकाहरूलाई छुटकारा दिनुहुन्छ र आफ्ना शत्रुहरूलाई दण्ड दिनुहुन्छ। उहाँका सबै शक्तिशाली आश्चर्य-कर्महरूले उहाँ वास्ता गर्नुहुन्छ भन्ने प्रमाण दिन्छन् (एल.बी.)।

**भजन ७५:२:** अनि प्रभु येशू उही वक्ता हुनुहुन्छ, जसले यसो भन्नुभएको छः *'जब म समय ठहराउनेछु, तब म निष्पक्षतासाथ न्याय गर्नेछु।'* उहाँको आगमनको समय परमेश्वर पिताले निर्धारित गर्नुभएको छ (मर्कूस १३:३२)। अनि जब प्रभु येशूको निम्ति सठीक समय आउनेछ, तब उहाँले त्यो मौका छोप्नुहुनेछ र यशैयाको निम्न भविष्यवाणी

पूरा गर्नुहुनेछः *'हेर, राजाले धार्मिकतापूर्वक राज्य गर्नेछन्'* (यशैया ३२:१)।

**भजन ७५:३:** अनि त्यस महत्त्वपूर्ण घड़ीमा मानिसको शासनको विगठन हुनेछ, र उहाँले कहिल्यै टलेर नजाने राज्य स्थापित गर्नुहुनेछ। संसारमा सारा मनुष्य समाज आत्मिक, राजनीतिक र नैतिक हिसाबले पूरै भ्रष्ट हुँदै जान्छ, तर उहाँको शासनका खाँबाहरू सुदृढ़ हुन्छन् र अचल रहन्छन्।

**भजन ७५:४-५:** उहाँ अहङ्कारीहरूलाई 'अहङ्कार नगर!' भन्ने आज्ञा दिनुहुन्छ; अनि दुष्टहरूलाई उहाँ यसो भन्नुहुन्छः 'तिमीहरूले आफूलाई को ठान्छौ? यत्रो अभिमान किन गरेको हँ? आत्मविश्वास नगर, र हठी नहोओ! दम्भी भएर आफूलाई नउचाल!'

**भजन ७५:६-७:** साँचो उत्थान त्यस प्रकारले हुँदैन; त्यो न पूर्व, न पश्चिमबाट, न ता दक्षिणको उजाड़स्थानबाट आउँछ। यहाँ उत्तर दिशाको विषयमा केही नलेखिएको कारण यो हुन सक्छ, कि आक्रमणकारी सेनाहरू प्रायः उत्तर दिशाबाटै आउने गर्थे; अनि त्यसको मतलब उत्थान होइन, तर हार पो हुन्थ्यो। अथवा यो पनि सम्भव देखिन्छः कहिलेकाहीं परमेश्वरको वासस्थान उत्तरमा भएको बताइएको छ (यशैया १४:१३; भजन ४८:२)। जेजस्तो भए पनि यहाँ भन्न खोजेको कुरा सुस्पष्ट छः साँचो उत्थानचाहिँ कुनै मानिसबाट आउँदैन, कुनै सांसारिक स्रोत र माध्यमबाट पनि आउँदैन, तर परमप्रभुबाट मात्रै हुन्छ। उहाँ नै ती सर्वाधिकारी शासक हुनुहुन्छ, जसले एकजनालाई होच्याउनुहुन्छ र अर्कोलाई उचाल्नुहुन्छ।

**भजन ७५:८:** कसैलाई होच्याउँदाखेरि उहाँ एउटा कचौरा आफ्नो हातमा लिनुहुन्छ। अनि त्यस कचौरामा न्यायको दाखमद्य हुन्छ। त्यसको मर्चाको फींज उठिरहेको छ र त्यसमा खूब मसला मिसाइएको छ; त्यो मद्य चलिबस्छ र खूबै खड़ा हुन्छ। अनि जब उहाँले त्यो खन्याउनुहुन्छ, तब पृथ्वीका दुष्ट बासिन्दाहरू त्यो पूरै, त्यसका थेग्राहरूसमेत पिउन बाध्य हुनेछन्।

**भजन ७५:९-१०:** यी अन्तिम दुईवटा पदहरूमा पनि बोल्ने वक्ता प्रभु येशू हुनुहुन्छ। उहाँले सदा-सर्वदा याकूबका परमेश्वरको स्तुति गाउनुहुनेछ, जसले आफ्ना अयोग्य जनहरूलाई उच्च पार्नुभयो। उहाँले दुष्ट-हरूका सबै सिङहरू काटिदिनुहुनेछ अर्थात् तिनीहरूको शक्ति र सम्मान उड़ाइदिनुहुनेछ; तर धर्मी जनहरूका सिङहरू उच्च पारिनेछन्, अर्थात् उनीहरूको शक्ति र महिमाको वृद्धि हुनेछ।

## भजन ७६: मानिसको क्रोधले परमेश्वरको प्रशंसा गर्छ

ख्रीष्टपूर्व ७०१ सालमा सनहेरिबको अधीनस्थ अश्शूरी सेनाले यरूशलेमलाई नाश गर्ने धम्की दियो। तर तिनीहरू त्यस शहरको नजिक पुग्नुभन्दा अघि नै परमप्रभुको दूतले राति तिनीहरूको छाउनीमाथि धापा मारेर एक लाख पचासी हजार सिपाहीहरूलाई मारिदिए।

अनि त्यस अश्शूरीको महाविपत्तिको सम्झनामा श्री जर्ज गोर्दन बाइरनले 'The Destruction of Sennacherib' नामक वीरगाथा कविता रचे; यस कविताको उद्धरण यशैया ३७:३६ पदको टिप्पणीअन्तर्गत दिइएको छ। अनि यो ऐतिहासिक पृष्ठभूमि भजन ७६ को आधार बनाएर हामीले यो भजन अध्ययन गर्‍यौं भने त्यो बड़ा रोमाञ्चित र चाखलाग्दो हुन जान्छ। यसकारण हाम्रो विचारमा, यो ऐतिहासिक पृष्ठभूमि यस भजनको साथमा पढ्न लाभदायक हुन्छ।

**भजन ७६:१:** परमेश्वरले यरूशलेम शहर र यसको पवित्रस्थान नाश गर्ने धम्की दिने त्यस अश्शूरी सेनालाई अद्भुत प्रकारले नष्ट

गर्नुभएको हुनाले यहूदामा उहाँको नाम धेरै प्रसिद्ध भयो। इस्राएली जातिको इतिहासमा घटेको त्यस अविस्मरणीय घटनाले गर्दा इस्राएलमा उहाँको नाम महान् भयो।

**भजन ७६:२-४:** उहाँले यरूशलेम, त्यो शान्तिनगर आफ्नो राजधानी ठहऱ्याउनुभयो र सियोनको डाँड़ा आफ्नो वासस्थान तुल्याउनुभयो। अनि यहाँ नै उहाँले शत्रुका युद्ध-सामग्रीहरू अर्थात् तिनीहरूका टल्कने काँड़हरू, ढाल, तरवार आदि सबै हतियारहरू चकनाचूर पारिदिनुभयो।

डाँड़ामाथि बसालिएको त्यो शहर लुटका मालले भरिएका पहाड़हरूभन्दा महिमावान् छ, अर्थात् यरूशलेम ती ठूला अन्यजाति सरकारहरूभन्दा गौरवशाली छ, जुन अन्य-जाति सरकारहरूले यसलाई लुटे। अनि लक्षार्थमा भन्नु हो भने, यसको मतलब यो हो कि यरूशलेमको परमेश्‍वर यहूदाको विरुद्धमा आफ्नो हात उठाउन सक्ने जुनै शक्तिभन्दा पनि बढ़ी प्रतापी र श्रेष्ठ हुनुहुन्छ।

**भजन ७६:५-६:** अश्शूरी सेनासित के भएको थियो, यस उक्त घटनाबाट देख्न सकिन्छ। ती बहादुर योद्धाहरूले एकाएक आफ्ना हतियारहरू मिल्काए। क्षणभरमै तिनीहरू शक्तिहीन भए। याकूबका परमेश्‍वरको एकै शब्दले घोड़चढ़ीहरू र घोड़ाहरू सबै मृत्युको गहिरो निद्रामा परे।

**भजन ७६:७-९:** उहाँ कति महान् परमेश्‍वर हुनुहुन्छ! अनि हामी सबैले उहाँको डर कति धेरै मान्नुपर्छ! अनि जब उहाँको क्रोध दन्किन्छ, तब सबै विरोध व्यर्थै हुन्छ। अनि उहाँले स्वर्गबाट न्यायको फैसला घोषणा गर्नेबित्तिकै पृथ्वी लगलग-लुगलुग काँप्छ र जसरी आँधीभन्दा अघि चकमन्न हुन्छ, त्यसरी नै चुप हुन्छ। त्यसपछि परमेश्‍वर उठ्नुहुन्छ र पृथ्वीमा गलत कुराहरू सच्याउन र थिचोमिचो परेका मानिसहरूलाई छुटाउन कदम चाल्नुहुन्छ।

**भजन ७६:१०:** मानिसको क्रोध उहाँको प्रशंसा गराउने उहाँको अचम्मको तरिका छ। अनि जुन कुराले उहाँको प्रशंसा गर्दैन, त्यही कुरा विजयी सेनापतिले तरवार भिरेझैं उहाँको कमरपेटी बन्दो रहेछ।

> मानिसको क्रोधले तपाईंको प्रशंसा गर्नेछ,
> अनि अरू बाँकी तपाईंले रोकिराख्नुहुनेछ,
> र पृथ्वीका विपत्तिहरूबाट अनन्त लाभ उठाउनुहुनेछ।
> मानिसको दुष्ट हृदयले जेसुकै कल्पना किन नगरोस्, त्यसले तपाईंकै सार्वभौम इच्छा पूरा गर्ने नै छ। हाम्रा परमेश्‍वर अझै पनि सिंहासनमाथि विराजमान हुनुहुन्छ।
> यसकारण विश्‍वास गर र शान्त रहो!
> शान्त रहो, र परेश्‍वर म नै हुँ भनी जान!
> झगड़ा, शोक र आँसुको परिवेशबाट भएर जाँदा त्यस कुराले हाम्रा सबै डरहरू हटाइ-दिन्छ।
> अनगिन्ती स्वर्गीय सेनाहरूलाई हुकुम दिनुहुनेको हातमा सबै कुराहरू छन्।
> यसकारण कसैले पनि 'तपाईंले के गर्दै हुनुहुन्छ?' भन्न सक्दैन; अनि कसैले पनि उहाँको हातको काम रोक्न सक्दैन।

अज्ञात लेखकको रचना

**भजन ७६:११क:** परमप्रभुको अवर्णनीय महानता र महिमा छ; यसकारण यहूदाका मानिसहरूलाई परमप्रभु तिनीहरूका परमेश्‍वरको निम्ति भाकलहरू गर्ने र ती भाकलहरू पूरा गर्ने प्रोत्साहन दिइएको छ।

**भजन ७६:११ख-१२:** त्यसपछि इस्राएलको वरिपरि बसेका जातिहरूलाई यी सर्वोच्च शासककहाँ करको रूपमा भेटीहरू ल्याउने सल्लाह दिइएको छ; किनकि यी पराक्रमी परमेश्‍वरले पृथ्वीका शासकहरूलाई ठीक पार्नुहुन्छ र धेरै शक्तिमान् शासकहरूमाथि भयानक कुराहरू आइपर्न दिनुहुन्छ।

# भजन ७७ः आफूमाथि मात्र केन्द्रित रहने रोगको निम्ति उपचार यहाँ छ

यस भजनका पहिला दस पदहरूमा आसाफलाई आफूमाथि मात्र केन्द्रित रहेको घातक रोग लागेको देखिन्छ। किनकि यस खण्डमा 'म' 'मलाई' र 'मेरो' भन्ने प्रथम पुरुषको सर्वनाम बीस पल्टभन्दा बढ़ी पाइन्छ भने, परमेश्‍वरको नाम केवल सात पल्ट र परमेश्‍वरको सर्वनाम पनि केवल सातै पल्ट प्रयोग गरिएको छ। तर दस पदमा एउटा सुस्पष्ट हेरफेर आएको छ। किनकि अन्तिम दसवटा पदहरूमा प्रथम पुरुषको सर्वनाम तीन पल्ट मात्र प्रयोग गरिएको छ र परमेश्‍वरलाई सङ्केत गरिएका संज्ञा र सर्वनाम बीस पल्टभन्दा बढ़ी प्रयोग गरिएको छ। यसबाट के बुझिन्छ भने ख्रीष्ट येशूको सेवकाईले पवित्र आत्माद्वारा 'म', 'मलाई' र 'मेरो' भन्ने कुरा हामीबाट हटाइदिँदो रहेछ।

कसैले यस भजनमा बगिरहेको विचारधारा निम्न चारवटा शब्दहरूको रूपरेखाले बयान गर्न खोज्योः

**क)** भजन ७७ः१-६ः सुस्केरा हालेको

**ख)** भजन ७७ः७-१०ः डुब्दै गएको

**ग)** भजन ७७ः११-१५ः स्तुतिगान गाएको

**घ)** भजन ७७ः१६-२०ः माथि आकाशमा उड़ेको

**भजन ७७ः१-३ः** शुरुमा आसाफले परमेश्‍वरको सामु आफ्नो दुःख पोखे। कुनै अनजान सङ्कष्टले तिनको मनमा एउटा अड्डा बनाएको थियो। अनि दुःखमा परेको बेलामा तिनले आफ्नो विषयमा बाहेक अरू केही र अरू कसैको विषयमा सोच्नै सक्दैनथिए। निरन्तर प्रार्थना गरेर पनि तिनले शान्ति पाएनन्; तिनको गुनासो यही थियो। तिनको परिस्थिति असामान्य थियो; किनभने परमेश्‍वरको विषयमा गरेका तिनका विचार-हरूले तिनलाई आनन्दित हुनुको सट्टामा बरु दुःखित तुल्याए। अनि जति बढ़ी तिनले मनन-चिन्तन गरे, त्यति नै बढ़ी तिनी उदास भए।

**भजन ७७ः४-६ः** अनि तिनले आफूलाई निद्रा नलागेको दोष सीधा परमेश्‍वरमाथि लगाइहाले। आफ्नो मनको दुःख व्यक्त गर्न तिनीसँग उपयुक्त शब्दहरू थिएनन्। तिनीले सुख-शान्तिसित बिताएका आफ्ना बितेका शुभदिनहरू सम्झेर आफूलाई सान्त्वना दिन खोजे। तर जति बढ़ी तिनी आफू केन्द्रित भए, र आफूभित्रै विजयको उपाय खोजे, त्यति नै बढ़ी तिनलाई प्रभुको दयाको विषयमा शङ्का लाग्न थाल्यो। तिनी शङ्काहरूको शिकार बने, जुन शङ्काहरू निम्न पाँचवटा प्रश्नहरूले व्यक्त गरेर तिनको अविश्‍वास प्रकट गरिन्छ।

**भजन ७७ः७-१०ः** तिनको पहिलो प्रश्न यस प्रकारको थियोः शायद परमप्रभुले तिनलाई सधैंको निम्ति त्यागनुभएको थियो कि? यो कति डरलाग्दो सुझाउ थियो! तिनको दोस्रो प्रश्न थियोः कतै परमेश्‍वरले तिनलाई प्रेम गर्न छोड़्नुभएको त होइन? तिनको तेस्रो प्रश्न सुन्नुहोस्ः 'के परमप्रभुले आफ्ना प्रतिज्ञाहरू रद्द तुल्याउनुभयो?' तिनको चौथो प्रश्न थियोः 'हुन सक्छ, परमेश्‍वरले अनुग्रहकारी हुन बिर्सनुभयो कि कसो हो? तिनको मनमा यस्तो धृष्ट विचार पनि आयो। अनि अन्तमा तिनको पाँचौं प्रश्न यस प्रकारको थियोः 'के परमेश्‍वरले आफ्नो क्रोधमा तिनको जीवनमा उहाँको दयामाया बगिरहने मुहान बन्द गर्नुभयो कि?' अनि तिनले आफैलाई उत्तर दिइसकेः 'पक्कै पनि कुरा यस्तै होला नि! मप्रति परमप्रधानको दाहिने हातको काम बदली भएको हुनुपर्ला।' किनकि तिनका सबै दुःखहरू कहाँबाट आए

त? तिनीप्रति परमेश्वरको व्यवहारमा परिवर्तन आएको हुनुपर्ला, बस यति।

**भजन ७७:११-१३:** तर एघार पदमा एउटा आत्मिक मोड़ आएको छ, रोमी ७ अध्यायदेखि रोमी ८ अध्यायमा आएको फेरबदलजस्तै। आसाफको आफू केन्द्रित रहेको घोस्त्याइले तिनलाई निराशाको सागरमा डुबाइदियो। तर अब तिनले आफ्ना आँखाहरू स्वर्गतिर उठाए र बितेको समयमा परमेश्वरका जनहरू जटिल परिस्थितिहरूमा परेको बेलामा उहाँले तिनीहरूको पक्षमा के-के काम गर्नुभयो, परमेश्वरका यी भूतपूर्व व्यवहारहरूमा केन्द्रित रहने निर्णय गरे। अनि त्यस कुराले तिनलाई तत्कालै निम्न निष्कर्षमा ल्याइपुऱ्यायोः परमेश्वर पवित्र हुनुहुन्छ; अनि उहाँले जे-जे गर्नुहुन्छ, ती सबै कामहरू सठीक छन्, न्यायसँगत छन् र असल पनि छन्। अनि उहाँ कुनै गल्ती गर्नुहुन्न।

**भजन ७७:१४-१५:** परमेश्वरले इस्राएलीहरूलाई मिस्र देशको बन्धनबाट छुटकारा दिनुभएको बेलामा उहाँले कसरी आफ्नो अद्भुत शक्तिको आश्चर्यजनक प्रदर्शन गर्नुभयो – विशेष यही कुरामा तिनको ध्यान अड़िरह्यो। अनि नभन्दै तिनको मन आकाशमा उड्न थालिहाल्यो। अबचाहिँ 'म', 'मलाई' र 'मेरो' भन्ने शब्द तिनको शब्द-भण्डारबाट बिलकुल हराइसकेको छ। आत्म-केन्द्रित रहेको तिनको मनोभावना हटेको छ, र तिनी परमेश्वर-केन्द्रित भए।

**भजन ७७:१६-१८:** अनि उत्तम साहित्यिक शैलीमा तिनले लाल समुद्र र अन्य प्राकृतिक दृश्यहरूको शब्दचित्र कोरेः लाल समुद्रले आफ्ना आँखाहरू उठाएर आफ्ना सृष्टिकर्तालाई देखेछ, अनि डरले आत्तिएर त्यो पछि हटेछ। अनि एकै क्षणमा सारा प्रकृति एउटा भयानक आँधी पो भएछः मुसलधारे वर्षा बर्सिरहेको छ। अनि आकाशमा घरिघरि वज्रपातका डरलाग्दा गर्जनका आवाजहरू सुनिन्छन्। डाँड़ाकाँड़ा सब उज्यालो पार्ने गरी आकाशको एक छेउदेखि आकाशको अर्को छेउसम्म बिजुलीहरू चम्किन्छन्। सारा इलाकाभरि एउटा डरलाग्दो आँधीबेह्री चल्दैछ, र त्यसको भयानक प्रहारले सारा देहात काँपिरहेको छ।

**भजन ७७:१९-२०:** अनि परमेश्वर स्वयम्ले समुद्रको बीचबाट एउटा राजमार्ग बनाउनुभयो। उहाँले आफ्ना जनहरूको निम्ति एउटा बाटो खोल्नुभयो, जुन बाटोबाट भएर तिनीहरूले सुक्खा जमिनमा समुद्र पार गरे। तर कसैले पनि त्यहाँ उहाँका पाइलाका छापहरू देख्दैनथियो। अनि उहाँसित प्रायः यस्तै हुन्छ नैः त्यस बेलामा पनि उहाँको उपस्थिति र शक्तिका प्रशस्त प्रमाणहरू थिए; तर उहाँ आफूचाहिँ छिप्नुभयो; किनकि छायाले उहाँलाई छिपायो।

एउटा मीठो वर्णनको साथ यो भजन समाप्त हुन्छः परमेश्वर ती मुख्य गोठाला हुनुहुन्थ्यो, जसले मोशा र हारूनको देखरेखमा इस्राएलीहरूलाई उजाड़स्थानबाट भएर कनान देशसम्म डोऱ्याउनुभयो। यस भजनको शुरुमा आसाफ मानसिक रोगले ग्रस्त भएको मानिस थिए। तर यसको अन्तमा तिनी शान्त र उज्ज्वल भए। अनि यही कारणले यो भजन यस प्रसिद्ध उक्तिको निम्ति असल उदाहरण होः

> आफूमाथि केन्द्रित रहने मानिसले आफूमाथि दुःखकष्ट निम्त्याउँछ, अरू मानिसहरूमाथि केन्द्रित हुने मानिस निराश हुन्छ-हुन्छ; तर ख्रीष्ट-केन्द्रित रहने मानिसले आनन्द पाउँछ।

## भजन ७८: इस्राएली जातिको इतिहासबाट हामीले एउटा पाठ सिक्नु छ

'परमेश्वरको अनुग्रहकारी व्यवहार र इस्राएलको भ्रष्ट चाल' भनेर श्री जोह्न जी.

बेलेटले यस भजनको सार दिएका छन्। यो भजन इस्राएलको इतिहासको विषयमा रचिएका महान् गीतहरूमध्ये एक हो। हामीले बितेका कुराहरूबाट सिकौं र इस्राएलीहरूले गरेका गल्तीहरू हामीले दोहोर्‍याउनु नपरोस् – यो भजन लेखिएको उद्देश्य हो।

**क) भजन ७८ः१-४ः इस्राएली जातिको इतिहासबाट सिक्न भजनकारको आह्वान**

यहाँ भजनकारले आफ्ना मानिसहरूलाई, (साथै हामी सबैलाई पनि) ध्यान दिन आह्वान गर्छन्; किनकि तिनी दृष्टान्तमा बोल्न लागेका छन्। दृष्टान्तमा बोल्नु भनेको तिनले वर्णन गर्न लागेका कुराहरूभित्र एउटा गहिरो अर्थ लुकेको छ। इस्राएली जातिको इतिहासको सम्बन्धमा जुन-जुन घटनाहरू तिनले पेश गर्छन्, ती विभिन्न घटनाहरूमा आत्मिक पाठहरू लुकेका छन्; यसकारण तिनले ती पाठहरू 'प्राचीनकालका पहेलीहरू' भन्ने नाम दिएका छन्। अनि जसरी हाम्रा बुबाआमाहरूले हामीलाई बितेको समयमा घटेका कुराहरूको बेलीबिस्तार दिएका छन्, त्यसरी नै अब हाम्रो पालो आयोः परमप्रभुले आफ्नो अनुग्रहमा हामी, आफ्ना जनहरूसित कसरी व्यवहार र शासन गर्नुभयो, सो विवरण हामीले आउँदो पुस्तालाई दिनुपर्छ।

**ख) भजन ७८ः५-८ः व्यवस्था दिनमा परमेश्‍वरको अनुग्रहमय उद्देश्य थियो**

व्यवस्थाको प्रतिष्ठापनाबाट आसाफले आफ्नो दृष्टान्तात्मक शिक्षा शुरु गर्छन्। किनकि परमेश्‍वरले यो व्यवस्था र यसका नियमहरू इस्राएली जातिलाई यस हेतुले दिनुभयो, कि तिनीहरूले यो भावी पुस्ता-हरूलाई विश्‍वासयोग्यतापूर्वक सुम्पि-दिऊन्। यसमा परमेश्‍वरको चार किसिमको चाहना थियोः

**क)** उहाँका जनहरूले उहाँमाथि आफ्नो भरोसा राखून्।

**ख)** तिनीहरूले उहाँका महिमापूर्ण काम-हरू नबिर्सून्।

**ग)** तिनीहरू आज्ञाकारी होऊन्।

**घ)** तिनीहरूले बितेका कुराहरूबाट सिकून् र आफ्ना पितापूर्खाहरूका बागी र अट्टेरी चालहरू नदोहोर्‍याऊन्।

**ग) भजन ७८ः९-११ः इस्राएलीहरूको अनाज्ञाकारिता, बागीपन र कृतघ्नता**

तर के भयो? एप्रैम कुलको नैतृत्वमा इस्राएलीहरूले परमप्रभुलाई निराश तुल्याए, र उहाँको सम्बन्धमा चुके। तिनीहरूले धनुहरू त भिरे, तर लड़ाइँको दिनमा तिनीहरू पछि हटे। हुन सक्छ, यस वाक्यको सन्दर्भ कादेश-बर्नेअमा तिनीहरूले देखाएको तिनीहरूको घोर कायरता थियो; किनकि तिनीहरूले चियोचर्चा गरेर फर्केका जासुसहरूको निराशाजनक खबर ग्रहण गरे। अथवा के यसको सन्दर्भचाहिँ तिनीहरूले कनानी जातिहरूलाई देशबाट पूरा निकाल्न नसकेको तिनीहरूको असफलता थियो कि? तर मेरो विचारमा, यस वाक्यले तिनीहरूको चरित्र अनि तिनीहरूको आनीबानी र व्यवहार व्यक्त गर्छ; यो बढ़ी सम्भव भएको देखिन्छ। किनभने तिनीहरूले घरिघरि र जानी-बुझी परमेश्‍वरको व्यवस्था उल्लङ्घन गर्ने गर्थे। अनि उहाँले तिनीहरूको भलाइको निम्ति पूरा गर्नुभएका उहाँका शक्तिशाली आश्‍चर्यकर्महरू तिनीहरूले बिर्सिहाल्थे।

**घ) भजन ७८ः१२-१४ः मानिसहरूले मिस्र देशबाट छुटकारा पाएको कुरा बिर्से**

तिनीहरूले मिस्र देशको कुरा बिर्से, अनि सोअनको मैदानमा बेगारी र दासत्वबाट

अद्‌भुत छुटकारा पाएको घटना पनि भूले। तिनीहरूले लाल समुद्र पार गरेको घटना कसरी बिर्सन सके? त्यस बेलामा पानीको रास तिनीहरूको सलाम गरेझैं तिनीहरूको दुवैपट्टि खड़ा भयो, र तिनीहरू सुक्खा जमिनमा पार भए। अनि यस बादलको खाँबा र आगोको खाँबोको आश्चर्यकर्मको विषयमा कसो हो? किनकि दिनमा एउटा महिमाको बादलले तिनीहरूलाई अगुवाइ गर्थ्यो भने, राति एउटा आगोको खाँबा तिनीहरूको अघि-अघि जान्थ्यो।

### ङ) भजन ७८:१५-१६: परमेश्वरले उजाड़स्थानमा अद्‌भुत ढङ्गले पानीको प्रबन्ध गर्नुभएको कुरा मानिसहरूले बिर्से

त्यस उजाड़स्थानमा परमेश्वरले चट्टान फोर्नुभएको र तिनीहरूको निम्ति प्रशस्त पानी जुटाउनुभएको घटना तिनीहरूले कति छिटो बिर्से! विशाल मुहानबाट बेगसित पानी हुतुतुतु निस्क्यो। मरुभूमिमा पानीका नदीहरू बगे; तर तिनीहरूको सम्झना-शक्तिमा ठूलो कमी थियो।

### च) भजन ७८:१७-२२: ढीठ भएका मानिसहरूले रोटी र मासु मागे

अनि तिनीहरूले आफ्नो खानेकुराको विषयमा परमप्रभुको रिस उठाए। असन्तुष्ट भएर र गनगनाउँदै तिनीहरूले परमप्रधानकहाँ नयाँ-नयाँ मागहरू पेश गरे। 'परमेश्वरले हामीलाई यस उजाड़स्थानमा भोकैले मर्नको निम्ति ल्याउनुभएको हो' भनेसम्म तिनीहरूले छेड़खानी गरे। तिनीहरूले उहाँको जुटाइदिने क्षमताको विषयमा शङ्का गरे। हो, उहाँले पानीको प्रबन्ध गर्नुभएको कुरा तिनीहरूले नचाहेर पनि मानिलिए। तर के, के उहाँ रोटी र मासु जुटाउन इच्छुक र सक्षम हुनुहुन्छ? यस कुरामा तिनीहरूले शङ्का गरे।

तब परमप्रभु क्रोधित हुनुभयो; किनकि उहाँका जनहरूले उहाँमाथि भरोसा राख्दैन-थिए। तिनीहरूले उहाँको बचाउने शक्तिमाथि भरोसा किन नगरेको, कसरी नगरेको? उहाँ निक्कै रिसाउनुभयो; यो स्वाभाविक कुरा हो। यसैले उहाँको क्रोधको आगो इस्राएलको विरुद्धमा दन्क्यो।

### छ) भजन ७८:२३-२५: परमेश्वरले आफ्नो अनुग्रहमा तिनीहरूलाई मन्ना दिनुभएको

तिनीहरूले रोटी इच्छा गरे। तर यस उजाड़स्थानमा कुनै दोकान छँदैथिएन; अनि रोटी पोल्ने कुनै सामग्री पनि हुँदैनथियो। यसकारण परमेश्वरले आफ्नो स्वर्गीय भण्डारका ढोकाहरू खोलीकन मन्नाको अचूक प्रबन्ध गर्नुभयो। मानिसहरूले रोटीभन्दा उत्तम खानेकुरा खान पाए। त्यो त स्वर्ग-दूतहरूको भोजन, स्वर्गको रोटी पो थियो।

### ज) भजन ७८:२६-३१: परमेश्वरले अनुग्रहसाथ बट्टाई चरा दिनुभएको

अनि तिनीहरूले मासु पनि इच्छा गरे। तर त्यस मरुभूमिमा यत्रो बहुसङ्ख्य भीड़लाई तृप्त पार्नको निम्ति यति मासु कहाँबाट पाउने? तब परमेश्वरले यो समस्या समाधान गर्नुभयो; उहाँले पूर्वीय हावा चलाउनुभयो र हूलका हूल बट्टाई चराहरू इस्राएलीहरूको छाउनीभित्र हुलिदिनुभयो। वास्तवमा यी बट्टाई चराहरू त्यस उजाड़स्थानमा बस्ने चरा थिएनन्; ती चराहरू टाढ़ाबाट ल्याइनुपरेको थियो। तर पनि तिनीहरूलाई प्रशस्त चराहरू सित्तैंमा दिइयो।

ती मानिसहरूले लाज नमानी गाँस हालिरहेकै बेलामा परमेश्वरको क्रोध तिनी-हरूमाथि खनियो। उहाँले एउटा महामारी पठाउनुभयो, जुन महामारीले इस्राएलका उत्तम-उत्तम पुरुषहरूलाई मारिदियो।

**झ) भजन ७८:३२-३९: मानिसहरूले निरन्तर पाप गरे; तर परमेश्‍वरको दया अचूक थियो**

उहाँको प्रेमका अचूक प्रमाणहरू हुँदा-हुँदै तिनीहरूको हृदय अविश्‍वासी रहिरह्यो। परमेश्‍वरले गर्नुभएको कुनै कामले पनि तिनीहरूलाई खुशी तुल्याउन सक्दैनथियो। उहाँका आश्‍चर्यकर्महरू देख्दा-देख्दै पनि तिनीहरूले गनगन गरिरहे; यो तिनीहरूको आदत थियो। यसकारण समय-समयमा परमप्रभुले यस जातिमाथि मृत्यु र विनाश पठाउनुभयो। अनि केही समयको निम्ति यस कुराले उम्केकाहरूलाई प्रभाव त गर्‍यो। अनि तिनीहरू परमप्रभुतिर फर्के; तिनीहरूले आफ्नो दुष्टताबाट आफ्नो मन फर्काए, र तिनीहरू उहाँको खोजी गर्ने सच्चा अर्थी भए। उहाँ तिनीहरूको निम्ति शरणस्थान भइदिनुभएको र उहाँले तिनीहरूलाई मिस्र देशका भयत्रासहरूबाट छुटाउनुभएको कुरा तिनीहरूले मानिलिए। तर केही समयपछि फेरि तिनीहरूले छलकपट गर्न र मुखले मात्र उहाँको श्रद्धाभक्ति गर्न र भ्रष्ट चाल चल्न थालिहाले। तिनीहरू चञ्चल थिए र अनाज्ञाकारी भए।

परमप्रभुले लगाम लगाएर आफूलाई कति धेरै रोकिराख्नुभयो, यसको साध्य छैन। आफ्नो अत्यन्तै ठूलो दयामायाको खातिर उहाँले तिनीहरूको घरिघरि पछि हट्ने पुरानो आदत क्षमा गर्नुभयो र त्यो ठूलो विपत्ति रोकिराख्नुभयो, जुन विपत्तिको योग्य तिनीहरू छँदैथिए। तिनीहरू आज हुने, तर भोलि बितिगएका क्षणिक प्राणीहरू हुन् भन्‍ने कुरा उहाँले सम्झनुभयो।

**ञ) भजन ७८:४०-४१: मानिसहरूको बागीपन, रिस उठाउने आदत र कृतघ्नता**

यस खण्डमा भजनकार फेरि पनि यो दुःखलाग्दो इतिहास दोहोर्‍याउँछन् (भजन ७८:४०-५८)। कुरा घरिघरि दोहोरिँदा हामी पाठकहरूलाई दिक्क लाग्छ भने परमप्रभुलाई झन् कति बढ्ता झर्को लाग्थ्यो होला, सो विचार गरौं।

त्यस मरुभूमिमा तिनीहरूले घरिघरि गरेको विद्रोहले गर्दा उहाँको हृदय शोकित भयो। बारम्बार तिनीहरूले उहाँलाई परीक्षा गरे र इस्राएलका पवित्र जनलाई सीमित तुल्याएर उहाँलाई पीड़ा दिए।

**ट) भजन ७८:४२-५३: मानिसहरूले मिस्र देशबाट छुटकारा पाएको कुरा बिर्से**

**भजन ७८:४२:** तिनीहरूको खातिर उहाँले आफ्नो शक्ति काममा लगाउनुभएको र तिनीहरूलाई तिनीहरूको शत्रुबाट छुटकारा दिनुभएको कुरा तिनीहरूले सम्झना गरेनन्। मिस्र देशको दासत्वबाट जुन छुटकारा तिनीहरूले पाएका थिए, तिनीहरूको यो छुटकाराचाहिँ त्यस दिनसम्म मानिसको इतिहासमा ईश्‍वरीय शक्तिको सबैभन्दा ठूलो प्रदर्शनी थियो। तर तिनीहरूले त्यसको महत्त्व र मूल्य बुझेनन्, न तिनीहरू त्यसको निम्ति कृतज्ञ थिए।

**भजन ७८:४३:** यस खण्डमा मिस्र देशका बितिगएका कुराहरूको पुनरावलोकन गरिन्छ (भजन ७८:४३-५३); तर अहिलेचाहिँ निम्न क्रमअनुसार मिस्र देशका छवटा विपत्तिहरूमाथि जोर दिइन्छ, जस्तैः

**क)** पहिलो विपत्तिः नदीहरू रगतमा परिणत भएका (७८:४४)

**ख)** चौथो विपत्तिः डाँसका हूलहरू (७८:४५[क])

**ग)** दोस्रो विपत्तिः भ्यागुताहरू (७८:४५[ख])

**घ)** आठौं विपत्तिः सलहहरू (७८:४६)

**ङ)** सातौं विपत्तिः असिना (७८:४७-४८)

**च)** दसौं विपत्तिः मिस्रीहरूका सबै जेठाहरूको मृत्यु (७८:४९-५१)

**भजन ७८:४४:** परमेश्‍वरले मिस्र देशका नदीहरू रगतमा परिणत गरिदिनुभयो, र मिस्रीहरूले तिनको पानी पिउन सकेनन्। तिनीहरूले पवित्र मानिराखेको नील नदी अचानक प्रदूषित भयो। तर इस्राएलीहरूका जल-स्रोतहरूको पानीचाहिँ स्वच्छ रह्यो।

**भजन ७८:४५:** उहाँले मिस्रीहरूका सबै घरहरूमा हूलका हूल डाँसहरू पठाउनुभयो। तिनीहरूले बेल्जेबुबलाई, झिँगाहरूको देवलाई पूजा गर्थे, तर अबचाहिँ त्यही देवता तिनीहरूलाई नाश गर्न तिनीहरूमाथि आइ-लाग्यो। यसमा चाखलाग्दो कुरा के थियो भने, ती डाँसहरू इस्राएलीहरूले बसोबास गरेको गोशेन प्रदेशमा पसेनन्।

उहाँले मिस्र देशमा विपत्तिको रूपमा भ्यागुताहरू पठाउनुभयो। मिस्र देशमा भ्यागुतोचाहिँ प्रजनन शक्तिको देवीको रूपमा मानिन्थ्यो। यी भ्यागुताहरू कुन हिसाबले विनाशकारी थिए? किनकि यिनीहरूले जनजीवन ठप्पै पारे। तर त्यस विपत्तिले मिस्रीहरूलाई मात्रै असर पाऱ्यो; तर हिब्रू-हरूचाहिँ परमेश्‍वरको बाहुलीद्वारा सुरक्षित रहे।

**भजन ७८:४६:** परमेश्‍वरले मिस्र देशलाई ढाक्ने गरी सलहहरू पठाउनुभयो। सेरपिस नामक सूर्य-देवताले मानिसहरूलाई विनाशक कीरा-फट्याङ्ग्राहरूबाट बचाउन सक्थ्यो अरे। तर त्यस बखतमा सेरपिस शक्तिहीन थियो। अन्नबालीहरू सखाप भए र सारा फसल स्वाहा भयो। तर इस्राएलीहरूले न भुसिल्कीरा, न सलह देखे।

**भजन ७८:४७-४८:** अनि सातौं विपत्तिचाहिँ असिना, तुसारो र बिजुलीहरू थिए। के मानिस, के गाईबस्तु, के भेड़ा-बाख्राहरू, के दाखका बोटहरू र के नेभाराका रूखहरू – त्यस विपत्तिले सबका सब विध्वंस पाऱ्यो। तर त्यो न्याय तरफदारी थियो; किनकि इस्राएलीहरू बसेको गोशेन प्रदेशमा असिना परेन (प्रस्थान ९:२६)।

**भजन ७८:४९:** अन्तमा परमेश्‍वरको अन्तिम परम प्रहार मिस्रीहरूमाथि आइपऱ्योः तिनीहरूका जेठाहरूको मृत्यु भयो। भजनकारको शब्दमा भन्नु हो भने, यो त परमेश्‍वरको रिसको प्रचण्डता, क्रोध र प्रकोप पो थियो, अँ, विनाश गर्ने दूतहरूको टोलीको काम पो थियो। पवित्र बाइबलका केही पदहरूमा परमप्रभु स्वयम् मिस्र देशबाट भएर जानुभएको र जेठाहरूलाई नाश गर्नुभएको कुरा लेखिएको छ (प्रस्थान ११:४; प्रस्थान १२:१२, २३ र २९)। तर प्रस्थान १२:२३ पदमा नाश गर्ने दूतको कुरा गरिएको छ, जसलाई उहाँले आफ्नो सक्रिय सेवकको रूपमा चलाउनु-भयो। अनि यहाँ आएर भजनलेखकले यो त नाश गर्ने दूतहरूको दल नै थियो भन्ने बोध गराउँछन्।

**भजन ७८:५०-५३:** उहाँले आफ्नो रिसको निम्ति एउटा बाटो तयार गर्नुभयो, र उहाँको रिस कुनै रोकटोकविना दन्किन सक्यो। हरेक मिस्रीको घरमा एउटा अज्ञात महामारीले एक-एक जेठा छोरालाई प्रहार गऱ्यो। एकै रातमा मिस्र देशको पौरुष, तिनीहरूका सुन्दर-सुन्दर जवानहरू नाश भए। तर इस्राएलीहरूका घरहरू निस्तारको पाठोको रगतद्वारा सुरक्षित रहे। हिब्रूहरूको एउटै पनि छोरा मारिएन।

यी सबै विपत्तिहरू यति पक्षधर थिए कि यिनको निम्ति कुनै प्राकृतिक कारण थिएन। तर परमेश्‍वरले तिनीहरूको पक्षमा गर्नुभएका अद्‌भुत-अद्‌भुत कामहरूको निम्ति कसरी ती यहूदीहरूले धन्यवादी हुन बिर्से त?

उहाँले तिनीहरूलाई भेड़ाहरूका बगाललाई झैं मिस्र देशदेखि निकालेर

लैजानुभयो र अगम्य उजाड़स्थानबाट भएर डोर्‍याउनुभयो। 'उहाँले तिनीहरूलाई सुरक्षा-साथ अगुवाइ गर्नुभयो; तिनीहरूलाई केको डर? तर उता समुद्रले तिनीहरूका शत्रु-हरूलाई खर्लप्पै छोपिदियो' (जेलिनो)। त्यो उहाँको प्रेम र शक्तिको कत्रो अद्‌भुत प्रदर्शनी थियो!

**ठ) भजन ७८ः५४-५५ः परमेश्वरले ती मानिसहरूलाई दया देखाएर प्रतिज्ञा गरिएको देशमा ल्याउनुभएको कुरा तिनीहरूले बिर्से**

अनि उहाँले तिनीहरूलाई आफ्नो पवित्र भूमिको सिमानामा अर्थात् त्यस पहाड़मा ल्याउनुभयो, जुनचाहिँ उहाँको दाहिने हातले तिनीहरूको निम्ति प्राप्त गरेको थियो। त्यस बेलामा मूर्तिपूजा गर्ने अन्यजातिहरूले त्यसमा बसोबास गरिरहेका थिए। यसकारण उहाँले ती अन्यजातिहरूलाई त्यहाँबाट लखेट्नुभयो, र देश इस्राएलका कुलहरूको बीचमा बाँड़िदिनुभयो। उहाँले स्नेहको साथ आफ्नो बगालको हेरचाह गर्नुभयो। अरू कुनै गोठाला नै छैन, जसले परमप्रभुले जस्तै आफ्ना भेड़ाहरूको हेरचाह गर्छ।

**ड) भजन ७८ः५६-५८ः देशमा ती मानिसहरूको विश्वासघात र मूर्तिपूजा**

के तिनीहरू उहाँप्रति कृतज्ञ भए? होइन, तिनीहरू कृतज्ञ थिएनन्। न्यायकर्ताहरूको समयमा तिनीहरूले उहाँको परीक्षा गर्नसम्म गरे; तिनीहरूले उहाँको विरुद्धमा विद्रोह गरे र उहाँका आज्ञाहरूको अवहेलना गरे। बुबाहरू जस्तै छोराहरू त्यस्तै भएर तिनीहरू पूरा अविश्वासी र अविश्वसनीय ठहरिए, धनुर्धारीले भर पर्न नसक्ने बाङ्गो-टेढ़ा धनुझैं। तिनीहरूले डाँड़ाहरूहुँदो मूर्तिहरूका थानहरू बनाएर परमप्रभुको रिस उठाए र आफ्ना खोपिएका मूर्तिहरूद्वारा उहाँको डाहा असाध्यै जलाए।

**ढ) ७८ः५९-६७ः परमेश्वरले आफ्नो क्रोधमा इस्राएली जातिलाई रद्द गर्नुभएको**

**भजन ७८ः५९-६०ः** कवितात्मक शैलीमा भजनकारले निम्न शब्दचित्र कोरेका छन्ः मानिसहरूको गहन कृतघ्नता सुनेर परमेश्वर आफ्नो क्रोधमा आगो हुनुभयो। वास्तवमा परमप्रभुको निम्ति त्यसमा अप्रत्याशित कुरा केही पनि थिएन। त्यो त तिनीहरूले विद्रोह गरेको-गरेकै लामो इतिहासको अन्तिम विन्दु मात्र थियो। तर यस घड़ीमा उहाँले उत्तरीय राज्य इस्राएलको पूर्णविराम गर्नुभयो; किनकि यी कुलहरू उहाँको रिस उठाउन र उहाँको विरोधमा विद्रोह मच्चाउनमा अग्रसर थिए। उहाँले शीलो, भेट हुने पालको त्यस निवास-स्थानलाई त्यागिदिनुभयो। पृथ्वीमा शीलो-चाहिँ त्यो एकमात्र ठाउँ थियो, जुन ठाउँ उहाँले बितेको समयमा आफ्ना जनहरूको बीचमा वास गर्न चुन्नुभएको थियो।

**भजन ७८ः६१-६४ः** त्यस समयमा परमेश्वरले आफ्नो सामर्थ्य पलिस्तीहरूको कैदमा लान दिनुभयो। उहाँको सामर्थ्य यहाँ वाचाको सन्दुक बुझ्नुपर्छ। यसरी उहाँको महिमाको प्रतीक, सुनले मोहोरिएको त्यो सन्दुक शत्रुहरूको हातमा पर्‍यो (१ शमूएल ४ः११[क])। इस्राएली मानिसहरूको बीचमा ठूलो काटमार भयो; अनि तीस हजार सिपाहीहरू यस लड़ाइँमा मारिए (१ शमूएल ४ः१०)। यति धेरै जवानहरू लड़ाइँमा मारिएपछि यिनीहरूको विवाहमा कसैले पनि गीत गाउन पाउँदैनथियो, र तिनीहरूका कन्याहरूको विषयमा कसो? यिनीहरूलाई कुनै बुबाले पनि कसैसँग विवाह गराउन सक्दैनथियो। अनि तरवारले ढालिएका

पूजाहारीहरूचाहिँ होप्नी र पिनहास, एलीका भ्रष्ट छोराहरू थिए (१ शमूएल ४:११[ख])। तिनीहरूका विधवाहरूले तिनीहरूको मृत्युमा विलाप किन नगरेको? तिनीहरूको निम्ति विलाप नगरेको कारण यो हुन सक्छ, कि त्योभन्दा बढ़ी शोक पलिस्तीहरूले वाचाको सन्दुक कब्जा गरेकोमा थियो। किनकि इस्राएलबाट महिमा लगिएको कुरा तिनीहरूले बुझे (१ शमूएल ४:१९-२२)।

**भजन ७८:६५-६६:** केही समयसम्म परमप्रभुले आफ्ना जनहरूको दुर्दशा बेवास्ता गर्नुभएको जस्तै देखिन्थ्यो। तर त्यसपछि उहाँ जल्दो क्रोधको रापको साथ बिउँझनुभयो र मद्यले उत्तेजित भएको मानिसभैंm कराउनुभयो। तब पलिस्तीहरूको कत्रो हार भयो! तिनीहरू भाग्दै जाँदा उहाँले तिनीहरूलाई तिनीहरूको पिठ्यूँमाथि हिर्काउनुभयो। तिनीहरूको यो हार कति लाजमर्दो हार थियो (१ शमूएल ७:१०-११; १३:३-४ र १४:२३)।

**भजन ७८:६७:** तर परमेश्‍वर यूसुफको तम्बू रद्द गर्नुभएको आफ्नो निर्णयमा अडिग रहनुभयो। उहाँले एप्रैमको कुल चुन चाहनुभएन। यहाँ, यस ठाउँमा यूसुफ र एप्रैम भन्ने नामहरू उत्तरका दसवटा कुलहरूलाई सङ्केत गर्न प्रयोग गरिएका छन्। रूबेनले आफ्नो जन्मसिद्ध अधिकार गुमाइपठाएपछि यूसुफले कनान देशमा दुईवटा अधिकारका भागहरू पाए, अर्थात् तिनका दुईजना छोराहरू एप्रैम र मनस्सेले एक-एक भाग पाए।

### ण) भजन ७८:६८-७२: परमेश्‍वरले यहूदा, सियोन पर्वत र दाऊदलाई चुन्नुभएको

**भजन ७८:६८-६९:** तर एप्रैमचाहिँ विद्रोह गर्नमा अग्रसर थिए; यसकारण परमेश्‍वरले शासन-अधिकार तिनलाई दिनुभएन, तर त्यसको सम्मान यहूदालाई दिनुभयो। अनि यहूदा कुलको भूभागमा उहाँले सियोन पर्वतलाई आफ्नो पवित्र-स्थानको निर्माण गर्ने ठाउँको रूपमा चुन्नुभयो। त्यसको उचाइ स्वर्गजतिकै उच्च थियो र त्यसको दृढ़ता पृथ्वीजस्तै अचल थियो।

**भजन ७८:७०-७१:** अनि उहाँले यहूदाबाटै आफ्ना दास दाऊदलाई पनि चुन्नुभयो। ती गोठाला एवम् राजाले आफ्नो तालिम भेड़ाहरूको बीचमा पाए, जब तिनले दूध खुवाउने भेड़ीहरू र तिनका पाठाहरूको हेरचाह गर्दैथिए, र जब तिनले प्रकृतिबाट आत्मिक तथ्यहरू सिक्दैथिए। त्यसपछि परमप्रभुले तिनलाई लिनुभयो अनि आफ्नो प्रजाको गोठाला र इस्राएल आफ्नो अधिकारको भागमाथि राजा तुल्याउनुभयो। अनि दाऊद तिनीहरूको गोठाला र तिनीहरूको राजा भएर काम गर्थे।

**भजन ७८:७२:** '*यसकारण उनले तिनीहरूलाई आफ्नो हृदयको सच्चाइअनुसार चराउँथे र आफ्नो हातको निपुणताले तिनीहरूलाई डोऱ्याउँथे।*'

अनि यसरी गोठालाको शान्तमय धुनमा यो भजन समाप्त भयो। तर यस भजनबाट बिदा लिनुभन्दा अघि हामीले याद गर्नुपर्छ, कि इस्राएली जातिको इतिहास एउटा ऐना हो, जसमा हामीले आफ्नै इतिहास देख्न सक्छौं। अनि जुनै हालतमा पनि हामी तिनीहरूभन्दा बढ़ी दोषी छौं; किनभने हाम्रा सौभाग्यहरू तिनीहरूका भन्दा ठूला छन्। गलगथाको प्रेमको आगोले अग्नि भएका हामी – हामी किन गुनासो गर्ने? हामी किन विद्रोह गर्ने? हामी प्रभु येशूलाई किन सीमित राख्ने? अथवा हामी किन कृतघ्न बन्ने? तर के गर्ने? हामी दोषी छौं; किनभने हामीले इस्राएलका पवित्र जनको रिस उठाएको अनगिन्ती छ। हजार पल्ट पतित भएर हामीले उहाँलाई दुःखित तुल्याएका छौं। असंख्य आशिषहरू

पाएर पनि हामीले गनगन गरेका छौं र गुनासो गरेका छौं।

तर परमेश्‍वरको धीरज असीमित होइन। यसकारण एउटा समय आउँछ, जब उहाँले हामीलाई हाम्रो पछि-हटाइको तीतोपन चाख्‍न दिनुहुन्छ। हामीले उहाँको अनुग्रह हेला गर्‍यौं भने हामीले उहाँको शासना भोग्नुपर्छ। अनि हामीले विश्‍वासयोग्यता र इमानदारीको साथ उहाँको सेवा गर्न मान्दैनौं भने उहाँले त्यस सेवाको भार अरूलाई सुम्पनुहुन्छ। तब हामीले आशिष गुमाउनेछौं र कहिल्यै फेरि उहाँजस्तै असल मालिकलाई भेट्टाउनेछैनौं।

## भजन ७९ः कैदीहरूको सुस्केरा

भजन ७९ चाहिँ भजन ७४ को जोड़ी हो। त्यस भजनले परमेश्‍वरको जायजेथाको विनाश, उहाँको मन्दिरको विध्वंससित सरोकार राख्छ। हाम्रो सामु भएको भजनमा पनि मन्दिर फेदसम्म माटोमा मिलाएको घटना एकक्षणको निम्ति प्रसङ्ग भएकै हो; तर यस भजनको प्रमुख सन्दर्भचाहिँ परमेश्‍वरका जनहरूको उजाड़ता अर्थात् इस्राएलीहरूलाई नष्टभ्रष्ट पारिएको घटना हो। भजनकारले यहाँ खूब सिपालो ढङ्गले यहूदीहरूको मुद्दा पेश गर्छन् अनि तिनीहरूले विश्रान्ति र जागृति पाऊन् भन्ने अनुरोध गर्छन्।

**भजन ७९ः१ः** अन्यजाति आक्रमणकारीहरूले इस्राएल देशमाथि चढ़ाइ गरे, र बख्तरबन्द वाहन वा टैंकहरूले जस्तै ठेलेका-ठेलेकै तिनीहरू राजधानीभित्र पसे। अनि तिनीहरूका अपवित्र खुट्टाहरूले पवित्र-स्थानलाई अशुद्ध पारे, र त्यो प्रिय मानिएको शहर एउटा खण्डहर भयो।

**भजन ७९ः२-४ः** अनि एउटा डरलाग्दो हत्याकाण्ड भयो। जताततै कुहेका लाशहरू ठसठसती गन्हाए। यहूदीहरूका नगाड़िएका लाशहरू यत्र-तत्र-सर्वत्र पड़िरहे – कत्रो हुनेसम्मको अपमान!! गिद्धहरू ती लाश-हरूमाथि जाइलागे र सिनु खाने पशुहरूले घिचेर आफ्नो शिकार ख्वापख्वापती निले। यरूशलेमको चारैतिर रगत पानीसरह बग्यो। अनि आक्रमणकारी शत्रुहरूले मारिएका मानिसहरूका लाशहरू गाड्ने बन्दोबस्त धरि गरेनन्। इस्राएल देशका छिमेकी जातिहरूले इस्राएली जातिमाथि आइपरेको विपत्तिबाट के साह्रै मज्जा लिए, बाफरे!

**भजन ७९ः५-७ः** पक्का पनि त्यो परमप्रभुकै भयानक रिस र डाहपूर्ण क्रोधको अशुभ लक्षण थियो; यसमा कुनै शङ्का थिएन। तर यस कुरामा एउटा प्रश्‍न उठेको छः कहिलेसम्म उहाँको त्यो डाह इस्राएलको विरुद्धमा आगोझैं जलिरहने त? के अन्य-जातिहरूको पालो आएको थिएन र? किनकि ती अन्यजातिहरूले परमप्रभुलाई चिन्न चाहँदैनथिए; हठी भएर यिनीहरूले उहाँको नाम लिन मान्दैनथिए। अनि अबचाहिँ यिनी-हरूले परमेश्‍वरका जनहरूको आम हत्या गरेर र देश विध्वंस पारेर यिनीहरूका पापहरू चरमसीमामा पुगे।

**भजन ७९ः८-१०ः** अहिलेसम्म जे भनिएको थियो, त्यो त भूमिका मात्र भएको थियो। अब भजनकारले समस्याको मूल-कारण पेश गर्छन्। हो, तिनले मानिलिन्छन्, कि त्यस विपत्तिको जड़ कारणचाहिँ इस्राएली जातिको पाप हुँदो रहेछ। 'हाम्रो विरोधमा हाम्रा पितापुर्खाहरूका अधर्महरू नसम्झनु-होस्!' त्यो कुरा मानिलिएपछि तिनले आफ्ना अकाट्य तर्कहरू पेश गरेर सर्वशक्तिमान्‌लाई दया देखाउन बाध्य गराए। तिनले परमेश्‍वरको दया पाऔं भन्ने विनय गरे। किनकि मानिसहरूलाई अहिले नै त्यसको नितान्त आवश्यकता परेको थियो। त्यसपछि तिनले परमेश्‍वरको नामको महिमाको खातिर आफ्नो निवेदन पूरा भएको चाहे; यो तिनको निवेदनको जग थियो। परमप्रभुले टुटेका र

चूर्ण हृदय भएकाहरूको पाप क्षमा गर्ने र उनीहरूलाई छुटकारा दिने प्रतिज्ञा गर्नुभयो। यसो हो भने, यस सम्बन्धमा उहाँको नामको सम्मान बाजीमा हालिएको थियो। अनि अन्तिम आएर शत्रुका हाँसखेल र दिल्लगी चुप पार्न अत्यावश्यक थियो। यिनीहरूको खिसीका शब्दअनुसार इस्राएलका परमेश्वरको अस्तित्व छँदैथिएन। यसकारण यो उहाँले आफ्नो अस्तित्वको प्रमाण दिन सक्न उहाँको सुनौलो मौका थियो। यसैले यिनीहरूबाट आफ्ना विश्वासयोग्य दास-हरूको रक्तपातको बदला लिएर उहाँले यिनी-हरूसित प्रतिशोध गरिदिऊन्।

**भजन ७९:११-१२:** तब भजनकारले परमेश्वरलाई निम्न अनुरोध गर्छन्: उहाँले कैदीको उदासले पूर्ण सुस्केरा सुनिदिऊन् र मर्नको निम्ति ठहराइएकाहरूलाई छुटकारा गरिदिऊन्, अँ, उहाँले आफ्नो महान् शक्तिको योग्य प्रकारले उनीहरूको उद्धार गरून्। अनि शत्रुहरूले परमप्रभुको साह्रै निन्दापूर्ण उपहास गरे; यसकारण यिनीहरूले यसको निम्ति सात गुणा बढ़ी सजाय भोगून् – तिनको अनुरोध यही थियो।

**भजन ७९:१३:** अनि यो सब इस्राएलको शान्ति र परमेश्वरको प्रशंसाको कारण बन्नेछ। उहाँलाई प्रेम गर्ने उहाँको बगालले कहिल्यै उहाँलाई धन्यवाद चढ़ाउन छोड्नेछैन। उहाँको प्रशंसा गर्दै गरेको एक पुस्तापछि उहाँको प्रशंसा गर्ने अर्को पुस्ता उठ्नेछ।

## भजन ८०: परमेश्वरको दाहिने हातको मानिस

जुन शोक र सुस्केरा धेरै भजनहरूको तरङ्ग र प्रसङ्ग भएका छन्, त्यही शोक र सुस्केराले यहाँ निरन्तरता पाएका छन्। यस भजनमा जुन इस्राएली जातिले पहिले बगालको रूप र त्यसपछि दाखको बोटको रूप लिएको छ, त्यही इस्राएली जातिले पापको क्षमा पाऊँ र फेरि स्थापित हुन पाऊँ भनेर निवेदन गर्छ।

**भजन ८०:१-३:** अनि उक्त निवेदन इस्राएलका गोठालाकहाँ पेश गरिएको छ। 'इस्राएलका गोठाला' परमेश्वरको त्यो नाम हो, जुन नामचाहिँ याकूबले यूसुफलाई आशीर्वाद दिँदा प्रयोग गरे, जसरी लेखिएको छः 'त्यहींबाट त्यो गोठाला, अँ, इस्राएलको चट्टान हुनेछ' (उत्पत्ति ४९:२४)। उहाँले यूसुफलाई भेड़ाबाख्राको बगाललाई झैं मिस्र देशदेखि कनान देशसम्म डोऱ्याउनुभयो। अनि महापवित्रस्थानमा, त्यस महिमाको बादलमा, कृपा-आसन ढाकेर रहने करूब-हरूको बीचमा सिंहासनमाथि बस्नुहुने उहाँ नै हुनुहुन्थ्यो। तर अहिलेचाहिँ? उहाँ इस्राएललाई त्याग्नुभएको जस्तै देखिन्थ्यो, अनि त्यो पवित्रस्थान नाश भएको थियो। यसकारण 'हे प्रभु, आफ्नो कृपादृष्टि र दयामा आफ्नो चेहरा चम्काउनुहोस् र एप्रैम, बिन्यामिन र मनस्सेको सामु आफ्नो बल जगाउनुहोस्' भन्ने निवेदन गरिएको छ। इस्राएलीहरूले यात्रा गर्दा यी तीन कुलहरू अग्रपङ्क्ति हुन्थे, त्यसपछि कोहातीहरूले करारको सन्दुक बोक्थे। तर यहाँ तिनीहरूले समस्त इस्राएली जातिलाई सङ्केत गर्छन्। परमेश्वरले आफ्नो बल जगाउनु तिनीहरूलाई अति जरुर लागिरहेको थियो; (हाम्रो भाषामा भन्नु हो भने उहाँले आफ्नो पाखुरा सुर्कनु थियो)। उहाँको निम्ति तिनीहरूको उद्धार गर्ने पाइला चाल्ने आपातकाल भएकै थियो। यसकारण 'हामीलाई कैदबाट फर्काउनु-होस्' भनी तिनीहरूले निवेदन गरे। उहाँले आफ्नो दयामा तिनीहरूमाथि आफ्नो चेहरा चम्काउनुभयो भने तिनीहरूको छुटकारा सुनिश्चित हुनेथियो।

**भजन ८०:४-७:** इस्राएली जाति र परमप्रभु सेनाहरूका परमेश्वरको बीचमा ठूलो दूरी भएको थियो। उहाँ तिनीहरूका

पापहरूको खातिर मात्र होइन, तर तिनीहरूका प्रार्थनाहरूसँग पनि रिसाउनुभएको थियो। यसकारण उहाँले तिनीहरूलाई भोजनको रूपमा आँसुको रोटी दिनुभयो र आँसुको धाराबाट प्रशस्त पिउन दिनुभयो। उहाँले तिनीहरूलाई तिनीहरूका अन्यजाति छिमेकी-हरूको निम्ति झगड़ा र विवादको कारण बनाउनुभयो, र तिनीहरू तिनीहरूका शत्रुहरूको बीचमा निर्मम खिसी र हाँसोको पात्र भए। तिनीहरूको निम्ति एउटै उपाय रहेको थियोः सेनाहरूका परमेश्वरले तिनी-हरूलाई बचाउन तिनीहरूमाथि कृपादृष्टि राखून्।

**भजन ८०:८-११ः** परमेश्वरले मिस्र देशबाट इस्राएली जाति, एउटा कलिलो दाखको बोट ल्याउनुभयो। यो दाखको बोट प्रतिज्ञा गरिएको देशमा रोप्न उहाँले त्यहाँबाट कनानीहरूलाई निकाल्नुभयो। जसरी दाखबारीको मालिकले जमिन फाँड़फुँड़ गरेर त्यसको खेती गर्छ, त्यसरी नै परमप्रभुले आफ्ना जनहरूको सम्बन्धमा पनि ठूलो दुःख उठाउनुभयो। अनि मिस्र देशबाट ल्याइएको विरुवा सार्ने काममा उहाँ सफल हुनुभयो। किनकि दाखको बोटले गहिरो हुने गरी जरा हाल्यो, र यसको जनसङ्ख्या बढ़्यो, र मानिसहरूले देशलाई भरिदिए। यो दाखको बोट के साह्रै मज्जाले बढ़्यो र मौल्यो! यो त आफ्नो प्रतापमा पहाड़हरूभन्दा उच्च थियो र ठूला-ठूला देवदारहरूभन्दा पनि बलियो भयो। यसका मुनाहरू यता भूमध्यसागरसम्म फैलिए भने, उता यसका मुनाहरू यूफ्रेटिस नदीसम्म फैलिएर गए। राजा सुलेमानको शासनकालमा इस्राएलले पूर्वपट्टि यूफ्रेटिस नदीसम्मको भूभाग ओगटेको थियो (१ राजाहरू ४:२१ र २४), तर त्यस भूभाग-माथिको शासन अस्थायी थियो।

**भजन ८०:१२-१३ः** तर त्यसपछि परमेश्वरले यस दाखको बोटको वरिपरि आफ्नो सुरक्षाको पर्खाल हटाउनुभयो र लुटपाट गर्ने जातिहरूलाई दाखबारीमाथि हात हाल्न दिनुभयो। बँदेल र अरू जङ्गली पशुहरू यस दाखबारीमा पसेर यसलाई उजाड़ पारिदिए – पहिला मिस्र देश, अश्शूर र बेबिलोन, त्यसपछि फारस, ग्रीस देश र रोमी सरकार। भजनकारले बँदेलको चित्र लिएर आफ्नो सीमित ज्ञानदेखि बाहिरको कुरा लेखे; किनभने शताब्दीहरू बितेपछि रोमी सेनाले इस्राएल देशलाई नष्ट-ध्वस्त पार्‍यो; अनि तिनीहरूको झण्डाको प्रतीक एउटा बँदेल थियो, जुन झण्डा तिनीहरूले जताततै घमण्डको साथ फरफराउँथे।

**भजन ८०:१४-१५ः** अनि फेरि एक पल्ट मानिसहरूले सेनाहरूका परमेश्वरलाई 'आशिष लिएर फर्किआउनुहोस्' भनेर विन्ती गर्छन्। उहाँले स्वर्गको किल्लाबाट तलतिर हेरेर यस दाखको बोटमाथि टिठाऊन्, यसको सुधि लिऊन्। अनि तिनीहरूको शब्दअनुसार यो दाखको बोट *'त्यो दाखबारी थियो, जुनचाहिँ तपाईंको दाहिने हातले रोपेको छ,* र *त्यो हाँगा थियो, जुनचाहिँ तपाईंले आफ्नो निम्ति बलियो पार्नुभयो।'* अनि यसमा चाखलाग्दो कुरा के हो भने, पुरानो नियमको 'टर्गुम' नामक पुरानो अरामी अनुवादले पन्ध्र पदको अन्तिम वाक्य यस प्रकारले अनुवाद गर्‍योः 'अनि राजा मसीहमाथि, जसलाई तपाईंले आफ्ना निम्ति स्थापित गर्नुभयो।' तर पन्ध्र पदमा त्यस दाखबारी र त्यस हाँगाको अर्थ इस्राएली जाति थियो। अर्थ-लगाइमा यस प्रकारको गड़बड़ी आउन दिनुहुँदैन; यो न्यायसंग्रह हुँदैन। किनकि यो निश्चित छ, कि केवल त्यसका दुई पदहरूपछि मसीहको प्रसङ्ग उठाइन्छ।

**भजन ८०:१६ः** आक्रमणकारी सेना-हरूले यो दाखको बोट काटेर ढाले र जलाइ-दिए। तिनीहरू परमप्रभुको दोषी ठहर्‍याउने

एकै नजरले नाश होऊन्। किनकि तिनीहरू नाश हुन योग्य थिए।

**भजन ८०:१७-१८:** *'तपाईंको हात तपाईंको दाहिने हातको मानिसमाथि रहोस् ' त्यस मानिसको सन्तानमाथि, जसलाई तपाईंले आफ्नै निम्ति बलियो पार्नुभयो।'* परमेश्वरको दाहिने हातपट्टि हुनुभएको मानिसचाहिँ प्रभु येशू ख्रीष्ट हुनुहुन्छ (भजन ११०:१; हिब्रू १:३, ८:१ र १०:१२)। अनि 'मानिसको पुत्र' त्यही नाम हो, जुन नाम लिएर उहाँले सुसमाचारका पुस्तकहरूमा घरिघरि आफ्नो विषयमा कुरा गर्नुहुन्थ्यो। इस्राएलमा सम्पूर्ण आशिष त्यति बेलामा मात्र आउनेछ, जुन बेलामा उहाँलाई उहाँले पाउनुपर्ने स्थान दिइनेछ। त्यसपछि इस्राएल फेरि कहिल्यै पछि हट्नेछैन। परमप्रभुको पुनर्जीवित पार्ने शक्तिले जागृत भएर तिनीहरूले परमप्रभुको नाम पुकार्नेछन्।

**भजन ८०:१९:** 'हे परमप्रभु, सेनाहरूको परमेश्वर, हामीलाई फर्काएर ल्याउनुहोस् र आफ्नो चेहरा हामीमाथि चम्काउनुहोस्, तब हाम्रो बचाउ सुनिश्चित हुनेछ।' फेरि एक पल्ट यस भजनको स्थायी बोल दोहोरिएको छ, त्यसपछि यो भजन समाप्त हुन्छ। परमप्रभु, इस्राएलका गोठालाले आफ्ना बरालिएका भेड़ाहरू फर्काएर ल्याऊन् – यस गीतको आग्रहरूपी टेक थियो। किनकि परमप्रभु सेनाहरूका परमेश्वरको एकै मुस्कानले इस्राएल बचाइनेथियो।

## भजन ८१: तुरहीको चाड़

यस यहूदी चाड़को विषयमा श्री मेरील एफ. अङ्गरले यसो लेखेका छन्:

> 'तुरहीको चाड़ एक दिने चाड़ रूपमा मानिन्थ्यो, जुन दिनमा अनिवार्य रूपले परिश्रमका सबै कामबाट विश्राम लिइनुपर्थ्यो; यो सम्झना गराउने तुरही-फुकाइचाहिँ एउटा पवित्र सभा हुन्थ्यो। समय बित्दै जाँदा पूजाहारीहरू र लेवीहरूले यसको निर्धारित बलिदानको अर्घबलि चढ़ाउँदै गर्दा भजन ८१ का शब्दहरू र बेलुकाको बलिदान चढ़ाउँदा भजन २९ का शब्दहरू गाउने गर्थे। यस दिनभरि बिहानदेखि बेलुकासम्म यरूशलेममा तुरहीहरू फुकिन्थे। अनि यस सम्बन्धमा यहूदी धर्मगुरुहरूले के विश्वास गर्थे भने, त्यस दिनमा परमेश्वरले सबै मानिसहरूको न्याय गर्नुहुन्थ्यो, र तिनीहरू गोठालाको सामुबाट भएर गएका भेड़ाहरूको बगालजस्तै उहाँको सामुन्नेबाट भएर जान्थे।' 52)

यस तुरहीको चाड़ले चाहिँ इस्राएलीहरू आफ्नो स्वदेश फेरि भेला पारिने भावी शुभ कार्य चित्रण गर्छ। अनि यो भेला हुने काम-चाहिँ प्रभुको मण्डली उठाइलगिएपछि हुनेछ।

**भजन ८१:१-५क:** यस भजनको शुरुका पदहरूमा इस्राएलीहरूलाई आह्वान गरिएको छ: तिनीहरूले परमेश्वरको स्तुति गाउनुपर्छ, जो तिनीहरूको बलको स्रोत हुनुहुन्थ्यो; अनि तिनीहरूले याकूबका परमेश्वरको निम्ति आनन्दको सोर निकाल्नुपर्छ; किनकि याकूबको परमेश्वरचाहिँ सबै अनुग्रहका परमेश्वर हुनुहुन्थ्यो। लेवीहरू आ-आफ्ना बाजा-गाजाहरू लिएर यस खुशीको गानबजानमा सामेल हुनु थियो, र पूजाहारीहरूले तुरही फुकेर सातौं महिनाको औंसी आइपुगेको सङ्केत दिनु थियो। यो तुरहीको चाड़चाहिँ इस्राएली जातिको निम्ति परमेश्वरले ठहऱ्याउनुभएको एउटा बिदाको दिन थियो (लेवी २३:२३-२५; गन्ती २९:१)। उहाँले यो चाड़ त्यस बेलामा इस्राएलको निम्ति ठहऱ्याउनुभयो, जब उहाँ मिस्र देशबाट भएर जानुभयो; (यहाँ 'यूसुफ' भन्नाले सारा इस्राएल बुझिन्छ)। त्यसको प्रतीत मतलब यो हो, कि मिस्र देशसँग मुकाबिला भइसकेपछि र उहाँका जनहरू

मिस्र देशबाट निस्किसकेपछि परमेश्वरले तिनीहरूलाई यो चाड़ मान्न दिनुभयो।

**भजन ८१:५ख:** अनि पाँच पदको अन्तमा हामी यसो लेखिएको पाउँछौं: 'जहाँ मैले एउटा भाषा सुनें, जुनचाहिँ मैले बुझिनँ।' यहाँ बोल्ने व्यक्तिचाहिँ को थिए? के भजनकारले, कि इस्राएली जातिले अथवा परमेश्वरले यहाँ बोल्नुभयो? यो हामीले विचार गर्नुपर्छ।

**क)** यदि ती बोल्ने व्यक्ति भजनकार आफै अथवा इस्राएली जाति हुन् भने त्यो नबुझिने विदेशी भाषा मिस्रीहरूको भाषा भएको हुनुपर्ला (भजन ११४:१)।

**ख)** तर ती बोल्ने व्यक्ति परमेश्वर हुनुभयो भने, **१)** कि त उहाँले मिस्र देशबाटको छुटकाराद्वारा इस्राएली जातिलाई आफ्नो विषयमा एउटा नयाँ प्रकाश दिनुभयो, जुन नयाँ प्रकाश तिनीहरूका आत्माहरूको धन थियो। **२)** कि त त्यो नबुझिने भाषाचाहिँ परमेश्वरको वाणी थियो, जुन दिव्य वाणी यस भजनका अरू बाँकी पदहरूको मूल विषय थियो।

हामी मानिलिऔं, यो बोल्ने व्यक्ति परमेश्वर हुनुहुन्छ; तब निम्न अर्थ निस्कन्छ: 'मैले मिस्रीहरूको भाषा सुनें, जुन भाषा मैले मानिनँ।' श्री जर्ज विलियम्सले यस वाक्यको अर्थ यस प्रकारले प्रस्तुत गरेका छन्: 'मैले मिस्रीहरूलाई आफ्ना भेड़ाहरूको रूपमा स्वीकार गरिनँ।'

यहाँ बोल्ने व्यक्तिचाहिँ परमेश्वर हुनुहुन्छ भन्ने धारणा आफ्नो पुष्टि कहाँबाट पाउँछ? 'मैले' भन्ने सर्वनाम शब्दले यस भजनको बाँकी भागमा सधैं परमेश्वरलाई सङ्केत गर्छ।

**भजन ८१:६-७:** परमेश्वरले इस्राएलीहरूका काँधहरू हल्का पार्नुभयो; किनकि उहाँले तिनीहरूलाई मिस्रीहरूको अधीनस्थ गुलामका कामहरूबाट छुटकारा दिनुभयो। माटो र इँटहरूले भरिएका टोकरीहरू बोक्नबाट तिनीहरूका हातहरूले छुटकारा पाए। जब तिनीहरूले उहाँलाई पुकारे, तब उहाँले तिनीहरूलाई तिनीहरूको सङ्कष्टबाट छुटकारा दिनुभयो। गर्जनको गुप्त स्थानबाट उहाँले तिनीहरूलाई जवाफ दिनुभयो। 'गर्जनको गुप्त स्थान'को सन्दर्भ कि त त्यो बादल थियो, जुन बादलले तिनीहरूको मार्गदर्शन र रक्षा गर्थ्यो, कि त सिनाई पर्वतमा तिनीहरूलाई मोशाको व्यवस्था दिइएको घटना थियो। अनि उहाँले तिनीहरूलाई मरीबाको पानीमा जाँच्नुभयो, जहाँ मोशाले त्यो चट्टान हिर्काए र परमेश्वरलाई नाराज तुल्याए।

**भजन ८१:८-१०:** उहाँले तिनीहरूलाई अघिबाट चेताउनी दिनुभएको थियो, कि आशिषको मार्गचाहिँ उहाँलाई एकमात्र सत्य परमेश्वरको रूपमा मान्नुमा र उहाँप्रति विश्वासयोग्य रहनुमा छ। उहाँले मूर्तिपूजा मनाही गर्नुभयो; यो सुनिश्चित थियो। उहाँले तिनीहरूलाई मिस्र देशबाट निकालेर ल्याउनुभएको हो; यो महत्त्वपूर्ण कुरा सम्झाइसक्नुभएपछि उहाँले तिनीहरूसँग यसो भन्दै एउटा अचम्मको प्रतिज्ञा गर्नुभयो: 'आफ्नो मुख आँ गर, र म त्यो भरिदिनेछु।' कहिलेकाहीं अल्छे प्रचारकहरूले 'मेहनत गरेर प्रवचन तयार नगर्दा पनि हुन्छ; हामीले खालि आफ्नो मुख खोल्नुपर्छ, र प्रभुले हामीलाई हामीले प्रचार गर्नुपर्ने वचन दिइहाल्नुहुन्छ नि' भनेर त्यस प्रतिज्ञामा गलत अर्थ लगाइदिन्छन्। तर यसको अर्थ यस्तो हुँदै होइन। यस प्रतिज्ञाले भन्न खोजेको कुरा यस प्रकारको छ: तिनीहरू ठूला अर्जीहरूको साथ परमेश्वरकहाँ आए भने उहाँले तिनीहरूलाई तिनीहरूको माग पूरा गरिदिनुहुनेथियो। उहाँले आफ्ना आज्ञाकारी जनहरूको निम्ति नगर्ने असल कुरा केही पनि छैन। यस विषयमा श्री अर्नो सी. गेबेलाइनले एकदम ठीक भनेका छन्:

‘कसले यस वाक्यको अर्थ पूरा बुझेको छ र? उहाँ त हाम्रा सर्वशक्तिमान् प्रभु हुनुहुन्छ; उहाँको निम्ति कुनै कुरा कठिन छैन। अनि उहाँले भन्नुभयोः “तिम्रो मुख सकेसम्म आँ गर, तब म त्यो भरिदिनेछु।” अनि नयाँ नियममा आएर उहाँले भन्नुभयोः “मेरो नाममा जुनै पनि कुरा माग, र म त्यो पूरा गर्नेछु।” यस सम्बन्धमा उहाँको माग के हो? हामी उहाँप्रति आज्ञाकारी हुनुपर्छ; उहाँले हामीबाट हाम्रो हृदय र हाम्रो इच्छाको समर्पण खोज्नुहुन्छ।’ 53)

**भजन ८१:११-१३:** तर परमेश्वरका जनहरूले उहाँको सोर नसुनेझैं गरे, र इस्राएलले उहाँको आज्ञापालन गर्न चाहँदैनथियो। यसकारण उहाँले तिनीहरूलाई तिनीहरूकै इच्छामा छोड़िदिनुभयो, र तिनीहरूलाई तिनीहरूकै सल्लाहअनुसार चल्न र त्यसको निम्ति कष्ट भोग्न दिनुभयो। तर तिनीहरूलाई छोड़िदिँदा परमेश्वरको हृदयमा कत्रो व्यथा थियो! तिनीहरूको निरन्तर मूर्खता र हठीपनाले उहाँलाई शोकित तुल्यायो। तिनीहरूले उहाँको कुरा सुनिदिएका भए उहाँले चाँड़ै तिनीहरूका शत्रुहरूलाई दबाउनुहुनेथियो। अनि तिनीहरूका विरोधीहरू डरले झुकेर उहाँको सामु आउनेथिए, र इस्राएलको समृद्धिमा कुनै अन्त हुनेथिएन। हो, उहाँले आफ्ना जनहरूलाई सबैभन्दा उत्तम गहुँ खुवाउनुहुनेथियो; सबैभन्दा उत्तम गहुँ भन्नाले सर्वोत्तम आत्मिक भोजन र शारीरिक पोषण बुझिन्छ। अनि उहाँले तिनीहरूलाई कनान देशका चट्टानहरूमा भएका मौरीका चाकाहरूबाट स्वादिष्ट महले तृप्त पार्नुहुनेथियो।

## भजन ८२: पृथ्वीका शासकहरूको न्यायजाँच

**भजन ८२:१:** अदालत बस्यो; अनि न्यायकर्ताले आफ्नो आसन ग्रहण गर्नुभयो। अनि ती न्यायकर्ता परमेश्वर स्वयम् हुनुहुन्छ। उहाँले पृथ्वीका शासकहरू र न्यायकर्ताहरूलाई हप्काउन दिव्य परिषद्को एउटा विशेष बैठक डाक्नुभएको छ। यिनीहरूलाई ईश्वरहरू भनिएको छ, किनकि यिनीहरू उहाँका प्रतिनिधिहरू हुन्, जसले परमेश्वरको नियुक्तिअनुसार उहाँका सेवकहरू भईकन समाजमा सुव्यवस्था कायम राख्नुपर्छ। वास्तवमा यिनीहरू हामीजस्तै मानिसहरू हुन्। तर यिनीहरूको उच्च पदले गर्दा यिनीहरू परमप्रभुका अभिषिक्त जनहरू हुन्। यिनीहरूले परमेश्वरलाई व्यक्तिगत रूपले नचिन्लान्, रपनि यिनीहरू परमेश्वरका अधिकारप्राप्त कर्मचारीहरू हुन्; अनि यही कारणले ‘ईश्वरहरू’ भन्ने नामद्वारा यिनीहरूलाई सम्मान गरिएको हो। तर यस शब्दको अक्षरशः अर्थ ‘शक्तिशाली जनहरू’ हो।

**भजन ८२:२:** पहिले परमेश्वरले यिनीहरूलाई यिनीहरूले काम गर्दा देखाएको दुर्व्यवहारको निम्ति हप्की दिनुहुन्छ; किनकि यिनीहरूलाई घूसखोरी र भ्रष्टाचारको दोष लागेको थियो। यिनीहरूले आफ्नो प्रशासनअन्तर्गत धनीहरूको मुख हेरेर न्याय गर्थे, तर गरिबहरू थिचोमिचोमा पर्थे; अपराधीहरू दण्ड नपाई छोड़िन्थे; तर इमानदार मानिसहरूले सठीक न्याय पाउँदैनथिए, तर आफ्ना मुद्दाहरूमा हार्नुपरेको थियो; किनकि न्यायचाहिँ अत्याचारको हतियार बनेको थियो।

**भजन ८२:३-४:** त्यसपछि सारा पृथ्वीका न्यायकर्ताले यिनीहरूलाई फेरि एक पल्ट सामाजिक क्षेत्रमा यिनीहरूका जिम्मेवारीहरूको याद दिलाउनुहुन्छः यिनीहरूले गरिबहरू, टुहुराहरू, दुःखमा परेका र खाँचोमा परेकाहरूको कानुनी अधिकार कायम राख्नुपर्छ। यिनीहरू धनसम्पत्ति नहुनेहरू वा सम्पत्ति खोसिएकाहरू र शोषण गरिएकाहरू सबैका सहायकहरू हुनुपरेको थियो।

**भजन ८२:५:** तर परमप्रभुको तर्फबाट यी सबै चेताउनीहरू यिनीहरूकहाँ आए तापनि यिनीहरूमा कुनै सुधार आउला भन्ने आशा देखिँदैनथियो। यिनीहरू न ज्ञान-अनुसार, न समझअनुसार काम गर्न सक्ने रहेछन् भन्ने कुरामा उहाँ स्वगत कथन गर्नुभएझैं सुस्केरा हाल्नुहुन्छ। यिनीहरू आफै अँध्यारोमा छामछाम-छुमछुम गर्दै हिँड़ेका हुनाले यिनीहरूले निर्देशनको आवश्यकता परेकाहरूलाई सहायता कहाँ गर्न सक्नेथिए? यस प्रकारको आशा नगरे हुन्छ। अनि यिनीहरूले न्यायपरायण र बुद्धिमानीसाथ काम नगरेको फलस्वरूप समाजका जगहरू हल्लिएका छन्; कानुन-व्यवस्थाको आज्ञा-पालन पूरा हराएको छ।

**भजन ८२:६-७:** यिनीहरू यिनीहरूको विशेषाधिकारमा स्वर्गसम्म उचालिए, तर यिनीहरू आफ्नो दण्डमा तल खसालिनेछन्। परमेश्वरले यिनीहरूलाई 'ईश्वरहरू' र 'परमप्रधानका सन्तान' भन्दैमा यिनीहरूले न्यायबाट उम्कने छुट पाएका छैनन्। अरू मानिसहरूसित सरह यिनीहरूसित व्यवहार गरिनेछ, र यिनीहरू शासकहरूको एकजना-जस्तै लड्ने रहेछन्। वास्तवमा, यिनीहरूको दण्ड बढ़ी हुनेछ; किनकि यिनीहरूको सौभाग्य अरूको भन्दा ठूलै थियो।

हाम्रा प्रभु येशूले आफ्ना विरोधीहरूलाई सामना गर्नुभएको एक बेलामा छ पद उद्धृत गर्नुभयो (यूहन्ना १०:३२-३६); किनभने भर्खर तिनीहरूले उहाँलाई ईश्वर-निन्दाको आरोप लगाएका थिए; किनकि उहाँले आफू परमेश्वरसित बराबर हुनुभएको दाबी गर्नुभएको थियो।

*'येशूले तिनीहरूलाई जवाफ दिनुभयो: "के तिमीहरूको व्यवस्थामा 'मैले भनें, "तिमीहरू ईश्वरहरू हौ" ' भनेर लेखिएको छैन र? तब जसकहाँ परमेश्वरको वचन आयो, उहाँले तिनीहरूलाई 'ईश्वरहरू' भन्नुभयो भने – र पवित्रशास्त्र भङ्ग हुन सक्दैन – तब जसलाई पिताले पवित्र गरेर यस संसारमा पठाउनुभयो, के तिमीहरूले उसैलाई 'म परमेश्वरको पुत्र हुँ' भनेकोमा 'तिमी ईश्वर-निन्दा गर्छौ' भन्छौ र?" '*

पश्चिमी मानिसहरूको मन-मस्तिष्कको निम्ति यो तर्क त्यति स्पष्ट र विश्वासलाग्दो नहोला, तर उहाँका श्रोताहरूको निम्ति यो अकाट्य थियो। प्रभु येशूले एउटा तर्कमाथि अर्को तर्क स्थापित गर्नुभएको तिनीहरूले बुझे। उहाँको तर्कको जोर यस प्रकारको थियो:

तर्क क) भजन ८२ मा परमेश्वरले शासकहरू र न्यायकर्ताहरूलाई 'ईश्वरहरू' भनेर सम्बोधन गर्नुभयो। वास्तवमा, यिनीहरूमा कुनै ईश्वरत्व छँदैथिएन, तर यिनीहरू आफ्नो उच्च पदअनुसार परमेश्वरकै सेवकहरू थिए; यसकारण यिनीहरूलाई 'ईश्वरहरू' भन्ने नामद्वारा सम्मान गरिएको हो। अनि यिनीहरूको विशेषता केमा थियो त? यिनीहरूकहाँ परमेश्वरको वचन आएको थियो, अर्थात् परमेश्वरले यिनीहरूलाई उच्च पदअधिकारीहरूको रूपमा शासन र न्याय गर्न नियुक्त गर्नुभयो (रोमी १३:१)।

तर्क ख) अनि यिनीहरूजस्ता मानिस-हरूलाई 'ईश्वरहरू' भन्ने नाम लगाउन सकिन्थ्यो भने, झन् बढ़्ता गरी प्रभु येशूलाई 'परमेश्वर' भन्ने नाम लगाउन सुहाउँछ र सठीक ठहरिन्छ। किनकि परमेश्वर पिताले उहाँलाई पवित्र गरेर यस संसारमा पठाउनु-भएको हो। यसको मतलब के हो भने, उहाँ अनादिकालदेखि नै परमेश्वर पितासँगै स्वर्गमा रहनुभएको थियो। त्यसपछि पिताले उहाँलाई एउटा सेवाकार्यको निम्ति अलग गरेर यस संसारमा पठाउनुभयो, र उहाँले बेतलेहेममा जन्म लिनुभयो।

प्रभु येशूले आफू परमेश्वरसित बराबर हुनुभएको दाबी गर्नुभएको कुरा यहूदीहरूले

स्पष्टै बुझे; यसकारण तिनीहरूले उहाँलाई पक्रन खोजे, तर उहाँ तिनीहरूको हातबाट उम्कनुभयो (यूहन्ना १०:३९)।

**भजन ८२:८:** तर आउनुहोस्, हामी अब यस भजनको अन्तिम पदमा फर्कौं।

'हे परमेश्वर, उठ्नुहोस्, पृथ्वीको न्याय गर्नुहोस्; किनकि तपाईं सबै जातिहरूको हकवाला हुनुहुन्छ।'

आसाफले यस ठाउँमा परमप्रभुलाई पुकारेका छन्: उहाँले मानिसहरूका कामहरूमा हस्तक्षेप गरून् अनि भ्रष्टाचार र अन्यायको सट्टामा धार्मिकता र न्याय स्थापित गरून्। अनि यस प्रार्थनाको उत्तर त्यति बेलामा मिल्नेछ, जुन बेलामा प्रभु येशू पृथ्वीमाथि राज्य गर्न फर्केर आउनुहुनेछ। भविष्यवक्ताहरूले भविष्यवाणी गरेअनुसार त्यस बेलामा *'उजाड़स्थानमा न्यायले वास गर्नेछ, र फलवान् खेतबारीमा धार्मिकताले वास गर्नेछ'* (यशैया ३२:१६)। तब पृथ्वी पक्षपात र भ्रष्टाचारमुक्त, अँ, घूसखोरी र छलकपटमुक्त समाज बन्नेछ।

## भजन ८३: छ दिने युद्धको विषयमा लेखिएको भजन

इस्वी संवत् १९६७ साल मई महिनाको २८ तारिखको दिनमा संयुक्त अरब गणतन्त्रका राष्ट्रपति श्री गमल अब्देल नासेरले यसो भने: 'हामी इस्राएलमाथि व्यापक हमला गर्ने योजना बनाएका छौं। अनि योचाहिँ एउटा चौतर्फी युद्ध हुनेछ। अनि हाम्रो लक्ष्य इस्राएललाई नाश गर्नु हो।' अनि जब जून पाँच तारिखमा लड़ाइँ शुरु भयो, तब संयुक्त अरब गणतन्त्रलाई साथ दिन जोर्डन, सिरिया, इराक, अल्जेरिया, सुदान, कुवेत, साउदी अरबिया र मोरोक्को सामेल भए। इस्राएललाई समुद्रमा ठेलिदिने त्यस संघको दुःप्रयास पूरा रूपले असफल भयो। छ दिनभित्र यो लड़ाइँ समाप्त भयो; अनि इस्राएल सुस्पष्ट विजेता भयो।

त्यस छ दिने युद्धपछि धेरै बाइबल प्रेमीहरूको निम्ति भजन ८३ ले नयाँ अर्थ पायो। अनि हुन सक्छ, यस भजनको भविष्यवाणी त्यस दिनसम्म फेरि र फेरि पूरा हुनुपर्ला, जुन दिनमा प्रभु येशू राजाको रूपमा राज्य गर्न आउनुहुनेछ र इस्राएलले प्रतिज्ञाको देशको निम्ति गरेको दाबी फेरि कहिल्यै कसैद्वारा खण्डन गरिनेछैन, तर सदाको निम्ति चिरस्थायी हुनेछ।

**भजन ८३:१-५:** यहाँ बोल्ने व्यक्तिचाहिँ चारैतिरबाट घेरिएको इस्राएली जाति हो भन्ने कुरा स्पष्ट बुझिन्छ। इस्राएलले यहाँ परमेश्वरलाई यसो भन्दै पुकार गरेको छ: 'चुप नरहनुहोस्, तर कारबाही गर्न निश्चित कदम चाल्नुहोस्!' हो, इस्राएलीहरूले आफ्नो सुरक्षा र संरक्षणको निम्ति निवेदन गरे, तर तिनीहरूले पेश गरेको मुद्दा तिनीहरूको मात्र कहाँ थियो र? तिनीहरूको त्यो मुद्दा परमेश्वरको मामिला पनि थियो नि। यसकारण 'तपाईंका शत्रुहरू ... तपाईंलाई घृणा गर्नेहरूले ... तपाईंको प्रजाको विरोधमा ... तपाईंको शरणमा रहनेहरू ... तिनीहरूले तपाईंको विरोधमा मोर्चा बाँधेका छन्' भनेर तिनीहरूले आफ्नो मुद्दा पेश गरेका छन्। किनकि इस्राएलका शत्रुहरू उहाँकै शत्रुहरू थिए; तिनीहरूले उहाँलाई यो कुरा बिर्सन दिँदैनथिए।

तिनीहरूले भनेका कुराहरू वास्तविक थिए। शत्रुहरूले हूलदङ्गा मच्चाए – यो विरोधीहरूका धम्की र ललकारहरूको ज्वलन्त वर्णन थियो। यिनीहरूले छली र धूर्त युक्तिहरू रचे – सोभियत रसियाका सल्लाहकारहरूको आड़मा। यिनीहरूले आपसमा मतो गरे – त्यो बैठक आज 'अरब संघका बैठकहरू' भन्ने नामले चिनिन्छ।

*'आओ, एउटा राष्ट्र नहुने गरी हामी तिनीहरूलाई काटिदिऔं, र इस्राएलको नाम फेरि कहिल्यै सम्झनामा नआओस्'* भन्ने धम्कीअनुसार यिनीहरूले इस्राएलको नाम-निसान मेट्ने प्रयास गरे। तिनीहरूले राष्ट्रहरूको महासंघ गठन गरेर सम्मिलित मोर्चा बाँधे – यस महासंघमा अधिकांश इस्राएलीहरूसित नजिकको नाता पर्ने जातिहरू थिए।

**भजन ८३:६-८:** अनि हामीले यी जातिहरूको वर्तमान प्रतिरूप खोजेर निकाल्न कोशिश गर्‍यौं भने हामीलाई निक्कै समस्या हुन्छ। हामी जान्दछौं, अश्शूर वर्तमान इराक हो; अनि इश्माएलीहरू अब्राहाम र हागारबाट जन्मिएका सन्तानहरू थिए, जसबाट अरबीहरू निस्केर आए। अनि एदोमी र अमालेकीहरूको विषयमा हामी जान्दछौं कि यिनीहरू एसावका वंश हुन्। अनि मोआबी र अम्मोनीहरू लूतका सन्तान हुन्, तर तिनीहरूका वर्तमान नामहरू पत्ता लगाउन असम्भव छ। अनि पलिस्तीहरूले बसोबास गरेको क्षेत्र आज गाजा-भूभाग भनिन्छ। अनि टायर शहर वर्तमान लेबानोनमा अवस्थित थियो। अनि गबालचाहिँ फोनेसियामा अवस्थित भएको प्राचीन गुब्ला वा बिब्लोस हो। अब हागारीहरूको कुरा आयोः अनि कति सूत्रहरूको कथनअनुसार हागारीहरू हागारका वंशहरू हुन् अर्थात् इश्माएलीहरूको उपजात हुन्, तर यो कुरा सत्यापन गर्न सकिँदैन। यी नामहरूको सम्बन्धमा अस्पष्ट कुरा धेरै भएको हुनाले हामी यी नामहरू मध्य-पूर्वका वर्तमान देशहरूसित जोड्ने प्रयास नगरेकै राम्रो हुन्छ। यसकारण तिनीहरूलाई इस्राएलका अन्यजाति शत्रु-हरूको रूपमा लिनु उचित देखिन्छ।

यत्रो विशाल राष्ट्र-संघको विरुद्धमा सूक्ष्म इस्राएल कसरी खड़ा हुन सक्छ? यस प्रश्नको केही उत्तर तीन पदमा पाइन्छः परमेश्वरका जनहरू उहाँको शरणमा परेकाहरू थिए, अथवा के.जे.वी.-अनुसार 'उहाँका गुप्तमा राखिएकाहरू' थिए, वा एल.बी.-अनुसार 'उहाँका बहुमूल्य जनहरू' थिए, अथवा जेलिनोअनुसार 'उहाँले प्रेम गर्नुभएका उहाँका प्रेम-पात्र' थिए। खतराको घड़ीमा उहाँ तिनीहरूको अलौकिक रक्षाको ढाल हुनुहुन्छ, जसले तिनीहरूको दुर्बलतामा आफ्नो शक्ति सिद्ध र पूरा यथेस्ट भएको प्रमाणित गर्नुहुन्छ। जब प्रतिकूल परिस्थिति-हरू सबै तिनीहरूको विरुद्धमा छन्, तब उहाँले तिनीहरूलाई मानिसको समझ माथ गर्ने विजय दिनुहुन्छ।

**भजन ८३:९-१०:** अब चारैतिरबाट घेरिएका इस्राएलीहरूले परमप्रभुलाई यसरी पुकार्छन्ः उहाँले वर्तमान समस्यासित यही प्रकारले कारबाही गरून्, जसरी उहाँले विगत समयमा तीनवटा विभिन्न अवसरहरूमा आफ्ना शत्रुहरूसित कारबाही गर्नुभएको थियो।

**क)** किशोन नदीमा ठूलो काटमारले पराजित भएपछि एन्-डोरमा कनानका राजा याबीन र तिनका सेनापति सिसेराको लाजमर्दो मृत्यु भयो (न्यायकर्ताहरू ४)। तिनीहरूका कुहेका लाशहरू इस्राएलको माटोको लागि मल बने।

**भजन ८३:११-१२: ख)** मिद्यानका दुई शासकहरू ओरेब र जीब मारिए र उनीहरूका टाउकाहरू छिनाइए (न्यायकर्ता ७:२३-२५)। यशैया १०:२६ पदअनुसार त्यो लड़ाइँ एउटा ठूलो काटमार थियो।

**ग)** मिद्यानका दुईजना राजाहरू जेबह र सल्मुन्नाले परमेश्वरका वासस्थानहरू कब्जा गर्ने धम्की दिएका थिए। ओरेब र जीब मारिएको बेलामा यिनीहरू इस्राएलीहरूदेखि

भाग्न सके, तर पछि गिदोनले यिनीहरूलाई पक्रे र मृत्युदण्ड दिए (न्यायकर्ताहरू ८)।

**भजन ८३:१३-१८:** इस्राएलले आफ्ना शत्रुहरूमाथि परमेश्‍वरको दण्डमूलक न्याय आओस् भनेर साहसी उजुर गर्दाखेरि तिनीहरूले परमेश्‍वरको निम्ति कल्पना गर्नुपर्ने कुनै कुरा बाँकी राख्दैनन्। तिनीहरूले माग गरेका दण्डका विवरणहरू यस प्रकारका छन्: 'यिनीहरू भूमरीको धूलाजस्तै होऊन्', अथवा कुनै अनुवादअनुसार 'यिनीहरू उजाड़स्थानमा हावाले गड़ाइएको झारको डल्लोजस्तै होऊन्। यिनीहरू बतासले हुत्याइएको भुसजस्ता होऊन्। अनि वन स्वाहा गर्ने आगलागीले यिनीहरूलाई खेद्‌दै गरोस् र एउटा दन्किरहेको अग्नि-प्रलयले यिनीहरूलाई भस्म पारोस्। परमप्रभुको आँधीले यिनीहरूलाई आतङ्कित पारोस्। यिनीहरू पूर्ण लज्जित होऊन्, जसले गर्दा यो कुरा देख्ने मानिसहरूले परमप्रभुको खोजी गरून्। यिनीहरू अपमानित ढङ्गले नष्ट होऊन्, जसले गर्दा मानिसहरूले परमप्रभु मात्र सारा पृथ्वीमाथि सार्वभौम शासक हुनुहुँदो रहेछ भन्ने कुरा थाह पाऊन्।' कति कड़ा शब्द! हो, यहाँ प्रयोग गरिएको भाषा कड़ा त हो, तर बिलकुल सही हो। किनकि जब परमेश्‍वरको सम्मानमा धक्का पुग्न आँटेको छ, तब प्रेम कठोर हुन सक्छ। यस विषयमा श्री जी. क्याम्पबेल मोर्गनले निम्न स्पष्टीकरण दिएका छन्:

> 'यस प्राचीन जातिका सबै भजन-लेखकहरू परमेश्‍वरको सम्मानको जोशले प्रेरित भएका थिए। तिनीहरूसँग स्वार्थी अभिप्रेरणा छँदैथिएन, भविष्यवक्ताहरूमा जस्तै। स्वार्थीपनाले गीत गाउन जान्दैन, अँ, स्वार्थी मानिसले कुनै दर्शन देख्न पाउँदैन। तर परमेश्‍वरको महिमाको निम्ति हुने जलनले कि त कठोरता, कि त कोमलताको रूप लिन सक्छ।' 54)

## भजन ८४: स्वर्गको घरको सम्झनाले ग्रस्त

भजन ८४ को प्रमुख व्याख्याको सम्बन्धमा सबै सफा छ, र कुनै प्रश्‍न उठ्‌दैन। यस भजनले देशनिकाला गरिएका यहूदीहरूको उत्कट चाहना व्यक्त गरेको छ: तिनीहरूलाई यरूशलेममा भएको मन्दिरमा फर्केर आउने ठूलो इच्छा थियो।

तर यसको दोस्रो प्रयोग यस प्रकारको छ: वर्तमान समयमा जिउने ख्रीष्ट-विश्‍वासी यसको सन्दर्भ हुन सक्छ, जो कुनै कारणवश स्थानीय सङ्गतिदेखि वञ्चित भएको छ। तर प्रभुको उपासना गर्न भेला भएका परमेश्‍वरका जनहरूसँग मिल्ने उसको उत्कट इच्छाले उसको हृदय खाइदिन्छ।

तर यस भजनको तेस्रो प्रयोग मलाई झन् बढ़ी मन परेको छ: यसको सन्दर्भ त्यही परमेश्‍वरभक्त यात्री हो, जो स्वर्गको सम्झनाले ग्रस्त र गृहासक्त हुन्छ। आउनुहोस्, हामी यही दृष्टिकोण अपनाएर यो भजन अध्ययन गरौं!

**भजन ८४:१-२:** सुन्दरता र मनोहरताको सम्बन्धमा परमेश्‍वरको वासस्थानको तुलनामा कुन ठाउँ आउला र? यो त परम सुन्दर छ, यसको अनुपम वैभव छ, र यो अवर्णनीय महिमाले भरपूर ठाउँ हो। तर यस विषयमा हामी कुरा स्पष्टसँग बुझौं: यहाँ लाक्षणिक भाषा प्रयोग गरिएको छ। परमेश्‍वरको वासस्थानको लक्षार्थ त्यहाँ वास गर्नुहुने व्यक्ति हुनुहुन्छ। यसकारण जब भजनकारले *'मेरो मनले परमप्रभुका चोकहरूको तिर्सना गर्छ, अँ, मूर्च्छित पनि हुन्छ'* भनेर भन्छन्, तब तिनले भन्न चाहेको तात्पर्य यो हो: तिनी परमप्रभुसँग रहन खूब इच्छुक थिए। अनि ठीक यही कुरा तिनले अर्को वाक्यमा व्यक्त

गरेका छन्ः *'मेरो हृदय र मेरो शरीर जीवित परमेश्‍वरको निम्ति चिच्च्याइउठ्छन् ।'*

**भजन ८४ः३ः** अनि यहाँ यी यात्रीले आफूलाई एउटा भङ्‌गेरा र एउटा गौंथलीसँग तुलना गरेका छन्। अर्को भजनमा भङ्‌गेराले एकलोपन चित्रण गरेको छ, जस्तो लेखिएको छः *'... छानामाथि एकलो परेको भङ्‌गेरा'* (भजन १०२ः७)। अनि गौंथलीचाहिँ? गौंथलीलाई ध्यान दिने हरेक मानिसलाई थाह हुन्छ, कि गौंथली वेगले यता र उता सुइँसुइँ उड़िहिँड्ने कति चञ्चले प्राणी हो। यी दुवै चराहरूचाहिँ यस उजाड़स्थानरूपी संसारमा यात्रा गरिरहेका परमेश्‍वरका जनहरूलाई बयान गर्ने उपयुक्त चित्र हुन्। किनकि उनीहरू एकलै छन् र बेचैनी छन्। उनीहरूको निम्ति र उनीहरूका परिवारहरूको निम्ति विश्राम र सुरक्षा पाउने एकमात्र ठाउँ परमप्रभुका वेदीहरू हुन्।

भेट हुने पालमा र परमप्रभुको भवनमा दुईवटा वेदीहरू थिएः एउटा वेदी पित्तलको थियो भने अर्को वेदी सुनको थियो। पहिलो वेदीले ख्रीष्टको मृत्यु सङ्केत गर्छ भने दोस्रो वेदीले उहाँको बौरिउठाइ सङ्केत गर्छ। अनि दुवै वेदीहरू मिलेर मुक्तिदाता प्रभुले पूरा गर्नुभएको त्राणको काम प्रस्तुत गर्छन्। यही त्यो ठाउँ हो, जहाँ हाम्रा आत्माहरूले गौंथलीले जस्तै विश्राम पाउन सक्छन् र जहाँ हामीले आफ्ना छोराछोरीहरूलाई विश्राम पाउन भनी ल्याउन सक्छौं। *'प्रभु येशू ख्रीष्टमाथि विश्‍वास गर्नुहोस्, र तपाईंले मुक्ति पाउनुहुनेछ – तपाईंले र तपाईंको घरानाले'* (प्रेरित १६ः३१)।

**भजन ८४ः४ः** तब पवित्र जलनको अवेगमा भड्केर एक निर्वासित व्यक्तिले यसो भनेका छन्ः *'धन्य हुन् उनीहरू, जसले तपाईंको भवनमा वास गर्छन्; उनीहरूले अझै पनि तपाईंको प्रशंसा गर्दै रहनेछन् ।'* जब हामी ती प्रियजनहरूको परम आनन्दको विषयमा विचार गर्छौं, जो प्रभुको साथमा रहन स्वर्गीय घरमा गइसके, तब हामी तिनीहरूको निम्ति शोक गर्न सक्दै सक्दैनौं। हो, हाम्रो लागि तिनीहरूको निधन एउटा नोक्सानी भएको होला, तर तिनीहरूको निम्ति यो अनन्त लाभ भएको हो। हामी होइन, तर तिनीहरू किस्मतका धनी र भाग्यमानी हुन्।

**भजन ८४ः५ः** अघि स्वर्गमा पुगि-सकेकाहरूको परम धन्य अवस्था छोड़ेर हामी पाँच पददेखि सात पदसम्म अहिले स्वर्ग जाने बाटोमा यात्रा गरिरहेकाहरूको कम धन्य अवस्थाकहाँ फर्कन्छौं। उनीहरूको विषयमा विभिन्न कुराहरू उल्लेख गरिएका छन्। पहिले उनीहरूको शक्ति उनीहरू आफैमा होइन, तर परमप्रभुमा हुन्छ। उनीहरू प्रभुमा र उहाँको ठूलो सामर्थ्यमा बलवान् हुन्छन् (एफेसी ६ः१०)। अनि उनीहरूको हृदयमा सियोनतर्फ जाने राजमार्गहरू छन्। संसार उनीहरूको घर होइन। उनीहरू संसारमा छन्, तर उनीहरू संसारका होइनन्। उनीहरूको हृदय स्थिर छ र तीर्थ-स्थानतर्फ लगाइएको छ।

**भजन ८४ः६-७ः** उनीहरूको विषयमा भनिएको तेस्रो कुरा यही होः रुवाइको बेंसीबाट भएर जाँदा उनीहरूले त्यो एउटा मुहान तुल्याइदिन्छन्। 'बाका'को अर्थ नै रुवाइ हुन्छ। अनि ती अदम्य र अजय व्यक्तिहरू शोकको बीचमा गीत गाउन सक्छन् र आँसुहरूको बीचबाट इन्द्रेणी पहिल्याउँछन्। उनीहरूले दुःखद घटनाहरू विजयमा परिणत गर्छन् र दुर्भाग्यहरूमा महान् कामहरूको शुभ अवसर देख्छन्। विकट परिस्थितिहरूमाथि जय पाएको उनीहरूको विजय केमा थियो? त्यसको रहस्य आउँदो वाक्यमा खोलिन्छः *'पहिलो वर्षाले त्यसलाई आशिषहरूले भरिदिन्छ ।'* 'वर्षा'चाहिँ प्रायः पवित्र आत्माको प्रतीक मानिन्छ, र यहाँ हामीले उहाँलाई ताजा बनाउनुमा सेवारत

हुनुभएको देख्छौंः मरुभूमिमा यात्रा गरिरहेका यात्रीहरूको निम्ति उहाँले चिसो, स्वच्छ पानीका तलाउहरूको प्रबन्ध गरिदिनुहुन्छ। अनि एफेसी ५ः२६ पदअनुसार हामी त्यो पानी परमेश्‍वरको वचन सङ्केत गरेको अर्थमा लिन्छौं। उनीहरू बलमाथि बल पाउँदै गएको कुरा यसबाट स्पष्ट हुन्छ। यात्रामा अघि बढ्दै जाँदा उनीहरू कमजोर हुनुको सट्टामा सधैं झन् बलिया हुँदै जान्छन्। उनीहरूको बाहिरी चोला क्षीण हुँदै गए तापनि तिनीहरूको भित्री मनुष्यत्व दिन प्रतिदिनै नयाँ र झन् नयाँ हुँदै जान्छ (२ कोरिन्थी ४ः१६)। अनि त्यसपछि त्यस अद्‌भुत निश्‍चयतामाथि ध्यान दिनुहोस्ः *'हरेक नै सियोनमा परमेश्‍वरको सामु उपस्थित हुन्छ।'* मरुभूमिबाट भएर गइरहेको यात्राको अन्तमा हाम्रो आनन्दको मुकुट के हुनेछ? हामी महाराजालाई उहाँको परम सुन्दरतामा देख्न पाउनेछौं; यसमा कुनै शङ्का छैन।

**भजन ८४ः८ः** अबचाहिँ भजनकार एकाएक भड्केर एउटा आवेगपूर्ण प्रार्थना शुरु गर्न थाल्छन्। पहिले तिनले परमेश्‍वरलाई 'परमप्रभु सेनाहरूका परमेश्‍वर' भनेर सम्बोधन गरेका छन् भने त्यसपछि एकै सासमा तिनले उहाँलाई 'याकूबका परमेश्‍वर' भन्ने नाम दिएका छन्। सेनाहरूका परमेश्‍वरको रूपमा परमप्रभु असङ्‌ख्य स्वर्गदूतहरूमाथिको सर्वाधिकारी शासक हुनुहुन्छ। अनि याकूबका परमेश्‍वर भएर उहाँ याकूबजस्तै अयोग्य व्यक्तिको परमेश्‍वर, अँ, एउटा ठगको परमेश्‍वर हुनुहुन्छ। यो कुरा विचार गर्नुहोस्ः स्वर्गको उत्सव-सभामा उपस्थित हुनुभएको असङ्‌ख्य स्वर्गदूतहरूको परमेश्‍वरचाहिँ तुच्छ, अभागी याकूबको पनि परमेश्‍वर हुनुहुन्छ। अति उच्चमा विराजमान हुनुहुनेचाहिँ अति नजिक पनि हुनुहुन्छ। अनि यही कारणले तपाईं र म – हामी उहाँको उपस्थितिमा प्रवेश गर्न पाउनेछौं; यसको अरू कुनै कारण छैन।

**भजन ८४ः९ः** स्वर्गको निम्ति हाम्रो अधिकार के छ? *'हे परमेश्‍वर, हाम्रा ढाल, हेर्नुहोस्, र आफ्नो अभिषिक्त जनको चेहरा-माथि दृष्टि लगाउनुहोस्!'* हामी प्रभु येशू र उहाँको त्राणको कामद्वारा मात्र ग्रहणयोग्य भएका हुन्छौं।

> 'परमेश्‍वरले मेरा मुक्तिदाता प्रभुलाई हेर्नुहुन्छ,
> अनि त्यसपछि उहाँले मलाई आफ्नो प्रिय पुत्रमा
> ग्रहणयोग्य र मुक्त भएको देख्नुहुन्छ।'

**भजन ८४ः१०ः** अनि त्यो स्वर्गको अनुभव कस्तो छ? *'किनकि तपाईंका चोकहरूमा भएको एक दिन अरू कहीं बिताएका हजार दिनभन्दा उत्तम हुन्छ।'* त्यो स्वर्गको अनुभव अरू कुनै कुरासित तुलना गर्न सकिँदैन रहेछ। हो, प्रभु येशू हुनुभएको ठाउँको महिमा, आनन्द, सुन्दरता र स्वतन्त्रता कल्पना गर्न सकिँदैन, किनकि त्यो यति महान् हुन्छ। अनि हामीले स्वर्गको महिमा कल्पना गर्न नसक्नुचाहिँ बड़िया हुन्छ होला; नत्र ता हामी यस धरतीमा रहनुपर्दा बढ़ी दुःखित हुनेथियौं र आफ्नो काम अघि बढ़ाउन सक्नेथिएनौं होला।

*'दुष्टताका तम्बूहरूमा बस्नुभन्दा बरु मलाई मेरा परमेश्‍वरको भवनमा द्वारपाल हुन मन पर्छ।'* यस विषयमा श्री चार्लस एच. स्पर्जनले यसो भनेका छन्ः 'शैतानले दिन सक्ने सर्वोत्तम कुराभन्दा बरु हाम्रो निम्ति परमेश्‍वरको सबैभन्दा नराम्रो कुरा निको छ।' अनि निको हुनु मात्र कहाँ हो र, त्यो त दिगो पनि हुन्छ। तपाईंले 'हाम्रा परमेश्‍वरको भवन' र 'दुष्टताका तम्बूहरू'को बीचमा भएको भिन्नता ख्याल गर्नुहोला। भवन भन्नाले एउटा सधैंभरि रहिरहने वासस्थान बुझिन्छ भने तम्बूचाहिँ अस्थायी हुन्छ र छोटो अवधिको लागि मात्र टाँगिन्छ।

**भजन ८४ः११ः** *'परमप्रभु परमेश्‍वर सूर्य र ढाल हुनुहुन्छ।'* सूर्यको रूपमा उहाँ अन्धकारमा ज्योति दिनुहुन्छ र रक्षाको ढालको

रूपमा उहाँ बाटोमा भतभती पोल्ने गर्मीबाट बचाउनुहुन्छ। *'परमप्रभुले अनुग्रह र महिमा दिनुहुनेछ।'* परमप्रभुले हामीलाई हाम्रो आत्मिक यात्रामा हामीलाई खाँचो परेको हरेक घड़ीमा अनुग्रह दिनुहुनेछ र त्यसपछि हामीलाई यात्राको अन्तमा महिमा दिनुहुनेछ; किनकि उहाँले दाम तिरेर छुटाउनुभएका आफ्ना छोराछोरीहरूलाई आफ्नो अनन्त घरमा स्वागत गर्नुहुनेछ। यो एक हकिकत कुरा हो, कि तीर्थ-यात्रीलाई यो आश्‍वासन, यो निश्‍चयता दिइएको छ, कि यहाँदेखि स्वर्गसम्म उसलाई कुनै कुराको अभाव हुनेछैन; *'किनकि उहाँले सीधा चाल चल्नेहरूलाई कुनै असल कुरा पनि नदिई सक्नुहुन्न।'* जुन कुरा हाम्रो निम्ति असल छ, त्यो कुरा उहाँले हामीलाई नदिई राख्नुहुन्न, र जुन कुरा उहाँले हामीलाई दिन रोकि-राख्नुहुन्छ, त्यो हाम्रो निम्ति असल हुँदै होइन। *'उहाँले आफ्नो पुत्रलाई पनि बाँकी राख्नुभएन, तर हामी सबैको निम्ति यहाँलाई अर्पि-दिनुभयो; तब कसरी उहाँले यहाँको साथमा सबै कुराहरू पनि हामीलाई सित्तैंमा दिनुहुनेछैन र?'* (रोमी ८:३२)।

**भजन ८४:१२:** *'हे सेनाहरूका परमप्रभु, धन्य हो त्यो मानिस, जसले तपाईंमाथि भरोसा राख्छ!'* भजनकारले हृदयदेखिको यो उद्‌गार निकालेर यो भजन समाप्त गरेकोमा हामीलाई अचम्म लाग्दैन। यस उद्‌गारप्रति मेरो हृदयदेखिको जवाफ यस प्रकारको छः 'ज्यू प्रभु, म एक ख्रीष्ट-विश्‍वासी हुन पाएकोमा अनन्त-अनन्तसम्म कृतज्ञ हुनेछु।'

## भजन ८५: प्रभु, हामीलाई पुनर्जीवित पार्नुहोस्!

यस भजनरूपी जागृतिको प्रार्थना सजिलोसँग निम्न चारवटा खण्डहरूमा विभक्त गर्न सकिन्छः

**क)** *भजन ८५:१-३:* विगत समयमा इस्राएलमा आएको जागृति

**ख)** *भजन ८५:४-७:* परमेश्‍वरसित विन्ती छः हामीलाई फेरि पनि जागृति गराउनुहोस्!

**ग)** *भजन ८५:८-९:* परमप्रभुले कुन प्रकारले यस प्रार्थनाको उत्तर दिनुहुन्छ, सो कुरा सुन्न एकक्षण विराम गरेको

**घ)** *भजन ८५:१०-१३:* भविष्यमा तिमीहरूको पुनर्स्थापना गर्नेछु भन्ने उहाँको प्रतिज्ञा

यहाँ, यस खण्डमा बयान गरिएको इस्राएलको पुनर्स्थापना कुनचाहिँ थियो, सो किटान गरेर भन्न असम्भव छ। तर यो पुनर्स्थापना इस्राएलीहरू बेबिलोनको कैदबाट फर्केर आएपछिको कुरा हुन सक्दैन; किनकि यो भजन कोरहवंशीहरूको भजन हो; अनि उनीहरू बेबिलोनको कैदभन्दा धेरै अघि बाँचे। तर उक्त पुनर्स्थापना कुनचाहिँ थियो, सो जान्न महत्त्वपूर्ण छैन। मुख्य कुरा के हो त? परमेश्‍वरले त्यो पुनर्स्थापना गर्नुभयो; सरोकार यससित छ। अनि जुन कुरा उहाँले एकचोटि गर्नुभयो, त्यो कुरा उहाँ अवश्यै फेरि पनि गर्न सक्नुहुन्छ।

**भजन ८५:१-३:** त्यो जागृति कस्तो समय थियो त? वचनले के भन्दछ? त्यो यस्तो एउटा समय थियो, जुन समयमा परमप्रभु देशप्रति कृपालु बन्नुभयो, र याकूबको सुदिन फर्काउनुभयो। त्यो जागृति ल्याउन पहिला तीनवटा कामहरू पूरा भए। पहिलो कामचाहिँ तिनीहरूको पापको स्वीकार थियो। यसको विषयमा यहाँ खास केही लेखिएको छैन, तापनि नैतिक हिसाबले अरू जुनसुकै कदम चाल्नुभन्दा अघि पापको स्वीकार अनिवार्य हुनुपर्छ। अनि दोस्रो कुराचाहिँः परमप्रभुले आफ्ना जनहरूको अधर्म क्षमा गर्नुभयो। अनि तेस्रो कुराः तिनीहरूबाट परमेश्‍वरको क्रोध हट्यो।

**भजन ८५:४:** पापको क्षमा प्रदान गरेर परमेश्‍वरले विगत समयमा जुन दया देखाउनुभयो, त्यो दयाचाहिँ 'उहाँले त्यो कुरा फेरि एकपल्ट दोहोऱ्याइदिऊन्' भन्ने निवेदनको आधार बन्यो। विश्‍वास भूतकालको कुरासित कहिल्यै सन्तुष्ट रहँदैन; तर विश्‍वासले भइरहेका घटनाहरूमा परमेश्‍वरको हात देख्न चाहन्छ। भजनकारले पापको स्वीकार गरेको देखिँदैन; तर तिनको निम्न प्रार्थनामा त्यसको अस्पष्ट आभास त छः 'हामीलाई फर्काउनुहोस्!' किनकि जब परमेश्‍वर आफ्ना जनहरूको पुनर्स्थापना गर्नुहुन्छ, तब पहिला उहाँले तिनीहरूलाई पश्‍चात्तापमा डोऱ्याउनुहुन्छ; त्यसपछि उहाँले तिनीहरूका पापहरू क्षमा गर्नुहुन्छ, र त्यसपछि उहाँले आफ्नो जल्दो रिसको कारणले तिनीहरूमाथि आउन लागेको दण्ड स्थगित गर्नुहुन्छ।

**भजन ८५:५:** *'के तपाईं हामीसित सदा-सर्वदा रिसाउनुहुन्छ? के तपाईं पुस्ता-पुस्तासम्म आफ्नो रिस बढ़ाउनुहुन्छ?'* परमप्रभुबाट टाढ़ा रहेर बिताएको समय हामीलाई अनन्त कष्टजस्तो लाग्छ। तर पाँच पदमा व्यक्त गरिएको यस मर्मस्पर्शी निवेदनले इस्राएली जातिका ओठहरूमा विशेष अर्थ बोकेको छ; किनकि तिनीहरू सयौं वर्षसम्म सतावटमा परे र तितरबितर भए।

**भजन ८५:६:** आत्मिक अवनतिको फलस्वरूप आनन्द हराउँछ; यो अनिवार्य हो। परमेश्‍वरसितको सङ्गति टुटेपछि ख्रीष्ट-विश्‍वासीको गीत पनि गइदिन्छ। जहाँ स्वीकार नगरिएको पाप छ, त्यहाँ हर्ष-आनन्द हुनै सक्दैन; यी दुवै कुराहरू एकसाथ बस्नै सक्दैनन्। यसकारण निम्न प्रार्थनाले स्वर्गतिर आफ्नो सोर उचाल्छः *'तपाईंको प्रजा तपाईंमा रमाऊन् भन्ने हेतुले के तपाईंले हामीलाई पुनर्जीवित पार्नुहुन्न र?'* पवित्र आत्माको नवीकरणले आनन्दका घण्टीहरू फेरि चालू गराइदिन्छ। सधैं नयाँ-नयाँ आत्मिक गीत-हरूले हरेक ठूलो जागृतिलाई साथ दिएका छन्।

**भजन ८५:७:** जब परमेश्‍वरले आफ्ना जनहरूलाई पुनर्स्थापित गर्नुहुन्छ, त्यो त उहाँको कृपाको अनुग्रहपूर्ण प्रमाण हो। तर हामीसित उहाँको अरू सबै व्यवहारको विषयमा उस्तै कुरा भन्न सकिन्छ। उहाँ प्रेमले हाम्रो ताड़ना गर्नुहुन्छ; उहाँ प्रेमले हामीलाई तह लगाउनुहुन्छ; उहाँ प्रेमले हामीलाई सुधार्नुहुन्छ; अनि अन्तमा उहाँ प्रेमले हामीलाई फर्काएर ल्याउनुहुन्छ। अनि उहाँको प्रेम कति अटल हुँदो रहेछ!! किनभने हामी बाटो बिराउँदा, पछि हट्दा र अनाज्ञाकारी हुँदा उहाँले हामीलाई सहनुहुन्छ। अरू कसैको प्रेम यस्तो हुँदैन; प्रभुको प्रेम अतुलनीय हुन्छ।

*'हे परमप्रभु, हामीलाई तपाईंको उद्धार दिनुहोस्!'* जागृतिले हामीलाई परमप्रभुबाट उद्धार प्रदान गरिदिन्छ। यस सन्दर्भमा उद्धारको अर्थ हाम्रो आत्माको मुक्ति होइन, तर त्यो उद्धारचाहिँ इस्राएलीहरूको अविश्‍वास-योग्यताका सबै नराम्रा असरहरूबाट छुटकारा पाउनु थियो, जस्तैः निर्वासन, कैद, सङ्कष्ट, शक्तिहीनता र बेखुशी आदि।

**भजन ८५:८-९:** भजनकारले अनुग्रहको सिंहासनको सामु पुनर्स्थापनाको सम्बन्धमा आफ्नो निवेदन टक्ऱ्याइसकेपछि यसको उत्तरको प्रतीक्षा गर्छन्; अनि 'उत्तरमा शान्तिको वचन सुन्न पाउनेछु र चाँडै उत्तर पाउनेछु' भन्ने कुरामा तिनी आश्‍वस्त भएका हुन्छन्। तिनको यो भरोसा निम्न कुरामाथि अड़िएको थियोः परमेश्‍वर आफ्नो करार पूरा गर्नुहुने परमेश्‍वर हुनुहुन्थ्यो, जसले तिनी-हरूसित सधैं शान्तिको वचन बोल्नुहुन्छ, जो आफ्नो सम्पूर्ण हृदयदेखि उहाँकहाँ फर्कन्छन्; अनि उहाँ तिनीहरूलाई छुटकारा दिनुहुन्छ,

जसले उहाँको डर मान्छन्, र जो फेरि मूर्खतातिर फर्कंदैनन्। अनि अनिवार्य परिणाम-स्वरूप देशमा महिमाले वास गर्नेछ। अनि यस सिलसिलामा महिमा भन्ने शब्दले महिमाको परमेश्वरलाई सङ्केत गरेको छ। किनकि परमप्रभु भरपर्दो हुनुहुन्छ। जब उहाँका जनहरू उहाँसित सङ्गति गर्छन्, तब उहाँ तिनीहरूको बीचमा वास गर्नुहुन्छ भन्ने कुरा सुनिश्चित छ। यस वाक्यले भन्न खोजेको तात्पर्य यो हो।

**भजन ८५ः१०ः** यस जागृतिको प्रार्थनाले कस्तो उत्तर पायो? यसको उत्तर अन्तिम पदहरूमा दिइएको छ। यी पदहरूले त्यो सुखद, सम्पूर्ण र सिद्ध अवस्थाको बारेमा वर्णन गर्छन्, जुन अवस्था आउँदो महिमाको युगमा हुनेछ, जुन बेलामा प्रभु येशूले पुनर्स्थापित भएको इस्राएलमाथि राज्य गर्नुहुनेछ। तर यी पदहरूको फराकिलो, कवितात्मक अर्थमा यी पदहरूले जब कहीं जागृतिको आगो बल्छ, तब त्यसको अवस्था सधैं के-कस्तो हुँदो रहेछ, सो व्यक्त गरेका छन्।

कृपा र सत्यताको बीचमा भेट हुन्छ। तर मानिसहरूको सम्बन्धमा कुरा प्रायः यस्तो हुँदैन। सत्यताका मागहरूप्रति निष्ठावान् हुने व्यक्तिले प्रेम र दया देखाउनै सक्दैन। तर परमेश्वरले आफ्ना जनहरूमाथि आफ्नो अटल प्रेम बर्साउन सक्नुहुन्छ; किनभने सत्यताका सबै मागहरू प्रभु येशूले क्रूसमा पूरा गरिसक्नुभयो। धार्मिकता र शान्तिले यही अर्थमा एक-अर्कालाई चुम्बन गरेका छन्। ख्रीष्ट-विश्वासीहरूको मेलमिलाप परमेश्वर-सँग भएको छ; किनभने ईश्वरीय न्यायका जति पनि मागहरू थिए, ती मागहरू हाम्रो सट्टामा मर्नुभएको मुक्तिदाता प्रभुको त्राणको कामले पूरा गरिसक्यो।

हाम्रा पापहरू प्रभु येशूमाथि लादिए।
उहाँको रगतको दाममा हाम्रो ऋण चुक्ता भयो।
अबदेखि उसो कठोर न्यायले कुनै माग गर्न सक्दैन,
तर कृपाले आफ्नो भण्डार खोलेर हामीसित यसको बाँड़चुँड़ गर्न सक्छ।

श्री अल्बर्ट मिड्लेन

**भजन ८५ः११-१३ः** पृथ्वीबाट सत्यता (वा विश्वासयोग्यता) उम्रेर निस्कनेछ र धार्मिकताले स्वर्गबाट तल हेर्नेछ। जुन ख्रीष्ट-विश्वासी आफ्ना अनन्त प्रेमीप्रति निष्ठावान् रहन्छ, यस ख्रीष्ट-विश्वासीसित स्वर्गको प्रतिक्रिया समुचित हुन्छः उसले बहुतायतको आशिष पाउनेछ। किनकि परमप्रभु आफ्नो वचनप्रति सधैं विश्वासयोग्य रहनुहुन्छ; यसकारण जे असल छ, उहाँ हामीलाई त्यो दिनुहुन्छ। उहाँ सीधा चाल चल्नेहरूबाट कुनै असल कुरा पनि रोकि-राख्नुहुन्न (भजन ८४ः११)। खड़ेरी र अनिकालको वातावरण समाप्त भयो, र जमिनले जोरदार फसल दिँदैछ। अनि जब परमप्रभु आफ्नो देशको भ्रमण गर्नुहुन्छ, तब उहाँको मार्गले उहाँलाई यस्ता मानिसहरूको बीचमा ल्याइपुर्‍याउनेछ, जसको धार्मिक जीवन नैतिक हिसाबले उहाँको उपस्थितिको निम्ति तयार छ।

## भजन ८६ः प्रार्थना र त्यसका स्पष्टीकरणहरू

यस भजनको विषयमा उल्लेखनीय कुराहरूमध्ये एउटाचाहिँ यो होः निवेदनको रूपमा होस् वा आराधनाको रूपमा होस्, तिनले जे-जे भन्छन्, प्रायः यसको हरेक कुराको निम्ति तिनले कुनै न कुनै कारण पेश गरेका छन्। निम्न सूचिले यो स्पष्ट पार्छः

| निवेदनः | स्पष्टीकरणः |
|---|---|
| **क)** *भजन ८६:१:* तिनले परमप्रभुबाट आफ्नो प्रार्थनाको सुनाइ पाउन खोजे। | **क)** किनकि भजनकार असहाय थिए र खाँचोमा परे। |
| **ख)** *भजन ८६:२[क]:* तिनले उहाँबाट सुरक्षा खोजे (४ र १६ पदमा 'दास' भन्ने शब्द दोहोरिएको तपाईंले याद गर्नुहोला)। | **ख)** किनकि तिनले एक पवित्र व्यक्तिको रूपमा आफ्नो ठहर लिए। |
| **ग)** *भजन ८६:२[ख]:* तिनले उहाँबाट उद्धार पाउन खोजे। | **ग)** यस निवेदनको निम्ति कुनै स्पष्ट कारण दिइएको छैन, तर हुन सक्छ, 'तपाईं मेरा परमेश्वर हुनुहुन्छ' भन्ने कुरा यसको साधारण कारण थियो। |
| **घ)** *भजन ८६:३:* तिनले उहाँबाट कृपादृष्टि पाउन खोजे। | **घ)** किनभने दाऊद दिनभरि प्रार्थनामा लागिरहे। |
| **ङ)** *भजन ८६:४:* तिनले उहाँलाई हर्ष र आनन्दको निम्ति प्रार्थना गरे। | **ङ)** किनकि तिनको आशा परमप्रभु हुनुहुन्थ्यो, अरू कुनै व्यक्ति होइन। |
| *भजन ८६:५:* | (८६:५) यस पदले अघिका निवेदनहरूको निम्ति थप कारणहरू दिएको सम्भव देखिन्छ। अथवा छ पदमा व्यक्त गरिएको प्रार्थनासित आफ्नो सम्बन्ध जोड्छ। किनभने परमप्रभु भला र क्षमाशील हुनुहुन्थ्यो; अनि उहाँको दया उहाँलाई पुकार्नेहरू सबैमाथि छँदैथियो। |
| **च)** *भजन ८६:६:* तिनले परमप्रभुबाट आफ्नो प्रार्थनाको सुनाइ पाउन खोजे। | |
| **छ)** *भजन ८६:७:* तिनले सङ्कष्टको दिनमा परमप्रभुबाट सहायता पाउन खोजे। | **छ)** किनभने परमेश्वर प्रार्थना सुन्नुहुन्छ र यसको जवाफ पनि दिनुहुन्छ। |

आउँदा तीनवटा पदहरूमा भजनकार परमप्रभुको प्रशंसा गर्छन्:

| प्रशंसाः | स्पष्टीकरणः |
|---|---|
| **ज)** *भजन ८६:८:* तिनले परमप्रभुलाई अतुलनीय र उहाँका कामहरू अद्वितीय भेट्टाए। | (यसको स्पष्टीकरण भजन ८६:१० पदमा हेर्नुहोस्!) |
| **झ)** *भजन ८६:९:* परमप्रभु सबै जातिहरूको आदर-भक्ति पाउन योग्य हुनुहुन्छ। त्योचाहिँ ख्रीष्टको हजार वर्षको राज्यमा पूरा हुनेछ। | |

| | |
|---|---|
| *भजन ८६ :१०:* | **ज)** किनकि परमेश्वर महान् हुनुहुन्छ । उहाँका कामहरू अचम्म छन् । उहाँबाहेक अरू कुनै परमेश्वर छँदैछैन । |

**निवेदनः**

| | |
|---|---|
| **ण)** *भजन ८६ :११:* तिनले परमप्रभुको मार्गसित सम्बन्धित शिक्षा पाउन खोजे । | **ण)** किनभने भजनकारले परमेश्वरको सत्यताप्रति आज्ञाकारी भएर हिँडून खोजे । |
| **ट)** तिनले परमप्रभुको श्रद्धाभक्ति र उहाँको आज्ञापालन गर्न पूरा समर्पित हृदय मागे । | |

**प्रशंसाः**

| | |
|---|---|
| **ठ)** *भजन ८६ :१२-१३:* दाऊदले आफ्नो सम्पूर्ण हृदयले परप्रभुको प्रशंसा गर्ने र सदा-सर्वदा उहाँको नामको महिमा गर्ने आफ्नो सुदृढ़ सङ्कल्प व्यक्त गर्छन् । | **ठ)** किनकि परमेश्वरले तिनीप्रति आफ्नो महान् कृपा देखाउनुभयो र तिनलाई गहिरो-गहिरो अधोलोकदेखि छुटाएर त्यहाँबाट माथि ल्याउनुभयो । (अनि हामीले यस भजनको अर्थ मसीहमाथि लागू गर्नु हो भने त यो कुराचाहिँ उहाँको बौरिउठाइको सन्दर्भमा लेखिएको हो ।) |

**भजन ८६ :१४-१६ः** यस भजनका बाँकी पदहरूमा भजनकारले आफूमाथि आउन लागेको खतराको विषयमा बयान गरेका छन् । किनकि घमण्डीहरू र अत्याचारीहरूको उत्तेजित झुण्डले तिनको ज्यान लिने युक्ति रचे । यी दुष्ट मानिसहरूसँग परमेश्वरलाई दिने समय छैन । तर दाऊदले परमप्रभुलाई चिनेका छन्, र यस आपद् परेको निर्णायक घड़ीमा तिनले आफैलाई सान्त्वना दिन्छन्, यो जानेर कि परमेश्वर दयालु र अनुग्रही हुनुहुन्छ, रिसाउनमा ढिला, तर कृपा र सत्यताले परिपूर्ण हुनुहुन्छ । यसकारण तिनी ढुक्कै र निर्धक्क थिए, र तिनले परमप्रभुलाई 'आफ्नो दयामा मतिर फर्कनुहोस्, मलाई बल दिनुहोस् र मलाई बचाउनुहोस्; किनकि म तपाईंकी दासीको छोरा हुँ' भनेर विन्ती गर्छन् । कति मानिसहरू छन्, जसले 'तपाईंकी दासीको छोरा' भन्ने वाक्यांशमा 'तपाईंको सम्पत्ति' भन्ने अर्थ लगाइदिन्छन्; किनकि दासीको छोरा मालिकको सम्पत्ति हुन्थ्यो । अरू मानिसहरू पनि छन्, जसले यस भजनको अर्थ मसीहमाथि लागू गर्छन्; तब यसको सम्भावित सन्दर्भ येशूकी आमा मरियम हुन् ।

**भजन ८६ :१७ः** अन्तमा भजनकारले परमप्रभुबाट उहाँको निगाहको निश्चित चिन्ह माग्छन् । तब परमेश्वरले दाऊदलाई सहायता गर्नुभएको र तिनलाई सान्त्वना दिनुभएको देखेर तिनका शत्रुहरूलाई 'भूलभ्रान्तिमा परेछौं' भन्ने कुरा थाह लाग्नेछ ।

शुरुमा हामीले यस भजनको विषयमा भनिसक्यौं, कि दाऊदले आफ्ना प्रार्थनाका सबै विषयहरू र प्रशंसाहरूको निम्ति कारणहरू पनि पेश गरे । तर यसबाहेक यस भजनमा ध्यान दिन लायक अझै दुईवटा विशेषताहरू छन्ः पहिलो कुरा, जब दाऊदले निवेदन र प्रशंसा चढ़ाए, तब तिनले घरिघरि पवित्रशास्त्रका अन्य खण्डहरूबाट केही अंश जस्तैको त्यस्तै उद्धृत गरे । दोस्रो कुरा,

परमेश्वरको नाम 'अदोनाइ' सात पल्ट प्रयोग गरिएको छ (भजन ८६:३, ४, ५, ८, ९, १२ र १५ पदमा यो हिब्रू शब्द 'प्रभु' भनेर अनुवाद गरिएको छ)। परमेश्वरको भय मान्ने यहूदीहरूले प्रायः 'यहोवा'भन्दा बढ्ता 'अदोनाइ' भन्ने नाम प्रयोग गर्ने गर्थे। पवित्रशास्त्रका प्राचीन शास्त्रीहरू र परिरक्षकहरूले सोर निकालेर वचनको पठन गर्दा 'यहोवा' भन्ने शब्दका एक सय चौतीस ठाउँहरूमा 'अदोनाइ' भनेर पढ्ने गर्थे; किनकि तिनीहरूको दृष्टिमा 'यहोवा' अर्थात् 'परमप्रभु' यति महान् नाम थियो, कि यो शब्द उच्चारण नगर्दा तिनीहरूले यस महान् नामको योग्य श्रद्धा गरेको सम्झन्थे। 55)

एघार पद को खण्ड ख) अनुसार परमेश्वरको नामको डर मान्न हाम्रो हृदय एकाग्र हुने सम्बन्धमा श्री एफ. डब्ल्यू. ग्राण्टले यसो लेखका छन्:

'हो, साँच्चै परमेश्वरका जनहरूको बीचमा यही कुरा जहाँ पनि एउटा ठूलो कमी भएको देखिन्छ। हामीले आफ्नो जीवन छरलङ्ग देखिने खराबीमा बिताउँदैनौं होला, तर हाम्रो जीवनमा अनगन्ती सानातिना बकम्फुसे कुराहरू छन्, जुन व्यर्थका कुराहरूले हाम्रो मनको ध्यान बिगारेका छन्, जुन कुराहरूमा लागेर हामीले आफ्नो समय बर्बाद गरेका हुन्छौं र जुन कुराहरू हाम्रो जीवन परमेश्वरको निम्ति प्रभावकारी साक्षी हुनदेखि रोक्न निक्कै सफल भएका हुन्छन्। हामीमध्ये को होला, जसले प्रेरित पावलसित 'यो *एउटा* कुरा म गर्छु' भन्न सक्ला? हो, हामी स्वर्ग जाने बाटोमा छौं नि, तर फूलहरूको बीचमा उड़िरहेका पुतलीहरूको पछि लाग्न हामीले विराम गरेका छौं, र कुनै खास प्रगति गर्दैनौं। हामीदेखि शैतानलाई कति अचम्म लागेको हुनुपर्ला! किनकि हामी 'संसारका राज्यहरू र तिनीहरूको गौरव'देखि हट्यौं, तर त्यसपछि हामी कहिल्यै नटुङ्गिने महत्त्वहीन, तुच्छ कुराहरूमा फस्छौं, र साबुनको फोकाभन्दा पनि हल्का कुराहरूमा संलाग्न हुन्छौं, व्यस्त रहन्छौं; (जुन साबुनको फोकाको निम्ति एउटा बालकले आफ्नो सारा बल खर्चा गरेको देख्दा हामी मुसुमुसु हाँस्छौं)। हामीले आफ्नो जीवन राम्रोसँग नियालेर जाँचेका भए त हामीले धेरैभन्दा धेरै अनावश्यक फिक्रीचिन्ताहरू, आफ्नो कर्तव्य सम्झेका प्रशस्त कामकुराहरू, आफूलाई उपभोग गर्ने अनुमति दिएका बिदाहरू र अन्य महत्त्वहीन कुराहरू हामीलाई याद हुनेथियो, जुन कुराहरूले निरन्तर हाम्रो ध्यान भङ्ग गर्छन् र एकमात्र लाभ हुने कुराबाट हामीलाई अन्तैतिर तर्काइदिन्छन्। हाम्रो बीचमा यसको विषयमा पर्बाह राख्ने मानिस को होला, जो आफ्नो दैनिक जीवन यस प्रकारको जाँचमा सुम्पन तयार हुन्छ?' 56)

## भजन ८७: राजकीय जनगणनाको विषयमा लेखिएको भजन

यरूशलेमका भूतपूर्व नगरप्रमुख/मेयर श्री टेड्डी कोलेक र उनका सह-लेखकले आफ्नो चार हजार वर्ष पुरानो शहरको अद्‌भुत महानताको विषयमा आश्चर्य प्रकट गरेका छन्; अनि यो स्वाभाविक पनि हो; किनकि उनले यस शहरको विषयमा यसो लेखेका छन्:

'पुरातत्त्वविद्‌हरू र इतिहासकारहरू यरूशलेम जहाँ अवस्थित छ, त्यहाँ किन स्थापित भयो र यो शहर किन यति महान् भयो, सो कुराको विषयमा धेरै समय अलमल्ल परे। किनभने यसमा त्यस्ता प्राकृतिक विशेषताहरू पनि छैनन्, जुन विशेषताहरूबाट संसारका अरू महत्त्वपूर्ण शहरहरूको वृद्धि र समृद्धिमा सहायता पुगेको छ। यो शहर कुनै ठूलो नदीको शिरमा अवस्थित छैन। यसको कुनै ठूलो बन्दरगाह पनि छैन। यसको अधीनस्थ कुनै ठूलो राजमार्ग छैन, र यो मूलबाटाहरूको चौरस्ता वा संगम पनि होइन। यसको नजिकमा

प्रशस्त पानीका स्रोतहरू छैनन्; प्रायः कुनै ठाउँको अबाद हुने मुख्य कारण त्यही हो। तर ठिक्कै मात्रामा पानी पुऱ्याइदिने यसको एउटै मुहान् त छ। यसको कुनै खनिज पदार्थ छैन। यो शहर व्यापार-मार्गहरूदेखि टाढ़ा छ। त्यहाँ प्राचीन जुझ्झा साम्राज्यहरूलाई विशाल क्षेत्र-हरूमाथि विजय हासिल गर्नमा सहायता पुऱ्याउने कुनै रणनीतिक महत्त्व थिएन। यसको न विशेष अर्थव्यवस्था थियो, न कुनै लोभ-लाग्दो तलरूप थियो, जसले गर्दा यो शहर किन एउटा सूक्ष्म, गुमनाम पहाड़िया गाउँभन्दा बढ़ी भएको थियो, सो स्पष्टीकरण हामीले पाउनेथियौं। किनकि यसका प्रायः सबै समकालीन गाउँहरू धेरै समय अघि गायब भइसके। तब यरूशलेमको भाग्य फरक नहुनुपर्ने, होइन र?' 57)

**भजन ८७:१-३:** तर यो शहर परमेश्वरबाट चुनिएको शहर थियो – यस शहरको महानताको खास कारण यही हो। उहाँले यसको जग पवित्र पर्वतहरूमाथि बसाल्नुभयो; अनि उहाँ यसका मूलढोकाहरू देशका अरू सबै ठाउँ र शहरहरूभन्दा बढ़ी प्रेम गर्नुहुन्छ। अनि यस शहरको सबैभन्दा ठूलो महिमा अझै पनि भविष्यमा हुन बाँकी नै छ, जुन बेलामा यो शहर ख्रीष्टको राज्यको राजधानी हुनेछ, र लामो समयदेखि प्रतीक्षा गरिनुभएको राजाको शहर हुनेछ। अनि यस भजनले त्यस दिनको बाटो हेरेको छ, जुन दिनमा यस परमेश्वरको शहर सियोनको विषयमा भनिएका महिमापूर्ण कुराहरू सबै पूरा हुनेछन्।

एक प्रकारले यो शहर धेरै जातिहरूको आत्मिक जन्मस्थान हुनेछ, जस्तो लेखिएको छः

*‘अनि अन्तका दिनहरूमा यस्तो हुनेछः परमप्रभुको भवनको पर्वत पहाड़हरूको टाकुरामाथि स्थापित हुनेछ र डाँड़ाहरूभन्दा उच्च पारिनेछ; अनि सबै जातिहरू त्यसमा ओइरिएर आउनेछन्। अनि धेरै जाति-जातिका मानिसहरू जानेछन्, र भन्नेछन्ः “आओ, हामी माथि परमप्रभुको पर्वतमा, याकूबका परमेश्वरको भवनमा जाऔं; अनि उहाँले हामीलाई आफ्ना मार्गहरूको शिक्षा दिनुहुनेछ, र हामी उहाँका बाटाहरूमा हिँड्नेछौं” ’*(यशैया २:२-३)।

**भजन ८७:४:** अनि हामीलाई के लाग्छ भने, चार पदले भन्न खोजेको यही हो। सियोनचाहिँ एउटी आमा भएछे, जसले यसो भन्छेः ‘मलाई आमाको रूपमा मान्ने जाति-हरूमध्ये दक्षिणमा राहाब अर्थात् मिस्र देश छ र उत्तरमा बेबिलोन छ।’ अनि पलिस्ती देश, टायर र एथियोपियाको विषयमा कसो हो? यी जातिहरूको सम्बन्धमा मानिसहरूले यसो भन्नेछन्ः ‘यिनीहरू पनि यरूशलेममा जन्मेका हुन्।’ जातिहरूको बीचमा यिनीहरूले सियोनलाई विश्वको आत्मिक, राजनीतिक र आर्थिक राजधानीको रूपमा स्वीकार गर्नेछन्; अनि यिनीहरू उपासना गर्न र महान् राजालाई कर तिर्न माथि यरूशलेम जानेछन् (यशैया ६०:५-७)। अनि जुन जातिहरूले माथि गएर झुपड़ीहरूको चाड़ मान्न इन्कार गर्नेछन्, ती जातिहरूमाथि खड़ेरी र महामारी आइपर्नेछ (जकरिया १४:१६-१९)।

**भजन ८७:५:** यसकारण सियोनचाहिँ जातिहरूको आत्मिक जन्म भएको ठाउँको रूपमा चिनिनेछ; किनकि परमप्रधान आफैले यसलाई त्यस विश्वको सर्वाधिकारबद्ध ठाउँमा स्थापित गर्नुहुनेछ।

**भजन ८७:६:** अनि जब परमप्रभुले जातिहरूको जनगणना लिनुहुनेछ, तब उहाँले ती जातिहरूमाथि विशेष ध्यान दिएर तिनीहरूको नाम लेख्नुहुनेछ, जुन जातिहरूले सियोनका नागरिक हुन पाएकोमा आफूलाई भाग्यमानी ठान्छन्। किनकि तिनीहरूको यो राजधानी भ्रमण गर्ने उद्देश्यचाहिँ ...

'यसको बनावटको ढाँचाको वाह-वाह गर्नु होइन, यसका किल्लाबद्ध बुर्जाहरू नियालेर हेर्नु पनि होइन, अँ, खचाखच भएको शहरमा उपासना गर्न आउने जातिहरूलाई डाह गर्नु पनि होइन। तर तिनीहरू यस नगरको रक्षा दाबी गर्न आएका छन्, यसको सुरक्षा उपभोग गर्न, यसको नियमकानुन पालन गर्न, यसको सुखी समाजमा बाँच्न र प्रेमसाथ बस्न, साथै यसका गौरवशाली संस्थापक र संरक्षकसित नित्य सङ्गति गर्न आएका छन्।' **58)**

यस सिलसिलामा श्री अर्नो सी. गेबेलाइनले यसो लेखेका छन्ः

'परमप्रभुले सियोनको उत्थान र अशिषको खातिर एकपछि अर्को गर्दै राज्यभित्र ल्याइएका जातिहरूको हिसाबकिताब राख्नुहुनेछ। त्यस-पछि सियोन सम्पूर्ण विश्वकै महिमामय राजधानी बन्नेछ।' **59)**

**भजन ८७ः७ः** त्यो कति ठूलो उत्सवको घड़ी र छुट्टीको दिन हुनेछ। गाउनेहरू र बाजा बजाउनेहरू एकसाथ गाउनेछन्ः 'मेरा सबै मुहानहरू तिमीमै छन्।' यरूशलेम फेरि आँसुहरू बग्ने दुःखकष्टको ठाउँ हुनेछैन, तर पृथ्वीका सबै जातिहरूको निम्ति आशिषको मुहान, नयाँ ताजगी पाउने स्रोत र आत्मिक घर बन्नेछ।

यस भजनलाई बिदा दिनुभन्दा अघि हामीले यसबाट आफ्नो व्यक्तिगत जीवनमा निम्न कुरा लागू गर्नुपर्छः परमेश्वरले मानिसहरूको नाम लेख्ने समय आउँदैछ। अनि त्यो नामलेखाइचाहिँ स्वर्गीय नागरिक-हरूको जनगणना हुनेछ। अनि स्वर्गको नागरिक हुने एकमात्र महत्त्वपूर्ण, योग्य ठहऱ्याउने शर्त हाम्रो नयाँ जन्म हुनेछ। नयाँ गरी जन्मेकाहरूले मात्रै परमेश्वरको राज्य देख्न पाउनेछन् र यसभित्र प्रवेश गर्न पाउनेछन् (यूहन्ना ३ः३-५)। यसो हो भने बुझ्नुहोस्ः परमेश्वरले मानिसहरूको नाम लेख्नुहुँदाखेरि यसो भन्नुहुनेछः 'हो, फलानो मानिसले यस ठाउँमा नयाँ जन्म पाएको छ।'

के उहाँले हजुरको विषयमा यसो भन्न सक्नुहुनेछ?

तपाईंले आफूलाई स्वर्गीय नागरिकताको योग्य तुल्याउने एउटै उपाय छ। अनि त्यो उपाय यूहन्ना १ः१२ पदमा दिइएको छः

*'तर जतिले उहाँलाई ग्रहण गरे, तिनी-हरूलाई उहाँले परमेश्वरका सन्तान हुने अधिकार दिनुभयो, अर्थात् तिनीहरूलाई, जसले उहाँको नाममाथि विश्वास गर्छन्।'* यसकारण समयमै प्रभु येशूको नाममाथि विश्वास गरेर उहाँलाई आफ्नो प्रभु र मुक्तिदाताको रूपमा ग्रहण गर्नुहोस्!

## भजन ८८ः सबैभन्दा उदासलाग्दो भजन

भजन ८८ मा हामी मानिसको शोक र दुःखको सबैभन्दा तल्लो खाड़लमा आइपुगेका हुन्छौं। हामीलाई के लागेको छ भने, भजनकारले आफ्नो आशाहीन, तिक्त दुर्दशा कुनचाहिँ शब्दले व्यक्त गरूँ भनेर शब्द-भन्डारमा खोजतलाश गरेको जस्तो छ। तिनको विचारमा, तिनी मरणान्त अवस्थामा थिए, मानौं तिनलाई मर्नको निम्ति अस्पतालको एकान्त वार्डमा हालिसकिएको थियो। अब सिर्फ तिनलाई मुर्दाघरमा राखिनु र तिनको अनुहार चादरले ढाकेर गाड़ामा हालेर निकाल्नु मात्र समय बाँकी थियो।

**भजन ८८ः१-२ः** यस भजनमा केवल एउटा उज्ज्वल बिन्दु छ, परमेश्वरको नाम; किनभने यो भजन यस प्रकारले शुरु भएको छः *'हे परमप्रभु, मेरा उद्धारका परमेश्वर!'* श्री अर्नो सी. गेबेलाइनको शब्दअनुसार 'यो त्यो एकमात्र उज्यालो किरण हो, जसले अन्धकार छिर्न खोजेको थियो; यो त्यो एउटै

तारा थियो, जसले मध्यरातको घोर अन्धकार छेड़ेको छ।'

तर लगत्तै भजनकारले अति शोकाकुल भएर आफ्नो निराशामय स्थितिको वर्णन गर्न थाल्छन्: दिनरात तिनले परमप्रभुलाई पुकार गरिरहेर पनि कुनै आराम पाएनन्। कहिले परमेश्वरले तिनको प्रार्थना सुन्नुहुनेछ र कुनै न कुनै उपाय गरेर तिनलाई यस अप्ठ्यारो अड्‌काउबाट छुटाउनुहुनेछ?

**भजन ८८:३-७:** किनकि तिनको जीवन कष्टहरूको छड्छड् उम्लिरहेको रास पो भएछ; अनि तिनी लगातार मृत्यु र चिहानतर्फ लम्किरहेका रहेछन्, र कुनै रोक्का रहेनछ। तिनी मृत सम्झिने मुर्दा भइसके। तिनको सारा बल क्षीण भइसक्यो। हो, तिनी मरेकाहरूको बीचमा पड़िरहे, रणभूमिमा तितरबितर छरिएका लाशहरूको बीचमा एउटा अचेत सिपाहीजस्तो थिए; अँ, तिनी लड़ाइँमा मारिएकाहरूसँगै एकै आम चिहानमा गाड़िएको मृतकजस्तो थिए। तिनलाई 'परमेश्वरले मलाई बिर्सिसक्नुभएको र परमेश्वरबाट सहायता पाउने आशा टुटिसकेको' जस्तो लागेको थियो। काल-कोठरीभित्र हालिएको कैदीजस्तो तिनले आफूलाई परमेश्वरबाट त्यागिएको, र सबैभन्दा तल्लो खाड़लमा, त्यस त्रासपूर्ण, अन्धकारमय अशुभ कोठाभित्र हुलिएको महसुस गरे। तिनको विचारमा, यसको निम्ति केवल एउटै कारण हुन सक्योः परमेश्वर तिनीसित रिसाउनुभयो, र तिनी परमेश्वरको न्यायरूपी पहाड़जत्ति उर्लिरहेका छालहरूमा डुबेका छन्।

**भजन ८८:८-९:** तिनका चिनारुहरूले तिनलाई कोरीलाई झैं त्यागेका छन्। तिनीहरूले तिनलाई डरलाग्दो भूत, अँ, श्रापित व्यक्ति सम्झेर तिनीसित त्यस्तै व्यवहार गरे। तिनी जेलमा थुनिए, जसबाट तिनी कुनै हातलमा पनि उम्कन सक्दैनथिए। एक समयमा तिनका आँखाहरू चहकिला र भावबोधक थिए भने हालमा तिनका आँखा-हरूको चमक हराइसक्यो। अनि प्रार्थना गर्न पनि तिनलाई व्यर्थै लाग्थ्यो। दिनहुँ तिनले आफ्ना हातहरू उठाईकन बोझसाथ परमप्रभुलाई पुकार गरे, तर कुनै प्रतिक्रिया आएन।

**भजन ८८:१०:** त्यसपछि यहाँ भजनकारले कतिवटा प्रश्न सोधेर परमेश्वरलाई चुनौती दिएः तिनको मृत्युबाट उहाँलाई के फाइदा हुनेथियो होला? अनि यी प्रश्नहरूबाट स्पष्ट बुझिन्छः पुरानो नियमको समयमा बाँच्ने पवित्रजनहरूसँग मृत्यु र मृत्युपछि परलोकको विषयमा सीमित ज्ञान भएको रहेछ। यसकारण हाम्रो लागि मर्नु भनेको ख्रीष्टको साथमा रहनु हो, अनि यो अति नै राम्रो कुरा हो भन्ने कुराको निश्चयताको निम्ति हामी परमेश्वरप्रति नित्य धन्यवादी बन्छौं (फिलिप्पी १:२३)।

अब तिनका प्रश्नहरू यस प्रकारका थिएः के परमेश्वरले मरिसकेकाहरूको निम्ति अचम्मका कामहरू गर्नुहुन्छ त? अनि यस प्रश्नको अपेक्षित उत्तर 'अहँ, उहाँले यसो गर्नुहुन्न' थियो। व्यवस्थाको अधीनतामा रहेका यहूदीहरूको निम्ति मृत्यु भनेको विस्मृतिको रहस्यमय लोकमा पुग्नु थियो, जहाँ कुनै सकारात्मक कुरा कहिल्यै घट्दैनथियो र कुनै सुधार हुँदैनथियो। के प्रेतहरू उहाँको प्रशंसा गर्न उठ्लान्? तिनीहरूको दृष्टिकोणमा, मरेर गएकाहरू त छायासित बराबर प्रेतात्माहरू मात्र मानिन्थे, जसको विषयमा परमप्रभुको प्रशंसा गर्ने प्रश्न आउँदैनथियो।

**भजन ८८:११-१२:** के चिहानमा परमेश्वरको अटल प्रेमको प्रचार गरिन्थ्यो र? अथवा के विनाश-कुण्डमा उहाँको विश्वास-योग्यताको घोषणा गरिन्थ्यो र?

'आम-विश्वासअनुसार अधोलोकमा, त्यस धुम्म, कहालीलाग्दो, धूसरित महाकक्षभित्र कुनै

कामकुरा वा बोलचाल हुन सम्भव थिएन; यसकारण ती मानिसहरूलाई सकेसम्म लामो समयसम्म जीवित राख्नु नै परमेश्‍वरको इच्छा हुनुपर्नेथियो, जुन मानिसहरूको भक्तिसाथ चढ़ाइएका स्तुतिप्रशंसाले उहाँलाई सधैं प्रसन्न तुल्याइरहेको थियो।' 60)

**भजन ८८:१३-१८:** नयाँ जोश र उमङ्गको साथ भजनकार आफ्ना विन्ती बिछ्याउन परमप्रभुको चरणमा परे। यो सुनिश्‍चित थियोः हरेक बिहान तिनको उत्तेजित प्रार्थनाको सोर सुनिन्थ्यो। तब किन, अँ, किन होला, परमेश्‍वरले तिनलाई पूर्ण रूपले त्याग्नुभयो? उहाँले तिनलाई आफ्नो दया र कृपादृष्टिको एकै नजरले किन हेर्नुभएन? तिनले यो कुरा बुझ्नै सक्दैनथिए। तिनको बालककालदेखि नै तिनको जीवन अविराम कष्टले पूर्ण मरणान्तक कथा बन्दै आएको थियो। अनि अब परमेश्‍वरका आतङ्कहरूको भुमरीमा परेर तिनी अति व्याकुल थिए र बेसहारा भए। परमेश्‍वरको जल्दो क्रोधले तिनलाई समुद्रको उर्लंदो छालले झैं चुर्लुम्मै डुबाइदियो; अनि उहाँका आतङ्कहरूले तिनलाई गुँगा बनाइदिए। एउटा प्रचण्ड बाढ़ले अटुटसँग तिनलाई चारैतिर लपेट्यो; अनि छालहरूले एकैसाथ तिनलाई छोपे। अनि तिनको दृष्टिमा, परमेश्‍वरले तिनको प्रेमी र साथीलाई तिनलाई त्याग्न लगाउनुभयो। अनि तिनको एकमात्र साथी केवल अन्धकार रहेको थियो।

अनि यसरी यो सबैभन्दा उदासलाग्दो भजन समाप्त भयो। पवित्र बाइबलमा यो भजन किन हालियो होला भनेर हामीमध्ये कसैलाई शङ्का लाग्यो भने हामी श्री जे. एन. डार्बीको गवाही सुन्नुपर्छ। यिनले के भने भने, यिनको जीवनमा यस्तो एउटा समय थियो, जुन समयमा अरू केही होइन, तर यही भजनले यिनलाई मद्दत पुऱ्यायो; किनभने यिनीभन्दा पहिले पनि एकजना मानिस यति नीच अवस्थामा पुगेका रहेछन् भन्ने कुरा यिनलाई थाहा लाग्यो। अनि श्री ए. जी. क्लार्कले एकजना अज्ञात भाइको मुखबाट सुनेका निम्न कुरा पेश गरेका छन्ः

'पवित्र बाइबल योजस्तो भजन अरू छैन; यसकारण यस भजनमा व्यक्त गरिएको अनुभव एउटा दुर्लभ अवस्था हुँदो रहेछ भन्ने थाहा लाग्छ। तर परमेश्‍वरले सबैभन्दा बढ़ी कष्टमा परेको नीच व्यक्तिलाई पनि त्याग्नुहुनेछैन भन्ने कुरा निश्‍चित गराउन यो एकै भजन हालिएको छ।' 61)

## भजन ८९ः दाऊदसित बाँधिएको परमेश्‍वरको करार

**भजन ८९:१-२:** शुरुमा एतानले दाऊदसँग बाँधिएको करारमा प्रकट गरिएको परमप्रभुको अटल प्रेम र विश्‍वासयोग्यतामा आफ्नो व्यक्तिगत हर्ष व्यक्त गरे। तिनले सदा-सर्वदा परमप्रभुका कृपाहरूको गीत गाइरहने सङ्कल्प गरे; किनकि उहाँका कृपाहरू सदा-सर्वदा रहिरहनेछन्।

**भजन ८९:३-४:** विश्‍वासको भाषा सुन्नहोस्; त्यसले श्रद्धापूर्वक परमेश्‍वरलाई उहाँले दाऊदसँग बाँध्नुभएको वाचाको सम्झना गराउँछ। दाऊद उहाँले चुन्नुभएको दास थिए; यसकारण उहाँले उनीसँग शपथ खानुभयोः दाऊदलाई कहिल्यै उनको सिंहासनमाथि बस्ने हकवालाको अभाव हुनेछैन, र उनको राज्य पुस्ता-पुस्तासम्म रहिरहनेछ। दाऊदको राजवंश निरन्तर यस अनन्त सिंहासनमाथि बस्नेछ।

**भजन ८९:५:** अब विश्‍वासले यो करार बाँध्नुहुने परमप्रभुका अचम्मका कामहरू स्मरण गराउँछ; मानौं एतानले परमप्रभुलाई याद दिलाए कि यस कुरामा परमप्रभुको नामको महिमा जोखिममा हालिएको थियो।

**भजन ८९:६-८:** परमप्रभु सबै स्वर्गदूतहरूका सेनाहरूभन्दा महान् हुनुहुन्छ। ती स्वर्गका अनगिन्ती दूतहरूलाई उहाँका अचम्मका कामहरू र उहाँको विश्वासयोग्यता प्रशंसा गर्ने आह्वान दिइएको छ। कुनै पनि स्वर्गदूत उहाँको तुलनामा आउँदैनन्; स्वर्गका सबै जनहरूभन्दा उहाँ सर्वोच्च हुनुहुन्छ। प्रधान स्वर्गदूतहरूले पनि श्रद्धापूर्वक उहाँको भय मान्छन्। तिनीहरूले हर तरहले उहाँ महान् हुनुहुन्छ भन्ने कुरा मानिलिन्छन्। परमप्रभु सेनाहरूका परमेश्वरजतिका शक्तिशाली अरू कोही पनि छैन। अनि उहाँको विश्वासयोग्यता उहाँको भड्किलो पोशाक हुँदो रहेछ।

**भजन ८९:९-१०:** यति मात्र होइन। तर परमेश्वर सृष्टिमा महान् हुनुहुन्छ, साथै उहाँ सृष्टिको सञ्चालनमा र आफ्ना नैतिक सद्‌गुणहरूमा पनि महान् हुनुहुन्छ (८९:९-१५)। सृष्टिमा उहाँको महानता केमा देखिन्छ? निम्न आश्चर्यकारी उदाहरण दिइएको छः उहाँ उर्लिरहेको समुद्रमाथि शासन गर्नुहुन्छ, र त्यसका छालहरू शान्त पार्नुहुन्छ। धेरै वर्षअघि उहाँले गालीलको नीलो तालका छालहरूसित यसो गर्नुभयो; अनि उहाँले आफ्ना जनहरूका आँधीले अस्तव्यस्त पारेका जीवनहरूमाथि उर्लेका छालहरू नित्य शान्त पार्नुहुन्छ। अनि सृष्टिमाथि उहाँको सञ्चालन केमा देखिन्छ? यसको सर्वोत्तम उदाहरण यो होलाः इस्राएलीहरू मिस्र देशबाट निस्केर आएको बेलामा उहाँले मिस्र देशमाथि ठूलो विजय हासिल गर्नुभयो। सिंहले आफ्नो शिकार धुजाधुजा पारेझैं उहाँले त्यस अहङ्कारी जातिलाई ध्वस्त पार्नुभयो; उहाँले आफ्ना शत्रुहरूलाई हावाले पतकरहरू छरपस्ट पारेझैं तितरबितर पार्नुभयो।

**भजन ८९:११-१३:** आकाश र पृथ्वी उहाँका हुन्, सृष्टिकर्ताको अधिकारको भाग हुन्। अनि संसारचाहिँ? संसार र यसमा भएको यावत् थोक उहाँकै हुन्; किनभने उहाँले संसार स्थापित गर्नुभएको हो। उत्तर र दक्षिणको अस्तित्व उहाँबाट भएको हो। ताबोर र हर्मोन पहाड़हरूले उहाँलाई आफ्ना सृष्टिकर्ता जानेर मानौं हर्षले रमाएझैं आफ्ना शिरहरू ठाड़ा पारेका छन्। उहाँको भुजबल अत्यन्तै छ र उहाँको हात बलियो छ। उहाँको दाहिने हात सबैभन्दा उच्च छ र शक्तिजगत्‌मा सर्वशक्तिमान् हुन्छ।

**भजन ८९:१४:** अनि उहाँका नैतिक सद्‌गुणहरूको विषयमा चाहिँ – उहाँको सिंहासन धार्मिकता र न्यायमाथि बसालिएको छ। अनि उहाँ जहाँ-जहाँ जानुहुन्छ, त्यहाँ-त्यहाँ उहाँको कृपा र सत्यताको मीठो बास्नाको मकमक हुन्छ।

**भजन ८९:१५-१८:** दाऊदसँग यो करार बाँध्नुभएको परमेश्वरको महानताको समरण गरेपछि एतानले अब उहाँका जनहरूको धन्यता वर्णन गरेः 'धन्य हुन् ती मानिसहरू, जसले उहाँको जयजयकार गर्न जान्दछन्।' भक्त यहूदीहरूको निम्ति जयजयकार भनेको ती आनन्दका नाराहरू हुन्थे, जुन नाराहरू तिनीहरूको धार्मिक पात्रोअनुसार विशेष पवित्र सभा लाग्ने दिनहरूमा तिनीहरूले यरूशलेममा जाँदाखेरि हर्षको साथ उद्‌घोषणा गर्ने गर्थे। तर हामीचाहिँ ख्रीष्टको सुसमाचारमा यी आनन्दका नाराहरू सधैं उद्‌घोषणा गर्छौं। यी धन्य जनहरूको सम्बन्धमा यहाँ केही जानकारीहरू दिइएका छन्। यिनीहरू उहाँको चेहराको ज्योतिमा हिँड्दा रहेछन्; यसर्थ तिनीहरू उहाँको निगाहमा हिँड्छन्, र उहाँको उपस्थितिले यिनीहरूलाई अगुवाइ गर्छ। यिनीहरूले उहाँमा आफ्नो सबै आनन्दको स्रोत पाएका छन्, र यिनीहरू कहिल्यै उहाँको धार्मिकतामा रमाउन छोड्दैनन्। यिनीहरू आफ्नो शक्तिमा होइन, तर केवल उहाँमा र उहाँको शक्तिमा गर्व गर्छन्। उहाँको कृपादृष्टिमा यिनीहरूको

सिङ उच्च पारिएको छ, अथवा यिनीहरू बलिया छन्; *'किनकि परमप्रभु हाम्रा रक्षक हुनुहुन्छ, अनि इस्राएलका पवित्र जन हाम्रा राजा हुनुहुन्छ।'*

**भजन ८९:१९:** अनि उक्त कुराले एतानलाई परमप्रभुले दाऊदसित बाँध्नुभएको करारकहाँ ल्याउँछ (८९:१९-३७)। धेरै वर्षअघि परमेश्वरले दर्शनमा आफ्नो पवित्र जनसँग बोल्नुभयो। हुन सक्छ, यी 'पवित्र जन' शमूएल भएको सम्भव देखिन्छ (१ शमूएल १६:१-१२), वा नातान भएको हुन सक्छन् (२ शमूएल ७:१-१७), अथवा परमप्रभुका दास प्रभु येशू ख्रीष्ट हुन सक्नुहुन्छ। परमप्रभुले एकजना शक्तिशालीलाई मुकुट पहिर्‍याउनुभयो र उनलाई मानिसहरूको बीचबाट चुनेर उच्च पार्नुभयो र उनीसित अनुग्रहको निःशर्त वाचा बाँध्नुभयो। दाऊदको सम्बन्धमा गरिएका यी वर्णनहरूमध्ये धेरैको विषयमा हाम्रो सहजज्ञान-अनुसार हामीलाई के लागेको छ भने, यी वर्णनहरूले चाहिँ दाऊदलाई नाघेर बरु भावी मसीह राजालाई पो ताकेछन्।

**भजन ८९:२०-२४:** परमप्रभुले दाऊदलाई उनका दाजुहरूको बीचबाट छान्नुभयो र शमूएलको हातद्वारा उनलाई पवित्र तेलले अभिषेक गर्नुभयो, जुन पवित्र तेल राज्याभिषेकको निम्ति अलग गरिएको विशेष तेल थियो। यस करारले गरेको प्रतिज्ञा के थियो भने, परमेश्वरको हात दाऊदमाथि र उनको सिंहासनका उत्तराधिकारीहरूमाथि सधैंको निम्ति रहिरहनेथियो, उनीहरूको संरक्षण र सुरक्षा यसैमा रहनेथियो। अनि उहाँको पाखुराले उनलाई सबै आवश्यक बल दिनेथियो। अनि राजाका शत्रुहरूले उनलाई छल गरेर छक्याउन सक्नेथिएनन्, न ता दुष्टले उनलाई कष्ट दिन सक्नेथियो। परमप्रभुले उनका शत्रुहरूलाई चकनाचूर पार्ने र उनलाई घृणा गर्नेहरूमाथि विपत्ति ल्याउने प्रतिज्ञा दिनुभयो। तर परमप्रभुको विश्वास-योग्यता र उहाँको कृपाले उनलाई कहिल्यै छोड्नेथिएन, र दाऊदको घरानाले परमप्रभु-बाट आफ्नो बल प्राप्त गर्नेथियो।

**भजन ८९:२५:** उत्पत्ति १५:१८ पदमा अब्राहामसँग गरिएको प्रतिज्ञाअनुसार राज्यका भावी सिमानाहरू भूमध्यसागरदेखि यूफ्रेटिस नदीसम्म फैलिनेथिए। अनि उत्पत्ति १५ अध्यायमा इस्राएल देशको सिमाना मिस्र देशको नदीदेखि लिएर यूफ्रेटिस नदीसम्म जानेछ भनेर भनिएको छ; तर मिस्र देशको नदी बगेर भूमध्यसागरमा टुङ्गा भएको हुनाले यसका सिमानाहरू एकै हुन्।

**भजन ८९:२६-२७:** दाऊदले परमप्रभुलाई आफ्ना पिताको रूपमा स्वीकार गर्नेथिए; उहाँ उनका परमेश्वर र उनको उद्धारको चट्टान हुनुहुनेथियो। अनि परमेश्वरले उनलाई आफ्नो जेठो छोरा तुल्याउनुहुनेथियो, अँ, पृथ्वीका राजाहरूभन्दा उच्च तुल्याउनुहुनेथियो। 'जेठा' भन्ने शब्दले कहिलेकाहीं समयको हिसाबले प्रथम हुने अर्थ लिन्छ; जस्तैः मरियमले आफ्नो जेठो छोरा जन्माइन् (लूका २:७)। तर दाऊदको विषयमा चाहिँ समयमा प्रथम हुने अर्थ लाग्नै सक्दैनथियो; किनकि उनी यिशाईका कान्छा छोरा थिए। यसकारण यहाँ, यस ठाउँमा 'जेठा' भन्ने शब्दको अर्थ दर्जामा प्रथम वा सम्मानमा प्रथम हुनुपर्छ, जसरी यस पदको बाँकी भागले 'पृथ्वीका राजाहरूभन्दा उच्च' भनेर स्पष्ट पार्छ। अनि जब प्रेरित पावलले प्रभु येशूको विषयमा कुरा गरेर उहाँलाई 'सारा सृष्टिका जेठा' भने, तब पनि यस 'जेठा' भन्ने शब्दमा यही अर्थ लाग्छ (कलस्सी १:१५)। प्रभु येशू सृष्टिको क्रममा प्रथम प्राणी हुनुभएकै थिएन, जसरी कति झूटा सम्प्रदाय-काहरूले भन्न खोज्छन्; होइन, उहाँ त सारा सृष्टिभन्दा उच्च र श्रेष्ठ हुनुहुन्छ।

**भजन ८९:२८-२९:** कुनै कुराले पनि कहिल्यै दाऊदप्रति परमेश्‍वरको प्रेम उल्टा-पाल्टा पार्न सक्नेछैन; अनि कुनै कुराले पनि उहाँले बाँध्नुभएको वाचा प्रभाव पार्न वा बदली गराउन सक्नेछैन। दाऊदको सिंहासन सधैंभरि रहिरहनेछ, र उनको राजवंशको वंशावली सदा-सर्वदा रहिरहनेछ।

**भजन ८९:३०-३२:** तर दाऊदका सन्तानहरूले पाप गरे भने उनीहरूलाई दण्डबाट छुट हुनेथिएन; किनकि यस वाचाले पाप गर्नेलाई छुट दिनेथिएन। व्यवस्थाका नियमहरू भङ्ग गरिएको खण्डमा धार्मिकता-पूर्वक त्यसको कारबाही हुनेथियो। ऐतिहासिक हिसाबले ठीक यही हुन आयो। दाऊदका सन्तानहरू परमप्रभुप्रति अविश्‍वास-योग्य भए, र उहाँले उनीहरूलाई छड़ीले ताड़ना दिनुभयो र बेबिलोनको कैदरूपी कोर्राले हिर्काउनुभयो।

**भजन ८९:३३:** तरै पनि यो वाचाचाहिँ स्थिर रहिरह्यो। यद्यपि केही समयसम्म यस राज्यमाथि कालो छाया लाग्यो, र यरूशलेममा राज्य गर्ने कुनै राजा भएनन्, तर पनि परमेश्‍वरले अद्‌भुत रीतिले दाऊदको राजकीय वंश संरक्षण गरिरहनुभयो; अनि उहाँले आफ्नै समयमा यो राज्य पुनर्स्थापना गर्नुहुनेछ।

**भजन ८९:३४-३७:** सकेसम्म सशक्त भाषाले व्यक्त गरेर परमेश्‍वरले दोहोर्‍याउनु-भयोः उहाँको वाचा रद्द गर्नै नसकिने कुरा थियो, र उहाँले दाऊदसित गर्नुभएको आफ्नो प्रतिज्ञा पूरा गरेरै छाड्ने दृढ़ सङ्कल्प प्रकट गर्नुभयो। दाऊदको वंशावली सदा-सर्वदा रहिरहनेछ, र उनको सिंहासन आकाशमा सूर्य र चन्द्रमा रहेसम्म रहिरहनेथियो।

**भजन ८९:३८-३९:** बाहिरी दृष्टि लगाउँदाखेरि परमेश्‍वरले दाऊदसित बाँध्नु-भएको आफ्नो वाचा भुल्नुभएको जस्तो लाग्ला। किनकि बेबिलोनीहरूले यहूदामाथि चढ़ाइ गरे र तिनीहरूलाई कैद गरेर बेबिलोनमा लगे। अनि त्यस समयदेखि आजको दिन-सम्म दाऊदको सिंहासनमाथि कोही पनि बसेनन्। तर परमेश्‍वरले बिर्सनुभएन। प्रायः दुई हजार वर्ष अघि दाऊदको शहरमा प्रभु येशूको जन्म भयो। उहाँ यूसुफका धर्मपुत्र हुनुहुन्थ्यो; अनि यूसुफ यहूदाका राजाहरूकै वंशानुक्रममा परेका हुनाले कानुनको हिसाबले तिनीद्वारा प्रभु येशू दाऊदको सिंहासनको निम्ति उत्तराधिकारी हुनुभयो (मत्ती १)। अनि येशू मरियमका साखै छोरा हुनुहुन्थ्यो; अनि मरियम नातानमार्फत दाऊदको वंशावलीमा परेकी थिइन्; यसकारण हाम्रा प्रभु येशू दाऊदकै वंशका हुनुहुन्छ (लूका ३:२३-३८)। यस प्रकारले दाऊदसित बाँधिएको यो वाचा प्रभु येशू ख्रीष्टमा पूरा भयो। दाऊदको सिंहासन उहाँद्वारै चिरस्थायी भएको छ; किनकि उहाँ अनन्त जीवनको शक्तिमा सदैव जीवित रहिरहनुहुने हुनाले यस सिंहासनमाथि बस्न सधैंभरि दाऊदको वंश हुने रहेछ। एक दिन प्रभु येशू चाँड़ै दाऊदको सिंहासनमाथि आफ्नो अधिकार हात पार्न फेरि यस पृथ्वीमा आउनुहुनेछ, र दाऊदका महान् पुत्र भई राज्य गर्नुहुनेछ।

एतानले अवश्य यो सबै देख्न र बुझ्न सक्दैनथिए। तिनको दृष्टिमा यो वाचा रद्द भएको जस्तो देखा पर्‍यो। तिनको गुनासो सुन्नुहोस्ः परमेश्‍वरले दाऊदको राजवंशको वंशावली फाल्नुभयो र रद्द गर्नुभयो अरे। उहाँ आफूले अभिषेक गर्नुभएको राजासँग क्रोधित हुनुभयो रे। तिनको विचारमा, परमेश्‍वर दाऊदसित गर्नुभएको प्रतिज्ञाबाट पछि हट्नुभएको हुनुपर्छ, र यही कारणले उनको मुकुट धूलोमा झार्नुभयो। तिनको निम्ति यसको अरू कुनै कारण हुन सम्भव थिएन। तर एतानलाई भित्री मनमा थाहा थियो, कि परमेश्‍वर आफ्नो प्रतिज्ञाबाट हट्न सक्नु-हुन्नथियो, तर के गर्ने? सबै जाहेरअनुसार

तिनको निम्ति यस्तै भएको देखा परेकै थियो ।

**भजन ८९ः४०-४५ः** किनकि यरूशलेमका पर्खालहरूमा ठूला-ठूला धाँदोहरू परे, र किल्लाहरू तहसनहस भए । यस असुरक्षित शहरबाट भएर ओहोर-दोहोर गर्ने यात्रीहरूले सजिलोसँग यसको लुट गर्न सके, अनि विरोधी अन्यजाति छिमेकीहरूले यहूदाको दुर्दशाको खिल्ली उड़ाए । इस्राएली जातिमाथि यसका विरोधीहरू प्रबल भए, र आफ्नो जीत भएकोमा यिनीहरू रमाउँदै सरम नमानी हेंहें हाँसे । परमेश्वरका जनहरूका हतियारहरू लड़ाइँमा बेकम्मा भए; अनि तिनीहरूका सिपाहीहरू शत्रुको सामुन्ने टिक्न सकेनन् । राजा हटाइए, र उनको सिंहासन तोड़फोड़ गरियो । अपमानित भएर र शर्मले ढाकिएर उनी समयभन्दा अघि छिट्टै वृद्ध भए ।

**भजन ८९ः४६-४८ः** दाऊदसँग यो वाचा बाँध्नुभएको परमप्रभु आफ्ना जनहरू-देखि लुक्नुभएको जस्तो देखिन्थ्यो । तिनी-हरूको विरुद्धमा उहाँको क्रोध आगोझैं दन्किरहेको थियो । 'कहिलेसम्म ?' भन्ने दर्दले भरपूर सुस्केराले आफ्नो कहाली-लाग्दो सोर स्वर्गसम्म उचाल्यो । एतानले परमेश्वरलाई आग्रह गरेः 'याद गर्नुहोस्, तपाईंले सृष्टि गर्नुभएको मानिसको जीवन कति छोटो छ; मानिस कति कमजोर र कति महत्त्वहीन छ ।' तिनको समयमा हरेक मानिसको मृत्यु अनिवार्य हुन्थ्यो; किनकि अन्तमा यमलोकको शक्ति मानिसमाथि प्रबल थियो । तर हामीसँग एतानको भन्दा उत्तम आशा छ । किनकि हामी जान्दछौं, कि हामी सबैजना मर्नेछैनौं, तर जब प्रभु येशू आफ्नो मण्डलीलाई स्वर्गीय घरमा लैजान फेरि आउनुहुनेछ, तब हामी सबैजना बदली हुनेछौं (१ कोरिन्थी १५ः५१; १ थेस्सलोनिकी ४ः१३-१८) । तर पुरानो नियमको समयमा जिइरहेका पवित्र जनहरूको निम्ति यो सब एउटा गुप्त राखिएको भेद भएको थियो ।

**भजन ८९ः४९-५१ः** एतानको निवेदन खूबै साहसिलो र आग्रहपूर्ण थियो । परमेश्वरले सुस्पष्ट शब्दमा कबुल गर्नुभएका र दाऊदसँग सुनिश्चित गर्नुभएका उहाँका कृपाहरू खोइ, कहाँ छन् ? इस्राएलका शत्रुहरूले खिसीटिउरी र हँस्सीमजाक गरेको-बाट तिनको मनमा चोट लागेको थियो; किनकि तिनीहरूले एतानलाई, साथै निर्वासित राजा जहाँ गए पनि उनको बदनाम र गिल्ला गरेका थिए ।

**भजन ८९ः५२ः** तर यस अन्तिम पदमा विश्वासको जीत भएको छ । यद्यपि एतानले आफ्नो अन्योलताको विषयमा कुनै खास उत्तर पाउन सकेनन्, तर पनि तिनले परमप्रभुलाई धन्यका भन्न सके, मानौं तिनले यसो भनेः 'हो प्रभु, म कुरा बुझ्न सक्दिनँ, तर पनि म तपाईंको आड़भरोसामा रहने नै छु ।' अनि यसरी तिनले हर्षविभोर उद्घोषणाको साथ यो प्रार्थना समाप्त गरेः *'परमप्रभु सदा-सर्वदा धन्यका होऊन् ! आमेन र आमेन !'*

# खण्ड ४

# भजन ९०-१०६ः

# पुस्तक चार

## भजन ९०ः मृत्युको घण्टी बजेको

यस भजनको व्याख्या गर्दा विन्ती छ, मलाई केही परिष्कृत कल्पना गर्ने अनुमति दिइएको होस् । घटनास्थल सिनाईको उजाड़स्थान हो । अनि चासुसहरू निराशा-

जनक खबरहरू लिएर कादेश-बर्नेअमा फर्केको समयदेखि निक्कै वर्षहरू बिते। अनि इस्राएलीहरूले अझै पनि यस मरुभूमिमा यात्रा गरिरहेका थिए, तर पनि आफ्नो लक्ष्य पुग्न तिनीहरूको कुनै प्रगति भएको थिएन। यो कति व्यर्थ क्रियाकलाप थियो !

अनि हरेक बिहान खबरदारले ताजा खबर लिएर मोशाको तम्बूमा आइपुग्थ्योः मृत्यु, मृत्यु, मृत्यु र मृत्युमाथि अझै पनि मृत्यु। मृत्युका समाचारहरू मुख्य खबर हुने गर्थे; अनि यो मरुभूमि दिन प्रतिदिन बढ्दै जाने विशाल कब्रिस्तान बनेको थियो। किनकि जब-जब मानिसहरूले छाउनी उठाउँथे र यात्रामा अघि बढ्थे, तब-तब तिनीहरूले थुप्रै चिहानहरू आफ्नो पछाडि छोड्ने गर्थे।

अनि त्यस विशेष दिनमा परमेश्वरका जन मोशाको निम्ति यो अति, सहन नसकिने भएछ। मर्नेहरूको सङ्ख्या ज्यादा भएको हुनाले शोकविह्वल भएका मोशा आफ्नो पालभित्र पसे, र भुइँमा लम्पसार परेर उनले यस भजनमा प्रस्तुत गरिएको प्रार्थना चढ़ाएर परमप्रभुको सामु आफ्नो व्यथा पोखे।

**भजन ९०:१-२ः** जीवनको क्षणिकता र धेरैभन्दा धेरै मानिसहरूको मरणको बीचमा उनले परमेश्वरको अनन्तता सम्झेर शान्तिको प्रथम सास फेर्न सके। अरू सबै कुराहरू ओइलिन्छन् र बितेर जान्छन्, तर परमेश्वर कहिल्यै बदली हुनुहुनेछैन, तर आफ्ना जनहरूको वासस्थान र शरणस्थान रहि-रहनुहुन्छ। अनादिकालदेखिको परमेश्वर अनन्तकालसम्म परमेश्वर रहिरहनुहुनेछ। अपार, अगम्य र अनन्त उहाँको हेरफेर नहुने चिरस्थायी गुण हो; उहाँ सधैं बुद्धि, शक्ति, पवित्रता, धार्मिकता, भलाइ र सत्यले भरपूर र सुसम्पन्न हुनुहुन्छ।

**भजन ९०:३-४ः** अनन्त परमेश्वरको तुलनामा मानिसको जीवन अति नै क्षणिक हुन्छ। मानौं परमेश्वरले लगातार मानिसलाई 'तँ माटोमा फर्की' भनेर हुकुम गर्नुभएकोले चिहानतिर गइरहेका मानिसहरूको कहिल्यै नटुङ्गिने लस्कर देखिन्छ। अनन्त परमेश्वरको निम्ति हजार वर्ष केही पनि होइन; यो त बितेर गएको क्षणको झलक पो हो, रातको एकै पहरजतिकै पनि हुँदैन। यस विषयमा याद रहोस्ः शुरुमा पतित भएको मानिसको आयु प्रायः हजार वर्षको हुन्थ्यो।

**भजन ९०:५-६ः** अनि मोशाको लागि मानिसको जीवन निद्राजत्तिकै क्षणिक देखा पर्‍यो। हामी निदाउँछौं, सपना देख्छौं, बिउँझन्छौं, तर कति समय बितेको हामीलाई थाहा हुँदैन। अथवा अर्को प्रकारले भन्नु हो भने, मानिसको जीवन घाँसजस्तै हो; बिहान घाँस ताजा र हरियो हुन्छ, तर साँझसम्म त्यो ओइलिन्छ र सुक्छ। श्री चार्लस एच. स्पर्जनले भनेझैं 'घाँस उम्रिन्छ, घाँस बढ्छ, घाँसमाथि फुकिन्छ, घाँस काटिन्छ र घाँस खतम हुन्छ।'

**भजन ९०:७-१०ः** यस संसारमा हरेक मृत्यु पापको फल हो। तर यस उजाड़स्थानमा भइरहेको मृत्युचाहिँ परमेश्वरको विशेष सजाय थियो, सो कुरा मोशाले बुझे। किनकि परमेश्वरको आदेशअनुसार इस्राएलीहरू मिस्र देशबाट हिँड़ेको बेलामा जुन सिपाहीहरूको उमेर बीस वर्ष र त्यसभन्दा बढ़ी भएको थियो, ती सिपाहीहरू कनान देश पुग्नुभन्दा अघि मर्नेथिए। यसो हो भने, यो निरन्तर बजिरहेको मृत्युको घण्टीचाहिँ परमेश्वर आफ्ना जनहरूसित क्रोधित हुनु-भएको सङ्केत थियो; किनकि तिनीहरूले कालेब र यहोशूले उत्साह दिएअनुसार कनान देशभित्र कदम बढ़ाएनन्, तर यसको सट्टामा तिनीहरू अविश्वास गर्ने जासुसहरूपट्टि लागे। तिनीहरूका अधर्महरू र गुप्त पापहरू निरन्तर उहाँको सामु छँदैथिए, उहाँलाई झर्को लाग्ने र उहाँको मन घोचिरहने काँड़ा थिए। यसकारण इस्राएलीहरू सधैं परमेश्वरको

रिसको कालो बादलमनि रहेका थिए र उहाँको क्रोधका उर्लंदा छालहरूभित्र चुर्लुम्मै डुबेका थिए।

हो, कतिजनाको उमेर तिनीहरूको निम्ति ठहराइएको सत्तरी वर्षसम्म पुग्ला; अनि कोही असी वर्षसम्म पनि बाँच्लान्। यसो भए पनि तिनीहरूको जीवन हैरानीमा बित्दैछ। किनभने एउटा बिमारी जाती हुँदा-नहुँदा अर्को बिमारी लागिहाल्छ। अनि सानातिना काम-हरूमा पनि धेरै बल पर्छ। अनि नाड़ीको गति बन्द हुनासाथ हाम्रो बीचमा फेरि एकजना अलप हुन्छ।

**भजन ९०:११-१२:** परमेश्‍वरका जनलाई परमेश्‍वरको शक्तिको भयले छोप्यो, जुन शक्ति क्रोधमा जागेर आएको थियो। उहाँको अत्यन्त ठूलो भयानक क्रोध ध्यानमा राखेर उनले आफूलाई सोधेः 'त्यो मानिस को होला, जसले योग्य प्रकारले उहाँको भय मान्न सक्ला?' यस सम्बन्धमा यति सुनिश्‍चित छः परमेश्‍वरको भयले हामीलाई आफ्नो जीवनको एक-एक दिनको महत्त्व बुझ्ने तुल्याउनु-पर्छ, र हामीले आफ्नो जीवनको हरेक दिन उहाँप्रति आज्ञाकारी भएर बिताउनुपर्छ। हामी परलोकको हिसाबले एउटा मूल्यवान् र अर्थपूर्ण जीवन जिउनुपर्छ।

**भजन ९०:१३-१४:** मोशाले परमप्रभुलाई यसो भनेर अनुरोध गरेः 'हे प्रभु, आफ्नो दयामा आफ्ना जनहरूकहाँ फर्कनुहोस्!' के उहाँको रिसको आगो सधैं दन्किरहने हो र? होइन, होइन, उहाँको कोमल कृपा तिनी-हरूमाथि आओस् र समयमै उहाँको अनुग्रहले तिनीहरूलाई फेरि पनि तृप्त पारोस्! र तिनीहरूको बाँकी जीवन सकभर सुख-शान्तिमा बितेर जाओस्।

**भजन ९०:१५-१६:** अबचाहिँ मोशाले दुःख र कष्टहरूमा बिताएका वर्षहरू बराबर समय मागे, जुन समयमा इस्राएली जातिले खुशी र सुखी हुन पाउनेछ। तिनीहरूले उहाँको शक्ति उहाँका न्यायका कामहरूमा देखिसके; तर अबचाहिँ परमप्रभुले आफ्नो चेहराको अर्को पाटा तिनीहरूकहाँ फर्काऊन् र तिनीहरूमाथि अनुग्रहका कामहरू देखाइ-दिऊन्; यो मोशाको विन्ती थियो।

**भजन ९०:१७:** अन्तमा, मोशाले मध्यस्थको रूपमा इस्राएलीहरूको निम्ति अन्तर्विन्ती गरेर परमप्रभुलाई अर्जी गरेः 'हो, प्रभु, हाम्रा हातहरूको काम स्थापित गर्नुहोस्!' उहाँले पृथ्वीमा चुन्नुभएको आफ्नो एकमात्र प्रजामाथि निगाह राखून् र तिनीहरूलाई तिनीहरूका सबै उद्यम-कार्यहरूमा फलवन्त तुल्याइदिऊन्।

इसाईहरूको मराउमा भजन ९० पठन गरिने चलनचाहिँ परम्परा भइसकेको छ। अनि यसको निम्ति उचित कारण पनि छ; किनकि यस भजनले हामीलाई हाम्रो जीवन कति क्षणिक छ, सो सम्झना गराउँछ, साथै समय खेर फाल्नुको सट्टामा बरु त्यसको महत्त्व र मूल्य बुझ्नुपर्छ र हामीलाई दिइएका अवसरहरूको सदुपयोग गर्नुपर्छ भन्ने सुझाउ दिन्छ। तर यस भजनमा नयाँ नियमको युग चिनाउने सान्त्वना र निश्‍चयताको गन्ध र रस छैन। किनकि ख्रीष्ट येशूले मात्र सुसमाचारद्वारा जीवन र अमरता प्रकाशमा ल्याउनुभएको हो। यसकारण हामी जान्दछौं, कि मर्नुचाहिँ लाभ हो। मर्नु भनेको शरीरबाट अलग हुनु, तर प्रभुसँग स्वर्गीय घरमा रहनु हो। यसकारण यस भजनको उदासलाग्यो र अँध्यारो दृष्टिकोणको सट्टामा हामीले ख्रीष्ट येशूमा भएको उज्ज्वल आशा पक्रनुपर्छ। किनकि ख्रीष्ट-विश्‍वासीको आशा आनन्द र विजय हो। किनभने मृत्युले आफ्नो खील गुमाएको छ, र चिहानबाट त्यसको विजय हड़प गरिएको छ। अब ख्रीष्ट-विश्‍वासीले निम्न गीत गाउन सक्छः

> मृत्युको हार भएको छ। हे विश्‍वासीहरूहो,
> आनन्दसाथ त्यसको हार प्रचार गर!

'ए अहङ्कारी चिहान, तेरो विजय खोइ, कहाँ छ ?'

प्रभु येशू जीवित हुनुहुन्छ ! तिम्रो निम्ति स्वर्गको द्वार खुला छ र तिम्रो न्यानो स्वागत हुनेछ; किनकि तिम्रा शक्तिशाली मुक्तिदाता प्रभु येशू जीवित हुनुहुन्छ ।

श्रीमती फनी जे. क्रस्बी

## भजन ९१ः मेरो व्यक्तिगत भजन

इस्वी संवत् १९२२ सालको कुरा होः स्कोटल्याण्डको पश्चिमी हेब्राडीसको एउटा टापुमा एकजना पाँच वर्षको ठिटो डिप्थेरिया अर्थात् भ्यागुते रोगले मर्नै लागेको थियो। उसको घाँटीभरि लस्सादार झिल्ली पल्हाएर उसलाई सास फेर्नु गाह्रो र झन् गाह्रो भइरहेको थियो। आफ्नो छोराले अन्तिम सास फेरेको हेर्न नसकेर उसकी इसाई आमाले उसप्रति आफ्नो पिठ्यूँ फर्काइन्। तर त्यतिनैखेर ढोकामा ढक्ढकाइएको आवाज सुनियो, उनका भिनाज्यू छिमेकी गाउँबाट आएका रहेछन्। अनि तिनले भनेः 'तपाईंले यस नानीको लागि सुर्ता गर्नुपर्दैन। ऊ निको हुनेछ, र एकदिन परमेश्वरले उसको आत्मा बचाउनुहुनेछ।' उनी विचलित भए र यो कुरा विश्वासै नलागेर उनले भनिन्ः 'तपाईं यो कसरी भन्न सक्नुहुन्छ ?' तब तिनले भनेः 'मैले आगो तापिरहेको थिएँ र भजन ९१ पढ्दैथिएँ, जब यस भजनका अन्तिम तीनवटा पदहरूबाट परमेश्वर मसँग स्पष्ट गरी बोल्नुभयो।'

*'उसले आफ्नो प्रेम ममाथि राखेको छु; यसकारण म उसलाई छुटाउनेछु; म उसलाई उच्च स्थानमा राख्नेछु; किनकि उसले मेरो नाम जानेको छ।*

*उसले मलाई पुकार्नेछ, र म उसलाई जवाफ दिनेछु; सङ्कष्टमा म उसको साथमा हुनेछु; म उसलाई छुटाउनेछु र उसलाई आदर दिनेछु ?*

*म उसलाई दीर्घासुले तृप्त पार्नेछु र उसलाई मेरो उद्धार देखाउनेछु।'*

अनि त्यो मर्न लागेको केटोचाहिँ म थिएँ। परमेश्वरले मलाई त्यही रात मृत्युबाट बचाउनुभयो। अनि तेह्र वर्षपछि उहाँले मेरो आत्मा पनि बचाउनुभयो; अनि उहाँले मलाई लामो आयु दिएर मलाई तृप्त पार्नुभयो। यसकारण मैले किन यस भजनको शीर्षक 'मेरो भजन' दिएको हुँ, सो तपाईंले बुझ्नुभयो होला। यो अवश्य मेरै भजन हो, तर म ठट्टा गरेर सधैं भन्ने गर्छु, कि म यो भजन अरूसित बाँड्चुँड् गर्न तयार छु।

मेरो उक्त दाबीसँग अधिकांश शास्त्र-विद्हरू सहमत छैनन्। किनकि तिनीहरूको विचारमा, यो भजन ख्रीष्ट येशूको सम्बन्धमा लेखिएको भजन हो। अनि तिनीहरूको राय बिलकुल सही हो। किनकि यस भजनको मूल व्याख्या हाम्रा अद्‌भुत प्रभु येशू ख्रीष्ट केन्द्रित छ। अनि हामी यो भजन त्यस दृष्टिकोणबाट अध्ययन गर्न लागेका छौं; तर यसो गर्दा हामी सधैं याद गरौं, कि हामीले अल्प अर्थमा यसका बहुमूल्य प्रतिज्ञाहरू आफूमाथि लागू गरेर आत्मसात् गर्न सक्छौं।

*'तपाईंको अनुग्रहका सबै नदीहरू "यी मेरा हुन्" भनेर म दाबी गर्छु, र हरेक प्रतिज्ञामाथि म आफ्नो नाम लेख्छु।'*

**भजन ९१ः१-२ः** ती प्रमुख व्यक्ति जो परमप्रधानको गुप्त स्थानमा वास गर्नुहुन्छ र सर्वशक्तिमान्‌को छत्रछायामा रहनुहुन्छ, ती व्यक्ति प्रभु येशू हुनुहुन्छ। उहाँले जिउनुभएको जीवन जस्तो अरू कसैको थिएन र कसैको हुनेछैन। किनकि परमेश्वर उहाँको पितासँग उहाँको सङ्गति अटुट र सम्पूर्ण हुन्थ्यो। उहाँले कहिल्यै आफ्नै जिद्दी गर्नुहुन्नथियो, तर सदैव पिताले उहाँलाई अह्राउनुभएका कामहरू

गर्नुहुन्थ्यो। उहाँ सिद्ध परमेश्वर हुनुहुन्थ्यो; अनि उहाँ सिद्ध मानिस हुनुहुन्थ्यो। अनि यही कारणले उहाँले परमेश्वरमाथि पूर्ण भरोसा राखेर पृथ्वीमाथि आफ्नो जीवन व्यतीत गर्नुहुन्थ्यो। हिचकिच नगरीकन उहाँले भन्न सक्नुहुन्थ्योः *'उहाँ मेरा शरणस्थान र मेरा किल्ला हुनुहुन्छ – मेरा परमेश्वर; उहाँमाथि म भरोसा राख्नेछु।'*

**भजन ९१ः३ः** हामीलाई के लाग्छ भने, यहाँ, यस खण्डमा पवित्र आत्माको वाणी सुनिन्छ, जसले प्रभु येशूलाई निम्न आश्वासन दिनुभयोः उहाँको भरोसापूर्ण जीवनले गर्दा उहाँलाई अद्‌भुत सुरक्षा दिइन्छ (भजन ९१ः३-१३)। यस सुरक्षाअन्तर्गत उहाँलाई दिइएका आश्वासनहरू के-के हुन् त? यसका नौवटा छन्, जस्तैः

**क)** उहाँलाई गुप्त खतराहरूबाट छुटकारा दिइन्छ। 'चरा मार्नेको पासो' भन्नाले शत्रुको दुष्ट युक्ति बुझिन्छ, जसले बेहोशी हुनेहरूलाई फसाउँछ।

**ख)** उहाँलाई कहिल्यै कुनै घातक रोग लाग्नेछैन। हाम्रा प्रभु येशू आफ्नो जीवनभरि कहिल्यै बिरामी हुनुभएन। उहाँको सम्बन्धमा अन्यथा सोच्ने कुनै उचित कारण छैन।

**भजन ९१ः४ः ग)** उहाँ सर्वशक्तिमान्‌मा आश्रय र शरण पाउनुहुन्छ। परमेश्वरको कोमल वास्ता र उहाँको व्यक्तिगत हेरचाहचाहिँ चराको माउको हेरचाहसित तुलना गरिएको छ, जुन माउले आफ्ना पखेटाहरूमनि आफ्ना बचेराहरूको प्रेमी हेरचाह गर्छ।

**घ)** परमेश्वरको विश्वासयोग्यतामा उहाँको सुरक्षा सुनिश्चित छ। परमेश्वरका प्रतिज्ञाहरू पक्का र सुदृढ़ हुन्छन्। उहाँले जे भन्नुभएको छ, त्यो पूरा गर्नुहुन्छ। अनि यो कुराचाहिँ विश्वासीको ढाल र कवच हो।

**भजन ९१ः५ः ङ)** उहाँलाई कुनै डर हुनुपर्दैन। यहाँ चार किसिमको खतराको विषयमा कुरा गरिएको छ, जुन खतराहरूबाट प्रायः सबैमा फिक्रीचिन्ता उत्पन्न हुन्छ, जस्तैः **अ)** रातमा आफ्नो मौका छोपेर शत्रुले गरेका आक्रमणहरूले हामीलाई बड़ो आतङ्कित तुल्याउँछन्, किनकि त्यो आक्रमण कहाँ-बाट आउँछ, सो पत्ता लाउनु गाह्रो पर्छ। **आ)** 'दिनमा उड्ने काँड़'ले कि त प्रक्षेपास्त्र हुन सक्छ, कि त यसको सङ्केतात्मक अर्थ 'शैतानका दुष्ट युक्तिहरू र झूटा निन्दाहरू' हुन्छ होला (एम्प्लिफाइड बाइबल)।

**भजन ९१ः६ः इ)** 'अन्धकारमा हिँड्ने महामारी' हामी अक्षरशः लिन सक्छौं, कि त यो कुरा साङ्केतिक अर्थमा पनि लिन सकिन्छ। शारीरिक रोगहरू घाम नलागेका ठाउँहरूमा फस्टाउँछन्; अनि ठीक त्यस्तै नैतिक खराबीहरू पनि अन्धकारमा फैलिएर जान्छन्।

**ई)** 'मध्यदिनमा उजाड़ पार्ने विनाश' के हो, सो निर्दिष्ट रूपमा तोकिएको छैन। अनि शायद कुरा यतिकै राख्नु असल होला; तब यसको विषयमा दिइएको प्रतिज्ञाको प्रयोग धेरै कुराहरूमा लागू गर्न सकिन्छ।

**भजन ९१ः७-८ः च)** उहाँलाई सामूहिक हत्याको बीचमा पनि सुरक्षा सुनिश्चित छ। व्यापक आम हत्याकाण्ड र काटमार हुने बेलामा पनि परमेश्वरको प्रिय पुत्र बिलकुल सुरक्षित रहनुहुन्छ। किनकि जब दुष्टहरूले दण्ड पाउँछन्, तब उहाँलाई कुनै पनि हानि हुनेछैन, तर उहाँ यो तमाशा हेर्नुहुने दर्शक हुनुहुन्छ।

**भजन ९१ः९-१०ः छ)** विपत्तिको निम्ति उहाँको बिमा-पत्र छ। मुक्तिदाता प्रभुले परमप्रधानलाई आफ्नो शरणस्थान र आफ्नो वासस्थान बनाउनुभएको हुनाले कुनै आपद्‌विपद्‌ले पनि उहाँलाई छुन पाउनेछैन, र कुनै विपत्ति पनि उहाँको नजिक आउन सक्नेछैन।

**भजन ९१:११-१२: ज)** अङ्गरक्षक स्वर्गदूतहरूको पहरामा उहाँ सुरक्षित हुनुहुन्छ। यो खण्ड शैतानले प्रभु येशूलाई 'मन्दिरको टुप्पाबाट हाम फाल्नू' भनेर उहाँको परीक्षा गरेको बेलामा उद्धृत गऱ्यो (लूका ४:१०-११)। अनि उक्त पदमा लेखिएको कुरा उहाँको सम्बन्धमा लेखिएको उहाँले इन्कार गर्नुभएन, तर उहाँले त्यो पवित्रशास्त्रको खण्ड परमेश्वरलाई परीक्षा गर्ने निहुँमा प्रयोग गर्नुहुँदैन भनेर भन्नुभयो। परमेश्वरले प्रभु येशूलाई मन्दिरको टुप्पाबाट हाम फाल्ने आज्ञा दिनुभएन। अनि मुक्तिदाता प्रभुले त्यहाँबाट तल हाम फाल्नुभएको भए उहाँले परमेश्वरको इच्छादेखि बाहिरको काम गर्नुहुनेथियो; अनि अनाज्ञाकारी भएको खण्डमा उहाँले आफ्नो सुरक्षाको लागि यहाँ दिइएको प्रतिज्ञा दाबी गर्न सक्नुहुनेथिएन।

**भजन ९१:१३: झ)** सिंह र साँभे-साँपमाथि उहाँको विजय हुनेछ। रोचक कुरा के हो भने, शैतानले यस पदमा पुग्नुभन्दा अघि पवित्र बाइबलबाट केही पदहरू उद्धृत गर्ने क्रम बन्द गऱ्यो। किनकि यदि त्यसले यो पद उद्धृत गरेको भए त्यसले आफ्नै विनाश पो वर्णन गर्नेथियो। पवित्र बाइबलमा शैतानलाई गर्जने सिंहको रूपमा प्रस्तुत गरिएको छ (१ पत्रुस ५:८), र पुरानो साँप भनिएको छ (प्रकाश १२:९)। गर्जने सिंहको रूपमा त्यसले हल्ला गर्ने, अति क्रूर विकराल सताउनेको रूप लिएको छ, जसले शारीरिक यातना दिन्छ भने, तर सर्पको रूपमा त्यसले हर प्रकारका धूर्त चालहरू अपनाएर ठग्छ र नाश गर्छ।

यस प्रकारले पवित्र आत्माले मानिसको पुत्रलाई सुरक्षाका नौवटा आश्वासनहरू दिनुभयो – उहाँलाई जसले पृथ्वीमाथि भरोसापूर्ण जीवन र पूरा आज्ञाकारी जीवन व्यतीत गर्नुहुन्थ्यो। अनि यस ठाउँमा आएर पिता परमेश्वरले इच्छुक भएर छ पल्ट 'छुटाउनेछु', 'राख्नेछु', 'दिनेछु', 'हुनेछु', 'देखाउनेछु' र 'दिनेछु' भनेर यी आश्वासनहरू पुष्टि गर्नुभयो। अनि कताकतै यी छवटा क्रियापदहरूबाट यी शब्दहरूले येशू ख्रीष्टको सम्पूर्ण मानव जीवन-कार्य समेट्न खोजेको भान मिल्छ कि ?

**भजन ९१:१४: क)** पृथ्वीमा उहाँको जीवन निष्कलङ्क थियो। *'किनभने उसले आफ्नो प्रेम ममाथि राखेको छ; यसकारण म उसलाई छुटाउनेछु; म उसलाई उच्च स्थानमा राख्नेछु; किनकि उसले मेरो नाम जानेको छ।'*

**भजन ९१:१५: ख)** उहाँले हाम्रा पापरूको लागि कष्ट भोग्नुभयो। *'उसले मलाई पुकार्नेछ, र म उसलाई जवाफ दिनेछु; सङ्कष्टमा म उसको साथमा हुनेछु।'*

**ग)** प्रभु येशूको बौरिउठाइ र स्वर्गारोहण। *'म उसलाई छुटाउनेछु, र उसलाई आदर दिनेछु।'*

**भजन ९१:१६: घ)** हालैमा उहाँ परमेश्वरको दाहिने हातमा विराजमान हुनुहुन्छ, र उहाँको राज्य आउन लागेको छ। *'म उसलाई दीर्घायुले तृप्त पार्नेछु, र उसलाई मेरो उद्धार देखाउनेछु।'*

के यस भजनले भनेको कुरा यति थियो ? होइन, एक क्षण पर्खनुहोस्! यसले भन्दै नभनेको कुरा, यसबाट उत्तर नपाइएका महत्त्वपूर्ण प्रश्नहरूको विषयमा कसो हो ? उदाहरणको निम्ति, ख्रीष्ट येशूलाई सुरक्षाको सम्बन्धमा दिइएका यी सबै प्रतिज्ञाहरूको बारेमा के भयो; किनकि मानिसहरूले अन्तमा उहाँलाई मारेरै छाड़े ? अनि यदि हामीले यस भजनको अर्थ वर्तमान समयमा जिउने ख्रीष्ट-विश्वासीहरूमाथि लागू गर्नु हो भने, तिनी-हरूको विषयमा कसो हो, जो रोग-बिमारी-ग्रस्त हुन्छन्, जो लड़ाइँमा वा दुर्घटनामा परेर मर्छन् ? यो कुरा कसरी मेल खान्छ त ?

केही हदसम्म हामी उक्त प्रश्नको उत्तर निम्न कुराबाट पाउँछौं: जसले परमप्रभुमाथि भरोसा राख्छ, ऊ उसको काम पूरा नहोउन्जेल अमर हुन्छ। प्रभु येशूले आफ्ना चेलाहरूलाई खास गरी यो भन्नुभयो, जब उहाँले फेरि यहूदियामा जाने सुझाउ दिनुभयो, तब उहाँका चेलाहरूले यसो भनेः 'हे रब्बी, भर्खरै यहूदीहरूले तपाईंलाई ढुङ्गाले हानेर मार्न खोजे, र के तपाईं फेरि त्यहीं जानुहुन्छ?' तब येशूले जवाफ दिनुभयोः 'के दिनमा बाह्र घण्टा हुँदैनन् र? कोही मानिस दिनमा हिँड्छ भने उसले ठेस खाँदैन, किनभने उसले यस संसारको ज्योति देख्छ। तर कोही मानिस रातमा हिँड्छ भने, त्यसले ठेस खान्छ; किनभने त्यसमा ज्योति हुँदैन' (यूहन्ना ११:७-१०)। प्रभु येशूले आफ्नो काम नसिद्ध्याउन्जेल यहूदीहरूले उहाँलाई छुन सक्दैनन् भन्ने कुरा उहाँलाई थाह थियो। अनि यो कुरा हरेक ख्रीष्ट-विश्वासीको निम्ति पनि सत्य ठहरिन्छ; किनकि परमेश्वरको शक्तिले विश्वासद्वारा उसको रक्षा गर्छ।

त्यसपछि यो पनि विचार गर्न लायकको कुरा होः प्रभु येशूले यस भजनको कुनै पदद्वारा कुनै ख्रीष्ट-विश्वासीसँग व्यक्तिगत रूपले बोल्नुभयो भने कसो हो? तब उसले त्यो प्रतिज्ञा दाबी गर्न सक्छ र त्यसमाथि भरोसा गर्न सक्छ। शुरुमा पेश गरिएको मेरो व्यक्तिगत घटना यसको निम्ति एउटा सजीव उदहरण हो।

अनि अन्तमा, यस सम्बन्धमा सामान्य नियम यस प्रकारको छः परमप्रभुमाथि भरोसा राख्नेहरूले उहाँको सुरक्षा पाउने नै छन्। यो सुनिश्चित छ। के हामी कतै नियममा होइन, तर अपवादमाथि जोर दिने मानिस त होइनौं? यो सार्वजनिक नियम सर्वसत्य छः परमप्रभुमा सुरक्षा छ।

## भजन ९२ः आत्मिक वनस्पति-जगत्‌बाट सिक्नुपर्ने पाठ

**भजन ९२:१-५:** परमप्रभुलाई धन्यवाद चढ़ाउनु असल हो भन्ने कुरा कसैले नकार्न सक्दैन। यो असल हो, किनकि परमप्रभु हाम्रो कृतज्ञताको योग्य हुनुहुन्छ। यो धन्यवाद चढ़ाउने व्यक्तिको निम्ति पनि असल छ र यो उसको धन्यवाद-ज्ञापन सुन्नेहरूको निम्ति पनि असल छ। अनि परमप्रधानको नामको स्तुति गाउनु हरेक मानिसको निम्ति सर्वोत्तम क्रियाकलाप गनिन्छ। अनि उहाँको प्रशंसा गर्ने विषयहरूको कमी कहिल्यै हुँदैन। यसकारण बिहान उहाँको निगाह निरन्तर आफ्नो स्तुतिको विषय बनाउनुहोस्! अनि रातको समयमा उहाँको विश्वासयोग्यता तपाईंको नित्य प्रशंसाको विषय बनिरहोस्। योभन्दा कमसल कुराले तपाईंको दिनको समय वा रातको समयको मनन बर्बाद गर्न नपाओस्। दसतारे बाजा, सितार र विणा बजारेर सुमधुर धुनमा तपाईंको स्तुतिगानको शोभा बढ़ाउनुहोस्! सृष्टिको उत्पत्ति, उहाँको पूर्वप्रबन्ध र मुक्तिको सम्बन्धमा परमप्रभुका अचम्मका कामहरूको निम्ति उहाँको प्रशंसा गर्न जति मधुर सङ्गीत भए पनि यो कहिल्यै पर्याप्त हुँदैन। आउनुहोस्, हामी उहाँले पूरा गर्नुभएका सबै कामहरूको विषयमा विचार गरौं! तब हाम्रो हृदय आनन्दसाथ गीत गाउन गद्‌गद् हुन्छ। के तपाईंको प्रशंसाको आगोलाई इन्धनको खाँचो पर्छ? तब परमेश्वरका अद्‌भुत र जटिल योजनाहरू, उहाँका गहिरा-गहिरा विचारहरू र उहाँका बुद्धिले पूर्ण कल्पनाहरू तपाईंको प्रशंसाको विषयवस्तु बनून्।

**भजन ९२:६-९:** तर शरीरका कुरा-हरूमाथि मन लगाउने मानिसले परमेश्वरका गहिरा-गहिरा कुराहरू बुझ्ने आशा नगरे

हुन्छ। यस्तो मानिसले परमेश्वरका कुराहरू बुझ्न सक्दैन; किनकि ती कुराहरू आत्मिक दृष्टिले जाँचिनुपर्छ (१ कोरिन्थी २:१४)। चाहे त्यो मानिस संसारको ज्ञानको विषयमा जत्तिको भयङ्कर बुद्धिजीवी किन नहोस्, तर परमेश्वरका वास्तविक तथ्यहरू पक्रन न त्यसको चासो छ, न त्यसको समझ छ। ब्रह्माण्डमा निर्धारित नैतिक नियमहरू चालू हुन्छन्; अनि यी नैतिक नियमहरूअनुसार दुष्टहरूको निम्ति विनाश तोकिएको हुन्छ भन्ने कुरा त्यसको मस्तिष्कमा पस्दैन। यद्यपि त्यो व्यक्ति विशेष केही समयको निम्ति मौलाएको जस्तो देखिन्छ, ता पनि त्यसको सफलता घाँसजस्तो क्षणिक हुन्छ। परमप्रभु सदा-सर्वदा सिंहासनमाथि विराजमान हुनुहुन्छ; यो कुरा जति निश्चित छ, त्यति नै उहाँका शत्रुहरू तितरबितर हुनेछन् र नाश हुनेछन् भन्ने कुरा सुनिश्चित हुन्छ।

**भजन ९२:१०-११:** त्यसको ठीक विपरीत, परमेश्वरले धर्मी जनको सिङ जङ्गली साँढ़ेको सिङझैं उच्च पार्नुहुन्छ; यसर्थ उहाँले आफ्ना जनहरूलाई शक्ति र आदर दिनुहुन्छ। अनि उहाँले विश्वासयोग्य जनहरूलाई ताजा तेलले अभिषेक गर्नुहुन्छ। ताजा तेलले यहाँ पवित्र आत्माको अनुग्रह-कारी सेवकाई सङ्केत गर्छ। जब मानव इतिहासको अन्तिम अनुच्छेद लेखिसकेपछि परमेश्वरका पवित्र जनहरूले आफ्नै आँखाले आफ्ना शत्रुहरूको मृत्यु भएको देख्नेछन् र तिनीहरूको विनाश हुँदा तिनीहरूको लामो, लेग्रो तानेर विलाप गरिरहेको आवाज सुन्न साक्षी बस्नेछन्।

**भजन ९२:१२-१५:** तर धर्मी जनको समृद्धि एउटा खजुरको रूख र लेबानोनको देवदारसित तुलना गरिएको छ। खजुरको रूखले सुन्दरता र धेरै फल फलाउने गुण सङ्केत गर्छ भने, देवदारचाहिँ शक्ति र दिगोपनको प्रतीक हो। ख्रीष्ट-विश्वासीहरू लहलह मौलाउने कारणचाहिँ उनीहरू परमप्रभुको भवनमा रोपिएका हुन्छन् र परमेश्वरका चोकहरूमा मौलाउँछन्। अर्को शब्दमा भन्नु हो भने, दिनहुँ उनीहरूले प्रभु-सित अटुट सङ्गति गरिरहेका हन्छन्, र उहाँबाट शक्ति र पोषण प्राप्त गर्छन्। उमेरले उनीहरूको फल फलाउने क्षमता घटाउँदैन। उनीहरूको आत्मिक जीवन रसिलो र ताजा रहिरहन्छ र उनीहरूको साक्षी सदाबहार हुन्छ, सधैं हराभरा रहिरहन्छ। उनीहरूको समृद्धिले 'परमप्रभु आफ्ना प्रतिज्ञाहरू पूरा गर्नमा कति सच्चा र विश्वासयोग्य हुनुहुँदो रहेछ' भन्ने प्रमाण दिन्छ। उहाँ एउटा भरपर्दो चट्टान हुनुहुन्छ; अनि उहाँमा कुनै अवगुण छैन।

सात पदमा दुष्टहरू घाँससित तुलना गरिएको छन् भने, धर्मी जन सधैं हरियो रहिरहने हराभरा रूखसँग तुलना गरिएका छ (पद १४)। दुष्टहरू सुकेर र ओइलिएर बितिजान्छन्, तर धर्मी जन बलमाथि बल पाउँदै जान्छ। आत्मिक वनस्पति-जगत्मा व्यवस्था यस प्रकारको छ।

## भजन ९३: अनन्त राजा र उहाँको अनन्त सिंहासन

**भजन ९३:१-३:** जुन दिनमा प्रभु येशूलाई राजमुकुट लगाइनेछ र उहाँलाई परमप्रभु भनेर घोषणा गरिनेछ, त्यस दिनमा गाइने गीतहरू सबै तयार भइसकेका छन्, तीमध्ये यो पनि एउटा हो। यो भजनचाहिँ त्यस महिमित दिनको प्रत्याशामा बसेको छ, जुन महिमित दिनमा इस्राएलका मसीहले आफूलाई राजा हुनुभएको उद्घोषणा गर्नु-हुनेछ। त्यस दिनमा प्रतापको वस्त्र उहाँको पहिरन हुनेछ; उहाँको पहिलो आगमनमा उहाँ कति फरक हुनुहुन्थ्यो, उहाँ कति नम्र र विनीत हुनुहुन्थ्यो। तर त्यस दिनमा उहाँले संसार-माथि राज्य गर्ने खुला रूपले आवश्यक शक्ति

वस्त्रझैं पहिरनुहुनेछ। अनि त्यति बेला संसारका अवस्थाहरू सुदृढ़ र स्थिर जगमाथि बसालिएका हुनेछन्, अनि फेरि कहिल्यै ठूला नैतिक र राजनीतिक हलचल र विप्लवहरूको वशमा पर्नेछैनन्।

निस्सन्देह परमप्रभुको सिंहासन अनादि-कालदेखि नै छँदैथियो, र छँदैछ पनि; तर ख्रीष्टको हजार वर्षको राज्यको उदयमा जत्तिकै स्पष्ट रूपले यो कुरा अघि कहिल्यै प्रकट भएन। अनि यी महान् राजा आफै पनि अनादिकालदेखि हुनुहुन्छ; अनि उहाँको अधिकारको शुरुआत नै थिएन र त्यसको अन्त पनि कहिल्यै हुनेछैन।

**भजन ९३:३-४:** अनि जब भजनकारले बाढ़हरू र शक्तिशाली तरङ्गहरूको विषयमा कुरा गर्छन्, तब स्पष्ट छ, कि तिनले ती अन्यजातिहरूको विषयमा कुरा गरेका छन्, जुन अन्यजातिहरूले युगहरूदेखि उहाँका जनहरूलाई थिचोमिचो गर्दै आए; अनि ती अन्यजातिहरूले उहाँ राज्य गर्न आउनुहुँदा उहाँको विरोधमा विद्रोह मच्चाउनेछन्। तर तिनीहरूका सबै दुःप्रयासहरू व्यर्थ र क्षणिक ठहरिनेछन्। तिनीहरूले डरलाग्दा धम्की-हरूको निम्ति र ठूलो-ठूलो डीङ हाँक्न आफ्नो आवाज उठाउनेछन्, तर तिनीहरूका सबै संयुक्त संगठनहरूभन्दा र तिनीहरूले भेला पार्न सक्ने समस्त सैन्यबलभन्दा सिंहासनमाथि विराजमान हुनुहुने परमप्रभु शक्तिशाली हुनुहुँदो रहेछ भन्ने कुरा तिनीहरूले थाह पाउनेछन्।

**भजन ९३:५:** अनि अन्तमा सुस्पष्ट हुनेछ, कि परमेश्वरको वचन सत्य हुँदो रहेछ र उहाँका शत्रुहरूको हारको विषयमा र उहाँको धार्मिक राज्यको स्थापनाको विषयमा उहाँले गर्नुभएका प्रतिज्ञाहरू पूरा हुने रहेछन्। अनि यरूशलेममा भएको मन्दिर सबै अशुद्धताबाट शुद्ध पारिनेछ; अनि उहाँको भवनमा उहाँलाई सुहाउँदो पवित्रता कायम राखिनेछ।

जुन बेलामा उहाँले राज्य गर्नुहुनेछ, त्यस बेलामा सबै कुराहरू पवित्र हुनेछन्; अनि यशैया २३:१८; जकरिया १४:२०-२१ र प्रकाश ४:८ पदमा भविष्यवाणी गरेअनुसार पवित्रताचाहिँ सबै कुराहरूको गुण हुनेछ।[62)]

## भजन ९४: बदला लिनुहुने परमेश्वर

'परमेश्वरका सद्‌गुणहरू' नामक आफ्नो उत्कृष्ट कृतिमा श्री ए. डब्ल्यू. पिङ्कले यसो लेखेका छन्:

'दुःखको कुरा के हो भने, धेरै इसाईहरू छन्, जसको विचारमा परमेश्वरको क्रोध यस्तो एउटा कुरा हो, जसको निम्ति तिनीहरू लज्जित हुनुपर्छ र जसको निम्ति तिनीहरूले माफ माग्नुपर्छ, अथवा उहाँको क्रोध नभएको भए असल हुनेथियो। अरू मानिसहरू पनि छन्, जसले आफ्नो भ्रममा परमेश्वरको क्रोध उहाँको भलाइसित मेल नखाने कुरा ठान्छन्, र यही कारणले यो कुरा आफ्ना विचारहरूबाट पूरा निकाल्न खोज्छन्। तर परमेश्वर आफ्नो बदला लिने र आफ्नो क्रोध प्रकट गर्ने कामदेखि लजाउनुहुन्न; किनकि बदला लिने र क्रोधित हुने गुणहरू उहाँकै हुन्। परमेश्वरको क्रोधचाहिँ उहाँको विश्वासयोग्यता, शक्ति र दयाजत्तिकै उहाँको एउटा सद्‌गुण हो। परमेश्वरको स्वभावले नरकको माग गर्छ, अनि यसले गर्दा स्वर्गको निम्ति आवश्यकता जति छ, नरकको निम्ति आवश्यकता पनि उत्तिकै हुन्छ।'[63)]

**भजन ९४:१-३:** भजन ९४ मा हामीले बाँकी रहेका इस्राएलीहरूको विन्ती सुन्छौं, जसले अन्तिम दिनहरूमा बदला लिनुहुने परमेश्वरलाई 'प्रभु, दुष्टताप्रति आफ्नो घृणा देखाएर आफूलाई प्रकट गर्नुहोस्' भन्ने आग्रह गर्नेछन्। किनकि सारा पृथ्वीका धार्मिक न्यायकर्ताले आफ्ना प्रिय मानिएका जनहरूको विरुद्धमा अपराधहरू गरिरहने दुष्ट शासक-

हरूबाट बदला लिनुहुने समय आएको थियो। अनि 'कहिलेसम्म' भन्ने त्यो करुण-पुकार मौन हुने समय पनि आएको थियो। किनकि दुष्टहरूको कुदृष्टिको हेराइ अब चाँड़ै बन्द हुनेथियो।

**भजन ९४:४-७:** ती अहङ्कारी सताउनेहरूको दोषको सूचि दिइएको छ। तिनीहरूको ढीठ बकबक सुन्नुहोस्! तिनीहरूको अहङ्कार हेर्नुहोस्! अहो, यी मानिसहरूले आफ्नो खराबीको विषयमा कति गर्व गरेका छन्, कति! (एल.बी.)। तिनीहरूले परमप्रभुका जनहरूलाई आफ्ना कुर्कुच्चहरूले पिसेका छन्। तिनीहरूले उहाँको निज सम्पत्ति अर्थात् उहाँका विश्वासयोग्य जनहरूलाई निरन्तर सताइरहेका छन्। तिनीहरूले अश्रायरहित विधवालाई, निश्चिन्त अतिथिहरूलाई र असहाय टुहुराटुहुरीहरूलाई आफ्ना शिकार बनाएका छन्। अनि तिनीहरूको विचारमा, याकूबका परमेश्वरले के-के भइरहेछ, सो जान्नुहुन्न, कि त वास्ता गर्नुहुन्न अरे।

**भजन ९४:८-११:** परमेश्वरलाई अनजान ठानेर तिनीहरू कति पटमूर्खहरू हुन्! के जससँग मानिसको शरीरमा कान लगाउने क्षमता थियो, उहाँमा दुष्टहरूले के-के भन्दैछन्, सो सुन्ने शक्ति कसरी नहुने र? के आँखा बनाउनुहुने सृष्टिकर्ता केकस्तो भइरहेछ, सो नदेख्ने अन्धा हुनुहुन्छ, कसरी? उहाँसँग अन्यजातिहरूलाई ताड़ना दिने शक्ति छ; इतिहास यसको प्रत्यक्ष साक्षी हो; तब आफ्ना प्रियजनहरूलाई थिचोमिचो गर्नेहरूको माफियालाई, त्यस गुटबन्दीलाई दण्ड दिन के उहाँ असमर्थ हुनुहुन्छ र? उहाँ जसले मानिसलाई सबै ज्ञान दिनुभयो, के उहाँसँग ज्ञानको कमी हुन सक्छ? होइन, परमप्रभु सबै कुराहरू जान्नुहुन्छ। ती टेढ़ा मानिसहरूले के-के सोचिरहेका छन्, सो सबका सब उहाँ जान्नुहुन्छ; अनि तिनीहरूका सबै विचारहरू हावाका फुस्रा फोका मात्र हुन् भनी उहाँ जान्नुहुन्छ।

**भजन ९४:१२-१५:** भजनकारको विश्वासले तिनलाई तिनले सहेका कष्टहरूमा परमेश्वरको शिक्षा-तालिमको भाग देख्न सक्षम तुल्यायो। परमप्रभुबाट यस प्रकारले शिक्षा पाउनु र उहाँको व्यवस्थाबाट तालिम पाउनु ठूलो कुरा हो। परमेश्वरले तिनलाई विपत्तिका दिनहरूबाट त्यस बेलासम्म विश्राम दिनुहुनेछ, जुन बेलामा उहाँले दुष्टहरूको निम्ति एउटा खाड़ल खन्दै हुनुहुन्छ। तिनी यस कुरामा ढुक्कै हुन सक्यो: परमप्रभुले आफ्ना जनहरूलाई कहिल्यै छोड्नुहुनेछैन; हो, उहाँले प्रेम गर्नुभएको आफ्नो अधिकारको भाग त्याग्नुहुनेछैन नै। न्याय अवश्य फेरि सुस्थापित हुनेछ, अनि इमानदार मानिसहरूले अरूसँग सठीक व्यवहार देखाउनेछन् र त्यसै गरी तिनीहरूलाई त्यसको बदलामा सठीक व्यवहार गरिनेछ।

**भजन ९४:१६-१९:** भजनलेखकका विगत दिनहरूमा यस्ता समयहरू थिए, जुन समयमा तिनी चिन्तित थिए: कसले तिनलाई तिनको खराबी गर्नेहरूको शक्तिशाली प्रबल पन्जाबाट बचाउला? तर तिनी खास कहिल्यै एक्लै परेनन्। किनकि परमप्रभु सधैं तिनलाई सहायता गर्न हाजिर हुनुभयो, नत्र ता तिनले कब्रिस्तानको मौनता अनुभव गरिसक्नेथिए। जहिले-जहिले तिनले 'अहो, म मानिसहरूको भीषण आक्रमणको शिकार बनेछु' भन्ने सोच्थे, तहिले-तहिले तिनले आफूलाई परमप्रभुको कृपाद्वारा अद्‌भुत रीतिले सम्हालिएको पाउँथे। जब-जब तिनको मनमा चिन्ता र शङ्काहरू उठ्न थाल्थे, तब-तब परमप्रभुले तिनलाई किसिम-किसिमका सान्त्वनाहरूले प्रेमपूर्वक लाड़प्यार गरेर तिनको मन शान्त पार्नुहुन्थ्यो।

**भजन ९४:२०-२३:** के परमप्रभु र यी दुष्ट शासकहरूको बीचमा कुनै सङ्गति हुन

सक्ला र? के ख्रीष्ट र ख्रीष्ट-विरोधीको बीचमा कुनै सहभागिता हुन सक्छ र? तब पापलाई धर्म तुल्याउने नियमकानुन बनाउने मानिसहरूलाई परमप्रभुले कसरी मान्यता दिन सक्नुहुन्छ त? हामीले यस्ता प्रश्नहरू सोध्नुपर्छ, तब सठीक उत्तर पाइन्छ। अधिकारले उन्मत्त भएका यी शासकहरूले धर्मी जनको हत्या गर्छन् र निर्दोषीलाई दोषी ठहराउँछन्। तर परमप्रभु आफ्ना जनहरूको निम्ति शरणस्थान हुनुहुन्छ, र एउटा चट्टान, जसमा उनीहरू लुक्न सक्छन्। उहाँले अधर्मीहरूलाई पूरा नाप फर्काएर बदला दिनुहुनेछ। उहाँले तिनीहरूलाई तिनीहरूका सबै अधर्मको खातिर नामेट गर्नुहुनेछ। हो नि; उहाँले तिनीहरूलाई निमिट्यान्न पार्नुहुन्छ।

Sic simper tyrannis ! , जसको अर्थ होः 'निरङ्कुश शासकहरूलाई सधैं यस्तै गरिओस्!'

## भजन ९५ः आराधना गर्ने आह्वान र चेताउनी

आराधना चढ़ाउने उत्साहपूर्ण आह्वानबाट यो भजन शुरु भएको छ; अनि यो आह्वान पढ्ने कुनचाहिँ मानिस होला, जो भजन-लेखकको यस उत्साहको पक्राउमा पर्दैन। (हिब्रू ४ः७ पदमा यस भजनको लेखक दाऊद भएको सङ्केत दिइएको छ; तर ग्रीक मूलपाण्डुलिपिमा 'दाऊदमा' लेखिएको छ, जुन शब्दको अर्थ 'भजनसंग्रहको पुस्तकमा' हुन सक्छ; किनभने दाऊदले यस पुस्तकका धेरै भजनहरू लेखे)।

**भजन ९५ः१-२ः** निस्सन्देह हामी यी पदहरूमा पवित्र आत्माले बोल्नुभएको वाणी सुन्छौं, जसले यहाँ इस्राएली जातिका मानिसहरूलाई फर्केर आउन र परमप्रभुको उपासना गर्न आह्वान गर्नुभएको छ, सम्भवतः यसको निम्ति खास समयचाहिँ इस्राएलका सङ्कष्टमा परेका अन्धकारमय दिनहरूको अन्त होला। तर के हामीले आफ्नो निम्ति उहाँको वाणी सुन्दैनौं? किनकि उहाँले हामीलाई हरेक मूर्तिबाट फर्केर आउने आह्वान गर्नुहुन्छ; हामी अझै कुनै मूर्तिको पक्राउमा किन परिरहौं?

चाखलाग्दो कुरा के हो भने, यहाँ साँचो आराधनाको निम्ति विभिन्न परिभाषा दिइएको छः अराधना भनेको परमप्रभुको निम्ति गाउनु हो; हाम्रो उद्धारका चट्टानको निम्ति आनन्दको सोर निकाल्नु हो। हाम्रो उद्धारको चट्टानचाहिँ त्यो सनातनको चट्टान हुनुहुन्छ, जुनचाहिँ हाम्रो निम्ति फाट्नुभयो, छेड़ पर्नुभयो, यस हेतुले कि हामी अनन्तसम्म उहाँमा शरण पाऔं। आराधना भनेको उहाँको उपस्थितिमा आउनु, र उहाँले हाम्रा निम्ति गर्नुभएका सबै उपकारहरूको खातिर उहाँलाई धन्यवाद चढ़ाउनु र आफ्नो कृतज्ञता प्रकट गर्नु हो। भवनको दलिन नै थर्किने गरी उच्च स्वरमा उहाँको निम्ति भजनहरू गाउनु पनि आराधना हो।

**भजन ९५ः३-५ः** अनि जसरी हामी विभिन्न तरिकाहरूले उहाँको प्रशंसा गर्न सक्छौं, ठीक त्यस्तै आराधना गर्ने विषय-वस्तुहरू पनि असीमित हुन्छन्। परमप्रभु प्रशंसाको योग्य हुनुहुन्छ; किनकि उहाँ महान् परमेश्वर हुनुहुन्छ; (हिब्रूमा 'एल' अर्थात् उहाँ सर्वशक्तिमान् हुनुहुन्छ)। उहाँ अन्यजाति-हरूका सबै मूर्तिहरूभन्दा धेरै उच्च, तिनीहरूका सबै देवताहरूभन्दा महान् राजा हुनुहुन्छ। पृथ्वीका गहिरा-गहिरा ठाउँहरू उहाँकै हातमा छन्। यहाँ भन्न खोजेको अर्थ होः 'ती सबै ठाउँहरू उहाँकै हुन्।' अनि पहाड़हरूका चुचुराहरू पनि उहाँकै हुन्; किनकि उहाँले ती पहाड़हरू बनाउनुभएको हो। उहाँले विशाल महासागरहरू सृष्टि गर्नुभयो, अनि उहाँकै हातहरूले महादेशहरू र टापूहरू रचे।

**भजन ९५ः६-७क:** अनि अब आराधना गर्ने दोस्रो आह्वान सुनिन्छ, अनि यो अझै बढ़ी व्यक्तिगत र बढ़ी आत्मीय हुन्छ। हामीले दण्डवत् गरेर, निहुरेर परमप्रभु हाम्रा सृष्टिकर्ताको सामु घुँडा टेक्नुपर्छ; किनभने उहाँ हाम्रा परमेश्वर हुनुहुन्छ। उहाँ कुन हिसाबले हाम्रो परमेश्वर हुनुहुन्छ? उहाँ हाम्रो सृष्टिकर्ता हुनुहुन्छ र उहाँ हाम्रो मुक्तिदाता हुनुहुन्छ। उहाँ ती असल गोठाला हुनुहुन्छ, जसले हाम्रो निम्ति आफ्नो प्राण अर्पण गर्नुभयो। यसकारण हामी उहाँको खर्कको प्रजा र उहाँका भेड़ाहरू हौं, जसले उहाँका काँटीले छेड़िएका हातहरूद्वारा अगुवाइ, मार्ग-दर्शन र रक्षा पाउँछौं।

**भजन ९५ः७ख-९:** अनि सात पदको बीचमा आराधनाको कुरा बन्द भयो, र एकैचोटि विषय बदलेर चेताउनी पो भएछ। 'आज तिमीहरूले उहाँको वाणी सुन्यौ भने आफ्नो हृदय कठोर नपार' भनेर पवित्र आत्मा यहाँ ठूलो बोझको साथ सुस्केरा हाल्दै हुनुहुन्छ।

अनि यस भजनका बाँकी पदहरूमा हामी परमप्रभुको वाणी सुन्दैछौं। उहाँले आफ्ना जनहरूलाई अविश्वासको दुष्ट हृदयको विरुद्धमा चेताउनी दिनुहुन्छ। रपीदीम भन्ने ठाउँको नजिक मरीबामा इस्राएलीहरूले पानीको अभावको विषयमा गनगन गरेर परमेश्वरलाई क्रोधित तुल्याए। मरीबा र मस्सा एकै ठाउँका नाम हुन् (प्रस्थान १७ः७)। तर अर्को मरीबा भन्ने ठाउँ पनि छ, जुनचाहिँ कादेशको नजिकमा परेको थियो। यहाँ मोशाले चट्टानलाई आज्ञा गर्नुको सट्टामा त्यसलाई हिर्काएर परमेश्वरको आज्ञा उल्लङ्घन गरे र उहाँलाई दुःखित तुल्याए (गन्ती २०ः१०-१२)। इस्राएलीहरूले उजाड़स्थानको यात्रा शुरु गरेको बेलामा र त्यसको अन्ततिर घटेका ती दुईवटा घटनाहरू दुईवटा महत्त्वपूर्ण विन्दुहरू हुन्, जसका नामहरूले त्यस जमानाका मानिसहरूको विश्वासहीनता व्यक्त गर्छन्, जस्तै 'मरीबा'को अर्थ 'विद्रोह' हो भने, 'मस्सा'को अर्थ 'परीक्षा गर्नु' हो। परमेश्वरले तिनीहरूलाई मिस्र देशबाट छुटाउनुभयो; यस कुरामा तिनीहरूले उहाँको अचम्मको काम देखेर पनि उहाँलाई जाँचे र उहाँको परीक्षा गरे।

**भजन ९५ः१०-११:** अनि यस किसिमको रिस उठाउने चाल चालीस वर्षसम्म जारी भइरह्यो। अन्तमा परमेश्वरले मानौं यसो भन्नुभयोः 'अब मलाई भयो, भयो। यी दिक्कैलाग्दा मानिसहरूको बरालिरहने हृदय हुँदो रहेछ। मैले तिनीहरूको निम्ति निर्धारित गरेको बाटो तिनीहरूले हेला गर्न निर्णय गरे। यसकारण मैले गम्भीरतापूर्वक शपथ खाएको छु, कि मैले तिनीहरूको निम्ति कनान देशमा ठहराएको विश्राममा तिनीहरूले कुनै हालतमा पनि पस्न पाउनेछैनन्।'

बितेको समयमा जुन हृदयस्पर्शी आह्वान इस्राएली जातिलाई दिइएको थियो, त्यो आह्वान हिब्रू ३ः७-११ पदको खण्डमा उद्धृत गरिएको छ; त्यसमा ख्रीष्ट येशूलाई त्यागेर मोशाको व्यवस्थाकहाँ फर्किने प्रलोभनमा परेको हरेक मानिसलाई सम्बोधन गरिन्छ। अनि अन्तिम दिनहरूमा यो आह्वान इस्राएली जातिको निम्ति एउटा गम्भीर चेताउनी हुनेछः किनकि तिनीहरूको अविश्वासले तिनी-हरूलाई परमेश्वरको हजार वर्षको विश्राम-देखि बाहिर राख्नेछ। अनि हरेक युगमा मानिसहरूको अविश्वासले तिनीहरूलाई परमेश्वरको विश्रामदेखि वर्जित गर्छ।

## भजन ९६ः राजा आउँदै हुनुहुन्छ

यस भजनमा परमप्रभुको स्तुतिप्रशंसा गर्ने कम्तीमा पनि सत्रवटा भिन्नभिन्नै तरिकाहरू छोटो, मीठो आदेशको रूपमा दिइएका छन्। तीन पल्ट 'गाओ' (पद १ र २), अनि तीन

पल्ट 'देओ' भन्ने आज्ञा दोहोरिएका छन् (पद ७-८)। अनि एघार र बाह्र पदहरूमा घरिघरि अन्य पुरुषलाई 'रमाओस्', 'आनन्दित होस्', 'गर्जोस्', 'प्रफुल्लित होस्' भन्ने आज्ञा दिइएको छ।

**भजन ९६ः१-२ः** जब प्रभु येशूले यस पृथ्वीमा फर्केर आफ्नो महिमित राज्य शुरु गर्नुहुनेछ, तब त्यो नयाँ गीत ठूलो सोरले गाइने राष्ट्रगान हुनेछ। त्यो गीत नयाँ मात्र हुने होइन, तर एउटा विश्वव्यापी गीत पनि हुनेछ। किनकि सारा पृथ्वीका मानिसहरूले त्यसको स्वरमा आफ्नो स्वर मिलाउनेछन्। मानिसहरूले परमप्रभुको नाम धन्यको भन्नेछन् र निरन्तर उहाँको बचाउने शक्तिको विषयमा गवाही दिनेछन्। हरेक दिनमा तिनीहरूले कसै-कसैलाई 'उहाँ बचाउनुहुन्छ' भन्ने सुसमाचार सुनाउनेछन् (एल.बी.)।

**भजन ९६ः३-६ः** जुन-जुन कुराहरू तिनीहरूले भविष्यमा गर्नेछन्, ती कुराहरू हामीले अहिले गर्नुपर्छ। हामीले अन्यजातिहरूको बीचमा उहाँको महिमा प्रचार गर्नुपर्छ र सबै जातिहरूको बीचमा उहाँका अचम्मका कामहरू वर्णन गर्नुपर्छ। किनभने परमप्रभु महान् हुनुहुन्छ; उहाँ सबै देवताहरूभन्दा अति श्रेष्ठ हुनुहुन्छ, यसको साध्य छैन। काठ र ढुङ्गाले बनाइएका देवी-देवताहरू केवल शक्तिहीन मूर्ति हुन्छन्। तर परमप्रभुचाहिँ एकमात्र सत्य परमेश्वर हुनुहुन्छ; उहाँले आकाश सृष्टि गर्नुभयो। उहाँले आफ्ना सद्गुणहरू उतार्न वा पन्छाउन सक्नुहुन्न; किनकि यी सद्गुणहरू उहाँका अभिन्न अङ्गहरू हुन् – मानौं उहाँका सेवकहरूझैं आदर र प्रताप उहाँको अघि-अघि हिँड्छन्, अनि सामर्थ्य र सुन्दरता उहाँको पवित्रस्थानमा उहाँको सेवाटहल गर्छन्। 'आदर र सुन्दरता उहाँका अङ्गरक्षक हुन्; आराधना र वैभवचाहिँ उहाँको मन्दिरका पालेहरू हुन्' (नोक्स)।

**भजन ९६ः७-९ः** के हामी परमप्रभुको महानता र उहाँको भलाइ गुण गर्न र मूल्याङ्कन गर्न जान्दछौं? तब अवश्य अरूले पनि उहाँको नामको महिमा गरेको हामी चाहना गर्छौं। यसकारण भजनकारले जाति-जातिका कुलहरूलाई आह्वान गर्छन्ः 'आओ, हामी मिलेर परमप्रभु कति राजसी र महिमावान्, कति प्रतापी र सामर्थी हुनुहुन्छ, सो उहाँलाई भनौं!' तिनीहरूले उहाँलाई उहाँको नामलाई सुहाउँदो महिमा दिनुपर्छ। तिनीहरू भेटीहरू लिएर उहाँको चरणमा पर्नुपर्छ। तिनीहरूले उहाँलाई पवित्रताको सुन्दरतामा परमप्रभुलाई दण्डवत् गर्नुपर्छ, अथवा एन.ए.एस.बी.-अनुसार पवित्र वस्त्रहरूमा परमप्रभुलाई दण्डवत् गर्नुपर्छ। सारा संसारका मानिसहरूले उहाँलाई ढोगेर उहाँको श्रद्धा गर्नुपर्छ।

'पवित्र वस्त्रहरू'को कुरा सुन्नासाथ यस कुराले हामीलाई के याद दिलाउँछ भने, उहाँको उपासना गर्दा हामीले लगाउने वस्त्रहरू पनि यस पवित्र कार्यसँग सुहाउँदो किसिमको हुनुपर्छ। हो, श्रद्धाभक्ति प्रथम हाम्रो हृदयको कुरा हो; यो सही कुरा हो। तर हामीले आफ्नो पहिरनद्वारा हाम्रो श्रद्धाभक्ति जनाउन सक्छौं भन्ने कुरा पनि उत्तिकै सत्य हो। निम्न उदाहरण विचार गर्ने लायक छः प्रभुभोजको समयमा बेढङ्गको, मैलाकुचैल लुगाफाटाले शोभा दिँदैन; बिहेबटुलो वा मराउपराउमा पनि यस्तो शोभाहीनता देखिँदैन।

**भजन ९६ः१०ः** यस पदले उक्त नयाँ गीत कहिले गाइन्छ, सो स्पष्ट पारेको छ। यो नयाँ गीत त मसीह राजाको प्रविष्टिको शुभ उपलक्ष्यमा गाइने रहेछ। परमप्रभुले राज्य गर्न थाल्नुभएको छ। विश्वको नियमव्यवस्था एउटा बलियो जगमाथि बसालिएको हुनेछ; अबदेखि उसो त्यो लड़ाइँहरू, आर्थिक मन्दताहरू, गरिबी, अन्याय, विपत्तिहरू वा अन्यान्य सङ्कष्टहरूद्वारा फेरि हल्लनेछैन। 'त्यो हल्लनेछैन' भन्ने वाक्यको अर्थ 'ख्रीष्टको

हजार वर्षको राज्यभरि नै त्यो कहिल्यै हल्लनेछैन' भनेर बुझ्नुपर्छ। तर हामीलाई थाह छ, कि त्यसपछि अर्थात् त्यस हजार वर्षको राज्यको अन्तमा आकाश र पृथ्वी आगोद्वारा नाश हुनेछन् (२ पत्रुस ३:७-१२)। तर यहाँ भन्न खोजेको कुरा यो हो, कि परमप्रभुले जाति-जातिका मानिसहरूमाथि धार्मिकतापूर्वक राज्य गर्नुहुनेछ र तिनीहरूलाई सबै घबराउने प्रभावहरूबाट रक्षा गर्नुहुनेछ।

**भजन ९६:११-१३:** परमप्रभु (यहोवा वा यह्वे)[64] यस संसारमा शासन गर्न आइपुग्नुहुने बेलामा सारा सृष्टिलाई त्यस हर्षोल्लासमा सहभागी हुन निमन्त्रणा गरिनेछ। आकाश रमाउनेछ, पृथ्वी आनन्दित हुनेछ। समुद्र र त्यसमा भएका सबै प्राणीहरूले गरेको प्रशंसाको गर्जने ध्वनि गुँजिनेछ (जेलिनो)। परमप्रभु आफ्नो मालिकको न्यानो स्वागत गर्न पृथ्वीको कुनै भूभाग चुप लग्नेछैन र वनको हरेक रूख रमाउनेछ (नोक्स्)। किनकि उहाँ संसारमाथि शासन गर्न आउँदै हुनुहुन्छ। उहाँको शासन पूर्ण धार्मिकतामा र बिलकुल इमानदारीमा हुनेछ।

*'यसकारण अब राजालाई फर्काएर ल्याउने विषयमा तिमीहरू किन एक शब्द पनि बोल्दैनौ?'* (२ शमूएल १९:१०)।

## भजन ९७: धर्मी जनको निम्ति ज्योति छरिन्छ

**भजन ९७:१:** यो भजन यस प्रकारले शुरु हुन्छः परमप्रभु जो येशू ख्रीष्ट हुनुहुन्छ, उहाँले आफ्नो सिंहासनमाथि आफ्नो आसन ग्रहण गर्नुभएको छ; किनकि उहाँको राज्याभिषेकको दिन आइपुगेको छ। अनि विश्वभरि हर्षोल्लास मच्चिरहेको छ। टाढ़ा-टाढ़ा टापूहरू र समुद्र-तटहरूले अघि योजस्तो खुशियाली कहिल्यै देखेका छैनन्।

**भजन ९७:२:** राजाको आगमन बयान गर्नको निम्ति यहाँ साङ्केतिक भाषाको शैली अपनाएको छ; अनि यी शब्दहरूले अत्यन्तै ठूलो श्रद्धापूर्ण भय उत्पन्न गर्छन्। पहिलो कुराः उहाँ बादलहरू र अन्धकारले लपेटिनुभएको छ। यस कुराले हाम्रा प्रभु धेरैजसो मानिसहरूको नजरदेखि छिप्नुभएको र रहस्यमय हुनुहुन्छ र उहाँका गौरवपूर्ण चालहरू अगम्य हुन्छन् भन्ने कुरा याद गराउँछ। उहाँको विषयमा हामी एकदमै थोरै मात्र जान्दछौं। त्यसपछि दोस्रो कुराः धार्मिकता र न्याय उहाँको सिंहासनको जग हुन्। उहाँको राजसत्ता आदर्श सत्ता हो, हितकारी राजतन्त्र हो; न्याय कहिल्यै बिगारिँदैन, र दूधको दूध, पानीको पानी भनेजस्तो सत्य सधैं सत्य रहन्छ।

**भजन ९७:३-५:** ठूलो आगोका भीषण ज्वालाहरू उहाँको अघि-अघि परमेश्वरलाई नचिन्नेहरू र हाम्रा प्रभु येशूको सुसमाचार नमान्नेहरू सबैलाई भस्म पार्दै जान्छन् (२ थेस्सलोनिकी १:८)। उहाँका न्यायरूपी बिजुलीहरूले देहात झलमल्ल पार्छन्। अनि यो देखेर मानिसहरू डरले थरथर हुन्छन्। त्यही समयमा हरेक पहाड़ र हरेक डाँड़ा होच्याइनेछन् (यशैया ४०:४); अर्को शब्दमा भन्नु हो भने, त्यस समयमा परमेश्वरको ज्ञानको विरुद्धमा आफूलाई उचाल्ने हरेक कुरा हिच्याइनेछ।

**भजन ९७:६[क]:** *'आकाशले उहाँको धार्मिकता घोषणा गर्छ।'* उहाँ आकाशका बादलहरूको सवारीमा आउँदै हुनुहुन्छ (प्रकाश १:७); उहाँ आफ्ना सबै पवित्र जनहरूको साथमा आउनुहुनेछ, जसलाई उहाँले आफ्नो रगतद्वारा किन्नुभयो (१ थेस्सलोनिकी ३:१३); त्यति बेला परमप्रभु आफ्नो प्रतिज्ञाअनुसार इस्राएललाई पुनर्स्थापित गर्नुभएकोमा बिलकुल धर्मी हुनुहुँदो रहेछ भन्ने कुरा संसारका मानिसहरूले

बल्ल जान्नेछन्। यसमा श्री अर्नो सी. गेबेलाइनले निम्न स्पष्टीकारण थपेका छन्ः

‘उहाँले जुन छोराहरूलाई महिमामा आफ्नो साथमा ल्याउनुहुनेछ, ती उहाँका धेरै छोराहरूले उहाँको धार्मिकता प्रचार गरेर सुनाउनेछन्, जुन धार्मिकताको महान् कार्य उहाँले गलगथाको क्रूसमा पूरा गर्नुभयो; किनकि यस त्राणको कामद्वारा मुक्ति पाएकाहरू बचाइए र अहिले महिमित पनि भए।’ **65)**

**भजन ९७ः६[ख]ः** *‘अनि सबै मानिसहरूले उहाँको महिमा देख्नेछन्।’*

तब महाराजालाई आफ्नो परम सुन्दरतामा छरलङ्ग देखिन्छ;
अब त्यसमाथि कुनै घुम्टो हालिएको छैन र फेरि कहिल्यै हालिनेछैन पनि।
अहो, सात मृत्यु पारको हाम्रो यो यात्रा कति लाभदायक भयो!
किनकि परमेश्वरको थुमा आफ्नो मनोहर सेनाको साथ सियोन पर्वतमाथि खड़ा हुनुभएको छ; अनि इम्मानुएलको देशमा अब महिमा, अँ, अनन्त महिमाले वास गरिरहेको छ।

श्रीमती एन्नी रोस कसन

**भजन ९७ः७ः** तब मूर्तिहरू पूजा गर्नेहरूले के सोच्लान्? ‘हामी त बिलकुल व्यर्थका कुराहरू पो पुजिरहेका रहेछौं’ भन्ने बुझ्रेर तिनीहरू जिल्लै पर्नेछन्।

*‘हे सबै देवताहरूहो, उहाँलाई दण्डवत् गर!’* सेप्टुवाजिन्टमा यो वाक्य यसरी पढ़िन्छः ‘परमेश्वरका सबै दूतहरूले उहाँलाई दण्डवत् गरून्।’ अनि हिब्रू १ः६ पदमा पनि यही अर्थमा यो वाक्य उद्धृत गरिएको छ। यहाँ, यस ठाउँमा प्रयोग गरिएको हिब्रू शब्द ‘एलोहिम’को अर्थ प्रायः ‘परमेश्वर’ हो, तर त्यस शब्दको अर्थ स्वर्गदूतहरू, न्याय-कर्ताहरू, शासकहरू वा अन्यजातिका देवी-देवताहरू पनि हुन सक्छन्।

**भजन ९७ः८-९ः** राजाले विद्रोहीहरू र मूर्तिपूजकहरूमाथि हासिल गर्नुभएका विजयहरूको समाचार सुनेर सियोन शहर आनन्दित हुन्छ। अनि यहूदाका गाउँहरू पनि त्यस हर्षोल्लासमा भाग लिन्छन्, साथ दिन्छन्। ‘जब हे परमप्रभु, तपाईंका न्यायहरूको खबर सुनिन्छ, तब यो सियोनको निम्ति एउटा खुशीको खबर हुनेछ र यहूदाका बस्तीहरूको निम्ति आनन्दको कारण हुनेछ’ (नोक्स)। अन्तमा, बल्ल परमप्रभुलाई सारा पृथ्वीमाथि सर्वोच्च हुनुहुनेको रूपमा चिनिन्छ, जो सधैं त्यही हुनुहुन्थ्यो। अनि बल्ल उहाँ सबै प्रधानताहरूभन्दा अति उच्च मानिनुभएको हुन्छ, चाहे यी प्रधानताहरू वास्तविक होऊन्, चाहे मानिसहरूका हातका कामहरू होऊन्।

**भजन ९७ः१०ः** *‘हे परमप्रभुलाई प्रेम गर्नेहरूहो, खराबीलाई घृणा गर!’* यी दुईवटा क्रियाहरू एक-अर्कोसित मिल्ने जोड़ी हुन्ः परमप्रभुप्रतिको प्रेम र उहाँको विरोधमा हुने र उहाँको विपक्ष हुने सबै कुराहरूप्रति घृणा। के हामी यस जाँचमा उत्तीर्ण हुन्छौं? तब हामी उहाँको सुरक्षा पाउने विशेष निगाह-पात्रहरू हुनेछौं।

**भजन ९७ः११ः** धर्मी जनको निम्ति ज्योति बीउजस्तै छरिन्छ। यसको मतलब यही होः जुन मानिसले परमेश्वरको दृष्टिमा जे ठीक छ, त्यही गर्छ, यस मानिसको निम्ति ख्रीष्ट येशूको आगमन सूर्योदयजस्तो हुनेछ; अनि जसका हृदयहरू शुद्ध र सच्चा छन्, तिनीहरूको निम्ति यो क्षण बयान गरेर नसकिने आनन्दको कारण बन्नेछ।

**भजन ९७ः१२ः** यसकारण अन्तमा परमेश्वरका सबै धर्मी जनहरूलाई यो आह्वान दिइन्छः ‘यस रमाहटमा सहभागी होओ, र उहाँको पवित्रताको सम्झनामा धन्यवाद चढ़ाओ!’ यस प्रकारले यस भजनको अन्त भएकोमा हामीलाई अचम्म लागेको छ; किनभने हाम्रो विचारमा यो आह्वान ‘उहाँको प्रेमको सम्झनामा, अथवा उहाँको कृपा वा उहाँको अनुग्रह अथवा उहाँको महिमाको

सम्झनामा धन्यवाद चढ़ाओ' हुनुपर्नेथियो; तर यसो भएन; तर 'उहाँको पवित्रताको सम्झनामा धन्यवाद चढ़ाओ' भएछ। एक समयमा उहाँको पवित्रताले हामीलाई उहाँको उपस्थितिदेखि वञ्चित गरेको थियो; तर अबचाहिँ प्रभु येशूले पूरा गरिदिनुभएको यस त्राणको कार्यद्वारा परमेश्‍वरको पवित्रता हाम्रो विरुद्धमा हुनुको सट्टामा हाम्रो पक्षमा भएको छ; अनि यसको सम्झनामा हामी रमाउन सक्छौं र आनन्दित हुन्छौं।

## भजन ९८ः सृष्टिको नयाँ वाद्य-सङ्गीत

**भजन ९८ः१-२ः** ख्रीष्ट येशूको दोस्रो आगमनमा इस्राएली जातिले अन्तिम आएर अन्यजातिहरूको अत्याचारबाट छुटकारा पाउनेछ। अनि त्यही महिमित छुटकाराचाहिँ यस नयाँ गीतको प्रेरणा भएको छ; यसमा मसीहले आफ्ना शत्रुहरूमाथि हासिल गर्नुभएको विजयको खुशियाली मनाइन्छ। परमप्रभुले आफ्नो शक्तिशाली दाहिने हात र आफ्नो पवित्र पाखुराले पूरा गर्नुभएका सबै कामहरू अचम्मका कामहरू हुन्; यी कामहरूको निम्ति उचित र उपयोगी शब्द यही हो।

प्रस्तुत भजनले परमेश्‍वरको राज्य आइसकेको दृष्टिकोण लिएको छ। त्यस बेलासम्म उहाँको विजय सुप्रसिद्ध भइसकेको हुनेछ। किनकि उहाँले इस्राएलसित बाँध्नुभएको वाचा विश्‍वासयोग्यतापूर्वक पूरा भएको कुरा अन्यजातिहरूले देख्नेछन्।

प्रभु येशू पहिलो चोटि यस धरतीमा आउनुहुँदा उहाँकी आमा मरियमले यसो भन्दै गाएकी थिइन्ः *'आफ्नो दयाको सम्झनामा उहाँले आफ्नो सेवक इस्राएललाई सहायता गर्नुभएको छ, जसरी उहाँले हाम्रा पितापुर्खा-हरूलाई भन्नुभयो'* (लूका १ः५४-५५)। अनि जकरियाले यसो भन्दै भविष्यवाणी गरेः 'उहाँले हाम्रा पितापुर्खाहरूलाई प्रतिज्ञा गरिएको दया देखाउनुहुनेछ र आफ्नो पवित्र वाचाको सम्झना गर्नुहुनेछ' (लूका १ः७२)।

**भजन ९८ः३ः** अनि जब उहाँ दोस्रो चोटि आउनुहुनेछ, तब इस्राएलले यसो भन्दै गीत गाउनेछः 'उहाँले इस्राएलको घरानाप्रति आफ्नो दया र आफ्नो विश्‍वासयोग्यता सम्झना गर्नुभएको छ; पृथ्वीका छेउ-छेउसम्मका सबै मानिसहरूले हाम्रा परमेश्‍वरको उद्धार देखेका छन्।'

परमप्रभुको कृपाले उहाँलाई इस्राएली जातिलाई प्रतिज्ञाहरू दिने प्रेरणा दिएको थियो; अनि अब उहाँ आफ्नो विश्‍वास-योग्यतामा यी प्रतिज्ञाहरू पूरा गर्दै हुनुहुन्छ।

**भजन ९८ः४-६ः** पहिलो हेराइमा यी पदहरूबाट के बुझिन्छ भने, सारा अन्यजाति-जगत्‌लाई इस्राएलसित रमाउने निम्तो दिएको छ। तर चार पदमा 'पृथ्वी' भनेर अनुवाद गरिएको शब्दको अर्थ 'देश' हुन सक्छ, जसरी श्री एफ. डब्ल्यू. ग्राण्टले यो शब्द अनुवाद गरेका छन्।[66) यसो हो भने, मुक्ति पाएका इस्राएलीहरूलाई हर्षविह्‍वल भएर उच्च स्वरमा गीत गाउने आदेश दिइएको हुनुपर्छ। अनि लेवीहरूलाई वीणा बजाएर गाउने-हरूलाई साथ दिने आह्‍वान दिइएको छ। अनि छ पदमा पूजाहारीहरूले आफ्ना तुरहीहरू र नरसिङ्गा फुकेर यस भव्य रागमा आफ्नो सुगन्ध थपिदिन्छन्।

**भजन ९८ः७-९ः** त्यसपछि सारा सृष्टिलाई र जाति-जातिका मानिसहरूलाई उक्त सङ्गीतमा सहभागी हुन स्वागत गरिन्छ। समुद्र र त्यसका असङ्ख्य बासिन्दाहरूले हर्षोल्लासको साथमा गर्जिरहेको चित्रण यहाँ कल्पना गरिएको छ। अनि पृथ्वी र त्यसका आबादीहरू हर्षउमङ्गले उन्मत्त हुन्छन्। अनि

नदीहरूले जब तिनीहरूको बगिरहेको पानी एक चट्टानदेखि अर्को चट्टानमा ठोकिँदै जाँदा ताली बजाउँदा रहेछन्। अनि पहाड़-हरूचाहिँ? पहाड़हरूले हर्षको गीतले उल्लसित भएर आफ्ना हातहरू उचाल्दा रहेछन्। किनकि जब महाराजा पृथ्वीमाथि शासन गर्न आउनुहुन्छ, तब सारा सृष्टि एकाएक आवेगमा आएर पूरा प्रफुल्ल र उत्तेजित हुन्छ; किनभने उहाँले यस गरिब, रोगी, सुँक्कसुँक्क गरिरहेको संसारलाई धार्मिकतापूर्ण र निष्पक्षतापूर्ण शासन दिनुहुनेछ। तब को पो हर्षित नहुने र?

## भजन ९९: पवित्र, पवित्र, पवित्र

**भजन ९९:१:** महाराजाको पवित्रताचाहिँ – त्यो तीनवटा पोयाले बाटिएको डोरी यस भजनको मेरुदण्ड हो (९९:३, ५ र ९)। भजनकारको दृष्टिमा मसीह राजाले अघिबाट आफ्नो राज्य स्थापित गरिसक्नुभयो। उहाँ करूबहरूमाथि (एल. डब्ल्यू. ग्राण्ट/ ए.एस.वी.) विराजमान हुनुभएको छ। तिनले भन्न खोजेको तात्पर्य यी करूबहरू उहाँको सिंहासानको अड़ान भएका होलान्। करूबहरूचाहिँ मानिसको शरीर भएका र पखेटाहरू भएका स्वर्गीय प्राणीहरू हुन्। अनि तिनीहरूको कर्तव्य परमेश्‍वरको पवित्रता मानिसको पापबाट रक्षा गर्नु हो। सिंहासनारूढ़ महाराजाको दृश्य यति भयानक हुनेछ, कि जाति-जातिका मानिसहरू थरथर काम्नेछन् र पृथ्वी डरले डगमगाउनेछ।

**भजन ९९:२-३:** परमप्रभुले सियोनमा भएको आफ्नो सिंहासनबाट शासन गर्नुहुनेछ; उहाँ शक्ति र प्रतापमा महान् हुनुहुन्छ। उहाँ पृथ्वीका सबै जातिका मानिसहरूमाथि शासन गर्नुहुने सर्वोच्च शासक हुनुहुन्छ। तिनीहरूले उहाँको महान् र भययोग्य नामको सम्मान गर्नुपर्छ, यो स्वीकार गरेर कि उहाँको नाम बिलकुल पवित्र छ।

**भजन ९९:४-५:** यी प्रतापी राजा न्यायका प्रेमी हुनुहुन्छ; पृथ्वीका शासकहरू र ठूला-ठूला मानिसहरूमा यस प्रकारको सद्‌गुण पाइँदैन। अन्तिम आएर जसको लट्ठी, उसको भैंसी होइन, तर शासन चलाउने पनि कानुनले बाँधिएको हुन्छ। उहाँको राज्यमा घूसकोरी र भ्रष्टाचार जानिँदैन। निष्पक्षता, न्याय र धार्मिकताचाहिँ उहाँको शासनको प्रतीक हुन्, जसबाट कसैको छुट हुँदैन। उहाँका जनहरूले उहाँको पाउदानमा परेर उहाँलाई दण्डवत् गर्नुपर्छ र जोरको साथ उहाँको प्रशंसा गर्नुपर्छ। पवित्र धर्मशास्त्र बाइबलका अरू खण्डहरूमा परमेश्‍वरको पाउदानले विभिन्न रूप लिएको छ, जस्तैः वाचाको सन्दुक (१ इतिहास २८:२), परमप्रभुको भवन (भजन १३२:७), सियोन (विलाप २:१), पृथ्वी (यशैया ६६:१) र परमेश्‍वरका शत्रुहरू (भजन ११०:१)। तर यहाँ, यस पदको सन्दर्भ सियोनमा भएको पवित्रस्थान भयो होला।

**भजन ९९:६-७:** अनि यी राजाले विगत समयमा आफ्ना जनहरूलाई विश्‍वास-योग्यतापूर्वक डोऱ्याउनुभयो। उहाँका पूजाहारीहरूमध्ये मोशा र हारून थिए भने, अन्तर्विन्ती गर्ने प्रार्थनाका महान् योद्धाहरूमध्ये शमूएल थिए। (शब्दको विशुद्ध अर्थअनुसार न मोशा, न शमूएल पूजाहारी थिए, तर पनि ती दुवैजनाले पूजाहारी-पदमा सेवा गरे, परमेश्‍वरको अनुमति र स्वीकृति पाएर)। यहाँ भन्न खोजेको मतलब यो हो, कि उनीहरूले परमप्रभुलाई पुकार्दा उहाँले उनीहरूलाई जवाफ दिनुभयो। उहाँले बादलको खाँबाबाट मोशा र हारूनसँग कुरा गर्नुभयो र सिनाई पर्वतमा उनीहरूको हातमा व्यवस्था सुम्पिदिनुभयो। उनीहरूले उहाँको वाणी पालन गर्थे, सिद्ध प्रकारले होइन, र

उनीहरूले व्यवस्था पालन गर्थे, आंशिक रूपले ।

**भजन ९९:८:** तर परमेश्वरले उनीहरूलाई उनीहरूका प्रार्थनाहरूको जवाफ दिँदै हुनुहुन्थ्यो; अनि यसबाट के बुझिन्छ भने, निश्चय नै उहाँ वर्तमान समयमा पनि हामीलाई हाम्रा प्रार्थनाको जवाफ दिँदै हुनुहुन्छ। उहाँ पापको क्षमा गर्नुहुने परमेश्वर हुनुहुन्छ, जसले उनीहरूको पाप क्षमा गर्नुभयो; तर उहाँले उनीहरूका खराब कामहरूको बेवास्ता गर्नुभएन। पापको क्षमा हामीलाई दण्डमुक्त गर्छ, तर हाम्रा कुकर्महरूका नतिजाहरूचाहिँ यस जीवनमा रहन्छन् नि। हामी यसको निम्ति एउटा उदाहरण दिन्छौं: परमेश्वरले आफ्नो अनुग्रहमा मोशालाई तिनले मरीबाको पानीको विषयमा गरेको पाप क्षमा गर्नुभयो, तर परमेश्वरको शासनाले तिनलाई प्रतिज्ञा गरिएको देशदेखि बाहिर राख्यो ।

मोशा, हारून र शमूएल – यी तीनजना आत्मिक वीरहरूले यहाँ इस्राएली जातिको बीचमा विश्वासीहरूको भाग सङ्केत गरेको कुरामा ठूलो सम्भावना देखिन्छ। यसर्थ जुन कुराहरू उनीहरूको विषयमा सत्य हुन्थे, ती कुराहरू परमेश्वरका सबै विश्वासयोग्य जनहरूको निम्ति पनि सत्य ठहरिन्छन्। उनीहरूले परमप्रभुको नाम पुकारे र उद्धार पाए। अनि वर्तमान समयमा जस-जसले प्रभु येशूलाई पुकार्छन्, तिनीहरूले मुक्ति पाउँछन्।

**भजन ९९:९:** तीन पल्ट परमेश्वरको पवित्रता यस भजनको प्रसङ्ग भएको छ: 'पवित्र, पवित्र, पवित्र'। यस कुराले हामीलाई यशैया ६:३ र प्रकाश ४:८ पदको सम्झना दिलाउँछ; अनि यसले हामीलाई श्री रेजिनाल्ड हेबेरको आत्मिक गीतको यस बुलन्द पङ्क्तिको स्मरण गराउँछ:

> पवित्र, पवित्र, पवित्र, सर्वशक्तिमान् परमेश्वर !
> बिहान सधैं तपाईंको आराधना हुँदछ।
> पवित्र, पवित्र, पवित्र, शक्तिमान्, दयालु !
> त्रीएक परमेश्वर, तपाईं कति धन्य हुनुहुन्छ !
>
> श्री रजिनाल्ड हेबेर

## भजन १००: यसको पुरानो धनले गर्दा सुप्रख्यात भएको भजन

सन् १५५१ सालमा प्रकाशित भएको जिनेवाको भजन-पुस्तकमा प्रयोग गरिएको 'पुरानो धुन' भन्ने मायालु नामअनुसार यो भजन सुप्रख्यात भयो। यस भजनले सारा पृथ्वीका मानिसहरूलाई परमप्रभुको उपासना गर्ने आह्वान गरेको छ। अनि यो आह्वान इस्राएली जातिमा सीमित रहँदैन, तर त्यो सीमा नाघेर यसमा सबै अन्यजाति देशहरूलाई पनि समावेश गरिएको छ। यस सम्बन्धमा श्री अल्बर्ट बार्नेसले यसो लेखेका छन्:

> 'परमेश्वरको स्तुति गर्नु एउटै जातिको मात्र पेवा कहाँ हो र ! त्यो कुरा एउटै जातिको निम्ति मात्र उपयुक्त थिएन; त्यो कुरा हिब्रू जातिमा मात्र सीमित राख्नुहुँदैनथियो। किनकि सबै मानिसहरूको निम्ति परमेश्वरको स्तुतिप्रशंसा चढ़ाउन एउटा उचित कारण थियो, जसको विषयमा सबै जातिहरू, अँ, भाषा-भाषा बोल्ने सबै वर्गका मानिसहरू एक हुन सके; किनभने तिनीहरू सबैका एकै सृष्टिकर्ता हुनुहुन्थ्यो र हुनुहुन्छ पनि (पद ३)।'[67]

यस भजनका पाँचवटा छोटा-छोटा पदहरूबाट 'आराधना गर्नु सरल छ' भन्ने कुरा सिकिन्छ। त्यसमा हामीले ठूलो-ठूलो शब्द प्रयोग गर्नुपर्दैन, आडम्बरयुक्त पनि हुनुपर्दैन, बढ़ाइचढ़ाइ गर्नुपर्दैन। किनकि हामीले परमेश्वरको विषयमा जानेका सामान्य कुराहरूको कीर्तन गरेर आराधना गरेका हुन्छौं। यस्ता शब्दहरू आफैले गहिरो अर्थ बोक्छन्। यसैले हाम्रा भव्य कल्पनाहरूभन्दा साधारण तथ्यहरू अत्युत्तम हुन्छन्।

यस भजनमा निम्न रूपरेखा देखिन्छः

**क)** *भजन १००:१-२:* आराधना गर्न हामीलाई पहिलो आह्वान दिइएको छ।

**ख)** *भजन १००:३:* हामीले परमेश्वरको आराधना किन गर्नुपर्छ, यसको कारण बताइएको छ।

**ग)** *भजन १००:४:* आराधना गर्न हामीलाई दोस्रो आह्वान दिइएको छ।

**घ)** *भजन १००:५:* हामीले परमेश्वरको आराधना किन गर्नुपर्छ, यसको अर्को कारण बताइएको छ।

आराधना गर्ने सम्बन्धमा हामीलाई मार्गदर्शनको रूपमा निम्न सातवटा आदेशहरू दिइएका छन्ः

**क)** हामीले आनन्दको सोर निकाल्नुपर्छ (पद १)।

**ख)** हामीले आनन्दसाथ परमप्रभुको सेवा गर्नुपर्छ (पद २[क])।

**ग)** भजन गाएर हामी उहाँको सामु आउनुपर्छ (पद २[ख])।

**घ)** हामी धन्यवादसाथ उहाँका मूलढोकाहरूभित्र पस्नुपर्छ (पद ४[क])।

**ङ)** हामी प्रशंसासाथ उहाँका चोकहरूभित्र पस्नुपर्छ (पद ४[ख])।

**च)** हामीले उहाँलाई धन्यवाद चढ़ाउनुपर्छ (पद ४[ग])।

**छ)** हामीले उहाँको नामलाई धन्यको भन्नुपर्छ (पद ४[घ])।

हामीले उहाँको प्रशंसा गर्नुपर्छ; किनभने ..

**क)** उहाँ परमप्रभु हुनुहुन्छ (पद १)

**ख)** उहाँ हाम्रा परमेश्वर हुनुहुन्छ (पद ३[क])

**ग)** उहाँ हाम्रा सृष्टिकर्ता हुनुहुन्छ (पद ३[ख])

**घ)** उहाँ हाम्रा मालिक र स्वामी हुनुहुन्छ (पद ३[ग])

**ङ)** उहाँ हाम्रा गोठाला हुनुहुन्छ (पद ३[घ])

हामीले उहाँका सद्गुणहरूको खातिर उहाँको प्रशंसा गर्नुपर्छ; किनकि ...

**क)** उहाँ भला हुनुहुन्छ (पद ५)

**ख)** उहाँको कृपा सदा-सर्वदा रहिरहन्छ (पद ५)

**ग)** उहाँको सत्यता पुस्तौंपुस्तासम्म बनि-रहन्छ (पद ५)

यस भजनका पहिला तीनवटा पदहरूमा परमेश्वरलाई सृष्टिकर्ताको रूपमा आराधना गरिन्छ भने, यसका अन्तिम दुईवटा पदहरूमा परमेश्वरको भलाइ, उहाँको कृपा र उहाँको विश्वासयोग्यताको खातिर उहाँको स्तुति-प्रशंसा गरिन्छ। अनि यी दुईवटा पदहरूमा गलगथाको झलक देख्न हामीलाई गाह्रो छैन; किनभने त्योभन्दा उत्तम अरू कुनचाहिँ ठाउँ होला, जहाँ उहाँको भलाइ, उहाँको दया र उहाँको विश्वासयोग्यता छरलङ्गै देखिन्छ।

> सारा संसारले उहाँको प्रतापले पूर्ण शक्ति स्वीकार गर्छ,
> र उहाँका सबै कामहरूले उहाँको ठूलो बुद्धि प्रकट गर्छन्;
> तर उहाँको प्रेमको विषयमा नि कसो हो?
> कुनचाहिँ जिब्रोले यसको उचित वर्णन गर्न सक्ला?
> किनकि प्रभु येशूले सबै कुराहरू असल ढङ्गले पूरा गर्नुभयो।
>
> श्री सामुएल मेडली

तीन पदमा दुई किसिमका विचारहरूको बीचमा एउटा अद्‌भुत सङ्गम भएको छ; हामीले त्यो देख्न नभुलौं। पहिलो कुराः परमप्रभुचाहिँ परमेश्वर हुनुहुन्छ; उहाँ यति महान् हुनुहुन्छ, कि उहाँ हाम्रो निम्ति भेट्न नसकिने उच्च स्थानमा हुनुहुन्छ। तर 'हामी उहाँको प्रजा हौं' भन्ने कुरा पनि लेखिएको छ। यसर्थ उहाँ हाम्रो नजिकमा हुनुहुन्छ, अनि उहाँ र हाम्रो बीचमा एउटा घनिष्ठ सम्बन्ध छ। हामीसँग उहाँको नजिकको सम्बन्ध रहेको

हुनाले यस भजनले हामीमा त्रास र डर पैदा गर्नुको सट्टामा यसको रङ्गरस आनन्द र गुणगानयुक्त हो ।

यो भजन एउटा आनन्दको गीत हो, जुनचाहिँ आनन्दित परमेश्वरको निम्ति गाइन्छ। अनि यसको सन्देश हाम्रो स्तुति-गानमा निम्न सुप्रसिद्ध भावानुवादमा जतन गरिएको छः

हे पृथ्वीमा बस्ने सबै जातिका मानिसहरूहो,
आनन्दको स्वर निकालेर परमप्रभुको निम्ति गाओ;
हर्षको साथ उहाँको सेवा गर, उहाँको प्रशंसा उद्घोषणा गर;
उहाँको सामु आओ र आनन्द गर !

यो जानेर कि परमप्रभु नै परमेश्वर हुनुहुन्छ,
उहाँले हामीलाई बनाउनुभयो; यसमा उहाँलाई हाम्रो सहायता परेन;
हामी उहाँको बगाल हौं, जसलाई उहाँले चराउनुहुन्छ,
किनकि उहाँले हामीलाई आफ्नै भेड़ाहरू ठान्नुभएको छ ।

प्रशंसाको साथमा उहाँका मूलढोकाहरूभित्र पस,
आनन्दको साथ उहाँका चोकहरूमा आओ;
प्रशंसा र गुणगान गर्दै उहाँको नामलाई सदा धन्यको भन,
किनकि यसो गर्नु समुचित र मुनासिब हो ।

अनि किन ? यसको कारण के हो त ?
परमप्रभु हाम्रा परमेश्वर भला हुनुहुन्छ,
उहाँको कृपा सदा-सर्वदा सुनिश्चित छ;
उहाँको सत्यता सदैव अटल छ,
र युगानुयुगसम्म रहिरहनेछ ।

स्कटिश भजन-पुस्तक

## भजन १०१ः राजाको वक्तव्य

आफ्नो व्यक्तिगत जीवन र आफ्नो सामाजिक जीवनको निम्ति दाऊदका आकाङ्क्षाहरू तिनका उपलब्धिहरूभन्दा ठूला थिए। तर तिनले आफ्नो घरपरिवार र आफ्नो राज्यको निम्ति ताकेका लक्ष्यहरू प्रभु येशूद्वारा नै पूरा हुनेछन्, जब उहाँ दाऊदको सिंहासन-माथि बस्न आउनुहुनेछ। दाऊदको यो भजन तिनले राज्य गर्न थालेको बेलामा घोषणा गरिएको तिनको राजकीय वक्तव्य थियो। अनि यस वक्तव्यमा तिनले एउटा उच्च उद्देश्य राखे ।

**भजन १०१ः१ः** तिनले कृपा र न्यायको गुणगान गरेर आफ्नो भजन शुरु गरे; किनकि यी दुवै सद्गुणहरू परमप्रभुमा छँदैथिए र छँदैछन्; अनि यी सद्गुणहरू तिनले आफ्नो जीवनमा पनि उत्पन्न भएका देख्न चाहे। तर तिनको ध्यान परमेश्वरका सत्व्यवहारमाथि केन्द्रित रहेको देखिन्छ, अँ, इस्राएली जातिप्रति परमेश्वरको कृपामाथि र उहाँका शत्रुहरूमाथि आइलागेको उहाँको निष्पक्ष न्यायमाथि रहेको थियो। किनकि तिनले तुरुन्तै यो वाक्य पनि थपेर भनेः *'हे परमप्रभु, म तपाईंकै प्रशंसा गाउनेछु ।'*

**भजन १०१ः२ः** त्यसपछि तिनी केही मुख्य विषयहरूतिर अघि बढ़े, जुन विषयहरू तिनले आफ्नो व्यक्तिगत जीवनको निम्ति इच्छा गरेका थिए। तिनले सिद्ध चाल चाल्नमा खूब होशियार गर्थे; तिनको आचरण सकेसम्म प्रभुका शिक्षाहरूअनुसारको हुनुपरेको थियो; यो तिनको दृढ़ संकल्प थियो । दोष लगाउनेले तिनको जीवनमा आरोप गर्ने ठाउँ किन पाओस् ? तिनका चाहनाहरू यति उत्कट र यति इमानदार थिए; यसकारण तिनले बीचमा सुस्केरा हालेर सोधेछन्ः 'अहो, तपाईं कहिले

आउनुहुनेछ ?' अनि यस वाक्यको अर्थ विभिन्न प्रकारले गरिएको छः

'**क)** परमेश्वर आऊन्, र उहाँले तिनलाई सीधा चालमा चलेको देखून् भन्ने तिनको चाहना थियो ।

**ख)** परमेश्वरले तिनीसित बाँध्नुभएको वाचा पूरा भएको होस् र अन्तमा पृथ्वीमाथि परमेश्वरको राज्य स्थापित भएको होस् भन्ने तिनले तीव्र चाहना गरे ।

**ग)** तिनको विचारमा, तिनले गरेका सङ्कल्पहरू पूरा हुन परमेश्वरको उपस्थितिको आवश्यकता परेको थियो ।' 68)

आफ्नो घरभित्र इमानदार हृदयको साथ हिँड्नु तिनको कृत सङ्कल्प थियो । आफ्नो पारिवारिक जीवनमा तिनले धार्मिकतापूर्वक र इमानदारीसाथ व्यवहार गर्नेछन् । तिनमा कुनै शङ्कालु चालबाजी वा छलकपट हुँदैनथियो ।

**भजन १०१ः३-४ः** जब तिनले *'म आफ्ना आँखाहरूको सामु कुनै अधम कुरा राख्नेछैनँ'* भनेर भन्छन्, तब तिनले कुनै नीच व्यक्ति, कुनै नीच युक्ति वा कुनै नीच कामकुरा अनुमोदन गर्नेछैनँ भनेर भन्न खोजे । विश्वासबाट हट्नेहरूको काम तिनले घृणा गर्थे, र त्यसबाट कलङ्कित नहुने गरी तिनले आफूलाई टाढ़ै राख्ने सङ्कल्प गरे । सत्यता र धार्मिकताबाट पतित हुनेहरूसँग तिनले कुनै पनि सङ्गत गर्दैनथिए । एउटा टेढ़ा हृदय अर्थात् झूट र भ्रष्टतातिर झुकेको हृदय एउटा यस्तो अवगुण थियो, जसलाई तिनले पूरा घृणा गर्थे र जसबाट तिनले सधैं टाढ़ा बस्ने निर्णय गरे । तिनले आफूमा यस्तो दुष्ट अवगुण अलिकति पनि सहँदैनथिए, र तिनका भरपर्दा सल्लाहकारहरूमध्ये यस्तो अवगुण भएको व्यक्ति कदापि हुनुहुँदैनथियो । त्यो खराबी चाहे तिनको जीवनमा भएको होस्, चाहे तिनको राजदरबारमा भएका व्यक्तिहरूको जीवनमा भएको होस्, 'म कुनै खराबी जान्नेछैनँ;' यो तिनको उत्कृष्ट सङ्कल्प थियो । यही कारणले के.जे.वी.-बाइबलमा 'म कुनै दुष्ट व्यक्तिलाई जान्नेछैनँ' भनेर अनुवाद गरिएको छ । अनि यस ठाउँमा 'जान्नु' भनेको 'कसैलाई अनुकूल दृष्टिको साथ स्वीकार गर्नु' वा 'उत्साह दिनु' हो ।

**भजन १०१ः५ः** त्यो आफ्नो छिमेकीको बदनाम गर्ने मानिस जोसुकै किन नहोस्, त्यो मानिस नाश हुनेछ । त्यसको मतलब 'त्यसलाई मृत्युदण्ड दिइनेछ' अवश्य होइन, जसरी आर.एस.वी.-बाइबलले अनुवाद गरेको छ । तर त्यस मानिसलाई बहिष्कार गरेर राजाको प्रशासनबाट निकालिनेछ वा चुप पारिनेछ । अनि हरेक दम्भी र घमण्डी व्यक्तिको दशा पनि त्यही हुनेछ । राजदरबारमा त्यसलाई कुनै पद दिइनेछैन ।

**भजन १०१ः६ः** तर जसले तिनको राज्यमा सेवा गर्न चाहन्छ, उसको जीवनमा नैतिक र आत्मिक सच्चाइ भएको हुनुपर्छ; यो उसको प्रमुख योग्यता गनिनेछ । देशका विश्वासयोग्य मानिसहरू राजाका कर्मचारीहरू हुनेछन्, अनि जस-जसको जीवन निर्दोष र पवित्र छ, यिनीहरू तिनका सेवकहरू हुनेछन् ।

**भजन १०१ः७-८ः** तर छलछाम गर्नेहरू, ठगाहाहरू र झूट बोल्नेहरूको एउटै पनि नाम राजाको वेतन-पत्रमा लेखिनेछैन । तिनले धोकेबाज र बेइमानीहरूसित कुनै सरोकार राख्नेछैनन् ।

अन्तमा, राजाले सबै प्रकारको दुष्ट्याइँसित यथाशीघ्र र कड़ा व्यवहार गर्ने दृढ़ सङ्कल्प गरे । यहाँ फेरि पनि 'नाश गर्ने' शब्द आयो, जसको अर्थ 'दण्ड दिनु' अथवा 'बहिष्कार गर्नु' हो । यसो हो भने, तिनीहरू सबै परमप्रभुको शहर यरूशलेमबाट निकालिनेछन् । 'सबै प्रकारका दुष्टता देशबाट जरैसमेत उखेलिनुपर्छ र सबै कुकर्मीहरूलाई परमप्रभुको शहरदेखि नामेट गरिनुपर्छ ।' 69)

## भजन १०२ः गलगथामा त्रिएक परमेश्वर उपस्थित हुनुहुन्थ्यो

यो भजन बुझ्ने चाबीचाहिँ यसमा बोल्ने वक्ताहरू बदली भएको ज्ञानमा छ, जस्तैः

**क)** भजन १०२ः१-११ः क्रूसमा झुन्डिनुभएको प्रभु येशूले पिता परमेश्वरसँग बोल्नुभएको ।

**ख)** भजन १०२ः१२-१५ः परमेश्वर पिताले आफ्ना प्रिय पुत्रलाई जवाफ दिनुभएको । भजन १०२ः१२ पद हामीले हिब्रू १ः८ पदसँग तुलना गरेर यो थाहा पायौं ।

**ग)** भजन १०२ः१६-२१ः यस खण्डमा बोल्ने वक्ता को हुनुहुन्छ, यसको पत्ता पाइन । तर यी वक्ताचाहिँ पवित्र आत्मा हुनुहुन्छ भन्ने अनुमानमा कुनै आपत्ति देखिँदैन । उहाँले यस खण्डमा भविष्यमा मसीहको शासनअन्तर्गत इस्राएलको पुनर्स्थापनाको सङ्क्षिप्त वर्णन गर्नुहुन्छ ।

**घ)** भजन १०२ः२३-२४[क]ः यहाँ फेरि एकचोटि हाम्रा मुक्तिदाता बोल्नुभएको सुनिन्छ, जसले हाम्रा पापहरूको खातिर परमेश्वरको हातमा कष्ट भोग्नुभएको छ ।

**ङ)** भजन १०२ः२४[ख]-२८ः यो खण्ड हिब्रू १ः१०-१२ पदहरूसँग तुलना गर्दा थाहा लाग्छ, कि यहाँ पिता परमेश्वरले आफ्ना पुत्रसँग बोल्नुभयो ।

प्रभु येशूले संसारका पापहरूको प्रायश्चित्त गर्नुभएको बेलामा त्रिएक परमेश्वरका तीनै व्यक्तिहरूले आपसमा के-के कुरा गरिरहनुभएको, सो कुराकानी सुन्नको निम्ति पवित्र बाइबलभरिमा योजस्तो अरू कुनै पनि ठाउँ छैन ।

**भजन १०२ः१-२ः** यी पदहरूमा दुःखमा परेको यस मानिसको प्रार्थना पढ्दाखेरि परमेश्वरका अनन्त पुत्रले आज्ञाकारी भएर आफूलाई मृत्युसम्म, अँ, क्रूसको मृत्युसम्म होच्याउनुभएको कुरामा आश्चर्य लाग्ने चेतना हामीलाई कदापि छोड्नुहुँदैन ।

अरूको भलाइ गर्नुहुने यी उपकारक, रोगीहरूलाई निको पार्नुहुने यी चङ्गाइदाता, पापीहरूको मित्र हुनुहुने यी प्रभु येशू किन, अँ, किन यस दुर्दशामा हुनुहुन्थ्यो, सो मलाई भन्नहोस् !

'मेरो प्रार्थना सुन्नहोस्' भनेर उहाँले परमप्रभुलाई विन्ती गर्नुभएको के तपाईं सुन्दै हुनुहुन्छ ? उहाँ कष्टमा पर्नुभएको थियो । यसकारण उहाँले 'मेरो नजिकमा रहिरहनुहोस्, र मलाई तुरुन्तै जवाफ दिनुहोस्' भन्ने पुकार गर्नुभएको हो ।

**भजन १०२ः३-७ः** त्यसपछि उहाँले केही कष्टहरू बयान गर्नुभयो, जुन कष्टहरू उहाँले सहनुपरेको थियो; किनकि शोकहरूसित सुपरिचिय मानिस हुनको निम्ति उहाँको बोलावट भएको थियो । आफ्नो जीवन क्षीण हुँदै गएको उहाँले महसुस गर्नुभयो । उहाँका दिनहरू धूवाँझैं लोप भइरहेका थिए । अनि उहाँको शरीर ज्वरोले रन्किरहेको थियो । उहाँका महत्त्वपूर्ण अङ्गहरू सुकेका र ओइलिएका थिए, यहाँसम्म कि उहाँको खाने रुचि पनि हराएको थियो । उहाँ लामो समयसम्म यातना सहनुपरेको हुनाले उहाँको शरीर दुब्लाएर छाला र हड्डी मात्र रहेको थियो । उजाड्स्थानको धनेशजस्तै अथवा भग्नावशेषहरूमा बस्ने उल्लूजस्तो उहाँ एकलो र उदास – कति विचित्र ! निद्राको कुरा नगरे हुन्छ, यो असम्भव नै थियो । परमेश्वर र मानिसहरूबाट त्यागिनुभएको उहाँ बिलकुल एकलै हुनुहुन्थ्यो, छानामाथि एकलो परेको भङ्गेराजस्तै ।

**भजन १०२ः८-११ः** अनि उहाँका शत्रुहरू ? तिनीहरूले उहाँलाई लगातार अपमान गरिरहेकै थिए । तिनीहरूले उहाँको नाम श्रापको रूपमा प्रयोग गरे । (अनि वर्तमान समयमा कुरा पनि उस्तै छ; किनकि

येशूको हिब्रू नाम 'येशूअ' उहाँका शत्रुहरूले छोट्याएर 'येशू' बनाएका छन्, जुनचाहिँ एउटा श्रापको शब्द भएको छ, जसको अर्थ 'उसको नाम यस पृथ्वीबाट सदाको निम्ति मेटिओस्' हो)। शोकको खरानी उहाँको खाना भएको थियो भने पीड़ाका आँसुहरू उहाँको पिउने कुरा बनेका थिए।

अनि यो सब किन भएको थियो त? उहाँलाई विदितै थियो, कि परमेश्वरको रिस र क्रोध उहाँमाथि परेर उहाँले यी कष्टहरू भोग्नुभयो। परमेश्वर उहाँसित कहाँ रिसाउनुभयो! यो त हाम्रै पापहरूसँगको उहाँको रिस पो थियो, जुन पापहरू परमेश्वरका थुमा येशूले आफ्नो शरीरमा बोकेर काठको क्रूसमाथि लैजानुभयो। परमेश्वरबाट त्यागिनुभएपछि उहाँलाई कस्तो लाग्यो? उहाँलाई उठाएर फ्याँकिनुभएको जस्तो लागेको थियो। उहाँका दिनहरू बेलुकाका छायाहरूजस्ता ढल्कँदै गइरहेका थिए र उहाँको जीवन घाँसजस्तो ओइलिएको थियो।

**भजन १०२:१२-१५:** तर अबचाहिँ परमेश्वरले प्रभु येशूलाई जवाफ दिनुहुन्छ र उहाँलाई आश्वासन र प्रोत्साहनका वचनहरू सुनाउनुहुन्छ। पुत्रलाई 'परमप्रभु' भनेर सम्बोधन गर्दै पिता परमेश्वरले उहाँलाई के सम्झना गराउनुभयो भने, प्रभु येशू सदा-सर्वदा रहिरहनुहुनेछ र उहाँको नाम पनि पुस्तौंपुस्तासम्म रहिरहनेछ। उहाँ अवश्य मर्नुपरेको थियो, तर उहाँ फेरि बौरि-उठ्नुहुनेथियो र स्वर्ग चढ़िजानुहुनेथियो। त्यसपछि यहूदा-कुलका सिंहको रूपमा उहाँ यस पृथ्वीमा फर्केर आउनुहुनेथियो र उहाँले सियोनमाथि दया देखाउनुहुनेथियो। अनि त्यो कस्तो समय हुनेछ त? त्यस समयमा हालैमा पन्साएर राखिएको इस्राएली जाति फेरि उहाँको कृपा-पात्र हुनेछ। अनि त्यस पुनर्स्थापनाको बाटो हेरिरहेका इस्राएलीहरूले सियोनका ढुङ्गाहरू प्रिय मान्छन्, र त्यसको धूलोमाथि समेत कृपा राख्दा रहेछन्। त्यो कुरा केमा देखिन्छ? हेर्नुहोस्, उनीहरूले 'विलापको पर्खाल' भन्ने नामले प्रचलित पश्चिमी पर्खालप्रति कत्रो श्रद्धाभक्ति देखाउँछन्! र त्यस पुरानो यरूशलेम शहरप्रति उनीहरूको भावपूर्ण लगाउ कति छ, हेर्नुहोस्! अनि जब सियोनले फर्केर आउनुहुने आफ्ना राजालाई स्वागत गर्नेछ, तब अन्यजातिका मानिसहरूले परमप्रभुको नामको भय मान्नेछन्, र सारा पृथ्वीका शासकहरूले उहाँलाई ठूलो सम्मान दिनेछन्।

**भजन १०२:१६-२२:** यस खण्डमा प्रथम पुरुष र मध्यम पुरुषका सर्वनामका शब्दहरू प्रयोग नगरेर अन्य पुरुषको सर्वनामका शब्दहरू मात्र प्रयोग गरिएका छन्। अनि हाम्रो सुझाउअनुसार यस खण्डमा बोल्ने वक्ता पवित्र आत्मा हुनुहुन्छ, जसको वाणी यहाँ सुनिन्छ, जसले भविष्यमा ख्रीष्टको शासन-अन्तर्गत इस्राएलको पुनर्स्थापना बयान गर्नुहुन्छ। ठूलो शक्ति र बड़ो महिमाको साथ मसीह फर्केर आउनुहुनेछ, र उहाँले सियोनको पुनर्निर्माण गर्नुहुनेछ। त्यस दिनमा तितरबितर भएका उहाँका जनहरूले आफ्ना प्रार्थनाहरूको उत्तर पाउनेछन्। त्यति बेला उनीहरूका विन्तीहरू खेर गएका रहेनछन् भन्ने कुरा छरलङै थाहा हुनेछ। अनि कसरी परमप्रभुले स्वर्गबाट तल हेर्नुभएको, उहाँले कसरी सतावटमा परेका र तितरबितर भएका आफ्ना जनहरूका पुकारहरू सुन्नुभएको र उनीहरूलाई इस्राएल देशमा फर्काएर ल्याउनुभएको यो अद्भुत इतिवृत्ता भावी पुस्ताहरूले पढ्न पाउनेछन्। अनि जब जाति-जातिका मानिसहरू यरूशलेममा परमप्रभुको उपासना गर्न भेला हुनेछन्, तब परमप्रभुले कैदीहरूलाई कसरी छुटकारा दिनुभएको र मृत्युको निम्ति ठहराइएकाहरूलाई कसरी मुक्त गर्नुभएको सत्य कथा उहाँका जनहरूले सुनाउनेछन्।

अनि परमप्रभुले इस्राएलसित यस प्रकारले अनुग्रहपूर्ण व्यवहार गर्नुभएकोमा तिनीहरूले उहाँको प्रशंसा गर्नेछन्।

**भजन १०२:२३-२८:** अब भजनको प्रसङ्ग बदली भएको छ। प्रभु येशू फेरि यसको सन्दर्भ हुनुभएको छ, जसले क्रूसमाथि आफ्नो प्राण त्याग्न लाग्नुभएको छ। त्यस समयमा उहाँ भर्खर तीस वर्षका जवान हुनुहुन्थ्यो। जीवनको वयस्क अवस्थामा, मस्त जवानी उमेरमा, उहाँको बल टुटिसकेको थियो र अल्पायुमा उहाँको जीवनको अन्त हुन लागेको थियो। यसकारण उहाँले यसरी प्रार्थना गर्नुभयो: *'हे मेरा परमेश्‍वर, मेरो आधा आयुमा मलाई नलैजानुहोस्!'*

पद २४ को ख) खण्डमा तत्कालै परमेश्‍वरबाट उत्तर आयो: 'प्रभु, तपाईं अमर हुनुहुन्छ' (टी.ई.वी.)। अनि हामी जान्दछौं, कि यहाँ बोल्ने व्यक्ति परमेश्‍वर स्वयम् हुनुहुन्छ; किनकि यसपछिका शब्दहरू हिब्रू १:१०-१२ पदहरूअनुसार पिता परमेश्‍वरले बोल्नुभएका शब्दहरू हुन्। परमेश्‍वरले यहाँ, यस खण्डमा आफ्ना पुत्रको विषयमा दिनुभएको गवाही याद गरौं!

परमेश्‍वरको पुत्र सृष्टिको उत्पत्तिमा सक्रिय कर्ता हुनुहुन्थ्यो। उहाँले पृथ्वीको जग बसाल्नुभयो, अनि आकाश उहाँकै हातको काम हो। यो सृष्टि एकदिन नाश हुनेछ, तर उहाँ रहिरहनुहुनेछ। सृष्टि बितेर जानेछ र लुगाजस्तै थोत्रो हुनेछ; अनि त्योभन्दा राम्रो, एउटा नयाँ सृष्टिमा बदली हुनेछ। तर ख्रीष्ट येशूचाहिँ कहिल्यै अदलबदल हुनुहुन्न, तर अनन्त-अनन्तसम्म रहिरहनुहुन्छ।

प्रभु येशू अनन्त अस्तित्व सुनिश्‍चित छ। यति मात्र होइन, तर उहाँका जनहरू र उनीहरूका भावी सन्तानहरूको अनन्त अस्तित्व पनि सुनिश्‍चित गरिएको छ। किनकि उहाँका दासहरूका सन्तानहरू सुरक्षासाथ बस्नेछन् र उनीहरूको वंश पनि उहाँको छत्रछायामनि बाँचिरहनेछ।

## भजन १०३: धन्यवाद चढ़ाउने आह्वान

**भजन १०३:१:** हामीले भजनसङ्ग्रहको पुस्तक धेरै रुचाउँछौं; यसका कारणहरूमध्ये एउटा यो हो: हामी आफूले अनुभव गरेका कुराहरू व्यक्त गर्नको निम्ति उपयुक्त शब्द पाउँदैनौं, तर भजनसङ्ग्रहको पुस्तकमा हामीले भन्न खोजेका कुराहरू यति सुन्दर शब्दहरूमा व्यक्त गरिएका छन्। अनि भजन १०३ को विषयमा यो कुरा झन् बढ़ी सत्य ठहरिएको छ। किनकि यस भजनमा यति शानदार शैलीमा परमप्रभुलाई धन्यवाद चढ़ाइन्छ; यसमा हामी यस्ता मनका भावना-हरूको विषयमा पढ़्छौं, जुनचाहिँ हाम्रो भित्री हृदयमा उहाँप्रति उब्जेका कृतज्ञताका प्रगाढ़ भावनाहरू प्रतिबिम्ब गर्छन्। अनि यहाँ, यस पदमा हामी आफ्नो प्राणलाई 'परमप्रभुलाई धन्यको भन्' भन्ने आह्वान दिन्छौं। अनि हाम्रो प्राण भन्नाले हाम्रो अभौतिक अंश मात्र बुझिँदैन, तर हाम्रो सम्पूर्ण व्यक्तित्व बुझ्नुपर्छ: हाम्रो आत्मा, प्राण र शरीर। हामी सम्पूर्ण तनमनले परमप्रभुको पवित्र नामलाई धन्यको भन्छौं।

**भजन १०३:२:** दोस्रो पल्ट आराधना गर्ने आह्वान सफासँग सुनिन्छ; तर यसमा एउटा महत्त्वपूर्ण अनुस्मारक थपिएको छ: हामीले उहाँका सबै उपकारहरू भुल्नुहुँदैन। अनि यस प्रकारको सम्झना गराउने आदेश आवश्यक छ; किनकि हाम्रो भुलिहाल्ने बानी छँदैछ। हामी परमेश्‍वरलाई स्वस्थ शरीरको निम्ति, मानसिक स्वास्थ्यको निम्ति, दृष्टिको निम्ति, सुन्ने र बोल्ने शक्तिको निम्ति, खाने रुचिको निम्ति र अरू धेरै दान-वरदानहरूको निम्ति धन्यवाद दिन बिर्सन्छौं। हामी यी सबै दान-

वरदानहरूको गुण गर्न जान्दैनौं, तर त्यसै पाएका, सामान्य कुराहरू सम्झन्छौं।

**भजन १०३ः३ः** तर परमेश्वरले हाम्रा सबै अधर्महरू क्षमा गर्नुभएकोमा हामी उहाँप्रति सबैभन्दा बढ़ी धन्यवादी हुनुपर्छ। के हाम्रा गाढ़ा रङका पापहरू हिउँजस्तो सेता हुन सक्छन्? त यो परमेश्वरको अनुग्रहको बयान गरेर नसकिने आश्चर्यकर्म हुनुपर्छ। मेरो विचार त्यस व्यक्तिको विचारसँग मिल्छ, जसले आफ्नो समाधिमाथि 'मेरा पापहरू मलाई क्षमा भए' भन्ने शब्द लेख्न लगायो। अनि यस आयरल्याण्डको एकजना मानिससँग मेरो मन पनि मिल्छ, जसले यसो भनेः 'प्रभु येशूले मेरा सबै पापहरू क्षमा गर्नुभयो र फेरि कहिल्यै तिनको सम्झना गर्नुहुनेछैन।' ख्रीष्ट येशूको बहुमूल्य रगतको खातिर हाम्रा पापहरू सधैंको निम्ति फालिएका छन् – यो मेरो निम्ति समझदेखि बाहिरको कुरा हो।

हाम्रा सबै रोगहरू निको भए – यो हाम्रो दोस्रो लाभ हो, जसको सम्झना हामीले गर्नुपर्छ। यस भनाइले सृजना गरेको समस्या समाधान गर्नुभन्दा अघि हामीले यो एउटा कुरा ख्याल गर्नुपर्छः शरीरको चङ्गाइचाहिँ पापको क्षमापछि आउँछ। हाम्रो शरीरको अवस्था र हाम्रो आत्मिक अवस्थाको बीचमा घनिष्ठ सम्बन्ध रहेको छ। अनि सबै रोगहरू कुनै पापको प्रतिफल हुँदैनन्; तर कति रोगहरू छन्, जुनचाहिँ कुनै पापको फल हुन्छन्। अनि कसैको रोग त्यसको कुनै पापको फल भएदेखि त्यस व्यक्तिले चङ्गाइ पाउनुभन्दा अघि पापको क्षमा पाउनुपर्छ, यो अनिवार्य हो।

तब यस सम्बन्धमा खास समस्या के हो त? यस पदले यसो भन्छः *'उहाँ तिम्रा **सबै** रोगहरू निको पार्नुहुन्छ।'* तर व्यवहारमा आएर हाम्रो अनुभव के हो त? *सबै* रोगहरू निको हुँदैनन्; अनि ढिलो-छिटो हामी सबै मर्ने नै छौं, यदि प्रभु येशू बीचमा आउनुभएन भने। यसो हो भने, यस पदले भन्न खोजेको कुरा के हो त? यसको सही र सठीक उत्तर खोज्न चाहेर हामीले निम्न लिखित कुराहरू ध्यानमा राख्नुपर्छ।

पहिले कुराः सबै वास्तविक चङ्गाइ परमेश्वरबाट आउँछ। तपाईं बिरामी हुनुभएको थियो र फेरि निको हुनुभयो भने तपाईं आफू निको हुनुभएकोमा परमेश्वरलाई धन्यवाद चढ़ाउन सक्नुहुन्छ, किनभने उहाँ सबै चङ्गाइको मूल र स्रोत हुनुहुन्छ। पुरानो नियममा परमेश्वरका नामहरूमध्ये एउटाचाहिँ 'यहोवा रोफेका' हो, जसको अर्थ 'तिमीलाई निको पार्ने परमप्रभु' हो (प्रस्थान १५ः२६)। यसकारण बुझ्नुहोस्ः हरेक साँचो चङ्गाइ उहाँबाट आउँछ।

दोस्रो कुराः परमप्रभु सबै किसिमका रोगहरू निको पार्न सक्नुहुन्छ। उहाँको निम्ति निको हुन नसक्ने कुनै रोग नै छैन।

तेस्रो कुराः परमप्रभु प्राकृतिक साधनहरू प्रयोग गरेर निर्धारित समयमा निको पार्न सक्नुहुन्छ अथवा उहाँ अलौकिक ढङ्गमा, तत्कालै निको पार्न सक्नुहुन्छ। उहाँको चङ्गाइ गर्ने सामर्थ्यको निम्ति कुनै सीमा छैन, र कुनै सीमा लगाउनुहुँदैन।

चौथो कुराः प्रभु येशू यस धरतीमा जिउनुहुँदा उहाँले आफूकहाँ ल्याइएका सबै रोगीहरूलाई निको पार्नुभयो (मत्ती ८ः१६)।

पाँचौं कुराः अनि ख्रीष्ट येशूले आफ्नो हजार वर्षको राज्यभरि साँच्चै सबै प्रकारका रोगहरू निको पार्नुहुनेछ (यशैया ३३ः२४; यर्मिया ३०ः१७)। उहाँको विरोधमा उठ्नेहरू मात्र निको नभएर मर्नेछन् (यशैया ६५ः२०[ख])।

तर प्रस्तुत पदको अर्थ अरू जेसुकै होस्, तर ख्रीष्ट-विश्वासीले सबै प्रकारको रोगबाट चङ्गाइ दाबी गर्न सक्छ भन्नेचाहिँ यसको साँचो अर्थ होइन; किनभने यही भजनका अरू पदहरू पनि छन्, जुन पदहरूले हामीलाई

'जीवन क्षणिक छ र यसको अन्त अवश्य हुनेछ' भन्ने कुरा सम्झाउँछन् (तपाईंले १५-१६ पदहरूमा हेर्नुहोला)। मेरो विचारमा यस पदले भन्न खोजेको यही होः जब कोही ख्रीष्ट-विश्वासी निको हुन्छ, तब त्यो चङ्गाइचाहिँ परमेश्वरबाटको कृपा हो, र उसले निको पार्नुहुनेलाई यसको श्रेय दिनुपर्छ र उहाँलाई यसको निम्ति धन्यवाद दिनुपर्छ।

**भजन १०३ः४ः** परमप्रभु हाम्रा रोगहरू निको पार्नुहुन्छ। यति मात्र होइन, तर उहाँ हाम्रो जीवन अगाध खाँदरूपी विनाशबाट छुटाउनुहुन्छ। निस्सन्देह, उक्त भनाइ उहाँले हामीलाई नरकदेखि बचाउनुभएको कुरामाथि लागू गर्न सकिन्छ। तर मेरो विचारमा, यसो भनेकोमा उहाँले हामीलाई खतराहरूबाट, दुर्घटनाहरूबाट, दुःखद घटनाहरूबाट र यसरी नै चिहानबाट बचाउनुहुन्छ भन्ने अर्थ लाग्छ। धेरैचोटि हाम्रा परमेश्वरले हस्तक्षेप गरेर हामीलाई अकाल मृत्युदेखि बचाउनुभएको रहेछ, सो कुरा हामी स्वर्गमा पुगेपछि मात्र बुझ्नेछौं।

चौथो आशिष यो हो, कि उहाँले हामीलाई करुणा र कोमल कृपाको मुकुट पहिराउनुहुन्छ। हामीजस्तै दोषी र उहाँको प्रेमको योग्य नभएकाहरूको निम्ति यो कत्रो अचम्मको शिरपेच हो! अनन्त प्रेमको प्रेम-पात्र हामी! अनि दिन प्रतिदिन उहाँको कृपा हामीमाथि बर्सेको छ।

**भजन १०३ः५ः** त्यसपछि उहाँले हामीलाई हामी बाँचुन्जेल उत्तम कुराहरूले तृप्त पार्नुहुन्छ। हिब्रूमा यस वाक्यको अर्थ अलिक अस्पष्ट देखिन्छ। यसको शाब्दिक अनुवाद यस प्रकारको छः 'उहाँले *तिम्रो गहना* उत्तम कुराहरूले तृप्त पार्नुहुन्छ।' यसैबाट विभिन्न अनुवादहरू आए, जस्तैः 'तिम्रो यौवन', तिम्रो आयु', 'तिमी बाँचुन्जेल' आदि। यसको सठीक शब्द के होला नि? जेजस्तो भए पनि यो सत्य दृढ़ छ, कि परमप्रभु हाम्रो हृदयको चाहना तृप्त पार्नुहुन्छ; अनि उहाँ सीधा चाल चल्नेहरूबाट कुनै असल कुरा बाँकी राख्नुहुन्न।

पापको क्षमा, रोगको चङ्गाइ, हर किसिमको सुरक्षा, कोमल कृपारूपी मुकुट र परितृप्ति – यी पाँचवटा आशिषहरूले गर्दा हाम्रो जवानी चीलको झैं नयाँ हुँदै जान्छ। रोगबिमारी र अपकारले शरीरलाई असर पार्लान्, तर यस्ता कुराहरूले हाम्रो आत्मा छुन सक्दैनन्। *'हाम्रो बाहिरी मान्छे नष्ट हुँदै गए तापनि हाम्रो भित्री मान्छेचाहिँ दिनदिनै नयाँ हुँदै जान्छ'* (२ कोरिन्थी ४ः१६)। शरीरको हिसाबले यस पृथ्वीमा हामीलाई अविनाशी यौवन दिलाउने मुहान नै छैन, तर हाम्रो आत्माको निम्ति यस्तो सीमा छैन, तर त्यो त बलमाथि बल पाउँदै जान सक्छ।

*'तर परमप्रभुको बाटो हेर्नेहरूचाहिँ नयाँ बल पाउँदै जानेछन्; उनीहरू चीलहरूझैं पखेटाहरू फिजाएर उँभो-उँभो उड्नेछन्; उनीहरू दगुर्नेछन् र थकित हुनेछैनन्; उनीहरू हिँड्नेछन् र क्लान्त हुनेछैनन्'* (यशैया ४०ः३१)।

चीलचाहिँ लामो आयु र श्रेष्ठतर बलको लागि प्रसिद्ध छ। तर त्यसको जीवन-शक्ति पनि अस्थायी छ र सधैं नयाँ हुँदै जाँदैन; त्यो चरा बूढ़ो हुन्छ र मर्छ। तर भजनकारले भन्न खोजेको तात्पर्थ यो हो, कि परमेश्वरमा आड़भरोसा गर्ने मानिस नित्य नवीकरण उपभोग गर्छ, बलमाथि बल पाउँछ र माथि, झन् माथि उड्दै जाने चीलजस्तो उँभो जान्छ।

**भजन १०३ः६ः** परमप्रभुको दया र कोमल कृपा केमा देखिन्छ? उहाँले हिब्रू जातिका मानिसहरूसित गर्नुभएका व्यवहार र बर्तावमा, विशेष गरेर मिस्र देशबाट निस्केर आएको तिनीहरूको प्रस्थानमा यो देखिन्छ।

यो एउटा आदर्श थियो, जसबाट उहाँले थिचोमिचोमा परेकाहरू सबैको कानुनी अधिकार र सठीक न्याय कसरी कायम राख्नुहुन्छ, सो छरलङ्ग बुझिन्छ।

**भजन १०३:७-८:** मिस्र देशदेखि प्रतिज्ञा गरिएको देशतर्फको यात्रामा परमेश्वरले मोशालाई आफ्ना मार्गहरू र इस्राएलीहरूलाई आफ्ना कामहरू प्रकट गर्नुभयो। उहाँले मोशालाई आफ्नो मनका विचारहरू प्रकट गर्नुभयो र उनलाई आफ्ना योजनाहरू र उद्देश्यहरू बताउनुभयो। तर इस्राएलीहरूले केवल ती योजनाहरू कार्यान्वित भएका देखे। उहाँका मार्गहरू र उहाँका कामहरूको बीचमा भिन्नता छ; किनकि उहाँका मार्गहरू केवल दिव्य प्रकाशद्वारा थाह हुन्छ, तर उहाँका कामहरू आँखाले देख्न सकिन्छ।

आफ्ना जनहरूसित गर्नुभएका व्यवहार-हरूमा परमप्रभुले आफूलाई दयालु र अनुग्रही हुनुभएको देखाउनुभयो। तिनीहरूको यात्राको एक-एक कदममा उहाँले तिनीहरूलाई डोऱ्याउनुहुन्थ्यो, तिनीहरूको रक्षा गर्नुहुन्थ्यो र तिनीहरूलाई भरण-पोषण गर्नुहुन्थ्यो। उहाँका जनहरू हठी हुन्थे, गनगन गर्थे, विद्रोही र अटेरी हुन्थे; तर उहाँले आफ्नो रिस रोकिराख्नुभयो; किनकि उहाँ रिसाउनमा ढिलो हुनुहुन्छ। उहाँको कृपा अटल हुन्छ, तिनीहरूको कृतघ्नता जेसुकै होस्।

हे प्रिय प्रभु येशू, तपाईंको दृष्टिमा म पूरा अयोग्य छु,
तापनि तपाईंले सधैं ममाथि आफ्नो अद्‌भुत प्रेम बर्साइरहनुहुन्छ।
म बारम्बार भड्किरहन्छु र तपाईंको इच्छा पालन गर्नदेखि चुक्छु,
तर पनि मलाई विवश पार्ने तपाईंको कृपामय प्रेमले मलाई साथ दिइरहन्छ।

अज्ञात लेखकको रचना

**भजन १०३:९-१०:** यस्तो समय आउँछ, जब परमप्रभुले आफ्ना छोराछोरीहरूलाई ताड़ना दिनुपर्छ; तर पनि उहाँको तह लाउने काम चाहिएको भन्दा एक दिन बढ़ी पनि रहँदैन। अनि न्याय उहाँको अनौठो काम हो। उहाँको कृपाले न्यायको विरुद्ध गर्व गर्छ। जुन कुरा हामी पाउन लायक छौं, त्यही कुरा हामीले पाउनु हो भने हामी अनन्तसम्म नरकमा पर्नुपर्नेथियो। तर परमेश्वरको कृपा यसैमा प्रकट हुन्छः हामीले पाउन पर्ने दण्ड उहाँले हामीलाई दिनुहुन्न। हाम्रा पापहरूको सजायरूपी मोल, त्यो जरिवाना अर्को एकजनाले गलगथाको क्रूसमा तिरिदिनुभयो। अनि जब हामी यही मुक्तिदाता प्रभुमाथि विश्वास राख्छौं, तब परमेश्वरले न्यायसँगत रीतिले हामीलाई हाम्रा पापहरू क्षमा गर्न सक्नुहुन्छ। अनि दोहरो सजाय हुनै सक्दैन। ख्रीष्ट येशूले एकै पल्ट सधैंको निम्ति हाम्रो सारा ऋण तिरिदिनुभयो; यसकारण हामीले त्यो कहिल्यै तिर्नुपर्नेछैन।

**भजन १०३:११-१२:** हाम्रो मुक्तिको निम्ति यस प्रकारको अद्‌भुत प्रबन्ध गर्ने परमेश्वरको अपार प्रेम नाप्न सकिँदैन। यो हाम्रो दिमाग धेरै खियाउने कत्रो गिदी-पगालाइ र समझदेखि बाहिरको कुरा हो! हामीले यस पृथ्वीदेखि आकाशसम्मको दूरी नाप्न सकेको भए हामीले उहाँको प्रेमको महानताको विषयमा केही हदसम्म कुरा बुझ्न सक्नेथियौं; तर हामी यसो गर्न सक्दैनौं। हामी जिइरहेको ब्रह्माण्डको लमाइ-चौड़ाइ कति छ, सो ठोकुवा दिन सक्दैनौं। तब हामी अनन्त दूरीको कुरा कसरी गर्ने? तर ठीक यति टाढ़ा उहाँले हाम्रा अपराधहरू हामीदेखि हटाउनुभयो। पश्चिमदेखि पूर्व कति टाढ़ा छ? ख्रीष्ट-विश्वासी र उसका पापहरूको बीचमा कहिल्यै नभेटिने दूरी यत्रो छ; उसले आफ्ना पापहरू फेरि कहिल्यै फेला पार्नेछैन। किनकि परमेश्वरको प्रेमको अचम्मको कामद्वारा ती पापहरू सधैंको निम्ति उहाँको नजरदेखि हटाइए।

**भजन १०३:१३-१४:** एकजना भाइले यसो भनेका छन्: ‘मानिसको कमजोरीले परमेश्‍वरको दया आकर्षण गर्छ।’ जसरी बुबाले आफ्नो सानो छोरालाई ठूलो भारी उठाउन मरिमेटी प्रयास गरिरहेको देख्दा यी बुबाचाहिँलाई उसको माया र ममता लाग्छ, त्यसरी नै परमप्रभुले पनि हाम्रो कमजोरतामा हामीमाथि टिठाउने दयाको दृष्टि लगाउनुहुन्छ। हामी के हौं र? हामी त धूलोबाट बनिएका हौं; हामी कमजोर र असहाय छौं; अनि उहाँ यो राम्ररी जान्‍नुहुन्छ। तर जुन कुरा परमेश्‍वर जान्‍नुहुन्छ, त्यही कुराचाहिँ हामी बारम्बार बिर्सन्छौं: हामी त धूलो हौं। यसकारण हामी घमण्डी, आत्मनिर्भर गर्ने स्व-अवलम्बी हुन्छौं, र यसबाट घरिघरि हाम्रो पतन र असफलता आउँछ।

**भजन १०३:१५-१६:** मानिस धूलोबाट मात्र बनेको कहाँ हो र, ऊ चाँडै धूलोमा फर्केर जान्छ। *‘तिमी माटो हौ, र तिमी माटैमा फर्किजानेछौ’* भन्‍ने त्यो उहिलेको उर्दी अक्षरशः पूरा भएको छ; कसैले त्यो रोक्‍नै सक्दैन। मानिस एकै दिनको निम्ति जन्मन्छ, त्यसपछि ऊ मैदानको फूलजस्तो बितिजान्छ, र उसको आसपासमा जिउनेहरूले उसलाई फेरि कहिल्यै देख्‍नेछैनन्।

**भजन १०३:१७-१८:** तर परमेश्‍वरको कृपामा ठूलो आकाश-पातालको भिन्‍नता छ; किनकि उहाँको कृपा उहाँको डर मान्‍ने-हरूमाथि युगानुयुगसम्म रहिरहन्छ। समयको हिसाबले उहाँको कृपा असीमित छ, र नापतौलको हिसाबले यो अपरिमित र अनगिन्ती छ। अनि उहाँको धार्मिकता नाति-पनातिहरूसम्म जान्छ। यस कुराबाट ठूलो सान्त्वना मिल्छ। ख्रीष्ट-विश्‍वासी आमा-बुबाहरूको सामान्य फिक्रीचिन्ता के हो भने, तिनीहरूका छोराछोरीहरू र नाति-नातिनाहरू दुष्टताले भरिएको संसारमा हुर्किरहेका छन्। तर हामी आफ्ना बाल-बालिकाहरूलाई ढुक्कैसँग उहाँकै जिम्मामा लगाउन सक्छौं, जसको प्रेम अपरम्पार छ र जसको धार्मिकता हाम्रो निम्ति मात्र होइन, तर आउँदा पुस्ताहरूको निम्ति पनि यथेस्ट हुन्छ। हुन त यी प्रतिज्ञाहरूमा एउटा शर्त पनि राखिएको छ। यी प्रतिज्ञाहरू केवल उनीहरूको निम्ति लागू हुन्छन्, जस-जसले उहाँको वाचा पालन गर्छन् र उहाँका आज्ञाहरू सम्झेर पालन गर्छन्। तर यो शर्त न्यायसँगत छ।

**भजन १०३:१९-२२:** परमप्रभु राजा हुनुहुन्छ। उहाँको सिंहासन स्वर्गमा छ। अनि उहाँको अधिकार विश्‍वभरि चल्छ। यसो हो भने, उहाँले हरेक प्राणी र हरेक सृष्टिको थोकबाट प्रशंसा पाउनुपर्छ। यसकारण दाऊद वाद्य-मास्टरको रूपमा विश्‍वको मञ्चमा उक्लेर स्तुतिप्रशंसाको यस भव्य सङ्गीत-समारोहमा सृष्टिको विराट गायक-मण्डललाई नेतृत्व गर्छन्। पहिले तिनले शक्तिशाली र आज्ञाकारी स्वर्गदूतहरूलाई स्तुतिगान शुरु गर्न लाउँछन्। त्यसपछि तिनले परमेश्‍वरको सेवा गर्ने सृष्टिका सबै प्राणी-हरूलाई स्वरमा स्वर मिलाएर उहाँको स्तुति गर्न आह्‌वान गर्छन्। त्यसपछि तिनले परमेश्‍वरका सबै कामहरूलाई त्यस महिमित सङ्गीत-समारोहमा भाग लिने इसारा दिन्छन्। अनि परमेश्‍वरको प्रभुत्वअन्तर्गत रहेको सारा क्षेत्रभरि यो हल्लेलूयाहको भव्य स्तुतिगान गुञ्जायमान हुँदै गर्दा उक्त गायक-मण्डलको मास्टर आफैले ‘परमप्रभु परम धन्य हुनुहुन्छ’ भनेर अरूको स्वरमा आफ्नो स्वर मिलाउँछन्। अनि एकजना भाइ छन्, जसले दाऊदलाई यसो भन्दै गरेको कल्पना गरेका छन्: ‘सृष्टिले गाइरहेका स्तुतिगान-हरूको बीचमा मेरो स्वरले पनि उहाँको स्तुति गाउनुपर्छ।’

## भजन १०४ः सृजनाहार पालनहार हुनुहुन्छ

करोड़ौं बासिन्दाहरू भएका न्यू-योर्क, लण्डन र टोकियोजस्ता महानगरहरू सञ्चालन गर्नमा किसिम-किसिमका कुराहरू आवश्यक पर्छन्, होइन र? जल-विभाग, आवास-विभाग, सड़क-विभाग, विद्युत-विभाग, खाद्य-पदार्थका बन्दोबस्तहरू र अन्य सबै आवश्यक सेवाहरूको निम्ति व्यवस्था मिलाउने उपयोगी संस्था-संघहरू र उचित प्रशासन हुनुपर्छ।

तर आउनुहोस्, जुन संसारमा हामी बसिरहेका छौं, हामी यस संसारको विषयमा कुरा गरौं! यसको व्यवस्था मिलाउन परमेश्वरको काम झन् कति बढ़ता जटिल हुन्छ, सो विचार गरौं! उहाँले सृष्टि गर्नुभएका सबै प्राणीहरूको निम्ति पानीको प्रबन्ध गर्नु कत्रो समस्या होला त नि। मानिस-जाति, पशुप्राणी, चराचुरुङ्गीहरू, माछाहरू र अन्य जलचर प्राणीहरूको निम्ति खानेकुराहरूको बन्दोबस्त गर्नु अत्यन्तै भारी काम हो। तिनीहरूलाई घाँस मात्र होइन, तर वास र कपास पनि चाहियो। अनि परमेश्वर यही विशाल प्रकृति-जगत्का सृजनाहार र पालनहार हुनुहुँदो रहेछ!! यस सिलसिलामा तपाईंले उहाँको विषयमा मनन गर्नुभयो भने, यही कुराले उहाँको विषयमा कति महान्-महान् विचारहरू पैदा गर्दो रहेछ, सो तपाईंलाई थाहा लाग्नेछ।

**भजन १०४ः१-३ः** यी अज्ञात भजनकारले आफ्नो सारा तनमनलाई परमप्रभुको प्रशंसा गर्ने आदेश दिइसकेपछि तिनले परमेश्वरको महान् वर्णन गर्न थालेका छन्; अनि निस्सन्देह, योजस्ता महान् बयान-हरूबाट माइकल एन्जेलोले प्रेरणा पाएको हुनुपर्ला। यस खण्डमा साङ्केतिक भाषा प्रयोग गरिएको बुझिन्छ; किनभने अरू कुनचाहिँ तरिकाले अदृश्य परमेश्वरको वर्णन गर्न सकिन्छ, मलाई भन्नुहोस्! सीमित शब्दहरूले उहाँको असीमित महानता कहाँ बयान गर्न सक्छन्!

उभिएर, नियालेर र आश्चर्य प्रकट गरेर भजनकारले यसो भन्छन्ः *'हे परमप्रभु, मेरा परमेश्वर, तपाईं अति महान् हुनुहुन्छ!'* त्यसपछि परमेश्वरको प्रदर्शनको विस्तृत बयान शुरु हुन्छ। परमेश्वरले अपार वैभव र महान् प्रतापको वस्त्र ओढ़्नुभएको छ, यसको निम्ति उपयुक्त शब्द छैन। उहाँले आफूलाई पोशाकरूपी ज्योतिले ढाक्नुभएको छ, जुन ज्योतिचाहिँ उहाँको विशुद्ध पवित्रता र सिद्ध धार्मिकताको प्रतीक हो। अनि उहाँले वायुमण्डल र तारामण्डल पृथ्वीमाथि पर्दाझैं टाँग्नुभयो; यस कामको विशालताको बारेमा कल्पना गर्न सकिँदैन; यो हाम्रो दिमागदेखि बाहिरको कुरा हो। धरतीमाथि एउटा वायुमण्डल छ, जसमाथि पानीका कणहरूले भरिएका बादलहरूको ढक्कन छ। अनि यही बादलहरूको ढक्कनचाहिँ आकाशका खाँबाहरूको जग हुँदो रहेछ। अनि यी बादलहरू परमप्रभुको रथ हुन्, जुन बादलहरूचाहिँ आकाशको एक छेउदेखि अर्को छेउसम्म वेगसित दगुर्छन्; उहाँको रथको इन्जिनचाहिँ बतास हो, जसका पखेटाहरूमाथि उहाँ सवार हुनुहुन्छ।

**भजन १०४ः४ः** *'जसले आफ्ना दूत-हरूलाई आत्माहरू र आफ्ना सेवकहरूलाई आगोको ज्वाला बनाउनुभएको छ।'* अब हिब्रू भाषाको कुरा आयोः हिब्रूमा 'वायु' र 'आत्मा'को निम्ति एकै शब्द प्रयोग गरिएको र 'स्वर्गदूत' र 'दूत'को निम्ति पनि एउटै शब्द प्रयोग गरिएको हुनाले यस वाक्यको अनुवाद निम्न प्रकारको हुन सक्छः 'जसले बतास-हरूलाई आफ्ना दूतहरू र आगोको ज्वालालाई आफ्ना सेवकहरू तुल्याउनुहुन्छ।' प्रकृति यस

खण्डको सन्दर्भ भएको हुनाले यही सठीक अनुवाद देखिन्छ। तर हिब्रू १:७ पदमा यो पद उद्धृत गरिएको छ, र त्यस पदको प्रसङ्गले परम्परागत अनुवादको माग गर्छ। (तर हिब्रू १:७ पदमा प्रयोग गरिएका युनानी शब्दहरूमा पनि यही दोहोरो अर्थ लाग्छ; यसकारण पुरानो नियमको यस पदको विषयमा उक्त अर्थ नयाँ नियममा हिब्रू १:७ पदमा पनि लगाउन सकिन्छ)।

**भजन १०४:५-९:** यस भजनमा अघि बढ्दै जाँदा के सुस्पष्ट हुन्छ भने, यस खण्डले उत्पत्ति एक अध्यायमा उल्लिखित सृष्टिका छ दिनहरू पो बयान गरेको रहेछ। हुन त यहाँ, यस खण्डमा सृष्टिका यी छ दिनहरू बराबर बयान गरिएका छैनन्। तर उहाँका प्राणीहरू, विशेष गरी मानिसको निम्ति परमेश्वरले गर्नुभएका पूर्व-प्रबन्धहरू देखेर भजनकारले आफ्नो आश्चर्य प्रकट गरेका छन्।

परमेश्वरले कसरी मानिसहरूको निम्ति बसोबास गर्न लायकको स्थिर र अटल धरातल हुने उद्देश्यले पृथ्वी अदृश्य जगहरूमाथि निर्माण गर्नुभयो, सो तिनले पहिले सम्झना गरेका छन्। उत्पत्ति भएको बेलामा सम्पूर्ण पृथ्वी गहिरो पानीले पहाड़हरू डुब्ने गरी ढाकिएको थियो। तेस्रो दिनमा परमेश्वरले यसो भन्नुभयोः *'आकाशमनि भएका पानीहरू एक ठाउँमा जम्मा होऊन्, र सुक्खा जमिन देखा गरोस्'* (उत्पत्ति १:९)। तब तुरुन्तै पानीहरू सर्रर पछि हटे; अनि पहाड़हरू र बेंसीहरू परमेश्वरले तिनीहरूको निम्ति अघिबाट निर्धारित गर्नुभएका ठाउँ-हरूमा देखा परे। अनि तिनीहरूले सुक्खा जमिनमाथि दक्खल गर्न नपाऊन् भनेर आ-आफ्ना साँधसिमानाभित्र महासागरहरू र समुद्रहरू बने।

**भजन १०४:१०-१३:** त्यसपछि परमेश्वरको अद्‌भुत जल-प्रणालीले काम गर्न शुरु गर्‍यो। मुहानहरूबाट प्रशस्त पानीका धाराहरू बगे। अनि पहाड़हरूदेखि खोला-नालाहरू ओह्रालै आ-आफ्ना बाटो निकाल्दै बेंसी र तराईहरूहुँदै अन्तमा समुद्रमा पुगे। अनि त्यस समयदेखि उसो वनपशुहरूले ती खोलानालाहरू, नदीहरू, पोखरीहरू र तालहरूमा आफ्नो तिर्खा मेट्‌दै आए। अनि चराचुरुङ्गीहरूले यी जल-स्रोतहरूको छेउ-छाउमा गुँड़ लाउने ठाउँहरू पाए। उक्त जल-व्यवस्थाको अर्को विभागचाहिँ झरी, पानीको बर्साइ हो। यस सिलसिलामा एलिहूले आफ्नो ज्ञान पोखेर भनेः 'परमेश्वरले पानीका थोपा-हरू माथि खिँच्नुहुन्छ; अनि ती थोपाहरू कुहिरो बनेर झरीको रूपमा बर्सिन्छन्, अँ, बादलहरूले ती तप्काउँछन् र प्रशस्त गरी मानिसहरूमाथि पानी चुहाउँछन्' (अय्यूब ३६:२७-२८)। अनि त्यस प्रकारले एउटा विशाल सिँच्ने प्रणालीले पहाड़हरूलाई भिजाउँछ; अनि परमेश्वरको त्यस पानी-सेचनद्वारा पृथ्वी तृप्त हुन्छ।

**भजन १०४:१४-१५:** अब खाद्य पदार्थको आपूर्ति गर्ने विभाग आयो। उहाँले गाईबस्तुको निम्ति प्रशस्त घाँसपात र किसिम-किसिमका वनस्पति जुटाइदिनुहुन्छ, साथै खाद्यान्नहरूको प्रबन्ध गर्नुहुन्छ, यस हेतुले कि मानिसले आफ्नो निम्ति र आफ्नो बस्तुभाउको चारोको निम्ति यी अन्नहरूको खेती गरोस्। अनि खानेकुरा पृथ्वीबाट उब्जन्छ, कसरी? यो त एउटा अचम्मको काम पो हो, जुनचाहिँ बिस्तारै र चुपचापसित पूरा हुन्छ। अनि अङ्‌गुरको रस अद्‌भुत रासायनिक प्रक्रियाद्वारा दाखमद्य बन्छ, र यसको सेवनले मानिस आनन्दित हुन्छ। अनि जैतुनबाट स्वास्थ्यप्राद र स्वादिष्ट सुनौलो तेल निस्कन्छ, जसको प्रयोग किसिम-किसिमको हुन्छ। अनि यी अन्नबाट कि त रोटी, कि त चामल बनिन्छ, त्यो मूलभोजन, जसले मानिसलाई परिश्रम गर्ने बल दिन्छ।

**भजन १०४:१६-१८:** वनका ठूला-ठूला रूखहरूले जमिनबाट प्रशस्त मात्रामा, अँ, टन-टनको पानी चुस्छन्; अनि लेबानोनका देवदारहरू मानिसले रोप्नुपर्दैन, ती आफैआफ उम्रन्छन् र बढ्छन्। यी देवदारहरू विभिन्न चराहरूका वासस्थानहरू हुन्छन्। यसको उदाहरण दिऔं: सारसले सल्लाका रूखहरूमा गुँड़ लाउँछन्; (अनि हुन सक्छ, यहाँका सल्लाका रूखहरू धूपीका रूख पो हुन्, कि कसो हो)। अनि अग्ला-अग्ला पहाड़हरू हिमाली बाख्राहरूका उत्तम शरणस्थान हुन् भने, चट्टानहरूचाहिँ शापान अर्थात् भीर खरायोहरूको निम्ति वासस्थान हुन्छन्।

**भजन १०४:१९-२३:** जीवन कालचक्र-हरूमा र समयको तालिकाअनुसार चलिरहने हुनाले समय नाप्ने कुनै न कुनै उपाय हुनुपर्छ। यसको निम्ति परमेश्वरले महिनाहरू छुट्याउने हेतुले चन्द्रमा त्यसको ठाउँमा राख्नुभयो। अनि सूर्यचाहिँ? त्यसले आफ्नो अस्ताउने समय जान्दछ, र यसरी दिनको अन्त दर्साउँछ। दिन र रातको नियमित पालो पशुप्राणीहरू र मानिसको निम्ति उपयुक्त हुन्छ। किनभने अँध्यारो रातको आड़मा वनपशुहरू आ-आफ्नो आहारको खोजीमा चाल मारेर हिँड्छन्। तर बिहान भएपछि ती पशुहरू आफ्ना ओड़ारहरूतिर चम्पत कस्छन्। तर मानिसचाहिँ आफ्नो काममा निस्कन्छ र दिनको उज्यालो समय उद्योगी परिश्रमको निम्ति उपयोग गर्छ।

**भजन १०४:२४-२६:** अचम्म, परमेश्वरका कामहरू कति धेरै छन्!! 'अहो, ती सबैको रचना कत्रो बुद्धिको काम हो!' (नोक्स)। पृथ्वी उहाँले सृष्टि गर्नुभएका थोकहरूले परिपूर्ण छ, र उहाँले सानोतिनो कुरामाथि ध्यान दिएर हरेक प्राणीको अद्भुत ख्याल गर्नुहुन्छ। समुद्रमा हूलैहूल साना-ठूला जलचर प्राणीहरू छन् – प्लवकका सूक्ष्म जीवाणुहरूदेखि लिएर विशालकाय ह्वेल माछाहरूसम्म।

अनि छब्बीस पदमा 'जहाजहरू' भनेर उल्लेख गरिएको शब्द यहाँ अलिक अनुपयुक्त देखिन्छ, किनकि यी पानी-जहाजहरू जीवित प्राणीहरूको चर्चित विषयदेखि बाहिरका कुरा हुन्। यसकारण कतिजनाको विचारमा, यी जहाजहरू विशाल जलजन्तुहरू हुन् (उत्पत्ति १:२१); तर यस शब्दको सठीक अर्थ 'जहाजहरू' नै हो। अनि त्यही पदमा लिव्यातान भन्ने जन्तु पनि छ। हामीले यसको ठाउँमा कि त ह्वेल माछा, कि त डल्फिन बुझ्नुपर्ला, जुन प्राणीहरूको निम्ति समुद्र उपयोगी खेल-मैदान भएको छ, जहाँ तिनी-हरूले आफ्ना खेल-कमालहरू देखाउन सक्छन्। (तपाईंले अय्यूबको पुस्तकमा अय्यूब ४१ अध्यायका टिप्पणीहरू र त्यस पुस्तकका endnotes मा हेर्नुहोला)।

**भजन १०४:२७-३०:** सबै जीवहरू आफ्नो आहारको निम्ति परमेश्वरमाथि भर पर्छन् – ती जीवतहरूमध्ये कुनचाहिँले यो जान्दछ र? जुन कुरा उहाँले प्रबन्ध गर्नुहुन्छ, त्यो कुरा तिनीहरूले बटुल्छन्। उहाँले आफ्नो मुट्ठी खोल्नुहुन्छ, र तिनीहरू पूरा तृप्त हुन्छन्। तेह्र पदमा परमेश्वरले पानीझरी बर्साउनु-भएको हुनाले पृथ्वी तृप्त भयो। अनि सोह्र पदमा रूखहरू रसले पूर्ण छन्। अनि अहिले सबै प्रणीहरू आहार पाएर तृप्त हुन्छन्।

परमेश्वरको प्रबन्धअनुसार यस पृथ्वीमा एउटा अनिवार्य, नभई नहुने ईश्वरीय नियम के हो भने, मृत्युले एउटा पुस्तालाई लैजान्छ र त्यसको ठाउँमा एउटा नयाँ पुस्ता खड़ा हुन्छ। जब पशुहरू मर्छन्, चाहे तिनीहरूको मृत्यु हिंसात्मक मृत्यु, चाहे प्राकृतिक मृत्यु होस्, तब त्योचाहिँ मानौं परमेश्वरले तिनीहरूबाट आफ्नो चेहरा लुकाउनुभएको हेतुले भएको रहेछ। तर ती पशुहरू आफ्नो प्राण त्यागेर धूलोमा फर्किरहेको बेलामा परमेश्वरले

आफ्नो आत्मा पठाउनुहुन्छ र पृथ्वीमा तिनीहरूलाई फेरि फल्दै-फुल्दै वृद्धि गराउनुहुन्छ, मानौं एउटा नयाँ सृष्टि भएछ। यतापट्टि पृथ्वीमा निरन्तर क्षय हुने क्रम जारी रहन्छ भने, उतापट्टि पृथ्वीको चेहरा निरन्तर नयाँ हुँदै जान्छ।

**भजन १०४:३१-३२:** शुरुमा यस भजनको सन्दर्भ सृष्टिको उत्पत्ति थियो। तर अबचाहिँ 'सुनौलो युग छिटो आओस्' भन्ने आवेगपूर्ण विन्तीको साथमा यो भजन बन्द हुन्छ। त्यस सुनौलो युगमा पापका सबै विनाशकारी प्रभावहरू निर्मूल पारिनेछन्, र परमप्रभुले आफ्नो महानता र आफ्नो भलाइको खातिर आदर र महिमा पाउनुहुनेछ।

> 'भजनकारको तीव्र चाहना के हो भने, तिनले सबै कुराहरू पहिलो स्थितिमा फर्केका र पुनर्स्थापित भएका देख्न पाऊन्! तिनले आफूलाई र परमेश्वरका सबै प्राणीहरूलाई यस महान् शान्तिको राज्यमा सहभागी भएको देख्न सकून्। सृष्टिको नयाँ विश्राम-दिन उदाएको होस् – परमेश्वरको विश्राम शुरु भएको होस्, जुन समयमा उहाँ आफ्ना कामहरूमा आनन्दित हुनुहुनेछ, र तिनीहरू उहाँमा आनन्दित हुनेछन्; अनि विश्व स्तुतिगानले गुञ्जित मन्दिर बन्नेछ।' 70)

भजनकारले परमप्रभुको निम्ति के प्रार्थना गर्छन् भने, उहाँको महिमा सदा-सदा भइरहोस्, र उहाँ आफ्ना कामहरूमा आनन्दित होऊन्। उहाँ कति महान् परमेश्वर हुनुहुन्छ! उहाँको एकै हेराइले भुइँचालो चल्छ र उहाँको एकै स्पर्शले ज्वालामुखीहरूले धूवाँ ओकल्छन्।

**भजन १०४:३३-३५:** यी पवित्र भजनलेखकले आफ्नो विषयमा कुन दृढ़ संकल्प गरे, सो सुन्नुहोस्! तिनले आफ्नो जीवनभरि स्तुति गाएर आफ्ना परमेश्वरका सर्वश्रेष्ठ सद्गुणहरूको गुणानुवाद गर्नेछन्। तिनको विन्ती छः तिनको ध्यान परमप्रभुको निम्ति मीठो भएको होस्; किनकि उहाँमा तिनले साँचो आनन्द पाएका छन्।

तर परमेश्वरको सृष्टि बिगार्ने पापी मानिसहरूको विषयमा तिनको राय यस प्रकारको छः नैतिक हिसाबले तिनीहरू यस धरतीमा बस्न अयोग्य छन्, यसैले तिनीहरू यस पृथ्वीबाट मेटिऊन्। परमेश्वरले तिनीहरूको निम्ति त्यही उर्दी गरिसक्नुभयो। यसकारण यस्तो हुने नै छ। यहाँ तिनको प्रार्थना परमेश्वरको इच्छाअनुसार भएको रहेछ। अनि हाम्रो विषयमा चाहिँ कसो हो? हामी अवश्य तिनको यस अन्तिम स्तुतिगानमा तिनलाई साथ दिन सक्छौंः *'हे मेरो प्राण, परमप्रभुलाई धन्यको भन्! तिमीहरूले याहको स्तुति गर!'*

## भजन १०५: अब्राहामसित बाँधिएको परमेश्वरको वाचा

परमेश्वरले अब्राहामसित बाँध्नुभएको वाचामा *'मिस्रको नदीदेखि यूफ्रेटिस नदीसम्मको यो देश मैले तिम्रो वंशलाई दिएको छु'* भन्ने प्रतिज्ञा गर्नुभयो (उत्पत्ति १५:१८-२१; प्रस्थान २३:३१; व्यवस्था १:७-८; यहोशू १:४)। अनि त्योचाहिँ एक निःशर्त प्रतिज्ञा थियो, सम्पूर्ण रूपले एउटा अनुग्रहको वाचा थियो, जसका सबै कुराहरू मानिसमाथि होइन, तर केवल परमेश्वरमाथि निर्भर गर्थ्यो।

भजनलेखकले यस भजनमा परमेश्वरले अब्राहामसित वाचा बाँध्नुभएको समयदेखि उहाँले इस्राएलीहरूलाई प्रतिज्ञा गरिएको देशमा ल्याइपुर्‍याउनुभएको समयसम्म उहाँले के-के गर्नुभयो, सो सबै कुराहरू बड़ो उत्साहको साथ बेलीबिस्तार गर्छन्। यसको जोरचाहिँ परमेश्वरले गर्नुभएको कुरामाथि छ। इस्राएली जातिका पापहरू र तिनीहरूका पछि-हटाइहरूको विषयमा यहाँ केही पनि

भनिएको छैन, जस्तो प्रायः अरू ऐतिहासिक भजनहरूमा भनिएको पाइन्छ।

वास्तवमा, इस्राएली जातिले कहिल्यै प्रतिज्ञा गरिएको देशको सम्पूर्ण क्षेत्रफल अधिकार गरेको थिएन। राजा सुलेमानको शासनकालमा यसले त्यसको सबैभन्दा बढ़ी भाग आफ्नो बनाइसकेको थियो। राजा सुलेमानले यूफ्रेटिस नदीदेखि लिएर मिस्र देशको सिमानासम्म भएका सबै राज्य-हरूमाथि शासन गरे, तर यहूदा र इस्राएलका मानिसहरूले केवल दानदेखि बेर-शेबासम्म बसोबास गरे (१ राजा ४ः२१-२५)। तर जब तिनीहरूका मसीह ठूलो शक्ति र ठूलो महिमामा फर्केर आउनुहुनेछ, तब इस्राएल देशका सिमानाहरूअन्तर्गत परमेश्वरले अब्राहामसित कबोल गर्नुभएको सारा भूभाग पर्ने नै छ। अनि जब त्यस सुदिनको उदय हुनेछ, तब विश्वासी इस्राएलले नयाँ आत्मा र नयाँ समझको साथ यो भजन गाउनेछ।

### क) भजन १०५ः१-६ः परमप्रभुलाई धन्यवाद चढ़ाओ र उहाँको प्रशंसा गर !

धेरैजसो भजनहरू निम्न सुरबाट शुरु गर्छन् र त्यहाँबाट स्वर उठाएर परमप्रभुको आराधना गर्न चरम-उत्कर्ष स्वरमा पुग्छन्। तर यस भजनको शुरुचाहिँ साँच्चै प्रशंसाको विस्फोटन पो हुँदो रहेछ, जसको भावपूर्ण सजीव आग्रहले पाठकलाई उठाएर लैजान्छ। हामीलाई आराधना गर्ने प्रोत्साहन दिन प्रायः सबै क्रियापदहरू आज्ञासूचक क्रियाभावमा लेखिएका छन्, जस्तैः

**क)** परमप्रभुलाई धन्यवाद चढ़ाओ !

**ख)** उहाँको नाम पुकार !

**ग)** जाति-जातिका मानिसहरूको बीचमा उहाँका कामहरू बताइदेओ !

**घ)** उहाँको निम्ति गाओ !

**ङ)** उहाँको निम्ति भजन गाओ/बजाओ !

**च)** उहाँका सबै अचम्मका कामहरूको वर्णन गर !

**छ)** उहाँको पवित्र नाममा गर्व गर !

**ज)** परमप्रभुको खोजी गर्नेहरूको हृदय आनन्दित होस् !

**झ)** परमप्रभु र उहाँको शक्तिको खोजी गर !

**ण)** उहाँको चेहराको नित्य खोजी गर !

**ट)** हे उहाँका दास अब्राहामका वंशहो, हे उहाँका चुनिएकाहरू, याकूबका सन्तान-हरूहो ! उहाँले गर्नभएका अचम्मका कामहरू – उहाँका आश्चर्यकर्महरू र उहाँका मुखका फैसलाहरूको सम्झना गर !

### ख) भजन १०५ः७-११ः अब्राहामसित बाँधिएको उहाँको वाचा

**भजन १०५ः७-८ः** भजनकारको त्यस बेहद खुशीको खास कारण अब्राहामसित बाँधिएको त्यो वाचा हो (उत्पत्ति १२ः७; १३ः१४-१७; १५ः७ र १८-२१; १७ः८; २२ः१७-१८; प्रस्थान ३२ः१३)। त्यो वाचा परमप्रभु, हाम्रा परमेश्वरद्वारा स्थापित गरिएको थियो, जसका धर्ममय कामहरू सारा पृथ्वीभरि देखिन्छन्। उहाँले आफ्नो प्रतिज्ञा कहिल्यै भुल्नुहुनेछैन, चाहे त्यो प्रतिज्ञा पूरा हुन हजार पुस्ताहरू लागोस्। किनकि उहाँले जे प्रतिज्ञा गर्नुहुन्छ, त्यो कुरा मानौं पूरा भइसकेको जतिको अवश्यम्भावी र पक्का हुन्छ।

**भजन १०५ः९-११ः** उक्त वाचा शुरुमा अब्राहामसँग बाँधियो (उत्पत्ति १२ः१-२०), त्यसपछि इसहाकसित त्यो पक्का गरियो (उत्पत्ति २६ः३-४), र त्यसपछि उहाँले त्यो याकूबसित सुनिश्चित गर्नुभयो (उत्पत्ति २८ः१३-१५)। त्यो त झूट बोल्न नसक्नुहुने परमेश्वरको वचन थियो, जुन वचनअनुसार

उहाँले यस धरतीमा जिउने आफ्ना जनहरूलाई कनान देश तिनीहरूको उत्तराधिकारको भागको रूपमा पक्का ठहराउनुभयो।

अनि इस्राएलको अघि बढ्दै गएको इतिहासको सिलसिलामा परमेश्वरले आफ्नो वचन पूरा गर्न कसरी बिघ्नबाधाहरू हटाउनु-भयो र उहाँ शत्रुहरूमाथि कसरी विजय हुनुभयो, सो हेर्दै जानेछौं।

### ग) भजन १०५:१२-१५: इस्राएली जातिको शुरुको अवस्था

जुन बेलामा उनीहरू मेसोपोटामियाबाट कनान देशमा आए, त्यस शुरुको बेलामा उनीहरू एउटा मुट्ठीभरिका सहाराहीन परदेशी थिए। अनि शुरुका दिनहरूमा उनीहरू कनान देशभित्र निक्कै घुमिहिँडूथे र अरू देशहरूमा पनि यात्रा गर्थे (उत्पत्ति १२:१-१३; २०:१-१८; २८:१-२९:३५)। तर परमेश्वरले उनीहरूलाई सबै खतरा र अत्याचारदेखि बचाउनुभयो; अनि उहाँले उनीहरूको खातिर शासकहरूलाई हप्काउनुभयो, जस्तैः फाराओलाई (उत्पत्ति १२:१७-२०) र अबिमेलेकलाई पनि (उत्पत्ति २०:१-१८; २६:६-११)। उहाँले ती अन्यजातिका राजाहरूलाई मानौं यसो भन्नुभयोः 'यी मेरा चुनिएका जनहरूलाई छुने धरि आँट नगर! र मेरा भविष्यवक्ताहरूलाई कुनै हानि नगर! किनकि यिनीहरू सीधा मेरा प्रकाशहरू पाउने कुलपतिहरू हुन्।'

### घ) भजन १०५:१६-२२: मिस्र देशमा यूसुफको पदोन्नति भएको

समय बित्दै जाँदा कनान देशमा ठूलो अनिकाल पर्‍यो। अनि खाद्यान्न सिद्धियो; जीवनको मूल आधार गइगयो। परमेश्वरले नै त्यो अनिकाल ल्याउनुभयो; उहाँले नै रोटीको सम्पूर्ण प्रबन्ध तोड़िदिनुभयो। यो कुरा हामीले कुन अर्थमा बुझ्नुपर्छ? उहाँले यसो हुन दिनुभयो, बस यति। परमेश्वरले कहिल्यै कुनै खराबी उत्पन्न गर्नुहुन्न, तर बेला-बेलामा उहाँले त्यो हुन दिनुहुन्छ; अनि त्यसपछि उहाँले आफ्नै महिमा र आफ्ना जनहरूको भलाइको निम्ति त्यसको हस्तक्षेप गर्नुहुन्छ। यस सङ्कष्टमा यूसुफ परमेश्वरको निम्ति उपयोगी मानिस भए। उनका दाजुभाइहरूले उनलाई घृणा गर्थे, र उनलाई मिस्र देशमा कमाराको रूपमा बेचिदिए। अनि त्यहाँ उनलाई झूटो आरोप लाग्यो; किनकि एउटी व्यभिचारी स्त्रीले आफ्नो प्रलोभनमा असफल भएको हुनाले उनीमाथि झूटा आरोप लगाई, र उनलाई झ्यालखानमा हालियो (उत्पत्ति ३९:२०)। अनि अठार पदमा यसो लेखिएको छः *'तिनीहरूले साङ्लाले बाँधेर उनका पाउहरूमा चोट पुर्‍याए, उनको प्राण फलामको बन्धनभित्र पर्‍यो।'* उनको कैदको बारेमा यो बेलीबिस्तार अरू कुनै अन्य ठाउँमा लेखिएको छैन। उनले झ्यालखानमा दुई वर्ष बिताए; अनि त्यस समयभित्र परमप्रभुको वचनले उनलाई खार्‍यो र सपनाहरूको अर्थ बताउने र भविष्यवाणी गर्ने उनको सीप बढ़ायो। अन्तमा उनको यस दिव्य क्षमताले फाराओको ध्यान आकर्षण गर्‍यो, र तिनले उनलाई कैदबाट मुक्त गर्नको साथै उनको पदोन्नति गरेर उनलाई प्रधान-शासक तुल्याए। जरुरत परे उनले मिस्री शासकहरूलाई कैद गर्न सके, उनको यति धेरै अधिकार थियो, र उनको ठूलो बुद्धि पनि थियो, यहाँसम्म कि उनले आफूभन्दा बुज्रुकहरूलाई सिकाउन सके।

### ङ) भजन १०५:२३-२५: याकूब र उनको परिवारको देशबाट स्थानान्तरण भएको

यस सिलसिलामा यूसुफको परिवारले मिस्र देशमा बसाइ सारे, अनि वर्षहरू बित्दै जाँदा उनीहरू सङ्ख्यामा बढ़े, उनीहरूको

समृद्धि भयो र उनीहरूको सैन्यबल पनि धेरै ठूलो भयो। अनि परमेश्‍वरको पूर्वप्रबन्ध-अनुसार मिस्रीहरू कट्टर यहूदी-विरोधी भए र तिनीहरूले यहूदीहरूसित अत्याचार र छल-कपट गरे।

### च) भजन १०५:२६-३६: मोशा र मिस्र देशमाथि आएका विपत्तिहरू

त्यस समयमा परमेश्‍वरले मोशा र तिनका सहायक हारूनलाई खड़ा गर्नुभयो, जो फाराओको सामुन्ने उभिनुपर्‍यो र जसले कैदमा परेका परमेश्‍वरका जनहरूलाई मुक्त गर्ने माग गर्नुपर्‍यो। उनीहरूका मागहरू पुष्टि गर्न एकमाथि अर्को गर्दै विपत्तिहरू मिस्रीहरूमाथि आइपरे, यस हेतुले कि ती विपत्तिहरूले फाराओको प्रतिरोध तोड़िदिऊन्। यहाँ, यस खण्डमा ती विपत्तिहरू कालक्रमको हिसाबले प्रस्तुत गरिएनन्, अनि दुईवटा विपत्तिहरू छोड़िएः पाँचौं र छैटौं विपत्ति।

**भजन १०५:२८:** परमेश्‍वरले सारा मिस्र देशमाथि अन्धकार पठाउनुभयो; (यो नवौं विपत्ति थियो)। अनि भजनकारले यहाँ अलमलमा पार्ने टिप्पणी हालेका छन्: '*र तिनीहरूले उहाँको वचनको विरोधमा विद्रोह गरेनन्।*' यो वाक्य बुझ्न गाह्रो भएको हुनाले आर.एस.वी.-का अनुवादकहरूले 'तिनी-हरूले उहाँको वचनको विरुद्धमा विद्रोह गरे' भनेर बदली गरिदिए। तर यस प्रकारले यस वाक्यको फेरबदल पुष्टि गर्न तिनीहरूसित कुनै मूल-पाण्डुलिपि छैन। अनि श्री अल्बर्ट बार्नेसले यस वाक्यमा के अर्थ लगाए भने, 'मोशा र हारूनले परमप्रभुको वचनको विरुद्धमा विद्रोह गरेनन्, तर उहाँले उनी-हरूलाई आज्ञा गरेअनुसार गरे।' अथवा यस वाक्यको निम्न अर्थ पनि हुन सक्छः यो अन्धकार यति बिघ्न थियो कि त्यसको सामना गर्न मिस्रीहरूसित कुनै शक्ति थिएन।

**भजन १०५:२९-३१:** परमेश्‍वरले तिनी-हरूको पानी रगतमा परिणत गर्नुभयो, र माछा पाउनै बन्द भयो; (क्रमअनुसार यो पहिलो विपत्ति थियो)। योजस्तो दूषित वातावरण अरू के हुन सक्थ्यो र!

त्यसपछि भ्यागुताहरू अर्को विपत्ति थिए (दोस्रो विपत्ति)। जताततै भ्यागुतै-भ्यागुता थिए, चुल्हा-चौकाहरूमा भ्यागुतै-भ्यागुता, ओछ्यानहरूमा पनि भ्यागुतै-भ्यागुता। राजाको दरबारका शाही कोठा-कोठामा पनि ती टर्रटर्र गर्ने, उफ्राउफ्री गर्ने, चिप्ला प्राणीहरूलाई नआउनदेखि रोक्न सकिएन।

परमप्रभुको एकै वचनमा डाँसका हूलहरू आए, जसले मिस्र देश बर्बाद गरिदिए (चौथो विपत्ति), र घना मुस्ला-मुस्लै दिक्कै लगाउने भुसुनाहरू वा साह्रै सताउने जुम्राहरू आए (तेस्रो विपत्ति)।

**भजन १०५:३२-३६:** पानीझरीको सट्टामा उहाँले विनाशक असिना, बिजुली र चट्याङहरू पठाउनुभयो (सातौं विपत्ति)। आगोका ठूला-ठूला गोलहरू देश छिचोल्दै पार भए; दाखका बोटहरू, नेभाराका रूखहरू र अन्य रूखहरू चक्नाचूर भए। अनि त्यो विपत्ति मानिसहरूको निम्ति क्षतिपूर्ण थियो र मृत्युको कारण बन्यो (प्रस्थान ९:२५)।

त्यसपछि थुप्राथुप्रै सलहहरू आए, त्यो आक्रमणकारी सेना! र ती सलहहरू सबै घाँसपात, वनस्पति सखाप पार्दै अघि बढ़े र आफ्नो पछाड़ि बन्जर भूमि छोड़े (आठौं विपत्ति)।

अनि जब ती विपत्तिहरूमध्ये एउटै पनि सफल भएन, तब परमेश्‍वरले चाहे मानिस होस्, चाहे पशु होस्, मिस्रीहरूका सबै जेठाहरूलाई नाश गर्नुभयो (दसौं विपत्ति)। त्यो रात एउटा अविस्मरणीय रात थियो, जुन रातमा हरेक मिस्रीको घरानामा गर्भको पहिलो फल मारियो।

**छ) भजन १०५ः३७-३८ः इस्राएलीहरूको प्रस्थान**

यहूदीहरू पहिले मिस्र देशमा आएको समयमा भन्दा अहिले धेरै सुन र चाँदी लिएर मिस्र देशबाट निस्केर आए। किनकि उनीहरूलाई पन्साउन पाए मिस्रीहरू उनीहरूलाई उनीहरूले मागेको जे पनि दिन राजी थिए (प्रस्थान १२ः३३-३६)। यी विपत्तिहरूले मिस्रीहरूमाथि ठूलो बर्बाद र विनाश ल्याए, तर इस्राएलीहरूलाई भने केही असर परेन। उनीहरू सबैजना यात्रा गर्न कुशल-मङ्गल नै थिए। उनीहरूमध्ये एकजना पनि लरबरिएन, न ता पछाड़ि नै छोड़ियो।

इस्राएलीहरू निस्केकोमा मिस्रीहरूले शान्तिको सास फेरे; किनकि तिनीहरू इस्राएलीहरूदेखि साह्रै भयभीत भएका थिए।

**ज) भजन १०५ः३९-४२ः उजाड़स्थानको यात्रा**

परमेश्‍वरले उजाड़स्थानमा आफ्ना जनहरूको निम्ति गर्नुभएको प्रबन्ध अद्‌भुत थियो। त्यस दिव्य बादलले उनीहरूलाई सही बाटोमा डोर्‍याउनको साथै (प्रस्थान १३ः२१) उनीहरूको निम्ति एक किसिमको धूवाँको पर्दाजस्तो बन्यो, जुन पर्दाले उनीहरूलाई उनीहरूको शत्रुदेखि लुकायो (प्रस्थान १४ः१९-२०)। त्यो बादल राति आगोको खाँबा बन्थ्यो, र त्यसले यात्रा गर्न उनीहरूलाई उज्यालो दिन्थ्यो। अनि जब उनीहरूलाई भोजनको खाँचो पर्‍यो, तब उहाँले उनीहरूलाई सर्वोत्तम खानेकुरा दिनुभयो – प्रचुर मात्रामा बट्टाई चराहरू र मन्ना। मन्नाचाहिँ, त्यो अचम्मको रोटी, स्वर्गको रोटी थियो। उनीहरूलाई तिर्खा लाग्यो, र उनीहरूलाई खाने पानी चाहिएको बेलामा उहाँले त्यो चट्टान फोर्नुभयो, र पानी फुटेर निस्क्यो। उनीहरूले आफ्नो तिर्खा मेटेपछि प्रशस्त पानी उब्रियो र त्यस मरुभूमिमा नदीसरह बग्यो। परमप्रभुले उनीहरूको निम्ति प्रबन्ध गर्न यति कष्ट किन उठाउनुभयो? किनभने उहाँले आफ्नो दास अब्राहामसित गर्नुभएको आफ्नो त्यो पवित्र प्रतिज्ञा भुल्न सक्नुभएन।

**झ) भजन १०५ः४३-४५ः उनीहरू अन्तमा प्रतिज्ञाको देशमा आइपुगे**

त्यो कत्रो छुटकारा, अँ, एउटा महान् छुटकारा थियो! उनीहरूमा अवर्णनीय आनन्द थियो, र उनीहरूलाई सधैं गाउन मन लाग्थ्यो। परमप्रभुले उनीहरूलाई कनान देशभित्र ल्याइपुर्‍याउनुभयो र त्यहाँ बसोबास गरिरहेका अन्यजातिहरूबाट तिनीहरूको भूमि खोस्नुभयो। इस्राएलीहरूको निम्ति सबै कुराहरू तयार भए; उनीहरूले जाति-जातिका मानिसहरूको परिश्रमको फलबाट लाभ उठाए।

अनि निस्सन्देह, यसमा परमेश्‍वरको उद्देश्य यही थियोः उनीहरूले उहाँको आज्ञापालन गर्नु थियो र उहाँका नियमहरू पालन गर्नु थियो। वास्तवमा त्यस देशमाथि उनीहरूको अधिकारको लामो-छोटो दूरी उनीहरूको आज्ञाकारितामा निर्भर गर्थ्यो (लेवी २६ः२७-३३; व्यवस्था २८ः६३-६८ र ३०ः१९-२०)।

यस भजनको अन्तिम पद चरमबिन्दुमा आएर टुङ्गिएको छ। परमेश्‍वरले सधैं एउटै उद्देश्यको निम्ति काम गर्दै आउनुभएको रहेछः हाम्रो आज्ञाकारिता। यो कुरा हाम्रो निम्ति पनि लागू हुन्छ। परमेश्‍वरले हामीलाई आफ्ना जनहरूको निम्ति दाबी गर्नुभयो, किन? यसमा उहाँको उद्देश्य के थियो? हामी यस अन्तिम पदअनुसारको जीवन व्यतीत गरौं, जस्तै लेखिएको छः *'यस हेतुले कि*

*उनीहरूले उहाँका विधिहरू पालन गरून् र उहाँका नियमहरू मानून् । हल्लेलूयाह !'*

## भजन १०६ : इतिहासबाट हामीले सिक्नुपर्ने पाठहरू यी हुन्

श्री क्रम्वेलले यसो भनेका छन्ः 'परमेश्वरले आफूलाई प्रकट गर्नुभएको कुराबाहेक इतिहासमा अरू के छ त?' अनि यस भनाइसित यस भजनको लेखक अवश्य पूरा राजी हुनेथिए; किनभने तिनले आफ्ना मानिसहरूको इतिहासमा परमप्रभुले आफूलाई भलाइ, धैर्य र अपार प्रेमको परमेश्वरको रूपमा प्रकट गर्नुभएको देखे ।

हामी तपाईंलाई यी भजनकारको नाम भन्न सक्दैनौं; तर हामीलाई थाहा छ कि तिनी एक भक्त यहूदी थिए, जसले आफ्ना मानिसहरू कैदमा रहेको बेलामा यो भजन लेखे (पद ४७)। यस भजनको मुख्य भाग इस्राएली जातिको पापको स्वीकार हो (भजन १०६:६-४६); तर यस भजनमा प्रशंसा पनि छ (भजन १०६:१-३ र ४८), र प्रार्थनाका अनुरोधहरू पनि छन् (भजन १०६:४-५ र ४७)।

### क) भजन १०६:१-३: प्रशंसा

**भजन १०६:१:** भजनकारले परमेश्वरको उपस्थितिमा प्रवेश गर्नसाथ आराधना गर्न शुरु गर्छन्; धन्यवाद चढ़ाउँदै तिनी स्वर्गका मूल-ढोकाहरूभित्र प्रवेश गर्छन् र प्रशंसा गर्दै यी पवित्र चोकहरूभित्र पस्छन्। 'याहको स्तुति गर' अर्थात् हिब्रूमा अनूदित 'हल्लेलूयाह'-चाहिँ तिनको भजनको प्रथम र अन्तिम शब्द हो ।

हामीले परमप्रभुलाई निरन्तर धन्यवाद चढ़ाइरहनुपर्छ; किनकि हामी सबैजनाप्रति उहाँ कति भलो हुनुभयो र कति भलो हुनुहुन्छ; अनि उहाँको कृपा सदा-सर्वदा रहिरहन्छ। हाम्रो जीवन यसको निम्ति प्रत्यक्ष साक्षी हो । किनकि जुन कुरा हामी पाउन योग्य छौं, त्यही कुरा हामीले पाएका भए हामी सधैंको निम्ति नाश हुनेथियौं ।

**भजन १०६:२-३:** परमेश्वरले आफ्ना जनहरूको पक्षमा उदेक रीतिले हस्तक्षेप गर्नुभएका सबै कुराहरू वर्णन गर्नको निम्ति पर्याप्त शब्द नै छैन। अनन्तकाल समेत उहाँको प्रशंसा गर्न पर्याप्त हुँदैन; किनभने उहाँ कस्तो हुनुहुन्छ र उहाँले के-के गर्नुभयो, यसको योग्य वर्णनको साध्य छैन ।

### ख) भजन १०६:४-५: हे परमप्रभु, मेरो सम्झना गर्नुहोस् !

परमप्रभुको प्रशंसा गरेपछि लगत्तै एउटा व्यक्तिगत अनुरोध पेश गरिएको छ। इस्राएलको पुनर्स्थापना र मसीह राजाको महिमित राज्यको प्रतीक्षा साँच्दै यहाँ भजनलेखकले के प्रार्थना गर्छन् भने, 'हे परमप्रभु, त्यस आशिषमय दिनमा म पनि सहभागी हुन पाऊँ, जुन सुदिनमा तपाईंले दाम तिरेर छुटाउनुभएका आफ्ना पवित्र जनहरूलाई विशेष अनुग्रह देखाउनुहुनेछ।' शोकपीड़ित इस्राएली जातिले लामो रात बिताएपछि अटुट समृद्धि र निरन्तर आनन्द उपभोग गर्न पाओस्; यो तिनको उत्कट चाहना थियो। तिनी परमेश्वरका जनहरू, यस प्राचीनकालमा चुनिएको जातिको महिमासित सहभागी हुन चाहे। तिनको प्रार्थनाको अनुरोध र मर्न लागेको त्यस चोरको प्रार्थना मिल्दा-जुल्दा हुँदा रहेछन्, किनकि त्यस चोरले यसरी प्रार्थना गऱ्योः

*'हे प्रभु, जब तपाईं आफ्नो राज्यमा आउनुहुन्छ, तब मलाई सम्झिदिनुहोस् !'*

(लूका २३:४२)

### ग) भजन १०६:६-१२: लाल समुद्रमा गरिएको विद्रोह

अब यस भजनमा प्रशंसाको पछि पापको स्वीकार आउँछ। प्रभुको प्रार्थनामा पनि यही क्रम देखिन्छ। दुवै प्रार्थनाहरू आराधनाबाट शुरु हुन्छन्, त्यसपछि तिनमा केही अनुरोध पेश गरिएको छ र त्यसपछि पाप मानिलिइन्छ।

साँचो आत्मिक परिपक्वताको एउटा लक्षण यही होः यस मानिसले आफ्नै पापहरू मात्र स्वीकार गर्दैनन्, तर आफ्ना जनहरूका पापहरू पनि स्वीकार गर्छ। हृदयबाट निम्न स्वीकार गर्न हामीलाई कति गाह्रो लाग्छः *'हामीले हाम्रा पितापुर्खाहरूसँग पाप गरेका छौं; हामीले अधर्म गरेका छौं; हामीले दुष्ट काम गरेका छौं।'*

अब हामी इस्राएलीहरूका पापहरूमाथि ध्यान दिन लागेका छौं; तर हामीले उनीहरूलाई तुच्छ ठान्नुहुँदैन; किनकि हामी उनीहरूभन्दा असल छैनौं, बरु उनीहरूभन्दा खराब पो छौं। उनीहरूका पछि-हटाइहरूले हामीलाई आफ्नो पछि-हटाइको सम्झना दिलाऊन् र हामीलाई पूरा पश्चात्तापी तुल्याएर र कायल पारेर घुँडा टेकाऊन्।

*१) उनीहरूको कृतघ्नताः* उनीहरूलाई दाम तिरेर छुटाउन परमेश्वरले मिस्र देशमा जुन-जुन अचम्मका कामहरू गर्नुभयो, उनीहरूले यी अचम्मका कामहरूको सठीक अर्थ लगाएनन्, उचित मूल्याङ्कन गरेनन्, तिनको कदर गरेनन्।

*२) उनीहरूको भुल्ने बानीः* अहो, परमेश्वरका असङ्ख्य कृपाहरूको सम्झना कति छिटो उनीहरूको मनबाट हराएर गयो!

*३) उनीहरूको विद्रोहः* जब उनीहरू लाल समुद्रमा आइपुगे, तब उनीहरूले यसो भन्दै गनगनाउन थालेः 'परमेश्वरले हामीलाई उजाड़स्थानमा मर्न ल्याउनुभएको हो; योभन्दा हामीलाई मिस्र देशमा रहनु असल र सठीक हुनेथियो' (प्रस्थान १४:११-१२)।

तर उनीहरूको पापले परमप्रभुको प्रेमको आगो निभाउन सकेन। तर उनीहरूको त्यस विद्रोहमा उहाँले झन् बढ़ी आफूलाई उनीहरूका सेवक र उनीहरूका उद्धारकर्ताको रूपमा प्रकट गर्ने मौका पो पाउनुभयो। उहाँको नामको स्तुति होस्! उहाँले उनीहरूलाई छुटकारा दिनुभयो; अनि यस दिव्य छुटकारामा कति महान् शक्तिको प्रदर्शन थियो! उहाँको हप्कीको एकै शब्दमा लाल समुद्र दुई भाग भयो, र त्यसको बीचमा एउटा सुक्खा बाटो बनियो, जुन बाटोबाट भएर इस्राएलीहरू पार भए। अनि जब उनीहरू पारिपट्टि आइपुगे र आफ्ना पिछा गर्ने शत्रुहरूबाट सुरक्षित भए; तब समुद्रको पानी फेरि आफ्नो ठाउँमा फर्क्यो, र त्यसले मिस्री सेनाहरूलाई डुबाइदियो। घटनाहरूको त्यस्तो अद्भुत संमिलन देखेर परमप्रभुमाथि विश्वास गर्न र उहाँको स्तुति गाउन यहूदीहरूलाई बाध्य भयो।

### घ) भजन १०६:१३-१५: मरुभूमिमा गरिएका गनगनहरू

तर कति पनि समय नबित्दै अर्को पापचक्र शुरु भयो।

*४) उनीहरूको अल्प-समयको स्मरणशक्तिः* उनीहरूले चाँड़ै उहाँका अचम्मका कामहरू बिर्से, जुनचाहिँ उहाँले उनीहरूको निम्ति पूरा गर्नुभयो।

*५) उनीहरूको स्वेच्छाचारिताः* उनीहरूले उहाँको अगुवाइ र सल्लाह पर्खेनन्।

*६) उनीहरूको अभिलाषाः* उनीहरूले आत्मसंयम फालेर खानेकुराको तीव्र लालसा गरे (गन्ती ११:१-३५)।

*७) उनीहरूको रिस उठाउने कामः* उनीहरूले परमेश्वरलाई परीक्षा गरे।

यसपालि परमेश्वरले उनीहरूलाई उनीहरूले चाहेको कुरा दिनुभयो, तर यसो गर्नुको साथै उहाँले उनीहरूको बीचमा एउटा घिनलाग्दो रोग पनि पठाउनुभयो (गन्ती ११:२०)। उनीहरूको यस अनुभवले हामीलाई होशियार बस्न र सधैं परमेश्वरको इच्छाअनुसार प्रार्थना गर्न शिक्षा दिन्छ, जसरी श्री मेथ्यू हेनरीले भनेः 'जुन कुरा हाम्रो शरीरको अभिलाषाको माग हुन्छ, त्यो कुरा प्रायः क्रोधको साथमा दिइन्छ।'

**ङ) भजन १०६:१६-१८: दातान र अबिराम नाम गरेका विद्रोहीहरू**

*८) उनीहरूले परमेश्वरको नेतृत्व रद्द गरेः* दातान र अबिराम कोरह र ओनको साथ मोशा र हारूनको विरोधमा उठ्ने विरोधीहरूका अगुवाहरू थिए (गन्ती १६:१-३०)। यिनीहरूले परमेश्वरका ती दुईजना जनहरूलाई डाहा गरे। त्यति मात्र होइन, तर यिनीहरूले पूजाहारीपदमा पस्न अनुचित दक्खल गर्न खोजे। परमेश्वरका ती पवित्र जनहरूको विरोधमा अर्थात् परमेश्वरका प्रतिनिधिहरूको रूपमा अलग गरिएका ती दुईजनाको विरोधमा विद्रोह मच्चाएर यिनीहरूले वास्तवमा परमेश्वरकै शासनको विरुद्धमा विद्रोह गरे। यस विद्रोहको फलस्वरूप धरती फाट्यो, र त्यसले यी विद्रोही अगुवाहरूलाई र यिनीहरूका परिवारहरूलाई स्वात्तै निलिदियो। अनि परमप्रभुबाट एउटा आगो निस्क्यो, र धूप चढ़ाउने अढ़ाई सय मानिसहरूलाई भस्म पाऱ्यो (गन्ती १६:३१-३५)।

**च) भजन १०६:१९-२३: सुनको बाछो**

*९) उनीहरूको मूर्तिपूजाः* परमेश्वरको व्यवस्था लिएर मोशा सिनाई पर्वतबाट ओर्लिआउनुभन्दा अघि मानिसहरूले एउटा सुनको बाछा बनाएर त्यसको पूजा गरे (प्रस्थान ३२:४)। तिनीहरूले परमेश्वरको महिमा घाँस खाने गोरुको मूर्तिसित साटे। मिस्र देशको बन्धनबाट उनीहरूलाई छुटकारा दिनुहुने परमेश्वरलाई आफ्ना उद्धारकर्ता मान्नको सट्टामा तिनीहरूले त्यस निर्जीव बाछालाई आफ्नो सारा श्रद्धाभक्ति चढ़ाए। यदि मोशाले तिनीहरूको निम्ति परमेश्वरसँग अन्तर्विन्ती नगरेका भए परमेश्वरले तिनीहरूलाई क्षणभरमा नाश गर्नुहुनेथियो। जसरी एकजना सिपाहीले पर्खालको धाँजा आफ्नो जीउले ढाक्छ, त्यसरी नै मोशा परमेश्वरको क्रोध हटाउन उहाँको सामु धाँदोमा खड़ा भए।

**छ) भजन १०६:२४-२७: जासुसहरूको खराब खबर**

*१०) कादेश-बर्नेअमा तिनीहरूको विश्वासहीन आचरण* (गन्ती १४:२, २७-२८): परमेश्वरले तिनीहरूलाई एउटा मनोहर देश दिन्छु भन्ने प्रतिज्ञा गर्नुभयो, जसको अवस्थिति सर्वोत्तम, जसको हावापानी अति राम्रो र जसका प्राकृतिक साधनस्रोतहरू प्रशस्त हुन्थे। त्यस दिन्छु भन्ने उहाँको प्रतिज्ञाअन्तर्गत उनीहरूलाई त्यस देशमा प्रवेश गर्न र त्यसको कब्जा गर्न चाहिएका सबै कुराहरू समावेश थिए। तर तिनीहरूले उहाँको प्रतिज्ञामाथि विश्वास गरेनन् र त्यो देश तुच्छ ठाने। विश्वाससाथ अघि बढ्नुको सट्टामा तिनीहरू ठुस्स परेर आफ्ना तम्बूहरूभित्र बसिरहे। यसकारण परमेश्वरले आफ्नो हात उठाएर शपथ खानुभयोः उहाँले त्यस पुस्ताका मानिसहरूलाई त्यस उजाड़स्थानमा नाश गर्नुहुनेथियो र तिनीहरूका सन्तानहरूलाई संसारभरि अन्यजातिहरूको बीचमा तितरबितर पार्नुहुनेथियो।

**ज) भजन १०६:२८-३१: तिनीहरूले मोआबीहरूसित गरेका पापहरू**

*११) तिनीहरूले बाल-पोरलाई पुजेको तिनीहरूको पापः* इस्राएलीहरूले मोआबी स्त्रीहरूसँग व्यभिचार गरे; यति मात्र होइन, तर बाल-पोरको पूजाआजा गर्दा तिनीहरूले मरेकाहरूको नाममा चढ़ाएका बलिको मासु खाए र अन्य रीतिहरूमा भाग लिए (गन्ती २५:३-८)। तब परमेश्वर यति साह्रो क्रोधित हुनुभयो, कि उहाँले एउटा महामारी पठाएर हजारौं मानिसहरूलाई मारिदिनुभयो। अनि जब पीनहासले एकजना इस्राएली पुरुषलाई त्यसले कसरी एउटी अन्यजाति महिलालाई आफ्नो तम्बूभित्र हुलेको देखे, तब तिनले ती दुवैजनालाई भालाले रोपेर मारे। त्यसले गर्दा यो महामारी थामियो, तर चौबीस हजार मानिसहरू मरिसकेर मात्र। त्यो कामचाहिँ तिनको धार्मिकताको सकारात्मक प्रमाण थियो, र तिनलाई शान्तिको वाचारूपी इनाम दिइयो। किनकि परमप्रभुले यसो भन्नुभयोः *'हेर, म उसलाई मेरो शान्तिको वाचा दिनेछु; अनि योचाहिँ उसको निम्ति र ऊपछि उसको वंशको निम्ति सदा रहिरहने पूजाहारीपदको वाचा हुनेछ; किनकि ऊ आफ्ना परमेश्वरको निम्ति जलिउठ्यो, र उसले इस्राएलीहरूको निम्ति प्रायश्चित्त गर्‍यो'* (गन्ती २५:१२-१३)।

**झ) भजन १०६:३२-३३: मरीबामा उठेको समस्या**

*१२) मोशाको पाप* (गन्ती २०:२-१३): मरीबाको पानीमा मानिसहरूले झन् ठूलो अविश्वास देखाए; (मरीबाको अर्थ 'झगड़ा' हो)। तिनीहरूले मोशालाई 'तिमीले हामीलाई यस उजाड़स्थानमा तिर्खाले मर्ने हेतुले यहाँ ल्याएका हौ' भन्ने आरोप लगाए। अनि मोशाले परमेश्वरले उनलाई आज्ञा गर्नुभएको अनुसार गरेनन्, तर उनले चट्टानसित बोल्नुको सट्टामा त्यसलाई दुई पल्ट आफ्नो लौरोले हिर्काए। अनि मानिसहरूले विद्रोह गरेकोमा उनले तिनीहरूको विरोधमा सोच-विचार नगरीकन बोले। उनको यस पापको फल-स्वरूप परमेश्वरले घोषणा गर्नुभयोः उनले इस्राएलीहरूलाई प्रतिज्ञा गरिएको देशमा अगुवाइ गर्न पाउनेथिएनन्; उनी यस सौभाग्यबाट वञ्जित भए।

**ञ) भजन १०६:३४-३९: कनान देशले उनीहरूमा केही भिन्नता ल्याएन**

कनान देशको नयाँ वातावरणले इस्राएली-हरूको स्वभावमा कुनै परिवर्तन ल्याएन। यो कुरा निम्न उदाहरणहरूबाट स्पष्ट बुझिन्छ, जस्तैः

**भजन १०६:३४:** *१३) उनीहरू अन्यजाति बासिन्दाहरूलाई नामेट पार्नमा चुकेः* ती नीच कनानीहरू मानिस-जातिको सड्ने घाउको सरमलाग्दो अङ्ग थिए। परमेश्वरले सयौं वर्षहरू तिनीहरूप्रति सहनशीलता देखाउनुभएपछि उहाँ अन्तिम निष्कर्षमा आइपुग्नुभयोः यो सधैं सड़िरहेको अङ्ग काटेर फ्याँक्नुपर्छ। अनि त्यस चिरफारको अभिभारा उहाँले इस्राएली जातिलाई दिनुभयो। तर उनीहरूले यस कुरामा उहाँको आज्ञापालन गरेनन्, तर उनीहरू यस कुरामा नराम्रो गरी चुके (न्यायकर्ताहरू १:२७-३६)।

**भजन १०६:३५:** *१४) अन्यजातिका मानिसहरूसित उनीहरूको छासमिस भयोः* अन्यजातिहरूसित आपसमा मित्रता गाँसेर र सराबरी बिहाबारी गरेर इस्राएलीहरूले आफ्नो धर्म बिगारे र आफ्नो नैतिकता भ्रष्ट पारे।

**भजन १०६:३६:** *१५) उनीहरूको मूर्तिपूजाः* नभन्दै यहूदीहरूले एकमात्र सत्य र

जीवित परमेश्वरको उपासना गर्नुको सट्टामा विभिन्न मूर्तिहरू पुज्न थाले।

**भजन १०६:३७-३९:** *१६) उनीहरूले आफ्ना छोराछोरीहरूलाई बलि चढ़ाएः* उनीहरूले दुष्ट आत्माहरूलाई सन्तोष पार्न आफ्ना छोराहरू र छोरीहरूलाई बलि चढ़ाए; अनि योचाहिँ परमप्रभुको निम्ति अति घृणित काम थिए (२ राजा ३:२७ र २१:६; इजकिएल १६:२०-२१)। परमेश्वरको चुनिएको जातिका छोराछोरीहरूलाई कनान देशका घिनलाग्दा मूर्तिहरूको निम्ति बलि चढ़ाइयो, र देश रक्तपातद्वारा अशुद्ध भयो।

### ट) भजन १०६:४०-४६: न्यायकर्ता-हरूको समय

यस सिलसिलामा श्री अल्बर्ट बार्नेसले यसो लेखेका छन्: 'परमप्रभुका जनहरूले उहाँलाई साह्है चोट पारे; यसकारण उहाँले उनीहरूलाई घृणित थोक सम्झेर उनीहरूसित यस्तै व्यवहार गर्नुभयो।' उहाँले उनीहरूलाई मेसोपोटामियाली, मिद्यानी, पलिस्ती, मोआबी र अरू अन्यजातिहरूको हातमा सुम्पिदिनुभयो। अनि यी भक्तिहीन जाति-हरूले यहूदीहरूमाथि अधिकार जमाए, उनीहरूमाथि अत्याचार गरे र उनीहरूलाई सताए। यस प्रकारको दुर्व्यवहार सहनुपर्दा-पर्दै पनि इस्राएली जातिका मानिसहरू आफ्नो पापमा लागिपरे र परमप्रभुको विरुद्धमा विद्रोह गर्दै रहे। तर जब-जब उनीहरू पश्चात्ताप गरेर उहाँकहाँ फर्कन्थे, तब-तब उहाँले उनीहरूलाई कृपा देखाएर उनीहरूमाथि टिठ्याउनुहुन्थ्यो। आफ्नो वाचा सम्झेर उहाँ उनीहरूलाई सजाय दिनदेखि फर्कनुहुन्थ्यो र बरु उनीहरूलाई आफ्नो अपार प्रेम दर्साउन थाल्नुहुन्थ्यो। उनीहरूको कैदको सबैभन्दा अँध्यारो समयमा पनि परमप्रभुले उनीहरूलाई कैद गरेर लैजानेहरूलाई उनीहरूमाथि टिठ्याउने तुल्याउनुभयो। योचाहिँ दया न्यायमाथि कसरी विजय हुन्छ, सो कुरा सुस्पष्ट पार्ने हृदयस्पर्शी उदाहरण हो।

### ठ) भजन १०६:४७: हामीलाई बचाउनुहोस् र फेरि भेला पार्नुहोस्!

भजनकारले संसारका सबै जातिहरूको बीचमा तितरबितर भएका आफ्ना जनहरूको निम्ति प्रार्थना गर्छन्: परमप्रभुले उनीहरूलाई बटुलेर फेरि आफ्नो देशमा भेला पारिदिऊन्। किनकि यो कुरा परमेश्वरको पवित्र नामलाई धेरैभन्दा धेरै धन्यवाद चढ़ाउने कारण पो बन्नेछ। अनि उहाँका जनहरूले उहाँकै प्रशंसा गर्नु आफ्नो परम कर्तव्य र चरम सोख सम्झनेछन्। यस प्रार्थनाले त्यो भावी दिन पूर्वानुमान गर्छ, जुन सङ्कष्टकालको दिनमा बाँकी रहेका यहूदीहरूले उहाँलाई आफ्ना विन्तीहरू चढ़ाउनेछन्। योचाहिँ ख्रीष्ट येशूको महिमित राज्य शुरु हुनुभन्दा अघिको कुरा हो।

### ड) भजन १०६:४८: स्तुतिगान

यस पदको हर्षोल्लासपूर्ण शब्द पढ़ेर हामी यस भजनको अन्तमा आइपुग्यौं, साथै यस भजनसङ्ग्राहको पुस्तकको चौथो भागको अन्तमा पनि आइपुग्यौं। तर यसको अन्तमा आइसकेर हामी एउटा भूलबाट बाँच्नुपर्छः हामीले यो भजन पुरानो नियमको युगको हो भने यसको सन्देश इस्राएली जातिभित्र सीमित राख्नुहुँदैन, नत्र ता हामीले यसमा हाम्रो अनुभवको पनि प्रतिबिम्ब गरिएको कुरा गुमाइपठाउँछौं। १ कोरिन्थी १०:११ पदमा हामी स्पष्टसँग यसो लेखिएको पाउँछौं: *'अब उदाहरणको निम्ति यी सबै कुराहरू तिनीहरूमाथि आइपरे र हाम्रै चेताउनीको निम्ति लेखिएका हुन्, जसमाथि संसारका अन्तहरू आइपुगेका छन्।'*

किनकि यस भजनले हामीलाई *कृतघ्नता* अर्थात् बैगुनी स्वभावको विरुद्धमा चेताउनी दिन्छ। यदि इस्राएलीहरू मिस्र देशको दासत्वदेखि छुटकारा पाएकोमा कृतज्ञ हुनुपरेको भए हामी ख्रीष्ट येशूको रगतद्वारा पाप र शैतानबाट छुटकारा पाएकाहरू उहाँप्रति झन् बढ्ता गरी धन्यवादी हुनुपर्छ।

यस भजनबाट हामी उहाँको उपकार *भुलिदिने आदत*को विरुद्धमा चेताउनी पाउँछौं। हामी कति सजिलोसँग प्रभु येशूको त्यस क्रूसको कष्ट र दुःखदाय मृत्युको विषयमा भुलिहाल्छौं! एक थोपो आँसु पनि नझार्ने कठोर हृदय भएको इसाई भएको दोष हामीलाई लाग्छ-लाग्छ।

यस भजनबाट हामी *गनगन*को विरुद्धमा चेताउनी पाउँछौं। किनकि सबै र हरेक कुराको विषयमा गनगन गर्ने दैनिक चलन भएको छ, जस्तैः हावापानीको बारेमा, हाम्रो वातावरणको बारेमा, सानातिना असुविधा र तकलिफहरूको बारेमा र तिहुनमा नुन नलागेको विषयमा आदि हाम्रो गनगन।

यस भजनले हामीलाई *स्वेच्छाचारिता*को विरुद्धमा चेताउनी दिन्छ। स्वेच्छाचारी त्यो मानिस हो, जसले परमेश्‍वरको इच्छाभन्दा बढ़ी आफ्नो इच्छामा विशेष महत्त्व दिन्छ। *'उहाँले उनीहरूलाई उनीहरूले मागेको कुरा त दिनुभयो, तर उनीहरूको प्राणभित्र चाहिँ दुर्बलता पठाइदिनुभयो'* (पद १५)।

यस भजनमा हामीलाई परमेश्‍वरको नेतृत्वको *निन्दा र अवहेलना*को विरुद्धमा चेताउनी दिइएको छ, चाहे त्यो नेतृत्वचाहिँ सरकारी अधिकारीहरू होऊन्, चाहे स्थानीय मण्डलीका एल्डरहरू होऊन्, चाहे आफ्ना बुबाआमा किन नहोऊन्।

यस भजनले हामीलाई *मूर्तिपूजा*को विरुद्धमा चेताउनी दिन्छ। परिवार, रुपियाँपैसा, घर, जग्गाजमिन, वाहनहरू, सांसारिक शिक्षादीक्षा, मोजमज्जा वा सांसारिक सफलता आदि कुराहरूप्रति चाहिएको भन्दा बढ़ी प्रीति राख्नु पनि मूर्तिपूजा हो।

यस भजनले हामीलाई परमेश्‍वरका प्रतिज्ञाहरूको बारेमा गरेको *अविश्‍वास*को विरुद्धमा चेताउनी दिन्छ। यही पापले इस्राएलीहरूलाई अठतीस वर्षसम्म उजाड़-स्थानमा घुम्ने पारिदियो र दोषीहरूलाई प्रतिज्ञा गरिएको देशमा पस्नदेखि वञ्चित गरायो।

यस भजनले हामीलाई *व्यभिचार*को विरुद्धमा चेताउनी दिन्छ। बाल-पोरको पूजाको साथमा यौनको सम्बन्धमा विभिन्न घृणित पापहरू भए। यसको विषयमा परमेश्‍वरको मनसाय के थियो? त्यस पापमा संलग्न भएका अपराधीहरूमाथि उहाँले ल्याउनुभएको विपत्तिबाट स्पष्ट बुझिन्छ।

यस भजनले हामीलाई हामीले साह्रै हल्का सम्झेको *अनाज्ञाकारिता*को विरुद्धमा चेताउनी दिन्छ। मोशाले त्यस चट्टानलाई मुखले आज्ञा गर्नुको सट्टामा त्यसलाई हिर्काए। त्यो कुरा हाम्रो लागि गम्भीर दोष नलाग्ला, तर अब बुझियोः हामीले कुनै अनाज्ञाकारिता हल्का लिनुहुँदैन रहेछ।

यस भजनले हामीलाई *अविश्‍वासी-हरूसँगको बिहाबारी*को विरुद्धमा चेताउनी दिन्छ। परमेश्‍वर पवित्र-अपवित्र कुराको बीचमा पृथक्करण कायम राख्नुहुने परमेश्‍वर हुनुहुन्छ। उहाँका जनहरू विभिन्न असमान जुवाहरूमनि आएको उहाँ मन पराउनुहुन्न।

अनि अन्तमा, यस भजनले हामीलाई *आफ्ना छोराछोरीहरू बलि गर्ने* कामको विरुद्धमा चेताउनी दिन्छ। हे इसाई बुबा-आमाहरूहो, के हामीले आफ्ना छोराछोरी-हरूको सामु प्रभुको सेवा र उहाँको काम जिउन लायकको सर्वोत्तम लक्ष्यको रूपमा प्रस्तुत गरेका छौं र? हामीलाई हाय, किनकि धेरैजसो कुरा अर्को छ। किनभने हाम्रा छोराछोरीहरूलाई पढ़ाइमा, व्यवसायमा वा

पेशागत कामहरूको क्षेत्रमा नाम र धन कमाउने लक्ष्य राख्न प्रोत्साहन दिइन्छ। यसरी हामीले तिनीहरूलाई कि त संसारको निम्ति हुर्काउँछौं, कि त नरकमा पर्न पालनपोषण गरिपठाउँछौं।

# खण्ड ५

# भजन १०७-१५०:

# पुस्तक पाँच

## भजन १०७: छुटकारा पाएकाहरूले यस्तै भनून्!

परमेश्वरका जनहरूको दैनिक जीवन र व्यवहारमा एउटा सामान्य चाल देखिन्छ, जुन चालको चक्र हामी निम्न दुई शब्द-माला-हरूद्वारा व्यक्त गर्न सक्छौं:

एक) पहिले पाप गरिन्छ
▷ त्यसपछि पापको बन्धनमा पर्छ
▷ तब परमेश्वरलाई पुकार गरिन्छ
▷ त्यसपछि छुटकारा पाइन्छ

अथवा

दुई) विद्रोह गरिन्छ
▷ त्यसपछि सजाय पाइन्छ
▷ तब पश्चात्ताप गरिन्छ
▷ त्यसपछि पुनर्स्थापना होइन्छ

पहिले मानिसहरू अनाज्ञाकारी हुन्छन् र परमेश्वरको वचनको विपरीत चाल चल्छन् र बरालिएर उहाँदेखि टाढ़ा पुग्छन्। त्यसपछि तिनीहरूले आफ्नो पछि-हटाइबाट तीता-तीता प्रतिफलहरू भोग्छन्। अनि जब तिनीहरू होशमा आउँछन्, तब तिनीहरूले प्रभुलाई पुकारेर आफ्ना पापहरू मानिलिन्छन्। तब उहाँले तिनीहरूलाई तिनीहरूको पाप क्षमा गर्नुहुन्छ र तिनीहरूलाई फेरि आशिषको स्थानमा फर्केर ल्याउनुहुन्छ। उड़न्त पुत्रको अमर कथा यस्तो छ; अनि योजस्तो सुपरिचित अरू कुनै कथा नै छैन। ओहो, यो कति यथार्थ, कति वास्तविक र जीवनसित सम्बन्ध राख्ने अर्थपूर्ण कथा हुँदो रहेछ!

मानिसहरूको बीचमा प्रचलित र घरिघरि दोहोरिरहेको घटनाक्रमबाट दुईवटा आधारभूत शिक्षाहरू सिकिन्छ।

**क)** मानिसको हृदयको झुकाउः उसको निम्ति जीवित परमेश्वरबाट बरालिएर जान नित्य सम्भव हुन्छ।

अनि **ख)** जब परमेश्वरका जनहरू पश्चात्ताप गरेर उहाँकहाँ फर्कन्छन्, तब तिनीहरूप्रति उहाँको कृपा कहिल्यै शेष हुँदैन; उहाँले तिनीहरूलाई पुनर्स्थापित गर्नुहुन्छ नै।

अनि यहाँ, यस भजन १०७ मा परमप्रभुको कृपामय छुटकारा मानिसहरूको जीवनमा घटेका चारवटा विभिन्न घटना-हरूबाट प्रकट हुन्छ, जस्तैः

१) मरुभूमिमा भड्किएर हिँड्ने मानिस-हरूले दिव्य छुटकारा पाए (भजन १०७:४-९)।

२) झ्यालखानामा परेकाहरूले छुटकारा पाए (भजन १०७:१०-१६)।

३) सिकिस्त बिरामी परेकाहरूले चङ्गाइ पाए (भजन १०७:१७-२२)।

४) समुद्रको डरलाग्दो आँधी-बेह्रीमा फसेका मल्लाहहरूले छुटकारा पाए (भजन १०७:२३-३२)।

**क) भजन १०७:१-३: भूमिका**

*'परमप्रभुलाई धन्यवाद चढ़ाओ; किनकि उहाँ भला हुनुहुन्छ; किनभने उहाँको कृपा सदा-सर्वदा रहिरहन्छ।'*

तर पहिले, यी चारवटा छुट्टै परिस्थिति-हरूमा ध्यान दिनुभन्दा अघि यहाँ एउटा भूमिका पेश गरिएको छ, जुन भूमिकाबाट यस भजनको विषयवस्तु के हो, सो स्पष्ट बुझिन्छ। अनि योचाहिँ परमप्रभुलाई धन्यवाद चढ़ाउने आह्वान हो। परमप्रभुलाई धन्यवाद चढ़ाउनको निम्ति यहाँ दुईवटा कारणहरू दिइएका छन्।

**क)** परमप्रभु भला हुनुहुन्छ;

अनि

**ख)** उहाँको कृपा सदा-सर्वदा रहिरहन्छ।

यसो हो भने, हामीसँग निरन्तर कृतज्ञ भइरहनको निम्ति ठोस कारणहरू छँदैछन्। अनि यहाँ प्रस्तुत गरिएका यी दुईवटा कारणहरू हाम्रो निम्ति पर्याप्त छन्।

अनि परमप्रभुको भलाइ र प्रेम पाउने पात्रहरू खास को हुन्? उहाँका निगाह-पात्रहरू ती छुटकारा पाएकाहरू हुन्, जसले परमप्रभुद्वारा सतावट, दासत्व, अत्याचार र दुःखकष्टबाट छुटकारा पाए। तिनीहरू संसारभरि तितरबितर भएका थिए, तर फेरि आफ्नो देशमा फर्काएर ल्याइए। कुरा स्पष्ट छ, भजनकारले यहाँ इस्राएली जातिको सन्दर्भमा कुरा लेख्दैछन्। तर हामी यी पदहरू यस जातिको सीमित अर्थमा हेर्दैनौं, लिँदैनौं। किनकि हामी पनि पापको गुलाम-बजारबाट दाम तिरेर किनिएका हौं; अनि परमप्रभुका छुटकारा-प्राप्त मानिसहरू भई हामी पनि यस धन्यवादको स्तुतिगानमा सहभागी हुन चाहन्छौं।

**ख) भजन १०७:४-९: मरुभूमिमा भड्किएर हिँड्ने मानिसहरूले दिव्य छुटकारा पाए।**

पहिलो चित्रणः यहाँ, यस खण्डमा इस्राएलीहरूले चालीस वर्ष त्यस उराठलाग्दो र कहालीलाग्दो उजाड़स्थानबाट भएर यात्रा गरिरहेको स्पष्ट आभास मिल्छ। मानिस-हरूले बाटो बिराएका थिए। तिनीहरू भोकाएका थिए, तिर्खाएका थिए। तिनीहरू हतोत्साहित र निरुत्साहित भएका थिए। तब तिनीहरूले परमप्रभुलाई पुकारे। अनि तत्कालै तिनीहरूको बरालिरहने क्रम बन्द भयो। परमप्रभुले तिनीहरूलाई सीधै बाटोमा मोआबका मैदानमा ल्याइपुऱ्याउनुभयो। अनि त्यो ठाउँ तिनीहरूको निम्ति कनान देशमा पस्ने प्रवेश-विन्दु भएछ। अनि कनान देशमै तिनीहरूले एउटा शहर पाए, जुनचाहिँ तिनीहरूले आफ्नो घर सम्झन सके, जहाँ तिनीहरू ढुक्कै र निर्धक्क हुन सके। तिनीहरूले परमप्रभुको नित्य रहने अपार प्रेमको निम्ति उहाँलाई धन्यवाद चढ़ाउनुपर्छ। (अनि हामीचाहिँ? हामीले पनि उहाँलाई उहाँको महान् प्रेमको निम्ति धन्यवाद चढ़ाउनुपर्छ)। किनकि उहाँले आफ्ना जनहरूमाथि उदेक ख्याल र अचम्म वास्ता राख्नुभयो। किनभने प्रतिज्ञा गरिएको देशमा उहाँले तिर्खाएकाहरूलाई तृप्त पार्नुहुन्छ र भोकाएकाहरूको निम्ति सर्वोत्तम भोजन प्रबन्ध गर्नुहुन्छ।

**ग) भजन १०७:१०-१६: झ्यालखानामा परेकाहरूले छुटकारा पाए।**

**भजन १०७:१०-१२:** दोस्रो चित्रणको निम्ति ऐतिहासिक घटनास्थल बेबिलोन हो, जहाँ इस्राएली जाति कैदमा बसेको थियो। अनि भजनकारले यहाँ तिनीहरूको कैदको

सत्तरी वर्षको अवधि झ्यालखानामा बसेको समयसित तुलना गरेका छन्। तिनीहरूको दृष्टिमा बेबिलोनको कैदचाहिँ अँध्यारो, विरक्त लाग्ने कालकोठरीजस्तो थियो। त्यो इस्राएलीहरूलाई कस्तो लाग्थ्यो? नेलले बाँधिएका कैदीहरू र दण्डको योग्य अपराधीहरू भएझैं तिनीहरूले गुलामीको काम गर्नुपर्थ्यो (यद्यपि बेबिलोनमा तिनीहरूको अवस्था मिस्र देशमा जत्तिकै खराब हुँदैनथियो)। तिनीहरूले परमेश्‍वरका वचनहरूको विरोधमा विद्रोह गरेका थिए; तिनीहरूले उहाँको वचन लत्याएका थिए; यसकारण उहाँले तिनीहरूलाई देशनिकाला गर्नुभयो। कठोर परिश्रमले कुटिएर र पिँधिएर तिनीहरू गह्रौं बोझाले दबिए; तर कसैले पनि तिनीहरूलाई साथ दिँदैनथियो।

**भजन १०७:१३-१६:** तर जब तिनीहरूले परमप्रभुलाई पुकारे, तब उहाँले तिनीहरूलाई त्यस अन्धकारको छाया परेको देशबाट छुटकारा दिनुभयो र तिनीहरूको कैदका साङ्लाहरू टुक्रा-टुक्रा पार्नुभयो। अब तिनीहरूको निम्ति समुचित काम के हो? तिनीहरूले परमप्रभुलाई उहाँको अटल प्रेमको निम्ति र तिनीहरूको पक्षमा उहाँले पूरा गर्नुभएका अचम्मका कामहरूको निम्ति धन्यवाद चढ़ाउनुपर्छ।

*'किनकि उहाँले पित्तलका ढोकाहरू तोड्नुभयो,*
*र फलामका आग्लाहरू काटेर टुक्रा-टुक्रा पार्नुभयो।'*

यही पदले गर्दा भजनकारले यस खण्डमा बेबिलोनको कैदको सन्दर्भमा कुरा गरेका रहेछन् भन्ने विश्‍वास हामीलाई लागेको छ। किनकि यसको सन्दर्भ-पद यशैया ४५:२ हो, जहाँ परमप्रभुले उस्तै शब्दहरू प्रयोग गर्नुभयो, जब उहाँले तिनीहरूको कैद कसरी अन्त गर्नुहुनेछ, सो बताउनुभयो। उहाँले राजा कोरेसको विषयमा यसो भन्नुभयोः

*'मचाहिँ तिम्रो अघि-अघि जानेछु, र खाल्टाखुल्टा परेका ठाउँहरू समतल पार्नेछु; पित्तलका ढोकाहरू म तोड्नेछु र फलामका आग्लाहरू काटेर टुक्रा-टुक्रा पार्नेछु।'*

अनि कुरा स्पष्ट छ, कि उहाँले यो कुरा बेबिलोनको कैद कसरी अन्त हुने हो, सो सन्दर्भमा भन्नुभएको हो।

**घ) भजन १०७:१७-२२: सिकिस्त बिरामी परेकाहरूले चङ्गाइ पाए।**

**भजन १०७:१७-२०:** तेस्रो चित्रणः हुन सक्छ, यस तेस्रो खण्डले ख्रीष्टको पहिलो आगमनको समयमा इस्राएली जातिको बिरामी अवस्था सङ्केत गरेको होला। किनकि यो जाति त्यस समयमा बिरामी थियो। भर्खरै तिनीहरू मकाबीहरूको कष्टदायक जमाना-बाट भएर आएका थिए। तिनीहरूमध्ये कतिजना मूर्ख मानिसहरू थिए, जसले आफ्ना अधर्महरूको खातिर परमेश्‍वरबाट सजाय भोगिरहेका थिए। यिनीहरूको रुचि हराएको थियो, र यिनीहरू छिटो-छिट्टै मृत्युको ढोकाको मुखमा पुगिसकेका थिए। तर यस जातिका बाँकी भक्तजनहरूले प्रार्थना गरिबस्थे र इस्राएलको आशाको बाटो हेरिरहेका थिए। अनि परमेश्‍वरले आफ्नो वचन पठाईकन तिनीहरूलाई निको पार्नुभयो। यहाँ, यस ठाउँमा 'उहाँको वचन'ले प्रभु येशू ख्रीष्टलाई सङ्केत गर्ला; किनकि उहाँ त्यो देहधारी वचन हुनुहुन्थ्यो। अनि उहाँ इस्राएलको घरानामा निको पार्ने सेवकाई लिएर आउनुभयो। हामी सुसमाचारका पुस्तकहरूमा 'अनि उहाँले तिनीहरू सबैलाई निको पार्नुभयो' भन्ने वाक्य घरिघरि पढ्न सक्छौं। प्रेरित मत्तीले मुक्तिदाता प्रभुको निको पार्ने सेवकाईको विषयमा हामीलाई के स्मरण गराउँछन् भने,

प्रभु येशूले यसरी भविष्यवक्ता यशैयाको निम्न भविष्यवाणी पूरा गर्नुभयो, जहाँ यसो लेखिएको छः *'उहाँ आफैले हाम्रा कमजोरीहरू उठाउनुभयो र हाम्रा रोगहरू बोक्नुभयो'* (मत्ती ८:१७)। अनि यदि कसैले 'सबै इस्राएलीहरू निको भएनन् नि' भनेर आफ्नो आपत्ति जनाउँछ भने, हाम्रो याद दिलाउने उत्तर यस प्रकारको छः अनि सबैजनाले प्रतिज्ञा गरिएको देशमा प्रवेश गरेनन्, न ता सबैजना बेबिलोनको कैदबाट फर्केर आए।

**भजन १०७:२१-२२:** अनि फेरि एकपल्ट भजनकारले मानिसहरूलाई 'परमप्रभुको कृपा र उहाँका अचम्मका कामहरूको निम्ति उहाँको प्रशंसा गर' भन्ने आह्वान गर्छन्। उहाँको पुत्र उहाँको परम उत्तम उपहार हुनुहुन्छ, जसको लागि हामीले विशेष गरी धन्यवादका बलिहरू चढ़ाउनुपर्छ र हर्षका गीतहरूमा उहाँका कामहरूको बयान गर्नुपर्छ।

### ङ) भजन १०७:२३-३२: समुद्रको डरलाग्दो आँधी-बेह्रीमा फसेका मल्लाहहरूले छुटकारा पाए।

**भजन १०७:२३-२७:** चौथो चित्रणः यो अन्तिम चित्रण साह्रै ओजस्वी छ। यस खण्डको सन्दर्भ ती मल्लाहहरू हुन्, जसले समुद्रमा यात्रा गर्ने जहाजहरूमा काम गर्छन्। तिनीहरू परमप्रभुको शक्तिसित सुपरिचित छन्; किनकि तिनीहरूले बेला-बेलामा समुद्रमाथि चलेको आँधीबेह्री सामना गर्नु-परेको थियो। शुरुमा बतास वेगसित चल्ने हुरी बनेको थियो; त्यसपछि समुद्रका छालहरू पानीका विशाल पहाड़हरू भए। अनि पानीजहाज छालमाथि-माथि उठ्दा त्यसका काठहरू चुइँक-चुइँक गर्थे। तरङ्गको टुप्पामा यस जहाजको कत्रो चलमल हुन्थ्यो!! र आहा, एकैछिनमा त्यो दुईवटा छालाहरूको बीचको खाल्डामा तल खस्थ्यो। यस हालतमा बलियोभन्दा बलियो जहाज पनि सलाईको बट्टाझैं हुँड़लिरहेको र फींज काटिरहेको पानीमाथि फनफनी घुम्छ। यस प्रकारको आँधीबेह्रीमा जतिसुकै शूरवीर मल्लाहहरूले पनि हरेस खान्छन्। मातेको मान्छेझैं धरमरिँदै तिनीहरूले पानीजहाजमा आफ्नो काम पूरा गरे; र अब अकलगुम हुँदा तिनीहरू आफ्नो दृष्टिमा कति साना र महत्त्वहीन भए।

**भजन १०७:२८-३०:** अरू बेला हुनु हो भने सराप बक्ने यी भक्तिहीन मल्लाहहरूले यस अप्ठ्यारो परिस्थितिमा प्रार्थना गरे; यसमा अचम्म मान्नुपर्दैन। अचम्म मान्नुपर्ने कुरा अर्को छः अनुग्रहकारी परमप्रभुले यस निराश भएको अवस्थामा चढ़ाइएका प्रार्थनाहरू सुन्नुहुँदो रहेछ। उहाँले आँधीलाई शान्त पार्नुहुन्छ, र यी उर्लिरहेका छालहरू साम्य हुन्छन्। कत्रो राहत! पानीजहाज फेरि यी मल्लाहहरूको नियन्त्रण आयो र तिनीहरूले आफ्नो समुद्र-यात्रा फेरि अघि बढ़ाउन सके; अनि तिनीहरू आफ्नो गन्तव्यस्थलमा आइपुगे, र तिनीहरूको समुद्र-यात्रा ताकिएको बन्दरगाहमा सकियो।

**भजन १०७:३१-३२:** जोखिमबाट मुक्त भएका यी मल्लाहहरूले परमप्रभुलाई उहाँको अटल भलाइ र तिनीहरूलाई मिलेका प्रार्थनाका अद्‌भुत उत्तरहरूको निम्ति धन्यवाद चढ़ाउन भुल्नुहुँदैन। तिनीहरूले आफ्ना भाकलहरू पूरा गर्नुपर्छ र उहाँका विश्वास-योग्य जनहरूसँग मिलेर उहाँको बढ़ाइ गर्नुपर्छ, अँ, बूढ़ा प्रधानहरूको बैठकमा उहाँको स्तुतिप्रशंसा गर्नुपर्छ।

के हामीले निम्न व्याख्या गर्दा हददेखि बाहिर पुगेको, मलाई भन्नुहोस्! किनकि हाम्रो विचारमा, यस आँधीबेह्रीले इस्राएली जातिको अन्तिम आँधी सङ्केत गरेको लाग्छ, त्यसपछि इस्राएलीहरूले शान्तिको राज्यभित्र प्रवेश

गर्नेछन्। यस अर्थमा उक्त आँधीले महा-सङ्कष्ट सङ्केत गर्छ। अनि उर्लिरहेको समुद्रले चञ्चल र उत्तेजित भएका अन्यजातिहरूको अर्थ लिन्छ। अनि यी मल्लाहहरूचाहिँ? तिनीहरूले इस्राएली जातिलाई चित्रण गर्छन्, जुन जाति याकूबको कष्टको समयभरि अरू जातिहरूद्वारा यता-उता हुत्त्याइनेछ। अनि यस जातिको बाँकी भागरूपी जनहरूले परमप्रभुलाई पुकार्छन्। तब उहाँ स्वयम्ले हस्तक्षेप गर्नुहुनेछ र आफू यस पृथ्वीमा आउनुहुनेछ, अनि शान्ति र समृद्धिको राज्य स्थापित गर्नुहुनेछ।

### च) भजन १०७:३३-४३: परमेश्‍वरको शासना र अनुग्रह

**भजन १०७:३३-३४:** यस भजनका बाँकी पदहरूले परमेश्‍वरका जनहरू अनाज्ञाकारी हुँदा उनीहरूप्रति उहाँको कारबाही के हो र उनीहरू फेरि आज्ञाकारी भएमा उनीहरूसित उहाँको कारबाही केकस्तो हुने हो, सो बताउँछन्। किनकि उहाँले आफ्नो अनन्त शक्तिमा नदीहरूलाई खङ्ग्रङ्ङै सुकाइदिनुहुन्छ र भलभल बग्ने पानीका धाराहरूलाई उड़िजाने वाफ तुल्याइदिनुहुन्छ। मानिसहरूले उहाँतिर आफ्ना पिठ्यूँ फर्काए भने फलाइलो जमिन नुनिलो मरुभूमिमा परिणत गर्न उहाँलाई अलिकति पनि गाह्रो छैन।

**भजन १०७:३५-३८:** तर उहाँ त्यही प्रक्रिया फेरि उल्टाउन सक्नुहुन्छ। अनि हजार वर्षसम्म यस धरतीमाथि राज्य गर्न शान्तिका राजकुमार यस पृथ्वीमा आउनुभएपछि ठीक यस्तै हुनेछ। इस्राएलको दक्षिणमा परेको नेगेव नामक उजाड़स्थानमा जताततै पानीका तलाउहरू हुनेछन्। सहारा, गोबी, मोजावे र अन्य मरुभूमिहरू राम्ररी सिँचिएका फूलका बगैंचाहरूमा परिणत हुनेछन्। सयौं वर्षदेखि मानिसहरूले बसोबास नगरेका अबाद ठाउँहरूमा बस्तीहरू पो बसाएका हुनेछन्। सारा भूभागमा जताततै नयाँ-नयाँ शहरहरू बनिनेछन्। उजाड़स्थान एकाएक खेतीपाती गरिने लायकको जमिन हुनेछ। अन्नबाली, सागसब्जी र ठूला-साना फलफूलहरूको उब्जनी प्रचुर मात्रामा हुनेछ। उहाँको आशिषले गर्दा चारैतिर भरपूर फसल हुनेछ र गाईबस्तुहरू निरोगी हुनेछन्।

**भजन १०७:३९-४३:** उहाँले जुन प्रकारले दुष्ट शासकहरूसित बरताव गर्नुहुन्छ, त्योचाहिँ उहाँको व्यवहारको विपक्ष हो।

निरङ्कुश शासकहरूले आफ्नो शक्ति गुमाउँछन्, अनि आपद्विपद् र दुःखकष्टको पन्जामा परेर तिनीहरू होचिन्छन्। शासक-हरूको अपमान हुनुमा उहाँको हात छ, र उहाँले तिनीहरूलाई बाटै नभएको बञ्जर भूमिमा छोड्नुहुन्छ, जहाँ तिनीहरू लक्ष्यविना घुमिहिँड्छन् (३९-४० पदहरू एन.ई.बी.-अनुसार)।

अनि ठीक यही फाराओ, हेरोद र हिट्लरको दशा भएको थियो; अनि सङ्कष्ट-कालमा ख्रीष्ट-विरोधी, झूटो अगमवक्ता र शैतान – यस महादुष्ट शासक-समूहको हालत पनि ठीक यही हुनेछ।

तर परमेश्‍वरले गरिबहरूलाई उनीहरूका कष्टहरूबाट उकास्नुहुन्छ र उनीहरूलाई ठूला परिवारहरू दिएर आशिषित तुल्याउनुहुन्छ। भलादमीहरू त्यो देखेर औधि खुशी हुनेछन्। अनि भक्तिहीन मानिसहरू त्यो देखेर निरुत्तर हुनेछन्, (अनि त्यो तिनीहरूको निम्ति बिलकुल असामान्य कुरा हो)।

जो बुद्धिमान् छन्, यिनीहरूले मानिस-मानिस र जाति-जातिको भाग्य पल्टेकोमा परमेश्‍वरको हात रहेको देख्छन्; यिनीहरूले इतिहासबाट र भइरहेका घटनाहरूबाट अमूल्य पाठहरू सिक्छन्। विशेष गरी यिनीहरूले परमप्रभुको वचन पालन गर्नेहरूमाथि रहेको

उहाँको कृपा देख्नेछन् र यस कुरामाथि ध्यान दिनेछन्।

## भजन १०८ः छिट्टै सहायता गर्नुहोस्!

यस भजनबाट 'यो त अघि कहीं पढ़ेको' जस्तै भान आउँछ। हो नै; किनकि पहिला पाँचवटा पदहरू भजन ५७ः७-११ पदहरूसँग प्रायः मिल्छन् भने, अन्तिम आठवटा पदहरू भजन ६०ः५-१२ पदहरूजस्तै छन्। यो भजन क्रमैसँग अघि बढ्छः प्रशंसादेखि प्रार्थनामा, प्रार्थनादेखि प्रतिज्ञामा, प्रतिज्ञादेखि समस्यामा अनि समस्याबाट फेरि प्रार्थना हुँदै अन्तमा उज्ज्वल भविष्यको आशामा पुगेर टुङ्गिन्छ।

### क) भजन १०८ः१-५ः प्रशंसा

**भजन १०८ः१-२ः** परमप्रभुको अटुट प्रेम र विश्वासयोग्यताको निम्ति भजनकारले उहाँको स्तुति गाउने दृढ़ सङ्कल्प गरेका छन्। सर्वोच्च परमेश्वरको निम्ति गाउन र बजाउन तिनी पूरा तत्पर र उत्सुक हुन्छन्। बिहानको झिसमिसे उज्यालो खस्नुभन्दा अघि नै तिनले आफूलाई बिउँझाउँछन् र धन्यवादका गीतहरू लिएर मिरमिरे बिहानीलाई स्वागत गर्न सितार र वीणा जगाउँछन्। यी बाजाहरू निस्क्रिय किन बस्ने? होइन, होइन, हामीले परमेश्वरको स्तुति गरेर हरेक दिन शुरु गर्नुपर्छ। यो कति उत्तम कुरा हो।

**भजन १०८ः३ः** तिनले आफ्नो स्तुतिगान आफ्नो निजी जीवन वा आफ्नो घरपरिवारभित्र र आफ्नो सानो इलाकाभित्र सीमित राख्दैनन्। तिनी जहाँ-जहाँ पुग्छन्, त्यहीं-त्यहीं मानिसहरूले तिनलाई परमप्रभुको आराधना गरिरहेका सुन्नेछन्, र जाति-जातिका मानिसहरूले तिनका स्तुतिगानहरूको धुन सिक्नेछन्। अनि यस किसिमको सङ्कल्प हाम्रो पनि हुनुपर्छ।

**भजन १०८ः४-५ः** दाऊद किन परमप्रभुको निम्ति त्यति साह्रै जोशिला र उत्साही थिए त? किनकि उहाँको कृपाको विशालता आकाशभन्दा उच्च छ र उहाँको सत्यता गगनचुम्बी छ। अनि उहाँको प्रशंसा उहाँको महानता सुहाउँदो हुनुपर्छ। यसकारण आउनुहोस्, हामी उहाँलाई आकाशभन्दा उच्च पारौं! उहाँको महिमा सारा पृथ्वीमाथि उच्च राखियोस्!

हर्षविह्वल भएका दाऊदका भक्तिभावले पूर्ण गीतहरू सुन्दाखेरि एकजना भाइले किन निम्न कुरा लेखेका हामी राम्ररी बुझ्छौंः

> 'प्रार्थनाभन्दा प्रशंसा उत्तम हो; किनकि प्रार्थनाले स्वर्गतिर सुखान्त बाटो देखाउँछ, तर प्रशंसाचाहिँ अघिबाट स्वर्गमा पुगिसकेको छ।'

### ख) भजन १०८ः६ः प्रार्थना

अब तिनले अनुरोध गर्न लागेका छन्। देशमाथि शत्रुको फौजको हमला भइरहेको थियो; अनि परिस्थिति नाजुक थियो। इस्राएली जातिले अनुभव गर्दै आएका सफलताहरू खोइ, कहाँ छन्? ती गुम गए, कति अनौठो! यसकारण तिनले परमप्रभुलाई आग्रह गरेका छन्ः उहाँले सहायता पठाऊन् र आफ्ना प्रियजनहरूलाई छुटकारा दिऊन् अनि ती आक्रमणकारी शत्रुहरूलाई हार खुवाएर फर्काऊन्।

### ग) भजन १०८ः७-९ः प्रतिज्ञा

**भजन १०८ः७-८ः** हेर्नुहोस्, आफ्नो पवित्रस्थानमा परमेश्वर कति शान्त र राजसी हुनुहुन्छ! उहाँ इस्राएलमाथि र सबै अन्य-जातिहरूमाथि आफ्नो सर्वाधिकार दाबी गर्नुहुन्छ। परमेश्वरको प्रतिज्ञाअनुसार मसीह राजाको राज्यभित्र शेकेम पर्नेछ, जहाँ याकूबले खनेको एउटा इनार छ, अनि सुक्कोत पनि पर्नेछ, जहाँ याकूबले आफ्ना

गाईबस्तुको निम्ति छाप्राहरू हाले (उत्पत्ति ३३:१७); अनि यसमा गिलादको उच्च पठार पनि पर्नेछ, जसका खर्कहरू र जसको औषधीय मलहम प्रसिद्ध छन्; अनि मनस्से यस राज्यमा समावेश हुनेछ, जसको अधिकारको भाग यर्दनका दुवैपट्टि परेको छ। एप्रैम उहाँको शिरको बल हुनेछ, जसले देशको रक्षा गर्नमा इस्राएलका अरू कुल-हरूलाई अग्रसर गर्नेछ। अनि उत्पत्ति ४९:१० पदमा प्रतिज्ञा गरेअनुसार यहूदाचाहिँ उहाँको व्यवस्थापक हुनेछ। अनि व्यवस्थापक भन्नाले सरकारको राजगद्दी बुझिन्छ।

**भजन १०८:९:** यहाँ तीनवटा अन्य-जातिहरूका नाम लिइएका छन्, जस्तैः मोआब, एदोम र पलिस्ती देश। ती तीनवटा जातिहरू प्रतिनिधि हुन्; ती विदेशी क्षेत्रहरू पनि मसीहको राज्यमा समावेश हुनेछन्। मोआब उहाँको पाउ धुने बाटा हुने रहेछ। पाउ धुने बाटा नियन्त्रणको प्रतीक हो र अनादरको पात्र भएको अर्थ लिन्छ। उहाँले एदोममाथि आफ्नो जुत्ता फाल्नुहुनेछ। उहाँ त्यस देशका मालिक हुनुहुन्छ, र तिनीहरू उहाँका दासहरू हुनेछन्; तिरस्कारको भाषा हो यो। मोआब र एदोमचाहिँ कर तिर्ने मातहती देशहरू हुनेछन्। तर पलिस्ती देशचाहिँ पूरा परास्त हुनेछ। किनकि उहाँले पलिस्ती देशमाथि विजय हासिल गरेर जयघोषको नारा लाउनुहुनेछ।

### घ) भजन १०८:१०-११: समस्या

**भजन १०८:१०-११:** एदोममाथिको विजयको विषयमा परमप्रभुले दिनुभएको प्रतिज्ञाबाट प्रेरित भएर दाऊद यो प्रतिज्ञा पूरा भएको देख्न आतुर र अधीर भएका छन्। सेलाचाहिँ एदोमको राजधानी थियो, जसको अर्को नाम पेट्रा पनि हो। सेला जित्नै नसकिने अजेय दुर्गको रूपमा नाम चलेको थियो। कसैले तिनलाई एदोममा अग्रसर गरेको, बाटो देखाएको र तिनले त्यसमाथि विजयको नारा लगाउन सकेको तिनको तीव्र चाहना थियो। तर समस्या के थियो भने, परमेश्वरले इस्राएली जातिदेखि आफ्नो अनुहार लुकाउनुभयो। उहाँको सहायता कहाँ गएको थियो? आहा, यसका परिणामहरू कति विनाशकारी थिए! इस्राएली सेनाहरू लड़ाइँतिर अघि बढ़े, तर पराजित भए; किनभने परमप्रभु तिनीहरूको साथमा हुनुहुन्नथियो।

### ङ) भजन १०८:१२: प्रार्थना

परमप्रभुको सहायताविना तिनीहरूको परिस्थिति आशाहीन थियो। उहाँको सहायता नभई हुँदैनथियो। किनकि मानिसको सहायता व्यर्थ रहेछ भन्ने कुरा दाऊदले आफ्नो जीवनको अनुभवबाट थाहा पाए। यसकारण तिनले सर्वशक्तिमान् परमेश्वरलाई विन्ती गर्छन्: 'हे प्रभु, युद्धभूमिमा उत्रेको इस्राएली सेनालाई फेरि सहायता गर्नुहोस्! इस्राएलको मामिलाको निम्ति लड़ेर यसको पक्षमा कदम उठाइदिनुहोस्!'

### च) भजन १०८:१३: प्रत्याशा

भजनकारले आफ्नो प्रार्थना टुङ्ग्याउना-साथ एउटा विजयको गीतको श्लोक गाउन आफ्नो सोर उचाल्छन्: *'परमेश्वरद्वारा हामी वीरता देखाउनेछौं; किनकि हाम्रा शत्रुहरूलाई कुल्चनुहुने उहाँ हुनुहुन्छ।'* विरोधी गर्नेहरू जोसुकै किन नहोऊन्, उहाँले तिनीहरूलाई चकनाचूर पार्नुहुनेछ र आफ्ना प्रिय जन-हरूलाई विजय दिनुहुनेछ। यो कुरा विश्वास-बाट जन्मेको दृढ़ भरोसा भनिन्छ। श्री पावल गेर्हार्टले यस प्रकारको भरोसा निम्न उपयुक्त शब्दहरूले व्यक्त गरेका छन्:

> के परमेश्वर मेरो पक्षमा हुनुहुन्छ? तब मेरो
> विरोधमा उठ्ने जोसुकै होस्, म डराउँदिनँ;
> जब म ख्रीष्ट मेरा मुक्तिदातालाई पुकार्छु, तब
> दुष्ट शैतानको फौज भाग्नैपर्छ।

सर्वशक्तिमान् परमेश्वर मेरा मित्र हुनुहुन्छ; अनि मलाई प्रेम गर्नुहुनेचाहिँ परमेश्वर स्वयम् हुनुहुन्छ; तब बाढ़भैँ उर्लेर आउने कुनचाहिँ शत्रुले मेरो हानि गर्न सक्ला र ?

संसार बितेर जाला र नाश भइजाला,
तर हे परमेश्वर, तपाईं अटल रहिरहनुहुन्छ;
सबै दुष्ट आत्माहरूको हेलाले मलाई तपाईंको प्रेमदेखि अलग पार्न सक्नेछैन;

कुनचाहिँ भोक, कुनचाहिँ तिर्खा, कुनचाहिँ गरिबी, कुनचाहिँ फिक्रीचिन्ता, अँ, शक्तिशाली शासकहरूको कुनचाहिँ क्रोध होला, जुनचाहिँ तपाईंकहाँ, मेरो शरणस्थाननेर आइपुग्न सक्ला ?

मेरो हृदय हर्षले बुरुकबुरुक उफ्रन्छ,
त्यहाँ कुनै शोक टिक्न सक्दैन; मेरो हृदय उच्च स्वरले गीत गाउँछ, रमाइलो-घमाइलो, निर्मल वातावरणमा ।

किनकि ममाथि चम्कने सूर्य प्रभु येशू हुनुहुन्छ, अँ, उहाँको प्रेम नै हो, अनि मेरो गीतको मुहान अति गहिरो छ, किनकि त्यो त अपार स्वर्ग नै हो ।

## भजन १०९ः परमेश्वरका शत्रुहरूको अन्तिम दशा

अभिशापका सबै भजनहरूको बीचमा यस भजनको स्थान प्रथम भएको छ; यसको योग्य जोड़ा छैन । किनकि योजस्तै अरू कुनै भजन नै छैन, जसमा परमेश्वरको न्यायको निम्ति यति तिक्त छेड़ हानिएको व्यङ्ग्य प्रयोग गरिएको छ अथवा परमेश्वरको सजाय यति विस्तृत रूपले बयान गरिएको छ । भजनकारले आफ्ना शत्रुहरूमाथि किसिम-किसिमका दण्डहरू आइपरेको चाहन्छन् ! आम्मै हो, यसको सम्बन्धमा तिनको दिमाग कति तेजिलो, कति फूर्तिलो छ ! कुनचाहिँ पाठक होला, जसको आकर्षण र जिज्ञासा यसबाट जाग्दैन ।

**भजन १०९ः१-३ः** कोमलताको साथ यो भजन शुरु गर्छ; कोचाहिँ यसको मोहमा नपर्ला ? दाऊदले आफ्ना प्रशंसाका परमेश्वर-बाट सहायता पाउन खोजेर उहाँलाई पुकारे । (प्रशंसाका परमेश्वर भन्नाले तिनले प्रशंसा गरेका परमेश्वर बुझिन्छ) । किनकि तिनका शत्रुहरूले तिनको विरोधमा सबै प्रकारका झूटा आरोपहरू लगाएर तिनीमाथि किसिम-किसिमका मौखिक हमलाहरू गरेका रहेछन् । घृणाका वचनहरूले चारैतिरबाट तिनलाई तारो बनाइदिए । ती हमलाहरू बिलकुल आधार-रहित थिए; यसकारण सहन गाह्रो भएको थियो ।

**भजन १०९ः४-५ः** दाऊदले ती हमला गर्नेहरूलाई प्रेम र दया देखाए । तर तिनले यसको बदलीमा के पाए ? तिनीमाथि झूटा आरोपहरूको बज्रापात भयो, बस यति । तर तिनले तिनीहरूको निम्ति निरन्तर प्रार्थना गरिरहे । तिनले देखाएको हरेक दयाको कामको निम्ति तिनीहरूले उल्टा तिनलाई अपमान गरे; तिनको प्रेमको सट्टामा तिनी-हरूले तिनलाई घृणा गरे ।

**भजन १०९ः६-७ः** अनि यस ठाउँमा आएर लेखकले आफ्नो कलम मसीको सट्टामा एसिडले भरेका जस्तै छ । किनभने अबदेखि उसो तिनको घायल मनबाट रोषपूर्ण र घातक अभिशापहरू गोली हानेका-हानेकै भैँ गरी निस्कन थाल्छन् । अनि भजन १०९ः१-५ पदहरूको खण्डमा उल्लेख गरिएका तिनका धेरै शत्रुहरूमध्ये तिनले अबचाहिँ विशेष गरी एकजनालाई ताकेका छन् ।

अन्तमा त्यो शत्रु पक्रा पर्नेछ र त्यसमाथि दायर गरिनेछ । त्यस बेलामा परमप्रभुले अदालतमा परिस्थितिहरू यस प्रकारले मिलाऊन्, कि त्यसलाई अभियोग लगाउने

एउटा दुष्ट मानिस भएको होस्, अँ, एउटा शैतानिक मान्छे त्यसमाथि मुद्दा दायर गर्ने वादी भएको होस्। अन्तमा त्यसको न्यायजाँचको फेसला 'दोषी' भएको होस्। अनि अदालतले ठहराइसकेको दण्डाज्ञाको विषयमा त्यसले अपिल गऱ्यो भने त्यसको उजुर अदालतले उल्टा न्यायको अवहेलना गरेको सम्झेर त्यसलाई झन् बढ़ी दण्ड दिएको होस्।

**भजन १०९:८-१०:** त्यसको आयु छोटो भएको होस्, र अरू कसैले त्यसको पद लेओस्। अनि त्यो विशेष अभिशापचाहिँ यहूदा इस्करयोती र त्यसको पदको सम्बन्धमा उद्धृत गरिएको छ; किनकि त्यो प्रभु येशूका चेलाहरूको सानो दलको खजान्ची थियो। प्रेरित १:२० पदमा यसो लेखिएको छः *'किनभने भजनहरूको पुस्तकमा यो लेखिएको छ, "त्यसको वासस्थान उजाड़ होस् र त्यसभित्र कोही नबसोस्; अनि त्यसको पद अर्कोले लेओस्।" '*

यस भजनको सन्दर्भ दाऊद र तिनको शत्रु मात्र होइन, तर ख्रीष्ट येशू हुनुहुँदो रहेछ र उहाँलाई धोका दिने यहूदा पनि हुँदो रहेछ, साथै भविष्यको दिनमा इस्राएली जाति र ख्रीष्ट-विरोधी पनि होला भन्ने कुरा सम्झन्छौं भने यस भजनको कठोरता बुझ्न हामीलाई सहायता मिल्छ।

त्यस शत्रुको परिवारको विषयमा के कसो हुने हो? त्यसका छोराछोरीहरू टुहुरा-टुहुरी होऊन् र त्यसकी स्वास्नी विधवा भएकी होस्। त्यसका छोराछोरीहरू निरन्तर डुलुवा र भिखारी होऊन्, जो आफूले बसेका घरहरूको खण्डहरबाट निस्केर भीख मागिहिँड़ूछन्।

**भजन १०९:११-१३:** अनि त्यसको जग्गाजमिनचाहिँ – ऋणदाताले कदम चालोस् र त्यससँग भएका सबै सम्पत्ति जफत गरोस्। अनि त्यसले कमाएका सबै रुपियाँपैसा परदेशीहरूले आपसमा बाँड़चुँड गरून्।

त्यसले कसैलाई कृपा देखाउँदैनथियो; यसकारण कसैले पनि त्यसमाथि कृपा नदेखाओस्, अनि त्यसका टुहुरा छोरा-छोरीहरूको दयामाया नगरिओस्। आउँदो पुस्तामा त्यसको परिवारको नाम नामेट भएको होस् (मध्यपूर्वका मानिसहरूको दृष्टिमा त्यो त सबैभन्दा लज्जास्पद दण्डहरूमध्ये एक गनिन्थ्यो र गनिन्छ)।

**भजन १०९:१४-१५:** अनि त्यसका पितापुर्खाहरू पनि निर्दोष थिएनन्। यसकारण परमप्रभुले त्यसका पितापुर्खाहरूको अधर्म सम्झना गरून्; अनि त्यसकी आमाको पाप मेटेर नजाओस्। तिनीहरूका अपराधहरू के-के थिए, सो यहाँ बयान गरिएको छैन; तर तिनीहरूको दोष धेरै ठूलो भएको हुनुपरेको थियो। किनकि भजनकारको विन्ती छः परमप्रभुले तिनीहरूका पापहरू कहिल्यै नबिर्सून्, र ती मानिसहरूको सम्झना पृथ्वी-बाट मेटिओस्।

**भजन १०९:१६-२०:** अनि सोह्र पदमा आएर हामी त्यस दुष्ट मानिसको तिक्त अभियोग के थियो, सो सफासँग पढ़्छौं। त्यसको जीवनशैली कस्तो थियो? त्यसले कसैलाई पनि दया देखाउँदैनथियो। दया देखाउने कुरा छोड़िजाओस्, त्यो गरिब-दुःखी र खाँचोमा परेकाहरूमाथि जाइलाग्थ्यो; हो, त्यसले तिनीहरूलाई आफ्नो शिकार बनाउँथ्यो; त्यस कुरामा त्यो सक्रिय र क्रियाशील हुन्थ्यो। त्यसले चूर्ण हृदय भएकाहरूलाई सताउँदै तिनीहरूलाई मृत्युको घाटमा ल्याइपुऱ्याउँथ्यो। यस पदमा यहूदा इस्करयोतीलाई देख्न अलिकति पनि गाह्रो छैन; किनकि त्यसले पापरहित मुक्तिदाता प्रभुलाई हानि गर्ने ढङ्गले उहाँको पिछा गरेर उहाँलाई क्रूसमा पुऱ्यायो।

तर नैतिकता-जगत्मा एउटा नभई नहुने अनिवार्य नियम छँदैछः धर्म र अधर्मको

प्रतिफल हुने नै छ। मानिसले जे छर्छ, त्यसको कटनी गर्छ। आफ्ना कामहरूको कटनी गरिन्छ-गरिन्छ। पाप गर्ने मानिस दण्ड नपाई उम्कनेछैन। अनि यहाँ, यस ठाउँमा आएर भजनकारले के माग्छन् भने, क्रिया र प्रतिक्रियाको व्यवस्था पूरा कार्यान्वित भएको होस्। त्यस मान्छेले अरूलाई सराप्न मन पराउँथ्यो; अब त्यसका सरापहरू फर्केर त्यसमाथि आइपरून्। अरूले आशिषहरू उपभोग गरेको – अहँ, त्यसले यो देख्नै सक्दैनथियो। अब आशिषहरू त्योदेखि टाढ़ा रहून्। त्यसले सराप आफ्नो पहिरन तुल्याइदियो; अब जसरी एउटा स्पन्जभित्र पानी सोसिन्छ, तिनै सरापहरू त्यसको आत्मा, प्राण र शरीरभित्र सोसेर जाऊन् र त्यसका हड्डीहरूको मासीभित्रसम्म पनि पुगून्। नोक्सको अनुवादअनुसार 'त्यसले पहिरेको वस्त्रले त्यसलाई जसरी ढाक्छ, त्यसरी नै श्रापले त्यसलाई छोपोस्, र कहिल्यै फुकाल्न नसकिने पेटीजस्तै श्राप त्यसमा टाँसिरहोस्।'

दाऊदको विरुद्धमा झूटा आरोप लाउनेहरू र तिनको मानहानि गर्नेहरूको विषयमा तिनको चाहना यही थियो। तिनले तिनीहरूको सजायको विषयमा कुनचाहिँ कुरा भन्न भुले ? होइन, तिनले न्यायका सबै फैसलाहरू समेटे। यस सम्बन्धमा एकजना भाइले यसो भनेका छन्ः 'वास्तवमा यहाँ यसो भन्न खोजिएको होः त्यस दुष्ट मानिसमाथि सकभर धेरै अशुभ आएको होस्, अँ, आफ्नो शत्रुलाई जति धेरै अनिष्ट भएको देख्न चाहना गर्न सकिन्छ, त्यत्ति नै त्यसमाथि आइपरोस्।'

**भजन १०९ः२१-२५ः** भजनकारले दुईवटा प्रार्थनाहरू र प्रशंसाको उद्घोषको साथमा आफ्नो भजन समाप्त गरेका छन्। पहिले तिनी दुःखकष्टहरूबाट छुटकारा पाऊँ भनेर प्रार्थना गर्छन्। परमप्रभुले आफ्नो नामको खातिर तिनको पक्ष लिएका होऊन्; यो तिनको चाहना थियो। उहाँको नामको निम्ति भन्नाले उहाँले दाऊदको निम्ति जुन काम गर्नुहुन्छ, त्यो काम उहाँले आफूलाई शक्तिशाली परमेश्वर र न्यायको परमेश्वरको रूपमा महिमित तुल्याउन गरेका होऊन्। अनि दाऊदको पक्षमा काम गरेर परमप्रभुले आफ्नो कृपा कति उत्तम भएको, सो फेरि एकपल्ट प्रमाणित गर्नुहुन्छ।

भजनकारको अवस्था गम्भीर थियो। तिनी दुःखी थिए र खाँचोमा परेका थिए; यति मात्र होइन, तर तिनको हृदय घायल भएको थियो। तिनको जीवन ढल्किँदै गएको छायाजस्तै क्षीण भएर गयो। मानिसले कुनै सलह आफ्नो हातबाट जसरी सजिलैसँग टकटक्याउँछ, ठीक त्यस्तै तिनलाई यस धरतीबाट टकटक्याइएको लाग्यो। लामो समयसम्म उपवास बसेका हुनाले तिनका घुँड़ाहरू लुला भए, र तिनको शरीर हाड़ र छाला मात्र थियो। तिनको दयनीय अवस्था देखेर तिनका शत्रुहरूले तिनलाई हाँसोमा उड़ाए; अनि तिनको खिल्ली उड़ाउँदै तिनीहरूले तिनको बारेमा आफ्ना टाउकाहरू हल्लाए।

**भजन १०९ः२६-२९ः** अनि आफ्नो दोस्रो प्रार्थनामा तिनले के अनुरोध गर्छन् भने, परमप्रभुले तिनका शत्रुहरूको सामु तिनलाई निर्दोष साबित गरून्। किनकि जब परमप्रभु तिनलाई सहायता गर्न आउनुहुन्छ र तिनलाई बचाउनुहुन्छ, तब तिनका यी हमला गर्नेहरूले त्यसमा परमप्रभुको हात भएको निश्चित जान्नेछन्। तिनीहरूले जत्ति सरापे पनि त्यो केही फरक पर्दैनथियो; किनकि परमप्रभु आशिष दिँदै हुनुहुन्छ। शत्रुहरू लज्जित हुनेछन्, तर तिनीहरू शर्ममा पर्दा भजनकारचाहिँ आनन्दित हुनेछन्। तिनीहरू शर्म र घबराहटको वस्त्रले ओढ़िएका होऊन्; हो, अपमानको खास्टोले तिनीहरूलाई बेरेर लपेटिएको होस्।

**भजन १०९:३०-३१:** अन्तमा, हामी दाऊदको मनसा के थियो, सो थाहा पाउँछौंः तिनले आफ्ना प्रार्थनाहरूको उत्तर पाएपछि परमप्रभुको प्रशंसा गर्नेछन्। तिनको प्रशंसा मामुली खालको प्रशंसा हुनेछैन, तर भव्य धन्यवाद-ज्ञापन हुनेछ। तिनले परमप्रभुको प्रशंसा व्यक्तिगत राख्नेछैनन्, तर धेरै मानिस-हरूको बीचमा आफ्नो मुख खोलेर उहाँको स्तुति गर्नेछन्। अनि तिनको प्रशंसाको विषयवस्तु यस प्रकारको हुनेछः 'परमप्रभु दरिद्रको दाहिने हातपट्टि खड़ा हुनुहुन्छ; उहाँले उसलाई मृत्युदण्ड दिन खोज्नेहरूको हात-बाट बचाउनुहुन्छ।' परमप्रभुलाई आफ्नो वकीलको रूपमा पाउनु हाम्रो हिम्मत धेरै बढ़ाउने कुरा हो, जसरी श्री एफ. बी. मेयेरले भनेका छन्:

> 'देशको सबैभन्दा महान् व्यक्तिसित अङ्कमाल गरेर अदालतमा पस्न पाउने प्रतिवादी कति साहसी हुन्छ ! किनकि दोषी ठहराउने सबै कोशिशहरू व्यर्थ हुन्छन्, जब निर्दोष ठहराउने सर्वोच्च न्यायकर्ता हाम्रो छेउमा उभिनु-हुन्छ !' [71)]

## अभिशापका भजनहरू

भजन १०९ मा वास्तवमा के लेखिएको छ, सो कुरा यहाँसम्म हामी हेर्दै आयौं। तर अरूलाई अशुभ चिताउने यी अभिशापका भजनहरूको विषयमा एक शब्द नभनीकन चुपचापसित अघि बढ़्न समझदार कुरा नहोला र इमानदार नठहरिएला। होइन, हामीले यसको समस्या चर्चा गर्नुपर्छ। अनि हाम्रो दिमागको निम्ति समस्या यो होः परमेश्वरको वचनका अन्य ठाउँहरूमा परमेश्वरका जनहरूलाई अरूलाई माफ गरिहाल्ने, क्षमाशील हुने र अरूलाई प्रेम देखाउने आज्ञा गरिएको छ; तर यी भजनहरूमा बदला लिने र अरूलाई दोषी ठहराउने भावना स्पष्ट रूपले प्रकट भएको छ; हामी यी दुईवटा कुराहरू कसरी आपसमा मिलाऔं ? अभिशापका भजनहरूमध्ये भजन १०९ मुख्य भएको हुनाले यो समस्या चर्चा गर्ने उचित ठाउँ यहाँ होला।

पहिले, म अरूले दिएका केही स्पष्टीकरणहरू पेश गर्छु, जुन स्पष्टीकरणहरू मेरो निम्ति त्यति चित्त बुभ्दा छैनन्। त्यसपछि म आफ्नो बुझाइअनुसार आफ्नो स्पष्टीकरण प्रस्तुत गर्छु; तर त्यो पनि समस्यारहित छैन।

पहिलो स्पस्टीकरणः यी अभिशापहरूको विषयमा हामीले ध्यानमा राख्नुपर्ने कुरा के हो भने, यी अभिशापहरू 'दुष्टहरूमाथि फलना-फलना प्रतिशोध वा सजाय आइपरोस्' बोल्ने घोषणाहरू होइनन्, तर परमेश्वरका शत्रुहरूमाथि के-के आइपर्नेछ, सो कुरा व्यक्त गरिएका पूर्वसूचनाहरू हुन्। यसकारण श्री मेरिल एफ. अङ्गरले यसो भनेका छन्:

> 'जुन श्रापहरू पवित्र जनहरूले बोलेर यी व्यक्तिविशेषहरूमाथि लगाइदिए, यी श्रापहरू तिनीहरूको प्रतिशोध, क्रोध वा अधैर्यले पैदा गरेका अप-शब्दहरू होइनन्, तर ती श्रापहरू पूर्वसूचक वचनहरू हुन्, र यही कारणले परमेश्वरले तिनमा दोष पाउनुभएन।' [72)]

यी अभिशापहरू उल्लेख गरिएका खण्डहरूमध्ये धेरैचाहिँ आज्ञार्थक वाक्यहरूमा नभएर भविष्यकालमा अनुवाद गर्न सकिन्छ। यस प्रकारको अनुवाद पनि विशुद्ध अनुवाद मानिन्थ्यो।

दोस्रो स्पष्टीकरण यस प्रकारको छः दाऊद परमेश्वरको अभिषिक्त दास भएर यी अभिशापहरू बोले। अनि तिनको यस ठहरअनुसार तिनी परमेश्वरका प्रतिनिधि थिए। यसकारण तिनले यी कठोर, गम्भीर सजायहरू उच्चारण गर्न पाए। (तर सबै अभिशापका भजनहरू दाऊदका रचना होइनन् भन्ने कुरा हामीले ख्याल गर्नुपर्छ)।

त्यसपछि यस्ता मानिसहरू पनि छन्, जसको विचारमा हामीले यी खण्डहरू ऐतिहासिक विवरणहरूको रूपमा लिनुपर्छ, जुन विवरणहरूमा यी भजनलेखकहरूले आफ्नो मनका कुराहरू व्यक्त गरे। तर हामीले तिनीहरूको कठोरता अनुमोदन गर्नुपर्दैन, गर्नुहुँदैन। त्यस धारणाको सन्दर्भमा श्री अल्बर्ट बार्नेसले यसो लेखेका छन्ः

> 'अरूलाई कुभलो चिताउने यी अभिशापका शब्दहरू विवरण हुन्, जसमा भजनकारको मनमा उब्जेका तिनका विचारहरू के-के थिए, सो व्यक्त गरिएको छ, बस यति। अनि यी विवरणहरू ती मानिसहरूको स्वभावको उदाहरणको रूपमा हाम्रो निम्ति साँचेर राखिएका छन्, जुन मानिसहरूको स्वभाव केवल आंशिक रूपले पवित्र पारिएको थियो। यस धारणाअनुसार परमेश्वरको आत्माले वचन लेख्ने प्रेरणा त दिनुभयो, तर उहाँ भजनकारको मनका भावनाहरूको निम्ति जिम्मेवार हुनुहुन्न; किनकि दाऊदका कामहरू, अब्राहामका कामहरू, याकूब अथवा पत्रुसका कामहरूको निम्ति उहाँ अलिकति पनि जिम्मेवार हुनुहुन्न। ...। परमेश्वरको वचन आत्माको प्रेरणाको फल हो भन्ने शिक्षाको खाटी धारणा अपनाउनको निम्ति आत्माको प्रेरणा पाएका ती मानिसहरू बिलकुल पापरहित थिए भन्ने विचार मानिलिनु अनिवार्य छैन। ...। यस धारणाअनुसार यी विवरणहरूमा व्यक्त गरिएका अशुभ चिताउने भावनाहरू देखासिकी गर्नको निम्ति प्रस्तुत गरिएनन्।' [73)]

अझै अरू स्पष्टीकणहरू छन्। यी अभिशापका भजनहरूको पक्षमा बोलेर मानिसहरूले के भन्छन् भने, **क)** इस्राएली जाति परमेश्वरले चुन्नुभएको जाति थियो; यसकारण इस्राएली जातिका शत्रुहरू परमेश्वरका शत्रुहरू थिए। **ख)** हामी हरेकमा सहजज्ञान छ, जुन सहज-ज्ञानले अपराधहरूको उचित दण्ड दिँदा त्यसमा आफ्नो न्यायसँगत सहमति जनाउँछ। **ग)** भजनकारहरूले पापी मानिसहरू कस्ता-कस्ता दण्डका योग्यका हुन्छन्, सो कुरा बयान गरेका छन्; तर तिनीहरूले आफ्ना लेखहरूमा कुनै व्यक्तिगत बदला फेर्ने चाहना प्रकट गरेका छैनन् अरे।

मैले अघिबाटै भनिसकें, कि म यी स्पष्टीकरणहरूमध्ये कुनैसित पूरा सन्तुष्ट हुँदिनँ। किनकि यस सम्बन्धमा मलाई सबैभन्दा राम्रो लाग्ने व्याख्या यस प्रकारको छः यी अभिशापका भजनहरूमा अरूलाई अशुभ चिताउने जुन भावना प्रकट भएको छ, त्यो भावना व्यवस्थाको अधीनतामा जिउने यहूदी मानिसको निम्ति ठीक थियो होला, तर अनुग्रहको अधीनतामा जिउने ख्रीष्ट-विश्वासीको निम्ति सुहाउँदैन। यी भजनहरू हामीलाई कठोर र निष्ठुर लागेको कारण के हो भने, हामीले यी भजनहरू नयाँ नियमको प्रकाशको दृष्टिकोणले हेर्छौं। दाऊद र अरू भजनलेखकहरूसँग नयाँ नियमको पुस्तक थिएन। श्री डब्ल्यू. ग्रहम स्क्रोग्गीले निम्न स्पष्टीकरण दिएका छन्ः

> 'शुरुमै यो कुरा जान्न र बुझ्न उत्तम छ, कि **क)** विगत समयमा व्यवस्थाको युग थियो; अनि त्यो युगचाहिँ हालैमा चलिरहेको अनुग्रहको युगभन्दा कमसल थियो। **ख)** व्यवस्था सुसमाचारको विरोधमा छैन, तर त्यो सुसमाचारसित एक पनि छैन। अनि **ग)** ख्रीष्ट येशू मोशाको व्यवस्था पूरा गर्न आउनुभयो, र उहाँले व्यवस्था नाघेर त्यो निक्कै तल छोड्नुभयो। यसकारण हामी होशियार हुनुपर्छ र हामीले भजनसंग्रहको पुस्तकमा लेखिएका कुराहरू पावलका पत्रहरूको मानदण्डले नाप्नुहुँदैन, किनकि भजनसंग्रहको पुस्तकमा बेला-बेलामा बदला फेर्ने प्रतिशोधको भावना व्यक्त गरिएको छ।' [74)]

कुनै व्यक्तिविशेषको न्याय गर्दा त्यसको सजायमा त्यसको परिवारकाहरूलाई पनि समावेश गर्न हामीलाई अति भएको लाग्न सक्छ। तर भजनकारको लागि यस प्रकारको विचार

न्यायसङ्गत थियो, किनकि परमेश्वरले पुर्खाहरूको अधर्मको निम्ति तेस्रो र चौथो पुस्तासम्म तिनीहरूका सन्तानहरूलाई दण्ड दिन्छु भन्ने चेताउनी दिनुभएको रहेछ (प्रस्थान २०:५ र ३४:७; गन्ती १४:१८; व्यवस्था ५:९)। हामीलाई निको लागोस् अथवा निको नलागोस्, तर आत्मिक जगत्मा अत्मिक नियमहरू लागू हुन्छन् नै। अनि यी नियमहरूअनुसार मानिसका पापहरूले त्यस मानिसको परिवारमा आफ्नै प्रतिफल ल्याउने गर्छन्। हरेक मानिसको चारैतिर अरू मानिसहरू छन्; ऊ एकलै छैन। यसकारण उसका कर्महरूको प्रतिफलले उसलाई मात्र होइन, तर अरूलाई पनि असर पार्छ-पार्छ।

हामी आज 'परमप्रभुको ग्रहणयोग्य वर्ष' नामक युगमा बाँचिरहेका छौं। तर यो अनुग्रहको युग बितिजान्छ; त्यसपछि 'परमेश्वरको बदला लिने दिन' शुरु हुनेछ (यशैया ६१:२)। अनि त्यही समयमा परमेश्वरका जनहरूका ओठबाट फेरि यी अभिशापका भजनहरूका शब्दहरू सुनिनेछन्। हामी यसको उदाहरण दिन्छौंः सङ्कष्टकालमा शहीद भएकाहरूले यसो भन्नेछन्ः *'हे मालिक, हे पवित्र र सत्य, कहिलेसम्म तपाईंले न्याय गर्नुहुन्न र पृथ्वीमाथि बस्नेहरूबाट हाम्रो रगतको बदला लिनुहुन्न ?'* (प्रकाश ६:१०)।

आउनुहोस्, यस सम्बन्धमा यो अन्तिम तर्क सुन्नुहोस्! यी भजनहरूमा व्यक्त गरिएका कठोरभन्दा कठोर श्रापहरूले केही मात्रामा उहाँको गुण फर्काउन हाम्रो हृदय तयार गरून्, जसले हामीलाई लाग्नुपर्ने हरेक श्राप आफ्नो शरीरमा लादेर क्रूसमाथि बोकेर लैजानुभयो, यस हेतुले कि हामी अनन्तसम्म पापको श्रापबाट, साथै अरूलाई सराप्ने आदतबाट पनि सधैंको निम्ति छुटकारा पाऔं। यी भजनहरूमा उल्लेख गरिएका सबै दण्डहरू एकमुस्ट पार्नु हो भने त क्रूसमा हाम्रो स्थान लिनुभएको प्रभु येशूमाथि आइपरेका सजायहरूको थुप्रो कति पो थियो, सो विषयमा हामी एउटा कमजोर, हल्का प्रतिच्छाया देख्छौं।

## भजन ११०ः दाऊदका पुत्र दाऊदका प्रभु हुनुहुन्छ

दाऊदको यस भजनको छुट्टै स्थान छ; किनकि नयाँ नियमको पुस्तकमा पुरानो नियमको अरू कुनै खण्डभन्दा बढ़ी यस भजनबाट उद्धृत गरिएको छ वा यससित बढ़ी सन्दर्भ जोड़िएको छ। कुरा सुस्पष्ट छ; यो भजनचाहिँ मसीहसित सम्बन्ध राख्ने भजन हो; यसको शुरुमा महिमित हुनुभएको मसीह परमेश्वरको दाहिने हातपट्टि बस्नु-भएको दर्शन छ भने, त्यसपछि महिमाको राजा भएर पृथ्वीमा फर्केर आउनुहुने मसीहको दर्शन प्रस्तुत गरिएको छ, जसले राजदण्ड आफ्नो हातमा लिएर सारा पृथ्वीमाथि राज्य गर्नुहुनेछ। अन्तमा मसीहलाई चाहिँ मेल्किसेदेकको रीतिअनुसार अनन्त महा-पूजाहारीको रूपमा चित्रण गरिएको छ।

**भजन ११०:१ः** यस भजनको पहिलो पदमा दाऊदले परमप्रभुका शब्दहरू उद्धृत गरेका छन्, जुन शब्दहरू परमप्रभुले तिनका प्रभुलाई भन्नुभएको थियोः *'जबसम्म म तिम्रा शत्रुहरूलाई तिम्रो पाउदान बनाउँदिनँ, तबसम्म तिमी मेरो दाहिने हातपट्टि बस !'* 'परमप्रभु' र 'प्रभु'को बीचमा छुट्ट्याएर यहाँ दुईजना भिन्न-भिन्नै व्यक्तिहरूको विषयमा कुरा गरिएको बोधचाहिँ यहाँ बुझ्ने चाबी ठहरिएको छ। 'परमप्रभु' भन्ने शब्दले यहोवा वा यह्वेलाई [75] सङ्केत गरेको छ; यसमा शङ्का छैन। अनि अर्को 'प्रभु' भन्ने शब्द 'अदोन' भन्ने हिब्रू शब्दको अनुवाद हो, जसको अर्थ 'मालिक' वा 'शासक' हो। अनि यो 'अदोन' भन्ने शब्द कहिलेकाहीं

परमेश्वरको निम्ति, कहिलेकाहीं मानव मालिकको निम्ति प्रयोग गरिएको छ। यसर्थ यस शब्दको शाब्दिक अर्थले सधैं परमेश्वरलाई सङ्केत गर्दैन रहेछ। यसो भए पनि यस भजनमा पछिबाट के बुझिन्छ भने दाऊदको प्रभुचाहिँ परमेश्वरसित बराबर हुनुभएको व्यक्ति पो हुनुहुन्थ्यो।

यो प्रभु येशूको कुनै विशेष दिनको कुरा होः उहाँ यरूशलेममा फरिसीहरूसँग कुरा गर्दै हुनुहुन्थ्यो। अनि उहाँले तिनीहरूलाई सोध्नुभयोः 'तिमीहरूको विचारमा मसीह को हुनुहुन्छ? प्रतिज्ञाअनुसार उहाँ कुन वंशको हुनुहुन्छ?' तब तिनीहरूले उहाँलाई सठीक उत्तर दिएः 'उहाँ दाऊदका पुत्र हुनुहुनेछ।' तब भजन ११० अनुसार मसीह दाऊदको प्रभु हुनुहुनेछ भन्ने कुरा प्रभु येशूले तिनीहरूलाई बुझाइदिनुभयो; (तिनीहरूले भजन ११० मसीहको सम्बन्धमा लेखिएको भजन मान्थे)। यसो हो भने, मसीह कसरी एकै समयमा दाऊदको पुत्र पनि र दाऊदको प्रभु पनि हुन सक्नुहुन्छ त? अरे, यस पृथ्वीमा राजा दाऊदको पनि प्रभु हुने कसरी? ती महान् व्यक्ति को हुनुहुनेथियो होला र?

यस प्रश्नको सही उत्तर के थियो भने, मसीहचाहिँ परमेश्वर पनि र मानिस पनि हुनुहुनेथियो। परमेश्वर भएर उहाँ दाऊदको प्रभु हुनुहुन्थ्यो, अनि मानिस भएर उहाँ दाऊदको पुत्र हुनुहुनेथियो। अनि येशूचाहिँ दाऊदको मालिक र दाऊदको पुत्र हुनुहुन्थ्यो, किनकि उहाँ परमेश्वर र मानिस हुनुहुन्थ्यो।

फरिसीहरूको निम्ति यो कति निर्णायक क्षण थियो! तर यस दाबीको निम्ति अचूक प्रमाणहरू हुँदा-हुँदै पनि तिनीहरू प्रभु येशूलाई उहिलेदेखि प्रतीक्षा गरिनुभएको मसीहको रूपमा स्वीकार गर्न इच्छुक भएनन्, तयार भएनन्। तब यस्तो लेखिएको छः *'अनि कसैले पनि उहाँलाई एक शब्द धरि जवाफ दिन सकेन; अनि त्यस दिनदेखि उसो कसैले पनि उहाँलाई अरू कुनै प्रश्न गर्ने आँट गरेन'* (मत्ती २२ः४१-४६; मर्कूस १२ः३५-३७; लूका २०ः४१-४४)।

नयाँ नियमका लेखकहरूले शङ्का गर्न कुनै ठाउँ राखेनन्, तर परमेश्वरको दाहिने हातपट्टि बस्नुहुनेचाहिँ नासरतको येशू हुनुहुन्छ भन्ने कुरा स्पष्टसँग बताइदिए (मत्ती २६ः६४; मर्कूस १४ः६२ र १६ः१९; लूका २२ः६९; प्रेरित २ः३४-३५, ५ः३१, ७ः५५-५६; रोमी ८ः३४; १ कोरिन्थी १५ः२४ पददेखि; एफिसी १ः२०; कलस्सी ३ः१; हिब्रू १ः३ र १३, ८ः१, १०ः१२-१३ र १२ः२; १ पत्रुस ३ः२२; प्रकाश ३ः२१)। यसर्थ भजन ११०ः१ पदले हामीलाई त्यही बताउँछ, जुन कुरा परमप्रभुले प्रभु येशूलाई उहाँको स्वर्गारोहण हुनुभएको दिनमा, उहाँ परमेश्वरको दाहिने हातपट्टि बस्नुभएको बेलामा भन्नुभयो। अहिले उहाँ त्यहीं हुनुहुन्छ। तर कहिलेसम्म उहाँ त्यहाँ बस्नुपर्छ? उहाँका शत्रुहरू उहाँको पाउदान नबनुन्जेल उहाँ त्यहाँ बस्नुहुँदो रहेछ।

**भजन ११०ः२ः** एक र दुई पदको बीचमा एउटा अन्तराल समय छ, जुन अन्तराल समयको नाम श्री एच. ए. आइरनसाइडले 'ठूलो कोष्टक'[76] राखेका छन्। तिनले यस नामले मण्डलीको युग सङ्केत गर्न खोजे, जुन मण्डलीको युग ख्रीष्ट येशूले स्वर्गको सिंहासन ग्रहण गर्नुभएको दिनदेखि उहाँको दोस्रो आगमनसम्म जान्छ। अनि दुई पदमा आएर हामीले के चाल पाउँछौं भने, परमप्रभुले सियोनबाट मसीहको राजदण्ड पठाउनुहुनेछ। अर्को शब्दमा भन्नु हो भने, परमप्रभुले ख्रीष्ट येशूलाई यरूशलेममा राजाको रूपमा स्थापित गर्नुहुनेछ; अनि यरूशलेम उहाँको राजधानी हुनेछ। अनि राजदण्डचाहिँ राजकीय अधिकारको चिन्ह हो। ख्रीष्ट येशूलाई सारा पृथ्वीमाथि राज्य

गर्ने अधिकार दिइएको छ; अनि उहाँले आफ्ना शत्रुहरूको बीचमा शासन गर्नुहुनेछ।

*'आफ्ना शत्रुहरूको बीचमा शासन गर!'* त्यस समयभन्दा अगाड़ि प्रभु येशूले आफ्ना शत्रुहरूलाई नाश गरिसक्नुहुनेछ, जसको सुधार हुन सकेन। तर यहाँ लेखिएको कुरा उहाँका शत्रुहरूलाई नाश गर्ने सन्दर्भ नै होइन; तर यसको सन्दर्भ ती शत्रुहरू हुन्, जसमाथि उहाँले शासन गर्नुहुनेछ, किनकि उनीहरू उहाँका मित्रहरू भएका छन् र खुशीसाथ आफूमाथि उहाँको शासन-अधिकार स्वीकार गर्छन्।

**भजन ११०:३:** अनि उक्त कुरा यस तीन पदले पुष्टि गरेको छ। उहाँले यस पवित्र पर्वतमाथि आफ्नो सेनाको नेतृत्व गर्नुभएको दिनमा उहाँको प्रजा पूरा इच्छुक हुनेछ। अथवा एन.के.जे.वी.को अनुवादअनुसार 'तपाईंको प्रजा तपाईंको पराक्रमको दिनमा पवित्रताको सुन्दरतामा इच्छुक हुनेछ।' यसर्थ एउटा पूरा इच्छुक भएको प्रजाले पवित्र पहिरनमा आफ्ना राजालाई हार्दिक स्वागत जनाउनेछ। यस सम्बन्धमा श्री अल्बर्ट बार्नेसले यसो लेखेका छन्: 'तिनीहरूले आफ्नो जीवन र व्यवहारबाट पवित्र र शुद्ध चरित्रको सम्पूर्ण सुन्दरता र आकर्षण प्रकट गर्नेछन्।'

अनि तीन पदको अन्तिम खण्ड अनुवादकहरू र टिप्पणीकारहरूको निम्ति कष्टपूर्ण ठहरिएको छ। आउनुहोस्, हामी श्री डब्ल्यू. ग्रहम स्क्रोग्गीले गरेको भावानुवाद सुनौं, जसले यस पदको खण्ड निम्न प्रकारले अनुवाद गरेका छन्:

'जसरी प्रभातबाट शीतको जन्म हुन्छ, त्यसरी नै तपाईंको सेना तपाईंकहाँ आउनेछ, जसको सङ्ख्या धेरै छ, र जुन सेना फूर्तिलो, चम्किलो र शक्तिशाली छ।' 77)

**भजन ११०:४:** प्रभु येशूको राज्यका विशेषताहरूमध्ये एक अद्‌भुत विशेषताचाहिँ के हो भने, प्रभु येशू राजा र पूजाहारी हुनुहुनेछ; उहाँले यी दुईवटा पदहरू एकसाथ सम्हाल्नुहुनेछ। मानव शासकहरूको सम्बन्धमा अधिकारहरूको यस प्रकारको जोड़ी ज्यादै खतरनाक ठहरिएको हुन्छ। धेरै समयदेखि चर्को आवाजको साथ 'मण्डली र सरकार छुट्टै हुनुपर्छ' भनेर गरिएको माग कारणहीन र बिनसित्तिको होइन है। तर प्रभु येशू शासक हुनुभएको बेलामा यी अधिकारहरूको योग उत्कृष्ट हुनेछ। तब उहाँको भ्रष्टाचारमुक्त सत्ता र उहाँको आत्मिक पूजाहारी-सेवाचाहिँ संसारको सर्वोच्च प्रशासन ठहरिनेछ, जसको निम्ति मानिसहरूको तीव्र इच्छा त थियो, तर यस प्रकारको प्रशासन तिनीहरूले त्यस दिनसम्म कहिल्यै देख्न पाउँदैनथिए।

चार पदमा हामी ख्रीष्टको पूजाहारी-सेवाको विषयमा चारवटा कुराहरू सिक्छौं:

**क)** परमप्रभुको शपथअनुसार उहाँ पूजाहारी हुनुभयो।

**ख)** अनि यो ईश्वरीय नियुक्ति कहिल्यै अदलबदल हुनेछैन।

**ग)** उहाँको पूजाहारी-पद अनन्त हुनेछ।

**घ)** यो पद मेल्किसेदेकको रीतिमुताबिक हुन्छ।

'मेल्किसेदेकको रीतिमुताबिक' भन्ने वाक्यांशको अर्थ हाम्रो निम्ति हिब्रूको पुस्तकका पाँच अध्यायदेखि सात अध्यायसम्म खोलिएको छ। त्यस खण्डमा मेल्किसेदेकको पूजाहारी-पद हारूनको पूजाहारी-पद अर्थात् लेवीय पूजाहारीगिरीसित तुलना गरिएको छ र यी दुईवटा सेवाको बीचमा भिन्नताहरू के-के थिए, सो प्रस्तुत गरिएको छ।

व्यवस्थाअन्तर्गत परमेश्वरले लेवी-वंशका मानिसहरूलाई र विशेष गरी हारूनको घरानाकाहरूलाई पूजाहारी-सेवाको निम्ति नियुक्त गर्नुभयो। उनीहरूको पूजाहारीगिरी

उनीहरूको वंशभित्र रहन्थ्यो, र पूजाहारी-विशेषको मृत्युमा तिनको पूजाहारी-सेवा टुङ्गिन्थ्यो।

तर यी रहस्यमय मानिस मेल्किसेदेकको पूजाहारी-पद र यसको नियुक्ति परमेश्वरको सर्वाधिकारमा भएको थियो। यो पद उनले आफ्ना बुबाआमाबाट अंशको रूपमा पाएनन् – उनी, जो हिब्रू ७:३[क] पदअनुसार विनापिता, विनामाता, विनावंशका थिए; अनि उनको पूजाहारी-पदको शुरु वा अन्तको विषयमा कुनै कुरा लेखिएको छैन, *'जसका न दिनहरूको शुरु थियो, न जीवनको अन्त थियो'* (हिब्रू ७:३[ख])। यी कुराहरूमा र अन्य तरिकाहरूले मेल्किसेदेकको पूजाहारी-पद लेवीको पूजाहारीगिरीभन्दा श्रेष्ठ थियो। अनि यी मेल्किसेदेक प्रभु येशूको पूर्व-नमुना थिए। किनकि हाम्रा प्रभु येशूको पूजाहारी-पद पैतृक अंशको कुरा थिएन; उहाँ यहूदा-कुलको हुनुहुन्थ्यो, लेवीको होइन। उहाँको पूजाहारी-पद परमेश्वरको सर्वाधिकारको अनन्त उर्दीमा सुरक्षित छ; अनि उहाँको पूजाहारी-पदको अन्त कहिल्यै हुनेछैन; किनभने अनन्त जीवनको शक्तिअनुसार उहाँ सदैव जीवित रहिरहनुहुनेछ।

यी मेल्किसेदेकले मसीहको पूर्वसङ्केत गरेको अर्को कुरा पनि छः उनी राजा र पूजाहारी थिए। उनको नाम र उनको उपाधिले यो कुरा सूचित गर्छन्; किनकि उनी धार्मिकताको राजा र शान्तिको राजा थिए (हिब्रू ७:२)। अनि उनी सर्वोच्च परमेश्वरको पूजाहारी पनि थिए (उत्पत्ति १४:१८)।

**भजन ११०:५ः** यस भजनका अन्तिम तीनवटा पदहरूले प्रभु येशूलाई पराक्रमी विजेताको रूपमा चित्रण गर्छन्, जसले आफ्नो शासन शुभारम्भ गर्नुभन्दा अघि सबै अराजकता र विद्रोह आफ्ना पाउमनि पार्नुहुनेछ। यी पदहरूमा कसले कससँग कसको विषयमा कुरा गरेको? यदि यी पदहरूमा परमप्रभुलाई सम्बोधन गरिएको र मसीह राजाको विषयमा कुरा गरिएको अनुमान गरेमा यी पदहरूमा देखा परेको समस्या धेरै हदसम्म हल हुन्छ। यसो हो भने, *'तपाईंको दाहिने हाततर्फ हुनुहुने प्रभुले आफ्नो क्रोधको दिनमा राजाहरूलाई टुक्रा-टुक्रा पार्नुहुनेछ'* भन्ने पाँच पद यस प्रकारले पढ़िन्छः

'परमप्रभु, तपाईंको दाहिने हातपट्टि प्रभु येशू हुनुहुन्छ; उहाँले आफ्नो क्रोधको दिनमा राजाहरूलाई मृत्युदण्ड दिनुहुनेछ।'

**भजन ११०:६ः** योएल ३:९-१७, जकरिया १४:३ र प्रकाश १९:११-२१ पदका खण्डहरूमा प्रकट गरिएको पूर्वदर्शनअनुसार प्रभु येशू अन्यजातिहरूको विरुद्धमा प्रयाण गरेर निस्कनुहुनेछ। उहाँले अन्यजातिहरूको बीचमा न्यायको काम गर्नुहुनेछ र जताततै तिनीहरूका लाशहरू सोतर पार्नुहुनेछ। त्यसपछिको *'उहाँले धेरै देशका टाउकेहरूलाई घायल पार्नुहुनेछ'* भन्ने वाक्यचाहिँ 'उहाँले विशाल देशको शिर प्रहार गर्नुहुनेछ' भनेर अनुवाद गर्न सकिन्छ। तब यसको सन्दर्भ त्यो पापको पुरुष हो, जसलाई प्रभुले आफ्नो मुखको सासले भस्म पार्नुहुनेछ र आफ्नो आगमनको तेजले नाश गर्नुहुनेछ (२ थेस्सलोनिकी २:८)।

**भजन ११०:७ः** राजाले आफ्ना शत्रुहरूको विरुद्धमा निस्किरहनुभएको बेलामा बाटोको किनारमा बगिरहेको खोलाबाट पानी पिउनुहुनेछ। अनि 'पानी'चाहिँ पवित्र बाइबलमा प्रायः पवित्र आत्माको प्रतीक हो (यूहन्ना ७:३८-३९); यसकारण यसबाट प्रभु येशू पवित्र आत्माको सेवकाइद्वारा ताजा हुनुभएको र उहाँले नयाँ शक्ति पाउनुभएको सुझाउ आउँछ। त्यसपछि उहाँले विजयमा आफ्नो शिर उठाउनुहुनेछ। अहो, उहाँले शिर उठाउनुभएको कारण यो पो हुँदो रहेछ!

## भजन १११ः परमप्रभुका अचम्मका कामहरू

भजन १११ भरि तीनवटा सूत्रहरू छन्, जस्तैः

**क)** परमप्रभुका कामहरू (भजन १११ः २, ३, ४, ६ र ७)।

**ख)** परमप्रभुका वचनहरू, जसका समानार्थी शब्दचाहिँ वाचा (भजन १११ः५ र ९) र आज्ञाहरू हुन् (भजन १११ः७)।

**ग)** परमप्रभु को हुनुहुन्छ? उहाँले के-के काम गर्नुहुन्छ? उहाँको अनन्त गुण यस भजनको तेस्रो सूत्र हो (भजन १११ः ३, ५, ८, ९ र १०)।

हिब्रू भाषामा यो भजन वर्णको क्रमअनुसार राखिएको अक्षरबद्ध भजन हो। एक पददेखि आठ पदसम्म दुई-दुई हरफ छन्। अनि अन्तिम दुई पदहरूमा तीन-तीन हरफ छन्; जम्म बाइसवटा हरफहरू छन्। अनि यी बाइसवटा हरफहरूमा हरेक हरफ हिब्रू वर्णमालाको क्रमानुसारको अक्षरबाट शुरु हुन्छ।

यस भजनको विषयवस्तुचाहिँ सिंहासनमा विराजमान हुनुहुने ख्रीष्टका सद्‌गुणहरू अथवा उहाँका सर्वश्रेष्ठताहरू हुन्। इस्राएली जातिले उहाँकै स्तुतिगान गाइरहेको छ, जसले उनीहरूलाई मिस्र देशको दासत्व र बेबिलोनको कैदरूपी अन्धकारबाट बोलाएर उनीहरूलाई आफ्नो अचम्मको ज्योतिमा ल्याउनुभयो।

**भजन १११ः१ः** यो भजन 'हल्लेलूयाह'-बाट शुरु हुन्छ अर्थात् परमप्रभुको प्रशंसा गर्ने आह्वानबाट शुरु हुन्छ। अनि यो आह्वान उहाँका विश्वासयोग्य जनहरू सबैको निम्ति हो। त्यसमा भजनकारले परमप्रभुको प्रशंसा गर्ने आफ्नो दृढ़ सङ्कल्प थपेका छन्। तिनले यस पवित्र कार्यमा कुनै अवरोध र ध्यानभङ्ग पार्ने कुरा आउन दिनुहुँदैन। चाहे विश्वासी-हरूका स-साना जमघटहरूमा होस्, चाहे धेरै मानिसहरू भेला भएका आम-सभाहरूमा होस्, तिनले उहाँको प्रशंसा गर्ने नै छन्। चाहे व्यक्तिगत होस्, चाहे सार्वजनिक होस्, तिनी यस पवित्र काममा लागिपर्नेछन्।

**भजन १११ः२-३ः** परमप्रभुका कामहरूको वर्णनमा चारवटा बुँदाहरू पेश गरिएका छन्, जुन बुँदाहरू उहाँका सबै कामहरूको विषयमा सत्य छन्। तर पुरानो नियमको समयमा जिउने यहूदीहरूको निम्ति मिस्र देशबाट भएको छुटकाराचाहिँ परमेश्वरका कामहरूको चरमविन्दु हुन्थ्यो। **क)** परमप्रभुका कामहरू महान् छन्; **ख)** उहाँका कामहरूमा अभिरुचि राख्नेहरू सबैले तिनको लाभदायक अध्ययन गर्नेछन्। **ग)** उहाँका कामहरू उहाँको महिमा र प्रतापका प्रभावकारी प्रदर्शनहरू हुन्छन्; अनि **घ)** उहाँको धार्मिकता सदा-सर्वदा रहिरहन्छ।

**भजन १११ः४-५ः** इस्राएलीहरूले थुमाको रगतद्वारा पाएको छुटकाराको एउटा स्थायी सम्झाउनी – उहाँको अनुग्रह र कृपाको स्थायी सम्झना पाऊन् भन्ने हेतुले परमप्रभुले निस्तार चाड़ स्थापित गर्नुभयो। अनि प्रभु-भोज दिएर परमेश्वरले हाम्रो निम्ति निस्तारको पाठोभन्दा उत्तम थुमाको रगतद्वारा पाएको मुक्तिको सम्झना गर्ने पवित्र विधि छोड्नुभयो। यो त उहाँ कति अनुग्रहकारी र दयाले परिपूर्ण हुनुहुँदो रहेछ, सो कुरा भुल्न नसकिने अमर स्मृति हो। तर हुन सक्छ, पाँच पदको सन्दर्भ सायद इस्राएलीहरूले उजाड़स्थानको यात्रा गरिरहेको बेलामा परमेश्वरले उनीहरूको निम्ति अलौकिक रीतिले भोजनको प्रबन्ध गर्नुभएको कुरा होला। उनीहरू उहाँको वाचाबद्ध प्रजा हुन् भन्ने कुरा उहाँले कहिल्यै भुल्नुभएन। तर उहाँले हामीलाई गर्नुभएका प्रतिज्ञाहरूको

सम्बन्धमा उहाँ सधैँभरि विश्वासयोग्य हुनुहुन्छ; यो बिलकुल सत्य कुरा हो।

**भजन १११ः६ः** उहाँले आफ्ना जनहरूलाई आफ्ना प्रतापी कामहरूको अर्को प्रदर्शन दिनुभयो; किनकि उहाँले कनानीहरूको हातबाट तिनीहरूको देश खोस्नुभयो र आफ्ना जनहरूलाई सुरक्षासाथ प्रतिज्ञाको देशभित्र ल्याइपुऱ्याउनुभयो। भजनकारले यहाँ प्रतिज्ञाको देशलाई 'अन्यजातिहरूको अधिकारको भाग' भन्ने नाम दिए।

**भजन १११ः७-८ः** परमेश्वर विश्वास-योग्य र धर्मी हुनुहुन्छ; उहाँका सबै कामहरूले यो कुरा स्पष्टसँग देखाउँछन्। अनि उहाँका सबै आज्ञाहरू पूरा भरपर्दा हुन्छन्। उहाँले आफ्ना प्रतिज्ञाहरू सदैव कायम राख्नुहुन्छ, अनि पूरा विश्वासयोग्यता र इमानपूर्वक आफ्ना प्रतिज्ञाहरू पूरा गर्दै हुनुहुन्छ। मिस्र देशबाट प्रस्थान गरिएको बेलामा उहाँले आफ्नो जनहरूलाई छुटकारा पठाउनुभयो; अनि उनीहरूलाई बेबिलोनको कैदबाट फर्काएर ल्याउनुभएको बेलामा उहाँले पछि फेरि आफ्नो प्रजाकहाँ छुटकारा पठाउनुभयो। अनि उहाँको महिमित राज्य शुरु हुनुभन्दा अघि उहाँले फेरि पनि छुटकारा पठाएर इस्राएलका बाह्र कुलहरूलाई इस्राएल देशमा फर्काएर ल्याउनुहुनेछ। यो सब उहाँको वाचाअन्तर्गतको आशिष हो; यसकारण यो कहिल्यै विफल हुनेछैन। उहाँको नाम पवित्र र भययोग्य छ, अँ, श्रद्धा गर्न योग्य छ। उहाँको नाम यस्तै छ भने त उहाँ झन् पवित्र, भययोग्य र श्रद्धाभक्तिको योग्य हुनुहुन्छ।

**भजन १११ः१०ः** अनि जुन मानिसले उहाँको श्रद्धाभक्ति मात्र जान्दछ, त्यही मानिस मात्र बुद्धि-मार्गमा हिंड्न थालेको रहेछ। किनकि जति बढ़ी हामी उहाँको आज्ञापालन गर्छौं, त्यति नै बढ़ी उहाँले हामीलाई प्रकाश दिनुहुन्छ। आज्ञाकारिताचाहिँ आत्मिक ज्ञान हासिल गर्ने ज्ञानेन्द्रिय हो।

उहाँ सदा-सर्वदा स्तुतिको योग्य हुनु-हुन्छ।

## भजन ११२ः धर्मी जनले पाउने इनामहरू

**भजन ११२ः१ः** अक्षरबद्ध रचना र आत्मिक शिक्षाको सम्बन्धमा अघिको भजन र यस भजनको बीचमा नजिकको सम्बन्ध छ। किनकि जहाँ भजन १११ टुङ्गियो, त्यहाँबाट यस भजनमा कुरा उठाइन्छ र निरन्तरता दिइन्छ। परमेश्वरको भय मान्ने मानिस यसको सन्दर्भ हो, जसले बुद्धि प्रयोगमा ल्याउँछ। भजन १११ मा परमप्रभुको विषयमा भनिएका केही कुराहरू यहाँ भक्त जनको विषयमा पनि भनिएका छन्। भजन १११ मा हामीले धार्मिकताको सूर्य आफ्नो सारा प्रतापमा प्रकाशमान हुनुभएको देखेका छौं भने, यहाँचाहिँ हामी त्यस ख्रीष्ट-विश्वासीलाई चन्द्रमाजस्तै देख्छौं, जसमा उहाँको महिमा प्रतिबिम्बित हुन्छ। प्रभुको सुन्दरता नियालेर हेर्ने ख्रीष्ट-विश्वासी पवित्र आत्माद्वारा त्यही सुन्दरतामा बदली हुँदै जान्छ (२ कोरिन्थी ३ः१८)।

'हल्लेलूयाह!' 'याहको स्तुति गर!' यी शब्दहरूबाहेक भजनकारको मनका भावनाहरू व्यक्त गर्ने अरू शब्द छैनन्। किनकि तिनले घरिघरि 'हल्लेलूयाह, 'हल्लेलूयाह!' भन्दा रहेछन्। तिनले यसरी हाम्रो निम्ति एउटा असल उदाहरण छोड़ि-राखेका छन्।

अनि त्यो धन्य मानिस को होला त? परमप्रभुको भय मान्ने र उहाँको अधीनतामा बस्ने मानिस धन्यको हो, जो उहाँका आज्ञाहरूमा अति प्रसन्न रहन्छ, र त्यो कुरा उहाँका आज्ञाहरू पालन गरेर प्रमाणित गर्छ। उसले व्यावहारिक भक्तिले पूर्ण आफ्नो जीवनबाट निम्न लाभहरू उठाउँछ, जस्तैः

**भजन ११२ः२ः** *क) सम्मानित सन्तानहरू।* उसका वंशले अधिकार र प्रतिष्ठापूर्ण स्थानहरू ओगट्नेछन्। तिनीहरू आफ्ना भक्त पितापुर्खाहरूले गर्दा सम्मानित हुनेछन्। (तर मण्डलीको युगमा यी आशिषहरू यिनको भौतिक अर्थमा होइन, तर यिनका आत्मिक प्रतिरूपको अर्थमा लिनु बुद्धिमानी ठहर्ला)।

**भजन ११२ः३ः** *ख) समृद्धि।* परमेश्‍वरको वचनप्रति देखाइएको आज्ञाकारिताले मानिस-हरूलाई नोक्सानी र गरिबीबाट बचाउँछ; यो प्रायः सर्वमान्य साँचो कुरा हो। उसको धार्मिकताचाहिँ उसको इमानदारी, उसको परिश्रम र उसको मितव्ययिता हो, जसका असल नतिजाहरू टाढ़ा-टाढ़ाका पुस्ताहरू-सम्म रहिरहनेछन्।

**भजन ११२ः४ः** *ग) ज्योति सुनिश्‍चित छ।* सारा अन्धकारको प्रभावबाट प्रतिरक्षा पाउने आश्‍वासन दिइएको छैन। तर परमेश्‍वरको प्रतिज्ञाअनुसार अन्धकारमा ज्योति उदाउँदो रहेछ! जीवनमा अन्धकारमय समयहरू आउँछन्, जुन अँध्यारा समयहरूमा परमप्रभुले आफूलाई अनुग्रहकारी, दयालु र धर्मी सबित गराउनुहुनेछ।

**भजन ११२ः५-६ः** *घ) उदारता।* उदारचित्तको मानिसको शुभ लाभ हुन्छ, किनकि उसले खाँचोमा परेकाहरूलाई उधारो दिन अस्वीकार गर्दैन; तर तिनीहरूको खाँचो वास्तविक हुनुपर्छ। अनि उसले आफ्ना कामकुराहरू सुझबुझले सञ्चालन गर्छ र न्यायसङ्गत व्यवहार गर्छ। उसको जीवन एउटा स्थिर जगमाथि बसालिएको हुन्छ; अनि ऊ परलोकमा गएपछि पनि लामो समयसम्म उसको सम्झना रहिरहनेछ।

**भजन ११२ः७ः** *ङ) एउटा डरबाट मुक्त जीवन।* नराम्रा समाचारहरूबाट उसलाई केको डर! उसले व्यापारमा भइरहेका घाटा-भाटा र प्राकृतिक प्रकोपहरू आदिको डर मानिरहनुपर्दैन। किनकि उसले परमप्रभुमाथि भरोसा राखिरहेको हुन्छ; र 'परमेश्‍वरको इच्छाबाहेक अरू केही पनि मेरो जीवनमाथि आइपर्दैन' भन्ने कुरामा ऊ सुनिश्‍चित छ।

**भजन ११२ः ८ः** *च) उसको आक्रमण हुँदा उसमा भएको ढुक्कैपन।* हो, उसका शत्रुहरूले पनि उसको सन्तुलन र शान्ति भङ्ग गर्न सक्दैनन्। केही क्षणको लागि तिनीहरूको जीत होला जस्तै देखा परे पनि तिनीहरूको पतन अवश्यै हुन्छ र जीत उसकै हुनेछ भन्ने कुरामा ऊ विश्‍वस्त हुन्छ।

**भजन ११२ः९ः** *छ) फल फलिरहने फलवन्त र आदरले पूर्ण जीवन।* उसले उदारचित्तले गरिबहरूलाई दया देखाएको हुनाले उसको कल्याणका नतिजाहरूको सम्झना कहिल्यै मेटिनेछैन। उसको सिङ शर्मले झुक्नुपर्नेछैन; (सिङचाहिँ शक्तिको प्रतीक हो)। होइन, तर उसको शिरमाथि बधाई र स्यावासीरूपी मुकुट लगाइनेछ। २ कोरिन्थी ९ः९ पदमा प्रेरित पावलले यो पद उद्धृत गरेका छन् र यसरी उदारतामा स्थायी लाभहरू हुन्छन् भन्ने कुरा देखाएका छन्।

**भजन ११२ः१०ः** *ज) दुष्टहरूको डाह सुनिश्‍चित छ।* भक्त जन अन्तमा धर्मी ठहरिनेछ र उसले स्थायी सम्मान पाउनेछ; यो देखेर दुष्टहरू लाज र ईर्ष्याले भुतुक्कै हुनेछन्। तिनीहरूले रिसले दाह्रा किट्नेछन्, त्यसपछि तिनीहरूमा गड़बड़ी आउनेछ र तिनीहरू लोप हुँदै जानेछन्। जुन-जुन कुराहरूको निम्ति तिनीहरू जिइरहेका थिए, ती सबै कुराहरू तिनीहरूसँग नाश हुनेछन्। यस सिलसिलामा श्री अल्बर्ट बार्नेसले यसो भन्दै टिप्पणी गरेका छन्:

> 'यस भजनमा धर्मी जनहरूको विषयमा जे भनिएको छ, त्यो कति फरक रहेछ। उनीहरूको समृद्धि हुनेछ; उनीहरू सुखी हुनेछन्। उनीहरूले आफ्ना योजनाहरू पूरा गर्न पाउनेछन्; आफ्नो जीवनकालमा उनीहरूको

सम्मान गरिनेछ, अनि उमीहरूको मरणपछि पनि उनीहरू सम्झनामा रहनेछन्; उनीहरूको जीवनका सबैभन्दा अँध्यारा घड़ीहरूमा परमेश्वरले उनीहरूको पक्षमा काम गर्नुभएको उनीहरूले अनुभव गर्नेछन्; खतरा र सङ्कष्टका दिनहरूमा उनीहरू स्थिर र शान्त हुनेछन्; उनीहरूले परमप्रभुमाथि भरोसा राख्नेछन्, र सबै कुराहरू ठीकठाक भइहाल्नेछन्। यसकारण परमेश्वरको मित्र हुन पाएकोमा उनीहरूलाई कति फाइदा भएको रहेछ !' [78)]

## भजन ११३ः परमप्रभु यति महान्, र पनि यति अनुग्रहकारी हुनुहुन्छ !

**भजन ११३ः१-६ः** यस भजनका पहिला पाँचवटा पदहरूमा परमेश्वर अति उच्च हुनुभएको व्यक्तिको रूपमा प्रस्तुत गरिनुभएको छ भने, यसका अन्तिम चारवटा पदहरूमा उहाँले अत्यन्तै नजिक हुनुभएको व्यक्तिको रूप लिनुभएको छ।

हो, हाम्रा परमेश्वर अति उच्च हुनुहुन्छ; यसकारण उहाँ प्रशंसाको योग्य हुनुहुन्छ।

**क)** कसले उहाँको प्रशंसा गर्नुपर्छ ? उत्तरः उहाँका सबै दासहरूले उहाँको प्रशंसा गर्नुपर्छ (पद १)।

**ख)** हामीले कसरी उहाँको प्रशंसा गर्नुपर्छ ? उत्तरः हामीले उहाँको नाम धन्यको भन्नुपर्छ। उहाँ जे-जस्तो हुनुहुन्छ, त्यो सबको निम्ति उहाँको गुणानुवाद गर्नुपर्छ (पद २क)।

**ग)** हामीले कतिपल्ट उहाँको प्रशंसा गर्नुपर्छ ? उत्तरः हामीले अहिले र सदा-सर्वदा निरन्तर उहाँको प्रशंसा गर्नुपर्छ (पद २ख)।

**घ)** हामीले कहाँ उहाँको प्रशंसा गर्नुपर्छ ? उत्तरः यस संसारमा जहींतहीं हामीले सूर्योदय हुने देशदेखि लिएर सूयर्मास्त हुने देशसम्म उहाँको प्रशंसा गर्नुपर्छ (पद ३क)।

**ङ)** हामीले केको निम्ति उहाँको प्रशंसा गर्नुपर्छ ? उत्तरः **अ)** हामीले उहाँको महानताको निम्ति उहाँको प्रशंसा गर्नुपर्छ; उहाँ सबै जातिहरूभन्दा उच्च हुनुहुन्छ; अनि उहाँको महिमा आकाशभन्दा उच्च छ (पद ४)। **आ)** हामीले उहाँको अद्वितीयताको निम्ति उहाँको प्रशंसा गर्नुपर्छ। उहाँको तुलनामा कोही पनि आउन सक्दैन। उहाँ उच्च सिंहासनमाथि विराजमान हुनुहुन्छ (पद ५)। **इ)** हामीले उहाँको देख्ने असीम क्षमताको निम्ति उहाँको प्रशंसा गर्नुपर्छ। चाहे स्वर्गमा होस्, चाहे पृथ्वीमा होस्, उहाँले नदेख्ने कुरा केही पनि छैन (पद ६)। यस पदअनुसार आकाश भएका कुराहरू हेर्न उहाँ झुक्नुपर्दो रहेछ।

तर परमेश्वरलाई धन्यवाद होस् ! उहाँ जो अति उच्च हुनुहुन्छ, उहाँ अत्यन्तै नजिक पनि हुनुहुन्छ।

**भजन ११३ः७-९ः क)** गरिबहरूले यो कुरा जान्दछन्; किनकि उहाँले तिनीहरूलाई धूलोबाट उठाउनुहुन्छ।

**ख)** खाँचोमा परेकाहरूले यो कुरा जान्दछन्; किनभने उहाँले तिनीहरूलाई तल्लो अवस्थाबाट उठाएर यस पृथ्वीका गण्यमान्य व्यक्तिहरूको साथमा, अँ, शासकहरूको साथमा राख्नुहुन्छ।

**ग)** बाँझी स्त्रीले यो कुरा जान्दछे; किनकि उहाँले उसलाई एउटा घरपरिवार दिनुहुन्छ र छोराछोरीहरूकी हर्षित आमा तुल्याउनुहुन्छ। यहूदी स्त्रीहरूको निम्ति बाँझोपन ठूलो निन्दाको कारण हुन्थ्यो। अनि 'प्रेयरबुकको टिप्पणी'अनुसार यस प्रकारको श्रापबाट पाएको छुटकाराचाहिँ बेहद आनन्दको शुभ उपलक्ष्य मानिन्थ्यो।

आउनुहोस्, हामी यसको व्यावहारिक प्रयोग गरौं !

**क)** हामी गरिब थियौं, तर ख्रीष्ट येशूमा उहाँमाथि राखिएको विश्वासद्वारा हामी आत्मिक कुराहरूमा असाध्य धनवान् भएका छौं।

**ख)** हामी अभावग्रस्त थियौं; तर प्रभु येशूले हामीजस्तो भिखारीहरूलाई घुरानबाट उठाएर हामीलाई विश्वासी दाजुभाइ-दिदीबहिनीहरूसित यस्तो अद्‌भुत सङ्गति दिनुभयो, जसको तुलनामा संसारले केही पनि दिन सक्दैन।

**ग)** हामी बाँझा थियौं; हाम्रो जीवन परमेश्वरको निम्ति फलहीन थियो। तर उहाँले हामीलाई यस व्यर्थ, निकम्मा अस्तित्वदेखि छुटाउनुभयो र हामीलाई एउटा अर्थपूर्ण, फलवन्त जीवन दिनुभयो।

**घ)** यसकारण हामी पनि भजनकारको साथ 'हल्लेलूयाह' भन्दै प्रभुको स्तुति गाउँछौं।

> उहाँ जो पिताको प्रेम-पात्र हुनुहुन्छ, उहाँ जो छुटकारा पाएकाहरूको गीतको विषयवस्तु हुनुहुन्छ, उहाँ नै सिंहासनमाथि, अँ, यस उच्च सिंहासनमाथि विराजमान हुनुहुन्छ; यसकारण कसैको अन्याय हुनै सक्दैन।
>
> यति उच्च हुनुभएको प्रभुले आफ्ना जनहरूको प्रशंसा ग्रहण गर्नुहुन्छ, जति स्तुतिप्रशंसा उनीहरूले येशूको नाममा चढ़ाउँछन्; अनि उनीहरूको कमजोरभन्दा कमजोर पुकार मक्तिदाताको कानमा पुग्छ-पुग्छ।
>
> श्री थोमस केली

## भजन ११४ः परमप्रभुको शक्तिशाली उपस्थिति

**भजन ११४ः१ः** मिस्र देशबाट इस्राएली जातिको छुटकारा, उनीहरूले उजाड़स्थानमा गरेका अनुभवहरू र प्रतिज्ञा गरिएको देशमा उनीहरूको आगमन शुरुदेखि अन्तसम्म परमेश्वरको अद्‌भुत शक्तिको प्रदर्शन थियो। वास्तवमा यहूदी मानिसहरूको निम्ति त्यो त ईश्वरीय शक्तिको अभूतपूर्व प्रदर्शनी थियो; योजस्तै शक्तिशाली प्रदर्शनी अघि कहिल्यै भएको थिएन।

इस्राएली जाति मिस्र देशबाट निस्केर आएको घटना कति महत्त्वपूर्ण ऐतिहासिक घटना थियो, जब धेरै-धेरै वर्षदेखिको बन्धन र अत्याचार समाप्त भयो ! मिस्रीहरूदेखि छुटकारा पाउँदा मानिसहरू हर्षले कति रमाए होलान्, कसले अनुमान लाउन सक्ने ? अब उनीहरू फेरि कहिल्यै तिनीहरूको धम्कीले लुरुक्कै पर्नुपर्नेछैन, न ता उनीहरूले फेरि कहिल्यै विदेशी भाषामा फलाकेका गाली र सरापहरू सुन्नुपर्नेथियो।

**भजन ११४ः२ः** समय बित्दै जाँदा यहूदा-कुलको निम्ति नियुक्त गरिएको भूभाग परमेश्वरको पवित्रस्थान भयो। अनि यरूशलेममा मन्दिर खड़ा भयो। अनि इस्राएल देशको सम्पूर्ण भूभाग उहाँले अथक हेरचाह र देखरेख गरिराख्नुभएको उहाँको राज्य भयो। अनि जुन कुरा त्यस बेलामा भौगोलिक हिसाबले यहूदा र इस्राएलको सम्बन्धमा सत्य ठहरिएको थियो, त्यो कुरा वर्तमान समयमा आत्मिक हिसाबले मण्डलीको विषयमा सत्य छ।

**भजन ११४ः३ः** जब इस्राएलीहरू लाल समुद्रनेर आइपुगे, तब यो कुरा देख्नेबित्तिकै समुद्रको पानी अतालिएर भाग्यो। तर यो कुरा सुनिश्चित छ, कि त्यो झुत्रेझाम्रे शरणार्थी-हरूको भीड़को दृश्य यो आतङ्क मच्चाउने कारण थिएन। किनकि समुद्रले आफ्ना आँखाहरू उठायो र आफ्नो सृष्टिकर्तालाई देख्यो, त्यसपछि त्यो हतार-हतार बाटो छोड़ेर हट्यो, ताकि इस्राएलीहरूले आफ्ना खुट्टाहरू धरि नभिजाएर समुद्र पार गर्न सकून्।

अनि त्यही कुरा चालीस वर्ष बितेपछि फेरि दोहोरियो, इस्राएलीहरू प्रतिज्ञाको देशमा पसेको बेलामा। त्यति बेला यर्दनको पानी आदाम नामक शहरमा रोकियो; अनि प्रतिज्ञाको देशमा प्रवेश गर्ने अन्तिम अवरोध सेतुपथ पो भएछ। लाल समुद्र र यर्दन पार गरेका घटनाहरू इस्राएली जातिको यस इतिहासको महत्त्वपूर्ण खण्डका दुईवटा विन्दुहरू हुन्। लाल समुद्र पार गरेको घटनाचाहिँ परमेश्‍वरको महान् शक्तिमा संसारबाट हाम्रो उद्धार भएको सङ्केत हो, जुन उद्धार ख्रीष्ट येशूको मृत्यु, दफन र बौरिउठाइमा उहाँसित एक भएर हामीले पाएका छौं। अनि यर्दन नदी पार गरेको घटनाले उजाड़स्थानमा भड्किहिँड़ेको चालबाट हामीले पाएको छुटकारा र आफ्नो आत्मिक अधिकारको भागमा पाएको प्रवेश सङ्केत गर्छ, जुन छुटकारा र जुन प्रवेश हामीले ख्रीष्ट येशूको मृत्यु, दफन र बौरिउठाइमा उहाँसित एक भएर अनुभव गर्छौं।

**भजन ११४:४:** यी उपरोक्त दुईवटा घटनाहरूको बीचमा फेरि पनि परमेश्‍वरको शक्तिका केही भयप्रद उदाहरणहरू भएका थिए। अनि सिनाई पर्वतमा व्यवस्था दिइएको समयमा घटेको घटना सबैभन्दा भव्य घटनाहरूमध्ये एक थियो। त्यस बेलामा प्रकृतिमा यति उथलपुथल मच्चिएको थियो कि पहाड़हरू भेड़ाहरूझैं उफ्रे र ससाना डाँड़ाहरू पाठाहरूझैं उफ्रे। परमेश्‍वरको महिमा यति प्रबल थियो कि सम्पूर्ण क्षेत्र ठूलो भुइँचालोले हलाएझैं कामिरहेको थियो। त्यो दृश्य यति भयावह थियो, कि परमेश्‍वरका जन मोशाले यसो भनेः 'म ज्यादै डराउँदैछु र काम्दैछु' (हिब्रू १२:२१)। तर हिब्रूको पुस्तकको लेखकले हामीलाई याद दिलाएर भन्छन्, कि हामी त व्यवस्थाको त्यस भयावह पहाड़कहाँ होइन, तर अनुग्रहको सिंहासनकहाँ पो आएका हौं।

> व्यवस्था र परमेश्‍वरबाट आउन सक्ने आतङ्कहरू जेजति छन्, तीसित मेरो कुनै सरोकार छैन; किनकि मेरा मुक्तिदाताको आज्ञाकारिता र उहाँको रगतले मेरा सबै अपराधहरू उहाँको दृष्टिदेखि ढाकिदिन्छन्।
>
> श्री अगष्टस एम. टपलेडी

**भजन ११४:५-६:** परमेश्‍वरको शक्तिका प्रदर्शनीहरूमा भजनकार यति मग्न भए, यति प्रफुल्लित भए, कि तिनले समुद्र, यर्दन, अनि यी पहाड़हरू र ससाना डाँड़ाहरूलाई यसो भन्दै जिस्काउँछन्ः 'तिमीहरूलाई के भयो, र तिमीहरूले यसो गर्दै गरेका हौ?' यो प्रश्‍न एउटा व्यङ्ग्यात्मक गीत बनेको छ, जसमा यस गीतको रचनाकारले यीजस्तै प्रकृतिमा पाइने शक्ति र स्थिरताको विषयमा सबैभन्दा ठूला प्रतीक मानिएका कुराहरू कसरी परमप्रभुको एकै नजरले छिटो-छिटो पछि हटे, सो कुरामाथि आफ्नो मुस्कान छरेका छन्।

**भजन ११४:७-८:** यस कुराको निष्कर्ष वा सार के हो त? सम्पूर्ण पृथ्वीले यस्ता महान् परमेश्‍वरप्रति प्रगाढ़ श्रद्धा र भक्ति देखाउनुपर्छ। उहाँ यी महान् 'म हुँ' हुनुहुन्छ भने, उहाँ अयोग्य याकूबको पनि परमेश्‍वर हुनुहुन्छ। *'उहाँले चट्टान पानीको तलाउमा र चकमकको पत्थर पानीको धारामा परिणत गर्नुभयो।'* यो कुरा उहाँले दुईपल्ट गर्नुभयो (प्रस्थान १७:६; गन्ती २०:११)। इस्राएली-हरू तिर्खाले साह्रै हतोत्साहित भएका थिए। तिनीहरूले तिक्त गनगन गर्दैथिए र 'बरु मिस्र देशमा रहेका भए हाम्रो निम्ति असल हुनेथियो' भनेर मिस्र देशमा फर्कने इच्छा गर्न थाले। तब परमेश्‍वरले अचम्म रीतिले तिनी-हरूको निम्ति चट्टानबाट पानीको तलाउ प्रबन्ध गरिदिनुभयो, पहिले होरेबमा र पछि मरीबामा। प्रेरित पावलले हामीलाई त्यो चट्टानचाहिँ ख्रीष्टको प्रतीक थियो भनेर

सिकाएका छन्, जुन ख्रीष्ट येशूले गलगथामा मार खानुभयो, र जुन ख्रीष्ट येशू विश्वासको साथ उहाँकहाँ आउनेहरू सबैको निम्ति जीवनको पानीको मूल बन्नुभयो (१ कोरिन्थी १०:४)।

## भजन ११५: इस्राएलीहरूले मूर्तिहरू त्यागेका

यस भजनको लेख्ने समयको विन्दु के थियो भने, यहूदीहरू बेबिलोनको निर्वासन-बाट फर्केका छन्; तिनीहरू फेरि आफ्नो देशमा बसिरहेका छन्। तर तिनीहरूले त्यसको श्रेय आफैलाई दिँदैनन्। तिनीहरूको पुनर्स्थापनाको निम्ति पूरा श्रेय परमप्रभुकहाँ जान्छ। आफ्ना जनहरूप्रति उहाँको अटुट प्रेम र आफ्नो प्रतिज्ञाप्रति उहाँको विश्वास-योग्यताले गर्दा उहाँले यसो गर्नुभयो।

**भजन ११५:१-२:** 'खोइ, तिमीहरूका परमेश्वर कहाँ छन्? सत्तरी वर्षसम्म तिमीहरूलाई कैदमा कष्टको साथ जीवन व्यतीत गर्न छोड़िराखेर उहाँले तिमीहरूको वास्ता गर्नुभएको जस्तो अलिकति पनि देखिँदैन' भन्दै अन्यजातिहरूले धेरै समयदेखि इस्राएलीहरूलाई गिज्याइरहेको उनीहरूलाई सहनुभन्दा बढ़ी भएको थियो। तर अबदेखि उसो तिनीहरूले यसो भन्न पाउनेछैनन्। तिनीहरूको गिल्ला र खिसीटिउरी चुप गराइएको छ। परमेश्वरले आफ्नो नाम सत्य प्रमाणित गर्नुभएको छ।

**भजन ११५:३:** अब सारा संसारलाई यो कुरा विदित भएको छ, कि सत्य परमेश्वर सर्वोच्च हुनुहुन्छ। *'हाम्रा परमेश्वर स्वर्गमा हुनुहुन्छ।'* अनि उहाँ सर्वाधिकारी हुनुहुन्छ; किनकि *'उहाँलाई जे इच्छा लाग्यो, उहाँले त्यही गर्नुभएको छ।'* परमेश्वरको सर्वोच्चताको माग के हो भने, उहाँ सारा सृष्टिभन्दा उच्च हुनुपर्छ, साथै उहाँ सृष्टिदेखि बाहेक हुनुपर्छ। अनि परमेश्वरको सर्वाधिकारको माग के हो भने, उहाँलाई जे इच्छा लाग्छ, त्यही गर्न उहाँ पूरा स्वतन्त्र हुनुहुन्छ र उहाँले त्यही गर्न पाउनुपर्छ। अनि उहाँलाई इच्छा लाग्ने कुरा सधैं असल, सधैं न्यायोचित, सधैं बुद्धिमान् हुन्छ।

**भजन ११५:४-७:** यहूदीहरूले मूर्तिपूजा गरेको कारणले परमेश्वरले उनीहरूलाई बेबिलोनीहरूद्वारा कैद गरेर लगिन दिनुभयो। तर अब त उनीहरूले मूर्तिहरूको शक्तिहीनता र महत्त्वहीनता बुझे। अहिले उनीहरूले अन्यजातिहरूलाई तिनीहरूका खोपिएका मूर्तिहरूको विषयमा गिल्ला गर्छन्।

मूर्तिहरू चाँदी र सुनले बनेका हुन्छन्; यसकारण तिनीहरूको मूल्य बजारको भाउमा भर पर्छ। ती मूर्तिहरू मानिसहरूको रचना हुन्; र यसले गर्दा ती मूर्तिहरू तिनीहरूलाई पुज्नेहरूभन्दा घटिया हुन्। तिनीहरूको मुख त छ, तर तिनीहरूले न शिक्षा दिन न भविष्यवाणी गर्न सक्छन्। तिनीहरूका आँखाहरू त छन्, तर के गर्ने? तिनीहरू मानिसहरूका समस्याहरू देख्दै देख्दैनन्। तिनीहरूका कानहरू त छन्, तर तिनीहरूको प्रार्थना सुन्ने शक्ति भए पो। तिनीहरूको नाक पनि छ, तर तिनीहरूलाई चढ़ाइएको धूपको बास्ना तिनीहरू सुँघ्दैनन्। तिनीहरूका हातहरू त छन्, तर तिनीहरूको स्पर्श-शक्ति खोइ, कहाँ छ? तिनीहरूका पाउहरू पनि छन्, तर तिनीहरू आफ्नो पाउदानदेखि यता वा उता अलिकति पनि सर्दैनन्। तिनीहरूले आफ्नो गलाबाट एउटै आवाजधरि निकाल्न सक्दैनन्।

**भजन ११५:८:** *'जसले तिनीहरूलाई बनाउँछन्, ती मानिसहरू पनि तिनीहरूजस्तै हुन्छन्।'* आत्मिक जगत्मा एउटा आधारभूत सिद्धान्त छः मानिसहरू आफैले पुजेको वस्तुजस्तै हुन जान्छन्। तिनीहरूको नैतिक स्तर तिनीहरूको देवतामाथि निर्भर गर्छ।

मूर्तिहरूमाथि भरोसा गर्ने हरेक मानिस अशुद्ध, कमजोर, बोधो र अबुझ हुन्छ।

**भजन ११५:९:** परमप्रभु मात्र हाम्रो भरोसाको योग्य हुनुहुन्छ। यसकारण एकजना एकल गायक अघि बढ़ेर इस्राएली जातिलाई जीवनभरि परमप्रभुमाथि अटल भरोसा राख्ने आह्वान गर्छन्। तब गायक-मण्डलले यसमा आफ्नो सहमति जनाउँछन्: 'हो, उहाँ उनीहरूको सहायता र उनीहरूको ढाल हुनुहुन्छ।'

**भजन ११५:१०-११:** त्यसपछि पूजाहारी हारूनको घरानालाई परमप्रभुमाथि आफ्नो नित्य भरोसा राख्ने प्रोत्साहन दिइन्छ। त्यसपछि गायक-मण्डलले फेरि मानिलिन्छन्: 'हो, उहाँ हाम्रा सक्षम सहायक र हाम्रा अचूक रक्षक हुनुहुन्छ।' तेस्रो चोटि प्रधान गायकले आफ्नो आह्वान विस्तृत रूप दिँदै परमप्रभुको डर मान्नेहरू सबैलाई सम्बोधन गर्छन्। हुन सक्छ, यी परमेश्वरको डर मान्नेहरूमा अन्यजातीय पृष्ठभूमिबाट प्रभुकहाँ फर्केकाहरूलाई पनि समेटिनुपर्ला। उनीहरूले पनि उहाँलाई आफ्नो सच्चा सहायक र आफ्नो रक्षकको रूपमा चिनेका छन्।

**भजन ११५:१२-१५:** यस ठाउँबाट पूजाहारीहरूले यो गीत आफ्नो हातमा लिएको भान आउँछ, जसले मानिसहरूलाई निम्न आश्वासन दिन्छन्: जुन परमप्रभुले इस्राएली जातिलाई ख्याल गरेर तिनीहरूको भाग्यको भाटा ज्वारमा फर्काएर ल्याउनुभयो, उही परमप्रभुले तिनीहरूलाई आशिष दिनुहुनेछ। हो, उहाँले आफ्नो प्रजालाई, यसका पूजाहारीहरूलाई र अन्यजाति पृष्ठभूमिबाट यहूदीधर्म अपनाउनेहरूलाई, अँ, सबै उमेरकाहरूलाई, सबै वर्गकाहरूलाई र ठूलासाना सबैलाई आशिष दिनुहुनेछ, तिनीहरूको अवस्था जुनसुकै किन नहोस्। परमेश्वरले आफ्ना जनहरूलाई र तिनीहरूको भावी वंशलाई आशिष दिएर तिनीहरूको वृद्धि गरिदिऊन्; यो उनीहरूको विन्ती छ। अनि हुन सक्छ, यस जातिको निक्कै घटेको जनसङ्ख्या फेरि बढ्नुपर्छ भन्ने यस प्रार्थनाको माग थियो होला। तर यस प्रार्थनाको माग आत्मिक र भौतिक समृद्धि पनि हुन सक्छ। त्यसमाथि थपेर उनीहरूले एउटा आम आशीर्वाद बोल्छन्: 'आकाश र पृथ्वी बनाउनुहुने परमप्रभुले तिमीहरूलाई आशिष दिऊन्!'

**भजन ११५:१६:** परमेश्वरले स्वर्ग आफ्नो वासस्थान बनाउनुभयो, तर उहाँले पृथ्वी मानिसहरूको आबादीको रूपमा निर्धारित गर्नुभयो। अनि यही पृथ्वीमा मानिसले उहाँको उपासना र सेवा गर्न सक्छ र उहाँको उपासना र सेवा गर्नुपर्छ।

**भजन ११५:१७-१८:** सत्र पदमा पुरानो नियमका पवित्र जनहरूको सर्वमान्य धारणा प्रस्तुत गरिएको छ। यस धारणाअनुसार मानिसको मृत्युमा परमप्रभुको प्रशंसा गर्ने उसको मौका पनि खतम हुन्छ। तिनीहरूको विचारमा, मरेका मानिसहरू निःशब्द अवस्थामा छन्, ढुङ्गाको जत्तिकै। तर हामी अहिले जान्दछौं, कि ख्रीष्ट-विश्वासीहरू मर्नेबित्तिकै प्रभुको उपस्थितिमा पुगिहाल्छन्। तिनीहरूका लासहरू चुपचाप चिहानभित्र पड़िरहेका छन्; तर तिनीहरूका आत्माहरूचाहिँ मुक्त हुन्छन्, र प्रभु येशूलाई आराधना र भक्ति चढ़ाइरहन्छन्। तर यहूदीहरूको धारणाले खास भन्न खोजेको तात्पर्य हामीले आफ्नो निम्ति लिनुपर्छः हामीसँग प्राण छँदै हामीले परमप्रभुलाई धन्यको भन्नुपर्छ। अनि यही प्रण गर्दै यो भजन समाप्त हुन्छः *'अहिलेदेखि लिएर सदा-सर्वदा हामी परमप्रभुलाई धन्यको भन्नेछौं। याहको स्तुति गर!'*

## भजन ११६ : म परमप्रभुलाई प्रेम गर्छु

यस भजनभरि पहिलो ईस्टरको बिहानको हर्ष र आनन्द गुञ्जायमान भएको छ। प्रभु येशूको चिहान रित्तो छ। ख्रीष्ट येशू आफ्ना पिताको महिमित शक्तिमा मरेकाहरूबाट बौरिउठ्नुभयो। अनि अब उहाँले परमेश्वर पिताको निम्ति धन्यवादको स्तुतिगान गाउन थाल्नुभएको छ; किनभने परमेश्वरले येशूलाई उहाँको पुनरुत्थानको विषयमा चढ़ाइएको प्रार्थनाको उत्तर दिनुभयो।

**भजन ११६:१-४:** *'म परमप्रभुलाई प्रेम गर्छु'* भनेर उहाँले आफ्नो प्रार्थना शुरु गर्नुभयो; तपाईंले यो कुरा ख्याल गर्नुहोला। उहाँले केवल चारवटा छोटा-छोटा शब्द बोल्नुभयो, जुन शब्दहरू हामीले विशुद्ध आराधना भएको मान्नुपर्छ। यसकारण हे भीरु विश्वासी भाइबहिनीहरूहो, तपाईंहरूले बुझ्नुहोस्ः शब्दाडम्बर आराधना होइन! यो गलत धारणा तत्कालै फाल्नुहोस्! सरलभन्दा सरल शब्द लिएर प्रभुप्रति आफ्नो प्रेम प्रकट गर्नुहोस्! साँचो आराधना यही हो। यस कुराबाट ठूलो साहस र उत्साह लिनुहोस्!'

तर चारवटा शब्द बोलेर आराधना बन्द नगर्नुहोस्! मुक्तिदाता प्रभुले गर्नुभएजस्तै हामीले पनि यी महान् कामहरूको विषयमा कुरा गर्न सक्छौं र कुरा गर्न सक्नुपर्छ, जुन महान् कामहरू परमेश्वरले हाम्रो निम्ति गर्नुभयो। यो पनि आराधना मानिन्छ। प्रभु येशूको हृदयबाट अविराम धन्यवाद पोखिन्छ; किनभने उहाँले गेत्समनी र गलगथामा गर्नुभएको वेदनापूर्ण विन्ती उहाँका पिताले सुनिदिनुभयो। जब मृत्युले उहाँलाई पक्रेका डोरीहरू उहाँमाथि कस्दै र झन् कस्दै गरिरहेको थियो र तहसनहसका पीड़ाहरूले उहाँको शरीर पक्रिरहेका थिए; अनि जब वर्णन गर्न नसकिने व्यथाले उहाँ पीड़ित हुनुहुन्थ्यो, तब उहाँले 'हे प्रभु, मलाई बचाउनुहोस्' भनेर परमप्रभुलाई पुकार्नुभयो। अनि परमप्रभुले उहाँलाई बचाइदिनुभयो। परमप्रभुले उहाँलाई मर्नदेखि बचाउनुभएन, तर उहाँलाई मृत्युको पन्जाबाट निकालेर ल्याउनुभयो।

**भजन ११६:५-६:** आराधनाको तेस्रो बुँदा यस प्रकारको छः हामीले परमप्रभुका सद्‌गुणहरू बयान गरेर उहाँको गुणानुवाद गर्नुपर्छ। बौरिउठ्नुभएको ख्रीष्ट येशूले यहाँ परमेश्वरका केही सद्‌गुणहरू वर्णन गर्नुभएको छ, जुन सद्‌गुणहरू यहाँले प्रभुको पुनरुत्थानमा देखाउनुभयो। परमेश्वर अनुग्रहकारी हुनुहुन्छ; उहाँ कृपावान् र दयालु हुनुहुन्छ। परमेश्वर धर्मी हुनुहुन्छ; यसकारण उहाँ जे गर्नुहुन्छ, ती सबै कामहरूमा उहाँ न्यायी र पक्षपातरहित हुनुहुन्छ। परमेश्वर दयालु हुनुहुन्छ; उहाँमा ठूलो दयामाया छ। परमप्रभुले सीधा-सुधालाई रक्षा गर्नुहुन्छ। क्रूसमा झुन्डिरहनुभएको प्रभु येशूको सम्बन्धमा यसको अर्थ यस प्रकारको छः परमप्रभुले उहाँलाई, जसको चाल छलरहित र सच्चा थियो, जो बिलकुल निर्दोष हुनुहुन्थ्यो र जो सहाराहीन हुनुहुन्थ्यो, रक्षा गर्नुभयो। परमेश्वरले आफ्ना जनहरूलाई तिनीहरू खतरामा परेको बेलामा बचाउनुहुँदो रहेछ।

**भजन ११६:७:** अन्तमा, परमेश्वरले तिनीहरूलाई उदारचित्तले दिनुहुन्छ, जसले उहाँमाथि भरोसा राख्छन्। उहाँ आफ्ना आशिषहरूसित कन्जुस हुनुहुन्न। अनि यही कारणले प्रभु येशू यसो भन्नुभएको छः 'हे मेरो प्राण, तँ आफ्नो विश्राममा फर्की!' उहाँको बेचैनी, उहाँको वेदना, उहाँको पीड़ा सब समाप्त भए। परमेश्वरले उहाँको पुकार सुन्नुभयो र उहाँलाई मुक्त गर्नुभयो। अब उहाँले आफ्नो विश्राममा प्रवेश गर्नुभएको छ; यो उहाँको सुयोग्य आम्दानी थियो।

**भजन ११६ः८-११ः** त्यसपछि हाम्रा प्रभु येशूले ती उपकारहरूको सम्झना गर्नुहुन्छ, जुन उपकारहरू उहाँका पिताले उहाँको निम्ति गर्नुभयो। यसबाट हामी के सिक्छौं भने, उहाँको आराधना गर्दा हामीले कतै कुरा पो दोहोर्‍यायौं कि भनेर हामी डराउनुपर्दैन रहेछ। किनभने परमेश्‍वर आफ्ना छोराछोरीहरूको मुखबाट प्रशंसा सुन्न कहिल्यै अल्छी वा झिजो मान्‍नुहुन्न। अनि उहाँको प्रशंसा गर्ने विषय निरन्तर दोहोरिन लायकको छ। तीनवटा छुटकाराहरूको निम्ति ख्रीष्ट येशूको हृदय परमेश्‍वर पिताप्रति कृतज्ञताले भरिएको थियोः उहाँको प्राण मृत्युदेखि, उहाँका आँखाहरू आँसुदेखि र उहाँका पाउहरू लोट्‌न बचाइए अर्थात् उहाँ हार खानदेखि जोगिनुभयो। अब त उहाँ पाप, मृत्यु, चिहान र अधोलोकमाथिको विजेता भएर जीवित-हरूको देशमा परमप्रभुको सामु हिँड्दै हुनुहुन्थ्यो।

हो, हामी मान्दछौं; यस भजनको दस र एघार पदमा प्रसङ्ग कहाँदेखि कहाँसम्म बगेको छ, सो भन्न गाह्रो छ। हुन सक्छ, टी.ई.वी.को अनुवादले यसको सर्वमान्य अर्थ पक्र्‍यो कि, जहाँ यसो अनुवाद गरिएको पढ्छौंः ' "म त पूरा पिसिएँ हैं" भनेर मैले भनेको बेलामा, अँ, मलाई डर लागेर मैले "कसैमाथि भरोसा गर्न सकिँदैन रहेछ" भनेको बेलामा पनि मैले विश्‍वास गरि नै रहें।'

उहाँलाई अगाध पीड़ा भइरहेको घड़ीमा पनि उहाँको विश्‍वास डगमगाएन, अँ, मानिसहरू भरोसा गर्न योग्य रहेनछन् भन्ने कुरा प्रमाणित भएको बेलामा पनि डगमगाएन। उहाँले जे बोल्नुभयो, त्यो कुरा उहाँको अविश्‍वासको फल हुँदैनथिएन, तर उहाँको गम्भीर आस्थाको फल हुन्थ्यो।

**भजन ११६ः१२-१३ः** अनि अन्तमा, आराधनाको अन्तिम बुँदा यस प्रश्‍नद्वारा व्यक्त भएको छः *'परमप्रभुले मप्रति गर्नुभएका सबै उपकारहरूको बदलीमा म उहाँलाई के चढ़ाऊँ?'* हाम्रो विषयमा कुरा यस्तो छः हामीले उहाँलाई उहाँका उपकारहरूको सट्टामा केही पनि दिन सक्दैनौं; यस प्रकारको विचार नगरे असल हुन्छ। किनकि हाम्रो तर्फबाट जुनसुकै प्रकारको चुक्ति उहाँको अनुग्रह अपमान गरेको बराबर हो। तर उहाँको अनुग्रहप्रति केही न केही प्रतिक्रिया जनाउने इच्छा हामीभित्र छँदैछ; यो स्वाभाविक हो, तर त्यो प्रतिक्रिया उपयोगी हुनुपर्छ। त्यो उपयुक्त तरिका यस प्रकारको छः मुक्तिको कचौरा लिएर हामी परमप्रभुको नाम पुकार्न सक्छौं। मुक्तिको कचौरा उठाउनु भनेको हामीलाई मुक्ति दिनुहुने प्रभुलाई धन्यवाद चढ़ाउनु हो। अनि यस सिलसिलामा परमप्रभुको नाम पुकार्नु भनेको उहाँको महान् मुक्तिलाई सुहाउँदो मान्यता दिएर उहाँलाई विशेष श्रद्धाञ्जली चढ़ाउनु हो।

**भजन ११६ः१४ः** परमेश्‍वरको सम्पूर्ण प्रजाको सामु आफ्ना भाकलहरू पूरा गर्न बौरिउठ्नुभएको मुक्तिदाता प्रभुको कृत सङ्कल्प थियो। उहाँले गर्नुभएका भाकलहरू के-के हुन् त? उहाँले दुःख भोग्नुभन्दा अघि र दुःख भोग्नुभएको बेलामा आफूले गर्नुभएका भाकलहरू परमप्रभुको स्तुतिप्रशंसा गर्ने, उहाँलाई आराधना र धन्यवाद चढ़ाउने भाकलहरू थिए। अनि अब उहाँ यी भाकलहरू पूरा गर्दै हुनुहुन्थ्यो।

**भजन ११६ः१५ः** बगिरहेको विचार-धारा एकाएक फेरि पनि प्रभु येशूको निम्न वाक्यले भङ्ग भयो, जसले यसो भन्नुभयोः *'परमप्रभुको दृष्टिमा उहाँका पवित्र जनहरूको मृत्यु अनमोल हुन्छ।'* यस वाक्यको सन्दर्भ के होला नि? यसको प्रसङ्ग मिलाउन हामीलाई गाह्रो भएको छ; तर हामी छुट्टै, सन्दर्भरहित पदको रूपमा यसको आनन्द उपभोग गर्न सक्छौं। हो, सबै पवित्र जनहरूको मृत्यु हाम्रा परमेश्‍वरको दृष्टिमा

अनमोल हुन्छ; किनकि मर्नेबित्तिकै उनीहरू महिमामा उहाँको साथमा हुनेछन्। तर प्रभु येशूको मृत्युको विषयमा यो भनाइ झन् बढ़ी सत्य हो। उहाँको मृत्यु परमेश्वर पिताको दृष्टिमा अनमोल हुनुको कारण यही थियो, कि उहाँको मृत्यु त्यो धार्मिक आधार भयो, जुन आधारमा परमेश्वरले भक्तिहीन, पापी मानिसहरूलाई धर्मी ठहऱ्याउन सक्नुहुन्छ।

**भजन ११६:१६-१७:** सोह्र पदमा बौरि-उठ्नुभएको प्रभु येशू अझै पनि परमप्रभुको दास हुनुहुँदो रहेछ। मानौं उहाँले यसो भन्नुभयोः 'म मेरा मालिकलाई प्रेम गर्छु; म स्वतन्त्र भएर जानेछैनँ' (प्रस्थान २१:५)। अनि यसरी उहाँ सधैंको निम्ति परमप्रभुको दास हुन राजी हुनुभयो। परमेश्वरकी दासीको छोरा भईकन उहाँ आफ्नी आमा मरियमले गरेझैं परमेश्वरको सेवा गर्ने प्रण गर्नुभयो; किनकि परमप्रभुले उहाँका बन्धनहरू खोलि-दिनुभयो।

**भजन ११६:१८-१९:** उहाँले फेरि पनि परमेश्वर पितालाई धन्यवादको बलि चढ़ाउने र परमप्रभुको नाम पुकार्ने प्रण गर्नुभएको छ। परमेश्वरका जनहरू समुदायको रूपमा यरूशलेमको मन्दिरमा भेला भएको बेलामा प्रभु येशूले आफ्ना भाकलहरू पूरा गर्नुहुनेछ, जब उहाँले उच्च सोरले परमप्रभुको स्तुतिगान गाइरहेको गायक-मण्डललाई नेतृत्व दिँदै हुनुहुनेछ। यो कुरा त्यति बेला हुनेछ, जब महान् इम्मानुएल यस पृथ्वीमा फर्केर आउनुहुनेछ, र उहाँले सारा विश्वको राजदण्ड आफ्नो काँटीको चोट लागेको हातमा लिनुहुनेछ।

## भजन ११७: अन्यजातिहरूले परमेश्वरको महिमा गर्छन्

यो भजन पवित्र बाइबलको सबैभन्दा छोटो अध्याय हो। यस भजनमा सबै जातिहरूलाई परमप्रभुको स्तुति गर्ने आह्वान दिइन्छ; किनकि परमप्रभुको कृपा महान् छ, र उहाँको सत्यता अमर हुन्छ। प्रेरित पावलले यसको महत्त्व बुझेर रोमी १५:११ पदमा भजन ११७:१ पद उद्धृत गरे; किनकि अन्यजातिहरूले इस्राएली जातिको साथमा मसीहको कृपामा आफ्नो हिस्सा पाएका छन्। इस्राएलीहरूका पितापुर्खाहरूलाई दिइएका प्रतिज्ञाहरू पुष्टि गर्न मात्र उहाँ आउनुभएन, तर अन्यजातिहरूले परमेश्वरको महान् दयाको निम्ति उहाँको महिमा गरून् भन्ने हेतुले पनि आउनुभयो।

निम्न भावानुवादरूपी रचनाले असाधारण सुन्दर ढङ्गमा यस भजनको सन्देश हामीकहाँ प्रस्तुत गरेको छः

आकाश-मण्डलको छायामनि बस्नेहरू सबैको
मुखबाट सृष्टिकर्ताको प्रशंसा गुँजोस्;
सबै देशहरूका भाषा-भाषा बोल्ने सबै मानिस-
हरूले मुक्तिदाताको नामको स्तुति गाऊन्।
हे प्रभु, तपाईंका कृपाहरू अनन्त छन्, अनि
तपाईंको वचनको सत्यता पनि अमर हुन्छ;
पृथ्वीको एक छेउदेखि यसको अर्को छेउसम्म
तपाईंको स्तुति भइरहोस्; कहिलेसम्म ? सूर्यको
उदय र अस्ताइ फेरि कहिल्यै नहुने दिनसम्म।

श्री आइसाक वाट्स

## भजन ११८: 'हेर, तिमीहरूका राजा आउँदै हुनुहुन्छ !'

हाम्रा प्रभु र मुक्तिदाता येशू ख्रीष्टको दोस्रो आगमनको शुभ उपलक्ष्यमा यो भव्य सामूहिक स्तुतिगान गाइन्छ। अनि यसको घटनास्थल यरूशलेम हो, जहाँ भीड़ैभीड़ मानिसहरू जम्मा भएका हुन्छन्, जो उहिले-देखि प्रतीक्षा गरिनुभएको मसीहको शुभ-आगमनको उत्सव मनाउन आएका छन्। अनि मन्दिरको छत्रछायामा एकजना एकल गायकले माइक आफ्नो हातमा लिन्छन्;

तिनको पछाड़ि गायक-मण्डल खड़ा भएको छ। अनि श्रोतागणमा चकमन्नता छाउँछ।

**भजन ११८:१:** *एकल गायकः* 'परमप्रभुलाई धन्यवाद चढ़ाओ, किनभने उहाँ भला हुनुहुन्छ।'

*गायक-मण्डलः* 'किनकि उहाँको कृपा सदा-सर्वदा रहिरहन्छ।'

(सारा श्रोतागणले हार्दिक समर्थन जनाउँदै आफ्ना शिरहरू हल्लाउँदैछन्)।

**भजन ११८:२:** *एकल गायकः* 'अब इस्राएलले भनोस्!'

*गायक-मण्डलः* 'उहाँको कृपा सदा-सर्वदा रहिरहन्छ।'

**भजन ११८:३:** *एकल गायकः* 'अब हारूनको घरानाले भनोस्!'

*गायक-मण्डलः* 'उहाँको कृपा सदा-सर्वदा रहिरहन्छ।'

(त्यति बेला मन्दिरको ढोकाको छेउमा उभिरहेका पूजाहारीहरूका मुखबाट एकसाथ गम्भीर 'आमेन, आमेन!' सुनिन्छ)।

**भजन ११८:४:** *एकल गायकः* 'अब उहाँको डर मान्नेहरूले भनून!'

*गायक-मण्डलः* 'उहाँको कृपा सदा-सर्वदा रहिरहन्छ।'

(यस ठाउँमा आएर परमेश्वरको डर मान्ने अन्यजातिहरूले त्यस महिमापूर्ण क्षणमा अंशग्रहण गर्ने सौभाग्य पाएकोमा आफ्ना ओठहरू दाँतहरूको बीचमा चेपेर त्यस अनुग्रहको निम्ति कृतज्ञताको हर्षाश्रु थाम्ने प्रयास गरिरहेका छन्।)

**भजन ११८:५-९:** *एकल गायकः* 'सङ्कष्टमा मैले परमप्रभुलाई पुकारें; परमप्रभुले मलाई जवाफ दिनुभयो र मलाई फराकिलो ठाउँमा राख्नुभयो। परमप्रभु मेरो पक्षमा हुनुहुन्छ, म डराउँनेछैनँ; मान्छेले मलाई के गर्न सक्छ? मलाई सहायता गर्नेहरूसित परमप्रभु मेरो पक्षमा हुनुहुन्छ; यसकारण मलाई घृणा गर्नेहरूमाथि म आफ्नो इच्छा पूरा भएको देख्नेछु। मानिसमाथि भरोसा गर्नुभन्दा परमप्रभुमाथि भरोसा राख्नु उत्तम हो। शासकहरूमाथि भरोसा पर्नुभन्दा परमप्रभुमाथि भरोसा राख्नु उत्तम हो।'

(त्यहाँ उपस्थित भएको भीड़ले बुझि-हाल्यो, कि योचाहिँ इस्राएलीहरूबाट बाँकी रहेका विश्वासयोग्य जनहरूको स्वीकार हो, जसलाई परमेश्वरले सङ्कष्टकालमा अद्भुत प्रकारले जोगाइराख्नुभयो। उनीहरूले अरू कसैमाथि होइन, तर केवल परमेश्वरमाथि भरोसा राख्न सिके; अनि उनीहरूले मानिसहरूसँग डराउन छोड़े। अन्तमा उनी-हरूले शासकहरूमाथि भरोसा गर्नुभन्दा परमप्रभुमाथि भरोसा राख्नु उत्तम रहेछ भन्ने कुरा बुझे; शासकहरू भन्नाले मानिसहरूमध्ये सर्वोत्तम हुनेहरू बुझिन्छ।)

**भजन ११८:१०:** *एकल गायकः* 'सबै जातिहरूले मलाई घेरा हालेका छन्।'

*गायक-मण्डलः* 'तर परमप्रभुको नाममा म तिनीहरूलाई नाश गर्नेछु।'

**भजन ११८:११:** *एकल गायकः* 'तिनीहरूले मलाई घेरा हालेका छन्, अँ, तिनीहरूले मलाई घेरा हालेका छन्।'

*गायक-मण्डलः* 'तर परमप्रभुको नाममा म तिनीहरूलाई नाश गर्नेछु।'

**भजन ११८:१२:** *एकल गायकः* 'तिनीहरूले मलाई मौरीहरूले झैं घेरेका थिए; तिनीहरू काँड़ाको आगोझैं निभे।'

(काँड़ाका झाङहरू हुरूरू बल्छन्, तर एकै छिनमा आगो भ्याप्पै निभ्छ)।

*गायक-मण्डलः* 'तर परमप्रभुको नाममा म तिमीहरूलाई नाश गर्नेछु।'

**भजन ११८:१३-१४:** *एकल गायकः* 'म लड़ूँ भनेर तैंले मलाई बेसरी घचेटिस्; तर परमप्रभुले मलाई सहायता गर्नुभयो। परमप्रभु मेरो बल र मेरो गीत हुनुहुन्छ, अनि मेरो उद्धार हुनुहुन्छ।'

(तेह्र पदमा एकल गायकले ख्रीष्ट-विरोधी र उनीहरूप्रति त्यसको नीच, क्रूर व्यवहार सङ्केत गरेर यसो भनेका हुन्; किनकि बाँकी रहेको भागका इस्राएलीहरूले त्यसको अधीनतामा आएर त्यसका हुकुमहरू मात्र अस्वीकार गरे। अनि अन्तिम क्षणमा परमप्रभुले उनीहरूको पक्षमा काम गर्नुभयो र त्यस झूटा ख्रीष्टलाई अग्नि-कुण्डमा फालिदिनुभयो (प्रकाश १९:१९-२०)।)

**भजन ११८:१५-१६:** *एकल गायकः* 'धर्मी जनहरूका पालहरूमा रमाहट र उद्धारको ध्वनि सुनिन्छ।

(सारा इस्राएल देशभरि धुमधामसित मसीहको विजय-उत्सव मनाइन्छ। हरेक घरमा मानिसहरूले निम्न जयगान गाइरहेका छन्।)

*गायक-मण्डलः* 'परमप्रभुको दाहिने हातले पराक्रमी काम गर्दछ। परमप्रभुको दाहिने हात उच्च पारिएको छ। परमप्रभुको दाहिने हातले पराक्रमी काम गर्दछ।'

**भजन ११८:१७-१८:** *एकल गायकः* 'म मर्नेछैनँ, तर बाँच्नेछु, र परमप्रभुका कामहरूको वर्णन गर्नेछु। परमप्रभुले मलाई खूबै ताड्ना दिनुभएको छ; तर उहाँले मलाई मृत्युको वशमा सुम्पिदिनुभएको छैन।'

(यहूदीहरूको बाँकी भागको पक्षबाट बोल्दै गरेका एकल गायकले यहूदीहरूलाई सामूहिक हत्या गरेका र उनीहरूको नाम-निसाना मेटाइदिने धेरै दुष्प्रयासहरूको तीतो सम्झना गरेका छन्। तर परमप्रभुले अचम्म प्रकारले उनीहरूलाई सिंहको मुखबाट छुटाउनुभयो। अनि अब उनीहरूको सामुन्ने भरोसा र सुरक्षापूर्ण भविष्य छ।)

**भजन ११८:१९-२०:** *एकल गायकः* 'मेरो निम्ति धार्मिकताका मूलढोकाहरू खोलिदेओ; म तीभित्र पस्नेछु, र परमप्रभुको प्रशंसा गर्नेछु।'

(उद्धार-प्राप्त इस्राएलीहरूले परमप्रभुलाई धन्यवादका बलिहरू चढ़ाउन मन्दिरका चोकहरूमा पस्ने अनुमति पाऔं भन्ने विन्ती गर्छन्। ख्रीष्टको राज्यकालमा बलिदान चढ़ाउने व्यवस्था आंशिक रूपमा फेरि स्थापित गरिनेछ; यी बलिदानहरूद्वारा गलगथाको त्यस त्राणको कामको सम्झना गर्ने गरिनेछ।)

*गायक-मण्डलः* 'परमप्रभुको मूलढोका यही हो; धर्मीजनहरू यसबाट भएर भित्र पस्नेछन्।'

(उक्त शब्दहरू लेवीहरूको बोली हुन्; यिनीहरू मन्दिरका द्वारपाल हुन्। यिनीहरूले बताएअनुसार त्यो मूलढोका परमप्रभुकै हो, र यो मूलढोका ती भक्तजनहरूको निम्ति हो, जो उहाँको नजिकमा आउन चाहन्छन्।)

**भजन ११८:२१-२२:** *एकल गायकः* 'म तपाईंको प्रशंसा गर्नेछु; किनभने तपाईंले मलाई जवाफ दिनुभएको छ, र तपाईं मेरो उद्धार हुनुभएको छ।'

(इस्राएली जातिले प्रभु येशू ख्रीष्टलाई आफ्नो मुक्तिदाताको रूपमा मानिलिन्छ र खुल्लमखुल्ला स्वीकार गर्छ।)

*गायक-मण्डलः* 'जुन ढुङ्गा डकर्मीहरूले रद्द गरे, त्यही नै कुनाको शिरढुङ्गा भएको छ।'

(प्रभु येशू नै त्यो रद्द गरिनुभएको ढुङ्गा हुनुहुन्छ। अनि डकर्मीहरूचाहिँ यहूदीहरू थिए, विशेष गरी तिनीहरूका अगुवाहरू थिए, जसले उहाँलाई उहाँको पहिलो आगमनमा रद्द गरे। तर अब त इस्राएलीहरूले तिरस्कार गरिनुभएको येशू नासरीलाई महिमा र आदरको मुकुटले सुसज्जित हुनुभएको देखेर उहाँलाई स्वीकार गर्नेछन्। यो कुरा श्री पार्करले 'विशेषज्ञहरूको मूर्खता' भनेका छन्। किनकि रद्द गरिनुभएको ढुङ्गा कुनाको शिर-ढुङ्गा पो हुनुभएको रहेछ। शाब्दिक अर्थ-अनुसार उक्त शिर-ढुङ्गाचाहिँ कि त

**क)** कुनै भवनको कुना-ढुङ्गा हो, कि त **ख)** तोरणद्वारको मुख्य ढुङ्गा हो, कि त **ग)** पिरामिड़को टुप्पामा लगाइने अन्तिम शिरढुङ्गा हो। सर्वोच्च आदर यसको अर्थ हो र सन्दर्भको माग हो।)

**भजन ११८:२३:** *गायक-मण्डलः* 'यो परमप्रभुबाट भएको हो; हाम्रो दृष्टिमा यो अद्‌भुत छ।'

(यहाँ यस गायक-मण्डलले इस्राएली जातिको स्थान ओगटेको छ, जसले मानिलिन्छः हो, परमप्रभुले प्रभु येशूलाई उहाँले आफ्ना जनहरूका हृदयमा पाउनुपर्ने सही स्थान दिलाउनुभएको हो। बल्ल उहाँको राज्याभिषेकको दिन आइपुग्यो।)

**भजन ११८:२४:** *गायक-मण्डलः* 'यो दिन परमप्रभुले बनाउनुभएको हो; यसमा हामी रमाउनेछौं र आनन्दित हुनेछौं।'

(यस सम्बन्धमा श्री अल्बर्ट बार्नेसले यसो लेखेका छन्ः

'मानौं यो दिन यही विशेष उपलक्ष्यको निम्ति सृष्टि गरिएको नयाँ दिन थियो, जुन दिन देख्ने मौका पाउँछौं भन्ने मानिसहरूले आशा गरेका थिएनन्। यसकारण के देखिन्छ भने, यस दिनको सृजना सामान्य सृष्टि गर्ने क्रमदेखि अलग्गै भएको छ, र सृष्टिका अरू छ दिनहरूमा थपिएको छ' [79)]।)

**भजन ११८:२५:** *गायक-मण्डलः* 'हे परमप्रभु, म तपाईंलाई विन्ती गर्दछु, अब बचाउनुहोस्! हे परमप्रभु, म तपाईंलाई विन्ती गर्दछु, अब उन्नति दिनुहोस्!'

(योचाहिँ त्यही पद हो, जुन पदचाहिँ ख्रीष्ट येशूले यरूशलेममा विजयोल्लसित प्रवेश गर्नुहुँदा यरूशलेमका मानिसहरूले विजय-नारामा उद्धृत गरे। 'होसन्ना'चाहिँ 'अब बचाउनुहोस्' भनेर अनुवाद गरिएको शब्दको मूल रूप हो (मत्ती २१:९)। तर नभन्दै तिनीहरूले त्यो न्यानो स्वागत उहाँको मृत्यु-दण्डको मागमा बदली गरे। तर अबचाहिँ इस्राएली जातिले प्रभु येशूलाई उहाँको पराक्रमको दिनमा हार्दिक स्वागत जनाउँछन्; अनि उनीहरूले उहाँप्रति व्यक्त गरेका उनी-हरूका मनका भावनाहरू सच्चा र स्थिर हुनेछन्।)

**भजन ११८:२६:** *एकल गायकः* 'परमप्रभुको नाममा आउनुहुने धन्यको हुनुहुन्छ।'

(प्रभु येशू अब मन्दिर-परिसरमा आइ-पुग्नुभएको छ; अनि एकल गायकले चर्को सोरमा मानिसहरूको शुभेच्छा घरिघरि आफ्नो गीतमा दोहोर्‍याउँछन्। यो एउटा ऐतिहासिक क्षण थियो। किनकि सयौं वर्षहरूभन्दा अघि प्रभु येशूले इस्राएलीहरूलाई तिनीहरूले 'परमप्रभुको नाममा आउनुहुने धन्यका हुनुहुन्छ' नभनेसम्म तिनीहरूले उहाँलाई फेरि देख्नेछैनन् भनेर चेताउनी दिनुभयो (मत्ती २३:३९)। अनि अन्तमा तिनीहरूले उहाँलाई आफ्ना मसीह राजाको रूपमा खुशीसाथ स्वीकार गरेका छन्।)

*गायक-मण्डलः* 'हामीले तिमीहरूलाई परमप्रभुको भवनबाट आशीर्वाद दिएका छौं।'

(हुन सक्छ, यो बोलचाहिँ मन्दिरको मूलढोकामा उभिरहेका पूजाहारीहरूको आशीर्वाद भएको होला।)

**भजन ११८:२७:** *गायक-मण्डलः* 'परमप्रभु नै परमेश्वर हुनुहुन्छ; उहाँले हामीलाई ज्योति दिनुभएको छ; चाड़को बलि डोरीहरूले वेदीका सिङहरूमा बाँध!'

(इस्राएलको समुदायले प्रभु येशूलाई नै परमेश्वरको रूपमा आराधना गरेका छन् र उहाँलाई आफ्नो ज्योतिको रूपमा उपासना गरेका छन्, जसले तिनीहरूको अन्धकारमय हृदयमा ज्योति ल्याउनुभयो। अनि जब त्यसको शिरमा प्रभु येशू हुनुभएको शोभा-यात्रा होमबलिको वेदीतिर अघि बढ्दै जान्छ, तब तिनीहरूले बलि बाँध्न केही डोरीहरू माग्छन्।)

**भजन ११८:२८-२९:** *एकल गायक:* 'तपाईं मेरा परमेश्वर हुनुहुन्छ, र म तपाईंको प्रशंसा गर्नेछु; तपाईं मेरा परमेश्वर हुनुहुन्छ; म तपाईंको बढ़ाइ गर्नेछु।'

(जुन मानिसहरूले पहिले उहाँको नामको बदनाम गरेका थिए, ती मानिसहरूले अब प्रभु येशू ख्रीष्टलाई परमेश्वर भनेर स्वीकार गरेका छन्।)

*गायक-मण्डल:* 'परमप्रभुलाई धन्यवाद चढ़ाओ; किनभने उहाँ भला हुनुहुन्छ; किनकि उहाँको कृपा सदा-सर्वदा रहिरहन्छ।'

(यस स्तुतिगानको राग झन्-झन् गम्भिर हुँदै यसको प्रशंसा र आराधनाको चरमसीमामा पुगेको छ। अनि पुरानो यरूशलेम शहरका सड़कहरूहुँदो यस सङ्गीतको प्रतिध्वनि गुँजिन्छ। त्यसपछि यो स्तुतिगान समाप्त हुन्छ, र मानिसहरू आ-आफ्ना वासस्थान-हरूतिर फर्कन्छन्, र महिमित प्रभु येशूको हजार वर्षको अद्‌भुत राज्यको आनन्द उपभोग गर्नेछन्। उहाँ शासन गर्न योग्य हुनुहुन्छ।)

## भजन ११९: पवित्र बाइबलको विषयमा लेखिएको भजन

यस भजनलाई 'पवित्र बाइबलको सुनौलो वर्णमाला' भन्ने नाम दिइएको छ; किनभने यो भजन बाइसवटा खण्डहरूमा विभक्त भएको छ, जसको एक-एक खण्ड हिब्रू वर्णमालाको एक-एक अक्षरले बाँड़िएको छ। यसको हरेक खण्डका आठवटा पदहरू छन्, र हिब्रू वर्णमालाको क्रमअनुसार एक-एक खण्डको प्रत्येक पद एकै अक्षरबाट शुरु हुन्छ। त्यस प्रकारले हिब्रूमा यस भजनको पहिलो खण्डको प्रत्येक पद 'आलेफ' भन्ने अक्षरसित शुरु हुन्छ भने, यसको दोस्रो खण्डमा प्रत्येक पद 'बेथ' भन्ने अक्षरसित शुरु हुन्छ, र त्यस्तै गरी सबै बाइसवटा खण्डहरूमा यस्तै हुन्छ।

एन.के.जे.वी.-बाइबलमा यस सबैभन्दा लामो भजनमा, निम्न चारवटा पदहरूमा बाहेक, परमेश्वरको वचन कुनै न कुनै शब्दले वर्णन गरिएको छ। यसो नभएका चारवटा पदहरूचाहिँ ८४, १२१, १२२ र १३२ पद हुन्। परमेश्वरको वचन वर्णन गर्न प्रयोग गरिएका शब्दहरू यस प्रकारका छन्, जस्तै: व्यवस्था, साक्षी-वचनहरू, मार्ग वा मार्गहरू, आदेशहरू, नियमहरू, आज्ञाहरू, विधिहरू, वचन वा वचनहरू, प्रतिज्ञा, न्याय-वचनहरू वा न्यायहरू, विश्वासयोग्यता वा सत्यता।

हिब्रूमा यस अक्षरबद्ध काव्यमा सारा वर्णमाला प्रयोग गरिएको सम्बन्धमा श्री रिडूले निम्न विचार व्यक्त गरेका छन्:

> 'परमेश्वरको वचनको पूर्णता र सिद्धता बयान गर्न लेखकलाई सम्पूर्ण भाषा आवश्यक परेको रहेछ।' 80)

अनि यस प्रकारको सुझाउ नयाँ नियमको पुस्तकमा पनि छ। किनकि हाम्रा प्रभुले आफ्नो विषयमा 'अल्फा र ओमेगा म नै हुँ' भनेर भन्नुभयो। अल्फा र ओमेगाचाहिँ ग्रीक भाषाको वर्णमालाको पहिलो र अन्तिम अक्षर हुन्। हामी भलाइ र सिद्धताको लमाइ, चौड़ाइ, यसको जुनसुकै कुरा गरौं, प्रभु येशू यसको सर्वस्व हुनुहुन्छ, अनि यसको बयान गर्न सम्पूर्ण वर्णमालाको एक-एक अक्षर आवश्यक पर्छ, यी अक्षरहरू जोड़िएर जतिसक्दा धेरै शब्दहरू किन नबनून्।

यस भजनका कुनै दुईवटा पदहरूले एउटै कुरा भन्दैनन्। हरेक पदको अर्थमा कुनै न कुनै भिन्नता झल्किन्छ नै।

भजन ११९ को विषयमा श्री सी. एस. लूइसले यसो भनेका छन्:

> 'यो कविता-रचनाचाहिँ भजन १८ जस्तो हृदयको तत्कालीन उद्‌गार होइन। तर यो त बेलबुट्टा हानिएको कपड़ाजस्तै एउटा कारचोपीको काम हो; यो त धेरै सुनसान

घण्टाहरूमा एक सिलाईमाथि अर्को सिलाई थपिएको, विषयवस्तुको प्रेमले प्रेरित भएको र आनन्द लाग्ने सोखको रूपमा ध्यान र होशियारपूर्वक रचिएको हस्तकला पो हो।' 81)

प्रस्तुत भजनका विभिन्न खण्डहरूको निम्ति दिइएका निम्नलिखित शीर्षकहरू श्री एफ. डब्ल्यू. ग्रान्टका टिप्पणीहरूमाथि आधारित छन्ः

**खण्ड क)** भजन ११९:१-८: परमेश्वरको वचन पालन गर्ने मानिस धेरै आशिषित हुन्छ!

**खण्ड ख)** भजन ११९:९-१६: परमेश्वरको वचन शुद्ध पार्छ।

**खण्ड ग)** भजन ११९:१७-२४: परमेश्वरको वचनद्वारा विवेक तीखो हुन्छ।

**खण्ड घ)** भजन ११९:२५-३२: परमेश्वरको वचनको ज्योतिमा व्यक्तिगत अयोग्यता थाहा लाग्छ।

**खण्ड ङ)** भजन ११९:३३-४०: परमेश्वरको वचनमा शक्ति छ।

**खण्ड च)** भजन ११९:४१-४८: परमेश्वरको वचनद्वारा विजय प्राप्त गरिन्छ।

**खण्ड छ)** भजन ११९:४९-५६: परमेश्वरको वचनद्वारा विश्राम र सान्त्वना पाइन्छ।

**खण्ड ज)** भजन ११९:५७-६४: परमेश्वरको वचनमा हामी लगनशील हुनुपर्छ।

**खण्ड झ)** भजन ११९:६५-७२: असल र खराब समयहरूमा परमेश्वरको वचन अमूल्य हुन्छ।

**खण्ड ञ)** भजन ११९:७३-८०: परमेश्वरको वचन अन्तर्दृष्टि दिन्छ।

**खण्ड ट)** भजन ११९:८१-८८: कष्टमा परेको मानिसले परमेश्वरको वचनद्वारा ढाड़स पाउँछ।

**खण्ड ठ)** भजन ११९:८९-९६: परमेश्वरको वचन अनन्त हुन्छ।

**खण्ड ड़)** भजन ११९:९७-१०४: परमेश्वरको वचनद्वारा बुद्धि प्राप्त गरिन्छ।

**खण्ड ढ़)** भजन ११९:१०५-११२: सबै बेलाबखतहरूको निम्ति परमेश्वरको वचन बत्ती र ज्योति हो।

**खण्ड ण)** भजन ११९:११३-१२०: परमेश्वरको वचनले दुष्टहरूको विषयमा के भन्छन्?

**खण्ड त)** भजन ११९:१२१-१२८: परमेश्वरको वचनद्वारा मानिस पापबाट अलग बस्छ र पापबाट छुटकारा पाउँछ।

**खण्ड थ)** भजन ११९:१२९-१३६: परमेश्वरको वचनबाट आनन्द आउँछ र परमेश्वरसित सङ्गति पाइन्छ।

**खण्ड द)** भजन ११९:१३७-१४४: परमेश्वरको वचनको निम्ति हुने जोश यस्तो छ!

**खण्ड ध)** भजन ११९:१४५-१५२: परमेश्वरको वचनको अनुभव यस्तो छ!

**खण्ड न)** भजन ११९:१५३-१६०: परमेश्वरको वचनले दिने मुक्ति यस्तो हुन्छ!

**खण्ड प)** भजन ११९:१६१-१६८: परमेश्वरको वचनले प्रदान गर्ने सिद्धता यस्तो छ!

**खण्ड फ)** भजन ११९:१६९-१७६: यसरी परमेश्वरको वचन आधारित प्रार्थना र प्रशंसा गरिन्छ।

यस भजनमा विशेष गरी परमेश्वरको वचनप्रतिको उच्च कोटिको प्रेम व्यक्त गरिएको छ, यस्तो प्रेम प्रभु येशू ख्रीष्टसँग थियो, जब उहाँ यस पृथ्वीमा मानिस भएर जिउनुहुन्थ्यो। अनि श्री जेम्स जी. बेलेटले निम्न सुझाउ दिएका छन्ः

> 'यस भजनको भविष्यवाणीआत्मक अर्थको कुरा गर्नु हो भने, परमेश्वरकहाँ र लामो समय-सम्म बेवास्ता गरिएका उहाँका दिव्य वाणी-हरूकहाँ फर्केर आएको साँचो इस्राएलले यस भजनका शब्दहरू प्रयोग गर्नेछ।' 82)

**भजन ११९ः१ः** धन्यको हुन्छ त्यो मानिस, अँ, आशिषित हुन्छ त्यो मानिस, जसको जीवन परमप्रभुको वचनअनुसारको छ। उसले पाप गरे पनि र परमेश्वरको कुनै आज्ञाको विषयमा ऊ चुक्छ भने परमेश्वरको वचनमा उसको निम्ति प्रबन्ध गरिएको छः आफ्नो पाप स्वीकार गरेर ऊ पुनर्स्थापित हुन्छ; अनि आफ्नो पापप्रति यस प्रकारको प्रतिक्रिया देखाएर उसले आफूलाई निष्कलङ्क अवस्थामा राखिछोड्न सक्छ।

**भजन ११९ः२ः** हामीले उहाँका साक्षी-वचनहरू पालन गर्नुपर्छ; यो महत्त्वपूर्ण छ र यो गनिन्छ। हाम्रो आज्ञापालन इच्छा नलागेको जस्तै, आधा मन भएको, सुस्त पाराले होइन, तर उहाँलाई सम्पूर्ण हृदयले खुशी तुल्याउने प्रगाढ़, उत्कट इच्छाले प्रेरित हुनुपर्छ।

**भजन ११९ः३ः** यस कुरामा नकारात्मक पक्ष पनि छः सबै प्रकारको अधर्मबाट अलग रहेर मात्र आत्मिक सुख प्राप्त गरिन्छ। अनि यसको सकारात्मक पक्ष यस प्रकारको छः हामी पवित्र धर्मशास्त्र बाइबलले हाम्रो निम्ति निर्धारित गरेको मार्गमा हिँड्नुपर्छ। अनि खराबीबाट अलग रहने सबैभन्दा अचूक तरिकाचाहिँ भलाइ गर्नमा पूरा तल्लीन हुनु हो।

**भजन ११९ः४ः** परमेश्वरका आदेशहरू मन लागे गर्ने, मन नलागे नगर्ने हाम्रो इच्छामा सुम्पिएका विकल्पहरू होइनन्, तर पालन गर्नुपर्ने आज्ञाहरू हुन्; अनि यी आज्ञाहरू हामीले कहिलेकाहीं, अनियमित ढङ्गले पालन गर्नुहुँदैन, तर यत्नपूर्वक पालन गर्नुपर्छ।

**भजन ११९ः५ः** भजनकारले अब सर्वमान्य सत्य कुरा पेश गर्न छोड़ेर उक्त कुराहरू आफ्नो जीवनमा सत्य भएका देख्न चाहन्छन्। अनि अनजानमा तिनले यी आदेशहरू आफ्नो प्रार्थनाको विषय तुल्याएका छन्; किनकि हाम्रो आज्ञापालन गर्ने इच्छा र उहाँका आज्ञाहरू निरन्तर पालन गर्ने शक्ति आखिरमा परमेश्वरबाट आउनुपर्छ भन्ने कुरा तिनले जानेका छन् र मानेका छन्।

**भजन ११९ः६ः** परमप्रभुका सबै आज्ञाहरू पालन गरिरहुन्जेल शर्मले तिनको मन सताउनेछैन, तिनको मुख लाजले रातो हुनेछैन र पीड़ाले तिनको शरीर चटपटाउनेछैन; किनकि शर्मले यतिसम्म गर्न सक्छ।

**भजन ११९ः७ः** प्रार्थना गर्नदेखि प्रशंसामा आइपुग्न धेरै बेर लाग्दैन, अनि यसको बाटो लामो र कठिन पनि होइन। किनकि परमेश्वरका धर्ममय आज्ञाहरू पालन गर्न सिक्नेहरू आनन्दले भरपूर हुन्छन्, र आवेग-पूर्ण आराधना यसको अनिवार्य नतिजा हो।

**भजन ११९ः८ः** दृढ़ सङ्कल्पसित मिल्ने जोड़ी विनम्र भरोसा हो। किनकि भजनकारले नजिकैबाट परमप्रभुको पछि लाग्ने सङ्कल्प त गरेका छन्; तर तिनले यसको निम्ति आफ्नो क्षमता अपुग भएको सम्झन्छन्। 'मलाई पूरा रूपले नत्याग्नुहोस्' भन्ने प्रार्थनाले यसको वास्तविक सम्भावना व्यक्त गर्दैन, तर लेखक आफ्नो दृष्टिमा पूरा त्याग्न लायकको व्यक्ति थिए, अनि यसकारण यसो भनेका हुन्।

**भजन ११९ः९ः** आफ्नो जीवन कसरी शुद्ध कायम राख्न सकिन्छ? योचाहिँ हरेक जवान भाइबहिनीको निम्ति सबैभन्दा ठूलो चुनौती हो। अनि यस प्रश्नको उत्तर यस प्रकारको

छः पवित्र बाइबलका वचनहरू व्यावहारिक रूपले पालन गरेर हाम्रो जीवन शुद्ध रहन्छ।

**भजन ११९:१०:** पवित्रतामा मानिसको उत्कट चाहना र परमेश्‍वरको शक्तिको बीचमा अनौठो मिलन हुन्छ र हुनुपर्छ। मानिसको चाहना यसरी प्रकट गरिएको छः 'आफ्नो सम्पूर्ण हृदयले मैले तपाईंको खोजी गरेको छु;' अनि परमेश्‍वरको शक्तिको खाँचो निम्न विन्तीमा व्यक्त गरिएको छः 'तपाईंका आज्ञा-हरूबाट मलाई भड्केर जान नदिनुहोस्!'

**भजन ११९:११:** परमेश्‍वरले हामीलाई हाम्रै इच्छाको विरुद्धमा र हाम्रै सहभागिताविना पवित्र तुल्याउनुहुन्न। यस विषयमा एकजना भाइले बुद्धिमानीसाथ यसो भनेका छन्: 'संसारको सर्वश्रेष्ठ पुस्तक पवित्र बाइबल हो। अनि यो पुस्तक राख्‍न सर्वोत्तम ठाउँ हाम्रो हृदय हो। अनि यो पुस्तक आफ्नो हृदयमा राख्‍न सबैभन्दा समुचित कारण के हो भने, यसले हामीलाई परमेश्‍वरको विरुद्धमा पाप गर्नदेखि बचाउँछ।'

**भजन ११९:१२:** परमेश्‍वर अति महान् र धेरै अनुग्रहकारी हुनुहुन्छ; यसकारण ख्रीष्ट-विश्‍वासीको नयाँ स्वभावले उहाँका नियमहरू सिक्ने र ती नियमहरूको ढाँचामा ढालिने उत्कट इच्छा गर्छ। के ख्रीष्टको प्रेमले हामीलाई यस प्रकारले करमा पारेको छ?

**भजन ११९:१३:** जसले परमेश्‍वरको वचनका बहुमूल्य धनहरूमा ठूलो आनन्द लिन्छ, ऊ त्यो आफूसँग राख्दैन, तर अरूसँग यी आत्मिक आशिषहरू बाँड्चुँड गर्न इच्छुक हुन्छ; यो अनिवार्य हो। अनि जुन कुरा हामी साँच्चै विश्‍वास गर्छौं, त्यो कुरा हामी अरूलाई सुनाउँछौं-सुनाउँछौं; योचाहिँ जीवनको एउटा नभई नहुने नियम हो।

**भजन ११९:१४:** पवित्र धर्मशास्त्र बाइबलमा लुकेको धन खोजेर निकाल्ने व्यक्तिसँग जति आनन्द छ, त्यति आनन्द त सुनका धूला-डल्लाहरू खोजेर भेट्टाउने कुनै मानिसमा छैन।

**भजन ११९:१५:** परमेश्‍वरको वचनमा सम्पूर्ण तृप्ति दिलाउने मनन गर्न निरन्त सामग्रीहरू छन्; तर हामीले त्यो मनन वचन पालन गर्ने हाम्रो दृढ़ सङ्कल्पदेखि कहिल्यै विच्छेद गर्नुहुँदैन।

**भजन ११९:१६:** *'उहाँका आज्ञाहरू कष्टपूर्ण छैनन्'* (१ यूहन्ना ५:३)। जुन व्यक्तिले परमेश्‍वरबाट नयाँ जन्म पाएको छ, त्यो व्यक्ति प्रभुका नियमहरूमा हर्षित हुन्छ, र उसले उहाँका नियमहरू सधैं सम्झना गर्ने अठोट गर्छ।

**भजन ११९:१७:** उहाँविना हामी केही पनि गर्न सक्दैनौं। बाँच्नको निम्ति र उहाँको वचन पालन गर्नको निम्ति हामीलाई उहाँको अनुग्रह खाँचो पर्छ। यसकारण आउनुहोस्, हामी उहाँको प्रशस्त अनुग्रह मागौं; किनकि हाम्रो आवश्यकता अति ठूलो छ।

**भजन ११९:१८:** पवित्र बाइबल अद्‌भुत आत्मिक स्वादिष्ट भोजनहरूले परिपूर्ण छ, जुनचाहिँ गम्भीर चासो नराख्ने र ध्यान नदिने मानिसको दृष्टिदेखि लुकेका छन्। हाम्रा आँखाहरू खोलिनैपर्छ, नत्र त हामीले यी आत्मिक कुराहरू देख्‍न सक्दैनौं।

**भजन ११९:१९:** पवित्र बाइबल एउटा यस्तो मार्गको मानचित्रको पुस्तक हो, जसले स्वर्ग जाने यात्रीलाई गन्तव्य-स्थलसम्म पुग्न अचूक मार्गदर्शन गर्छ।

**भजन ११९:२०:** हामीलाई निरन्तर पवित्र शास्त्रहरूको ठूलो तृष्णा लाग्यो भने यो कति उत्तम कुरा हो! भजनकारको मन परमेश्‍वरको वचनप्रतिको उत्कट चाहनाले कटकटी खाइरहेको थियो; अनि तिनलाई सधैं यस प्रकारको तीव्र प्रबल इच्छा लागेको थियो।

**भजन ११९:२१:** घमण्डी मानिसहरू र अपमान गर्नेहरूले परमप्रभुका आज्ञाहरू विरोध गरेका र चुनौती दिएका, तर चाँडै

परमेश्वरको सामर्थी हातद्वारा गिराइएका उदाहरणहरू इतिहासमा प्रशस्त छन्।

**भजन ११९:२२:** संसारले ख्रीष्ट-विश्वासीलाई घृणा गर्छ र उसको खिल्ली उड़ाउँछ। *'यस्तो भारी उपद्रवमा तिमीहरू तिनीहरूसँग लागेर नहिँड़ेकोमा तिनीहरूलाई अनौठो लाग्छ, र तिमीहरूको निन्दा गर्छन्'* (१ पत्रुस ४:४)। तर सच्चाइको निम्ति इनाम दिइनेछ, अनि उहाँले हामीलाई दिनुहुने 'स्याबासी'ले हामीले भोग्नुपरेको निन्दा र अपमान कति बढ़ता गरी पूर्ति गर्नेछ।

**भजन ११९:२३:** अनि जब उच्च पदाधिकारीहरूले ख्रीष्ट-विश्वासीको निन्दा गर्न साथ दिन्छन्, तब उसले पवित्र बाइबलको मनन गरेर बल र सान्त्वना पाउँछ; उसले आफ्ना निन्दकहरूलाई एक शब्द पनि जवाफ नदिनु नै तिनीहरूको निम्ति उसको उत्तर हो।

**भजन ११९:२४:** श्री म्याथ्यू हेनरीले यस पदको टिप्पणी यस प्रकारले गरेका छन्:

> 'ती शासकहरूले दाऊदको विरोधमा बोल्दाखेरि के तिनी असमञ्जसमा परे त? परमेश्वरका नियमहरू तिनका सल्लाहकार भए, र उहाँका आज्ञाहरूले तिनलाई यो परिस्थिति धैर्यपूर्वक सहने र आफ्नो मामिला परमेश्वरको हातमा सुम्पने सल्लाह दिए।' 83)

**भजन ११९:२५:** जीवनमा घाटी र शिखररूपी तल-माथिका अनुभवहरू छँदैछन्। शोकमा परेर निराश भएको बेलामा पनि हामी परमप्रभुलाई 'तपाईं आफ्नो वचनको शक्तिले मलाई पुनर्जीवित पार्नुहोस्' भनेर पुकार्न सक्छौं।

**भजन ११९:२६:** जब हामी आफ्ना चालहरू बताउँछौं, अर्थात् जब हामी आफ्ना पापहरू नलुकाई मानिलिन्छौं, तब परमप्रभुले हामीलाई हाम्रा पापहरू क्षमा गर्नुहुन्छ; यो उहाँको जवाफ हो। अनि पापको क्षमा पाएर पवित्रताको निम्ति हाम्रो चाहना फेरि जागेर आउँछ; 'तपाईंका नियमहरू मलाई सिकाउनुहोस्!' भन्ने प्रार्थनाले यहाँ यो पुनर्जागृत भएको चाहना व्यक्त गर्छ।

**भजन ११९:२७:** हामीले परमेश्वरका आदेशहरूको अर्थ बुझ्नुपर्छ र उहाँका आदेशहरू आफ्नो जीवनमा कसरी व्यवहारमा उतार्नुपर्छ, सो पनि जान्नुपर्छ। तब हामी परमेश्वरका अचम्मका कामहरूको विषयमा मनन गर्न पुग्छौं।

**भजन ११९:२८:** जीवनका अँध्यारा क्षणहरूमा, जब हाम्रो प्राण आँसुहरूले गर्दा साह्रै गलेको हुन्छ, तब सबै सान्त्वनाका परमेश्वर हामीकहाँ निहुरीकन प्रायः पवित्र शास्त्रको एउटै पदद्वारा हामीलाई उठाएर हामीलाई अघि बढ्ने शक्ति दिनुहुन्छ।

**भजन ११९:२९:** परमेश्वरको आत्माको सहायताले र परमेश्वरको वचनद्वारा हामी सत्य र झूटाको बीचमा छुट्ट्याउन सक्छौं। पवित्र बाइबलले हामीमा सबै प्रकारको झूटप्रति पवित्र घृणा उत्पन्न गर्छ। अनि परमेश्वरको वचनले सत्यता के हो, सो हामीलाई सिकाउँछ; किनकि परमेश्वरले कुनै कुराको विषयमा जे भन्नुभएको छ, त्यो सत्य हो (यूहन्ना १७:१७)।

**भजन ११९:३०:** कुनै मानिस पनि आफैआफ पवित्रतातर्फ बगेर जाँदैन। हामीले सत्यको मार्ग छान्नुपर्छ, जसरी पवित्र धर्मशास्त्र बाइबलमा यो मार्ग प्रकट गरिएको छ। यस सिलसिलामा श्री चार्लस एच. स्पर्जनले यसो भनेका छन्:

> 'हामीले परमेश्वरका आज्ञाहरू आफ्नो लक्ष्य बनाएर ताक्ने निशानको रूपमा हाम्रो सामु राख्नुपर्छ, हाम्रो काम गर्ने आदर्श र हामीले हिँड्नुपर्ने बाटो तुल्याउनुपर्छ।'

**भजन ११९:३१:** भजनकार परमेश्वरका साक्षी-वचनहरूमा टाँसिएका छन्, गमले टालेको जतिकै। तर पनि तिनले अझै आफ्नो बरालिने झुकाउ महसुस गरेका छन्; यसकारण तिनले परमप्रभुमाथि कति निर्भर

रहेका, सो जानेर उहाँलाई पुकार्छन् र उहाँबाट गुहार माग्छन्।

**भजन ११९:३२:** जब परमेश्वरले हाम्रो हृदय बढ़ाइदिनुहुन्छ, तब हामी तत्कालै उहाँका आज्ञाहरू पालन गर्न राजी हुन्छौं, हाम्रो मगज ठूलो भएको बेलामा हाम्रो प्रतिक्रिया यस्तो होइन। किनकि हाम्रो आज्ञापालन हाम्रो प्रेममा भर पर्छ, हाम्रो समझशक्तिमा होइन।

**भजन ११९:३३:** हामीले शिक्षा र निर्देशन पाउन प्रार्थना गर्नुपर्छ। किनकि हामी परमेश्वरको विद्यालयमा भर्ना भएका विद्यार्थी हौं। यसो हो भने, हामी परमेश्वरको नियम व्यवहारमा उल्था गर्न उत्सुक हुनुपर्छ। अनि हामीले उहाँको वचन आफ्नो जीवनको अन्तसम्म पालन गर्ने सुदृढ़ संकल्प गर्नुपर्छ।

**भजन ११९:३४:** हामीले समझको निम्ति प्रार्थना गर्नुपर्छ। किनकि पवित्र शास्त्रको सम्बन्धमा, यसले भन्न खोजेको अर्थको विषयमा र हाम्रा कर्तव्यहरूको सम्बन्धमा सठीक दृष्टिकोण लिनु महत्त्वपूर्ण कुरा हो; नत्र ता हामीले कसरी उहाँलाई सम्पूर्ण मनले र पूरा भक्तिको साथ पछ्याउन सक्छौं र?

**भजन ११९:३५:** हामीले मार्ग-दर्शनको निम्ति प्रार्थना गर्नुपर्छ। किनकि सायद हाम्रो आत्मा इच्छुक छ होला, तर हाम्रो शरीर, त्यसको पापी स्वभावले गर्दा कमजोर छ। यसकारण प्रभुले हाम्रा पाउहरू उहाँको इच्छाअनुसार उहाँको मार्गमा डोऱ्याउनुभएको हामी चाहन्छौं; किनभने हाम्रो निम्ति साँच्चै खुशी हुने एकमात्र उपाय यही हो।

**भजन ११९:३६:** हामीले भौतिक उन्नतिभन्दा बढ़ी आत्मिक वृद्धिको निम्ति प्रार्थना गर्नुपर्छ। किनकि *'सन्तुष्टतासहितको भक्तिमा ठूलो लाभ हुन्छ'* (१ तिमोथी ६:६)। जुन कुराले मानिसको हृदयबाट रुपियाँपैसाको लोभ निकालेर यसको ठाउँमा पवित्र बाइबलप्रतिको प्रेम हालिदिन्छ, त्यो कुरा हामीले अनुग्रहको अचम्मको काम मान्नुपर्छ।

**भजन ११९:३७:** हामी छायाहरूको पछि लाग्नुहुँदैन; होइन, हामीले आत्मिक वास्तविकताहरूको निम्ति प्रार्थना गर्नुपर्छ। टेलिभिजनको विषयमा परमेश्वरको टिप्पणी यस प्रकारको छः *'व्यर्थका कुराहरू हेर्नदेखि मेरा आँखाहरू फर्काइदिनुहोस्!'* टी.भी.ले एउटा स्वप्नलोक प्रदर्शन गर्छ, वास्तविक संसार होइन। तर परमेश्वरको वचनले वास्तविक जीवनसित सरोकार राख्छ।

**भजन ११९:३८:** हामीले परमेश्वरलाई 'आफ्नो प्रतिज्ञा पक्का गर्नुहोस्' भन्ने विन्ती गर्दै प्रार्थना गर्नुपर्छ। 'तपाईंको अनुग्रहका सबै आशिषहरू म दाबी गर्छु; तपाईंको एक-एक प्रतिज्ञामाथि मेरो नाम लेखिदिनुहोस्!' उहाँका प्रतिज्ञाहरू दाबी गर्ने हाम्रो अधिकार उहाँको भय मानेकोमा रहेको छ।

**भजन ११९:३९:** हामीले प्रभु येशूको नाम कलङ्कित तुल्याउने र बदनाम गराउने जुनसुकै निन्दादेखि बाँच्नको निम्ति प्रार्थना गर्नुपर्छ। उहाँका न्यायका फैसलाहरू असल छन्; अनि असल भन्नेमा हामी तीप्रति विश्वासयोग्य हुनुपर्छ र तीअनुसार गर्नैपर्छ।

**भजन ११९:४०:** हामीले आफ्नो व्यक्तिगत जागृतिको निम्ति प्रार्थना गर्नुपर्छ। *'खरिएको जमिन तलाउ र तिर्खाएको भूमि पानीका धाराहरू बन्नेछन्'* (यशैया ३५:७)। जब हामी उत्तेजित भई उहाँका आदेशहरूको लालसा गर्छौं, तब उहाँले आफ्नो धार्मिकतामा हामीलाई पुनर्जीवित पार्नुहुन्छ।

**भजन ११९:४१:** हामीले परमेश्वरका कृपाहरू र उहाँको मुक्ति हल्का लिनुहुँदैन। किनकि हामीले मुक्ति पाएको दिनमा जत्तिकै आज पनि हामीलाई उहाँको दया र सुरक्षाको खाँचो पर्छ। यसकारण आउनुहोस्, हामी दैनिक जीवनमा उहाँको वास्ता र सुरक्षा पाउन उहाँको प्रतिज्ञा दाबी गरौं!

**भजन ११९:४२:** विश्वास नगर्नेहरूका निन्दाहरू कसरी चुप गराउन सकिन्छ? परमप्रभुले हाम्रा प्रार्थनाका उत्तरहरू दिनुभएका अकाट्य प्रमाणहरूले यसो गर्छन्। कहिल्यै टलेर नजाने परमेश्वरको वचन हाम्रो विश्वासको आधार हो।

**भजन ११९:४३:** सत्यको वचन बोल्न हामी कहिल्यै नडराऔं र यसको निम्ति हामी कहिल्यै नलजाऔं! हामीले परमेश्वरका न्यायका फैसलाहरूमाथि आशा राखेका छौं भने, उहाँले हामीलाई उहाँको निम्ति साक्षी दिने अवसरहरू दिइरहनुहुन्छ।

**भजन ११९:४४:** हामीले प्रभुको प्रेम र अनुग्रहको निम्ति सक्रिय प्रतिक्रिया जनाउनुपर्छ; यसकारण हामीले अन्तिम साससम्म उहाँको वचन पालन गरिरहने अटल अठोट गर्नुपर्छ। 'जुन कुराहरू उहाँले मेरो निम्ति गर्नुभयो, यी सबै कुराहरूको खातिर मैले मेरो सर्वोत्तम उहाँलाई दिनुपर्छ र पूरा तवरले उहाँको निम्ति जिउनुपर्छ; त्योभन्दा कम म कसरी गरूँ?'

**भजन ११९:४५:** जस-जसलाई परमेश्वरका पुत्रले स्वतन्त्र पार्नुभयो, उनीहरू साँच्चै स्वतन्त्र छन् (यूहन्ना ८:३६)। संसारको निम्ति इसाई जीवनचाहिँ मानिसलाई बन्धनमा राख्ने प्रणाली वा पद्धति हो। तर खास गरी उहाँका आदेशहरूको खोजी गर्नेहरूले सम्पूर्ण स्वतन्त्रताको आनन्द उपभोग गर्छन्।

**भजन ११९:४६:** हाम्रो विश्वासले हामीलाई राजाहरूको सामु ख्रीष्ट येशूको निम्ति बोल्ने साहस दिन्छ। ओहो, कति धेरै शक्तिशाली शासकहरूले नम्र र अवहेलित नागरिकहरूको मुखबाट मुक्तिको सुसमाचार सुनेका छन्!

**भजन ११९:४७:** पवित्र बाइबलका प्रेमीहरूले यसका पन्नाहरूमा व्यक्तिगत गहन आनन्द उपभोग गर्छन्; किनकि पवित्र बाइबल हर्षको धारा, सुखको नदी र सन्तुष्टिको कहिल्यै नसुक्ने मुहान हो।

**भजन ११९:४८:** हामी पवित्र बाइबलको श्रद्धा गर्छौं; कुन अर्थमा? यसको महानता, यसको व्यापकता, यसको गहिराइ, यसको शक्ति, यसको धन र यसको अपरिमितता र अनन्तताको खातिर हामी डरको साथ यसको बड़ो सम्मान गर्छौं; किनकि पवित्र बाइबल परमेश्वरको वचन हो, र यसले हाम्रो जीवनमा अद्‌भुत काम गरेको छ। अनि दिन-रात हामी यसको मनन गर्छौं।

**भजन ११९:४९:** परमेश्वरले कतै आफ्नो प्रतिज्ञा भुल्नु, अहँ, यो असम्भव छ। तर कष्टको भट्टीमा पिरोलिएको बेलामा हाम्रो विश्वास पतित हुन खोज्छ। तर त्यस बेलामा हामीले 'हे प्रभु, सम्झना गर्नुहोस्' भन्ने प्रार्थना गर्न छुट पाएका छौं। उहाँले हामीलाई उहाँको नाममा आस र भरोसा गर्न सिकाएर हामीलाई यहाँसम्म ल्याइदिनुभयो; तब उहाँले हामीलाई शर्ममा पर्न कहाँ दिन सक्नुहुन्छ र? उहाँले हामीलाई शर्ममा पर्न दिनुहुन्न।

**भजन ११९:५०:** परमेश्वरको वचनको सजीव पार्ने शक्ति अनुभव गर्नेहरूले वचनमा सान्त्वनाको अचूक स्रोत पाएका छन्। हाम्रा शुभचिन्तकहरूका शब्दहरू प्रायः खोक्रा हुन्छन्, र धेरै फायदा गर्दैनन्; तर परमेश्वरको वचनचाहिँ सधैं जीवित छ, हाम्रो परिस्थितिसित सुपरिचित र प्रभावकारी हुन्छ।

**भजन ११९:५१:** हामी प्रभुप्रति विश्वासयोग्य रह्यौं भने हाम्रो खिसीटिउरी, हाम्रो उपहास र हाम्रो गिल्ला अवश्य गरिन्छ; यसमा हाम्रो हिस्सा छ; अन्यथा नसम्झनुहोला। तर के हामीले अपनाएको विश्वास र सिद्धान्त ईश्वरीय होइन र? हाम्रो सिद्धान्त परमेश्वरको हो भने हामी सत्यनिष्ठ रहनुपर्छ।

**भजन ११९:५२:** विगत समयमा प्रभुले हाम्रो पक्षमा काम गर्नुभएको सम्झनाबाट हामी प्रोत्साहन पाउँछौं। जुन कृपाले हामीलाई

यहाँसम्म ल्याइदियो, त्यही कृपाले हामीलाई बाँकी रहेको बाटोमा अवश्य साथ दिने नै छ। बितेका समयहरूमा परमेश्‍वरले हामीप्रति देखाउनुभएको प्रेमले 'अन्तमा उहाँले हामीलाई अन्धकारमा डुब्न छोड़िदिनुहुन्छ' भन्ने कुरा हामीलाई सोच्न दिँदैन।

**भजन ११९ःप्र३ः** परमेश्‍वरको व्यवस्थाको अनादर र उल्लङ्घन भएको देखेर ख्रीष्ट-विश्‍वासीलाई जल्दो रिस उठ्छ। प्रभु येशूलाई पनि यस्तै भएको थियो। *'तपाईंलाई निन्दा गर्नेहरूका निन्दाहरू ममाथि परे'* (रोमी १५ः३)। यसर्थ परमेश्‍वर पितालाई भएको जुनसुकै अनादर परमेश्‍वरको पुत्रले आफ्नै अपमान भएको ठान्नुभयो।

**भजन ११९ःप्र४ः** परमेश्‍वरको अद्‌भुत वचनको खातिर स्वर्गको यात्रीले आफ्नो यात्री-जीवनको घरमा अथवा श्री नोक्सले अनुवाद गरेझैं 'प्रवासी भएर रहेको देशमा' गीत गाउन सक्दो रहेछ। बाटो अप्ठ्यारो होला, तर लामो छैन। रात अँध्यारो होला, तर परमेश्‍वर एउटा गीत दिनुहुन्छ।

**भजन ११९ःप्रप्रः** निद्रा नलागेको रातका 'कहिले, अँ, कहिले बित्लान्' भन्ने लामा न लामा घण्टाहरूमा हामी प्रभुको विषयमा मनन गरेर यो समय सदुपयोग गर्न सक्छौं; तर हाम्रो मनन परमेश्‍वरको वचन आधारित भएको हुनुपर्छ; किनकि उहाँको वचनले प्रभुलाई प्रकट गरेको छ। अनि जति बढ़ी हामी उहाँलाई चिन्छौं, त्यति नै बढ़ी हामी उहाँलाई प्रेम गर्छौं, अनि उहाँलाई प्रेम गरेको हुनाले हामी उहाँको व्यवस्था पालन गर्न चाहन्छौं।

**भजन ११९ःप्र६ः** आज्ञाकारितामा आशिष छ। *'भक्तिचाहिँ सबै कुराको निम्ति लाभ-दायक हुन्छ; किनकि यसैमा अहिलेको जीवन र पछि आउने जीवनको प्रतिज्ञा छ'* (१ तिमोथी ४ः८)।

**भजन ११९ःप्र७ः** ओहो, हामीले प्रभुमा कत्रो अनुपम धन पाएका रहेछौं! जसले यो कुरा जानेको छ, उसैले उहाँका वचनहरू पालन गर्ने प्रण गर्छ-गर्छ। उहाँ हर हिसाबले यथेस्ट हुनुहुन्छ। प्रभुलाई पाएको व्यक्ति अत्यन्तै धनवान् भएको छ।

**भजन ११९ःप्र८ः** प्रभुलाई कसैको सहायता पर्दैन; किनकि उहाँ पूरा रूपले आत्मनिर्भर हुनुहुन्छ; तर हामीचाहिँ यस्तै हुँदैनौं; हाम्रो योग्यता अर्थात् हाम्रो यथेस्टता परमेश्‍वरबाटको हो (२ कोरिन्थी ३ःप्र)। यसकारण हामी प्रार्थना गर्ने योद्धाहरू हुनुपर्छ, जसले परमेश्‍वरको निगाह पाउन विन्ती गर्छन् र उहाँको दयाको प्रतिज्ञा दाबी गर्छन्।

**भजन ११९ःप्र९ः** मार्ग-दर्शन पाउनु हाम्रो जीवनमा भइरहने समस्या हो। हामी कुन बाटोमा लाग्ने? स्पष्ट छ, त्यो कुरा आफै-आफ जान्न हामीमा बुद्धि छैन। यसो हो भने, आउनुहोस्, हामी पवित्र धर्मशास्त्र बाइबलमा रूपरेखा र मानचित्र गरिएका बाटाहरूमा हाम्रा पाउहरू टेकाऔं!

**भजन ११९ः६०ः** हामी तत्काल खाद्य पदार्थ, तत्काल सेवा र तत्कालै यो-त्यो हुने जमानामा जिइरहेका छौं। तर तत्काल आज्ञाकारिता? के प्रकट भएको परमेश्‍वरको इच्छा तत्कालै पूरा गर्ने आज्ञाकारितामाथि हामीले आफ्नो ध्यान लगाएका छौं? के यो हाम्रो जीवनको उपज हो? हो, हाम्रो आज्ञाकारिता तत्कालै हुनुपर्छ।

**भजन ११९ः६१ः** दुष्ट मानिसहरूले सीधासोझा विश्‍वासी भाइबहिनीलाई गलत काममा फसाउन खोज्छन्; यही कारणले मार्ग-दर्शन र सुरक्षाको निम्ति उसलाई परमेश्‍वरको वचन याद गर्न अझ ठोस कारण छ।

**भजन ११९ः६२ः** *'अनि मध्यरातमा पावल र सिलास प्रार्थना गरिरहेका र परमेश्‍वरको भजन गाइरहेका थिए'* (प्रेरित १६ः२५)। मानिसहरूले प्रभुका जनहरूलाई अन्याय र दुर्व्यवहार गरिरहेका थिए; तर उनीहरूले

परमेश्वरका धर्ममय फैसलाहरूको विषयमा अझ गीत गाउन सके।

**भजन ११९:६३:** परमेश्वरलाई प्रेम गर्ने-हरूले उहाँका जनहरूलाई पनि प्रेम गर्छन्। अनि पवित्र बाइबललाई प्रेम गर्नेहरूले सबै बाइबल-प्रेमीहरूलाई प्रेम गर्छन्। यस विश्वव्यापी सङ्गतिमा राष्ट्रवाद के, समाजवाद के, वर्गवाद के – यसको निम्ति कुनै ठावैं छैन; किनभने यो सङ्गति यी सबै कुराहरू नाघेर जान्छ।

**भजन ११९:६४:** संसारमा जहाँ पनि परमेश्वरको कृपा देख्न र पाउन सकिन्छ। तर उहाँको कृपा उपलब्ध मात्र कहाँ हो र? पृथ्वी परमेश्वरको कृपाले भरपूर छ। तब कृतज्ञताले पूर्ण हाम्रो हृदयले यसो भन्दै प्रतिक्रिया जनाउँछः 'हे प्रभु, आफ्नो पवित्र आत्माद्वारा मलाई शिक्षणीय तुल्याउनुहोस्!'

**भजन ११९:६५:** प्रभुले आफ्नो वचनको प्रतिज्ञाअनुसार हामीसित सद्व्यवहार गर्नु-भएकोमा के हामीले उहाँलाई आज धन्यवाद चढ़ाएका छौं? अथवा के हामीले उहाँलाई यसको निम्ति धन्यवाद दिएकोदेखि निक्कै समय बितेको कि कसो हो? 'आशिष गन, गन एकै-एक! आशिष गन; हेर, छन् अनेक! आशिष गन, छक्क पर्नेछौ, प्रभुले तिमीलाई दिनुभयो अनेक।'

**भजन ११९:६६:** हामीले असल विवेकको निम्ति, साथै ज्ञान पाउन प्रार्थना गर्नुपर्छ। किनकि ज्ञान भएको मानिससँग विवेक नहुन सम्भव छ, अनि ज्ञानसित सन्तुलन हुनुपर्छ। परमेश्वरको वचनबाट र बुबाआमाको अनुशासनद्वारा हामी विवेकशील हुन सिक्छौं।

**भजन ११९:६७:** परमेश्वरको अनुशासनले यस प्रकारको तालिमद्वारा अभ्यस्त भइसकेकाहरूलाई पछिबाट धार्मिकताको शान्तिमय फल दिनेछ (हिब्रू १२:११)। हामी बरालिहिँड़ेका तिक्त अनुभवहरूको सम्झना एउटा तीतो औषधी हो, जसले हामीलाई यो कुरा फेरि दोहोर्‍याउनबाट रोक्छ; किनकि हाम्रो भड्किहिड़ाइको निम्ति हामीले तिर्नुपरेको मूल्य ज्यादा हो।

**भजन ११९:६८:** एकक्षण अङ्ग्रेजीको कुरा गरौं। 'गोड' र 'गूड' एकै मूल-शब्दबाट बनेका शब्दहरू हुन्; ('गोड' भनेको परमेश्वर र 'गूड' भनेको असल हो)। परमेश्वर भला हुनुहुन्छ, र उहाँले गर्नुभएका सबै कामहरू पनि भलाइ हुन्छन्। अनि हामी भला हुनु हो भने, हामीले उहाँको जुवा आफूमाथि लिएर उहाँबाट सिक्नुपर्छ।

**भजन ११९:६९:** जब भक्तिहीन मानिस-हरूले झूटमूटका कुराहरू गरेर हाम्रो मानहानि गर्ने कोशिश गर्छन्, तब हामी पवित्र बाइबल-प्रति विश्वासयोग्य हुनुपर्छ र नडगमगाईकन आज्ञाकारी हुनुपर्छ, तब हामी सुरक्षा प्राप्त गर्छौं।

**भजन ११९:७०:** सांसारिक मानिसहरू भोग-विलास र मोजमज्जामा मस्त भइरहून्, तर हामीचाहिँ शारीरिक अभिलासाहरू पूरा गर्दैनौं, किनकि हामीले आत्मिक शिक्षामा सन्तुष्टि र तृप्ति पाएका छौं।

**भजन ११९:७१:** दुःखहरू त क्षणिक हुन्छन्, तर ती दुःखहरूबाट उठाउने फाइदाहरू अनन्त हुन्छन्। मानिसहरूले हाम्रो हानि गर्ने उद्देश्यले हामीलाई सताउँछन्; तर परमेश्वरले त्यो हाम्रो भलाइको निम्ति प्रयोग गर्नुहुन्छ।

**भजन ११९:७२:** पवित्र बाइबलचाहिँ यस संसारमा हाम्रो सबैभन्दा बहुमूल्य भौतिक सम्पत्ति हो। कम्प्यूटरले अद्भुत प्रकारले ठूला-ठूला सङ्ख्याहरूको योगफल निकाल्न सक्छ, तर त्यसले पवित्र शास्त्रको सही मूल्य निकाल्न सकेको छैन।

**भजन ११९:७३:** जब परमेश्वरले हामीलाई बनाउनुभयो, तब उहाँले हामीलाई अचम्मका सीप र क्षमताहरू दिनुभयो। तब

उहाँ हाम्रा शिक्षक पनि हुनुपर्छ; योजस्तै न्यायसँगत र मुनासिब अरू कुरा के होला र? उहाँले हामीलाई किन सृष्टि गर्नुभयो? हामीले यसमा उहाँको उद्देश्य बुझ्नुपर्छ र उहाँको यस उद्देश्यको एक-एक बुँदा पूरा गरेर छाड्नुपर्छ।

**भजन ११९:७४:** प्रभु येशूको निम्ति आगो भएको ख्रीष्ट-विश्वासीको भेटघाटबाट प्रचूर आत्मिक ताजापन आउँछ। परमेश्वरको वचनमा आशा राख्नेहरू पवित्र आत्माको उर्जाले चम्किला र विकिरणशील हुन्छन्।

**भजन ११९:७५:** रोगबिमारी, दुःखकष्ट र अन्य तकलिफहरू सीधा परमेश्वरबाट आउँदैनन्; तर उहाँले विशेष परिस्थितिहरूमा यी कुराहरू हाम्रो जीवनमा आउन दिनुहुन्छ र यी कुराहरू आफ्ना उद्देश्यहरूको निम्ति प्रयोग गर्नुहुन्छ। यी सबैमा उहाँमा कुनै दोष नपाउनु, तर हामीसित उहाँको व्यवहार न्यायसँगत ठान्नु र उहाँको विश्वासयोग्यता देख्नु आत्मिक परिपक्वताको लक्षण हो।

**भजन ११९:७६:** तर हामी कमजोर, धूलो बराबर छौं; यसकारण उहाँले हामीलाई टिठ्याउनुभएको र दया देखाउनुभएको हामीलाई खाँचो पर्छ; उहाँले आफ्नो कृपामा हामीलाई सँभाल्नुपर्छ। *'यसकारण हामी साहससँग अनुग्रहको सिंहासनको नजिक आऔं, कि दया पाऔं र खाँचो पर्दा सहायता पाउन अनुग्रह प्राप्त गरौं'* (हिब्रू ४:१६)।

**भजन ११९:७७:** जब-जब हामीप्रति परमेश्वरका कोमल कृपाहरू देखाइन्छन्, तब हरेक पल्ट कठोर चापमा परेको पवित्र जनको निम्ति योचाहिँ जीवनको नयाँ रक्तदान पाएको जतिकै हुन्छ। हे उहाँको व्यवस्थामा आनन्द मनाउने भाइबहिनीहो, ढुक्कै हुनुहोस्! किनकि तपाईंलाई सहायता गर्न उहाँ छेउमा आउनुहुनेछ।

**भजन ११९:७८:** श्री जोसेफ जेलिनोले यो पद यस प्रकारले अनुवाद गरेका छन्: 'ती घमण्डीहरूलाई शर्ममा पार्नुहोस्, जसले मैले तपाईंका आदेशहरूमा मनन गरेको बेलामा झूटद्वारा मेरो हानि गरेका छन्।' परमेश्वरले पापलाई त्यसको काम गर्न दिनुहुन्छ। अनि यस सम्बन्धमा भजनकारको विन्ती छः परमेश्वरले जुन काम 'गर्छु' भन्नुभयो, त्यो काम पूरा गरेका होऊन्।

**भजन ११९:७९:** परमेश्वरको वचन जान्ने र प्रेम गर्नेहरूसित सङ्गति गर्न खोज्ने मानिसमा आत्मिक सहजज्ञान भएको हुनुपर्छ। तर परमेश्वरको डर मान्नेहरूसित हाम्रो भेट गराइदिनुहोस् भन्ने प्रार्थना हामीले कहिले र कहाँ गरेका छौं?

**भजन ११९:८०:** परमप्रभुका नियमहरू पालन गर्ने सम्बन्धमा हामीले किन निर्दोष हुने इच्छा गर्नुपर्छ? यसो गर्नको निम्ति धेरै कारणहरू छन्। भजनकारले यहाँ यसको एउटा कारण बताएका छन्: पापमा पतित भएको शर्मले हामीलाई भतभती पोल्न नपाओस्! हामी यस लाजमर्दो कुराबाट बाँच्नुपर्छ।

**भजन ११९:८१:** ख्रीष्ट-विश्वासी कष्टमा पर्छ-पर्छ; तर कुनै कष्टले उसलाई पिँध्न सक्दैन; ऊ असमञ्जसमा पारिन्छ होला, तर हतोत्साहित हुँदैन; ऊ सतावटमा पर्न सक्छ, तर ऊ त्यागिएको हुँदैन; उसलाई भुइँमा पछार्न सकिन्छ, तर ऊ नाश हुँदैन (२ कोरिन्थी ४:८-९)। यहाँ, यस ठाउँमा भजनकारले परमेश्वरको बचाउने सहायता पाउन खूबै चाहना गरेका छन्; किनकि तिनको आशा मरेको थिएन, तर अझ जारी रहेको थियो।

**भजन ११९:८२:** परमेश्वरले प्रतिज्ञा गर्नुभएको छुटकाराको बाटो हेर्दा-हेर्दा तिनका आँखाहरू धमिला भइसके; तर तिनले 'तपाईं मलाई सान्त्वना दिनुहुन्छ कि' भन्ने प्रार्थना गर्दैनन्, तर 'कहिले तपाईंले मलाई सान्त्वना दिनुहुन्छ?' भनेर प्रार्थना गरेका छन्।

**भजन ११९:८३:** धूवाँमा राखिएको मशक चाउरिन्छ र यसमा कालो मोसो लाग्छ। यस दृष्टान्तको निम्ति कुनै स्पष्टीकारण चाहिँदैन होला; कुरा सुस्पष्ट छः सतावटमा परेको ख्रीष्ट-विश्वासी ओइलिन्छ, चाउरिन्छ र सुकेर चिरैचिरा पर्ला; हो, परमेश्वरको बाटो हेर्ने भाइबहिनीको रूप यसरी बिग्रिन सक्ला। तर ऊ आशाहीन हुँदै होइन, किनकि उससँग परमेश्वरको वचन छँदैछ, जसमाथि उसले सधैं आड्भरोसा राख्न सक्छ।

**भजन ११९:८४:** जीवन एकदम छोटो छ। अनि हाम्रो विचारमा, यस छोटो जीवनमा कष्टका दिनहरूले ठूलो अंश ओगटेका जस्तो देखिन्छ। परमप्रभुले अत्याचारीहरूसित कारबाही गरेर तिनीहरूलाई दण्ड दिने समय आए हुनेथियो नि !

**भजन ११९:८५:** यस पदमा उल्लेखित गुन्डाबाजीहरू भक्तिहीन र अनुशासनहीन हुन्। यी दुईवटा अवगुणहरू सँगै जान्छन्। तिनीहरूले धर्मी र निर्दोष मानिसको विरुद्धमा खराब युक्ति रचेका छन्। अनि यस कुराले तिनीहरूले आफूलाई परमेश्वरको व्यवस्थाको अधीनतामा सुम्पन इन्कार गर्छन् भन्ने प्रमाण दिन्छ।

**भजन ११९:८६:** परमेश्वरको वचन एकदम भरपर्दो हुन्छ; योजस्तो भरपर्दो अरू केही पनि छैन। अनि उहाँले सतावटमा परेका आफ्ना जनहरूलाई छुटकारा दिन्छु भन्ने प्रतिज्ञा गर्नुभएको छ। यसकारण भूटा आरोप लाउनेहरूले हामीमाथि हमला गरेको बेलामा हामी ढुक्कै हुन सक्छौं र 'मलाई सहायता गर्नुहोस्' भन्ने सुनौलो प्रार्थना चढ़ाउन सक्छौं।

**भजन ११९:८७:** श्री चार्लस एच. स्पर्जनले यसो भनेका छन्: 'हामी परमेश्वरका आदेशहरूमा लीन भएर लागिपर्नुपर्छ; तब उहाँका प्रतिज्ञाहरूअनुसार हामी बचाइनेछौं।' नबाँच्ने रहेछौं भनी हरेस खाने स्थितिमा पुगेर पनि हाम्रो आज्ञाकारिता डगमगाउनुहुँदैन, डलपल हुनुहुँदैन। केवल विश्वास जारी राख्नुहोस् ! हाम्रो गुहार आउने नै छ।

**भजन ११९:८८:** सबैभन्दा असल प्रार्थना मनको ठूलो खाँचोबाट उठ्छ। यहाँ भजनकारले 'हे परमप्रभु, मेरो ज्यान बचाइदिनुहोस्, र म तपाईंको वचन पालन गरेर तपाईंको महिमा गर्न पाऊँ' भनेर प्रार्थना गर्छन्।

**भजन ११९:८९:** विश्वास गर्नु भनेको अन्धकारभित्र हामफाल्नु होइन। हाम्रो विश्वासको आधार बलियो छ; किनकि त्यो त ब्रह्माण्डको सबैभन्दा सुनिश्चित र परिपक्का कुरामाथि, पवित्र बाइबलमाथि अड़िएको हुन्छ। स्वर्गमा सदा-सर्वदा सुस्थिर भएको सुनिश्चित वचनमाथि विश्वास राख्नुमा कुनै हानि, कुनै खतरा छैन।

**भजन ११९:९०:** परमेश्वरको विश्वासयोग्यता उहाँको वचनमा मात्र प्रकट भएको होइन, तर उहाँका कामहरूमा पनि त्यसको प्रदर्शन हुन्छ। उहाँको विश्वासयोग्यता सबै पुस्ताहरूसम्म जान्छ, र प्रकृतिको अनुक्रम र व्यवस्थामा देखिन्छ; त्यो कति सुव्यवस्थित छ ! त्यो कति सही र सुठीक ढङ्गले चल्छ !

**भजन ११९:९१:** आकाश र पृथ्वीले उहाँका नियमहरू पालन गर्छन्। बीउ छर्ने समय र कटनी गर्ने समय, शीतकाल र ग्रीष्म ऋतु, दिन र रात – यी सबै परमेश्वरका सेवकहरू हुन्। अनि उहाँको शक्तिशाली वचनद्वारा यी सबै थोकहरूको नियन्त्रण भइरहन्छ र यी सँभालिन्छन्।

**भजन ११९:९२:** श्री अल्बर्ट बार्नेसको टिप्पणीमा यस्तो लेखिएको छः

> 'एकजना आदरणीय जनले साह्रै कष्टमा परेर मलाई यसो भनेः "अनन्त परमेश्वर तिम्रो शरणस्थान हुनुहुन्छ, र तिमीमनि अनन्त पाखुराहरू छँदैछन्" भन्ने आश्वासन परमेश्वरको

वचनमा नभएको भए म हजार पल्ट डुबिसक्नेथिएँ।' 84)

**भजन ११९:९३:** आफ्नो जीवनमा पवित्र शास्त्रहरूको शक्ति अनुभव गर्नेहरूले परमेश्वरका वचनहरू बिर्सनेछैनन्; यस्तो सम्भावना एकदम कम छ। हामीले त नाश हुने बीउबाट होइन, तर नाश नहुने बीउबाट परमेश्वरको जिउँदो र सधैंभरि रहिरहने वचनद्वारा नयाँ जन्म पाएका छौं (१ पत्रुस १:२३)।

**भजन ११९:९४:** मुक्ति पाएर हामी पापको दण्डबाट उम्क्यौं; यसो भए पनि हामी दिन प्रतिदिन पापको अशुद्धता र पापको हानिबाट बाँच्नुपरेको छ। हामी परमेश्वरका आदेशहरूसित र आफ्नै हृदयसित सुपरिचित भएका मानिस हौं भने 'हे प्रभु, मलाई बचाउनुहोस्' भन्ने प्रार्थनाको अर्थ राम्ररी बुझ्छौं; किनकि हामीलाई वर्तमान कालमा मुक्त हुनु आवश्यकता छ। के तपाईंलाई यो थाहा छ?

**भजन ११९:९५:** दुष्टहरूका आक्रमणहरूबाट बाँच्न एकमात्र उपायचाहिँ के हो? यसको निम्ति हामी एउटा तुच्छ, महत्त्वहीन जीवन जिउनुपर्छ। तर जबसम्म हाम्रो जीवन परमेश्वरको निम्ति काममा आउँछ, तबसम्म हामीले विरोधको सामना गर्नुपर्छ; यसकारण विरोध पक्का आउँछ भन्ने कुरा तपाईं निश्चित गर्नुहोला। तर जब हामी परमेश्वरका साक्षीवचनहरूमाथि विचार गर्छौं, तब हामी शक्तिबल, सान्त्वना र साहस पाउँछौं।

**भजन ११९:९६:** यस संसारका सबैभन्दा उत्तम कुराहरूमा पनि सिद्धता छैन; ती कुराहरूमा घटी-कमी हुन्छन् र तिनको अन्त पनि हुन्छ; तर परमेश्वरको वचन सिद्ध र असीमित हुन्छ। जति बढ़ी हामी पवित्र बाइबलसित सुपरिचित हुन्छौं, त्यति नै बढ़ी हामी आफ्नो कमी र कमजोरी जान्नेछौं।

**भजन ११९:९७:** प्रभुलाई प्रेम गर्नेहरूले उहाँको वचन पनि प्रेम गर्छन्। अनि उहाँको वचनप्रतिको प्रेम केमा देखिन्छ? हरेक अवसरमा पवित्र बाइबलको मनन-चिन्तन गरेकोबाट यो छरलङ्ग देखिन्छ। अनि यी मनन गरेका क्षणहरूमा हामीले अचानक पवित्र शास्त्रमा नयाँ, सुन्दर कुराहरू र अचम्मका कुराहरू देख्न पाउँदा रहेछन्।

**भजन ११९:९८:** जुन विनम्र ख्रीष्ट-विश्वासी वचनको बुद्धिले सुसज्जित हुन्छ, त्यही ख्रीष्ट-विश्वासी प्रार्थनामा आफ्ना घुँड़ाहरू टेकेर जति देख्न सक्छ, उसका शत्रुहरूले जति कोशिश गरेर पनि यसको एक छेउ पनि देख्दैनन्, लम्केर र पूरा बल लगाएर तिनीहरू आफ्ना पाउका पन्जामा टेक्ने किन नहोऊन्।

**भजन ११९:९९:** जुन बाइबल-शिक्षकचाहिँ आफ्नो उन्नतिमा बढ़ी आत्मसन्तुष्ट हुन्छन् र आफ्ना विगत उपलब्धीहरूमाथि आराम गर्छन्, ती शिक्षकलाई उछिन वचनमाथि नित्य मनन गरिरहने जूनियरको निम्ति धेरै बेर लाग्दैन।

**भजन ११९:१००:** यस वाक्यमा भजनकारले मूर्ख किसिमको गर्व गरेको जस्तो लाग्ला, तर तिनले यसो गरेका होइनन्। किनकि यहाँ मानिसको उमेर र समझको मामिला होइन, तर आज्ञाकारिताको सवाल छ। यसो हो भने, एकजना जवान भाइ-बहिनीले आफूभन्दा जेठाबाठाहरूलाई उछिन सक्छ, उसको आज्ञाकारिता उनीहरूको भन्दा बढ़ी भयो भने। हाम्रो बौद्धिक स्तर होइन, तर हाम्रो आज्ञाकारिताको स्तर गनिन्छ।

**भजन ११९:१०१:** यहाँ आज्ञाकारिता कार्यान्वित भएको अर्थात् व्यवहारमा ल्याइएको छ। किनकि भजनकारले आफ्ना पाउहरू पापका मार्गहरूदेखि रोकिराखेका छन्; किनभने तिनको आज्ञापालन उच्चतम हुनुपर्छ।

**भजन ११९:१०२:** हामीलाई पवित्र पार्न पवित्र बाइबलको प्रभाव ठूलो छ। किनकि प्रभुले त्यसका पन्नाहरूबाट हामीलाई सिकाउँदै हुनुहुन्छ; यसकारण हामीमा पापप्रति घृणा र पवित्रताप्रति प्रेम बढ़ेर आउँछ।

**भजन ११९:१०३:** अनि यो पनि भनौंः पवित्र बाइबल साँच्चै परम आनन्दको स्रोत हो। यस संसारमा पवित्र बाइबलजस्तै आनन्ददायक अरू कुनै पुस्तक छैन। हो, मह गुलियो हुन्छ, तर परमेश्वरको वचन त्योभन्दा अझ मीठो हुन्छ।

**भजन ११९:१०४:** बैङ्कनोट असली हो कि नकली हो, सो पत्ता लगाउन मानिसहरू असली बैङ्कनोट अध्ययन गर्छन्। ठीक त्यस्तै सत्यताको गहन परिचयले हामीलाई हरेक झूटो मार्ग पत्ता लगाउन र त्यसलाई घृणा गर्न सक्षम तुल्याउँछ।

**भजन ११९:१०५:** वचनमा नकार्ने कुरा छः त्यसले हामीलाई कति आचार-व्यवहारहरू मनाही गर्छ। वचनको सकारात्मक पक्ष पनि छः त्यसले हामीलाई सही मार्ग देखाइदिन्छ। परमेश्वरको वचन-रूपी बत्ती र त्यसको अनुकूल प्रकाशको निम्ति हामी कति ऋणी छौं!!

**भजन ११९:१०६:** यस पदमा भजन-कारसँग पवित्र धर्मशास्त्र बाइबलका वचनहरू पालन गर्ने पवित्र अठोट छ। यस आज्ञा-पालनबाट परमेश्वरको महिमा हुन्छ, अरू मानिसहरूले आशिष पाउँछन् र हाम्रो आफ्नो भलाइ पनि हुन्छ।

**भजन ११९:१०७:** श्री चार्लस एच. स्पर्जनले यसो भनेका छन्ः

> 'अघिको पदमा भजनकारले परमप्रभुको सिपाही हुने शपथ खाए, अनि यस पदमा तिनले उहाँको सिपाही भएर कठिनाइ भोग्नुपर्‍यो; यो तिनको बोलावट थियो। यसकारण बुझ्नुहोस्, प्रभुको सेवाले हामीलाई परीक्षामा पर्नुबाट रक्षा गर्दैन; होइन, प्रभुको सेवा गर्दा परीक्षा आउन झन् सुनिश्चित पो छ।' **85)**

**भजन ११९:१०८:** परमप्रभुको सामु हामी कि त पूजाहारी, कि त छात्र भएर आउँछौं। पूजाहारीको रूपमा हामी परमेश्वरलाई स्तुतिरूपी बलिदान चढ़ाउँछौं, जुनचाहिँ उहाँको नामलाई धन्यवाद चढ़ाउने हाम्रा ओठको फल हो (हिब्रू १३:१५)। अनि छात्रछात्री भईकन हामी उहाँको स्वर्गीय शिक्षा ग्रहण गर्न आफ्नो हृदय र मन खोल्छौं।

**भजन ११९:१०९:** हाम्रो ज्यान निरन्तर खतरामा परिरहँदा परमप्रभुको व्यवस्थाको सम्झनामा हाम्रो रक्षा, अँ, हाम्रो सुरक्षा छ। यसकारण डरले अतालिनुहुँदैन, हाम्रो उत्तेजना उन्मादसम्म चढ्नुहुँदैन र परमेश्वरको वचन भुल्नुहुँदैन। यस प्रकारको प्रतिक्रिया हामीले जुनै हालतमा पनि रोक्नुपर्छ।

**भजन ११९:११०:** जस-जसले परमप्रभुको वचनको शिक्षा पाएका छन्, उनीहरू शैतानका युक्तिहरूको विषयमा अजान छैनन्। शैतानलाई जित्न कुनै विशेष सीप चाहिँदैन, किनकि पवित्र बाइबलको आज्ञाप्रति आज्ञाकारी भएर हामी त्यसका पासोहरूबाट उम्कन्छौं।

**भजन ११९:१११:** पवित्र शास्त्र हाम्रो मूल्यवान् सम्पत्ति हो; यसकारण हामीले आफ्नो अधिकारको भागको अत्यन्त ठूलो मूल्य जानेर यो चुन्नुपर्छ। हकवाला आफ्नो अंशको रूपमा ठूलो धनराशि पाउँदा कति खुशी हुन्छ? त्योभन्दा हामी कति धनवान् हौं? किनकि हामीले पुस्तकहरूमा सर्वश्रेष्ठ पुस्तक पाएका छौं। यो झन् कति खुशीको कुरा हो!

**भजन ११९:११२:** पवित्र बाइबलको मूल्य जान्नेहरूले आफ्नो अन्तिम साससम्म यसको आज्ञापालन गर्नेछु भन्ने सङ्कल्प गर्नुपर्छ। आज्ञापालनबाट हामीले कहिल्यै कुनै छुट्टी, कुनै बिदा लिनुहुँदैन।

**भजन ११९:११३:** श्री जेम्स मोफ्फातले यो पद यस प्रकारले अनुवाद गरेको छन्: 'म आधा-आधा भएका मानिसहरूलाई घृणा गर्छु; तर तपाईंको व्यवस्था म प्रेम गर्छु।' दुईचित्ते मानिसहरू एक क्षणमा परमेश्वरको पक्षमा, अर्कै क्षणमा संसारको पक्षमा हुन्छन्। तिनीहरू दोहोरो अर्थ लाग्ने वाक्छल गर्छन् र परमेश्वरको व्यवस्थासित विश्वासघात गर्छन्।

**भजन ११९:११४:** शत्रुहरूले हामीलाई खेदो गर्दा परमप्रभु हाम्रो निम्ति लुक्ने ठाउँ हुनुहुन्छ अनि हामीमाथि आक्रमण सीधा आइपर्दा उहाँ हाम्रो ढाल हुनुहुन्छ। उहाँको प्रतिज्ञामाथि आशा राख्नेहरू कहिल्यै हताश हुनेछैनन्; किनकि उहाँ कहिल्यै धोका दिन सक्नुहुन्न, न ता धोकामा पर्न सक्नुहुन्छ।

**भजन ११९:११५:** हाम्रा परमेश्वरका आज्ञाहरू पालन नगर्नेहरूसित हामी सङ्गत गर्न छोड्छौं। तर तिनीहरूका पापी चालहरूदेखि अलग बस्दा पनि हामी विश्वास नगर्ने मानिसहरूको सम्पर्कमा रहिरहन्छौं; किनकि हामी तिनीहरूलाई मुक्तिको सुसमाचार सुनाउन चाहन्छौं।

**भजन ११९:११६:** यस प्रार्थनामा भजनकारको तर्क यस प्रकारको छ: 'तपाईंले मसित "म तिमीलाई सम्हाल्नेछु" भन्ने प्रतिज्ञा गर्नुभएको छ; यसकारण मेरो विन्ती छ, अब तपाईंले भन्नुभएझैं गर्नुहोस्! नत्र ता मानिस-हरूले "हेर, परमप्रभुले उसलाई निराश पार्नुभएको छ!" भनेर भन्न पाउलान्, र मेरो आशाले फेल खानेछ।'

**भजन ११९:११७:** हामीले आफूलाई बचाउन सकेनौं; तब हामी आफूलाई सुरक्षित राख्न पनि सक्दैनौं। तर परमेश्वरले हामीलाई सम्हाल्नुभयो भने, हामी सुरक्षित रहनेछौं। तर यस कुरामा हाम्रो जिम्मावारी रहेको छ: हामीले उहाँका नियमहरू सधैं पालन गर्नुपर्छ।

**भजन ११९:११८:** परमप्रभुले उहाँका नियमहरूबाट भड्केर जानेहरूलाई इन्कार गर्नुहुन्छ। तिनीहरूको चतुर्‍याइँ एक दिन मूर्खता ठहरिनेछ; किनकि तिनीहरूको चतुर्‍याइँ वास्तवमा मूर्खता हो।

**भजन ११९:११९:** परमेश्वरको वचनको शिक्षा स्पष्ट छ: जसरी एउटा सुनार वा लोहारले पगालिएको धातुमाथि-माथि उत्रेको मैला फ्याँक्छ, त्यसरी नै परमेश्वरले पनि सबै दुष्टहरूलाई यस पृथ्वीबाट हटाउनुहुनेछ। उहाँले पापसित सठीक व्यवहार नगर्नुभएको भए हामीले उहाँको लिखित वचनलाई यसलाई दिनुपर्ने आदर दिन सक्नेथिएनौं।

**भजन ११९:१२०:** दुष्टहरूको निम्ति निर्धारित गरिएका परमेश्वरका न्यायका फैसलाहरू के-के हुन्, सो विषयमा विचार गर्दा हामी डरले काम्न थाल्छौं। तर यस सिलसिलामा श्री अल्बर्ट बार्नेसले अझ के भनेका छन् भने 'हामी उहाँको व्यवस्थाको कड़ाकड़ी, त्यसको आत्मिकता र त्यसको गम्भीरता सम्झेर डरले लुगलुग हुन्छौं।'

**भजन ११९:१२१:** भजनकारले यहाँ आफ्नो अनुरोधमा 'मैले आफ्नो काम र व्यवहारमा न्याय र धार्मिकता कायम राखेको छु' भनेर जुन कुरा दाबी गरे, त्यस कुराको अर्थ हामीले हददेखि बाहिर लानुहुँदैन। यो कुरा सामान्य हिसाबले सत्य त थियो; तर यस सम्बन्धमा तिनको घटीकमी अवश्य हुन्थ्यो। यसकारण बुझ्नुहोस्: तिनको धार्मिक जीवन तिनले मुक्ति पाएको प्रतिफल थियो, र यही कारणले 'हे प्रभु, मलाई मेरो थिचोमिचो गर्नेहरूको हातमा नछोड्नुहोस्' भन्ने तिनको विन्तीको उचित जग थियो।

**भजन ११९:१२२:** जमानीचाहिँ अर्को व्यक्तिको निम्ति जिम्मेवारी लिने व्यक्ति हो, जसले त्यसको प्रतिनिधि गर्छ। अनि हाम्रो सम्बन्धमा कुरा यस्तो छ: गलगथामा हाम्रो निम्ति जमाना बस्नुभएको ख्रीष्ट येशूले हाम्रो

जीवनभरि सफलतापूर्वक हाम्रो मुद्दा लड्नुहुन्छ र हाम्रो थिचोमिचो गर्ने त्यस घमण्डीलाई रोकिराख्नुहुन्छ।

**भजन ११९:१२३:** यहाँ यस्ता एकजना व्यक्ति छन्, जसले आफ्ना आँखाहरू टट्टाउन्जेल परमेश्‍वरको छुटकाराको बाटो हेर्दैथिए। परमप्रभुले कहिले, अँ, कहिले तिनको पक्षमा काम गर्नुहुन्छ होला भनेर आफू पूरा थाकुन्जेल तिनले उहाँको धार्मिक प्रतिज्ञा पूरा हुने प्रतीक्षा गर्दैथिए।

**भजन ११९:१२४:** जुन कुरा १२१ पदमा तिनी धर्मी भएको तिनको दाबी देखिन्थ्यो, त्यो कुरा यहाँ परमप्रभुको कृपामा वा उहाँको अनुग्रहमा सुम्पिने तिनको अनुरोध पो भएछ। अनि उहाँको कृपा यहाँ कुन रूप लिन्छ? उहाँको कृपा यहाँ शिक्षा दिने सेवकाई पो भएछ; किनकि उहाँले हामीलाई आफ्नो अनुग्रहमा शिक्षा दिनुहुन्छ। 'तपाईंका नियमहरू मलाई सिकाउनुहोस्!'

**भजन ११९:१२५:** एउटा दासले आफ्ना मालिकलाई जति बढ़ी चिन्छ, त्यत्ति नै दासको सेवा प्रभावकारी र उपयोगी हुन जान्छ। यसकारण परमेश्‍वरको मनसाय जान्न हामीलाई ज्ञान र समझ आवश्यक पर्छ; अनि परमेश्‍वरको मनसाय उहाँका साक्षी-वचनहरूमा प्रकाश गरिएको छ।

**भजन ११९:१२६:** यहाँ एउटा मोड़ आएको छ; किनभने अब दासले आफ्ना मालिकलाई 'कारबाही गर्नुहोस्; किनकि तपाईंको व्यवस्था भङ्ग भएको छ' भन्ने आदेश पो दिन्छ, कि के हो? अनि आत्मिक अन्धकार भएको समयमा परमेश्‍वरका जनहरूको पुकार सधैं यही हुन्थ्यो र हुन्छः 'हे प्रभु, तपाईंको काम गर्ने समय आएको छ!'

**भजन ११९:१२७:** हाम्रो निम्ति पवित्र बाइबल कति मूल्यवान् छ? यसको एउटा जाँचचाहिँ यही होः हामी बाइबल पढ्न कति समय लिन्छौं, त्यसबाट यो स्पष्ट बुझिन्छ। के हामी पवित्र बाइबल निखुर सुनभन्दा पनि बढ़ी मूल्यवान् ठान्छौं? तब हाम्रो बाइबलको खोल पुरानो, जीर्ण भएको हुनुपर्ला र त्यसका पन्नाहरू पनि बढ़ी पठनको कारणले अलि-अलि मैला भएका देखिनुपर्ला, होइन र?

**भजन ११९:१२८:** हाम्रो दृष्टिमा पवित्र पुस्तक बाइबलको मूल्य कति छ? यसको दोस्रो जाँच यस प्रकारको छः हामी त्यसको आज्ञापालन कति गर्छौं, त्यसैबाट थाह लाग्छ। पवित्र बाइबलले हामीलाई आज्ञा गरेको कुरा हामी मान्दैनौं र हरेक झूटा मार्गलाई घृणा गर्दैनौं भने त हामीले आफैलाई धोका दिन्छौं।

**भजन ११९:१२९:** परमेश्‍वरको वचन अद्भुत छ; किनकि त्यो समयबाट प्रभावित हुँदैन; त्यो शुद्ध र पवित्र छ; त्यो त्रुटिरहित र यथार्थ छ; त्यसमा लेखिएको कुरा आपसमा मेल खान्छ; त्यसको शिक्षा सबै जाति र सबै ठाउँका मानिसहरूमाथि लागू हुन्छ; त्यसको शक्ति अचम्मको छ; बस, हामीसँग बाइबल छ भने पर्याप्त भयो। यस्तो अचम्मको पुस्तक हामीले अवश्य पढ्नुपर्छ र त्यसले भनेको कुरा ध्यानमा राख्नुपर्छ।

**भजन ११९:१३०:** वचन हामीलाई ज्योति दिन हामीभित्र पस्नुपर्छ। त्यसको ज्योति जाति-जातिका मानिसहरूको निम्ति हो, अँ, परिवार-परिवार र व्यक्ति-व्यक्तिको निम्ति हो। पवित्र बाइबलको पवित्र पार्ने प्रभाव संसारभरि व्यापक छ, तर थोरै मानिसहरू छन्, जसले पवित्र बाइबललाई त्यसको निम्ति श्रेय दिन्छन्। पवित्र बाइबलले ती मानिसहरूलाई समझ दिन्छ, जसले आफूलाई सीधासादा सम्झन्छन् र जसलाई सहायता पाउन खाँचो छ।

**भजन ११९:१३१:** हामी सबैलाई आवश्यक छ, कि परमेश्‍वरको वचनको निम्ति हाम्रो तिर्खा धेरै र हाम्रो तिर्सना ठूलो हुनुपर्छ। *'नयाँ जन्मेका बालकहरूले जस्तै*

*वचनको विशुद्ध दूधको तिर्सना गर!'* (१ पत्रुस २:२)।

**भजन ११९:१३२:** घरिघरि कृपाको लागि विन्ती गरिएको कुरा पढ्न हामीमध्ये कसैलाई थकाइ लाग्ला, तर भजनकार थाकेनन्, न ता परमेश्‍वर तिनको विन्ती सुन्न थाक्नुभयो। यसकारण याद गरौंः हाम्रो जीवनमा उहाँको अनुग्रहको आवश्यकता नपर्ने स्थिति कहिल्यै हुँदैन र यस्तो समय कहिल्यै आउँदैन।

**भजन ११९:१३३:** यहाँ पवित्रताका दुईवटा पाटाहरू पेश गरिएका छन्: यता, हामी निरन्तर प्रभुको पछि लाग्नु र उहाँको वचनअनुसार चल्नुपर्छ; अनि उता, हामी हामीभित्र वास गर्ने पापको शक्तिबाट छुटकारा पाउनुपर्छ।

**भजन ११९:१३४:** यस प्रार्थनाको पहिलो खण्ड सामान्य छ। हामीमध्ये जोसुकै पनि मानिसको थिचोमिचोबाट छुटकारा पाउन चाहन्छ। तर यस विन्तीको असाधारण उद्देश्य यस प्रकारले व्यक्त गरिएको छः 'यस उद्देश्यले कि म तपाईंका आदेशहरू पालन गर्न सकूँ।'

**भजन ११९:१३५:** प्रभुको सेवा गर्ने सिलसिलामा हामी उहाँको निगाह, उहाँको उपस्थिति र उहाँको शक्तिको कुनै न कुनै प्रमाण पाऊँ भन्ने अनुरोध गर्न सक्छौं। अनि हाम्रो प्रार्थनाको उत्तरमा उहाँले हामीलाई उत्साह र प्रोत्साहन दिने बक्सिसहरू दिन जान्नुहुन्छ। अनि अर्को कुरा, अझै बढ़ी शिक्षा पाउने चाहना हामीबाट कहिल्यै मेट्नुहुँदैन।

**भजन ११९:१३६:** पानीका नालाहरूझैं आँसुहरू बगिरहेका छन्। तब स्पष्ट बुझिन्छः भजनलेखकको असीम दुःख र पीड़ा भएको हुनुपर्छ। अनि तिनको गालाबाट यत्रो आँसुको धारा किन बगेको? के भजनकारलाई कुनै अन्याय भएको थियो र? होइन, तर मानिसहरूले परमेश्‍वरको व्यवस्था अवहेलना गरे र यसबाट उहाँको नामको अनादर भयो।

एक दिन मानिसहरूले 'स्ट्याबट माटर' नामक स्तुतिगान रच्ने श्री फ्रेडेरिको बेन्डेत्तीलाई रोइरहेको भेट्टाए। अनि तिनीहरूले उनलाई 'तपाईं किन रुँदै हुनुहुन्छ' भनेर सोधे। तब उनले जवाफ दिएः 'म रुन्छु; किनकि माया नपाएर प्रेम यता-उता खोजिहिँड़ेको छ।' [86)]

**भजन ११९:१३७:** पवित्र पुस्तक बाइबलको लेखक धर्मी हुनुहुन्छ; यसकारण उहाँले लेख्नुभएको पुस्तक पनि बिलकुल सच्चा र सठीक भएकोमा हामीलाई अलिकति पनि अचम्म लाग्दैन। हामीमध्ये धेरै जनालाई यो कुरा विदितै छ; तर किन, होला, किन यसको निम्ति प्रभुलाई धन्यवाद चढ़ाएर यो कुरा बढ़ी मात्रामा उहाँको स्तुति र आराधना गर्ने विषयवस्तु बन्दैन, कुन्नि?

**भजन ११९:१३८:** परमेश्‍वरले भन्नुभएका सबै कुराहरू धर्ममय, सत्य र विश्‍वासयोग्य हुन्छन्, र उहाँको वचन पूरा भरपर्दो हुन्छ। परमेश्‍वरको वचनमा विश्‍वास गर्नु कुनै ठूलो, स्याबासी कमाउने कुरा होइन, तर समझदार कुरा हो।

**भजन ११९:१३९:** ठूलो अन्तर्दृष्टि लिएर श्री अल्बर्ट बार्नेसले निम्न टिप्पणी गरेका छन्:

> 'मानिसको अन्तरात्मामा यो एउटा ठूलो विजय हो, जब उसले आफ्नो खेदो गर्नेहरू, झूटा निन्दा बक्नेहरू र झूटा आरोप लाउनेहरूको व्यवहारमा आफ्नो हानि गरेको कुरा होइन, तर परमेश्‍वरको व्यवस्था उल्लङ्घन गरेको देखेर दुःखित हुन्छ।' [87)]

**भजन ११९:१४०:** पवित्र बाइबलको जाँचबुझ भएको हो र परमेश्‍वरको वचन पूरा सत्य साबित भएको छ। हजारौं मानिसहरूले यसका प्रतिज्ञाहरू जाँचेका छन् र सत्य पाएका छन्।

'पवित्र बाइबल मानिसहरूको घृणा, जाली पूजाहारीगिरीको आगो, अविश्वासीहरूको उपहास र आधुनिक आलोचकहरूको शारीरिक बुद्धिबाट उम्केको छ।'

स्क्रिप्चर यूनियनको टिप्पणीबाट उद्धृत

**भजन ११९:१४१:** भजनकारका शत्रुहरूको दृष्टिमा तिनी क्षुद्र र तुच्छ थिए। तर मानिसहरूको हेलाले तिनलाई लीन भएर पवित्र बाइबलमा लागिपर्नुदेखि भड्काउन सकेन।

**भजन ११९:१४२:** परमेश्वरको धार्मिकता अल्पकालिक मनस्थिति होइन, तर उहाँको सदा-सर्वदा रहिरहने एउटा सद्‌गुण पो हो। पवित्र बाइबलमा सत्य कुरा छ भनेर भन्नु पर्याप्त हुँदैन; किनकि पवित्र बाइबल सत्य हो। परमेश्वरको मुखबाट निस्केको हरेक शब्द, हरेक वाणी सत्य हुन्छ।

**भजन ११९:१४३:** भजनलेखकको कचौरा सङ्कष्ट र वेदनाले भरिएको थियो; तर परमेश्वरको वचनको सहायताले गर्दा तिनले आँसुहरूको बीचबाट इन्द्रेनी देख्न सके।

**भजन ११९:१४४:** परमेश्वरका साक्षी-वचनहरू अहिले मात्र सत्य र सठीक हुँदैनन्, तर सदा-सर्वदा सत्य र सठीक हुनेछन्। यसकारण उहाँका वचनहरू हामी जति बढ़ी बुझ्छौं, त्यति नै बढ़ी हामी जीवनबाट आनन्द लिन सक्छौं, चाहे त्यो जीवन हाम्रो वर्तमान जीवन, चाहे स्वर्गमा हाम्रो परलोकको जीवन होस्।

**भजन ११९:१४५:** 'पुकार्नु' भन्ने शब्द यस खण्डको प्रमुख कुञ्जी-शब्द हो।[88] यहाँ, यस पदमा हृदयभरिको विश्वास लिएर एकजनाले सहायताको निम्ति विन्ती गरेका छन्। सर्वशक्तिमान् परमेश्वरले सम्पूर्ण हृदयबाट निस्केको प्रार्थना इन्कार गर्न सक्नुहुन्न, विशेष गरी त्यस व्यक्तिको प्रार्थना इन्कार गर्न सक्नुहुन्न, जसले उहाँको इच्छा पालन गर्ने चाहना प्रकट गर्छ।

**भजन ११९:१४६:** समुद्रका छालहरू हेरेर प्रभुको चेला पत्रुस पानीमा डुब्न लागेझैं हामी पनि डुब्न लाग्दा 'मलाई बचाउनुहोस्' भन्ने छोटो प्रार्थना स्वर्गतिर पठाउन सक्छौं। तब प्रभुले हामीलाई उठाउनुहुन्छ र हामी फेरि अघि बढ्नेछौं र उहाँको निम्ति जिउनेछौं।

**भजन ११९:१४७:** श्री एल. ए. वाइगलले यसो लेखेका छन्: 'यहाँ एकजना भक्त मानिसका भक्तिपूर्ण बानीहरू बयान गरिएको छ, जो बाइबलको पठन र प्रार्थनाको साथमा आफ्नो दिनचर्या शुरु गर्न झिसमिसमा उठ्छन्।' यसकारण 'जबसम्म बाइबल पढ़िँदैन, तबसम्म बिहानको खाजा खाइँदैन' भन्ने हाम्रो आदर्श-वाक्य हुनुपर्छ।

**भजन ११९:१४८:** रातका अनिदा घण्टाहरू पनि परमेश्वरको वचनको मनन गर्नको निम्ति सदुपयोग गर्न सकिन्छ। प्रभुले हामीलाई त्यति बेला 'अन्धकारका मणिहरू' दिनुहुन्छ; यो कुनै अनौठो कुरा होइन (अय्यूब २८:३)।

**भजन ११९:१४९:** प्रार्थना गरेर हामी तत्कालै परमेश्वरको उपस्थितिमा प्रवेश गर्न पाउँछौं भन्ने अद्‌भुत सत्यतामा हाम्रो आश्‍चर्य कहिल्यै लोप हुनुहुँदैन। हामीले यी भजन-लेखकको देखासिकी गरेर परमेश्वरलाई 'हे प्रभु, तपाईंको अपार कृपा र तपाईंको सठीक न्यायले मेरो जीवनको रक्षा गरून्' भन्ने अनुरोध गर्न सक्छौं।

**भजन ११९:१५०:** शत्रुहरू नजिक छन्। परमेश्वरको दासको हानि गर्नु तिनीहरूको एकमात्र उद्देश्य हो। तिनीहरूले आफूमाथि परमेश्वरको व्यवस्था लागू हुने अधिकार रद्द गरे; यसकारण अब कुनै कुराले तिनीहरूलाई रोक्नेछैन जस्तै देखिन्छ।

**भजन ११९:१५१:** तर परमप्रभु नजिक हुनुहुन्छ; अनि जससित परमेश्वर हुनुहुन्छ, उससित बहुमत छ। 'विजयको पक्षमा हुँदा

कुनै शत्रुले हाम्रो हानि गर्न सक्दैन, न ता कुनै डरले हामीलाई भयभीत तुल्याउन सक्दछ। परमेश्वरको वचन सत्य छ, र उहाँले आफ्ना जनहरूलाई कहिल्यै त्याग्नुहुनेछैन।

**भजन ११९:१५२:** परमेश्वरको वचन सदा-सर्वदा स्थिर रहन्छ; यो ज्ञान हाम्रो निम्ति ठूलो सान्त्वनाको कारण हुन्छ। शङ्काको आँधी-बेह्री उर्लेर आउँदा, डरत्रासले हामीलाई छोप्न खोज्दा हामीले कहिल्यै विफल नहुने प्रतिज्ञाहरूमाथि अड़ान लिइरह्यौं भने परमेश्वरको जीवित वचनद्वारा हामी प्रबल हुनेछौं, हो, हामी विजयी हुनेछौं, परमेश्वरका प्रतिज्ञाहरूमाथि हामीले अड़ान लिइरह्यौं भने।

**भजन ११९:१५३:** प्रभु साँच्चै हाम्रो कष्टमाथि नजर लगाउनुहुन्छ। हाम्रो हृदयलाई छिया-छिया पार्ने हरेक पीड़ामा 'शोकहरूको मानिस'को अंश छँदैछ। अनि उहाँमा र उहाँको वचनमा लिप्त रहनेहरूलाई छुटकारा दिन उहाँ आउनुहुन्छ।

**भजन ११९:१५४:** भजनलेखकले परमेश्वरलाई 'हे प्रभु, मेरो वकील भएर मेरो मुद्दा लड़िदिनुहोस्, र मेरो जीवनदाता हुनुहोस्' भन्ने अनुरोध गर्छन्। किनकि तिनको विरोधमा ठूला, गम्भीर आरोपहरू लगाइएका, र तिनलाई तिनको पक्ष लिने परिरक्षकको आवश्यकता थियो। तिनी सतावटमा परे, यहाँसम्म कि तिनी लखतरान भए। तिनलाई तिनीभित्र नयाँ जीवन हाल्ने आइ.वी.को खाँचो थियो।

**भजन ११९:१५५:** परमेश्वरले कसैलाई त्यसको इच्छाको विरोधमा मुक्ति दिनुहुन्न। उहाँले स्वर्गमा त्यस्ता मानिसहरूलाई स्थान दिनुहुन्न, जसले त्यहाँ जानै चाहँदैनन्। अनि जुन मानिसहरूले परमेश्वरको वचन सुन्न इन्कार गर्छन्, ती मानिसहरूको निम्ति मुक्ति छैन।

**भजन ११९:१५६:** परमेश्वरको कृपा वर्णन गर्ने मानिसको उपयोगी शब्द छैन। उहाँका कोमल कृपाहरू कहिल्यै सकिनेछैनन्, हाम्रा विन्तीहरूले पनि उहाँको अपार कृपा रित्त्याउन सक्दैनन्। सतावटमा परेका भजनकारले परमप्रभुबाट जीवनरूपी कृपा-दान पाऊँ भन्ने विन्ती गरे; किनभने तिनले तिनको ज्यान लिन खोज्नेहरूको हातबाट छुटकारा पाउने चेष्टा गरे।

**भजन ११९:१५७:** निस्सन्देह, यीजस्तै धेरै पदहरूले प्रभु येशूमा मात्र आफ्नो पूरा अर्थ पाउँछन्। उहाँका सताउनेहरू र उहाँका शत्रुहरूले उहाँलाई घेरिरहेको बेलामा पनि प्रभु येशू आफ्ना पिताका साक्षी-वचनहरूप्रति विश्वासयोग्य भइ नै रहनुभयो।

**भजन ११९:१५८:** आफूमाथि अन्याय भएकोमा भन्दा परमेश्वरका अपमानहरू भएमा बढ़ी दुःखी हुनु नै आत्मिक परिपक्वताको एउटा लक्षण हो। अहो, हामी परमप्रभुको निम्ति यत्रो जोशको जलनले भस्म भए त!

**भजन ११९:१५९:** भजनकारले १५३ पदमा यसो लेखेः 'मेरो कष्ट विचार गर्नुहोस्!' यसको विषयमा श्री चार्लस एच. स्पर्जनको विचारमा, तिनले यसो भन्न खोजेका छन्ः 'मेरो स्नेह विचार गर्नुहोस्!' किनकि उहाँका आदेशहरूप्रति तिनको प्रेम थियो। अनि यस खण्डमा तिनले तेस्रो चोटि 'मलाई पुनर्जीवित पार्नुहोस्' भनेर आफ्नो जीवनको सुरक्षाको लागि अनुरोध गर्छन् (यसका सम्बन्धित पदहरू १५४ र १५६ पदहरू हुन्)।

**भजन ११९:१६०:** परमेश्वरको वचन शुरुदेखि अन्तसम्म सम्पूर्ण रूपले सत्य छ। यसमा भएको हरेक प्रतिज्ञा पूरा हुने नै छ। *'जबसम्म आकाश र पृथ्वी बितिजाँदैनन्, तबसम्म व्यवस्थाबाट एक मात्रा वा एक विन्दु पनि, सबै पूरा नभइन्जेल कुनै रीतिले बित्नेछैन'* (मत्ती ५:१८)।

**भजन ११९:१६१:** उच्च अधिकारवर्गका मानिसहरूले धेरै पल्ट परमेश्वरका दासहरूलाई थिचोमिचो गरे र गर्छन् पनि। तर परमेश्वरको वचनप्रतिको गहिरो श्रद्धाभक्ति र भयले विश्वासयोग्य हुनेहरूलाई प्रभु येशूलाई विश्वासघात गर्नदेखि जोगाउँछ।

**भजन ११९:१६२:** पवित्र बाइबलरूपी सागरभित्र खोजी गर्ने र अद्‌भुत आत्मिक धन निकाल्ने विश्वासी भाइबहिनी आत्मिक गाड़धन भेट्टाएको हर्षले गद्‌गद् हुन्छ।

**भजन ११९:१६३:** परमेश्वरको वचनसित सुपरिचित हुनुहोस्! तब परमेश्वरको वचनले हामीलाई त्यही कुरा प्रेम गर्न सिकाउँछ, जुन कुरा परमेश्वरले प्रेम गर्नुहुन्छ; अनि उहाँ व्यवस्था प्रेम गर्नुहुन्छ, साथै यसले हामीलाई झूटजस्तै उहाँले घृणा गर्नुहुने कुरा घृणा गर्न सिकाउँछ। यसरी नै हामी परमेश्वरका विचारहरूको नमुनाअनुसार विचार गर्न थाल्छौं।

**भजन ११९:१६४:** सातचाहिँ सिद्धता वा पूर्णताको अङ्क हो। यसकारण हामी यसको अर्थ यस प्रकारले बुझ्छौं: भजनकारले परमप्रभुलाई उहाँका धर्ममय फैसलाहरूको निम्ति निरन्तर र सम्पूर्ण हृदयले प्रशंसा गर्थे।

**भजन ११९:१६५:** अशान्तिले भरिएको संसारमा परमेश्वरको वचनले शान्ति दिन्छ र पापको प्रबल परीक्षाबाट सुरक्षा दिन्छ। यस पदको अर्थ यो होइन कि, ख्रीष्ट-विश्वासीहरू शोकचिन्ता र दुःखकष्टबाट पूरा सुरक्षित रहन्छन् वा अप्रभावित हुन्छन्। होइन; तर बरु व्यवस्था पालन गरेर उनीहरू पापका खाड़ल र पासाहरूबाट उम्कन्छन्।

**भजन ११९:१६६:** भजन ३७:३ पदमा यसो लेखिएको छ: *'परमप्रभुमाथि भरोसा गर, र भलाइ गर!'* अनि भजनकारले यहाँ के भन्छन् भने, तिनले यही आदेश शिरोपर गर्दै आए। हाम्रो विश्वासले पहिलो स्थान पाउनैपर्छ, त्यसपछि हाम्रा कामहरूचाहिँ यस विश्वासका फलहरू हुन्।

**भजन ११९:१६७:** मलाकीको पालोमा मानिसहरूले आज्ञापालन दिक्क मानिरहेका थिए (मलाकी १:१३)। तर भजनकारले यसो गर्न दिक्क मानेनन्। तिनले परमेश्वरको वचन पालन गर्दैथिए र वचन बढ़ी र झन् बढ़ी प्रेम गरे।

**भजन ११९:१६८:** यस 'शीन' नामक खण्डका अन्तिम तीनवटा पदहरू अर्थात् भजन ११९:१६६-१६८ पदहरूको सन्दर्भ पवित्र बाइबलको व्यावहारिक आज्ञापालन हो। हुन सक्छ, कसैलाई यसको जोड़ अति भएको र यी शब्दहरू सादा विश्वासीमाथि लागू गर्न गाह्रो लाग्ला; तब आउनुहोस्, हामी यी वचनहरू हाम्रा मुक्तिदाता प्रभुले बोल्नुभएका शब्दहरू सम्झौं, तब यो समस्या एकैक्षणमा हल भइहाल्छ।

**भजन ११९:१६९:** यो भजन अन्त हुन लागेको छ। यसकारण हामीलाई के लाग्छ भने, भजनकारका विन्तीहरूको उत्तेजना चरमसीमामा उठ्‌दैछ। यस खण्डमा पाँच पल्ट आज्ञापित शब्दहरू प्रगोग गरिएका छन्। पहिलो 'मेरो पुकार तपाईंकहाँ पुगोस्' र त्यसपछि 'मलाई समझ दिनुहोस्' भनेर तिनले एक, आफ्नो प्रार्थनाको सुनाइ भएको होस् र दुई, साँचो आत्मिक समझ पाऊँ भन्ने जरुर विन्ती गरे।

**भजन ११९:१७०:** अनि यी पदहरूमा शत्रुचाहिँ कहिल्यै टाढ़ामा नरहेको देखिन्छ, अनि यही कारणले 'वचनको प्रतिज्ञाअनुसार छुटकारा पाऊँ' भन्ने निवेदन फेरि एकपल्ट सुनिन्छ।

**भजन ११९:१७१:** परमेश्वरका नियमहरूको विषयमा हाम्रो ज्ञान बढ़ेमा हाम्रो घमण्ड र स्वाभिमानचाहिँ बढ़्नुहुँदैन; तर यसको प्रतिफल बरु परमप्रभुको प्रशंसा र आराधना भएको होस्।

**भजन ११९:१७२:** महत्त्वहीन र बित्थाका कुराहरू गरिरहनुभन्दा हामीले आत्मिक कुराहरूको विषयमा कुरा गर्न आफैलाई र आफ्नो जिब्रो अनुशासनमा राखौं! परमेश्‍वरका सबै आज्ञाहरू धार्मिकता हुन् र यही कारणले साह्रै उपयोगी छन्।

**भजन ११९:१७३:** सर्वशक्तिमान् परमेश्‍वरको काँटीले छेड़िएको हात एकजना जाबो मानिसलाई बचाउन स्वर्गदेखि पसारिएको त्यो दृश्य कति मनोहर छ – एउटा यस्तो मानिसलाई, जसले परमप्रभुका आदेशहरू आफ्नो जीवनको कानुनको रूपमा खुशीसाथ चुनेका छन्।

**भजन ११९:१७४:** हाम्रो आत्माले मुक्ति पाएको कुरा एउटा भइसकेको तथ्य सम्झेर हामीले यसबाट आनन्द उपभोग गरिरहेका छौं; तर हामीले पापको उपस्थितिबाट मुक्त हुने छुटकाराको बाटो हेरिरहेका हुन्छौं, जुन छुटकारा प्रभु येशूको दोस्रो आगमनमा पूरा हुनेछ। अन्तराल समयमा हामीले पवित्र बाइबल पढ्‌न र पालन गर्नमा ठूलो आनन्द पाइरहेका छौं।

**भजन ११९:१७५:** हामीले सेवा गर्न मुक्ति पाएका छौं; यति मात्र होइन, तर झन् बढ्‌ता गरी हामीले परमेश्‍वरको स्तुति गर्न मुक्ति पाएका हौं। यसकारण हरेक पल्ट जब हामी बिमारी वा दुर्घटनाबाट बाँचेका हुन्छौं, तब हामीले उहाँको आराधना गर्न नयाँ प्रेरणा र नयाँ कारण पाएका छौं, र यसबाट सहायता पाउने हेतुले गरिएका हाम्रा प्रार्थनाहरूमा नयाँ उमङ्ग र तीव्रता मिलेको छ।

**भजन ११९:१७६:** यस प्रस्तुत भजनमा पाप स्वीकार गरिएका थोरै पालोहरूमा एउटा हो। पवित्र परम आनन्दका हाम्रा उच्चतम उड़ानहरू भएपछि हामी नम्र र विनीत भई फर्केर आउनुपर्छ अनि आफ्नो पाप र आफ्नो अयोग्यता मानिलिँदै होचिनुपर्छ।

# भजन १२०: झूटा निन्दाको असहाय शिकार

झूटमूट र निन्दाको शिकार बन्नु ख्रीष्ट-विश्‍वासीको निम्ति एउटा तीतो अनुभव हो। तब सहाराबिहीन भई 'सत्यताले आफ्ना जुत्ता लगाउँदा-लगाउँदै झूटचाहिँ संसारको वरिपरि एकपल्ट चक्कर मार्न सक्यो' भन्ने श्री चार्लस एच. स्पर्जनले व्यक्त गरेको तथ्य उसलाई मानिलिन कर लाग्छ। अनि यस अवस्थामा ऊ सजिलैसँग अपमान र हार थुपारिएको निराशाको थाक बन्न सक्ला।

**भजन १२०:१-२:** यस पहिलो 'आरोहण-गीत'मा, अथवा यस प्रथम शोभा-यात्राको गीतमा [89)] यस प्रकारको सङ्कष्टमा परेका भजनकार छिटो-छिटो दौड़ेर परमप्रभुकहाँ गए। तिनको प्रार्थनाको विषयचाहिँ छोटो, सरल र विषयबद्ध थियो: तिनले आफ्ना शत्रुहरूका झूट बोल्ने ओठहरू र अन्य-जातिहरूको छल गर्ने जिब्रोबाट छुटकारा पाउन चाहे।

**भजन १२०:३-४:** त्यसपछि लगत्तै तिनको ध्यान एउटा अपराधी विशेषमाथि पर्छ, र तिनले त्यसको निम्ति कठोर दण्ड पूर्वघोषणा गर्छन्। त्यस्तोलाई केको दण्ड दिन ठीक होला? प्रधान धनुर्धारीको धनुबाट हानिएका तीखा काँड़हरू त्यसको निम्ति उपयोगी हुन्छन्। अनि त्यस छली जिब्रोलाई के गर्न उचित होला? के त्यसलाई साबुन लगाएर धुन सकिन्छ र? अहँ, त्यसलाई झाउको रूखको रापिलो भुङ्ग्राले पो पोलिनेछ। मरुभूमिको यस झाड़ीको जराबाट कोइला बनिन्छ, जुन कोइला ठूलो तापको लागि प्रसिद्ध छ।

**भजन १२०:५:** यी शान्ति-प्रेमी भजनकार एक क्षणको निम्ति उदास भए, अनि मेशेक र केदार जातिहरूको बीचमा बस्न बाध्य

भएकोमा विलाप गर्छन्। मेशेकचाहिँ येपेतका छोरा थिए (उत्पत्ति १०:२), र हिंसक, असभ्य जाति भनेर मेशेकको वंशको नाम चलेको थियो। अनि केदारचाहिँ? केदार इश्माएलको माहिला छोरा थिए (उत्पत्ति २५:१३), र यिनका शाखा-सन्तानहरू पनि क्रूर र निर्दयी हुन्थे। इन्टरनेशनल स्ट्याण्डर्ड बाइबल-कोशअनुसार मुसलमान वंश-शास्त्रीहरूले इश्माएलदेखि मुहम्मदसम्मको वंशावली केदारमार्फत गएको भन्छन्।

**भजन १२०:६-७:** यी मेलमिलाप नरुचाउने बर्बर जातिहरूसँग बाध्यतावश तिनले जुन प्रवासी जीवन बिताउनुपरेको थियो, त्यो प्रवासी जीवन तिनको निम्ति अति भइसक्यो। अनि मिलीजुली सँगै बस्ने तिनका प्रयासहरू उल्टा लड़ाइँको निम्ति नयाँ निहुँहरू पो भए।

ती भजनकार नयाँ नियमको जमानामा बाँचेको भए तिनी त्यस्तै झूटा निन्दा र झगड़ा सामना गर्न राम्रो गरी तयार हुनेथिए र यस्तो नकारात्मक कुरासित ठीक व्यवहार गर्न सक्षम हुनेथिए। किनकि तिनले प्रभु येशूमा एउटा आदर्श नमुना पाउनेथिए।

*'उहाँले गाली खाएर यसको सट्टामा गाली दिनुभएन; उहाँले दुःख भोग्नुहुँदा धम्काउनुभएन, तर आफैलाई धर्ममय न्याय गर्नुहुनेको हातमा सुम्पनुभयो'* (१ पत्रुस २:२३)।

भजनकारसित पत्रुसको निम्न शिक्षा पनि हुनेथियोः

*'तर असल काम गरेर पनि त्यसको निम्ति दुःख भोग्छौ र यो धीरजसँग सहन्छौ भने परमेश्वरको सामु यो प्रशंसाको योग्य छ'* (१ पत्रुस २:२०[ख])

*'खराबीको बदलामा खराबी नगर, अथवा गालीको बदलामा गाली नदेओ; तर बरु आशीर्वाद देओ, यो जानेर कि तिमीहरू आशिषका हकदार हुन बोलाइएका हौ।'* (१ पत्रुस ३:९)।

अनि अन्तमा, तिनीसँग प्रभु येशूको यो वचन पनि हुनेथियोः

*'तिमीहरू धन्य हौ, जब मानिसहरूले मेरो खातिर तिमीहरूको निन्दा गर्नेछन्, सताउनेछन् र झूट बोली-बोलीकन तिमीहरूको विरोधमा हर प्रकारको खराब कुरा गर्नेछन्। रमाओ र अत्यन्तै खुशी होओ; किनभने स्वर्गमा तिमीहरूको इनाम ठूलो छ; किनभने यसरी नै तिनीहरूले तिमीहरूभन्दा पहिलेका भविष्य-वक्ताहरूलाई सताएका थिए'* (मत्ती ५:११-१२)।

## भजन १२१: परमप्रभुमा पूरा सुरक्षित

**भजन १२१:१-२:** के.जे.वी.-बाइबल-अनुसार यो भजन यस प्रकारले शुरु हुन्छः 'म पहाड़हरूतिर मेरा आँखाहरू उठाउँछु, जहाँबाट मेरो सहायता आउँछ। मेरो सहायता परमप्रभुबाट आउँछ, जसले आकाश र पृथ्वी बनाउनुभयो।'

पछि अनुवादकहरूले आफ्नो विचारमा यहाँ एउटा गैरयहूदी धारणा वा अन्यजातिको अपसिद्धान्त देखे। किनकि सहायताचाहिँ परमप्रभुबाट होइन, तर पहाड़हरूबाट पो आएको देखिन्थ्यो (यर्मिया ३:२३)। यसकारण तिनीहरूले एक पदका दुईवटा वाक्यहरूको बीचमा अल्प-विराम लगाएर यी वाक्यहरू छुट्ट्याए र दोस्रो वाक्य एउटा प्रश्न तुल्याए। तब एन.के.जे.वी.-बाइबल-अनुवादमा यो पद यसरी पढ़िन्छः

'पहाड़हरूतिर म आफ्ना आँखाहरू उठाउँछु; मेरो सहायता कहाँबाट आउँछ? मेरो सहायता परमप्रभुबाट नै आउँछ, जसले आकाश र पृथ्वी बनाउनुभयो।'

तर तपाईंले मलाई सोध्नुभयो भने, मलाई यस ठाउँमा के.जे.वी.को अनुवाद मन पर्छ, र यो किन यसो भएको हो, त्यसको कारण

बताउँछु। यरूशलेममा भएको मन्दिर पृथ्वीमा परमेश्वरको एकमात्र वासस्थान हुन्थ्यो। अनि परमप्रभुको भवनको महापवित्रस्थानमा महिमाको बादलले परमेश्वरका जनहरूको बीचमा उहाँको उपस्थिति भएको सङ्केत गर्थ्यो। अनि यरूशलेम शहर एउटा पहाड़-माथि अवस्थित छ र वरिपरि पहाड़हरूले घेरिएको छ। यसकारण इस्राएल देशका विभिन्न भागहरूमा बस्ने यहूदीहरूलाई ईश्वरीय सहायता चाहिएको बेलामा तिनी-हरूले तिनै पहाड़हरूतिर आफ्ना आँखाहरू उठाउँथे। अनि तिनीहरूको लागि त्यो कुरा परमप्रभुतिर हेरेकै बराबर हुन्थ्यो। सृष्टि-कर्ताको वासस्थान यरूशलेमका पहाड़हरूमा भएको हुनाले यस पदमा तिनीहरूको निम्ति सबै सहायता यी पहाड़हरूबाट आउँथ्यो भन्ने कवितात्मक अर्थ लाग्छ।

एक र दुई पदमा बोल्ने वक्ताचाहिँ भजनकार स्वयम् थिए, जसले आफ्नो पूरा भरोसा आकाश र पृथ्वीका सृष्टिकर्तामाथि राखे र त्यो कुरा यहाँ व्यक्त गरे।

**भजन १२१:३:** तर तीन पददेखि बोल्ने वक्ता बदली भएको छ। किनकि यस भजनका बाँकी पदहरूमा हामीले पवित्र आत्मा बोल्नुभएको सुन्छौं, जसले परमप्रभुमाथि भरोसा राख्नेहरूलाई अनन्त सुरक्षाको भरपत्यार दिँदै हुनुहुन्छ। अनि यस आश्वासनमा अकाट्य स्थिरता छ। ख्रीष्ट-विश्वासीको पाउ हट्नेछैन, तर चिप्लनदेखि जोगाइनेछ। 'पाउ' भन्ने शब्द यहाँ जग वा ठहरको अर्थ लिन्छ; यसर्थ परमेश्वरले उहाँमाथि भरोसा राख्ने आफ्ना छोराछोरी-हरूलाई चिप्लनदेखि र लड्नदेखि जोगाउनु-हुनेछ।

**भजन १२१:४:** यहाँ हामीलाई यस्ता एकजना रक्षकको विषयमा आश्वासन दिइएको छ, जो कहिल्यै उँग्नुहुन्न र निदाउनुहुन्न। सिकन्दर महान्ले आफ्ना सेनाहरूलाई यसो भनेः 'तिमीहरू सुत; किनकि म जागा रहन्छु।'[90] रातको समयमा हामी आफ्नो वरिपरिको संसार छ कि छैन, यस विषयमा सचेत नरहेको बेलामा सिकन्दर महान्भन्दा महान् व्यक्ति हाम्रो छेउमा रहनुहुन्छ, जसले निरन्तर, कहिल्यै नथाक्ने गरी हाम्रो देखरेख गर्नुहुन्छ र हाम्रो रक्षा गर्नुहुन्छ।

**भजन १२१:५-६:** परमप्रभु नै हाम्रा रक्षक हुनुहुन्छ भन्ने कुराको ठोकुवा दिन सकिन्छ। ब्रह्माण्डको सर्वोच्च सर्वाधिकारी व्यक्तिगत रूपले सबैभन्दा सानो, क्षुद्र, केही पनि नगनिने पवित्र जनको सुरक्षा गर्नुहुन्छ।

उहाँले हामीलाई सबै प्रकारको खराबी र त्यसको हरेक नराम्रो प्रभावबाट जोगाउनु-हुन्छ। यस आश्वासनमा सुनिश्चित हुनुहोस्! 'परमप्रभु नै तिम्रो दाहिने हातपट्टि छहारी हुनुहुन्छ' भनेको उहाँ अङ्गरक्षकको रूपमा सदैव आफ्ना जनहरूको छेउमा हुनुहुन्छ, जसले तिनीहरूलाई दिन-रात हानिबाट रक्षा गर्दै हुनुहुन्छ। 'दिउँसो घामले तिमीलाई पोल्नेछैन' भनेको आजभोलिका शाब्दिक अर्थ लगाउनेहरूअनुसार 'तिमीलाई लू लाग्नेछैन' हो।[91] अनि चन्द्रमाचाहिँ? पवित्र बाइबलमा जूनको विषयमा उहिलेको अन्धविश्वास वा लोकपरम्परालाई ठाउँ दिइएको तुच्छ विचार कहाँबाट आयो? होइन, होइन; दुष्ट आत्माहरूको वशबाट छुटकारा पाएकाहरूको निम्ति, साथै आत्मावाद-जगत्मा सूर्य र चन्द्रमाले महत्त्वपूर्ण भूमिका निभाएको कुरा जान्नेहरूको निम्ति यी पदहरूमा दुष्ट आत्मा लाग्नुदेखि पूरा सुरक्षा र स्वतन्त्रता दिने प्रतिज्ञा दिइएको छ; अनि यस्तो प्रतिज्ञा हामी खुशीसाथ ग्रहण गर्छौं।

**भजन १२१:७-८:** सबै खराबीबाट छुटकारा छ; यसको ग्यारेन्टी यहाँ हामीलाई दिइएको छ। परमेश्वरको अनुमति र उहाँको इच्छा बेगर कुनै कुरा ख्रीष्ट-विश्वासीको

जीवनमाथि आइपर्न सक्दैन भन्ने कुरा एउटा सुनिश्चित तथ्य हो। संयोगको अधीनतामा रहेका कुनै परिस्थितिहरू छँदैछैनन्; कुनै उद्देश्यहीन दुर्घटनाहरू घट्दैनन्; अनि अर्थहीन दुःखद घटनाहरू पनि हुँदैनन्। परमेश्वर रोगबिमारी, दुःखकष्ट र मृत्युको कर्ता हुनुहुन्न; तर उहाँले यस्ता कुराहरूमाथि प्रभुत्व चलाउनुहुन्छ, यिनमा लगाम लगाउनुहुन्छ र यी कुराहरूद्वारा आफ्ना उद्देश्यहरू पूरा गर्नुहुन्छ। यसकारण यस सम्बन्धमा परमेश्वरको छोराछोरीले जान्दछ र यस विषयमा धुक्कै हुन्छः हो, परमेश्वरलाई प्रेम गर्नेहरूको निम्ति अर्थात् उहाँको मनसाय-अनुसार दिव्य बोलावट पाएकाहरूको निम्ति परमेश्वरले सबै कुराहरू मिलाएर तिनीहरूको भलाइ गर्नुहुँदो रहेछ (रोमी ८ः२८)।

अन्तमा, वर्तमान समयमा र अनन्त-अनन्तसम्म परमेश्वरले हाम्रा सबै आउ-जाउहरूको देखरेख र हेरचाह गर्नुहुन्छ र गर्नुहुनेछ; यो कुरा पनि सुनिश्चित छ। उहाँले अबदेखि उसो सदा-सर्वदा हाम्रा आवात-जावातमा हाम्रो रक्षा गर्नुहुनेछ।

यस भजनका यी आठवटा पदहरूमा 'रक्षा गर्नुहुने' र 'रक्षक' भन्ने शब्द तीन पल्ट प्रयोग गरिएको छ र यससित सम्बन्धित क्रियापद फेरि तीन पल्ट प्रयोग गरिएको छ, जम्म छ पल्ट।[92] यी पदहरूको सन्देश सुस्पष्ट छः जसले प्रभु येशूलाई ग्रहण गरेर आफ्नो एकमात्र आशा तुल्याएको छ, त्योजस्तै सुरक्षित मानिस अरू कोही पनि छैन।

> हे प्रभु येशूमाथि आड़भरोसा राख्ने भाइ-बहिनीहो, उहाँले तिमीलाई कहिल्यै, अँ, कहिल्यै शत्रुको हातमा छोड्नुहुनेछैन।
>
> सारा नरकले तिमीलाई हल्लाउन आँट गरोस्, तर उहाँले कहिल्यै, अँ, कहिल्यै तिमीलाई त्याग्नुहुनेछैन।
>
> श्री रिचार्ड कीन

# भजन १२२ः शान्तिनगर

> हे मेरा परमेश्वर, अहो, प्रार्थनामा घुँड़ा टेकेर मैले तपाईंसित साथी-साथीको बीचमा भएझैं कुराकानी गरेको, तपाईंको सिंहासनको सामु व्यतीत गरेको एकै घण्टामा कति आनन्द छ, आनन्दै-आनन्द छ!
>
> श्रीमती फानी जे. क्रोस्बी

**भजन १२२ः१ः** जब परमेश्वरको डर मान्ने यहूदीहरूले दाऊदलाई 'यरूशलेममा जाने र चाड़ मनाउने समय भएको कुरा सम्झाए, तब यस परम आनन्दको सम्झनामा तिनी आनन्दित भए। यो तिनको निम्ति कुनै बोझिलो कर्तव्य, कुनै नरमाइलो नित्यचर्या थिएन। किनकि परमेश्वरको उपासना गर्न परमप्रभुको भवनमा जाँदा तिनले तृप्ति र आनन्द पाउँथे।

**भजन १२२ः२ः** अनि अबचाहिँ विश्वासका यात्रीहरू यस शहरभित्र उभि-रहेका थिए। 'हे यरूशलेम, हेर्, हाम्रा पाउहरू तेरा मूलढोकाहरूभित्र उभिरहेका छन्!' तिनीहरूले त्यस ठाउँमा फर्केर आए, जुन ठाउँ परमेश्वरले चुन्नुभयो। त्यो हामीले तिनीहरूको आत्मिक सहजबुद्धि मान्नुपर्‍यो; किनकि तिनीहरूले आफ्नो घर चिने। त्यहाँ उपस्थित हुनु कति उदेकको थियो; यो तिनीहरूको सौभाग्य थियो।

**भजन १२२ः३-४ः** तिनीहरू अवाक् थिए; तिनीहरूले त्यो एकसाथ टम्म मिलेर निर्माण गरिएको, त्यो गेरु रङ्गको सुन्दर शहर हेर्दै उभिरहेका थिए, र त्यसको तारिफ गर्दैथिए। घमाइला पर्खालहरूको घेरामा, एक वर्ग माइलभित्र गुम्बज र कौसी भएका घरैघर थिए र जताततै गल्लीहरू थिए। तर त्यहाँ एउटै भवन थियो, जसप्रति मानिसहरूमा ठूलो श्रद्धाको भावना थियो; अनि त्योचाहिँ थियो परमप्रभुको भवन। वास्तवमा, त्यही मन्दिर

त्यहाँ भएको हुनाले त्यस शहरले तिनीहरूका आँखामा मान्यता र महानता पाएको हो।

अनि त्यही ठाउँ परमप्रभुका कुलहरूले आफ्नो तीर्थस्थल मान्थे। पृथ्वीभरि त्यो यही एकमात्र स्थल थियो, जसको विषयमा परमेश्वरले आफ्ना जनहरूलाई 'तिमीहरू त्यहाँ भेला हुनू र उहाँको नामलाई धन्यवाद चढ़ाउनू' भनेर आज्ञा गर्नुभयो।

**भजन १२२:५:** तर यरूशलेम धर्मको केन्द्र मात्र होइन, तर इस्राएलको राजधानी पनि छ। त्यहाँ दाऊदको घरानाको सिंहासन थियो; अनि त्यहाँ उच्च न्यायालय पनि अवस्थित थियो।

**भजन १२२:६:** यरूशलेमको नामको अर्थ 'शान्ति-नगर' हो; तर अहिलेसम्म त्यो नाम एउटा गलत नाम भएको थियो। किनकि त्यस शहरले सहेको संघर्ष, दुःखकष्ट र हत्याकाण्ड अरू कुनचाहिँ शहरले सह्यो होला?

> 'यरूशलेमको पवित्रता कलङ्कित पारियो; अनि त्यसका ढुङ्गाहरूमा त्यसका कलङ्कहरू लागे। अनि धर्मको नाममा त्यस शहरभित्र पूरा गरिएका अपराधहरू त्यसका पर्खालहरूले सम्झना गरेका छन्। दाऊद र मिस्र देशका फाराओ, अस्सूरका सनहेरिब र बेबिलोनका नबूकद्नेस्सर, टोलेमी र हेरोद, टाइटस र गोड्फ्रे डि बुइओनका धर्मयुद्धहरू, तमूरलेन र सलाहुद्दीनका सारासेनहरू – यी सबैले यरूशलेममा लड़ाइँ गर्थे र त्यसभित्र मानिस-हरूलाई मार्थे।' 93)

*'यरूशलेमको शान्तिको लागि प्रार्थना गर'* भन्ने यस मर्मस्पर्षी अनुरोधमा चाहे भविष्य-वाणीको दृष्टिकोणले, चाहे इतिहासको दृष्टिकोणले हेर्नु हो भने एउटा अर्थ-सागर छ। किनकि यरूशलेमको निम्ति अन्धकार-मय, दुःखद दिनहरू आउँदैछन्। किनभने अन्यजाति आक्रमणकारी सेनाहरूको पदध्वनि त्यस शहरका साँघुरा गल्लीहरूमा सुनिनेछ – त्यस दिनसम्म, जब शान्तिका राजकुमार, इस्राएलका मसीह आउनुहुनेछ र उहाँले शासन आफ्नो हातमा लिनुहुनेछ (लूका २१:२४)।

श्री एफ. बी. मेयेरले टिप्पणी गरेअनुसार छ पदमा सुन्दर अनुप्रास अलङ्कार छः

> 'शान्तिको शहरलाई शान्ति होस्!
> यसलाई प्रेम गर्नेहरू शान्तिमा रहून्!'

यसकारण बुझ्नुहोस्: ती महान् राजाको शहरलाई प्रेम गर्नेहरू सबैमाथि शान्तिको आशिष रहनेछ।

**भजन १२२:७-९:** यरूशलेमको निम्ति हाम्रो प्रेम हामी कसरी प्रकट गरौं? हामी यसका पर्खालहरूभित्र शान्ति भएको होस् र यसका धरहराहरूभित्र सुरक्षा भएको होस् भनेर प्रार्थना गरेर र यसको बढ़ोत्तरी गर्न साथ दिएर देखाउन सक्छौं। अनि जुन शुभकामना भक्त यहूदीहरूले यरूशेलमको निम्ति चाहना गर्थे, त्यो शुभकामना हामीले प्रभुको मण्डलीको निम्ति चाहना गर्नुपर्छ। मेल-मिलापको बन्धनमा आत्माको एकता कायम राख्न हामीले सकभर धेरै प्रयत्न गर्नुपर्छ (एफिसी ४:३)। किनकि मण्डलीको मेल-मिलाप र उन्नतिद्वारा त्यो आशिष संसारभरि फिँजिनेछ।

अनि यो कुरा आठ पदमा व्यक्त गरिएको छ। आफ्ना दाजुभाइहरू र साथी-सङ्गीहरूको खातिर हामीले मण्डलीअन्तर्गत भएका चोटहरू निको भएका होऊन् भन्ने इच्छा राख्नुपर्छ, यसका झगड़ाहरू र यसका फाटोहरू छिट्टै शेष होऊन्। यस सिलसिलामा श्री अल्बर्ट बार्नेसले निम्न स्पष्टीकरण दिएका छन्:

> 'यस पदले भक्तिको सच्चा भावना व्यक्त गरेको छ, जुन भक्तिको भावना संसारभरि ख्रीष्ट-विश्वासीहरूको बीचमा जहींतहीं पाइँदो रहेछ; अनि परमेश्वरका मित्रहरूले ख्रीष्टको मण्डलीलाई प्रगाढ़ प्रेम गरेका कारणहरूमध्ये यो एउटा हो; किनभने तिनीहरूले के आशा र

चाहना राख्छन् भने, ख्रीष्टको मण्डलीद्वारा तिनीहरूको हृदयको सबैभन्दा नजिक भएका प्रियजनहरूले मुक्ति पाएका होऊन्।' 94)

अघि भनेझैं यस शहरको सबैभन्दा ठूलो गरिमाचाहिँ परमप्रभुको भवन थियो, जुनचाहिँ त्यहाँ अवस्थित थियो। न यस शहरको अवस्थिति, न यसका आकार-प्रकारका भवनहरू, न ता यसको दुःखलाग्दो इतिहास मुख्य कुरा हो, तर परमेश्वरले यही शहर चुन्नुभएको कुरा मुख्य कुरा हो; यो शहर परमप्रभुको भवनको निर्माण-स्थल पो थियो। अनि जुन थोकमा परमप्रभुको अनुग्रहको स्पर्श छ, त्यस थोकमाथि उहाँको उपस्थितिले महिमाको प्रभामण्डल लगाउँछ।

सयौं वर्ष बितेपछि प्रभु येशूले फरिसीहरू र शास्त्रीहरूलाई यही तथ्यको तात्पर्य के हो, सो सम्झना गराउनुभयो। किनकि तिनीहरूको विचारमा मन्दिरभन्दा मन्दिरको सुनको मूल्य ठूलो हुन्थ्यो, अनि तिनीहरूले वेदीलाई भन्दा वेदीमाथिको भेटीलाई बढ़ी महत्त्व दिन्थे। तर प्रभु येशूले तिनीहरूको ध्यानमा ल्याउनुभयो, कि सुन पवित्र तुल्याउनेचाहिँ मन्दिर थियो, र भेटी पवित्र ठहराउनेचाहिँ वेदी थियो (मत्ती २३:१६-२२)। यसरी प्रभु स्वयम्ले यरूशलेम संसारका सबै शहरहरूबाट अलग पार्नुभयो र विशेष तुल्याउनुभयो।

## भजन १२३ः दयाको खोजी गर्ने आँखाहरू

यस चौथो आरोहण-गीतमा दुईवटा मुख्य शब्दहरू छन्ः आँखाहरू र दया। 'आँखाहरू' भन्ने शब्द चार पल्ट र 'दया' भन्ने शब्द तीन पल्ट पाइन्छ। अनि यस भजनको घटनास्थलचाहिँ कैदको देश हो, जुन परिस्थितिसित थिचोमिचोमा परेका इस्राएलीहरू चिरपरिचित हुन्थे। किनकि तिनीहरू मिस्र देशमा, बेबिलोनमा, नाजीको पालोको जर्मनीमा, वारसाको यहूदी बस्तीमा र हालैमा साइबेरियाका श्रम-शिविरहरूमा कैदी हुन्थे। यस भजनमा कैदको देशको नाम दिइएको छैन, तर सम्भव छ, कि त्यो देश बेबिलोन थियो होला।

**भजन १२३ः१ः** यी कैदीहरूले स्वर्गतिर आफ्ना आँखाहरू उठाईकन परमेश्वरबाट दयाको कुनै भीक्ष देख्न पाउन आफूलाई थकाएका छन् र 'हे प्रभु, हाम्रो सतावटको यो लामो, कालो रात अन्त गरिदिनुहोस्' भनेर परमप्रभुलाई पुकार गरेका छन्।

**भजन १२३ः२ः** तिनीहरूले आफैलाई आफ्ना मालिकहरूको हाततिर हेरिरहेका दासहरू र आफ्नी मालिकनीको हाततिर हेरिरहेकी दासीसित तुलना गर्छन्। यसको सर्वमान्य अर्थ यस प्रकारको छः यसरी दासले आफ्नो मालिकको आदेश ग्रहण गर्ने र तिनको इच्छा पालन गर्ने तत्परता प्रकट गर्थ्यो अरे। तर यो अर्थ यहाँ लाग्दैन। होइन; तर यहाँ यहूदीहरूले परमप्रभुबाट दया पाउन बड़ो उत्सुकतासाथ उहाँको बाटो हेरिरहेको बुझिन्छ। अनि तिनीहरूको मनमा, छिटोभन्दा छिटो आफ्नो कैदबाट छुटकारा पाएर आफ्नो प्रेम गरेको स्वदेशमा फर्कनु नै तिनीहरूले पाउन चाहेको दयाको दान पो थियो। तिनीहरूले तिनीहरूलाई थिचोमिचो गर्ने अत्याचारीहरूको हातबाट छुटकारा पाउन उहाँकै हाततिर हेरिरहेका थिए।

**भजन १२३ः३-४ः** 'दया पाऔं' भनेर अपमान सहिरहेका मानिसहरूको जरुरी निर्वदन दुई पल्ट परमेश्वरको सिंहासनमा पुगेको छ, किनकि तिनीहरूले हदभन्दा ज्यादा अपमान सहे। दिन प्रतिदिन खिसी र घृणा तिनीहरूको दैनिक भोजन हुन्थ्यो, जुन भोजन अन्यजाति शासकहरूले तिनीहरूलाई निरन्तर खुवाइदिन्थे। यी निश्चिन्त भएर बस्ने मानिसहरूबाट तिनीहरूले कटुवचन र

अपमानजनक शब्दहरू सहनुपरेको बढ़ी भएको थियो (जकरिया १:१५)। तिनीहरूले ती घमण्डी बेबिलोनी बन्दीकर्ताहरूको अहङ्कारपूर्ण व्यवहार सहेको धेरै भएको थियो (यर्मिया ५०:३१-३२)। अब तिनीहरूलाई वाक्कैदिक्कै भइसक्यो; किनकि अति नै भइसकेको थियो। अब यसको चरमबिन्दुमा पुगेर तिनीहरूको छुट्ने बेला आइसकेको थियो।

अनि यही कारणले तिनीहरू विवश भई आफ्नो प्रार्थना परमप्रभुको सामु पोखाउँछन्; किनकि यहूदी-विरोधको वातावरणमा र भेदभावको दुनियाँमा उहाँचाहिँ थिचोमिचो र दबाउमा परेकाहरूको एकमात्र मित्र हुनुहुन्थ्यो; उहाँ तिनीहरूको एकमात्र शरणस्थान र सुरक्षा हुनुहुन्थ्यो।

## भजन १२४ः 'यदि' भन्ने शब्दमा ठूलो महत्त्व छ र त्यसले ठूलो भिन्नता ल्याउँछ

**भकम १२४:१:** 'यदि हाम्रो पक्षमा हुनुहुने परमप्रभु नहुनुभएको भए ...।' सबै कुरा यस 'यदि' भन्ने शर्तमाथि निर्भर गर्छ। किनकि तिनीहरूको छुटकारा वा विनाश यस 'यदि' भन्ने शब्दमा भर पर्थ्यो। तर तिनीहरूसँग परमप्रभु हुनुहुन्थ्यो, र सम्पूर्ण भिन्नता यसैमा थियो।

यहूदीहरूजस्तो धेरै पल्ट मुश्किलले बाँचे अरू कुनै जाति शायदै छैन होला। अनि प्राकृतिक नियमहरूअनुसार तिनीहरू धेरै समय अघि नष्ट हुनुपर्नेथियो। तिनीहरूलाई घेराबन्दीहरूमा हालिएका, तिनीहरूका सामूहिक हत्याहरू गरिएका, तिनीहरूका नरसंहारहरू भएका, तिनीहरूलाई ग्याँस च्यम्बरहरू र आगोका भट्टीहरूमा मारिएका अनि तिनीहरूमाथि बमहरू बर्साएका घटनाहरूको विषयमा हामी विचार गर्स्यौं भने तिनीहरू उम्केर बाँच्नुचाहिँ एउटा आश्चर्यकर्म हो; यो हामी मान्नुपर्छ। तर तिनीहरू उम्के र बाँचे; यसको निम्ति एउटै बलियो कारण थियोः परमप्रभु तिनीहरूको पक्षमा हुनुहुन्थ्यो।

तर दुःखको कुरा के हो भने, यस जातिका मानिसहरू यो कुरा मानिलिन सधैं राजी हुँदैनथिए। तर धेरैजसो तिनीहरूले आफ्नै चलाखीले गर्दा र आफ्नो शक्तिद्वारा यी विजयहरू हासिल गरेको गर्व गर्थे। तर हर समयमा तिनीहरूको बीचमा भक्त यहूदीहरू पनि हुन्थे, जसले 'परमप्रभु नहुनुहुँदो हो ता हाम्रो नामनिशान मेटिसक्नेथियो' भन्ने कुरा स्वीकार गर्थे र स्वीकार गर्ने गर्छन्।

**भजन १२४:२-५:** भजनकारले ती बितेका समयहरू सम्झन्छन्, जुन-जुन समयमा इस्राएली जातिका शत्रुहरू ठूलो सङ्ख्यामा र उच्च कोटिका हतियारहरू लिएर उनीहरूको विरोधमा आए। उनीहरूका खानेकुराहरू सिद्धिन लागेका थिए। उनीहरूका औषधीहरू सकेका थिए। अनि सञ्चार-व्यवस्था खतम भएको थियो। उनीहरूसँग जे थियो, त्यही थियो; उनीहरू यसैमा सन्तुष्ट रहनुपरेको थियो। उनीहरू चारैतिरबाट घेरिएका थिए। उनीहरूका शत्रुहरूले उनीहरूलाई भगाएर समुद्रमा फालिदिने धम्की दिइरहेका थिए। परिस्थिति नाजुक थियो, निर्दय थियो।

**भजन १२४:६-७:** हिंस्रक जनावरहरूले जस्तै शत्रुले उनीहरूलाई जिउँदै निल्न आँटेको थियो। अथवा अर्को शब्दमा भन्नु हो भने, अन्यजातिहरूको सैनिक बलचाहिँ एउटा भयानक सुनामी थियो, जसले उनीहरूलाई छोप्न लागेको थियो।

तर त्यसपछि अचानक एउटा घटना घट्यो। परमप्रभुले उनीहरूका शत्रुहरूलाई रणनीतिको विषयमा आपसमा झगड़ा गर्ने

तुल्याउनुभयो कि? अथवा के, के तिनीहरूका गुप्तचरहरूले यहूदीहरूको विषयमा गलत समाचारहरू पेश गरे कि? अथवा के तिनीहरूका नेताको अचानक मृत्युले तिनीहरूलाई आतङ्कित तुल्यायो कि? अथवा के तिनीहरूको विजय हुनै लागेको बेलामा तिनीहरूले युद्ध-विराम गर्ने सन्धि गरे कि? हुन सक्छ, परमप्रभुले उनीहरूका शत्रुहरूसित यसो व्यवहार गर्नुभयो होला।

यता, के परमप्रभुले यहूदीहरूलाई उनीहरूले आशा नगरेको वा नसोचेको खाद्य पदार्थ जुटाइदिनुभयो कि? अथवा के उहाँले गुप्त ठाउँहरूबाट हतियारहरूको प्रबन्ध गरिदिनुभयो कि? अथवा के उहाँले कुनै असम्भव देखिने स्रोतबाट उनीहरूलाई बाहिरबाट सहायता दिलाउनुभयो कि? जेसुकै भए पनि परिस्थितिहरूको तालमेल अद्‌भुत प्रकारले मिल्यो; यसमा परमप्रभुको हात थियो, नत्र यसो हुन असम्भव हुनेथियो।

जस-जससँग आत्मिक समझशक्ति छ, तिनीहरूले आफ्ना रहस्यमय र चमत्कारपूर्ण छुटकाराहरूको निम्ति सारा श्रेय परमप्रभुलाई दिन्छन्। परमेश्वरलाई धन्यवाद होस्, अन्यजाति सरकारहरूले, ती हिंस्रक जनावरहरूले सूक्ष्म इस्राएललाई निल्न सकेनन्! परमेश्वरका जनहरू त्यस पासोबाट उम्के, जुन पासो संयुक्त अन्यजातिहरूले उनीहरूको निम्ति थपेका थिए। त्यो पासो छिन्यो; यहूदीहरूलाई बाँधिराखिएको नेल चुँड़ियो र उनीहरू उम्के।

**भजन १२४ः८ः** बड़ो नम्र र कृतज्ञ भएर उनीहरू मानिलिन्छन्:

*‘हाम्रो सहायता आकाश र पृथ्वी बनाउनुहुने परमप्रभुको नाममा छ।’*

तर परमेश्वरका आश्चर्यकर्महरू इस्राएलको एकमात्र अधिकार होइनन् नि। ख्रीष्टको मण्डलीले पनि यस भजनका शब्दहरू आफूमाथि लागू गराउन सक्छ; किनकि उहाँको मण्डलीले अन्तिम क्षणमा परमेश्वरबाट पाएका छुटकाराहरूको निम्ति आनन्दको उत्सव मनाउन सक्छ। अनि ख्रीष्ट-विश्वासीहरूमध्ये कति भाइबहिनीहरू छन्, जसले व्यक्तिगत रूपले अनुभव गरे र यसकारण पनि स्वीकार गर्न सक्छन्: ‘हो, प्रभु मेरो पक्षमा नहुनुभएको भए, संसार, पापी स्वभाव र शैतान ममाथि पूरा प्रबल हुनेथियो र त्यसले मलाई सिङ्गै निलिसक्नेथियो।’

## भजन १२५ः शान्तिको मार्ग यही हो!

**भजन १२५ः१ः** सियोन पर्वतचाहिँ यरूशलेम शहरमा भएका थुम्काहरूमध्ये एउटा हो; अनि कहिलेकाहीं सियोन पर्वत भन्ने नाम यस शहरको निम्ति पनि प्रयोग गरिएको छ; यो एक प्रकारको काव्य शब्द-शैली हो। अनि यहाँ, यस ठाउँमा सियोन पर्वतचाहिँ स्थिरता र शक्तिको प्रतीक र चरमसीमा हो; यसले एउटा हल्लिन नसक्ने अटल किल्लाको रूप लिन्छ।

विश्वास गर्ने मानिस पनि यस्तै हुन्छ। उसको जीवन बलियो चट्टानमाथि निर्माण गरिएको छ। पानी पर्दा, भल-पहिराहरू आउँदा र आँधी-बेह्रीहरू यस घरमाथि बज्रिँदा पनि त्यो ढल्दैन; किनकि त्यो घर चट्टानमाथि बसालिएको छ (मत्ती ७ः२५)।

भजनकारले के भन्छन् भने, ‘सियोन पर्वत सदा-सर्वदा रहिरहन्छ।’ यस लौकिक शहरको विषयमा हामीले बुझ्नुपर्छ कि त्यस जमानाका विश्वासीहरूको विचारमा यो शहर यस्तो सुदृढ़ देखा परेको थियो। तर नयाँ नियमबाट हामी जान्दछौं, कि एक दिन यो सारा पृथ्वी आगोद्वारा नाश हुनेछ (२ पत्रुस ३ः७, १० र १२)। तर हामी पनि उस्तै प्रकारको बोली प्रयोग गर्छौं। हामी रोमको विषयमा पनि ‘अनन्त डाँड़ाहरू’ र ‘अमर

नगर' भन्ने शब्द प्रयोग गर्छौं। तर यस विषयमा महत्त्वपूर्ण कुरा के हो त? हो, यो सियोन पर्वतचाहिँ एक दिन नाश हुनेछ, तर ख्रीष्ट येशूमाथि विश्वास गर्ने मानिसचाहिँ कहिल्यै नाश हुनेछैन। किनभने ऊ ख्रीष्ट येशूमा सुरक्षित रहन्छ; परमेश्‍वरले उसलाई ख्रीष्ट येशूमा पूरा सुरक्षित राख्‍नुभएको छ; ऊभन्दा सुरक्षित अरू कोही पनि छैन।

**भजन १२५ः२ः** अनि यी भजनकारले यरूशलेमको भौगोलिक अवस्थितिमा अर्को आत्मिक तथ्य देख्‍न सके। यस शहरको चारैतिर पहाड़हरू छन्, जुन पहाड़हरूबाट यसको सेनाले यस शहरको हरेक आवात-जावात रक्षा गर्न सक्यो। यस प्रकारले परमप्रभु आफै 'आजदेखि सदा-सर्वदा' आफ्ना छोराछोरीहरूको वरिपरि सुरक्षाको पर्खाल हुनुहुन्छ। शैतानले पनि यही बारको विषयमा निम्न कुरा गर्‍यो, जुन बारले अय्यूबलाई चारैतिरबाट रक्षा गरेको थियोः *'के तपाईंले उसको वरिपरि, उसको घरको वरिपरि र उससँग भएका सबै थोकहरूको वरिपरि चारैतिरबाट बार हालिदिनुभएको छैन र?'* (अय्यूब १ः१०)।

यहाँ भन्न खोजेको तत्पार्य के हो भने, परमेश्‍वरको अनुमति र इच्छाविना उहाँमाथि भरोसा राख्‍ने पवित्र जनमाथि केही पनि आइपर्नेछैन, उसलाई कुनै कुराले छुन पाउनेछैन।

**भजन १२५ः३ः** तीन पदमा अर्को महान् दाबी गरिएको छः *'किनभने दुष्टको डन्डा धर्मी जनहरूको भागमा पर्नेछैन, नत्र ता धर्मी जनहरूले आफ्ना हात अधर्मतिर बढ़ाउलान्।'*

'खोइ, अनेक पल्ट दुष्ट मानिसहरूले इस्राएल देशलाई हमला गरेर कब्जा गरेको विषयमा के हो त' भनेर कतिजनाले यस पदको पहिलो खण्डको विषयमा आफ्नो आपत्ति जनाउलान्। हो, यो कुरा साँचो हो। तर हामीले यस पदको अर्थ यसको प्रसङ्ग र सन्दर्भअनुसार लगाउनुपर्छ। यस भजनको सन्दर्भ यी मानिसहरू हुन्, जसले परमप्रभुमाथि भरोसा राख्छन्। यस भजनका प्रतिज्ञाहरू यस्तै मानिसहरूको निम्ति मात्र हुन्। अनि जब इस्राएलीहरू परमप्रभुबाट पछि हट्थे र भड्केर जान्थे, तब मात्रै यस देशका सिमानाहरू मिचिन्थे र यसका पर्खालहरूको तोड़फोड़ हुन्थ्यो। जबसम्म उनीहरूले परमप्रभुको आज्ञा पालन गर्थे र उहाँमाथि भरोसा राख्थे, तबसम्म दुष्टको डन्डाले अर्थात् दुष्ट अन्यजाति शासकहरूको दुःशासनले उनीहरूलाई छुन पाउँदैनथियो।

जुन बेलामा इस्राएलीहरू परमेश्‍वरको साथमा हिँड्थे, त्यस बेलामा परमेश्‍वरले इस्राएली जातिका धम्की दिने क्रूर शत्रुहरूलाई किन रोकिराख्‍नुहुन्थ्यो? यसको निम्ति यहाँ एउटा रोचक कारण पेश गरिएको छ। धर्मी इस्राएलीहरूले अधर्म गर्न आफ्ना हात नबढ़ाऊन् – यस प्रकारको परीक्षामा नपरून् भन्ने हेतुले परमेश्‍वरले यसो गर्नुभएको रहेछ। यसो हो भने, बुझ्नुहोस्ः परमेश्‍वरले हामीलाई बाहिरबाट आउने शत्रुहरूबाट मात्र होइन, तर हामीलाई हामीभित्रबाट आउने पाप गर्ने झुकाउदेखि पनि बचाउनुहुन्छ। किनकि हाम्रो अन्याय हुँदा त्यो झुकाउ झन् बढ़ी ठाउँ पाउँछ।

**भजन १२५ः४ः** चार पदको अर्थ पनि यसको प्रसङ्गअनुसार बुझ्नुपर्छ। *'हे परमप्रभु, भलाहरूलाई भलाइ गर्नुहोस्, र उनीहरूलाई पनि, जो आफ्नो हृदयमा सीधा छन्।'* यी भला मानिसहरू को होलान्? यिनीहरू ती मानिसहरू हुन्, जसले प्रभु येशूमाथि विश्‍वास गरेर मुक्ति पाए र जसको प्रभुप्रतिको चाल आज्ञाकारी र निर्दोष हुन्छ। यिनीहरूको सीधा चालचाहिँ उनीहरूको मुक्तिको आधार होइन, तर यिनीहरूको भरोसा र आज्ञाकारिताको फल पो हो।

**भजन १२५:५:** अरू मानिसहरू पनि छन्, जसले 'हामी पनि परमेश्वरका जनहरू हौं' भनेर भइटोपल्छन्, तर जो आफ्ना टेढ़ा-मेढ़ा बाटाहरूतिर लाग्छन्। तिनीहरूलाई परमप्रभुले कुकर्मीहरूको साथमा देशनिकाला गरेर कैदमा र प्रवासमा लैजानुहुनेछ।

इस्राएलमाथि शान्ति आओस्! यस भजनले इस्राएली जातिको निम्ति र अरू सबैको निम्ति शान्तिको सूत्र र नियम बताउँछ। अनि प्रभु येशूमाथि विश्वास गर्नु शान्ति पाउने नियम हो। जब इस्राएली जाति उहाँकहाँ फर्कनेछ, जसलाई उनीहरूले घोचे, र उहाँको निम्ति आफ्नो एकमात्र छोराको निम्ति विलाप गरेझैं विलाप गर्नेछ, तब सयौं वर्षसम्म उनीहरूदेखि वञ्चित भएको शान्ति अन्तमा उनीहरूको हुनेछ।

'शालोम ! शालोम !'

## भजन १२६: रुँदै-रुँदै बीउ छर्नेले निश्चय रमाउँदै कटनी गर्नेछ

**भजन १२६:१:** जब कैदमा रहेका यहूदीहरूका बस्ती-बस्तीमा घोषणा पुग्यो, तब मानिसहरू तरङ्गि भए र हर्षले उल्लासित भए। किनकि फारसका राजा कोरेसले 'कैदीहरू आफ्नो देशमा फर्कन सक्छन्' भन्ने उर्दी गरे। यो खबर उनीहरूको निम्ति पत्याउन गाह्रो भयो। किनभने उनीहरू कैदी रहेको लामो अवधिमा उनीहरूमध्ये धेरैजनाले 'यरूशलेम फेरि देख्न नपाउने रहेछौं' भन्ने ठानेका थिए। तर परमेश्वरलाई धन्यवाद होस्, अन्तमा छुटकाराको समाचार उनीहरू-कहाँ आइपुग्यो। अनि जब उनीहरूले आफ्नो अल्प चल सम्पत्ति बटुलिराखे, तब उनीहरू बेहोशमा भएजस्तै, अँ, सपनामा लड्डु खाएजस्तै थिए।

**भजन १२६:२:** यी बकबके र गफाड़ी मानिसहरूले अझ बढ़ी बड़बड़ाउन र उत्तेजित भएर बोल्न थाले। सत्तरी वर्षपछि पहिलो चोटि उनीहरूसँग खुशीले प्रफुल्लित हुन एउटा कुरा थियो, हर्षले उल्लासित हुन एउटा कुरा थियो। उनीहरू घर फर्कंदैथिए। उनीहरू हाँस्दै र गाउँदै छिटो-छिटो तयार भए; उनीहरूको निम्ति यो एउटा नयाँ अनुभव थियो।

त्यो कुरा गैर-यहूदी मानिसहरूको निम्ति ठूलो गवाही बन्यो; किनकि तिनीहरूले महसुस गरे, कि यहूदीहरूको पक्षमा जुन-जुन कुराहरू भइरहेका थिए, यी कुराहरूको निम्ति कुनै लौकिक कारण थिएन। यसकारण तिनीहरूले मानिलिए: 'हिब्रूहरूका परमेश्वरले यिनीहरूको पक्षमा आश्चर्य ढङ्गमा हस्तक्षेप गर्नुभएको रहेछ।' पृथ्वीका अरू सबै जातिहरूभन्दा इस्राएली जातिचाहिँ परमप्रभुको प्रेम र वास्ताको पात्र भएको रहेछ।

**भजन १२६:३:** अनि यी आनन्दित यहूदी प्रवासीहरू ती अन्यजातिहरूसँग सहमत थिए; अनि उनीहरूले आफ्नो छुटकाराको निम्ति यसो भन्दै परमप्रभुलाई सारा श्रेय दिए: *'परमप्रभुले हाम्रो निम्ति महान् कामहरू गर्नुभएको छ; यसैकारण हामी आनन्दित छौं।'*

**भजन १२६:४:** तर उनीहरू मायालाग्दो एक मुठी जन भएर आफ्नो देशमा फर्किरहेका थिए, जससँग आफूले लगाएको एकसरो लुगाबाहेक अरु के पो थियो र? उनीहरूलाई जनशक्ति, रुपियाँपैसा र सुरक्षा आवश्यक थियो। यसकारण उनीहरूको प्रार्थना यस प्रकारको थियो: *'हे परमप्रभु, दक्षिणका खोलाहरूझैं हाम्रो कैद फर्काएर ल्याउनुहोस्!'*

उक्त दक्षिणचाहिँ हिब्रूमा 'नेगेव' भनिन्छ र इस्राएल देशको दक्षिणको मरुभूमि थियो। अनि त्यो नेगेव सुक्खा र बाँझो हुन्थ्यो। तर एउटा ठूलो झरीपछि त्यसका खहरे खोलाहरू

भल बगिरहेका नदी पो बने, जसले उजाड़स्थानलाई हराभरा बनाए। यसकारण ती आफ्नो देशमा फर्केका कैदीहरूले प्रार्थनामा के विन्ती गरे भने, हालैमा यी अल्पसङ्ख्य मानिसहरू बढ़ेर जाऊन् र इस्राएलका जम्मै बाह्रवटा कुलहरू फर्केर एउटा ठूलो भीड़ बनून्। परमप्रभुले उनीहरूलाई पुनर्निर्माण र पुनर्स्थापनाको निम्ति चाहिने सबै सामग्री-साधनहरू जुटाइदिऊन् भनेर उनीहरूको प्रार्थनाको अनुरोध थियो। अनि उनीहरूलाई आफ्नो देशमा सुखी र फलवान् हुन अरू के-के खाँचो परेको थियो, उनीहरूले यी सबै थोकहरू पनि मागे।

**भजन १२६:५-६:** उनीहरू फर्केर आएको पहिलो वर्ष साह्रै कठिन थियो। किनकि उनीहरूको निम्ति कटनी गर्ने फसल तयार कहाँ हुन्थ्यो र? उनीहरूले अन्न लाउन फेरि शुरु गर्नुपरेको थियो, र कटनीको समयसम्म पर्खनुपरेको थियो। यो उनीहरूको निम्ति ज्यादा कठिन समय थियो; उनीहरूले आफ्नो थोरै खाद्यअन्न अति होशियारसाथ चलाउनुपरेको थियो।

यस पहिलो फसलको निम्ति बीउ छर्ने सम्बन्धमा उनीहरूलाई केही अफसोस, केही चिन्ता, केही दुःख, केही कठिनाइ हुने नै थियो। मानौं एउटा किसानसित भकारीमा थोरै अन्न रहेको छ। उसले त्यही अन्न कि त आफ्नो परिवारको भरणपोषणको निम्ति, कि त आउँदो दिनमा प्रशस्त फसल हुने आशा लिएर त्यसको अधिक भाग बीउ छर्नको निम्ति प्रयोग गर्न सक्छ। उसले बीउ छर्ने निर्णय त गर्छ, तर उसले जोतिएको खेतबारीमा बीउ छर्न आफ्नो बीउको टोकरीमा हात हालेर एक मुट्ठीभरि बीउ निकाल्दा उसका गालाबाट आँसुहरू झर्दैछन्। किन? किनभने उसले आफ्नी पत्नी र आफ्ना छोराछोरीहरूलाई सम्झन्छ, जसले ससाना बटुकाहरूमा खोलेफाँड़ो खाएर सन्तोष गर्नुपरेको थियो; किनकि कटनीको समयसम्म तिनीहरूले त्यागपूर्ण जीवन जिउनुपरेको थियो। यसकारण उसलाई तिनीहरूको मुखबाट गाँस खोसेर लगेको लागेछ।

तर कैदबाट फर्केर आएकाहरूकहाँ निम्न आनन्द दिलाउने वाणी आएको छः *'अमूल्य बीउ बोकेर रुँदै अघि बढ्दै जाने मानिस निश्चय नै आफ्ना बिटाहरू लिएर रमाउँदै फर्की आउनेछ।'*

तब यस्तो आश्वासन पाएपछि उनीहरू निस्केर बीउ किन नछर्ने? किनकि उनीहरूको वर्तमान दुःखको साटो फेर्ने सुदिन आउने नै छ, जब उनीहरूले रमाउँदै खेतबारीबाट पाकेका अन्नका बिटाहरू भित्र्याउनेछन्।

निस्सन्देह यो नियम आत्मिक क्षेत्रमा पनि लागू हुन्छ। मुक्तिको सुसमाचारको भव्य प्रचार-प्रसार भएको हेतुले त्यागपूर्ण जीवन जिउनेहरूले वर्तमान समयमा कठिनाइको सामना गर्नुपर्ने हुन्छ; तर बाँचेका आत्माहरूले स्वर्गमा सदा-सर्वदा परमेश्वरको थुमाको आराधना गरिरहेको दृश्यबाट जुन आनन्द आउँछ, त्यस परम आनन्दको तुलनामा अहिलेको दुःख के पो छ?

अनि यो नियम आत्माहरूलाई जित्ने कामको सम्बन्धमा पनि सत्य ठहरिन्छ। किनकि एकजना भाइले बुद्धिमानीसाथ यसो भनेका छन्ः 'अमूल्य आत्माहरूलाई जित्नेहरू पहिले यी आत्माहरूको निम्ति रुनेहरू हुन्छन्।' यसो हो भने, हाम्रो प्रार्थना निम्न नमुनाअनुसार भएको हुनुपर्छः

मेरा मुक्तिदाताको दृष्टिले म पनि मानिसहरूको
भीड़ देख्न सकूँ; कहिलेसम्म म हेरिरहूँ?
'जबसम्म तेरा आँखाहरू आँसुहरूले धमिला
हुँदैनन्।'
बरालिएका भेड़ाहरू म टिठाएर हेर्न सकूँ,
र उहाँको प्रेमको खातिर म तिनीहरूलाई प्रेम
गर्न सकूँ।

अज्ञात लेखकको रचना

# भजन १२७ः परमेश्वर हाम्रो सबै कामकाजमा हुनुपर्छ

एउटा भनाइ छः 'थोरै कुरा धेरै हुन्छ, परमेश्वर त्यसमा हुनुहुन्छ भने।' यो भनाइ उल्टाएको कुरा पनि सत्य होः 'धेरै कुरा केही पनि होइन, परमेश्वरको आशिष त्यसमा हुँदैन भने।' अनि यस भजनले ठीक त्यही भन्न खोज्छः हाम्रो क्रियाकलाप प्रभुको आदेश-अनुसार अनि उहाँको मार्गदर्शन र अगुवाइ-अनुसार भएको हुनुपर्छ। हाम्रा कामकुराहरू यस प्रकारका छैनन् भने हाम्रो समय र हाम्रो बल बरबाद हुन्छ। हामी आफ्ना योजनाहरू गर्न सक्छौं; ख्रीष्टिय सेवकाईमा पनि यसो गर्न सम्भव छ। हामी ठूला-ठूला संस्था र संघहरू स्थापित गर्न सक्छौं, हाम्रै राज्यहरू। हामी अभूतपूर्व परिणामहरू देखाउन अङ्क-विवरणहरू पेश गर्न सक्छौं, कति, कति ! तर हाम्रा योजनाहरू प्रभुको रोपण होइनन् भने, ती योजनाहरू बेकार हुन्छन्, र 'म ताक्छु मूढ़ो, बन्चरो ताक्छ घुँड़ो' भनेजस्तो मात्र भएछ।

भजनकारले आफ्नो सारगर्भित कुरा स्पष्ट पार्न जीवनका चारवटा सामान्य कामकुराहरू उदाहरणको रूपमा छानेका छन्ः ती हुन्, घर बनाउने निर्माण-कार्य, देश र जनताको रक्षा, पेसागत कामकाज र परिवार-निर्माण।

**भजन १२७ः१ः** हामी दुईवटा तरिकाले एउटा घर बनाउन सक्छौं। एक, हामी आफ्नै ज्ञान, आफ्नै सीप र आफ्नै आर्थिक स्रोत र बन्दोबस्तमाथि भर परेर आफ्नो योजना अघि बढ़ाउन सक्छौं र यो निर्माण-कार्य सिद्ध्याएपछि यसमाथि परमेश्वरको आशिष आओस् भन्ने विन्ती चढ़ाउन सक्छौं। कि त दुई, हामी प्रभुको अचूक मार्ग-दर्शन र अगुवाइको निम्ति पर्खेर र उहाँमाथि पूरा भर परेर आफ्नो कार्य अघि बढ़ाउन सक्छौं।

पहिलो उदाहरणमा, यो योजना मामुलीभन्दा उच्च कहिल्यै उठ्दैन। अनि दोस्रो उदाहरणमा, आवश्यक परेका सामग्रीहरूका अद्‌भुत प्रबन्ध, समयको अलौकिक मिलन र घटनाहरूको उदेकको अनुक्रम अनि परिस्थितिहरूको अनौठो अनुकूलता, जुन अनुकूलता कहिल्यै संयोगको फल हुनै सक्दैन – यी सबै कुराहरूमा परमेश्वरले काम गर्नुभएको देखेर हाम्रो हृदय आनन्दले पुलकित हुन्छ। परमेश्वरको साथसाथै काम गर्नुभएकोमा ठूलो भिन्नता, आकाश-पातालको भिन्नता छ।

सुरक्षाको सम्बन्धमा पनि परमेश्वरको सहायताविना मानिसको प्रयास व्यर्थ हुन्छ। दोस्रो उदाहरणबाट यो स्पष्ट बुझिन्छः *'परमप्रभुले नै शहरको रक्षा गर्नुभएन भने पाले व्यर्थमा जागा बस्छ।'* यस भनाइको मतलब उल्टो नबुझौं। हाम्रो देशमा पुलिसको प्रबन्ध वा अन्य सुरक्षाको व्यवस्था हुनुपर्छ। तर यस पदले भन्न खोजेको तात्पर्य यो हो, कि अन्तमा हाम्रो सुरक्षा परमप्रभुमा निर्भर गर्छ; किनकि हामी उहाँमाथि भर पर्दैनौं भने हामी जति सावधानी गरे पनि सुरक्षाको निम्ति यो पर्याप्त हुँदैन।

**भजन १२७ः२ः** अब हाम्रो दैनिक काम-धन्दाको कुरा आयो। हामी परमेश्वरले हाम्रो निम्ति चुन्नुभएको ठाउँमा हुनुपर्छ; नत्रता अबेरसम्म गरेको हाम्रो परिश्रम व्यर्थ हुन्छ; चिन्ताफिक्रीको साथ र मरिमेटेर काम गरेर जीविका चलाउनु व्यर्थै हो। तपाईंले अन्यथा नसम्झनुहोला। आफ्नो आवश्यकता, आफ्नो परिवारको आवश्यकता, साथै अरू मानिस-हरूको आवश्यकता पूरा गर्न हामीले परिश्रम गर्नुपर्छ भन्ने शिक्षा पवित्र बाइबलभरि हामीलाई दिइएको छ। यसकारण यस भजनले हामीलाई दिनभरि कोका-कोला शीतल पेय पिउँदै बसेर साथीभाइहरूको खर्चमा जिउने शिक्षा अवश्य दिँदैन। तर यहाँ

भन्न चाहेको तात्पर्य के हो भने, हामी परमेश्वरमाथि भर नपरीकन काम गर्छौं भने हामीले कुनै उन्नति गर्न सक्दैनौं। भविष्यवक्ता हाग्गैले उक्त परिस्थितिको वर्णन असल प्रकारले गरेका छन्, जब तिनले यसो भनेः *'तिमीहरूले धेरै बीउ छरेका छौ, तर थोरै भित्र्याएका छौ; तिमीहरू खान त खान्छौ, तर तृप्त हुँदैनौ; तिमीहरू पिउन त पिउँछौ, तर तिमीहरूको तिर्खा मेट्दैन; तिमीहरू लुगा त लाउँछौ, तर कसैलाई न्यानो हुँदैन; अनि जसले ज्यालामा काम गर्छ, त्यसले छेंड़ परेको थैलीमा हाल्न ज्याला कमाउँछ'* (हाग्गै १:६)।

तर हाम्रो जीवन साँच्चै प्रभु येशूमा समर्पित भयो, र हामी उहाँको महिमाको निम्ति जिउँछौं भने त उहाँले हामी सुत्दा हामीलाई आशिषहरू दिनुहुन्छ; यस्ता आशिषहरू हामीले उहाँविना घण्टैघण्टौं कठोर परिश्रम गरेर पाउन सक्नेथिएनौं। *'किनकि उहाँले नै आफ्नो प्रिय जनलाई निद्रा दिनुहुन्छ'* भन्ने वाक्यको अर्थ त्यही होला नि, कि कसो? यसैले श्री जेम्स मोफ्फातले यो वाक्य यस प्रकारले अनुवाद गरेका छन्ः 'परमेश्वरका प्रियजनहरू सुत्दा उहाँका दानहरू प्राप्त गर्छन्।'

**भजन १२७:३:** चौथो र अन्तिम उदाहरणचाहिँ परिवार-निर्माण हो। अनि छोराछोरीहरूचाहिँ परमेश्वरका दानहरूमध्ये एउटा हुन्, जसरी लेखिएको छः *'हेर, छोराछोरीहरू परमप्रभुले दिनुभएको हकको सम्पत्ति हुन्; अनि गर्भको फलचाहिँ उहाँको इनाम हो।'* तर छोराछोरीहरूको विषयमा यहाँ जे भनिएको छ, ती कुराहरू यस शर्तमाथि निर्भर गर्छन्ः उनीहरू प्रभुको आदर र महिमा गर्ने घरपरिवारमा हुर्केका हुनुपर्छ; अँ, उनीहरू प्रभुको अनुशासन र शिक्षामा हुर्केका हुनुपर्छ।

**भजन १२७:४:** 'शूरवीर योद्धाको हातमा काँड़हरू जे छन्, जवानीका छोराछोरीहरू पनि त्यस्तै छन्।' जब बाबुआमाहरू वृद्ध हुँदै जान्छन्, तब तिनीहरू आफ्ना विश्वासी छोराछोरीहरूमाथि भर पर्न सक्छन्, जसले तिनीहरूको पक्षमा शूरवीरले जस्तै लड़िदिन्छन् र तिनीहरूको निम्ति प्रबन्ध गरिदिन्छन्, एउटा शिकारीले गरेजस्तै, जसले आफ्नो धनु र काँड़को भरमा आफ्नो जीविका चलाउँछ।

**भजन १२७:५:** *'त्यो मानिस धन्यको हो, जसको ठोक्रा उनीहरूले भरिएको छ।'* ठूलो परिवारको विरुद्धमा आधुनिक प्रचारप्रसारको अविरल बाढ़ ओइरिरहेकै भए तापनि परमेश्वरले त्यही मानिस आशिषित भएको भन्नुहुन्छ, जसको ठोक्रा छोराछोरीहरूले भरिएको हुन्छ। तर उनीहरू विश्वास गर्ने छोराछोरीहरू र विश्वासको घरानाका सदस्यहरू हुनुपर्छ; नत्र ता उनीहरू आशिषको सट्टामा मुटु कटकटी खाने व्यथाको कारण पो हुन्छन्।

*'उनीहरू शर्ममा पर्नेछैनन्, तर उनीहरूले मूल-ढोकामा शत्रुहरूसँग कुरा गर्नेछन्।'* श्री एफ. बी. मेयेरले हामीलाई यो कुरा स्मरण गराउँछन्, कि घेराबन्दीमा परेको शहरको पक्षमा मुकाबिला गर्ने सेनाले यसको मूल-ढोकामा भेला हुन्थ्यो। यसकारण यहाँ व्यक्त गरिएको विचारको अर्थ यो हुनुपर्लाः मानिसका छोराछोरीहरूले कचहरीमा उसको विरोधमा उठेका मुद्दाहरूमा उसको पक्ष लिन्छन्, र उसले कुनै हानि वा क्षति भोग्नुपर्दैन; किनकि उनीहरूले कुनै अन्याय हुन दिँदैनन्।

भविष्यवक्ता जकरियाको मुखद्वारा *' "न बलद्वारा, न शक्तिद्वारा, तर मेरो आत्माद्वारा", सेनाहरूका परमप्रभु भन्नुहुन्छ'* भनेर परमप्रभुले जुन वचन बोल्नुभयो, यस भजनमा यस वचनको स्पष्टीकरणको लमाइ-चौड़ाइ दिइएको छ (जकरिया ४:६)। रुपियाँपैसाको शक्तिमा वा आफ्नो बुद्धि र

क्षमतामा भर पर्ने खतरा जारी नै छ। तर त्यस प्रकारले प्रभुको इच्छा पूरा हुनै सक्दैन, कुनै हातलमा पनि पूरा हुँदैन। हामीले गरेको काम अनन्तसम्म रहिरहनु हो भने, हामीले उहाँको आत्माद्वारा काम गर्नुपर्छ। यसकारण बुझ्नुहोस्ः आफ्नै स्रोत र साधनहरूद्वारा हामीले परमेश्‍वरको निम्ति गरेको काम गनिँदैन, तर उहाँले आफ्नो ठूलो शक्तिले हामीद्वारा गर्नुभएको काम गनिन्छ। हामीले आफ्नो शक्तिले के पो गर्न सक्छौं र? यो त खालि काठ, फुस र पराल गनिन्छ। तर उहाँले हामीलाई प्रयोग गर्नुहुन्छ भने, हामी सुन, चाँदी र बहुमूल्य पत्थरहरू गनिने कामहरू गर्न सक्छौं (१ कोरिन्थी ३ः१२)। जब हामी आफ्नै बलको भरमा काम गर्छौं, तब हामीले आफ्नो समय र आफ्नो शक्ति बरबाद गरेका हुन्छौं। तर जब हामी सबै कुरामा परमेश्‍वरलाई काम गर्न दिन्छौं, तब हाम्रो जीवन प्रभावकारी बन्नेछ। शारीरिक साधनहरूले शारीरिक नतिजाहरू ल्याउँछन् भने आत्मिक साधनहरूले आत्मिक नतिजाहरू ल्याउँछन्।

## भजन १२८ः परमप्रभुको डर मान्ने मानिसको निम्ति उहाँको आशिष यस्तै छ!

**भजन १२८ः१ः** जीवनबाट पूरा तवरले आनन्द उपभोग गर्ने विश्‍वासीचाहिँ उही हो, जसले आफ्नो जीवनको हरेक क्षेत्रमा प्रभुको अधिकार स्वीकार गर्छ, र जसको चाल परमेश्‍वरको वचनअनुसार हुन्छ र जसको आज्ञाकारिता व्यावहारिक हुन्छ।

मोशाको व्यवस्थाअन्तर्गत यस्तो मानिसले भौतिक आशिषहरू इनाम-स्वरूप पाउँथ्यो।

**भजन १२८ः२ः** *क) दीर्घआयुः* उसको अकाल-मृत्यु हुँदैनथियो; तर आफ्नो परिश्रमको फल अर्थात् आफ्नो धनसम्पत्ति उपभोग गर्न ऊ जीवित रहन्थ्यो।

*ख) सुखशान्तिः* ऊ फूट र झगड़ाबाट मुक्त रहन्थ्यो, र ऊमाथि परमेश्‍वरको चेहरा चम्केको हुनाले ऊ सन्तुष्ट र आनन्दित रहिरहन्थ्यो।

*ग) समृद्धिः* सबै कुरामा उसको भलाइ हुन्थ्यो। सबै प्रकारको विपत्ति, फसल नष्ट गर्ने रोग, खड़ेरी, महामारी र हारबाट ऊ सुरक्षित रहिरहन्थ्यो।

**भजन १२८ः३ः** *घ) प्रजनन-शक्तिः* फलवन्त दाखको बोटले जस्तै उसकी पत्नीले उसको निम्ति धेरै छोराछोरीहरू जन्माउँथी। उसको टेबलको वरिपरि यो झुप्पा नानीहरू जैतुनका कलिला बिरुवाहरूझैं झुम्मिए। उनीहरू सबका सब फूर्तिला, बलिया र सजीव हुन्थे।

**भजन १२८ः४ः** तर अनुग्रहको युगमा ख्रीष्ट-विश्‍वासीहरूसित कुरा अर्कै छः तिनीहरू अघिबाट स्वर्गीय स्थानहरूमा ख्रीष्टमा आशिषित भइसकेका छन् (एफेसी १ः३)। तर श्री जर्च विलियम्सले भनेझैं 'विश्‍वासको शक्तिले के गर्छ भने, त्यसले यस भजनमा पेश गरिएका भौतिक आशिषहरू एउटा आत्मिक रूप दिन सक्छ र यी आत्मिक आशिषहरू वास्तविक र वर्तमान तुल्याउँछ।' किनकि यस पृथ्वीमा एउटा लामो आयु पाउनुभन्दा त प्रभु येशूले हामीलाई ऊर्जावान् गर्नुभएको जीवन उत्तम हो। अनि कुनचाहिँ सुख पापबाट मुक्त भएको आत्माको सुख-जतिकै हुन्छ र? यस परम आनन्दसित कुनै आनन्द तुलनामा आउन सक्दैन। अनि आत्मिक समृद्धिचाहिँ सर्वोत्तम समृद्धि हो। अनि आफ्नो शरीरबाट जन्मेका छोराछोरी-हरूमा भन्दा आत्मिक सन्तानहरू पैदा गरेकोमा ठूलो आनन्द छ।

**भजन १२८ः५-६ः** यस भजनका अन्तिम दुईवटा पदहरू हामी प्रतिज्ञाको रूपमा, नभई

प्रार्थनाको रूपमा लिन सक्छौं। हामी यी पदहरू एउटा प्रार्थना सम्झन्छौं, जसमा शुभेच्छकहरूले के माग्छन् भने, परमप्रभुले आफ्ना भक्त जनहरूलाई कि त आफ्नो वासस्थानबाट, कि त आफ्नो सिंहासनबाट आशिष दिएका होऊन्, जुन वासस्थान सियोनमा भएको पवित्रस्थान थियो र उहाँको सिंहासन यरूशलेममा थियो। भक्तजनहरूले आफ्नो सारा जीवनभरि यरूशलेमको उन्नति र समृद्धि देख्न पाऊन्! उनीहरूले लामो आयु पाएर भावी पुस्ताका सन्तानहरूलाई देख्न र त्यसबाट आनन्द लिन पाऊन्! अनि इस्राएली जातिमाथि शान्ति आओस् र शान्ति रहिरहोस्!

यस भजनले इस्राएलका राजा फर्केर आउनुहुने क्षण र उहाँले धार्मिकताको साथ राज्य गर्नुहुने सुखद भविष्यको बाटो हेर्दैछ, जब यहूदीहरूको व्यक्तिगत र जातिगत भविष्य उज्यालो र पूरा आशिषित हुनेछ। तब तिनीहरू आनन्दित किन नहुने र?

## भजन १२९ : यहूदी-विरोधीहरूको निम्ति प्रतिफल यही हो !

यस शोभा-यात्राको गीतमा विगत समयमा इस्राएली जातिले आफ्ना धेरै शत्रुहरूको हातबाट विभिन्न दुर्व्यवहार सहनुपरेको वर्णन गरिएको छ; त्यसपछि ती क्रूर आक्रमाक-हरूको भविष्य उज्यालो नहोस् भन्ने कामना व्यक्त गरिएको छ।

**भजन १२९:१-२:** इस्राएल राष्ट्रको रूपमा जन्मेको शुरुका दिनहरूदेखि नै धेरै कष्टमा परेको थियो। मिस्र देशमा तिनी-हरूको अत्याचारको कुरा गरौंः इस्राएली जातिको बचपनमा यसले त्यहाँ सहनुपरेको दासत्व र कष्टचाहिँ बिर्सन नसकिने इतिहास बनेको थियो। तर शत्रु कहिल्यै यहूदी-हरूको नामनिशान मेटाउन सफल भएन। परमेश्वरका जनहरू फेरि र फेरि, सधैं कैदबाट मुक्त भए। तिनीहरूको बाँचिरहने उत्तरजीवितता नै मानव इतिहासको ठूलोभन्दा ठूलो आश्चर्यकर्म मान्नुपर्छ।

**भजन १२९:३:** तिनीहरूले खपेका दुःखकष्टहरू गहन थिए र लामो समयसम्म रहन्थे। तिनीहरूलाई काममा जोत्ने अन्यजाति नाइकेहरूले किसानले हलो जोतेझैं तिनीहरूलाई जोत्थे। तिनीहरूका पिठ्यूँमा कोर्राका लामा-लामा सुम्लाहरू बस्थे, जुनचाहिँ जोतेका सियाहरूजस्तै देखिन्थे।

**भजन १२९:४:** तर धर्मी परमप्रभु धर्मी हुनुहुन्छ। ठीक समयमा बीचमा आएर उहाँले अन्तिम क्षणमा आफ्ना जनहरूको पक्षमा काम गरीकन ती डोरीहरू काटिदिनुभयो र ती साङ्लाहरू चुँड़ाइदिनुभयो, जुन डोरीहरू र जुन साङ्लाहरूसित ती निर्दयी आक्रमण-कारीहरूले तिनीहरूलाई बाँधेर कैदीको रूपमा राखेका थिए।

**भजन १२९:५-७:** यहूदी-विरोधीहरू सधैं शर्ममा परून्, र सदैव हार खाऊन्। यिनीहरूले कहिल्यै, अँ, कहिल्यै आशिषको कटनी गर्न नपाऊन्। तर यिनीहरू मध्यपूर्वका घरहरूका कौसीहरूमाथि उम्रने घाँसका एक-दुई झुप्पाजस्तै होऊन्। ती घाँसका झुप्पाहरूको निम्ति माटो नभएकोले ती जरा गाड्न पाउँदैनन्, र चर्को घाममा छिटो सुक्छन्। वास्तवमा त्यो घाँस बढ्न पाउनुभन्दा अघि ओइलिहाल्छ; यसैले त्यो घाँस काट्नेको निम्ति एक मुट्ठीभरि पनि हुँदैन, झन् बिटा बाँध्नेको अँगालो भरिने कुरा परै जाओस्।

**भजन १२९:८:** छानामाथि उम्रने घाँसले कहिल्यै कटनीको रमाइलो दृश्य सृजना गर्न सक्दैनथियो। कटनीको रमाइलो दृश्य देख्ने दर्शकहरूले ती फसल काट्ने खेतालाहरूलाई

*'परमप्रभुको आशिष तिमीहरूमाथि रहोस्'* भनेर शुभकामना टक्राउँथे भने, ती फसल काट्नेहरूले उत्तरमा *'हामी तिमीहरूलाई परमप्रभुको नाममा आशिष दिन्छौं'* भन्ने गर्थे (रूथ २:४)। ठीक त्यस्तै, सयौं वर्षदेखि इस्राएली जातिलाई निर्दयताको साथ जोत्दै-जोत्दै आएका तिनीहरूका शत्रुहरूलाई त्यस अत्याचारबाट कुनै शुभ-लाभ कहिल्यै नभएको होस्! तर बरु यिनीहरूले जे छरे, त्यसको कटनी गरेका होऊन्!

## भजन १३०: गहिराइबाट उठेको पुकार

आउनुहोस्, हामी एकजना भाइको कुरा सुनौं, जसले यसो भनेका छन्: 'सर्वोत्तम प्रार्थनाचाहिँ आपद्कालीन परिस्थितिमा जन्मिन्छ, जब हामीलाई आफ्नो खाँचो-गाह्रो थाहा लाग्छ।' जीवनको सुख-सुविधा र सुसम्पन्नताका दिनहरूमा पहिले अर्थपूर्ण प्रार्थनाको मरण हुन्छ। तर जब जीवनका आँधी-बेह्रीहरूले हामीलाई यता र उता हुत्त्याउन थाल्छन्, तब हामी बड़ो बोझको साथ अनुग्रहको सिंहासनको सामु हाम्रो आग्रह पेश गर्छौं।

**भजन १३०:१-२:** आहा, मानिसले कति भारी सङ्कष्ट र दुःखहरू सहन सक्दो रहेछ! यसबाट म धेरै चोटि आश्‍चर्यचकित भएको छु। अनि यस भजनमा भजनकार स्वयम् जीवनको अन्धकारमय खाड़लभित्र बसेका रहेछन्। मास्तिर आफ्ना आँखाहरू उठाउनु सिवाय तिनको निम्ति अरू कुनै उपाय थिएन। यसकारण यस गहिराइबाट तिनको कहालीलाग्दो पुकार निस्केर माथि स्वर्गको सिंहासनमा पुग्छ।

तिनको जरुर आग्रह के थियो भने, तिनको कमजोर, एकल सोर सुनियोस्! तिनको प्रार्थना परमप्रभुको कानमा पुगोस्। अनि तिनको आग्रहको सुनाइ भयो; यसमा शङ्का छैन। किनकि यस प्रकारको विन्तीको सुनाइ सधैं हुन्छ।

प्रार्थीको मनमा तिनको सङ्कष्ट कुनै पापसित सम्बन्धित थियो। त्यो हुन पनि सक्थ्यो अथवा नहुन पनि सक्थ्यो। जेजस्तो भए पनि हर बेलाबखतमा स्वीकार नगरिएको पाप मानिलिनु बुद्धिमान् कुरा हो; किनकि हुन सक्छ, त्यसले हाम्रा विपत्तिहरू निम्त्याएको छ।

**भजन १३०:३-४:** परमप्रभुले अधर्म-हरूको लेखा लिनुभयो भने, अर्थात् उहाँले हाम्रो एक-एक पापको हिसाब लिएर तत्कालै हामीलाई यसको निम्ति तिर्न लाउनुभएको भए हाम्रो अवस्था साह्रै नाजुक हुनेथियो। तर परमेश्‍वरलाई मुरी-मुरी धन्यवाद होस्, ख्रीष्ट येशूमा हाम्रा पापहरूको क्षमा हुने उपाय छँदैछ। उहाँमा पापको दोष लागेको पापी मानिसको पाप क्षमा हुन्छ र पवित्र जनको पाप क्षमा हुन्छ।

पापको क्षमा दुई किसिमको हुन्छ। एक, न्यायको हिसाबले माफ पाइन्छ; परमेश्‍वर न्यायकर्ता हुनुहुन्छ, जसले हामीलाई सबै पापहरू माफ दिनुहुन्छ। यस प्रकारको माफ प्रभु येशू ख्रीष्टमाथि विश्‍वास गर्नाले प्राप्त गरिन्छ। अनि यस माफमा विगत समयका, वर्तमान समयका र भविष्यका सबै पापहरूको हरहिसाब छिनाफाना हुन्छ। ख्रीष्ट येशूले क्रूसमा पूरा गर्नुभएको त्राणको कामको खातिर यस प्रकारको क्षमा सम्भव भयो। उहाँको प्रायश्‍चित्तरूपी मृत्युद्वारा उहाँले हाम्रा सबै पापहरूको निम्ति सजाय भोग्नुभयो र सम्पूर्ण दण्ड तिरिदिनुभयो; अनि यही कारणले परमेश्‍वरले हामीलाई सित्तैंमा हाम्रा पापहरू क्षमा गर्न सक्नुहुन्छ; किनकि उहाँका सबै न्यायसँगत मागहरू हाम्रो स्थान लिनुभएको ख्रीष्ट येशूले पूरा गरिदिनुभयो।

दोस्रो किसिमको पापको क्षमाचाहिँ पारिवारिक माफ भनिन्छ। यस सिलसिलामा परमेश्‍वर हाम्रा पिता हुनुहुन्छ, जसले आफ्ना छोराछोरीहरूलाई तिनीहरूका पापको क्षमा दिनुहुन्छ। यस किसिमको क्षमा हामीले उहाँलाई आफ्ना पापहरू स्वीकार गरेर पाउँछौं, र तब परमेश्‍वरसित, साथै उहाँको घरानाका-हरूसित हाम्रो सङ्गति फेरि स्थापित हुन्छ। त्यो पापको क्षमा पनि क्रूसमाथि बहाइएको प्रभु येशूको अमूल्य रगतद्वारा हाम्रो निम्ति किनिएको हो।

जसले परमेश्‍वरबाट पापको क्षमा पाएको छ, उसले उहाँको डर मान्नुपर्छ। किनकि विचार गर्नुहोस्ः हाम्रा पापहरू क्षमा गर्न उहाँले तिर्नुपरेको दाम कति धेरै थियो! अनि जुन पापको क्षमा उहाँले हामीलाई दिनुभएको छ, त्यो पापको क्षमा सम्पूर्ण छ, सित्तैंमा दिइएको छ र अनन्तसम्म लागू हुन्छ। यसको निम्ति उहाँले हामीबाट आदर र भक्ति, विश्‍वास र भरोसा, प्रेम र आराधना सदा-सर्वदा पाउनुपर्छ।

**भजन १३०ः५-६ः** भजनकारले खास गरी ‘हे प्रभु, मेरो पाप क्षमा गर्नुहोस्’ भनेर मागेका छैनन्; तर तीन र चार पदबाट निस्सन्देह हामीले यसको सङ्केत पाएका छौं। तर जब पाँच पदमा आएर तिनले ‘म परमप्रभुको बाटो हेर्छु’ भनेर भन्छन्, तब पक्का पनि तिनले पापको क्षमा पाउने हेतुले यसो गर्दैनन्। किनकि तिनको पापको क्षमाचाहिँ तिनले पाप स्वीकार गर्नेबित्तिकै तिनको निम्ति सुनिश्‍चित भयो। तर तिनले यस गहिरो खाड़लबाट पो छुटकारा पाउन परमप्रभुको बाटो हेरेका हुन्। कहिलेकाहीं परमेश्‍वरले हाम्रो प्रार्थनाको उत्तर झट्टै दिइहाल्नुहुन्छ; अनि कहिलेकाहीं उहाँले हामीलाई धीरज धार्न सिकाउनुहुन्छ।

परमेश्‍वर प्रार्थनाको उत्तर दिनुहुन्छ;
कहिलेकाहीं तिनीहरूको हृदय कमजोर भएको बेलामा उहाँले आफ्ना छोराछोरीहरूलाई तिनीहरूले खोजेका कुराहरू दिनुहुन्छ; तर प्रायः हामीले विश्‍वासको एउटा पाठ सिक्नुपर्छ, गहिरो आड़भरोसाको।
अनि उहाँ बोल्नुहुन्न भने उहाँको मौनता हुँदा पनि हामीले भरोसा गर्न सक्नुपर्छ; किनकि उहाँ जसको नाम प्रेम हो, उहाँ केवल सर्वोत्तम कुरा दिनुहुन्छ;
ताराहरू जलेर जालान्, अनि पहाड़हरू पनि नरहलान्। तर परमेश्‍वर सत्य रहनुहुन्छ; अनि उहाँका प्रतिज्ञाहरू अटल रहन्छन्, तिनीहरूको निम्ति, जसले उहाँको खोजी गर्छन्।

अज्ञात लेखकको रचना

तिनले परमप्रभुको बाटो हेर्न र उहाँको वचनमा आशा राख्न सिकेका छन् अर्थात् तिनको पुकार सुन्ने र यसको उत्तर दिने सम्बन्धमा परमेश्‍वरले गर्नुभएको प्रतिज्ञामा तिनले आशा राख्न सिकेका छन्। पालेले मिरमिरे उज्यालोको प्रतीक्षा गरेको भन्दा बढ़ी तिनले आफ्नो अन्धकारमा परमप्रभुले ज्योति ल्याइदिऊन् भन्ने चाहना गरेका छन्।

तर पाँच र छ पदको अर्थ अझ विस्तृत छ; हामीले यो देख्न भुल्नुहुँदैन। यी पदहरूले वर्तमान समयमा जिउने ख्रीष्ट-विश्‍वासी भाइबहिनीको उत्कट चाहना व्यक्त गरेका छन्, जुन भाइबहिनीचाहिँ ख्रीष्टको दोस्रो आगमनको बाटो हेर्दैछ, जो आफ्नो मण्डलीलाई स्वर्गमा लैजान आउनुहुनेछ। त्यो धन्यको आशाचाहिँ निराशा हुनेछैन नै।

**भजन १३०ः७-८ः** यस भजनको अन्तमा दुईवटा पदहरू छन्, जुन पदहरू हामीले भजनकारको गवाहीको रूपमा लिन सक्छौं, जसले प्रार्थनाको उत्तरमा छुटकारा पाए। तिनले परमेश्‍वरको विश्‍वासयोग्यता अनुभव गरे; यसकारण अरू मानिसहरू पनि तिनको अनुभवमा सहभागी होऊन् भन्ने इच्छा राखेका छन्। अनि कुरा सधैं यस्तै हुन्छः जुन मानिसले कुनै कुरामाथि साँच्चै विश्‍वास गर्छ,

यस मानिसले त्यो कुरा अरूसित बाँड़चुँड़ गर्न खूब चाहन्छ।

इस्राएली जातिले परमप्रभुमा आशा राखेको होस्! तिनीहरूको निम्ति प्रोत्साहन यही हो। अनि यसो गर्नको निम्ति तीनवटा कारणहरू पेश गरिएका छन्, जस्तैः पहिलो कारणः उहाँको कृपा कहिल्यै अदलबदल हुँदैन। दोस्रो कारणः उहाँको छुटकाराको प्रबन्ध प्रशस्त छ। अनि अन्तमा, इस्राएली जातिलाई यसका सबै अधर्महरूबाट छुटकारा दिन उहाँ तत्पर र इच्छुक हुनुहुन्छ।

उराठलाग्दो निराशाको गहिराइबाट यो भजन शुरु भएको थियो भने, यसको अन्तमा परमेश्‍वरमाथि भरोसा राख्ने उत्साहपूर्ण आह्वान दिइएको छ; किनकि उहाँको निम्ति कुनै समस्या अपार हुँदैन, र कुनै अप्ठ्यारो परिस्थिति समाधान गर्न नसक्ने गाँठो हुँदैन।

## भजन १३१ः समझमा हुने नम्रता

हाम्रो जीवनमा कतिपय समस्याहरू आउँछन्, जसको निम्ति हामी कुनै स्पष्टी-करण दिन सक्दैनौं। हाम्रो जीवनको सम्बन्धमा रहस्यहरू छन्, जुन रहस्यहरू अगम्य हुन्छन्। यस जीवनमा जति उम्दा बुद्धिजीवीहरूलाई पनि अन्योलमा पार्ने अनौठा परिस्थितिहरू आइपर्छन्।

यसको निम्ति हामी यहाँ केही उदाहरण दिन्छौंः कसले मानिसको दुःखकष्टको विषयमा अन्तिम, समापनीय राय दिन सक्ला? कसले चाहिँ जवाफ नपाएका प्रार्थनाहरूको सम्बन्धमा उठेका प्रश्‍नहरूको सबै उत्तर दिन सक्ला? अनि कसले चाहिँ चुनाउमा परमेश्‍वरको सर्वाधिकार र मानिसको स्वतन्त्र इच्छाको बीचमा मेल ल्याउन सक्ला?

**भजन १३१ः१ः** दाऊदले सबै उत्तरहरू जान्दछु भन्ने दाबी गरेनन्। उनको हृदय अहङ्कारी थिएन, 'म सब जान्दछु' भनेर धाक पिट्ने मान्छेको जस्तो थिएन। यस्तो मपाईं गर्ने मान्छे कसले सहन सक्छ र? अनि उनका आँखाहरू 'मजस्तो बुद्धिमान् व्यक्ति कोही छैन' भन्ने स्वाभिमान गर्ने आफूकेन्द्रित बुद्धिजीवीका जस्तो चढ़ेका थिएनन्। उनले आफ्नो सीमित ज्ञान मानिलिन्थे, र 'खोइ, मलाई थाहा छैन' भन्न लजाउँदैनथिए। उनी जान्न सकिने कुरामा सन्तुष्ट रहे, र उनले रहस्यका कुराहरू परमेश्‍वरको जिम्मामा छोड़िदिए। जुन कुराहरू उनको निम्ति अति नै ठूला र उच्च थिए, ती कुराहरूको निम्ति उनले आफ्नो टाउको किन दुखाइबस्ने? होइन, जुन-जुन कुराहरू उनले बुझ्न सकेनन्, ती कुराहरू परमेश्‍वर बुझ्नुहुन्छ भनेर यसको निम्ति उनले उहाँलाई श्रेय दिए।

**भजन १३१ः२ः** परमेश्‍वरको बुद्धि, उहाँको प्रेम र शक्तिमाथि भरोसा राख्ने भावनाले उनको मनमा शान्ति र विश्राम ल्यायो। उनी आमाको छातीमा शान्त रहेर बसेको, आमाको दूध छुड़ाइएको बालकजस्तै थिए। हुन सक्छ, शुरुमा त्यो बालक रुन्थ्यो, चञ्चल र अधीर हुन्थ्यो होला। तर तब दूध चुसाउने बेला आयो, अनि त्यो बालक एकाएक चुप भइहाल्यो र आमाको काखमा आरामसँग बस्यो। ठीक त्यस्तै हामी पनि आफैलाई निराशाको झन्झटमा फसाउँछौं, जब हामी आफ्नो क्षमताले भियाउन नसकिने अति उच्चस्तरीय कुराहरू बुझ्ने व्यर्थको प्रयास गर्छौं। तर जब हामी उत्तरै नमिल्ने प्रश्‍नहरू परमेश्‍वरको जिम्मामा छोड़िदिन्छौं, तब हाम्रो मन तनाउदेखि मुक्त भइहाल्छ।

**भजन १३१ः३ः** भजनकारले सबै इस्राएलीहरूलाई यही किसिमको मनसायले परमप्रभुमाथि आड़भरोसा राख्ने सल्लाह दिन्छन्। श्री ए. डब्ल्यू. टोजरले यस्तो गरे; किनकि तिनले यसरी लेखेका छन्ः 'यो कुरा हामीले कहिल्यै भुल्नुहुँदैन, कि सर्वोच्च

रहस्यको सामु आश्चर्यचकित हुनु, मग्न भई चुपचापसित उभिनु र सुस्तरी "हे परमप्रभु परमेश्वर, तपाईं नै जान्नुहुन्छ" भन्नु हाम्रो सौभाग्य हो।'

## भजन १३२ः प्रार्थना र प्रतिज्ञा

यस भजनको लेखक को थिए, र यो भजन कुन उपलक्ष्यमा लेखियो, यसको विषयमा निक्कै मतभेद छ। यसको बारेमा एउटा सम्भव धारणा यस प्रकारको छः यो भजन सुलेमानको रचना हो, जसले यरूशलेममा भर्खर निर्माण गरिसकिएको नयाँ मन्दिरमा वाचाको सन्दुक ल्याएर यो यसको निर्धारित ठाउँमा राखे। यसो हो भने, पहिला दसवटा पदहरूमा राजा सुलेमानले चढ़ाएको प्रार्थना छः 'परमप्रभु सेकाइनामा अर्थात् महिमाको बादलमा भई ओर्लेर आऊन् र वाचाको सन्दुकमाथि वास गरून्।' अनि एघार र बाह्र पदमा परमेश्वरले दाऊदसित बाँध्नुभएको वाचा सुदृढ़ गरिएको छ। अनि यस भजनका अन्तिम छवटा पदहरूमा सुलेमानका विन्तीहरूको सम्बन्धमा परमेश्वरले गर्नुभएका विशेष प्रतिज्ञाहरू पेश गरिएका छन्।

**भजन १३२ः१-५ः** शुरुको विन्तीको विषय के थियो भने, जुन कष्टहरू दाऊदले भोगे, ती सबै कष्टहरू परमप्रभुले तिनको निम्ति सम्झना गरिदिऊन्। यसको सन्दर्भ ती सामान्य कठिनाइहरू थिएनन्, जुन कठिनाइहरू तिनले जीवनभरि कदम-कदममा भोग्नुपरेको थियो; तर यसको प्रसङ्ग ती मानसिक पीड़ाहरू र ती शारीरिक बोझहरू थिए, जुन पीड़ा र बोझहरू तिनले यस पृथ्वीमाथि परमेश्वरको वासस्थानको रूपमा एउटा मन्दिर खड़ा गर्ने सिलसिलामा अनुभव गर्नुपरेको थियो। अनि यो कुरा आउँदा तीनवटा पदहरूमा स्पष्ट पारिएको छ। पवित्र धर्मशास्त्र बाइबलमा दाऊदको यस भाकलको विषयमा अरू कहीं केही जानकारी छैन; तर कुनै एक समयमा दाऊदले यसो भनेर परमप्रभुसित एउटा गम्भीर अनुबन्धन गरेः 'जबसम्म म परमप्रभुको निम्ति एउटा ठाउँ, याकूबका शक्तिशाली परमेश्वरको निम्ति एउटा वासस्थान पाउँदिनँ, तबसम्म म आफ्नो घरभित्र पस्नेछैनँ, आफ्नो पलङ्मा ढल्कनेछैनँ, न ता सुत्ने नै छु।' यो भाकल हामीले साह्रै अक्षरशः लिनुहुँदैन। यो दाऊदको साङ्केतिक र आलङ्कारिक शैली थियो। तिनले परमेश्वरको वाचाको सन्दुक राख्ने एउटा स्थायी जग्गा स्थापित नगरेसम्म सन्तोष मानेर आराम गर्नेथिएनन् भन्ने कुरा तिनले भन्न खोजेका हुन्। तर हामीलाई थाहा छ, कि दाऊदले मन्दिर निर्माण गर्न पाएनन्, किनकि तिनी लड़ाइँ गर्ने योद्धा थिए। तर पनि तिनले सुलेमानको निम्ति आवश्यक सामग्री-हरू जुटाइदिन महत्त्वपूर्ण अनुदान गर्न सके; अनि परमेश्वरले तिनलाई तिनको यस चाहनाको निम्ति इनाम दिनुभयो।

**भजन १३२ः६ः** यस पदले वाचाको सन्दुक भएको ठाउँको आलो सम्झना दिलाउँछ, जुन सन्दुक खास गरी किर्यतमा रहेको थियो; त्यस ठाउँबाट दाऊदका मानिसहरूले यो सन्दुक यरूशलेममा ल्याउने दृढ़ सङ्कल्प गरेका थिए। तर छ पदको समस्या के हो भने, यसले यस सन्दुकको सम्बन्ध एफ्राता अर्थात् बेतलेहेमसित जोड़ेको जस्तै देखिन्छ; तर बाइबलमा वाचाको सन्दुक बेतलेहेममा रहेको कुनै जानकारी वा सङ्केत छैन। यसकारण उक्त समस्या समाधान गर्न निम्न प्रयासहरू गरिएका छन्, जस्तैः

क) राजा दाऊद र तिनका मानिसहरू बेतलेहेममा हुँदाखेरि तिनीहरूले सन्दुक रहेको ठाउँको ठेगानाको विषयमा पहिले सुनेका थिए, तर तिनीहरूले अन्तमा यार अर्थात् किर्यत-यारिममा यो फेला पारे।

ख) 'एफ्राता' एप्रैम हुन सक्छ, र शीलोमा भएको सन्दुकको वासस्थान सङ्केत गरेको हुन सक्छ ।

ग) 'एफ्राता'को सन्दर्भ बेतलेहेम होइन, तर कालेब-एफ्राता हुन सक्छ (१ इतिहास २ः२४) । यस धारणाअनुसार कालेब-एफ्राता र किर्यत-यारिमको यार एउटै ठाउँ हो, जसको अर्थ 'वनको शहर' हो । यसो हो भने, छ पदका दुईवटा वाक्यहरूमा समानता छ र दुवैको अर्थ एउटै हो ।

अ) 'हेर, यसको विषयमा हामीले एफ्राातामा सुन्यौं;

आ) हामीले यो वनका खुला जमिनहरूमा भेट्टायौं ।'

**भजन १३२ः७ः** जब शोभा-यात्रा पवित्र सन्दुकसित यरूशलेमतर्फ अघि बढ्दैथियो, तब मानिसहरू यसो भन्दै हर्ष मनाइरहेका थिएः 'हामी परमेश्वरको पाउदानमा दण्डवत् गर्न उहाँको वासस्थानमा जाँदैछौं ।' उक्त वाचाको सन्दुकचाहिँ परमेश्वरको पाउदान मानिन्थ्यो; किनकि उहाँको उपस्थिति यस सन्दुकमाथि रहेको महिमाको बादलमा हुने गर्थ्यो ।

**भजन १३२ः८-१०ः** अबचाहिँ सुलेमानले मन्दिरको समर्पणमा चढ़ाएको प्रार्थना आउँछ (भजन १३२ः८-१० पदहरू २ इतिहास ६ः४१-४२ पदहरूसँग तुलाना गर्नुहोस्) । उनले परमेश्वरलाई 'आउनुहोस्, पवित्र-स्थानमा वास गर्नुहोस् !' भनेर विन्ती गरे; किनकि तब यस वाचाको सन्दुकमा भएको साङ्केतिक अर्थ वास्तविक हुन जानेथियो । उनका अन्य विन्तीहरू यस प्रकारका थिएः भक्त पूजाहारीहरूको वंश नटुटोस्, हर्षले चिच्च्याउने प्रजा भइरहोस् र राजामाथि अटुट निगाह रहिरहोस् । 'तपाईंका अभिषिक्त जन' भन्ने सन्दर्भ कि त राजा सुलेमान स्वयम् थिए, कि त भावी मसीह राजा हुन सक्छन् ।

**भजन १३२ः११-१३ः** परमप्रभुले सुलेमानलाई प्रार्थनाको उत्तर दिनुभयो । पहिले उहाँले छोटकरीमा दाऊदसित बाँध्नुभएको वाचा व्यक्त गर्नुभयो । दाऊदको निम्ति त्यो वाचा विनाशर्तको थियो । परमेश्वरको प्रतिज्ञाअनुसार उनलाई सदा-सर्वदा रहिरहने एउटा सिंहासन र त्यसमाथि सधैंभरि बस्ने एउटा वंश पनि दिइएको थियो । तर दाऊदको वंशको लागि चाहिँ त्यस प्रतिज्ञामा शर्त राखिएको थियो; त्यो उनी-हरूको आज्ञापालनमाथि निर्भर गर्नेथियो । यसकारण प्रभु येशू दाऊदको वंशको हुनुभए ता पनि उहाँ शारीरिक तौरले सुलेमानको सन्तान हुनुहुन्नथियो, तर दाऊदका अर्का छोरा नातानको सन्तान हुनुहुन्थ्यो (लूका ३ः३१) ।

**भजन १३२ः१४-१८ः** सुलेमानको प्रार्थनाका विषयहरू विशेष थिए; यसकारण उनको प्रार्थनाका उत्तरहरू पनि विशेष थिए ।

यो कुरा निम्न तुलनाबाट देखिन्छ, जस्तैः

| **प्रार्थनाः** | **प्रार्थनाको उत्तरः** |
| --- | --- |
| **१)** भजन १३२ः ८ः 'हे परमप्रभु, उठ्नुहोस्, आफ्नो विश्रामस्थानभित्र आउनुहोस् – तपाई र तपाईंको सामर्थ्यको सन्दुक !' | **१)** भजन १३२ः१४ः 'यो सधैंको निम्ति मेरो विश्रामस्थान हो; यहाँ म बस्नेछु; किनकि मैले यसको चाहना गरेको छु ।' |
| **२)** भजन १३२ः९[क]ः 'तपाईंका पूजाहारी-हरूले धार्मिकताका वस्त्र पहिरेका होऊन् ।' | **२)** भजन १३२ः१६[क]ः 'अनि यसका पूजाहारीहरूलाई म उद्धारको वस्त्र पहिराउनेछु ।' |

| **प्रार्थनाः** | **प्रार्थनाको उत्तरः** |
|---|---|
| ३) भजन १३२:९ख: 'अनि तपाईंका पवित्र जनहरू हर्षले चिच्च्याऊन् ।' | ३) भजन १३२:१६ख: 'अनि यसका पवित्र जनहरू हर्षको उच्च सोरले चिच्च्याउनेछन् ।' |
| ४) भजन १३२:१०: 'आफ्नो दास दाऊदको खातिर आफ्नो अभिषिक्त जनको मुख नफर्काइदिनुहोस् !' | ४) भजन १३२:१७-१८: 'यहाँ नै म दाऊदको सिंहासनको सिङको टुसा उमार्नेछु । मैले आफ्नो अभिषिक्त जनको निम्ति एउटा बत्ती नियुक्त गरेको छु । ...; तर उनीमाथि उनको मुकुट चम्कनेछ ।' |

परमप्रभुले राजा सुलेमानलाई उत्तर दिनुभयो र उनले गरेका सबै विन्तीहरू र तीभन्दा बढ़ी, अँ, प्रशस्त आशिषहरू दिनुभयो । किनकि प्रशस्त खानेकुराको प्रबन्ध गर्छु र गरिबहरूलाई भोजनले तृप्त पार्नेछु भन्ने थप प्रतिज्ञा छ (पद १५) । अनि पूजाहारीहरूलाई धार्मिकताको वस्त्र मात्र होइन, तर उद्धारको वस्त्र पहिराइदिनेछु भन्ने प्रतिज्ञा छ । अनि पवित्र जनहरू हर्षले उच्च सोरमा चिच्च्याउनेछन् भन्ने प्रतिज्ञा छ (पद १६ख) । अनि तिनीहरूका शत्रुहरूलाई म शर्मको वस्त्र पहिराउनेछु भन्ने प्रतिज्ञा छ (पद १८क) ।

अनि सत्र पदको अर्थ यस प्रकारको छः परमेश्वरले यरूशलेममा दाऊदबाट एकजना शक्तिशाली राजा निस्केर आउने गराउनुहुनेछ (लूका १:६९), र आफ्नो अभिषिक्त जन दाऊदको निम्ति एउटा बत्ती अर्थात् एकजना पुत्रलाई तयार गर्नुभएको छ (१ राजा १५:४) । दाऊदको चिरस्थायी राजवंशको विषयमा गरिएका प्रतिज्ञाहरू प्रभु येशू ख्रीष्टमा पूरा भए ।

शर्मको वस्त्र ख्रीष्टका शत्रुहरूको पहिरन हुनेछ,
तर उहाँको शिरमाथि महिमा र आदरको मुकुट हुनेछ ।

एक समयमा काँड़ाको मुकुट पहिराइएको
शिरमा अब महिमाको मुकुट लगाइएको छ ।
अनि सामर्थी विजेताको ललाट स्वर्गको
राजकीय मुकुटले सिँगारिएको छ ।

श्री थोमस केली

## भजन १३३: एकताको प्रशंसा

ठूला कुराहरू साना पोकाहरूमा आउँदा रहेछन् । किनकि यसो हेर्दा यो भजन छोटो छ, तर यो एउटा उत्तम साहित्यिक कृति र एउटा आत्मिक रत्न हो; यसको लमाइमा भएको घटी यसको उच्चस्तरीय गुणले पूर्ति गर्छ ।

भजनकारसित चारवटा मुख्य बुँदाहरू छन् । पहिलो बुँदाः दाजुभाइहरू एकतामा एकबद्ध भएर बस्नु असल र मनोहर कुरा हो । दोस्रो बुँदाः त्यसको मीठो सुगन्ध हुन्छ । तेस्रो बुँदाः त्यो शीतल हुन्छ । अन्तमा, चौथो बुँदाः यसमा भर पर्नुहोस्ः दाजुभाइहरूको बीचमा एकता भएमा परमेश्वरको आशिष सुनिश्चित छ ।

**भजन १३३:१:** दाजुभाइहरूको बीचको एकता भएको दृष्टि हेर्न लायक, र साँच्चै रमाइलो हुन्छ । तर यस प्रकारको एकतामा सबैजनाको राय सबै कुराहरूमा एउटै हुनु

आवश्यक छैन; तर आधारभूत र महत्त्व कुराहरूमा उनीहरू सहमत हुन्छन्। तर मुख्य नभएका गौण कुराहरूको सम्बन्धमा उनीहरूको बीचमा भिन्न दृष्टिकोण भएदेखि केही पर्बाह छैन, किनकि यसो गर्न उनीहरूलाई छुट दिइको छ। तर सबैमा प्रेमको आत्माचाहिँ हुनुपर्छ। एकसमानता नभएर एकता हुन सक्छ। हामी सबै भिन्नभिन्नै छौं, तर पनि यस कुराले हामीलाई सँगै मिलेर काम गर्नदेखि रोक्दैन। मानिसको शरीरका सबै अङ्गहरू भिन्नभिन्नै छन्, तर यी अङ्गहरूले शिरको आज्ञापालन गरेर काम गर्दा गजबको एकता हुन्छ। सर्वसम्मति विना पनि एकता हुन सक्छ। किनभने महत्त्वपूर्ण नभएका कुराहरूमा सबैजनाको एउटै मत हुनैपर्छ भन्ने परमेश्वरको उद्देश्य छँदैथिएन। मूलभूत कुराहरूमा हाम्रो बीचमा एकमत हुनुपर्छ, यो काफी हो। अरू सबै साना-तिना कुराहरूमा हामी सहमत-असहमत हुन सक्छौं, तर हामी झगड़ालु हुनुहुँदैनौं। किनकि वास्तवमा एकताका शत्रुहरूचाहिँ डाह, ईर्ष्या, अर्कोको निन्दाचर्चा, चुल्कीचाक्ली, अर्कोको भूल-दोष खोजेर खोट लगाउने छिद्रान्वेषण र प्रेमशून्यता हुन्।

**भजन १३३ः२ः** एकताचाहिँ त्यो सुगन्धित तेलजस्तै हो, जुनचाहिँ हारूनलाई प्रधान पूजाहारीको रूपमा अभिषेक गर्दा प्रयोग गरिएको थियो (प्रस्थान ३०ः२२-३०)। त्यो तेल तिनको शिरमाथि खन्याइएको थियो, त्यसपछि त्यो बग्दै तिनको दाह्रीमा झर्‍यो, र त्यहाँदेखि त्यो बग्दै तल तिनको पोशाकको किनारसम्म पुग्यो। अनि त्यसको आनन्द-दायक मगमग सुगन्ध पूजाहारीले मात्र उपभोग गरेनन्, तर तिनको छेउछाउमा भएका सबैले पनि उपभोग गर्न सके। त्यस पवित्र अभिषेकको तेलले पवित्र आत्माको सेवकाई सङ्केत गर्छ, जो परमेश्वरका जनहरूमाथि मीठो सुगन्धको रूपमा ओर्लनुहुन्छ, जब उनीहरू मिलीजुली एकसाथ बस्छन्, र जसले उनीहरू भएका ठाउँहरूको वरिपरि उनीहरूको गवाहीरूपी सुगन्ध फैलाउनुहुन्छ।

**भजन १३३ः३ः** अनि एकताले नयाँ ताजापन ल्याउँछ। *'यो त हर्मोनको शीतजस्तो हो, जो सियोनका पहाड़हरूमाथि खस्छ।'* भजनकारले हर्मोन पर्वत टाढ़ा-टाढ़ाका डाँड़ाकाँड़ाहरूलाई शीतल र स्फूर्ति दिने ओसको स्रोतको रूपमा मान्दछन्। अनि यहाँ पनि शीतचाहिँ पवित्र आत्माको प्रतीक हो, जसले एक भएका ती दाजुभाइहरूबाट ताजापन लिएर पृथ्वीका छेउछेउसम्म पुर्‍याउनुहुन्छ। परमेश्वरसित र एक-अर्कासित सङ्गतिमा संलग्न भएका ख्रीष्ट-विश्वासीहरूको प्रभाव टाढ़ा-टाढ़ासम्म पुग्छ। कसैले पनि त्यो नाप्न सक्दैन।

अनि अन्तिम बुँदा यही होः जहाँ दाजुभाइ-दिदीबहिनीहरू एकतामा एकसाथ बस्छन्, त्यहाँ परमप्रभुले आज्ञा गरेर आशिष पठाउनुहुन्छ। हामी पेन्टेकोस्टको दिन यसको उदाहरणको रूपमा लिन्छौं। प्रभु येशूका चेलाहरू एकै मनका भई र मेलमिलापमा रही प्रार्थनामा एकजुट भएर प्रतिज्ञा गरिनुभएको पवित्र आत्माको प्रतीक्षा गरिरहेका थिए। अकस्मात् परमेश्वरको आत्मा भरपूरीको साथ उनीहरू सबैजनामाथि ओर्लनुभयो, र उनीहरू सुसमाचारको सुगन्ध र ताजापन लिएर यरूशलेममा, यहूदियामा र सामरियामा निस्के र पृथ्वीका पल्ला छेउहरूसम्म पुगे।

परमेश्वरले आज्ञा गर्नुभएको आशिष कस्तो छ? वचनले के भन्दछ? यो त सदा-सर्वदा रहिरहने जीवन पो हो। यसको अर्थ दुई प्रकारले बुझ्न सकिन्छ। जब परमेश्वरका जनहरूको बीचमा एकता छ भने उनीहरूले जीवनको पूरा रस र पूरा स्वाद उपभोग गर्न पाउँछन्, भरपूर जीवन उपभोग गर्न पाउँछन्। त्यति मात्र होइन, तर उनीहरू आशिषका भाँड़ा र आशिषका माध्यम पनि बन्दछन्;

किनकि उनीहरूद्वारा त्यो जीवन बगेर अरू मानिसहरूकहाँ पुग्छ।

## भजन १३४ः आओ, परमप्रभुलाई धन्यको भन !

**भजन १३४ः१-२ः** यरूशलेमको मन्दिरमा नियमित रूपमा गर्दै गरेका दैनिक कार्यहरू पूरा गरेपछि मानिसहरू आ-आफ्ना घरतिर फर्के; तर पूजाहारीहरू र लेवीहरू थिए, जो रातभरि धूप बाल्दै, परमप्रभुलाई धन्यवाद चढ़ाउँदै र प्रशंसा गर्दै जागा रहन्थे (१ इतिहास ९ः३३ र २ इतिहास २९ः११ र ३१ः२)।

अनि हुन सक्छ, मानिसहरूले त्यहाँबाट बिदा लिएको बेलामा यी पूजाहारीहरूको निम्ति यस भजनका एक र दुई पदका शब्दहरू गाए होलान्। जेजस्तो भए पनि, यो सुस्पष्ट छ, कि यी दुईवटा पदहरूको सन्दर्भ परमप्रभुका सेवकहरू थिए, जसले राति मन्दिरमा उहाँको सेवा गरिरहन्थे। अनि ती मानिसहरूको सेवाचाहिँ परमप्रभुलाई धन्यको भन्नु र पवित्रस्थानतर्फ आफ्ना हातहरू उठाउनु थियो। हात उठाउनुचाहिँ उनीहरूको प्रार्थना गर्ने मुद्रा हुन्थ्यो।

**भजन १३४ः३ः** यस पदमा पूजाहारीहरूले मानिसहरूलाई जवाफ दिए; उनीहरूले तिनीहरूमाथि परमेश्वरको आशीर्वादको शुभकामना टक्र्याए। उक्त आशिषमा रहेका चारवटा कुराहरू हामी याद गरौं, जस्तैः

**क)** आशिषको दाताचाहिँ परमप्रभु हुनुहुन्छ; उहाँ उनीहरूसित करार कायम राख्नुहुने परमप्रभु परमेश्वर हुनुहुन्थ्यो।

**ख)** आशिषको दाताको महानता छ; उहाँले आकाश र पृथ्वी बनाउनुभयो।

**ग)** आशिष पाउने व्यक्ति केवल एकैजना वा एकै जाति थियो। 'परमप्रभुले ***तिमीलाई*** आशिष दिऊन्!' याद रहोस्ः मध्यम पुरुष एकवचनमा छ।

**घ)** आशिषको दाताको वासस्थान सियोन हो, जहाँ पवित्रस्थान रहेको थियो।

## भजन १३५ः परमप्रभुको स्तुतिप्रशंसा गर्ने कारणहरू के-के हुन्?

**भजन १३५ः१-२ः** एक र दुई पदले परमप्रभुको स्तुति गर्ने सार्वजनिक आह्वान गरेको छ। यो आह्वान पूजाहारीहरू र लेवीहरूलाई गरिएको छ; यो सुस्पष्ट छ। तर हुन सक्छ, यो आह्वान सारा इस्राएली जातिका सबै मानिसहरूलाई र परमप्रभुको डर मान्नेहरू सबैलाई पनि गरिएको होला (पद १९-२०)।

**भजन १३५ः३ः** उहाँको नामको स्तुति गर्ने कारणहरू धेरै छन्। यो तपाईंले ख्याल गर्नुहोला।

**क)** उहाँ भला हुनुहुन्छ। नरलोकमा वा परलोकमा कुनै प्राणीको जिब्रो नै छैन, जसले उहाँको महान्, अपार भलोपन पूरा बयान गर्न सक्छ। ठिक्कै छ, हामी उहाँको भलोपनको बेलीबिस्तार गर्न सक्दैनौं होला, तर 'प्रभु, तपाईं कति भलो हुनुहुन्छ' भनेर मानिलिन र उहाँलाई श्रद्धा चढ़ाउन सक्छौं।

**ख)** उहाँको नाम कति सुन्दर, अँ, कति मनोहर छ! येशूको नाममा तुच्छ पापी मानिसहरूलाई मुक्ति दिलाउने र उनीहरूलाई अनन्त महिमाको योग्य ठहऱ्याउने निगाह ओहो, कत्रो अद्भुत अनुग्रह छ!

**भजन १३५ः४ः ग)** परमप्रभुले इस्राएली जातिलाई आफ्नो निज सम्पत्तिको रूपमा चुन्नुभयो। हाम्रो चुनाउमा परमेश्वरको सर्व-अधिकारले हामीलाई सधैं आश्चर्यचकित तुल्याउँछ र 'उहाँले किन, अँ, किन मलाई चुन्नुभयो होला' भन्ने प्रश्न हाम्रो मनमा खेलिबस्छ। हामीलाई उहाँको उपासना गर्ने

अरू कुनै कारण चाहिँदैन; यो कुरा पर्याप्त छ।

**भजन १३५ः५ः घ)** परमप्रभु महान् हुनुहुन्छ। विचार गर्नुहोस्ः उहाँ हाम्रा सृष्टिकर्ता हुनुहुन्छ; उहाँ हाम्रा पालनहार हुनुहुन्छ; अनि उहाँ हाम्रा तारणहार पनि हुनुहुन्छ। तब 'प्रशंसा होइरहोस् ईश्वरको, कति महान्, कति महान् !' भनेर हामी हार्दिक आभार व्यक्त गर्दै स्तुति गाउँछौं।

**ङ)** हाम्रा प्रभु सबै देवीदेवताहरूभन्दा पनि महान् र सर्वोच्च हुनुहुन्छ। उहाँ सबै शासकहरूभन्दा, सबै राजाहरूभन्दा र सबै मूर्तिहरूभन्दा पनि उच्च हुनुहुन्छ। *'उहाँको पोशाक र उहाँको तिघ्रामा "राजाहरूका महाराजा र प्रभुहरूका परमप्रभु" भन्ने नाम लेखिएको छ'* (प्रकाश १९ः१६)।

**भजन १३५ः६ः च)** उहाँ सारा ब्रह्माण्डको सर्वाधिकारी हुनुहुन्छ; यसकारण आकाशमा, पृथ्वीमा, समुद्रमा, अँ, आफ्नो सृष्टिको जुनै ठाउँमा पनि उहाँले जेजस्तो गर्न चाहनुहुन्छ, त्यस्तै गर्नुहुन्छ। यस सिलसिलामा श्री आर्थर पिङ्कले यसो लेखेका छन्ः

> 'परमेश्वरको सर्वाधिकारको माग के हो भने, परमेश्वर केवल नामअनुसार परमेश्वर हुनुहुँदैन, र यथार्थमा परमेश्वर हुनुहुन्छ। सबै कुराहरू निर्देशन गर्दै र आफ्नो इच्छाको मनसायअनुसार काम गर्दै उहाँ विश्वको सिंहासनमाथि विराजमान हुनुहुन्छ।' 95)

**भजन १३५ः७ः** सारा प्रकृति उहाँको शक्तिशाली हातमा छ। के बादलहरू, के बिजुली, के बतास – यी प्राकृतिक शक्तिहरू उहाँको शक्तिशाली हातमा छन् र उहाँको निर्देशनअनुसार चल्छन्। यस विषयमा श्री स्टेफन चार्नोकले यसो भनेका छन्ः

> 'परमेश्वर अपरम्पार, अनन्त, अपरिमित र अबोधगम्य हुनुहुन्छ; अनि उहाँको शक्ति पनि उहाँजस्तैको त्यस्तै हुन्छ। यसकारण कुनचाहिँ सृष्टिको थोकले उहाँको शक्तिको विरोध गर्न, दमन गर्न वा सामना गर्न सक्छ र?'

**भजन १३५ः८-९ः छ)** उहाँले इस्राएली जातिलाई मिस्र देशबाट छुटकारा दिनुभयो। इस्राएली जातिको इतिहासमा सबैभन्दा ठूलो ईश्वरीय शक्तिको प्रदर्शनी के थियो भने, उहाँले विभिन्न विपत्तिहरूद्वारा फाराओलाई हार खुवाउनुभयो, जसको चरमसीमाचाहिँ मिस्रीहरूका जेठा-जेठाहरूको अकाल-मृत्यु थियो, अनि उहाँले लाल समुद्र दुई भाग पार्नुभयो।

**भजन १३५ः१०-११ः ज)** उहाँले इस्राएलका शत्रुहरूलाई जित्नुभयो। अनुग्रह-कारी परमेश्वरले आफ्ना जनहरूलाई सिहोन र ओगमाथि, साथै कनान देशमा बसोबास गरिरहेका अन्यजातिहरूमाथि विजय दिनु-भयो।

**भजन १३५ः१२-१३ः झ)** उहाँले इस्राएली जातिलाई कनान देश दिनुभयो। त्यो कनान देश मिस्र देशबाट उम्केर आएका इस्राएलीहरूलाई पैतृक सम्पत्तिको रूपमा दिइयो।

**भजन १३५ः१३ः ञ)** उहाँ अनन्त हुनुहुन्छ। उहाँको नाम सदा-सर्वदा रहिरहन्छ। उहाँको नाम जस्तै छ, उहाँ त्यस्तै हुनुहुन्छ; किनकि उहाँको नाम उहाँको प्रतीक हो।

**ट)** उहाँको कीर्ति अनन्त छ। अनन्त-अनन्तसम्म प्रेमको साथ उहाँको मीठो सम्झना गरिनेछ।

**भजन १३५ः१४ः ठ)** उहाँ धर्मी र दयालु हुनुहुन्छ। यसमा ढुक्क हुनुहोस्ः परमेश्वरले आफ्ना जनहरूको पक्षमा काम गर्नुहुनेछ र उनीहरूलाई निर्दोष ठहराउनुहुनेछ; उहाँले आफ्ना दासहरूप्रति दया देखाउनुहुनेछ। व्यवस्था ३२ः३६ पदमा मोशाले पहिले उहाँको न्याय र दयाको गुणानुवाद गरे, तर त्यो स्तुतिगान कहिल्यै समाप्त हुनेछैन।

**भजन १३५:१५-१८: ङ)** उहाँ मूर्तिहरूभन्दा श्रेष्ठ हुनुहुन्छ। यी झूटा देवीदेवताहरूको बेलीबिस्तार सुन्नुहोस्, तब यी देवीदेवताहरू कति व्यर्थका रहेछन्, सो स्पष्ट बुझिन्छ। ती मूर्तिहरू चाँदी र सुन हुन्; यसो हो भने, तिनीहरू नाशवान् छन्। ती मूर्तिहरू मानिसको रचना हुन्; यसकारण तिनीहरू मानिसभन्दा कम स्तरका हुनुपर्छ। तिनीहरू बोल्दैनन्, अन्धा र बहिरा हुन्छन्, अँ, निर्जीव वस्तु मात्र हुन्। अनि दुःखलाग्दो कुरा के हो भने, जसले मूर्तिहरू बनाउँछन्, र जसले मूर्तिहरू पुज्छन्, यिनीहरू आत्मिक हिसाबले ती मूर्तिहरूजस्तै अन्धा, बहिरा, गुँगा र मुर्दा हुन्।

**भजन १३५:१९-२०:** यहाँसम्म हामी परमेश्वरको महानताको विषयमा विचार गर्दै आएका हौं; अब उहाँलाई धन्यको भन्ने हाम्रो इच्छा जागेको छ। यसकारण उहाँलाई आदर दिनुहोस्, उहाँको प्रशंसा गर्नुहोस्, उहाँलाई दण्डवत् गर्नुहोस्, उहाँको आराधना गर्नुहोस् र उहाँलाई धन्यवाद चढ़ाउनुहोस्! किनकि सारा इस्राएलको घरानाले उहाँलाई धन्यको भन्नुपर्छ। हारूनको घरानामा उहाँको सेवा गर्ने सबै पूजाहारीहरूले उहाँलाई धन्यको भन्नुपर्छ। अनि परमप्रभुको डर मान्नेहरू सबैले उहाँलाई धन्यको भन्नुपर्छ। अर्को शब्दमा भन्नु हो भने सबै वर्गका मानिसहरूले उहाँको प्रशंसा गर्नुपर्छ। अनि जुन बेलामा मसीह राजा फर्केर सियोनमा आउनुहुनेछ, र उहाँले यरूशलेम-बाट राज्य गर्नुहुनेछ, त्यस बेलामा इस्राएली जातिले निम्न गीत गाउनेछः

**भजन १३५:२१:** *'यरूशलेममा वास गर्नुहुने परमप्रभु सियोनबाट धन्यका होऊन्। तिमीहरूले याहको स्तुति गर!'*

अनि हामीचाहिँ? हामीले पनि अहिले यसो भन्नुपर्छ, र यस्तै गर्नुपर्छ।

## भजन १३६: 'महान् स्तुतिगान' नामक उच्च प्रशंसाको जुवारी-गीत

यो अद्वितीय भजन एउटा जुवारी गीत हो, जसका छब्बीसवटा पदहरू छन्, जसको एक-एक पदको दोस्रो भागमा *'किनभने उहाँको करुणा सदा-सर्वदा रहिरहन्छ'* भन्दै गरेको एउटै जवाफ भाकामा हालिएको छ। यस सम्बन्धमा श्री थोमस गूडविनले के भनेका छन् भने, 'एकपल्ट "सदा-सर्वदा" भन्न पर्याप्त भएन; यसैले यस एउटा भजनमा छब्बीस पल्ट "सदा-सर्वदा" भन्ने शब्द हालिएको छ।'

यो भजन 'महान् स्तुतिगान'को नामले प्रसिद्ध छ; यो स्तुतिगान यहूदीहरूको 'पेसक' नामक निस्तार चाड़ र 'रोश हशनाह' नामक नव वर्षको उपलक्ष्यमा गाइन्थ्यो, साथै तिनीहरूको दैनिक आराधनाको अभिन्न अंश पनि हुन्थ्यो।

यो एउटै विषय घरिघरि दोहोरिएकोमा थकाइ लाग्दैन; किनकि यसले 'परमप्रभुको करुणा वा अटल प्रेम सदैव हाम्रा आँखाहरूको सामुन्ने रहनुपर्छ' भन्ने कुरा हामीलाई सिकाउँछ र यो विषय बयान गरेर कहिल्यै नसकिँदो रहेछ। उहाँको करुणा, उहाँको विश्वसनीयता र विश्वासयोग्यताको अन्त कहिल्यै हुँदैन।

### क) भजन १३६:१-३: उहाँको स्तुति-प्रशंसा गर्ने आह्वान

यस भजनको शुरुमा एउटा आह्वान छ। हामीले परमप्रभुलाई धन्यवाद चढ़ाउनुपर्छ। किन? **क)** किनभने उहाँ एकमात्र सत्य परमेश्वर हुनुहुन्छ। अनि किन? **ख)** उहाँको भलोपनको निम्ति; उहाँ पूरापूर भलो हुनुहुन्छ। उहाँ आफ्नो वाचा कायम राख्नुहुने परमप्रभु हुनुहुन्छ। उहाँ ईश्वरहरूका परम

ईश्वर हुनुहुन्छ; यसर्थ उहाँ विश्वका सबै शक्तिशाली राजाहरूका अधिराज हुनुहुन्छ। उहाँ प्रभुहरूको परमप्रभु हुनुहुन्छ; यसकारण उहाँ सबै अधिकारीहरूका सर्वाधिकारी हुनुहुन्छ, चाहे तिनीहरू स्वर्गदूतहरू, चाहे तिनीहरू मानिसहरू होऊन्। तर उहाँ महान् हुनुको साथै भला पनि हुनुहुन्छ; उहाँ सृष्टिकर्ताको रूपमा, उद्धारकर्ताको रूपमा, मार्गदर्शकको रूपमा, योद्धाको रूपमा र पालनहारको रूपमा पनि आफ्नो प्रजाको निम्ति भला हुनुहुन्छ।

**ख) भजन १३६:४-९: उहाँ सृष्टिकर्ता हुनुहुन्छ**

उहाँको भलोपन र उहाँको कृपा केमा देखिन्छ? पहिले हामी उहाँको भलोपना र उहाँको कृपा सृष्टिका ठूला-ठूला अचम्मका कामहरूमा देख्छौं। किनकि आफ्नो बुद्धिले उहाँले अत्यन्तै विशाल र विस्तीर्ण आकाश बनाउनुभयो। अनि उहाँले महादेशहरू उत्पन्न गर्नुभयो, जुनचाहिँ जलराशिमाथि तैरने विशाल टापूहरूजस्तै देखा पर्छन्। उहाँले आकाशमा विशाल ज्योतिहरू लगाउनुभयो; दिनमा उज्यालो दिनको निम्ति उहाँले सूर्य र राति मानिसको सुत्ने बेलामा शीतल र मन्द उज्यालो छर्ने चन्द्रमा र ताराहरू जड़ान गर्नुभयो।

**ग) भजन १३६:१०-१५: उहाँ उद्धारकर्ता हुनुहुन्छ**

महान् सृष्टिकर्ता सामर्थी उद्धारक पनि हुनुहुन्छ। आफ्ना जनहरूलाई मिस्र देशका अत्याचारीको दासत्वबाट छुटाउन उहाँले मिस्र देशको पुरुषार्थ नाश गरिदिनुभयो, र आफ्ना जनहरूलाई आफ्नो शक्तिशाली हातले समातेर तिनीहरूलाई स्वतन्त्र गराउनुभयो। यो काम पूरा गर्न उहाँले लाल समुद्र दुई भाग पार्नुभयो र बीचमा सुक्खा जमिन छोड्नुभयो। इस्राएली जाति सुरक्षासाथ बीचबाट पार भयो, तर समुद्रको पानी आफ्नो ठाउँमा फर्किँदा फाराओका सेनाहरू खर्लप्पै निलिए। यही घटना आफ्ना जनहरूप्रति परमप्रभुको अटल प्रेमको कहिल्यै भुल्नै नसकिने प्रदर्शनी थियो।

**घ) भजन १३६:१६: उहाँ मार्ग-दर्शक हुनुहुन्छ**

चालीस वर्षसम्म परमेश्वरले इस्राएली-हरूलाई निर्जन र उराठलाग्दो उजाड़स्थानबाट भएर डोऱ्याउँदै लैजानुभयो। त्यहाँ कुनै पक्का सड़कहरू थिएनन्, त्यहाँ कुनै मार्ग-निर्देशनका चिन्हहरू थिएनन्, त्यहाँ कुनै मानचित्र थिएन, तर परमप्रभु तिनीहरूको निम्ति सब थोक हुनुहुन्थ्यो र तिनीहरूको अनुपम मार्ग-दर्शक हुनुहुन्थ्यो।

**ङ) भजन १३६:१७-२२: उहाँ योद्धा हुनुहुन्छ**

उहाँले तिनीहरूको निम्ति लड़ाइँहरू लड़िदिनुभयो। किनकि जब एमोरीहरूका राजा सियोन र बाशानका राजा ओगले तिनीहरूको बाटोमा अवरोध लगाए, तब उहाँले यिनीहरूलाई सहजै जित्नुभयो र यिनीहरूको देश इस्राएललाई पैतृक सम्पत्तिको रूपमा दिनुभयो।

**च) भजन १३६:२३-२५: उहाँ इस्राएलीहरूको सहायक, उद्धारक र पालनहार हुनुहुन्छ**

सारको रूपमा भजनकारले परमप्रभुलाई श्रेय दिएर उहाँलाई इस्राएलीहरूको सहायक, उद्धारक र पालनहारको रूपमा प्रशंसा गरेका छन्। किनकि जब इस्राएलीहरू सङ्ख्यामा थोरै, असुरक्षित र थिचोमिचोमा परेका थिए,

तब परमप्रभुले तिनीहरूको सम्झना गर्नुभयो। उहाँले तिनीहरूलाई शत्रुहरूको पन्जाबाट छुटाउनुभयो। अनि उहाँ सबै जीवित प्राणीहरूको निम्ति आहार जुटाउनमा कहिल्यै चुक्नुहुन्नथियो।

**छ) भजन १३६:२६: उहाँ स्वर्गको परमेश्वर हुनुहुन्छ**

हामी उहाँलाई हाम्रो अत्यन्तै ठूलो धनको रूपमा मानेका भए कति उत्तम हुनेथियो, तर हाय, हामी उहाँलाई मामुली सम्झन्छौं! तर हामीले उहाँको महानता र उहाँको अटुट कृपाको नित्य सम्झना गर्नुपर्छ; तब हामीले उहाँलाई धन्यवाद चढ़ाइरहने प्रेरणा निरन्तर पाइरहनेथियौं।

## भजन १३७: हे यरूशलेम, मैले तँलाई बिर्सें भने ...

यो इस्वी संवत् १९४८ सालको अप्रिलको कुरा होः यरूशलेमको यहूदी क्षेत्र घेराबन्दीमा परेको थियो; अनि खाद्य पदार्थ प्रायः सिद्धिसकेको थियो। हप्तामा ५५ ग्राम मार्जरीन, १२० ग्राम आलु र १२० ग्राम सुकेको मासुमा मानिसहरूको प्राण अल्झिरहेको थियो। त्यसपछि टेल-अवीवबाट खाद्य पदार्थहरू बोक्ने मालगाड़ीहरू आउँदैछन् भन्ने समाचार फैलियो। सयौं मानिसहरू ती दर्जनौं मालगाड़ीहरू स्वागत गर्न निस्के। यी मानिसहरूले ती मालगाड़ीहरू देखेको पहिलो दृश्य कहिल्यै भुल्नेछैनन्। अनि ती गाड़ी-हरूको सबैभन्दा अघिल्लो ट्रकको बम्परमा यसो लेखिएको थियोः

**'हे यरूशलेम, मैले तँलाई बिर्सें भने ...'**

अनि यसरी भजन १३७:५ पदका यी शब्दहरू यहूदीहरूको निम्ति तिनीहरूको तनाउपूर्ण इतिहासभरि तिनीहरू कैदमा र प्रवासमा रहेका सबै दिनहरूमा एउटा नारा बने।

**भजन १३७:१:** यो भजन यहूदीहरू बेबिलोनको कैदबाट फर्केर आएपछिको रचना हो; अनि यस भजनमा सियोनबाट निर्वासित हुनुपरेको त्यो तिक्त अनुभवतिर फर्केर हेरिन्छ।

हुन सक्छ, जब-जब तिनीहरूले सम्भवतः विश्राम-दिनहरूमा फुर्सद पाउँथे, तब-तब तिनीहरू प्रार्थना गर्न बेबिलोनका नदीहरूको किनारमा भेला हुन्थे। त्यस बेलामा यादहरू झलझली आएर तिनीहरूका आँखाहरूबाट आँसुहरूको धारा बहन्थ्यो; तिनीहरूलाई सियोनको सम्झना आउँथ्यो। किनकि तिनीहरूको निम्ति सारा पृथ्वीको आत्मिक केन्द्र र तिनीहरूको जीवनको केन्द्र त्यही थियो। पवित्र महासभाहरूमा तिनीहरू त्यहाँ उपस्थित हुन्थे; यी सभाहरूमा तिनीहरूले आत्मिक हर्ष र उल्लासको अनुभव गर्ने गर्थे। तर अब उपासना गर्न तिनीहरू त्यहाँ उक्लन सक्दैनथिए, र ती पवित्र स्थानहरूचाहिँ खतना नभएका अन्यजातिहरूको हातमा परिहाले। अनि जब तिनीहरूले बेबिलोनका नदीहरू हेर्थे, तब तिनीहरूले ती नदीहरूमा आफ्नै आँसु र वेदनाहरूरूपी नदीको सचित्र देख्थे। यर्मियाले उस्तै प्रकारले प्रार्थना गरेका थिए, जब तिनले यसो भनेः *'मेरो जातिकी छोरीको विनाशको कारणले मेरो आँखाबाट पानीका खोलाहरू बग्दैछन्'* (विलाप ३:४८)। अनि फेरि *'मेरो टाउको पानी नै पानी, र मेरा आँखाहरू आँसुको मुहान भएको भए म मेरो प्रजाकी छोरीका मारिएकाहरूको निम्ति दिनरात रोइदिनेथिएँ'* (यर्मिया ९:१)।

**भजन १३७:२:** तिनीहरूले आफ्ना वीणाहरू बैंसका रूखहरूमा झुन्ड्याए। हाम्रो शब्दमा भन्नु हो भने, तिनीहरूले ती वीणाहरू थन्क्याइराखे। किन होला? किनभने ती बाजाहरूको निम्ति कुनै दरकार

थिएन। मानिसको दृष्टिकोणबाट हेर्नु हो भने, तिनीहरूको परिस्थितिमा गीत गाउने कुनै कारण थिएन। अनि गाउने गीत नभएपछि गीतलाई साथ दिने बाजाको निम्ति कुनै आवश्यकता परेन।

**भजन १३७:३:** तर के गर्ने? ती बेबिलोनी बन्दीकर्ताहरूले घरिघरि तिनी-हरूलाई 'तिमीहरूको कुनै हिब्रू लोक-गीत गाएर हामीलाई सुनाओ' भन्ने अनुरोध गर्ने गर्थे। जब यिनीहरूले 'आफ्नो स्वदेशमा गाउँदै गरेका खुशीका गीतहरूमध्ये कुनै एउटा गाओ' भने, तब यिनीहरूले तिनीहरूको काटेको घाउमा नुनचुक घसिदिएको जस्तो हुन्थ्यो।

**भजन १३७:४:** कति हाँसउठ्दो कुरा! यी यहूदीहरूले गीत गाउन मानेनन्। तिनी-हरूको हृदय टुटेको कारणले मात्र होइन, तर ती मूर्तिपूजकहरूको देशमा परमप्रभुको कुनै गीत गाउनु चाहिँ पटक्कै सुहाउँदैनथियो; तिनीहरूले गाउन नसकेको मूल कारण यही थियो। त्यो त यरूशलेमलाई बिर्सेको जतिकै पो हुनेथियो। तिनीहरूको विचारमा, परमप्रभुका कुराहरू संसारका कुराहरूसित मिसाउनु नैतिक हिसाबले असङ्गत कुरा हुन्थ्यो। यस विषयमा श्री एफ. बी. मेयेरले के लेखेका छन् भने, 'बिरानो देशमा परमप्रभुको गीत, अहँ, यी दुईवटा कुराहरूले आपसमा कहिल्यै मेल खाँदैनन्।'

**भजन १३७:५-६:** तर अब भजनकार आफ्नो देशमा फर्किसके। अनि तिनले यहाँ आफ्ना मानिसहरूको दृढ़ सङ्कल्प व्यक्त गरेका छन्: तिनीहरूले यरूशलेम आफ्नो जीवनको केन्द्र बनाए-बनाए। अनि यस सम्बन्धमा हामीले याद गर्नुपर्छः यरूशलेममा परमप्रभुले वास गर्नुभएको हुनाले यरूशलेम भन्नु वा परमप्रभु भन्नु एउटै थियो। यस्तो समय कहिल्यै नआओस्, जब सियोनसँग तिनको घनिष्ठ सम्बन्ध टुट्छ; नत्र ता तिनको दाहिने हात सुकेर जाओस्, र त्यसले फेरि कहिल्यै वीणाका तारहरू बजाउन नसकोस्! तिनको निम्ति उचित दण्ड यही हुनेथियो। यरूशलेम शहरले कतै तिनको हृदयमा पहिलो स्थान घुमायो भने तिनको जिब्रो फेरि कहिल्यै सियोनका पुराना, मीठा-मीठा गीतहरू गाउन नसक्ने गरी तिनको मुखको तालुमा टाँसियोस्! यसमा तिनी राजी थिए।

**भजन १३७:७:** आफूलाई उपरोक्त शर्तबद्ध श्रापहरूले बाँधेपछि तिनको मन सजिलोसँग यी मानिसहरूकहाँ पुग्छ, जसले यस पवित्र शहरको विनाशमा भाग लिएका थिए।

यसको विनाशमा भाग लिनेहरूमध्ये एदोमीहरू थिए। यिनीहरूले उत्साह दिने टोलीको रूपमा उच्च सोरले चिच्च्याएर हमलाकारीहरूलाई यसो भन्दै उक्साउँदैथिए: 'त्यसलाई माटोमा मिलाइदेओ, यसको जगसम्म यसलाई माटोमा मिलाइदेओ!' यसकारण परमप्रभुले यिनीहरूको सम्झना गरून्, जसले यो पवित्र शहर माटोमा मिलाइएको देख्न चाहे र यसबाट दुष्ट आनन्द उठाए।

**भजन १३७:८:** अनि बेबिलोनको विषयमा चाहिँ के हो त? उनीहरू ती क्रूर विध्वंसक थिए। हो, बेबिलोनका मानिसहरू परमेश्वरको हातहतिहार थिए, जुन हात-हतियारद्वारा उहाँले आफ्ना जनहरूलाई सजाय दिनुभयो; तर उहाँले बेबिलोनीहरूलाई उनीहरूको यस क्रूर अत्याचारको लागि माफ दिनुभएन।

*'म आफ्नो प्रजासँग क्रोधित भएँ, मैले आफ्नो अधिकारको भाग अशुद्ध तुल्याएँ र उनीहरूलाई तेरो हातमा दिएँ; तैंले उनीहरूलाई कृपा देखाएनस्; बूढ़ामाथि तैंले आफ्नो जुवा गह्रौं पारेर लादिदिइस्'* (यशैया ४७:६)।

*'अनि म निश्चिन्त भएर बस्ने अन्य-जातिहरूसँग ठूलो क्रोधले क्रोधित भएँ; किनभने म त अलिकति मात्र क्रोधित थिएँ, र तिनीहरूले मलाई सहायता गरिहाले, तर खराब मनसायले'* (जकरिया १:१५)।

बेबिलोनको विनाशको विषयमा भजनकार सुनिश्चित थिए, र तिनको मनमा कुनै शङ्का थिएन। किनकि भविष्यवक्ताहरूले यसको विषयमा भविष्यवाणी गरेका थिए (यशैया १३:१-२२; यर्मिया ५०:१५ र २८; यर्मिया ५१:६ र ३६)। अनि बेबिलोनमाथि विनाश ल्याउनेहरूको आनन्द केमा हुनेथियो? परमेश्वरले उनीहरूलाई आफ्नो न्यायको हातहतियारको रूपमा प्रयोग गर्नुभएकोमा उनीहरू सन्तुष्ट हुनेथिए।

**भजन १३७:९:** अनि यस भजनको अन्तिम पदले साह्रै अप्ठ्यारोमा पार्छः

*'जसले तेरा बालबच्चाहरूलाई पक्रेर ढुङ्गामा पछार्ला, त्यो धन्यको हुनेछ।'*

नयाँ नियमको अहिंसाको शिक्षामा हुर्केकाहरूको दृष्टिमा यस्तो व्यवहार अति नै क्रूर, प्रतिशोधात्मक र प्रेमरहित देखिन्छ। निर्दोष, असहाय बालबालिकाहरूसित किन यत्रो निष्ठुर व्यवहार गरिनुपर्ने? यस प्रश्नको उत्तरको निम्ति हामी सुझाउको रूपमा निम्नलिखित तर्कहरू पेश गर्छौंः

हामी शुरुमा हाम्रो तर्कको जग बसाल्छौंः यो पद परमेश्वरको वचनको अभिन्न अङ्ग हो; अनि उहाँको वचनको एक-एक शब्द र सम्पूर्ण रूपले पनि परमेश्वरको आत्माको प्रेरणाको फल हो। यसकारण यस पदबाट उठेको समस्या हाम्रो ज्ञानको कमी र हाम्रो बुझाइमा हुनुपर्छ; किनभने परमेश्वरको वचनमा कुनै भूल छैन। दोस्रो कुरा, बेबिलोनका ससाना बालबच्चाहरूको विनाशको विषयमा भविष्यवक्ता यशैयाले अघिबाट यस प्रकारले भविष्यवाणी गरेः

*'अनि तिनीहरूका बालबच्चाहरू तिनीहरूकै आँखाहरूको सामु पछारेर टुक्रा-टुक्रा पारिनेछन्, तिनीहरूका घरहरू लुटिनेछन् र तिनीहरूका स्वास्नीहरू भ्रष्ट पारिनेछन्'* (यशैया १३:१६)।

यसो हो भने, भजनकारले यहाँ त्यही कुरा भनेका हुन्, जुन कुरा परमेश्वरले अघिबाट बेबिलोनको विषयमा भविष्यवाणी गरि-सक्नुभयो। (परमेश्वरको पक्षबाट न्यायको हातहतियार बन्नेहरू उहाँको सजाय पूरा गरेकोमा खुशी हुने कुरा मात्र नयाँ प्रकाश भएको छ)।

फेरि हामी यो पनि जान्दछौं, कि धेरै पल्ट कुरा यस्तो छः निर्दोष छोराछोरीहरूले बाबुआमाहरूका पापका नराम्रा नतिजाहरू भोग्नुपर्छ (प्रस्थान २०:५ र ३४:७; गन्ती १४:१८; व्यवस्था ५:९)। हरेक मानिस कुनै न कुनै प्रकारले एउटा समाजमा जिउँछ नै। उसको काम चाहे असल होस् चाहे खराब, उसले जेजस्तो भएर पनि अरू मानिसहरूलाई प्रभाव पार्छ नै। अनि पापको तिक्त नतिजा के हो भने, पापलाई आफ्नो दुष्ट काम गर्न दिइयो भने त्यसले पाप गर्ने मानिसलाई मात्र होइन, तर अरूलाई पनि नराम्रो प्रभाव पार्छ-पार्छ, यहाँसम्म कि त्यसको साह्रै दुःखलाग्दो सजायमा अरू पनि सहभागी हुँदा रहेछन्।

अनि यी प्रतिशोधात्मक खण्डहरूको विषयमा हामी घरिघरि त्यही एउटै कुरा भन्नुपर्छः मोशाको व्यवस्थाको अधीनतामा रहेको यहूदी मानिसको निम्ति यस प्रकारको व्यवहार उचित हुन्थ्यो भने पनि, त्यस किसिमको व्यवहार अनुग्रहको अधीनतामा रहेको ख्रीष्ट-विश्वासीको निम्ति अलिकति पनि सुहाउँदैन। प्रभु येशूले पहाड़ी उपदेशमा त्यही कुरा भन्नुभयो र पुरानो नियमको व्यवहार र नयाँ नियमको व्यवहारको बीचको

ठूलो भिन्नता देखाउनुभयो (मत्ती ५:२१-४८ पदको खण्ड पढ़ेर हेर्नुहोस्)।

तर यस पदको व्याख्या सुस्पष्ट नहोला, तर यसको आत्मिक प्रयोग छरलङ्ग बुझिन्छः हामीले आफ्नो जीवनमा सानातिना पापहरूसित कड़ाभन्दा कड़ा कारबाही गर्नुपर्छ र तिनलाई जरैसित उखेल्नुपर्छ। ससाना बालबच्चाजस्तै लालप्यार गरेका पापहरू हामीले नष्ट गर्नुपर्छ, नत्र हामीले पुलपुलाएका ती पापहरूले हामीलाई नाश गर्नेछन्। यस सम्बन्धमा श्री सी. एस. लूविसले यसो भनेका छन्:

> 'आउनुहोस्, हामी आफ्नो मनभित्रको कुरा गरौं! मलाई थाहा छ कि मेरो मनमा बालबच्चाहरूजस्तै कति कुराहरू छन्, ससाना दूधेबालकहरूजस्तै रिसरागका भावनाहरू र भोगविलास गर्ने अभिलासाहरू छन्, जुनचाहिँ बढ़्दै गए भने एक दिन घृणा गर्ने बानी र पापको कुलत पो बन्ने सम्भवना छ। तर यी कुइच्छाहरूले हामीलाई आफ्नो मोहमा पार्न हामीलाई खूबै फकाइ-फुस्लाइ गर्छन्, र हामीबाट गुहार माग्छन् – यी साना टीठलाग्दा, असहाय नानीहरू! तिनीहरूको कुरा कसरी काटूँ, कसरी नाइँ भनूँ? ओहो, त्यो कति क्रूर हुनेथियो, हिंसा बराबर व्यवहार ठहरिनेथियो! ती पापका अभिलासाहरूले रुन्चे सोरमा यसो भन्न थाल्छन्: "मैले के पो मागें हँ", "मैले कम्तीमा यति पाउने आशा गरें" वा "मेरो सुझाउ विचार गर्न लायक छ है" आदि। आहा, यी सबै सुन्दर-सुन्दर दूधेबालक-बालिकाहरू, हाम्रो प्रीति जित्ने यी प्रेम-पात्रहरूको विरुद्धमा हाम्रो व्यवहार कस्तो हुनुपर्छ? यस भजनले दिएको अर्ती बेस, सर्वोत्तम ठहरिन्छ। यी जिद्दी गर्ने नानीहरूको खोपड़ी फुटाउनैपर्छ। अनि जुन मानिस यस्तो गर्नमा सफल हुन्छ, त्यो मानिस धन्यको हो। किनकि यसो गर्नुभन्दा "यसो गर" भन्नु सजिलो छ।' 96)

## भजन १३८: परमेश्वरको विश्वासयोग्य वचन

प्रार्थनाको गतिलो उत्तर पाएकोमा दाऊद खुशीले उल्लसित भए, अति कृतज्ञ भए। अनि तिनले आफ्नो कृतज्ञता यस भजनमा व्यक्त गरे; अनि यसरी तिनले हाम्रो निम्ति एउटा असल नमुना छोड़े; किनकि हामी पनि परमेश्वरका अचम्मका छुटकाराहरूको निम्ति उहाँप्रति धन्यवादी हुनुपर्छ। अनि जब मसीह येशूको तत्त्वावधानमा इस्राएलको पुनर्स्थापना पूरा हुनेछ, तब यस भजनको प्रयोग र व्यावहारिकता चरमसीमामा पुग्नेछ; यसमा कुनै शङ्का छैन।

**भजन १३८:१:** दाऊदको धन्यवादज्ञापन मनतातो थिएन, अधूरो र अपूरा थिएन। भएभरको बलले तिनले परमप्रभुलाई धन्यको भने।

अनि तिनको आराधना-गराइ साहसी थियो, यसमा लुक्नु-लुकाउनुपर्ने केही थिएन। देवीदेवताहरूको सामु तिनले उहाँको स्तुति गाए। यसर्थ तिनले यस पृथ्वीका राजाहरूको सामु धक नमानी परमप्रभुको स्तुति गाएका रहेछन्। किनकि यहाँ 'देवताहरू' भनेर अनुवाद गरिएको शब्दको अर्थ 'स्वर्गदूतहरू' वा 'मूर्तिहरू' पनि हुन सक्छ; तर यहाँ प्रसङ्गको माग के हो भने, यस शब्दको अर्थ इस्राएलको वरिपरि बस्ने शासकहरूमा सीमित रहेको देखिन्छ।

**भजन १३८:२:** भक्त यहूदीहरूको रीतिअनुसार दाऊदले उपासना गर्दा पवित्रस्थानतर्फ फर्केर दण्डवत् गर्थे। (याद रहोस्, परमप्रभुको मन्दिर त्यस बेलासम्म बनिएको थिएन।)97) तिनले परमप्रभुको अटल प्रेम र विश्वासयोग्यताको खातिर उहाँको नामको प्रशंसा खूबै गर्थे। हामीलाई बहुमूल्य र अत्यन्त ठूला प्रतिज्ञाहरू दिन

उहाँको प्रेमले उहाँलाई प्रेरणा दिएको छ भने, ती प्रतिज्ञाहरूमध्ये एक-एक पूरा हुनेछ; किनकि उहाँको विश्वासयोग्यताले यो सुनिश्चित गरेको छ।

*'किनभने तपाईंले आफ्नो वचन आफ्नो सारा नामभन्दा उच्च तुल्याउनुभएको छ।'* यस खण्डको सन्दर्भचाहिँ परमेश्वरको विश्वासयोग्यता हो, किनकि उहाँको विश्वासयोग्यताले गर्दा उहाँको वचन पूरा हुने नै छ। यसकारण यस वाक्यको अर्थ यो हुन्छ होलाः उहाँले जे गर्छु भनेर भन्नुभयो, त्यो उहाँले पूरा गर्नुभयो, त्यति मात्र होइन, तर उहाँले त्योभन्दा ज्यादा गर्नुभयो। अनि हुन सक्छ, यस वाक्यमा यो अर्थ पनि लाग्लाः

'परमेश्वरले दाऊदसित गर्नुभएको प्रतिज्ञा यति प्रशस्त गरी पूरा गर्नुभयो, कि यसो गर्दा उहाँ अघि आफ्नो विषयमा दिनुभएको सम्पूर्ण प्रकाश नाघ्नुभयो।'[98] अनि हामी यो पद देहधारी हुनुभएको वचनमा लागू गर्नु हो भने, परमेश्वरले आफ्नो अरू जुनसुकै प्रदर्शन-भन्दा प्रभु येशूमा आफ्नो प्रदर्शन सर्वोच्च तुल्याउनुभयो।

**भजन १३८ः३ः** भजनकारले किन परमेश्वरको प्रशंसा गरे, किन रोकेर राख्न सकेनन्? यस पदले यसको अवसर के थियो, सो बताएको छ। अति जरुरत खाँचोमा परेको बेलामा तिनले परमप्रभुलाई पुकारे, र उहाँबाट तुरुन्तै त्यसको उत्तर आइहाल्यो। प्रशस्त बल खनिएर तिनको आत्माभित्र बगेर आयो, यहाँसम्म कि तिनका सबै डरहरू हटे, र तिनले खतरा सामना गर्ने साहस पाए।

**भजन १३८ः४-६ः** दाऊदले पाएको प्रार्थनाको उत्तर पृथ्वीका राजाहरूको निम्ति एउटा शक्तिशाली गवाही भयो; किनकि यसमा परमेश्वरको विश्वासयोग्यता देखा पर्‍यो। परमेश्वरले जे प्रतिज्ञा गर्नुभएको थियो, त्यो उनीहरूलाई थाह थियो, अनि अहिले त्यो भविष्यवाणी कसरी पूरा भयो, सो उनीहरूले देखे। यसकारण उनीहरूले पनि परमप्रभुको महिमा महान् हुँदो रहेछ भनी मानिलिए। उनीहरूले यो पनि बुझे, कि परमेश्वर उच्च हुनुभए तापनि उहाँले (दाऊदजस्तो) नम्र र दीन व्यक्तिप्रति विशेष अभिरुचि राख्नुहुँदो रहेछ, तर (दाऊदका शत्रुहरूजस्ता) घमण्डीहरूमाथि नजर राख्नुहुँदो रहेछ।

**भजन १३८ः७ः** कति सुन्दर चित्र! सबै किसिमका शत्रुहरू, सबै किसिमका जोखिम-हरू र सबै किसिमका सङ्कष्टहरूले घेरिएका दाऊदलाई हेर्नुहोस्, जो परमप्रभुबाट सक्षम भए, र मानौं ती सबै छँदैछैनन् भनेझैं सुरक्षासाथ ती सबै तकलिफहरूको बीचबाट भएर हिँड्न सके। किनकि जुन हातले तिनका विरोधीहरूलाई प्रहार गर्‍यो, त्यही हातले तिनलाई विपत्तिबाट बचायो।

**भजन १३८ः८ः** भरोसाको साथ दाऊदले ठोकुवा दिएर यसो भनेका छन्ः 'परमप्रभुले मसित सम्बन्धित कुरा पूरा गर्नुहुनेछ।' त्यही किसिमको भरोसा लिएर प्रेरित पावलले पनि फिलिप्पी १ः६ पदमा यसो भनेः *'यस कुरामा म निश्चित छु, जसले तिमीहरूमा एउटा असल काम शुरु गर्नुभएको छ, उहाँले येशू ख्रीष्टको दिनसम्म त्यो पूरा गर्नुहुनेछ।'*

जुन काम उहाँको अनुग्रहले हामीमा शुरु गरेको
छ, त्यही काम उहाँको शक्तिशाली बाहुलीले
पूरा गर्ने नै छ;
उहाँको प्रतिज्ञा 'हो' हुन्छ र 'आमेन' पनि हुन्छ,
अनि अहिलेसम्म कहिल्यै विफल भएको छैन;
तब भविष्यका कुराहरू के, वर्तमान कुराहरू
के, तल पृथ्वीका कुराहरू के, माथि आकाशका
कुराहरू के –यी सबै कुराहरूले उहाँको उद्देश्य
असफल तुल्याउन सक्दै सक्दैनन्, न ता हाम्रो
आत्मा उहाँको प्रेमदेखि अलग पार्न सक्छन्।

श्री अगष्टस एम. टपलेडी

हो, उहाँको अटल प्रेम सदा-सर्वदा रहिरहन्छ; अनि दाऊदले जस्तै *'तपाईंका हातका कामहरू नत्याग्नुहोस्'* भनेर हामी प्रार्थना गर्न त पाउँछौं; तर खास कुरा के हो भने, उहाँले आफ्ना हातका कामहरू कहिल्यै त्याग्न सक्नुहुन्न, र त्याग्नुहुनेछैन नै ।

## भजन १३९ः परमेश्वर कति महान् हुनुहुन्छ !

परमेश्वर कति महान् हुनुहुन्छ !
उहाँले नजान्नुभएको केही पनि छैन,
उहाँ उपस्थित नहुनुभएको कुनै ठावैं छैन,
उहाँको निम्ति गर्न नसक्ने कुनै काम पनि छैन ।

जुन मानिसहरू यति महान् परमेश्वरको शत्रु हुने आँट गर्छन् र यस कुरामा जिद्दी गरिरहन्छन्, ती मानिसहरू आफ्नो भाग्यको, अँ, आफ्नो सजाय र अनन्त विनाशको पूरा योग्य हुन्छन् । छोटकरीमा, यस शोभाले युक्त भजनमा दाऊदको मननको निचोड़ यही रहेछ ।

**भजन १३९ः१-२ः** परमेश्वर सर्वज्ञानी हुनुहुन्छ । दाऊदले आफ्नो भजन यस विषयबाट शुरु गरेका छन्ः परमेश्वर सबै कुराहरू जान्नुहुन्छ ।

उहाँले नजान्नुभएको कुनै कुरा नै छैन ।
ब्रह्माण्ड असीमित छ र उहाँको सुन्दर सृष्टि अपरम्पार, विशाल छ;
तर उहाँ बालुवाको एक-एक कणको कथा शुरुदेखि अन्तसम्म जान्नुहुन्छ ।

तर यहाँ, यस ठाउँमा ब्रह्माण्डको विषयमा उहाँको ज्ञान कतिको छ, सो कुरा गरिएको छैन, तर व्यक्ति-व्यक्तिको जीवनको विषयमा उहाँलाई भएको ज्ञानको कुरा पो गरिएको छ । सन् २०२४ सालको शुरुमा संसारका मानिसहरूको जनसङ्ख्या लगभग आठ सय बाह्र करोड़ थियो । संसारका मानिसहरू यति धेरै भए पनि परमेश्वर प्रत्येक मानिसलाई राम्रोसँग चिन्नुहुन्छ; किनकि उहाँ हामी हरेकको विषयमा सबै कुरा जान्नुहुन्छ ।

उहाँले हामीलाई जाँच-पड़ताल गरेर जान्नुभएको छ । हामीले बोलेका शब्दहरू र हामीले गरेका कामहरू, हामीले सोचेका विचारहरू र हामीमा भएका अभिप्रायहरू – उहाँले भित्र-बाहिर हाम्रो सबको सब जान्नुभएको छ । हामीले कहिले बसेर आराम गरेका र हामी कहिले उठेर कुन-कुन कामकुरामा सक्रिय भएका, उहाँलाई यो सबै थाह हुन्छ । उहाँ हामीले सोचिरहेको विचार पूरापूर जान्नुभएको छ र हामीले सोच्न लागेका हाम्रा विचारहरू उहाँले अघिबाट थाह पाइसक्नुभएको छ ।

**भजन १३९ः३ः** उहाँ हामीलाई हामी हिँड़िरहेका र सुतिरहेका देख्दै हुनुहुन्छ । अर्को शब्दमा भन्नु हो भने, उहाँले हामीमाथि निरन्तर आफ्नो नजर लगाउनुभएको छ । हाम्रो कुनै पनि चाल उहाँदेखि लुकेको हुँदैन ।

**भजन १३९ः४ः** हामीले भन्न लागेका शब्द उहाँ जान्नुहुन्छ । किनकि चाहे भविष्य होस्, चाहे भूलकाल, चाहे वर्तमान समय किन नहोस् – सब समय उहाँको सामुन्ने खुला छन् ।

**भजन १३९ः५ः** *'अनि जसको नजरबाट सृष्टिको कुनै पनि वस्तु छिपेको छैन, तर जसका आँखाहरूको सामु सबै थोकहरू उदाङ्गै र खुला हुन्छन्, उहाँलाई हामीले हिसाब बुझाउनुपर्छ'* (हिब्रू ४ः१३) । हाम्रो विषयमा उहाँलाई के पो थाहा छैन ? हाम्रो विषयमा उहाँसँग असीमित ज्ञान भएको हुनाले उहाँ हामीलाई हाम्रो पछाड़िबाट र हाम्रो अगाड़िबाट पनि रक्षा गर्न सक्नुहुन्छ । हर समयमा र हर घड़ीमा उहाँको सुरक्षाको हात हामीमाथि राखिएको हुन्छ ।

**भजन १३९ः६ः** परमेश्वरको अपार र असीम ज्ञानमा हाम्रो दिमाग चक्कर लाग्छ,

किनकि त्यो हाम्रो निम्ति बुझ्निनसक्ने हुन्छ। यसको निम्ति मानिसको मस्तिष्कले के भ्याउँथ्यो र? बरु फलामको चिउरा चपाउन सजिलो छ। यसको भारी ओजन कसले उचाल्न आँट गर्ला? यति उच्च हामीमध्ये कसको विचार चढ्न सक्ला? ठिक्कै छ, यसको केही पर्बाह छैन; किनकि यो बुझ्न हाम्रो बौद्धिक क्षमता चरमसीमामा पुगेर त्यहाँदेखि अघि बढ्नै नसकेको बेलामा हामी एउटा काम गर्न सक्छौं: हामी परमेश्वरको अपरम्पार ज्ञानको खातिर उहाँको सामु झुकेर दण्डवत् गर्न सक्छौं।

**भजन १३९:७-८:** हो, परमेश्वर सर्वज्ञ हुनुहुन्छ; यति मात्र होइन, तर उहाँ सर्वव्यापी पनि हुनुहुन्छ। एकै समयमा उहाँ सबै ठाउँहरूमा उपस्थित हुनुहुन्छ। तर बुझ्नुहोस्: सबै ठाउँहरूमा परमेश्वरको उपस्थिति हुनु र सृष्टिका सबै थोकहरू ईश्वर मान्नु एउटै कुरा होइन। सृष्टि ईश्वर हुन् भन्ने सिद्धान्त सर्वेश्वरवाद भनिन्छ। तर पवित्र बाइबलको शिक्षाअनुसार परमेश्वरको छुट्टै व्यक्तित्व छ; उहाँ आफ्नो सृष्टिदेखि अलग र भिन्नै हुनुहुन्छ; उहाँ आफ्नो सृष्टिभन्दा महान् हुनुहुन्छ।

आउनुहोस्, हामी यहीं सर्वव्यापी परमेश्वरको कुरा गरौं: के यस्तो कुनै ठाउँ छ, जहाँ मानिस परमेश्वरको आत्मादेखि छलिन वा उम्कन सक्छ? के कुनै यस्तो ठाउँ छ, जहाँ मानिस परमप्रभुको उपस्थितिदेखि लुक्न वा भाग्न सक्छ? मानिलिऔं, मानिस माथि आकाशमा उक्ला; त के त्यहाँ ऊ परमेश्वरको नजरदेखि छिपिएला र? अहँ, ऊ छिपिन सक्दै सक्दैन। स्वर्ग परमेश्वरको सिंहासन हो (मत्ती ५:३४)। तर उक्त मानिसले पातालमा आफ्नो ओछ्यान बिछाएको भए अर्थात् उसले आफ्नो मरणमा आफ्नो शरीर छोड़िगएको भए पनि त्यहाँ अधोलोकमा पनि उसले परमप्रभु हुनुभएको थाहा पाउनेथियो।

**भजन १३९:९-१०:** *'म बिहानका पखेटाहरूमा उड़ेर समुद्रका आखिरी भागहरूमा गई बसें भने त्यहाँ पनि तपाईंको हातले मलाई डोऱ्याउनेछ, अँ, तपाईंको दाहिने हातले मलाई समात्नेछ।'* 'बिहानका पखेटाहरू' भन्ने शब्द एउटा साङ्केतिक भाषाको शैली हो। किनकि सूर्यको किरण एकै सेकेन्डमा १,६८,००० माइल द्रुतगतिमा चल्छ, जब बिहान त्यसले आकाशको पूर्वको छेउदेखि पश्चिमसम्म आफ्ना किरण पठाउँछ। मानौं, हामी ज्योतिको रफ्तारमा यात्रा गरेर विश्वको पल्लो छेउमा पुग्न सकेका भए, हामीले परमप्रभुलाई त्यहाँ पनि भेट्टाउनेथियौं, जो त्यहाँ पनि हाम्रो मार्गदर्शन गर्न र हामीलाई सम्हाल्न तम्तयार हुनुहुन्छ।

संयोगवश यस भजनको नौ र दस पद आजको जेट विमानको जमानाको निम्ति खूबै उपयुक्त छन्, जुन जमानामा हामी बाँचिरहेका छौं। सन् १९६९ सालमा एउटा विस्तृत सेवकाईको सिलसिलामा जेट विमानमा चढ्न लागिरहेको बेलामा प्रभु येशूले यही बहुमूल्य प्रतिज्ञाद्वारा मसित बोल्नुभएको कुरा म कहिल्यै भुल्न सक्दिनँ। त्यस दिनदेखि उसो मैले चढ़ेको धेरै जेट विमानहरू मेरो निम्ति साँच्चै बिहानका पखेटाहरूजस्तै भए, जसले मलाई उड़ाएर पृथ्वीका आखिरी भागहरूमा लगे। तर मैले सधैं जति द्रुतगतिमा रफ्तार गरे ता पनि र जति टाढ़ा यात्रा गरे पनि प्रभुको उपस्थिति र सुरक्षा महसुस गर्थें। यसकारण यी पदहरूमा गरिएका प्रतिज्ञा आफ्नो निम्ति दाबी गर्नुहोस्, र हवाई जहाजको यात्रा गर्ने आफ्ना सङ्गी-विश्वासी भाइबहिनीहरूलाई यो प्रतिज्ञा बताइदिनुहोस्!

**भजन १३९:११-१२:** यदि कुनै व्यक्तिले अन्धकारको आड़ लिएर परमेश्वरदेखि लुक्न खोज्यो भने त्यो व्यक्ति मिथ्या शरणस्थानमाथि भर परेको हुन्छ। किनकि रातले हाम्रो

निम्ति परमप्रभुको उपस्थिति छेक्न सक्दैन। उहाँको निम्ति अन्धकार अँध्यारो होइन। *'रात त दिनजस्तै चम्कन्छ; तपाईंको निम्ति अँध्यारो र उज्यालो दुवै एकै हुन्।'*

परमेश्वरदेखि कदाचित् उम्कन सकिँदैन, जसरी श्री ब्लेस पास्कलले भनेका छन्ः 'सर्वत्र उहाँको मध्यविन्दु हो र उहाँको परिधि कहीं पनि देखिँदैन।'

**भजन १३९ः१३-१४ः** परमेश्वरको सर्व-व्यापकता यस्तो छ। अबदेखि दाऊदको ध्यान उहाँको शक्ति र उहाँको दक्षतामाथि पर्छ। अनि परमेश्वरको सर्वशक्ति देखाउन तिनले एउटा विशेष क्षेत्र, अर्थात् आमाको गर्भमा पेटको नानी अचम्म प्रकारले विकसित भएको कुरा चुनेका छन्। चन्द्रबिन्दुको थोप्लाभन्दा सानो पन्यालो पदार्थमा पैदा हुन लागेको बालकका सबै विशेषताहरूको सॉफ्टवेयर हालिएको हुन्छ, जस्तै उसको वर्ण, उसका आँखाहरूको रङ्ग र उसको केशको रङ्ग, उसका अनुहारको रूप, उसका क्षमताहरू आदि। हुन लागेको बालकको शरीर र उसको मन केकस्तो हुनेछ, सो सबै कुराहरू वीर्यको सेचन पाएको डिम्बमा सूक्ष्म जीवाणुको रूपमा सामेल हुन्छन्। अनि यस डिम्बबाट निम्न कुराहरू विकसित हुन जानेछन्, जस्तैः

> 'साठी लाख करोड़जति कोषाणुहरू, एक लाख माइलजति लामा तन्तुहरू, साठी हजार माइलजति लामा रगतका नसाहरू, दुई सय पचासवटा हड्डीहरू, अनि जोर्नीहरू, हड्डीहरू जोर्ने अस्थिबन्धहरू र मांसपेशीहरू आदि।'[99]

दाऊदले अति शिष्ट र सुन्दर ढङ्गले पेटको नानी, त्यस भ्रूणको शारीरिक गठन वर्णन गरेका छन्ः *'तपाईंले मेरो अन्तस्करण बनाउनुभएको छ; मेरी आमाको गर्भमा तपाईंले मलाई ढाक्नुभएको छ।'* हो, परमेश्वरले हाम्रो भित्री भाग बनाउनुभएको हो; हामी हरेक परमेश्वरको अद्‌भुत रचना, उहाँको हस्तकला हौं। आफ्नो मस्तिष्कको विषयमा सोचौं! तथ्यहरू, आवाजहरू, गन्धहरू, दृश्यहरू, स्पर्शहरू र दर्दहरू आदि संग्रह गर्ने त्यसको क्षमता, त्यसको सम्झिने शक्ति, त्यसको हिसाब लगाउने शक्ति अनि त्यसको निर्णय गर्ने र समस्याहरू हल गर्ने रुचिको अन्त नभएको जस्तै देखिन्छ।

अनि परमेश्वरले हामीलाई हाम्रा आमाको गर्भमा बड़ो निपुणतापूर्वक बुन्नुभयो। मांसपेशीहरू, महास्नायुहरू, हड्डीहरू जोड्ने अस्तिबन्धहरू, तन्तुहरू, रक्तनलीहरू र हड्डीहरूको बुनाइ – ओहो, मानिसको बनावट अद्‌भुत छ!

दाऊदले आफूलाई थाम्न सकेनन्, तर पड्केर यहाँ ठूलो सोरले परमप्रभुको प्रशंसा गरेका छन्। किनकि तिनी परमेश्वरको सृष्टिको उत्कृष्ट कृति, मानिसको विषयमा सोच्न पुगे, तब तिनले मानिलिएः हो, मानिस कति भययोग्य र कति आश्चर्यपूर्ण ढङ्गले बनिएको सृष्टिको रचना थियो! मानिसको शरीरको अद्‌भुत रचनाको विषयमा, जस्तैः त्यसको शरीरको सुव्यवस्थित ढङ्ग, त्यसको बनावटको जटिलता, त्यसको सुन्दरता, त्यसका स्वाभाविक प्रवृत्तिहरू र त्यसका वंशागत तत्त्वहरूको विषयमा हामी जति सोच्छौं, त्यति नै बढ़ी हामी आश्चर्यचकित हुन्छौं, र प्राकृतिक विज्ञानको शिक्षा हासिल गरेको व्यक्ति किन र कसरी होला, अनन्त सृष्टिकर्ता परमेश्वरमाथि विश्वास गर्ने मानिस नभएको कुरामा तीनछक पर्छौं।

**भजन १३९ः१५ः** यहाँ पनि भजनकारको विचार त्यस समयतिर फर्केर जान्छ, जुन समयमा तिनको शरीर तिनकी आमाको गर्भमा रचिएको थियो। तिनले यहाँ यस भ्रूणलाई अर्थात् यस पेटको नानीलाई 'म, मेरो र मलाई' भन्ने प्रथम पुरुषको सर्वनाम दिएका छन्। यसकारण बुझ्नुहोस्, पवित्र धर्मशास्त्र बाइबलको शिक्षाअनुसार मानिसको अस्तित्व

उसको जन्मभन्दा अघि शुरु गरेको हुन्छ, अनि यही कारणले गर्भपात गराउनुचाहिँ भ्रूणहत्या, अँ, हत्या नै हो; तर चिकित्सा-रोगीहरूको साह्रै सिकिस्त अवस्था यसबाट बाहेक हुन्छ।

दाऊदलाई थाहा थियो, परमेश्वरले तिनलाई शुरुदेखि नै पूरापूर चिन्नुभएको थियो। तिनका हड्डीहरू अर्थात् तिनको अस्थिपञ्जर वा कङ्काल परमेश्वरदेखि लुकेको थिएन; त्यस समयमा दाऊद गुप्तमा बनिरहेका थिए, अँ, पृथ्वीका सबैभन्दा तल्ला भागहरूमा निपुणतासाथ बुनिँदैथिए। अब पृथ्वीका सबैभन्दा तल्ला भागहरूको कुरा आयोः तिनी कतै पृथ्वीको धरातलदेखि मनि बनेको यसको मतलब हुन सक्दैन; किनकि त्यस ठाउँमा अहिलेसम्म कोही मानिस पनि बनिएको छैन। तर यस उपवाक्यको सन्दर्भअनुसार यसको अर्थ 'आमाको गर्भभित्र' हो। एफेसी ४ः९ पदमा योजस्तै वाक्यांश छ, जहाँ ख्रीष्ट येशूको विषयमा 'उहाँ पृथ्वीका तल्ला भागहरूमा ओर्लनु-भएको' कुरा लेखिएको छ। अनि फेरि सन्दर्भले यस वाक्यको अर्थ निर्धारित गर्छः प्रभु येशू कन्याको गर्भबाट यस संसारमा प्रवेश गर्नुभएको बुझिन्छ। यस वाक्यमा उहाँ देहधारी हुनुभएको अर्थ लाग्छ।

**भजन १३९ः१६ः** अनि जब भजनकारले आफ्नो बनिनसकेको तत्त्वको विषयमा कुरा गरे, तब तिनले यस्तो एउटा शब्द प्रयोग गरे, जसको अर्थ डल्लो परेको वा लपेटिएको कच्चा माल हुन्छ। श्री अल्बर्ट बार्नेस र अरूको विचारमा यस शब्दले भ्रूण अर्थात् पेटको नानीलाई असल प्रकारले सूचित गरेको हो; किनकि पेटको नानीको शरीरका सबै अङ्ग-प्रत्यङ्गहरू अझै पनि डल्लो परेका हुन्छन् र पूरा विकसित भएका हुँदैनन्; यसका अङ्गहरूले आ-आफ्नो अन्तिम रूप र नाप पाएका छैनन्। यसो हो भने, दाऊदको अस्तित्वको शुरुको अवस्थामा पनि परमेश्वरका आँखाहरूले इस्राएलका ती मधुर गायकलाई देखिसके।

अनि परमेश्वरको पुस्तकमा दाऊदको जीवनका सबै दिनहरू त्यस ऐतिहासिक क्षणभन्दा अघि यी ईश्वरीय वास्तुकारद्वारा लेखिसकिएका रहेछन्, जुन क्षणमा दाऊदले आफ्नो पहिलो रुवाइको चिल्लाइद्वारा 'म यस इतिहासको मञ्चमा आएँ हैं' भनेर आफ्नो आगमन घोषणा गरे।

**भजन १३९ः१७-१८क:** भजनकारले आफ्नो आत्मा, प्राण र शरीरको रचनामा परमेश्वरको होशियारीपूर्ण योजना देखेका छन्। उहाँका विचारहरू कति बहुमूल्य छन्!! किनकि उहाँले यस सम्बन्धमा सानोभन्दा सानो कुरामाथि ध्यान दिनुभयो। यस विषयमा श्री एन्ड्रूऊ आइवीले यसो भनेका छन्ः

> 'मानिसको शरीरको एक-एक कोषाणुले आ-आफ्नो भूमिका के हो, सो जानेको छ, र नबिराईकन सारा शरीरको लाभको निम्ति उहाँले त्यसको निम्ति निर्धारित गर्नुभएको योजना र उद्देश्य पूरा गर्छ।'

**भजन १३९ः१८ख:** *'जब म बिउँझन्छु, तब म अझ तपाईंसँगै हुन्छु।'* मलाई के लाग्छ भने, यहाँचाहिँ भजनकारले आफू जन्मेको क्षणको विषयमा कुरा गरे। किनकि यसभन्दा अघिका पदहरू अर्थात् भजन १३९ः१३-१८क पदको खण्डमा तिनले आफ्नो जन्मभन्दा अघि, तिनी आमाको गर्भमा रहेको नौ महिनासम्म परमेश्वर तिनको छेउमा रहनुभएको कुरामाथि जोर दिए। तर तिनको जन्म भएपछि पनि त्यो कुरा बदली भएनः तिनी अझै पनि परमप्रभुको साथमा थिए, जो तिनको पालनहार, रक्षक र मार्ग-दर्शक हुनुहुन्थ्यो। यसो हो भने, तिनले यहाँ आफ्नो जन्मको विषयमा कुरा गर्दा जन्मनुचाहिँ 'बिउँझनु' भन्छन्, जसरी हामीले पनि कसैको

जन्मको विषयमा 'उसले पहिलो पल्ट दिनको उज्यालो देखेको' भन्छौं।

**भजन १३९ःं१९-२२ः** परमेश्वर सर्वज्ञानी हुनुहुन्छ; उहाँ सर्वव्यापी र सर्वशक्तिमान् हुनुहुन्छ। यी उच्च विषयहरू दाऊदको मननको विषय थिए। तब भजनकारको दृष्टिमा ती क्षुद्र मानिसहरू को होलान्, जसले उहाँको विरुद्धमा उठ्ने आँट गर्छन्? तिनीहरूले यो आफ्नो हानिको निम्ति गर्छन् र यसको निम्ति आफ्नो उचित दण्ड पाउने नै छन्। तिनी यस निष्कर्षमा पुगे। अनि अनिवार्य छ, कि कति मानिसहरूले दाऊदको प्रार्थनामा, जसरी त्यो १९-२२ पदको खण्डमा लेखिएको छ, दोष भेट्टाउँछन्-भेट्टाउँछन्; किनकि तिनीहरूको विचारमा, यस प्रकारको प्रार्थना इसाईको निम्ति असुहाउँदो हुन्छ। अनि तिनीहरूले 'भजनकारको भावना कति आलोचनात्मक छ, र यस प्रकारको भावना परमेश्वरको प्रेमसँग मेल खाँदैन' भनेर यसमा आफ्नो आपत्ति जनाइहाल्लान्। तर यस सम्बन्धमा मलाई के लाग्छ भने, हिजोआज परमेश्वरको प्रेममा चाहिएको भन्दा बढ़ी जोड़ दिइएको, अनि उहाँको पवित्रता र उहाँको धार्मिकतामा कम्ती ध्यान दिइएको छ। हो, परमेश्वर प्रेम हुनुहुन्छ, यो सत्य हो; तर उहाँ केवल प्रेम मात्र कहाँ हुनुहुन्छ र! यसमा सत्यता पूर्ण भएन। किनकि प्रेमचाहिँ उहाँका सद्गुणहरूमध्ये केवल एउटा हो। उहाँको प्रेम उहाँका अन्य सद्गुणहरूसँग मेल खान्छ र मेल खानुपर्छ। अनि परमेश्वर प्रेम हुनुहुन्छ भन्नुमा उहाँ घृणा गर्न सक्नुहुन्न भन्ने अर्थ बुझ्नुहुँदैन। किनकि भजन ११ः५ पदमा यसो लेखिएको छः *'तर दुष्टलाई र अत्याचार रुचाउनेलाई उहाँको मनले घृणा गर्छ।'* उहाँ सबै कुकर्मीहरूलाई घृणा गर्नुहुन्छ (भजन ५ः५)। उहाँले घमण्डी आँखा, झूट बोल्ने जिब्रो, निर्दोषको रगत बगाउने हात, दुष्ट युक्ति रच्ने मन, हतारसँग खराबीतिर दगुर्ने पाउहरू, झूट बोल्ने झूटो साक्षी र भाइ-भाइको बीचमा अमेलको बीउ छर्ने मान्छेलाई घृणा गर्नुहुन्छ (हितोपदेश ६ः१६-१९)।

श्री एड्वर्ड जे. यङ्गले हामीलाई निम्न कुराको सम्झना गराउँछन्ः

> 'दाऊदलाई तिनको प्रार्थनाको निम्ति दोषी ठहराउनुभन्दा अघि हामीले यस कुरामाथि ख्याल गर्नु असल हो, कि प्रभुको प्रार्थनाका शब्दहरूअनुसार "तपाईंको राज्य आओस्, तपाईंको इच्छा पूरा होस्" भनेर प्रार्थना गरेको बेलामा हामी आफैले पनि त्यही प्रार्थना गरिरहेका हुन्छौं।' 100)

किनकि ख्रीष्ट येशूको राज्य आउनुभन्दा अघि उहाँका शत्रुहरूको विनाश हुनेछ; यसकारण हामीले 'उहाँको राज्य आओस्' भन्ने प्रार्थना गर्दा उहाँका शत्रुहरूको विनाशको निम्ति पनि प्रार्थना गरेकै हौं। दाऊद लाज र शर्म नमानी त्यो समय आएको चाहना गरेका छन्, जुन समयमा परमेश्वरले दुष्टहरूलाई मार्नुहुनेछ, र खूनी मानिसहरूले तिनलाई फेरि कहिल्यै सताउन पाउनेछैनन्। किनकि यस्ता मानिसहरूले बड़ो दुष्ट्याइँको साथ परमप्रभु परमेश्वरको सामना गरे र आफूलाई परमप्रभुको विरुद्धमा उचालेर उहाँको विद्रोह गरे।

दाऊदले ती मानिसहरूलाई घृणा गर्थे, तर यो तिनको स्वाभिमानको फल थिएन। तर तिनीहरूले परमेश्वरलाई घृणा गरेका र परमप्रभुको विरुद्धमा विद्रोह गरेका थिए; तिनले तिनीहरूलाई घृणा गरेको खास कारण यही थियो। तिनी परमप्रभुको सम्मानको निम्ति जोशिला थिए; यसकारण तिनले तिनीहरूलाई पूरा घृणाले घृणा गर्थे र आफ्नै शत्रुहरू ठान्थे। त्यस कुरामा तिनले हामीलाई प्रभु येशूको सम्झना गराउँछन्, जसले आफ्ना पिताको घरको जोशमा सराफीहरूलाई धपाउनुभयो। दाऊदको वीणाको धुन र प्रभु येशूको हृदयको राग एउटै भएको रहेछ।

श्री एड्वर्ड जे. यङ्गले यसको निम्ति निम्न स्पष्टीकरण दिएका छन्ः

> 'दाऊदले घृणा गरे, तर तिनको घृणा परमेश्वरको घृणाजस्तै थियो; किनकि त्यो कुनै दुर्भावनाबाट उब्जेको घृणा थिएन; तर त्यो त परमेश्वरका उद्देश्यहरू दिगो रहनुपर्छ र दुष्टता नाश हुनुपर्छ भन्ने तिनको बड़ो गम्भीर, इमानदार इच्छाको फल थियो। दाऊदले त्यसरी घृणा नगरेका भए, तिनले दुष्टको जय र परमेश्वरको हारको खोजी गर्नेथिए। हामीले दाऊदको घृणा छानबिन गर्दा यी कुराहरू मनमा राख्नु असल हुनेथियो।' [101)]

**भजन १३९ः२३-२४ः** यो भजन एउटा प्रार्थनासित समाप्त हुन्छ; अनि त्यो प्रार्थना परमेश्वरका सबै जनहरूको निम्ति सधैं उपयुक्त हुन्छ, जबसम्म यस पृथ्वीमा पाप गर्ने स्वभाव भएका पवित्र जनहरू हुन्छन्, तबसम्म त्यसको काम आउँछ। त्यसको अनुरोध यस प्रकारको छः सामर्थी परमेश्वरले हाम्रो हृदयको जाँच-पड़ताल गरून् र त्यो पूरा जानून्; उहाँले होशियारीपूर्वक हाम्रो हृदयका विचारहरू र चिन्ताहरू जाँचून् र जानून्। उहाँले हामीमा भएको हरेक दुष्ट चालको पर्दाफास गरिदिऊन्, यस हेतुले कि हामीले त्यो स्वीकार गरेर छोड्न सकौं। अनि त्यसको अन्तिम विन्ती यो होः उहाँले हामीलाई अनन्त मार्गमा डोऱ्याएका होऊन्।

यो प्रार्थना एकजना तर्क गर्ने मानिसले आफ्नो इमानदारी र आफ्नो धार्मिकता प्रमाणित गर्न खोजेको प्रयास होइन; तर यो त परमप्रभुको उपस्थितिमा रहेको व्यक्तिको स्वीकार पो हो, जो आफ्नो पापी स्वभावको विषयमा कायल भएका छन्। तिनले आफ्ना सबै अधर्महरू कहाँ जान्दथिए र? तर परमप्रभुले तिनलाई तिनका अधर्महरू देखाइदिऊन्, र तिनले ती पापहरूसित सठीक व्यवहार गर्न सकून्।

## भजन १४०ः मलाई दुष्टहरूका हातहरूबाट बचाउनुहोस्!

**भजन १४०ः१-३ः** यो भजन दाऊदले 'शत्रुको मानहानिबाट छुटकारा पाऊँ' भन्ने प्रार्थनाबाट शुरु गरेका छन्। दुष्ट मानिसहरूले तिनको निन्दा गरिरहे र अत्याचारी मानिसहरूले तिनको विरुद्धमा भयङ्कर युक्तिहरू रचिरहे। लड़ाइँ नमच्चाउन्जेल तिनीहरू कुनै हालतमा पनि खुशी हुँदैनथिए। तिनीहरूले आफ्ना जिब्राहरू उदध्याएर पूरा लाग्ने हतियार बनाए, र तिनीहरूका ओठ-हरूमनिबाट साँभेसाँपले डस्थ्यो र आफ्नो घातक विष हाल्थ्यो।

**भजन १४०ः४-५ः** भजनकारलाई शत्रुका पासोहरूबाट रक्षाको खाँचो थियो। यी दुष्ट मानिसहरू पासो थाप्न सिपालु हुन्थे। तिनीहरूले तिनलाई खाड़ल, डोरी, खोर र पासो आदि धरापहरूमा फसाउन खोज्दैथिए। तिनी हिँड़िरहेको बाटोमा तिनीहरूले ठाउँ-ठाउँमा सुर्काउनी डोरीहरू लुकाए। तिनी-हरूले तिनलाई फसाउन जाल बिछ्याए। तिनीहरूले तिनको बाटोभरि फसाउने चाराहरू र प्रलोभनहरू राखिदिए।

**भजन १४०ः६-८ः** अनि तिनलाई तिनीहरूको हिंसात्मक हत्या गर्ने युक्तिबाट सुरक्षाको खाँचो थियो। यसकारण तिनी परमेश्वरकहाँ शरण लिन जान्छन्।

**क)** तिनी परमेश्वरप्रति निष्ठावान् र प्रतिबद्ध थिएः 'तपाईं मेरा परमेश्वर हुनुहुन्छ।'

**ख)** तिनको अर्जी थियोः 'हे परमप्रभु, मेरा अन्तर्विन्तीहरूको सोर सुन्नुहोस्!'

**ग)** तिनले आफ्नो भरोसा परमप्रभुमाथि राखेः 'हे परमप्रभु परमेश्वर, मेरो उद्धारको बल!'

**घ)** तिनी परमप्रभुप्रति कृतज्ञ थिएः 'लड़ाइँको दिनमा (टोपले झैं) तपाईंले मेरो शिर ढाकिदिनु-भएको छ।'

**ङ)** तिनको अन्तर्विन्ती थियोः 'हे परमप्रभु, दुष्टका लालसाहरू पूरा हुन नदिनुहोस्; त्यसको दुष्ट युक्ति सफल हुन नदिनुहोस्!'

यस अन्तिम अन्तर्विन्तीको अर्थचाहिँ यो होः 'त्यसले मेरो विरुद्धमा जे-जे गर्न चाहेको छ, ती कुराहरू त्यसलाई पूरा गर्न नदिनुहोस्! त्यसको दुष्ट युक्ति पूरा हुन दिएर त्यसको सहयोग नगरिदिनुहोस्!' हामीलाई थाह छ, कि परमेश्वरले कहिल्यै कुनै दुष्ट कामको अनुमोदन गर्नुहुन्न नै, झन् उहाँले त्यसको मद्दत गर्नुहुन्छ भन्ने कुरा पर जाओस्। तर यहाँ यस भनाइको तात्पर्य के हो भने, त्यो दुष्ट कुरा सहेर उहाँले त्यसको अनुमोदन गर्नु-भएको जस्तै देखिन्छ।

**भजन १४०ः९-११ः** तब भजनकारको प्रार्थना यो थियोः दुष्टहरूको भाग्य पल्टोस्; तिनीहरूले तिनको विरुद्धमा रचेका डरलाग्दा युक्तिहरूको प्रहार तिनीहरूका अहङ्कारपूर्ण थाप्लामाथि आइपरोस्; झरझराउँदा भुङ्ग्रा-हरू तिनीहरूमाथि बर्सिऊन्; तिनीहरू गहिरा-गहिरा खाड़लहरूभित्र गिरून्, जहाँबाट तिनी-हरूलाई कुनै उम्कने मौका हुँदैन। तिनको माग यो थियोः बदनामी गर्ने मानिसले देशमा कहिल्यै कुनै टेको नपाएको होस्, र विपत्तिले अविलम्ब अत्याचारी मानिसलाई मेटोस्।

**भजन १४०ः१२-१३ः** धर्मी परमप्रभुमाथि ढुक्कसँग भरोसा गर्न सकिन्छ; यसको साक्षी दिएर यो भजन समाप्त हुन्छ। तिनको जीवनमा जेजस्तो आइपरे तापनि दाऊदलाई थाहा थियो, कि सत्यको जीत हुन्छ। किनकि परमप्रभु थिचोमिचोमा परेकाहरू र गरिब-हरूको पक्षमा हुनुहुन्छ। अनि धर्मी जनहरूले परमप्रभुलाई उहाँको सहायताको निम्ति धन्यवाद चढ़ाउने उचित कारणहरू पाउँछन्। अनि सीधा चाल चल्नेहरूले सदा-सर्वदा उहाँको उपस्थितिमा वास गर्नेछन्; अनि यसले गर्दा यस लोकको जीवनका सबै दुःखकष्टहरू हामीलाई सानो आलपिनले चस्स घोचेको जस्तो मात्र लाग्छ।

## भजन १४१ः तपाईंको सामु मेरो प्रार्थना चढ़ाइएको धूप ठहरिओस्!

**भजन १४१ः१ः** यस भजनको शुरुमा दाऊदले 'मेरो प्रार्थनाको सुनाइ भएको होस् र ग्रहणयोग्य भएको होस्' भनेर प्रार्थना गरेका छन्। गुहार माग्दै गरेको तिनको पुकार स्वर्गतिर चढ़दैथियो, जसमा तिनले परमप्रभुलाई 'मकहाँ झट्टै आउनुहोस् र मेरो पुकार ध्यानसित सुन्नुहोस्' भनेर विन्ती गरे।

**भजन १४१ः२ः** यो पद अत्यन्तै सुन्दर छ। तिनको प्रार्थना परमेश्वरको निम्ति धूपजस्तै आनन्ददायक र र मीठो सुगन्ध भएको होस्। अनि जब तिनले अन्तर्विन्ती गर्दा आफ्ना हातहरू उठाए, तब त्यसले परमप्रभुलाई बेलुकाको बलिदानजत्तिकै प्रभाव पारेको होस्।

**भजन १४१ः३-४ः** तर अब तिनका विशेष विन्तीहरू पेश गरिएका छन्ः तिनको खास फिक्री त यही कुरामा थियोः तिनी कतै भक्तिहीन मानिसहरूसित तिनीहरूको कुनै बोलीवचनमा वा तिनीहरूको कुनै कामकुरामा सहभागी हुन्छन् कि? तिनले यस प्रकारको सहभागिताबाट बिलकुल अलग रहन चाहे। यसकारण तिनले आफ्नो मुखको अघि एउटा पाले राखिमाग्छन्, तिनको मुखबाट कुनै अनुचित शब्द ननिस्कोस् भनेर। तिनले आफ्ना ओठहरूसित परमप्रभुलाई अनादर गर्ने शब्द किन बोल्ने? यसबाट बाँच्न तिनलाई तिनका ओठहरूको ढोकाको रखवालीको

खाँचो परेको थियो। त्यसपछि तिनको हृदयको कुरा आयोः भ्रष्ट मानिसहरूसित तिनीहरूका कुव्यवहारहरूमा संलग्न हुनदेखि बाँच्न तिनको हृदय यस प्रकारको झुकाउ र कुइच्छाबाट मुक्त हुनुपरेको थियो। तिनीहरूका सुख-सुविधाहरूमा सहभागी हुन तिनले चाहँदैनथिए, चाहे तिनीहरूका सुखहरू जतिसुकै आकर्षक र लोभलाग्दा किन नहोऊन्।

**भजन १४१:५:** परमेश्वरको भक्ति गर्ने मित्रहरूले दिएका सुझाउहरू, दोष र आलोचना अनि हप्कीहरू समझदार मानिसहरूले स्वागत गर्छन्। हामीले प्रायः आफैमा भएका भूलदोषहरू स्पष्ट रूपले देख्न सक्दैनौं, तर अरू मानिसहरूमा ती कुराहरू छरलङ्ग देख्छौं। अनि हाम्रो साँचो वास्ता गर्ने शुभचिन्तकहरूले मात्र हाम्रा भूलचूकहरू र हाम्रो दृष्टिदेखि ओझेल परेका कलङ्कहरू हामीलाई देखाउने आँट गर्छन्। त्यो त उनीहरूको तर्फबाट भएको दया हो; यसैले हामीले त्यो औषधि मानेर स्वागत गर्नुपर्छ।

'किनकि दुष्ट मानिसहरूका कामहरूको विरुद्धमा मेरो प्रार्थना अझ पनि जारी छ।' यहाँ अचानक प्रसङ्ग बदलिएको छ। तर यस वाक्यमा निम्न अर्थ लाग्लाः दाऊदले चार पदमा चढ़ाएको आफ्नो प्रार्थना यहाँ निरन्तरता दिए; ती दुष्ट मानिसहरूका अपराध ठहरिएका युक्तिहरू विफल भएका होऊन्। तर श्री जे. एन. डार्बीले (र के.जे.वी.-बाइबलले पनि) यस पदको खण्ड यसरी अनुवाद गरेका छन्: *'किनकि तिनीहरूका विपत्तिहरूमा मेरो प्रार्थना अझ पनि जारी छ।'* तब यस वाक्यांशमा निम्न अर्थ लाग्छः दाऊदले ती आफ्नो दयामा तिनको दोष देखाउने शुभचिन्तकहरूको निम्ति उनीहरूमाथि विपत्तिहरू आइपर्दा प्रार्थना गरिदिए। अनि अरू मानिसहरू पनि छन्, जसले यो वाक्य यसरी बुझ्छन्: तिनले आफ्ना शत्रुहरूको निम्ति तिनीहरूमाथि विपत्तिहरू आइपर्दा प्रार्थना गरिदिए। तर यस किसिमको दयालु ख्रीष्टिय भावना तिनमा भएको थिएन होला; किनकि दस पदले यस प्रकारको धारणा खण्डन गरेको छ।

**भजन १४१:६:** *'जब तिनीहरूका न्यायाधीशहरू भीरमाथिबाट खसालिन्छन्, तब तिनीहरूले मेरा वचनहरू सुन्नेछन्; किनभने ती मीठा छन्।'* तिनीहरूका न्यायाधीशहरू भन्नाले हामीले दुष्ट अपराधीहरूको गुटका नेताहरू बुझ्नुपर्ला। किनकि जब तिनीहरूले अनिवार्य रूपले आफ्नो पाउनुपर्ने दण्ड भोग्नेछन्, तब दाऊदका शब्दहरू सत्य रहेछन् भन्ने कुरा बाँकी पापी मानिसहरूले बल्ल बुझ्नेछन्।

**भजन १४१:७:** 'कसैले जमिन जोत्दा र माटोका डल्लाहरू फोर्दा भएझैं हाम्रा हड्डीहरू चिहानको मुखमा छरिएका छन्।' यहाँ सन्दर्भ इस्राएलका शत्रुहरूदेखि यहूदीहरूकहाँ सरेको हामीलाई लाग्छ। उनीहरूले सहेका सतावटहरू त खेतबारी जोतेको जत्तिकै पूर्ण थिए। अब उनीहरूका हड्डी र छालाबाहेक अरू केही रहेन, र ती हड्डीहरू निल्न चिहानले मुख बाइरहेको छ। यस कुराले हामीलाई इजकिएलले देखेको सुक्खा हड्डीहरूको दर्शनको सम्झना गराउँछ, जुन सुक्खा हड्डीहरूले इस्राएली जातिलाई सङ्केत गर्छन् (इजकिएल ३७:१-१४)।

**भजन १४१:८-१०:** अनि यी अन्तिम तीनवटा पदहरूमा भजनकारले आफ्नो छुटकाराको निम्ति र आफ्ना शत्रुहरूको विषयमा तिनीहरूले पाउनुपर्ने दण्ड पाऊन् भनेर प्रार्थना गरेका छन्। तिनले परमप्रभुको बाटो हेर्दैथिए; किनकि उहाँ तिनको एकमात्र शरणस्थान र सहारा हुनुहुन्थ्यो। यसकारण तिनको विन्ती थियोः ती भक्तिहीन मानिसहरूले पूरा निपुणताको साथ थापेका धराप-

हरूबाट तिनले छुटकारा पाऊन्, तर तिनीहरू आफ्नै पासाहरूमा फसून्।

## भजन १४२ः कसैले वास्ता गर्दैन

यस भजनको प्रसङ्गको कुरा गर्नु हो भने, दाऊद एउटा गुफामा लुकिबसेका थिए; किनकि तिनका शत्रुहरूले तिनलाई खेदो गर्दैथिए, र तिनका साथी-सङ्गीहरूले तिनलाई त्यागेका थिए।

**भजन १४२ः१-२ः** तिनी एकलै थिए; र पनि तिनले सोर निकालेर प्रार्थना गरे। यी त्यागिएका मानिसका क्रन्दन र अन्तर्विन्तीहरू यस ओड़ारमा गुँजन्थे। तिनले परमप्रभुको सामु आफ्नो गुनासो पोख्दैथिए; तिनी रिसाएका वा नाराज भएकै थिएनन्; तर तिनले परमप्रभुलाई आफ्नो दुःख र तकलिफ बताउन चाहे। आफ्नो बल-तागत सबको सब हराइसकेको बेलामा तिनको लागि सान्त्वनाको कारण यही थियोः तिनी कुन परिस्थितिमा थिए र कस्तो समस्याबाट भएर गइरहेका थिए, सो कुरा परमप्रभुलाई पूरा थाहा थियो।

**भजन १४२ः३-४ः** तिनका शत्रुहरूबाट तिनलाई लगातार खतरा आइरहेको थियो। तिनको गुनासोको मुख्य बुँदा यही थियो। तिनी हिँड्न लागेको बाटोमा तिनीहरूले जहिले र जहाँ पनि कुनै न कुनै पासो थाप्थे। तिनले आफ्नो दाहिनेतिर हेर्दैथिए, तर तिनको पक्षमा बोलिदिने कोही वकील वा कोही सहायक थिएनन्। तिनको आपत्कालीन अवस्थासित अरूको के सरोकार! कसैले तिनको ज्यानको वास्ता गर्दैनथियो। 'कसैले मेरो प्राणको वास्ता गर्दैन' भन्ने दोष लगाइ-रहेको चीत्कारबाट हाम्रो स्वार्थी, अव्यक्तिगत समाजलाई ठूलो आरोप लागेको छ; अनि हुन सक्छ, आजको सुतुवा मण्डलीलाई पनि यसको दोष कतै लाग्छ कि?

**भजन १४२ः५-७ः** ठिक्कै छ, तिनलाई मानिसको पक्षबाट कुनै सहायता मिल्दैन-थियो; र पनि तिनी परमप्रभुकहाँ जान सक्थे; उहाँ तिनको सक्षम शरणस्थान र जीवितहरूको देशमा तिनको परमधन्य भाग हुनुहुन्थ्यो। यसकारण दाऊदले परमप्रभुलाई यसो भन्दै विन्ती गरेः 'झट्टै मलाई छुटकारा गर्न आइदिनुहोस्; किनभने म अकलगुम र हैरान भएछु।' तिनको पिछा गर्नेहरूको हातमा तिनको भन्दा ठूलो शक्ति हुन्थ्यो; यसकारण परमप्रभुले तिनको कुभाग्य पल्टाएर तिनको निम्ति परिस्थिति अनुकूल पार्नुपरेको थियो। जब परमप्रभुले तिनलाई त्यस निर्वासन र सङ्कष्टरूपी कैदबाट छुटकारा दिनुहुनेथियो, तब दाऊदले परमप्रभुप्रति आफ्नो कृतज्ञता प्रकट गर्नेथिए।

अनि विश्वासीहरूले तिनको वरिपरि धुइरेर तिनलाई बधाई दिनेथिए, र परमप्रभुले तिनलाई गर्नुभएको उपकारको निम्ति उहाँलाई धन्यवाद चढ़ाउन तिनलाई साथ दिनेथिए। यी मानिसहरूको सम्बन्धमा श्री क्लार्कले यसो भनेका छन्ः 'हाम्रो सङ्कष्टमा हामीलाई साथ दिन नसक्नेहरू हाम्रो विजयमा सहभागी हुन सक्दा रहेछन्।' 102)

## भजन १४३ः क)देखि त)सम्म प्रार्थनाका विषयहरूको ठूलो पहुँच

बाह्रवटा पदहरू भएको यस भजनमा यति धेरै प्रार्थनाका विषयहरू र भजनलेखकका विभिन्न मनमुद्राहरूको सम्पर्कमा आउनु अचम्मको कुरा हो।

**भजन १४३ः१ः** *क) तिनको प्रार्थनाको सुनाइ होस् भन्ने अनुरोधः* 'सुन्नुहोस्, कान लगाउनुहोस्, जवाफ दिनुहोस्!' तिनले भन्न चाहेको कुराको निम्ति तिनका शब्दहरूको

कमि थिएन; तिनले आफ्नो विषयमा जोर दिन खोजेर यसो गरेका हुन्। दाऊदले परमेश्वरलाई यसो भन्दै विन्ती गरेः 'आफ्ना प्रतिज्ञाहरूप्रति विश्वासयोग्य हुनुहोस् र आफ्नो धार्मिकतामा मलाई उत्तर दिनुहोस्!' किनकि आफ्नो सहाराहीन दासलाई सुराक्षा दिनु उहाँको निम्ति पूरा न्यायसँगत काम हुनेथियो।

**भजन १४३ः२ः *ख)*** *पश्चात्तापः* परमेश्वरले तिनको विरोधमा मुद्दा लड्नु, अहँ, तिनले त्यो चाहँदैनथिए। किनकि परमेश्वरको न्याय तिनको निम्ति विनाशक हुनेथियो। हामी सबैजना पापी मानिस हौं। परमेश्वरले हामीबाट माग्नुभएको सिद्ध धार्मिकता हामी-मध्ये कसैसँग छैन; अहँ, यस प्रकारको धार्मिकता हामी पेश गर्नै सक्दैनौं। यसकारण मानिसले के गर्न सक्छ? उसले आफूलाई परमेश्वरको अनुग्रहमा सुम्पेर आफूलाई उहाँको निगाहको हातमा छोड्नुपर्छ।

यसकारण आउनुहोस्, हामी अयोग्य पापी पश्चात्ताप गरौं र आफ्ना पापहरू मानिलिऔं र प्रभु येशूलाई आफ्ना प्रभु र मुक्तिदाताको रूपमा ग्रहण गरौं! उहाँ हाम्रो पाप-बलि, हाम्रो प्रायश्चित्त हुनुहुन्छ। तब परमेश्वरले हामीलाई धर्मी ठहराउनुहुन्छ र आफ्नो धार्मिकता हाम्रो हिसाबमा लगाउनुहुन्छ; ख्रीष्ट येशूमा हामी स्वर्गको योग्य भयौं, पूरा योग्य छौं।

**भजन १४३ः३ः *ग)*** *तिनको घोर समस्याः* तिनको स्थिति अति नाजुक थियो। तिनको शत्रुले तिनलाई निरन्तर खेदो गरेको-गरेकै थियो। तिनले आफू मुक्काले हानिएर भुइँमा पछारिएको जस्तो महसुस गरे। तिनका सताउनेहरूले गर्दा तिनी विरही थिए, तिनी अन्धकारमा जिइरहेका थिए, तिनी लुकिरहेका थिए; अँ, उहिले मरिसकेका मुद्राहरू चिहानमा पड़िरहेझैं तिनलाई पूरा त्यागिएको र पूरा भुलिएको लाग्थ्यो।

**भजन १४३ः४ः *घ)*** *तिनको निराशाः* तिनको विचारमा, तिनले त्योभन्दा बढ़ी सहन सक्दैनथिए। तिनको आत्माले तिनलाई साथ दिन छोड़ूला-छोड़ूला जस्तै थियो, र तिनको हृदय पूरा शुष्क भएको थियो।

**भजन १४३ः५ः *ङ)*** *तिनलाई बितेका कुराहरूको सम्झना आयोः* तिनले विगत दिनहरू सम्झे, जुन दिनहरूमा परमेश्वरले तिनको निम्ति र इस्राएली जातिको निम्ति ठूला-ठूला छुटकाराहरू गर्नुभएको थियो। ती समयहरू कहाँ गए, खोइ?

**भजन १४३ः६ः *च)*** *तिनको उत्कटताः* तिनको प्रार्थनामा इमानदारी र जोश थियो। तिनले परमेश्वरतिर आफ्ना हातहरू विनयपूर्वक फैलाए।

***छ)*** *तिनको प्रबलताः* तिर्खाएको सुक्खा जमिनले जसरी ताजा पानीझरीको निम्ति तिर्खाउँछ, त्यसरी नै तिनले परमेश्वरको निम्ति तिर्खाउँथे।

**भजन १४३ः७ः *ज)*** *तिनलाई पूरा हतार भइरहेको थियोः* परमप्रभुले तिनको छुटकारा गर्न हतारिनुपरेको थियो; नत्र तिनीलाई निश्चित थाहा थियो, कि तिनी धेर बेर बाँच्न सक्दैनथिए।

***झ)*** *तपाईंको निगाह पाऊँ भन्ने तिनको अनुरोधः* परमेश्वरले तिनीदेखि आफ्नो अनुहार लुकाउनुभयो; तिनको विचारमा, कि त रिसाएर वा तिनमा चासो नराखेर उहाँले यसो गर्नुभएको थियो। परमेश्वरले तिनीदेखि आफ्नो अनुहार लुकाउनुभयो भने, तिनको मृत्यु सुनिश्चित हुनेथियो।

**भजन १४३ः८ः *ञ)*** *करुणाको निम्ति तिनको आग्रह थियोः* परमप्रभुले तिनीसित प्रेम र दयाका शब्दहरू बोल्नुभएको तिनले सुन्न पाऊन्। 'बिहानीपख' भन्ने शब्दको अर्थ सबेरै वा चाँड़ै हो।

***ट) मार्ग-दर्शन पाउन तिनको प्रार्थनाः*** एकजना भाइले यस पदको विषयमा यसो भनेका छन्ः हरेक मानिसले यो वाक्य आफ्नो आदर्श-वाक्यको रूपमा लिनु उचित छः *'जुन मार्गमा म हिँड्नुपर्छ, मलाई त्यो मार्ग जान्ने तुल्याउनुहोस्; किनकि म आफ्नो प्राण तपाईंतिर उठाउँछु।'* परमेश्‍वरबाटको अगुवाइ पाउनु हाम्रो निम्ति अति आवश्यक र अनिवार्य छ। किनभने हिँड्नुपर्ने बाटो हामी जान्दैनौं, न ता हाम्रो निम्ति कुनचाहिँ कुरा उत्तम हो, सो जान्दछौं। यसकारण बुझ्नुहोस्ः केवल परमेश्‍वरको निर्देशनअनुसार व्यातीत गरिएको जीवन यथार्थ, सफल र आनन्ददायक हुन्छ।

**भजन १४३ः९ः *ठ) छुटकारा पाउने तिनको अनुरोधः*** दाऊदका शत्रुहरूले तिनलाई हमला गरेका हुनाले तिनले छुटकारा र राहत पाउन परमप्रभुलाई पुकारे। तिनले आफ्नो सुरक्षाको निम्ति परमप्रभुमाथि बाहेक अरू कसैमाथि भरोसा गरेनन्। अनि तिनको त्यस एकनिष्ठ भरोसाको आधारमा अहिले तिनको विन्ती पेश गरिएको छ।

**भजन १४३ः१०ः *ड) शिक्षा पाउने तिनको विन्तीः*** भजनकारले परमेश्‍वरको इच्छा जान्न चाहे (पद ८ख); यति मात्र होइन, तर तिनले परमेश्‍वरको इच्छामा तालिम पाएको, आज्ञाकारी हृदय पाउन चाहे। किनकि परमेश्‍वर तिनको परमेश्‍वर हुनुहुन्थ्यो। अनि मलाई भन्नुहोस्, सृष्टि गरिएको प्राणीको निम्ति आफ्ना सृष्टिकर्ताको आज्ञापालन गर्नुभन्दा उत्तम कुरा अरू के हुन सक्थ्यो र?

***ढ) सुगम मार्गको निम्ति गरेको तिनको प्रार्थनाः*** हरेक मानिसको जीवनमा उतार-चढ़ाउहरू त आउँछन् नै। तर दाऊदको जत्तिकै अप्ठ्यारो बाटोमा सबैजना हिँड्नुपर्दैन। यसकारण दाऊदको चाहना थियो, कि परमप्रभुको भला आत्माले तिनलाई सुगम र समतल बाटोमा डोऱ्याएका होऊन्, यस हेतुले कि तिनले सामना गर्नुपरिरहेका डरलाग्दा खतराहरू र विपत्तिहरूदेखि तिनी मुक्त होऊन्।

**भजन १४३ः११ः *ण) जीवित रहने तिनको निवेदनः*** 'आफ्नो नामको खातिर' भन्दै तिनले आफ्नो जीवनको नित्य सुरक्षा परमेश्‍वरको महिमासित जोड़े। यसरी भजनकारले सर्वशक्तिमान्‌को हात र हृदय चलाउने उद्देश्यले आफ्नो प्रार्थनालाई सबैभन्दा बलियो टेवा दिए। त्यस्तै प्रकारले तिनले परमेश्‍वरको धार्मिकता आफ्नो विन्तीको बुँदा बनाएर पैरवी गरे; किनकि तिनले सङ्कष्टबाट छुटकारा पाउनुपर्ने एकमात्र कारण परमेश्‍वरको धार्मिकता थियो। योजस्तै शक्तिशाली प्रार्थना अरू कुनै छैन।

**भजन १४३ः१२ः *त) तिनका शत्रुहरूले पाउनुपर्ने दण्डको निम्ति तिनले प्रार्थना गरे।*** आफ्नो प्रार्थनाको अन्तमा तिनले परमेश्‍वरलाई के अनुरोध गरे भने, उहाँले आफ्नो करुणाको खातिर तिनका शत्रुहरूलाई खोजी-खोजी निकालून् र तिनीहरूलाई नाश गरून्। विनाश र करुणा – यी दुईवटा कुराहरू, हाम्रो विचारमा, परस्परमा कहिल्यै मिल्दैनन्। तर हामीले निम्न कुरा याद गर्नुपर्छः

> 'दुष्टहरूको विनाशद्वारा विश्‍वको भलाइ गरिएको हुन्छ; किनकि जब चोर पक्राउ पर्छ र त्यसलाई सजाय दिइन्छ, तब त्यस प्रकारको कारबाही समाजको निम्ति, अँ, मानिसजातिको निम्ति एउटा दयाको काम ठहरिन्छ; ठीक त्यस्तै हरेक झ्यालखानामा हामीले कृपा र न्यायको प्रतीक देख्नुपर्छ; किनकि झ्यालखाना समाजको निम्ति दयाको प्रदर्शनी हो, तर अपराधीहरूको निम्ति न्यायको प्रदर्शनी हो।' **103)**

*'किनकि म तपाईंको दास हुँ।'* दाऊदको अन्तिम विनयको आधार के थियो? तिनी

परमप्रभुको दास थिए। तिनी परमप्रभुको पक्षधर थिए। तिनले परमप्रभुको सेवा गरिरहेका थिए। अनि केवल उहाँले तिनका शत्रुहरूलाई हटाउनुभयो भनेदेखि तिनले उहाँको सेवामा निरन्तरता दिन सक्नेथिए।

## भजन १४४ः यी मानिसहरू धन्यका हुन्

यो भजन अरू भजनहरूबाट लिइएका टुक्राहरूबाट बनिएको छ; यसो भए तापनि ती टुक्राहरूमा क्रम नभएको होइन; किनकि तिनको बीचमा अविच्छिन्नता र निरन्तरता छ।

**भजन १४४ः१-२ः** शुरुमा दाऊदले परमेश्वरलाई पूरा श्रेय दिएका छन्ः तिनले आफ्नो जीवनका संघर्षहरूमा उहाँको खाँचो परेको; किनकि तिनले आफ्नो शत्रुलाई घरिघरि सामना गर्नुपर्दा तिनलाई यसको निम्ति सीप र निपुणता दिनुहुने उहाँ नै हुनुहुन्थ्यो। परमप्रभु तिनको चट्टान हुनुहुन्थ्यो, तिनको करुणा, तिनको किल्ला, तिनको उच्च गढ़, तिनको उद्धारक, तिनको ढाल, तिनको शरणस्थान र तिनको विजय हुनुहुन्थ्यो। तब तिनलाई अरू बढ़ी के चाहिन्थ्यो र?

**भजन १४४ः३-४ः** परमेश्वरको महानताको तुलनामा मानिस बिलकुलै महत्त्वहीन हुन्छ। तब परमेश्वरले मानिसमा चासो लिनुभएको कुरा एउटा अचम्मको कुरा हो। जाड़ो दिनमा मानिसको न्यानो सास प्रश्वास गर्दा चिसो हावामा बनेको बाफचाहिँ हाम्रो दृष्टिबाट हराइहाल्ने जस्तो हुन्छ, मानिस त्यस्तै हुन्छ – एउटा बितिजाने छायाजस्तो क्षणभङ्गुर हुन्छ। हुन त सारा मानिस-जातिको अवस्था यस्तै छ, तर हुन सक्छ, दाऊदले यहाँ विशेष गरी आफ्ना विरोधी-हरूको विषयमा यो कुरा गरे होलान्।

**भजन १४४ः५-८ः** यसउसले दाऊदले त्यस क्षणको निम्ति प्रार्थना गरे, जुन क्षणमा अजेय परमेश्वर आफ्ना क्षुद्र शत्रुहरूको विरुद्धमा निस्कनुहुनेछ। तर तिनले अदृश्य परमेश्वरको आगमन कसरी बयान गरून्? यसको एकमात्र उपाय त उहाँको प्रतापी प्रदर्शन कुनै न कुनै शब्दले कोर्नु हो; यस दिव्य प्रदर्शनमा सारा प्रकृतिमा हलचल मच्चिन्छ र सारा ब्रह्माण्ड हल्लिन्छ। जब परमेश्वर ओर्लनुहुन्छ, तब आकाश झुक्छ। उहाँले पहाड़हरू छुनुहुँदा ती धूवाँ फ्याँक्ने ज्वालामुखी बन्छन्। आकाशमा झिलिक-झिलिक बिजुली चम्कन्छ, सर्वशक्तिमान्ले काँड़हरू हान्नुभएको जस्तै। अनि जब तिनको शत्रु पूरा अस्तव्यस्त हुन्छ र परपर भाग्न थाल्छ, तब परमेश्वरले आफ्नो हात तल पृथ्वीतिर बढ़ाउनुहुन्छ र दाऊदलाई सङ्कष्टका उर्लंदा छालहरूबाट उद्धार गर्नुहुन्छ। उहाँ तिनलाई विदेशी आक्रमणकारीहरूको हात-देखि छुटाउनुहुन्छ। तिनीहरू झूट बोल्ने बानी भएका ढँटुवाहरू हुन्, जसले सत्य कुरा साबित गर्नुभन्दा बरु झूटा कुरा पुष्टि गर्न आफ्ना दाहिने हात शपथ खान उठाउँछन्।

**भजन १४४ः९-११ः** आफ्नो शत्रुबाट दिव्य छुटकारा पाएका भजनकारले परमप्रभुको निम्ति एउटा नयाँ गीत गाउनेछन्। दसतारे वीणा बजाएर तिनले उहाँकै स्तुति गाउनेछन्, जसले तिनलाई विदेशी विरोधी-हरूको विनाशकारी तरवारबाट बचाइ-दिनुभयो। ती मानिसहरूको झूट बोल्ने आदत थियो, जसले सत्य बोल्छु भन्ने शपथ खाएको बेलामा पनि झूट बोल्थे।

**भजन १४४ः१२ः** जब राजाले ती राजसत्ता पल्टाउन खोज्ने विनाशक तत्त्वहरूबाट छुटकारा पाउँछन्, तब तिनको राज्यको सुदिन शुरु हुनेछ, जसका आदर्श परिस्थितिहरू यहाँ गरेको बयानअनुसार हुनेछन्। वास्तवमा यस्ता सुनौला स्थितिहरू तबसम्म हुँदैनन्,

जबसम्म प्रभु येशू फर्केर आउनुहुनेछैन; तब उहाँले सबै प्रकारको विद्रोह चकनाचूर पार्नुहुनेछ र आफ्नो हजार वर्षको राज्य स्थापित गर्नुहुनेछ।

स्वस्थ परिवार यसको प्रथम आशिष हुनेछ। छोराहरू चङ्गाकुशल र तन्दुरुस्त हुनेछन्, हितकर र रूपवान् हुनेछन्, बलिया बोटबिरुवाजस्ता। तनेरीहरू राजमहलमा शिल्पकारले कुँदेका स्तम्भहरूजस्तै सर्वाङ्ग सुन्दर र रूपवती हुनेछन्।

**भजन १४४:१३-१५:** अनि खेतीपातीमा प्रशस्त उब्जनी हुनेछ। अन्न राख्ने भण्डारहरू र घाँसदाना राख्ने ठाउँहरू सबै किसिमको अन्न र अन्य उब्जनीले भरिभराउ हुनेछन्। हजारौं-हजार भेड़ाहरू मैदानहरूतिर चर्नेछन्, कत्रो फलिफाप! बस्तुभाउहरूमा कुनै बाँझोपन, कुनै अशुभ हुनेछैन, अथवा दोस्रो अर्थमा, गोरुहरू फसलका ठूला-ठूला भारहरूले थिचिनेछन्। 'कुनै तोड़फोड़ हुनेछैन, न ता बाहिरिनुपर्नेछ' अनि 'हाम्रा सड़कहरूमा कुनै हाहाकार मच्चिनेछैन' भन्ने वाक्यांशहरूको अर्थ यस प्रकारको होलाः देश विदेशी आक्रमण-कारीहरूबाट मुक्त हुनेछ, र जबरजस्ती कैदमा र निर्वासनमा लगिने परिस्थितिहरू हुनेछैनन्, अनि सड़कहरूहुँदो होहल्ला मच्चाउने जुलुसहरू र दङ्गाफसादहरू हुनेछैनन्।

योचाहिँ अपूर्व सुखको चित्र हो। परमप्रभुलाई आफ्ना परमेश्वर मान्ने मानिस-हरूको सुख यस्तो हुन्छ।

## भजन १४५ः 'नून' नामक अक्षर कसरी हराएको?

दाऊदको यो स्तुति-भजन हिब्रू वर्णमाला-अनुसार, वर्णको क्रमअनुसार मिलाएर रचिएको अक्षरबद्ध भजन हो। तर कालजयी मासोरेटिक हिब्रू पाण्डुलिपिमा तेह्र र चौधा पदको बीचमा 'नून' नामक चौधौं अक्षर गायब भएको छ। तर प्राचीन ग्रीक, सिरियाली र ल्याटिन अनुवादहरूमा निम्न वाक्य थपिएको छः 'परमप्रभु आफ्ना सबै वचनहरूमा विश्वासयोग्य र आफ्ना सबै कामहरूमा अनुग्रहकारी हुनुहुन्छ।'

अनि बिसौं शताब्दीमा मृत सागरमा फेला पारिएका हिब्रू चर्मपत्रहरूमा पनि त्यही गायब भएको 'नून' अक्षर-अन्तर्गतको उक्त पङ्क्ति भएको रहेछ।

**भजन १४५:१-३:** परमप्रभुको महानता यस भजनको विषयवस्तु हो। भजनकार हरेक दिन र सदा-सर्वदा अर्थात् वर्तमान समयमा र अनन्तसम्म आफ्ना परमेश्वर र राजाको तारिक गर्न, उहाँलाई धन्यको भन्न र उहाँको प्रशंसा गर्न पवित्र सङ्कल्प र जोशले जलेका छन्। तिनको यस कहिल्यै नसिद्धिने स्तुतिगानको टेक वा कोरसचाहिँ के थियो भने, 'परमेश्वर महान् हुनुहुन्छ; उहाँको महानता स्तुतिको अति योग्य छ र उहाँको महानताको लमाइ, चौधाइ, उचाइ र गहिराइ नापेर नाप्नै नसकिने असीम र अपार छ।'

**भजन १४५:४:** परमेश्वरका कामहरू र उहाँका शक्तिशाली कार्यहरूको प्रशंसापूर्ण वर्णन एउटा पुस्तादेखि अर्को पुस्तासम्म हुँदै जानेथियो। यसरी यस स्तुतिगानको अन्त कहिल्यै हुनेछैन।

**भजन १४५:५:** भजनकार आफैले परमेश्वरका अचम्मका कामहरूमा प्रकट भएको प्रतापको महिमापूर्ण सर्वश्रेष्ठताको विषयमा मनन गर्दै यस दिव्य छुटकाराको निम्ति आफ्नो कृतज्ञता प्रकट गर्दै रहनेथिए।

**भजन १४५:६:** न्यायको सम्बन्धमा परमेश्वरका भयानक कामहरूको सामर्थ्य मानिसहरूको बीचमा चर्चाको विषय हुने-थियो, र दाऊदले परमप्रभुको महानताको बयान अझै पनि गरिरहनेथिए।

**भजन १४५:७:** सबै ठाउँका मानिस-हरूले पूरा उत्साहित भएर परमप्रभुको ठूलो

भलाइको विषयमा उहाँको कीर्ति फैलाउनेथिए। अनि उहाँको धार्मिकताको महानता नै हर्षको गीतको विषयवस्तु हुनेथियो।

**भजन १४५:८:** परमप्रभुको अनुग्रह र दयामा उहाँको महानता छ। उहाँको आत्मसंयम ठूलो छ, र उहाँ अति करुणामय हुनुहुन्छ।

**भजन १४५:९-१०:** उहाँको भलाइ सबैको निम्ति हो, यसमा कुनै भेदभाव छैन; अनि उहाँले सृष्टि गर्नुभएका सबै प्राणीहरूप्रति उहाँको कोमल कृपा छँदैछ, यसैबाट कसैलाई बाहेक गरिएको छैन।

उहाँका सबै कामहरूले हाम्रा कानले नसुन्ने गरी उहाँलाई धन्यवाद चढ़ाउँछन्। ती सृष्टिका थोकहरूको अस्तित्वमा उहाँको बुद्धि र शक्ति प्रकट हुन्छ। अनि उहाँका पवित्र जनहरूले पनि एकै मनका भई उहाँको अपार सद्गुणहरूको निम्ति उहाँलाई धन्यका भन्दा रहेछन्।

**भजन १४५:११-१३:** अनि उहाँको राज्यमा पनि महानता छ। प्रताप र महिमा उहाँकै हुन्। उहाँका जनहरूले मानव-जातिका बाँकी सदस्य-सदस्याहरूलाई उहाँका कामहरूको महानताको विषयमा र उहाँको शासनको प्रकाशमान् गुणहरूको विषयमा बताउनेछन्। उहाँको राज्य एउटा अनन्त राज्य हो, र पुस्तौंपुस्तासम्म रहिरहनेछ।

**भजन १४५:१४:** परमप्रभु तिनीहरूको पक्षमा महान् हुनुहुन्छ, जसको जीवन बोझहरूले लादिएको हुन्छ, र उहाँले तिनीहरूलाई जीवित राख्नुहुन्छ; अनि बोझाहरू र समस्याहरूले दबिएकाहरूलाई उहाँ उठाउनुहुन्छ।

**भजन १४५:१५-१६:** त्यति मात्र होइन, तर उहाँ आहार र खानेकुराको प्रबन्ध गर्नमा महान् हुनुहुन्छ। उहाँले सृष्टि गर्नुभएका सबै प्राणीहरूले उहाँमाथि आशा-भरोसा राख्छन्; किनकि उहाँले तिनीहरूको निम्ति तिनीहरूलाई चाहिने आहार जुटाउनुहुन्छ। उहाँले खानेकुराहरू उमार्नुपर्छ र तयार गर्नुपर्छ, त्यसपछि वितरण गर्नुपर्छ – यो कति अद्भुत व्यवस्थापित महाकार्य हो! तर उहाँलाई केही गाह्रो पर्दैन; आफ्नो मुट्ठी खोलेरै उहाँले विश्वभरि आफ्ना अनगिन्ती प्राणीहरूलाई खुवाउनुहुन्छ। कति महान् परमेश्वर!

**भजन १४५:१७:** उहाँ आफ्नो धार्मिकता र दयामा महान् हुनुहुन्छ। उहाँले गर्नुभएको कुनै पनि काम गलत हुँदैन, निर्दय हुँदैन। परमेश्वर मात्र यी सद्गुणहरूले युक्त हुनुहुन्छ। उहाँ यी कुराहरूमा सिद्ध हुनुहुन्छ।

**भजन १४५:१८:** उहाँ आफ्नो दीनतामा र आफ्नो नजिकपनमा पनि महान् हुनुहुन्छ; किनकि उहाँ सधैं उहाँलाई सच्चा हृदयले खोज्नेहरूको नजिकमा हुनुहुन्छ।

**भजन १४५:१९:** उहाँ बचाउनमा पनि महान् हुनुहुन्छ। पश्चात्ताप गरेर र विश्वास लिएर उहाँकहाँ आउनुहोस्, किनकि उहाँ यसरी उहाँकहाँ आउने कसैलाई, अँ, तपाईंलाई पनि पन्छाउनुहुन्न।

**भजन १४५:२०:** उहाँलाई प्रेम गर्ने सबैको रक्षा र देखभाल गर्नमा उहाँ महान् हुनुहुन्छ। उनीहरूका सबै चिन्ता-फिक्रीहरू उहाँमाथि राख्न उहाँले उनीहरूलाई आफूकहाँ आउन निम्त्याउनुभएको छ।

अन्तमा, उहाँ आफ्नो क्रोधमा पनि महान् हुनुहुन्छ। अन्तिम आएर सबै दुष्टहरू नाश हुनेछन्।

**भजन १४५:२१:** दाऊदले सदा-सर्वदा यत्रो महान् परमेश्वरको प्रशंसा गर्न दृढ़ सङ्कल्प गरे, र अरू सबैलाई 'यसै गर' भन्ने प्रोत्साहन दिएका छन्।

दाऊदबाट प्रेरित भई मलाई गायब भएको 'नून' नामक अक्षरको विषयमा यो भन्न मन लाग्यो: सारा सृष्टिले परमप्रभुको प्रशंसा गरिरहेको छ; यसकारण तपाईंको निम्ति मेरो

सल्लाह छ, यस महिमित कार्यमा भाग नलिएकाहरूमध्ये नहुनुहोस्!

## भजन १४६ः याकूबका परमेश्वरका महिमायुक्त सद्गुणहरू

**भजन १४६ः१ः** पहिलो पदमा 'स्तुति गर' भन्ने दुईवटा आज्ञासूचक शब्दहरू छन्। यी आज्ञाद्वारा भजनकारले आफैलाई परमप्रभुको स्तुति गर्ने आह्वान गरेका छन्।

**भजन १४६ः२ः** अनि दोस्रो पदमा दुईवटा घोषणात्मक वाक्यहरू छन्; तिनले उक्त आज्ञाहरू कसरी पूरा गर्नेथिए, सो कुरा देखाउँदै यस प्रकारले जवाफ दिएः *'मेरो जीवनभरि नै म परमप्रभुको स्तुति गर्नेछु; ममा जीवन रहुन्जेल म मेरा परमेश्वरको स्तुति गाउनेछु।'* यहाँ एकजना मानिस र उसको आत्माको बीचमा एउटा सुन्दर वार्तालाप भइरहेको छ।

**भजन १४६ः३-४ः** भजनको बाँकी भागमा मानिस होइन, तर परमेश्वर मात्र हाम्रो पूरा भरोसाको योग्य हुनुहुन्छ भन्ने कुरा स्पष्ट पारिन्छ। मानिसमाथि भरोसा गर्नुहुँदैन, अँ, मानिसहरूको बीचमा श्रेष्ठ मानिएका शासकहरूमाथि धरि भरोसा राख्नुहुँदैन भन्ने पाठ हामीमध्ये धेरैजनाले छिटो सिक्नुपर्छ। मानिसहरूमध्ये सर्वश्रेष्ठ जन पनि केवल एकजना मरणशील मानिस हुन्। तिनीहरूले आफैलाई बचाउन सक्दैनन्, तब अरूलाई बचाउने कुरा पर जाओस्! जब मानिसको हृदयको धड्कन बन्द हुन्छ, तब ऊ मर्छ, उसको लास दफन गरिन्छ र उसको शरीर माटोमा फर्किजान्छ। मृत्युको दिनमा त्यस मानिसका सबै ठूला-ठूला योजना र कल्पनाहरू नष्ट हुन्छन्। तब मानिसको विषयमा हामी परमेश्वरको वचनको राय सुनौंः मानिस त भर पर्न नसकिने, शक्तिहीन, मरणशील, क्षणभङ्गुर प्राणी हो।

**भजन १४६ः५ः** तर याकूबका परमेश्वर, यी अयोग्य व्यक्तिका परमेश्वरमाथि भरोसा राख्नु नै सुखको मार्ग हो, सहायता र आशा पाउने उपाय हो। उहाँ हाम्रो पूरा भरोसाको योग्य हुनुहुन्छ; यसको निम्ति निम्न कारणहरू पेश गरिएका छन्, जस्तैः

**भजन १४६ः६ः *क)*** *उहाँ सर्वशक्तिमान् सृष्टिकर्ता हुनुहुन्छ।* उहाँले आकाश, पृथ्वी, समुद्र र विश्वमा भएका सबै प्राणीहरू सृष्टि गर्नुभयो। उहाँले यत्रो महान् काम गर्नुभयो; तब उहाँले गर्न नसक्नुहुने कुरा के छ र?

***ख)*** *उहाँ भरोसाको योग्य हुनुहुन्छ।* उहाँले सत्यता सदा-सर्वदा कायम राख्नुहुन्छ। उहाँ झूट बोल्न सक्नुहुन्न; अनि आफूले बोल्नुभएको वचन फिर्ता लिनु उहाँको निम्ति असम्भव छ। यसकारण उहाँमाथि भरोसा राख्नुमा कुनै जोखिम छैन। उहाँ कहिल्यै विफल हुनुहुन्न।

**भजन १४६ः७ः *ग)*** *उहाँ असहायहरूको वकील हुनुहुन्छ।* धर्मी जनहरूको सठीक न्याय हुनेछ र उनीहरूको मुद्दाको जीत हुनेछ भन्ने कुरा उहाँ सुनिश्चित गर्नुहुन्छ। अन्यायका छालहरू उनीहरूको विरुद्धमा उठ्लान्, तर न्यायको तरङ्गले जित्नेछ; यो निश्चित छ।

***घ)*** *उहाँ असल प्रबन्धक हुनुहुन्छ।* उहाँले आत्मिक रूपले भोका भएकाहरूलाई र शारीरिक रूपले भोका भएकाहरूलाई भोजन दिनुहुन्छ। उहाँले हामीलाई आफ्नो प्रीति-भोजमा ल्याइदिनुहुछ र हाम्रो निम्ति कत्रो भोज टेबलमाथि सजाउनुहुन्छ!

***ङ)*** *उहाँ सक्षम उद्धारक हुनुहुन्छ।* उहाँले कैदीहरूलाई विभिन्न किसिमका कैदबाट छुटाउनुहुन्छ, जस्तैः मानिसहरूको शोषण र थिचोमिचोबाट, पापका साङ्लाहरूबाट, संसारको कब्जाबाट, शैतानको बन्धनबाट र स्वार्थी जीवन जिउनुबाट उहाँ मुक्त गर्नुहुन्छ।

**भजन १४६ः८ः *च)*** *उहाँ दृष्टिदान दिनुहुन्छ।* परमप्रभुले अन्धाहरूका आँखाहरू

खोलिदिनुहुन्छ। कोही मानिसहरू शारीरिक रूपले अन्धा हुन्छन्, तर कोही मानिसहरू मानसिक र आत्मिक रूपले अन्धा हुन्छन्। कोही जन्मजात अन्धा छन् भने, अरू कोही दुर्घटनामा परेर अन्धा हुन्छन्, अनि फेरि अरू कोही स्वेच्छाले अन्धा हुन्छन्। तर कुनै पनि अन्धापना निको पार्न उहाँको निम्ति कठिन छैन।

**छ)** *उहाँ उत्साह दिनुहुन्छ।* उहाँले फिक्रीचिन्ता, दुःखकष्ट र शोकरूपी बोझले थिचिएकाहरूलाई उत्साह दिएर तिनीहरूका थाकेका, शिथिल आत्माहरू उठाउनुहुन्छ।

**ज)** *उहाँ असल मानिसहरूलाई मन पराउनुहुन्छ र प्रेम गर्नुहुन्छ।* यही सन्दर्भमा श्री अल्बर्ट बार्नेसले यसो लेखेका छन्ः

> 'परमेश्वरले उहाँको व्यवस्था पालन गर्नेहरूलाई प्रेम गर्नुहुन्छ, किनकि उनीहरूले सठीक काम गर्छन्। परमेश्वरको विशेषता यही हो, र उहाँको प्रशंसा गर्ने जग पनि यही हो।'

**भजन १४६:९: झ)** *उहाँ निर्वासितहरूको रक्षक हुनुहुन्छ।* उहाँले परदेशीहरू, प्रवासीहरू र देशबाट निर्वासित भएकाहरूको कुशलक्षेममा पूरा चासो राख्नुहुन्छ। स्वर्गका यात्रीहरूले परमप्रभुमा एक साँचो शान्तिदाता पाउँछन्।

**ञ)** *उहाँ बिछोड़ले शोकसंतप्त हुनेहरूको मित्र हुनुहुन्छ।* उहाँले टुहुरा, विधवा र कुनै सहायक नभएका सबैलाई सम्हाल्नुहुन्छ।

**ट)** *उहाँ दुष्ट मानिसहरूको न्यायकर्ता हुनुहुन्छ।* उहाँ भक्तिहीन मानिसहरूका सुनियोजित युक्तिहरू व्यर्थका तुल्याउनुहुन्छ र दुष्टहरूको मार्गको अन्त विनाशमा टुङ्ग्याउनुहुन्छ।

**भजन १४६:१०: ठ)** *उहाँ अनन्त राजा हुनुहुन्छ।* मानिसको जीवन क्षणिक छ, तर परमेश्वर अनन्त हुनुहुन्छ। ठूलो भिन्नता यसैमा छ। परमप्रभुले सदा-सर्वदा पुस्तौं-पुस्तासम्म राज्य गर्नुहुनेछ। हल्लेलूयाह, याहको स्तुति गर!

उहाँलाई चिन्न पाउनुभएकोमा तपाईं कति खुशी हुनुहुन्छ, होइन र?

## भजन १४७ः यरूशलेम पुनर्स्थापित भयो, परमेश्वरको स्तुति होस्!

सर्वमान्य कुरा हो, कि यो भजन गाएर बेबिलोनको कैदबाट फर्केकाहरूले यरूशलेमको पुनर्स्थापनामा उत्सव मनाउँदैथिए। त्यस उपलक्ष्यमा उत्सव मनाउन उचित थियो भने त ख्रीष्ट राजा फर्केर आउनुभएपछि र अन्तमा यरूशलेमको र यहूदी जातिको भाग्य पुनर्स्थापित भएपछि झन् बढ़ता गरी उत्सव मनाउन अर्थपूर्ण हुनेछ।

यस भजनको रूपरेखा यस प्रकारको छः

भजन १४७:१ः परमप्रभुको स्तुतिप्रशंसा गर्न कति उपयुक्त छ!

भजन १४७:२-६ः क) किनकि उहाँले इस्राएल देशको पुनर्स्थापना गर्नुभयो।

भजन १४७:७-९ः ख) किनभने परमेश्वरले प्रकृतिमा आफ्ना सृष्टि गर्नुभएका प्राणीहरूको निम्ति प्रबन्ध गर्दै हुनुहुन्थ्यो र गर्दै हुनुहुन्छ।

भजन १४७:१०-११ः ग) किनकि उहाँ शारीरिक कुराहरूमा भन्दा बढ़ी आत्मिक कुराहरूमा प्रसन्न हुनुहुन्छ।

भजन १४७:१२-१४ः घ) किनभने यरूशलेमप्रति उहाँको भलाइ जारी नै रहेको छ।

भजन १४७:१५-१८ः ङ) किनकि प्राकृतिक तत्त्वहरू उहाँको नियन्त्रणमा छन्।

भजन १४७:१९-२०ः च) इस्राएली जातिप्रति उहाँको विशेष निगाह छ।

**भजन १४७ः१ः** परमप्रभुको स्तुति गाउनु असल हो; यो मनोहर र अति सुहाउँदो हुन्छ भन्ने कुरा नयाँ जन्म पाएको मानिसलाई भन्नुपर्दैन; किनकि उसको नयाँ स्वभावको सहजबुद्धिले उसलाई यो बताइहाल्छ।

**भजन १४७ः२-४ः** परमप्रभु पुनर्स्थापना गर्नुहुने परमेश्वर हुनुहुन्छ। परमेश्वरको स्तुति होस्, किनकि उहाँले यरूशलेमको पुनर्निर्माण गर्नुभयो! उहाँको स्तुति होस्, किनभने उहाँले इस्राएली जातिका निर्वासित मानिसहरूलाई कैदबाट फर्काएर ल्याउनुभयो। हो, इस्राएली जाति चुक्यो; हो, यहूदी मानिस चुक्यो; तर यसले गर्दा परमेश्वरले उनीहरूलाई पूरा त्याग्नुभएन। उहाँ आफ्नो अनुग्रहमा उनीहरूको पुनर्स्थापना गर्नुहुन्छ। कसरी? उहाँले टुटेको हृदय भएकाहरूलाई निको पार्नुहुन्छ र उनीहरूका चोटहरूमा मलहम-पट्टी बाँध्नुहुन्छ। अनि उहाँले ताराहरू गनेर तिनीहरूको योगफल निकाल्नुहुन्छ, र ती सबैको एक-एक नाम लिनुहुन्छ; यसको अर्थ के हो त? उहाँले आफ्ना जनहरूको सङ्ख्या गन्नुभएको र उनीहरूको बीचमा एक-एकजनालाई व्यक्तिगत रूपले र घनिष्ठ रूपले चिन्नुभएको, के यसको अर्थ यो होइन र?

तीन पदमा परमप्रभुको कोमल दया बयान गरिएको छ र चार पदमा उहाँको अपरम्पार ज्ञानको कुरा लेखिएको छ। यसरी सँगसँगै पेश गरिएका यी दुईवटा कुराहरूले श्री आर्किबाल्ड जी. ब्राउनलाई निम्न उद्गार निकाल्ने प्रेरणा दिए:

> 'हे पवित्र आत्मा, विनम्र भई हामी श्रद्धा-भक्तिको भयको साथ यसो भन्न आँट गर्छौंः अघि तपाईंले कहिल्यै पवित्र धर्मशास्त्र बाइबलको कुनै ठाउँमा निम्न दुईवटा वचनहरूजस्तै अति सुन्दर वाक्यहरू भेला पारेर सँगसँगै राख्नुभएनः "उहाँले टुटेको हृदय भएकाहरूलाई निको पार्नुहुन्छ र ताराहरूको सङ्ख्या जान्नुहुन्छ।" ' 104)
>
> उहाँको निको पार्ने हात टुटेको हृदयमाथि राखिएको छ, र उहाँको अर्को हात तारामाथि राखिएको छ;
>
> जुन कुराहरू हाम्रो विचारमा एक-अर्काबाट अति टाढ़ा छन्, ती कुराहरू हाम्रा अचम्मका परमेश्वरको दृष्टिमा अलिकति पनि टाढ़ा रहेनछन्।
>
> श्री एम. पी. फेर्गुसन

**भजन १४७ः५-६ः** उहाँ महान् प्रभु हुनुहुन्छ, उहाँको शक्ति अत्यन्त छ, अँ, असीमित हुन्छ; अनि उहाँको समझ अपार छ। उहाँले थिचोमिचोमा परेकाहरूलाई पुनर्जागृत गराउनुहुन्छ र ढाढ़स दिनुहुन्छ; तर उहाँले तिनीहरूको थिचोमिचो गर्नेहरूलाई भुइँमा पछार्नुहुन्छ।

**भजन १४७ः७-९ः** अनि परमेश्वरलाई धन्यवाद दिनुपर्ने र उहाँको प्रशंसा गर्ने अर्को कारण छः उहाँले प्रकृतिमा सबै प्राणीहरूको निम्ति उत्तम प्रबन्ध गर्नुभएको छ। हामी आकाशमा फिँजिएका बादलहरूको निम्ति धन्यवादी हुनुपर्छ, र यसको निम्ति उहाँको स्तुति गाउनुपर्छ। हामीले मीठो धुनमा उहाँको गुणगान गाउनुपर्छ, पानी-झरीको निम्ति र यसबाट धरतीलाई हुने सबै लाभहरूको निम्ति। पहाड़हरू ढाक्ने घाँसपातहरूको निम्ति पनि हामीले उहाँको प्रशंसा गर्नुपर्छ। बादल, वृष्टि र घाँसपातको ठूलो महत्त्व र तिनका भूमिकाहरूको विषयमा किताबै-किताबहरू लेख्न सकिन्थ्यो।

उहाँ अति महान् हुनुहुन्छ; तर उहाँ वनपशुहरूको फिक्री गर्नुहुन्छः तिनीहरूले आहार पाए कि पाएनन्? अनि उहाँ कागका भोकाएका बचेराहरू कराइरहेको कर्कश सोर सुनिदिनुहुन्छ।

**भजन १४७ः१०-११ः** परमप्रभु दण्डवत्को योग्य हुनुहुन्छ; किनकि उहाँले शारीरिक कुराहरूमा भन्दा आत्मिक

कुराहरूमा चासो राख्नुहुन्छ। घोड़सवार फौजका घोड़ाहरू वा पैदल सेनाहरूका बलिया-बलिया खुट्टाहरू देखेर उहाँ वाह-वाह गर्नुहुन्न। अर्कै शब्दमा भन्नु हो भने, उहाँ घोड़दौड़मा दौड़िने घोड़ाहरूसँग अथवा अन्तर्राष्ट्रिय खेल प्रतियोगितामा होड़बाजी गर्ने खेलाड़ीहरूसित सरोकार राख्नुहुन्न। तर परमप्रभु उनीहरूसँग प्रसन्न हुनुहुन्छ, जसले उहाँको भय मान्छन्, उहाँको आदर गर्छन् र उहाँको कृपामाथि आशा राख्छन्।

**भजन १४७:१२-१४:** यरूशलेमप्रति उहाँको भलाइ जारी रहेकोको निम्ति पनि मानिसहरूले उहाँलाई श्रद्धाभक्ति चढ़ाउनुपर्छ। यस सम्बन्धमा चारवटा आशिषहरू पेश गरिएका छन्, जस्तैः

**क)** *नागरिकहरूको सुरक्षाः* बाहिरबाट आउने आक्रमणबाट सुरक्षित राख्न उहाँ शहरका मूल-ढोकाहरूका आग्लाहरू बलिया पार्नुहुन्छ।

**ख)** *जनजीवनमा हुने सुखचैनः* यसका बासिन्दाहरूले सुखमय, आशिषले पूर्ण जीवन उपभोग गर्छन्।

**ग)** *देशको शान्तिः* इस्राएल देशको सीमाहरूभित्र उहाँ शान्ति स्थापित गर्नुहुन्छ।

**घ)** *कृषि-विकास र समृद्धिः* उहाँले मानिसहरूलाई उत्तमभन्दा उत्तम भोजनले तृप्त पार्नुहुन्छ।

**भजन १४७:१५-१८:** परमप्रभुको प्रशंसा गर्दा उहाँले प्राकृतिक तत्त्वहरू नियन्त्रण गर्नुभएको कुरा हामीले बिर्सनुहुँदैन। जब उहाँ आदेश दिनुहुन्छ, तब यी आदेशहरूले तुरुन्तै घतलाग्दा परिणामहरू ल्याइहाल्छन्: धरती हिउँले ढाकिन्छ, ऊनी कम्बलले झैं। उहाँ जमिनमाथि तुसारैतुसारा छर्नुहुन्छ, सेतो खरानीजस्तै। जब जोड़तोड़ले असिना झर्न थाल्छन्, तब कोचाहिँ ओत नलागी रहन सक्छ र? त्यसपछि उहाँले आफ्ना आदेशहरू बदल्नुहुन्छ, अनि वरफ र हिउँ पग्लन थाल्छन्। दक्षिणको हावाले तापक्रम बढ़ाउँछ, र बसन्तको ऋतु शुरु हुन्छ। अनि मानिसको जीवनको सम्बन्धमा कुरा उस्तै छः अँध्यारो, चिसो शीतकालपछि न्यानो बसन्त-बहार आउँछ।

**भजन १४७:१९-२०:** अन्तमा, इस्राएली जातिप्रति उहाँको विशेष निगाह छ। यसको सिलसिलामा पनि हामीले उहाँलाई पनि आदर दिनुपर्छ। किनकि उहाँले केवल यस जातिलाई आफ्नो व्यवस्था दिनुभयो र उनीहरूसँग वाचाहरू बाँध्नुभयो। संसारको अरू कुनै जातिले यत्रो निगाह, यत्रो सौभाग्य पाएको छैन। अन्यजातिहरूले उहाँका नियमहरू प्राप्त गरेनन्। यस सम्बन्धमा श्री जर्च विलियम्स्ले यसो लेखेका छन्:

> 'परमेश्वरले इस्राएली जातिलाई आफ्नो वचनको भण्डारीको रूपमा र संसारसित बोल्ने माध्यमको रूपमा छान्नुभयो (पद १९ र २०); यस कुराले मोशा र पावललाई आश्चर्यचकित तुल्यायो र उनीहरूलाई उहाँको आराधना गर्ने प्रेरणा दिलायो (व्यवस्था ४:८; रोमी ३:२ र ११:३३)।' 105)

## भजन १४८: सारा सृष्टिको गायक-मण्डल

मैले धेरै गायक-मण्डलहरू देखेको र गाएका सुनेको छु, तर योजस्तो चाहिँ मैले कहिल्यै देखिनँ। योचाहिँ सृष्टिका जीव र निर्जीव सबै थोकहरूले बनेको छ। ब्रह्माण्ड यस गायक-मण्डलको विशाल मञ्च भएछ, जहाँ गायकहरूको एक पङ्क्तिको पछाड़ी अर्को पङ्क्ति हुँदै असङ्ख्य श्रेणीहरू हुँदा रहेछन्।

**भजन १४८:१-६:** सबैभन्दा उच्च श्रेणीमा स्वर्गदूतहरू छन्, जसले स्वर्गबाट

परमप्रभुको स्तुति गरिरहेका छन् र स्वर्गका सेनाहरूले परमप्रभुको गुणगान गरिरहेका छन्।

दोस्रो श्रेणीमा सूर्य, चन्द्रमा र ताराहरू आउँछन्। तिनीहरूको सङ्गीत प्रस्तुत गर्ने निर्धारित स्थल आकाश-मण्डल हो। सर्वोच्च आकाश र जलयुक्त बादलहरूले 'परमधाममा परमेश्‍वरलाई महिमा भइरहोस्' भन्दै गाइरहेका छन्। सबैले परमेश्‍वरलाई आफ्ना सृष्टि-कर्ताको रूपमा आदर-सम्मान गरिरहेका छन्, जसले वचन बोलेर संसारहरू सृष्टि गर्नुभयो। उहाँले आफ्नो सृष्टिलाई स्थायिता र स्थिरता प्रदान गर्नुभयो। अनि उहाँले आफ्नो सृष्टिमा अपरिवर्तनशील नियमहरू हाल्नुभयो।

**भजन १४८:७-८:** त्यसपछिको श्रेणीमा आउँछन्: सागरहरूमा चलफिर गर्ने विशाल जल-जन्तुहरू र हूलका हूल माछा र अन्य जन्तुहरू। ती जन्तुहरूले पनि गवाही दिन्छन्, कि परमेश्‍वरको हातले तिनीहरूलाई बनाएको हो।

अनि आगो, असिना, हिउँ, बादलहरू र आँधीबतास – ती सबैले उहाँका आदेशहरू खुरुक्कै मानिहाल्छन्। तब याद रहोस्: ऋतुहरू र हावापानी परमप्रभुको नियन्त्रणमा रहेका छन् र तिनीहरूले उहाँको इच्छा पूरा गर्नुपर्छ; किनभने तिनीहरूको बागडोर उहाँको हातमा छ।

**भजन १४८:९-१०:** त्यसपछि आउँछन्: पहाड़हरू र सबै डाँड़ाहरू; तिनीहरूले बड़ो श्रद्धापूर्वक आफ्ना शिरहरू उचाल्छन्।

अनि सबै रूखहरू उपस्थित छन् – फल लाग्ने र काठ बन्ने रूखहरू। तिनीहरूले उहाँको नामको सम्मान गर्न आ-आफ्ना हाँगाहरू उचाल्छन्।

वन-पशुहरू र घरेलु पशुहरू, घस्रने जन्तुहरू र चराचुरुङ्गीहरू – ती सबै पशुप्राणीहरूले परमप्रभुको बुद्धि र शक्तिको गुण गाउँछन्।

**भजन १४८:११-१२:** हामी यस गायक-मण्डलको अघिल्लो पङ्क्तितिर आइरहेका छौं, जहाँ हामी राजाहरू, शासकहरू र सबै उच्च पद-अधिकारी र सरकारी कर्मचारीहरू, साथै साधारण मानिसहरूको ठूलो जमात देख्छौं। युवकहरू र युवतीहरू, वयोवृद्ध मानिसहरू र केटाकेटीहरू – यी सबैजनाले स्वर्गतिर उठाइएका आँखाहरू र खुला मुखले परमप्रभुको आराधना गर्छन्।

**भजन १४८:१३-१४:** त्यहाँ एकत्रित भएको विशाल गायक-समूहले परमप्रभुको उही नामको प्रशंसा गरिरहेका छन्, जुन परमप्रभुको महिमा अपरम्पार छ र जसको नाम सबै नामहरूभन्दा उच्च छ। अनि यस समूह-गीतको विशेष विषय छ; तिनीहरूले परमप्रभुले इस्राएली जातिको निम्ति गर्नु-भएको उपकारको खातिर उहाँको बढ़ीबढ़ाउ र तारिक गरिरहेका छन्। किनकि उहाँले आफ्नो प्रजाको निम्ति एउटा सिङ खड़ा गर्नुभएको छ अर्थात् तिनीहरूका मसीह राजालाई खड़ा गर्नुभएको छ। यसर्थ प्रभु येशूको दोस्रो आगमनमा परमेश्‍वरले आफ्ना पवित्र जनहरूलाई उहाँको प्रशंसा गर्ने विशेष अवसर दिनुहुँदो रहेछ। इस्राएलीहरू त्यस गायक-समूहको अग्र-पङ्क्तिमा उभिएका छन्; किनकि उनीहरू उहाँको नजिकमा छन्; अनि यस पुनर्स्थापना-प्राप्त इस्राएली जातिद्वारा परमप्रभुको आशिष निस्केर सारा संसारमा पुग्नेछ। अनि यही कारणले अन्तमा यस गायक-समूहले उत्कर्ष सोरमा 'हल्लेलूयाह' गाउन स्वरमा स्वर मिलाउँछ। 'परमप्रभुको स्तुति गर!'

## भजन १४९: परमेश्‍वरका उच्च प्रशंसाहरू

यस भजनका दुईवटा भागहरू छन्। पहिलो भागमा अर्थात् भजन १४९:१-६[क]

पदहरूको खण्डमा पवित्र जनहरूले गीत गाउँछन्। अनि दोस्रो भागमा अर्थात् भजन १४९:६ख-९ पदहरूको खण्डमा उनीहरूले राज्य गर्छन्। यहाँ कुन समयमाथि दृष्टि लगाइएको छ? यस भजनले प्रभु येशू यस पृथ्वीमा फर्केर आउनुहुने समय ताकेको छ, जब उहाँले उहिलेदेखि प्रतीक्षा गरिएको आफ्नो राज्य स्थापित गर्नुहुनेछ।

**भजन १४९:१-३:** इस्राएली जातिले त्यस बेलामा एउटा नयाँ गीत गाउनेछ, जुन नयाँ गीतको बोलचाहिँ परमेश्‍वरको सृष्टि, उहाँको उद्धार र उहाँको राज्यसित सम्बन्धित छ। उनीहरू परमप्रभुमा आनन्दित हुनेछन्, किनकि उहाँले इस्राएली जातिको कर्ता हुनुहुन्छ, जसले उनीहरूको प्राकृतिक अस्तित्व र उनीहरूको आत्मिक अस्तित्व उत्पन्न गर्नुभयो; अनि उहाँ उनीहरूको महिमित राजा हुनुहुन्छ।

उनीहरूले गीत गाएर उहाँको प्रशंसा मात्र कहाँ गर्छन् र! उनीहरू नाचेर पनि उहाँको स्तुति गर्छन्। विश्‍वासीहरू नाचेका – यो के हो? हो, उनीहरू परमप्रभुको सामु पवित्र र शुद्ध आनन्द र खुशीयालीमा नाचिरहेका रहेछन्। नाचद्वारा साँचो आत्मिक आनन्द र परमेश्‍वरको उपासना व्यक्त गर्न सकिन्छ; अनि हाम्रो नाच यस्तो छ भने, यो परमेश्‍वरको दृष्टिमा ग्रहणयोग्य हुन्छ। तर यो पद लिएर हिजोआज चल्ती भएको नाचगान औचित्य तुल्याउने प्रयास अर्को कुरा हो। नाचको सदुपयोग हुन्छ र त्यसको दुरुपयोग पनि हुन्छ; यी दुईवटा कुरामा धेरै भिन्नता छ। अनि भजनकारले यहाँ यस नाचको विषयमा कुरा गरेका छन्, जुन नाच परमेश्‍वरको दृष्टिमा ग्रहणयोग्य छ। अनि यही कुरा बाजा-गाजाहरूमा पनि लागू हुन्छ। खैंजड़ी र वीणाहरूमा कुनै भावना भएदेखि तिनीहरूले अवश्य प्रभुको निम्ति मधुर ध्वनि निकाल्ने-थिए। तर के गर्ने? यी बाजाहरू प्रायः शारीरिक आनन्दको निम्ति काममा लगाइन्छन्, जुन कुराचाहिँ तिनीहरूको दुरुपयोग गरेको गनिन्छ। बाजाहरूको सदुपयोग असल हो, तर हाय, तिनीहरूको दुरुपयोग कति खराब छ, कति!

**भजन १४९:४-६क:** यत्रो हर्षबढ़ाइँ किन भएको? यत्रो सङ्‌गीतको रमझम किन गरिएको? किनभने परमप्रभु आफ्नो पुनर्स्थापना-प्राप्त प्रजामा आनन्द लिनुहुन्छ। उहाँले उहाँप्रति निष्ठावान् रहेका बाँकी जन-हरूलाई विजयको माला लगाइदिनुभएको छ। किनकि सङ्कष्टकाल बितेको छ र उनीहरूको सुदिन शुरु भएको छ।

यी मानिसहरूसँग महिमामा आनन्द लिने ठूलो कारण के थियो भने, महिमाको राजासित उनीहरूको सम्बन्ध रहेको छ। उनीहरूले हर्षको गीत उच्च स्वरमा गाउने कारण के थियो? किनकि उनीहरू दिनमा सिंहासनहरूमाथि बस्थे र रातमा ओछ्यान-हरूमा ढल्कन्थे। (अनि हुन सक्छ, पाँच पदमा 'ओछ्यानहरू' भनेर अनुवाद गरिएको शब्दको अर्थ दुईवटा हुन सक्लाः ओछ्यान वा सिंहासन)। उनीहरूका सबै स्वरनलीहरू परमेश्‍वरका उच्च प्रशंसाहरूले भरिएको समुचित थियो।

**भजन १४९:६ख-८:** अनि नभन्दै छ पदको बीचमा अकस्मात् प्रसङ्ग बदलिएको छ। अनि यहाँदेखि लिएर यस भजनको अन्तसम्म इस्राएली जातिले न्याय गर्ने न्यायाधीशको भूमिका खेलेको रहेछ। अनि यसको सन्दर्भचाहिँ मसीह राजाको दोस्रो आगमन होला, जब इस्राएली जातिले आफ्ना शत्रुहरूलाई नाश गर्नेछ। त्यो न्याय प्रभु स्वयम्‌ले पूरा गर्नुहुनेछ, तर यस कार्यमा इस्राएली जातिले भाग लिन पाउनेछ। तर मलाई के लाग्छ भने, यस खण्डको खास सन्दर्भ ख्रीष्टको हजार वर्षको राज्य हो, जुन बेलामा इस्राएली जातिले संसारका सबै

जातिहरूका टाउकेको भूमिका निभाउनेछ। त्यस अवधिमा ख्रीष्ट येशूले फलामको डन्डाले शासन गर्नुहुनेछ (प्रकाश २:२७)। अनि उहाँका प्रेरितहरूले सिंहासनहरूमाथि बसेर इस्राएलका बाह्र कुलहरूको न्याय गर्नेछन् (मत्ती १९:२८)। अनि इस्राएलचाहिँ अन्यजातिहरूमाथिको शासनमा सहभागी हुनेछ (दानियल ७:२२)।

यसो हो भने, दरकार परेको खण्डमा कि त जाति-जातिका मानिसहरूलाई बदला दिने उद्देश्यले, कि त तिनीहरूलाई सजाय दिने हेतुले पवित्र जनहरूको हातमा एउटा दुईधारे तरवार हुनेछ। विद्रोह गर्ने राजाहरूलाई र तिनीहरूका भारदारहरूलाई साङ्ला र फलामका नेलहरूले बाँधिनेछ। त्यो कति अचम्मको शासन हुनेछ! यो कत्रो कानुन-परायणता र भ्रष्टाचारमुक्त न्याय हुनेछ!

**भजन १४९:९:** त्यस दिनमा इस्राएली जातिको भूमिका यो हुनेछः सत्ता पल्टाउन खोज्ने जुनसुकै क्रान्ति र जुनसुकै विद्रोह तुरुन्तै सजाय दिइनेछ।

अनि यो कुरा पनि सत्य होः ख्रीष्ट येशूको भावी राज्यमा नयाँ नियमका पवित्र जन-हरू पनि सहभागी हुनेछन्। यो कुरा हामी १ कोरिन्थी ६:२-३ पदहरूमा लेखिएको पाउँछौं।

## भजन १५०: हल्लेलूयाह !

हामी अन्तिम भव्य चरणमा आइपुगेका छौं। सारा सृष्टिका यावत् थोकहरूले परमेश्वरको आराधनामा आफ्नो खास उद्देश्य पाऊन्! यसको विषयमा यहाँ एउटा सङ्क्षिप्त र सारगार्भित आह्वान दिइएको छ। योभन्दा उचित कुरा अरू के हुन सक्थ्यो र? परमेश्वरको प्रशंसा गर्ने विषयमा यस भजनले हामीलाई चारवटा मुख्य प्रश्नहरूको उत्तर दिन्छः परमेश्वरको प्रशंसा गर्ने कुन-कुन ठाँउमा उचित छ? हामीले किन र कसरी उहाँको प्रशंसा गर्नुपर्छ, र कसले उहाँको प्रशंसा गर्न पाउँछ?

परमेश्वरले सारा सृष्टि किन रच्नुभयो? यसमा उहाँको उद्देश्य के थियो? सृष्टिले उहाँको महिमा गर्नुपर्छ। यसकारण याद रहोस्ः परमप्रभुको प्रशंसा गर्नमा मानिसले आफ्नो अस्तित्वको उद्देश्य पाउँछ।

विश्वासको सारको सम्बन्धमा लेखिएको 'सङ्क्षिप्त प्रश्नोत्तर-माला'मा छोटो-मीठो प्रकारले यसो लेखिएको छः

> 'मानिसको मुख्य उद्देश्यचाहिँ परमेश्वरको महिमा गर्नु र सदा-सर्वदा उहाँमा आनन्दित हुनु हो।'

**भजन १५०:१:** तर उहाँको प्रशंसा कहाँ गर्न उचित छ? हामीले उहाँलाई उहाँको पवित्रस्थानमा र उहाँको पराक्रमको आकाश-मण्डलमा स्तुतिप्रशंसा चढ़ाउनुपर्छ। यसो भन्नुको मतलब यत्र-तत्र-सर्वत्र, स्वर्ग र पृथ्वीमा हामीले उहाँको स्तुतिप्रशंसा गर्नुपर्छ। यस्तो कुनै ठाउँ नै छैन, जहाँ उहाँको आराधना बाहेक गरिएको छ।

**भजन १५०:२:** अनि हामीले उहाँलाई केको निम्ति स्तुति गर्नुपर्छ? हामीले उहाँलाई उहाँका शक्तिशाली कार्यहरूको निम्ति र उहाँको सर्वश्रेष्ठ महानताअनुसार स्तुतिप्रशंसा गर्नुपर्छ। अर्को शब्दमा भन्नु हो भने, उहाँले हाम्रो निम्ति गर्नुभएको कार्यको निम्ति हामीले उहाँलाई प्रशंसा गर्नुपर्छ, साथै उहाँ जो हुनुहुन्छ र जेजस्तो हुनुहुन्छ, यसको निम्ति पनि हामीले उहाँको प्रशंसा गर्नुपर्छ। हामीले उहाँलाई उहाँको सर्वश्रेष्ठ महानता***को निम्ति*** मात्र होइन, तर उहाँको सर्वश्रेष्ठ महानता***अनुसार*** उहाँको स्तुतिप्रशंसा गर्नुपर्छ। हाम्रा सृष्टिकर्ता र मुक्तिदाताका सद्गुणहरूको गुणानुवाद गर्नमा जोशउमङ्ग नदेखाउनु, अल्छी गर्नु पाप ठहरिन्छ।

**भजन १५०:३-५:** उहाँको प्रशंसा कसरी गरे ठीक होला त? सबै किसिमका बाजा-गाजाहरूको वाद्य-वृन्दको रूपमा उहाँको प्रशंसा गर्न सुहाउँछ। **क)** तुरही फुकेर हामीले उहाँको स्तुति गर्नुपर्छ, त्यसको सैनिक अधिकारयुक्त आवाजमा। **ख)** सितार बजाएर हामीले उहाँको प्रशंसा गर्नुपर्छ, त्यसको मग्न तुल्याउने, प्रसन्न लाग्ने रागमा। **ग)** वीणा बजाएर हामीले उहाँलाई प्रशंसा चढ़ाउनुपर्छ, त्यसको मधुर र मीठो रागमा। **घ)** खैंजड़ी बजाएर हामीले उहाँको प्रशंसा गर्नुपर्छ, त्यसको उत्सवीय तालमा, जुन तालचाहिँ नाचमा अनिवार्य छ। **ङ)** सबै किसिमका तारवाला बाजाहरू बजाएर हामीले उहाँको स्तुतिप्रशंसा गर्नुपर्छ, जस्तैः वायलिनचेलो, बास वायल, वायोलिन, सारङ्गी, गितार आदि। किनकि सङ्गीत-जगत्‌को हरेक सुर, स्वरलहरी र रागमा हामीले महाराजाको सम्मान गर्नुपर्छ। अनि **च)** शुषिर वाद्यहरू फुकेर हामीले उहाँको प्रशंसा गर्नुपर्छ, जस्तैः बाँसुरी, ओबाउ र शहनाई। यस साङ्‌गीतिक महाकार्यक्रममा एउटै बाजा पनि ल्याउन नभुलौं! **छ)** आउनुहोस्, तालवाद्यहरू बजाएर हामी उहाँको स्तुति गरौं! धन्य हुन्, ती मादल, तबला, झ्याली र झ्याम्टाहरू, जसले आ-आफ्नो चर्को, कान खाने, ट्याङट्याङ आवाज निकालेर यस स्तुति-गानमा बीच-बीचमा आ-आफ्नो ‘आमेन, आमेन! यस्तो होस्’ हाल्दा रहेछन्।

**भजन १५०:६:** अनि यो तेस्रो कुरा यहाँ छोड़ेर हाम्रो अन्तिम प्रश्न यस प्रकारको छः कसले उहाँको प्रशंसा गर्न पाउँछ? अनि यस प्रश्नको उत्तर यस प्रकारको छः ‘सास हुने हरेक प्राणीले परमप्रभुको स्तुति गरोस्।’ अनि अब यस पृथ्वीमा भएभरका सबै प्राणीहरूलाई ‘हल्लेलूयाह! परमप्रभुको स्तुति गर!’ भनेर आफ्ना स्वरहरूले यस व्यापक सङ्‌गीत-मण्डललाई उच्च स्वरमा परमेश्‍वरको प्रशंसाको अनन्त उद्‌गार गर्न साथ दिने सङ्केत दिइन्छ।

## ENDNOTES

1) **Introduction:** Graham Scroggie, Daily Notes of the Scripture Union.
2) **Introduction:** Albert Barnes, Notes on the Book of Psalms, I:xix.
3) **Introduction:** C. S. Lewis, Reflections on the Psalms, p. 10.
4) **Introduction:** F. W. Grant, “Psalms,” in The Numerical Bible, III:10.
5) **1:3:** The word translated “planted” (shãtûl) literally means transplanted (Koehler-Baumgartner, Lexicon in Veteris Testamenti Libros, p. 1015), a fitting image of the born-again person.
6) **1:3:** D. L. Moody, Notes from My Bible, p. 64.
7) **Psalm 2: Introduction:** In Acts 4:25–28, Peter and Paul connected Psalm 2 with the rejection of Christ. It is true that it had a partial fulfillment when Herod, Pontius Pilate, the Gentiles, and the people of Israel united to kill Christ. But the final fulfillment is still future.
8) **3:1-2:** International Standard Bible Encyclopedia, III:2096.
9) **4:1:** Charles H. Spurgeon, quoted in “Choice Gleanings Calendar.”
10) **Psalm 5: Introduction:** Koehler and Baumgartner conjecture that michtãm may be related to the Akkadian word for cover and thus may mean “expiation psalm.”
11) **8:5:** Hebrew has Elohim here; see NKJV footnote.
12) **Psalm 9: Introduction:** Psalm 10 is built on the second half of the Hebrew alphabet, hence some believe Psalms 9 and 10 were originally one psalm.
13) **Psalm 10: Introduction:** See previous note.
14) **14:1:** Henry Bosch, Our Daily Bread.
15) **14:1:** A. Barnes, Psalms, I:114.
16) **16:3:** Documentation unavailable.
17) **17:15:** E. Bendor Samuel, The Prophetic Character of the Psalms, p. 26
18) **19:3-4a:** Immanuel Kant, General History of Nature, further documentation unavailable.
19) **19:7–9:** Quoted from Wallace’s Kant, by Alexander Wright in The Psalms of David and the Higher Criticism, Or Was David “The Sweet Psalmist of Israel”?, p. 109.
20) **19:12:** A. Barnes, Psalms, I:175.
21) **Psalm 23: Introduction:** J. R. Littleproud, further documentation unavailable.
22) **24:9-10:** F. B. Meyer on the Psalms, p. 35.
23) **Psalm 25: Introduction:** The letter for “r” (resh) occurs in both verses 18 and 19 whereas one would expect a “q” (qoph) in verse 18.
24) **26:12:** J. C. Ryle, Expository Thoughts on the Gospels, Luke, II:239.
25) **29:10-11:** W. E. Vine, Isaiah, p. 205.

**26) 29:10-11:** H. A. Ironside, Studies on the Psalms, p. 173.
**27) Psalm 31: Introduction:** C. S. Lewis, Reflections, p. 10.
**28) 32:8-9:** Jay Adams, Competent to Counsel, p. 124.
**29) 34:8-9:** Campbell Murdoch, From Grace to Glory, p. 66.
**30) 34:10:** Some scholars believe that "young lions" should be read "deniers of God," but the meaning of the verse remains the same.
**31) 36:5:** Albert Barnes, *The Bible Commentary, Psalms*, Vol. 1, p. 312.
**32) 36:5:** A. W. Pink, The Attributes of God, p. 47.
**33) 36:7:** John Brine, quoted in The Attributes of God, Arthur W. Pink, p. 80.
**34) 37:5-6:** A. Barnes, Psalms, I:320.
**35) 37:28:** F. W. Dixon, further documentation unavailable.
**36) 50:1:** The same Hebrew word (eretz) means both earth and land.
**37) 50:8:** F. B. Meyer, Psalms, p. 63.
**38) 52:8-9:** F. W. Grant, „Psalms", III.212.
**39) Psalm 53: Introduction:** In Psalm 14 the name Jehovah is used four time and Elohim three times. Here the name Elohim is found seven times.
**40) 54:7:** G. Campbell Morgan, An Exposition of the Whole Bible, p. 240.
**41) 58:8:** W. Graham Scroggie, Psalms, p. 50.
**42) 58:9:** A. Maclaren, quoted in Psalms by W. Graham Scroggie, II:49.
**43) 58:10:** G. C. Morgan, Exposition of the Whole Bible, p. 242.
**44) 60:9:** The NKJV editors show that they agree by ending v. 8 with quotation marks.
**45) 61:2:** Concerning Matthew 16:18, G. Campbell Morgan says: "Remember, He was talking to Jews. If we trace the figurative use of the word through Hebrew Scriptures, we find that it is never used symbolically of man but always of God. So here at Caesarea Philippi, it is not upon Peter that the Church is built. Jesus did not trifle with figures of speech. He took up their old Hebrew illustration—rock, always the symbol of Deity, and said, 'Upon God Himself, Christ, the Son of the living God—I will build my church.' " Perhaps the one exception to Morgan's statement is found in Deuteronomy 32:31: "their rock is not as our Rock." But even here, "rock" is a symbol of deity (although a false god).
**46) 66:8–12:** G. Williams, Student's Commentary on the Holy Scriptures, p. 67.
**47) 67:6-7:** Franz Delitzsch, "Psalms," in Biblical Commentary on the Old Testament, XII:240.
**48) 68:11–13:** The Hebrew word for "those who proclaimed it" (hamebasseroÆt) is feminine plural.
**49) 68:24:** C. S. Lewis, Reflections, p. 45.
**50) Psalm 71: Introduction:** John G. Bellett, Short Meditations on the Psalms, p. 76.

**51) 71:14–16:** G. Williams, Commentary, p. 72.
**52) Psalm 81: Introduction:** Merrill F. Unger, Unger's Bible Dictionary, p. 350.
**53) 81:8–10:** A. C. Gaebelein, Psalms, p. 316.
**54) 83:13–18:** G. Campbell Morgan, Exposition, p. 252.
**55) 86:17:** E. W. Bullinger, The Companion Bible, Appendix 32, p. 31.
**56) 86:17:** F. W. Grant, "Psalms", III:330.
**57) Psalm 87: Introduction:** Teddy Kollek and Moshe Pearlman, Jerusalem, A History of Forty Centuries, p. 12.
**58) 87:6:** Documentation unavailable.
**59) 87:6:** A. C. Gaebelein, Psalms, p. 332.
**60) 88:11-12:** The New Bible Commentary, p. 474.
**61) 88:13–18:** Quoted by A. G. Clarke, Analytical Studies in the Psalms, p. 219.
**62) 93:5:** G. Williams, Student's Commentary, p. 372.
**63) Psalm 94: Introduction:** A. W. Pink, Attributes, p. 75.
**64) 96:11–13:** Jehovah is the traditional pronunciation of a combination of the consonants JHWH (or YHWH) and the vowels of Adonai (Lord). The Hebrew name was probably originally pronounced Yahweh. For fear of profaning the Name of God the Jews said their word for "Lord" (Adonai) whenever the sacred letters YHWH appeared in the text. It is noteworthy that the initial letters of the four Hebrew words in the first clause of verse eleven spell out the personal name of God, Yahweh (YHWH). KJV and NKJV indicate the name of God by "LORD" in all capitals, but quotations from the Bible generally do not use all capitals.
**65) 97:6a:** A. C. Gaebelein, Psalms, p. 363.
**66) 98:4–6:** See F. W. Grant, "Psalms," III:363. See also previous one on this word. This expression also has been found in the Dead Sea Scrolls of Deuteronomy 32:43 and the LXX there as well. Conceivably the Masoretes (preservers of Jewish tradition) deleted it there because Christians used the verse to support the deity of Christ (as in Heb. 1:6).
**67) Psalm 100: Introduction:** A. Barnes, Psalms, III:56.
**68) 101:2:** A. G. Clarke, Psalms, p. 247.
**69) 101:7-8:** F. W. Grant, "Psalms," III:368.
**70) 104:31-32:** J. J. Stewart Perowne, The Book of Psalms, II:234.
**71) 109:30-31:** F. B. Meyer, Psalms, p. 133.
**72) Essay:** Meril F. Unger, Bible Dictionary, p. 231.
**73) Essay:** A. Barnes, Psalms, I:xxxvii.
**74) Essay:** W. Graham Scroggie, The Psalms, p. 32.}
**75) 110:1:** In the KJV and NKJV "LORD" in all capitals always stands for Jehovah (= Yahweh), the personal, covenant name of God. See note 64.
**76) 110:2:** H. A. Ironside used this expression as a book title: The Great Parenthesis, that is, the current dispensation of the Christian church.

**77) 110:3:** W. Graham Scroggie, The Psalms, p. 85.
**78) 112:10:** A. Barnes, Psalms, III:149.
**79) 118:24:** A. Barnes, Psalms, pp. 173, 174.
**80) Psalm 119: Introduction:** Samuel Ridout, How to Study the Bible, p. 73.
**81) Psalm 119: Introduction:** C. S. Lewis, Reflections, p. 52.
**82) Psalm 119: Introduction:** John G. Bellett, Short Meditations, p. 131.
**83) 119:24:** Matthew Henry, Commentary in One Volume, p. 706.
**84) 119:92:** A. Barnes, Psalms, III:204.
**85) 119:107:** Charles H. Spurgeon, The Treasury of David, VI:244.
**86) 119:136:** Quoted by Moody, Notes, p. 79.
**87) 119:139:** A. Barnes, Psalms, III:217.
**88) 119:145:** Verses 145–152 begin with the letter "qoph," the first letter of the Hebrew word for "cry."
**89) 120:1-2:** Psalms 120–134 are called "Songs of Ascents" because the pilgrims sang them as they went up to Jerusalem for the annual feasts of the Lord (Passover, etc.).
**90) 121:4:** Moody, Notes, p. 79.
**91) 121:5-6:** It must be remembered that this is poetry, and it may be a figure of speech that gives both extremes and means everything in between. This is called a merism. Another example is "your going out and your coming in" (v. 8), i.e., your whole lifestyle.
**92) 121:7-8:** All these forms translate one Hebrew verb, shāmar.
**93) 122:6:** Collins and Lapierre, O Jerusalem!, p. 33.
**94) 122:7–9:** A. Barnes, Psalms, III:238.
**95) 135:6:** A. W. Pink, Attributes, p. 27.
**96) 137:9:** C. S. Lewis, Reflections, pp. 113, 114.
**97) 138:2:** The word translated temple (hêkãl) can also mean a palace or other building, including the tabernacle; the Jewish temple is not always meant.
**98) 138:2:** A. G. Clarke, Psalms, p. 337.
**99) 139:13-14:** Radmacher, further documentation unavailable.
**100) 139:19–22:** Edward J. Young, Psalm 139, p. 95.
**101) 139:19–22:** Edward J. Young, Psalm 139, p. 105.
**102) 142:5–7:** A. G. Clarke, Psalms, p. 343.
**103) 143:12:** A. Barnes, Psalms, III:314.
**104) 147:2–4:** Archibald G. Brown, further documentation unavailable.
**105) 147:19-20:** G. Williams, Student's Commentary, p. 148.

## BIBLIOGRAPHY


Alexander, Joseph A. *The Psalms Translated and Explained*. Grand Rapids, Baker Book House, Reprinted from 1873 Edinburgh edition, 1977.

Barnes, Albert. *Notes on the Books of Psalms*. 3 vols. New York: Harper Bros. Publishers, 1868.

Bellett, J. G. *Short Meditations on the Psalms*. Oak Park, IL: Bible Truth Publishers, 1961.

Bridges, Charles. *Psalm 119*. Edinburgh: The Banner of Truth Trust, Reprinted from 1827 edition, 1977.

Clarke, A. G. *Analytical Studies in the Psalms*. Kilmarnock: John Ritchie, Ltd., 1949.

Delitzsch, Franz. "Psalms." In *Biblical Commentary on the Old Testament*. Vols. 11–13. Grand Rapids: Wm. B. Eerdmans Publishing Co., 1970.

Gaebelein, A. C. *The Book of Psalms*. Neptune, N.J.: Loizeaux Bros., 1939.

Grant, F. W. "Psalms." In *The Numerical Bible*. New York: Loizeaux Bros., 1897.

Ironside, H. A. *Studies on Book One of the Psalms*. Neptune, N.J.: Loizeaux Bros., 1952.

Kidner, Derek. *Psalms 1–72*. Downers Grove, IL: InterVarsity Press, 1973.

——.*Psalms 73–150*. Downers Grove, IL: InterVarsity Press, 1975.

Lewis, C. S. *Reflections on the Psalms*. London: Collins, Fontana Books, 1969.

Maclaren, A. *The Book of Psalms*. London: Hodder & Stoughton, 1908.

Meyer, F. B. *F. B. Meyer on the Psalms*. Grand Rapids: Zondervan Publishing House, n.d.

Morgan, G. Campbell. *Notes on the Psalms*. Westwood, N.J.: Revell Co., 1947.

Perowne, J. J. Stewart. *The Book of Psalms*. 2 vols. Grand Rapids: Zondervan Publishing House, Reprinted from 1878 edition, 1966.

Samuel, E. Bendor, *The Prophetic Character of the Psalms*. London: Pickering & Inglis, n.d.

Scroggie, W. Graham. *Psalms*. Vol. 2. London: Pickering & Inglis, 1949.

——.*The Psalms*. Old Tappan, N.J.: Fleming H. Revell Co., 1948.

Spence, H.D.M. and Exell, Joseph S., Editors. *Pulpit Commentary*, Vol. 8. Grand Rapids: Wm. B. Eerdmans Publishing Co., 1950.

Spurgeon, C. H. *The Treasury of David*. Grand Rapids: Baker Book House, 1983.

Wright, The Psalms of David and the Higher Criticism, Or Was David "The Sweet Psalmist of Israel"? Edinburgh and London: Oliphant Anderson & Ferrier, 1900.

Young, E. J. *Psalm 139*. London: The Banner of Truth Trust, 1965.

# हितोपदेशको पुस्तकको टिप्पणी

# हितोपदेशको पुस्तकको भूमिका

*‘हितोपदेशको पुस्तकचाहिँ जीवन-चरितहरूको सङ्ग्रह होइन, नीतिवचनहरूको आचार-संहिता पनि होइन, तर यस पुस्तकमा हामीलाई जीवनको कुञ्जी खोल्ने चाबी दिइएको छ; किनभने यस पुस्तकमा जति व्यावहारिक उदाहरणहरू प्रस्तुत गरिएका छन्, ती सबै उदाहरणहरू एकै दृष्टिकोणले पेश गरिएका छन्; किनकि हाम्रो व्यवहार कि त बुद्धिमान्, कि त मूर्ख हुन्छ।’*

*श्री डेरेक किड्नर*

### क) ग्रन्थ-सूचिमा यस पुस्तकको विशिष्ट स्थान

हितोपदेशको पुस्तकजत्तिकै आधुनिक किताब अरू कुनचाहिँ हो, मलाई भन्नुहोस्! किनभने यस पुस्तकले हाम्रो जीवनका सबै क्षेत्रहरू र हामीमाथि आइपर्ने सबै समस्या-हरूसित व्यवहार गर्छ। अनि पवित्र बाइबलमा कुनै पुस्तक हाम्रा जवान भाइबहिनीहरूको निम्ति लेखिएको हो भने, निश्चय नै हाम्रा युवाहरूको निम्ति हितोपदेशको पुस्तक लेखिएको हुनुपर्ला।

एकजना जवान भाइले श्री कार्लाइललाई यसो भनेछः ‘हितोपदेशको पुस्तकमा के पो छ र? यो बित्थाको छ।’ तब तिनले उसलाई यस प्रकारको जवाफ दिएः ‘तिमी आफैले केही नीतिवचन रच! त्यसपछि यस पुस्तकको विषयमा तिम्रो राय अर्कै हुन जानेछ।’ [1]

हितोपदेशको पुस्तकचाहिँ खाँटी र चोखो व्यावाहरिक बुद्धिको विषयमा लेखिएको सर्वोच्च सङ्ग्रह हो, जुनचाहिँ यस संसारमा उपलब्ध भएको छ। यो पुस्तक हाम्रा जवान भाइबहिनीहरूको निम्ति यस उद्देश्यले लेखिएको हो कि ‘तिमीहरूले तिमीहरूको अघि अरूले गरेका दुःखलाग्दा गल्तीहरू दोहोर्‍याउनु नपरोस्।’

हितोपदेशको पुस्तक कुन उद्देश्यले लेखिएको हो, सो कुरा हितोपदेश १:१-७ पदको खण्डमा व्यक्त गरिएको छ। यसले जवान भाइबहिनीलाई बुद्धि र समझ दिन्छ; तब ऊ धन्यको, अँ, आशिषित हुनेछ; तब उसले आफ्नो जीवनमा साँचो सुख र आनन्द पाउँछ; तब नै ऊ पापको खाड़लमा खस्दैन, तर पापका पासाहरूबाट पूरा उम्कनेछ। यस पुस्तकको मूलपद हितोपदेश ९:१० पद हो, जहाँ यसो लेखिएको छः *‘परमप्रभुको भय बुद्धिको शुरु हो; अनि परमपवित्रको ज्ञानचाहिँ समझ हो।’*

श्री विलियम अर्नोटले ‘यस पृथ्वीमा हामीले जिउनुपर्ने जीवनको निम्ति स्वर्गका नियमहरू’ भनेर यस पुस्तकको नाम राखेका छन्।[2] अनि यस शीर्षकले यस पुस्तकका विषयवस्तु के-के हुन्, सो छोटो, मीठो प्रकारले व्यक्त गरेको छ।

हितोपदेश भनेको के हो? यो एउटा अर्थगर्भित छोटो नीतिवचन हो, जसका शब्दहरू सजिलोसँग हाम्रो सम्भना रहन सकून् भन्ने हेतुले निपुण तुकको रूपमा राखिएका छन्।

हितोपदेशहरू विभिन्न किसिमका छन्, जस्तैः

**अ)** एक प्रकारको हितोपदेशले कुनै यथार्थ कुरा व्यक्त गरिने एउटा साधारण भनाइको रूप लिन सक्छ, जस्तैः

हितोपदेश १६:७: *'जब मानिसका चालहरूले परमप्रभुलाई प्रसन्न तुल्याउँछन्, तब उहाँले उसका शत्रुहरूलाई पनि ऊसँग मिलाप गर्ने तुल्याउनुहुन्छ।'*

**आ)** अर्को हितोपदेशमा दुईवटा वाक्यहरू छन्, जुन वाक्यहरूमा एक कुरा अर्को कुरासँग तुलना गरिएको छ, जस्तैः

हितोपदेश २५:२५: *'तिर्खाएको मनको निम्ति चिसो पानी जस्तो हुन्छ, टाढ़ा देशबाट आएको शुभ समाचार त्यस्तै हुन्छ।'*

**इ)** तेस्रो किसिमको हितोपदेशमा दुईवटा वाक्यहरू राखिएका छन्, जसको बीचमा 'तर' भन्ने शब्द लाग्छ; किनभने यस हितोपदेशमा दुईवटा भिन्न कुराहरू पेश गरिएका छन्, जुनचाहिँ एक-अर्कोसित मिल्दैनन्। यस प्रकारका हितोपदेशहरू हितोपदेश १०-१५ अध्यायहरूमा बढ़ी उल्लेख गरिएका छन्।

हितोपदेश १०:७: *'न्यायप्रेमीको सम्भना आशिषमय हुन्छ, तर दुष्टहरूको नाम सड़ेर जानेछ।'*

**ई)** अर्को हितोपदेशहरूमा दुईवटा वाक्यहरू छन्, जसले एउटै कुरा दुई प्रकारले पेश गरेका छन्, जस्तैः

हितोपदेश २३:२७: *'किनकि वेश्या एउटा गहिरो भड़्खालो हो, र पराई स्त्रीचाहिँ साँघुरो खाँद हो।'*

### ख) यस पुस्तकको लेखक को हुन्?

हितोपदेशको पुस्तकको अर्को नाम 'सुलेमानका नीतिवचनहरू' हो; किनभने यी हितोपदेशहरू प्रायः सबै राजा सुलेमानले रचे, जो अति बुद्धिमान् राजा थिए (हितोपदेश १:१, १०:१ र २५:१)। अनि १ राजा ४:३२ पदमा के लेखिएको छ भने, राजा सुलेमानले तीन हजार हितोपदेशहरू रचे। यसो हो भने, परमेश्वरको आत्माको प्रेरणाले रचिएका तिनका आठ सयजत्ति पवित्र धर्मशास्त्र बाइबलमा समावेश गरिए।

अनि हितोपदेश ३० अध्यायमा याकेको छोरा आगूरका वचनहरू छन् भने, हितोपदेश ३१ अध्यायमा राजा लमुएलका वचनहरू उल्लेख गरिएका छन् (हितोपदेश ३०:१ र ३१:१)। यी दुईजना को-को थिए, सो कुरा वर्तमान समयमा पत्ता पाइएको छैन। कतिजनाको विचारमा, यी नामहरू राजा सुलेमानको निम्ति प्रयोग गरिएका गुमनाम हुन् अरे।

### ग) यस पुस्तकको लेख्ने मिति के हो?

हितोपदेश २५:१ पदमा लेखिएको छ कि राजा हिजेकियाहका कर्मचारीहरूले सुलेमानका उखानहरूमध्ये कतिवटा हितोपदेशको पुस्तकमा सारे। यसो हो भने, हितोपदेशको पुस्तकले आफ्नो अन्तिम रूप ख्रीष्टपूर्व ७०० सालतिर पाएको हुनुपर्ला, तर राजा सुलेमानले यी उखानहरू ख्रीष्टपूर्व ९०० सालतिर रचेका थिए। अनि आगूर र लमुएलका नामहरू सुलेमानका गुमनाम होइनन् भने, यी दुईजना कि त ख्रीष्टपूर्व ९०० सालको अगाड़ि, कि त ख्रीष्टपूर्व ७००

सालको पछाड़ि जिएको अनुमानले यस पुस्तकको संकलन गर्ने समय अझै बढ़ी भएको हुन सक्छ।

### घ) यस पुस्तकको सन्दर्भ र यसका विषय-वस्तुहरू के-के हुन् ?

हितोपदेशको पुस्तक रङरसले पूर्ण कविता हो, राजा सुलेमान र अन्य लेखकहरूद्वारा रचिएको संग्रह हो, जसको शिक्षादीक्षा दिने क्षेत्र विशाल छ; किनभने यस पुस्तकमा बालकलाई कसरी ताड़ना दिनुपर्छ, सो कुरादेखि लिएर राजाले कसरी राज्य गर्नुपर्छ, सो कुरासम्म थुप्रै-थुप्रै विषयहरूमा शिक्षा समेटिएको छ। अनि कुनचाहिँ विषय र तथ्य यहाँ प्रस्तुत गरिएको छैन, सो हामीलाई भन्न गाह्रो पर्छ; किनभने जीवनको हरेक क्षेत्र यहाँ छुइएको छ, यसको शिक्षाको बीउ यहाँ छ। यसमा लागू पदार्थको सेवनले ग्रस्त भएको कुलत, किस्ताबन्दी खरिदको व्यवस्था, किशोर अपराध र कामको नीति आदि विषय उठाइएको र चर्चा गरिएको छ। यस पुस्तकभित्र विभिन्न चरित्रहरू देख्न पाइन्छ, जस्तै झगड़ालु स्वास्नी, घमण्डले फुलिएको मूर्ख, आफ्नो गल्ती सुन्न नचाहने मानिस र आदर्श-पत्नी इत्यादि। अनि यस पुस्तकको सर्वोच्च कुरा के हो ? त्यो सर्वोच्च कुरा प्रभु येशू हुनुहुन्छ, जो बुद्धिको स्वरूप लिएर हामीसँग बोल्नुहुन्छ।

> यस पुस्तकमा सर्वोच्च आदर्श र सुचरित्र-हरूले उहाँका सद्गुणहरू वर्णन गर्छन् भने, मानिसहरूको चरित्रमा भएका घटीकमीहरूले उहाँको सहायताको माग गर्छन्।
>
> स्क्रिप्चर यूनियनको दैनिक पाठबाट उद्धृत

हितोपदेशको पुस्तकको रूपरेखा दिनु गाह्रो छ; किनभने यसमा प्रस्तुत गरिएका विचार-हरूले चालचित्रजस्तै लहराहरूको रूप लिँदैनन्, तर एउटा विचारले एउटा चित्र र अर्को विचारले अर्को चित्र धारण गरेको छ, छुट्टा-छुट्टै रङ्गीन तस्बिरहरूजस्तै।

हितोपदेशको पुस्तकको अध्ययनमा अघि बढ्दाखेरि नयाँ नियमको याकूबको पुस्तक-सित यसको समानताहरू धेरै छन् भन्ने पत्ता लाग्छ। अनि के हामी तपाईंलाई अझै अर्को रोचक अध्ययन गर्ने तरिका बताऔं ? एक-एक हितोपदेश लिएर यसको निम्ति उदाहरणहरू खोज्नुहोस्, कि त

क) पवित्र बाइबलमा
ख) इतिहासमा
ग) कसैको जीवनीमा
घ) साहित्यमा
ङ) प्रकृतिमा
च) समाचारपत्रिका र अन्य पत्रिकाहरूमा
छ) रेडियो र टि.भि.मा
ज) आफ्नो जीवनको अनुभवमा

अनि अर्को कुरा याद गर्न उपयोगी हुन्छः कति हितोपदेशमा भनिएको कुरा निरपेक्ष सत्यता हो भने, अरू कति हितोपदेशहरू पनि छन्, जसमा भनिएको कुरा सामान्य हिसाबले सत्य त हुन्छ, जसको विषयमा बेला-बेलामा अपवादहरू पनि छन्। हितोपदेश १८:१० पदमा 'परमप्रभुको नाम एउटा बलियो धरहरा हो' भन्ने कुरा सधैं सत्य हुन्छ, यसमा कहिल्यै कुनै हेरफेर हुँदैन। तर हितोपदेश १७:१७ पदमा 'साथीले सधैं प्रेम गर्छ' भनिएको कुरामा सीमा हुन्छ र सधैं सत्य नठहरिएला।

अनि 'विश्वासीहरूको निम्ति लेखिएको पवित्र बाइबलको टिप्पणी' नामक पुस्तकको सहायता लिएर अध्ययन गर्नेले यस टिप्पणीमा पेश गरिएका सन्दर्भ-पदहरू पहिले पढ्नुपर्छ; किनभने यसो नगरेमा धेरैपल्ट दिइएका स्पष्टीकरणहरू अर्थहीन हुन जान्छन्। यसैले पहिले सम्बन्धित हितोपदेश पढ्नैपर्छ।

**ङ) हितोपदेशको पुस्तकमा पेश गरिएका केही विषयवस्तुहरूको विभाजन यस प्रकारको छः**

*१) परमप्रभुः*

**क)** परमप्रभुको आशिषः हितोपदेश १०ः२२

**ख)** परमप्रभुमाथि राखिएको भरोसाः हितोपदेश ३ः२५-२६

**ग)** परमप्रभु सृष्टिकर्ता हुनुहुन्छः हितोपदेश ३ः१९-२०, १६ः४, २०ः१२, २२ः२[ख] र २९ः१३[ख]

**घ)** परमप्रभुको ताड़नाः हितोपदेश ३ः११-१२

**ङ)** परमप्रभुको भयः हितोपदेश १ः७ र २९, २ः५, ८ः१३, ९ः१०, १०ः२७, १४ः२६-२७, १५ः१६ र ३३, १६ः६, १९ः२३, २२ः४, २३ः१७, २४ः२१ र २८ः१४

**च)** परमप्रभुको अगुवाइः हितोपदेश ३ः५-६, १६ः३ र ९

**छ)** परमप्रभुको जाँच र सठीक न्यायः १५ः२५[क], १७ः३, २१ः२ र २९ः२६

**ज)** परमप्रभु सर्वव्यापी हुनुहुन्छः हितोपदेश १५ः३

**झ)** परमप्रभु सर्वज्ञ हुनुहुन्छः हितोपदेश १५ः११ र १६ः२

**ञ)** परमप्रभु प्रार्थना सुन्नुहुन्छः हितोपदेश १५ः८ र २९

**ट)** परमप्रभु सुरक्षा दिनुहुन्छः हितोपदेश १५ः२५[ख] र १८ः१०

**ठ)** परमप्रभु बुद्धिको स्रोत हुनुहुन्छः हितोपदेश २ः६-८

**ड़)** परमप्रभुको सर्वाधिकार र शक्तिः हितोपदेश १६ः१, ७, ९ र ३३, १९ः२१, २०ः२४, २१ः३०-३१ र २२ः१२

**ढ़)** परमप्रभु पूरा भरपर्दो हुनुहुन्छः हितोपदेश २९ः२५[ख]

*२) धनी र गरिबः*

हितोपदेश १०ः१५, १३ः७-८, १४ः२०, २१ र ३१, १५ः१६, १७ः१ र ५, १८ः२३, १९ः१, ४ र १७, २१ः१३, २२ः२, ७, १६, २२-२३, २८ः३, ६, ११ र २७, २९ः७ र १३

*३) परिवारका जिम्मेवारीहरूः*

**क)** बाल-प्रशिक्षणः हितोपदेश १३ः२४, १९ः१८, २२ः६, २२ः१५, २३ः१३-१४, २९ः१५ र १७

**ख)** बुबाआमाप्रतिको आज्ञापालनः हितोपदेश १ः८-९, ६ः२० र २२, १३ः१, १३ः१९-२५, २०ः२०, २३ः२२ र ३०ः१७

**ग)** बुबाआमाको सल्लाहः हितोपदेश १ः८-१९, २ः१-२२, ३ः१-३५, ४ः१-२७, ५ः१-२३, ६ः१-३५, ७ः१-२७, २३ः१९-३५, २४ः४-२२ र ३१ः१-९

*४) बोलीवचनः*

**क)** ठीकसँग बोलिएको वचनः हितोपदेश १५ः२३ र २५ः११

**ख)** चुक्ली लाउने जिब्रोः हितोपदेश २५ः२३

**ग)** तुच्छ ठान्नेको बोलीः हितोपदेश ११ः१२[क]

**घ)** अशान्ति ल्याउने बोलीवचनः हितोपदेश २७:१४
**ङ)** खराब बोलीः हितोपदेश १२:१३[क] र १५:२८[ख]
**च)** बेसी बोलेकोः हितोपदेश १०:१९[क] र १३:३[ख]
**छ)** कुराबोकुवाः हितोपदेश २०:१९, २६:२८[ख], २८:२३ र २९:५
**ज)** मूर्ख बोलीः हितोपदेश १२:२३[ख], १४:३[क] र ७, १५:२[ख] र १८:६-७
**झ)** कोमल बोलीः हितोपदेश १५:१[क] र ४[क]
**ञ)** असल बोलीवचनः हितोपदेश १०:२०[क] र २१[क], १६:२१, २३ र २४ र २३:१६
**ट)** हानिकारक बोलीः हितोपदेश ११:९ र ११, १२:१८[क], १५:४[ख], १६:२७, १८:२१ र २६:१८-१९
**ठ)** रूखो वचनः हितोपदेश १५:१[ख]
**ड़)** बोल्नमा हतारः हितोपदेश १८:१३ र २९:२०
**ढ़)** स्वास्थ बोलीः हितोपदेश १२:१८[ख], १५:४[क], १६:२४ र १८:२१
**ण)** इमानदार बोलीवचनः हितोपदेश १२:१९[क] र १३:५
**त)** अनुचित बोलीः हितोपदेश १७:७
**थ)** झूट बोल्ने छली वचनः हितोपदेश ६:१७, १०:१८[क], १२:१९[ख], १२:२२[क], १४:२५[ख], १७:४, २६:१८-१९, २६:२३-२६ र २८[क]
**द)** टेढ़ा वचनः हितोपदेश ४:२४, १०:३१[ख] र १०:३२[ख], १५:४[ख] र १७:२०[ख]
**ध)** लगाम लगाइएको बोलीः हितोपदेश १०:१९[ख], ११:१२[ख], ११:१३[ख], १२:२३[क], १३:३[क], १७:२७[क], १७:२८ र २१:२३
**न)** तृप्त पार्ने वचनः हितोपदेश १२:१४ र १८:२०
**प)** निन्दाको वचनः हितोपदेश १०:१८[ख] र ३०:१०
**फ)** कानेखुसीको वचनः हितोपदेश ११:१३[क], १६:२८, १७:९[ख], १८:८, २०:१९, २२:११[क], २६:१०, २६:२२-२६ र २८
**ब)** होशियारसाथ बोलेको वचनः हितोपदेश १५:२८[क]
**भ)** साँचो र झूटो साक्षीः हितोपदेश ६:१९, १२:१७, १४:५ र २५, १९:५, ९ र २८, २१:२८ र २५:१८
**म)** बुद्धिले पूर्ण वचनः हितोपदेश १०:३१[क], १४:३[ख], १५:२[क] र १८:४
**य)** निकम्मा वचनः हितोपदेश १४:२३[ख]

**अरू अन्य विषयहरूः**

*५) घृणित कुराहरूः*

**क)** परमप्रभुको निम्ति घृणित कुराहरूः हितोपदेश ३:३२, ६:१६, ८:७, ११:१ र २०, १२:२२, १५:८-९, १५:२६, १६:५, १७:१५, २०:१० र २३, २१:२७ र २८:९
**ख)** अन्य व्यक्तिहरूको निम्ति घृणित कुराहरूः हितोपदेश १३:१९, १६:१२, २४:९, २६:२५ र २९:२७

*६) पुराना सिमाना-ढुङ्गाहरूः* हितोपदेश २२:२८, २३:१०-११

*७) लेनदेनः* हितोपदेश २२:७[ख]

*८) परिश्रमीः* हितोपदेश २१:५, २२:२९, २७:१८, २७:२३-२७ र २८:१९[क]

*९) परिश्रमी र अल्छी मानिसको तुलनाः* हितोपदेश १०:४-५, १२:२४ र २७, १३:४

*१०) शत्रुः* हितोपदेश १६:७, २४:१७-१८, २५:२१ र २७:६

*११) डाहाः* हितोपदेश ३:३१, १४:३०, २३:१७, २४:१ र १९, २७:४

*१२) छलको तराजु र ढकः* हितोपदेश ११:१, १६:११, २०:१० र २३

*१३) इस्टमित्र, छिमेकी र मित्रताः* हितोपदेश ३:२७-२९, ६:१-५, ११:१२, १२:२६, १४:२१, १६:२८, १७:९ र १७, १८:१७ र २४, २१:१०, २२:२४-२५, २४:१७ र १९, २५:८-९, २५:१७, २०, २१ र २२, २६:१८-१९, २७:६, ९, १०, १४ र १७, २८:२३, २९:५

*१४) महः* हितोपदेश १६:२४, २४:१३, २५:१६ र २७ अनि २७:७

*१५) उद्योगीः* हितोपदेश १२:९ र ११, १४:४ र २३[क]

*१६) शारीरिक, मानसिक र आत्मिक स्वास्थ्यको बीचको सम्बन्धः* हितोपदेश ३:१, २, ७-८ र १६, ४:१० र २२, ९:११, १३:१२, १४:३०, १५:१३ र ३०, १६:२४, १७:२२, १८:१४ र २७:९

*१७) न्याय र अन्यायः* हितोपदेश १३:२३, १७:१५ र २६, १८:५, २१:१५, २२:८ र १६, २४:२३-२४

*१८) राजा र शासकः* हितोपदेश १४:२८ र ३५, १६:१०, १६:१२-१५, १९:१२, २०:२, ८, २६ र २८, २१:१, २२:११ र २९, २३:१, २४:२१-२२, २५:२-७ र १५, २८:१५-१६, २९:२, ४, १२, १४ र २६, ३०:३१ र ३१:४-५

*१९) चिट्ठाः* हितोपदेश १६:३३ र १८:१८

*२०) वृद्ध अवस्थाः* हितोपदेश १६:३१, १७:६ र २०:२९

*२१) पक्षपातः* हितोपदेश १८:५, २४:२३[ख]-२५ र २८:२१

*२२) घमण्ड र नम्रताः* हितोपदेश ३:३४[ख], ८:१३, ११:२, १५:३३, १६:५, १८-१९, १८:१२, २२:४, २९:२३

*२३) सुनाम र बदनामः* हितोपदेश १०:७ र २२:१

*२४) धर्मी र दुष्ट मानिसको तुलनाः* हितोपदेश ३:३२-३३, १०:३, ६, ७, ९, ११, १६, २४-२५, २८, २९-३२, ११:३-११, ११:१७-२१, ११:२३, २७ र ३१, १२:२, ३, ५-८, १२-१४, १२:२०, २१, २६ र २८, १३:२, ५, ६, ९, २१ र २५, १४:२, ९, ११, १४, २२ र ३२, १५:८, ९ र २६, २४:१५-१६, २८:१ र १२

*२५) निन्दा र गिल्ला गर्ने मानिसः* हितोपदेश ३:३४[क], ९:७, ८ र १२, १३:१, १४:६, १५:१२, १९:२५, २१:११ र २४, २२:१०, २४:९ र २९:८[क]

**२६)** *अल्छे:* हितोपदेश ६:६-११, १०:२६, १५:१९, १८:९, १९:१५ र २४, २०:४ र १३, २१:२५, २२:१३, २४:३०-३४ र २६:१३-१६

**२७)** *आत्मा जित्ने सीप:* हितोपदेश ११:३० र २४:११-१२

**२८)** *झगड़ा र बाझाबाझ:* हितोपदेश १०:१२, १२:१८, १३:१०, १५:१-४ र १८, १६:२७-२८, १८:६-८, २१:९ र १९ अनि २८:२५

**२९)** *जमानी-बसाइ:* हितोपदेश ६:१-५, ११:१५, १७:१८, २०:१६, २२:२६-२७ र २७:१३

**३०)** *सिकाउनु योग्य:* हितोपदेश १:५, ९:७-९, १०:१७, १२:१ र १५, १३:१, १० र १८, १५:५, १०, १० र १२, १५:३१-३२, १७:१०, १९:२० र २५, २१:११, २५:१२, २७:५-६, २८:२३ र २९:१

**३१)** *रिस र धीरज:* हितोपदेश १४:१७ र २९, १५:१८, १६:३२ र १९:११

**३२)** *संयम:* हितोपदेश २३:१-३ र २५:२८

**३३)** *दाखमद्य:* हितोपदेश २०:१, २१:१७, २३:२०-२१, २३:२९-३५ र ३१:४-७

**३४)** *सल्लाह लिने र सल्लाह दिने बुद्धि:* हितोपदेश ११:१४, १२:१५, १५:२२, २०:१८ र २४:६

**३५)** *बुद्धिको अवतार:* हितोपदेश १:२०-३३, ८:१-३६, ९:१-६, १४:१[क], १६:१६ र २२ र १९:२३

**३६)** *बुद्धिमान् र मूर्ख मानिसको तुलना:* हितोपदेश ३:३५, १०:८, १३-१४ र २३, १२:१५, १६ र २३, १३:१६, १४:३, ८, १५-१६, १८-१९, २४ र ३३, १५:७, १४, २०-२१, १७:११-१२, १६, २१, २४, २५ र २८, १८:२, ६-८, २९:८-९ र ११

**३७)** *परमेश्वरको वचन र वचनप्रतिको आज्ञाकारिता:* हितोपदेश १३:१३-१४, १६:२०, १९:१६, २८:४, ७ र ९, २९:१८ र ३०:५-६

**३८)** *धनसम्पत्ति:*

**क)** धनसम्पत्तिसित आउने समस्या: हितोपदेश १५:६ र १६-१७, १६:८ र १७:१

**ख)** धनसम्पत्तिले साथी बनाउँछ: हितोपदेश १९:४ र ६

**ग)** बलजफातले धनसम्पत्ति कमाएको: हितोपदेश ११:१६

**घ)** नीच कमाइले प्राप्त गरिएको धन: हितोपदेश १०:२, १३:२२[ख], १५:६[ख], २०:१७, २१:६, २२:१६ र २८:८

**ङ)** हतारसँग कमाएको धन: हितोपदेश १३:११, २०:२१, २८:२०[ख] र २२

**च)** इमानदारी साथ कमाएको धन: हितोपदेश १०:१६

**छ)** अधिकारको भागको रूपमा पाइएको धनसम्पत्ति: हितोपदेश १९:१४

**ज)** सौगात र घूसको रूपमा बेप्रयोग गरेको सम्पत्तिः हितोपदेश १५ः२७, १७ः८ र २३, १८ः१६, १९ः६, २१ः१४, २५ः१४ र २९ः४

**झ)** धनसम्पत्तिबाट भएको सीमित लाभः हितोपदेश ११ः४

**ञ)** धनसम्पत्तिको महत्त्व र मूल्य बुद्धिभन्दा कमः हितोपदेश १६ः१६

**ट)** धनसम्पत्ति भरपर्दो छैनः हितोपदेश ११ः२८

**ठ)** धनसम्पत्ति सम्पन्न भएको बहानाः हितोपदेश १३ः७

**ड़)** धनसम्पत्तिमा हुने सुरक्षाः हितोपदेश १०ः१५[क], १३ः८ र १८ः११

**ढ़)** धनसम्पत्तिसित आउने उत्तरदायत्व र उदारताः हितोपदेश ३ः९-१०, ३ः२७-२८, ११ः२४-२६, १९ः६, २१ः२६[ख], २२ः९ र २८ः२७

**ण)** धनसम्पत्ति कति क्षणिक होः हितोपदेश २३ः४-५ र २७ः२४

**३९)** *वेश्या वा दुष्ट स्त्रीः* हितोपदेश २ः१६-१९, ५ः३-२३, ६ः२४-३५, ७ः५-२७, ९ः१३-१८, २२ः१४, २३ः२७-२८ र ३०ः२०

**४०)** *अन्य स्त्रीहरूः*

**क)** सुन्दर स्त्री, जसको विवेक छैनः हितोपदेश ११ः२२

**ख)** झगड़ालु स्वास्नीः हितोपदेश १९ः१३, २१ः९ र १९, २५ः२४ र २७ः१५-१६

**ग)** गुणवती पत्नीः हितोपदेश १२ः४, १८ः२२ र ३१ः१-३१

**घ)** दयालु स्त्रीः हितोपदेश ११ः१६

**ङ)** बुद्धिमती पत्नीः हितोपदेश १९ः१४

**च)** हेला गरिएको स्त्रीः हितोपदेश ३०ः२३

**छ)** जवानीकी पत्नीः हितोपदेश ५ः१८-१९

## रूपरेखाः

**खण्ड १) हितोपदेश १:१-७: हितोपदेशको पुस्तकको परिचय**

**खण्ड २) हितोपदेश १:८-९:१८: बुद्धि र मूर्खताको सम्बन्धमा बोलिएका राजा सुलेमानका उखानहरू**

**क) हितोपदेश १:८-३३:** बुद्धिले आह्वान गरेको

**ख) हितोपदेश २:** बुद्धिका मार्गहरू

**ग) हितोपदेश ३:१-१०:** बुद्धिका इनामहरू

**घ) हितोपदेश ३:११-२०:** बुद्धिको प्राप्तिबाट हुने लाभ

**ङ) हितोपदेश ३:२१-३५:** बुद्धिको व्यवहार

**च) हितोपदेश ४:१-९:** बुद्धि परिवारको धन हुनुपर्छ

**छ) हितोपदेश ४:१०-२७:** बुद्धि र दुईवटा बाटोहरू

**ज) हितोपदेश ५:** व्यभिचारमा हुने मूर्खता

**झ) हितोपदेश ६:१-१९:** जमानी बस्नुमा भएको मूर्खता, साथै अल्छीपन र छल

**ञ) हितोपदेश ६:२०-७:२७:** परस्त्रीगमन र वेश्यावृत्तिमा हुने मूर्खता

**ट) हितोपदेश ८:** बुद्धिको अवतार

**ठ) हितोपदेश ९:१-१८:** बुद्धिले दिएको निम्तो र मूर्खताले दिएको निम्तो

**खण्ड ३) हितोपदेश १०:१-२२:१६: व्यावहारिक बुद्धिको सम्बन्धमा बोलिएका राजा सुलेमानका उखानहरू**

**क) हितोपदेश १०:१-१५:३३:** धर्मी मानिस र दुष्ट मानिसका जीवनशैलीहरू आपसमा तुलना गरिएका

**ख) हितोपदेश १६:१-२२:१६:** धर्मी जनको जीवनशैलीले प्राप्त गरेको सहराना

**खण्ड ४) हितोपदेश २२:१७-२४:३४: अरू बुद्धिमान् मानिसहरूले बोलेका उखानहरू**

**क) हितोपदेश २२:१७-२४:२२:** बुद्धिमान् मानिसले रचेका नीतिवचनहरू

**ख) हितोपदेश २४:२३-३४:** बुद्धिमान् मानिसले कहेका थप नीतिवचनहरू

**खण्ड ५) हितोपदेश २५:१-२९:२७: राजा हिजेकियाहका कर्मचारीहरूले संकलन गरेका अन्य सुलेमानका हितोपदेशहरू**

**खण्ड ६) हितोपदेश ३०: याकेका छोरा आगूरका वचनहरू**

**खण्ड ७) हितोपदेश ३१:१-९: राजा लमुएलकी आमाले तिनलाई सिकाएका वचनहरू**

**खण्ड ८) हितोपदेश ३१:१०-३१: आदर्श पत्नी र आमा**

# हितोपदेशको पुस्तकको टिप्पणी

## खण्ड १

## हितोपदेश १:१-७:

### हितोपदेशको पुस्तकको परिचय

**हितोपदेश १:१:** इस्राएलका राजाहरूमध्ये दाऊदका पुत्र सुलेमानचाहिँ सबैभन्दा बुद्धिमान्, सबैभन्दा धनवान् र सबैभन्दा बढ़ी सम्मान प्राप्त राजा थिए (१ राजा ३:१२-१३ र ४:३०-३१)। तिनले तीन हजार उखानहरू रचे, तर तीमध्ये केही अंश मात्र यस हितोपदेशको पुस्तकमा समावेश गरिएका छन्। राजा सुलेमानले कहेका उखानहरू हितोपदेश १:१-२९:२७ पदसम्म उल्लेख गरिएका छन्।

**हितोपदेश १:२-३:** राजा सुलेमानले यी उखानहरू किन रचे? यसको कारण हितोपदेश १:४-६ पदको खण्डमा बताइएको छ। छोटकरीमा भन्नु हो भने, यी उखानहरूमा हाम्रो जीवनको रहनसहन र संचालनको निम्ति उपयोगी व्यावहारिक बुद्धि छ।

यी नीतिवचनहरूबाट हामीलाई समझदारी हुन सिक्नु छ र व्यावहारिक ज्ञानको सम्बन्धमा शिक्षादीक्षा पाउनु छ; किनभने यहाँ समझका वचनहरू छन्। यी वचनहरू हामीले लिन र अपनाउन सक्नुपर्छ, तब हामीले असल र खराबको बीचमा, काम लाग्ने र काम नलाग्ने कुराहरूको बीचमा, हितकारी र हानिकारक कुराहरूको बीचमा खुट्ट्याउन सक्छौं। तपाईंले सिक्न चाहनुभयो भने, यहाँ बुद्धिमान् के हो, धर्मी के हो, न्यायसङ्गत के हो र आदरयोग्य के हो, सो सिकिन्छ।

**हितोपदेश १:४:** यी नीतिवचनहरूमाथि ध्यान दिएर सीधासादा मानिस विवेकशील हुन जान्छ र सामान्य सहजबुद्धि प्राप्त गर्छ। विशेष गरी हाम्रा जवान भाइबहिनीहरूले यी नीतिवचनहरूद्वारा बाहिरी ज्ञान मात्र होइन, तर खाँटी, चोखो व्यावहारिक बुद्धि प्राप्त गर्छन्।

**हितोपदेश १:५:** बुद्धिमान् मानिसले यी हितोपदेशहरूमाथि ध्यान दिएर आफ्नो बुद्धि बढ़ाउँछ र समझदार मानिसले आफ्नो लागि मार्गदर्शन र अरूको लागि सल्लाह पाउँछ। 'बुद्धिमान् मानिसले सुन्नेछ' भन्ने वाक्यले शुरुमै उद्घोषणा गरेर 'अरे, यो पुस्तक जुवा-जुवतीहरूको निम्ति मात्र लेखिएको छ' भन्ने धारणा काटिहाल्छ; किनभने हितोपदेशको पुस्तकमा बुद्धिमान् मानिसको खास अर्थ नीतिवचनहरू ध्यानसित सुन्ने मानिस हो। यस्तो व्यक्ति शिक्षणीय हुन्छ; ऊ चुप लागेर सुन्न चाहन्छ। ऊ सबै कुराहरू अघिबाट जानिसकेको मानिस होइन। तब हाम्रो निम्ति बोल्नुभन्दा सुन्नु निको छ।

**हितोपदेश १:६:** यस पुस्तकले हामीलाई हितोपदेशको मतलब बुझ्ने र दृष्टान्तको अर्थ खोल्ने सीप दिइन्छ। किनभने हामीले सिक्नुपर्ने पाठ पढ़िएका शब्दहरूको सतहमा भेट्टिँदैन, तर यिनको गहिराइमा पो छ। तब बुद्धिले पूर्ण वचन र पहेलीहरू हामी किन नबुझौं, जब यिनको अर्थ खोल्ने चाबी यहाँ छ? हामीलाई शब्दहरूको गहिराइमा लुकेका तथ्यहरू भेट्टाउनु छ।

**हितोपदेश १:७:** अब हामी यस पुस्तकको कुञ्जी खोल्ने मुख्य पदमा आइपुग्यौं: *'परमप्रभुको भय नै ज्ञानको शुरु हो।'* (हितोपदेश ९:१० पद पनि पढ्नुहोस्)। ज्ञानको शुरुको अर्थ ज्ञानको मुख्य खण्ड पनि हुन सक्छ। के तपाईं बुद्धिमान् हुन चाहनुहुन्छ? तब तपाईंले परमेश्‍वरको श्रद्धाभक्ति गर्नुबाट शुरु गर्नुपर्छ। तपाईंले उहाँमाथि भरोसा गर्न र उहाँको आज्ञापालन गर्न सिक्नुपर्छ। अनि सृष्टि गरिएको प्राणीले आफ्ना सृष्टिकर्तामाथि भर पर्नुभन्दा समझदार कुरा अरू के हुन सक्छ र? तर परमेश्‍वरको वचन सरासर इन्कार गरेर आफ्नै विचार, आफ्नै कल्पना र आफ्नै इच्छाअनुसार जिउनुभन्दा मूर्ख कुरा अरू के हुन सक्छ? तब आउनुहोस्, हामी शुरुमै एउटा बुद्धिमान् काम गरौं: हामीले आफ्ना पापहरूको विषयमा पश्‍चात्ताप गरौं र आफ्नो सारा हृदयले येशू ख्रीष्टमाथि विश्‍वास गरेर उहाँलाई आफ्नो प्रभु र मुक्तिदाताको रूपमा ग्रहण गरौं! त्यसपछि हामी दिलोजानले र भक्तिको साथ उहाँको निम्ति आफ्नो जीवन जिऔं!

*'मूर्खहरूले बुद्धि र शिक्षालाई तुच्छ ठान्छन्।'* यस पुस्तकअनुसार बुद्धिमान् मानिस सिक्न चाहने उत्सुक मानिस हो भने, ठीक त्यस्तै मूर्ख मानिसलाई चाहिँ केही पनि भन्नुहुँदैन। त्यो अनुशासनभित्र कहाँ रहन्छ र? त्यो धोकैधोकामा परेको छ। अनि त्यसले केही सिक्छ भने, त्यसले त्यो दुःखकष्टबाट मात्र सिक्छ। तर के त्यसले केही सिक्छ र? यसमा शङ्का छ।

# खण्ड २

# हितोपदेश १:८-९:१८:

## बुद्धि र मूर्खताको सम्बन्धमा बोलिएका राजा सुलेमानका उखानहरू

### क) हितोपदेश १:८-३३: बुद्धिले आह्वान गरेको

**हितोपदेश १:८:** *'हे मेरा छोरा!'* भनेर हितोपदेशको पुस्तकको एक अध्यायदेखि सात अध्यायसम्म पन्ध्र पल्ट छोरालाई सम्बोधन गरिएको छ। यी अध्यायहरूमा अभिभावक बुबाआमाको मुटुको धड्कन छाम्न सकिन्छ र आफ्नो छोराको निम्ति उनीहरूको फिक्रीचिन्ता स्पष्ट बुझिन्छ; किनभने उनीहरूले आफ्नो छोराछोरीको निम्ति 'उसले सबैभन्दा उत्तम जीवन पाओस्' भन्ने शुभचिन्ता राखेका छन्। बुबाआमाको असल सल्लाह स्वीकार गरेर जवान छोरा, जवान छोरी जीवनका अल्झा, पासो र फन्दाहरूमा पर्नेछैन; तर दैनिक जीवनका कामकुराहरू र व्यवहारको सम्बन्धमा सिपालो भएर पूरा निपुण हुँदै जानेछ।

भक्त बुबाआमाबाट हाम्रो जीवनमाथि परेको असल प्रभावको निम्ति हामी कति ऋणी छौं! हो, हाम्रा भक्त आमाहरूको निम्ति प्रभुलाई मुरी-मुरी धन्यवाद! प्रभाव पार्ने

आमाहरूको विषयमा श्री हेन्री बोशले हामीलाई सम्झना दिलाएर यसो भनेका छन्ः

'इतिहास साक्षी छः महान् पुरुषहरू आफ्ना आमाको काखमा बसेर धेरै मूल्यवान् कुराहरू सिके; तिनीहरू धेरै आशिषित भए। मोशा, शमूएल र तिमोथीलाई विचार गर्नुहोस्! यी आत्मिक अगुवाहरूले आ-आफ्नी भक्त आमाको प्रेम र वास्ता पाए, र यसबाट तिनीहरू प्रभावित भए, र यस कुराले तिनीहरूको जीवनमा धेरै फल फलायो। सन्त अगुस्टीन, योह्‌न न्यूटन र बेस्लीका जोशिला भाइहरूको ख्याल गर्नुहोस्! भक्त आमाहरूले तिनीहरूलाई नहुर्काएका भए तिनीहरू इतिहासको मञ्चमा उठेको कुरा हामीले कहिल्यै पढ्‌न पाउनेथिएनौं। तर परमेश्वरलाई धन्यवाद होस्; तिनीहरूले यस्ता परिवारहरूमा हुर्कन पाए, जुन परिवारहरू प्रेमको नियमअनुसार चलेका थिए, र जहाँ एउटा उत्तम ख्रीष्टीय साक्षीले तिनीहरूलाई दिनदिनै मार्गदर्शन र प्रेरणा दिइरहन्थ्यो।' 3)

**हितोपदेश १ः९ः** जब कसैले बुबाआमाको सल्लाह पालन गर्छ, तब त्यो कुरा उसको शिरको श्रीपेच र उसको गलामा हार बन्दछ। यो काव्य भाषा हो, जसको अर्थ यस प्रकारको छः बुद्धिमान् छोराको यस आज्ञाकारिताले उसलाई आदर-सम्मान दिन्छ र उसको जीवनमा नैतिक सुन्दरता ल्याउँछ।

**हितोपदेश १ः१०ः** कुनै जवानले आफ्नो जीवन बरबाद गरेको छ भने, प्रायः यसको मुख्य कारण त्यसको कुसङ्गत हुँदो रहेछ, जसमा त्यो लागिपरेको थियो। कुसङ्गतमा पर्ने कदमहरू हितोपदेश १ः१०-१९ पदमा पेश गरिएका छन्; यसमा काल्पनिक केही पनि छैन, तर जीवन बिग्रिनु हो भने, तब कुरा यहाँ बताइएजस्तै हुन्छ।

तर शुरुमा हामीले पहिले एउटा चेताउनीको वचन सुन्नुपर्छः *'हे मेरा छोरा, पापी मानिसहरूले तिमीलाई फुस्ल्याए भने तिनीहरूको कुरा मान्न राजी नहोऊ!'* जिन्दगी खराब प्रलोभनहरूले पूर्ण हुन्छ। यसकारण हामीमा नाइँ भन्ने हिम्मत र नकार्ने साहस हुनुपर्छ, हप्तामा हजार पल्टसम्म।

**हितोपदेश १ः११ः** *'हामीसँग आऊ!'* भनेर यहाँ छरछिमेकमा गठ बाँधिएको गुन्डाले कुनै जवान भाइलाई निम्तो दिएको रहेछ। केको लागि उसलाई यो निम्तो दिइएको छ? लुटपिट गरेर डाँका मार्ने कामको निम्ति। अनि खाँचो परेको खण्डमा तिनीहरू यसको निम्ति हत्या गर्नेसम्म तयार थिए। अनि त्यो जवानको विषयमा? आहा, यस गुटमा यत्रो न्यानो स्वागत पाएकोमा त्यो कति फुलिन्छ। तत्कालै त्यो ती बहादुरहरूको खुसामदको शिकार भइहाल्छ। योजस्तै हिम्मतदार अरू के हुन सक्थ्यो र? यस उत्सुक विचारले त्यसको खून उम्लिन्छ।

**हितोपदेश १ः१२-१४ः** किनकि आफ्नो शान्ति-सुरक्षाको जीवनदेखि त्यसलाई कति बोरिङ्ग, कति अल्छी लागेको छ। त्यसले जसरी भए पनि केही न केही रोमहर्षक कुरा गरेर छोड्नुपर्छ। अनि नभन्दै त्यो रगत उमाल्ने कुरा त्यसको सामु पेश गरिएको छः एउटा अनिन्द्य अपराध, दोष साबित गर्न सक्ने एउटै पनि प्रमाण नहुने गरी एकै प्रहारमा तात्कालिक मृत्यु हुने। अनि तिनीहरू सबैजना एकै रातमा धनी हुने प्रलोभन छँदैथियो। यो कत्रो ठूलो प्रोत्साहन!! लुटका मालले तिनीहरूका घरहरू टन्न भरिनेछन्। 'हामीसँग एक होऊ, र तिमी धेरै धन कमाउनेछौ; हामी सबैजनाको हिस्सा बराबर हुनेछ; तिम्रो बेफाइदा केही पनि हुनेछैन।' यो तिनीहरूको आश्वासन थियो।

**हितोपदेश १ः१५-१६ः** तर अब त्यसकहाँ यो बुद्धिको वाणी आयोः 'हे मेरा छोरा, तिनीहरूसँग नलाग! तिनीहरूबाट सकेसम्म टाढ़ा बस! तिनीहरूका तत्कालमा धनी हुने

योजनाहरूबाट पूरा अलग बस ! नत्र तिम्रो हार र पतन सुनिश्चित हुनेछ। बुझः यी केटाहरू अपराध-अपराधले पूर्ण जीवनले ग्रसित छन्; तिनीहरूको गोली मारेर खाने बानी छ। हेर, एक हत्यादेखि अर्को हत्या गरेको तिनीहरूको सूरमा कुनै विराम र टुङ्गो छैन।'

**हितोपदेश १:१७-१८:** देखिने जाल वा देख्न सकिने पासोबाट उम्कन एउटा चरामा होश छ। तर यी केटाहरूचाहिँ ? तिनीहरूले आफ्नो प्राणको निम्ति पासो थपेका छन्; नभन्दै तिनीहरू त्यसमा पर्न जान्छन्।

**हितोपदेश १:१९:** उक्त कथाबाट सिक्नुपर्ने पाठ छः जुन-जुन मानिसहरूले तत्कालमा धनी हुन खोज्छन्, ती मानिसहरूले आफ्नो लोभको बदलीमा आफ्नो प्राण दिनुपर्छ। *'लाभको लालच गर्ने हरेक मानिसका चालहरू यस्तै हुन्छन्; त्यस लोभलालचले आफ्नो मालिकको ज्यान लिन्छ-लिन्छ।'*

बलजफत गरेर र लुटपिट गरेर धनी हुन खोज्ने कुप्रयास यस खण्डको सन्दर्भ हो। तर यस शिक्षाको सीमा यसमा सीमित राख्नुहुँदैन, तर तुरुन्तै धनी हुने जुनसुकै पद्धति र उपाय यसमा समावेश गर्नुपर्छ, चाहे त्यो जुवा खेल्नु हो, चाहे घोड़दौड़को जुवा हो, चाहे लाटरी हो, चाहे शेयर बाजारको सट्टेबाजी हो।

अबचाहिँ हामी दुईवटा वाणीहरू सुन्न लागिरहेका छौं, जुन वाणीद्वारा त्यहाँबाट भएर जानेहरूलाई आह्वान गरिन्छ। एउटा वाणी बुद्धिको वाणी हो भने, अर्को वाणीचाहिँ पराई स्त्रीको वाणी हो। अनि यहाँ बुद्धिले एउटी स्त्रीको रूप लिए ता पनि बुद्धिले प्रभु येशू ख्रीष्टलाई सङ्केत गर्छ।[4] अनि त्यो पराई स्त्रीचाहिँ ? त्यस पराई स्त्रीले पापको परीक्षा र दुष्ट संसारलाई सङ्केत गर्छे।

हितोपदेश १:२२-३३ पदको खण्डमा बुद्धिले ती मानिसहरूसँग आग्रह गर्छ, जसले 'अहँ, बुद्धि हामीलाई चाहिँदैन' भन्ने मूर्ख विचार गर्छन्।

**हितोपदेश १:२०:** याद गर्नुहोस्ः बुद्धि चोकहरूमा उभिएको छ र आफ्नो सोर सुनाउँछ, जहाँ हरेक मानिसले उसको सन्देश सफासँग सुन्न सक्छ। *'उसले सड़कहरूहुँदो आफ्नो आवाज उचाल्छ।'*

**हितोपदेश १:२१:** अनि अब ऊ भीड़ लाग्ने ठाउँहरूमा, अँ, शहरका मूलढोकाहरूको मुखमा ठूलो सोरले कराउँछ। अनि ठीक यो हाम्रा प्रभु येशूसित सत्य ठहरिएको छः उहाँले मानव-जातिका सबै मानिसहरूलाई बोलाउँदै हुनुहुन्छ, जसको जीवन छिटो-छिटो बितिरहेको छ।

भीड़ लाग्ने दोबाटोहरू जहाँ भेटिन्छन्,
किसिम-किसिमका मानिसहरू व्यस्त रहेको आवाज जहाँ सुनिन्छ,
स्वार्थमय मानिसहरूका हल्लाले पूर्ण सबै प्रयासहरू नाघ्ने त्यो वाणी,
अँ, मानिसका पुत्रको त्यो वाणी हाम्रा कानहरूले सुन्दैछन्।

श्री फ्रान्क मेसन नोर्थ

**हितोपदेश १:२२:** बुद्धिले सीधासादाहरूलाई, गिल्ला गर्नेहरूलाई र मूर्ख मानिसहरूलाई सम्बोधन गर्छ। सीधासादाहरू तिनीहरू हुन्, जो साह्रै सोझो हुन्छन्, जसलाई सजिलोसँग जुनै पनि प्रभावले प्रभावित पार्न सकिन्छ, चाहे त्यो प्रभाव असल, चाहे त्यो प्रभाव खराब किन नहोस्। अनि यहाँ तिनीहरूमा भएको त्यस अस्थिरता र चञ्चलताले तिनीहरूलाई झुकाएर तिनीहरूलाई कुबाटोमा डोहोर्‍याएको जस्तै देखिन्छ। गिल्ला गर्नेहरू तिनीहरू हुन्, जसले कुनै पनि असल सल्लाह तुच्छ ठानेका र घृणा गरेका छन्। तिनीहरूका आँखामा पवित्र मान्नुपर्ने वा डर मान्नुपर्ने कुरा केही पनि छैन। अनि मूर्खहरू ? तिनीहरू यी हुन्, जसले बेहोशी भई शिक्षा र अर्ती सरासर इन्कार गर्छन्। तिनीहरू धोकामा परेका, आफ्नो अज्ञानतामा सन्तुष्ट हुने मतलबी हुन्।

**हितोपदेश १:२३:** यो पद दुई किसिमले बुझिन्छ। यस पदको पहिलो अर्थ यस प्रकारको छः 'ठिक्कै छ, तिमीहरूले मेरो निम्तो स्वीकार गरेनौ, यसैले तिमीहरूले मतिर फर्केर मेरो हप्की सुन्नुपर्छ। म आफ्नो आत्मा खन्याएर न्यायका वचनहरू बोल्नेछु र तिमीहरूलाई तिमीहरूको भाग्य के हो, सो सुनाउनेछु।' यस व्याख्याअनुसार हितोपदेश १:२४-२७ पदको खण्डमा लेखिएका शब्द-हरूले यी मानिसहरूको अन्त व्यक्त गरेका छन्।

तर यस पदको दोस्रो व्याख्या पनि छ, जसको अर्थ यस प्रकारको छः 'मेरो हप्की सुनेर फर्क र पश्चात्ताप गर! यसो गरेको खण्डमा म आफ्नो आत्मा तिमीहरूमाथि खन्याएर तिमीहरूलाई आशिष दिनेछु र तिमीहरूलाई मेरा बुद्धिका वचनहरूको अर्थ खोलिदिनेछु।'

यहाँ 'आत्मा' भन्ने शब्दको अर्थले विचार वा मनको माने लिन सक्छ। ख्रीष्ट येशूले पवित्र आत्मा तिनीहरूमाथि खन्याउनुहुन्छ, जसले उहाँको आह्वान सुनेर स्वीकार गर्छन्; यो कुरा सत्य हो। तर यो सत्यता पुरानो नियममा प्रकट भएको थिएन, तर नयाँ नियममा मात्र प्रकट भएको हो।

**हितोपदेश १:२४:** मानिसको जीवनमा सबैभन्दा दुःखद घटनाहरूमध्ये एक तब घट्छ, जब उसले मूर्ख प्रकारले बुद्धिका अनुग्रहले पूर्ण आग्रहहरू इन्कार गर्छ। यस कुराले *'मैले इच्छा गरें, तर तिमीहरूले इच्छा गरेनौ'* भन्ने विलापको वचनको सम्झना दिलाउँछ, जुन वचन प्रभु येशूले जैतुन-डाँड़ामा बोल्नुभयो, जब उहाँले यरूशलेम-वासीहरूको निम्ति बिलौना गर्नुभयो, जसले आफ्नो शुभ अवसर गुमाएका थिए (मत्ती २३:३७)।

**हितोपदेश १:२५:** बुद्धिले ती मानिस-हरूको निम्ति शोक गर्छे, जसले उसको एउटा पनि सल्लाह लिन मानेनन्, तर पूरा पन्साए। तिनीहरूले आफ्नो विषयमा कुनै समुचित आलोचना, कुनै उपयोगी समीक्षा, कुनै सकारात्मक विवेचना सुन्न चाहँदैनन्।

बेसमझको कुरा के हो भने, जुन आज्ञाहरू र जुन चेताउनीहरू मानिसले मूर्ख भएर सरासर इन्कार गर्छ, ती परमेश्वरका आज्ञाहरू र चेताउनीहरू मानिसको भलाइको निम्ति दिइएका छन्; यसबाट उहाँलाई कुनै फाइदा हुँदैन। एउटा कथा छ, जसले यो कुरा स्पष्ट पार्छ, जुन कथा श्री डी. जे. बार्नहाउसले बताएका छन्। यो वाशिङ्टनको चिड़िया-खानामा घटेको दुःखद घटना हो। एउटी सानी केटीले छिरेर त्यो छेकबार पार गरी, जुन छेकबारले दर्शकहरूलाई सिंहको खोरबाट अलग राख्थ्यो। त्यस केटीको बाजेले उसलाई 'तुरुन्तै फर्केर आऊ' भन्ने आदेश दिए; तर त्यस केटीले यो आदेश ठट्टा सम्झी र तिनीबाट अझै केही कदम पछि हटी। तब एउटा सिंह आयो, उसलाई पक्र्यो र खोरभित्र तानेर उसलाई दर्शकहरूका आँखाको सामु च्यातचुत गरेर मारिदियो। अनि श्री बार्नहाउसले हामीलाई सिक्नुपर्ने पाठ पनि प्रस्तुत गरेर यसो भनेका छन्:

> 'परमेश्वरले हामीलाई हाम्रो हितको निम्ति आज्ञाहरू र शिक्षाहरू दिनुभएको छ; किनभने उहाँले दिनुभएका आज्ञाहरूमा एउटै पनि छैन, जुनचाहिँ उहाँको मतलब र मनपरीको फल हो; अहँ, उहाँले हामीलाई मज्जा गरेको देख्न नसकेर कुनै आज्ञा दिनुभएको छैन। जब परमेश्वर भन्नुहुन्छः "तिमीले मेरो सामु अरू कुनै देवीदेवता राख्नुहुँदैन", तब उहाँले आफ्नो इज्जत र आफ्नो अधिकारको निम्ति डाहा गरेर यसो भन्नुभएन। तर उहाँलाई थाहै छ, कि हामीले केही कुरा उहाँभन्दा अघि वा पहिले राख्छौं भने, त्यस कुराले हामीलाई हानि गर्छ। के हामीले यस प्रकारको व्यवहारमा उहाँको बुद्धि देख्न सक्छौं? तब परमेश्वरले हामीलाई

ताड़ना दिनुभएकोमा पनि उहाँको सुबुद्धि र सुव्यवहार देख्न सक्छौं। किनभने "जसलाई परमप्रभुले प्रेम गर्नुहुन्छ, उसलाई उहाँले ताड़ना गर्नुहुन्छ" (हिब्रू १२:६)। उहाँ हामीलाई केही कदम पछि सरेर सिंहको पन्जामा परेको देख्न चाहनुहुन्न; किनभने त्यहाँ एउटा सिंह छँदैछ, त्यो शैतान, जसले हामीलाई निल्न खोज्दैछ।' 5)

**हितोपदेश १:२६:** यदि कसैले अट्टेरी भएर लगातार उहाँको कुरा सुन्न इन्कार गर्‍यो भने, यस प्रकारको अस्वीकार र अट्टेरीपनले विपत्ति र विनाश निम्त्याउँछ। त्यस मानिसको विनाश आइपर्दा खिसी गरेर हाँस्नको निम्ति बुद्धिको पालो आउँछ। *'यसकारण म पनि तिमीहरूको विपत्तिमा हाँस्नेछु; तिमीहरूमाथि डर आइपर्दा म खिसी गरेर हाँस्नेछु।'*

तर भक्तिहीन मानिसहरूमाथि विपत्ति आइपर्दा के परमप्रभु साँच्चै हाँस्नुहुन्छ त, जसरी यो पद र भजन २:४ पदले सुझाउ दिन्छन्? यस प्रकारको हँसाइमा हामी क्रूरता, दुर्भावना, कुविचार वा प्रतिशोधको केही लेश पाउन खोज्यौं, तब उक्त प्रश्नको जवाफ 'अहँ, उहाँ यस प्रकारले हाँस्नुहुन्न' हो। तब उहाँको यस हँसाइ कुन दृष्टिकोणले हेर्नु ठीक होला त? हामीले यसको अर्थ सङ्केतात्मक रूपले लिनुपर्ला। किनभने मुहावरा अर्थात् वाग्धारीय भाषामा 'सर्वशक्तिमान् सर्वाधिकारी परमेश्वरको विरोध गर्नुभन्दा सारहीन र हाँसउठ्दो कुरा केही पनि छैन' भनेर भनेको हो। के मच्छरको निम्ति दन्किरहेको आगोको भट्टीलाई चुनौती दिन सुहाउँछ र? अनि यस सम्बन्धमा यो विचार पनि स्वीकार गर्न लायक छः जुन मानिसले बुद्धिका आज्ञाहरूको खिल्ली उड़ाउँला र जसको निम्ति यी आज्ञाहरू केवल काल्पनिक होलान्, त्यस मानिसले आफ्नो मूर्खताको कटनी गर्दा यी ईश्वरीय आदेशहरू अझै स्थिर भई खड़ा रहेका छन्। तब त्यो गिल्ला गर्ने कहाँ गयो? के अन्तिम आएर न्यायले त्यसलाई फेला पारेन र? तब अन्तिम हँसाइ कसको हुने भयो, सो आफै भन्नुहोस्!

**हितोपदेश १:२७:** आफ्नो जीवनको लेखा दिनुपर्ने दिन आउँछ-आउँछ, निश्चित आउँछ। जुन न्यायबाट मानिसहरूलाई डर लागेको थियो, त्यो न्याय ती मानिसहरू-माथि आँधीबेह्रीजस्तै आइपर्नेछ। तिनीहरूको विपत्तिले तुफानले झैं तिनीहरूलाई उदाएर लैजानेछ। के सङ्कष्ट, के क्लेश, के आघात, के प्रहार, के निराशको भुमारी, यी सबका सबले तिनीहरूलाई पक्रनेछन्।

**हितोपदेश १:२८:** त्यस घड़ीमा ती मानिसहरूले बुद्धिलाई पुकार गर्नेछन्, तर यो तिनीहरूको व्यर्थको प्रयास ठहरिनेछ। तिनीहरूले उसलाई भेट्टाउन सकभर कोशिश त गर्नेछन्, तर तिनीहरूले उसलाई फेला पार्दै-पार्दैनन्, पत्ता लगाउन सक्दैनन्। बल्ल तिनीहरूले जान्दछन्, कि दिव्य प्रकाश इन्कार गर्ने मानिसबाट नयाँ प्रकाश रोकिन्छ। तिनीहरूले देख्न चाहेनन्; यसकारण तिनी-हरूले देख्न छोड़े। परमेश्वरको आत्माले मानिससँग सधैं विवाद र वार्तालाप गर्नुहुन्न (उत्पत्ति ६:३)। यसो हो भने, सकेसम्म सबै मानिसहरूलाई सुसमाचारको निम्तो दिनु एकदम जरुरी हो।

समय छँदै उहाँकहाँ आऊ, समय छँदै उहाँकहाँ आऊ!
जबसम्म प्रभु येशूले तिमीलाई बोलाउँदै हुनुहुन्छ, तबसम्म छिट्टै उहाँकहाँ फर्केर आऊ!
अझै पापमा जिएर ढिलो नगर!
किनभने स्वर्गको ढोका एक दिन बन्द हुनेछ,
तब तिम्रो पुकार व्यर्थ, अँ, बिलकुल व्यर्थ ठहरिनेछ।
यसकारण समय छँदै येशूकहाँ फर्केर आऊ!

उन्नाइसौं शताब्दीको अज्ञात रचना

**हितोपदेश १:२९:** ती गिल्ला गर्नेहरूको आरोप के थियो त? तिनीहरूले बुद्धिका

अर्तीहरू घृणा गरे र हठी भएर परमप्रभुको भय मान्न इन्कार गरे। हुन सक्छ, तिनीहरूले सुसमाचारको सन्देशको खिल्ली उड़ाए होलान्। त्यो त तिनीहरूको निम्ति कहाँ हो र? त्यो त केवल औरत र नानीहरूको निम्ति हुने कुरा हो अरे। *'बुद्धिमान् छौं भन्ने दाबी गर्दै तिनीहरू मूर्ख बने'* (रोमी १:२२)। यूहन्ना ३:१९-२१ पदको खण्डमा पनि बुद्धिलाई हेला गर्नेहरूको चर्चा गरिएको छ।

**हितोपदेश १:३०:** तिनीहरूको जीवनमा परमेश्वरको सल्लाहको निम्ति कुनै ठावैं भएन, जब तिनीहरूको निम्ति परमेश्वरको वचनमा उत्तमभन्दा उत्तम सल्लाह र परामर्श कति थिए, कति! जब-जब पवित्र धर्मशास्त्र बाइबलले तिनीहरूको भक्तिहीन जीवन, तिनीहरूका भक्तिहीन शब्दहरू र भक्तिहीन कामहरूमाथि दोष लगाउँथ्यो, तब-तब तिनीहरूले खिसी गर्थे। परमेश्वरको हप्की-देखि तिनीहरूलाई अलिकति पनि डर लाग्दैनथियो।

**हितोपदेश १:३१:** अब तिनीहरूले यसको निम्ति ठूलो रकम चुकाउनुपरेको छ; तिनीहरूले आफ्नो हठीपनको निम्ति रिँगटा लाग्ने दाम चुकाउनुपरेको छ, अनि आफ्ना युक्तिहरूको खराब फल अघाएसम्म खानुपरेको छ। बुद्धिमा के दोष, यो बिलकुल तिनीहरूको गल्ती थियो; किनकि तिनीहरूले सुन्न चाहँदैनथिए।

**हितोपदेश १:३२:** मोफ्फतको भाव-अनुवादअनुसार यस पदको बोल यस प्रकारको छः 'बेहोशी मानिसहरू आफ्नो हठीपनले गर्दा लड्छन् भने, विवेकहीन हुनेहरू आफ्नो बेवास्ताले गर्दा नाश हुनेछन्।' यसर्थ हरेक मानिस आफ्नो जीवनको निम्ति आफ्ना निर्णयहरू गर्न स्वतन्त्र हुन्छ, तर आफ्ना निर्णयहरूले कमाएका नतिजाहरूको विषयमा उसलाई छान्न केही पनि दिइँदैन। किनभने परमेश्वरले यस संसारका मानिस-हरूको निम्ति केही नैतिक नियमहरू स्थापित गर्नुभयो, अनि यी नियमहरूले हरेक मानिसले लिएको निर्णयको उचित प्रतिफल निर्धारित गर्छन्। यस सम्बन्धमा कुरा यस्तो छः जुन कुराहरू परमेश्वरले जोड्नुभएको छ, ती कुराहरू कसैले पनि अलग-अलग पार्न पाउनेछैन।

**हितोपदेश १:३३:** यस कुराको सकारात्मक पक्ष पनि छः जुन मानिसले बुद्धिमाथि ध्यान दिन्छ, त्यो मानिस सुरक्षित रहन्छ; उसलाई केको डर? यसकारण ईश्वरीय बुद्धिको चेलाचेली हुनुहोस्! तब सुखी जीवन तपाईंको हुनेछ; तब तपाईं ती दुःखहरू, शोकचिन्ताहरू र शर्मबाट मुक्त रहनुहुनेछ, जुन दुःख, शोकचिन्ता र शर्मले हठधर्मी र दुष्ट मानिसलाई कदम-कदममा पछ्याउँछन्।

## ख) हितोपदेश २: बुद्धिका मार्गहरू

यस अध्यायमा राजा सुलेमानले आफ्नो छोरालाई बुद्धिका मार्गहरूमा हिँड्ने आग्रह गर्छन्। अनि हितोपदेश २:१-४ पदको खण्डमा परमेश्वरको ज्ञान भेट्टाउने सर्तहरू के-के हुन्, सो कुरा प्रस्तुत गरिएको छ। उहाँको ज्ञानको खोजीमा मानिस फिक्का हुनुहुँदैन, तर गम्भीर र इमानदार हुनुपर्छ; उसले सम्पूर्ण हृदयले यसको खोजी गर्नुपर्छ।

त्यसपछि यस अध्यायको बाँकी भागमा सुनिश्चित प्रतिज्ञा दिइएको छः इमानदारीसाथ खोज्नेलाई बुद्धि र समझ दिइन्छ। हितोपदेश २ अध्यायका बाइस पदहरू छन् भने हिब्रू भाषाको वर्गमालामा पनि बाइस अक्षरहरू छन्।

**हितोपदेश २:१:** अब छोराको कर्तव्य आयोः छोराले पहिले आफ्ना बुबाको शिक्षा हृदयमा ग्रहण गर्नुपर्छ र तिनका आज्ञाहरू आफ्नो धन सम्झेर जोहो गर्नुपर्छ। हितोपदेशहरू हामीलाई हामीसित राख्न

दिइएका छन्, यसर्थ हामी यी नीतिवचनहरू कण्ठस्थ गर्नुपरेको रहेछ ।

**हितोपदेश २ः२ः** शिक्षा ग्रहण गर्ने हाम्रो कान खुला, हाम्रो हृदय खुला, हाम्रो मन खुला हुनुपर्छ । यसर्थ छोरा हौं, छोरी हौं भने, हामीले ध्यानसित सुन्नुपर्छ । यसो हो भने, हामी बेसी किन बोल्ने ? होइन, हामी मौन रहेर उहाँको कुरा सुनौं ! आधुनिक परामर्श-अनुसार मानिसले आफ्ना समस्याको विषयमा कुरा गरिरहनुपर्छ । तर यस प्रकारको आज्ञा हामीलाई यहाँ दिइएको छैन । होइन, हामीले बरु अरूबाट बुद्धिमान् सल्लाह पाउनैपर्छ । यसकारण हामीले ध्यानसित सुन्न सिक्नुपर्छ ।

**हितोपदेश २ः३-४ः** यस सम्बन्धमा इमानदार हुनुहोस्, गम्भीर हुनुहोस्, सुदृढ़ रहनुहोस् ! कसरी ? समझ पाउनको निम्ति आफ्नो सोर उचाल्नुहोस्, पुकार्नुहोस् ! 'जान्न पाऊँ, बुझ्न पाऊँ' भनेर आफ्नो अनुरोध एउटा प्रार्थना तुल्याउनुहोस् ! यस कुरामा तपाईंको अभिप्राय र गम्भीरता प्रमुख छ, महत्त्वपूर्ण छ; किनभने जुन कुरा हामी खोजी गर्छौं, त्यो कुरा हामी भेट्टाउनेछौं । जीवनको सम्बन्धमा यो एउटा सामान्य नियम हो ।

सुनचाँदी आदि खनिज पदार्थको खोजीमा जमिनमा सुरुङ खनेर खानीको काम गर्नेहरूले जति मेहनत गर्छन्, अथवा गाड़धनको खोजमा जति परिश्रम गर्नुपर्छ, ठीक त्यस्तै हामीले ईश्वरीय ज्ञान र समझको खोजीमा मेहनत र परिश्रम देखाउनुपर्छ । तर दुःखलाग्दो कुरा के हो भने, मानिसहरूले प्रायः आत्मिक धन प्राप्त गर्नुभन्दा भौतिक धन हासिल गर्न बढ़ी जोश देखाउँदा रहेछन् ।

**हितोपदेश २ः५ः** तर खोज्नेले भेट्टाउनेछ; यसमा कुनै शङ्का छैन । यसकारण प्रभुसित घनिष्ठ सम्बन्धमा आउने कोशिश गर्नुहोस्, र परमेश्वरलाई राम्ररी चिन्न सकभर प्रयास गर्नुहोस् ! किनभने यस्ताहरू कहिल्यै, अँ, कहिल्यै विफल हुनेछैनन्, निराशमा पर्नेछैनन् । यसकारण होला, शुरुको मण्डलीको अगुवाजनले यसो भनेः 'जसले परमेश्वरको खोजी गर्छ, उसैले उहाँलाई अवश्य भेट्टाउनेछ, उसको भेट्टाउने प्रयास भेट्टाएको जत्तिकै छ ।' हे भाइबहिनीहो, ख्रीष्ट येशूमाथि विश्वास गर्नुहोस्, र उहाँले तपाईंलाई पिता चिन्नाइदिनुहुन्छ । ख्रीष्ट येशूलाई चिन्ने प्रयास गर्नुहोस् ! किनभने जसले ख्रीष्ट येशूलाई चिनेको छ, उसैले परमेश्वरलाई चिनेको छ ।

**हितोपदेश २ः६ः** ख्रीष्ट येशूमाथि विश्वास गरेर हामीले मुक्ति पाएका छौं । त्यसपछि हामी परमप्रभुबाट दिव्य बुद्धि सिक्ने ठीक स्थितिमा छौं । उहाँले हामीलाई सही प्रकारले विचार गर्न सिकाउनुहुन्छ । उहाँले हामीलाई मूल्यवान् र साधारणको बीचमा, सत्य र झूटको बीचमा खुट्ट्याउने सीप दिनुहुन्छ । तब हाम्रो आत्मिक अन्तर्दृष्टि र समझ विकसित हुँदै जान्छ ।

**हितोपदेश २ः७ः** उहाँसँग खाँटी बुद्धिको ठूलो भण्डार छ, सीधा चाल चल्नेहरूलाई दिनको निम्ति; अनि विशेष सत्यनिष्ठ हुनेहरूको निम्ति उहाँ सुरक्षाको ढाल हुनुहुन्छ ।

**हितोपदेश २ः८ः** नैतिकताले पूर्ण एउटा शुद्ध जीवन जिउनुहोस् ! तब उहाँले तपाईंका बाटोहरू रक्षा गर्नुहुन्छ । उहाँको पवित्र जन हुनुहोस्, तब पापको मार्गमा पाइरहने दुःख-कष्ट र तीतोपनबाट तपाईं मुक्त हुनुहुनेछ । श्री नोक्सले यसो भनेका छन्ः 'परमेश्वरका चुनिएका मित्रहरूले सकुशलतासाथ आउ-जाउ गर्छन् ।'

**हितोपदेश २ः९ः** यस पदको जोड़ी हितोपदेश २ः५ पद हो; किनभने यी दुवै पदहरू 'तब' भन्ने शब्दबाट शुरु गर्छन् र इमानदारपूर्वक परमेश्वरको ज्ञानको खोजी गर्ने मानिसले के-के आशिषहरू प्राप्त गर्छ, सो कुराको सूचि पेश गर्छन् ।

जुन मानिसले उत्सुकतासाथ परमेश्वरको इच्छा जान्न र पालन गर्न चाहन्छ, त्यस मानिसले सठीक व्यवहार गर्न सिक्छ, निष्पक्ष हुन र न्यायी हुन सिक्छ, सच्चा हुन सिक्छ, अँ, अन्तमा हरेक असल मार्गमा हिँड्न जान्दछ। उसले सठीक बाटो छानेको र भेट्टाएको छ।

**हितोपदेश २:१०:** यसको खास कारण के हो? उसको हृदय र मन ईश्वरीय बुद्धिको नियन्त्रणमा रहेको छ। सही के हो, सो कुराको ज्ञानले उसलाई आनन्द दिन्छ, यसमा उसको निम्ति नमीठो केही पनि छैन। ख्रीष्ट-विश्वासीको निम्ति परमेश्वरका आज्ञाहरूमा झिजो मान्नुपर्ने केही पनि छैन। ख्रीष्ट येशूको जुवा सजिलो र उहाँको भारी हलुका छ।

**हितोपदेश २:११:** विवेकले बुद्धिमान् निर्णयहरू गर्न मद्दत गर्छ। एउटा असल विवेक कायम राख्दा त्यसले हामीलाई धेरै हानिकारक कुराहरू र व्यर्थ घुमफिरहरूबाट जोगाउँछ। अनि खाँटी समझचाहिँ? त्यसले हामीलाई दुष्ट मानिसहरूको कुसङ्गतबाट बचाउँछ। आत्मिक, नैतिक र शारीरिक खतराहरू अनेक छन्, अनि हामी दिनदिनै यसका हजारौं खतराहरूबाट सुरक्षित रहेका छौं, यसको साध्य छैन। ख्रीष्ट-विश्वासीको जीवन परमेश्वरको सुरक्षाको घेराभित्र छ; किनभने हामी संसारमा किसिम-किसिमको खराब अभिलाषाद्वारा पैदा भएको भ्रष्टताबाट उम्केका छौं।

**हितोपदेश २:१२:** दुष्ट मानिसहरूको सँगत र सहभागिताबाट हामी बाँचेका छौं (हितोपदेश २:१२-१५); अँ, व्यभिचारी आइमाईको अङ्गालोबाट हामी उम्केका छौं (हितोपदेश २:१६-१९)।

पहिले हामी सत्यता टेढ़ामेढ़ा पार्ने र सबै कुरामा सधैं गलत अर्थ लगाउने भक्तिहीन मानिसहरूको दुनियाँबाट बाँचेका छौं। दुष्ट मानिसहरूको बोलीवचन भरपर्दो हुँदैन।

**हितोपदेश २:१३-१५:** ती मानिसहरूले सोझो हिँड्न सक्ने उज्यालो सड़क छोड़ेका छन्; किनभने तिनीहरूले अँध्यारा गल्ली-हरूमा हिँड्न मन पराएका छन्, जहाँ तिनी-हरूलाई, तिनीहरूको टेढ़ा चाल र तिनीहरूले गरेका अपराधहरू देखिँदैनन्।

तिनीहरूलाई खराबी गर्न क्या मज्जा लाग्छ, विवेकहीन पशुले जस्तै। तिनीहरूको पापले सबै कुरा उल्टापल्टा पारिदिन्छ, र पनि तिनीहरूलाई आनन्दैआनन्द लागेको छ। तिनीहरूले बाङ्गाटेढ़ा बाटोहरू अपनाउँछन्; किनभने तिनीहरूको व्यवहार धूर्त र कुटिल छ।

**हितोपदेश २:१६:** बुद्धिले हामीलाई उक्त दुष्ट, भक्तिहीन मानिसहरूको कुसङ्गतबाट बचाउँछ; यति मात्र होइन, तर यस बुद्धिले हामीलाई व्यभिचारी आइमाईको पन्जाबाट पनि बचाउँछ। यस पराई स्त्रीको अर्थ हामी अक्षरशः लिएर त्यसलाई व्यभिचारिणीको रूपमा हेर्न सक्छौं, कि त त्यसलाई हामीलाई सङ्केतात्मक रूपमा लिएर झूटो धर्म वा भक्तिहीन संसार सम्झन सक्छौं।

त्यसको दुष्ट युक्ति चिप्लो घस्नु हो। 'भाइ, तिमी आफ्नो घरपरिवारमा अवहेलित छौ, र तिमीले पाउनुपर्ने मान र इज्जत पाएका छैनौ। तिमी कति सुन्दर, कति रूपवान् छौ! तिमी कति सिपालु, कति ज्ञानी छौ! तर के गर्ने? मानिसहरूले तिमीलाई चिन्न सकेका छैनन्। तिमीलाई प्रेमको खाँचो छ, तर कसैले तिम्रो कुरा सुन्दैन, बुझ्दैन। म तिमीलाई प्रेम दिन्छु।'

**हितोपदेश २:१७:** त्यो परस्त्री आफ्नो जवानीको साथी अर्थात् आफ्नो लोग्नेप्रति अविश्वासी भएकी छे। त्यसले परमेश्वरको सामु बाँधेको आफ्नो विवाहको करार भुलेकी छे। हुन सक्छ, 'आफ्ना परमेश्वरको करार'को सन्दर्भ दस आज्ञाहरू पनि हुन्, विशेष गरी व्यवस्थाको सातौं आज्ञा सङ्केत गरिएको हुन

सक्छ, जहाँ यसो लेखिएको छः *'तिमीले व्यभिचार नगर्नू !'*

**हितोपदेश २ः१८ः** यस पदको पहिलो भाग यस प्रकारले अनुवाद गर्न सकिन्छः 'किनकि त्यसको घर तल मृत्युतिर ढल्किरहेको हुन्छ' अथवा आर.वी.ले गरेको अनुवादको दोस्रो सुझाउअनुसार 'त्यो मृत्युमा डुब्छे, जुनचाहिँ त्यसको खास घर हो।' तर यस पदको दोस्रो वाक्य विचार गर्दा, के.जे.वी. र एन.के.जे.वी.को अनुवाद सठीक भएको देखिन्छ, जहाँ यसो लेखिएको छः *'... र त्यसका बाटोहरू मृतकहरूकहाँ पुऱ्याउँछन्।'* तब यी दुईवटा वाक्य जोड्दाखेरि निम्न अर्थ निस्कन्छः जति मानिसहरू व्यभिचारी आइमाईको घरमा पस्छन्, तिनीहरू चिहानतिर ओरालै-ओरालो गइरहेका छन्। त्यसका बाटोहरू मरेकाहरूकहाँ पुऱ्याउँछन्; यसर्थ त्यसको पछि लागेकाहरू चाँडै 'शेओल' नामक मरेका आत्माहरूको स्थान पुगिहाल्छन्। तर यस सम्बन्धमा यो विचार गर्नु पनि उचित देखिन्छः सबै मानिसहरू एक दिन मर्नुपर्छ; यसकारण यहाँ मृत्युको अर्थ केवल मर्नु मात्र हुनै सक्दैन; किनकि सबै मरणशील मानिसहरूको अन्त यही नै हो। तब यहाँ, यस ठाउँमा मृत्युको अर्थ नैतिक मृत्यु भएको हुनुपर्ला, जसको अन्त अनन्त मृत्यु हो।

**हितोपदेश २ः१९ः** त्यसको जालमा परेको मानिस उम्कन सक्दैन, यो असम्भव छ। यस पदको भाषा सुस्पष्ट छः *'त्यो कहिल्यै फर्केर आउँदैन।'* यसकारण त्यस मानिसको निम्ति फर्केर आउने आशा छैन। तर पवित्र बाइबलका कतिपय कथनहरूको सम्बन्धमा यस्तो छः यी कथनहरूले कुनै सर्वमान्य नियम पेश गर्छन्, जसका थोरै अपवादहरू छन्। अनि यहाँ भन्न चाहेको तात्पर्य यो होः त्यसका गोपनीय भेदहरू जान्न थाल्ने मानिसको निम्ति फेरि सठीक बाटो पक्रन एकदम गाह्रो हो।

**हितोपदेश २ः२०ः** यस पदको जोड़ी हितोपदेश २ः११ पद हो। किनभने बुद्धिले हामीलाई दुष्ट मानिसहरू र व्यभिचारी आइमाईबाट मात्र जोगाउँदैन, तर यसको सकारात्मक प्रभाव यस्तो छः यसले हामीलाई यिनीहरूको सुसङ्गतमा ल्याउँछ, जसले असल र सठीक काम गर्छन्। यसबाट सुसङ्गत खोज्ने आश्वासन लिनुहोस् !

**हितोपदेश २ः२१-२२ः** मोशाको व्यवस्था-अन्तर्गत सीधा चालमा हिँड्ने, निर्दोष मानिसहरूको निम्ति कनान देशमा कुनै भूमि सुनिश्चित थियो; यो तिनीहरूको इनाम हुन्थ्यो। अनि नयाँ नियममा आएर यी भौतिक आशिषहरूले आत्मिक आशिषहरूको निम्ति आफ्नो ठाउँ छोड्नुपऱ्यो, जुन आत्मिक आशिषहरू पृथ्वीमा होइन, तर स्वर्गीय स्थानहरूमा छन्। तर यो तथ्य स्थिर रहेको छः धार्मिक चाल र शिष्टताले पूर्ण जीवनले यस युगमा इनामहरू पाउनेछ र आउने युगमा पनि इनामहरू प्राप्त गर्नेछ।

अनि दुष्ट मानिसहरूको विषयमा कुरा पनि सत्य ठहरिएको छः तिनीहरू आशिषको देशबाट नष्ट हुनेछन्; किनभने कपटी, विश्वासघाती मानिसहरूको निम्ति परमेश्वरको आशिषमा कुनै अधिकारको भाग हुनेछैन नै।

### ग) हितोपदेश ३ः१-१०ः बुद्धिका इनामहरू

**हितोपदेश ३ः१ः** असल बुबाआमाहरूले आफ्ना छोराछोरीहरूको भलाइ खोजे भने, बुद्धिले आफ्ना छोराछोरीहरूको निम्ति सबैभन्दा असल भाग्यको चाह गर्छ। अनि यो सुभाग्य प्राप्त गर्ने मार्ग आज्ञाकारिता हो। मानिसले बुद्धिका आदेशहरू पालन गर्नैपर्छ। यस भनाइको अर्थ पवित्र धर्मशास्त्र बाइबलप्रति आज्ञाकारी हुनु हो। यसकारण बुद्धिले

आफ्नो छोरासित आग्रह गरेको छः 'मेरो अर्ती मनमा राख र आफ्नो हृदयले मेरा आज्ञाहरू मान्दै जाऊ !'

**हितोपदेश ३ः२ः** यसको सिलसिलामा सामान्य नियम यस्तो छः जो आफ्ना बुबाआमाको अधीनतामा रहन्छ, उसको आयु लामो र उसको जीवन सुखी हुन्छ। जसले बुबाआमाको अनुशासनतिर आफ्नो लात हान्छन्, तिनीहरूले रोगबिमार, दुर्घटना, शोकले पूर्ण दुःखद घटनाहरू र अकालको मृत्यु निम्त्याउँछन्। यसकारण यस पदको जोड़ी प्रस्थान २०ः१२ पद हो, जहाँ पाँचौं आज्ञा यसरी उल्लेख गरिएको छः *'आफ्ना बुबा र आफ्नी आमाको आदर गर, र जुन देश परमप्रभु तिम्रा परमेश्वरले तिमीलाई दिनु-हुन्छ, त्यस देशमा तिम्रो आयु लामो होस् !'* यस प्रतिज्ञाअनुसार बुबाआमालाई आदर गर्ने मानिसको आयु लामो हुने रहेछ। यस विषयमा श्री जेय एडम्सले यसो लेखेका छन्ः

> 'पवित्र बाइबलको शिक्षा सुस्पष्ट छः मनको शान्ति लामो सुखी जीवनको निम्ति अनिवार्य हो, अनि यो मनको शान्ति परमेश्वरका आज्ञाहरू पालन गरेको फल हुँदो रहेछ। एउटा हामीलाई सधैं दोष्याउने विवेकचाहिँ हामीले बोक्न नसक्ने गह्रौं भारी हुन्छ, जसले हामीलाई बिमारी पार्छ। तर लामो आयु र शरीरको स्वार्थ्यको निम्ति एउटा असल विवेक महत्त्व-पूर्ण हुन्छ। अनि केही हदसम्म भन्न सकिन्छः शरीरको स्वास्थ्य आत्माको स्वास्थ्यको फल हो। परमेश्वरप्रतिको व्यवहार र त्यस मानिसको शरीरको स्वास्थ्यको बीचमा मनोदैहिक सम्बन्ध रहेको छ भन्ने कुरा भौतिकीय विज्ञानको सुस्थापित नियम हो।' 6)

**हितोपदेश ३ः३-४ः** कृपा र सत्यताचाहिँ हाम्रो व्यवहारबाट देख्न सक्नुपर्छ; किनभने हामीले कृपा र सत्यता आफ्नो गलामा बाँध्नुपर्छ। तर कृपा र सत्यता हाम्रो मनको सिद्धान्त पनि हुनुपर्छ; किनकि कृपा र सत्यता हामीले आफ्नो हृदयको पाटीमाथि लेख्नुपर्छ।

परमेश्वर र मानिसहरूको दृष्टिमा निगाह र मान-मर्यादा प्राप्त गर्ने तरिका यही हो। यहाँ, यी पदहरूमा भन्न खोजेको तात्पर्य के हो भने, परमेश्वरको इच्छा केन्द्रित जिउनुहोस् ! तब निस्सन्देह सन्तुष्टिले पूर्ण जीवन तपाईंको हुनेछ; यसमा शङ्का छैन। तर आफ्नो जीवनको सम्बन्धमा परमेश्वरको इच्छा कसरी जानिन्छ ? यसको उत्तर हामी निम्न दुईवटा आदर्श-पदहरू पाउँछौं।

**हितोपदेश ३ः५ः** पहिले हामीले आफूलाई हाम्रो आत्मा, प्राण र शरीर प्रभुकहाँ समर्पण गर्नुपर्छ। हामीले उहाँमाथि विश्वास र भरोसा गर्नुपर्छ, मुक्ति पाउनलाई। अनि आफ्नो जीवनमा उहाँको मार्गदर्शन र अगुवाइ पाउन हामीले उहाँमाथि भरोसा गर्नुपर्छ। अनि हाम्रो यो समर्पण पूर्ण हुनुपर्छ; हामीले यो समर्पण फिर्ता लिन पाउँदैनौं।

दोस्रो कुराः हामीले आफूमाथि भरोसा गर्नुहुँदैन; किनभने आफ्नो जीवनको निम्ति कुन कुरा सर्वोत्तम हो, सो हामी जाँदैनौं। यसकारण हामी आफ्नो जीवनको चालक हुनुहुँदैन। हामी यसको निम्ति सक्षम छैनौं। यर्मियाले यो कुरा यसरी व्यक्त गरेः *'हे परमप्रभु, म जान्दछु, कि मानिसको चाल त्यसको हातमा छैन; हिँड़िरहेको मानिसले आफ्ना पाइलाहरू सुव्यावस्थित गर्न त्यसको हुँदै होइन'* (यर्मिया १०ः२३)।

**हितोपदेश ३ः६ः** अन्तमा, हामीले आफ्नो जीवनमाथि ख्रीष्ट येशूको प्रभुत्व स्वीकार गर्नुपर्छ; हामीले आफ्ना सबै मार्गहरूमा उहाँलाई मान्नुपर्छ। हाम्रो जीवनको हरेक क्षेत्र उहाँको नियन्त्रणमा रहनुपर्छ। हाम्रो इच्छा होइन, तर उहाँको इच्छा पूरा हुनुपर्छ। यसकारण परमेश्वरको इच्छा जान्नु र उहाँको इच्छा पूरा गर्नु हाम्रो एकमात्र चाहना हुनु छ।

यी तीनवटा सर्त पूरा भए भने परमेश्वरको प्रतिज्ञा हाम्रो हुनेछः उहाँ हामीले हिँड्नुपर्ने बाटोहरूको सम्बन्धमा हाम्रो मार्गदर्शन गर्नुहुन्छ। उहाँले पवित्र बाइबलको कुनै वचन प्रयोग गरेर र आफ्ना भक्त जनहरूको सल्लाह लिएर यसो गर्नुहुन्छ, कि त उहाँले परिस्थिति-हरूको अद्भुत मिलनद्वारा यसो गर्नुहुन्छ, अथवा आत्माको शान्तिद्वारा हामीलाई अगुवाइ गर्नुहुन्छ। अनि कहिलेकाहीं उहाँले हाम्रो मार्गदर्शनको निम्ति यीमध्ये कति तरिका संयुक्त रूपले प्रयोग गर्नुहुन्छ। तर हामीले परमेश्वरको अगुवाइ पाउन पर्खन सक्नुपर्छ; तब उहाँको मार्गदर्शन सुस्पष्ट हुन जान्छ। यस प्रकारको प्रत्यक्ष अगुवाइ इन्कार गरे यो हाम्रो अनाज्ञाकारिता ठहरिनेछ; यो निश्चित छ।

**हितोपदेश ३ः७-८ः** हाम्रो घमण्ड र मिथ्याभिमानले परमेश्वरबाट मार्गदर्शन पाउने कुरामा पूर्णविराम लगाइदिन्छ। हामीले परमप्रभुको भय मान्नुपर्छ र खराबीबाट अलग बस्नुपर्छ; तब हाम्रो बाटो सुगम र हाम्रो काम सफल हुनेछ। हाम्रो शरीरको स्वास्थ्यको मन्त्र यही हो; हाम्रा हड्डीहरू पुष्टि पाई क्या बलिया हुनेछन्! यहाँ फेरि एकपल्ट यो कुरा प्रत्यक्ष छ, कि हाम्रो आत्मिक र नैतिक अवस्थामा हाम्रो शरीरको स्वास्थ्य निर्भर गर्दो रहेछ।

यो एउटा अनुमान गरिएको कुरा होः साठी प्रतिशत अर्थात् दस भागको छ भाग रोगहरू डर, शोक, डाहा, रिसराग, घृणा, दोष र अन्य मानसिक तनाउहरूको फल रहेछन्। यस सूचिमा मद्यपान थपिन्छ भने, अनि धूम्रपान अझै जोड़िन्छ भने, र व्यभिचार समावेश गरिन्छ भने हालत केकसो होला? मद्यपानले कलेजो सिरोसिस नामक क्यान्सर पैदा गर्छ भने, धूम्रपान वातका रोगहरू, क्यान्सर र मुटुका रोगहरूको मूलकारण मानिन्छ भने, व्यभिचार र अनैतिक यौन-सम्बन्धबाट मैथुन सम्बन्धी रोगहरू र एड्सजस्तै घातक रोग आउँछन्। तब हामी महसुस गर्छौंः 'ओहो, उहाँले हाम्रा पथहरू के राम्रोसँग मिलाउनु-भएको छ; किनभने उहाँले हाम्रा बाटोहरू कति सम्मा, कति सुगम र कति सीधा तुल्याउनुहुँदो रहेछ।' उहाँले मार्गदर्शन गर्ने प्रतिज्ञा यस प्रकारको पो छ। राजा सुलेमानले आत्माको प्रेरणा पाएर चिकित्सा विज्ञानको कुरा गरेछन् यहाँ, जुन कुरा बल्ल हाम्रो जमानामा पत्ता पाइयो।

**हितोपदेश ३ः९ः** हामीले ख्रीष्ट येशूलाई आफ्नो जीवनमाथि प्रभुत्व दिएको कुरा हामी कसरी प्रकट गरौं? यसको निम्ति एउटा तरिकाचाहिँ हाम्रो धनसम्पत्तिद्वारा नै हो। के हामी उहाँका असल भण्डारी हौं? किनभने हामीसँग भएको सबै धनसम्पत्ति उहाँकै हो। हामी उहाँका भण्डारी हौं। हाम्रो जिम्मामा लगाइएको सम्पत्तिको लेखा हामीले उहाँलाई एक दिन दिनुपर्छ। यसकारण आफ्नो जीवनको स्तर छान्न पाउनु आफ्नो सौभाग्य सम्झनुहोस्! तब एउटा साधारण जीवन-स्तर छान्नुहोस्, र बाँकी सबै रकमहरू परमेश्वरको काममा लगाउनुहोस्! उहाँलाई तपाईंको भविष्यको निम्ति फिक्री गर्न दिनुहोस्! आउनुहोस्, हामी श्री डेविड लिविङस्टन-जस्तै हौं, जसले आफूसँग भएको हरेक कुरा परमेश्वरको राज्यको दृष्टिकोणले हेर्ने गर्थे।

**हितोपदेश ३ः१०ः** पुरानो नियमको समयमा उदारचित्तले दान दिने यहूदीका ढुकुटीहरू टन्न भरिने र त्यसका कोलहरू दाखरसले भरिएर पोखिने प्रतिज्ञा दिइएको थियो। तर हाम्रो निम्ति प्रभुका आशिषहरू आत्मिक हुन्छन्। यसो भए पनि नित्य रहने तथ्य यो होः हामीले दिने कुरामा हाम्रा प्रभुलाई कहिल्यै उछिनेर जित्न सक्दैनौं। उहाँजस्तो उदारचित्त अरू को होला र?

### घ) हितोपदेश ३ः११-२०ः बुद्धिको प्राप्ति-बाट हुने लाभ

**हितोपदेश ३ः११-१२ः** उहाँको अनु-शासनको अधीनमा बसेर नै परमेश्वरको

प्रभुत्व स्वीकार गर्ने दोस्रो तरिका हो। उहाँको अनुशासनमा हामी प्रायः ताड़ना र सजाय मात्र देख्न खोजेका छौं, तर यो गलत हो। किनभने उहाँको अनुशासनअन्तर्गत शिक्षा, चेताउनी, प्रोत्साहन, सल्लाह, अर्ती, ताड़ना र हप्की आदि कुरा छन्। अनुशासनमा नानीलाई हुर्काउने तालिममा जेजति चाहिएको सबै कुराहरू समावेश हुन्छन्। यसकारण बुझ्नुहोस्ः परमेश्वरले हाम्रो जीवनमा जे आइपर्न दिनुहुन्छ, यी सबै कुराहरूमा अर्थ र उहाँको उद्देश्य छ। यसकारण हामीले यसको तुच्छ ठान्ने र हेला गर्ने काम नगरौं। हामीले उहाँको अनुशासनबाट हरेस खानुहुँदैन, हताश हुनुहुँदैन। तर हाम्रो एकमात्र चिन्ता यो हुनुपर्छः यस अनुशासनद्वारा परमेश्वरको उद्देश्य पूरा भएको होस्! यसैबाट हाम्रो सर्वोच्च लाभ हुनेछ। परमेश्वरले हाम्रो जीवनमा अपनाउनुभएका अनुशासन गर्ने तरिकाहरूको विषयमा उहाँको उद्देश्यको निशानचाहिँ हाम्रो पवित्रता हो; हामी उहाँको पवित्रतामा सहभागी हुनुपर्छ।

उहाँको अनुशासनचाहिँ उहाँ हामीसित रिसाउनुभएको चिन्ह होइन, तर उहाँको प्रेमको चिन्ह, उहाँको प्रेमको प्रमाण हो। उहाँबाट पाएको ताड़नाचाहिँ हामीले उहाँको छोराछोरी भएको प्रमाण ठान्नुपर्छ (हिब्रू १२ः६-८)। किनकि किसानले दाखको बोट छाँटकाँट गर्छ, काँड़ाको झ्याङ होइन।

**हितोपदेश ३ः१३ः** बुद्धि भेट्टाउने मानिस धन्यको हो! अनि यो बुद्धि प्रभु येशू आफै हुनुहुन्छ भन्ने कुरा याद गर्दा उहाँलाई भेट्टाउने मानिस परमधन्य हुन्छ; किनभने हितोपदेशको पुस्तकमा बुद्धिचाहिँ उहाँको घुम्टो हालिएको प्रदर्शन हो। यसकारण आउँदा पदहरूमा बुद्धिको सट्टामा ख्रीष्ट येशू पढौं र हेरौं, यसको नतिजा के निस्कन्छ?

**हितोपदेश ३ः१४ः** सुन र चाँदी पाएर हामीलाई जति लाभ हुन्छ, त्योभन्दा बढ्ता, अधिक र अपार लाभ प्रभु येशूलाई चिन्नुमा छ। जुन आशिष उहाँले हामीलाई दिनुहुन्छ, त्यो आशिष पैसाले किन्न सकिँदैन।

म त येशूलाई चाहन्छु, सुन-चाँदी चाहन्नँ,
म त उनको हुन्छ, धन-अगाध चाहन्नँ,
म त येशूलाई चाहन्छु, धन-जमिन चाहन्नँ,
येशूको डोऱ्याइमा खुशी छु जिउन।

विशाल राज्यको राजा हुनुभन्दा,
पापको बन्धनमा जिउनुभन्दा,
म त येशूलाई चाहन्छु, चाहन्नँ अरू केही,
त्याग्छु जगतका सबै।

श्री चर्च बेबेर्ली शे

**हितोपदेश ३ः१५ः** उहाँ लालमणिहरूभन्दा मूल्यवान् हुनुहुन्छ, अँ, उहाँ जुनै हिरा-मोतीभन्दा पनि बहुमूल्य हुनुहुन्छ। पृथ्वीमा भएको बहुमूल्य थोकहरूमध्ये कुनचाहिँ चीज होला, जसको चाहना उहाँको भन्दा बढ़ी गर्न सकिन्छ? यस्तो कुनै थोकै छैन।

**हितोपदेश ३ः१६ः** उहाँले हामीलाई लामो आयु मात्र कहाँ दिनहुन्छ र? एक हातले उहाँले हामीलाई अनन्त जीवन दिनुहुन्छ, अनि अर्को हातले आत्मिक धनसम्पत्ति र सम्मान दिनुहुन्छ।

**हितोपदेश ३ः१७ः** उहाँका सबै मार्गहरू मनोहर हुन्छन् र उहाँका सबै पथहरू शान्ति हुन्छन्। श्री नोक्सको भाव-अनुवाद यस प्रकारको छः 'जहाँ उहाँ डोऱ्याउनुहुन्छ, त्यहाँ हाम्रो यात्रा सुखद हुन्छ; जहाँ उहाँको अगुवाइले बाटो देखाउँछ, त्यहाँ शान्ति, केवल शान्ति हुन्छ।'

**हितोपदेश ३ः१८ः** जस-जसले उहाँलाई पक्रिराख्छन्, तिनीहरूको निम्ति उहाँ जीवनको रूख बन्नुहुन्छ, जसको फल जिउन लायकको छ। जस-जसले उहाँसित नजिकको सम्बन्ध राख्छन् र उहाँको नियन्त्रण रहन्छन्, तिनीहरू धन्यका हुन्छन्।

**हितोपदेश ३ः१९-२०ः** यी दुईवटा पद-हरूले सृष्टिको उत्पत्ति हुँदा, न्याय गर्दा र

प्रबन्ध गर्दा प्रयोगमा लगाइएको परमेश्‍वरको बुद्धि वर्णन गर्छन्। सृष्टिको उत्पत्ति हुँदा उहाँले पृथ्वीको जग बसाल्नुभयो र आकाश स्थापित गर्नुभयो। जलप्रलयको समयमा उहाँले गहिरा सागरका मुहान्‌हरू खोल्नुभयो र यस कुरामा समझशक्ति देखाउनुभयो। अनि आफ्नो प्रबन्धअनुसार उहाँले समुद्रको पानीबाट बाफ उठाउनुहुन्छ र यस बाफबाट बादलहरू बन्छन्, जुन बादलहरूबाट पृथ्वी-माथि पानी पर्छ।

अनि यी सबै कुराहरू गर्दा त्रिएक परमेश्‍वरको कुनचाहिँ व्यक्ति कार्यरत हुनुहुन्छ? यो ख्रीष्ट येशू हुनुहुन्छ, जो परमेश्‍वरको बुद्धि स्वयम् हुनुहुन्छ (यूहन्ना १:३, कलस्सी १:१६ र हिब्रू १:२)।

### ङ) हितोपदेश ३:२१-३५: बुद्धिको व्यवहार

**हितोपदेश ३:२१:** जुन बुद्धिले सृष्टिको रचना गर्नुभयो र ब्रह्माण्ड सम्हालिराख्नुभयो, त्यही बुद्धिचाहिँ हाम्रा शिक्षकको रूपमा पाउनु हाम्रो ठूलो सौभाग्य हो। यसकारण खाँटी बुद्धि र विवेकमाथि हामीले सदैव मध्यनजर राख्नुपर्छ।

**हितोपदेश ३:२२-२४:** यी दुवै कुराहरू हामीभित्र हाम्रो जीवन-शक्ति र बाहिर देखिने हाम्रो सुन्दरताको स्रोत हुन्छन्। 'तिम्रो प्राणको निम्ति जीवन र तिम्रो गलाको निम्ति शोभा' भन्ने वाक्यको अर्थ यही हो।

खाँटी बुद्धि र विवेकले हामीलाई सुरक्षा-साथ हिँड्ने तुल्याउँछन्। तब ठेस खाएर हामी लोट्नुपर्दैन र छिप्लेर लड्नुपर्दैन।

यी दुईवटा कुराहरूले हामीलाई मीठो निद्रा दिन्छन्; किनकि हामी दोष्याउने विवेक र मनको शोकचिन्ता र डरदेखि मुक्त हुन्छौं।

**हितोपदेश ३:२५:** खाँटी बुद्धि र विवेकले हामीलाई अचानक दुष्ट मानिसहरूमाथि परि-आउने भयदेखि बचाइराख्छन्। भक्तिहीन मानिसहरूको समृद्धि डाहा नगर्नुहोस्! किनभने भक्तिहीन जीवन खतरा छ; निम्न जोखिमहरू त्यसको अन्तरङ्‌ग भाग हुन्, जस्तै लुटपिट, अत्याचार, चोरी, प्रतिशोध, घूस, मानहानि, अपहरण र हत्या आदि।

**हितोपदेश ३:२६:** परमप्रभुले उहाँका मार्गहरूमा हिँड्नेहरूलाई रक्षा गर्नुहुन्छ। उहाँले हाम्रो पाइलो पासोमा टेक्न दिनुहुन्न। हामीले आफ्नो जीवनमा परिस्थितिहरूमाथि परमेश्‍वरको अचम्मको हस्तक्षेप र अद्‌भुत छुटकारा घरिघरि महसुस गर्छौं; तर वास्तवमा हाम्रो जानकारीमा आएका हाम्रो पक्षमा काममा लगाइएका यी दिव्य कार्यवाहीहरू त हिमशैलको सानो टुप्पा मात्र हुन्। हामी कति धेरै कुराहरूबाट जोगियौं र किन जोगियौं, त्यो सबै एक दिन पूरा प्रकट हुनेछ।

**हितोपदेश ३:२७:** यस खण्डमा प्रयोग गरिएका निषेधाज्ञाहरू याद गर्नुहोस्! (हितोपदेश ३:२७-३१), जस्तै: *'भलाइ गर्नदेखि पछि नहट ... नभन ... नरच ... झगड़ा नगर ... डाहा नगर ... नचुन!'*

**क)** *भलाइ गर्नदेखि पछि नहट!* जसको भलाइ गर्नु छ, तिनीहरूको भलाइ गर्नदेखि हामी पछि हट्नुहुँदैन, जब यसो गर्ने शक्ति हाम्रो हातमा छ भने। यस निषेधाज्ञाको सन्दर्भ कामदारलाई दिनुपर्ने ज्याला, तिर्नुपर्ने ऋण वा हामीले पैंचो गरेका सरसामान हुन सक्छ, जुन सरसामान हामीले फिर्ता दिनुपर्छ।

तर यस आज्ञाको अर्थ हामी यतिमा सीमित नराखौं। हामी कसैबाट, जसलाई यसको हक छ, कहिल्यै कुनै भलाइ वा कल्याण-सेवा रोकिराख्नुहुँदैन। यो आदेश किन यहाँ दिइएको छ? किनभने परमेश्‍वरको सठीक सम्बन्ध कायम राख्नुचाहिँ अधिक हाम्रो ध्यानको केन्द्र बन्न सक्छ, यहाँसम्म कि हामी अरू मानिसहरूप्रति हाम्रो जिम्मेवारी बेवास्ता गरेका हुन्छौं (याकूब ४:१७)।

**हितोपदेश ३:२८:** भाइबहिनीहो, आफ्नो छिमेकीको खाँचो आज पूरा गर्नुहोस्, भोलिसम्म कुरा नटार्नुहोस्! मेरो छिमेकी को होला? मेरो सहायताको खाँचो परेको जो पनि मेरो छिमेकी ठहरिएको छ। अनि मेरो छिमेकीको प्रमुख खाँचो के हो? उसले मुक्तिको सुसमाचार सुन्नुपर्छ। पवित्र आत्माले मलाई बोझ दिनेबित्तिकै मैले त्यस व्यक्तिलाई साक्षी सुनाउनैपर्छ। भोलि ढिलो हुन सक्छ। हामीले कहिल्यै आत्माको प्रेरणाको विरोध गर्नुहुँदैन, तर तुरुन्तै मान्नुपर्छ।

**हितोपदेश ३:२९:** आफ्नो छिमेकीलाई प्रेम गर्नेले उसको विरोधमा कुनै खराबी रच्दैन; किनभने ऊ ढुक्कै हामीसँग बसिरहेको छ र हामीप्रति कुनै शङ्का गर्दैन। तब हामी ऊसित तुच्छ व्यवहार कसरी गरौं? ऊसित रूखो कसरी बोलौं? निन्दा गरौं कसरी? हामी ऊसित झगड़ा नगरौं, ईर्ष्या र इबी पनि नगरौं! उसप्रति कठोर नबनौं र बदला लिने कुरा छोड़ौं!

**हितोपदेश ३:३०:** 'बिनसित्ति कसैसित झगड़ा नगर! त्यसले तिमीलाई कुनै गल्ती गरेकै छैन।' यो हाम्रो निम्ति परमेश्वरको चेताउनी हो। संसारमा रगड़ाझगड़ा प्रशस्त भइसके; यसमा एउटा पनि थप्नुपर्दैन। के हामी अझै झगड़ा मच्चाउने? यसको निम्ति कुनै आवश्यकता छैन।

**हितोपदेश ३:३१-३२:** अत्याचारीको सफलता तुरुन्तै भएको जस्तै देखिन्छ। तर हामीले त्यसलाई त्यसको प्रगतिको खातिर डाहा गर्नुहुँदैन, झन् त्यसको कुनै चाल अपनाउनुहुँदैन। किनकि परमप्रभुले टेढ़ा मानिसलाई घृणा गर्नुहुन्छ, तुच्छ ठान्नुहुन्छ र चींचीं-दूरदूर गर्नुहुन्छ। तर जो इमानदार र सच्चा छन्, तिनीहरू उहाँका प्रिय हुन् र तिनीहरूसँग उहाँले घनिष्ठ सम्बन्ध राख्नुहुन्छ (यूहन्ना १४:२३)।

**हितोपदेश ३:३३:** परमेश्वरको तिरस्कारको पात्र हुनु वा उहाँसितको घनिष्ठ सम्बन्ध उपभोग गर्नु, उहाँको श्राप वा उहाँको आशिष पाउनु – हाम्रो सामु चुनोट यस प्रकारको छ। दुष्टको घरमाथि कालो बादल बिसाउँछ भने, धर्मी जनको घरमाथि परमेश्वरको निगाहरूपी घाम लाग्दैछ।

**हितोपदेश ३:३४:** यस पदमा पनि हाम्रो सामु यो चुनोट राखिएको छः परमेश्वरको गिल्ला खानुपर्ने हो कि उहाँको निगाह उपभोग गर्नु। किनभने *'उहाँले गिल्ला गर्नेहरूलाई गिल्ला गर्नुहुन्छ, तर नम्रहरूलाई अनुग्रह दिनुहुन्छ।'* यो चुनाउ कति महत्त्वपूर्ण हो! यो कुरा नयाँ नियममा दुईपल्ट यो पद उद्धृत गरेकोबाट थाहा लाग्छ (याकूब ४:६; १ पत्रुस ५:५)।

**हितोपदेश ३:३५:** अन्तमा हामीले आदर र शर्मको बीचमा छान्नुपर्छ। किनभने बुद्धिमान् मानिसहरू आदरका हकदार हुनेछन्, तर मूर्ख मानिसहरू शर्मको पात्रको रूपमा सुपरिचित हुनेछन्।

### च) हितोपदेश ४:१-९: बुद्धि परिवारको धन हुनुपर्छ

**हितोपदेश ४:१:** राजा सुलेमानले हितोपदेश ४:१-९ पदको खण्डमा त्यो खाँटी शिक्षा दोहोऱ्याउँछन्, जुन शिक्षा तिनी आफैले आफ्ना बुबाबाट पाएका थिए। तिनले आफ्ना छोराछोरीहरूलाई साँचो बुद्धि, साँचो समझ, साँचो अन्तर्दृष्टि पाउने सकभर चेष्टा गर भन्ने आग्रह गर्छन्। हितोपदेशको पुस्तकभरि जवान भाइबहिनीहरूलाई प्रशस्त अर्तीहरू हालिएका छन्: 'हे छोराहरू, हे छोरीहरूहो, तिमीहरूले बुद्धिमान् बुबाको शिक्षा ध्यानसित सुन, र सुनेर ग्रहण गर।'

**हितोपदेश ४:२:** वृद्ध भक्त जनहरूसँग सङ्गत कायम राखेकोबाट हामीलाई ठूलो फाइदा छ। हामीले तिनीहरूबाट धेरै कुराहरू

सिक्न सक्छौं; किनभने धेरै वर्षभित्र प्राप्त गरिएको तिनीहरूको लाभदायक अनुभव छ। यसकारण तिनीहरूको असल शिक्षा हामीले ग्रहण गर्नुपर्छ र कुनै हालतमा पनि बेवास्ता गर्नुहुँदैन।

**हितोपदेश ४:३:** राजा सुलेमानले आफ्नो जीवनको त्यही समयमा फर्केर कुरा गर्छन्, जब तिनी आफ्ना बुबाको छोरा र आफ्नी आमाको एकमात्र प्रिय पुत्र थिए। तिनी आफ्नी आमाको एकमात्र छोरा थिएनन्, तर तिनी आफ्नी आमाको एकमात्र *प्रिय* पुत्र पो थिए; किनभने अक्षरशः 'मेरी आमाको दृष्टिमा एकमात्र छोरा' भन्ने वाक्यको अर्थ यही हुनुपर्ला, जसरी श्री नोक्सले भाव-अनुवाद गरेका छन्: 'मेरी आमाको लालित प्रेम-पात्र।'

**हितोपदेश ४:४:** राजा दाऊद सुलेमानको पिता थिए, जसले तिनलाई 'मेरा वचनहरू पालन गरेर बाँच' भन्ने असल सल्लाह दिएका थिए। तिनले एउटा जिउन लायकको जीवन व्यतीत गर्नुपरेको थियो। दाऊदले तिनलाई दिएको शिक्षाको सार हितोपदेश ४:४[ख]-९ पदको खण्डमा संक्षिप्त रूपले दिइएको छ।

**हितोपदेश ४:५-६:** सुलेमानले बुद्धि र समझ पाऊन् – उनको एकमात्र चिन्ता थियो; किनकि तिनले परमप्रभुको निम्ति जिउनुपरेको थियो। सुलेमानले अरू जेजस्तो गरे पनि तिनले यो कुरा बिर्सनुहुँदैनथियो। किनभने परमेश्वरको निम्ति जिएको जीवन मात्र योग्य जीवन गनिन्छ।

**हितोपदेश ४:७:** बुद्धि प्राप्त गर्ने पहिलो कदम यस प्रकारको छः हामीले बुद्धि पाउने संकल्प गर्नुपर्छ। यो हाम्रो एकमात्र लक्ष्य हुनुपर्छ। हामी जुन कुराको खोजमा छौं, त्यो पाउँदछौं। हामीले सकेसम्म, भ्याएसम्म, जस्तो भए पनि बुद्धि पाउनैपर्छ; अनि यही सिलसिलामा हामी समझ र विवेक पाउँदै जानेछौं। यसको मतलब यही हो, कि हामीले असल र खराबको बीचमा, अँ, असल र सर्वोत्तमको बीचमा खुट्ट्याउन सिक्नुपर्छ। हामीले मानस र आत्माको बीचमा, मानसिक र आत्मिक कुरा, लौकिक र अनन्त कुराको बीचमा छुट्ट्याउन सक्नुपर्छ।

**हितोपदेश ४:८:** बुद्धिलाई प्रथम स्थान दिनुहोस्, र यसले तपाईंको पदोन्नति गर्छ-गर्छ। बुद्धिलाई प्रेम गरेर आफ्नो अँगालोमा हाल्नुहोस्, र यसले तपाईंलाई आदरको स्थानमा पुर्‍याउँछ।

**हितोपदेश ४:९:** मोफ्फतले यो पद यसरी भाव-अनुवाद गरेका छन्: 'यसले तिमीलाई मोहित पार्ने सौम्यदर्शन तुल्याउनेछ र तिमीलाई महिमाको मुकुट लगाइदिनेछ।' बुद्धिले आफ्ना छोराछोरीहरूलाई नैतिक सुन्दरता प्रदान गर्छ। अनि ठीक यसको विपरीत लम्पटता र व्यभिचारले ग्रस्त जीवन-जस्तै अमन लाग्ने घृणित कुरा केही छैन।

### छ) हितोपदेश ४:१०-२७: बुद्धि र दुईवटा बाटोहरू

**हितोपदेश ४:१०:** सुलेमानले यहाँसम्म आफ्ना बुबाको सल्लाह व्यक्त गरे। अब तिनी आफ्नो छोरासित कुरा गर्न र उसलाई आग्रह गर्न अघि बढ्दै जान्छन्। यस सम्बन्धमा सामान्य नियम यस्तो छः निर्दोष र शुद्ध मानिसको आयु लामो हुन्छ; तर यसमा अपवादहरू छँदैछन्। धूम्रपान, मद्यपान र लागू पदार्थहरू, साथै व्यभिचारका पापहरूचाहिँ सोझै रोगहरू र मृत्युसित संबद्ध हुन्छन्।

**हितोपदेश ४:११-१२:** जुन बुबाले आफ्नो छोरालाई बुद्धिको मार्ग सिकाए र जो उसको निम्ति असल नमुना बने, ती बुबा आनन्दित र कृतज्ञ हुन सक्छन्। तर शिक्षाको अभिन्न जोड़ी एउटा असल नमुना हो; किनभने बुबाका वचनहरूको भन्दा तिनका कामहरूको प्रभाव बढ़ी हुन्छ।

सठीक बाटोहरूमा हिँड्ने छोरा दगुर्दा ठेस खाँदैन; किनभने उसको सुगम बाटोमा विघ्नबाधा छैन।

अरामी भाषाको अनुवादमा यो पद यसरी पढ़िन्छः 'एक कदमपछि अर्को कदम चाल्दा म तिम्रो सामु बाटो खोल्दै खुला राख्नेछु।' यस पदले दुईवटा महत्त्वपूर्ण नियम पेश गरेको छः पहिले, परमेश्वरले हामीलाई एक-एक कदममा अगुवाइ गर्नुहुन्छ। उहाँले हामीलाई एकै पल्टमा हाम्रो जीवनको विषयमा आफ्नो सारा योजना देखाउनुहुन्न। दोस्रो नियम यस प्रकारको छः जब हामी परमेश्वरको निम्ति कुनै कदम चाल्छौं, तब पो उहाँले हामीलाई अगुवाइ गर्नुहुन्छ। पानी-जहाजले बन्दरगाह छोड़ेको बेलामा त्यसको चालकले त्यो जहाज यता-उता घुमाउन सक्छ। मोटरबाइकको कुरा पनि यस्तै हुन्छः चलिरहेको मोटरबाइक घुमाउन सजिलो पर्छ। अनि हाम्रो विषयमा चाहिँ? हो, हाम्रो विषयमा कुरा पनि उस्तै हुन्छः हामी परमेश्वरको निम्ति अघि बढ्दाखेरि उहाँले हामीलाई अगुवाइ गर्नुहुन्छ।

**हितोपदेश ४:१३:** असल शिक्षा हामीले बलियो गरी पक्रिराख्नुपर्छ; हामीले यसलाई कुनै हालतमा गुम्न दिनुहुँदैन। हामीले बुद्धिलाई रक्षा गर्नुपर्छ, आफ्नो जीवनको रक्षा गर्नेजत्तिकै। किनभने बुद्धि हाम्रो जीवन हो। प्रभु येशूमा यो बुद्धि देहधारी भएको कुरा सम्झेर यो कुरा झन् बढ़ी सत्य ठहरिन्छ।

**हितोपदेश ४:१४:** अबको खण्डमा कुसङ्गतबाट जोगिने चेताउनी दिइएको छ (४:१४-१९)। किनभने ज्योतिको मार्ग छ भने अन्धकारको बाटो पनि छ।

'दुष्ट मानिसहरूसित सङ्गत नगर' भन्ने अर्तीले हामीलाई तिनीहरूलाई सुसमाचार सुनाउन मनाही गरेको छैन, तर तिनीहरूसित तिनीहरूका योजनहरूमा साझा साझेदार हुन दिँदैन।

**हितोपदेश ४:१५:** यी छोटा-छोटा आज्ञाहरूमा हामीलाई अत्यावश्क चेताउनी दिइएको छ। पापमा जिउनुहुँदैन, तर यस प्रकारको जीवनदेखि हामी पर बस्नुपर्छ। त्यसको स्वाद अलिकति पनि लिनुहुँदैन। तब त्यो बाटो भएर किन जाने? त्यसबाट भएर नजानुहोस्! त्यसप्रति आफ्नो पिठ्यूँ देखाइदिनुहोस्! त्यसलाई आफ्नो पछाड़ि टाढ़ा छोड़ेर जानुहोस्! त्यसले त्यसमा चासो लिनेको प्राण लिन्छ। यसकारण त्यसमा रोमाञ्च र पुलक जेजस्तै होस्, तर पापबाट आकर्षित नहुनुहोस्! यो प्राणघातक कुरा हो।

**हितोपदेश ४:१६-१७:** पापका नोकरहरू कहिल्यै सुत्दैनन्; तिनीहरूले कुनै न कुनै खराबी गरिछोड्नैपर्छ। तिनीहरूले कसै-कसैलाई फसाउनैपर्छ, तिनीहरूले कसै-कसैलाई बिगार्नुपर्छ, नत्र ता तिनीहरूलाई निद्रा लाग्दैन।

तिनीहरूको आहार रोटी र दाखमद्य हो – छलको रोटी र अत्याचारको मद्य। तिनीहरूको भोजन गर्ने वस्तु र सेवन गर्ने थोक दुष्टता नै हो।

यी पदहरूले मानिसको पापी स्वभावको पिरोल्ने नक्सा गाढ़ा रङ्गले कोरेका छन्। मानिसको स्वभाव पापले पूर्ण हुन्छ; यसकारण त्यसको निम्ति पाप गर्न खानु र पिउनुजत्तिकै हो। यस खण्डको सन्दर्भ अपराधीहरू मात्र होइनन् है; यर्मिया १७:९ पदअन्तर्गत दिइएको टिप्पणी पढ्नुहोस्!

**हितोपदेश ४:१८-१९:** धर्मी जनको जीवन कति भिन्न, धेरै फरक छ। त्यो त चम्किरहेको ज्योतिजस्तै छ, जुन ज्योति बढ्दै जान्छ र मध्यदिनको उज्यालै-उज्यालोरूपी चरमसीमामा पुग्छ। अर्को शब्दमा भन्नु हो भने, धर्मी जनको बाटो उज्यालो छ, झन् उज्यालो हुँदै जान्छ र अन्तमा उज्यालै-उज्यालो हुनेछ।

तर दुष्ट मानिसहरूचाहिँ? तिनीहरू घोर अन्धकारमा लड़खड़ाइरहेका छन्; तिनीहरू ठेस खान्छन्-खान्छन्, तर केमा ठेस खान्छन्, सो जान्दैनन्।

**हितोपदेश ४:२०:** सुलेमानले आफ्नो छोरालाई आग्रह गर्न छोड्दैनन्। तिनको छोराले जसरी भए पनि तिनका वचनहरूमाथि ध्यान राख्नैपर्छ; किनकि यी नीतिवचनहरूमा बुद्धि छ। के तपाईंले यस पदमा प्रभु येशूको सोर सुन्दै हुनुहुन्छ? उहाँ तपाईंसित बोल्दै हुनुहुन्छ।

**हितोपदेश ४:२१:** बुद्धिले हामीलाई दिएका शिक्षाहरू हाम्रो भलाइ गर्छन्; यसकारण यी शिक्षाहरू हाम्रो नजरदेखि हट्नुहुँदैनन्; बरु यी शिक्षाहरू हाम्रो हृदयको धन सम्झनु सठीक छ।

**हितोपदेश ४:२२:** बुद्धिका सृजनात्मक वचनहरूमा जीवन छ। प्रभु येशूले भन्नुभयो: *'जुन वचनहरू म तिमीहरूलाई भन्छु, ती वचनहरू आत्मा हुन् र जीवन हुन्'* (यूहन्ना ६:६३)।

अनि यी वचनहरूमा हाम्रो सारा शरीरको निम्ति स्वास्थ्य छ; किनभने यी वचनहरूले हामीलाई पापहरूबाट जोगाउँछन् र हामीलाई बिमारी पार्ने तनाउहरूदेखि बचाउँछन्।

**हितोपदेश ४:२३:** हितोपदेश ४:२३-२७ पदको खण्डको मिल्ने जोड़ी रोमी १२:१ पद हो। यी पदहरूले हामीलाई हाम्रो सम्पूर्ण जीवन परमेश्वरकहाँ अर्पण गर्न आग्रह गर्छन्। हाम्रो हृदय, हाम्रो मुख र ओठहरू, हाम्रा आँखाहरू र हाम्रा पाउहरू हामीले उहाँलाई समर्पण गर्नुपर्छ। परमेश्वर भित्र हाम्रो हृदयबाट काम गर्न थाल्नुहुन्छ र हाम्रो बाहिर देखिने व्यवहारमा काम गर्दै अघि बढ्नुहुन्छ।

यस कुरामा हाम्रो हृदयचाहिँ प्रथम कुरा हो। हृदय भन्नाले हाम्रो अन्तरात्मा बुझिन्छ, अँ, हाम्रो मन, हाम्रो सोचविचार, हाम्रो अभिप्राय र इच्छा बुझ्नुपर्छ। हाम्रो मन त्यो मुहान हो, जहाँबाट हाम्रा कामहरू निस्कि-आउँछन्। अनि जुन मुहान शुद्ध छ, त्यस मुहानबाट बगेर आउने धारा पनि शुद्ध हुन्छ। मानिसको सोच जस्तै छ, ऊ त्यस्तै हुन्छ। यसकारण आफ्नो सोचविचार शुद्ध राख्ने प्रयास हाम्रो जीवनमा महत्त्व पाउनुपर्छ। यस पदको जोड़ यसैमा छ।

**हितोपदेश ४:२४-२५:** अब छली मुखको कुरा आयो। टेढ़ामेढ़ा झेलझालको बोलीलाई छली मुख भनिन्छ। अनि चालबाजी बोल्ने ओठहरूचाहिँ? हाम्रो बातचित इमानदार, दूधको दूध हुनुपर्छ, त्यसमा कुनै कपट हुनुहुँदैन।

हाम्रा आँखाहरू र हाम्रा पलकहरूले सीधा आफ्नो सामु हेर्नुपर्छ। हाम्रो अभिप्राय निर्मल र बिलकुल सच्चा हुनुपर्छ। हामीले आफ्नो सामु कुनै पाप राख्नुहुँदैन; हामी कुनै पापमा भड्किनुहुँदैन। हामी कुनै अयोग्य थोकमाथि आफ्ना आँखा गाड्नुहुँदैन। तब सोशल मीडियाको विषयमा कसो हो? त्यसको अटुट प्रचारप्रसारले हामीलाई बम र गोला हानेकै-हानेकै गर्छ र निरन्तर हामीमा नीच पाशविक अभिलाषाहरू उठाउन खोजिरहेको छ। यसकारण हामीले प्रभु येशूमाथि आफ्ना आँखाहरू लगाउन र लगाइराख्न सिक्नुपर्छ (हिब्रू १२:२)।

**हितोपदेश ४:२६-२७:** हामी होशियार हुनुपर्छ र पवित्रताको बाटोमाथि केन्द्रित विचार गर्नुपर्छ; तब हाम्रा सबै मार्गहरू सुव्यवास्थित र सुरक्षित हुनेछन्।

राजमार्गमा अघि बढ्दा दाहिने हातमा र देब्रे हातमा अरू बाटो र गोरेटोहरू निस्केका हुन्छन्, जुन बाटो र गोरेटोहरूले हामीलाई पापमा पुर्‍याउँछन्। यसको विषयमा यो नारा सुन्नुहोस्: 'संसारबाट हजार कुराले हामीलाई बोलाए ता पनि हामी प्रभु येशूप्रति विश्वासी रहिरहौं!'

शङ्कापूर्ण ठाउँमा जान र पापको परीक्षामा परेको बेलामा हामीले आफूलाई यो प्रश्न सोध्नुपर्छः 'प्रभु येशू फर्केर आउनुभएको बेलामा उहाँले मलाई यस ठाउँ र अवस्थामा भेट्टाउँदा कसो हुन्छ, तिमीलाई कस्तो लाग्छ?' यसकारण आउनुहोस्, हामी आफ्नो पाउ खराबीबाट हटाऔं!

### ज) हितोपदेश ५ः व्यभिचारमा हुने मूर्खता

**हितोपदेश ५ः१-२ः** राजा सुलेमानलाई आफ्ना छोरालाई विशेष गरी जवान मानिसलाई जेल्ने र मोहमा पार्ने पापको विषयमा उचित चेताउनी दिन साह्है आतुरी लागेको थियो। किनभने जस-जसले असल सल्लाहमाथि ध्यान दिन्छन्, तिनीहरूले अरू मानिसहरूका अनुभवबाट सिक्छन् र तिनीहरू विवेकशील बन्छन्। तिनीहरूका ओठहरूले ज्ञानको रक्षा गरेका हुनाले अर्थात् तिनीहरूको बोली शुद्ध र सच्चा भएको हुनाले तिनीहरू समस्यामा पर्नुबाट जोगिन्छन्। यसकारण बुझ्नुहोस्ः हाम्रो युगमा जहींतहीं किसिम-किसिमका प्रलोभन जारी रहेका र मोहजाल फिजिएको बेलामा हामी कसरी उम्कौं? यसको एकमात्र उपाय परमेश्वरको वचन हो। परमेश्वरको वचनले हामीलाई रक्षा गर्छ। यसकारण प्रेरित पावलले तिमोथीलाई अर्ती दिएर यसो भनेका छन्ः *'तर तिमीचाहिँ यी कुराहरू कसबाट सिकेका हौ, सो जानेर आफूले सिकेका र निश्चय भएका कुराहरूमा लागिबस! अनि तिमीले बालककालदेखि नै पवित्र शासत्रहरू जानेका छौ, जसले तिमीलाई ख्रीष्ट येशूमा भएको विश्वासद्वारा मुक्तिको निम्ति बुद्धिमान् तुल्याउन सक्छन्। सबै पवित्र शास्त्र परमेश्वरको प्रेरणाद्वारा दिइएको हो, अनि शिक्षा दिनको निम्ति भूलदोष देखाउनको निम्ति, सुधार गर्नको निम्ति, धार्मिकताको विषयमा तालिम दिनको निम्ति लाभदायक हुन्छ; जसद्वारा परमेश्वरको जन हरेक असल कामको निम्ति सम्पूर्ण रूपले सुसज्जित भई सिद्ध भएको हुन्छ'* (२ तिमोथी ३ः१४-१७)।

**हितोपदेश ५ः३ः** यस अध्यायको बाँकी भागको सन्दर्भ वेश्यावृत्ति हो, त्यो संसारको सबैभन्दा पुरानो कामधन्दा। त्यो पराई स्त्री एउटी वेश्या हो, जसले नीच कमाइको निम्ति आफ्नो शरीर बेच्छे। त्यस दुष्ट स्त्रीको सङ्केतात्मक अर्थ पाप हुन सक्छ, दुष्ट संसार हुन सक्छ, अथवा झूटो धर्म, मूर्तिपूजा वा हामी मानिसहरूलाई प्रलोभन गर्ने जुनसुकै परीक्षा हुन सक्छ। त्यसका ओठहरूले मह चुहाउँछन्ः ती गुलिया, चिप्ला र खूब आकर्षक हुन्छन्। त्यसले खुसामद र चापलुसी गर्न जान्दछे; बोल्नमा त्यो खूब बाठी छे, छट्टू हुन्छे।

**हितोपदेश ५ः४ः** आमै, शुरुमा त्यो कति मनोहर र खाइलाग्दो हुन्छे! तर अन्तमा त्यो तीतेपातीजत्तिकै तीतो हुन्छे। घरिघरि यस्तो भएको छः आहा, पापको पहिलो आकर्षण पछिबाट त्यो कति घिनलाग्दो भएछ, कति!

एउटी वेश्यासँग सुत्नु – यसको दाम ज्यादा छः एउटा दोष्याउने विवेक, पछुतोको अफसोस, समाजमा काण्ड, मैथुनसम्बन्धी रोगहरू, विवाहको सम्बन्ध-विच्छेद, भताभुङ्ग भएको परिवार, मानसिक असन्तुलन र यस्ता अरू धेरै खराबीहरू।

**हितोपदेश ५ः५-६ः** वेश्याले आफ्नो शिकार एकतर्फको बाटोमा ओरालो मृत्यु र अधोलोकमा पुर्‍याउँछे। असल जीवनमा त्यस त्यागिएकी स्त्रीलाई के वास्ता, के पर्बाह! किनकि त्यो चञ्चल छे, अँ, पूरा धूर्त छे। यो त्यसको स्वभाव हो। तर त्यो कति पतित भएकी छे, सो आफूले जान्दिन। यस सम्बन्धमा श्री मोफ्फतको भाव-अनुवाद सुनौं, जहाँ यसो लेखिएको छः 'जीवनको राजमार्ग त्यसको निम्ति होइन रहेछ; किनकि त्यसका चञ्चल पाइलाहरू चिप्लोमा टेकेछन्।'

**हितोपदेश ५:७:** राजा सुलेमानले यसको हारजीतको सबै मूल्याङ्कन गरे; यसकारण तिनले आफ्ना छोराहरूको दिमागभित्र त्यो गम्भीर चेताउनी हाल्न चाहन्छन्, जब तिनले यसो भन्छन्: 'मेरो कुरा सुन! मेरो मुखका वचनहरूदेखि हटेर नजाओ!'

**हितोपदेश ५:८:** यस परीक्षाबाट जति-सक्दो पर बस्नुमा हाम्रो ठूलो सुरक्षा छ। पापसित खेल्ने मानिसको निम्ति, जबसम्म त्यसले पापको वस्तु र पाप गर्ने जग्गा छोड्दैन, तबसम्म परमेश्वरलाई 'मलाई छुटकारा दिनुहोस्' भन्ने विन्ती चढ़ाउन बेकार र मतलबहीन हो।

कति परिस्थितिहरूमा भाग्नु एकमात्र उपाय देखिन्छ। यूसुफ भाग्नुपरेको थियो; उनले आफ्नो कोट छोड़िराखेर गुमाउनुपर्‍यो, तर आफ्नो पवित्रता कायम राखे। तर उनले महिमाको मुकुट कमाए।

हामीले हितोपदेश ५:८ पद पालन गर्नको निम्ति हुन सक्छ, हामीले नयाँ जागिर खोज्नुपर्ला, हामीले बसाइ सार्नुपर्ला, वा हामीले निर्णयात्मक अरू कुनै कदम चाल्नुपर्ला, यो सम्भव छ।

**हितोपदेश ५:९-१०:** गणिकागृह अर्थात् वेश्याको घरमा जानेहरूले आफ्नो पुरुषार्थ र मर्दाङ्गी गुमाउँछन्। तिनीहरूले आफ्नो जीवनका सर्वोत्तम वर्षहरू निष्ठुर प्रलोभिकाको पन्जामा बिताउनुपर्छ।

यस विषयमा यो पनि छ: आदरयोग्य नागरिकहरू छन्, जसले गुप्तमा अनैतिक सम्पर्कहरू कायम राख्दा रहेछन्, चाहे शारीरिक रूपले होस्, चाहे अश्लील कामोद्दीपक चित्रहरू, वयस्कको निम्ति निर्धारित फिल्म र भिडियोहरू किन नहोऊन्, यी नागरिकहरू तिनीहरूको शिकार बन्नेछन्, जसले भयत्रास देखाएर यस्ताहरूबाट फाइदा उठाउँछन्। यिनीहरूले चुप रहने रकम तिर्दैनन् भने तिनीहरूले यिनीहरूलाई थानामा पोल लगाइदिन्छन्।

**हितोपदेश ५:११:** यस प्रकारको व्यभिचारी मानिसको जीवन लगातार ऐया, आत्था र सुस्केराले छेड़ैछेड़ पारिएको हुनेछ, अनि त्यस व्यक्तिको शरीर सूजाक, सिफिलिस, अन्धोपन, गतिभङ्ग, एड्स, मनोविकारको असन्तुलन आदि कुराले पीड़ित हुनेछ।

**हितोपदेश ५:१२-१३:** यसबाहेक त्यस मानिसलाई पूरा अफसोस र पछुतो लागेको हुन्छ; त्यसको मनको पीड़ा ठूलो हुन्छ। आफ्नो जीवन यस प्रकारले बरबाद गरेको अभागी मानिसले आफूलाई सराप्छ। त्यसले आफ्ना बुबाआमाको आज्ञापालन किन नगरेको? त्यसले सन्डे-स्कूलको शिक्षक-शिक्षिकाको अर्ती आत्मसाथ किन नगरेको? त्यसले आफ्ना इसाई साथीहरूको कुरा किन नसुनेको? त्यसलाई हाय! त्यसले सुनेको भए त्यो दुःखकष्टको सागरमा डुब्नु-पर्नेथिएन। तर के गर्ने? त्यस मूर्ख मानिसले अरूको चेताउनी कहाँ स्वीकार गर्थ्यो र? सबै कुरा जान्ने उही हो, होइन र?

**हितोपदेश ५:१४:** अनि त्यो मानिस खुल्लमखुल्ला निन्दाको पात्र हुन बढ़ी सम्भव छ। यस पदको सन्दर्भ यही होला। अथवा के त्यसले आफ्नो कुव्यवहारको निम्ति सजाय भोगेको यस पदको अर्थ हो? यो पनि सम्भव देखिन्छ।

**हितोपदेश ५:१५-१६:** भावात्मक शब्द-हरू लिएर राजा सुलेमानले आफ्नो छोरालाई के सल्लाह दिन्छन् भने, उसले आफ्नो यौनको चाहना आफ्नी पत्नीको सम्भोगले तृप्त पार्नुपर्छ। उसको वैवाहिक जीवनमा उसले शुद्ध प्रेम उपभोग गर्न पाउँदछ।

अनि हामीले के.जे.वी.-अनुवादअनुसार यस पदको अर्थ लगाउनु हो भने,

विश्वासयोग्य विवाहको सम्बन्धका आशिष-हरूको असल प्रभाव आफ्नो परिवार लगायत आफ्ना इष्टमित्रहरूकहाँ पनि पुग्छ।

अनि एन.के.जे.वी.-बाइबलले यो पद यसो अनुवाद गरेको छः 'के तिम्रा धाराहरू यता-उता छताछुल्ल पोखिजाऊन्, र पानीका खोलाहरू सड़कहरूमा बगून्?' वेश्याकहाँ गएर त्यसले केवल आफ्नो प्रजननको शक्ति पूरा बरबाद गरेको रहेछ। सजीव भाषाले कोरेको नक्सा यो हो।

श्री नोक्सले यो पद यस प्रकारले भाव-अनुवाद गरेका छन्ः 'त्यस मुहानबाट निस्केर आएका तिम्रा सन्तान प्रशस्त होऊन्, ती त्यो पानीजस्तै होऊन्, जुन पानीचाहिँ आफ्नो मुहानबाट निस्केर सार्वजनिक सड़कहरूहुँदो बगिरहेको हुन्छ।' यसो हो भने, यहाँ त्यस मानिसकी पत्नीले मुहानको रूप लिएकी छे; अनि यस मुहानबाट निस्केको पानीले चाहिँ छोराछोरीहरूको अर्थ लिएको छ, जुनचाहिँ घरबाट निस्केर सड़कहरूहुँदा खुशीसाथ खेलिरहेका छन्।

**हितोपदेश ५ः१७ः** विवाहको सम्बन्ध साँचो हुनु हो भने, त्यसले अरूलाई बाहेक गर्छ। अनि यस विवाहको बन्धनमा जन्मेका छोराछोरीहरूले यस परिवेशमा आफू पूरा सुरक्षित भएको महसुस गर्छन्। यस पदले अवैध सन्तानहरूबाट आउने महाविपद्को विरोधमा चेताउनी दिन्छ, साथै स्वच्छन्द-संभोगबाट जन्मेका नानीहरूको बुबा कुनचाहिँ हो, सो कुरा निश्चित नजान्ने व्यभिचारको विरोधमा बोल्छ।

**हितोपदेश ५ः१८ः** *'तिम्रो धारा आशिषित होस्!'* यस धारा वा मुहानले फेरि पनि त्यस मानिसकी पत्नीलाई सङ्केत गर्छ। उसले आफ्नो जवानीकी पत्नीसँगको सङ्गतमा पूरा आनन्द उपभोग गरोस्। यस विषयमा श्री माइकल ग्रिफ्फित्सले आफ्नो विचर यसरी व्यक्त गरेका छन्ः

> 'उसले अरू सबै स्त्रीहरूलाई वर्जित गरेर आफ्नी एकमात्र जीवनसाथिसित पत्नीव्रत सम्बन्ध कायम राख्छ; यस अरू सबैलाई बाहेक गर्ने विवाहको सम्बन्धबाट बगेर आउने आशिषको भरपूरीको अन्त हुनेछैन। अनि उसको घरबाट अरू मानिसहरूलाई स्वागत गर्ने न्यानोपनले अरू मानिसहरूलाई अङ्गाल्छ र आशिष दिन्छ।' 7)

**हितोपदेश ५ः१९-२०ः** मानिसले आफ्ना सबै प्रेमक्रीड़ाहरू विवाहको बन्धनभित्र आफ्नी पत्नीको निम्ति राखिछोड़ोस्। उसकी पत्नी कति मायालु र मनोहर स्त्री हुन्छे। 'उसको स्तनहरूले तिमीलाई सदैव सन्तुष्ट पारिदिऊन्; उसको प्रेममा तिमी सधैंभरि मग्न होऊ!'

किनभने किन ऊ एउटी पराई स्त्रीसँग मोहित हुने? त्यसको मोहकता झूटो हो। तब किन प्रलोभक परस्त्रीलाई अँगाल्ने?

**हितोपदेश ५ः२१-२२ः** कुनै मानिसको आँखाले त्यस व्यभिचारीलाई वेश्या-गृहमा गएको नदेख्ला, अनि होटेलको कोठामा भइरहेको त्यो गुप्त मिलन अरू कसैबाट पत्ता पाइँदैन होला, तर परमेश्वरले सबै देख्नुभएको छ। यस पृथ्वीमा गरिएको गुप्त पाप स्वर्गमा खुला काण्ड हुन्छ।

मानिस पाप गरेर उम्किदैन, छोड़िँदैन। पापका अन्तरङ्ग प्रतिफलहरू हुन्छन्, जसबाट कोही पनि उम्कन सक्दैन। यस सम्बन्धमा हामी श्री जेय एडम्सको सल्लाह सुनौं, जसले यसो भनेका छन्ः

> 'पाप गर्ने बानीहरू काट्न गाह्रो पर्छ; तर जुन पापको आदत छोड़िँदैन, त्यस आदतले पाप गर्ने व्यक्तिलाई पूरा जेलिदिन्छ र बेसरी कसिदिन्छ। त्यो मानिस आफ्नै अधर्महरूका डोरीहरूले बाँधिएको हुन्छ। पापको भुमारीले त्यसलाई फन्को मार्दै त्यो तल, झन् तल पुग्छ। पापले त्यसलाई बन्दी बनाएको छ। पापले आफ्ना डोरीहरूद्वारा त्यसलाई बाँधेको छ। त्यो विचारो पापको दास भएछ।' 8)

**हितोपदेश ५ः२३ः** श्री चार्लस एलिकोटले यस पदको नाम 'उड़न्ता पुत्रको जीवनको अन्तिम दृश्य हो' भनेर राखेका छन्। त्यस मानिसले आफ्नो अभिलाषामा लगाम लगाउन चाहेन र आत्मसंयमी हुन मानेन। अनि अब-चाहिँ त्यो यसको प्रतिफल-स्वरूप मर्छ। मोफ्फतले भाव-अनुवाद गरेझैं 'समझको अभावले त्यो मर्दैछ; त्यसको ठूलो मूर्खताले त्यसलाई नाश गरेको छ।'

श्री पेर्सी बी. शेली नाम गरेका एकजना ब्रिटिश कवि थिए, जसलाई यस खण्डको खराब उदाहरणको रूपमा लिइएको छ; किनभने तिनले आफ्नो घमण्डमा एउटी पत्नीको विवाह सठीक हुन्छ भन्ने धारणा अस्वीकार गरे। तिनको मिथ्याविचारअनुसार एउटी स्त्रीलाई विवाह गर्दा हजारौंलाई निराश पारिन्छ अरे। श्री ग्रिफ्फित्सका शब्दअनुसार यस प्रकारको अनैतिक जीवनले कतिजनाको परित्याग, कतिजनाको आत्महत्या, कति अवैध सन्तानहरू र कतिजनामा डाहा पैदा गरेको, यसको साध्य छैन। अनि श्री जी. साम्पसनको मनमा यो प्रश्न उठेको छः

> 'मलाई लाग्छ, तिनीजस्तै कुनै कवि नै छैन, जसको जीवनमाथि एक आपद्देखि अर्को आपद् लगातार ओइरियो। तिनी एक सुन्दर देवदूत त थिए, तर निकम्मा थिए; किनकि तिनले असल भन्ने केही पनि आफ्नो पछाड़ि अरूको निम्ति छोड़ेनन्।'

## झ) हितोपदेश ६ः१-१९ः जमानी बस्नुमा भएको मूर्खता, साथै अल्छीपन र छल

**हितोपदेश ६ः१ः** यस अध्यायका पहिला पाँचवटा पदहरूमा जमानी बस्नुको विरोधमा चेताउनी दिइएको छ। अरू कसैको ऋणको निम्ति उत्तरदायी हुनुहुँदैन; त्यसको ऋण तिरेको-नतिरेको जिम्मा त्यसको थाप्लोमा रहोस्। उदाहरणको निम्ति तपाईंको साथीले किस्ता गर्ने गरी एउटा कार किन्न चाहन्छ, तर ऊ जिन्सी ऋणको योग्य छैन। यसकारण कार बेच्ने कम्पनीले अरू कसैको हस्ताक्षर पाउने माग गर्छ, ऋण लिने व्यक्ति किस्ता चुकाउन असक्षम भयो भने। तब त्यो साथी तपाईंकहाँ आउँछ, र तपाईंलाई यस अनुबन्धमा सह हस्ताक्षर लगाउने विन्ती गर्छ। यसर्थ त्यसले कुनै कारणवश किस्ता तिर्दैन भने, तपाईंले तिर्नुपर्छ। अनि ठीक यही कुरा नगर्नुहोस्! किनभने वचनले नगर्नू भन्छ।

यस पदमा त्यो साथी तपाईंको छिमेकी हो। अनि त्यो परदेशीचाहिँ त्यो ऋण दिने कम्पनी होला, जसले तपाईंमा जमानी बस्ने मानिसलाई खोजेको छ, उक्त उदाहरण-अनुसार।

**हितोपदेश ६ः२ः** *'तिमी आफ्नै मुखका शब्दहरूले फसेका छौ; तिमी आफ्नै मुखका शब्दहरूद्वारा पक्राउ परेका छौ।'* अर्को शब्दमा भन्नु हो भने, तपाईंले सोचविचार नगरीकन एउटा प्रण गर्नुभयो; तपाईं फन्दामा फस्नु-भयो। तपाईंले एउटा ठूलो भूल गर्नुभयो।

**हितोपदेश ६ः३ः** यस अवस्थामा सबैभन्दा असल काम यही होः यस अनुबन्धबाट सकेसम्म छिटो मुक्त हुनुहोस्! आफ्नो साथीलाई मनाउनुहोस्! जुन अनुबन्धमा तपाईंको सही छ, त्यो सही जुनै हालतमा पनि हटाउनैपर्छ; किनकि एउटा ठूलो भूल भएछ, तपाईं फस्नुभएछ।

**हितोपदेश ६ः४-५ः** यस विषयमा आफ्नो जिम्माको महत्त्व कति ठूलो छ, सो बुझ्नुहोस्! तपाईं यस जमानीबाट छुट्नुपर्छ, यस कुरामा ढिलो-सुस्त गर्नुहुँदैन। मृगी शिकारीको पन्जाबाट झटपटाएर फुट्ट उम्केझैं र पक्राउ परेको चराचाहिँ फटफटाएर चरा मार्नेको जालबाट उम्केझैं आफूलाई छुटाउनुहोस्!

पवित्र बाइबलमा जमानी बस्नुको विरोधमा यस प्रकारको कड़ा चेताउनी किन दिइएको छ? जमानी बसेर के हामीले आफ्नो साथीको

वा आफ्नो छिमेकीको भलाइ गरेका होइनौं र ? तर जुन कुरा हाम्रो आँखामा भलाइजस्तै देखिन्छ, त्यो भलाइ नै होइन। किनभने तपाईंको साथीको निम्ति जुन कुरा किन्न परमेश्‍वरको इच्छा होइन, तपाईंले उसलाई यस कुरामा साथ दिनुभएको बढ़ी सम्भव छ। हुन सक्छ, तपाईंले उसलाई पैसा उड़ाउन वा जुवाड़ी बन्न मद्दत गर्नुभएको हो कि ?

अनि उसले ऋण चुकाउन सकेन भने तपाईंले उसको ऋण तिर्नुपर्छ अर्थात् एउटा चीजको लागि पैसा तिर्नुपर्छ, जुन चीजचाहिँ तपाईंको हुनेछैन। तब तपाईंको साथीसँगको यो मित्रता तीतो हुन जान्छ र यत्तिमै टुङ्गिन्छ। उसको खाँचो साँचो आवश्यकता भएदेखि तपाईंले उसलाई बरु कुनै अनुदान दिनु बेस हुनेछ। जस्तो भए पनि तपाईं कसैको निम्ति जमानी बस्नुहुँदैन।

**हितोपदेश ६ः६-७ः** यस अध्यायको यस खण्डले अल्छीपनको विरुद्ध आफ्नो सोर उठाएको छ (हितोपदेश ६ः६-११)। अनि एउटा वस्तुनिष्ठ पाठ सिक्नको निम्ति कमिलाचाहिँ यसको उदाहरण हो; किनकि कमिला छिटो-छिटो आउ-जाउ गर्छ, सधैं चलिबस्छ र प्रायः बोक्न नसकिने भारी बोक्छ। त्यसले खुरुखुरु काम गर्छ; त्यसलाई मालिक चाहिँदैन, कुनै नाइके चाहिँदैन, कुनै निरीक्षक चाहिँदैन। के तपाईंले कमिलाको हूललाई ध्यान दिनुभएको छ ? यसो हेर्दाखेरि यी कमिलाहरू झटपट लागेझैं चारैतिर हिँड़िरहेको देखिन्छन्, तर तिनीहरू बिनसित्ति हिँड़्दैनन्, काम गर्दैनन्, तर त्यसमा उद्देश्य छ, यसमा निर्देशन छ। तर तिनीहरूलाई अह्राउपराउ गर्ने कोही देखिँदैन।

**हितोपदेश ६ः८ः** त्यस सानो कीराले ग्रीष्म ऋतुभरि परिश्रम गर्छ। त्यो कति उद्योगी हो ! कटनीको समयमा त्यसले खानेकुरा बटुलिरहन्छ। यस पदको जोड़ भविष्यको निम्ति प्रबन्ध गरेकोमा होइन, तर समयमै कठोर परिश्रम गरेकोमा पो छ।

ख्रीष्ट-विश्‍वासीले भावी समस्याको निम्ति जोहो गर्नुपर्छ भन्ने शिक्षा सिकाउन यो खण्ड लिनुहुँदैन। यो यसको बेप्रयोग मानिन्छ। किनभने मत्ती ६ः१९ पदमा हामीलाई पृथ्वीमा सम्पत्ति नथुपार्ने आज्ञा दिइएको छ। हो, कमिलाहरूले आफ्नो भविष्यको निम्ति प्रबन्ध नगरेको होइन। हो, ख्रीष्ट-विश्‍वासीहरूले आफ्नो परिवारका-हरूको निम्ति बन्दोबस्त गर्नैपर्छ। तर भिन्नता यसैमा छः कमिलाको भविष्य यस पृथ्वीमा छ भने, ख्रीष्ट-विश्‍वासीहरूको भविष्य स्वर्गमा हुनेछ। यसकारण बुद्धिमान् इसाई-हरूले स्वर्गमा सम्पत्ति थुपार्छन्, यस पृथ्वीमाथि होइन।

**हितोपदेश ६ः९ः** अचम्म, अल्छी मानिसको निद्राको टुङ्गा कहिल्यै हुँदैन रहेछ। त्यसको सिद्धान्त यस प्रकारको छः 'बिहान उठ्न ठिक्कै छ, तर उठ्नुभन्दा सुतिरहन अझ राम्रो छ।' अलार्म घड़ीको आवाज त्यसले सुन्ने चाहँदैन, त्यसलाई यसको एलर्जी लागेको जस्तै छ।

**हितोपदेश ६ः१०-११ः** तर अन्तमा त्यो मानिस निद्राबाट उठ्छ, तर त्यसले यसो भन्छः 'आँखा झिमिक्क चिम्लन पाऊँ, अलिकति निद्रा, एकक्षिणको झप्की गर्न पाऊँ ! पन्ध्र मिनट स्वास्थ्यको विश्राम लिन पाऊँ !'

ठिक्कै छ, परिवारकाहरूले त्यस्तो मानिसलाई सहलान्, तर गरिबीले त्यसलाई छोड़्दैन। *'तब तिम्रो गरिबी बाटोको लुटेरा-जस्तै र तिम्रो घटीकमी हातहतियार भिरेको मान्छेजस्तै तिमीमाथि आइलाग्नेछन्।'*

**हितोपदेश ६ः१२ः** अबको खण्डमा ठगको ठेट परिभाषा दिइएको छ (हितोपदेश ६ः१२-१५)। त्यो त एउटा दुष्ट ठगाहा हो। त्यसको हँसिलो अनुहार त्यसको

विश्‍वासघाती हृदयको मखुन्डो हो। त्यो मान्छे टेढ़ामेढ़ा कुरा गर्दै चारैतिर हिँड्छ।

**हितोपदेश ६ः१३-१४ः** त्यसले प्रयोगमा ल्याएका सूचक इसाराहरू किसिम-किसिमका हुन्छन्। त्यसले यी इसाराहरू र हाउभाउद्वारा कि त आफ्नो सह-अपराधीलाई सङ्केत गर्छ, कि त हानि गर्न लागेका मानिसहरूलाई छल गर्छ र तिनीहरूलाई बेहोशियारी तुल्याउँछ। त्यसले आफ्नो आँखा चिमचिम गर्छ; त्यसले आफ्ना पाउहरूले भुइँ जोत्छ; त्यसले आफ्ना औंलाहरूद्वारा गुप्त सन्देश दिन्छ।

त्यसको हृदय दुष्टता र कुटिलताले भरिएको छ; किनभने त्यसले निरन्तर दुष्ट युक्तिहरू रचिरहेको छ र अमेलको बीउ छरिरहेको छ।

**हितोपदेश ६ः१५ः** श्री नोक्सले यस पदको भाव-अनुवाद यस प्रकारले गरेका छन्ः 'यस्ता मानिसहरूमाथि एक्कासि तिनी-हरूको विनाश आइपर्नेछ; कुनै आशा, कुनै उपाय नपाई तिनीहरू चकनाचूर हुनेछन्।' तपाईंले यसको निम्ति कुनै उदाहरण चाहनुभयो भने, सायद आजको खबर-कागजमा यस्ताहरूको विनाशको विषयमा पढ्न पाउनुहुन्छ होला।

**हितोपदेश ६ः१६ः** हितोपदेश ६ः१२-१५ पदमा वर्णन गरिएको यस दुष्ट मानिसको चरित्रका अवगुणहरू परमेश्‍वरले घृणा गर्नुहुन्छ (हितोपदेश ६ः१६-१९); विशेष गरी अमेलको बीउ छर्ने कुराबाट उहाँलाई पूरा अमन हुन्छ (हितोपदेश ६ः१४ र १९)।

'यी छवटा, अँ, यी सातवटा कुराहरू' भन्ने सूत्रले सम्पूर्ण सूचि दिन खोजेको होइन, तर केही कुराहरू मात्र अङ्कित गर्न चाहेको हो। हुन सक्छ, यसले 'सातौं कुराचाहिँ सबैभन्दा घृणित कुरा हो' भनेर बताएको अर्थ पनि सम्भव छ। 9)

**हितोपदेश ६ः१७ः क)** *घमण्डी आँखाः* घमण्डको परिभाषा यस प्रकारको छः 'धूलोले आफूलाई पूजिरहेको छ।' सम्राटको सेवकले यसो भनेको सुन्नमा आएको छः

> 'मेरा मालिक साह्रै गुमानी थिए; हो, त्यो कुरा म काट्नै सक्दिनँ; किनभने तिनले हर परिस्थितिमा केन्द्र हुन चाहन्थे। कुनै बाल-बप्तिस्मा भइरहेको बेलामा तिनले त्यो नवबालक हुन चाहे। कसैको विवाह हुँदा तिनले दुलही हुन चाहे। अनि कसैको दफन हुँदा तिनले त्यो मुर्दा हुन चाहे।' 10)

**ख)** *झूट बोल्ने जिब्रोः* हाम्रो जिब्रो किन सृष्टि गरियो? त्यससित प्रभुको महिमा गर्नलाई नै हो। अनि जसले झूट बोल्छ, त्यसले एउटा नीच कामको निम्ति जिब्रोको दुरुपयोग गर्छ। के ख्रीष्ट-विश्‍वासी कहीं, कतै झूट बोल्नु हुन्छ? परमेश्‍वर झूट बोल्नै सक्नुहुन्न; तब हामी उहाँका छोराछोरीहरूले कसरी झूट बोल्न सक्छौं, त्यो आफै भन्नुहोस्!

**ग)** *निर्दोषीको रगत बगाउने हातहरूः* परमेश्‍वरको दृष्टिमा हरेक मानिसको जीवनको मूल्य असीमित छ। उहाँले गलगथामा हाम्रो आत्माको छुटकाराको निम्ति अत्यन्त ठूलो दाम तिर्नुभयो। बुझ्नुहोस्ः मानिसको मूल्य उहाँका आँखामा यति धेरै हो। अनि कसैले हत्या गर्दा कुनै मानिसको प्राण लिएको विषयमा परमेश्‍वरले कस्तो दृष्टिकोण लिनुहुन्छ? उहाँले हत्याराको निम्ति मृत्युदण्ड दिने नियम पारित गर्नुभयो (उत्पत्ति ९ः६)।

**हितोपदेश ६ः१८ः घ)** *दुष्ट युक्तिहरू रच्ने मनः* मानिसको हृदय हामीले पापको केन्द्र मान्नुपर्छ। त्यहाँ निरन्तर खराब विचार-हरू रचिएका हुन्छन्। प्रभु येशूले मर्कूस ७ः२१-२२ पदहरूमा यी दुष्ट युक्तिहरूको केही व्यक्त गर्नुभयो, जब उहाँले भन्नुभयोः *'किनभने भित्रबाट अर्थात् मानिसको हृदयबाट नै खराब विचार, परस्त्रीगमन, व्यभिचार, हत्या, चोरी, लोभ, दुष्टता, छल, कामुकता, कुदृष्टि, निन्दा, घमण्ड र मूर्खता*

*निस्कन्छन्। यी सबै खराबीहरू भित्रबाट निस्कन्छन् र मानिसलाई अशुद्ध तुल्याउँछन्।'*

**ङ)** *हतारसँग खराबीतिर दगुर्ने पाउहरूः* परमेश्वरले दुष्ट युक्ति रच्ने मनलाई घृणा गर्नुहुन्छ; त्यत्ति मात्र होइन, उहाँले ती दुष्ट युक्ति पूरा गर्ने खुट्टाहरू पनि घृणा गर्नुहुन्छ।

**हितोपदेश ६ः१९ः च)** *झूटो बोल्ने झूटो साक्षीः* यसको पृष्ठभूमि कचहरी हो, जहाँ गवाहीहरूले कुनै मामिलाको सम्बन्धमा साक्षी दिनुपर्छ। अनि हितोपदेश ६ः१७[ख] पदको सन्दर्भचाहिँ हाम्रो दैनिक बातचित र कुरा-कानी हो।

**छ)** *भाइ-भाइको बीचमा अमेलको बीउ छर्ने मान्छेः* यस विषयमा घतलाग्दो कुरा के हो भने, परमेश्वरले हत्यारा, झूट बोल्ने र झूटो साक्षी दिनेलाई जति घृणा गर्नुहुन्छ, उहाँले दाजुभाइहरूको बीचमा अमेल सृजना गर्नेलाई उत्तिकै घृणा गर्नुहुन्छ।

अब तपाईंको पालो आयोः यी सातवटा पापहरूमध्ये कुन-कुनचाहिँ हाम्रा प्रभु येशूको न्यायजाँच र उहाँको क्रूसीकरणसित सम्बन्ध राखे, सो निकालेर पत्ता लगाउनुहोस्!

### ञ) हितोपदेश ६ः२०-७ः२७ः परस्त्रीगमन र वेश्यावृत्तिमा हुने मूर्खता

**हितोपदेश ६ः२०ः** व्यभिचार वा पर-स्त्रीगमनको पाप फेरि यस खण्डको सन्दर्भ भएको छ। घरिघरि यस पापको विषयमा पढ्न पाउन उद्देश्यहीन होइन। यस पदका शब्दहरू आदर्श-सूत्र हुन्, जुन सूत्रले 'हेर, अब एउटा महत्त्वपूर्ण शिक्षा आउँदैछ' भन्ने होश गराउन खोज्छ।

**हितोपदेश ६ः२१ः** प्रभु येशूको जमानामा यस्ता यहूदीहरू हुन्थे, जसले यस पदको अर्थ साह्रै अक्षरशः लिए र हात र निधारमा व्यवस्था-पेटिकाहरू लगाएकोमा यो आज्ञा पालन गरेको भान गर्थे। व्यवस्था-पेटिकाहरू छालाका ससाना जन्तरहरू थिए; यी जन्तर-हरूभित्र पवित्र धर्मशास्त्रका केही लिखित खण्डहरू हालिए। प्रार्थना गर्दा ती यहूदीहरूले एउटा जन्तर देब्रे पाखुरामा, मुटुको छेउमा, र अर्को जन्तर टाउकोमा, गलाको छेउमा, लाउने गर्थे। अनि वर्तमान समयमा अझ कति यहूदीहरू छन्, जसले यसो गर्ने गर्छन्।

तर वास्तवमा यस पदले भन्न खोजेको यही होः हामीले परमेश्वरको वचन हाम्रो जीवनमा यति आत्मसात् गर्नुपर्छ, कि त्यसले हामीलाई सधैं साथ दिन्छ अनि हामीलाई हामी हिँड्नुपर्ने हरेक मार्गमा मार्गदर्शन दिन्छ र हामीले गर्नुपर्ने हरेक कामकुरामा अगुवाइ गर्छ। हामीले पवित्र धर्मशास्त्र बाइबललाई सम्मान दिनुचाहिँ बाहिरी कुरा होइन, ओठे सेवा होइन, तर हामीले परमेश्वरको वचन हृदयले मात्र र दिलोजानले पालन गर्नुपर्छ।

**हितोपदेश ६ः२२ः** परमेश्वरको वचन पालन गरेका प्रतिफलहरू यस प्रकारका छन्ः

**क)** अगुवाइः *'तिमी हिँड्दा यसले तिमीलाई अगुवाइ गर्नेछ।'*

**ख)** सुरक्षाः *'तिमी सुत्दा यसले तिम्रो रक्षा गर्नेछ।'*

**ग)** शिक्षाः *'तिमी जागा हुँदा यसले तिमीसँग कुरा गर्नेछ।'*

**हितोपदेश ६ः२३ः** यस पदले अघिको पदको अर्थ बढ़ाइदिन्छः

**क)** आज्ञाचाहिँ एउटा बत्ती हो, अगुवाइ दिनको निम्ति।

**ख)** व्यवस्था एउटा ज्योति हो, हाम्रो रक्षाको निम्ति।

**ग)** शिक्षारूपी हप्कीहरू जीवनको बाटो हुन्, शिक्षा दिनको निम्ति।

**हितोपदेश ६ः२४-२५ः** परमेश्वरको वचनको विशेष सेवकाइचाहिँ मानिसहरूलाई त्यस दुष्ट स्त्रीबाट बचाउनु हो, जुन परस्त्रीले हामीलाई चिप्लो घस्ने जिब्रोले फसाउन खोज्छे। कोही पनि त्यसको सुन्दरताले मोहित हुनुहुँदैन, अँ, त्यसका पलकहरूको नचाइले

दिएको 'यता आइज' भन्ने निम्तोमा फस्नु-हुँदैन।

**हितोपदेश ६:२६:** यस पदको व्याख्या बाइबल-अनुवादमा भर पर्छ; किनभने विभिन्न बाइबलहरूले यस पदको अनुवाद फरक-फरक गरेका छन्, जस्तैः

एन.के.जे.वी. र एन.ए.एस.बी.अनुसार वेश्यागमनको खातिर मानिस गरिब हुन्छ र व्यभिचारी स्त्रीले गर्दा उसले आफ्नो प्राण गुमाउँछ। दुवै वेश्याको फकाउरी र व्यभिचारिणीको फुस्लाइमा फसेको मानिसले यसको निम्ति ठूलो मोल चुकाउनुपर्छ।

अनि आर.एस.वी.ले के भन्छ? 'वेश्याको दाम रोटीको टुक्रा हुन्छ होला, तर व्यभिचारिणी मानिसको प्राणको निम्ति ढुकेर बस्छे।' यस अनुवादमा वेश्या र व्यभिचारिणीको बीचमा निम्न भिन्नता निकालिएको छः वेश्याको सेवा पैसाले किन्न सकिन्छ, तर व्यभिचारिणीचाहिँ कसैको जीवन पूरा नियन्त्रण नगरेसम्म सन्तोष हुँदैन।

**हितोपदेश ६:२७-२८:** अर्को मानिसकी पत्नीसँग अवैध सम्बन्ध राख्नु र आफ्नो छातीमा आगो हाल्नु एउटै कुरा हो। मानिस डढ़िन्छ-डढ़िन्छ; यो त राता-राता जरिला कोइलाहरूमाथि खुट्टा टेकेर हिँड़ेको जत्तिकै हो। कसैले पाउहरू नपोलेर यसो गर्न सक्दै-सक्दैन। यस विषयमा श्री माइकल ग्रिफ्फित्सले निम्न चेताउनी दिएका छन्:

> 'परस्त्रीगमन जुनसुकै मानिसको निम्ति पूर्णतया मूर्खता ठहरिन्छ; किनभने यो आत्मनाश हो, जसको प्रतिफल चोटैचोट, बेइज्जत, शर्म भोग्नु हो, साथै जसको विरुद्ध यो अपराध गरियो, उसको तर्फबाट रिसको झोकको नमीठा फल खानु पनि हो।' 11)

**हितोपदेश ६:२९:** आफ्नो छिमेकीकी पत्नीकहाँ जाने मानिस पक्राउ पर्छ-पर्छ र दण्ड नदिईकन कुनै हालतमा पनि छोड़िदैन। नैतिकता-जगत्मा नियम यस्तो छः पाप लुक्दैन, तर एक दिन प्रकाशमा आउँछ-आउँछ। हुन सक्छ, संयोगवश कसैको पाप यस धरतीमा प्रकट भएन भने, यो सुनिश्चित छ, कि परलोकमा यस पापको दोष पक्का पनि प्रकट गरिनेछ।

**हितोपदेश ६:३०-३१:** यी दुईवटा पद-हरू दुई प्रकारले बुझ्न सकिन्छ। के.जे.वी. र एन.के.जे.वी.-बाइबलहरूको अनुवाद-अनुसार निम्न अर्थ निस्किन्छः खाना नपाएर चोरी गरेको मानिससित मानिसहरू केही हदसम्म टिठाउँछन्। यसो भए पनि चोर पक्राउ परेमा त्यसले चोरी गरेको मालको भर्ना गर्नुपर्छ। हुन सक्छ, भर्ना तिर्दा त्यसले आफ्नो सारा सम्पत्ति दिनुपर्ला।

हामी आर.एस.वी.को कुरा पनि सुनौं, जसले हितोपदेश ६:३० पदको अनुवाद यसो गरेको छः 'भोक लागेको चोरले आफ्नो भोक मेटाउन चोरी गरेको खण्डमा के मानिसहरूले त्यसलाई तुच्छ ठान्दैनन् र? अनि के, के त्यसले भर्ना तिर्नुपर्दैन र?'

दुवै अनुवादहरूको निष्कर्ष एउटै होः चोरले आफ्नो अपराधको निम्ति भर्ना तिर्न सक्छ, तर परस्त्रीगामीले यसो गर्न सक्दैन। जुन हानि त्यसले आफूमाथि ल्याएको छ, त्यो मानहानि कहिल्यै पूरा मेट्दैन।

**हितोपदेश ६:३२:** *'जसले कुनै स्त्रीसँग परस्त्रीगमन गर्छ, त्यससँग समझ हुँदैन।'* किनकि त्यसले आफ्नो जीवन बरबाद गरेको छ, समाजमा; त्यसले आफूलाई नष्ट गरेको छ, आत्मिक र नैतिक हिसाबले। अनि हुन सक्छ, त्यसले आफ्नो शरीर पनि नाश गरेको हुन सक्ला (व्यवस्था २२:२२)।

**हितोपदेश ६:३३:** एकक्षणको आनन्दको निम्ति त्यसले घाउहरू र अपमान कमायो, हुन सक्छ, क्रोधित पतिको तर्फबाट। अनि निन्दा र शर्म त्यसको बाँकी जीवनबाट कहिल्यै हट्दैन। परमेश्वरलाई धन्यवाद होस्! प्रभु येशूको नाममा पापको क्षमा छ। यसकारण

पश्चात्ताप गर्नुहोस्! आफ्नो पाप मानिलिनुहोस् र छोड्नुहोस्!

**हितोपदेश ६:३४:** यहाँ झोकमा आगो भएको पतिको जलन देखिन्छ; किनभने घरमा आउँदा उसले आफ्नी पत्नीलाई अर्को पुरुषको अँगालोमा भएकी भेट्टायो। तब उसले बदला लिन थाल्छ र दोषी व्यक्तिलाई छोड्दैन। बहाना गर्न के काम? त्यसको विन्ती चढ़ाउने प्रयास व्यर्थ छ।

**हितोपदेश ६:३५:** अपराधीले तिर्न सक्ने जुनसुकै मोलले रिसाएको पतिलाई शान्त पार्न सक्दैन। त्यसले उसको विवाहको बन्धन तोड़ेकोमा के दिन सक्छ? यो त घूस दिएर क्षतिको पूर्ति हुन सक्ने कुरा नै होइन।

**हितोपदेश ७:१:** सात अध्यायचाहिँ यही विषय लिएर अघि बढ्दै जान्छ। यसकारण हे मेरा प्रिय जवान भाइबहिनीहरूहो, यसको चेताउनीको वचन सुन्नुहोस्, र व्यभिचारमा फसेर आफ्नो जीवन बरबाद नपार्नुहोस्! परमेश्वरका आज्ञाहरू आफ्नो धन सम्झनुहोस्! यस पृथ्वीमा भएका भौतिक धनसम्पत्तिभन्दा परमेश्वरका आज्ञाहरूको मूल्य ज्यादा ठूलो छ।

**हितोपदेश ७:२:** परमेश्वरको वचनको आज्ञापालन गर्नु नै भरपूर जीवनमा पुऱ्याउने मार्ग हो। यसकारण आफ्नो आँखाको नानीलाई जस्तो गरी हामीले परमेश्वरको वचन जोगाइराख्नुपर्छ। यस वाक्यले भन्न खोजेको कुरा बुझ्न हामी International Standard Bible Encyclopaedia को सहारा लिन्छौं, जहाँ यसो लेखिएको छः

> 'नेत्रगोलक अर्थात् त्यो गोला, जसको आँखाको नानी यसको केन्द्र हुन्छ, त्यो गोला यसको रूपले गर्दा अङ्ग्रजीमा "स्याउ" भनिन्छ। आँखाहरूको ठूलो महत्त्वले गर्दा तिनलाई विशेष सुरक्षाको खाँचो छ, जुन सुरक्षा पलकहरूले तिनलाई दिन्छन्; किनभने यी ढकनीहरू आफैआफ झिम्म गर्दा रहेछन्, जब कतैबाट कुनै खतरा आउने सम्भावना हुन्छ। यसैकारण आँखाको नानीचाहिँ सबैभन्दा बहुमूल्य चीजको प्रतीक भयो, जसको सुरक्षा एकदम होशियारीसाथ गर्नुपर्छ।' 12)

**हितोपदेश ७:३:** काव्य भाषा लिएर यस पदले के भन्छ भने, आफ्ना हातहरूले हामी जे गर्छौं, त्यो सबै परमेश्वरको वचनको नियन्त्रणमा रहनुपर्छ। परमेश्वरको वचनले जे भन्छ, वादविवाद नगरीकन त्यसको आज्ञापालन गर्नैपर्छ। 'वचन आफ्ना औंलाहरूमा बाँधिराख' भन्ने वाक्यले हाम्रा हातको काम देखाउँछ भने, 'वचन आफ्नो हृदयको पाटीमा लेख' भन्ने वाक्यले हाम्रो दिलोजानसाथ गरेको आज्ञापालन सङ्केत गर्छ।

**हितोपदेश ७:४:** बुद्धिलाई हामीले आदर-सम्मान गर्नुपर्छ, आफ्नी दिदीलाई गरेझैं। अनि समझचाहिँ हाम्रो नजिकको नातेदार सम्झनु सठीक हो। यस खण्डमा बुद्धिचाहिँ त्यस दुष्ट परस्त्रीको विपरीतमा राखिएको छ, जुन परस्त्रीबाट हामी होशियार भई जोगिनुपर्छ र पर बस्नुपर्छ।

**हितोपदेश ७:५:** जतिजना बुद्धिको पछि लाग्छन् र बुद्धिले दिएका शिक्षा र अर्तीहरू पालन गर्दै रहन्छन्, तिनीहरू सबैजना व्यभिचारी स्त्रीबाट जोगिन्छन्। तिनीहरू चिप्लो घस्ने परस्त्रीबाट बाँच्छन्। यस दुष्ट आइमाईको चरित्र बयान गर्दा यहाँ दुईवटा शब्द प्रयोग गरिएका छन्। पराई स्त्रीको शाब्दिक अर्थ अन्य परिवारकी, जो छाड़ा, अशिष्ट छे, र जो विवाहको बन्धनभित्र रहिन अर्थात् जो एउटी व्यभिचारिणी छे। अनि मूलभाषामा परस्त्री शब्दको अर्थचाहिँ नौलो, परको र दुःसाहसी हो।

**हितोपदेश ७:६:** हितोपदेश ७:६-२३ पदहरूको खण्डमा वेश्याको यौवन बेच्ने धन्दाको सजीव विवरण उल्लेख गरिएको छ, साथै एउटा जवान भाइ कसरी त्यसको चालमा फसेछ, सो कुरा पनि स्पष्टसँग

बताइएको छ। लेखकले यो दुःखद घटना कसरी शुरु गरेको र अघि बढ़ेको आफ्नै आँखाले देखेछन्, जब तिनले आफ्नो झ्यालको जालीदार पर्दाबाट भएर चियाए।

**हितोपदेश ७:७:** हाम्रो सामु एउटा जवान केटा प्रस्तुत गरिएको छ, जो बोधो छ, र जो लक्ष्यहीन पाराले बजारमा निस्केछ, आनन्द लिन भनी। हुन सक्छ, त्यो केटा असल परिवारको छोरा होला। तर अब त्यो घरमा बस्दैन, तर मज्जा गर्न निस्क्यो। हुन सक्छ, त्यो जवान भूतपूर्व सैनिक थियो होला, जसले आफ्ना सेखी गर्ने साथीहरूभन्दा केही कम हुन चाहँदैनथियो। त्यस केटाको हृदय पापले गर्दा कठोर भएको थिएन। होइन, त्यो बस्तीको अनुभवहीन सोझो केटा थियो।

**हितोपदेश ७:८:** तर नभन्दै त्यो देह व्यापारको क्षेत्रमा पुगेछ, र त्यस वेश्याको घरको कुनानिरको सड़कमा गइरहेको छ। त्यो अल्छी पाराले डुल्दै-टहल्दैथियो। यो नै त्यसको खास गल्टी र समस्या थियो। त्यो कुनै असल, योग्य धन्दामा व्यस्त रहनु-पर्नेथियो; तब त्यो यहाँ आइपुग्नेथिएन। त्यसका पाउहरू शान्तिको सुसमाचारका जुत्ता लगाइएका भए, त्यसले आफ्नो समय बरबाद गर्नेथिएन। परमेश्वरको निम्ति पूरा समर्पित भएका भाइबहिनीहरू पापबाट सुरक्षित भई बस्छन्; यो बिलकुल साँचो र सत्य हो। नभए यस्तो हुन्छ, जसरी श्री आइसक वाट्सले भनेका छन्: 'निस्सन्देह अल्छी मानिसका हातहरू व्यस्त बनाउन शैतानले कुनै न कुनै दुष्ट युक्ति र उपाय निकालिहाल्छ।'

**हितोपदेश ७:९:** अभाग्यवश त्यो केटा साँझभरि मध्यरातसम्म यता-उता डुल्दैथियो, घाम अस्ताएको समयदेखि अँध्यारो भएको बेलासम्म, अनि त्यस बेलादेखि कालो रातसम्म त्यो डुल्दैथियो। श्री अल्बर्ट बार्नसले यसको विषयमा यसो लेखेका छन्:

'यस प्रकारको बयानमा सङ्केतात्मक अर्थ हुन्छ, किनभने यसरी नै अन्धकार बढ़िरहेको नक्सा कोरिएको छ। किनकि अब बढ्दै गरेको अन्धकारले यस जवान केटाको जीवन छोप्दैछ।'

त्यो केटा यो पुतलीजस्तै छ, जुनचाहिँ आगोको ज्वालातिर उड्छ। जब पापको परीक्षाको साथसाथै पाप गर्ने मौका पनि मिलेको छ, तब यो अशुभ मिलन परम खतरनाक क्षण मान्नुपर्छ। हामीले अटुटसँग प्रार्थना गर्नुपर्छ; 'हे प्रभु, पापको परीक्षा र पाप गर्ने मौका – यी दुईवटा कुराहरूको मिलन मेरो जीवनमा कहिल्यै नभएको होस्!'

**हितोपदेश ७:१०:** अब यो वेश्या बॉलीवुडको आधुनिक फैशनमा, मेक-अपको सिँगारमा, पाउडर र सुगन्ध लगाइएको अवस्थामा देखा पर्छे। त्यसको बाहिरी आकर्षण यस्तै छ। तर त्यसको हृदय भने कामुक, गोपनशील, धूर्त छ।

**हितोपदेश ७:११-१२:** त्यो वेश्या एउटी शिष्ट, नम्र चरित्रवान् स्त्री कहाँ हो र! होइन, होइन! त्यो त धृष्ट, ढीठी, बकबके र रूखो छे। अहँ, गृहस्थ हुन त्यसले मान्दै-मान्दिन। सड़कहरूहुँदो त्योचाहिँ सेवालाभी शिकार-हरूको निम्ति ढुकेर बस्नैपर्छ।

*'कहिले त्यो बाहिर हुन्छे, कहिले सड़कहरूहुँदो; अनि हरेक कुनामा त्यो ढुकिबस्छे।'* अचम्म, एकै समयमा त्यो स्त्री सबै ठाउँमा कसरी हुन्छे? भाइबहिनीहरूहो, पाप यस्तै हुन्छ है। पाप जहाँ पनि फेला पारिन्छ। मुक्तिको सुसामाचार सबैले यति सजिलोसँग भेट्टाउनुपर्नेथियो; होइन र? तर हाय! हामीले त्यो शुभ सन्देश चारैतिर उपलब्ध गर्दैनौं!

**हितोपदेश ७:१३:** यस जवान केटालाई झट्को दिनुचाहिँ त्यसको फसाउने तरिकाको प्रथम कदम हो। त्यो यस केटाकहाँ दगुर्छे, त्यसलाई आफ्नो अँगालोमा हाल्छे र त्यसलाई

म्वाइँ खान्छे। अहो ! यत्रो प्रेमको प्रदर्शनको सामु यस केटाका खुट्टाहरू भुइँमा रहेनन्; किनभने त्यसले प्रेम र कामवासनाको बीचको भिन्नता जान्दैन, छुट्ट्याउन सक्दैन।

**हितोपदेश ७:१४:** अबचाहिँ यस वेश्याले एउटा धार्मिक भेष धारण गर्छे। यसले यसो भन्छेः 'मसँग मेलबलिहरू छन्; आज मैले आफ्ना भाकलहरू पूरा गरेकी छु।' तब यस केटाले आफ्नी आमालाई सम्झन्छ, पैठक-कोठामा राखिएको बाइबल यसको स्मरणमा आउँछ, त्यसपछि यसले मनमनमै भन्छः 'त्यो स्त्री ठिक्कै हुनुपर्ला; त्यो धर्मनिष्ठ रहिछे। मेलबलिहरू भएको व्यक्तिसित गल्ती के हुन सक्छ र? त्यसले त आफ्ना भाकलहरू पो पूरा गरेकी छे।' यस केटाको वरिपरिको फन्दा कसिरहेकै छ।

मेलबलिहरूमा अर्को लोभ्याउने कुरा के थियो भने, यी बलिपशुहरूको मासु आज र भोलि मात्र खान सकिन्थ्यो (लेवी ७:१५ पददेखिको खण्डअनुसार)। यसकारण त्यस वेश्याले यस केटाको निम्ति प्रशस्त खानेकुरा तयार गरी। किनकि त्यसलाई थाहै छ, कि यस केटाको मन जित्नु हो भने, त्यसले पहिले यसको पेट सन्तुष्ट पार्नुपर्छ।

**हितोपदेश ७:१५:** अब त्यस वेश्याले गरेको बहाना सुन्नुहोस्! त्यसले यस केटाको बाटो कहाँ हेरिरहेकी थिई? त्यो त सरासर एउटा झूट हो। किनकि त्यसले यो बाटो भएर आउने पहिलो पुरुषलाई जसरी भए पनि लिनेथिई। तर यो सुनेर यो केटा फुरुक्क फुरिन्छ। 'अहो, यति महत्त्वपूर्ण म, कसरी? अन्तमा मेरो प्रशंसा गर्ने कोही रहेछ! मेरो वास्ता गर्ने हुँदो रहेछ।'

**हितोपदेश ७:१६-१७:** 'मैले आफ्नो पलङ्माथि बुट्टा हानेको कपड़ा बिछ्याएकी छु; मिस्र देशको रङ्गबिरङ्गी चद्दरले ढाकेकी छु; मैले आफ्नो पलङ्माथि गन्धरस, अगरु र दालचिनीको सुगन्धित तेल छरेकी छु' भनेर त्यसले आफ्नो सुझाउ पेश गर्छे। त्यसले आफ्नो पलङ्को बयान किन गरेकी, सो तत्कालै बुझिन्छ, यसको निम्ति अरू बढ़ता कुनै सङ्केत चाहिँदैन। यहाँ बताइएको जेजति कुराहरू छन्, यी कुराहरूले यस केटाको आकर्षण तानेर यसलाई कामुक तुल्याउने काम गर्छन्। हो, यी मनमोहक सुगन्धहरूले यस केटालाई त्यसको बन्दी बनाउन मद्दत गर्नुपरेको थियो।

**हितोपदेश ७:१८:** अब त्यसको मखुन्डो निकाल्ने बेला आएको छ। अब त्यसले खुला रूपले 'आऊ, मसँग सुत' भन्ने निम्तो यसलाई दिन्छे। त्यसले होशियारीसाथ आफ्ना शब्द-हरू छानेकी छे; किनभने यस क्रीड़ामा कुनै पापको गन्ध लाग्नुहुँदैन, तर सबको सब सुखले पूर्ण अनुभवजस्तै सुन्नुपरेको छ।

**हितोपदेश ७:१९-२०:** त्यसले निम्न शब्दहरूले यस केटालाई निरुत्तर पारेकी छेः 'घरको मालिक घरमा छैनन्; तिनी लामो यात्रा गर्न निस्केका छन्; तिनले थैलीभरि पैसा लगेका छन्। पूर्णिमाको दिनमा मात्र तिनी फर्केर घरमा आउनेछन्।' याद रहोस्ः हितोपदेश ७:९ पदमा बयान गरेको अन्धकारले पूर्णिमाको दिन आउन निक्कै समय बाँकी छ भन्ने सङ्केत दिएको छ।

**हितोपदेश ७:२१:** त्यसले जति बढ़ी बोल्दै गरेकी छे, त्यति नै यस केटामा त्यसको सामना गर्ने शक्ति कम हुँदै गएको छ। अझै अलिक खुसामद र चिप्लो घसाइ काममा लगाएपछि त्यसले यस जवानलाई आफ्नो वशमा पारेकी छे।

**हितोपदेश ७:२२:** विचार नगरी यस केटाले त्यस स्त्रीको घरमा जाने निर्णय गरिपठायो। यो केटा त्यसको पछि लाग्दैछ, कसाईखानामा लगिएको गोरुझैं; कति मायालाग्दो दृश्य!!

यस पदको दोस्रो खण्डको अर्थ अस्पष्ट छ; किनभने हिब्रू मूललिपिमा लेख त्यस्तै

छ। यसकारण निम्न अनुवादहरू सम्भव भएका देखिन्छन्, जस्तैः

के.जे.वी. र एन.के.जे.वी.-बाइबलः

'वा ठिङ्‌गुरामा सजाय भोग्न गइरहेको मूर्खभैंं।'

ए.एस.वी.-बाइबलः

'वा मूर्ख मानिसले भोग्नुपर्ने सजाय पाउन ठिङ्‌गुरामा हालिएको व्यक्तिजस्तै।'

आर.एस.वी.-बाइबलः

'अथवा अचानक पक्राउ परेको हरिण-जस्तै'

मोफ्फतको भाव-अनुवादः

'वा फकाइएको कुकुरजस्तै, जसको थुतुना मोहोलोरूपी पेरुङ्गोमा हाल्नुपर्छ।'

नोक्सको भाव-अनुवादः

'वा उफ्रिरहेको भेड़ाको पाठोजस्तै।'

बेक्लींको भाव-अनुवादः

'ठिङ्‌गुरामा सजाय भोग्न गइरहेको मूर्खजस्तै।'

तर यस वाक्यको सामान्य अर्थ स्पष्ट छः त्यो जवान केटा कि त ठिङ्‌गुरामा हालिनको निम्ति, कि त सजाय पाउने स्थानतिर गइ-रहेको अपराधीजस्तै छ।

**हितोपदेश ७ः२३ः** 'यसको कलेजो काँड़ले नछेडुन्जेल' भन्ने वाक्यको अर्थ यस प्रकारको छः **क)** कि त त्यस वाक्यले गोरुलाई मार्ने हातहतियार सङ्केत गर्छ, जुन हातहतियार अर्थात् जुन छुरीद्वारा काटमार गरिने गोरुका भित्री इन्द्रियहरू छेड़िन्छन्। अघिको पदको सन्दर्भ काटमार गर्न लागेको गोरु थियो।

**ख)** कि त यसको अर्थ यस जवान मानिसको मनमा जलिउठेको कामवासना हो, जुनचाहिँ पूरा तेजिलो पारिएको थियो।

**ग)** कि त यस जवान केटाको शरीरमा यसको व्यभिचारले कमाएका नराम्रा असरहरू हुन्। *'यो केटा त्यो चराजस्तो हो, जो बेग हानेर जालभित्र पर्छ, र "त्यसले मेरो प्राण लिन्छ" भन्ने कुरा यसलाई के थाहा?'* वेश्याकहाँ जाने मानिसले ठूलो मूल्य चुकाउनुपर्छ; उदाहरणको लागि मैथुनसम्बन्धी रोगहरू र एड्स।

**हितोपदेश ७ः२४-२५ः** यसकारण यो अचम्मको कुरा होइन, कि हितोपदेशको पुस्तकको लेखकले गम्भीरतापूर्वक आफ्ना छोराहरूलाई आग्रह गर्छन्ः 'आफ्नो हृदयमा लगाम लगाऊ! यस प्रकारको चरित्रहीन स्त्रीसँग सम्पर्क राख्ने जुनसुकै चाहना तत्कालै निभाऊ!' तिनीहरू आफ्ना पाउका कदम-हरूको विषयमा त्यसका बाटोहरूमध्ये कुनै एउटैमा कतै टेकिपठाएका हुन् कि भनेर आफ्नो विषयमा एकदम होशियार हुनुपर्छ।

**हितोपदेश ७ः२६-२७ः** त्यस वेश्याले घाइते पारेका वा मारेकाहरूको सूचि लामो छ। त्यसले धेरैजनाको जीवन बरबाद पारेकी छे; त्यसले ठूलो फौजलाई मारेकी छे।

प्रिय भाइहरूहो, त्यस वेश्याको घरमा नपस्नुहोस्, नत्र ता तपाईं नरकको बाटोमा लागिसक्नुभएको छ, तल मृत्युका अँध्यारा-अँध्यारा कोठाहरूतिर गइरहनुभएको छ।

### ट) हितोपदेश ८ः बुद्धिको अवतार

**हितोपदेश ८ः१ः** हितोपदेश आठ अध्याय यस पुस्तकको सात अध्यायभन्दा धेरै फरक छ। सात अध्यायमा व्यभिचारी स्त्रीले मानिसका सन्तानहरूलाई बोलाउँदैथिई। तर यहाँ, यस आठौं अध्यायमा बुद्धिले मानिस-हरूलाई यसो भन्दै आह्वान गर्छः 'मेरो पछि लाग!' त्यसपछि बुद्धिको पछि लाग्ने बलिया-बलिया तर्कहरू पेश गरिन्छन्। यस अध्यायसित मिल्ने योजस्तै पदचाहिँ यूहन्ना ७ः३७ पद हो, जहाँ प्रभु येशूले हामीलाई उहाँकहाँ आएर जीवनको पानी पिउने निम्तो दिनुहुन्छ।

**हितोपदेश ८ः२-३ः** यी दुईवटा पदहरूले त्यो बुद्धि कहाँ फेला पारिन्छ, सो कुरा

बताउँछन्। बुद्धि फेला पर्ने ठाउँहरूको सूचि निक्कै लामो छ; यसबाट के बुझिन्छ भने, मानव जातिको निम्ति बुद्धि उपलब्ध छ र मानिसहरूका दैनिक आउजाउ गर्ने जग्गा-हरूमा सजिलोसँग भेट्टाइन्छ।

**हितोपदेश ८:४-५:** के पुरुष, के स्त्री, के बोधो, के सोझो, के मूर्ख – बुद्धिले ठूला-साना, सबै किसिमका मानिसहरूलाई आह्वान गर्छ। यस बुद्धिको विषयमा श्री डेरेक किड्नरले यसो भनेका छन्: 'बुद्धि हरेक मानिसको मार्गदर्शक हुन चाहन्छ।'

**हितोपदेश ८:६-९:** अब बुद्धिको शिक्षाका क्षेत्रहरू पेश गरिन्छन्: त्यसले उत्तम कुराहरू बोल्छ। त्यसले सठीक कुराहरू बताउँछ। त्यसले सत्य, र केवल सत्य बोल्छ। त्यसका वचनहरू धार्मिकतामा आधारित हुन्छन्। त्यसका ओठहरूबाट खराब, टेढ़ामेढ़ा वा कुटिल कुरा केही पनि सुनिँदैन। तपाई समझदारी र विवेकशील मानिस हुनुहुन्छ भने, तपाईंको निम्ति त्यसका शब्दहरू सीधा, सरल र स्पष्ट, सम्पूर्ण रूपले सठीक हुन्छन्।

**हितोपदेश ८:१०-११:** बुद्धिको शिक्षाको मूल्य अद्वितीय, अतुलनीय छ। के चाँदी, के उत्तम सुन, के लालमणि, मूल्यवान् सम्भेको जेजस्तो होस् – यी सबै थोकहरू बुद्धिको तुलनामा केही पनि होइनन्।

**हितोपदेश ८:१२-१३:** बुद्धि र निपुणता सँगै एकै ठाउँमा बस्दा रहेछन्। यी दुईवटा कुराहरू छुट्ट्याउन सकिँदैन। यसकारण जस-सँग बुद्धि छ, उससँग निपुणता पनि छ। बुद्धिले जीवनका कामकुराहरूको सञ्चालन गर्ने सम्बन्धमा ज्ञान र विवेक प्रदान गर्छ।

तर यस्ता कुराहरू पनि छन्, जुन कुराहरू बुद्धिले आफूसँग सहनै सक्दैन। त्यसले न घमण्ड, न हठीपना, न दुष्ट्याइँ, न टेढ़ामेढ़ा वा झूट बोल्नेलाई सहन्छ। त्यसले जुनसुकै खराबी तुच्छ ठान्छ, किनकि दुष्टता त्यसको नैतिक गुणदेखि बाहिर, त्योभन्दा एकदम विपरीत छ।

**हितोपदेश ८:१४-२१:** बुद्धि प्राप्त गरेमा निम्न आशिषहरू हाम्रै हुनेछन्, जस्तैः

**क)** हितोपदेश ८:१४[क]: सल्लाह।

**ख)** हितोपदेश ८:१४[ख]: खाँटी बुद्धि।

**ग)** हितोपदेश ८:१४[ग]: समझ।

**घ)** हितोपदेश ८:१४[घ]: नैतिक शक्ति, जुन शक्तिद्वारा हामीले असल गर्न र खराब इन्कार गर्न सक्छौं।

**ङ)** हितोपदेश ८:१५[क] र १६[क]: अगुवाइ वा शासन गर्ने क्षमता।

**च)** हितोपदेश ८:१५[ख] र १६[ख]: सठीक न्याय गर्ने क्षमता।

**छ)** हितोपदेश ८:१७[क]: प्रेम र मित्रता (यूहन्ना १४:२१)।

**ज)** हितोपदेश ८:१७[ख]: यत्नशील मानिसहरूकहाँ पहुँच र सजिलो परिचय पाउनु।

**झ)** हितोपदेश ८:१८: रहिरहने सम्पत्तिको साथमा सम्मान र धार्मिकता।

**ञ)** हितोपदेश ८:१९: निखुर सुन र उत्तम चाँदीभन्दा उत्तम चरित्र।

**ट)** हितोपदेश ८:२०-२१: धार्मिकता र न्यायको सम्बन्धमा मार्गदर्शन, साथै प्रशस्त धनसम्पत्ति।

हामीले अघि भनिसक्यौं कि यी बुद्धिसित सम्बन्धित खण्डहरू प्रभु येशूमा लागू गर्न उचित देखिन्छ; किनभने नयाँ नियममा उहाँलाई परमेश्वरको बुद्धि भनिएको छ, जस्तैः मत्ती ११:१९, लूका ११:४९, १ कोरिन्थी १:२४ र ३० अनि कलस्सी २:३। यस प्रकारको सुन्दर र सुस्पष्ट व्याख्या निम्न पदहरूमा सबैभन्दा राम्रोसँग देखिन्छ। अनि ख्रीष्टको मण्डलीले जहिले पनि प्रभु येशू ख्रीष्ट यस अनुच्छेदको सन्दर्भ हुनुहुन्छ

भन्ने धारणा अघि अपनाएको थियो र अहिले पनि अपनाएको छ।

यसकारण आउनुहोस्, हामी यस पवित्र शब्दहरूले पूर्ण उच्च रचनाको खण्डबाट ख्रीष्ट येशूको विषयमा सिक्दै जाऔं!

**हितोपदेश ८:२२: क)** *उहाँको अनन्त अस्तित्वः* 'परमप्रभुको मार्गको शुरुमै म उहाँको सम्पत्ति थिएँ।' हामीले यसको अर्थ उल्टो बुझ्नुहुँदैन। ख्रीष्ट येशूको शुरु थिएन; किनभने परमेश्वरसँग बुद्धि नभएको कुनै बेलै थिएन। यसर्थ पिता आफ्नो पुत्रबिहीन कहिल्यै, कुनै समयमा पनि हुनुहुन्नथियो। अनि यही कुरा यूहन्ना १:१ पदले भन्दछः *'शुरुमा वचन परमेश्वरसँग हुनुहुन्थ्यो।'*

**हितोपदेश ८:२३: ख)** *अनन्तकालदेखि उहाँको खटनः* 'म ठहराइएको थिएँ' भन्ने अर्थ 'म खटाइएको थिएँ' पनि हुन सक्छ। सृष्टिको उत्पत्ति हुनु धेरै पहिले उहाँको नियुक्ति निर्धारित गरिएको थियो, कि उहाँ इस्राएली जातिको मसीह र संसारको मुक्तिदाता हुनुपर्छ।

**हितोपदेश ८:२४-२६: ग)** *उहाँ प्रागैतिहासिक हुनुहुन्छ।* 'म उत्पन्न हुँदा' भन्ने वाक्यांशमा उहाँको सृष्टि भएको र उहाँको शुरु भएको अर्थ लगाउनुहुँदैन। यहाँ प्रयोग गरिएको भाषा काव्य भाषा हो। यी शब्द-हरूले उहाँको अनन्तकालदेखिको अस्तित्व वर्णन गरेका छन्। उहाँ परमेश्वरको अनन्त पुत्र हुनुहुन्छ। अनि पुत्रको रूपमा उहाँलाई पिता परमेश्वरबाट अलग भएको व्यक्तित्व दिइएको छ।

यहाँ आरम्भिक पृथ्वी भन्नाले संसारको शुरु बुझिन्छ।

**हितोपदेश ८:२७-२९: घ)** *सृष्टिको उत्पत्तिमा उहाँ उपस्थित हुनुहुन्थ्यो।* जब जमिन र समुद्रमाथि आकाश टाँगियो, तब उहाँ उपस्थित हुनुहुन्थ्यो। अनि जब बादलहरू सृजिए अनि मूलहरू फुटेर आए र मुहानहरूबाट पानी बग्न थाल्यो, तब उहाँ त्यहाँ उपस्थित हुनुहुन्थ्यो। समुद्रहरूका सिमानाहरू निर्धारित गर्दाखेरि र पानीलाई 'यो सीमा नाघेर नआइज' भनेर आज्ञा गर्दा उहाँ उपस्थित हुनुहुन्थ्यो। पृथ्वीका जगहरू बसाल्दा उहाँ त्यहाँ हुनुहुन्थ्यो, यी जगहरू बसाल्ने काममा पृथ्वीको माथिल्लो तहलाई टेवा दिने आन्तरिक संरचना पनि समावेश हुन्छ।

**हितोपदेश ८:३०क: ङ)** *उहाँ सृष्टिको उत्पत्तिमा कार्यरत हुनुहुन्थ्यो।* यस पदबाट हामीले के सिक्छौं भने, प्रभु येशूले चाहिँ सृष्टिको उत्पत्तिमा निपुण कारिगरको भूमिका निभाउनुभयो। *'तब म एक निपुण कारिगरको रूपमा उहाँको छेउमा थिएँ।'* यो यस पदको पहिलो वाक्यको सठीक अनुवाद हो। अनि यूहन्ना १:३, कलस्सी १:१६ र हिब्रू १:२ पदहरू यस कुरासित सहमत हुन्छन्।

**हितोपदेश ८:३०ख: च)** *उहाँ परमेश्वरलाई सदैव प्रसन्न तुल्याउनुहुने उहाँको प्रेमपात्र हुनुहुन्थ्यो। 'अनि हरेक दिन म उहाँको प्रसन्नताको कारण थिएँ।'* पिताले अनन्त र असीमित प्रेमले आफ्नो पुत्रलाई प्रेम गर्नुहुन्छ। तब पिताले आफ्नो पुत्रलाई यस संसारमा पठाउनुभएको कुरा हामीले झन् अद्भुत कुरा मान्नुपर्छ; किनभने उहाँ हामीजस्तै पापी मानिसहरूको निम्ति मर्नु-पर्‍यो। परमेश्वरको प्रेम यति महान् छ।

**हितोपदेश ८:३०ग: छ)** *परमेश्वरको उपस्थितिमा उहाँको नित्य आनन्द हुन्थ्यो। 'उहाँको सामु म सधैं आनन्दित रहन्थें।'* यस कुराले हाम्रा प्रभु येशू ख्रीष्टको अनुग्रह झन् महिमित तुल्याउँछ। उहाँले यस प्रकारको विशुद्ध वातावरण र सिद्ध आनन्द किन छोड्नुभएको? शर्म, शोकचिन्ता र दुःख-कष्टले ग्रसित धरतीमा उहाँ किन आउनुपर्ने, यो मलाई भन्नुहोस्!

**हितोपदेश ८ः३१ः ज)** *उहाँले पृथ्वीमा मानिसहरूले बसोबास गरेका जग्गाहरूमा आनन्द लिनुभयो।* उहाँले विशाल विश्व-भरिमा यी ठाउँहरू किन मन पराउनुभयो? पृथ्वीजस्तै सूक्ष्म ग्रहमा उहाँको चासो किन भएको, अचम्म!!

***झ)*** *विशेष गरी उहाँ मानिसहरूका सन्तानहरूसँग प्रसन्न हुनुहुन्थ्यो।* परम आश्चर्य यसैमा छः उहाँले विद्रोही मानिस जातिलाई साँचो प्रेमले प्रेम गर्नुहुन्छ।

श्री विलियम काउपरले हितोपदेश ८ः२२-३१ पदको खण्डबाट निम्न सुन्दर भजन रचेका छन्, जसको बोल यस्तो छः

परमेश्वरले पहाड़हरूको सृष्टि गर्नुभन्दा अघि,
उहाँले फलाइला डाँड़ाहरू उठाउनुभन्दा अघि;
उहाँले पानीका धाराहरू बगाउनुभन्दा अघि,
खोलानालाहरूमा पानी बग्नुभन्दा अघि;
तपाईंमा अनन्त पिताले असीमित आनन्द लिनुहुन्थ्यो;
अँ, तपाईंबाट, जसको गुमनाम बुद्धि हो।

जब उहाँले तम्बू टाँगेझैं आकाश चारैतिर फैलाउनुभयो,
र धरतीलाई समुद्रको विशाल पानीले लपेट्नुभयो,
तब तपाईं उहाँसँग हुनुहुन्थ्यो; तपाईं पिताको आनन्द हुनुहुन्थ्यो,
अनि तपाईंको आनन्दचाहिँ मानिसहरूका सन्तानहरू हुन्थे।

अनि के तपाईं साँच्चै हामीजस्तै प्राणीहरूमा आनन्द लिनुहुन्छ र,
जब हामीले तपाईंलाई देखेपछि तपाईंको अपमान गरेर तपाईंलाई क्रूसमा टाँग्यौं?
नाप्न र जोख्न नसकिने अपरिमेय आश्चर्य हो यो, सर्वश्रेष्ठ रहस्य यो हो!!
जसको आवाज मेघको गर्जनजस्तै छ, उहाँले हामीलाई भन्दै हुनुहुन्छः 'हे पापी मानिस, म तिम्रो हुँ।'

**हितोपदेश ८ः३२-३६ः** यस अध्यायको अन्तिम अनुच्छेदमा बुद्धिको आह्वानप्रति मानिसको प्रतिक्रिया यसको सन्दर्भ भएको छ, जसको प्रतिक्रियामा हाम्रो अनन्त भाग्य निर्धारित गर्ने सवालहरू छन्। किनभने बुद्धिको शिक्षा ग्रहण गर्नेहरू आशिषित हुनेछन्; किनकि तिनीहरू उहाँका मार्गहरूमा लागिरहन्छन्। दिन प्रतिदिन उहाँका मूल-ढोकाहरूमा उहाँको प्रतीक्षा गर्नेहरू सुखी हुन्छन्; किनभने यी विश्वासीहरू उहाँका ढोकाहरूमा जागा बस्छन्। जस-जसले बुद्धि भेट्टाउँछन्, यिनीहरूको निम्ति यो जीवन हो र यिनीहरू परमेश्वरको कृपादृष्टि पाउँछन्। तर हाय, तिनीहरूलाई, जसले बुद्धि फेला पार्दैनन्! तपाईंको अनन्त हानि ठूलो हुनेछ; मृत्यु तिनीहरूको निम्ति ठहरिएको भाग हुनेछ।

यी अन्तिम दुईवटा पदहरूको अर्थ ख्रीष्ट येशूमाथि लागू गर्नु हो भने, निम्न अर्थ निस्कन्छः जसले प्रभु येशूलाई भेट्टाएको छ, उसैले अनन्त जीवन पाएको छ र ऊ परमेश्वरको कृपा-पात्र बनेको छ (यूहन्ना ८ः५१ र १७ः३; एफेसी १ः६; १ यूहन्ना ५ः१२)। तर जस-जसले उहाँलाई ग्रहण गर्दैनन्, उहाँलाई ग्रहण गर्न ढिलो गर्छन्, तिनीहरूले आफ्नै हानि गर्छन्; किनभने जस-जसले प्रभु येशूलाई घृणा गर्छन्, तिनीहरू सबैले मृत्युलाई प्रेम गर्छन् (यूहन्ना ३ः३६)।

### ठ) हितोपदेश ९ः१-१८ः बुद्धिले दिएको निम्तो र मूर्खताले दिएको निम्तो

**हितोपदेश ९ः१ः** यहाँ बुद्धिले आफ्नो घर बनाएको दृश्य छ। उसले ठूलो भोज लगाउन लागेको छ, र यसको तयारीमा व्यस्त भइरहेको छ। यो भोज तिनीहरूको निम्ति हो, जसले उसको निम्तो स्वीकार गर्छन्। यस भोजले चाहिँ त्यस आनन्द, त्यस सङ्गति र

त्यस सन्तुष्टिको चित्रण गर्छ, जुनचाहिँ उसले आफ्ना पाहुनाहरूलाई उपलब्ध गर्छ।

सातवटा खाँबाहरूको विषयमा विभिन्न व्याख्याहरू पाइन्छन्। कति टिप्पणीकारहरू छन्, जसले यशैया ११:२ पद यसको सन्दर्भ-पद देख्छन्, जहाँ पवित्र आत्माका सात वरदानहरू पेश गरिएका छन्, जुन वरदानहरू मसीहमाथि प्रदान गरिन्छन्। तर वास्तवमा त्यस पदमा छवटा वरदानहरू मात्र उल्लेख गरिएका छन्। अर्को व्याख्या हामीले याकूब ३:१७ पदमा पाउँछौं, जहाँ माथि-बाटको बुद्धिका सद्गुणहरू वर्णन गरिएका छन्, जस्तैः क) शुद्ध, ख) मिलनसार, ग) कोमल, घ) मनाउँदा मानिहाल्ने, ङ) दया र असल-असल फलले भरिएको, च) पक्षपातरहित र छ) कपटरहित।

**हितोपदेश ९:२-३:** मासुभात प्रशस्त पस्किन्छ, र दाखमद्य प्रशस्त उपलब्ध छ। टेबलमाथि धेरै खाद्य वस्तुहरू सजाइएका छन्। यस भोजको शाही मुख्य एउटी महिला छिन्, जसले आफ्ना काम गर्ने केटीहरू पाहुनाहरूलाई भोजमा बोलाउन बाहिर पठाउँछिन्। यी काम गर्ने केटीहरूको कार्यभारले हामीलाई प्रभु येशूको सम्झना दिलाउँछ, जो परमेश्वरको बुद्धि हुनुहुन्छ। हामीले उहाँलाई अरू मानिसहरूसित बाँड्चुँड् गर्नुपर्छ र तिनीहरूलाई उहाँकहाँ आउने निम्तो दिनुपर्छ। तिनीहरूले पनि उहाँलाई भेट्टाउनु-पर्छ र उहाँबाट आनन्द लिन सक्नुपर्छ।

**हितोपदेश ९:४-६:** 'जो बोधो छ, त्यो फर्केर मकहाँ आओस्!' भनेर निम्तो गर्नको निम्ति प्रयोग गरेका शब्दहरू दुरुस्त उल्लेख गरिएका छन्। यो निम्तो बोधाहरूको निम्ति रहेछ। सीधासोझाहरूलाई प्रभावित पार्न सजिलो छ। तिनीहरू भड्किएर जान बढ़ी सम्भव छ। यसकारण तिनीहरूलाई सहायता र मार्गदर्शन धेरै आवश्यक छ। बुद्धिमान् हुनेहरूलाई निम्तो किन नदिइएको त? किनभने यिनीहरू अघिबाट यस राजमहल-भित्र आइसके।

यी भोजनवस्तुहरूमा स्वादिष्ठ-स्वादिष्ठ खानेकुराहरू र सर्वोत्तम दाखमद्य भएका रहेछन्। सर्वोत्तम दाखमद्य मसला मिसाइएको दाखमद्य हुँदो रहेछ, जसमा बुद्धिरूपी मसला हालिएको हुन्छ।

निम्तो स्वीकार गर्नेहरूले मूर्खता आफ्नो पछि छोड्नुपर्छ। तिनीहरूको जीवनमा नैतिक परिवर्तन आउनु अनिवार्य हो। तिनीहरूले यो देखाउन सक्नुपर्छ।

**हितोपदेश ९:७-९:** यस खण्डमा अघि-बाट आएको विषयसित सम्बन्ध टुटेको देखिन्छ। तर हुन सक्छ, यी पदहरूको व्याख्या यसो गरे ठीक होलाः यी पदहरूले कि त यो निम्तो गिल्ला गर्नेहरूलाई नदिइएको कारण बताउँछन्, कि त बुद्धिका पाहुनाहरूले यस्ताहरूलाई किन छोड्नुपर्छ, सो व्यक्त गर्छन्।

किनभने जसले गिल्ला गर्नेलाई सम्झाएर सच्याउन खोज्छ, उसैले यसको निम्ति गाली खानुपर्छ। जसले एउटा दुष्ट मानिसलाई हप्काउँछ, उसमाथि त्यो दुष्ट आइलाग्छ र उसलाई हमला गर्छ।

हप्की खानुपर्दा मानिसले जुन प्रतिक्रिया देखाउँछ, यस प्रतिक्रियाले त्यस मानिसको स्वभाव के हो, सो प्रकट गर्छ। गिल्ला गर्नेले हप्काउनेलाई घृणा गर्छ भने, बुद्धिमान् मानिसले हप्काउनेलाई हप्कीको निम्ति धन्यवाद भन्छ। बुबाआमा, शिक्षक, कामको मालिक वा साथीबाट हप्की खाँदा हामीलाई कस्तो लाग्छ? हाम्रो प्रतिक्रिया कस्तो होला?

बुद्धिमान् मानिस आफ्नो आलोचना गरिएकोमा रिसाउँदैन, तर हप्कीमाथि मन लगाउँछ, हृदयले ग्रहण गर्छ र अझ बढ़ी बुद्धिमान् बन्नेछ। अनि इमानदार मानिसले शिक्षाबाट लाभ उठाउँछ र आफ्नो विद्याको भण्डार भरिदिन्छ।

**हितोपदेश ९:१०:** *'परमप्रभुको भय बुद्धिको शुरु हो।'* असल बुद्धि जेजति छ, यसको शुरुआत यहाँबाट हो। दोस्रो पल्ट हामीलाई यस सर्वश्रेष्ठ सिद्धान्तको याद दिलाइएको छ।

'... अनि परमपवित्रको ज्ञानचाहिँ समझ हो;' अथवा श्री मोफ्फतले भाव-अनुवाद गरेअनुसार 'परमेश्वरलाई जान्नु नै खास ज्ञान हो।' ख्रीष्ट-विश्वासीले पवित्र परमेश्वरलाई चिनेको हुनाले उसले आफ्ना घुँडा टेक्दा आफ्नो ज्ञान बढ़ाउँछ र अरू मानिसहरूले लम्केर र पूरा बल लगाएर आफ्ना पाउका पन्जामा चलेर जे देख्न सक्छन्, त्योभन्दा बढ़ी देख्छ।

यहाँ पवित्र भन्ने शब्द बहुवचनमा छ; यसो हो भने, यसको अर्थ परमेश्वरको महिमा, सर्वश्रेष्ठता र व्यापकताको निम्ति प्रयोग गरिने बहुवचन मानिन्छ; किनभने एलोहिम भन्ने शब्दचाहिँ परमेश्वरको निम्ति प्रयोग गरिएको सामान्य शब्द हो, अनि त्यो शब्द पनि सधैं बहुवचनमा छ। अनि एलोहिम नलेखे पनि यस शब्दको अर्थ यही हो, सो स्पष्ट बुझिन्छ।

**हितोपदेश ९:११:** बुद्धिप्राप्त मानिसको आयु बढ्छ र उसको जीवनमा वर्षहरू थपिनेछन्। उसको जीवन लामो मात्र कहाँ हो र? उसको जीवन सुखी पनि हुन्छ, उसको जीवन उद्योगी र फलदायक हुन्छ र अन्तमा, उसको जीवनको अन्त कहिल्यै हुनेछैन।

**हितोपदेश ९:१२:** यसकारण हामी बुद्धिमान् भएकोमा कसलाई फाइदा भएको छ? के यो कुरा हाम्रै फाइदाको निम्ति होइन र? हो, यो अरूको निम्ति भन्दा हाम्रै निम्ति लाभदायक छ। तर जसले गिल्ला गर्छ, त्यसले यसको निम्ति सजाय भोग्नेछ। यो त्यसको रोजीको फल हो। हुन पनि हो, गिल्ला गर्नेले अरूलाई पनि नराम्रो असर गर्छ; यो साँचो हो। तर अन्तमा, मानिसले सफलता वा विफलता प्राप्त गर्दा त्यो सिर्फ त्यस मानिस विशेष र त्यसको निर्णयमा निर्भर गर्छ।

**हितोपदेश ९:१३:** बुद्धिले तयार गरेको यस भोजमा आउन अस्वीकार गर्नेहरूले मूर्खताको व्रतमा भाग लिनैपर्छ। यो व्रत तिनीहरूकै निम्ति हो। हितोपदेश ९:१-६ पदको खण्डमा बुद्धिको सर्वोत्तम प्रस्ताव र हितोपदेश ९:१३-१८ पदको खण्डमा मूर्खताले सुक्खा, निस्तो भातरूपी प्रस्ताव विचार गर्नुहोस्!

मूर्ख स्त्री हल्ला गर्छे, बुद्धू हुन्छे र शर्मलाज पचेकी हुन्छे।

**हितोपदेश ९:१४-१६:** त्यो कि त आफ्नो घरको ढोका-बाहिर बस्छे, कि त शहरका उच्चा स्थानहरूमा बस्छे। त्यो सुशील महिला होइन, तर निर्लज्ज वेश्या पो हो।

मानिसहरूलाई बहकाउन त्यो त्यहाँ बसेकी छे। अनि त्यसका शिकार तिनीहरू हुन्, जो बोधा छन्, जसको समझ छैन। तिनीहरूलाई सजिलोसँग भड्काउन सकिन्छ।

**हितोपदेश ९:१७:** त्यसको नारा सुन्नुहोस्! *'चोरेको पानी मीठो हुन्छ, र गुप्तमा खाएको रोटी स्वादिलो हुन्छ।'* त्यसले भन्न खोजेको तात्पर्य यस प्रकारको छः अवैध सम्भोगमा कति मजा छ! किन? किनभने यस प्रकारको कुरा मनाही गरिएको छ र त्यो पाप गुप्तमा गरिन्छ। खास उत्सुकता यसैमा छ रे।

पतित मानिसको पापी स्वभाव कस्तो छ? जुन कुरा निषेध गरिएको छ, मानिसलाई त्यही कुरा गर्न मन लाग्छ। निषेधाज्ञाले मानिसमा त्यही मनाही गरेको कुरा गर्ने उत्तेजना र प्रेरणा उठाउँछ (रोमी ७:७-८)। यसकारण त्यस वेश्याले मानिसको भ्रष्ट प्रवृत्ति आकर्षण गर्न खोज्छे। त्यसले सीधासादा र साह्रै सोझा भएकाहरूलाई आफूकहाँ बोलाउँछे।

**हितोपदेश ९:१८:** त्यसले तिनीहरूलाई पूरा कहानी सुनाउँदैन; किनभने त्यसले भनेको कुरामा विपक्ष पनि छ। मज्जा लिएको र कामवासना तृप्त पारेको क्षणले मानिसको निम्ति जीवनभरिको अफसोस कमाउँछ, साथै अनन्तसम्म नरकको गहिराइमा बिताउनुपर्ने ज्याला दिन्छ। यस संसारका मानिसहरूले पनि कहिलेकाहीं यस पदमा प्रस्तुत गरिएको सत्यता स्वीकार गर्छन्। फ्रेन्च भाषामा एउटा लोकप्रिय प्रेमको गीत छ, जसको रचना एक सय वर्ष अघि भएको होला, जसको अर्थपूर्ण बोल यस प्रकारको छः

> प्रेमको मज्जा र आनन्द एकै रातमा सकिन्छ,
>
> तर प्रेमको सन्ताप र निराशा जीवनभरि रहिरहन्छ। [13)]

# खण्ड ३

# हितोपदेश १०:१-२२:१६:

## व्यावहारिक बुद्धिको सम्बन्धमा बोलिएका राजा सुलेमानका उखानहरू

यहाँसम्म हितोपदेशको पुस्तकमा पद-पदको बीचमा सुस्पष्ट विचारधाराको निरन्तरता र सम्बन्ध भएको देखिन्थ्यो। अनि एक-एक अनुच्छेदले विभिन्न विषयहरूसित सम्बन्ध राख्थ्यो। तर हितोपदेश १०:१-२२:१६ पदको खण्डमा तीन सय पचत्तरवटा पदहरू छन्, जुनचाहिँ एक-अर्काबाट अलग छन्। प्रायः यी सबै नीतिवचनहरूमा दुई कुराहरूको बीचमा भएको अन्तर पेश गर्ने वक्तव्यहरू छन्; अनि बीचमा आएर 'तर' भन्ने शब्दले यी दुईवटा कुराहरूको बीचमा छुट्टाउने काम गर्छ। सुलेमान भन्ने नामको संख्यात्मक मूल्य तीन सय पचहत्तर हो; यो कुनै संयोगको फल होइन। किनभने यहाँ सुलेमानका हितोपदेशहरू नामक शीर्षकअन्तरगत तिनले रचेका तीन सय पचहत्तर नीतिवचनहरू समावेश गरिएका छन्।

### क) हितोपदेश १०:१-१५:३३: धर्मी जन र दुष्ट मानिसका जीवनशैलीहरू आपसमा तुलना गरिएका

**हितोपदेश १०:१:** छोराको व्यवहारले बुबाआमाको मानसिक स्वास्थ्य असर गर्छ-गर्छ। हरेक छोरा प्रेरित पावलजस्तै बुद्धिमान् अथवा यहूदा इस्करयोतीजस्तै मूर्ख बन्न सक्छ, आनन्द वा शोकचिन्ताको कारण बन्न सक्छ।

**हितोपदेश १०:२:** कालो धन लामो समय टिक्दैन, तर उड़िजान्छ। अनि मृत्युको घड़ीमा त्यसले हाम्रो जीवन एक क्षण पनि बढ़ाउन सक्दैन। तर धार्मिकताले मृत्युबाट बचाउँछ। त्यसले यो कुरा दुई प्रकारले गर्छ। एक, धार्मिकताले मानिसलाई पापमय जीवन र त्यसबाट आउने खतराहरूबाट बचाउँछ। अनि दुई, एउटा धार्मिक जीवनले नयाँ जन्म भएको प्रमाण दिन्छ; त्यसले धर्मी जनसँग अनन्त जीवन छ भन्ने कुरा देखाउँछ।

**हितोपदेश १०:३:** सामान्य नियम यस प्रकारको छः परमेश्वरले धर्मी जनलाई भोको राख्नुहुन्न। राजा दाऊदले यसो भनेः *'म जवान थिएँ, र अहिले म बूढ़ो भएको छु; तर मैले धर्मी जनलाई त्यागिएको वा उसका सन्तानहरूलाई रोटीको भीख माग्दै गरेको देखेको छैनँ'* (भजन ३७:२५)। तर यो कुरा पनि उस्तै सत्य होः 'तर दुष्टहरूको तीव्र अभिलाषा विफल तुल्याउनुहुन्छ' (आर.-एस.वी.अनुसार)। तिनीहरूले आफ्नो

सन्तुष्टि र लक्ष्य प्राप्त गर्न लागेको बेलामा त्यो तिनीहरूको हातबाट फुत्त निस्कन्छ ।

**हितोपदेश १०:४:** लोसो, सुस्ती प्रकारले काम गर्ने र लापरवाही गर्ने अल्छे मानिस गरिब हुन्छ-हुन्छ । तर जसले परिश्रम गर्छ र जो क्रियाशील हुन्छ, उसले सफलता प्राप्त गर्छ ।

**हितोपदेश १०:५:** ग्रीष्म ऋतु कटनी गर्ने समय हो । हलो जोतेको, बीउ छरेको र अन्य उमार्ने काम गरेकोमा के मतलब छ, जब यति गरेपछि मानिस फसल काट्ने समयमा सुत्छ ? यो अर्थहीन हुन जान्छ । प्रभु येशूले आफ्ना चेलाहरूलाई यसो भन्नुभयोः *'हेर, म तिमी-हरूलाई भन्दछु, आफ्ना आँखाहरू उठाओ, र खेतबारीहरूतिर हेर ! किनकि ती कटनीको निम्ति पहेलै भइसकेका छन्'* (यूहन्ना ४:३५) ।

**हितोपदेश १०:६:** छरेको कुराको कटनी गर्ने नियम जारी छँदैछ । यसकारण हामी इमानदार जीवनको बीउ छर्छौं भने हामी परमेश्वरबाट आशिषहरू पाउनेछौं र आफ्ना सङ्गी-नागरिकहरूबाट स्याबासी पाउनेछौं । तर हामी पापरूपी झारको बीउ छर्छौं भने अत्याचारले हाम्रो मुख छोपिदिन्छ । हामानलाई यस्तो भएको थियो । त्यसको मुख चुप गराइएको थियो र त्यसको मृत्यु फाँसी थियो; यो त्यस अपराधीको निम्ति सुयोग्य मृत्यु थियो (एस्तर ७:८-१०) ।

**हितोपदेश १०:७:** पवित्र जीवन जिउने व्यक्तिको सम्झना धेरै समयसम्म रहिरहन्छ । तर दुष्ट मानिसको नामले दुर्गन्ध फैलाउँछ, त्यसमा मीठो सुबास्ना केही पनि छैन । उदाहरणको निम्ति पावल नाम गरेका छोराहरू अनेक छन्; तर कसको छोराको नाम यहूदा होला त ?

**हितोपदेश १०:८:** *'बुद्धिमान् हृदय भएको मानिसले आज्ञाहरू ग्रहण गर्छ ।'* ऊ असल प्रकारको सल्लाह सुन्न र मान्न तयार छ । तर बकबके मूर्ख तल खिचिन्छ र नाश हुन्छ; किनकि त्यसले सुन्न, सिक्न र आज्ञाकारी हुन मानेन ।

**हितोपदेश १०:९:** सीधा चालमा चल्ने मानिसको जीवन सुरक्षित छ, तर छलमाथि स्थापित भएको जीवनचाहिँ लुक्न सक्दैन, तर खुल्लमखुल्ला त्यसको दोष प्रकट गरिन्छ ।

**हितोपदेश १०:१०:** आर.एस.वी.-अनुवादअनुसार यस पदको अर्थ सुस्पष्ट हुन जान्छ, जुन बाइबल-अनुवादमा यसो लेखिएको छः 'जसले आँखाले इसारा गर्छ, त्यसले कष्ट दिन्छ; तर जसले साहसपूर्वक दोष देखाइदिन्छ, उसले मेलमिलाप गराउँछ ।' आँखाले इसारा गर्नु भनेको गुप्त अभिप्राय अपनाएको बुझिन्छ; यसमा धूर्तता लुकेको छ । तर जब यस प्रकारको छलको दोष खुला रूपले देखाइन्छ, तब शोकचिन्ता होइन, तर शान्ति यसको शुभ फल हो ।

**हितोपदेश १०:११:** *'धर्मी जनको मुख जीवनको धारा हो'*; किनभने त्यसबाट आत्मिक उन्नति गराउने, सान्त्वना दिने र परामर्श गर्ने उपयोगी वचनहरू निस्कन्छन् । तर दुष्टको मुख चुप गराइन्छ, त्यसको अत्याचार र दुष्टताले यसको निम्ति समस्या निम्त्याउँछ ।

**हितोपदेश १०:१२:** घृणा गर्ने मनले क्षमा गरेर बिर्सन सक्दैन । त्यसले पुराना मतभेद र झगड़ाहरू फेरि र फेरि मच्चाउन खोज्छ । तर प्रेमले भरिएको हृदय भएको मानिसले अरूका गल्ती र दोषहरूमाथि गोपनीयतारूपी पर्दा लगाइदिन्छ । हुन त, यी गल्तीहरू, यी दोषहरू मानिलिएको र छोड़ेको हुनुपर्छ । तर प्रेमले बकवाद गर्दैन, अँ, त्यसको बारेमा कुराचर्चा गरिरहँदैन ।

**हितोपदेश १०:१३:** समझ भएको मानिसको बातचितबाट अरूलाई मद्दत मिल्छ । तर मूर्ख मानिसबाट कसैलाई केही

लाभ हुँदैन। त्यसले आफूमाथि पिटाइरूपी दण्ड ल्याउँछ।

**हितोपदेश १०:१४:** बुद्धिमान् मानिसहरूले ज्ञानको महत्त्व जान्दछन् र धन सम्झेर संग्रह गर्छन्, उपयोगी समयको निम्ति जोहो गर्छन्। यसको सिलसिलामा श्री अल्बर्ट बार्नसले यसो लेखेका छन्: 'उसले कस-कसलाई के-के भन्नुपर्छ, यस कुराको निम्ति सुयोग्य समय पर्खान्छ र उचित ठाउँ खोज्छ।' तर मूर्ख मानिसको बकबके मुखले अब के भन्छ, सो कसैले जान्न सक्दैन। तर यति भन्न सकिन्छः त्यसले सधैं अरूमाथि र आफूमाथि समस्या ल्याउँछ।

**हितोपदेश १०:१५:** धनी मानिसहरूको धन बढ्छ र गरिब मानिसहरूको गरिबी पनि बढ्दै जान्छ। जससँग पैसा छ, तिनीहरूले पैसैपैसा कमाउँछन्। तर गरिब मानिसले केले र कहाँबाट पैसा कमाउन शुरु गर्ने, जब त्यससँग केही पनि छैन? यसकारण त्यसको गरिबी त्यसको आर्थिक पतन हो। धनी मानिसहरूले उच्च स्तरीय मालहरू किन्न सक्छन्, जुनचाहिँ लामो समयसम्म टिक्छन्। तर गरिब मानिसहरूले नयाँ कुराभन्दा अरूले चलाइसकेका पुराना चीजहरू किन्छन्; अनि यी पुराना चीजबीचहरू मर्मत गरिबस्नुपर्छ। अन्तमा त्यसो गर्न बढ़ी खर्चिलो हुन्छ। संसारमा कुरा यस्तो छ; तर खास गरी यसो हुनुहुँदैन।

**हितोपदेश १०:१६:** उचित तरिकाले धन कमाउनमा आशिष छ। नीच कमाइको मुनाफा पापको निम्ति प्रयोग गरिन्छ। तुलना गर्नुहोस्ः इसाई सिकर्मी र अइसाई मधुशालामा काम गर्ने कामदार। सिकर्मीको कमाइ इमानदार उत्पादनकारी परिश्रमको फल हो, र त्यो कमाइ उड़ाइँदैन, तर लाभदायक कामकुराहरूको निम्ति खर्च गरिन्छ। अनि मधुशालामा काम गर्ने मानिसको काम नाशक हो। यसकारण त्यसले जति बढ़ी काम गर्छ, त्यति नै बढ़ी पाप बढ़ाइदिन्छ; किनभने त्यसले मानिसहरूको बीचमा पाप बढ़ाएर पैसा कमाउँछ।

**हितोपदेश १०:१७:** जीवनको राजमार्गमा रहनको निम्ति हामीले भक्ति बढ़ाउने शिक्षा सुन्न र पालन गर्नुपर्छ। तर हाय त्यस मानिसलाई, जसले उत्तम सल्लाहप्रति आफ्नो पिठ्यूँ फर्काउँछ; त्यो भड्किन्छ-भड्किन्छ, र त्यसले अरूलाई पनि भड्काउँछ।

**हितोपदेश १०:१८:** यस पदमा दुईजना मानिसहरूको बीचमा भएको भिन्नता स्पष्ट पारिएको छ। किनकि पहिलो मानिस छलका शब्दहरूद्वारा आफ्नो घृणा लुकाउँछ। तर दोस्रो मानिसले आफ्नो छिमेकीको बदनाम गरेर उसप्रति आफ्नो घृणा प्रकट गर्छ। पहिलो व्यक्ति कपटी हो भने, दोस्रो व्यक्ति मूर्ख हो। अनि कपटी हुनु कि मूर्ख हुनुको बीचमा कुनचाहिँ छानिन्छ र? होइन, हामी ख्रीष्ट-विश्वासीको निम्ति अर्को उपाय छः हामीले कसैलाई घृणा गर्नुहुँदैन भन्ने कुरा हामीले व्यवहारमा उतार्न सक्नुपर्छ। आजदेखि हामी यसो गर्ने प्रयास गरौं!

**हितोपदेश १०:१९:** हामी जति बढ़ी कुरा गर्छौं, त्यति नै हामी बोल्दा कुनै गल्ती गरिपठाउने सम्भावना पनि बढ्छ। गफ चुट्ने गफाड़ीलाई होशियार! धेरै गफसफ गर्ने इच्छाले मानिसलाई बढ़ाइचढ़ाइ गर्न, गोपनीय कुराहरू खुलस्त पार्न र यस प्रकारका पापहरू गर्न लाउँछ। कसैले गरेको दिल्लगी जित्न खोज्ने मानिस मजाक छोड्ने होइन, तर अभद्र र अश्लील कुरा बोल्न पो पुग्छ।

जुन मानिसले आफ्नो जिब्रोमा लगाम लगाउँछ, त्यो मानिस बुद्धिमान् हो। आत्म-संयमी मानिसले आफूलाई शर्म, लाज, क्षमायाचना, दोष-स्वीकारबाट, अँ, पापधरि गर्नबाट जोगाउँछ।

**हितोपदेश १०:२०:** असल व्यक्तिले बातचित गर्दा जे बोल्छ, त्यस कुराले उसको

चरित्र केकस्तो छ, सो प्रकट गर्छ। उसको चरित्र चाँदीको हो भने, उसको बोली पनि चाँदी ठहरिन्छ। तर दुष्ट मानिसको मन र हृदय निकम्मा छ; यसकारण त्यसको बोली पनि व्यर्थ हो; किनकि त्यो बोली त्यसको व्यर्थ मनदेखि बगेर आउँछ।

**हितोपदेश १०:२१:** कसैले यस नीति-वचन यस प्रकारले भाव-अनुवाद गरेका छन्: 'गुणवान् मानिसले आफूलाई र अरूलाई पालन-पोषण गर्छ, तर दुष्टले आफूलाई जीवितै राख्न सक्दैन।' मूर्ख भनेको हठधर्मी, दुष्कर मानिस हो।

**हितोपदेश १०:२२:** वास्तवमा केवल परमप्रभुको आशिषले हाम्रो जीवन सुसम्पन्न तुल्याउँछ। तर के उहाँले आफ्नो आशिषको साथ कुनै शोकचिन्ता थप्नुहुन्न त? तब भक्त जनहरू शोकको सागरबाट भएर जाने विषयमा कसो हो?

यसकारण यस पदको दोस्रो खण्डको निम्ति कुनै स्पष्टीकरण दिनु खाँचो देखिन्छ, जस्तैः

**क)** परमेश्वरले मानिसहरूकहाँ शोक पठाउनुहुन्न। संसारका सबै शोकचिन्ता, रोगबिमारीहरू र दुःखकष्टहरू शैतानबाटका हुन्। परमेश्वरले कतिपल्ट यी नकारात्मक कुराहरू आफ्ना छोराछोरीहरूको जीवनमा रहन र सहन दिनुहुन्छ; तर उहाँ यी खराबी-हरूको कारण वा स्रोत हुनुहुन्न।

**ख)** शोकचिन्ता परमेश्वरको आशिषको अङ्ग होइन; त्यो छुट्टै, परमेश्वरबाट अलग भएको कुरा हो।

**ग)** अनि यस वाक्यको अनुवाद यस प्रकारको हुन पनि सम्भव छः 'अनि हाम्रो परिश्रमले उहाँको आशिषमा केही थप्न सक्दैन।' आर.वी. र आर.एस.वी.बाइबल-हरूले यस प्रकारको अर्थ दोस्रो अनुवाद गर्ने तरिकाको रूपमा पेश गरेका छन्। हाम्रो परिश्रम परमेश्वरको इच्छाअनुसार हुनुपर्छ, नत्र त हाम्रो मेहनतले केही थप आशिष ल्याउँदैन। परिश्रमचाहिँ असल कुरा हो, तर परमेश्वरको निर्देशन नपाई त्यो व्यर्थ हुन जान्छ (भजन १२७:१-२)।

**हितोपदेश १०:२३:** मूर्ख मानिसले आफ्नो निम्ति समस्या सृजना गर्दा मज्जा लिन्छ। यो त्यसको सोख हो। तर समझदार मानिसले आफ्नो आनन्द आफ्नो बुद्धिमान् चालबाट पाउँछ।

**हितोपदेश १०:२४:** दुष्ट मानिसलाई जुन कुराको डर हुन्छ, त्यही कुरा त्यसमाथि आइपर्छ। तर 'परमेश्वरको इच्छा मेरो जीवनमा पूरा भएको होस्' भन्ने चाहना धर्मी जनको चाहना हो। यसकारण उसको चाहना पूरा गरिनेछ। यस जीवनमा उहाँको इच्छा पूरा भएको र अर्को जीवनमा उहाँको उपस्थितिमा जिएर आनन्द लिन पाउने चाहना धर्मी जनमा पूरा हुनेछ। यस सिलसिलामा श्री सी. एस. लूविसले आफ्नो विचार पोख्दै यसो भनेका छन्ः

> 'अन्तमा हामी हरेकले परमेश्वरको चेहरा हेर्नेछौं। जुन चेहराको दृष्टिमा सारा सृष्टि उदाङ्गो र खुला हुन्छ, त्यही चेहराले हामीमा कि त आनन्द, कि त डरत्रास पैदा गर्नेछ। परमेश्वरको अनुहारबाट हामीलाई कि त बयान गर्न नसकिने महिमा, कि कहिल्यै लुकाउन नहुने असाध्य शर्म मिल्नेछ।' 14)

**हितोपदेश १०:२५:** परमेश्वरको न्याय-रूपी भुमरी पार भएर गएपछि दुष्ट मानिस फेला पर्न सकिँदैन। तर धर्मी जनको जीवनचाहिँ सनातन चट्टानमाथि बसालिएको छ; यसकारण कुनै कुराले उसलाई हल्लाउन सक्दैन।

**हितोपदेश १०:२६:** सिर्का साह्रै अमिलो कुरा हो; यसैले जसरी त्यसले दाँतहरू सिरिङ्ङ दुःखाउँछ, अनि जसरी धूवाँले आँखाहरू पोल्छ, ठीक त्यस्तै अल्छे सन्देश-वाहक हो। त्यसले बाटोमा आलस-तालस

गर्छ र अन्तमा, त्यो मानिस त्यसलाई पठाउनेहरूको निम्ति रिस उठ्ने, निराश पार्ने र पिरोल्ने कारण बन्दछ।

**हितोपदेश १०:२७:** भक्तिपूर्ण जीवनले मानिसको आयु बढ़ाउँछ। अनि दुष्ट मानिसहरूको अकालिक मृत्यु हुन्छ, जस्तैः गुन्डागिरी-जगत्मा तिनीहरूको हत्या, प्रतिशोधको हत्या हुनेछ; अथवा मद्यपान, लागू पदार्थको सेवन वा घिचासले तिनीहरू चाँडै मर्नेछन्।

**हितोपदेश १०:२८:** जुन कुराहरू धर्मी मानिसले पाउने आशा गर्छ, ती कुराहरूले उसलाई आनन्द दिलाउनेछन्। तर दुष्ट मानिसको आशा यस्तो हुँदैन। तिनीहरूको आशा निराशा हुनेछ। श्री जी. एस. बोवसले यसको निम्ति निम्न उदाहरण पेश गरेका छन्:

> 'महान् अलेक्सान्डर देश-देशको कब्जा गरेकोमा सन्तोष थिएनन्। तिनी रुँदैथिए; किनभने यस पृथ्वीमा तिनले अझ कब्जा गर्ने जग्गाहरू बाँकी रहेनन्। अनि तिनी जवान हुँदो अतिभोगको अवस्थामा तिनको मृत्यु भयो। अनि हान्निबाल ती सेनापतिचाहिँ? उनले तीनवटा ठूला घ्याम्पाहरू सुनका औंठीहरूले भरे, जुन औंठीहरू उनले मारेका फौजीहरूबाट झिकेका थिए। उनी विष खाएर मरे। धेरै मानिसहरूले उनको मृत्यु चालै पाएनन्। कसैले थाहा नपाउने गरी उनले यस धरतीलाई छोड़े। कसैले पनि उनको निम्ति विलाप गरेन। अब सम्राट जुलियुस सेसरको कुरा आयोः तिनले आफ्ना दस लाख शत्रुहरूको रगतले आफ्नो पोसाक रङ्ग्याए भन्ने आहान छ। तिनले आठ सयवटा शहरहरू कब्जा गरे अरे। तर के गर्ने? यस महान् विजयस्थलमै तिनको साथीले तिनलाई छुरी हानेर मार्‍यो। अनि नपोलेयोन-चाहिँ कस्ता भयत्रास फैलाउने विजेता थिए। उनी जो यूरोपको महाकष्ट थिए, उनी आफ्नो जीवनका अन्तिम छ वर्षहरू सेन्त हेलेना नामक टापुमा, निर्वासनमा बिताए।' 15)

निस्सन्देह दुष्टहरूको आशा नष्टभ्रष्ट हुने नै छ।

**हितोपदेश १०:२९:** परमप्रभु आफ्नो इच्छाधीन व्यवहारमा सीधा चाल चल्नेहरूको निम्ति बलियो धरहरा हुनुहुन्छ, तर दुष्ट मानिसहरूको निम्ति उहाँ विनाश हुनुहुन्छ।

**हितोपदेश १०:३०:** परमेश्वरले धर्मी जनको निम्ति वासस्थान निर्धारित गर्नुभएको छ; तर दुष्टहरू निर्वासित डुलन्ते-फिरन्ते हुनेछन्। इस्राएली जाति कैद गरेर लगिएको घटना यसको साक्षी हो।

**हितोपदेश १०:३१:** असल मानिसको मुख जीवनको रूखजस्तै छ, जसले बुद्धिरूपी फल फलाउँदैछ। तर बाङ्गोटेढ़ा र कुटिल कुरा बोल्ने जिब्रो काटिनेछ।

**हितोपदेश १०:३२:** असल मानिसले बोलेको कुरामा भर पर्न सकिन्छ। उसले बोलेको ग्रहणयोग्य हुन्छ। तर दुष्ट मानिसले कथन बिगारेर पेश गर्छ; किनभने त्यसले टेढ़ामेढ़ा कुराहरू मात्र बोल्न जान्दछ।

**हितोपदेश ११:१:** उहिले व्यापारहरूमध्ये कोही-कोही छट्टू हुन्थे; किनभने तिनीहरूले माल किन्न एक प्रकारका ढकहरू चलाउँथे भने, बेच्नको निम्ति अर्का ढकहरू प्रयोग गर्थे। किन्दाखेरि ढकहरू चाहिँएको भन्दा गह्रौं हुन्थे; यसरी तिनीहरूले निर्धारित दाम तिरेर बढ़ी माल पाउने गर्थे। अनि मालसामान बेच्दा तिनीहरूका ढकहरू निर्धारित ओजन-भन्दा हल्का हुन्थे; यसो हो भने, गाहकीले तिरेको दामको निम्ति कम्ती माल पाउँथ्यो।

वर्तमान समयमा व्यापर-वाणिज्यमा अरू छल गर्ने तरिकाहरू अपनाइन्छन्, जुन तरिकाहरू पनि हामीले 'छलको तराजु' भन्ने नाम दिनुपर्छ, जुनचाहिँ मनाही गरिएका छन्। स्कूलमा, समाजमा, परिवारमा र मण्डलीमा छलको अलिकति गन्ध हुनुहुँदैन।

**हितोपदेश ११:२:** पहिले घमण्ड आउँछ, त्यसपछि पतन। अनि त्यसपछि? त्यसपछि

पतनको साथ शर्म पनि आउँछ। तर नम्र हुनेहरू र वास्तविक हुनेहरूमा ठेस खाएर लड्ने सम्भावना कम हुनेछ।

**हितोपदेश ११ः३ः** इमानदारीपनचाहिँ हामीले अपनाउन सक्ने सबैभन्दा उत्तम नीति हो। सीधा चाल चल्नेहरूको इमानदारीपनले उनीहरूलाई ठीक बाटोमा अगुवाइ गर्छ। यूसुफचाहिँ यसको असल नमुना हुन्। तर विश्वासयोग्य नहुनेहरूको टेढ़ापनचाहिँ तिनीहरूको पतन र विनाशको कारण हुनेछ। बालामचाहिँ यसको उदाहरण हो।

**हितोपदेश ११ः४ः** धनले परमेश्वरको क्रोध हटाउन सक्दैन, न यस युगमा, न ता आउने अनन्तकालमा। तर वर्तमान समयमा धार्मिकताचाहिँ अकालिक मृत्युबाट रक्षा गर्छ; अनि केवल परमेश्वरको धार्मिकताको पोसाक पहिरिएकाहरू दोस्रो मृत्युबाट बाँच्नेछन्।

**हितोपदेश ११ः५ः** परिपक्व भएको निर्दोष मानिस धार्मिकताबाट अगुवाइ पाउँछ; किनकि धार्मिकताचाहिँ सर्वोत्तम अगुवा हो। दुष्ट मानिसको पतन हुनेछ; त्यसको दुष्टता त्यसको पतनको मूलकारण हुनेछ।

**हितोपदेश ११ः६ः** धार्मिकताले असल मानिसहरूलाई अगुवाइ गर्छ; यति मात्र होइन, तर धार्मिकताले उनीहरूलाई छुटाउँछ पनि, किनभने उनीहरूको निम्ति खतराहरू अनेक छन्, देखिने र नदेखिने। अपराधीहरू आफ्नै दुष्टतामा फस्नेछन्। यहूदा इस्करयोती यसको उदाहण हो, जो आफ्नै अभिलाषा र आफ्नै पैसाको लोभको जालमा फस्यो।

**हितोपदेश ११ः७ः** यस्तो टुक्का सुनिएको छः 'मूर्ख मानिसका सबै उद्देश्यहरू चिहानमा टुङ्गिन्छन्।' यसर्थ दफन-सन्दुकको ढकनी लगाइएपछि त्यसका सबै आशा-आकङ्क्षाहरू सँगै गाड़िएका हुन्छन्। किनकि जुन कुराहरूको निम्ति त्यसले मरिमेटेर काम गर्थ्यो, जुन कुराहरूको निम्ति त्यसले जिउने गर्थे, ती थोकहरू अब छैनन्, ती थोकहरू त्यसको हातबाट फुट्ट निस्के। अनि उन्नति गर्छु भन्ने त्यसको अपेक्षा सधैंको निम्ति गइगयो।

**हितोपदेश ११ः८ः** परमेश्वरले धर्मी जनलाई सङ्कष्टबाट बचाउनुहुन्छ, र त्यो सङ्कष्ट दुष्ट मानिसकहाँ पठाउनुहुन्छ। यसकारण तीनजना हिब्रू मानिसहरू आगोको भट्टिमा बचे, तर तिनीहरूलाई मृत्युदण्ड दिने जल्लादहरू आगोमा नष्ट भए (दानियल ३ः२२-२६)।

**हितोपदेश ११ः९ः** धर्म-त्यागी वा कपटी, पाखण्डी मानिसले नकारात्मक विचार र शङ्काको बीउ छरेर आफ्नो छिमेकीको विश्वास हल्लाउन वा कमजोर पार्न खोज्छ। तर सत्यको ज्ञानले धर्मी जनहरूलाई जाली के हो, नकली के हो, सो छुट्ट्याउन सक्षम तुल्याउँछ। यसरी नै उसले त्यसको कुरा काटेर आफूलाई र अरूलाई यस प्रकारको खण्डनबाट बचाउन सक्छ।

**हितोपदेश ११ः१०ः** शहरमा आनन्दको उत्सव मनाउने कारण दुईवटा रहेछन्। एक, जब धर्मी जनहरूको उन्नति हुन्छ र दुई, जब दुष्टहरू नाश हुन्छन्।

**हितोपदेश ११ः११ः** सीधा चाल चल्नेहरूको आशिष भन्नाले हामीले यहाँ के भनेको बुझ्नुपर्ला त? यो उनीहरूले त्यस शहरको निम्ति गरेका अन्तर्विन्ती-प्रार्थनाहरू हुन् (१ तिमोथी २ः१-२)। अनि दोस्रो, त्यो आशिष उनीहरूको त्यस शहरमा भएको उपस्थिति र अरूमाथि परेको उनीहरूको भक्तिपूर्ण प्रभाव पनि हो। मत्ती ५ः१३ पदमा प्रभु येशूले आफ्ना चेलाहरूलाई *'तिमीहरू पृथ्वीको नुन हौ'* भन्नुभयो। संसारमा उनीहरू यो भूमिका निभाउँछन्।

तर दुष्ट मानिसहरूले आफ्नो छल, भङ्ग गरेका प्रतिज्ञाहरू र धोखेबाज अनि तिनीहरूले उच्चरण गरेका निन्दा-ईश्वरनिन्दाका

वचनहरूद्वारा स्थानीय शासन-प्रशासनको पतन गराउन सक्छन्।

**हितोपदेश ११:१२:** *'जससँग समझ छैन, त्यसले आफ्नो छिमेकीलाई तुच्छ ठान्छ; तर समझदार मानिस चुप रहन्छ।'* अरू मानिसहरूलाई हेला गर्नुचाहिँ परमेश्वरको अपमान गर्नु हो। जसले अरू कसैलाई हेला गर्छ, त्यसले उसलाई चोट पार्छ र झगड़ा सृजना गर्छ, अनि यसबाट कसैलाई कुनै लाभ हुँदैन। समझदार मानिसले व्यक्ति विशेषको विषयमा कुनै सराहना गर्ने कुरा भन्न सक्दैन, अँ, त्यसलाई उन्नतिशील, लाभदायक केही भन्न सक्दैन भने ऊ बरु चुप रहन्छ।

**हितोपदेश ११:१३:** कुराबोकुवाले अरूको बदनाम गर्नुमा, अरूको विषयमा चर्चा गर्नुमा र गोपनीय कुरहरू बताउनुमा अपकारी, दुष्ट आनन्द लिन्छ। त्यसले केही बाँकी राख्दैन, तर सबै कुरा प्याच्च भनिहाल्छ।

तर विश्वासयोग्य साथी गोपनीय कुरा गुप्त राख्न जान्दछ; उसले भन्न नहुने कुरा बोल्दैन, उसले सोचविचारैविना कुरा गर्दैन।

**हितोपदेश ११:१४:** उचित अगुवापन र राजनीतिविना मानिसहरू पतित हुने कुनै बेर लाग्दैन, तिनीहरूको पतन अनिवार्य हो। तर सुरक्षा धेरै उत्तम सल्लाहकारहरूले दिएको रायमा छ।

**हितोपदेश ११:१५:** जो परदेशीको निम्ति जमानी बस्छ, उसैले त्यसको ऋणको निम्ति वा प्रतिज्ञा-पत्रको निम्ति जिम्मा लिन्छ, ग्यारेन्टी लिन्छ, र ऊ पूरा जवाफदेही हुन्छ। जसले यसो गर्छ, उसैले हानि उठाउनुपर्छ; किनकि उसले मर्मभेदी जरिवाना तिर्नुपर्छ। तर जुन मानिसले जमानी बस्ने कुरा घृणा गर्छ, त्यो मानिस टाउको दुःखाउने धेरै समस्या-हरूबाट बाँच्छ। तपाईंले यस विषयमा हितोपदेश ६:१-५ पदको खण्डमा दिइएको टिप्पणी हेर्नुहोला।

**हितोपदेश ११:१६:** दयालु स्त्रीले आफ्नो इज्जत र सम्मान कायम राख्छे। यो कुरा हामी १ शमूएल २५ अध्यायमा अबिगेलको जीवनमा देख्न सक्छौं। हो, निर्दयी मानिस-हरूले धनसम्पत्ति जोगाएर राख्न सक्लान्, तर तिनीहरूले सुनाम कहिल्यै कमाउन सक्दैनन्।

**हितोपदेश ११:१७:** मानिसको मनमुद्राले त्यसको स्वास्थ्य असर गर्छ। दयालु मानिस अपच, मिरगी-रोग, पेट-आन्द्रमा हुने अल्सर र मुटुका समस्याहरूबाट बाँच्छ। उसले आफ्नो प्राणको भलाइ गर्छ। तर निर्दयी मानिसले यी रोग र बिमारीहरू आफूकहाँ निम्त्याउँछ।

ब्रिटिश मेडिकल पत्रिकामा यसो लेखिएको थियोः 'मानिसको शरीरमा कुनै तन्तु वा ऊतक नै छैन, जसको सम्बन्ध उसको प्राण-आत्मासित जोड़िएको छैन।' यसकारण निर्दयी मनमुद्राले मानिसको शरीरलाई नराम्रो असर गर्छ-गर्छ। साँच्चै निर्दयी मानिसले आफ्नो शरीरलाई कष्ट दिन्छ।

**हितोपदेश ११:१८:** दुष्ट मानिसले छली काम गर्छ, तर धार्मिकताको बीउ छर्ने मानिसको इनाम सुनिश्चित हुन्छ। अचम्म, दुष्ट मानिसहरू के छिटो धनी हुन जाँदा रहेछन्!? यो कुरा हामीले मान्नुपर्छ। तर तिनीहरूको धनमा आशिष छैन, त्यसले सन्तुष्टि दिन सक्दैन, त्यो स्थायी हुँदैन। अनि जब तिनीहरूलाई सबैभन्दा बढ़ी सहायताको खाँचो पर्छ, परमेश्वरको सामु जीवनको लेखा दिँदाखेरि, तब धनबाट तिनीहरूलाई कुनै लाभ र कुनै प्रकारको मद्दत हुनेछैन नै। तर धर्मी मानिसको जीवनमा इनामहरू स्थायी र वास्तविक हुन्छन्।

**हितोपदेश ११:१९:** सबै आचारहरूको विषयमा नियम यस्तो छः कसैको आचरण उसलाई जीवनमा, कसैको आचरण उसलाई मृत्युमा पुर्‍याउँछ। हाम्रो चालचलनको विषयमा कि त जीवन, कि त मृत्यु

सुनिश्चित हुन्छ। यस नीतिवचनको अर्थ हामी ठीक प्रकारले बुझौं ! यहाँ, यस ठाउँमा मुक्ति असल कामहरूको फल हो भन्ने कुरा सिकाउने ठाउँ छैन। तर यो पनि सुनिश्चित छ, कि जुन व्यक्तिको सम्बन्ध परमेश्वरसित ठीक हुँदैन, त्यस व्यक्तिले धार्मिकता कायम राख्न सक्दैन, यसमा सुदृढ़ रहनै सक्दैन। होइन, धार्मिकता देखाउन मानिसको नयाँ जन्म अघि भएको हुनुपर्छ। अनि जो खराबीको पछि लाग्छ, त्यसले आफ्नो मुक्ति कहिल्यै नभएको प्रमाण दिन्छ।

**हितोपदेश ११:२०:** परमप्रभुको दृष्टिमा एउटा टेढ़ा हृदय उहाँलाई अमन लाग्ने घृणित कुरा हो। उहाँ कपटरहित मानिसलाई मन पराउनुहुन्छ। परमेश्वरको विषयमा हाम्रो धारणा अपूरा हुन्छ, जब हामीले उहाँमा प्रेम गर्नुको साथसाथै उहाँमा घृणा गर्ने क्षमता पनि हुन्छ भन्ने कुरा देख्न सक्दैनौं। निर्दोष व्यक्तिको हृदयबाट उहाँलाई आनन्द लाग्छ।

**हितोपदेश ११:२१:** यस चञ्चल संसारमा दुईवटा कुरा सुनिश्चित छन्: दुष्ट मानिसले पाउने सजाय र धर्मी जनहरूको वंशले पाउने छुटकारा। 'एक हातदेखि अर्को हातसम्म' भन्ने अक्षरशः वाक्यले सबै पुस्ताहरूसम्म सत्य र सुनिश्चित भएको कुरा पेश गर्न खोज्यो कि कसो हो ?

**हितोपदेश ११:२२:** सुङ्गुरको थुतुनुमा सुनको बुलाकी सुहाउँदैन। सुङ्गुरको थुतुनु सुन्दर छैन, तर सुनको बुलाकीमा सुन्दरता छ। एउटी सुन्दर स्त्रीमा विवेक छैन भने, त्यस स्त्रीको शरीरमा भएको शोभा के काम ? त्यसको सुन्दरता र त्यसको नैतिकतामा भएको कमी आपसमा मेल खाँदैनन्।

**हितोपदेश ११:२३:** धर्मी जनहरूको चाहना असलै मात्र हुन्छ। अनि तिनीहरूले चाहना गरेका कुराहरू प्राप्त गर्ने नै छन्। तर दुष्ट मानिसहरूले क्रोध, न्याय र सजायबाहेक अरू के पो पाउने आशा गर्न सक्छन् र ?

जुन कुराको पछि लागेर हामी खोजी गर्छौं, त्यो कुरा हामी अन्तमा पाउनेछौं। यसकारण हाम्रो जीवनमा पछ्याइराख्ने सुयोग्य लक्ष्यहरू हुनुपर्छ; यो महत्त्वपूर्ण हो। अनि यो यस हितोपदेशको जोड़ हो। यही कारणले एलेक्ट्रिक कम्पनीको मालिक श्री एमेर्सोनले यसो भनेका छन्:

> 'भाइ, आफ्नो गाड़ी एउटा तारासँग बाँध्नुहोस् !'

अनि ब्रिटिश मन्त्रीले आफ्ना कर्मचारी-हरूलाई यसो भनेका छन्:

> 'जेजस्तो भए पनि ठूला-ठूला मानचित्र भएको भूचित्रावली चलाउनुहोस् !'

**हितोपदेश ११:२४:** यहाँ, यस पदमा विरोधाभासको अद्‌भुत कुरा व्यक्त गरिएको छ। आफूलाई धनी तुल्याउन हामीले उदारचित्तले दिनुपर्छ। अनि जसले यस पृथ्वीमा धन थुपार्छ, त्यसले आफूलाई गरिब तुल्याउँछ। जुन कुरा हामी बचाइराख्छौं, त्यो कुरा गुमाउनेछौं, र जुन थोक हामीले दान दिन्छौं, वास्तवमा त्यो थोक मात्र हाम्रै हुनेछ।

श्री जिम एल्लियोटले यसो भनेका छन्:

> 'जुन मानिसले कहिल्यै गुमाउन नसक्ने कुरा प्राप्त गर्न एक दिन यहाँ छोड़िजाने कुरा दिइहाल्छ, त्यो मानिस मूर्ख होइन।'

अनि डाक्टर बार्नहाउसको कुरा पनि सुनौं, जसले यसो भनेका छन्:

> 'कि त प्रभुलाई दशांश दिइन्छ, कि त त्यो रकम डाक्टर, दातको डाक्टर वा कारको मेकनिकलाई दिनुपर्छ; तर दशांश हामीले कसैलाई दिनैपर्छ।'

**हितोपदेश ११:२५:** उदारचित्त भएको मानिसको लाभांश हुन्छ-हुन्छ; यसको विषयमा कन्जुस मानिसले कहिल्यै केही पनि जाँदैन।

जब सण्डेस्कूलकी शिक्षिकाले आफ्नो पाठ होशियार र मेहनतसाथ तयार गर्छिन् र आफ्नो कक्षाका नानीहरूलाई सिकाउँछिन्,

तब कसको लाभ बढ़ी हुनेछ ? ती शिक्षिकाको कक्षामा बस्ने नानीहरूको कि तिनको ? तपाईं अनुमान लगाएर मलाई भन्नुहोस् !

**हितोपदेश ११ः२६ः** यहाँ एउटा स्वार्थी मानिस छ, जसले खड़ेरीको समयको निम्ति आफ्नो अन्न आफूसँग राख्छ; किनभने अन्नको दाम बढ़ेमा त्यसको नाफा पनि धेरै हुनेथियो। त्यो मानिस नीच कमाइको लोभी रहेछ। त्यस नाफाखोरले अरूलाई भोकै राखेर तिनी-हरूबाट अनुचित नाफा खाएर धनी हुन खोज्दैछ। तब मानिसहरूले त्यसलाई सराप्नु स्वाभाविक कुरा हो। किनकि तिनीहरूको आवश्यकता डरलाग्दो छ। यसैले तत्कालै तिनीहरूलाई सहायताको खाँचो परेको छ।

संसारका मानिसहरू जीवनको रोटीको अभावमा नाश हुन लागेका छन्। यो जीवनको रोटी सित्तैंमा उपलब्ध छ, त्यसको निम्ति कसैले कहिल्यै कुनै मोल दिनुपरेको थिएन र कसैले कहिल्यै कुनै मोल दिनुपर्दैन। हे भाइ-बहिनीहो, के तपाईंले जीवनको रोटी पाउनु-भयो, तब अरूसँग त्यो रोटी बाँड़चुँड़ गर्नुहोस् ! तपाईं किन ढिलो गर्नुभएको, केको निम्ति पर्खनुभएको ? जसले अन्न बेच्छ, आशिष उसकै हो। तब तपाईंले मुक्तिको सुसमाचार किन प्रचार नगर्नुभएको ? चारै-तिरको प्रचारप्रसारको काममा इनाम छ।

**हितोपदेश ११ः२७ः** मानिसको अभिप्राय शुद्ध र निस्वार्थी हुनुपर्छ; तब उसले अरू मानिसहरूबाट आदर पाउँछ। तर जुन मानिसले अरूलाई कष्ट र समस्या दिन खोज्छ, त्यस मानिसले आफूमाथि कष्ट र समस्या ल्याउँछ।

**हितोपदेश ११ः२८ः** यस उखानको जोड़ी १ तिमोथी ६ः१७-१९ पदको खण्ड हो। अनिश्चित धनसम्पत्ति भरोसा गर्न लायकको हुँदैन। हाम्रो भरोसा सधैंभरि जीवित परमेश्वरमाथि राखेको हुनुपर्छ; किनभने उहाँले हामीलाई सबै थोकहरू प्रशस्त हुने गरी दिनुहुन्छ।

हामी श्री सामुएल जोह्नसोनको कुरा सुनौं, जसले यसो भनेका छन्ः 'सुनको लालच, त्यो दयामाया र हमदर्दरहित नीच चाहनाचाहिँ हामीले पतित मानिसको भ्रष्ट स्वभावको चरमसीमा मान्नुपर्‍यो।'

धर्मी जनहरूचाहिँ प्रभुमाथि भरोसा गर्नेहरू हुन्; यसकारण उनीहरूमा जीवन-शक्ति रूखपातजस्तै मौलाउनेछ।

**हितोपदेश ११ः२९ः** आफ्नो घरलाई दुःख दिने मानिसहरू किसिम-किसिमका हुन्छन्, जस्तैः मतवाला, झगड़िया र व्यभिचारी। तर सन्दर्भअनुसार यहाँ घरलाई दुःख दिने व्यक्तिचाहिँ नीच कमाइको लोभी हुनुपर्ला (हितोपदेश १५ः२७)। यस प्रकारको व्यक्तिले जीवनको महत्त्व कुन-कुन कुरामा छ, सो भुलेर पागलसरह केवल धनको पछि लाग्छ। यस्तो मानिसले हावा कमाउनेछ; यो नै त्यसको भाग हुनेछ। आफ्नो लालच तृप्त पार्न त्यससँग ठोस कुरा केही पनि रहँदैन रहेछ। त्यो मूर्ख ठहरिन्छ, र त्यसले आफू-भन्दा बुद्धिमान् मानिसको कमारा भएर आफ्नो मूर्खताको निम्ति सजाय भोग्नेछ।

**हितोपदेश ११ः३०ः** धर्मी जनको जीवन एउटा फलदायक रूखजस्तै छ; किनभने उसको जीवनबाट अरू मानिसहरू पोषण पाएर ताजा हुनेछन्। बुद्धिमान् मानिसले अरू मानिसहरूलाई एउटा बुद्धि र धार्मिकताले पूर्ण जीवन जिउनको निम्ति जित्न सक्छ।

आत्मा जित्नेहरूले पवित्र बाइबलको यस पदबाट ठूलो प्रेरणा र हौसला पाउँछन्। यस पदले हामीलाई प्रभु येशूको प्रतिज्ञाको सम्झना दिलाउँछ, जसले पत्रुसलाई यसो भन्नुभयोः *'अबदेखि उसो तिमीले मानिस-हरूलाई पक्रनेछौ'* (लूका ५ः१०)। परमेश्वरको हातमा एउटा ग्रहणयोग्य हातहतियार हुनु हाम्रो निम्ति एउटा अकथनीय

सौभाग्य हो। के उहाँले हामीजस्तै कमजोर पात्र चलाएर अरू मानिसहरूको जीवनमा काम गर्नुहुन्छ, जुन कामको आशिष अनन्तसम्म रहिरहनेछ? भाइबहिनीहो, यो हाम्रो महान्भन्दा महान् सौभाग्य हो! हरेक व्यक्ति जसलाई हामी प्रभुको निम्ति जित्छौं, त्यस व्यक्तिले अनन्त-अनन्तसम्म परमेश्वरको थुमाको उपासना गर्नेछ।

**हितोपदेश ११:३१:** धर्मी जनले धरि यस जीवनमा प्रतिफल पाउँछ, कुकर्मको निम्ति पनि। मोशा प्रतिज्ञा गरिएको देशदेखि वञ्चित भए; अनि राजा दाऊदले चार गुणा बढ़ी फिर्ता दिनुपरेको थियो। धर्मी जनहरूले जे छर्छन्, त्यसको कटनी गर्नेछन्। भक्तिहीन मानिस-हरूले झन् बढ्ता गरी आफ्ना दुष्कर्महरूको प्रतिफल पाउनेछन्। अथवा प्रेरित पत्रुसले प्रयोग गरेको शब्दमा भन्नु हो भने, *'धर्मी जन मुस्किलले उम्किन्छ भने, भक्तिहीन र पापीको के ठेगाना?'* (१ पत्रुस ४:१८)।

**हितोपदेश १२:१:** जुन मानिस शिक्षा र अनुशासन स्वीकार गर्न तयार छ, त्यस मानिसले साँच्ची नै सिक्न चाहन्छ। तर जुन व्यक्तिलाई कसैले केही पनि भन्नहुँदैन, र जसले हप्की स्वीकार गर्दैन, त्यो व्यक्ति हुस्सू, होस्ल्याङ रहेछ।

**हितोपदेश १२:२:** चरित्रवान्, सुजन व्यक्ति प्रभुबाट कृपादृष्टि पाउनमा सुनिश्चित हुन सक्छ। तर जसको अभिप्राय दुष्ट र जसका युक्तिहरू खराब छन्, त्यो मानिस उहाँको सामु बिलकुल दोषी भएको कुरामा सुनिश्चित हुन सक्छ। श्री फोरम्यानले यसो लेखेका छन्:

> 'याद गर्नुहोस्! जुन खराबी कुनै दुष्ट मानिसले गर्छ, त्यो खराबी त्यसले विश्वको सर्वोच्च मालिक परमेश्वरको विरोधमा गर्छ, जुन सर्वोच्च परमेश्वरको सुदृढ़ संकल्पअनुसार त्यस मानिसले फेल खानैपर्छ, र त्यो असफल हुन्छ-हुन्छ। सर्वोच्च परमेश्वर चुप बस्नुहुन्छ र त्यस मानिसलाई तिरस्कार गरेर एक्लै छोड्नुहुन्छ।'

**हितोपदेश १२:३:** दुष्टतामाथि बसालिएको जीवनमा दृढ़ता हुँदैन। यस्ताहरू त्यो बीउजस्तै छन्, जो ढुङ्गेनी जमिनमा पर्‍यो। माटोको गहिराइ नभएको हुनाले तिनीहरूले जरा हाल्न सकेनन्; यसकारण ती छिट्टै सुकिगए (मत्ती १३:५-६)।

धर्मी जनले आफ्नो जरा गहिरो हुने गरी परमेश्वरमा हालेको हुन्छ। यसकारण जीवनमाथि आइलाग्ने हुरीबतास र आँधी-बेह्रीहरूमा ऊ सुदृढ़ रहन सक्छ। धर्मी जनको बयान भजन १:३ पदमा यसो गरिएको छः *'तब ऊ पानीका नदीहरूको किनारमा रोपिएको रूखजस्तै हुनेछ, जुन रूखले आफ्नो ऋतुमा आफ्नो फल फलाउँछ र जसको पात पनि ओइलिनेछैन; अनि उसले जे गर्छ, त्यो सफल हुनेछ।'*

**हितोपदेश १२:४:** गुणवती पत्नीले आफ्नो पतिको जीवनमा आनन्द र सुख ल्याउँछिन्। तर जुन स्वास्नी आफ्नो लोग्नेको निम्ति कलङ्क र निन्दाको कारण हुन्छे, त्यस स्वास्नीले चाहिँ उसलाई धेरै निराश र हताश पार्छे; यो त उसका हड्डीहरू सड़ेजत्तिकै हुन्छ।

**हितोपदेश १२:५:** धर्मी जनहरूका योजना र लक्ष्यहरू सह्रनी गर्न योग्य हुन्छन्; तर दुष्ट मानिसहरूका योजनाहरू छली हुन्छन्; यो पनि उत्तिकै सत्य हो। तब यसो भन्न सकिन्छः मानिसका लक्ष्यहरूले उसको चरित्र केकस्तो छ, सो ऐनामा देखेजस्तै प्रकट गर्छन्।

**हितोपदेश १२:६:** पापी मानिसहरूको बोलीमा घातक पासाहरू थपिएका हुन्छन्, जसमा सीधा हुनेहरू र बेहोशीहरू पर्छन्-पर्छन्। तर आफूलाई र अरूलाई बचाउन हामी इमानदार हुनुपर्छ र हामीले सत्य बोल्नुपर्छ।

**हितोपदेश १२:७:** दुष्टहरूको दिन आउँछ, जब तिनीहरू न्यायको पक्राउमा पर्छन्, अनि यो तिनीहरूको अन्त्त हुनेछ। तर

भक्त जनहरूको जग बलियो र सुदृढ़ हुन्छ। उनीहरू विपत्तिमा उड़ाएर लगिँदैनन्, नष्ट हुँदैनन्।

**हितोपदेश १२ः८ः** जसको अन्तर्दृष्टि छ र जसले सुबुद्धिको काम गर्छ, उसैलाई मानिसहरूले प्रशंसा गर्छन्। तर जुन मानिसमा कुनै नीति र सदाचार छैन, त्यस मानिसको निम्ति मानिसहरूको बीचमा अपमान र निन्दा मात्र छ।

**हितोपदेश १२ः९ः** *'आफूसँग खानको निम्ति केही पनि नभएको कुनै मानिस छ, जसले आफ्नो बढ़िबढ़ाइ गर्छ। तर त्योभन्दा यो हेला गरिएको मानिस उत्तम हो, जसको नोकर छ।'* यसर्थ उच्च स्तरको स्वाङ देखाएर भोकमरीमा पर्नुभन्दा निम्न स्तरको मानिस उत्तम हो, जसको टेबलमाथि खानेकुरा हुन्छ।

**हितोपदेश १२ः१०ः** धर्मी जनको दयामाया कहाँसम्म पुग्छ, सो हेर्नुहोस्! उसका पशुहरूसितको व्यवहारमा यो देखिन्छ। तर दुष्ट मानिस निष्ठुर हुन्छ। त्यो त आफ्नो विचारमा मात्र दयावान् ठहरिन्छ, तर वास्तवमा त्यो अति क्रूर हुन्छ।

परमेश्वर सर्वश्रेष्ठ र उत्कृष्ट हुनुहुन्छ, र पनि उहाँ जनावरहरूको वास्ता गर्नुहुन्छ। उहाँले पशुहरूको विषयमा नियमहरू पेश गर्नुभएको छ, जस्तै प्रस्थान २०ः१०, २३ः४-५। अनि उहाँले चराको गुँड़को विषयमा आदेश दिनुभएको छ (व्यवस्था २२ः६)।

**हितोपदेश १२ः११ः** जुन मानिसले खनजोतजस्तै कुनै उपयोगी, स्वीकारयोग्य उद्योगी कामधन्दा अपनाउँछ, त्यो मानिस खाँचोमा पर्दैन, तर यस कामधन्दैबाट उसका आवश्यकताहरू पूरा गरिनेछन्। तर जसले नचाहिँदो, बेकार कामकुराहरूमा आफ्नो समय बरबाद गर्छ, त्यसको धनसार मात्र खाली रहने होइन, तर त्यसको दिमाग पनि रित्तो हुनुपर्छ।

**हितोपदेश १२ः१२ः** 'खराब मानिसहरूको जाल' सङ्केतात्मक भाषा हो, जसको अर्थ दुष्ट युक्तिले हातमा परेको माल हो। खराब जाल भन्नाले अरू मानिसहरूबाट अन्यायसाथ गरेको धुताइ बुझिन्छ। दुष्ट मानिसले अरूको सम्पत्तिको चाहना गर्छ।

तर धर्मी जनहरूचाहिँ आफ्नो खाँचोको निम्ति खुरुखुरु काम गरेर आफैले प्रबन्ध गर्छन्; उनीहरू यसैमा सन्तुष्ट हुन्छन्।

**हितोपदेश १२ः१३ः** भक्तिहीन मानिसहरू प्रायः आफ्ना शब्दद्वारा पासोमा पर्छन्; किनभने तिनीहरूले कहिले यो भन्छन्, कहिले त्यो भन्छन्; तिनीहरूले भनेको कुरामा भर पर्न सकिँदैन। यही कारण तिनीहरू आफ्नै कुरामा फस्छन्। झूट बोल्ने मानिसको सम्झने शक्ति त्यति राम्रो छैन; नत्र त्यसले अघि-पछि भनेको कुरा एकसाथ मिल्ने-थियो। तर एउटा झूट ढाकछोप गर्न त्यसले अर्को झूट बोल्नैपर्छ।

धर्मी जन सङ्कष्टबाट उम्कनेछ। परमेश्वरले हामीलाई सङ्कष्टरहित जीवन प्रतिज्ञा गर्नुभएको छैन। यसकारण ख्रीष्ट-विश्वासी भाइबहिनीहो, यो बुझ्नुहोस्ः हामी सङ्कष्टबाट भएर जानुपर्छ। हामी यसरी नै उम्कनेछौं।

**हितोपदेश १२ः१४ः** असल बोलीवचन र असल व्यवहारमा इनाम छ। बुद्धि र दयाले पूर्ण शुद्ध बोलीले प्रेम, कृपा, अनुमोदन र आदर पाउँछ। अनि मानिसले पाएको आशिष उसका असल कामहरूको प्रतिफल हो।

**हितोपदेश १२ः१५ः** मूर्ख मानिसलाई केही पनि भन्न सकिँदैन; किनकि त्यसले सबै कुराहरू जान्दछ र कसैको कुरा सुन्दैन। तर बुद्धिमान् मानिसले सरसल्लाह स्वागत गर्छ; किनभने कुनै उठिरहेको समस्या विशेषको विषयमा कसले सबै कुराहरू जानेको छ र? यसकारण ऊ आफैले सबै कुराहरू जानेको भान गर्दैन।

**हितोपदेश १२ः१६ः** मूर्ख मानिसले आफ्नो क्रोध रोकिराख्दैन। सानोतिनो खिजखिज भए त्यो झड्ङ्ग रिसाउँछ। तर समझदार मानिसले अपमानको शब्द नसुन्न जान्दछ; ऊ संयमी हुन्छ।

**हितोपदेश १२ः१७ः** कचहरीमा गवाहीले सत्य बोल्नुपर्छ। अनि जसले सत्य बोल्छ, उसैले भएको कुरा साबित गर्न मद्दत गर्छ। उसको साक्षी वास्तविक प्रमाण हो। तर झूटो साक्षी झूट बोलिहाल्छ।

**हितोपदेश १२ः१८ः** कति मानिसहरूले आफ्नो जिब्रो तरवारको रूपमा प्रयोग गर्छन्। तिनीहरूले अरूलाई हिर्काउँछन्, चोट पार्छन्, पीड़ा दिन्छन्। तर बुद्धिमान् मानिसले बोलेका शब्दहरूमा स्वास्थ्य छ, चङ्गाइ छ, अर्थात् उसका बोलीले बकबकद्वारा पारिएका चोटहरू निको पार्छ।

**हितोपदेश १२ः१९ः** सत्यमेव जयते! सत्य अमर हुन्छ। किन? किनभने परमेश्वरले कुनै विषयमा भन्नुभएको कुरा सत्य र अनन्तसम्म सत्य ठहरिन्छ। त्यसको हेरफेर कहिल्यै हुँदैन।

तर झूट बोल्ने जिब्रोबाट हुने फाइदा क्षणिक हुन्छ, एक झिमिकमा खतम हुन्छ।

**हितोपदेश १२ः२०ः** दुष्ट युक्ति निकाल्ने-हरूको हृदयभरि छलकपट हुन्छ। तर मेलमिलाप र शान्तिको पछि लाग्नेहरूको हृदय आनन्दले भरिन्छ।

**हितोपदेश १२ः२१ः** सामान्य अर्थमा यो सत्य ठहरिएको छः धर्मी जनमाथि कुनै ठूलो खराबी आइपर्दैन। तर यस नियमका अपवादहरू पनि छन्। तर दुष्ट मानिसले आफ्नो व्यवहारबाट उठाउनुपर्ने प्रतिफलहरू-बाट न्यायप्रेमी पूरा जोगिन्छ – यो कुरा बिलकुल सत्य हो; यसमा कुनै पनि अपवाद छैन। यस प्रकारका प्रशस्त समस्याहरूले दुष्ट मानिस घेरिन्छ-घेरिन्छ।

**हितोपदेश १२ः२२ः** परमेश्वरले झूट बोल्नेहरूलाई घृणा गर्नुहुन्छ। हामी सत्यता ओझेल पार्नदेखि होशियार बस्नुपर्छ। निर्दोष झूट हुँदैन। बढ़ाइचढ़ाइ गर्नुहुँदैन। आंशिक सत्यता हुँदैन। परमेश्वरको हृदय आनन्दित तुल्याउनु हो भने, हामी पूरा इमानदार र विश्वासयोग्य हुनुपर्छ। अरू उपाय छैन।

**हितोपदेश १२ः२३ः** समझदार मानिसले आफ्नो ज्ञानको प्रदर्शन गर्नुपर्दैन। शालीन भएर उसले आफ्नो अधिगम र पढ़ाइ लुकाउँछ। तर मूर्ख मानिसको उपस्थितिमा कुनै बेर बस्नुपर्दैन, र त्यसले आफ्नो मूर्खता प्रकट गरिहाल्छ।

**हितोपदेश १२ः२४ः** उम्लिएको दूधको सतहमा तर तैरिएकोजस्तै परिश्रमी, समर्पित व्यक्ति नेतृत्वको स्थानमा पुग्छ-पुग्छ। संसारको नियम यस प्रकारको छ। अल्छीपनले गरिबी ल्याउँछ, र गरिबीले मानिसलाई बेगारीमा पुर्‍याउँछ।

यस विषयमा श्री ओस्वल्ड च्याम्बर्सले यसो भनेका छन्ः 'साफ-सुग्घर नभएको मानिसले पवित्र आत्माको अपमान गर्छ।' अनि अल्छी मानिसको विषयमा पनि त्यही भन्न सकिन्छ।

**हितोपदेश १२ः२५ः** शोक-चिन्ताले मनमा खिन्नता पैदा गर्छ। तर सुवचनले खिन्न भएको व्यक्तिको जीवनमा अद्‌भुत काम गर्छ। यसकारण यस्तालाई प्रोत्साहन दिनुहोस्! उसप्रति संवेदना र हमदर्द देखाउनुहोस्!

**हितोपदेश १२ः२६ः** निस्सन्देह धर्मी जन आफ्नो अधर्मी छिमेकीभन्दा उत्तम हो, हाम्रो देख्नुमा जेजस्तो होस्; अनि पापी मानिसको सफलता जेसुकै होस्। चोरी गरेको फल मीठो हुन्छ भन्ने कुरा विश्वास नगर्नुहोस्! होइन, होइन! आफ्ना साथीसङ्गीहरूको विषयमा एकदम होशियार हुनुहोस्! दुष्ट मानिसहरूले हामीलाई अवश्य भड्‌काउँछन्।

**हितोपदेश १२ः२७ः** त्यस अल्छेलाई, त्यस कामचोरलाई हेर्नुहोस्! त्यसले कि त शिकार गर्दैन, कि त शिकार गरेको मासु पोल्दैन। काम थाल्ने त्यसको प्रेरणा छैन। थालेको काम टुङ्ग्याउने त्यसको संकल्प छैन।

*'तर परिश्रमी मानिसको सम्पत्ति बहुमूल्य हुन्छ।'* यस उखानको दोस्रो खण्ड हिब्रू भाषामा पनि त्यति स्पष्ट छैन। तर यसको अर्थ सुनिश्चित यो हुनुपर्लाः परिश्रमी मानिसले आफ्नो कामद्वारा प्राप्त गरेको प्रतिफलको महत्त्व जान्दछ र आफ्नो कमाइको सदुपयोग गर्छ। रूथ यसको निम्ति असल नमुना छिन्। किनकि तिनले साँझसम्म शिला-बाला टिपिरहिन् र त्यसपछि आफूले टिपेका बाला झाँटिन् (रूथ २ः१७)। हाम्रो बाइबल अध्ययनमा हामीले प्रगति गर्नुपर्छ। हामीले सिकेका कुराहरूमा विकास गर्नुपर्छ। पढ़ेको वचन मनन गर्नुहोस्, प्रार्थना गर्नुहोस् र आज्ञाकारी भई वचनमा भनिएको कुरा व्यवहारमा उतार्नुहोस्!

हो, यस प्रकारले तपाईंको पवित्र वचन हाम्रो
आहार भएकै छ, कि हामी यसबाट बाँच्छौं,
यसबाट बढ़्छौं र उन्नति गर्छौं।
हामी यसैबाट प्रभुलाई चिन्नमा अघि बढ़्दै
जान्छौं, र हामीले जानेको-बुझेको जति पालन
गर्दै जान्छौं।

**हितोपदेश १२ः२८ः** धार्मिकताको बाटो साँघुरो छ, तर यसमा जीवन छ। यसमा यात्रा गर्दा जीवन छ, यसको अन्तमा जीवन छ। यस बाटोमा मृत्यु हुँदैन। तर त्यो मार्ग फराकिलो छ, जुन मार्गचाहिँ विनाशमा पुर्‍याउँछ। यस पदमा जीवनले मृत्यु पारको भविष्य सङ्केत गरेको छ; यस शब्दले अनन्त जीवनको अर्थ लिएको छ। यसकारण एन.आइ.वी.-बाइबलले यस प्रकारले अनुवाद गरेको होलाः 'धार्मिकताको बाटोमा जीवन छ; यस बाटोमा अमरता छ।'

**हितोपदेश १३ः१ः** शरीरिक र आत्मिक वृद्धिको सम्बन्धमा सामान्य विकासको क्रम हुन्छ। यसको निम्ति हामी यहाँ एउटा बालकको उदाहरण दिन्छौं। बालक हिँड्नु र बोल्नुभन्दा अघि बामे सर्नुपर्छ। अनि आत्मिक क्षेत्रमा? मानिसले बढ्नुभन्दा पहिले नयाँ जन्म पाएको हुनुपर्छ, अनि प्रभुको सेवामा उत्रनुभन्दा हामीले पहिले उहाँको कुरा सुन्न र उहाँबाट सिक्नुपर्छ। यसकारण बुद्धिमान् छोरा र बुद्धिमती छोरीले आफूलाई शिक्षा सुन्ने तालिममा सुम्पन्छ। तर गिल्ला गर्नेले के सिक्छ र? त्यसको विचारमा, त्यससँग सबै समस्याहरूको उत्तर छँदैछ; त्यसले कुनै सुधार स्वीकार गर्दैन, ग्रहण गर्दैन।

**हितोपदेश १३ः२ः** यहाँ एकजना मानिस छ, जसको बोलीले अरूको उत्थान गर्छ, अरूलाई प्रोत्साहन दिन्छ, अँ, शान्ति-ढाढ़स दिन्छ। आफ्नो बोलीले अरूको जीवनमा ल्याएका असल नतिजाहरू देखेर ऊ खुशी हुन्छ; यो उसको इनाम हो। तर विश्वासघाती मानिसले अरूको निम्ति कुभलो र अत्याचार चिताउँछ। अरूको विरोधमा चिताएको त्यसको कुभलो र अत्याचारको सट्टामा त्यसले कुभलो र अत्याचार पाउँछ।

**हितोपदेश १३ः३ः** जुन मानिसले आफ्नो बोलीवचनमा लगाम लगाउँछ, त्यस मानिसले आफ्नो सारा जीवन नियन्त्रण गर्न सक्छ (याकूब ३ः२)। तर जो आफ्नो बोलीमा आत्मसंयमी छैन, त्यसले आफूमाथि समस्या निम्त्याउँछ। यस नीतिवचनबाट हामीले सिक्नुपर्ने पाठ यस प्रकारको छः हामी आफूले बोलेको वचनको विषयमा एकदम होशियार हुनुपर्छ, किनकि यो हाम्रो विरोधमा प्रयोग गर्न सकिन्छ।

**हितोपदेश १३ः४ः** 'गरिबका चाहनाहरू घोड़ाहरू भएका भए त्यो घोड़चढ़ी हुनेथियो'; किनकि अल्छीसँग ठूला-ठूला चाहनाहरू त

छन्, तर केवल इच्छा गर्नु पर्याप्त हुँदैन। किनभने इच्छाको साथमा हाम्रो प्रयास पनि हुनुपर्छ, नत्र त्यो इच्छा व्यर्थ हो। परिश्रमी मानिसलाई हेर्नुहोस्, उसले मन लगाएर आफ्नो काममा मेहनत गर्छ, र वेतन पाउँछ। भौतिक कुराको विषयमा मात्र होइन, तर आत्मिक कुराको सम्बन्धमा कुरा पनि उस्तै छ। श्री हेन्री बोशले यसको उदाहरण दिएर यसो लेखेका छन्ः

‘श्री एडम क्लार्कको विषयमा सर्वविदित छ कि तिनलाई पवित्र बाइबलको टिप्पणी लेख्न चालीस वर्ष लाग्यो। अनि श्री नोअ वेब्स्टरलाई आफ्नो शब्दकोश तयार गर्न छत्तीस वर्ष लाग्यो। दुई पल्ट उनले अटलान्टिक महासागर पार गरे, किनभने उनले आफ्नो शब्दकोशमा हालिएका सामग्रीहरूको विषयमा एकदम निश्चित हुन चाहन्थे। अब श्री जोह्न मिल्टनको कुरा आयोः तिनी बिहान चार बजे उठ्थे; किनभने आफ्नो कविता लेख्न र सुधार गरेर लेख्न तिनलाई यथेष्ट समय चाहिन्थ्यो। अनि यसरी नै तिनी संसारको सर्वश्रेष्ठ साहित्य लेख्न सक्षम भए। श्री एडवार्ड गिब्बोनलाई ‘The decline and fall of the Roman Empire’ नामक किताब लेख्न छबीस वर्ष लाग्यो। तर त्योजस्तै होशियारपूर्वक गरिएको अनुसन्धान, अनि यस काममा लगाइएको तिनको अथक परिश्रम र समर्पण सर्वश्रेष्ठ मान्नुपर्छ। श्री विलियम सी. ब्रीयन्तले आफ्नो कविताका सर्वोत्तम रचनाहरू प्रकाशन गर्नुभन्दा अघि सय पल्ट सुधारे; किनकि उनले सर्वोच्च उक्ति प्रस्तुत गर्न चाहे, जसको भाषामा सुन्दरता र सिद्धता हुन्थे। यी मानिसहरूले आफ्नो कामबाट आनन्द लिन्थे, अनि तिनीहरूमध्ये हरेकले भ्याएसम्म आफ्नो सम्पूर्ण शक्ति-बल आफ्नो उद्यममा लगाइदिए, कामको कठिनाइले तिनीहरूलाई कुनै किसिमले रोक्न सकेन।

यसकारण बुझ्नुहोस्ः सबैभन्दा सुखी, सबैभन्दा उद्योगी मानिसहरू ती हुन्, जसले मानिसहरूको भलाइ र परमेश्वरको महिमाको निम्ति आफ्नो कामधन्दामा परिश्रम गर्छन्।’ 16)

**हितोपदेश १३ः५ः** धर्मी जनले कुनै किसिमको झूट, छल र कपट सहन सक्दैन, तर पूरा घृणा गर्छ। तर दुष्ट मानिसचाहिँ शर्मलाग्दो र लज्जाजनक काम गर्छ (आर.एस.वी.को अनुवादअनुसार)। श्री जे. एल्लन ब्लयरले अमेरिकाका महापुरुषको जीवन यसको उदाहरणको रूपमा पेश गरेका छन्, जब उनले यसो लेखेका छन्ः

‘श्रीमान् अब्राहाम लिण्कल्नको विषयमा यस प्रकारको कुरा सुन्नमा आएको छः तिनले वकीलको काम गर्दा कसैको मुद्दा लड्दैनथिए, जसको पक्ष कानुनले लिँदैनथियो। एकदिन एकजना मानिस तिनको सेवा लिन आए। श्रीमान् लिण्कल्नले कोठाको छतमा डिठ लाएर हेर्दैथिए र त्यस मानिसले आफ्नो मुद्दामा पेश गरेका सबै बेलीबिस्तारहरूमाथि ध्यान लगाए। अचानक तिनले आफ्नो कुर्सी त्यस मानिसतिर पारे र त्यसलाई भनेः “यसो हेर्दा, तपाईंले नियम-कानुनको हिसाबले आफ्नो मुद्दा जित्न सक्नुहुन्छ होला, तर तपाईंले न्यायनीति र सत्यरक्षाको हिसाबले आफ्नो मुद्दा हारिसक्नुभयो। यसकारण कृपया तपाईंले आफ्नो मुद्दा लड्ने अर्को वकील खोज्नुहोला। म तपाईंको मुद्दा लड्न सक्दिनँ। किनभने न्यायपीठको सामु वकालत गर्दाखेरि यस विचारले मलाई सधैं सताइरहनेथियोः ‘हे लिण्कल्न, तँ झूट बोल्छस्!’ अनि यो पनि सम्भव हुनेथियो, कि बेहोश भएको क्षणमा मैले त्यो वाक्य सुन्ने गरी भन्नेथिएँ कि कसो हो?”

यसकारण बुझ्नुहोस्ः झूट बोल्नु र हर प्रकारको बेइमानीले परमेश्वरको हृदय चोट पार्छ, दुःखित पार्छ। अनि कुनै ख्रीष्टविश्वासीले झूट बोल्नुहुँदैन र छल गर्नुहुँदैन, उसको निम्ति यसको नतिजा जेसुकै किन नहोस्। झूट बोल्ने इसाई, अँ, छल गर्ने कुनै इसाईले पनि परमेश्वरको सम्बन्धमा प्रगति गर्नै सक्दैन।’ 17)

**हितोपदेश १३ः६ः** धार्मिक जीवन सुरक्षित जीवन हो। जसको चाल निर्दोष हुन्छ, उसकै

रखवाली परमेश्वर स्वयम्‌ले गर्नुहुन्छ। तर हाय पापी मानिसलाई; किनभने त्यसको चाल जोखिमै-जोखिमले पूर्ण छ। आफ्नै दुष्टताले पापी मानिसलाई छिटो-ढिलो पल्टाइदिन्छ।

**हितोपदेश १३ः७ः** यस उखानमा अर्थ लगाउन दुईवटा दृष्टिकोणहरू अपनाउन सकिन्छ। एक, यहाँ एकजना मानिस छ, जससँग भौतिक हिसाबले कुनै खास धन-सम्पत्ति नै छैन, तर त्यसले धनी हुने स्वाङ देखाउन खोज्छ। अनि अर्को मानिस छ, जो धनवान्‌ छ, तर जसले गरिब हुने भेष लिन्छ।

दोस्रो धारणा यस प्रकारको छः उता भक्तिहीन करोड़पति छन्‌, जो आत्मिक हिसाबले कङ्‌गाल भिखारी हुन्छन्‌ भने, यता एकजना साधारण ख्रीष्ट-विश्‍वासी छ, जो आर्थिक हिसाबले गरिब छ, तर परमेश्‍वरको राज्यको हकदार र ख्रीष्ट येशूसित साझा-हकदार भएको छ। श्री जी. च्याम्पबेल मोर्गनले यसको निम्ति निम्न उदाहरण पेश गरेका छन्‌ः

‘हाम्रो वर्तमान युग ती थुप्रै मानिसहरूद्वारा चिनिन्छ, जसले आफूलाई धनी तुल्याएका छन्‌, तर जो वास्तविक गरिब भए-रहे। किनकि तिनीहरूले धेरैभन्दा धेरै धन कमाए, तर जीवनमा महत्त्वपूर्ण हुने कुराहरूको हिसाबले तिनीहरूसँग यी सर्वोत्तम कुराहरू प्राप्त गर्ने शक्ति नै छैन। किनभने तिनीहरूको धनले स्वास्थ्य किन्न सक्दैन, तिनीहरूलाई सुखी र खुशी तुल्याउन सक्दैन। तिनीहरूको धनचाहिँ तिनीहरूको शान्ति भङ्ग गर्ने चीज पो हो। तर यस्ता मानिसहरू पनि छन्‌, जसले आफूलाई गरिब तुल्याएका छन्‌ र यसो गरेर तिनीहरू धनवान्‌ भएका छन्‌, यस शब्दको सही अर्थमा। यसको स्पष्टीकरण यस प्रकारको छः हामीले यस हितोपदेशमा यी विरोधाभास दिने दुईवटा उक्तिमा “आफू” भन्ने शब्दमाथि ध्यान दिनुपर्छ। कुञ्जी खोल्ने चाबी यो रहेछ। आफूलाई धनवान्‌ तुल्याउनु भनेको आफूमा जीवन उपभोग गर्ने क्षमता नष्ट गर्नु हो। अनि अरूलाई धनवान्‌ तुल्याएर आफूलाई गरिब पार्नु भनेको खास जीवन पाउनु र वास्तविक रूपले जिउनु हो। यस नीतिवचनमा प्रकट भएको हिब्रूहरूको बुद्धिमाथि आफ्नो विचार पुऱ्याएर हामी देहदारी हुनुभएको ख्रीष्ट येशूरूपी बुद्धिको विषयमा नसोची सक्दै सक्दैनौं।’ 18)

**हितोपदेश १३ः८ः** धनी मानिसले तिनको धन लिन खोज्नेहरूबाट घरिघरि धम्की पाउँछ। त्यो लुट र भयादोहनको शिकार हुन्छ। फिरौतीको निम्ति त्यसको अपहरण हुने डर छ। त्यसले आफ्नो प्राणको रक्षाको निम्ति केही न केही प्रबन्ध गर्नुपर्छ, कि त लुटाहालाई ठूलो छुटकाराको दाम तिर्नुपर्छ। तर गरिब मानिसले कहिल्यै यस प्रकारको धम्कीमाथि ध्यान दिँदैन।

**हितोपदेश १३ः९ः** धर्मी जनको जीवन-गवाही ज्योतिजस्तै छ, जुन ज्योतिको चमकचाहिँ उज्ज्वल र तेजिलो हुन्छ। तर दुष्ट मानिसहरूको जीवन र तिनीहरूका आकङ्‌क्षाहरू एउटा बत्ती हुन्‌, जुन बत्ती-चाहिँ एकदिन निभ्नेछ।

**हितोपदेश १३ः१०ः** यस उखानको पहिलो भागमा दुईवटा कुराहरू छन्‌। एक, जहाँ झगड़ारगड़ाहरू मच्चिन्छन्‌, त्यहाँ घमण्ड यसको मूलकारण हुनुपर्छ; यसमा शङ्का छैन। अनि दुई, ‘घमण्डबाट झगड़ा उत्पन्न हुन्छ,’ जसरी श्री जोह्न नेल्सन डार्बीले यस वाक्यको अनुवाद गरेका छन्‌। अर्थात्‌ घमण्डबाट कहिल्यै कुनै असल नतिजा हुनेछैन; केवल तीतो कलह र भनावैरी निस्कन्छ। यस सम्बन्धमा श्री सी. एस. लूविसले यसो लेखेका छन्‌ः

‘संसारको उत्पत्तिदेखि यता हरेक जातिमा र हरेक परिवारमा एउटा मूल समस्याले मानिस-हरूलाई पिरोलिरहेको छः घमण्ड। अरू दुर्भावनाहरूले कहिलेकाहीं मानिसहरूलाई एक तुल्याउन सक्लान्‌, जस्तैः मतवालाहरूको

बीचमा मीठो सङ्गति, ठट्टादिल्लगी र मित्रता पाइएला। तर घमण्ड सदैव दुश्मनी गर्छ; घमण्डचाहिँ अरूसँग वैरभाव राख्छ-राख्छ। अनि त्यो शत्रुता, त्यो दुश्मनी मानिस-मानिसको बीचमा मात्र सीमित रहँदैन, तर घमण्डले चाहिँ परमेश्वरसित दुश्मनी सृजना गरेकै हो।' 19)

जो-जो असल सल्लाह लिन इच्छुक छन्, तिनीहरू बुद्धिमान् ठहरिन्छन्। तिनीहरू घमण्डदेखि जोगिन्छन् र घमण्डको साथमा मानिस-मानिसको बीचमा मच्चिने झगड़ाहरूबाट पनि बाँच्छन्।

**हितोपदेश १३ः११ः** छल गरेर पाएको धन छिटो पाइन्छ, परिश्रम नगरी पाइन्छ, जस्तै जुवा, घोड़दौड़को जुवा र शेयर बाजारको लगानी आदि अनुचित तरिकाद्वारा प्राप्त धन बुझिन्छ। यस प्रकारको धन हिउँजस्तै पग्लिन्छ।

तर जुन धनसम्पत्ति इमानदार परिश्रमको फल हो, त्यो धन घटेर जानुको सट्टामा बरु बढ़िरहन्छ।

**हितोपदेश १३ः१२ः** आफ्ना आकङ्क्षाहरू घरिघरि स्थगित हुँदा मानिस निराश हुन्छ। तर जब अन्तमा उसले तीव्र चाहना र आशा गरेको कुरा प्राप्त गर्छ, तब त्यसबाट उसलाई ठूलो सन्तुष्टि मिल्नेछ। तब प्रभु येशूको दोस्रो आगमनको सम्बन्धमा हाम्रो विषयमा कुरा कस्तो छ?

**हितोपदेश १३ः१३ः** यस पदमा 'वचन' भन्नाले परमेश्वरको वचन बुझ्नुपर्छ। परमेश्वरको वचनप्रति हाम्रो मनको भावना कस्तो छ? यसमा त जीवन र मृत्युको सवाल पो छ। जस-जसले परमेश्वरको वचन तुच्छ ठान्छन्, तिनीहरू आत्मघाती हुन्। तर हरेक मानिस जसले परमेश्वरको वचनरूपी आज्ञा मान्छ र पालन गर्छ, उसको इनाम प्रशस्त हुनेछ।

**हितोपदेश १३ः१४ः** बुद्धिमान् मानिसको सल्लाह र शिक्षाचाहिँ जीवनको मुहान हो। यसमा ध्यान दिने मानिस ताजा हुनेछ। जीवनको बाटोमा घातक पासाहरू हुन्छन्, अनि सल्लाह र शिक्षा ग्रहण गर्ने मानिस यी पासाहरूबाट उम्कनेछ।

**हितोपदेश १३ः१५ः** असल समझले हामीलाई परमेश्वरको निगाह र मानिसहरूबाट कृपादृष्टि पाउने तुल्याउँछ। यो पद लिविङ बाइबलको भाव-अनुवादअनुसार यस प्रकारको छः 'असल समझ भएको मानिसको गुण गाइन्छ।'

यस हितोपदेशको दोस्रो भागमा जुन शब्द 'कठिन' भनेर अनुवाद गरिएको छ, त्यस शब्दको अर्थ 'चिरस्थायी' हो। तर कठिन, खाल्टाखुल्टी वा खतरनाक भन्ने अर्थ यस सन्दर्भमा बढ़ी मिल्छ। यसकारण कुरा स्पष्ट छः अपराधीहरूको बाटो चिरस्थायी होइन, तर अप्ठ्यारो, खतरनाक र कठिन हुन्छ। यसरी परम्परागत अनुवादले यो शब्द अनुवाद गरेको छ, र यस अनुवादले सठीक अर्थ दिन्छ। किनभने दैनिक समाचार पत्रिकाहरू पढ्नुहोस्, र तपाईंले यस तथ्यको निम्ति प्रशस्त उदाहरणहरू पाउनुहुनेछ।

**हितोपदेश १३ः१६ः** हरेक मानिसले आफ्नो व्यवहारद्वारा आफ्नो चरित्र प्रकट गर्छ। समझदार मानिसले दक्षताको साथ काम गर्छ। अनि मूर्ख मानिसले सबैले देख्ने गरी आफ्नो मूर्खताको प्रदर्शन गर्छ।

**हितोपदेश १३ः१७ः** भारपर्दो नभएको दूतले सबै सम्बन्धित व्यक्तिहरूको निम्ति समस्या सृजना गर्छ। यसो हो भने, हामीले विश्वासयोग्य सन्देशवाहक पठाउनुपर्छ; किनकि उसले आफ्नो कार्यभार असल प्रकारले पूरा गर्छ; अनि सबैजनाले उसको कामबाट सन्तुष्टि पाउनेछन्।

*'यसकारण अब हामी ख्रीष्टका राजदूतहरू हौं'* (२ कोरिन्थी ५ः२०)।

**हितोपदेश १३ः१८ः** सुधार्ने किसिमको हप्की र अनुशासन अस्वीकार गर्ने मानिसले

आफ्नो हठीपनबाट गरिबी र शर्म कमाउँछ। तर हप्की सुन्ने मानिसको आदर हुनेछ।

**हितोपदेश १३ः१९ः** असल मानिसहरू आफ्ना लक्ष्यहरू पूरा भए रमाउँछन्, प्रसन्न हुन्छन्। तर मूर्ख मानिसहरूले आफ्नो पाप छोड्न मन पराउँदैनन्। आकाश-पातालको भिन्नता यसैमा छः असल मानिसहरूले योग्य उद्देश्यहरू प्राप्त गर्ने कोशिश गर्छन् भने, पापी मानिसहरूले खराबीबाट हट्न मान्दैनन्।

**हितोपदेश १३ः२०ः** बुद्धिमान् मानिसहरू हाम्रा साथीसँगी हुनुपर्छ; किनभने तिनीहरूको प्रभावमा हाम्रो उत्थान हुनेछ। *'कुसङ्गतहरूले असल चरित्र बिगारिदिन्छन्'* (१ कोरिन्थी १५ः३३)। मानिसलाई त्यसले कससँग सङ्गत गरेकोबाट चिनिन्छ। जसले मूर्ख मानिसहरूसित सङ्गत गर्छ, त्यो नष्ट हुनेछ।

**हितोपदेश १३ः२१ः** शिकारी कुकुरहरूले खेदेझैं अशुभ घटनाहरूले पापी मानिसहरूलाई कहिल्यै छोड्दैनन्, जस्तै स्वास्थ्यमा हानि, मानहानि, कुख्याति, सम्पत्तिको क्षति आदि। तर धर्मी जनहरूको सुनाम चल्छ, उनीहरूको जीवन सुखी हुन्छ र उनीहरूको इनाम पनि असल हुनेछ।

**हितोपदेश १३ः२२ः** असल मानिसले आफ्ना छोराछोरीहरूको निम्ति मात्र होइन, तर आफ्ना नातिपनातिहरूको निम्ति पनि अधिकारको भाग छोड्नेछ। पुरानो नियमको समयमा यसको अर्थ भौतिक धनसम्पत्ति थियो, जुनचाहिँ तिनीहरूको निम्ति छोड़िन्थ्यो। तर वर्तमान समयमा जिउने ख्रीष्ट-विश्वासीले आफ्ना सन्तान-दरसन्तानहरूको निम्ति आत्मिक सम्पत्ति छोड्नुपर्छ, जुनचाहिँ सबैभन्दा असल पैतृक सम्पत्ति मानिन्छ।

*'अनि पापी मानिसको सम्पत्तिचाहिँ धर्मी जनको निम्ति राखिन्छ।'* बेइमानीसाथ प्राप्त भएको धन कुनै न कुनै तरिकाले असल व्यक्तिको हातमा पुग्छ।

**हितोपदेश १३ः२३ः** गरिब मानिसहरूले मेहनतको साथ आफ्नो जमिन खनजोत गर्छन्, र तिनीहरूको थोरै जमिनले धेरै उब्जनी दिन्छ। तिनीहरूले आफूसँग भएको जग्गा-जमिनबाट सकेसम्म बढ़ी लाभ उठाउने कोशिश गर्छन्।

अनि यस पदको दोस्रो खण्डको अर्थ यस प्रकारको छः **क)** कि त धनी मानिसहरूसँग धेरै जमिन हुन्छ, तर तिनीहरूको अन्यायले गर्दा तिनीहरूले आफ्नो सम्पत्ति बर्बाद गर्छन्। **ख)** कि त अन्यायले गरिबहरूको जोताइ उड़ाइदिन्छ।

**हितोपदेश १३ः२४ः** पवित्र बाइबलको शिक्षा स्पष्ट छः हामीले आफ्ना छोराछोरीहरूलाई शारीरिक सजाय दिनैपर्छ, यस विषयमा आधुनिक विशेषज्ञहरूको राय जेसुकै होस्। जुन बालकले छड़ी खाने लायकको काम गरेको छ, तर जसलाई शारीरिक सजाय दिइँदैन, त्यस बालकले पाप गर्ने हिम्मत पाउँछ, र यस कुराले उसको विनाशमा मद्दत गर्छ। जुन बुबाले आफ्नो छड़ी चलाउँदैन, त्यस बुबालाई आफ्नो छोरालाई माया गरेको लाग्ला, तर परमेश्वरको वचनअनुसार उसले आफ्नो छोरालाई घृणा पो गरेको छ।

बाल-चिकित्सक श्री बेन्जमिन स्पोखले धेरै वर्षहरूसम्म बुबाआमाहरूलाई यस विषयमा खुकुलो र स्वतन्त्र विचार अपनाउन सिकाउँथे। तर एक पुस्ता बितिगएपछि तिनले यसमा गल्ती गरेको मानिलिए; किनभने तिनले यस अवधिभित्र मूर्ख, कष्टप्रद केटाकेटीहरूलाई हुर्केर आएका देखे। तिनले स्वीकार गरेर भनेः 'मेरो विचारमा, वर्तमान युगमा अमेरिकाका बुबाआमाहरूको बीचमा सबैभन्दा व्यापक समस्या के हो भने, तिनीहरू कड़ा हुन नसक्ने अशक्तता हो।'

तिनले केही मात्रामा यसको दोष विषेशज्ञहरूमा देखे, 'जस्तैः बाल-मनोचिकित्सकहरू, मनोचिकित्सकहरू, स्कूलका

शिक्षक-शिक्षिकाहरू, समाज-सेवक-सेविका-हरू र मजस्तै बाल-चिकित्सकहरू।' 20)

जुन बुबाले आफ्नो छोराछोरीलाई प्रेम गर्छ, त्यस बुबाले आफ्नो छोराछोरीको बदमासी सहन सक्दैन, तर उसले आफ्नो छोराछोरीलाई तत्कालै ताड़ना दिन्छ।

**हितोपदेश १३ः२५ः** धर्मी जनका आवश्यकताहरू पूरा गरिनेछन् भन्ने कुरा परमेश्वर सुनिश्चित गर्नुहुन्छ। तर दुष्ट मानिसहरूको पेट खाली रहनेछ भन्ने कुरा पनि सुनिश्चित छ।

**हितोपदेश १४ः१ः** बुद्धिमती गृहिणीले आफ्नो घरपरिवारमाथि ध्यान दिन्छिन्। तर मूर्ख स्त्री यता-उता घुमिहिँड़ेकी, तास खेल्ने अड्डा, बिङ्गो खेल्ने टोली, फेशन शो र अन्य व्यर्थ मनोरञ्जनहरूमा भेटिन्छे। त्यसले आफ्नो पति र छोराछोरीहरूलाई स्याहारसुसार गर्न भुल्छे; तब त्यसको परिवार किन नबिग्रिने? यसमा अचम्म लाग्ने केही पनि छैन।

अनि कुनै बहिनीले बढ़ी धार्मिक क्रिया-कलापहरूद्वारा आफ्नो घरपरिवारलाई भत्काउन सक्छिन्; यो पनि सम्भव छ।

**हितोपदेश १४ः२ः** मानिसको चालले परमप्रभुप्रति उसको मनको भावना के हो, सो ऐनाले गरेजस्तै प्रकट गर्छ। परमेश्वरलाई कसरी खुशी पारूँ भन्ने भावना धर्मी जनको प्रेरणा हो, जुन भावनाले उसलाई उसको व्यवहारमा निर्देशन गर्छ। तर टेढ़ा चाल भएको मानिसको निम्ति परमेश्वरको विचारमा के मतलब, के परबाह? अनि यसरी नै त्यस मानिसले परमेश्वरलाई अपमान गरेको कुरा प्रकट गर्छ। यस सिलसिलामा श्री डेरेक किड्नरले यसो लेखेका छन्ः

'परमेश्वरको बाटो छोड्ने मानिसले परमेश्वरको इच्छा होइन, तर आफ्नै इच्छा अगाड़ि राखेर त्यो नै पूरा गर्न बल गर्छ, र उहाँको रायमा होइन, तर आफ्नै रायमा जिद्दी गरेर केवल यसमा मतलब राख्छ। तर यस प्रकारको अपमान पागलपनसरहको कुरा हो। तब "हे प्रभु, क्षमा गर्नुहोस्, मैले ठूलो गल्ती गरें" भन्ने कुरा त्यसले कहाँ मानिलिन्छ र?' 21)

**हितोपदेश १४ः३ः** 'मूर्खको मुखमा घमण्डको छड़ी हुन्छ।' त्यसले आफ्नो अहङ्कारी बोलीको निम्ति पिटाइ खानुपर्छ। तर बुद्धिमान् मानिसहरूको बोलीवचनले उनीहरूलाई बचाउँछ; उनीहरूले यस प्रकारको सजाय भोग्नुपर्नेछैन।

**हितोपदेश १४ः४ः** गोरुहरू नपालेर गाईगोठ सफा राख्न सकिन्छ। तर गोरुहरू काममा लगाएर फसल प्रशस्त हुनेछ। तब गोरुहरू पालेर केही धूलो-मैला सहन उचित देखिन्छ। यसो हो भने, परिश्रमबाट आउने फाइदाहरू धेरै हुन्छन् भने, के यी लाभहरू मन नपरेका लन्ठाको निम्ति पूर्ति गर्दैनन् र? यस नीतिवचनबाट कसैले आफ्नो घर र मण्डली-भवन मैला राख्ने हौसला नपाओस्! त्यहाँ तुफान आएको जस्तै कसैलाई नलागोस्। तर सफाइको निम्ति हाम्रो सोखले र धूलोमैला देख्न नसक्ने हाम्रो अभिरुचिले हामीलाई प्रगति गर्न र उद्योगी हुनदेखि रोक्नुहुँदैन भनेर यस नीतिवचनले हामीलाई उत्साह दिन खोजेको हो।

**हितोपदेश १४ः५ः** श्री सी. एच. म्याकिन्तोशले यसो भनेका छन्ः

'यस पृथ्वीमा खराब विवेकले सताइएको भड्किहिँड्नुभन्दा असल विवेक लिएर स्वर्ग जानु निको छ।'

यसकारण हामी हरेक परिस्थितिमा र हर समयमा इमानदार, अँ, बिलकुल इमानदार रहनुपरेको छ।

**हितोपदेश १४ः६ः** गिल्ला गर्ने मानिसको नसुन्ने बानीले त्यसलाई बहिरा तुल्याउँछ। त्यसले सुन्न छोड्छ। जसले प्रभु येशूलाई इन्कार गर्छ, त्यसले साँचो बुद्धि कहिल्यै भेट्टाउँदैन।

समझदार मानिस असल कुरा बुझ्नमा छिटो हुन्छ। *'किनभने जोसँग छ, त्यसलाई दिइनेछ र त्योसँग झन् प्रशस्त हुनेछ'* (मत्ती १३:१२)।

**हितोपदेश १४:७:** मूर्ख मानिसको मित्रता कुसङ्गत मानिन्छ; यसो नगर्नुहोस्! 'किनकि त्यहाँ तिमी ज्ञानका शब्दहरू पाउँदै-पाउँदैनौ' (आर.एस.वी-अनुवादअनुसार)। अथवा मोफ्फतअनुसार 'त्यसमा तिम्रो निम्ति समझको एउटै शब्द छँदैछैन।'

**हितोपदेश १४:८:** समझदार मानिसको निम्ति बुद्धि भनेको आफू कसरी इमानदार हुनुपर्छ, विवेकशील हुनुपर्छ र आज्ञाकारी हुनुपर्छ, सो जान्नु हो। तर जुन कुरा मूर्ख मानिसले बुद्धि ठान्छ, त्यो कुरा वास्तवमा मूर्खता हो। अनि त्यसको मूर्खतामा अरूलाई छल गर्ने क्षमता छ। अरूलाई छल गर्दै-गर्दा त्यसले आफूलाई पनि ठग्छ; यो छल त्यसमाथि आइपर्नेछ।

**हितोपदेश १४:९:** हिब्रूमा यस पदको अर्थ अस्पष्ट छ। तर के.जे.वी. र एन.के.-जे.वी-बाइबलले यस पदको अनुवाद गरेको अर्थ राम्रो छ।

> मूर्ख मानिसहरूले पापसित ठट्टा गर्छन्, र विश्वासै गर्दैनन्, कि पापको बाहुलामा डरलाग्दो चुपी लुकिएको छ। तिनीहरूको विचारमा, योजस्तै सुन्दर, योजस्तै मीठो कुरामा खील, बिझ्ने काँड़ा कसरी हुने?
>
> तिनीहरूलाई हाँस्दै-हाँस्दै नरकमा जाने तुल्याउन पापको मोहित पार्ने शक्ति छ भन्ने तिनीहरूलाई के थाहा? यसकारण भाइ-बहिनीहो, आफ्नो विषयमा होशियार होऊ! पापसित खेल्न छोड़! नत्र ता तिमीलाई बचाउन सक्नुहुने मुक्तिदाताले, तिमी ढोकाबाट भित्र पस्नुभन्दा अघि तिम्रो निम्ति मुक्तिको ढोका बन्द गर्नुहोला।
>
> श्री जोह्न बन्यन

सीधा चाल चल्नेहरूले प्रभुको अनुग्रह उपभोग गर्दछन्। उनीहरू पापको दण्डको आज्ञा सुन्ने डर र पापको दोषबाट मुक्त भएर जिउन पाउँछन्।

**हितोपदेश १४:१०:** मानिसको हृदयमा कति शोकचिन्ताहरू छन्, जसको बोझ कसैले बोक्न साथ दिन, त्यो हल्का पार्न र उससित सहानुभूति देखाउन सक्दैन। तर प्रभुले सहानुभूति देखाउन सक्नुहुन्छ र देखाउनुहुन्छ पनि। अनि आनन्दको विषयमा कुरा उस्तै छ। मानिसले आफ्नो आनन्द आफैले मात्र उपभोग गर्न सक्छन्।

**हितोपदेश १४:११:** यस पदमा घर र तम्बूको कुरा गरिएको छ। यसको भिन्नता याद गर्नुहोस्! किनभने घर स्थायी वासस्थान हो भने, तम्बूचाहिँ अस्थायी, अल्पकालिक डेरा सम्झिन्छ। तर अचम्म! सीधा चाल चल्ने प्रवासीको तम्बू रहिरहन्छ, तर संसारका दुष्ट बासिन्दाहरूको घर भत्किन्छ।

**हितोपदेश १४:१२:** मानिसहरूको आँखामा ठीक देखा पर्ने बाटो भनेको त्यो नकली मुक्तिमार्ग बुझिन्छ, जसको शिक्षा-अनुसार मुक्तिचाहिँ धर्मकर्महरू वा असल चरित्रले कमाएको पुण्यफल गनिन्छ। नरकमा धेरै यस्ता मानिसहरू हुनेछन्, जसको भूल-धारणा यस प्रकारको हुन्थ्यो (हितोपदेश १६:२५)।

तर यस पदको व्याख्या फराकिलो अर्थमा भन्नु हो भने मानिसलाई आफ्नै बाटो सठीक बाटो लाग्छ। आफ्नो हठमा चल्ने स्वेच्छाचारीले ईश्वरीय अगुवाइ र मानिसको सरसल्लाह तुच्छ सम्झन्छ। तर यस प्रकारको मूर्ख व्यवहार केवल विपत्तिमा र आत्मिक मृत्युमा टुङ्गिन्छ।

**हितोपदेश १४:१३:** यस धरतीमा केवल आनन्दैआनन्द र हर्षैहर्ष भएको परिस्थिति पाइँदैन। किनकि धेरथोर शोकचिन्ता सधैं हाम्रो आनन्दमा मिसिएको हुन्छ। श्री नोक्सले

यसो भनेका छन्ः 'आनन्द शोकसित मिसिएको हुन्छ र हँसाइको तालमेल आँसुको साथमा हुन्छ।'

**हितोपदेश १४ः१४ः** *'पछि हट्ने हृदय भएको मानिसले आफ्नै चालहरूको फल भोग्नेछ; तर असल मानिस माथिबाट सन्तुष्ट हुनेछ।'* प्रभुबाट भड्किएर जाने मानिसले आफ्नो मनपरी र जिद्दी गरेको फल भोग्नेछ। यसकारण नाओमीले यसो स्वीकार गर्नुपरेको थियोः *'सर्वशक्तिमान्‌ले मसँग अति तिक्त व्यवहार गर्नुभएको छ; किनकि भरपूर भएर म निस्केर गएकी थिएँ, तर परमप्रभुले मलाई रित्तै फर्काएर ल्याउनुभएको छ'* (रूथ १ः२०-२१)। अनि उड़न्ता पुत्रले मानिलियोः *'मेरा बुबाका ज्यालादार नोकरहरूले उब्रोपाब्रो हुने गरी रोटी पाउँछन्, तर मचाहिँ यहाँ भोकले नाश भइरहेछु!'* (लूका १५ः१७)।

सीधा चाल चल्ने मानिसले आफ्ना चालको फल खानेछ, र तृप्त हुनेछ; किनकि उसका चालहरू प्रभुका मार्गहरू हुन्। राजा दाऊदले भन्न सकेः *'मेरो कचौरा भरिएर पोखिन्छ'* (भजन २३ः५)। सीधा चाल चल्ने मानिसले पनि यसो भन्न सक्छ। प्रेरित पावलले घोषणा गरेर भन्न सकेः *'मैले असल लड़ाइँ लड़ेको छु, मैले आफ्नो दौड़ पूरा गरेको छु, मैले विश्वासको रखवाली गरेको छु'* (२ तिमोथी ४ः७)। सीधा चाल चल्ने मानिसले पनि यसो भन्न सक्छ।

**हितोपदेश १४ः१५ः** बोधो मानिस साह्रै सोझो मानिस हुँदो रहेछ; किनभने त्यसले हरेक कुरा विश्वास गर्छ, त्यो हरेक तरङ्गमाथि तैरन्छ। तर समझदार मानिसले आफ्नो चाल विचार गर्छ र पुनर्विचार गर्छ, र यसैले उसका पाइलाहरू चुक्दैनन्, गलततिर लाग्दैनन्। विश्वासले पक्का प्रमाणको माग गर्छ, अनि परमेश्वरको वचन त्यो पक्का प्रमाण हो, जुन प्रमाण विश्वासले खोजेको छ। सोझो भोला मानिसले जुनसुकै गुजार्ने वैज्ञानिकले भनेको, जुनसुकै दर्शनशास्त्रीले भनेको, अँ, जुनसुकै मनोविज्ञानीले भनेको कुरा मानिहाल्छ।

**हितोपदेश १४ः१६ः** *'बुद्धिमान् मानिस डराउँछ'*; यसर्थ ऊ होशियार बस्छ र सतर्क रहन्छ। हो, निश्चय उसले परमेश्वरको डर पनि मानिरहेको छ। यसमा शङ्का छैन।

तर मूर्ख मानिस अहङ्कारी हुन्छ, पूरा निश्चिन्तित हुन्छ। त्यसले संयमी हुन छोड़ेको छ र आत्मविश्वास गरेको छ।

**हितोपदेश १४ः१७ः** *'झड़ङ्ग रिसाउने मानिसले मूर्ख काम गर्छ।'* रिसको झोकमा त्यसले कति कामहरू बिगार्छ, यसको साध्य छैन; किनभने त्यसले आफ्नो रिसका नतिजाहरू के हुनेछन्, सो विचारै गर्दैन। त्यसले ढोका जोरले बन्द गर्छ; त्यसले आफ्नो हातमा भएको थोक मिल्काउँछ; त्यो उच्च सोरले कराउँछ; त्यसले अरूलाई सराप्छ र तिनीहरूको घोर निन्दा गर्छ; त्यसले चल-सामग्रीहरू भाँचिदिन्छ र टुक्राटुक्रा पार्छ। झोकको आवेगमा त्यो घरबाट निस्कन्छ। तर दुईवटा खराबीहरूको बीचमा हामीले छान्नु-परेको छ भने, हामीले बरु रिसाहालाई सहन सक्छौं, तर दुष्ट युक्ति रच्ने मानिसलाई एकै क्षण पनि सहनै सक्दैनौं। हरेक मानिसले त्यस्तोलाई त्यसको निर्दयी व्यवहार र विश्वासघातको निम्ति घृणा गर्छ।

**हितोपदेश १४ः१८ः** *'बोधाहरू मूर्खताका हकदार हुन्छन्।'* तिनीहरूले असल शिक्षा-माथि ध्यान लगाउँदैनन् भने, तिनीहरूको अरू उपाय के पो छ र? तिनीहरू जड़मूर्ख हुनुपर्छ।

समझदार मानिसहरूको आदर र सम्मान र तिनीहरूको इनाम तिनीहरूको थेरथोर ज्ञान-अनुसार हुनेछ।

**हितोपदेश १४ः१९ः** यस नीतिवचनले अन्तमा खराबीमाथि भलाइको जीत हुनेछ भन्ने झलक दिन्छ। परमेश्वरले धर्मी जनहरूलाई निर्दोष ठहऱ्याउनुहुनेछ। हामानको जीवनमा

त्यो दिन आयो, जुन दिनमा तिनले मोर्दकैलाई ढोग्नुपरेको थियो। अनि त्यो दिन आउने नै छ, जब यस विश्वभरिको सबै प्राणीहरूले येशू ख्रीष्टको सामु घुँड़ा टेक्नैपर्छ र उहाँलाई राजाहरूको महाराज र प्रभुहरूको परमप्रभुको रूपमा स्वीकार गर्नेछन्।

**हितोपदेश १४:२०:** गरिब मानिसको छिमेकीले पनि उसलाई घृणा गर्छ। यसो हुनुहुँदैन; तर के गर्ने? यस्तो हुँदो रहेछ। धेरै मानिसहरूले आफ्नो फाइदाको निम्ति अरूसँग मित्रता गाँस्छन्। तिनीहरूले गरिबहरूलाई एकातिर छोड़िदिन्छन् र आफ्नो स्वार्थ-सिद्धिको निम्ति धनी मानिसहरूको सङ्गत गर्छन्। अनि हामीचाहिँ? हामीले मानिस-हरूबाट केही पाउने होइन, तर तिनीहरूको सेवा गर्ने हिसाबले तिनीहरूमा इमानदार चासो राख्नु-पर्छ।

*'तर धनीका धेरै साथीहरू हुन्छन्।'* एक प्रकारले यो कुरा सत्य हो, तर अर्को प्रकारले धनी मानिसले आफूसँग साँचो मित्रहरू कतिजना छन्, सो कहिल्यै जान्दैन। किनभने साँचो साथीले उसैलाई प्रेम गर्छ; उसलाई प्रेम गर्ने कारण उसैमा छ, उसको धनसम्पत्तिमा होइन।

**हितोपदेश १४:२१:** यस पदको सम्बन्ध अगाड़िको पदसित जोड़ेर ठीक हुन्छ। गरिब मानिसलाई तुच्छ ठान्नु पाप हो। किनभने परमेश्वरले धेरै गरिबहरूलाई आफ्नो राज्यको हकदारको रूपमा छान्नुभएको छ (याकूब २:५)। अनि जुन मानिसले गरिबहरूमाथि दया देखाउँछ, त्यो मानिस धन्यको हो, किनभने यस दयाको कामले गर्दा ऊ आशिषित भएको छ।

प्रभु येशू यस संसारमा गरिब मानिस भएर आउनुभएको कुरा हामीले कहिल्यै बिर्सनु-हुँदैन। एकजना भाइले भनेको कुरा सुनौं, जसले प्रभु येशूको विषयमा यसो भनेका छन्: 'नासरतको येशू मेरा पैसाहीन मित्र हुनुहुन्छ।'

**हितोपदेश १४:२२:** खराब युक्ति रच्नेहरू र बुराइ चिताउनेहरू भड्किनु र पथभ्रष्ट हुनैपर्छ। तर अरूको भलाइ चिताउनेहरूको इनाम कृपा र सत्यता हो। यसर्थ परमेश्वरले उनीहरूलाई कृपा देखाउनुहुन्छ र उनी-हरूसित आफ्ना प्रतिज्ञाहरूको विषयमा सत्-व्यवहार गर्नुहुन्छ; उहाँको सुरक्षा र उहाँको इनाम उनीहरूको निम्ति सुनिश्चित हुनेछ। अनि यो पनि हो, कि अरू मानिसहरूले उनीहरूलाई उनीहरूको निष्ठापूर्ण आचारण र विश्वासयोग्यताको खातिर प्रतिफल दिनेछन्।

**हितोपदेश १४:२३:** *'सबै परिश्रमबाट लाभ हुन्छ।'* यसकारण इमानदार काम गर्नुहोस् र लाभ उठाउनुहोस्! व्यर्थको बकवाद र गफ मात्र गरिब तुल्याउँछ। हामी सबैले यस्ता मानिसहरूलाई चिन्छौं, जसले आफ्ना समस्याहरूको विषयमा घण्टै कुरा गर्न सक्छन्, तर सानो औंलाले सार्न चाहँदैनन्। तिनीहरूले पूरा उत्सुकताको साथ विश्वव्यापी सुसमाचार धावाको कुरा त गर्छन्, तर तिनीहरू आफ्नो छिमेकीलाई सुसमाचार सुनाउन आफ्नो आराम गर्ने झोलुङ्गे कुर्सीबाट उठ्दैनन्। एकै सासमा तिनीहरूले आफ्नै भविष्यको योजनाको बेलीबिस्तार गर्न सक्छन्; तर फिक्री नगर्नुहोस्, तिनीहरूको यो भावी योजना कहिल्यै पूरा हुनेछैन।

**हितोपदेश १४:२४:** बुद्धिमान् मानिस-हरूको धनसम्पत्ति उनीहरूको महिमाको मुकुट हुँदो रहेछ। किनभने उनीहरूलाई आफ्नो बुद्धि देखाउन केही माध्यम चाहिन्छ। उनीहरूको धन कि त आत्मिक, कि त भौतिक हुन्छ। तर मूर्ख मानिसहरूसँग देखाउन केही पनि छैन, किनकि यिनीहरूसँग केवल मूर्खता छ, जुन मूर्खता यिनीहरूले आफ्नो जीवन र कामबाट प्रस्तुत गर्छन्।

**हितोपदेश १४:२५:** कचहरीमा साँचो साक्षीले निर्दोष मानिसहरूलाई झूटा आरोपहरूदेखि बचाउन सक्छ। तर हाय, त्यस धोका दिने साक्षीको खातिर, जसले भएको-नभएको कुरा टेढ़ामेढ़ा पारेर पेश गर्छ। यस प्रकारको छलबाट आउने नतिजा डरलाग्दो हुन सक्छ, यसरी कसैको जीवन बरबाद गर्न सकिन्छ।

अनि सुसमाचार-प्रचारकको विषयमा कसो हो ? तिनी साँचो गवाही हुन् भने, तिनले अमूल्य आत्माहरूलाई अनन्त विनाशबाट बचाउँछन्। तर उदारवादीहरू र कुपन्थकाहरूलाई हामी छली गवाहीहरू भन्नुपर्छ; किनभने तिनीहरूले झूट बोल्छन् र मानिसहरूलाई भड्काएर पथभ्रष्ट पारिदिन्छन्।

**हितोपदेश १४:२६:** परमप्रभुको भय मान्ने मानिससँग बलियो आड़भरोसा हुन्छ; किनभने परमेश्वर उसको पक्षमा हुनुहुन्छ भने उसको विरोधमा को उठ्न सक्छ र, कसको युक्ति सफल होला त? (रोमी ८:३१)। त्यस मानिसका छोराछोरीहरूले परमेश्वरमा शरणस्थान पाउनेछन्; उहाँका पखेटाहरूमनि यिनीहरू दुष्टका हमलाहरूबाट सुरक्षित हुनेछन्।

**हितोपदेश १४:२७:** परमेश्वरमाथि राखिएको भरोसाचाहिँ मानिसको निम्ति आत्मिक जीवनको शक्तिको स्रोत हुन्छ। मृत्युका पासाहरूबाट उम्कनलाई यस प्रकारको भरोसा अनिवार्य हुन्छ।

**हितोपदेश १४:२८:** जनताको सङ्ख्यामाथि, तिनीहरूको सन्तुष्टिमाथि र राजनिष्ठामाथि राजाको सम्मान निर्भर गर्छ। महामहिम, महासुफ भन्ने नाममा केही फाइदा नहोला, जब यी महाजनसँग कुनै प्रजा छैन, जसमाथि यिनले शासन गर्न सक्छन्।

**हितोपदेश १४:२९:** रिसाउनमा ढिलो गर्ने मानिसमा ठूलो समझशक्ति भएको हुनुपर्छ; किनभने उसको रिस उठ्न खोजिरहेको बेलामा ऊ रिसाउँदैन। तर झड़ङ्ग रिसाउने मानिसले मूर्खता बढ़ाउँछ र खुल्लमखुल्ला प्रदर्शन गर्छ र उच्च पार्छ।

**हितोपदेश १४:३०:** यहाँ स्वस्थ, निरोगी हृदय भन्नाले सन्तुष्ट मन बुझिन्छ। यसकारण श्री नोक्सले यो पद यस प्रकारले अनुवाद गरेका छन्ः 'मनको शान्ति शरीरको सुस्वास्थ्य हो।'

डाहा र क्रोध मानिसको स्वास्थ्यको निम्ति हानिकारक छन्। श्री डाक्टर पोल अडोल्फले यसको पुष्टि यसरी गरेका छन्ः

> 'मनोविज्ञानीहरूले के पत्ता लगाए भने, तन्त्रिका सम्बन्धी रोगहरूका मूल कारणहरू यस प्रकारका छन्, जस्तैः दोष्याउने खराब विवेक, आत्मग्लानि, क्षमा नदिने मन, डर, निराशा, दोधार, शङ्का, डाहा, स्वार्थ र साह्रै अल्छी लाग्ने जाँगरमरुवा आदि। तर दुःखलाग्दो कुरा के हो भने, यी मनोविज्ञानीहरूमध्ये धेरैजना छन्, जो मानिसको मनलाई खलबल पार्ने रोगहरूका मूलकारणहरू पत्ता लगाउन पूरा सक्षम भए, तर जसले यी रोगहरूको इलाज गर्नमा फेल खाए; किनभने तिनीहरूले परमेश्वरमाथिको विश्वासलाई आफ्नो दृष्टिकोण र आफ्नो इलाजमा कुनै भूमिका खेल्न दिएनन्।' 22)

**हितोपदेश १४:३१:** जसले गरिबहरूबाट अनुचित फाइदा उठाउँछ, त्यसले तिनीहरूको सृष्टिकर्ताको अपमान गर्छ। यस विषयमा श्री चोर्च हेर्बर्टले यसो भनेका छन्ः

> 'मानिस परमेश्वरको प्रतिरूप हो, तर गरिब मानिस ख्रीष्ट येशूको रूप र छाप हो।'

यस पदको दोस्रो भागको अर्थ यस प्रकारको छः जसले अभावग्रस्त मानिसहरूलाई दया देखाउँछ, उसैले परमेश्वरको आदर गरेको हुन्छ।

**हितोपदेश १४:३२:** 'जब दुष्ट मानिसले आफ्नो दुष्टताको सट्टामा दुष्टताको कटनी गर्छ, तब त्यसको अन्त हुनेछ; तर धर्मी जनको निम्ति मृत्युको मुखमा पुगेको बेलामा पनि

आशा छ।' (नोक्सको भाव-अनुवाद-अनुसार)। यहूदा इस्करयोतीको दुःखद अन्त यस पदको पहिलो खण्डको उदाहरण हो भने, प्रेरित पावल यस पदको दोस्रो खण्डको उदाहरण हुन्।

**हितोपदेश १४:३३:** *'समझदार मानिसको हृदयमा बुद्धिले वास गर्छ।'* यस वाक्यको अर्थ कि त **क)** उसको हृदय बुद्धिको घर बनेको छ; कि त **ख)** समझदार मानिसले आफूले जानेको जति विना उचित कारण प्रस्तुत गर्दैन, तर मनमा राख्छ।

यस पदको दोस्रो खण्डमा अर्थ लगाउन गाह्रो छ। यसको सम्भवतः अर्थ यस प्रकारको छः **क)** मूर्ख मानिसहरूको मनमा जे छ, त्यो सबै तत्कालै प्रकट हुन्छ। **ख)** मूर्ख मानिसहरूको हृदयमा बुद्धि के हो, सो विदितै हुँदैन (आर.एस.वी.को अनुवाद-अनुसार)। **ग)** बुद्धिले निक्कै हल्ला गर्नुपर्छ, नत्र ता मूर्ख मानिसहरूले यो चालै पाउँदैनन् (बेक्र्ली)।

**हितोपदेश १४:३४:** देशले उन्नति गर्नु हो भने, यसका राजनेताहरू इमानदार र चरित्रवान् हुनुपर्छ। तिनीहरूको धार्मिकताको निम्ति तिनीहरूको नाम चल्नुपर्छ। भ्रष्टाचार, घूसखोरी, भाइभतिजावाद, फोहोर चालहरू, काण्डहरू र सबै प्रकारका अधर्महरू देशको निम्ति कलङ्क हुन्।

**हितोपदेश १४:३५:** शासकले बुद्धिमानीसाथ काम गर्ने कर्मचारीमाथि कृपाको नजर लगाउँछन्, जस्तै यूसुफ, मोर्दकै र दानियल। तर शर्ममा पार्ने कर्मचारीको विरोधमा तिनको क्रोध दन्किन्छ। 'राजाले सक्षम मन्त्रीलाई निगाह देखाउँछन्; तिनको रिस अयोग्य हुनेहरूको निम्ति हो' (मोफ्फत)।

**हितोपदेश १५:१:** यस अध्यायका धेरै हितोपदेशहरू हाम्रो बोलीवचनको विषयमा छन्। नरम जवाफचाहिँ शान्त जवाफ, मिल्न चाहने जवाफ हो, अनि यस्तो विनम्र जवाफले क्रोधलाई बम्कनदेखि रोक्छ, र क्रोधको आगोमाथि पानी हाल्छ। तर जसको जवाफ रूखो हुन्छ, त्यसले अर्को व्यक्तिमा उसको शारीरिक स्वभाव उत्तेजित पार्छ, र नभन्दै एउटा ठूलो तिक्त झैझगड़ा मच्चिन्छ। यस सिलसिलामा श्री चार्लस एच. स्पर्चनले निम्न रमाइलो उदाहरण पेश गरेका छन्:

> 'बितेको समयमा जुन ठाउँमा म बसें, त्यहाँ मेरो घर र मेरो छिमेकीको जमिनको बीचमा एउटा थोत्रो बार थियो। अनि त्यस छिमेकीको एउटा कुकुर थियो, जुन कुकुर आफ्ना खुट्टाले मेरो बारी बेसरी खनजोत गर्थे र मेरा फूल र सब्जीका कलिला बिरुवाहरू बिगार्थ्यो। अब एक साँझमा, म घरतिर आइरहेको थिएँ र मैले त्यस कुकुरलाई मेरो बारीमा उत्ताउलो गरिरहेको देखें। म त्यहाँदेखि अझ केही टाढ़ो थिएँ, यसैले मैले एउटा हाँगाको टुक्रा उठाएर त्योतिर फ्याँकें र त्यसलाई गाली गरेर "घर जा" भन्ने कड़ा आदेश दिएँ। तर त्यो कुकुर घर कहाँ गयो र, त्यसले त यो काठको टुक्रा भुइँबाट टिप्यो र मुखमा लिएर त्यो सीधा मकहाँ आयो, र आफ्नो पुच्छर हल्लाउँदै त्यसले यो काठको टुक्रा मेरा पाउनेर राख्यो र एकदम खुशी भई आफ्नो अनुहार मतिर उठायो। तब मैले त्यसलाई गाली गर्न सकिनँ, किनभने म त्यसको मायासित हारें। तर त्यसलाई थप्काथप्की दिएर मैले त्यसलाई "स्याबास, कालु!" भन्दै त्यसलाई अघि गाली गरेकोमा पछुतो गरें।' 23)

**हितोपदेश १५:२:** बुद्धिमान् मानिसको मुख हामीलाई निरन्तर उपकारी जानकारीहरू दिँदै गर्ने एउटा मुहान हो; किनभने उसले कहिले र कहाँ के र कसरी भन्नुपर्छ, सो जान्दछ। तर आम्मै हो, मूर्ख मानिसहरूको मुखबाट फोहोर बाढ़झैं मूर्खता उकेलिन्छ।

**हितोपदेश १५:३:** परमेश्वर सर्वज्ञ हुनुहुन्छ; उहाँ सबै कुराहरू जान्नुहुन्छ। उहाँका आँखाहरू हरेक ठाउँमा छन्। उहाँको सामु कुनै कुरा लुक्नै सक्दैन। खराब र असल

मानिसहरूले बोलेको हरेक शब्द, तिनीहरूले गरेको हरेक काम, तिनीहरूले सोचेको हरेक विचार र तिनीहरूको मनको हरेक अभिप्रायको जानकारी उहाँसँग छ; किनभने उहाँले सबै मानिसहरूलाई निरन्तर निहार्दै हुनुहुन्छ। यही कारणले राजा दाऊदले यसो भन्दै उद्घोषणा गरेः *'यस्तो ज्ञान मेरो लागि अति अचम्मको छ, यो अति उच्च छ; म त्यहाँसम्म पुग्नै सक्दिनँ'* (भजन १३९:६)।

**हितोपदेश १५:४ः** स्वास्थ्यकर, दयालु, विनीत बोलीवचनले ताजा तुल्याउँछ, मलमपट्टि गर्छ, शान्ति दिन्छ र जागृत गराउँछ। तर हाय! टेढ़ामेढ़ा, अमङ्गलकारी, हानिकर बोलीले चोट मात्र पार्नु त के, आत्मालाई पो तोड़िदिन्छ।

**हितोपदेश १५:५ः** यस मूर्खको विषयमा हामीले अघि पढ़िसक्यौं। त्यसले आफ्नो बुबालाई कालग्रस्त, तिनको विचार पुरानो जमानाको सम्झन्छ र तिनको शिक्षा व्यर्थ ठान्छ। तर बुद्धिमान् छोराले बुबाको हप्की ग्रहण गर्छ र यसबाट लाभ उठाउँछ। ऊ समझदार छोरा हो, अनि अझ समझदारी हुँदै जान्छ।

**हितोपदेश १५:६ः** *'धर्मी जनको घरमा प्रशस्त धन हुन्छ।'* जस-जसले भक्त जनको परिवारमा हुर्कन पाएका छन्, उनीहरू यस वाक्यमा प्रस्तुत गरिएको सत्यताको निम्ति साक्षी बस्न सक्छन्। उनीहरूका बुबा-आमाहरू भौतिक हिसाबले धनी थिएनन् होलान्, तर छोराछोरीहरूले तिनीहरूबाट प्राप्त गरेको आत्मिक पैतृक सम्पत्तिको मूल्य ज्यादा हुन्छ।

अनैतिक प्रकारले र बेइमानीसाथ प्राप्त भएको धनको साथ त्यस नकच्चरो मानिस र त्यसको परिवारमाथि समस्या र कष्ट आउँछ। यसको उदाहरण आकान हो (यहोशू ७)।

**हितोपदेश १५:७ः** बुद्धिमान् मानिसको बातचितमा प्रशस्त हितकारी ज्ञान र जानकारीहरू पाइन्छ। तर मूर्ख मानिसले कसैको उन्नति गर्दैन, किनकि त्यसको मन-मस्तिष्क रित्तो हुन्छ।

**हितोपदेश १५:८ः** *'दुष्टहरूको बलिदान परमप्रभुको निम्ति घृणित हो।'* सच्चाइविना जुनसुकै धार्मिक संस्कार र धार्मिक क्रिया व्यर्थ हो भन्ने कुरा यस वाक्यले सिकाउँछ। दुष्ट मानिसले प्रभुको निम्ति महङ्गा-महङ्गा बलिहरू चढ़ाउन सक्छ; तर परमेश्‍वर यी बलिहरूमा खुशी हुनुहुन्न। सर्वप्रथम मानिसको जीवन शुद्ध भएको उहाँको चाहना हो। *'आज्ञापालनचाहिँ बलिदानभन्दा उत्तम हो'* (१ शमूएल १५:२२)। इमानदार मानिसको विनम्र प्रार्थनामा परमेश्‍वर प्रसन्न हुनुहुन्छ। *'टुटेको आत्मा नै परमेश्‍वरका बलिदानहरू हुन्; हे परमेश्‍वर, तपाईं टुटेको र पश्चात्तापले चूर्ण हृदयलाई तुच्छ ठान्नुहुन्न'* (भजन ५१:१७)।

**हितोपदेश १५:९ः** दुष्ट मानिसको चाल परमप्रभुको निम्ति अति घृणित कुरा हो। उहाँले त्यस मानिसलाई प्रेम गर्नुहुन्छ, जो उहाँको वचनअनुसार आज्ञाकारी जीवन जिउँछ।

**हितोपदेश १५:१०ः** यो नीतिवचन दुई प्रकारले बुझ्न सकिन्छ। एक, यसले दुईजना मानिसहरूलाई बयान गरेको हुन सक्छः एक मानिस छ, जसले सठीक बाटो छोड़ेर पथभ्रष्ट भएको छ; अर्को मानिस छ, जसले हप्की घृणा गर्छ। पहिलो व्यक्तिको सजाय कड़ा अनुशासन हो भने, दोस्रो व्यक्तिको दण्ड मृत्यु हो। कि त यस पदले एकै मानिसको विषयमा कुरा गरेको पनि बुझ्न सकिन्छ। पहिले त्यसले ठीक बाटो छोड़ेकोले त्यो कड़ा अनुशासनमा पर्छ; तर अनुशासनबाट केही शिक्षालाभ नगरेको हुनाले त्यो मर्छ। अनि

दोस्रो व्याख्या हिब्रू कविताको रचनाको समरूपताको नियमको माग हो।

**हितोपदेश १५:११:** अधोलोक र विनाशचाहिँ मृत्युपारको परलोकको निम्ति सङ्केतात्मक नाम हुन्। कसैको मृत्यु हुँदा र त्यसपछि के हुने हो, सो कुरा परमेश्वर जान्नुहुन्छ भने, त उहाँले यस पृथ्वीमाथि जिउने मानिसहरूका हृदयभित्र गुप्त राखिएका कुराहरू किन नजान्ने? उहाँले यो कुरा झन् बढ़ी जान्नुहुन्छ। *'उहाँको सामु, जसलाई हामीले हिसाब बुझाउनु छ, सबै थोकहरू नाङ्गा र खुला हुन्छन्'* (हिब्रू ४:१३)।

**हितोपदेश १५:१२:** गिल्ला गर्नेले सुधार अन्यथा लिन्छ, र रिसाउँछ। अनि त्यो सल्लाह लिन बुद्धिमान् मानिसकहाँ जाँदैन; त्यो बरु त्यस मानिसकहाँ जाला, जसको सल्लाह त्यसले सोचेको र सुन्न चाहेको जस्तो हुन्छ। तर यस प्रकारको नीतिमा हारैहार छ। यस व्यवहारले त्यो त हठधर्मी हो भन्ने कुरा झन् पुष्टि गर्छ; त्यसको निम्ति यो प्रगतिको चिहान हो।

**हितोपदेश १५:१३:** उज्यालो अनुहारले आनन्दित हृदय प्रतिबिम्ब गर्छ, तर टुटेको हृदयको नराम्रो असर गहन हो। निराशा, उदास र अवसाद यसको खराब नतिजा हुन्छ।

**हितोपदेश १५:१४:** ज्ञानले पूर्ण सुविज्ञ मानिसहरू ज्ञानको खोजीमा लागिपरेका व्यक्ति हुन्, जसले सिक्न कहिल्यै छोड्दैनन्। तर मूर्खहरूको मुख सुस्त पाराले मूर्खता चपाउँछ र मूर्खता नै चुस्छ। यसरी बुद्धिमान् मानिसहरूले अझ बुद्धिमान् हुनेछन् र मूर्ख मानिसहरू झन् मूर्ख, अँ, परममूर्ख हुन जानेछन्।

**हितोपदेश १५:१५:** यस पदमा निराशवादी र आशावादी आपसमा तुलना गरिन्छन्। निराशवादी सधैं अधोमुखी, घोसेमुन्टे हुन्छ; त्यो मानिस खिन्न, डराउने र नकारात्मक हुन्छ। तर आशावादीचाहिँ कहिल्यै नडुब्ने मस्तराम हुन्छ। उसले जीवनबाट पूरा आनन्द लिन्छ।

**हितोपदेश १५:१६:** गरिब ख्रीष्ट-विश्वासीचाहिँ चिन्ताले ग्रस्त धनवान्भन्दा उत्तम हो। धनसम्पत्तिमा समस्याको अङ्कुसे लगाइएको हुन्छ। तर विश्वासको जीवनचाहिँ निष्फिक्रीको जीवन हो।

**हितोपदेश १५:१७:** प्रेमको वातावरणमा सादा दालभात मीठो हुन्छ भने, झगड़ाको परिवेषमा मासुभात वा घिउभात खाएकोमा के लाभ हुन्थ्यो, के आनन्द आउँथ्यो र? मोफ्फतको अनुवादमा यस पदको बोल यस प्रकारको छः 'वैरभावको साथ टक्राइएको खसीभातभन्दा दालभात मीठो हुन्छ।'

पोसाएको खसीचाहिँ खोरमा हुर्किएको र सदैव दाना खाएको हुनाले त्यसको मासु सबैभन्दा मीठो, नरम, चपाउन सजिलो हुन्छ।

लेखक श्री जोसेफ आर. सिजूले यसो भनेका छन्:

> 'एक समयमा म आफ्नो छिमेकी शहरमा पुगें, र मैले अमेरिकाभरि अघि कहिल्यै नदेखेको सबैभन्दा दामी भवनमा बस्न पाएँ। त्यस भव्य महलमा इटालीको अगेनु थियो, बेल्जमका बुट्टादार पर्दाहरू, पर्सियाका गलैंचाहरू र मूल्यवान् तस्वीरहरू थिए। तब मैले मलाई त्यहाँ ल्याउने साथीलाई भनें: "अहो, यस भवनमा जिउन पाउने मानिसहरू कति सुखी भएको हुनुपर्छ!" "तिनीहरू अलिकति पनि सुखी थिएनन्" भनेर तिनले मलाई जवाफ दिए। "तिनीहरू करोड़पति त थिए, तर पतिपत्नीको बीचमा बोलचाल थिएन। यहाँ सधैं घृणाको अड्डा हुन्थ्यो; किनभने तिनीहरूमा परमेश्वरको निम्ति र एक-अर्काको निम्ति प्रेमै थिएन।"
>
> Our Daily Bread-बाट उद्धृत गरिएको

**हितोपदेश १५:१८:** रिसाहा मानिसले अवश्य झगड़ा मच्च्याउँछ-मच्च्याउँछ; यसमा शङ्का छैन। तब हामी बुद्धिमान्

हुनुपर्छ; हामी झगड़ाबाट उम्कन जान्नुपर्छ र झगड़ा शान्त पार्न सक्षम हुनुपर्छ।

**हितोपदेश १५ः१९ः** अल्छी मानिसको बाटोमा हर प्रकारका अल्झोहरू हुँदा रहेछन्, जुनचाहिँ त्यसले केही नगरेका बहाना र निहुँ हुन्। तर इमानदार मानिसको बाटो सम्मा हुन्छ, राजमार्गजस्तै।

**हितोपदेश १५ः२०ः** चरित्रवान् छोरा आफ्ना बुबाको निम्ति ठूलो आनन्दको कारण हुन्छ। तर हठी छोराले आफ्नी आमालाई पिरोल्छ; किनभने त्यसले तिनको अपमान गर्छ, तिनको आज्ञा भङ्ग गर्छ र तिनका आँसुहरू बेवास्ता गर्छ।

**हितोपदेश १५ः२१ः** बुद्धिहीन मानिसले आफ्नो मूर्खताबाट आनन्द लिन्छ। त्यसको निम्ति योजस्तो राम्रो कुरा अरू के छ र? तर बुद्धिमान् मानिसको आनन्द संयमी जीवनको नैतिकताबाट पाउँछ। भुनी आहालमा खेलीबुड़ी गरेकोबाट आनन्द पाउँछ भने, भेड़ा हरियो खर्कमा रमाउँछ।

**हितोपदेश १५ः२२ः** कसैको सल्लाह नलिईकन काम गर्ने मानिसहरूका योजनाहरू फेल खान र खेर जान प्रायः केही बेर लाग्दैन। यसो हो भने, बढ़ी जानकारी र परामर्श पाउनु समुचित छ। किनभने अनुभावी मानिसहरूले हामीलाई खतरा र समस्याहरूबाट होशियार तुल्याउन सक्छन् र हामीलाई कुनै काम विशेषको निम्ति अपनाउनुपर्ने सबैभन्दा असल तरिका बताउन सक्छन्।

**हितोपदेश १५ः२३ः** इमानदारीसाथ लाभदायक जवाफ दिन पाएकोमा ठूलो आनन्द हुन्छ। अनि समयअनुकुल शब्द बोलेको कति राम्रो, कति बढ़िया!! समयअनुकुल बोल्नु भनेको कुनै विशेष समस्या समाधान गर्न चाहिएको, ठीक समयमा बोलिएको वचन बुझिन्छ। यस सन्दर्भमा यशैया ५०ः४ पद पढ़्नुहोस्, जहाँ यसो लेखिएको छः *'थकितलाई मैले कसरी ठीक समयमा वचन बोलेर सहायता दिनु हो, सो जान्न परमप्रभुले मलाई शिष्यहरूको जिब्रो दिनुभएको छ।'* प्रभु येशूले यस प्रकारले बोल्नुभयो र समयअनुकुल र आवश्यकताअनुसार बोल्न जान्नुहुन्छ। अनि हामीचाहिँ?

**हितोपदेश १५ः२४ः** बुद्धिमान् मानिसको बाटो उँभो-उँभो जान्छ, र जीवनमा पुर्‍याउँछ। उँधो मृत्यु र विनाश, अँ, नरकमा पुर्‍याउने बाटो पनि छ, जुन बाटोबाट हामी जुनै हालतमा पनि उम्कनुपर्छ। याद रहोस्ः मानिस-जातिको निम्ति दुईवटा बाटोहरू मात्र छन्ः जीवनमा पुर्‍याउने साँघुरो बाटो र अनन्त विनाशमा पुर्‍याउने फराकिलो मार्ग। दुईवटा लक्ष्यहरू मात्र छन्।

**हितोपदेश १५ः२५ः** परमप्रभु स्वयम्ले घमण्डी र अहङ्कारीको घर नष्ट गर्नुहुनेछ; तर उहाँले विधवाको सिमाना सुरक्षित राख्नुहुनेछ। तब उसको थोरै जमिन लुट्न खोज्नेलाई, उसको थिचोमिचो गर्नेलाई हाय!

**हितोपदेश १५ः२६ः** दुःसाहसी, सरम पचेका मानिसहरूका दुष्ट योजनाहरूबाट परमप्रभुलाई पूरा अमन हुन्छ; तर शुद्ध मानिसहरूका शब्दहरूमा उहाँ प्रसन्न हुनुहुन्छ।

**हितोपदेश १५ः२७ः** यस पदको सन्दर्भ ती न्यायकर्ता वा सरकारी कर्मचारी होलान्, जसले आफ्नो खातामा घूसको रास लाएका छन्। यसरी न्याय बिगारिन्छ र तिनको चरित्र नष्टभ्रष्ट हुन्छ। हो, तिनले आफ्नो घरपरिवारलाई असंख्य कष्ट दिन्छन्। घूसबाट पूरा अलग बस्नुहोस् र सामान्य जीवनको आनन्द उपभोग गर्नुहोस्!

**हितोपदेश १५ः२८ः** ज्ञानी मानिस त्यो हो, जसले बोल्नुभन्दा अघि विचार गर्छ। ठीक जवाफ दिन उसले पहिले मनमनमा विचार गर्छ। भक्तिहीन मानिसले जब आफ्नो मुख खोल्छ, तब त्यसबाट निन्दा, गाली, फोहोर र नीच, निकम्मा बोलीको बाढ़ निस्कन्छ।

**हितोपदेश १५ः२९ः** *‘परमप्रभु दुष्टहरूबाट टाढ़ा रहनुहुन्छ।’* कसरी ? उहाँ तिनीहरूसित सङ्गत गर्नुहुन्न, र तिनीहरूको प्रार्थना सुन्नुहुन्न। हुन त, सायद तिनीहरूले उहाँलाई पुकार गर्दै-गर्दैनन् होलान्। तर ख्रीष्ट-विश्वासीहरूको कुरा अर्को छः उनीहरूले सृष्टिको मालिक सर्वशक्तिमान् परमेश्वरको उपस्थितिमा प्रवेश पाउँछन्, र अनुग्रहको सिंहासनको सामु उनीहरूको प्रार्थनाको सुनाइ हुन्छ। *‘हामीलाई थाहै छ, कि परमेश्वरले पापी मानिसहरूको प्रार्थना सुन्नुहुन्न; तर कसैले परमेश्वरको डर मान्छ र उहाँको इच्छा पालन गर्छ भने, उहाँले उसको प्रार्थना सुन्नुहुन्छ’* (यूहन्ना ९ः३१)।

**हितोपदेश १५ः३०ः** जसको अनुहार चम्कन्छ, उसको आनन्द अरूमा सर्छ। उससँग जस-जसको भेटघाट हुन्छ, तिनीहरू सबै खुशी हुन्छन्। अनि अर्कोतिर, असल समाचारले समाचार सुन्ने मानिसको सम्पूर्ण हाल र चाल सुअसर गर्छ।

**हितोपदेश १५ः३१ः** जुन मानिसले साँचो जीवन-मार्गको विषयमा दिइएको सल्लाह ध्यानसित सुन्छ, त्यस मानिसले बुद्धिमान् मानिसहरूको बीचमा आफ्नो स्थान ओगट्नेछ। पवित्र बाइबलको शिक्षा र विशेष गरी सुसमाचारको शिक्षाचाहिँ ईश्वरीय जीवनदायक सल्लाह र हाम्रो निम्ति उहाँको परामर्श हुन्।

**हितोपदेश १५ः३२ः** तर यस्तो मानिस पनि छ, जसले ईश्वरीय शिक्षा ग्रहण गर्दैन; त्यस मानिसले आफूलाई तुच्छ ठानेको छ, र आफ्नो आत्माको मूल्य जानेको छैन। यो त झर्ना वा भिरपहराबाट हाम फालेर नाश हुनु हो। जसले हप्की ध्यानसित सुन्छ, उसले आफ्नो आत्माको ख्याल गर्छ र आफ्नो हित खोज्छ। योचाहिँ उसले गर्न सक्ने सबैभन्दा असल कुरा हो।

**हितोपदेश १५ः३३ः** परमप्रभुको डर मान्ने अभ्यास बुद्धि प्राप्त गर्ने तरिका हो। अनि नम्रताको पाठ सिक्नुचाहिँ आदर प्राप्त गर्ने माध्यम हो।

### ख) हितोपदेश १६ः१-२२ः१६ः धर्मी जनको जीवनशैलीले प्राप्त गरेको सहराना

**हितोपदेश १६ः१ः** यस अध्यायका पहिला एघारवटा पदहरूमा ‘परमप्रभु’ भन्ने शब्द नौ पल्ट लेखिएको पाइन्छ। मानिसले अघिबाट आफ्नो दिमागमा आफ्ना जुनसुकै अभिप्राय र जेजस्ता आकङ्क्षाहरू तयार गरोस्; यसमा केही पर्बाह छैन; किनभने परमप्रभु सर्वाधिकारी हुनुहुन्छ र आफ्ना उद्देश्यहरू पूरा गर्न मानिसहरूका योजना र शब्दहरूमाथि हस्तक्षेप गरेर तिनलाई पल्टाइदिनुहुन्छ। मानिसले योजना बनाउँछ, तर परमेश्वरको इच्छा पूरा हुनेछ।

बालाम यसको उदाहरण हुन्। तिनले इस्राएली जातिलाई सराप्न खोजे, तर तिनले करकापमा परेर आफ्ना वाणीहरू तिनी-हरूलाई आशिष पो दिए (गन्ती २२ः३८ र २३ः७-१०)।

अथवा प्रधान पूजाहारी कायफाको कुरा गरौं, जसले आफ्नो बुद्धिअनुसार नगरी एउटा दिव्य वाणी पो बोले (यूहन्ना ११ः४९-५२)। अनि हेरोद र पिलातसले प्रभु येशूको विषयमा जुन षड्यन्त्र रचेर पूरा गरे, त्यो षड्यन्त्र त परमेश्वरले अघिबाट ठहऱ्याउनुभएको उहाँको पूर्वयोजना पो थियो (प्रेरित ४ः२७-२८)।

सायद यस पदको अर्थमा निम्न कुरा समावेश गरे ठीक होलाः सतावटमा परेका परमेश्वरका जनहरूले अदालतमा के-के भन्छु भनेर अघिबाट धेरै प्रकारको तयारी गर्लान्, तर परमेश्वरले उनीहरूलाई चाहिएको बेलामा बोल्नुपर्ने सठीक शब्दहरू दिनुहुन्छ (मत्ती १०ः१९)।

**हितोपदेश १६ः२ः** मानिसका चालहरू उसका देख्न सकिने कामहरू हुन्; आफ्ना

कामहरूअनुसार उसले आफ्नो जाँच गर्छ र आफूलाई 'म ठीक छु' भनेर निर्दोष ठहऱ्याउँछ। तर परमेश्वरले उसका यी कामहरू कुन प्रेरणा र मनसायले गरिएका थिए, सो देख्नुभएको छ। *'आफ्ना भूल-चूकहरू कसले बुझ्न सक्छ र? मलाई गुप्त पापहरूबाट शुद्ध पार्नुहोस्!'* (भजन १९:१२)।

**हितोपदेश १६:३:** *'आफ्ना कामहरू परमप्रभुलाई सुम्पिदेऊ!'* हाम्रा आकङ्क्षा र लक्ष्यहरू के गरेर पक्का सफल हुनेछन्? सबैभन्दा असल तरिका यस प्रकारको छः हामीले आफ्ना कामहरू परमप्रभुकहाँ सुम्पनुपर्छ। हाम्रो सफलता यसैमा छ। श्री जे. एल्लन ब्लयरले हामीलाई निम्न सल्लाह दिएका छन्ः

'कतिपल्ट हाम्रो मनमा अशान्ति छ, र हामी निराश हुन्छौं; हो, प्रभुको सेवा गर्दाखेरि पनि हामीलाई यस्तो लाग्न सकिन्छ। तर के परमेश्वरले चाहनुभएको यो हो र? होइन, तर बुझ्नुहोस्ः परमेश्वरले शोकचिन्ताग्रसित हृदय-द्वारा काम गर्न सक्नुहुन्न। यसकारण प्रिय ख्रीष्ट-विश्वासीहो, के तपाईंको अवस्था यस्तै छ? तब तुरुन्तै आफ्नो काम रोक्नुहोस्, विचार गर्नुहोस् र आफूलाई यो प्रश्न गर्नुहोस्ः "यो काम कसको काम हो?" तपाईंले गर्नुभएको काम परमेश्वरको हो भने यसको चिन्ता नलिनुहोस्! अँ, कहिल्यै नबिर्सनुहोस्, कि उहाँको कामको जिम्मेवारी उहाँकै हो। यस सम्बन्धमा महत्त्वपूर्ण व्यक्ति ख्रीष्ट येशू हुनुहुन्छ, तपाईं होइन। उहाँ हामीद्वारा काम गर्दै हुनुहुन्छ। जब हाम्रा कामहरू हामीले सोचेको जस्तै चल्दैनन्, तब हामीले कसो गरे ठीक होला त? आउनुहोस्, हामी उहाँकहाँ जाऔं र उहाँलाई बताऔं! हामी यसमा चुक्यौं भने यो निश्चय हाम्रो अनाज्ञाकारिता ठहरिन्छ।' 24)

यस विषयमा यस प्रकारको प्रार्थना चढ़ाउन उचित छः

'हे प्रभु, मलाई यस्ता आँखाहरू दिनुहोस्, जुन आँखाहरूले हरेक कुरामा तपाईंको हात देख्न सकून्! मलाई यस्ता हातहरू दिनुहोस्, जसले निरन्तर तपाईंको सेवा गरून्, हरेक कुरामा तपाईंको मात्र सेवा गरून्! मलाई यस्तो एउटा हृदय दिनुहोस्, जसले तपाईंलाई सधैं सबै कुराहरूको निम्ति धन्यवाद चढ़ाओस् र तपाईंको गुणानुवाद गरोस्!'

Daily Notes-बाट उद्धृत गरिएको

**हितोपदेश १६:४:** यस पदमा गलत अर्थ नलगाऔं! परमेश्वरले कुनै मानिसलाई नाश हुनलाई सृष्टि गर्नुभएको होइन। पवित्र बाइबलले कहीं 'कति मानिसहरू परमेश्वर-बाट पूरा त्याग गरिएको' शिक्षा सिकाउँदैन। होइन, मानिसहरू नष्ट हुनु हो भने, यो तिनीहरूको रोजाइ हो, परमेश्वरको इच्छा र आज्ञा होइन।

यस पदले भन्न खोजेको कुरा यस प्रकारको छः हरेक कुरामा परमेश्वरको योजना, लक्ष्य र उद्देश्य हुन्छ। हरेक कार्यको निम्ति कुनै कारण हुन्छ; अनि हरेक कामको सुनिश्चित नतिजा वा सजाय हुन्छ-हुन्छ। यसकारण परमेश्वरको पूर्वठहरअनुसार दुष्टको निम्ति कुदिन आउँदैछ, जसरी परमेश्वरले उहाँलाई प्रेम गर्नेहरूको निम्ति स्वर्ग निर्धारित गर्नुभयो। 'परमप्रभुले बनाउनुभएको हरेक कुरामा कुनै न कुनै निर्धारित गन्तव्य राखिएको छ; अनि दुष्ट मानिसको निम्ति अन्तिम गन्तव्य विनाश हो' (टी.ई.वी.)।

**हितोपदेश १६:५:** मानिसको घमण्डबाट परमप्रभुलाई पूरा घिन लाग्छ। 'निश्चय नै त्यो दण्ड नपाई छोड़िनेछैन।' निश्चय नै भन्ने शब्दको अक्षरशः अनुवाद 'हातमा हात मिलाए ता पनि' हो। सन्दर्भअनुसार यस वाक्यांशको अर्थ निश्चय नै हुनुपर्ला। यसर्थ घमण्डी मानिसले दण्ड पाउनैपर्छ; त्यो त्यसै छोड़िदैन।

**हितोपदेश १६ः६ः** *'कृपा र सत्यताद्वारा अधर्म ढाकिनेछ।'* यस पदको शिक्षा हामीले पवित्र धर्मशास्त्र बाइबलमा अन्य ठाउँहरूमा यस विषयमा दिइएको शिक्षासित मिलाउनुपर्छ। मानिस कृपावान् र सत्यनिष्ठ हो भने उसले मुक्ति पाउँदैन। किनभने मुक्ति प्रभु येशूमाथि राखिएको विश्वासको फल, परमेश्वरको अनुग्रहको फल हो। तब कृपा र सत्यता मुक्ति पाएको मानिसमा देखा परे भने, यी सद्‌गुणहरू उससँग मुक्ति दिलाउने विश्वास छ भन्ने चिन्हहरूको रूपमा लिन सकिन्छ। कसैको अधर्म ढाकिनु हो भने, उसमा प्रभु येशूमाथि राखिएको विश्वास अनिवार्य रूपले हुनैपर्छ।

यस पदको दोस्रो भागले यो कुरा सुस्पष्ट पार्छ। किनभने परमप्रभुमाथि भरोसा गर्ने मानिसहरू विपत्ति र अरू अन्य खराबीहरूबाट उम्कनेछन्।

**हितोपदेश १६ः७ः** योजस्तै धेरै नीतिवचनहरू छन्, जसका शब्दहरू सामान्य नियमको रूपमा लिन सकिन्छ, तर अपवादहीन नियमको रूपमा होइन। धार्मिक जीवनले शत्रुतालाई हतियाररहित पारिदिन्छ। अथवा श्री अल्बर्ट बार्नसले भनेझैं 'भलाइको आकर्षण गर्ने शक्ति ठूलो छ; त्यसले आफ्ना शत्रुहरूलाई आफ्नो निम्ति जित्न सक्छ।'

अमेरिकाको सैन्य सचिव श्री एड्‌वीन स्टण्टोनले राष्ट्रपति श्रीमान अब्राहाम लिण्कल्नलाई पूरा अपमान गर्थे। तिनले उनलाई 'तुच्छ, धूर्त जोकर' वा 'आदि-गोरिल्ला' भन्ने निन्दापूर्वक नाम दिन्थे। 'गोरिल्ला कब्जा गर्न अफ्रिका जानुपर्दैन, केवल इलिनोइसको स्प्रिङफील्डमा जानुपर्छ' भनेर तिनले भने। तर राष्ट्रपति लिण्कल्नले कहिल्यै कुनै प्रतिशोधै गरेनन्। तर उनले तिनलाई झन् युद्ध मन्त्री पो तुल्याए; किनभने श्री स्टण्टोनको खुबी उनले जान्दथिए। तिनी यस कामको निम्ति पूरा सक्षम थिए।

निक्कै वर्ष बितेपछि अर्थात् इस्वी संवत् १८६५ सालमा राष्ट्रपति लिण्कल्नलाई हत्याराको गोली लाग्यो, र उनी मरे। राष्ट्रपति लिण्कल्नको मृत्‌शरीरको सामु उभिँदा श्री स्टण्टोनको अनुहारको मुद्रा झऱ्यो र तिनले आँसुको साथ स्वीकार गरेः 'हाय, संसारका सबैभन्दा महान् शासकको मृत्यु भएछ!'

**हितोपदेश १६ः८ः** इमानदारपूर्वक कमाएको साधारण आम्दानी ठीक छ; अधर्मको साथ वा छल गरेर प्राप्त गरिएको ठूलो कमाइमा के लाभ? यी दुईमा कुनचाहिँ उत्तम हो, सो आफूले भन्नुहोस्!

**हितोपदेश १६ः९ः** हामीले एक पदमा देखिसक्यौं, कि मानिसले आफ्नो जीवन-वृत्तिको निम्ति धेरै प्रयास गर्छ र ठूला-ठूला योजनाहरू बनाउँछ। तर हाम्रा यी योजनाहरू सफल हुन दिनु-नदिनुमा परमप्रभुको हात छ। उहाँले यो निर्धारण गर्नुहुन्छ। टार्ससको शाउलले दमस्कसमा बस्ने ख्रीष्ट-विश्वासीहरूलाई सताउने योजना गरे; तर अन्तमा तिनी आफै इसाई बने। ओनेसिमसले फिलेमोनलाई सधैंको निम्ति छोड्ने विचार गरे, तर परमेश्वरले उसलाई अघिभन्दा असल अवस्थामा तिनीकहाँ फर्काएर ल्याउनुभयो।

**हितोपदेश १६ः१०ः** राजाचाहिँ परमेश्वरको प्रतिनिधि हुन् (रोमी १३ः१); यसकारण तिनले गरेका आदेशहरू र निर्णयहरूमा अधिकार र उहाँको अनुमोदन छ; तिनको न्याय अन्तिम फैसला हो। यसकारण न्याय गर्दा राजाको मुखले अपराध गर्नुहुँदैन।

**हितोपदेश १६ः११ः** परमप्रभुको आइ.-एस.आइ-विभागको सचिव हुनुहुन्छ। उहाँ मानक संस्थानको प्रमुख हुनुहुन्छ। उहाँ ढकहरूको सठीक वजन र तराजुका साँचो मापदण्ड ठहऱ्याउनुहुन्छ। अनि जुन मानिसहरूले उहाँको मानक चलाउँछन्, तिनीहरूले उहाँको अनुमोदन पाउँछन् र उहाँबाट आशिष पाउँछन्।

**हितोपदेश १६:१२:** जुनसुकै मानिसले गरेको दुष्ट काम घृणित कुरा हो। तर राजाहरूले गरेको दुष्ट काम झन् बढ़ता घृणित कुरा हो; किनभने राजाहरू तिनीहरूको ठहर र ओहदाअनुसार परमेश्वरका प्रतिनिधि हुन्। यसकारण तिनीहरूको जिम्मेवारी अरू साधारण मानिसहरूको भन्दा ठूलो हो। तिनीहरूको सिंहासन धार्मिकतामा स्थापित भएको हुनुपर्छ; तब त्यो स्थिर रहन्छ।

यस पदको व्याख्यामा यो विचार पनि थपौं: राजाहरूको दृष्टिमा तिनीहरूको प्रजाबाट पूरा गरिएको जुनसुकै दुष्ट काम घृणित कुरा हो। जुनसुकै सरकार धार्मिकता-माथि बसालिएको हुनुपर्छ, नत्र त्यो कानुनी सरकार भनिँदैन, र सुव्यवस्थित सरकार भएको हुँदैन। किनकि जुन देश र ठाउँमा नैतिक स्तरहरू छोड़िन्छन्, त्यस देश र ठाउँमा अराजकता हुन्छ।

**हितोपदेश १६:१३:** सुशील राजाहरूले तिनीहरूलाई चिप्लो घस्नेहरूको चापलूसी र कपटपूर्ण वचनहरू सुन्न मन पराउँदैनन्, सुन्नै सक्दैनन्। भरपर्दो वचन बोल्ने विश्वासी मानिसहरू तिनीहरूको चाहना हो। यसकारण आउनुहोस्, हामी आपसमा खुला मनले सत्य बोलौं! र हाम्रा प्रभुलाई आफ्नो बोलीवचनले खुशी पारौं!

**हितोपदेश १६:१४:** राजाको रिस उठ्यो भने तिनले अपराधीहरूलाई प्राणदण्ड दिन केही बेर लाग्दैन। यसकारण जो बुद्धिमान् हो, उसले राजाको रिस विनाकारण उठाउँदैन, तर राजाको रिस शान्त पार्ने कोशिश गर्छ।

**हितोपदेश १६:१५:** राजा खुशी हुन् भने, तिनको अनुहारमा उज्यालो चमक देखिन्छ, जुन आनन्द दिलाउने प्रभाव तिनको सारा राज्यभरि पर्दछ। अनि तिनको कृपामा पछिल्लो वर्षा ल्याउने बादलहरूको ताजापन छ।

**हितोपदेश १६:१६:** बुद्धि र ज्ञानको तुलनामा भौतिक धन केही पनि होइन; किनभने धनसम्पत्ति एकैरातमा उड़िजान सक्छ, र घरिघरि यस्तो हुन्छ पनि। तर ईश्वरीय बुद्धि अनन्तसम्म रहिरहनेछ।

**हितोपदेश १६:१७:** पवित्रताको राज-मार्गमा लागिपरेको धर्मी जन पापको प्रभाव र त्यसको घेराबाट निस्कनुपर्छ। देब्रे-दाहिने कतै नलागेर यस राजमार्गमा लागिपर्नुहोस्, र तपाईंले आफ्नो जीवन र आफ्नो आत्मा हानि र दुर्भाग्यबाट जोगाउनुहुनेछ।

**हितोपदेश १६:१८:** अग्लो रूखमा बिजुली हान्छ; यसरी परमेश्वरले तिनी-हरूलाई होच्च्याउन जान्नुहुन्छ, जो अभिमानी हुन्छन्। आफूलाई श्रेष्ठ सम्झनेहरूले प्राय: तिनीहरूलाई विनम्र पार्ने कुनै न कुनै अनुभव गर्नैपर्छ; किनभने तिनीहरूको अहम्‌ले फुलिएको मनबाट हावा निकाल्नुपर्छ। ठूलो बेलुन फुटाउन सानो पिनले काम गर्छ।

लुसिफरको पतन त्यसको घमण्डको कारणले भएको हो। श्री मालोहको शब्दमा भन्नु हो भने, 'महत्त्व-आकङ्क्षा गरेको त्यसको अहङ्कार र अविनयले गर्दा परमेश्वरले त्यसलाई स्वर्गबाट निकाल्नु-भयो।'

**हितोपदेश १६:१९:** *'घमण्डीहरूसँग लुटको माल बाँड्नुभन्दा दीन जनहरूको साथमा नम्र मनको भई रहनु उत्तम हो।'* नम्र मनको हुनु र दीन जनहरूको सङ्गत गर्नु उत्तम कुरा हो। तर घमण्डी मानिसहरूसँग हामीलाई लाभ हुने कुराहरू के पो छन् र, जसको निम्ति हामीले तिनीहरूको सङ्गतिको चाह गर्नुपर्ने?

के तपाईं प्रथम हुन चाहनुहुन्छ? तब नम्र भई
अरूको सेवा गर्नुहोस्!
के तपाईं पद-उन्नति गर्न चाहनुहुन्छ? तब
ओरालो लाग्नुहोस्!
तपाईं जति नम्र र दीन हुनुभए पनि सर्वोच्च
तपाईंभन्दा अझै धेरै दीन हुनुभयो।

अनविज्ञको रचना

**हितोपदेश १६:२०:** परमेश्वरको वचन-माथि ध्यान दिनुभन्दा बुद्धिमान् कुरा अरू कुनचाहिँ हुन सक्छ? यसकारण उहाँको वचनमाथि ध्यान दिनुहोस्, र तपाईंले असल कुरा पाउनुहुनेछ। अनि *'जसले परमप्रभुमाथि भरोसा राख्छ, ऊ धन्यको हो।'* यसो हो भने, निम्न नीतिवचन सुन्नुहोस्: 'आफ्नो बाइबल पढ्नुहोस्, पढ़ेको कुरामाथि ध्यान दिनुहोस्, अनि यस दिव्य पुस्तकको लेखकमाथि भरोसा गर्नुहोस्!'

**हितोपदेश १६:२१:** बुद्धिमान् मानिसको विवेकशीलता र अन्तर्दृष्टिको खातिर उसको नाम चल्छ। अनि उसको मधुर बोलीले अरूलाई उसको कुरा सुनौं, अझै सुनिरहौं जस्तै पार्दछ। तिनीहरूले यस्तो मानिसबाट सिक्न चाहन्छन्। एन.ए.एस.बी.को अनुवाद अनुसार 'मधुर बोलीको प्रेरणा-शक्ति बढ़ी हुन्छ।'

**हितोपदेश १६:२२:** समझचाहिँ जीवनको पानीको मुहानको काम गर्छ, जसले समझ भएको मानिसलाई ताजापन दिलाउँछ। तर मूर्खताचाहिँ मूर्ख मानिसहरूको निम्ति कोर्राको काम गर्छ। तिनीहरूले आफ्नो मूर्खताबाट सजाय भोग्नेछन्। बेक्लींको अनुवादअनुसार 'मूर्खताचाहिँ मूर्ख मानिस-हरूको ताड़ना हो।'

**हितोपदेश १६:२३:** बुद्धिमान् मानिसको बोलीचाहिँ उसको हृदयमा भएको कुरा प्रकट गर्ने सूचक वा सङ्केत हो। उसको बोलीद्वारा उसको ज्ञान प्रस्तुत गरिन्छ। अनि उसले भनेका कुराहरूमा प्रभाव पार्ने प्रेरणा-शक्ति छ। ऊ अधिकारसित बोल्छ।

**हितोपदेश १६:२४:** दयालु वचन र मधुर शब्दहरूमा महको चाकाको गुण छ – यस्ता शब्दहरूले तालुमा मिठास दिन्छन् र हड्डीहरूको स्वास्थ्य बढ़ाउँछन्। श्री डेरेक किड्नरले यस प्रकारले भनेका छन्:

> 'हामी हरेकले दयालु, मित्रभावले बोलेको शब्द भन्न सक्छौं; यस प्रकारको शब्दद्वारा हामी अरू व्यक्तिको जीवनमा आशिषको कारण बन्न सक्छौं, उसको मनमा र उसको शरीरमा शुभ लाभ ल्याउन सक्छौं।'

श्री वाच्म्यान नीले यो कथा सुनाएका छन्: 'एउटी पत्नी थिइन्, जसको पतिले तिनलाई कहिल्यै कुनै प्रशंसा दिँदैनथिए, तिनको गुणगान गर्दैनथिए। यसकारण तिनले पत्नी र आमाको कर्तव्य ठीक प्रकारले पूरा नगरेकी अनुमान गरिन्। पछि तिनलाई क्षयरोग लाग्यो; हुन सक्छ, तिनको मनको चिन्ता र खिन्नताको कारणले यसो भएको थियो होला। अनि तिनको मर्ने बेलामा तिनको पतिले तिनलाई यसो भने: "तिमी-विना म कसो गरूँ? म त केही गर्न सक्दिनँ; किनकि तिमीले प्रायः सबै कुरा गरेकी; तिमीले कति असल गरेकी, यसको निम्ति शब्द छैन।" तब तिनले सोधिन्: "तपाईंले मलाई अघि यो किन नभन्नुभएको? मैले सधैं आफूलाई दोष्याउँथें; किनभने मैले तपाईंको मुखबाट कहिल्यै 'स्याबास तिमी' भन्ने शब्द सुन्न पाउँदिनथिएँ।" ' 25)

**हितोपदेश १६:२५:** यहाँ यस ठाउँमा हितोपदेश १४:१२ पद दोहोरिएको छ। यस कुरामा विशेष जोड़ दिन यसो गरिएको छ। किनकि धर्मकर्म गरेर वा असल चरित्र कायम राखेर मानिसहरू स्वर्ग पुग्न चाहन्छन्। तिनी-हरूको दृष्टिमा यो समुचित र न्यायसँगत देखिन्छ। तर सत्य कुरा के हो भने, स्वर्गचाहिँ प्रभु येशूमाथि विश्वास गरेर अनुग्रहद्वारा मुक्ति पाएका पापी मानिसहरूको निम्ति मात्र हो।

**हितोपदेश १६:२६:** *'जसले परिश्रम गर्छ, उसले आफ्नै निम्ति परिश्रम गर्छ; किनकि उसको मुखले उसलाई करमा पार्दछ।'* परिश्रम गर्ने मानिसले जान्दछ: 'मैले काम गरिनँ भने, मेरो खल्टी खाली र पेट रित्तो रहन्छ।' पैसाविना कुनै पसलबाट केही

अन्नपात पाइँदैन। यसकारण काम गर्न छोडूँ-छोडूँ लाग्ने बेलामा उसको भोकले उसलाई परिश्रम गर्ने प्रेरणा दिन्छ। यो कुरा आत्मिक क्षेत्रमा पनि लागू हुन्छ। जसले आफ्नो आत्मिक खाँचो बुझेको छ, यस कुराले उसलाई परमेश्वरको वचन पढ्ने र प्रार्थना गर्ने प्रेरणा दिइरहन्छ।

**हितोपदेश १६:२७:** अबको चारवटा पद-हरूको खण्डमा विभिन्न प्रकारले दुष्टताको नक्सा कोरिएको छ (हितोपदेश १६:२७-३०)। पहिले हाम्रो सामु एउटा भक्तिहीन मानिसलाई पेश गरिन्छ, जसले खराबी खनेर निकालेको छ। त्यसका ओठहरू जल्दै गरेको आगोजत्तिकै हुन्छन्, जुनचाहिँ पोल्छ, डढ़ाउँछ, चित्त दुखाउँछ र चोट पार्छ।

**हितोपदेश १६:२८:** टेढ़ामेढ़ा मानिसले साँचो कुरामाथि ओढ्ने लाएर होस् वा ओझेल पारेर होस्, झूट बोलेर जुनै तथ्य बिगारिदिन्छ। झगड़ाको बीउ छरेर त्यसले कलह मच्च्याउँछ। कानेखुसी गर्ने खुसामदीले साथीहरूको बीचमा फाटो ल्याउँछ।

**हितोपदेश १६:२९:** अत्याचारी मानिसले आफ्नो छिमेकीलाई कुबाटोमा लगाउन खोज्छ; किनभने त्यसले आफ्नो अपराधको निम्ति उसलाई साथी बनाउन कोशिश गर्छ (रोमी १:३२)।

**हितोपदेश १६:३०:** अनुहारको मुद्रामा कुनै दुष्ट अर्थ हुन सक्छ। आँखा झिम्काएर कसैले कुनै टेढ़ा कुरा गर्नको निम्ति मौन सहमति दिएको सम्भव छ। दबाएका ओठहरूद्वारा कसैले कुनै काम पूरा गरिछाड्ने आफ्नो दृढ़ संकल्प प्रकट गर्ला।

**हितोपदेश १६:३१:** यस पदमा 'यदि .. भने' थपिएको हुनाले यी शब्दहरू हटाउन बेस हुनेथियो। फुलेको केशचाहिँ दीर्घायुको निम्ति प्रयोग गरिएको परिभाषा हो। लामो आयुचाहिँ धार्मिक जीवनको निम्ति दिइएको इनाम हो; यसैले यहाँ, यस ठाउँमा दीर्घायुले धर्मी जनको महिमाको मुकुट अर्थात् उसको शोभाको रूप लिएको छ। यसो हुनाले हितोपदेश १६:३१ पदले भजन ५५:२३ पदको ठीक विपरीत कुरा व्यक्त गरेको छ, जहाँ यसो लेखिएको छः *'खूनी र छली मानिसहरू आधा आयुसम्म पनि बाँच्नेछैनन्।'*

**हितोपदेश १६:३२:** जुन मानिसले आफ्नो रिस दमन गरेर नियन्त्रण गर्न सक्छ, त्यो मानिस शूरवीर मानिन्छ र युद्ध जित्ने विजेताभन्दा महान् हो। किनभने आफ्नो रिसमाथि विजय पाउन गाह्रो, तर कुनै शहर कब्जा गर्न बरु सजिलो पर्छ। तपाईंले यो कुरा पत्याउनुहुन्न भने, आफ्नो रिस दमन गर्ने कोशिश गर्न थाल्नुहोस्!

> 'रूस देशका सम्राटहरूमा महान् पिटर नामक जार थिए, जो सबैभन्दा पराक्रमी शासक थिए। तर तिनी आफ्नो रिससित हारे; किनभने रिसको झोकमा तिनले आफ्नो मालीलाई हिर्काए, र केही दिनपछि त्यस मालीको देहान्त भयो। तब अफसोस भएका महान् सम्राटले भनेः "हाय मलाई, किनकि मैले अरू राष्ट्रहरू त जिते, तर मैले आफूलाई चाहिँ जित्न सकिनँ!" ' 26)

**हितोपदेश १६:३३:** पुरानो समयभरि र पेन्टेकोष्टको दिनसम्म पनि चिट्ठा हाल्न पाइन्थ्यो। यो त परमेश्वरको इच्छा जान्ने न्यायसँगत तरिका थियो। यसो हेर्दा चिट्ठा हाल्दाखेरि संयोगको फल निस्कन्छ भन्ने बढ़ी सम्भव भएको देखिन्छ। तर यसो हुँदैनथियो; किनभने त्यस समयमा चिट्ठा हाल्ने काममा परमप्रभु हस्तक्षेप गर्नुहुन्थ्यो र चिट्ठाद्वारा आफ्नो अगुवाइ प्रकट गर्नुहुन्थ्यो।

वर्तमान समयमा पवित्र बाइबलमा परमेश्वरको सम्पूर्ण वचन हामीलाई दिइएको छ, जुन पवित्र बाइलबमा हाम्रो निम्ति रूपरेखाको रूपमा परमेश्वरको इच्छा प्रकट भएको हो। अनि जब हामीलाई विशेष अगुवाइको खाँचो पर्छ, जुन कुराको विषयमा

पवित्र बाइबलमा केही लेखिएको छैन, तब हामीले उहाँको इच्छा जान्नको निम्ति प्रार्थनामा समय बिताउनुपर्छ। तब हामी परमप्रभुबाट सठीक निर्देशन र फैसला पाउनेछौं।

**हितोपदेश १७:१:** रस्क वा आगोमा सेकिएको पाउरोटीको टुक्रामा आशिष छ, जब त्यो रोटी आरामको वातावरणमा खाइन्छ। सुन्दर भवनमा भोजको वातावरणमा भव्य भोजन खानु के काम, जुन अवसरमा झगड़ा र अशान्तिको परिवेश छ।

**हितोपदेश १७:२:** शर्ममा पार्ने छोराभन्दा बरु सक्षम दासको पदोन्नति हुन्छ। यसकारण राजा सुलेमानको कर्मचारी यारोबामचाहिँ इस्राएली जातिका दसवटा कुलहरूमाथि अधिकार जमाउन सके, जब सुलेमानका छोरा रहबामको हातमा केवल दुईवटा कुलहरू रहे।

विश्वासयोग्य सेवकले आफ्ना मालिकका छोराहरूको साथमा तिनीहरूको हिस्सासित बराबर अंश पाउने गर्थ्यो। अब्रामको विषयमा लामो समयसम्म के देखिन्थ्यो भने, तिनको नोकर तिनको एकमात्र उत्तराधिकारी हुनेथियो (उत्पत्ति १५:२-३)।

**हितोपदेश १७:३:** कुन कुरा कुनै घरिया वा भट्टीले पूरा गर्न सक्दैन, त्यो कुरा गर्न परमेश्वर सक्षम हुनुहुन्छ। घरिया र भट्टीले सुन र चाँदी जाँच्छन्, तर परमप्रभुले हृदयको तलाश गर्नुहुन्छ। अनि हाम्रो परीक्षा गर्दा-गर्दै उहाँले हामीलाई खार्नुहुन्छ, हाम्रो जीवनबाट धातुको कस र मैला निकाल्नुहुन्छ र हाम्रो जीवन शुद्ध पार्नुहुन्छ; उहाँले हाम्रो जीवनबाट उहाँको रूपको प्रतिबिम्ब नदेखेसम्म हामीलाई खार्दै रहनुहुन्छ।

> तिमी हिँड्नुपर्ने बाटो आगोको भट्टीबाट भएर जान्छ भने याद राखः मेरो अनुग्रह, त्यो सधैंभरि पर्याप्त अनुग्रह तिमीलाई सम्हाल्ने तिम्रो भरिपूर्ण भण्डार हुनेछ;
>
> आगोको भट्टीको ज्वालाले तिमीलाई डढ़ाउनेछैन, हानि गर्नेछैन; नडराऊ!
>
> किनकि म तिम्रो जीवनबाट धातुको मैला मात्र निकाल्नेछु, तिम्रो सुन विशुद्ध, निखुर सुन तुल्याउनेछु।
>
> श्री जर्च कीथ

**हितोपदेश १७:४:** कुकर्मीले झूट बोल्ने मानिसहरूको कुरामा ध्यान दिन्छ। अचम्म, त्यसले झूट सहर्षसाथ कसरी स्वागत गर्छ?! त्यसले तत्परसाथ आधारहीन अफवाह र होहल्ला ग्रहण गर्छ, कसरी? त्यसले झूटो दोष पत्याउँछ, कसरी? अनि झूट बोल्नेहरूको विषयमा कुरा कस्तो छ? तिनीहरूले काण्ड, निन्दाजस्तै कुरा सुन्न मन पराउँदा रहेछन्; हो, तिनीहरूले द्वेषपूर्ण, हानिकारक जिब्रोतिर कान लगाउँछन्। मानिसको हृदय कस्तो छ, सो कुरा नापजोख गरेर प्रकट गर्ने यन्त्र यो बातचित ठहरिन्छ, जुन बातचित त्यस मानिसको दैनिक आहार हुन्छ।

**हितोपदेश १७:५:** हामीले हितोपदेश १४:३१ पदमा देखिसक्यौं, कि जुन मानिसले गरिबहरूलाई हेप्छ, त्यस मानिसले उसको सृष्टिकर्ताको अपमान गरेको हुन्छ (याकूब ५:१-४)। अनि जुन निर्दयी मानिसले अरूका विपत्तिहरूमा आनन्द लिन्छ, त्यस मानिसलाई प्रभुले निश्चय दण्ड दिनुहुनेछ। किनकि यी विपत्तिहरू मानिसहरूमाथि आइपर्दा तिनीहरू अवश्य गरिब हुन्छन्। ओबद्याहको पुस्तक पढ़ेर हेर्नुहोस्! तिनले एदोममाथि विनाशको घोषणा किन गरे त? किनकि एदोम देशले यरूशलेमको पतनमा आनन्द लिएको थियो।

**हितोपदेश १७:६:** धेरै धार्मिक नाति-पनातिहरूबाट उमेर पाकेका वृद्ध मानिस-हरूलाई आदर हुन्छ (भजन १२७:३-५ र १२८:३)। अनि छोराछोरीहरू आफ्ना भक्त बुबाहरूको निम्ति धन्यवादी हुनुपर्छ। तब एक पुस्ता र अर्को पुस्ताको बीचमा अन्तर हुँदैन, अँ, हुनु पनि पर्दैन।

**हितोपदेश १७:७:** के मूर्ख मानिसको अशिष्ट मुखबाट सुवचन सुन्न सकिन्छ र? यो कति असुहाउँदो कुरा हो। तब शासकको निम्ति झूट बोल्ने ओठहरू अलिकति पनि सुहाउँदैनन्। शासकबाट हामीले त्योभन्दा बढ्ता पाउने आशा गर्छौं। तब संसारका मानिसहरूले हामी परमेश्‍वरका छोराछोरी-हरूबाट के पाउने आशा गर्न सक्छन्? के तिनीहरूले हामीलाई आफूलाई भन्दा उच्च मापदण्डले नाप्दैनन् र?

**हितोपदेश १७:८:** घूसचाहिँ शुभ लाभ ल्याउने मोहकले जस्तै जादूको काम गर्छ, घूस दिने घूसखोरीको नजरमा; किनभने जहाँ-जहाँ त्यसले घूस दिन्छ, यस घूसले त त्यसको निम्ति अद्‌भुत काम गर्छ। खुला ढोकाहरू, अचम्मको प्रवेश, मद्दत र सुविधाहरू र समस्याबाट छुटकारा – यी सबै कुराहरू त्यसकै हुँदा रहेछन्। तर हे घूसखोरीहो, होशियार!

**हितोपदेश १७:९:** जुन मानिसले आफ्नो विरोधमा गरिएको अपराध बिर्सन खोज्छ, त्यसको प्रेम र मित्रताको चाहना छ। तर जसले घरिघरि बितेका भूलचूकहरूको सम्झना दिलाउँछ, यसो गरेको त्यसको एकमात्र सफलता साथी-साथीको बीचको फूट हो। यस सिलसिलामा श्री जेय एडम्सले यसो लेखेका छन्:

> 'जब हामी प्रेम गर्न सिक्छौं, तब हामीले ढाकिदिन पनि सिक्छौं र अरूले गरेका अनेक गल्तीहरू नदेखेजस्तै गर्न थाल्छौं।'

एकजना बहिनीले अर्की बहिनीलाई यसो भनेर सोधीः 'के त्यसले तिम्रो विषयमा फैलेको नीच कुरा याद गर्दैनौ?' तब अर्कीले यस प्रकारको उत्तर दिईः 'होइन, मलाई अलिकति याद छैन; किनभने मैले यस्तो कुरा कहिल्यै याद नगर्ने अठोट गरें।'

श्री जर्च वशिङटोन कार्वरले कुनै कलेजमा भर्ना पाएनन्; किनभने तिनी कालो वर्गको मानिस थिए। धेरै वर्षहरू बितेपछि एकजनाले तिनलाई 'मलाई यस कलेजको नाम बताउनुहोस्' भन्ने विन्ती गर्‍यो। तर तिनले यसो जवाफ दिएः 'यस नामको के पर्बाह?' प्रेमको जीत भयो।

**हितोपदेश १७:१०:** साधारण हप्कीले समझदार मानिसको हृदयमा ठूलो प्रभाव पार्छ; तर मूर्ख मानिसले धेरै पिटाइ खाएर पनि यस कुराले त्यसलाई कुनै असर गर्दैन। अनि भावुक मानिसहरूलाई कड़ा अनुशासन दिनुपर्दैन, यस्तो व्यवहार चाहिँदैन। तर निर्मम र निस्फिक्री मानिसलाई हतौड़ाले हिर्काए-जत्तिको व्यवहार चाहिन्छ। किनभने आफ्नो विचारमा तिनीहरू सठीक छन् र आफूमा कुनै गल्ती देख्न सक्दैनन्।

**हितोपदेश १७:११:** विद्रोह मच्च्याउनु-चाहिँ दुष्ट मानिसको एकमात्र चाहना हुँदो रहेछ। त्यसले आफूलाई कसैको अधीनतामा, कानुनी अधिकारको वशमा पनि सुम्पँदैन। त्यस स्वेच्छाचारीले सदैव आफ्नो मनखुशी गर्छ। तर त्यसको विरोधमा निष्ठुर दूत आइरहेको छ। हुन सक्छ, ती निष्ठुर दूत राजाले पठाएको कर्मचारी होलान्, कि त त्योचाहिँ परमेश्‍वरले पठाउनुभएको मृत्युको दूत होला।

**हितोपदेश १७:१२:** बच्चा खोसिएको भालुचाहिँ क्रुद्ध हुन्छ, कुनै हालतमा त्यसलाई शान्त पार्न, त्यसको साधना गर्न सकिँदैन। तर त्यो क्रुद्ध भालुभन्दा ठूलो खतरा त्यो मूर्ख मानिस हो, जो रिसको झोकमा छ। त्यसको दिमागमा जुनसुकै पागल विचार पस्नसाथ त्यसले त्यो गरिछाड्छ; कसैले र कुनै कुराले त्यसलाई रोक्न सक्दैन।

**हितोपदेश १७:१३:** भलाइको बदलीमा खराबी गर्ने मानिसको घरमाथि एउटा श्राप रहिरहन्छ। राजा दाऊदले आफ्नो विश्‍वास-योग्य सैनिक कप्तान उरियाहलाई विश्‍वास-घात गरेर विनाकारण कुभलो गरे। अनि यही

कुराले दाऊदको घरमाथि विपत्तिमाथि विपत्ति ल्याइदियो (२ शमूएल १२ः९-१०)।

**हितोपदेश १७ः१४ः** बाँधमा छेड़ परेको बेलामा त्यस छेड़बाट पानी निस्कन्छ र त्यसले एकैक्षणमा यस बाँधको ठूलो भाग खोलिदिन्छ। अनि झगड़ासित कुरा पनि यस्तै हुन्छ। एकै क्षणमा सानोतिनो मतभेद वा विवाद ठूलो झैझगड़ा हुँदै जान्छ। यसकारण विवाद सानो हुँदा हामीले त्यो यत्तिमै छोड्नुपर्छ, नत्र ता नभन्दै एउटा ठूलो लड़ाइँ मच्चिरहेको हुन्छ, र हामीचाहिँ त्यसको ठीक बीचमा परिरहेका हुन्छौं।

**हितोपदेश १७ः१५ः** परमेश्‍वरले सबै प्रकारको अन्याय घृणा गर्नुहुन्छ। दोषीलाई निर्दोष ठहऱ्याउने र निर्दोषीलाई दोषी ठहऱ्याउने कामदेखि उहाँलाई पूरा घिन र घृणा लाग्छ। तर के गर्ने? हाम्रा अदालतहरूमा दिनदिनै न्याय बिगारिन्छ-बिगारिन्छ। तर यी अन्याय गर्नेहरूले परमेश्‍वरको सामु आफ्नो जीवनको लेखा दिनैपर्छ। 'हे न्यायकर्ताहो, न्याय, अँ, अरू केही होइन, केवल सठीक न्याय गर्नुको पछि लाग' भन्ने यो उक्ति मानव-इतिहासभरि गुँजिरहेको छ।

**हितोपदेश १७ः१६ः** त्यो मानिस मूर्ख ठहरिन्छ, जसले शिक्षादीक्षा हासिल गर्न थुप्रै खर्च गर्छ, तर जो यसको विषयमा गम्भीर हुँदैन। असल शिक्षार्थी हुनु हो भने, हामीमा ठूलो प्रेरणा भएको अनिवार्य हो। मोफ्फतको भाव-अनुवादअनुसार 'हामीमा सिक्ने मन हुनुपर्छ।'

यस पदको दोस्रो व्याख्या पनि बढ़ी सम्भव छः मूर्ख मानिसमा बुद्धि प्राप्त गर्ने क्षमता छैन भने, त्यसले विद्या हासिल गर्न आफ्नो पैसा किन खर्च गर्ने? यो त्यसको निम्ति एउटा मतलबहीन प्रयास ठहरिन्छ। यसकारण यस वाक्यको बोल बेक्लीको अनुवाद यस प्रकारको छः 'मूर्खको हातमा बुद्धि किन्ने रकम त छ, तर त्यसमा बुद्धि प्राप्त गर्ने क्षमता छैन भने यसमा के मतलब?' त्यसका आँखामा त बुद्धिचाहिँ चामल, पाउरोटीजस्तै किन्ने चीज पो रहेछ। त्यससित बुझ्ने हृदय हुनैपर्छ, त्यसलाई के थाहा?

**हितोपदेश १७ः१७ः** साँचो मित्रले सधैं प्रेम गर्छ, हाम्रो सफलता र असफलतामा पनि। प्रायः कठिन अवस्थाहरूमा हाम्रो साँचो मित्र को हुँदो रहेछ, सो देखा पर्छ। साँचो मित्र निष्ठावान् मित्र हो। श्री डी. एल. मूडीको बाइबलमा यस्तो मज्जको टिका पढ्न सकिन्छः

> 'साँचो मित्रचाहिँ मारबल्ली नामक लहराजस्तै छ, जुन लहराले हाम्रो विनाश र संहार जति बढ़ी हुन्छ, त्यति नै बढ़ी हामीलाई जेलजाल गर्छ।' 27)

*'अनि एकजना भाइचाहिँ विपत्तिको दिनको निम्ति जन्मन्छ।'* यसर्थ जुन अवस्थामा हामीलाई भाइको सबैभन्दा बढ़ी आवश्यकता पर्छ, त्यस बेलामा भाइ पाउनु एक-अर्कोको भाइबन्दु हुन पाएकोमा हाम्रो महान् सौभाग्य छ। यस पदभित्र प्रभु येशूलाई देख्न कसैको निम्ति गाह्रो नपर्ला।

> यस्तो कुनै घड़ी छैन, जब उहाँ हाम्रो नजिक हुनुहुन्न;
> अहँ, यस्तो कुनै घड़ी नै छैन। अहँ, यस्तो कुनै क्षण नै छैन।
> यस्तो निस्पट्ट कालो अँध्यारो रात नै छैन, जसमा उहाँको प्रेमले हामीलाई उत्साह र साहस दिनै सक्दैन;
> अहँ, यस्तो कुनै रात नै छैन। अहँ, यस्तो कुनै अन्धकार नै छैन।
>
> श्री जोह्नसन ओटम्यान

**हितोपदेश १७ः१८ः** यस पदले अघिको पदको अर्थ बढ़ाइदिन्छ। किनभने विवेकहीन प्रेम प्रेम नै होइन। किनकि साथी ऋण तिर्ने कुरामा चुकिजाने खण्डमा 'म उसको निम्ति जमानी बस्नेछु' भन्ने प्रण दिनु गलत निर्णय ठहरिन्छ। हरेक मानिस जसको निम्ति हामी

जमानी बस्नुपर्छ, त्यस मानिसबाट त्यसले हामीलाई त्यसको ऋण तिराउने खतरा आउँछ। यसकारण हामीले आफूलाई यस प्रकारको जोखिममा किन हाल्ने ?

**हितोपदेश १७:१९:** अपराध मन पराउने मानिसले झगड़ा पनि मन पराउँछ। अनि झगड़ा मन पराउने मानिसलाई अपराध मन पर्छ। अनि जुन मानिसले आफ्नो ढोका अग्लो पार्छ, कि त **क)** त्यसले अहङ्कारी कुरा गर्छ (मोफ्फतअनुसार), कि त **ख)** 'मेरो धन यति हो' भनेर यसको विषयमा बढ़ाइचढ़ाइ गर्छ, कि त **ग)** आफ्नो आर्थिक अवस्थाभन्दा बढ़ी सानदार विलासपूर्ण जीवन जिउँछ। त्यस मानिसले विनाश निम्त्याउँछ।

**हितोपदेश १७:२०:** छली हृदयको जीत कहिल्यै हुँदैन, अनि टेढ़ामेढ़ा जिब्रो कहिल्यै सफल हुँदैन। दुवै कुराहरूले विपत्ति निम्त्याउँछन् र सुखी जीवन जिउन बाधा दिन्छन्।

**हितोपदेश १७:२१:** बुद्धिहीन उल्लू छोराको बुबाको शोकको अन्त हुँदैन। दिमागहीन, मन्दबुद्धि भएको छोराको बुबाको आनन्द कहिल्यै हुँदैन।

**हितोपदेश १७:२२:** मानिसको मानसिक दृष्टिकोणले उसको रोगको चङ्गाइ वा दुर्घटनाग्रस्त अवस्थाबाट उठ्नमा ठूलो भूमिका खेल्छ। आनन्दित मनमा बिरामीलाई निको पार्ने ठूलो शक्ति छ। तर टुटेको निराश मनले मानिसको जीवन-शक्ति सुकाइदिन्छ।

बेर्क्ली अनुवादमा यस पदअन्तर्गत निम्न टिप्पणी हालिएको छ, जसमा यसो लेखिएको छः 'हेर, कत्रो आधुनिक चिकित्साको इलाज! योजस्तो राम्रो रोगको उपचार अरू केही पनि हुँदैन।'

'वर्तमान समयमा डाक्टरहरूको सल्लाह के हो भने, हामी हृदयदेखिको हँसाइले हाँस्नुपर्छ; यो एउटा असल अभ्यास हो। तिनीहरूको भनाइअनुसार जब कोही मानिस जोरले हाँस्छ, तब उसको फोक्सो र पेटको बीचमा भएको मांसपेशी तल झर्छ र फोक्सोलाई फुल्न ठाउँ छोड्छ। यसो हुँदा फोक्सोले बढ़ी अक्सिजन तान्छ। यस बेलामा यस मांसपेशीले छेउबाट उठेर मुटुलाई तालबद्ध हल्का मालिश दिन्छ। यसकारण मुटुको धड़कनको गति बढ्छ र त्यसको ढुकढुकी जोरको साथ हुन्छ। यसरी रगतको परिसंचरण बढ्छ, अनि कलेजो, पेट, अग्नयाशय, प्लीहा र पित्ताशयको थैलीले काम गर्ने संदीपन पाउँछन्। यसरी नै सम्पूर्ण शरीरका भित्री अङ्गहरूले तागत दिने उत्थान अनुभव गर्छन्। कुरा यसो हो भने, दुई हजार वर्षभन्दा अघिको उहिलेको ग्रीक ऋषि अरिस्टोटलले हाँस्ने विषयमा भनेको कुरा सही ठहरिएको छ, जसले यसो भनेः "हाँस्नुचाहिँ शरीरको अमूल्य अभ्यास हो, जुन अभ्यासचाहिँ स्वास्थ्यको निम्ति लाभदायक हुन्छ।" ' 28)

सबै किसिमको हँसाइ स्वास्थ्यकर हुँदैन। टेनेसीको विश्वविद्यालयका मनोविज्ञानका प्राध्यापक श्री होवार्ड पोल्लिसको एउटा प्रतिवेदनमा यसो लेखिएको छः

'कसैको खिली उड़ाउने वा शर्ममा पार्ने उपहासको रूपमा प्रयोग गरेको हँसाइ र आक्रमणकारी मुस्कानचाहिँ स्वास्थ्यको निम्ति हानिकारक हुन्छ; खास गरी जसको खिली उड़ाइएको छ, उसको निम्ति होइन, तर खिली उड़ाउने व्यक्तिको निम्ति अस्वस्थ हुन्छ।'

*'टुटेको मनले हड्डीहरूलाई सुकाइदिन्छ।'* यस सिलसिलामा श्री ब्लेक क्लार्कले आफ्नो सहमति यस प्रकारले व्यक्त गरेका छन्ः

'मानिसका भावनाहरूले उसलाई बिमारी पार्न सक्छन्। उसको मनका भावनाहरूले उसको केश झार्न सक्छन्, उसको टाउको बेसरी दुखाउन, उसको नाक बन्द गराउन, उसका आँखाहरूबाट आँसु झार्न, दम-रोग वा एलर्जीले गर्दा उसको नाकबाट पानी चुहाउन सक्छन्; हो, तिनीहरूले मानिसको कण्ठशोध, स्वरयन्त्र-शोध गराउन, उसको छालामा चिलाउने डागहरू पैदा गराउन, उसका दाँतहरू

झार्न सक्छन्। भावनाहरूले मानिसको पेट र उसका आन्द्रहरूमा अल्सर र सूजनहरू उत्पन्न गराउनको साथै स्त्रीहरूमा गर्भपात गराउन र पुरुषहरूमा यौनक्रियाको निम्ति पूरा अक्षम तुल्याउन र अन्य नराम्रा असरहरू ल्याउन सक्छन्। भावनाहरूले मार्न सक्छन्।' 29)

**हितोपदेश १७:२३ः** दुष्ट मानिसले गुप्त रूपले दिइएको घूस ग्रहण गर्छ र न्यायको फैसला घूस दिने व्यक्तिको पक्षमा तरफदारी गराउन खोज्छ।

**हितोपदेश १७:२४ः** बुद्धि प्राप्त गर्नु समझदार मानिसको लक्ष्य हो; उसले यो लक्ष्य आफ्नो सामु राख्छ र ऊ यस लक्ष्यतिर लम्किन्छ। तर मूर्खको उच्च आकङ्क्षा छँदैछैन। बुद्धिको खोजीमा जुन अनुशासन र आत्मसंयम चाहिन्छ, यो त्यससँग छैन। त्यसका आँखाहरू संसारको अन्ततिर लगाइएका छन्, र त्यसले कल्पनाको लड्डु घिउसँग खाँदैछ।

**हितोपदेश १७:२५ः** बुबाआमाको निम्ति शोकचिन्ता र तीतोपन दिलाउने छोराजस्तै ठूलो कष्ट र पीर अरू केही हुँदैन।

**हितोपदेश १७:२६ः** धर्मी जनलाई दण्ड दिनु उचित छैन, अनि शासकहरूलाई तिनीहरूको इमानदारीको खातिर पिट्नु असल होइन। तर के गर्ने? यस प्रकारको अन्याय दिन प्रतिदिन भइरहेको छ।

**हितोपदेश १७:२७ः** ज्ञान भएको मानिसका शब्द थोरै हुन्छन्। अनि समझदार मानिसको आत्मा शान्त हुन्छ। यसकारण बुझ्नुहोस्ः हड़बड़िएको बोली र झट्ट रिसाउने बानीबाट हाम्रो फिका चरित्र प्रकट हुन्छ।

**हितोपदेश १७:२८ः** मानिसको अनुहार हेरेर ऊ मूर्ख मानिस हो कि होइन, सो कुरा जान्न सकिँदैन; किनभने मूर्ख मानिस बाठै देखा पर्न सम्भव छ। 'मूर्खले आफ्नो मुख खोल्दैन भने, त्यो समझदार गनिन्छ' (मोफ्फत)।

यस सम्बन्धमा श्री जेम्स जी. सिन्क्लेरले यसो लेखेका छन्ः

'यस्ता समयहरू छन्, जब तपाईंले आफ्नो मुख बन्द गरिराख्नुपर्छ! यो समझदार कुरा ठहरिन्छ। मानिसहरूले तपाईंको विषयमा अड़कल काटून्। आफ्नो मुख खोलेर हामी किन मूर्ख साबित हुने?'

**हितोपदेश १८:१ः** *'जसले आफूलाई अलग पार्छ, त्यसले आफ्नै अभिलाषा पूरा गर्न खोज्छ; त्यसले सबै खाँटी बुद्धिको विरोध गर्छ।'* यस पदका अनुवादहरू र यसैले यसका व्याख्याहरू पनि धेरै छन्। यसकारण मानिसहरूको बुझाइमा यसको अर्थ निक्कै फरक भएकै छ।

यहाँ हरेक प्रचलित धारणाको विरोधी स्वेच्छाचारी मानिस छ, जसले परखमा उत्तीर्ण भएको ज्ञान र स्वीकृति प्राप्त तरिकाहरूको विरोध गर्छ। त्यस स्वाग्रहीले खाँटी बुद्धिको विपक्ष लिन्छ।

आर.एस.वी.को अनुवाद निक्कै फरक छ, जस्तैः 'मन नमिल्ने मानिसले सबै प्रकारको खाँटी बुद्धिको विरोध गर्ने निहुँ खोज्छ।' अर्को शब्दमा भन्नु हो भने, अरूसँग संसर्ग गर्न नचाहने मानिसले अरूसँग मिल्नु नपरोस् भनेर आफ्नो अकलगुम चाल ढाकछोप गर्नको निम्ति किसिम-किसिमका निहुँहरू खोज्दैछ।

नोक्सले गरेको भाव-अनुवाद उस्तै छ र यसको कुनै स्पष्टीकरण दिनु आवश्यक नहोला। 'त्योजस्तो छिटै आफ्नो साथीसँगको सम्बन्ध टुटाउन बहाना निकाल्ने मानिस नै छैन; यो सरासर त्यसकै गल्ती हो।'

अब यहूदी टिप्पणीकारहरूको कुरा पनि सुनौं, जसले यस हितोपदेशमा पाप र मूर्खताबाट अलग बसेको जीवनको अर्थ देखेका छन्। किनभने जुन मानिसले पापबाट अलग बस्ने इच्छा गर्छ, त्यस मानिसले उच्च लक्ष्य राखेर यसो गर्छ; अनि यही कारण ऊ सबै साँचो बुद्धिसित भिज्न खोज्दैछ।

तिनीहरूले भनेको कुरा सत्य हो, तर यो यस पदको खास व्याख्याचाहिँ होइन ।

**हितोपदेश १८:२:** मूर्ख मानिसले समझ भएका मानिसहरूको कुरा कहाँ सुन्छ र! त्यसले आफ्नै कुरा मात्र गर्न खोज्छ; त्यो आफूलाई प्रदर्शन गर्ने आत्मप्रदशक हो ।

**हितोपदेश १८:३:** जब एउटा दुष्ट मानिस आउँछ, तब त्यसको साथमा अपमान पनि आउँछ र अनादरको साथमा निन्दा आउँछ । यहाँ यस पदमा भन्न खोजेको तात्पर्य यो होः दुष्ट स्वभाव र क्षुद्र चरित्र भएको मानिसले नभन्दै खुल्लमखुल्ला शर्म र निन्दा पाउँछ ।

**हितोपदेश १८:४:** सामान्य विचारले हेर्नु हो भने, कुनै मानिसको मुखका शब्दहरूले उसलाई पूरा रूपले प्रकट गर्दैनन् । यी शब्दहरू गहिरो पानीजस्तै हुन्; यी शब्दहरूमा उसका वास्तविक विचार र अभिप्रायहरू लुकेका हुन्छन् ।

तर यसको तुलनामा बुद्धिको धारा छ, जुनचाहिँ बगिरहेको खोलाजस्तै हुन्छ, जसको सन्देश स्वच्छ, निर्मल र परदर्शी हुन्छ ।

मोफ्फतले कुरा यस प्रकारले बुझेका छन्ः बुद्धिमान् मानिसका शब्दहरू गहिरो पानीको तलाउ, बगिरहेको खोला र जीवनको पानीको मुहान हो । यी शब्दहरू फिका-फिका होइनन्, तर गहिरा र अर्थपूर्ण हुन्छन् । यी शब्दहरू बगिरहन्छन्, बासी हुँदैनन् । यी शब्दहरू ताजा तुल्याउँछन्, बेस्वादका हुँदैनन् ।

**हितोपदेश १८:५:** परमेश्‍वरले यहाँ, यस पदमा असललाई खराब र खराबलाई असल पार्ने अन्यायमाथि दोष लगाउनुहुन्छ । दुष्ट मानिसको पक्ष लिनु भनेको त्यसको दुष्टता अदेखा गर्नु हो । अनि धर्मी जनले पाउनुपर्ने न्याय नगर्नुचाहिँ श्री लोवेलको भाषाअनुसार सत्यतालाई फासी दिएर झूटलाई सिंहासन-माथि बसाउनु बराबर हो ।

**हितोपदेश १८:६:** नादकारी मूर्खले सधैंभरि झगड़ा गर्ने मौका खोज्दैछ र समस्या सृजना गर्छ । पियक्कड़ यस कुरामा पूरा सिपालु छ । तर आँखामा नीलो डाम, शरीरभरि घाउ र चोटहरू यसको नमीठो नतिजा हुन्छ । त्यसको सफलता यतिमा सीमित रहन्छ ।

**हितोपदेश १८:७:** मूर्खको बोलीचाहिँ त्यसको पतनको मूलकारण हुँदो रहेछ । त्यसका बेहोशी, रूखो र फोहोर शब्दहरूले अन्तमा त्यसको विनाश ल्याउँछन् ।

**हितोपदेश १८:८:** कुराबोकुवाका शब्दहरू स्वादिष्ठ खाजाजस्तै छन् । त्यसको कुरा सुन्नेहरूले त्यसका शब्दहरू 'क्या मजा, क्या मजा; मलाई भन्दै गर!' भनेजस्तो ख्वाप्प निलिहाल्छन् ।

**हितोपदेश १८:९:** अल्छे कामचोर र विनाशकको बीचमा नाता पर्छ; किनभने यी दुवैजनाले ठूलो बरबादी र विनाश ल्याउँछन् । श्री ग्रिफ्फित्सले हामीलाई चेताउनी दिएर यसो भनेका छन्ः

> 'कार, घर र अन्य निर्माणकार्यहरूको अवगुण र निम्नस्तरको विषयमा हामी सबैलाई थाहै छ, जसबाट प्राण-घातक दुर्घटनाहरू घट्न सक्छन् र घट्छन् पनि । अनि यही कुरा स्थानीय मण्डलीका एल्डर, पास्टर र अन्य अगुवाजन-हरूको विषयमा पनि सत्य ठहरिएको छ । जब तिनीहरूले आफ्नो कर्तव्यको विषयमा लापर-वाही गर्छन्, तब स्थानीय मण्डली टुट्न-फुट्न केही बेर लाग्दैन । यसकारण बुझ्नुहोस्ः कुनै मण्डली भताभुङ्ग हुनु हो भने, यसको कारण शैतानको आक्रमणमा मात्र खोज्नुहुँदैन, किनकि त्यो त हाम्रो लापरवाही र हाम्रो सुस्तीपनको फल पनि हुन सक्छ ।' 30)

**हितोपदेश १८:१०:** *'परमप्रभुको नाम एउटा बलियो धरहरा हो ।'* परमप्रभुको नाम भन्नु र परमप्रभु भन्नु एउटा कुरा हो; किनकि प्रभु हाम्रो शरणस्थान र सुरक्षा दिने आड़

हुनुहुन्छ, हामी उहाँको भरोसा गर्नेहरूको निम्ति। जब हामी पापको ठूलो परीक्षामा पर्छौं, तब तत्कालै हामी प्रभुको नाम पुकार्छौं र उहाँको सहायता पाउँछौं; उहाँ हामीलाई पाप गर्नदेखि बचाउनुहुन्छ।

**हितोपदेश १८ः११ः** धनी मानिसले आफ्नो धनसम्पत्तिमाथि भरोसा गर्छ, त्यसको धनले त्यसलाई रक्षा गर्छ भनेर। अनि त्यसको विचारमा, त्यसको धन एउटा अग्लो पर्खाल हो, जसले त्यसलाई चारैतिर सबै खतरा-हरूबाट बचाइदिन्छ। तर विचरा, त्यसको धनले त्यसलाई त्यस क्षणमा छोड़िदिन्छ, जुन बेलामा त्यसले त्यसको सहायता बढ़ीभन्दा बढ़ी चाहिएको छ।

हितोपदेश १८ः१० पदले भनेको कुरा तथ्य हो, तर हितोपदेश १८ः११ पदमा बताइएको कुरा धनी मानिसको कल्पना हो। धर्मी जनले तथ्यमाथि भरोसा राख्छ भने, धनी मानिसले आफ्नो कल्पनामाथि आड़भरोसा गर्छ।

**हितोपदेश १८ः१२ः** अहङ्कारी मानिसले दुईवटा खतरामाथि खुट्टा टेकेको छ; एकपट्टि चिहान छ भने, अर्को पट्टि अचानक चिप्लेर लड्ने डर हुन्छ। तर नम्र व्यक्तिको आदरमा पुऱ्याउने पथ सुरक्षित छ। यस बाटोमाथि सुरक्षासाथ हिंड्दै अगाड़ि बढ्नुहोस्! श्री विलियम लाले अहङ्कार र नम्रताको बीचमा भिन्नता देखाउन निम्न शब्द-चित्र कोरेका छन्ः

> 'तपाईंले घमण्ड असुहाउँदो अवगुण मात्र नसम्झनुहोला, अनि नम्रतामा सुयोग्य सद्‌गुण मात्र नदेख्नुहोला; किनभने घमण्ड शैतानिक र पूरापूर नरकीय हुन्छ भने, नम्रताचाहिँ ईश्वरीय र पूरापूर स्वर्गीय हुन्छ।'

**हितोपदेश १८ः१३ः** मानिसले आफ्नो राय सुनाउनुभन्दा अघि सम्बन्धित कुराको सबै तथ्य बुझ्नुपर्छ, नत्र ता त्यस कुराका सबै बेलीबिस्तारहरू पेश गरिएपछि ऊ शर्ममा पर्नेछ। चाहे सम्बन्ध-विच्छेद होस्, चाहे झैझगड़ा होस्, हरेक मामिलाको पक्ष र विपक्ष हुन्छ-हुन्छ। यसकारण विपक्ष पेश गर्ने व्यक्तिको कुरा नसुनीकन आफ्नो पक्षमा उभिने मानिससँग सहमत नहुनु न्यायसँगत ठहरिएला।

**हितोपदेश १८ः१४ः** मानिसले सबै किसिमका शारीरिक दुर्बलताहरू सहन सक्छ; तर टुटेको आत्मा सहन गाह्रो छ। धेरैजसो मानिसका शारीरिक रोगहरूभन्दा उसका मानसिक समस्याहरू ठूला हुन्छन्।

डाक्टर पोल अडोल्फले यस कुरासित सम्बन्धित घटना यसरी बयान गरेका छन्ः

> 'अस्पतालमा एउटी बूढ़ी आमाको भाँचिएको कमरको उपचार भइरहेको थियो, र ऊ निको हुनै लागेकी थिई। अस्पतालबाट छुट्टी लिने दिनमा उसकी छोरीले उसलाई यो खबर सुनाईः "आमा, तपाईंको निम्ति फलानो वृद्धागृहमा बन्दोबस्त गरिएको छ।" यो खबर सुनेका केही घण्टाभित्र यी बूढ़ी आमाको स्वास्थ्य बिग्रँदै गयो। अनि एक दिनभित्र उसको देहान्त पनि भयो। उसको मर्ने कारणचाहिँ भाँचिएको कमर होइन, तर टुटेको हृदय पो भएको रहेछ।' **31)**

यस्तो एकजना मानिस पनि थियो, जसले नजरबन्दी-शिविरका भयानक कष्टहरू वीरतासाथ सहेपछि उसको रिहा भयो। तर उसको छुटकारा भएपछि उसलाई थाहा लाग्यो, कि मतियारहरूलाई उसको पोल गरेको व्यक्तिचाहिँ उसको छोरा रहेछ। यस जानकारीले उसलाई यति साह्रै घत लाग्यो, कि ऊ मरिहाल्यो। उसले शत्रुका सबै हमला-हरू सहन सक्यो, तर आफ्नो प्रेम गरेको छोराको यस धूर्त युक्तिले उसलाई माऱ्यो।

**हितोपदेश १८ः१५ः** बुद्धिमान् मानिसले कहिल्यै सिक्न छोड्दैन; किनकि ऊ सिक्नु नपर्ने अवस्थामा कहिल्यै आइपुग्दैन। उसको मन सधैं शिक्षा हासिल गर्ने तयारीमा बस्छ, र

उसको कान ज्ञानको निम्ति ग्रहणशील रहिरहन्छ ।

**हितोपदेश १८:१६:** मानिसको घूस वा उपदानले ती मानिसहरूकहाँ आउने प्रवेश खोलिदिन्छ, जसबाट त्यस मानिसले फाइदा उठाउन खोजेको छ ।

अनि यस नीतिवचनको प्रयोग अर्को पनि छः आत्मिक वरदान पाएको व्यक्तिको यही वरदानले उसलाई सेवा गर्ने मौकाहरू प्रदान गर्छ । जुन मानिससँग शिक्षाको वरदान वा सुसमाचार प्रचार गर्ने वरदान छ, उसले आफ्नो वरदान प्रयोग गर्न प्रशस्त अवसरहरू पाउँछ । तर यस पदको खास अर्थ यो होइन ।

**हितोपदेश १८:१७:** कुनै मानिसले आफ्नो मामिला पेश गर्दा उसले भनेको कुरा सुन्नेहरूको सामु सठीक लाग्छ । तर जब उसको प्रतिवादी आउँछ र उसलाई केही केरकार गर्ने प्रश्नहरू सोध्छ, तब कुरा अर्को हुन्छ, वास्तविक कुरा उसले भनेको जस्तै छैन ।

**हितोपदेश १८:१८:** पुरानो नियमको समयमा जब विश्वासीहरूले चिट्ठा हाल्थे, तब तिनीहरूले यसरी नै परमप्रभुबाट सहायता पाउन खोज्थे; तिनीहरूले निर्णय गर्न नसक्ने कुराहरूको सम्बन्धमा उहाँले सठीक फैसला गरून् र उहाँको इच्छा प्रकट गरून् । चिट्ठाद्वारा शक्तिमा बराबर भएका दुईजना व्यक्तिहरूको बीचमा शान्तिपूर्वक न्यायोचित निर्णय गर्न सम्भव भयो, नत्र ता तिनीहरूले बलमिचाइको सहारा लिने डर हुनेथियो ।

अनि हामीचाहिँ? हाम्रो बीचमा कठिन समस्याहरू उठिरहेको बेलामा के हामीले प्रभुलाई अन्तिम फैसला गर्न दिन्छौं कि? हामीले उहाँलाई हाम्रा मामिलाहरूको न्याय गर्न दिनुपर्छ । यसो गर्न हामीले चिट्ठा हाल्नुपर्दैन, तर पवित्र बाइबल पढ़ेर उहाँको वचनको आज्ञापालन गरेर यसो गर्नुपर्छ । हामीले एक-अर्काको सामु आफ्ना भूलचूक, दोष र कसुरहरू मानिलिनुपर्छ । अनि हामीले प्रार्थनाद्वारा र पवित्र आत्माको आन्तरिक साक्षीद्वारा परमेश्वरको मनसाय बुझ्ने कोशिश गर्नुपर्छ ।

**हितोपदेश १८:१९:** नजिकका नातादार-हरूको बीचमा झगड़ाहरू मिलाउन गाह्रो छ । बरु एउटा पर्खालले घेरिएको शहर कब्जा गर्न सजिलो पर्छ; तर ठेस खाएका दाजुभाइहरूको बीचमा मेलमिलाप गराउनु त्योभन्दा अप्ठ्यारो छ । तिनीहरूका झगड़ारगड़ाहरू किल्लाका आग्लाहरूजस्तै छन्, चिसा, सीधा र अचल छन् । गृहयुद्धहरू सधैं अति तिक्त र धेरै क्रूर हुन्छन् ।

**हितोपदेश १८:२०:** यस मानिसले आफ्ना वचनहरू खाओस् भनेर हामी भन्ने गर्छौं । किनभने उसले बोलेका शब्दहरू असल छन् भने, यी शब्दहरूले उसलाई सन्तुष्टि दिन्छन् । अनि खराब शब्दहरूले प्रतिफल के हुने हो, सो खाएर थाहा लाग्छ ।

**हितोपदेश १८:२१:** जिब्रोको शक्ति ठूलो छ, असल गर्न या खराब गर्न । जस-जसले बोल्न मन पराउँछन्, तिनीहरूले आफ्नो बोलीवचनको निम्ति जिम्मेवारी लिनुपर्छ र आफूले बोलेका वचनहरूको निम्ति असल-खराब नतिजाहरू भोग्नुपर्छ ।

**हितोपदेश १८:२२:** *'जसले एउटी पत्नी पाउँछ, उसले एउटा असल कुरा पाएको छ ।'* झन् एउटी गुणवती पत्नीलाई पाउनु एउटा खजाना वा धन भेट्टाउनु बराबर हो । एउटी सहयोगी भक्त पत्नीलाई पाउनुचाहिँ परमप्रभुको कृपा पाएको चिन्ह हो ।

**हितोपदेश १८:२३:** गरिब मानिसहरूको बोली नरम हुन्छ; तिनीहरूले प्रायः विनम्रता र विनयपूर्वक बोल्छन् । तर धनी मानिसहरूको बोली रूखो छ, दमनकारी हुन्छ । तर सबै धनी मानिसहरूको चाल यस्तै होइन है ।

**हितोपदेश १८:२४:** *'साथीहरू भएको मानिस आफू पनि मिलनसार हुनुपर्छ; अनि*

*एकजना साथी छन्, जो भाइभन्दा पनि बढ़ी नजिकमा टाँसिन्छन्।'* यस पदको अनुवाद किसिम-किसिमको गरिएको छ। यसकारण यसका व्याख्याहरू पनि धेरै छन्। के.जे.वी. र एन.के.जे.वी. बाइबलअनुसार मिलनसार मानिसले मित्रहरू बनाउँछ; अनि यस्ता मित्रहरू पनि छन्, जो दाजुभाइहरूभन्दा नजिक हुन्छन्।

तर एन.ए.एस.बी., ए.एस.वी. र जे.-एन.डी.को अनुवाद यस प्रकारको छः 'जसका धेरै साथीहरू हुन्छन्, त्यो नाश हुनेछ; अनि एकजना साथी छन्, जो भाइभन्दा पनि बढ़ी नजिकमा टाँसिन्छन्।' यस अनुवाद-अनुसार निम्न अर्थ निस्कन्छः हामीलाई भड्काउने धेरै साथीहरू हुनुभन्दा हामीसँग एकजना साँचो मित्र भएको निको छ।

आर.एस.वी.को अनुवाद यस प्रकारको छः 'यस्ता साथीहरू छन्, जसले साथी हुने बहाना गर्छन्, तर एकजना साथी छन्, जो भाइभन्दा पनि बढ़ी नजिकमा टाँसिन्छन्।' यस अनुवादअनुसार सुदिनमा हुने साथीहरू र दुःखसुखमा निष्ठावान् रहने साथीहरू छन्।

*'... अनि एकजना साथी छन्, जो भाइभन्दा पनि बढ़ी नजिकमा टाँसिन्छन्।'* धन्न, प्रायः सबै बाइबल-अनुवादहरूले यस पदको दोस्रो भाग उस्तै प्रकारले अनुवाद गरे। यस सम्बन्धमा श्री जी. क्याम्पबेल मोर्गनले यसो लेखेका छन्ः

> 'यस महान् पदको विषयमा गरेका सबै विचारहरू एउटै निष्कर्षमा आइपुगेका छन्ः यहाँ एकैजनाको विषयमा कुरा गरिएको छ, जो पापी मानिसहरूको मित्र हुनुहुन्छ। टिप्पणी गर्ने काम यहाँ टुङ्गिन्छ। यसकारण आउनुहोस्, पापीहरूको मित्रमा मग्न हुनुहोस् र उहाँको उपासना गर्नुहोस्!' 32)

**हितोपदेश १९ः१ः** यहाँ एकजना गरिब मानिस, जो इमानदार हो, एउटा मूर्खसँग तुलना गरिएको छ, जो छली र बाठै हुन्छ, तर सत्यताको विरोधमा पाप गर्छ। हुन सक्छ, त्यो मूर्ख मानिस धनी थियो कि कसो? मूर्ख मानिसभन्दा त्यो गरिब मानिस धेरै उत्तम हुन्छ।

**हितोपदेश १९ः२ः** *'हो, ज्ञानरहित हुनु प्राणको निम्ति असल होइन।'* यहाँ प्रस्तुत गरिएको मानिसले आफूले गर्न लागेको कुरा के हो, सो जान्दछ, तर त्यो चाहना कसरी पूरा गर्नुपर्छ, सो जान्दैन। यसकारण त्यो मानिस तयार नभई अघि बढ़्न पुग्छ।

तयार नभएको मानिसले हतार गर्दा केवल आफ्नो दुःख बढ़ाउँछ। त्यसले यति साह्रै हतपत गर्छ, कि त्यसलाई सरसल्लाह लिन फुर्सद छैन, त्यसलाई दिइएका निर्देशन-हरूअनुसार गर्न पर जाओस्। यसकारण त्यो पथभ्रष्ट हुन्छ र आफ्ना गल्ती दोहोर्‍याउँदै कुनै प्रगति गर्न सक्दैन।

**हितोपदेश १९ः३ः** जुन मानिसहरूले आफ्नो जीवन बरबाद गर्छन्, ती मानिसहरूले प्रायः यसको निम्ति प्रभुलाई दोष लगाउँछन्, जसरी आदमले परमेश्वरलाई निम्न शब्दहरू लिएर दोष लगाउन खोजेः 'जुन स्त्री तपाईंले मलाई दिनुभएको थियो ...' (उत्पत्ति ३ः१२)।

धर्मत्यागको मूलकारण हामीले मानिसको नैतिक पतनमा खोज्नुपर्छ। उदाहरणको निम्ति, कुनै मानिसले व्यभिचार गरेको छ, र आफ्नो पाप मानिलिएर छोड्नुको सट्टामा त्यसले बरु आफ्नो इसाई-विश्वास त्याग्छ र त्यो परमप्रभुसित रिसाउँछ। यस सिलसिलामा श्री डब्ल्यू. एफ. अड्नीले टिप्पणी गरेर यसो भनेका छन्ः

> 'जुन कामकुराहरू परमेश्वरले नगर्नू भनेर निषेध गर्नुभयो, यी कामकुराहरू पूरा गरेर कुनै मानिसले यिनको निम्ति प्रतिफलहरू भोग्नुपर्दा त्यसले यसको निम्ति परमेश्वरलाई कसरी दोष्याउन सक्छ? यो त सरासर गलत हो।'

**हितोपदेश १९ः४ः** *'धनले धेरै साथीहरू बनाउँछ।'* यस कुराले मानिसको हृदय र उसको जन्मसिद्ध स्वभाव कति स्वार्थी रहेछ, सो पक्का प्रमाण दिन्छ। तब गरिब मानिसको साथीले उसलाई छोड्न केही बेर लाग्दैन; किनभने यस्ता 'साथीहरू'ले मित्रताबाट केवल आफ्नो फाइदा खोजिरहेका छन्।

**हितोपदेश १९ः५ः** *'झूटो साक्षी दण्ड नपाई छोड़िनेछैन; अनि झूट बोल्ने मानिस उम्कनेछैन।'* यसकारण बुझ्नुहोस्ः झूटो साक्षी र झूट बोल्ने मानिसले यसको निम्ति प्रभुबाट सजाय भोग्ने नै छन्। तिनीहरू यस धरतीमा पक्राउ परेको-नपरेकोमा कुनै मतलब छैन।

**हितोपदेश १९ः६ः** भारदारहरूचाहिँ कि त खानदानका, कि त साहूहरू, कि त शक्तिशाली, कि ठूलाठाला मानिसहरू हुनुपर्छ। यस्ताहरूसँग धेरै मानिसहरूले आफ्नो फाइदाको निम्ति मित्रता गाँस्न खोज्छन्। यसो हो भने, अरूको हित गर्ने उपकारी मानिसका साथीहरूको ताँती किन नलाग्ने त?

**हितोपदेश १९ः७ः** गरिब मानिसका आफन्तहरूले उसलाई छोड्छन् भने उसका साथीहरूले झन् बढ़ी यसो गर्छन्। यस विचराले तिनीहरूको सहायता र दयामाया पाउन खोज्दाखेरि तिनीहरूले उसलाई त्याग्छन्।

**हितोपदेश १९ः८ः** बुद्धि र व्यावहारिक ज्ञानको खोजीमा एक प्रकारको प्रबुद्ध, अनुमतिप्राप्त स्वार्थ छ। अनि प्रगति र सफलताको मार्गचाहिँ समझ र अन्तर्दृष्टि-माथि स्थापित गरिएको छ।

**हितोपदेश १९ः९ः** *'झूटो साक्षी दण्ड नपाई छोड़िनेछैन; अनि झूट बोल्ने नाश हुनेछ।'* झूटो साक्षी नदिनू भन्ने कुरा घरिघरि लेखिएकोमा हामीले अचम्म मान्नुहुँदैन। *'तिमीले आफ्नो छिमेकीको विरोधमा झूटो गवाही नदिनू!'* भनेर के दस आज्ञाहरूमा नवौं आज्ञाचाहिँ यस पापको विषयमा दिइएको होइन र? (प्रस्थान २०ः१६)।

**हितोपदेश १९ः१०ः** *'सुख मूर्खलाई सुहाउँदैन।'* किनकि संस्कृति र शिष्टताले आभूषित वातावरणमा कसरी चल्नुपर्छ, सो त्यसले व्यवहार गर्न जान्दैन। तब दासले उच्च पदको स्थानमा कसरी व्यवहार गर्नुपर्छ, सो झन् जान्दैन। किनभने त्यसले आफ्ना भूतपूर्व मालिकहरूसँग अभिमान र बेइज्जतको साथ व्यवहार गर्छ।

**हितोपदेश १९ः११ः** सुझबुझ भएको मानिसले आफ्नो रिस वशमा पार्न जान्दछ। उसले आफूप्रति गरेको अन्यायमाथि ध्यान नदिएर आफ्नो कृपादृष्टिमा त्यो नदेखेजस्तै गर्न जान्दछ। ठीक त्यस्तै दाऊदले राजा शाऊललाई जोगाएर उनीसँग घरिघरि उदार-चित्तको व्यवहार गरे। यस पदको सठीक उदाहरण दाऊदको सुव्यवहारमा स्पष्ट देखिन्छ।

**हितोपदेश १९ः१२ः** *'राजाको क्रोध सिंहको गर्जनजस्तो हो।'* किनकि यस गर्जनले अपराधीहरूलाई तिनीहरूको सामु भएको खतराको पूर्वसूचना दिन्छ। राजाको कृपा आज्ञाकारी प्रजाको निम्ति घाँसमाथि झरेको शीतजस्तो छ, कति कोमल, कति शीतल, कति ताजा!

रोमी १३ः१-७ पदको खण्डमा सरकारको अधिकारी र तिनीप्रति होशियार हुनुपर्ने हाम्रो जिम्मेवारी पेश गरिएको छ। *'यसकारण तिमीहरू क्रोधको खातिर मात्र होइन, तर असल विवेकको खातिर पनि तिनको अधीनतामा बस्नुपर्छ'* (रोमी १३ः५)।

**हितोपदेश १९ः१३ः** परिवारको जीवन पिरोल्ने दुईवटा कारणहरू छन्ः हठी छोरा र झगड़ालु पत्नी। हठी छोराले आफ्ना बुबालाई शोक दिन्छ भने, झगड़ालु पत्नीचाहिँ धातुमा ट्याङ-ट्याङ बजिरहने झिजो लाग्ने आवाज

निकालिदिने पानीको कहिल्यै नटुङ्गिने तपतप हो ।

**हितोपदेश १९:१४:** जग्गाजमिन, घर र धन बुबाबाट अंशको रूपमा पाइने पैतृक सम्पत्ति मानिन्छ । यो ठिक्कै हो । तर गुणवती स्त्री परमेश्वरको विशेष वरदान हो । परमप्रभुले मात्र हामीलाई एउटी बुद्धिमती पत्नी दिन सक्नुहुन्छ ।

यस कुराले हामीलाई इसहाक र रिबेकाको बीचको सुन्दर विवाहको कहानी याद दिलाउँछ, जसको विषयमा चाहिँ *'यो कुरा परमप्रभुबाट हुन आएको हो'* भनेर भनिएको थियो (उत्पत्ति २४:५०) । यसर्थ इसहाक र रिबेकाको बीचको विवाह परमेश्वरले मिलाउनुभएको रहेछ ।

**हितोपदेश १९:१५:** अल्छीपन लागू पदार्थले जस्तै काम गर्छ र गहिरो निद्रामा पार्छ । अल्छी मानिस गरिब हुन्छ-हुन्छ; त्यो भोकै बस्नैपर्छ । अनि यही कुरा बाइबल-अध्ययन र प्रार्थनाको विषयमा अल्छी गर्ने भाइबहिनीको विषयमा पनि सत्य ठहरिन्छ ।

**हितोपदेश १९:१६:** जुन मानिसले परमप्रभुको आज्ञा पालन गर्छ, त्यस मानिसले आफ्नो भलाइ खोजेर यसो गर्छ; किनकि उसले आफ्नो शारीरिक र आत्मिक भलाइको निम्ति यसो गर्छ । तर जुन व्यक्ति निष्फिक्री र लापरवाहीको साथ जिउँछ, त्यो व्यक्ति मर्छ ।

**हितोपदेश १९:१७:** जसले गरिबहरूलाई दान दिन्छ, उसले परमप्रभुलाई सापट दिन्छ । अनि परमेश्वरले सापटी मात्र होइन, सापटी ब्याजसित फर्काउनुहुन्छ । प्रभुको नाममा दिइएको एक कचौरा चिसो पानीको इनाम हुनेछ (मत्ती १०:४२) । श्री हेन्री बोशले यसो भनेर त्यसको निम्ति निम्न उदाहरण दिएका छन्:

> 'एकजना बुबाले आफ्नो छोरालाई पाँच रुपियाँको सिका दिएर भनेः "हे छोरा, त्यस पैसासित आफ्नो खुशी गर !" केही समयबितेपछि तिनले आफ्नो छोरालाई "यस पैसासित तिमीले के गरेको" भनेर यस रकमको विषयमा सोधे । तब छोराले तिनलाई जवाफ दियोः "मैले यो कसैलाई सापट दिएँ ।" "के तिमीले यसको निम्ति धरौती पायौ ?" भनेर त्यसको बुबाले प्रश्न गरे । "हो, किनभने मैले यो पैसा एउटा भोकाएको भिकारीलाई दिएँ ।" "हत्, तिमीले किन यस्तो मूर्ख काम गरेको हँ ? तिमीले यो पैसा फेरि कहिल्यै देख्नेछैनौ ।" "होइन, बुबा, यसको निम्ति मसँग सबैभन्दा उत्तम धरौती छँदैछ; किनभने पवित्र बाइबलमा लेखिएको छ, कि जसले गरिबलाई दान दिएको छ, उसैले परमप्रभुलाई सापट दिएको छ ।" एकक्षण विचार गरेपछि त्यसको बुबाको चित्त बुझियो; अनि तिनले आफ्नो छोरालाई फेरि अर्को पाँच रुपियाँ दिए । तब तिनको छोराले रमाउँदै ठूलो सोरले भन्योः "अहो, धन्यवाद ! यति छिटो त्यो सापट गरेको रकम फिर्ता पाउँछु भन्ने मैले आशा गरिनँ; तर फिर्ता पाउँछु भन्ने कुरामा म निश्चित थिएँ ।" ' 33)

> जुन रकम हामीले आफ्नो निम्ति खर्च गर्छौं,
> त्यो रकम हामी गुमाउँछौं ।
> तर जेजति हामी हे प्रभु, तपाईंलाई सापट दिन्छौं, त्यो सबै हाम्रो अनन्त धन हुनेछ ।
> किनभने दिने दाता तपाईं हुनुहुन्छ, जसबाट हामीले सबै थोक पाएका छौं र पाउनेछौं ।
>
> श्री क्रिस्टोफर वोर्डस्वोर्थ

**हितोपदेश १९:१८:** छोरा कलिलो हुँदा हामीले उसलाई तह लाउनुपर्छ, जब ऊ शिक्षणीय हुन्छ । शरीरको ताड़ना समुचित हुनैपर्छ, प्रेमको साथ दिएको हुनैपर्छ; तब त्यसबाट छोरालाई कुनै हानि हुनेछैन, तर उसलाई दिइएको ताड़नाले उसको निम्ति धेरै लाभदायक हुनेछ ।

*'तर उसलाई मार्ने मन तिम्रो नहोस् !'* भन्ने दोस्रो वाक्य छ, जसको अर्थ सुस्पष्ट छः कि त **क)** हामीले छोरालाई दण्ड नदिएको कारणले उसको जीवन बरबाद हुन सक्छ । यसो हो भने, छोरालाई छाड़ा छोड्नुचाहिँ

निष्ठुर व्यवहार ठहरिन्छ। कि त **ख)** क्रोधको आवेगमा हामीले छोरालाई चाहिएको भन्दा बढ़ी सजाय दिन सक्छौं।

**हितोपदेश १९:१९:** छिटै रिसाउने रिसाहाले यस कुव्यवहारको निम्ति सजाय भोग्नैपर्छ। त्यसले आफ्नो नीच व्यवहारको निम्ति सजाय भोग्नु नपरोस् भन्ने हेतुले हामीले त्यसलाई बचाउन चाहेर पनि यो कुनै सीप लाग्दैन। किनभने त्यो फेरि र फेरि यस्तो अवस्थामा पर्ने नै छ, जसबाट हामीले त्यसलाई घरिघरि बचाउनुपर्नेथियो।

**हितोपदेश १९:२०:** हामीले कलिलो उमेरमा असल सल्लाह सुन्नुपर्छ र असल शिक्षा ग्रहण गर्नुपर्छ; तब हामी पछि बुद्धिमान् बन्नेछौं। एकजना अज्ञात भाइको भनाइ सुनौं, जसले यसो भनेका छन्: 'बुद्धि-प्राप्ति दीर्घकालिक लगानी हो।'

**हितोपदेश १९:२१:** मानिसको हृदय किसिम-किसिमका विचार र योजनाहरूको खानी हो; तर हाम्रो जीवनमा परमप्रभुको मनसाय पूरा हुनेछ। मानिससँग त्यसको दुष्ट चाल छ होला, तर परमेश्वरसँग आफ्नै काम गर्ने तरिका हुन्छ। आन्तिम आएर मानिसले सत्यताको विरोधमा केही पनि गर्न सक्दैन (२ कोरिन्थी १३:८)।

**हितोपदेश १९:२२:** डार्बीको अनुवादमा यस पदको मूल्यवान् अनुवाद यस प्रकारको छ: 'मानिसको आकर्षण-शक्ति उसको दयामा छ; अनि झूट बोल्ने मानिसभन्दा गरिब मानिस उत्तम हो।' किनभने मानिसको दयाले गर्दा ऊ हाम्रो दृष्टिमा प्रिय छ, अनि साथीको रूपमा ग्रहण गर्न हामी उसको चाहना गर्छौं। अनि हामीसित टिठ्याउने गरिब मानिस उत्तम हो, आफ्ना प्रतिज्ञाहरू भङ्ग गर्ने धनी मानिसभन्दा बढ़िया हो।

**हितोपदेश १९:२३:** परमप्रभुको भय मान्दै गर्दा खास जीवन भेट्टाइन्छ; उहाँको डर जीवनमा पुऱ्याउने मार्ग हो। जससँग परमेश्वरको डर हुन्छ, ऊ ढुक्कै हुन सक्छ; किनकि कुनै खराबी उसमाथि आइपर्नेछैन।

**हितोपदेश १९:२४:** *'अल्छे मानिसले आफ्नो हात थालमा त हाल्छ, तर त्यो आफ्नो मुखसम्म फर्काएर ल्याउन चाहँदैन।'* मासु-भातले भरिएको थालमा हात हालेर त्यो आफ्नो मुखमा नपुऱ्याउनु कस्तो अल्छीपन हो!! के खाना यति वजनदार कुरा हो र?

**हितोपदेश १९:२५:** गिल्ला गर्ने मानिसलाई हिर्काउँदा पनि त्यो बदली हुँदैन। तर त्यो कुरा देख्ने कोही प्रभावित दर्शक होला, जसले यस दृश्यबाट आफ्नो पाठ सिक्छ र चेतना पाउँछ। यो कुरा १ तिमोथी ५:२० पदसित मिल्छ, जहाँ यसो लेखिएको छ: *'पाप गर्नेहरूलाई सबैजनाको सामु हप्काऊ, कि अरू पनि डराऊन्।'*

कसैले समझदार मानिसलाई हिर्काउनु-पर्दैन; किनकि एउटा हप्कीले उसको जीवनमा काम गरिहाल्छ। उसले आफ्नो गल्ती मानि-लिन्छ, र ऊ अझ बुद्धिमान् बन्नेछ।

**हितोपदेश १९:२६:** जुन छोराले आफ्ना बुबासित खराब व्यवहार गर्छ, तिनको अपमान गर्छ, वा तिनको बदनाम गर्छ (बेक्ली), हो, जुन छोराले आफ्नी आमालाई घरबाट निकालिदिन्छ, त्योजस्तो शर्मलाग्दो र लाजमर्दो अरू छोरा नै छैन। त्यसले आफ्ना उदासी बुबाआमामाथि शर्म र बेइज्जत ल्याउँछ। त्यसका बुबाआमाहरूले त्यसलाई हुर्काएको-बढ़ाएकोमा के त्यसले तिनीहरूको गुण फर्काएको यति हो?

**हितोपदेश १९:२७:** यो नीतिवचन एउटा हीरा हो; किनभने त्यो जतातिर पल्टिन्छ, त्यत्ति नै त्यसले नयाँ चमक दिन्छ। यहाँ हामी यस पदका तीनवटा मुख्य व्याख्याहरू पेश गर्छौं, जस्तैः

**क)** के.जे.वी.-को अनुवादअनुसार यस पदको शब्द यस प्रकारका छन्: 'हे मेरा छोरा,

शिक्षा सुन्न छोड़िदेऊ, जुन शिक्षाले तिमीलाई ज्ञानका वचनहरूबाट भड्काउनेछ।'

हे जवान भाइबहिनीहरूहो, तिमीहरूको निम्ति यो अति उपयोगी सल्लाह हो – तिमीहरूको निम्ति, जसले यस्ता स्कूल र कलेजहरूमा पढ़िरहेका हुन्छौ, जुन स्कूल र कलेजहरूमा पवित्र बाइबलको शिक्षा सरासर इन्कार गरिन्छ। यस कलेजमा उच्च विद्या हासिल गर्न पाउने मौका बलिदान गर! शङ्का-उपशङ्का र नकाराइको गोलीकाण्डमा किन परिरहने? त्यहाँबाट निस्केको तिमीहरूको निम्ति बेस हो।

**ख)** आर.एस.वी. र बेक्लींको अनुवाद यस प्रकारको छः 'ज्ञानका वचनहरूबाट भड्किएर हिँड्न खोज्ने हे मेरा छोरा, शिक्षा सुन्न छोड़िदेऊ!'

असल शिक्षा हासिल गर्नमा के काम, जब हामीले यस शिक्षाको आज्ञापालन गर्न चाहँदैनौं? यसको निम्ति आफ्नो समय र शिक्षकको समय किन बरबाद गर्ने? शिक्षा सुनिरहने, तर यसको आज्ञापालन नगर्ने मानिसले आफूमाथि दोषमाथि दोष लदाइदिन्छ। परमेश्वरको इच्छा जानेर पालन नगर्नुभन्दा उहाँको इच्छा नजान्नु बेस।

**ग)** एन.के.जे.वी.अनुवादः 'हेर मेरा छोरा, शिक्षा सुन्न छोड़िदेऊ, र निस्सन्देह तिमी ज्ञानका वचनहरूबाट भड्किने नै छौं।'

यहाँ हामीलाई चेताउनी दिएको छः असल शिक्षा सुन्न छोड्ने मानिस भड्किन्छ-भड्किन्छ।

**हितोपदेश १९ः२८ः** सत्यनिष्ठ नभएको साक्षीले न्याय ठट्टामा तबसम्म उड़ाउँछ, जबसम्म त्यसको न्यायजाँच हुँदैन। त्यसले कि त अधर्म निल्छ, कि त अधर्म फैलाउँछ। एलिपजले 'अधर्म पानीझैं पिउने मानिस' भनेर यस मानिसको अवगुण सठीक प्रकारले व्यक्त गरे (अय्यूब १५ः१६)।

**हितोपदेश १९ः२९ः** गिल्ला गर्नेहरू र मूर्ख मानिसहरूले इतिहास-मञ्चमा उत्रेर मानिसहरूको वाह-वाह सुन्न पाउलान्, तर तिनीहरूको निम्ति ईश्वरीय दण्ड र न्यायको फैसला तयार भइसकेको छ। पर्दा झरेर तिनीहरूको नाटक र तमाशा सकोस्, तब न्यायमा परमेश्वरसित तिनीहरूको अनिवार्य भेटघाट सुनिश्चित हुनेछ।

**हितोपदेश २०ः१ः** *'दाखमद्य गिज्याउँछ।'* दाखमद्यले मानिसहरूलाई खिसी गर्छ। तर यहाँ, यसको अर्थ 'दाखमद्यले मानिसहरूलाई खिसी र ठट्टा गर्न लाउँछ' हो। अनि मदिराले तिनीहरूलाई उपद्रव र झगड़ा गर्न लगाउँछ।

दाखमद्य अङ्गुरहरूबाट बनिन्छ भने मदिरा अन्नबाट बनिएको हो। दाखमद्य र मदिराले मानिसहरूलाई पथभ्रष्ट पार्छन्। किनभने पहिले मानिस साथीसङ्गतमा मात्र पिउँछ भने, पछिबाट त्यो दिनदिनै पिउँदै जान्छ र अन्तमा त्यो एउटा पियक्कड़ बन्नेछ। त्यसले आफ्नो कुआदत हटाउन खोज्छ, तर त्यो त यसका साङ्लाहरूले बाँधिएको छ। ख्रीष्ट येशूमा यी साङ्लाहरू टुक्राटुक्रा पार्ने शक्ति छ। तर के तपाईं आफ्नो कुलतबाट छुटकारा पाउन चाहनुहुन्छ? यो नभई हुँदैन।

**हितोपदेश २०ः२ः** जब राजा रिसाउँछन्, तब राजभवनमा डरको वातावरण फैलिन्छ। अनि मानिसहरूलाई लागेको यो डर सिंहको गर्जनजस्तै छ; किनभने त्यसले खतरा आइरहेको सङ्केत दिन्छ। यसकारण जसले राजाको रिस उठाउँछ, त्यस मानिसको जीवन खतरामा हालिएको हुन्छ।

यसबाट हामीले सिक्नुपर्ने पाठ रोमी १३ः४ पदमा यसरी व्यक्त गरिएको छः *'किनकि शासक तिम्रो भलाइको निम्ति परमेश्वरको सेवक हुन्। तर तिमी खराब काम गर्छौ भने डराऊ; किनकि तिनले व्यर्थमा तरवार भिर्दैनन्; किनकि तिनी त खराब काम*

*गर्नेमाथि क्रोध प्रकट गरी बदला लिने परमेश्‍वरको सेवक हुन् ।'*

**हितोपदेश २०:३:** आदरको योग्य मानिसले झगड़ाबाट आफ्नो हात झिक्छ, र त्यसबाट टाढ़ा बस्छ। तर मूर्ख मानिस कसैसँग झगड़ा नगरी खुशी हुँदैन ।

**हितोपदेश २०:४:** इस्राएल देशमा मङ्सिर-पुस हलो जोत्ने समय हो। त्यस समयमा उत्तरबाट चिसो हावा बहन्छ। अल्छे मानिसले जाड़ो मौसम आफ्नो सुस्तीपनको निहुँ बनाउँछ। हलो नजोतीकन बीउ छरिँदैन, अनि बीउ नछरी कटनी हुँदैन। फसलको बेलामा त्यसले वाल्ल परेर आफ्ना बाँझो बारी निहार्छ। 'अरे, फसल छैन, कसरी ?' भनेर त्यसलाई ताजुप लाग्छ ।

**हितोपदेश २०:५:** मानिसका विचार र अभिप्रायहरू निक्कै गहिरो गरी उसको मनभित्र लुकेका हुन्छन् । उसले प्रायः आफ्ना मनतव्यहरूको विषयमा कुरा गर्दैन। तर समझदार मानिस उसको हृदयमा लुकेको कुरा केही बुद्धिमान् प्रश्नहरू सोधेर निकाल्नमा सिपालु हुन्छ। यहाँ हामी यसको उदाहरण दिन्छौंः आत्मिक सल्लाहकारले कुनै मानिस विशेषलाई उसको टेढ़ामेढ़ा सोचाइ देख्न सहायता गर्छन् । तब प्रकाशमा आएको कुराको इलाज सम्भव हुन्छ ।

**हितोपदेश २०:६:** विश्‍वासयोग्य भनाउँदा धेरै छन्, तर विश्‍वासी मानिस पाउन गाह्रो छ । यसो हो भने, कुनै व्यक्ति र उसको व्यक्तित्वको बीचमा यत्रो भिन्नता छ भने, मानिसको वास्तविकता र अरूको सामु देखा परेको उसको रूपमा पनि भिन्नता छ होला नि ।

**हितोपदेश २०:७:** धर्मी जनचाहिँ आफ्नो इमानदारी र सच्चाइअनुसार चल्छ। निश्‍चय उसका छोराछोरीहरूले उसको उच्च अधिकारको भागमा सहभागी हुनेछन् र उसको जीवन-चरित्र र उसको असल नमुनाबाट लाभ उठाउनेछन् ।

**हितोपदेश २०:८:** न्याय-आसनमाथि बस्ने राजाले आफ्ना आँखाहरूले सबै खराबी छानबिन गरेर उड़ाउँछन् । जब ख्रीष्ट येशू आफ्नो न्याय-आसनमाथि बस्नुहुनेछ, तब सबै कुराहरू देख्ने उहाँका आँखाहरूले आगोको ज्वालाले जस्तै सबै कुराहरू जाँच गर्नेछन्, तब तिनीहरूले सबै देखावटी, सबै बहाना, अँ, भएका-नभएका सबका सब छानबिन गर्नेछन् र यथार्थ कुरा पत्ता लगाउनेछन् ।

**हितोपदेश २०:९:** आफ्नो कोशिशले कुनै मानिसले आफूलाई पापबाट शुद्ध पार्न सक्दैन । *' "मैले आफ्नो हृदय शुद्ध पारेको छु; म आफ्नो पापबाट शुद्ध भएको छु" भनेर कसले भन्न सक्छ ?'* जुन मानिसले आफूलाई शुद्ध ठान्छ, त्यो मानिस पूरा भ्रममा परेको हुनुपर्छ ।

तर प्रभु येशूको बहुमूल्य रगतद्वारा शुद्ध हुन सम्भव छ; किनकि ख्रीष्ट-विश्‍वासीहरूले परमेश्‍वरको थुमाको रगतमा आफ्ना वस्त्रहरू धोएका छन् र आफ्ना वस्त्र सेता पारेका छन् (प्रकाश ७:१४) ।

> हाम्रो छुटकारा मोल तिरेर किनिदिएको ख्रीष्टको रगत छँदैछ,
> जुन अमूल्य रगतले हामीलाई हाम्रा सिन्दूरे रङ्गका सबै पापहरू शुद्ध पारेको छ;
> यसकारण हामी पृथ्वी र नरकलाई हाँकेर भन्न सक्छौंः 'हामीलाई यस्तो एउटा पाप देखाइदे,
> जुन पाप ख्रीष्ट येशूको बहुमूल्य रगतले शुद्ध पार्न सक्दैन ।'
>
> श्री अगस्टस एम. टोपलेडी

**हितोपदेश २०:१०:** परमेश्‍वरले छली मानापाथी र नापजोख घृणा गर्नुहुन्छ। आफ्नो फाइदाको निम्ति अरूको हानि गर्ने जुनसुकै छलको व्यवहार र धूर्त प्रणाली यस प्रकारको छलमा समावेश हुन्छ। 'हे तरकारी र आलु बेच्ने व्यापारीहो, तराजुबाट आफ्नो औंला हटाऊ! तराजुलाई आफ्नो सठीक वजन

देखाउन देऊ!' अनि अरू मानिसहरूको जीवन जाँच्नको निम्ति उच्च स्तरहरू लगाइदिने, तर आफ्नो निम्ति खुकुला स्तरहरू अपनाइदिने चाल पनि छली मानापाथीको घेराभित्र पर्छ।

**हितोपदेश २०:११:** मानिसको मूल-स्वभाव उसको बाल्यकालमा देखा पर्छ। कुनै नानीको स्वभाव साह्रै नीच र दुष्ट छ भने, कुनै नानीको स्वभाव मनपर्दो र सुखद हुन्छ। हाम्रो बालकपनमा हामी जेजस्ता थियौं, त्यस कुराले हाम्रो वयस्कलाई आफ्नो रूप दिन्छ। हरेक बालकबालिका आफ्नो स्वभाव लिएर प्रौढ़ हुन्छ, र त्यस अवस्थामा उसको स्वभाव पूरा विकसित हुन्छ, चाहे उसको स्वभाव असल, चाहे खराब।

**हितोपदेश २०:१२:** परमप्रभुले सुन्ने कानहरू र देख्ने आँखाहरू बनाउनुभएको हो। तब यस वाक्यको अर्थ के होला त? हाम्रा कानहरू र हाम्रा आँखाहरू उहाँको सम्पत्ति हुन्; यसकारण हामीले आफ्ना कान र आँखाहरू उहाँको महिमाको निम्ति प्रयोग गर्नुपर्छ। निश्‍चय यसको सठीक अर्थ यही हुनुपर्ला, होइन र?

**हितोपदेश २०:१३:** निद्रा मन पराउने गरिब हुन्छ। हे निदाउने, बिउँझी! काम गर्! तब पैसा कमाइन्छ र कोठाको बहाल तिर्ने रकम जम्मा हुन्छ; तेरो पैसा तेरो सौदापात गर्न पुग्छ, अँ, प्रभुको कामको निम्ति दिन पनि यथेस्ट हुन्छ।

**हितोपदेश २०:१४:** यहाँ यस पदमा ग्राहकहरूको पुरानो छली चाल प्रस्तुत गरिएको छ। पुरानो कार किन्ने गाकीले कारको चारैतिर हेर्छ, त्यसपछि त्यसका दागहरू, त्यसका टायर, त्यसको इन्जिन र त्यसको मन नपरेको रङ्गको विषयमा गुनासो गर्न थाल्छ, अनि 'त्यो कार राम्रो छैन, राम्रो छैन' भन्छ। आफ्नो कार बेच्नेले यो कुरा याद गरेको थिएन। 'अहो, मेरो कार यति थोत्रो गाड़ी, मलाई के थाहा' भन्दै उसले सोझै त्यसको बेच्ने दाम घटाइहाल्छ। त्यसपछि त्यस ग्राहकले उसलाई तोकिएको दाम दिन्छ, र खुशी भएर त्यहाँबाट हिँड्छ। आफ्ना साथीहरूलाई यो किनेको कार देखाएर 'त्यो क्या सस्ता पाएँ' भनेर त्यसले गर्व गर्छ।

**हितोपदेश २०:१५:** मानिसले सुनको गहना लगाओस्, हीरामोती लगाओस्, तर उसको सबैभन्दा असल गर-गहनाचाहिँ उसको बुद्धिपूर्ण बोलीवचन हो। के यो तपाईंको शृङ्गार र आभूषण हो?

**हितोपदेश २०:१६:** 'पराईको निम्ति जमानी बस्नेबाट त्यसको वस्त्र लैजाऊ, र त्यसबाट परस्त्रीको निम्ति धरौटी लिइराख!' पराई मानिसको निम्ति जमानी बस्नु मूर्ख कुरा हो; किनभने नचिनेका मानिसहरूको ऋण तिर्ने प्रण दिनु न्यायसँगत कुरा होइन। अन्जान व्यक्तिसँग व्यवहार गर्नु वा व्यापारको सम्बन्ध राख्नु हो भने, त्यसले आफ्नो प्रतिज्ञा भङ्ग गर्ने परिस्थिति वा त्यसको दिवालिया भएको अवस्थाको निम्ति त्यसबाट त्यसको पर्याप्त सम्पत्ति बन्धकको रूपमा लिनुपर्छ। अनि तपाईंले नचिन्नुभएको त्यो पराई मानिस व्यभिचारी हुन सम्भव छ; तब कसो हो? तब झन् बढ़ी हामीले परमेश्‍वरको यो आदेश शिरोपर गर्नुपर्छ।

**हितोपदेश २०:१७:** कसैलाई छलको फल मीठो लाग्ला; तर छलको धनबाट पाउने आनन्द र सन्तुष्टि क्षणिक हुन्छ। अन्तमा हामीलाई मुखभरि गिट्टी भएको जस्तै लाग्छ, त्यस्तै नमीठो र दुःखदायी लाग्छ, थुक्न मन लाग्छ। छली धन्दाचाहिँ वेतन-करको विवरण माथि-तल गर्ने काम, भएको भन्दा बढ़ी व्यय देखाउने काम, सरकारी कर्मचारी, परीक्षक वा निरीक्षकलाई घूस दिने काम, झूटो लेबल लगाउने काम र आफ्नो मालको विज्ञापन गर्दा आफ्नो मालको झूटो प्रशंसा गर्ने काम आदि समावेश हुन्छ।

**हितोपदेश २०:१८:** विभिन्न सर-सल्लाहहरू जम्मा गरेर कुनै योजना बनाउनु उचित र बुद्धिमान् काम ठहरिन्छ। कुनै सेनापति अरू युद्धकला-प्राप्त विशेषज्ञहरूबाट सल्लाह नलिईकन लड़ाइँमा उत्रिँदैनन्।

**हितोपदेश २०:१९:** कुराबोकुवाले गुप्त राख्नुपर्ने कुराहरू खुलस्त पारिदिन्छ। यसकारण हामीले यस्तो बकबकेको सङ्गत गर्नुहुँदैन; किनभने त्यसले तपाईंको सामु अरू मानिसहरूको विरोधमा बोल्छ भने, त्यसले अरूको सामु तपाईंको विरोधमा बोल्छ-बोल्छ; यसमा शङ्का छैन।

**हितोपदेश २०:२०:** मोशाको व्यवस्था-अनुसार जुन छोराले बुबा वा आमालाई सराप्थ्यो, त्यस छोरालाई मृत्युदण्ड दिइन्थ्यो (प्रस्थान २१:१७)। यस कुराले हाम्रा वर्तमान जवान भाइबहिनीहरूलाई गम्भीर तुल्याउनुपर्नेथियो, जसले आफ्ना बुबाआमा-हरूको विद्रोह गर्छन्। तिनीहरूले यस प्रकारको तीतोपन समाधान गर्नैपर्छ; नत्र ता तिनीहरूको क्षमा नगर्ने मन अन्धकारमा डुब्छ र त्यो तिनीहरूको अनन्त विनाशको कारण बन्छ।

**हितोपदेश २०:२१:** उड़न्ता पुत्रले पैतृक सम्पत्तिको आफ्नो भाग हतारसँग पायो र हतारसँग गुमायो पनि। तर यस नीतिवचनले पेश गरेको सत्यताचाहिँ छिटो धनी तुल्याउने जुनसुकै प्रणाली र आयोजनामा लागू हुन्छ। जुन कुरा छिटो आउँछ, त्यो कुरा छिटो जान्छ।

**हितोपदेश २०:२२:** आफ्ना शत्रुहरूबाट बदला लिने कोशिश नगर्नुहोस्! किनकि बदला लिने काम परमप्रभुको काम हो। उहाँले हरेक कामकुराको उचित प्रतिफल दिनुहुन्छ। यसकारण हामीले परमप्रभुको बाटो हेर्नुपर्छ; उहाँले हामीलाई बचाउनुहुनेछ र हामीलाई निर्दोष ठहऱ्याउनुहुनेछ।

**हितोपदेश २०:२३:** श्री एडम क्लार्कले रेशम कपड़ा बेच्ने व्यापारीको निम्ति काम गर्दथिए। तिनको काम गर्ने मालिकले तिनलाई यसो गर्ने आदेश दिए: 'रेशम कपड़ा नाप्दा त्यो अलिक तन्काऊ!' तब एडम क्लार्कले उत्तर दिए: 'तपाईंको रेशम कपड़ा तन्किन्छ, तर मेरो विवेक तन्किँदैन।' अनि परमेश्वरले अडम क्लार्कको आदर-सम्मान गर्नुभयो; किनभने तिनको जीवनका पछाड़ि वर्षहरूमा तिनी पवित्र बाइबलको टिप्पणी-कोश लेख्न सक्षम भए, जुन टिप्पणी-कोश धेरै प्रचलित भयो।

**हितोपदेश २०:२४:** *'मानिसका पाइला-हरू परमप्रभुबाट सुनिश्चित पारिन्छन्; तब मानिसले आफ्नो चाल कसरी बुझ्न सक्छ र?'* परमेश्वरको सर्वाधिकार र मानिसको स्वतन्त्र इच्छा दुवै कुराहरू सत्य छँदै यस पदको जोड़ परमेश्वरको सर्वाधिकारमाथि रहेको छ, मानिसको स्वतन्त्र इच्छामा होइन। यस पदले भन्न चाहेको कुरा यस प्रकारको छ: मानिसको जीवनसित सम्बन्धित सबै काम-कुराहरू परमेश्वरको हातमा छन् र उहाँको नियन्त्रणमा रहन्छन्। अनि उहाँ हाम्रो निम्ति सबैभन्दा उत्तम कुराहरू चाहना गर्नुहुन्छ। यसकारण हामीले उहाँको निर्देशन पाउन उहाँको बाटो हेर्नुपर्छ। हामीले आफ्नो भाग्यको मालिक हुन कोशिश गर्नुहुँदैन। हामीले चलाखी गर्नुहुँदैन; हामी मतलबी हुनुहुँदैन; हामीले आफ्नै इच्छा पूरा गर्ने जिद्दी गर्नुहुँदैन।

**हितोपदेश २०:२५:** *'हतारसँग "यो पवित्र छ" भन्नु र भाकल गरिसकेपछि मात्र सोच-विचार गर्नु मानिसको निम्ति एउटा पासो हो।'* प्रभुको हातमा समर्पण गर्ने कुराको सम्बन्धमा हामी होशियार हुनुपर्छ। कसैले यसको विषयमा पछुतो मान्नु नपरोस्! यसकारण जसले कुनै भाकल गर्छ, उसले आफूसँग पूरा गर्ने औकात छ कि छैन, सो पहिले निश्चित

गर्नुपर्छ; अनि ऊ आफ्नो अभिप्रायमा सुनिश्चित हुनुपर्छ ।

**हितोपदेश २०:२६:** *'बुद्धिमान् राजाले दुष्टहरूलाई छरपस्ट पारिदिन्छन् र तिनीहरूमाथि चक्का गुड़ाउँछन् ।'* बुद्धिमान् राजाले दुष्ट मानिसहरूलाई सहन सक्दैनन् । तिनले दाइँ गर्ने चक्का तिनीहरूमाथि गुड़ाइदिन्छन्, अर्थात् तिनले दुष्टहरूलाई धर्मी जनहरूबाट अलग गरेर छुट्ट्याउँछन्, तिनीहरूको न्यायजाँच गर्छन् र तिनीहरूलाई सजाय दिन्छन् ।

**हितोपदेश २०:२७:** यस पदमा मानिसको आत्मा भन्नाले सामान्य अर्थमा मानिसको विवेक बुझिन्छ । परमप्रभुले हामीलाई एउटा विवेक दिनुभयो; अनि त्यो विवेक हामीमा बत्तीको काम गर्छ; त्यसले हाम्रा विचारहरू, हाम्रा अभिप्राय र मनसाहरू, हाम्रा भावना र कामहरूमाथि प्रकाश पार्छ । विवेकले हाम्रो मनभित्र लुकेका सबै विचारहरू र अभिप्रायहरू जाँचेर तिनको समर्थन वा दोषारोपण गर्छ (रोमी २:१४-१५) ।

**हितोपदेश २०:२८:** कृपा र सत्यता हरेक राजा र शासकका सद्‌गुण हुनुपर्छ; तब तिनले इज्जत पाउनेछन् र तिनको निम्ति जनताको सहयोग र समर्थन सुनिश्चित हुनेछ । निरङ्कुश तन्त्रद्वारा होइन, कृपाको व्यवहारद्वारा तिनको सत्ता स्थिर रहन्छ ।

**हितोपदेश २०:२९:** *'जवान मानिसहरूको गौरव तिनीहरूको बल हो; तर वृद्धहरूको सुन्दरता तिनीहरूको फुलेको केश हो ।'* जवानहरूको निम्ति जुन कुरा तिनीहरूको बल हो, त्यो कुरा वृद्धहरूको निम्ति तिनीहरूको फुलेको केश हुन्छः तिनीहरूको शोभा, गौरव र महिमा । वृद्धहरूको फुलेको केशचाहिँ तिनीहरूको बुद्धि र अनुभवको प्रतीक हो । अनि हरेक स्थानीय मण्डलीमा सेवा गर्ने बलिया जवान भाइहरू र बुद्धिमान् सल्लाहकाररूपी वृद्ध दाजुहरूको खाँचो छ ।

**हितोपदेश २०:३०:** *'जसरी चोटका नीला डामहरूले खराबीलाई धोइदिन्छन्, त्यसरी नै कोर्राका चोटहरूले शरीरका भित्री भागहरू धोइपखाल्छन् ।'* यस पदबाट नैतिक खराबी हटाउनको निम्ति शारीरिक ताड़नाको भूमिका र महत्त्व बुझिन्छ । जुन छोरा कसैको चीज वा आमाको पैसा चोरी गर्ने परीक्षामा पर्छ, त्यस छोराले बितेको समयमा खाएको पिटाइको दुःखाइको सम्झना गर्छ र आफ्नो पापी विचार छोड्छ ।

**हितोपदेश २१:१:** *'राजाको हृदय परमप्रभुको हातमा छ; पानीका नदीहरूजस्तै, उहाँले जहाँ चाहनुहुन्छ, त्यहाँतिर त्यो फर्काउनुहुन्छ ।'* पानीको नाला वा कुलोले पानी बग्ने निशाना निर्धारित गर्छ, ठीक योजस्तै परमप्रभुले राजा र शासकहरूका विचार, वचन र कामहरू नियन्त्रण गर्नुहुन्छ र हस्तक्षेप गर्नुहुन्छ । हे दमनकारी सरकारको अधीनतामा बस्ने ख्रीष्ट-विश्वासीहरूहो, यस कुराबाट उत्साह पाउनुहोस् ! हे सुसमाचारको सन्देश लिएर ख्रीष्ट-विरोधी देशहरूमा पठाइएका मिशनरी भाइहरूहो, यस कुराबाट हिम्मत पाउनुहोस् !

**हितोपदेश २१:२:** कसैले पनि आफ्नो जीवन र सेवकाइ सठीक रूपले मूल्याङ्कन गर्न सक्दैन । किनभने मानिसले बाहिर देखा परेका कुराहरूअनुसार सबै कुराहरू जाँच्छ । तर परमप्रभु हृदयभित्र भएका विचार, प्रेरणा, उद्देश्य र भावनाहरू नापजोख गरेर जाँच्नुहुन्छ ।

**हितोपदेश २१:३:** परमप्रभु होमबलिहरू र अन्य बलिदानहरूमा प्रसन्न हुनुहुन्न; किनकि उहाँको आज्ञापालन गर्नु उहाँलाई प्रसन्न तुल्याउने मुख्य कुरा हो (१ शमूएल १५:२२) । परमेश्‍वर रीतिवादी हुनुहुन्न । उहाँले हामीबाट आन्तरिक हृदयको सच्चाइ खोज्नुहुन्छ; खास कुरा यही हो ।

**हितोपदेश २१:४:** यस नीतिवचनमा परमेश्‍वरको दृष्टिमा पाप ठहरिएका तीनवटा कुराहरू पेश गरिएका छन्, जस्तैः चढ़ेको आँखा, घमण्डी हृदय र दुष्ट मानिसहरूको जोताइ। चढ़ेको आँखाले बाहिर देखा परेको छलकपटको बाहिरी रूप हो भने, घमण्डी हृदय त्यसको आशय र ट्याङ्की हो। अनि दुष्ट मानिसहरूको जोताइको अर्थ तिनीहरूको परिश्रम, समृद्धि, सुख वा आशा होला।

**हितोपदेश २१:५:** यहाँ आफ्नो जीविका चलाउन परिश्रम गर्ने मानिसको तुलना एकै रातमा धनी हुन खोज्ने मानिससित गरिएको छ। परिश्रम गर्नेको भरपूरी र धनी हुन खोज्नेको गरिबी सुनिश्‍चित छ।

**हितोपदेश २१:६:** ठगेर वा झूट बोलेर धनी हुन खोज्नेहरू हावाको पछि लागेका छन्; किनभने जुन कुरा तिनीहरूले पछ्याइरहेका छन्, त्यो कुरा उड़ेर लोप हुँदै जान्छ; अनि तिनीहरूचाहिँ? तिनीहरू आफ्नो छलद्वारा नाश हुनेछन्। तिनीहरू मरुभूमिमा मृग-तृष्णाको पछि लाग्ने यात्री हुन्, जुन मृगतृष्णा तिनीहरूको मृत्युको फन्दा बन्छ।

**हितोपदेश २१:७:** *'दुष्टहरूको अत्याचारले तिनीहरूलाई नष्ट पार्छ; किनकि तिनीहरू न्याययुक्त काम गर्न अस्वीकार गर्छन्।'* नैतिकताको जगत्‌मा एउटा आत्मिक नियमले काम गर्दैछ; यसकारण अत्याचार, दुष्टता र अन्याय गर्नेहरू दण्ड नपाई उम्कनेछैनन्, अहँ, दण्ड नपाई कहिल्यै उम्कनेछैनन्।

**हितोपदेश २१:८:** यो पद डार्बीको अनुवाद यस प्रकारको छः 'दोषी मानिसको चाल एकदम टेढ़ा हुन्छ; तर शुद्ध मानिसको काम सीधा हुन्छ।' अपराधले दोषी मानिसलाई आफ्नो दोष छोप्न झूट बोल्न, छद्मवेष लिन, डराउन र छलकपट गर्न लाउँछ। तर जुन मानिसले आफ्ना पापहरू मानिलिन्छ र छोड़्छ, त्यस मानिससँग लुकाइराख्ने कुनै कुरा छैन; किनकि ऊ ज्योतिमा हिँड्छ।

**हितोपदेश २१:९:** बाइबलको समयमा इस्राएल देशमा घरहरूको छत समतल हुन्थ्यो। अनि यस नीतिवचनले के भन्छ भने *'झगड़ालु स्वास्नीसँग एउटा ठूलो घरमा एकसाथ बस्नुभन्दा बरु कौसीको कुनामा बस्नु उत्तम हो।'* किचकिच गर्ने झगड़ालु चुच्ची पत्नीसँग भव्य भवनमा जिउनुभन्दा कौसीको साँघुरो कुनामा बसेर गर्मी, जाड़ो, हावा, पानी, हिउँ र असिना सहनु बढ़िया हुँदो रहेछ। बाहिरबाट आउने आँधीबेह्रीहरू सहन सकिन्छ, तर घरपरिवारभित्र चल्ने तुफान सहन गाह्रो पर्छ।

**हितोपदेश २१:१०:** दुष्ट मानिसको मनले घरिघरि नयाँ र फेरि नयाँ खराबीको रचना गर्छ। त्यसको छिमेकीको निम्ति त्यसको मनमा कुनै दयामाया छैन। त्यसले जानी-जानी पाप गर्छ र त्यसको पाप निर्दयी हुन्छ। आधुनिक समाजशास्त्रीय विचारधारणाहरूले अपराधको निम्ति सास्ता, निकम्मा बहानाहरू निकालेका छन्, जुनचाहिँ मतलबहीन र बित्थाका हुन्छन्।

**हितोपदेश २१:११:** गिल्ला गर्नेले आफूले भोगेको सजायबाट केही नसिक्ला, तर बोधो मानिस यो देखेर चेत्छ। कसैले बुद्धिमान् मानिसलाई सजाय दिनुपर्दैन; किनभने ऊ शिक्षा सुनेर सिक्छ।

**हितोपदेश २१:१२:** *'धर्मी जनले बुद्धि लगाएरै दुष्टको घर विचार गर्छ; तर परमेश्‍वरले दुष्टहरूको दुष्टताको खातिर तिनीहरूलाई पल्टाइदिनुहुन्छ।'* परमेश्‍वरले होशियारसाथ भक्तिहीन मानिसहरूका सबै कामकुराहरू ख्याल गर्नुहुन्छ। अनि ठीक समयमा उहाँले तिनीहरूको ज्वार भाटामा परिणत गर्नुहुन्छ र तिनीहरूमाथि विनाश ल्याउनुहुन्छ।

**हितोपदेश २१:१३:** लूका १६:१९-३१ पदको खण्डमा प्रस्तुत गरिएको धनी मानिसलाई आफ्नो घरको ढोकामा बसिरहेको गरिब भिखारीको अति आवश्यक खाँचो के परबाह? परलोक पुगेपछि ऊ साह्रै कष्टमा तड्पिरहेको थियो, तर उसको पुकार कसैले सुनेन, कसैले ध्यान दिएन।

**हितोपदेश २१:१४:** पवित्र बाइबलमा कति तथ्यहरू पेश गरिएका छन्, तर यसो गरेर ती कुराहरूको अनुमोदन भएको छैन। यसको जानकारीमा आएको कुरा होः त्यहाँ एकजना रिसाएको मानिस थियो, जसको रिस एउटा उपहारले शान्त पार्‍यो। अनि अर्को एकजना मानिस थियो, जो साह्रै क्रोधित भएको थियो, अनि त्यसलाई पनि गोजीबाट निकालिएको घूसले शान्त पार्‍यो।

**हितोपदेश २१:१५:** *'न्यायप्रेमीलाई न्यायको काम गर्न आनन्द लाग्छ; तर कुकर्म गर्नेहरूमाथि विनाश आइपर्नेछ।'* यस पदले ख्रीष्ट येशूको दोस्रो आगमनमा भइरहेको कुराको पूर्वचित्रण गर्छ। किनभने उहाँको आगमन मुक्ति पाएकाहरूको निम्ति परम हर्षको दिन हुनेछ, तर अरू सबै मानिसहरूको निम्ति डरत्रासको दिन हुनेछ (२ थेस्सलोनिकी १:६-९)।

**हितोपदेश २१:१६:** हितोपदेशको पुस्तकमा सबै किसिमका मानिसहरूको विषयमा लेखिएको छ। यहाँ प्रस्तुत गरिएको मानिस पापको मरुभूमिमा फिरन्ते डुलुवा रहेछ। त्यसको अन्तिम झलक लिनुहोस्ः त्यसले अन्तमा मरेकाहरूका आत्माहरूको सभामा विश्राम पाएको रहेछ।

**हितोपदेश २१:१७:** दाखमद्य र तेलचाहिँ शानदार र सुखभोगी जीवनका प्रतीक हुन्। तर यस प्रकारको जीवनले सन्तुष्टि र तृप्त के दिन सक्छ र? यी लोभ्याउने सुखदायक चीजहरूले बरु हामीलाई गरिब पो तुल्याउँछन्। किनकि यस प्रकारको विलासी जीवनले आर्थिक स्रोत सुकाउँछ र सुखभोगी मानिसलाई आत्मिक गरिबीमा पुर्‍याएर छोड्छ।

**हितोपदेश २१:१८:** यशैया ४३:३ पदमा परमेश्वरले भन्नुभयो, कि उहाँले मिस्र देश इस्राएली जातिको छुटकाराको दाम ठहर्‍याएर तिनीहरूको निम्ति दिइहाल्नुभयो। परमप्रभुले राजा कोरेसलाई तिनले यहूदीहरूलाई बन्दीबाट छुटकारा दिएको खातिर मिस्र देश र आसपासका राज्यहरू कब्जा गर्न दिनुभयो।

यस पदको अर्थ यसमा सीमित किन राख्ने? यहाँ, यस पदमा धर्मी जनहरूको छुटकाराको निम्ति दुष्टहरूले दण्ड पाउँछन् भन्ने सामान्य शिक्षा पेश गरिएको छ।

**हितोपदेश २१:१९:** *'झगड़ालु र रिसाहा स्वास्नीसँग बस्नुभन्दा त बरु उजाड़स्थानमा बस्नु उत्तम हो।'* यस पदमा रचनाकारले विशुद्ध हास्य हालेका छन्। हितोपदेशका लेखकले झगड़ा गर्ने सधैं बेखुशी भएकी नाराज पत्नीसित बस्नुभन्दा बरु उजाड़स्थानको एकलैपन, त्यस दुर्गम ठाउँका असुविधाहरू सहन रुचाउँथे।

**हितोपदेश २१:२०:** यस पदमा बुद्धिमान् मानिसको चितिक्क घरको तुलना मूर्ख मानिसको घरसित गरिएको छ। बुद्धिमान् मानिसको घरमा सबै असल कुराहरूको भरपूरी छ भने, मूर्ख मानिसको घरमा पाप छ, फिजुलखर्च र बरबाद छ; यसकारण त्यसको घरमा अपुग हुन्छ-हुन्छ।

यस कुराले मलाई त्यस मतवालाको सम्झना दिलायो, जसले रक्सी किन्न घरका कुर्सी-टेबल आदि सामग्रीहरू बेच्थ्यो। पछि त्यो मानिस ख्रीष्ट येशूकहाँ आयो; त्यसले मुक्ति पायो। त्यस भाइको जीवन परिवर्तन भएको केही समयपछि एकजनाले त्यसलाई सोधेछः 'येशूले पानी दाखमद्यमा परिवर्तन भएको कथा के तिमीले विश्वास गर्छौ?' त्यस भाइको उत्तर यस प्रकारको थियोः

'पानी दाखमद्य बनेको विषयमा म अनजान छु; तर प्रभु येशूले मेरो घरमा रक्सी फर्नीचर तुल्याउनुभएको मलाई पूरै थाहा छ।'

**हितोपदेश २१ः२१ः** यस पदमा भन्न चाहेको तात्पर्य यस प्रकारको छः जुन मानिस धार्मिकता र कृपाको पछि लागिपर्छ, त्यस मानिसले खोजेको भन्दा धेरै पाउँछ। किनभने उसले धार्मिकता मात्र होइन, तर जीवन, धार्मिकता र आदर पाउँछ।

**हितोपदेश २१ः२२ः** बुद्धिमान् ख्रीष्ट-विश्वासीले शत्रुको गढ़ ढालिदिन्छ; यसो गर्न उसले तोप र बमहरू प्रयोग गर्दैन, तर विश्वास, प्रार्थना र परमेश्वरको वचन सदुपयोग गर्छ (२ कोरिन्थी १०ः४)। जुन कुरा आत्मिक संघर्षमा शस्त्र-बलले पूरा गर्न सकिँदैन, त्यो कुरा आत्मिक बुद्धि लगाएरै पूरा हुन्छ।

**हितोपदेश २१ः२३ः** जसले आफ्नो मुखमा लगाम लगाउँछ, उसले आफूलाई थुप्रै समस्याहरूबाट बचाउँछ। *'यही प्रकारले जिब्रो पनि एउटा सानो अङ्ग हो, जसले ठूला-ठूला कुराहरूको विषयमा घमण्ड गर्छ। हेर, एउटा सानो आगोले कति ठूलो वनमा आगो लगाइदिन्छ! ठीक त्यस्तै जिब्रो एउटा आगो हो, अधर्मको एउटा संसारै हो। जिब्रो हाम्रा अङ्गहरूमध्ये यसरी राखिएको छ, कि त्यसले सारा शरीरलाई अशुद्ध पार्छ र प्रकृतिको चक्रमा आगो लगाइदिन्छ; अनि त्यसमा नरकद्वारा आगो सल्केको छ'* (याकूब ३ः५-६)।

**हितोपदेश २१ः२४ः** जब तपाईंले एउटा घमण्डी, हठधर्मी मानिसलाई भेट्नुहुन्छ, तब तपाईंले त्यस मानिसको नाम 'गिल्ल्याहा' राख्न सक्नुहुन्छ; किनकि त्यसको खास नाम यही हो। अनि त्यसको नामले त्यसको व्यक्तित्व बताउँछ; *'किनकि जस्तो उसको नाम छ, ऊ त्यस्तै हुन्छ'* (१ शमूएल २५ः२५)।

**हितोपदेश २१ः२५-२६ः** अल्छी मानिस ठूलो चपेतामा परेको छ; किनकि एक त त्यसले सम्पत्तिको लोभलालच गर्छ; अनि दुई, त्यसले काम गर्न मान्दै-मान्दैन। त्यसको दोधारले त्यसलाई मार्छ। त्यसले मनको तरङ्गमा तैरिएर आफ्नो समय बरबाद गर्छ; त्यसका आकङ्क्षाहरू त्यसलाई हतोत्साहित पार्ने निराशा हुन्। तर धर्मी जनले परिश्रम गर्छ र पैसा कमाउँछ; त्यसले उदारचित्तले असल कल्याण-कार्यहरूको निम्ति दान दिन्छ।

**हितोपदेश २१ः२७ः** मुक्ति नपाएका पापी मानिसहरूले दिएका अनुदानहरूबाट परमेश्वरले कुनै चासो राख्नुहुन्न, तर घृणाले आफ्नो मुख फर्काउनुहुन्छ। उहाँलाई किन्न खोजेको मनसाले चढ़ाइएको दानले उहाँमा घिन र अमन पैदा गर्छ। के उहाँले कुनै दुष्ट युक्ति माफ दिनुहुन्छ, मन्जुर गर्नुहुन्छ वा त्यसलाई आशिष दिनुहुन्छ?

**हितोपदेश २१ः२८ः** यस पदको आर.एस.वी.-अनुवाद यस प्रकारको छः 'झूटो साक्षी नाश हुनेछ; तर ध्यानसित सुन्ने मानिसको वचन सधैं रहिरहनेछ।' झूटो गवाहीले 'म सत्य, केवल सत्य बोल्छु' भनेर परमेश्वरको उपस्थितिमा शपथ खान्छ; तर त्यसपछि त्यसले त्यो झूटो कसम भङ्ग गरेर जानीबुझी झूट बोल्छ। तर ध्यानसित सुन्ने र इमानदारपूर्वक उत्तर दिने मानिसले दिएको साक्षी हल्लाउन नसक्ने गरी अटल रहन्छ।

**हितोपदेश २१ः२९ः** दुष्ट मानिसको कठोर अनुहारबाट त्यो आफ्नो अधर्ममा अडिग रहेको थाहा लाग्छ। त्यसको निधार पित्तलको हुन्छ। सीधा चाल चल्ने मानिसको व्यवहार सुव्यवस्थित र सुरक्षित हुन्छ; किनकि ऊ शिक्षणीय रहिरहन्छ।

**हितोपदेश २१ः३०ः** परमेश्वरको बुद्धि, समझ, कौशलता र दक्षताको सामु मानिसका क्षमताहरू सूक्ष्म हुन्छन्। तब के मानिसले परमप्रभुको विरोधमा रचेका योजनाहरू

विफल हुनुपर्दैन र? 'परमप्रभुको हरेक योजना पूरा हुने नै छ' (यर्मिया ५१:२९)।

**हितोपदेश २१:३१:** लड़ाइँ जित्न मानिस-हरूले यसको तयारीमा अनेक योजनाहरू बनाउलान्; तर लड़ाइँको दिनमा विजयचाहिँ परमप्रभुबाट आउँछ; किनभने विजय उहाँबाट मात्र आउँछ। घोड़ाहरूरूपी अणुबमहरूमाथि भरोसा गर्नुभन्दा उहाँमाथि भर पर्नु उत्तम हो (भजन २०:७)।

श्री प्लम्प्टरले हितोपदेश २१:३०-३१ पदको सार यस प्रकारले दिएका छन्:

> 'परमेश्वरको विरोधमा कुनै सीप लाग्दैन भने परमेश्वरविना हाम्रो सीप केही पनि लाग्दैन।'

**हितोपदेश २२:१:** सुनाम भएको मानिसको नाम चलेको छ, समाजमा उसको कीर्ति बढ़ेको छ। सुनामचाहिँ असल चरित्रले कमाएको फल हो। धेरै सम्पत्तिभन्दा यश उत्तम हो, अँ, त्योभन्दा मूल्यवान्, शक्तिशाली र अमर हो। ठीक यही कारणले अनुग्रह र कृपादृष्टि पाउनु पनि सुनचाँदीभन्दा उत्तम हो।

**हितोपदेश २२:२:** समाजमा मानिसहरूका स्तरहरू विभिन्न छन्, तर ती स्तरहरू बनावटी हुन्, किनभने मानव जातिका सबैजनाको सृष्टिकर्ता एकैजना हुनुहुन्छ। अनि मानिस-हरूलाई एक-अर्काबाट छुट्ट्याउने यी स्तरहरू मानिसहरूको मृत्यु भएपछि हराइहाल्छन्; तब तिनीहरू सबै बराबर हुनेछन्।

**हितोपदेश २२:३:** *'समझदार मानिसले आइलागेको खराबी अघिबाट देख्छ, र लुक्छ।'* समझदार मानिसले भविष्यको कुरा ख्याल गर्छ र आउन लागेको न्यायबाट लुक्छ। इस्राएलीहरूले निस्तारको रातमा यसो गरे। तिनीहरूले घरका ढोकाहरूमा निस्तारको पाठोको रगत लगाए। अनि हामीचाहिँ? परमेश्वरको न्यायबाट उम्कन हामी ख्रीष्ट येशूमा शरण लिएको हुनुपर्छ।

*'... तर बोधा मानिसहरू अघि बढ़्छन् र दण्ड भोग्नेछन्।'* आफ्नो मूर्खतामा अघि बढ़्ने मानिसहरूले यसको निम्ति दाम चुकाउनुपर्छ (मोफ्फत)।

**हितोपदेश २२:४:** नम्रता र परमप्रभुको भयचाहिँ मन नलाग्ने सादा, सामान्य कुरा देखिन्छन्। तर के तपाईंले यी सद्गुणहरूबाट आउने फाइदा उठाउनुभयो? के तपाईंले आत्मिक धन, ईश्वरीय सम्मान र भरपूर जीवन पाउनुभयो? पाउनुभएन भने, नम्रता र परमेश्वरको भय अपनाएर तपाईंले यी आशिषहरू पाउने चेष्टा गर्नुहोला।

**हितोपदेश २२:५:** टेढ़ा मानिसको बाटोमा हर प्रकारको समस्या र कष्ट हुन्छन्। अनि जुन मानिसले आफूलाई शुद्ध राख्छ, त्यो मानिस यी समस्या र कष्टहरूबाट बाँच्छ।

**हितोपदेश २२:६:** *'जुन बाटो बालक हिँड्नुपर्छ, त्यही बाटोको तालिम उसलाई देऊ, र वृद्ध हुँदा पनि ऊ त्यसबाट हट्नेछैन।'* यस पदको सर्वमान्य व्याख्या यस प्रकारको छ: छोराछोरीलाई दिइएको तालिमले उसलाई उसको जीवनको अन्तसम्म प्रभावित पार्छ। यसकारण आउनुहोस्, हामी आफ्ना छोरा-छोरीहरूलाई सबैभन्दा असल तालिम दिऔं र प्रभुमा हुर्काऔं! हाम्रा छोराछोरीहरूमध्ये कोही-कोही होलान्, जसले बाटो बिराउलान्; तर यहाँ प्रस्तुत गरिएको नियम प्रायः सत्य ठहरिएको छ। श्री हेन्री वार्ड बीचरले यस प्रकारको टिप्पणी गरेका छन्:

> 'चाहे बोटबिरुवा होस्, चाहे छोराछोरी होस्, त्यो कलिलो हुँदा हुर्काउन, बढ़ाउन र उचित तालिम दिन सजिलो पर्छ; तर पछिबाट तिनीहरूमा बाङ्गा भएका, बिग्रेर गएका कुराहरू सच्च्याउन गाह्रो छ।' **34)**

चार्लस र जोह्न वेस्लीकी आमा सुसन्नाहले आफ्ना सत्रजना छोराछोरीहरूलाई हुर्काउन निम्न नियमहरू अपनाएकी थिइन्: **क)**

छोराछोरीको हठ र मनमानी गर्ने इच्छा दमन गर्नुपर्छ; यसमा हामीले परमेश्वरलाई साथ दिनुपर्छ, जसले हाम्रा छोराछोरीहरूलाई बचाउन चाहनुहुन्छ। **ख)** छोराछोरीले बोल्न सिक्नासाथ उसलाई प्रार्थना गर्न सिकाउनुपर्छ। **ग)** उसले जिद्दी गरेर पाउन खोजेको कुनै थोक दिनुहुँदैन; उसले विनम्रसाथ माग्यो भने उसको भलाइ गर्ने कुरा मात्र दिनु हुन्छ। **घ)** छोराछोरीलाई झूट बोल्नुबाट बचाउनको निम्ति उसले स्वतन्त्र इच्छाले मानिलिएको गल्तीको लागि कहिल्यै सजाय दिनुहुँदैन; तर कुनै विद्रोही, पापमय कामकुरा दण्ड नदिई छोड्नुहुँदैन। **ङ)** उसलाई असल व्यवहार देखाएकोमा स्वाबासी र इनाम दिनुपर्छ। **च)** आफूले छोराछोरीलाई गरेका सबै प्रतिज्ञाहरू हामीले होशियारीसाथ पूरा गर्नुपर्छ।

यस पदले भन्न खोजेको कुरा यो पनि हुन सम्भव छः बुबाआमाहरूले आफ्ना छोराछोरीहरूलाई तिनीहरूका स्वाभाविक क्षमताहरूअनुसार हुर्काउन र तालिम दिनुपर्छ; हामीले आफ्ना छोराछोरीहरूलाई तिनीहरूले चाहना नगरेका पेसा वा कामधन्दा अपनाउने करमा पार्नुहुँदैन। यस सिलसिलामा श्री डेरेक किड्नरले यसो भनेका छन्ः

> 'हामीले छोराछोरीको व्यक्तित्व र उसको बोलावटमाथि ख्याल राख्नुपर्छ, तर उसलाई आफ्नो हठमा चल्न दिनुहुँदैन भन्ने कुरा यस पदको शिक्षा हो।'

अनि यस नीतिवचनले हामीलाई यो चेताउनी पनि दिन खोजेको होः आफ्नो छोराछोरीलाई आफ्नो हठमा चल्न दिएर उसलाई छाड़ा छोड़ेमा उसले पछिबाट आफ्नो जीवन बरबाद गर्न र स्वकेन्द्रित जीवन जिउन छोड्दैन। यस सम्बन्धमा श्री जेय एडम्सले यसो लेखेका छन्ः

> 'बुबाआमाहरूले यो पद प्रतिज्ञाको रूपमा होइन, तर चेताउनीको रूपमा लिनुपर्छ; किनभने तिनीहरूले आफ्नो छोराछोरीलाई आफ्नो इच्छाअनुसार चल्न दिन्छन् र उसलाई बढ़ी माया गरेर उसको तालिम दिने कुरा उसको हातमा छोड्छन्। पछि ऊ ठूलो भएपछि उसको व्यवहारमा असल परिवर्तन आउला भन्ने तिनीहरूले आशा नगरे हुन्छ; किनभने छोराछोरीहरू पापी स्वभावसित जन्मिन्छन्; यसकारण तिनीहरूलाई आफ्नो हठमा चल्न छोड़ेमा तिनीहरूमा स्वभावैले पापी प्रतिक्रिया जनाउने बानी विकास गरेर बसालिन्छ। यसकारण यस पदको आधारभूत शिक्षा यस प्रकारको छः छोराछोरीहरूको बाल्यकालमा बसालिएका आदतहरूले तिनीहरूमा गहिरो जरा हाल्दा र बलियो जग बसाल्दा रहेछन्।' [35)]

**हितोपदेश २२ः७ः** पैसामा शक्ति छ, अनि त्यसको शक्ति असल र खराबको निम्ति प्रयोग गर्न सकिन्छ। अनि प्रायः धनी मानिसहरूले पैसाको शक्ति बेप्रयोग गर्छन्। अनि हुन सक्छ, यही कारणले पैसाचाहिँ अधर्मको धन भनिएको छ होला (लूका १६ः९)।

*'अनि ऋण लिने ऋणदाताको दास हुन्छ।'* यसो हो भने, ऋणचाहिँ बन्धनमा पार्ने खालको कुरा हो। किनभने ऋणमाथि अत्यधिक सुद लगाइन्छ। यसकारण ऋणीको उन्नति हुनै सक्दैन; ऋण त्यसको स्वतन्त्रतामा बाधा पार्छ; उसलाई दिइएका मौकाहरू उसले छोप्नै सक्दैन, तीबाट फाइदा उठाउनै सक्दैन।

**हितोपदेश २२ः८ः** जसले अधर्मको बीउ छर्छ, त्यसले यसबाट के लाभ पाउँछ र? अधर्मको निम्ति त्यसको कटनी विनाश पो हुनेछ। अनि अरूलाई वशमा पार्न त्यसले जुन रिसको दमनकारी नीति अपनायो, त्यो कुनीति विफल हुन्छ-हुन्छ।

**हितोपदेश २२ः९ः** अरू मानिसहरूलाई उपकार गर्ने उदारचित्त मानिस आशिषित हुन्छ। उसले गरिबहरूलाई आफ्नै भोजनबाट

दिन्छ; यस कुराले उसलाई तत्कालै आनन्द दिन्छ भने, भविष्यमा यसले उसलाई इनाम दिलाउनेछ।

**हितोपदेश २२ः१०ः** शिक्षा, अर्ती र हप्की नसुन्ने गिल्ल्याहालाई अन्तमा निकाल्नुपर्छ। *'गिल्ला गर्नेलाई निकालिदेऊ!'* यो परमेश्वरको आदेश हो। इश्माएललाई घरबाट निकालिएपछि अब्रामको घरमा झगड़ा, अपशब्दको वज्रपात र गाली बन्द भयो (उत्पत्ति २१ः९-१०)।

**हितोपदेश २२ः११ः** *'जुन मानिसले हृदयको चोखोपन प्रेम गर्छ, त्यस मानिसका ओठहरूमा अनुग्रह रहेको हुनाले राजा उसको साथी हुनेछन्।'* जसले हृदयको शुद्धता मन पराउँछ, उसको बोली अनुग्रहले स्वादिलो पारिन्छ; अनि यसले गर्दा उसले राजासित घनिष्ठ सङ्गत पाउँदो रहेछ। परमेश्वर त्यो राजा हुनुभएदेखि उहाँसितको सङ्गति मित्रसँग जस्तो, कस्तो-कस्तो, विचार गर्नुहोस्!

> उपकार गर्ने थोरै शब्दले, सहानुभूति देखाइएको प्रेमको कुनै व्यवहारले, अरूको दुःखमा बगाइएको आँसुले कतिजनाको टुटेको हृदय मलमपट्टि गरेको र निको पारेका छ, र एउटा असल मित्रलाई कमाएको छ।
>
> अज्ञातको रचना

**हितोपदेश २२ः१२ः** परमप्रभु आफैले सत्यको ज्ञानको रक्षा गर्नुहुन्छ र पुस्ता-पुस्तासम्म स्थिर राख्नुहुन्छ। यसकारण सत्यको ज्ञान यस पृथ्वीबाट कहिल्यै नष्ट हुनेछैन, त्यसको विरोधमा उठिरहेको शैतान र मानिसहरूका दुष्ट युक्तिहरू जेजति किन नहोऊन्। किनभने परमप्रभुले झूटो शिक्षा पल्टाइदिनुहुन्छ र झूटहरूको पर्दाफास गर्नुहुन्छ।

**हितोपदेश २२ः१३ः** अल्छी मानिसले काम गर्नु नपरोस् भन्ने हेतुले किसिम-किसिमका बहानाहरू निकालिहाल्छ, त्यसको बहाना जति हाँसउठ्दो किन नहोस्। यहाँ त्यसको बहाना यस प्रकारको छः शहरका सड़कहरूहुँदो एउटा गर्जने सिंह हिँड़िरहेको छ रे। शहरको सड़कमा कुनचाहिँ सिंह डुलिहिँड़्छ? त्यो त एउटा म्याउँ-म्याउँ गरिरहेको बिरालो पो हुनुपर्ला, होइन र?

**हितोपदेश २२ः१४ः** व्यभिचारी स्त्रीका मोहक शब्दहरूको फन्दाबाट उम्कन गाह्रो पर्छ। अनि जुन मानिस परमप्रभुबाट पर-पर सरेर जान्छ, त्यो मानिस त्यसको पासोमा पर्छ-पर्छ। सम्झना रहोस्ः जुन मानिसहरूले परमेश्वरको ज्ञान रद्द गरेका छन्, ती मानिस-हरूलाई उहाँले त्यागेर तिनीहरूलाई आफ्ना पापमा छोड़्नुहुन्छ (रोमी १ः२४, २६ र २८)।

**हितोपदेश २२ः१५ः** बालबालिकाको हृदयमा दुष्ट्याइँ र हठी स्वभाव उसको जन्मगत अवगुण हो; तर ताड़नाको छड़ीले चाकमा लगाएर उसबाट यी अवगुणहरू निकाल्न सक्छ। यस सिलसिलामा श्री मेथ्यू हेन्रीले निम्न सल्लाह दिएका छन्ः

> 'बुबाआमाहरूले आफ्ना छोराछोरीहरूलाई ताड़ना दिनैपर्छ र अनुशासनमा राख्नैपर्छ। अनि हामीचाहिँ? हामी सबैजनलाई परमेश्वर पिताको अनुशासनको खाँचो पर्छ (हिब्रू १२ः६-७)। अनि उहाँको ताड़नाको अधीनतामा बस्दा हामीले आफ्नो मूर्खतालाई प्रहार गर्नुपर्छ र छड़ीलाई चुम्बन गर्नुपर्छ।' 36)

**हितोपदेश २२ः१६ः** जुन कामको मालिकले आफूलाई धनी तुल्याउन कामदारहरूलाई कमभन्दा कम मजदुरी दिन्छ, त्यसले आफ्नै हानि गर्छ, र त्यो एकदिन खाँचोमा पर्नेछ। ठीक त्यस्तै धनी मानिसलाई दिने व्यक्तिको अपुग हुनेछ; त्यसले धनीको आकर्षण आफूतिर खिच्न यसो गरेको होला। तब हामी कसलाई दान दिएको उचित होला? के उसलाई होइन, जसले हाम्रो गुण फर्काउन सक्दैन? अवश्य हामी यस्ताहरूलाई दान दिनुपर्छ।

# खण्ड ४

# हितोपदेश २२ः१७-२४ः३४ः

## अरू बुद्धिमान् मानिसहरूले बोलेका उखानहरू

### क) हितोपदेश २२ः१७-२४ः२२ः बुद्धिमान् मानिसहरूले रचेका नीतिवचनहरू

**हितोपदेश २२ः१७ः** यस पदबाट यस पुस्तकको नयाँ खण्ड शुरु हुन्छ। हितोपदेश २२ः१७-२१ पदहरूले यस नयाँ खण्डको परिचय दिन्छन् (हितोपदेश २२ः२२-२४ः२२); किनभने यहाँ हामीलाई बुद्धिमान्-हरूका वचनहरूमा आफ्ना कान लगाएर ध्यानसित सुन्ने आह्वान गरिएको छ। हुन सक्छ, राजा सुलेमानले यी नीतिवचनहरूमध्ये कतिवटा अरू मानिसहरूबाट लिएर संग्रह गरे होलान्। तर यस पदको दोस्रो खण्डबाट के बुझिन्छ भने, यी नीतिवचनहरू पनि प्रायः तिनको रचना हुँदा रहेछन्।

**हितोपदेश २२ः१८ः** मानिसले ती हितोपदेशहरू आफ्नो मनमा राख्नुपर्छ, अर्थात् ती नीतिवचनहरूको सम्झना गर्नुपर्छ र तिनको आज्ञापालन गर्नुपर्छ। उसले ती वचनहरू आफ्ना ओठहरूमा लगाउनुपर्छ, अर्थात् ती वचनहरू अरूलाई सुनाउनुपर्छ।

**हितोपदेश २२ः१९ः** राजा सुलेमानले यी नीतिवचनहरू किन रचे त? श्रोताहरूले परमप्रभुमाथि भरोसा राख्न सिकून् भनेर नै तिनले यी वचनहरू रचे।

**हितोपदेश २२ः२०ः** यो पद आर.एस.वी-अनुवादअनुसार यस प्रकारको छः 'के मैले तिमीलाई सरसल्लाहहरू र शिक्षाको रूपमा तीसवटा उक्तिहरू उल्लेख गरेको छैनँ र?' यसकारण कति विद्वान्हरू छन्, जसले २२ः२२-२४ः२२ पदहरूको खण्ड तीसवटा ससाना खण्डहरूमा भाग लाउँछन्, जस्तैः

१) हितोपदेश २२ः२२-२३
२) हितोपदेश २२ः२४-२५
३) हितोपदेश २२ः२६-२७
४) हितोपदेश २२ः२८
५) हितोपदेश २२ः२९
६) हितोपदेश २३ः१-३
७) हितोपदेश २३ः४-५
८) हितोपदेश २३ः६-८
९) हितोपदेश २३ः९
१०) हितोपदेश २३ः१०-११
११) हितोपदेश २३ः१२
१२) हितोपदेश २३ः१३-१४
१३) हितोपदेश २३ः१५-१६
१४) हितोपदेश २३ः१७-१८
१५) हितोपदेश २३ः१९-२१
१६) हितोपदेश २३ः२२-२५
१७) हितोपदेश २३ः२६-२८
१८) हितोपदेश २३ः२९-३५
१९) हितोपदेश २४ः१-२
२०) हितोपदेश २४ः३-४
२१) हितोपदेश २४ः५-६
२२) हितोपदेश २४ः७
२३) हितोपदेश २४ः८-९
२४) हितोपदेश २४ः१०
२५) हितोपदेश २४ः११-१२
२६) हितोपदेश २४ः१३-१४
२७) हितोपदेश २४ः१५-१६
२८) हितोपदेश २४ः१७-१८
२९) हितोपदेश २४ः१९-२०
३०) हितोपदेश २४ः२१-२२

अनि बेक्र्लीको अनुवादअनुसार यस पदको अनुवाद यस प्रकारको छः 'के मैले तिमीलाई अघिबाट सरसल्लाह र ज्ञानको कुरा लेखिनँ र?' हितोपदेश २२ः१९ पदमा 'आज' लेखिएको समयभन्दा अघिको समय बुझिन्छ।

**हितोपदेश २२ः२१ः** हितोपदेशका लेखकले यहाँ यी सत्यताका वचनहरू किन पेश गरेको, सो कारण बताउँछन्। तिनका विद्यार्थीहरूले अरूलाई सिकाउन सकून्, जसले तिनीहरूबाट सल्लाह पाउने खोज्छन्। अथवा तिनीहरूलाई तालिममा पठाएका व्यक्तिहरूको चित्त बुझेको होस् भन्ने मनसाले यी सत्यका वचनहरू तिनीहरूको जिम्मामा सुम्पिइएका छन्।

**हितोपदेश २२ः२२-२३ः** यस पदबाट हितोपदेश २४ः२२ पदसम्मको खण्ड शुरु हुन्छ। कसैले पनि असहाय गरिबबाट फाइदा उठाउनुहुँदैन। कसैले पनि दुःखमा परेकोलाई मूलढोकामा अन्याय गर्नुहुँदैन। मूलढोका भन्नाले त्यस जमानाको कचहरी बुझिन्छ। किनभने परमेश्‍वर गरिबको मामिला लड्नुहुन्छ; उहाँले धनी अत्याचारीलाई र अन्याय गर्ने न्यायकर्तालाई सजाय दिनुहुनेछ।

**हितोपदेश २२ः२४-२५ः** रिसाहा मानिसको साथी रिसाहा बन्छ; क्रोधी मानिसको कुसङ्गतको प्रभाव यति नराम्रो हुन्छ। कुसङ्गतले असल चालचलन बिगारिदिन्छ। अनि मानिसको चरित्र सङ्गतको फल हुँदो रहेछ। तब यस पासोमा किन पर्ने? किनभने रिसको एकै झोकमा हाम्रो जीवन र साक्षी बिग्रिन सक्छ।

**हितोपदेश २२ः२६-२७ः** हातमा हात ठोक्नेहरू भन्नाले जमानी बस्दा अरू कसैको ऋणको निम्ति बन्धक हुनेहरू बुझिन्छ। यसो गर्नु मूर्ख कुरा हो। के तपाईंसँग त्यसको ऋण तिर्ने औकात छ? छैन भने, आफ्नो फर्नीचर तपाईंको घरबाट लैजाने खतरा तपाईं किन उठाउनुहुन्छ त? तपाईंले यस प्रकारको असुविधा किन सहनुहुन्छ र आफूलाई यस प्रकारको शर्ममा किन पार्नुहुन्छ?

**हितोपदेश २२ः२८ः** पुरानो साँध-सिमानाचाहिँ ढुङ्गाहरू थिए, जुन ढुङ्गाहरू कसैको जग्गाजमिनको सिमानामा लगाएर ती सिमाना-ढुङ्गाहरूले खुटीको काम गर्थे। बेइमानदारी मानिसहरूले राति आएर यी ढुङ्गाहरू सार्ने गर्थे र अरूको जमिन मिच्थे।

आत्मिक हिसाबले पुराना साँधसिमानाहरूको अर्थचाहिँ पवित्र जनहरूलाई एकैचोटि सदाको निम्ति सुम्पिएको विश्‍वास बुझ्नुपर्छ (यहूदा १ः३)। इसाई मतका आधारभूत शिक्षा-समूहमा कसैले पनि हस्तक्षेप गर्न पाउँदैन।

**हितोपदेश २२ः२९ः** *'के तिमीले आफ्नो कामधन्दामा मेहनत गरेको मानिसलाई देखेका छौ?'* तब तपाईं यस कुरामा सुनिश्‍चित हुन सक्नुहुन्छ, कि यस्तो सक्षम मानिस आदरको स्थानमा उठाइन्छ। उसले साधारण, नगण्य मानिसहरूको सेवा गर्नुपर्दैन। हामीले यो कुरा यूसुफ, मोशा, दानियल र नहेम्याहको जीवनमा देख्छौं। किनभने तर दूधमाथि तैरिन्छ।

> 'महान् व्यक्तिहरूको उत्थान र तिनीहरूले पछिसम्म सम्हालिरहेका उच्च ओहोदाहरू एकै उड़ानले प्राप्त गरेको संयोगको फल थिएन। तर जब तिनीहरूका साथीहरू रातको निद्रामा मस्त हुन्थे, तब तिनीहरूले रातभरि उँभो पुग्न परिश्रम गर्थे।'
>
> श्री हेन्री डब्ल्यू. लोङफेलो

**हितोपदेश २३ः१-३ः** यी पदहरूमा घिजुवा हुने र अतिभोजन गर्ने कुलतको विरोधमा चेताउनी दिइएको छ। जब हामी इज्जतवान् मानिसको साथमा एकै टेबलमा खाना बस्छौं, तब हामीले हाम्रो सामु भएका व्यक्ति को हुन्, सो राम्ररी विचार गर्नुपर्छ। हामीले आफ्नो घिच्रोमा छुरी लगाउनुपर्छ

अर्थात् हाम्रो खाने र पिउने बानीमा लगाम लगाउनुपर्छ।

हितोपदेश २३ः३ पदले के सुझाउ दिन्छ भने, हामीलाई आफ्नो साथमा भोजन गर्ने निम्तो दिने मानिसको अभिप्राय शुद्ध नभएको हुन सक्छ; त्यसले यसरी हामीलाई प्रभावित पार्न वा किन्न खोज्ला। यो त त्यसको निस्वार्थी अतिथिसत्कार नहुनु पनि सम्भव छ। त्यसले हामीलाई आफ्नो जटिल उद्देश्यको निम्ति बेप्रयोग गर्न चाहला।

**हितोपदेश २३ः४-५ः** *'धनी हुन परिश्रम नगर!'* यस प्रकारको 'बुद्धि'बाट हामी अलग बस्नु र जोगिनुपर्छ। किनभने धनी हुन खोज्ने मानिसको जीवन-लक्ष्य ठीक छैन, त्यसको मूल्याङ्कन बेठीक छ। जुन कुरा अमर हुँदैन, त्यस कुरामाथि हामी किन भर परौं? यो सुनिश्चित छः धनबाट पखेटाहरू उम्रिन्छन्; किनकि हाम्रो धन उड़िजाने कुरा हो।

**हितोपदेश २३ः६-८ः** अर्को एउटा सामाजिक समस्या छ, जसबाट हामी जोगिनुपर्छः खराब आँखा भएको मानिसको पाहुना नहुनुहोस्! किनभने कन्जुस मानिसले हामीले खाएको हरेक गाँस डाहा गर्छ। त्यसले भनेको कुरा नपत्याउनुहोस्! किनभने त्यसले आफ्नो मनमा जस्तो सोच्छ, त्यो त्यस्तै हुन्छ। मुखले त्यसले 'के म अझ खाना पस्काऊँ? खाना मीठो छैन होला, तर मीठो मानेर बिस्तारै खानुहोस् र पिउनुहोस्' भनेर भन्ला, तर त्यसले हामीले खाएको हरेक गाँसको हिसाब लिन्छ।

लिविङ बाइबलअनुसार यी पदहरूको भाव-अनुवाद यस प्रकारको छः 'खराब मानिसहरूसित सङ्गत नगर! तिनीहरूका उपकार र कोसेलीहरूको चाह नगर! तिनीहरूले देखाएको दया छल र फन्दा हो। होशियार, तिनीहरूले तिमीलाई आफ्नो चम्चा बनाउन खोज्दैछन्। तिनीहरूले तिमीलाई खुवाएका मीठा-मीठा खानेकुराहरू तिम्रो पेटमा तीता हुन जान्छन् र पच्दैनन्। तिनीहरूको भलाइ सम्झेको भोजनको निम्ति गुण फर्काएर तिमीले 'धन्यवाद, हजुरको खाना एकदम मीठो थियो' भनेर भनेका शब्दहरू खेर गए।'

**हितोपदेश २३ः९ः** तपाईंले बोधो मूर्ख मानिसलाई सिकाउने कोशिश नगर्नुहोला। यसमा तपाईंको समय किन बरबाद गर्ने? त्यसले अवश्य तपाईंका वचनहरू र तिनको बुद्धि तुच्छ ठान्नेछ।

**हितोपदेश २३ः१०-११ः** उहिलेका सिमानाढुङ्गाहरू सारेर कसैको जमिन मिच्नु-हुँदैन। असहायहरूका जग्गाजमिनहरू हातमा पार्न तिनीहरूबाट नीच फाइदा उठाउनुहुँदैन। किनभने तिनीहरूको अन्यायको बदला लिनुहुने शक्तिशाली हुनुहुन्छ। के उहाँको सामु हामीले आफ्नो लेखा दिनुपर्दैन र? निश्चय उहाँले तिनीहरूको पक्ष लिएर हाम्रो विरोधमा मुद्दा लड्नुहुनेछ।

**हितोपदेश २३ः१२ः** शिक्षा प्राप्त गर्न कुनै चोरबाटो छैन। यसमा आत्मसंयम, अनुशासन र लगनशीलता चाहिन्छ, साथै यसको साथमा जीवनमा उतार्ने व्यावहारिकता पनि हुनुपर्छ। 'फलाना कुरा सिक्ने तीनवटा सरल पाठहरू' भन्ने झूटो आश्वासन दिने विज्ञापनहरू हामीले सरासर इन्कार गर्नुपर्छ।

**हितोपदेश २३ः१३-१४ः** छोराछोरीलाई अनुशासनविना छाड़ा छोड्नु उसलाई माया गरेको कुरा होइन है। पवित्र बाइबलको शिक्षा छोराछोरीहरूलाई बढ़ी स्वतन्त्रता दिने पक्षमा छैन, तर तिनीहरूलाई छड़ी लगाएर तहमा ल्याउने पक्षमा पो छ। परमेश्वरको प्रतिज्ञा छः छड़ी लगाइएका हाम्रा छोराछोरीहरू मर्नेछैनन्। ताड़नाले हाम्रा छोराछोरीहरूलाई मार्दैन भन्ने अर्थ यस वाक्यमा सम्भव देखिन्छ। तर छड़ी लगाएको हुनाले हाम्रा छोराछोरीहरू लापरवाही गर्नदेखि बाँच्छन् र अकालिक मृत्युमा पर्नेछैनन् भन्ने कुरा यस

वाक्यको सठीक अर्थ हुनुपर्ला। यसरी नै हामीले आफ्ना छोराछोरीहरूको जीवन चिहानबाट बचाउनेछौं, र हुन सक्छ, तिनी-हरूको आत्मा नरकबाट बचाइराख्नेछौं।

इस्राएलीहरूका प्रधान पूजाहारी एलीले आफ्ना दुष्ट छोराहरूलाई अनुशासन गरेनन्। तिनले उनीहरूलाई 'तिमीहरूले किन यस प्रकारका कुराहरू गरिरहेका छौ' भनेर हल्का हप्की दिए (१ शमूएल २:२२-२५)। तिनले साह्रै खुकुलो अनुशासनको नीति अपनाएर आफ्नो घरपरिवारको पतन गराए, र तिनले आफ्ना छोराहरूमाथि, आफ्नो पूजाहारी-गिरीमाथि र इस्राएली जातिमाथि विनाश ल्याए।

राजा दाऊद बुबाको असल भूमिका नखेलेर अनुशासनको क्षेत्रमा विफल भए। किनकि उनले अदोनियाहलाई कहिल्यै हप्काएनन्, कहिल्यै बेखुशी तुल्याएनन् (१ राजा १:६)। अदोनियाहले दुईपल्ट षड्यन्त्र रचे र दुईपल्ट सिंहासनमाथि बस्ने कुप्रयास गरे, त्यसपछि सुलेमानले तिनलाई मृत्युदण्ड दिए।

**हितोपदेश २३:१५-१६:** आफ्नो छोरासँग बुद्धिमान् हृदय भएको र सत्य बोल्ने ओठहरू भएकोमा बुबा रमाउँछन्। त्यही आनन्द ती शिक्षकले अनुभव गर्छन्, जसको विद्यार्थीले बुद्धि हासिल गर्छ र त्यो अरूसँग बाँड्न थाल्छ। प्रेरित पावलले उस्तै कुरा भन्न सके: *'किनकि अब, जब तिमीहरू प्रभुमा स्थिर भई उभिन्छौ, हामी जिउँछौं'* (१ थेस्सलोनिकी ३:८)। अनि प्रेरित यूहन्नाले यसो लेखे: *'मेरा छोराछोरीहरूले सत्यतामा हिँड्दै गरेका कुरा सुन्नभन्दा ठूलो आनन्द मेरो अरू केही पनि छैन'* (३ यूहन्ना १:४)।

**हितोपदेश २३:१७-१८:** दुष्ट मानिस-हरूको प्रगति र सफलता डाहा गर्नुभन्दा परमप्रभुको अटुट सङ्गतिमा जिउन उत्तम हो। दुष्ट मानिसहरूमाथि ध्यान-केन्द्रित जीवन निराशाको जीवन हो; तर प्रभु येशूमाथि केन्द्रित जीवन आनन्द र सन्तुष्टिले पूर्ण जीवन हो। तब यहाँबाट हामीले सिक्नुपर्ने पाठ यस प्रकारको छः हामीले परमेश्वरसितको सङ्गति हाम्रो जीवनको सर्वोच्च लक्ष्य बनाउनुपर्छ। यहाँ दोस्रो पाठ पनि छः दुष्टहरूको लेखा दिने दिन र धर्मी जनहरूको इनाम पाउने दिन सुनिश्चित छ, र चाँडै आउने नै छ भन्ने कुरा हामीले याद गर्नुपर्छ। धर्मी जनहरू कहिल्यै शर्ममा पर्नेछैनन्। 'सुनिश्चित भविष्य छ' भन्ने कुराले मृत्युपार, अँ, शरीरको बौरिउठाइपार महिमित स्वर्गको भावी दिन ताकेको छ।

**हितोपदेश २३:१९:** अरूले जेसुकै गरून् वा नगरून्, तर आज्ञाकारी छोराले उसलाई दिइएको शिक्षामाथि ध्यान दिनुपर्छ, बुद्धिमान् हुनुपर्छ र आफ्नो हृदय सठीक मार्गमा अर्थात् परमेश्वरको मार्गमा हिँड़ाउनुपर्छ।

**हितोपदेश २३:२०-२१:** यहाँ दुई प्रकारका मानिसहरू पेश गरिएका छन्: धेरै पिउने पियक्कड़ र धेरै खाने घिचुवा। तपाईंले एउटा असल जीवन जिउन चाहनुभयो भने, यस्ताहरूको सङ्गत नगर्नुहोस्!

असंयमीले यसको निम्ति क्षति भोग्नैपर्छ। पियक्कड़ र घिचुवा गरिब हुनेछन्। अतिभोजनले मानिसलाई होश नभएको सुतुवा तुल्याउँछ र असंयमीलाई थाङ्ना ओढ़ाउनेछ।

**हितोपदेश २३:२२:** जवान मानिसहरूले आफ्ना बुबाको सल्लाह स्वीकार गर्नुपर्छ; तिनीहरूले आफ्ना आमाहरूलाई कहिल्यै तुच्छ ठान्नुहुँदैन। वृद्ध मानिसहरूसँग धेरै वर्षको अनुभव हुन्छ। यसकारण हे जवान भाइबहिनीहरूहो, यस कुरामाथि ख्याल गर्नुहोस्! वृद्ध मानिसहरूको अनुभवबाट सकेसम्म धेरै लाभ उठाउनुहोस्!

**हितोपदेश २३:२३:** सत्यता प्राप्त गर्न हामी ठूलो मूल्य चुकाउन तयार हुनुपर्छ। सत्यता हामीले कुनै हालतमा पनि बेच्नुहुँदैन।

त्यही कुरा बुद्धि, शिक्षा र समझको विषयमा पनि लागू हुन्छ। यी अमूल्य कुराहरू कहिल्यै नबेच्नुहोस्! किनभने हामीचाहिँ सत्यता, बुद्धि, शिक्षा र समझ प्राप्त गर्न जुनसुकै कष्ट उठाउन तयार छौं, र यी अमूल्य थोकहरू यस संसारमा भएको कुनै कुरासित साट्नेछैनौं।

**हितोपदेश २३ः२४-२५ः** आधुनिक चलन के हो भने, बुबाको मुख हेर्ने दिनमा तिनलाई एउटा खदा वा फूलको माला लगाइन्छ र आमाको मुख हेर्ने दिनमा उनलाई ढोगेर एक बट्टा मिठाइ दिइन्छ। तर जुन छोरा बुद्धिमान् र समझदार हुन्छ, त्यस छोराबाट उनीहरूलाई ठूलो आनन्द मिल्छ। यही कारणले यहाँ 'तिम्रा बुबा र तिम्री आमा आनन्दित होऊन् र तिमीलाई जन्माउने आमा रमाऊन्' भन्ने अर्ती दिइएको छ।

**हितोपदेश २३ः२६-२८ः** *'हे मेरा छोरा, मलाई तिम्रो हृदय देऊ!'* यो कति गम्भीर विन्ती हो। यो विन्ती व्यभिचार र मद्यपानको विरोधमा गम्भीर चेताउनी दिनुभन्दा अघि दिइएको हो। लेखकले यस विन्तीद्वारा 'छोरा, मेरो कुरा ध्यानसित सुन र मैले तिमीलाई दिएको सल्लाह ग्रहण गर र मान' भन्न खोजेको हो। किनभने वेश्या एउटा गहिरो भड्खालो हो, जुनचाहिँ देखिँदैन; तर त्यो दुष्ट स्त्री बेहोशीहरूको निम्ति एउटा पासो हो। त्यो आइमाई एउटा साँघुरो खाँद हो। त्यस खाँदभित्र खस्न सजिलो छ, तर त्यस खाँदबाट निक्लन गाह्रो पर्छ। त्यो औरत शिकार खेल्दै डाकूजस्तै ढुकेर बस्छे। त्यसलाई पुरुषहरूलाई घृणा गर्ने रोग लागेको छ। त्यसले बल्छीमा चारो हालेर माछालाई पक्रेजस्तै तिनीहरूलाई छलको जालमा फसाएर तिनीहरूबाट कुनचाहिँ कुराको निम्ति बदला लिन चाहन्छे, कुन्नि? त्यसले दिन प्रतिदिन विवाहको बन्धन तोड्नेहरू र आ-आफ्ना परिवार टुटाउने-फुटाउनेहरूको सङ्ख्या बढ़ाइरहेकी छे।

**हितोपदेश २३ः२९-३०ः** यस अध्यायका बाँकी पदहरूले मतवालालाई कालजयी बयान गर्छ। रक्सीबाजलाई कुनचाहिँ पीड़ा हुँदैन? त्यसलाई कहिल्यै नछोड्ने आलाप-विलाप गर्ने किसिम-किसिमका कारण छन्, र त्यसलाई शोकमाथि शोक हुन्छ। त्यसको जीवन सदैव झगड़ाको नियन्त्रणमा रहन्छ; किनभने त्यसले अरूसँग सधैं झगड़ा गर्ने निहुँ खोज्छ। निरन्तर भुतभुताउने त्यो, लगातार गनगनाउने त्यो। के 'म नै यी समस्याहरूको मूलकारण हुँ' भन्ने होश त्यसलाई कसरी खोल्दैन, अचम्म! त्यसका चोटपटकहरू, त्यसका घाउहरू, त्यसको कालो डाम लागेको आँखाचाहिँ त्यसका बित्थाका झगड़ारगड़ा-हरूको निम्ति साक्षी बसेका छन्। त्यसको धमिलो दृष्टि, त्यसका रक्ते आँखाहरू छन्। त्यसले रक्सीको भट्टीमा रात बिताउँछ र मसला मिलाइएको मरिदाको एक पेयमा अर्को पेय थप्दै धोकिबस्छ।

**हितोपदेश २३ः३१-३२ः** हे मतवालाहो, परमेश्वरको यो चेताउनी सुन्नुहोस्! विशुद्ध रातो दाखमद्यद्वारा मोहित नहुनुहोस्! त्यसको झिलमिल तेज र गिलासमा फनफन घुमेकोबाट आकर्षित नहुनुहोस्! त्यो मद्य तररर झर्दा नहेर्नुहोस्! चेताउनी नलिने जोसुकैले यसको निम्ति नमीठा नतिजाहरू उठाउनैपर्छ, भोग्नैपर्छ। सर्पले ठुङ्दा कस्तो लाग्छ? साँभेसाँपले डसेको चोट कस्तो हुन्छ? ठीक त्यस्तै मद्यको विष र पीड़ा हुन्छ।

**हितोपदेश २३ः३३-३४ः** 'तिम्रा आँखा-हरूले अनौठा कुराहरू देख्नेछन्।' यसको सन्दर्भ मद्य-सेवनबाट पैदा हुने उन्माद, प्रलाप र चित्तविभ्रम र आतङ्कहरू हुन सक्छन्। योचाहिँ लामो समयसम्म र अधिक मद्य-सेवनबाट आएको मानसिक तीव्र असन्तुलन र उग्र गड़बड़ी हो। त्यसको बोली लरबरे, गड़बड़े, हड़बड़े र अति नीच हुन्छ। त्यो

धरमरिन्छ, समुद्रको छालले हुत्तिएको वा मस्तुलको टुप्पामा खूब यता-उता हल्लिएको जस्तै ।

**हितोपदेश २३ः३५ः** कसैले त्यसलाई बेहोश हुने गरी हिर्कायो । जब त्यो होशमा आउँछ, तब त्यसले 'मलाई केही चोट भएको रहेनछ' भन्छ । तिनीहरूले त्यसलाई निक्कै ठटाए, तर त्यसलाई कहीं दुःखेन । अनि त्यो पूरा बिउँझेपछि रक्सीको भट्टीमा अर्को घुटकी लिन जान्छ ।

**हितोपदेश २४ः१-२ः** दुष्ट मानिसहरूको प्रगति र सफलता डाहा गर्नु बुद्धिमान् होइन, तिनीहरूको कुसङ्गत चाहा गर्नु परै जाओस् । तपाईंले तिनीहरूको गँगटोको चालमा ध्यान दिनुहोला; किनभने तिनीहरूले अरूलाई तानेर आफ्नो नीच स्तरमा ल्याउँछन् । अनि तिनीहरूको नैतिक स्तर कस्तो छ? तिनीहरूको मनले सधैं अत्याचार रचिरहेको छ भने तिनीहरूको मुखले उपद्रव र अशान्ति मच्चाइरहेको छ ।

**हितोपदेश २४ः३-४ः** यी पदहरूमा घरको अर्थ मानिसको जीवनको अर्थ लिएको देखिन्छ । उच्च स्तरको जीवन दुष्टताद्वारा निर्माण गरिंदैन, तर ईश्वर-भक्तिले पूर्ण बुद्धिद्वारा यसको निर्माण हुन्छ । दुष्टताले हाम्रो जीवन भताभुङ्ग पारिदिन्छ, तर समझ यसको बलियो जग हुन्छ । दुष्टताले हाम्रो जीवन रित्तो पार्छ, तर ज्ञानले सबै मूल्यवान् र मनोहर धन यसमा लगाइदिन्छ, यसलाई सिँगारिदिन्छ ।

**हितोपदेश २४ः५-६ः** बलवान् मानिसको भन्दा बुद्धिमान् मानिसको शक्ति ठूलो हुन्छ । अनि ठूला-ठूला मांसपेशी भएको मानिसको भन्दा ज्ञानवान् मानिसको बल ठूलो हुन्छ । लड़ाइँ बुद्धिको सल्लाहले जितिन्छ र जहाँ धेरै बुद्धिमान् सल्लाहकारहरू छन्, त्यहाँ विजय सुनिश्चित हुन्छ ।

**हितोपदेश २४ः७ः** मूर्ख मानिसको निम्ति बुद्धि सात समुद्र पारको कुरा हो; त्यसले यो कहिल्यै भेट्टाउनै सक्दैन । त्यो कहिल्यै मुख खोलेर अधिकारको साथ बोल्नै सक्दैन, जसरी बूढ़ा प्रधानहरूले शहरको मूलढोकामा बोल्न सक्छन् ।

**हितोपदेश २४ः८-९ः** *'जसले खराब काम गर्ने युक्ति रच्छ, त्यो बदमास भनिनेछ ।'* परमेश्वरले हामीलाई दिनुभएका खूबीहरू लिएर जसले नयाँ-नयाँ खराबी आविष्कार गर्छ, त्यो मानिस युक्तिशास्त्र उतीर्ण भएको पण्डित पो भएछ । तर मूर्खताको विचार पाप हो । अनि अहङ्कारी गिल्ल्याहाले आफ्नो दुष्टताको निम्ति अरू मानिसहरूबाट निन्दा र अपमान भोग्नेछ ।

**हितोपदेश २४ः१०ः** *'विपत्तिको दिनमा तिमी मूर्च्छित भयौ भने तिम्रो बल सानो हुन्छ ।'* चेपमा परेको मानिसले देखाएको व्यवहारबाट मानिसको मूल्य कति हो, सो बुझिन्छ । दवाउले कसीको काम गर्छ । समस्या आइपर्दा जुन भाइबहिनी पछि हट्छ र जसले आफ्नो लक्ष्य छोड़्छ, त्यस भाइबहिनीमा सफलता प्राप्त गर्ने गुण नै हुँदैन ।

हे प्यारा प्रभु, मेरा पाइलाहरू लड़खड़ाइरहेका र म पछि हट्न लागेको बेलामा,
मरुभूमिको उराठलाग्दो वातावरणले र मलाई घोचिरहेका काँड़ाहरूले गर्दा मैले गुनासो र गनगन गर्न खोजेको बेलामा,
मलाई तपाईंका पाउहरू देखाइदिनुहोस्!
हे प्रभु येशू, मलाई तपाईंका पाउहरू, तपाईंका रक्तम्मे पाउहरू, तपाईंका कीला ठोकिएका पाउहरू देखाउनुहोस्! हो, मलाई तपाईंका पाउहरू देखाउनुहोस्!
हे मेरा परमेश्वर, तपाईंलाई मेरा हातखुट्टाहरू देखाउने साहस म कहाँबाट लिऊँ?

सुश्री एमी करमाइकल

**हितोपदेश २४ः११-१२ः** जब इमानदार मानिसहरू ग्यास च्याम्बरमा लगिएका छन् र तिनीहरूलाई अन्य प्रकारले मृत्युदण्ड दिइन्छ, तब तिनीहरूलाई हेरिरहनु र बचाउन नखोज्नु हाम्रो पाप ठहरिन्छ। आमाहरूको गर्भपतन-द्वारा तिनीहरूका पेटमा भएका नानीहरूको हत्या गरिएको बेलामा चुप लागिबस्नु हाम्रो अधर्म ठहरिन्छ। हामीलाई थाहै थिएन भन्ने बहाना केही कामको हुँदैन। यस सम्बन्धमा श्री डन्टे अलिघिएरीले यसो भनेका छन्ः

> 'नरकका सबैभन्दा ताता जग्गाहरू ती मानिसहरूको निम्ति राखिएका छन्, जुन मानिसहरू नैतिकताको घोर सङ्कट परेको समयमा तटस्थ रहे।'

के यी पदहरूमा हाम्रो निम्ति कुनै सन्देश छैन र? हाम्रो निम्ति, जो ख्रीष्ट-विश्वासी कहलिएका छौं, जसको जिम्मामा मुक्तिको सुसमाचार सुम्पिएको छ? दिन प्रतिदिन हाम्रो वरिपरि ख्रीष्ट येशूबिहीन भएका मानिसहरू मुक्ति नपाई मरिरहेका छन्। प्रभु येशूले भन्नुभयोः *'आफ्ना आँखाहरू उठाओ र खेत-बारीहरूतिर हेर; किनकि ती खेतबारीहरू कटनीको निम्ति पहेंलै भइसकेका छन्!'* (यूहन्ना ४ः३५)। तटस्थ रहने दुःसाहस हामीले कहाँबाट लिएका?

> हे भाइबहिनीहो, हेर, हाम्रो वरिपरि छायाहरू बढ़िरहेका छन्,
> चाँड़ै हाम्रो सुदिनको उज्यालो खस्न लाग्ने नै छ;
> तब के हामी हराएका मानिसहरूलाई एकलै छोड्न सक्छौं?
> होइन, हामी तिनीहरूलाई हाम्रो सङ्गतिभित्र आउन बोलाउनैपर्छ;
> किनकि ख्रीष्ट येशू चाँड़ै फेरि आउँदै हुनुहुन्छ।
> श्रीमती अन्ना शिप्टन

**हितोपदेश २४ः१३-१४ः** मह यहाँ, यी पदहरूमा बुद्धिको प्रतीक हो; किनकि दुवै कुराहरू – मह पनि र बुद्धि पनि – गुलिया र लाभदायक हुन्छन्। *'बुद्धिको ज्ञान पनि तिम्रो मनको निम्ति यस्तै हुन्छ। जब तिमीले यसलाई भेट्टाउँछौ, तब यसैमा तिम्रो प्रत्याशा हुनेछ र तिम्रो आशा टुट्नेछैन।'* अर्को शब्दमा भन्नु हो भने, जुन मानिसले बुद्धि प्राप्त गरेको छ, परमेश्वरको वचनको प्रतिज्ञाअनुसार त्यस मानिसको भविष्य उज्यालो हुने रहेछ र उसले आशा गरेका सबै कुराहरू प्राप्त गर्ने रहेछ।

**हितोपदेश २४ः१५-१६ः** यहाँ सरम पचेको विवेकहीन मानिसले चेताउनी पाएको छः 'होशियार! धर्मी जनको घर आफ्नो हातमा पार्ने चेष्टा नराख!' हुन सक्छ, धर्मी जनको घरपरिवारमाथि कुनै कठिनाइ आइ-परेको होला; अनि दुष्ट मानिसले उसको सम्पत्ति हड़प गर्ने मौका छोप्नै लागेको होला।

हो, धर्मी जन सातपल्ट लड्न सम्भव छ; किनकि उसको समस्या र सङ्कष्ट अनेक छन्। तर ऊ फेरि उठ्नेछ र पुनर्स्थापित हुनेछ। तर दुष्ट मानिसको विनाश एकै सङ्कष्टले ल्याउँछ; त्यो एकैपल्ट ठेस खाएर लड्छ।

**हितोपदेश २४ः१७-१८ः** चरित्रवान् मानिस आफ्नो शत्रुलाई दुःखकष्टमा परेको देखेर रमाउनुहुँदैन। हाम्रो शत्रु ठेस खाएर लड़ेकोबाट आनन्द लिनुहुँदैन। परमप्रभु सबै कुरा देख्नुहुन्छ र सबै कुरा जान्नुहुन्छ। हामीमा अरूको दुःखमा आनन्द लिने प्रतिशोधी मन छ भने उहाँले यो पनि जान्नुहुन्छ। हाम्रो शत्रुको गल्तीभन्दा हाम्रो मनको भावना बढ़ी दण्डको योग्य हुन्छ, सो जानेर उहाँले आफ्नो सजाय दिने निर्णय पुनर्विचार गर्नुहुन्छ।

**हितोपदेश २४ः१९-२०ः** कुकर्मीहरूको सफलता जेसुकै होस्, हामी यसमा उदास हुनुहुँदैन, हामीले दुष्टहरूलाई डाहा गर्नुहुँदैन। घरिघरि हामीले एउटै कुरा सुन्नुपर्छ र यसको विषयमा चेताउनी पाउनुपर्छ, किन होला? यसपालिको स्पष्टीकारण सुन्नुहोस्ः भक्तिहीन मानिसहरूको भाग्य साह्रै नराम्रो हुनेछ।

तिनीहरूले कुनै असल कुरा पाउने आशा गर्न सक्दैनन्। तिनीहरूको जीवनरूपी बत्ती निभ्नेछ।

**हितोपदेश २४:२१-२२:** यस नीति-वचनको सम्झना दिलाउने जोड़ परमप्रभुको भक्तिभयमा छ, साथै राजा उहाँको प्रति-निधिको भयमा छ। उहाँ हाम्रो श्रद्धाभक्ति र आदर पाउन योग्य हुनुहुन्छ। ठीक त्यस्तै राजा हाम्रो सम्मानको योग्य हुन्छन्।

*'अनि हेरफेर हुने मानिसहरूको सङ्गत नगर!'* परमेश्वरले स्थापित गर्नुभएका विधि, नियम र संस्थाहरू बदली गर्न खोज्नेहरू वा कुनै सरकार पल्टाउनेहरूहो, होशियार! यो विद्रोह हो, अँ, राजद्रोह हो। अचानक विनाश यस्ताहरूमाथि आइपर्नेछ, यस्तो घोर विनाश, जसको कल्पना हामीले गर्नै सक्दैनौं।

ख्रीष्ट-विश्वासीहरूले पाएको शिक्षा यस प्रकारको छः तिनीहरूले सरकारको अधीनतामा बसेर त्यसको आज्ञापालन गर्नुपर्छ; तिनीहरू तबसम्म आज्ञाकारी हुनुपर्छ, जबसम्म तिनीहरूले प्रभु येशूप्रतिको भक्ति र निष्ठा कुनै खतरामा हाल्नुपर्दैन, यसको विषयमा कुनै सम्झौता गर्नुपर्दैन। जब कुनै सरकारले तिनीहरूलाई प्रभुको कुनै आज्ञाको विरोधमा जान र उहाँको कुनै आदेश उल्लङ्घन गर्न लाउँछ, तब तिनीहरूले यसो गर्न इन्कार गर्नुपर्छ, र नम्र भई तिनीहरू यसको निम्ति भोग्नुपर्ने नतिजाहरू उठाउन तयार हुनुपर्छ। कुनै हालतमा पनि तिनीहरूले सरकार पल्टाउनेहरूलाई साथ दिनुहुँदैन।

### ख) हितोपदेश २४:२३-३४: बुद्धिमान् मानिसहरूले कहेका थप नीतिवचनहरू

**हितोपदेश २४:२३-२६:** यस पदबाट अर्को खण्ड शुरु हुन्छ, जुनचाहिँ हितोपदेश २४:३४ पदसम्म जान्छ। यी नीतिवचनहरू पनि बुद्धिमान् मानिसहरूको रचना हुन्।

न्यायमा पक्षपात गर्नु बिलकुल गलत र निन्दनीय कुरा हो। जुन न्यायकर्ताले नैतिक स्तरहरू धमिला पारेर र दोषीलाई निर्दोष ठहऱ्याएर न्याय बिगार्छन्, ती न्यायकर्तालाई मानिसहरूले सराप्छन् र जाति-जातिका मानिसहरूले घृणा गर्छन्। तर जुन न्याय-कर्ताहरूले पापको दोष प्रकट गर्छन् र पाप गर्नेहरूलाई हप्काउँछन्, ती न्यायकर्ताहरूलाई परमेश्वरले इनाम दिनुहुन्छ र मानिसहरूले यिनीहरूलाई धन्यका भन्छन्। जुन न्याय-कर्ताहरूले इमानदार र न्यायसँगत फैसलाहरू गर्छन्, ती न्यायकर्ताहरूले मानिसहरूको अनुमोदन पाउनेछन्।

**हितोपदेश २४:२७:** मानिसले पहिले रूखहरू काटेर एउटा जमिन तयार गर्छ, त्यसपछि त्यो जमिन खनजोत गरेर त्यसमा बीउ लगाउँछ, त्यसपछि घर बनाउँछ। ठीक योजस्तै पारिवारिक जीवन शुरु गर्नुभन्दा पहिले मानिसले आफ्नो जीवन ठीकठाक पारेर सुव्यवास्थित गर्नुपर्छ। यसो हो भने, यस हितोपदेशबाट विवाह गर्न खोज्ने भाइले चेताउनी लिनुपर्छः विवाहित जीवनका सबै जिम्मेवारीहरू उठाउन ऊ आत्मिक, मानसिक र आर्थिक रूपले पूरा तयार हुनुपर्छ।

**हितोपदेश २४:२८-२९:** कसैले कुनै हालतमा पनि आफ्नो छिमेकीको विरोधमा कुनै झूटो साक्षी दिनुहुँदैन। हामीले कसैको विषयमा कुनै झूटो खबर फैलाउनुहुँदैन। मानौं, हाम्रो छिमेकीले कुनै गल्ती गरेको हो; तर यस अवस्थामा पनि हामीले खराबीको बदलामा खराबी गर्नुहुँदैन।

**हितोपदेश २४:३०-३४:** यहाँ यी पदहरूमा हितोपदेशको पुस्तक लेख्ने लेखकले आफ्नो एउटा अनुभव व्यक्त गर्छन्। एकदिन तिनी दाखबारीको छेउबाट भएर हिँड़ेछन्; त्यस जमिनको मालिक अल्छे रहेछ; किनभने काँड़ाहरूले त्यो सारा जमिन ढाके; त्यो त जतातते सुस्नैसुस्नु भएको सिस्नोघारी

भएको रहेछ। अनि यो बारी बार्ने ढुङ्गाको पर्खाल भत्केको रहेछ। एउटा वस्तुगत पाठ यसैबाट पाइन्छ। जसले 'अझै एकक्षणको निद्रा गर्न पाऊँ, अलिकति उङ पाऊँ' भन्छ, त्यसको गरिबी सुनिश्चित ठहराइएको छ, लुटेरा र हतियार भिरेको डाकू आइलगेझैं यो त्यसमाथि आइपर्नेछ।

आत्मिक कुराहरूको सम्बन्धमा पनि हामीलाई अल्छीपन लाग्न सक्छ; हामी सुस्तीपनको शिकार बन्न सक्छौं। तब हाम्रो जीवनरूपी दाखबारी केजस्तै देखिन्छ त ? तब हाम्रो जीवन शरीरका कामहरूरूपी काँड़ाकाड़ै र सिस्नैसुस्नुले भरिएको हुन्छ। तब हामीमा परमेश्वरको महिमाको निम्ति फलै छैन। तब हाम्रो आत्मिक सुरक्षा पनि तोड़िएको, यसको पर्खाल भत्केको हुन्छ। अनि शैतानले हाम्रो जीवनमा आफ्नो खुट्टा राख्ने मौका पाउँछ। हाम्रो मनको चिसोपन र पछि-हटाइले गर्दा हाम्रो आत्मिक गरिबी सुनिश्चित हुन्छ।

## खण्ड ५

# हितोपदेश २५:१-२९:२७:

## राजा हिजेकियाहका कर्मचारीहरूले संकलन गरेका अन्य सुलेमानका हितोपदेशहरू

**हितोपदेश २५:१:** अब यस पुस्तकको त्यो भाग शुरु हुन्छ (हितोपदेश २५-२९), जुन भागमा हालिएका हितोपदेशहरू यहूदाका राजा हिजेकियाहका कर्मचारीहरूले पछि संकलन गरे र उतारे, तर यी हितोपदेशहरूको रचनाकार राजा सुलेमान नै हुन्। यस खण्डमा एक सय चालीसवटा नीतिवचनहरू समावेश छन्। हिब्रूमा हिजेकियाह नामका अक्षरहरूको सङ्ख्यात्मक मूल्य पनि एक सय चालीस हो। यी दुई कुराहरूले आपसमा मेल खाँदा रहेछन्।

**हितोपदेश २५:२:** *'कुनै कुरा गुप्त राख्नुमा परमेश्वरको महिमा हुन्छ।'* परमेश्वरको सृष्टि विचार गर्नुहोस्! त्यसमा लुकिरहेका रहस्य-हरू अनेक हुन्छन्। उहाँको लिखित वचन विचार गर्नुहोस्! यसमा गुप्त रहेका कुराहरू कति छन्, कति! उहाँको पूर्वप्रबन्ध, देखरेख र सञ्चालनको विषयमा नबुझेका कुराहरू अनगिन्ती हुन्छन्। यस सिलसिलामा श्री थोमस कार्टराइटले यसो भनेका छन्ः

> 'उहाँका उद्देश्यहरू र उहाँका कामहरू मानिसको क्षमता र मगजदेखि बाहिर नभएका भए उहाँ परमेश्वर हुनुहुन्नथियो।'

*'... तर राजाहरूको महिमा कुरा तलाश गर्नुमा हुन्छ।'* प्रसङ्गबाट उठेको विषयचाहिँ यस प्रकारको छः आफ्नो राज्यभित्र महत्त्व-पूर्ण कुराहरू के-के भइरहेका छन्, सो सम्बन्धमा सबै कुराहरू बुद्धिमान् राजालाई विदितै हुन्छ। अनि सच्चा न्यायका फैसला-हरू गर्न र खाँटी नियमहरू पारित गर्न तिनले पूरा जानकारी प्राप्त गर्न कोशिश गर्छन्।

अनि हाम्रो विषयमा कसो हो? यस खण्डको प्रयोग यस प्रकारको छः पवित्र बाइबलभित्र लुकिरहेको आत्मिक गाड़धन खोजेर भेट्टाउन हामीले सकभर प्रयास गर्नुपर्छ।

**हितोपदेश २५:३:** आकाशको उचाइ असीमित हुन्छ; पृथ्वीको गहिराइ अपार छ। ठीक त्यस्तै उत्तम राजाको हृदय पनि अगम्य हुन्छ। राजाको गूढ़ सोचविचार कसैले पत्ता लगाउनै सक्दैन।

**हितोपदेश २५:४-५:** जब घरिया र भट्टीमा चाँदी पगालिन्छ, तब धातुको कस र

मैला निस्कन्छ, त्यसको कसर दूधको तरजस्तै माथि-माथि तैरिन्छ। अनि जब सुनारले त्यो कस निकालिसक्छ, तब उसले यस निखुर चाँदीबाट एउटा सुन्दर गहना बनाउन सक्छ। अनि यहाँ यस खण्डमा कसचाहिँ राजाको अदालतमा बसिरहने दुष्ट सल्लाहकारहरू हुन्; तिनीहरूलाई हटाएपछि बल्ल राज्य एउटा धार्मिक जगमाथि बसाल्न सकिन्छ।

यस संसारमा फर्कनेबित्तिकै प्रभु येशूले सबैभन्दा पहिले आफ्नो राज्यबाट विद्रोहीहरू, कुकर्मीहरू र अन्य सबै ठेस लाग्ने कारणहरू हटाउनुहुनेछ।

**हितोपदेश २५ः६-७ः** शाही दरबारमा आफूलाई अगाड़ि नराख्नुचाहिँ बुद्धिको नीति मानिन्छ। प्रसिद्ध व्यक्तिहरूको बीचमा नउभिनु हाम्रो निम्ति समुचित देखिन्छ। उच्च स्थान ओगटेर सबै ठूलाठालाहरूको सामु त्यो छोड्नुपर्नु र लज्जित हुनुभन्दा 'माथि प्रतिष्ठित स्थानमा आऊ' भन्ने निम्तो पाउनु उचित छ।

यहाँ दिइएको सल्लाहले यर्मिया ४५ः५ पदमा उल्लेख गरिएको कुरा याद दिलाउँछ, जहाँ यसो लेखिएको छः *'तब के, के तिमी आफ्नो निम्ति ठूला-ठूला कुराहरू खोज्दैछौ ? नखोज !'* अनि लूका १४ः८-१० पदहरूमा प्रभु येशूले भन्नुभएका वचनहरूको सम्झना आउँछ।

हुन सक्छ, '... जसलाई तिम्रा आँखाहरूले देखेका छन्' भन्ने वाक्यांश अर्को पदसित जोड्नुपर्ला। यसकारण आर.एस.वी.-अनुवादले यस प्रकारले अनुवाद गरेको छः 'जुन कुरा तिम्रा आँखाहरूले देखेका छन्, त्यो कुरा हतारसँग कचहरीमा पेश नगर !'

**हितोपदेश २५ः८-१०ः** पवित्र बाइबलले हर गुनासोको निम्ति मुद्दा लड़िहाल्ने मन भएको मानिसलाई दोषी ठहऱ्याउँछ। किनभने मानिसले आफूले देखेका सबै कुराहरूको बेलीबिस्तार देला, र पनि छिमेकीको सामु शर्ममा पर्ला, जब आफ्नो प्रतिरक्षाको निम्ति छिमेकीको पालो आउँछ।

हरेक मतभेद र हरेक बहस व्यक्तिगत रूपले मिलाउनु बेस हो (मत्ती १८ः१५)। आफ्नो शिकायत हामी अरूलाई किन सुनाऔं ? यसको विषयमा अज्ञात लेखकले निम्न सल्लाह दिएका छन्ः

> 'साथी-साथीको बीचमा एउटा सानो मतभेद उठेको छ र हामी एकलै गएर आफ्नो साथीलाई मनाउने आँट नगर्ने ? तर अरूलाई भन्ने सरम छैन हाम्रो ? परमेश्वरको वचनमा एउटा नियम पेश गरिएको छ, जुन नियमअनुसार गर्न हामी भुल्छौं भने हामी गड़बड़ी सृजना गर्छौं। भइरहेको मनमुटावको चर्चा गर्न असल होइन; यसरी फाटो झन् बढ्छ। हामीले हितोपदेशको यही खण्ड हाम्रो व्यवहारको निम्ति मार्गदर्शिका बनाएर हाम्रो चाल यसको आधारमा सठीक पारेको भए हामीले नाराज भएका धेरै तुच्छ कारणहरू हटाउन सक्नेथियौं र आफूलाई धेरै पल्ट मनको अशान्तिबाट बचाउन सक्नेथियौं।'

अब हितोपदेश २५ः१० पदको कुरा आयोः यो पद तेस्रो व्यक्तिले हामीसित गरेको व्यवहारसित सम्बन्धित छ। यस व्यक्तिले हामीलाई हप्काउँछ; किनभने हामी सीधा दोषीकहाँ गएनौं। हामी बदख्वाइँ गर्ने गफाड़ी भन्ने नाम किन कमाऔं ? त्यो नराम्रो नामभन्दा अझै कुनाम के हुन सक्नेथियो ?

**हितोपदेश २५ः११ः** *'ठीकसँग बोलिएको शब्दचाहिँ चाँदीको थालमा राखिएका सुनका स्याउहरूजस्तो हो।'* सठीकसँग बोलिएको वचनमा नैतिक शोभा छ, र उपयोगी हुन्छ, जसरी सजाएर ठीकसँग राखिएका मूल्यवान् धातुहरूमा ठूलो आकर्षण हुन्छ।

**हितोपदेश २५ः१२ः** सुनको कुन्डल र निखुर सुनको गहनाले शारीरिक सुन्दरता बढ़ाउँछन्; ठीक त्यस्तै बुद्धिमान् मानिसको

हप्कीले उसको यो हप्की ग्रहण गर्ने मानिसको जीवनको नैतिक सुन्दरता बढ़ाउँछ ।

**हितोपदेश २५ः१३ः** अरू बेलाहरू हुनु हो भने, कटनीको समयमा हिउँ पर्नु सङ्कष्ट गनिनेथियो । तर यहाँ यसको माने अर्को छ, जस्तैः यसले कटनी गर्ने खेतालालाई पिउन दिइएको गिलासमा भएको पानी चिसो बनाउने काम गर्छ, पानीमा हालिएका बरफका ससाना टुक्राहरूले जस्तै । गर्मी दिनमा चिसो पानीले शीतल पारेझैं विश्वासयोग्य सन्देश-वाहकले उसलाई पठाउने मालिकहरूको मन शीतल पार्छ ।

**हितोपदेश २५ः१४ः** जुन मानिसले उपहार दिन्छु भन्ने प्रण त दिन्छ, तर आफ्नो वचन पूरा गर्दैन, त्यो मानिस पानीविनाका बादलहरू र बतासजस्तै हो । पानी पर्ने आशा हुँदाहुँदै बतासले यी बादलहरू लगिदिन्छ ।

यस पदको सन्दर्भ आत्मिक वरदानहरू होइन, ता पनि यो पद यस विषयमा प्रयोग गर्न मिल्छ । यहाँ ती महान् शिक्षक वा प्रचारकको कुरा छ, जसले मानिसहरूलाई निराश पार्छन्, किनभने तिनको जीवन भनेकोजस्तो भएन । अमेरिकाका अधिवासीहरूसँग यसको निम्ति उचित उक्ति थियोः 'रासैरासको बतास, तर पानीझरी छैन ।'

**हितोपदेश २५ः१५ः** आफ्नो ढीठमा चल्ने झर्को बोल्ने मानिसभन्दा बरु विनीत र धीरजी सज्जन मानिस शासकलाई मनाउनमा सफल हुन्छ । किनभने विनम्र, नरम जिब्रोले हड्डी भाँचेर टुक्राउन सक्छ । यसर्थ जुन कुरा शक्तिशाली बङ्गारा र दाँतहरूको चबाइले गर्न सक्दैनन्, त्यो कुरा नरम जिब्रोले पूरा गर्छ ।

**हितोपदेश २५ः१६ः** मह उचित मात्रामा खाए असल हुन्छ; तर असल कुराको अति-सेवनले वकवक र उल्टी गराउँछ । हामीले जिउनको निम्ति खानुपर्छ, तर हामी खानको निम्ति जिउनुहुँदैन । श्री लरी क्रिस्तेनसोनले यसको निम्ति निम्न उदाहरण दिएका छन्ः

'मेरा साथीका आठजना छोराछोरीहरू थिए; अनि तिनीहरू सबैजनाले आइस क्रीम मन पराउँथे । गर्मी ग्रिष्म ऋतुको एक दिनमा यो घटना घटेको थियो । तिनीहरूमध्ये सानी छोरी मेरीले के भनी भने, "एक दिन हामी दिनभरि आइस क्रीम मात्र खाऔं ल !" अरू सबैजना यस कुरामा राजी भए । अनि तिनीहरूका बुबाचाहिँ ? अचम्म ! तिनले तिनीहरूलाई छक्कैछक पारेर भनेः "ठिक्कै छ; भोलि तिमीहरूले जति आइस क्रीम खान चाहन्छौ, त्यति नै पाउँछौ ल ! तर त्यस दिनमा आइस क्रीम छोड़ेर तिमीहरूले अरू केही पनि खान पाउँदैनौ ।" तिनका छोराछोरीहरू हर्षबिभोर भए, खुशीले चिच्च्याए पनि । अनि तिनी-हरूलाई भोलिसम्म पर्खन निक्कै गाह्रो भयो । बिहानको खाजाको समयमा तिनीहरूले चॉक्लेट, स्ट्राबेरी, वनिल्ला इत्यादि आइस क्रीम मगाए, सूपका ठूला कचौराभरि; चमेनाको रूपमा, दिउँसोको खानाको रूपमा र चिया खाने समयमा पनि आइस क्रीम र फेरि आइस क्रीम । तिनीहरूले आफ्नो आइस क्रीम खाइरहेको बेलामा तिनीहरूकी आमाले तन्दुरबाट ससाना केकहरू निकाल्दैथिइन् । सारा घर तिनको सुगन्धले भरियो ।

"हेर, अहो, मलाई मनपर्ने ताजा-ताजा मीठा केकहरू !" भनेर उत्तेजित भएको कान्छा छोराले भन्यो । त्यसपछि ऊ जाम निकाल्न अलमारीतिर अघि बढ्यो, तर आमाले उसलाई रोकिन् । "के तिमीलाई याद छैन ? आज आइस क्रीम-दिवस हो । यसैले कान्छा, तिमीले आइस क्रीमबाहेक अरू केही पनि पाउँदैनौ ल ।" "ओहो !" "के म तिमीलाई एक कचौरा आइस क्रीम दिऊँ त ?" "अहँ, मलाई नदिनुहोस् ! मलाई एउटा सानो केक दिनुहोस् !" यसरी नै आमा-छोराको बीचको यस बातचितको टुङ्गा भयो ।

रात्री भोजनको समयमा छोराछोरीहरूको आइस क्रीम खाने उत्तेजना हराइसकेको थियो । तर के गर्ने ? तिनीहरूको सामु कचौराभरि आइस क्रीम राखियो । तब मेरी बहिनीले,

जसको सुझाउले गर्दा त्यस दिनमा आइस क्रीम-दिवस मनाइयो, आफ्ना बुबातिर हेरेर भनीः "हे बुबा, यो आइस क्रीम म तपाईंको पाउरोटीको टुक्रासित साट्छु, हुन्छ ल ?" ' 37)

**हितोपदेश २५ः१७ः** मह खाने विषयमा संयमी हुनुहोस् ! तर यति मात्र होइन, घरिघरि आफ्नो छिमेकीकोमा जानुमा पनि लगाम लगाउनुहोस् ! हामीले यस विषयमा फर्केर घरमा पाल्ने समय जान्नुपर्छ। पाहुनाको स्वागत र अतिथि-सत्कारको सीमा नाघेर नजानुहोस् !

यस सम्बन्धमा श्री थोमस कार्टराइटले यसो भनेका छन्ः

'मानिसहरूसितको सँगतभन्दा परमेश्वर-सँगको मित्रता कति उत्तम हुन्छ। किनभने हामी परमेश्वरकहाँ जति बढ़ी जान्छौं, त्यति नै बढ़ी उहाँले हामीलाई न्यानो स्वागत गर्नुहुन्छ।'

**हितोपदेश २५ः१८ः** जुन मानिसले आफ्नो छिमेकीको विरोधमा झूटो साक्षी दिन्छ, त्यस मानिसको निम्ति यहाँ, यस पदमा तीनवटा सठीक प्रतिरूपहरू प्रयोग गरिएका छन्।

**क)** त्यो एउटा मुङ्ग्रो हो, जसले सबै कुरा टुक्रैटुक्रा पार्छ।

**ख)** त्यो एउटा तरवार हो, जुन तरवारका धारहरू अति लाग्ने हुन्छन्।

**ग)** त्यो एउटा तीखो काँड़ हो, जसले वरपर छेड़ पार्छ र चोट पार्छ।

**हितोपदेश २५ः१९ः** भाँचिएको दाँतमाथि टोक्नु आम्मै साह्रै कष्टदायक अनुभव हो; तर के गर्ने ? 'मैले यसो नगरे हुनेथियो' भन्ने होश ढिलो खोलियो। अनि जोड़नीबाट खुस्किएको खुट्टामाथि आफ्नो जीउको पूरा वजनले टेक्दा यस खुट्टाले हाम्रो शरीर थाम्दैन। ठीक त्यस्तै सङ्कष्टको समयमा एउटा विश्वासयोग्य नभएको मानिसमाथि भरोसा पर्नु अति दर्दनाक र निराशजनक अनुभव हो।

**हितोपदेश २५ः२०ः** दुःखी मन भएको मानिसको निम्ति गीत गाएर रिस उठाइन्छ, नाराज तुल्याइन्छ, र यो एकदम नचाहिंदो काम हुन्छ, जाड़ो याममा कसैको लुगा खोसेको जत्तिकै नराम्रो, अथवा सोड़ामाथि सिर्का हाल्दा जत्तिकै उग्र तेजको प्रतिक्रिया पैदा गर्ने काम हो।

यस सिलसिलामा श्री कीथ वेस्टनले निम्न कथा सुनाएका छन्ः

'मेरा जूनियर पास्टरले पहिलो पल्ट अस्पतालमा गएर बिरामीहरूलाई औपचारिक रूपले भेटे; अनि तिनले एउटा गरिब, साह्रै घायल भएको बिरामीलाई आफ्नो ओछ्यानमा पड़िरहेको भेट्टाए, जसले आफ्ना खुट्टाहरू चलाउन सक्दैनथियो; ती खुट्टाहरू डोरीहरूले बाँधिएका र एउटा चक्काको बलले उठाउनु र झार्नुपर्थ्यो। अनि यस बिरामीका दुवै पाखुराहरू प्लास्टरको पट्टीले बेह्रिएका थिए, र एउटामा सिया लगाइएको र बोटलबाट ग्लुकोस-पानी दिइरहेको थियो। अनि पास्टरले ठूलो मुस्कानले मुस्कराउँदै र आफ्नो ठूलो बाइबल निकाल्दै बिरामीलाई सोधेः "हे भाइ, के तपाईं आनन्दित हुनुहुन्छ ?" यस बिरामीले उत्तरमा के भन्यो, सो तिनले मलाई कहिले बताएनन्। तर यस विषयमा यति भन्न सकिन्छ, कि तिनको यो व्यवहार पक्का पनि शिष्ट थिएन।' 38)

**हितोपदेश २५ः२१-२२ः** प्रेरित पावलले यी दुईवटा पदहरू रोमी १२ः२० पदमा उद्धृत गरे। हामी भलाइ गरेर खराबीलाई जित्न सक्छौं; कसरी ? हामीले हाम्रो विरोधमा गरिएको हरेक अपराध र रूखो व्यवहारको सट्टामा असल व्यवहार देखाएर जुनै खराबीलाई जित्न सक्छौं।

यस विषयमा यो कहानी सुन्नुहोस्ः

'क्रुद्ध छिमेकीले विश्वासमा नयाँ भएकी बहिनीलाई फोन गरिछे र आफ्नो आवेगमा निन्दात्मक गाली र विषाक्त आरोप लगाइहाली।

विश्वासी बहिनीकी पाँच वर्षे छोरीले छिमेकीका फूलहरूमाथि टेकेर कुल्चेकी, यसले एउटा झ्यालको ऐना फुटाएकी र अन्य कुराहरू बिगारेकी अरे। दोषमाथि दोषको कत्रो बज्रपात ! जब यो छिमेकी सास लिन एक क्षण चुप लाग्यो, तब विश्वासी बहिनीले "हामी फोनमा यसको कुरा नगरौं ! दया गरी मेरो घरमा आउनुहोस्, र हामी यस कुराको छलफल गरौं !" भन्ने विन्ती राख्न पाइन्।

नभन्दै यो छिमेकी यी विश्वासी बहिनीको घरमा आइपुगी। भित्र आएपछि उसले टेबल-माथि चिया-बिस्कुट तयार भएको देखेर भनीः "माफ गर्नुहोस्, तपाईंका पाहुनाहरू आउन लागेका मलाई थाहा भएन; म अर्को समयमा आउँछु ल।" तर यी विश्वासी बहिनीले उसलाई जवाफ दिइन्ः "दया गरी बसि-दिनुहोस् ! हामी चिया खाँदै कुरा गरौं भन्ने विचारले तपाईंको निम्ति यो तयार गरेकी हुँ।" त्यसपछि यी बहिनीले चियाको निम्ति धन्यवाद चढ़ाइन् र परमेश्वरबाट अगुवाइ र बुद्धि मागिन्। अनि जब तिनले प्रार्थना गरिसकेर आफ्नो शिर उठाइन् र आँखा खोलिन्, तब तिनले आफ्नी छिमेकीलाई रुइरहेकी र यसो भन्दै गरेकी भेट्टाइन्ः "यो तपाईंकी छोरीको होइन, यो बिलकुल मेरो गल्ती हो ! मैले बिनसित्ति तपाईंमाथि मेरो रिस पोखाएँ; किनभने मेरो घरपरिवारको समस्या ठूलो छ; अनि यी समस्याहरू सहन मलाई गाह्रो भइरहेको छ।" यो सुन्नेबित्तिकै यी विश्वासी बहिनीले आफ्नो छिमेकीलाई आफ्नो जीवन-गवाही सुनाउँदै उसलाई बिस्तारै-बिस्तारै सुसमाचार सुनाउन थालिन्। अनि छ हप्तापछि तिनकी छिमेकीले मात्र होइन, तर उसको पूरा परिवारले प्रभु येशूमाथि विश्वास गरे।' 39)

**हितोपदेश २५ः२३ः** जसरी उत्तरी हावा-बतासले झरी ल्याउँछ, ठीक त्यसरी नै चुक्ली लाउने जिब्रोले रिसाएको अनुहार पैदा गर्छ। यसकारण बुझ्नुहोस्ः रिसाएका अनुहारहरू प्रायः सधैं चुक्ली लाएको प्रतिफल हुन्छन्; पहिले जसको चुक्ली गरियो, उसको अनुहार बिग्रिन्छ, त्यसपछि यो चुक्ली सुन्नेहरूका अनुहारहरू पनि बिग्रिन्छन्। तर हामीले चुक्ली लगाउनेलाई हप्काउनुपर्छ, तब त्यसले आफ्नो कुकर्म छोड्नेछ।

**हितोपदेश २५ः२४ः** *'झगड़ालु स्वास्नी-सँग फराकिलो घरमा एकसाथ बस्नुभन्दा कौसीको एउटा कुनामा बस्नु उत्तम हो।'* यस पदका शब्दहरू र हितोपदेश २१ः९ पदका शब्दहरू एकै हुन्। यो कुरा किन दोहोरिन्छ ? झगड़ालु पत्नीसँग एकसाथ बसेकोबाट कत्रो पीर आउँदो रहेछ, सो कुरामा जोड़ दिन यो यहाँ दोहोरिएको छ।

**हितोपदेश २५ः२५ः** टाढ़ा देशबाट आएको शुभ समाचारचाहिँ स्वर्गको देशबाट आएको परमेश्वरको सुसमाचार हो। अनि तिर्खाएको आत्माको निम्ति सुसमाचारको सन्देश ताजा पार्ने र तिर्खा मेटाउने किसिमको हुन्छ, जसरी चिसो पानीले तिर्खाएको मानिसलाई ताजा तुल्याउँछ र उसको तिर्खा मेटाउँछ।

**हितोपदेश २५ः२६ः** जब भलादमी र धर्मी मानिसहरू दुष्ट मानिसहरूको सामु झुक्छन्, जब तिनीहरू सत्यको पक्षमा उभिँदैनन्, जब तिनीहरूले दुष्टताको सामाना गर्दैनन्, तर त्यससित सम्झौता गर्छन्, तब तिनीहरू धमिलो पानी निस्किरहेको मुहान र दूषित धाराजस्ता हुन्छन्। हामीले तिनीहरूमा शुद्धता, स्वच्छता र सफाइ नखोजे पनि हुन्छ, नत्र हामी निराश हुनुपर्ला।

**हितोपदेश २५ः२७ः** हाम्रो निम्ति चाहिएको भन्दा बढ़ी मह खान उचित होइन। यस विषयमा श्री डेरेक किड्नरले यसो भनेका छन्ः

> 'परमेश्वरले ठहऱ्याउनुभएको सीमादेखि बाहिर गएकाहरूलाई मज्जा लाग्ने होइन, तर तिनीहरूलाई बान्ता आउँछ।'

यस पदको दोस्रो भाग हिब्रूमा स्पष्ट छैन। यसकारण यसको माने के.जे.वी. र एन.के.-जे.वी.ले अनुवाद गरेको जस्तो हुन सक्छः 'आफ्नो महिमा खोज्नु महिमा नै होइन।' अथवा डार्बीको अनुवादअनुसार हुन सक्छः 'गहाकिला कुराहरूको खोजी गर्नु वजनदार कुरा हो।' कि त यसको अर्थ डार्बीको दोस्रो अनुवादअनुसार पनि हुन सक्छः 'गहाकिला कुराहरूको खोजी गर्नु महिमा हो।' यी तीन-वटा अनुवादहरूको अर्थ मलाई ठीक लाग्छ।

**हितोपदेश २५ः२८ः** जुन मानिसले आफ्नो जीवन अनुशासनमा राख्न सिकेको छैन, त्यो मानिस पर्खाल नभएको शहरजस्तै हो। त्यसको कुनै रक्षा छैन, त्यसलाई जहाँबाट पनि आक्रमण गर्न सकिन्छ; त्यो हरेक किसिमको परीक्षामा पर्छ।

**हितोपदेश २६ः१ः** ग्रीष्म ऋतुमा हिउँ पर्नुचाहिँ पूरा अस्वाभाविक, असामयिक हुन्छ। अनि कटनीको समयमा पानी पर्नु हानिकर हुन्छ। ठीक त्यस्तै असुहाउँदो र हानिकर मूर्ख मानिसहरूलाई गरिएको सम्मान हो। नैतिक हिसाबले यो एकदम हुँदै नहुने कुरा हो। मूर्ख मानिसले आफ्नो मूर्खतामा लागिपर्ने हौसला किन पाओस्?

**हितोपदेश २६ः२ः** भङ्गेरा र गतिशील गौथली आकाशमा यता-उता उड़िरहेका हुन्छन्, तर हामीमा कहिल्यै खुट्टा टेक्दैनन्, अँ, हामीलाई कहिल्यै छुँदैनन्। त्यसरी नै हामीलाई कसैको बेहकको श्राप कहिल्यै लाग्दैन, लाग्नै सक्दैन, यस सम्बन्धमा मानिसहरूको अन्धविश्वासले जेसुकै भनोस्! बालामले इस्राएली जातिलाई सराप्न नखोजेका होइनन्, तर तिनले सकेनन् (गन्ती २३ः८; व्यवस्था २३ः५)।

**हितोपदेश २६ः३ः** घोड़ाको निम्ति चाबूक र गधाको निम्ति लगाम नभई नहुने, अनिवार्य कुरा हुन् भने, मूर्ख मानिसले छड़ीको भाषा र कड़ा हप्की मात्र बुझ्छ। '*तिमीहरू समझ नभएको घोड़ा वा कच्चरजस्ता नहोओ, जसको मुख लगाम र करेलीले रोक्नुपर्छ, नत्रभने ती कुराहरू तिम्रो नजिकमा आउँछन्*' (भजन ३२ः९)।

**हितोपदेश २६ः४-५ः** यहाँका दुईवटा पदहरू पढ्दा एक पदले अर्को पदको कुरा खण्डन गरेको लाग्न सक्छ। पहिलो पदले मूर्ख मानिसलाई त्यसको मूर्खताअनुसार जवाफ नदेऊ भन्छ भने, दोस्रो पदले मूर्ख मानिसलाई त्यसको मूर्खताअनुसार जवाफ देऊ भन्छ। कसरी? यसको स्पष्टीकारण हामी एक-एक पदमा पाउँछन्।

मूर्ख मानिसलाई त्यसको मूर्खताअनुसार जवाफ नदिने कारण के हो भने, यसो गरेर हामी मूर्ख बन्छौं। यसकारण रिसाएर जवाफ नदिनुहोस्! त्योजस्तै रूखो व्यवहार नदेखाउनुहोस्! तर सधैं होशियारसाथ बोल्नु-होस्!

मूर्ख मानिसलाई त्यसको मूर्खताअनुसार जवाफ दिने कारण के हो? हामीले मूर्ख मानिसलाई त्यसको मूर्खतामा राखिछोड्नु-हुँदैन। हामीले त्यसलाई सम्झाउनु, दोष देखाउनु र हप्काउनुपर्छ, जसरी त्यसको मूर्खतासँग व्यवहार सुहाउँदो हुन्छ। तब त्यो आफ्नो दृष्टिमा बुद्धिमान् ठहरिनेछैन।

**हितोपदेश २६ः६ः** जसले एउटा मूर्ख मानिसको हातद्वारा कुनै समाचार पठाउँछ, उसले आफ्नै हानि पो गर्छ। उसले आफ्ना खुट्टाहरू काट्ने, वा विष पिउनेजत्तिको हानिकर काम गर्छ। मूर्ख मानिसले सन्देश सठीक रूपले भन्न सक्दैन। त्यसले हामीलाई पिरोल्छ। खुट्टाहरू काटिएको मानिस कति असहाय हुन्छ, कति, सो विचार गर्नुहोस्!

**हितोपदेश २६ः७ः** लङ्गड़ा मानिसका खुट्टाहरू लुला हुन्छन्, र काम लाग्दैनन्। मूर्ख मानिसहरूको मुखबाट सुनिने नीतिवचन पनि बेकम्मा हुन्छ। त्यस नीतिवचनले तिनीहरूको भलाइ गर्न सक्दैन; किनभने तिनीहरूले

यसको अर्थ कहिले, कहाँ र कसरी व्यवहारमा लगाउनुपर्छ, सो जान्दै-जान्दैनन्।

**हितोपदेश २६:८:** घुयेंत्रोमा ढुङ्गा बाँध्नुहुँदैन; किनकि त्यो ढुङ्गा सजिलोसँग छोड्न सक्नुपर्छ। यसरी नै हामी मूर्ख मानिसको आदर गर्ने काम नगरौं!

यस पदको अर्को व्याख्या पनि सम्भव देखिन्छ। जसरी घुयेंत्रोमा हालिएको ढुङ्गा चाँड़ै टाढ़ै हानिन्छ, त्यसरी नै छिटोभन्दा छिटो मूर्ख मानिस पनि त्यसलाई दिइएको आदरको निम्ति पूरा अयोग्य भएको प्रमाणित हुन्छ।

**हितोपदेश २६:९:** जुन मतवालाले काँड़ाहरू समात्छ, त्यस मतवालाको निम्ति यो दर्दनाक र खतरनाक हुन्छ, साथै अरू मानिसहरूको निम्ति पनि दुःखदायक र जोखिमपूर्ण हुन जान्छ। मूर्ख मानिसको मुखबाट सुनिने नीतिवचनको दुरुपयोग र अनर्थ खतरनाक हुन्छ। कि त त्यसले आफ्नो मूर्खता ढाकछोप गर्न वा सत्य ठहऱ्याउन यसो गरेको हुन सक्छ, कि त त्यसले अरूको विषयमा आफ्ना गलत विचारहरूको निम्ति आधार बनाएको सम्भव हुन्छ।

**हितोपदेश २६:१०:** यस पदको अर्थ धमिलो छ, किनभने हिब्रू लेखमा यो पद स्पष्ट छैन। यसकारण विभिन्न अनुवादहरू यसको प्रतिफल हुन्, जस्तैः

डार्बीको अनुवादः 'निपुण कारिगरले मोटामोटी जुनसुकै मानिससित काम गर्न सक्छ; तिनले मूर्खलाई तलबमा राख्छन् र त्यहाँबाट भएर हिँड्नेलाई पनि भाड़ामा लिन्छन्।'

आर.एस.वी.को अनुवादः 'जसले त्यहाँ-बाट हिँड्दै गरेको मूर्ख वा मतवालालाई भाड़ामा लिन्छ, त्यो यस धनुर्धारीजस्तै हो, जसले हरेकलाई घाइते तुल्याउँछ।'

नोक्सको अनुवादः 'अन्तिम आएर कानुनले झगड़ाहरूको फैसला गरेर सठीक पार्छ; तर मूर्खलाई चुप पार्नैपर्छ, नत्र झगड़ा कहिल्यै थामिँदैन।'

बेक्लींको अनुवादः 'निपुण कारिगरले जुनै पनि काम पूरा गर्छन्; तर जसले एउटा मूर्खलाई भाड़ामा लिन्छ, त्यसले केवल एउटा दर्शकलाई तलबमा राखेको छ।'

एन.ए.एस.बी.को अनुवादः 'जसले एउटा मूर्खलाई वा त्यहाँबाट हिँड्दै गरेका मानिस-हरूलाई भाड़ामा लिन्छ, त्यो यस धनुर्धारी-जस्तै हो, जसले हरेकलाई घाइते तुल्याउँछ।'

टी.इ.वी.को अनुवादः 'जुन कामको मालिकले त्यहाँबाट हिँड्दै गरेको एउटा मूर्खलाई काममा लगाउँछन्, ती मालिकले सबै सम्बन्धित व्यक्तिहरूलाई चोट पुऱ्याउँछन्।'

के.जे.वी. र एन.के.जी.वी.को अनुवादः 'सबै थोक बनाउनुहुने महान् परमेश्‍वरले मूर्ख र अपराधीहरू दुवैलाई प्रतिफल दिनुहुन्छ।'

यसकारण यस पदको सठीक अर्थ निकाल्न गाह्रो छ।

**हितोपदेश २६:११:** कुकुरलाई आफ्नो छादबाट अमन लाग्दैन; त्यस्तै मूर्ख मानिसलाई पनि आफ्नो मूर्खताबाट अमन लाग्दैन। कुकुर पनि र मूर्ख पनि त्यही कुरामा फर्कन्छन्, जुन कुरा घिनलाग्दो र सिकसिक-लाग्दो हुन्छ। यो पद र २ पत्रुस २:२२ पद यी मानिसहरूमाथि लागू हुन्छ, जुन मानिसहरूले नैतिक सुधारको अनुभव गरेका छन्, तर नयाँ जन्मको अनुभवचाहिँ कहिल्यै गरेका छैनन्। अन्तमा तिनीहरू पुरानो चालमा फर्किन्छन्-फर्किन्छन्।

**हितोपदेश २६:१२:** स्वाभिमानी मानिसले न सुधार, न शिक्षा, न अर्ती, न हप्की ग्रहण गर्छ। यस्ता कुराहरूले त्यसलाई छुन सक्दैनन्। यसकारण यस्तो मानिसलाई मद्दत गर्न, सुधार गर्न सकिँदैन। केही नजान्ने मूर्ख पिटाइ खाएर चेत्न सक्छ; तर कुनै सल्लाहले स्वाभिमानी मानिसको मन छिर्नै सक्दैन।

**हितोपदेश २६:१३-१६:** यस खण्डमा एउटा अल्छे मानिस र त्यसको काल्पनिक सिंह पेश गरिएको छ, जुन सिंहले त्यसलाई काम गर्न नदिएको, तर त्यसलाई काम गर्नदेखि रोकिरहेको छ। त्यो अल्छे आफ्नो ओछ्यानमा यता-उता पल्टिन्छ, जसरी एउटा ढोका कब्जाहरूमा घुम्छ। एकक्षण त्यो उत्तानो परेर आङमा सुत्छ, अर्को क्षणमा कोल्टो परेर सुत्छ, र फेरि अर्को क्षणमा त्यो आफ्नो पेटमा लेटेर सुत्छ। त्यसले आफ्नो ओछ्याउनमा अघि-पछि पल्टेको-पल्टेको गर्छ, तर उठ्नै मान्दैन। अनि खाना खाने टेबलमा बस्दा त्यसले आफ्नो हात त थालमा पस्केको खानामा लगाउला, तर यो गाँस आफ्नो मुखसम्म पुर्‍याउन त्यसको शक्ति छैन। के खाना खानुजस्तो आनन्ददायक कुराचाहिँ हाम्रो निम्ति यति थकाउने कष्टदायक काम हो र? अल्छे आफ्नो दृष्टिमा तर्कसँगत जवाफ दिन सक्ने सातजना मानिसहरूभन्दा पनि बुद्धिमान् गनिन्छ। सातजना समझदार मानिसहरू त्यस मूर्खको विषयमा आफ्नो रायमा एकमत छन्; तिनीहरूको दृष्टिमा त्यो गलत हो; ता पनि तिनीहरूको बलियो तर्कले त्यसको मनको एक छेउ पनि अलिकति असर गर्दैन।

**हितोपदेश २६:१७:** बिनसित्ति अर्को मानिसको झगड़ामा हात हाल्ने मानिसले आफूमाथि समस्याहरू निम्त्याउँछ। यो त कुकुरलाई त्यसका कानहरूमा पक्रेको जतिकै छ। त्यसका कानहरू पक्रिराख्ने साहस हामी कहाँबाट पाऔं, त्यसका कानहरू छोड़ौं कसरी?

**हितोपदेश २६:१८-१९:** यता एउटा पागल छ, जसले उन्मत्त भई चारैतिर अगुल्टाहरू र घातक काँड़हरू फ्याँक्छ। उता एउटा मानिस छ, जसले आफ्नो छिमेकीलाई धोका दिएर त्यसको हानि गरेको छ र 'मैले त ठट्टा मात्र गरेको' भन्छ। दुईजना उस्तै-उस्तै छन्। यो त हत्याजस्तै महापाप ठट्टामा उड़ाएको बराबर हो। प्रेममा फसाएर पछि छोड़िदिने र अविश्‍वसनीय मगनीको सम्बन्ध-विच्छेदमाथि यस पदको उचित प्रयोग गर्न सकिन्छ।

**हितोपदेश २६:२०-२१:** दाउरा आगोको निम्ति इन्धनरूपी आहारा हो; त्यस्तै चुक्ली-चाहिँ झगड़ाको आहारा हो। कुराबोकुवाका छेड़पेच, चुक्ली र झूटहरू नभए झगड़ा आफैआफ छिटै मर्छ। केही वर्ष अघि अट्लण्टाको समाचार-पत्रिकामा निम्न लेख पढ्न सकियो:

> 'यो गाउँ खाने कथा सुन्नुहोस्: म तोपको गोलीभन्दा घातक हुँ; कसैलाई नमारीकन म जित्लेछु। घरपरिवारहरूमा फाटो ल्याउने म हुँ; हृदयहरू तोड्ने मै हुँ; जीवनहरू बिगार्ने र बरबाद गर्ने मै हुँ। म हावाका पखेटाको बलमा यात्रा गर्छु। निष्कपट इमानदारीदेखि मलाई डरै छैन; कुनै प्रकारको शुद्धताले मलाई वशमा ल्याउन सक्दैन। सत्यताको निम्ति मेरो कुनै परबाह छैन। मबाट न्यायले कुनै किसिमको मान पाउँदैन। असहायहरूको निम्ति मेरो दयामाया छैन। मैले आफ्ना शिकार बनाएकाहरू प्रायः निर्दोष छन्, तिनीहरूको सङ्ख्या समुद्रको बालुवाजत्तिकै, अनगिन्ती छ। म कहिल्यै बिर्सन सक्दिनँ, म कसैलाई क्षमा गर्दिनँ। मेरो नाम के हो? – मेरो नाम चुक्ली हो।' 40)

**हितोपदेश २६:२२:** *'कुराबोकुवाका शब्दहरू स्वादिष्ठ खानेकुराजस्तै हुन्छन्, जुनचाहिँ पेटका भित्री भागहरूसम्म पुगिहाल्छन्।'* यहाँ हितोपदेश १८:८ पद दोहोरिएको छ। किनभने पापमा पतित भएको मानिसको स्वभाव यस्तै छ: त्यसले चुक्लीका शब्दहरू मीठा-मीठा भोजन सम्झन्छ र ख्वाप्प निलिहाल्छ।

**हितोपदेश २६:२३-२६:** *'जलिरहेका ओठहरू र दुष्ट हृदय हुनुचाहिँ चाँदीको जलप*

*लगाइएको माटोको भाँड़ाको खपटाजस्तो हुनु हो।'* माटोको भाँड़ामा टलक्क टल्किने चाँदीको जलप लगाइएको छ भने, यस भाँड़ाको मूल्य र त्यसको फुस्रो रङ त्यस जलपमनि लुकिन्छ। ठीक त्यस्तै प्रेमको बहाना गरेको जल्दाबल्दा ओठहरूमनि प्रायः घृणा गर्ने हृदय लुकिबसेको हुन्छ। प्रभु येशूलाई विश्वासघात गरेको यहूदा इस्करयोतीले बहाना गरेको चुम्बनरूपी मायाचाहिँ यहाँ भन्न खोजेको उचित उदाहरण हो।

घृणा गर्ने रोग लागेको मानिसले आफ्नो वैरभाव मीठा शब्दहरूद्वारा छोप्न खोज्छ; तर त्यसको मनमा छल र कपट छ। त्यसले बोलेका शब्दहरूमा हामी भर पर्न सक्दैनौं; किनभने त्यसको हृदय सातवटा घृणित कुराहरूको अड्डा हो। त्यस मानिसको हृदय खराबी र दुष्टताले पूर्ण हुन्छ। त्यसको घृणा केही समय छलकपटद्वारा लुक्ला, तर एकदिन त्यसको दुष्टता सबैको सामु प्रकट हुनेछ।

**हितोपदेश २६ः२७ः** मानिसको दुष्ट चाल उसमाथि फर्केर आउँछ। लूइस नामक फ्रान्सेली बलवान् लोहार यसको निम्ति साक्षी छ। फ्रान्सका पहिला युद्धहरूको कुरा हो योः उसले सबैभन्दा खतरनाक कैदीहरूको निम्ति बलिया-बलिया साङ्लाहरू बनाउनुपरेको थियो। उसले उच्च स्तरको इस्पात आविष्कार गर्‍यो र यसबाट अति बलिया साङ्लाहरू तयार गरे; यस्ता साङ्लाहरू अघि कसैले पनि बनाउन सकेको थिएन।

पछिबाट लूइस पनि पक्राउ पर्‍यो र राजद्रोहको आरोपमा ऊ झ्यालखानामा हालियो। जेलमा बस्दा उसको सुस्केरा सुनिन्थ्योः 'हाय, मलाई; किनकि यी साङ्लाहरू मैले बनाएका साङ्ला हुन्! एकदिन म आफ्ना साङ्लाले बाँधिनेछु भन्ने कुरा मलाई के थाह? नत्र मैले यति बलिया साङ्लाहरू कहाँ बनाउनेथिएँ र?'

**हितोपदेश २६ः२८ः** यस नीतिवचनले निन्दा गर्नेलाई र चिप्लो घस्नेलाई दोष्याउँछ। निन्दा गर्नेले त्यसबाट हानि उठाउनेहरूलाई घृणा गर्छ भने, चिप्लो घस्नेले आफ्ना शिकार-हरूमाथि विनाश ल्याउँछ।

**हितोपदेश २७ः१ः** भोलि के हुने हो, यसको विषयमा कसैसँग निश्चित ज्ञान छैन। यसकारण भविष्यमा यस्तो-उस्तो गर्नेछु भन्ने घमण्ड हामीमा कहाँबाट आएको? लूका १२ः१६-२१ पदको खण्डमा धनी मूर्खले यसो गर्‍यो। अनि याकूब ४ः१३-१५ पदमा अरू मानिसहरूले पनि यसो गरे।

**हितोपदेश २७ः२ः** आफ्नो प्रशंसा आफूले गरेको जस्तै खराब स्वाद दिलाउने नमिल्दो कुरा केही पनि छैन होला। आफूले आफूलाई गरेको प्रशंसा साह्रै नमीठोसँग गनाउँछ। सज्जन व्यक्ति त्यो हो, जो आकर्षणको केन्द्र हुनुपर्दैन, तर अरूलाई प्रशंसा गरेर ऊ पछाड़ि बस्न सक्छ। बेर्क्ली-बाइबलको पार्श्वको टिप्पणीमा यसो लेखिएको पाइन्छः 'आत्म-कथाहरूबाट होशियार!'

**हितोपदेश २७ः३ः** मूर्ख मानिसले गरेका टीकाटिप्पणीरूपी चर्चाले निरन्तर पिरोल्ने र रिस उठाउने काम गर्छ। त्यसको बातचित सहनुभन्दा बरु गह्रौं भारी बोक्न सजिलो पर्छ। ठूला-ठूला कुरा बक्ने मूर्खको बोलीले हामीलाई चिढ़्याइरहनुभन्दा हामीलाई ढुङ्गा-हरू र बालुवाको भारी बोक्न सजिलो लाग्छ।

**हितोपदेश २७ः४ः** क्रोध र रिसचाहिँ साह्रै निष्ठुर हुन्छन्, अँ, सहन नसकिने हुन्छन्; तर क्रोध र रिसको आगो प्रायः छिट्टै निभ्छ। तर डाहाचाहिँ – त्यस पापले मानिसलाई लगातार सताइरहन्छ र खाइदिन्छ। यसकारण डाहा झन् कष्टदायक र क्षतिकर हुन्छ। यसको सन्दर्भ यो दम्पती पनि हो, जुन लोग्ने-

स्वास्नीको सम्बन्धमा तेस्रो व्यक्तिद्वारा गड़बड़ी आएको छ।

**हितोपदेश २७:५:** निष्कपट, खुला हप्कीबाट हामीलाई फाइदा हुन्छ, तर गुप्त राखिएको प्रेमबाट कसैलाई केही फाइदा हुँदैन। कसैको गल्ती कहिल्यै नदेखाउने प्रेम कस्तो प्रेम होला? अनि कहिल्यै प्रकट नभएको, कहिल्यै थाह नभएको प्रेमको के काम?

**हितोपदेश २७:६:** धेरजसो मानिसहरूले हामीलाई हाम्रा गल्तीहरू भन्न सक्दैनन्; तिनीहरू यसको विषयमा इमानदार हुनै सक्दैनन्। हामीले तिनीहरूको कुरा काट्छौं, तिनीहरूको विरोधमा उठेर बरु तिनीहरूलाई हाम्रो दोष देखाएको बदलीमा दोष लगाइ-दिन्छौं भन्ने तिनीहरूलाई डर लागेको छ। तर साँचो मित्रले हाम्रो उन्नति र सहायताको निम्ति हाम्रो आलोचना गर्छ। यसो गर्न ऊ आपसी स्नेहको सम्बन्ध पनि खतरामा हाल्न तयार छ।

शत्रुका चुम्बनहरू छली हुन्छन्, कि त धेरै हुन्छन् (आर.एस.वी.)।

यहूदा इस्करयोतीले प्रभु येशूलाई पक्राउने भीड़लाई अघिबाट एउटा चिन्ह दियो, जुन चिन्हले गर्दा तिनीहरूले उहाँलाई उहाँका चेलाहरूबाट छुट्ट्याउन सके। अनि यो चिन्ह-चाहिँ चुम्बन थियो। चुम्बनचाहिँ प्रेमको सर्वमान्य चिन्ह मानिन्छ। अनि प्रभु येशूलाई पक्राउनको निम्ति यही प्रेमको चिन्हको सबैभन्दा तुच्छ प्रयोग गरियो, र चुम्बनको अर्थ भ्रष्ट पारियो।

प्रभु येशूको नजिक आइरहेको बेलामा यहूदाले भन्योः 'गुरुज्यू, सलाम!' त्यसपछि त्यसले उहाँलाई चुम्बन गर्‍यो। मत्ती २६:४८-४९ पदहरूमा चुम्बन गर्न ग्रीक भाषामा दुईवटा भिन्न शब्दहरू प्रयोग गरिएका छन्। मत्ती २६:४८ पदमा प्रयोग गरिएको शब्दको सठीक अर्थ चुम्बन गर्नु नै हो। तर मत्ती २७:४९ पदमा प्रयोग गरिएको शब्दको अर्थ घरिघरि चुम्बन गर्नु वा प्रेमसाथ चुम्बन गर्नु हो।

**हितोपदेश २७:७:** जुन मानिसले पेटभर खाएको छ, त्यस मानिसमा स्वादिष्ठ खानेकुरा, अँ, सबैभन्दा मीठो खानेकुराको निम्ति कुनै चासो र रुचि नै छैन। तर भोक लागेको मानिस अति साधारण खानेकुराको निम्ति आभारी हुन्छ। अनि यही कुरा भौतिक धनसम्पत्तिको विषयमा र आत्मिक धन र सौभाग्यहरूको विषयमा पनि सत्य ठहरिएको छ।

**हितोपदेश २७:८:** आफ्नो घर छोड़ेर हिँड्ने मानिसले यसरी आफू सन्तुष्ट नभएको, तर चञ्चल भएको देखाउँछ। त्यसलाई घुमफिर गर्ने रोग लागेको छ। त्यो त आफ्नो गुँड़ छोड़ेर हिँड्ने चराजस्तो छ; त्यो आफ्ना जिम्मेवारीहरूदेखि भाग्छ। त्यसले कुनै ठोस कुरा गर्दैन; त्यसले कुनै खास काम, कुनै सारगर्भित काम गर्दैन।

**हितोपदेश २७:९:** यहाँ तुलनामा साथी-बाट पाइएको हार्दिक सरसल्लाहचाहिँ सुगन्धित तेल र सुगन्धित अत्तरबाट आउने आनन्दसित बराबर भएको छ। मित्रको सङ्गतिबाट न्यानो स्नेह पाइन्छ; यो साँचो हो।

**हितोपदेश २७:१०:** तर मित्रता विकसित गर्नुपर्छ, पालनपोषण गर्नु र कायम राख्नुपर्छ। पुराना साथीहरू प्रायः सबैभन्दा असल साथी हुन्छन्। यसकारण आउनुहोस्, हामी आफ्ना साथीहरूको सम्पर्कमा रहौं, र परिवारका इष्टमित्रहरूसित माया नमारौं!

*'... र आफ्नो विपत्तिको दिनमा आफ्ना दाजुभाइको घरमा नजाऊ!'* यस पदको सन्दर्भअनुसार त्यस भाइ, त्यस दाजुसित हाम्रो सम्बन्ध टुटेको हुनुपर्ला, कि त त्यो भाइ, त्यो दाजु हामीबाट निक्कै टाढ़ा बसेको हुनुपर्ला। अनि जब हामीमाथि कुनै विपत्ति, कुनै समस्या आउँछ, तब हामीबाट टाढ़ा

बसेको आफ्नो नातेदार वा आफन्तबाट हामी कुनै सहायता पाउन सक्दैनौं; बरु नजिकको विश्वासी छिमेकीबाट हामी सहानुभूति र मद्दत पाउन सक्छौं।

**हितोपदेश २७ः११ः** छोराको व्यवहारले त्यसको बुबाको शिक्षाको विषयमा हामीलाई सोच्न लगाउँछ। अनि शिष्यले आफ्नो गुरुको आदर वा शर्म गर्छ अथवा तिनलाई आनन्द वा दुःख दिन्छ। बेक्ली-बाइबलको बढ़िया टिप्पणीमा यसो लेखिएको छः 'गुरुको एकमात्र प्रतिरक्षा र सिफारिस-पत्र तिनका विद्यार्थीहरूको सफलता हो।'

**हितोपदेश २७ः१२ः** नूह एक समझदार मानिस थिए; यसकारण तिनी र तिनको परिवार आउन लागेको विपत्तिबाट लुके। तर बाँकी मानिसहरू निष्फिक्री रहन्थे, आफ्नो चालमा अघि बढ़े, र दुःख पाए। (हितोपदेश २२ः३ पदको टिप्पणीमा हेर्नुहोस्!)

**हितोपदेश २७ः१३ः** *'परदेशीको निम्ति जमानी बस्नेबाट त्यसको वस्त्र लिइराख!'* यो वाक्य आधुनिक शैलीमा राख्दा यसो हुनेथियो होलाः 'नचिनेको मानिसको निम्ति जमानी बस्नेले यसको निम्ति आफ्नो शरीरको अन्तिम दौरासम्म दिनैपर्छ।'

*'... र परस्त्रीको निम्ति जमानी बस्नेबाट धरौटी लिइराख!'* अर्को शब्दमा भन्नु हो भने, ऋण लिने व्यक्तिले ऋण फर्काउन सक्दैन भने, बन्धकको रूपमा राखिएको धरौटी यसको निम्ति तिर्न सक्नुपर्छ। यसकारण यस प्रकारको धरौटी लिन जरुरी हो, झन् नचिनेको व्यक्तिको निम्ति जमानी बस्नेबाट यसो लिनु अति आवश्यक छ, नत्र हामी फस्छौं। (हितोपदेश २०ः१६ पद हेर्नु-होस्!)।

**हितोपदेश २७ः१४ः** एकाबिहान कसले ठूलो सोरले चढ़ाइएको चिप्लो घसेको अभिवादन सुन्न चाहन्छ? यस प्रकारको शुभकामनाले निद्रा भङ्ग मात्र गर्दैन, तर हामीमा रिस पो उठाउँछ, होइन र?

**हितोपदेश २७ः१५-१६ः** एकातिर पानी परेको दिनमा चुहिरहेको छतबाट पानीका थोपाहरू तपतप तप्किन्छन्, र अर्कातिर खिचखिच गरिरहेको झगड़ालु पत्नी छे। यी दुईवटा कुरा एउटै कुरामा समान छन्ः दुवै कुराहरू मानिसलाई क्रुद्ध तुल्याउन सक्षम हुन्छन्।

'जसले त्यसलाई रोक्न खोज्छ, उसले हावा रोकिराख्न खोजेको र आफ्नो हातले तेल समात्न खोजेको हो।' झगड़ालु पत्नीलाई जवाफमा जेजस्तो भने पनि त्यो उम्कन्छे, त्यसले कुरा टार्छे, बहाना गर्छे र आफ्नो दोष अरूमाथि सार्छे, अनि खिचखिच गर्दै अघि बढ़्छे।

**हितोपदेश २७ः१७ः** अघिको समयमा प्रायः यसो देखिन्थ्योः भोजको मालिकले टेबलको सामु मासु भाग-भाग गर्ने छुरीको धार एकदम लाग्ने तुल्याउन एउटा इस्पाते डन्डीरूपी हतियारमा रेटे। यसरी फलामले फलामलाई धारिलो पार्थ्यो र पार्छ। ठीक त्यसरी नै मानिस-मानिसको बीचमा विचार-विमर्श साटासाट गरे यस कुराले तिनीहरूको सोचाइ तिख्याउँछ। यसकारण एक-अर्कोसँग आफ्नो विचार र राय बाँड़चुँड़ गरौं! यस कामले हाम्रो सङ्कीर्ण विचारको चौड़ाइ बढ़ाउन, खुला र फुक्का हुनमा मद्दत गर्छ। अनि जसले प्रश्नहरू सोध्छ, उसले आफ्नो र अरूको अक्कल बढ़ाउँछ। साथी-साथीको बीचको आपसी बातचितले तिनीहरूको व्यक्तित्वमा सान लगाउँछ।

**हितोपदेश २७ः१८ः** जसले नेभाराको बोट स्याहार गर्छ, उसले त्यसको फल खान पाउँछ। यसकारण आफ्नो काममा तनमन लगाएर मेहनत गर्नुहोस्, तब तपाईंलाई खानेकुराको अभाव हुनेछैन, तपाईंको भण्डार टन्न हुनेछ।

अनि जसले आफ्ना मालिकको विश्वास-योग्य सेवा गर्छ, उसको आदर गरिनेछ भन्ने कुरा पनि बिलकुल सत्य हो। प्रभु येशूले भन्नुभयोः *'जसले मेरो सेवा गर्छ, उसैलाई मेरा पिताले आदर गर्नुहुनेछ'* (यूहन्ना १२ः२६)।

**हितोपदेश २७ः१९ः** तपाईंले ड्रामभरिको सफा पानीमा हेर्नुभयो भने, तपाईंले पानीमा आफ्नो अनुहारको प्रतिबिम्ब देख्नुहुन्छ। यसकारण अरू मानिसहरू अध्ययन गर्नुहोस्, र तपाईंले आफ्नो विषयमा प्रशस्त ज्ञान पाउनुहुन्छ। किनभने तिनीहरू र हामीमा उस्तै भावनाहरू छन्, तिनीहरू र हामी उस्तै परीक्षामा पर्छन्, तिनीहरू र हाम्रा उस्तै आकङ्क्षा र अभिप्रायहरू हुन्छन्, विचारहरू उस्तै, कमजोरीहरू उस्तै, क्षमताहरू उस्तै। यसकारण जुन मानिसले आफ्नो निम्ति प्रचार गर्छ, त्यस मानिसले अरू धेरैजनाको निम्ति उपयोगी प्रवचन दिन्छ। यसमा अचम्म मान्ने कुरा छैन।

**हितोपदेश २७ः२०ः** *'अधोलोक र विनाश कहिल्यै भरिँदैनन्।'* यस्तो दिन कहिल्यै आउँदैन, जब मृत्यु र चिहानमा कुनै ठाउँ रहँदैन। दिन प्रतिदिन मृत्युले आफ्ना शिकार-हरूलाई लगिँदैछ। त्यस्तै मानिसहरूका आँखाहरू पनि कहिल्यै तृप्त हुँदैनन्। संसारले विज्ञापन गरेका चीजबीजहरूको अन्त हुँदैन। यस विषयमा श्री अर्टर जी. गिशले निम्न उदाहरण पेश गरेका छन्ः

> 'रूसी लेखक श्री लेओ टोल्स्टोइले एउटा किसानको विषयमा यो कथा सुनाए, जुन किसानलाई अझ बढ़ी जग्गाजमिन किन्ने तीव्र लालचले सताइरहेको थियो। एकदिन उसले दक्षिण यूरालमा अवस्थित भएको बश्किर जातिको देशमा बड़ो सस्तो जमिन किन्न पाइन्छ भन्ने खबर सुन्यो। उसले आफ्नो सबै जग्गा-जमिन बेचेर लामो यात्रा गर्‍यो, र ऊ त्यस ठाउँमा आइपुग्यो। अनि नभन्दै उसले त्यहाँका रैथानेहरूसित जमिन किन्ने लेनदेन मिलायो। यस लेनदेनअनुसार एक हजार रूसी रुपियाँमा उसले एकै दिनमा जति जमिन परिक्रमा गर्न सके उसले पाउनेथियो। भोलिपल्ट उसले आफ्नो परिक्रण शुरु गर्‍यो। ऊ निक्कै टाढ़ा हिँड्यो र त्यहाँदेखि देब्रेतिर लाग्यो। उसले अझ असल, फलाइलो जमिन समावेश गर्न एउटा चक्कर लगाएर अर्को चक्कर पनि लगायो। अन्तमा अहो, दिन त धेरै बितिसकेको उसलाई थाहा लाग्यो। यसैले प्रारम्भ-बिन्दुमा फर्कन ऊ कुद्न थाल्यो; किनभने घाम अस्ताउनुभन्दा अघि ऊ त्यहाँ आइपुर्नुपर्थ्यो। ऊ हतार, झन् हतारसँग दगुर्‍यो, र घाम डुब्न लागेको बेलामा आरम्भस्थलमा आइपग्यो। त्यहाँ ऊ मूर्च्छा परेर मर्‍यो। मानिसहरूले एउटा सानो जग्गामा उसको दफन गरे। अन्तिम आएर उसलाई यति जमिनले पुगिगयो।' **41)**

> परमेश्वरलाई धन्यवाद होस्, हाम्रो हृदयका सबै चाहनाहरू ख्रीष्ट येशूमा तृप्त हुनेछन्ः
> हेर, सबै आशिषहरूको मुहान, मधु प्रेमको गहिरो इनार ख्रीष्ट येशू हुनुहुन्छ।
> यस पृथ्वीमा मैले यस मुहानबाट आशिषका धाराहरू चाखें,
> अनि स्वर्गमा पुगेर म झन् बढ़ता गरी यस मुहानबाट पिउनेछु।
> स्वर्गमा आशिषको भरपूरी छ, प्रेमको सागर छ, र उहाँको कृपाको टुङ्गा कहिल्यै हुनेछैन नै। इम्मानुएलको देशमा महिमा, हो, केवल महिमाले वास गर्नेछ।
>
> श्रीमती एन्न रोस कुसन

**हितोपदेश २७ः२१ः** घरियाचाहिँ चाँदी खार्ने भाँड़ा हो भने, सुनको जाँच भट्टीले गर्छ। अनि मानिसको जाँचचाहिँ केले गर्छ? उसको प्रशंसाचाहिँ उसको जाँच गर्ने कसी रहेछ। उसलाई गरिएको प्रशंसाले उसमा कस्तो-कस्तो प्रतिक्रिया पैदा गर्छ? के ऊ घमण्डले फुल्छ? तब प्रशंसाले उसलाई बिगारेको छ। अथवा के उसले यो प्रशंसा शान्ति र

विनम्रसाथ ग्रहण गर्न सक्छ? उसको जाँच गर्ने कसी यसैमा छ।

यस भनाइको अर्थ यो पनि हुन सक्छः जुन कुराहरू मानिसले प्रशंसा गर्छ, यी कुराहरूद्वारा उसको जाँच हुन्छ (ए.एस.वी.को अनुवादको अर्थमा)। मानिसको चरित्रचाहिँ उसको मापदण्ड अर्थात् उसको मूल्याङ्कनमा प्रतिबिम्बित हुन्छ।

अथवा श्री अल्बर्ट बार्नसको सुझाउ यस प्रकारको छः 'मानिस आफ्नो प्रशंसाअनुसार भएको होस्! अर्थात् उसको पशंसाबाट चिप्लो घस्ने कुरा र नीच, छुद्र हुने हरेक कुरा हटेर जाओस्, यो धातुको मैला हो, जुन मैला मानिसको प्रशंसामा कति सजिलोसँग मिसिएको हुन्छ।'

**हितोपदेश २७ः२२ः** ओखली र मुस्ली तपाईंले देख्नुभएको छ होला, नत्र यस्ता सामग्रीहरू प्रायः औषधीको पसलमा देखिन्छ। ओखलीचाहिँ कचौरारूपी भाँडो हो भने, मुस्लीचाहिँ ओखलीमा कुट्ने हतियार हो, जसको डल्लो परेको टुप्पो छ। कुनै चीज धूलोपीठो बनाउन ओखली र मुस्ली चाहिन्छ।

तब बुझ्नुहोस्ः मूर्ख मानिसलाई गहुँ वा चामलसित ओखलीमा हालेर कुट्न पाए पनि त्यसबाट त्यसको मूर्खता हट्नेछैन। गहुँ कुटेर त्यसबाट भुस हट्छ, तर मूर्ख मानिसको मूर्खता त्यससित यति साह्रै टाँसिबस्छ, कि त्यो छुट्ट्याउनै सकिँदैन। यो पाप त त्यससित पूरा एक भएछ, त्यसकै भाग र गुण पो भएछ।

**हितोपदेश २७ः२३-२७ः** यस खण्डमा कृषि-जीवनबाट हुने फाइदाहरूको बढ़ाइ गरिएको छ; तर किसानले तनमन लगाएर मेहनत गर्नुपर्छ भन्ने कुरामा जोड़ दिइएको छ; महत्त्व यसैमा छ।

भेड़ाबाख्राका बगालहरू र गाईवस्तुका बथानहरू चढ़ाउँदा मानिसले नथाकीकन निरन्तर ध्यान, देखरेख र चिन्ता गर्नुपर्छ। भेड़ाबाख्रारूपी धन नित्य परिश्रमको फल हुँदो रहेछ, जुन परिश्रमचाहिँ मानिसले सधैं कायम राख्नैपर्छ। अनि स्थानीय मण्डलीमा गरिने पास्टरीय सेवकाइ र गोठालाको काम पनि यस्तै हुन्छ।

*'किनकि धनसम्पत्ति सधैंभरि रहँदैन।'* सम्पत्ति अस्थायी कुरा हो, अनि राजमुकुटसित कुरा पनि यस्तै हुन्छ। जसले आफ्नो जिम्मेवारी, आफ्नो कार्यभारमाथि निरन्तर ध्यान दिन्छ, उसैले मात्र आफ्नो धन वा आफ्नो मानको स्थान कायम राख्न सक्छ।

खेतबारीहरूमा अन्नबालीहरू हृष्टपुष्ट भएका देखेर र डाँड़ाहरूबाट प्रशस्त घाँसको फसल काटेर भित्र्याउन पाएर कृषकले ठूलो सन्तुष्टि पाउँछ। भेड़ाका पाठाहरूको ऊनबाट लुगा बुनिन्छ भने, बोकाहरू बेचेर जग्गाजमिन किन्ने पैसा मिल्छ। तब उसको परिवार र उसका दासदासीहरूको निम्ति खानेकुराहरू पशस्त हुन्छन्।

**हितोपदेश २८ः१ः** जब मानिस दोषी छ र उसको विवेक अशुद्ध छ, तब सानो कुराले उसलाई विचलित तुल्याउन सक्दो रहेछ। तर जसको विवेक शुद्ध हुन्छ, ऊ 'कतै पलिसले मलाई पक्रन्छ' भनेर डराउनुपर्दैन। किनकि *'धर्मी जनहरू सिंहझैं निडर हुन्छन्।'*

**हितोपदेश २८ः२ः** कुनै देशमा हिंसा र अपराध चारैतिर बढ़ेका छन् भने, त्यसको सरकार घरिघरि फेरिन्छ। तर देशको शासक इमानदार र समझदार मानिस हुन् भने, देशको अवस्था स्थिर हुन्छ र स्थिर रहन्छ।

इस्राएल देशको उत्तरीय भागको राज्यमा दुई सय वर्षभित्र उन्नाइसजना राजाहरू थिए अर्थात् दस-दस वर्षमा औसत सत्ता फेरिन्थ्यो।

**हितोपदेश २८ः३ः** जुन गरिब मानिस पछि धनी भएको छ वा शासकको स्थानमा उठेको छ, त्यस भूतपूर्व गरिब मानिसले

प्रायः गरिबदुःखीहरूको थिचोमिचो गर्छ, ती मानिसहरूले भन्दा बढ़ी यसो गर्छ, जसको आय स्रोत र स्तर त्योभन्दा माथिको हुन्छ। त्यो त मुसलधार पानीको दर्कनजस्तो हो, जुन पानीको दर्कनले अन्नबालीहरू सोतर पार्छ र फसलको सर्वनाश गर्छ। यो मौलाउने झरी कदापि होइन।

**हितोपदेश २८ः४ः** परमेश्वरको व्यवस्थादेखि आफ्नो पिठ्यूँ फर्काउने र सरकारी ऐनकानुनमा लात हान्नेहरूले दुष्ट मानिसहरूको प्रशंसा गर्छन्। योचाहिँ तिनीहरूले आफूलाई र आफ्नो कारवाही सत्य ठहऱ्याउन खोजेको तिनीहरूको मिथ्या प्रयास हो।

जतिले परमेश्वरको व्यवस्था पालन गर्छन्, उनीहरूले कुकर्मी र अपराधीहरूको सामना गर्छन् र धार्मिकताको पक्षमा बोल्छन्।

**हितोपदेश २८ः५ः** दुष्ट मानिसहरूले न्याय भनेको के हो, सो बुझ्दैनन्। जसले न्यायसँगत काम गर्दैन, त्यसैले न्याय भनेको के हो, सो बुझ्न छोड्छ।

तर जस-जसले परमेश्वरको इच्छाको खोजी गर्छन्, उनीहरूलाई नै सबै कुराहरू खुट्ट्याउने क्षमता दिइन्छ। भजन ११९ः१०० पद पढ्नुहोस् र नैतिकता र समझको बीचको नजिकको, घनिष्ठ सम्बन्ध रहेको कुरा बुझ्नुहोस्!

**हितोपदेश २८ः६ः** टेढ़ामेढ़ा चाल चल्ने धनी मानिसभन्दा इमानदार, निर्दोष र शुद्ध जीवन कायम राख्ने गरिब मानिस उत्तम हो। टेढ़ा चाल चल्नेले एकपट्टि असल जीवन जिउने बहाना गर्छ, तर अर्कोपट्टि त्यसले सधैं छलकपटको व्यवहार गर्छ र विश्वास भङ्ग गर्छ।

**हितोपदेश २८ः७ः** समझदार छोराले व्यवस्था पालन गर्दै यसमा लागिपर्छ। अनि जुन छोराले घिचुवा र मतवालाहरूसँग कुसङ्गत गर्छ, त्यस छोराले आफ्ना बुबालाई शर्ममा पार्छ।

**हितोपदेश २८ः८ः** मोशाको व्यवस्था-अन्तर्गत कुनै यहूदी मानिसले अर्को यहूदीबाट ब्याज लिनुहुँदैनथियो। उसले केवल गैर-यहूदी मानिसहरूबाट ब्याज लिन पाउँथ्यो (व्यवस्था २३ः१९-२०)। अनि आजभोलि ब्याज र सुदखोरको बीचमा छुट्ट्याइन्छ।

जुन मानिसहरू सुदखोरी गरेर वा अन्य नीच कमाइले धनी भएका छन्, ती मानिसहरूले आफ्नो सम्पत्ति गुमाउनेछन्। तिनीहरूको धनसम्पत्ति तिनीहरूबाट लगिनेछ र यस्तो मानिसलाई दिइनेछ, जसले यो धनको सदुपयोग गर्न जान्दछ र गरिबदुःखीहरूको कल्याण-सेवा गर्छ।

**हितोपदेश २८ः९ः** जुन मानिसले परमेश्वरको व्यवस्था सुन्न र पालन गर्न छोड्छ, त्यस मानिसको प्रार्थना परमेश्वर सुन्नुहुन्न। त्यस मानिसको प्रार्थना परमेश्वरको दृष्टिमा घृणित ठहरिन्छ।

> ‘जीवित परमेश्वरलाई मुखले मात्र प्रार्थना गरेर ओठको सेवा गर्नु र ढुङ्गाका मूर्तिहरूलाई ढोगेर तिनीहरूको पूजा गर्नु एउटै कुरा हो।’
>
> श्री जोह्न बर्टन

**हितोपदेश २८ः१०ः** सीधा चाल चल्नेलाई पापमा भड्काउने-फसाउने मानिस जोसुकै होस्, त्यो मानिस दण्डरूपी खाड़लमा पर्छ-पर्छ। प्रभु येशूले चेताउनी दिएर भन्नुभयोः *‘जसले ममाथि विश्वास गर्ने यी सानाहरूमध्ये एउटालाई ठेस खुवाउँछ, त्यसको घिच्रोमा एउटा जाँतो झुन्ड्याएर त्योचाहिँ समुद्रको गहिराइमा डुबाइएको भए त्यसको निम्ति बढ़िया हुनेथियो’* (मत्ती १८ः६)।

तर असल थोकहरू निर्दोष हुनेहरूको अधिकारको भाग हुनेछन्। निर्दोष हुनेहरू भन्नाले तिनीहरूलाई बुझ्नुपर्छ, जसले

अरूलाई पापको मार्गमा होइन, तर पवित्रताको मार्गमा हिँड्ने प्रोत्साहन दिन्छन्। निर्दोष हुनेहरू ती हुन्, जसले पापका प्रलोभनहरूमा फस्न अस्वीकार गर्छन्।

**हितोपदेश २८:११:** जुन धनी मानिसले आफ्नो धनसम्पत्तिको विषयमा गर्व गर्छ, त्यस मानिसले आफूलाई बाठै सम्झन्छ। त्यसले धन कमाउने आफ्नो कुशाग्र बुद्धिको विषयमा घमण्ड गर्छ; त्यो स्वदम्भी हुन्छ। तर त्यसले धनसम्पत्ति र बुद्धिको बीचमा ठूलो गड़बड़ी गरेको छ।

समझदार गरिब मानिसले त्यसको स्वाभिमान देख्न सक्छ। श्री चार्लस ल्यामले एक समयमा यस प्रकारको स्वाङ गर्ने दम्भी मानिसहरूमध्ये एकजनाको परिचय लिएर तिनलाई सोधेछन्: 'हजुरले मलाई माफ गर्नुहोला ! तर मैले हजुरलाई चिन्न सकिनँ।'

**हितोपदेश २८:१२:** जब धर्मी मानिसहरूले राजसत्ता चलाउन पाउँछन्, तब ठूलो रमाहट हुन्छ। तर जब दुष्ट मानिसहरू उठ्छन्, तब डरले मानिसहरू लुक्नुपर्छ।

**हितोपदेश २८:१३:** *'जसले आफ्ना पापहरू ढाकछोप गर्छ, त्यो सफल हुँदैन, तर जसले आफ्ना पापहरू मानिलिन्छ र छोड़िदिन्छ, उसले कृपा पाउनेछ।'* पवित्र बाइबलमा दुई प्रकारको पाप-क्षमाको विषयमा कुरा गरिएको छ: न्यायिक पाप-क्षमा र पारिवारिक पाप-क्षमा। जुन बेलामा हामीले प्रभु येशू ख्रीष्टमाथि विश्वास गरेर उहाँलाई प्रभु र मुक्तिदाताको रूपमा ग्रहण गर्छौं, त्यस बेलामा हामी पापहरूको क्षमा पाएर पापहरूको दण्डबाट मुक्त हुन्छ। अनि जब हामी ख्रीष्ट-विश्वासी भएको अवस्थामा आफ्ना पापहरू स्वीकार गर्छौं, तब हामी पारिवारिक पाप-क्षमा पाउँछौं (१ यूहन्ना १:९)। यस प्रकारको पाप-क्षमा पाएको हुनाले परमेश्वर पितासँग हाम्रो सङ्गति भइरहन्छ।

आफ्ना पापहरूको ढाकछोप गर्ने मानिसले कहाँ आशिष पाउँछ र?! किनभने त्यस मानिसले आफ्ना पापहरू ज्योतिमा ल्याउन र परमेश्वरको सामु मानिलिन चाहँदैन; त्यसले जसको गल्ती गरेको छ, उसको सामु आफ्नो गल्ती मानिलिँदैन। तर धन्य त्यो मानिस, जसले आफ्ना पापहरू मानिलिन्छ र छोड़िदिन्छ! परमेश्वरले उसका पापहरू क्षमा गर्नुको साथसाथै उसका ती पापहरू बिर्सनुहुन्छ (हिब्रू १०:१७)। यो कुरा सुनिश्चित छ।

**हितोपदेश २८:१४:** प्रभुसित कोमल हृदय कायम राख्ने मानिस सुखी हुन्छ। उसको सुखको निम्ति यो सद्गुण अनिवार्य हो। पश्चात्ताप गर्न नचाहेर जसको हृदय कठोर हुँदै जान्छ, त्यो मानिस समस्यामा पर्छ। परमेश्वर घमण्डी र निर्लज्ज हुनेहरूको सामना गर्न जान्नुहुन्छ; तर उहाँ चूर्ण र पश्चात्तापी हृदयको सामना गर्न सक्नुहुन्न।

**हितोपदेश २८:१५:** गर्जने सिंह र जाइलाग्ने भालु – गरिब, कमजोर र सहाराहीन मानिसहरूमाथि कठोर शासन जमाउने तानाशाहको निम्ति उपयोगी शब्दहरू हुन्; किनभने तिनको व्यवहार जङ्गली जन्तुको जत्तिकै असभ्य हुन्छ। तिनी साँच्चिकै गर्जने सिंह र जाइलाग्ने भालुजस्तै हुन्।

**हितोपदेश २८:१६:** ती समझ नभएको शासक को होलान्? तिनी यी शासक हुन्, जसले जति मूल्य चुकाउनुपरे पनि, जुनै हालतमा पनि धनी हुन चाहन्छन्। यसकारण तिनले अत्याचारको सहारा लिन्छन्। अरूलाई थिचेर होस्, मिचेर होस्, वा शोषण गरेर होस्, तिनी धनी बन्नैपर्छ। तर जुन शासकले लोभ-लालच र शोषणलाई घृणा गर्छ, र जनताको निस्वार्थी सेवा गर्छन्, ती शासकले आफ्नो आयु र शासनकाल बढ़ाइदिन्छन्।

**हितोपदेश २८ः१७ः** रगतको दोष लागेको मानिस भागेर खाड़लमा पर्छ। कसैले पनि त्यसलाई सहायता नगरोस्! जानीबुझी हत्या गरेको मानिस डुलन्ते-फिरन्ते हुनुपर्छ, जो निरन्तर आफ्नो विनाशतिर अघि बढ़िरहेको छ। कसैले पनि बाटो छेकेर ईश्वरीय न्यायलाई बाधा दिनुहुँदैन। किनभने परमेश्वरले यसो भन्नुभएको छः *'हरेक जसले मानिसको रगत बगाउँछ, त्यसको रगत मानिसद्वारा नै बहाइनेछ'* (उत्पत्ति ९ः६)।

**हितोपदेश २८ः१८ः** *'जसको चाल सीधा छ, ऊ बचाइनेछ।'* यस पदको सन्दर्भ अनन्त विनाशबाट बाँच्नु होइन, तर यस जीवनमा हानि-नोक्सानीबाट बाँच्नु हो। किनभने कुनै पनि मानिसले आफ्नो सीधा चालद्वारा आफूलाई बचाउन सक्दैन र अनन्त मुक्ति प्राप्त गर्दैन। किनभने प्रभु येशू ख्रीष्टमाथि विश्वास गरेर मुक्ति पाइन्छ। तर यो पनि भनौंः मुक्ति पाएको मानिसले सीधा चाल देखाएर छोड्छ। रपनि जसको चाल निर्दोष छ, ऊ बचाइनेछ। यस जीवनमा थुप्रै फन्दा र पासोहरू छन्, जसबाट हामी बाँच्नुपरेको छ।

तर जुन मानिस एउटा कुटिलता र धूर्ततादेखि अर्को कुटिलता र धूर्ततामा अघि बढ्छ, त्यो मानिस एकै प्रहारले गिर्छ, लड्छ, डुब्छ, र नाश हुन्छ।

**हितोपदेश २८ः१९ः** यहाँ, यस पदमा प्रशस्त खानेकुरा र प्रशस्त गरिबी आपसमा तुलना गरिएको छ। मेहनत गर्ने किसानसँग प्रशस्त खानेकुरा हुन्छ भने, निकम्मा, व्यर्थका कुराहरूको पछि लाग्ने मानिसको अभाव प्रशस्त हुनेछ।

**हितोपदेश २८ः२०ः** त्यो विश्वासयोग्य मानिस को होला? ऊ त्यो इमानदार मानिस हो, जो ठूलो धनको चाह गर्दैन; ऊचाहिँ आशिषले भरपूर हुनेछ। तर जुन मानिसले अनैतिक तरिकाहरू अपनाएर थोरै समयभित्र धनी हुन खोज्छ, त्यसलाई दण्ड नदिई त्यो छोड़िनेछैन।

**हितोपदेश २८ः२१ः** न्यायकर्ताको निम्ति पक्षपात गर्न घिनलाग्दो अन्याय हो। तर के गर्ने? एक रोटीको टुक्राको निम्ति प्रायः मानिस अपराध गर्न तयार हुन्छ। रोटीको एक टुक्रा भन्नाले त्यो सबैभन्दा क्षुद्र, तुच्छ कुरा बुझिन्छ, जसको निम्ति मानिस अपराध गर्छ।

**हितोपदेश २८ः२२ः** छुचो, कन्जुस मक्खीचुस दौड़ेर धनको पछि लाग्छ। तर 'चाँड़ै गरिबीले मलाई छोप्छ' भन्ने कुरा त्यसलाई के थाहा?

**हितोपदेश २८ः२३ः** साथीले हामीलाई प्रेमको साथ हप्काउँछ भने पनि हामीलाई यो कुरा ग्रहण गर्न गाह्रो छ; किनभने हाम्रो घमण्डलाई चोट लागेको छ। तर पछिबाट हामीले साथीको अभिप्राय बुझ्छौं; किनभने उसले हाम्रो ठूलो वास्ता गरेको हुनुपर्छ, नत्र ता उसले हामीलाई हाम्रा गल्तीहरू देखाउँदैन। तब हामी यस साथीप्रति आभारी हुन्छौं।

चिप्लो घसेको कुरा हामीलाई मीठो लाग्छ; तर अन्तमा त्यसको झूटको भन्डाफोर हुनेछ। अरे, यस चिप्लो घस्ने मानिसले त हामीबाट केवल आफ्नो फाइदा उठाउन खोजेको रहेछ। अनि हुन सक्छ, त्यसले सबैसँग यस प्रकारको चापलुसीको व्यवहार देखाउँछ, कि कसो हो?

**हितोपदेश २८ः२४ः** जुन छोराले आफ्ना बुबाआमालाई लुट्छ, त्यस छोराले निम्न बहाना गरेर यसो गर्लाः **क)** 'यो त मेरो अंशमा पर्ने भाग हो' भन्छ, कि त **ख)** 'मैले यो थोक प्रभुलाई अर्पण गरेको हुँ' भन्छ (मर्कूस ७ः११)। तर परमेश्वरलाई ठग्न सकिँदैन। त्यस छोराको स्तर त डाकू र हत्याराको श्रेणीको पो छ।

**हितोपदेश २८ः२५ः** झगड़ा मच्चाउन हामी घमण्डी हुनुपर्छ, धनको लोभी हुनुपर्छ; किनभने त्यसले धनी हुने, उच्च ओहदामा

पुग्ने र प्रमुख हुन खोज्ने आफ्नो व्यर्थ प्रयासमा धक्का दिएर होस्, वा ठेलेर होस्, अरू सबैलाई पन्साउँछ (याकूब ४:१)। तर परमेश्वरको डर राख्ने मानिस शान्ति र सन्तुष्टि पाउनुमा सफल हुन्छ।

**हितोपदेश २८:२६:** जसले आफ्नो जीवनको यात्रामा आफ्नो बुद्धिमाथि भरोसा गर्छ, त्यो एउटा मूर्ख मानिस हो। के हाम्रो दिमाग हाम्रो जीवनको चालक हुनु उचित छ? यो त आफ्नो डुङ्गाभित्र लङ्गर अड्याउन खोजेको जत्तिकै हो। यसो गर्ने मानिसको जीवन निरन्तर लक्ष्यहीन पाराले बहन्छ-बहन्छ। तर जुन मानिसले प्रभुबाट मार्गदर्शन र अगुवाइ पाउन खोज्छ, त्यस मानिसको व्यवहार बुद्धिमान् हो (यर्मिया ९:२३-२४)।

**हितोपदेश २८:२७:** परमेश्वरले तिनी-हरूलाई प्रतिफल दिनुहुन्छ, जसले गरिब-दुःखीहरूको कल्याण र भलाइ गर्छन्। अनि जुन मानिसले खाँचो परेकोबाट आफ्ना आँखाहरू बन्द गर्छ, त्यस मानिसका शोक-चिन्ताहरू धेरै हुनेछन्।

**हितोपदेश २८:२८:** जब दुष्ट मानिस-हरूले शासन गर्छन्, तब जनता डराउनुपर्छ र लुक्नुपर्छ। तर दुष्ट शासकहरूको सत्ता पल्टिन्छ, तब धर्मी जनहरूको वृद्धि हुनेछ।

**हितोपदेश २९:१:** पापमा लगिपर्ने मानिस अचानक नष्ट हुनेछ; किनकि त्यसले घरिघरि हप्की खाएको थियो। तर त्यसको निम्ति एकदिन सुध्रिनेछ भन्ने आशा छैन। जलप्रलय-भन्दा अघिको समयमा नूहको प्रचार सुन्ने मानिसहरूले सुन्न इन्कार गरे। अचानक जलप्रलय आयो, र तिनीहरू सबै नाश भए।

मेरा चिनारुहरूमध्ये एकजना थिए, जसले सुसमाचारको सन्देश घरिघरि इन्कार गरेका थिए। एकदिन तिनको जम्काभेट एकजना ख्रीष्ट-विश्वासी दिदीसँग भयो, जसले तिनको निम्ति लगातार प्रार्थना गरिरहेकी थिइन्। यिनले तिनलाई सोधिन्: 'तपाईं कस्तो लाग्छ? के आज तपाईंको निम्ति प्रभु येशूकहाँ फर्कने समय आएको लाग्दैन?' तब तिनले ठाड़ो उत्तर दिए: 'तेरो प्रभुले मेरो निम्ति के गर्न सक्थ्यो र?' त्यस हप्ताको अन्तमा रहस्यमय दुर्घटनामा तिनको मृत्यु भयो। दुर्घटनाहरू घटिरहन्छन्, तर तिनी परेको दुर्घटना यति अनौठो थियो, यस प्रकारका दुर्घटना विरलै घट्छन्, तर तिनको जीवनमा घटिहाल्यो।

**हितोपदेश २९:२:** देशका शासकहरूको चरित्रले जनताको नैतिकता असर पार्छ। जब अधिकारमा बस्ने धर्मी जनहरूको सङ्ख्या र प्रभाव बढ्छ, तब जनता रमाउँछन्। तर दुष्ट शासकले चारैतिर मानिसहरूको बीचमा विलाप उत्पन्न गर्छन्।

**हितोपदेश २९:३:** बुद्धिलाई प्रेम गर्ने छोराले आफ्ना बुबालाई आनन्द दिलाउँछ; किनकि ऊ पापदेखि अलग भएको समर्पित इसाई जीवन जिउँछ। तर व्यभिचार गर्ने छोराले आफ्ना बुबाको सम्पत्ति बड़बाड़ गर्छ। उड़न्ता पुत्रको सम्झना जारी रहोस्! त्यसले बेकाइदाको साथ विलासी जीवन जिएर आफ्ना बुबाको सम्पत्ति उड़ायो।

**हितोपदेश २९:४:** न्यायद्वारा राजाले आफ्नो देशको अवस्था बलियो तुल्याउँछन्। तर जुन राजाले घूस खान्छन्, ती राजाले अन्याय र पक्षपात गर्छन्, अनि यसरी नै सरकारको स्थिरता कमजोर पार्छन्।

**हितोपदेश २९:५:** चिप्लो घस्नेले आफ्नो छिमेकीलाई खरतामा हाल्छ, किनकि त्यसले उसलाई सत्य भन्दैन र उसलाई हुने-नहुने कुराहरूको निम्ति सर्काउँछ। अनि यस कुराले हामीमा घमण्ड पैदा गर्ने काम गर्छ; अनि पतित हुनुभन्दा अघि घमण्ड आउँछ।

**हितोपदेश २९:६:** दुष्ट मानिस प्रायः जसो आफ्नै पापको पासोमा जेलिन्छ। तर धर्मी जनचाहिँ आनन्दित हुन्छ; किनभने ऊ

अपराधहरूका नराम्रा नतिजाहरूदेखि डराउनुपर्दैन। यसैले ऊ गाउँछ र आनन्दित हुन्छ।

**हितोपदेश २९:७:** धर्मी जनहरूहो, गरिबदुःखीहरूको दुःखकष्ट र मामिलामा चासो लिनुहोस्, तिनीहरूको कल्याण गर्न खोज्नुहोस्! किनभने दुष्ट मानिसहरूले तिनीहरूको वास्तै गर्दैनन्।

**हितोपदेश २९:८:** गिल्ला गर्ने मानिसहरूले एउटा सिङ्गै शहर उभाड्न सक्छन्। तिनीहरू हल्लाखल्लाद्वारा मानिसहरूको रिस र डाहा उठाउन, तिनीहरूको बीचमा गड़बड़ी मच्चाउन र फाटो ल्याउन सक्षम हुन्छन्। तर बुद्धिमान् मानिसहरूले शान्तिको पक्षमा काम गरेर अमेल, फूट र अशान्ति रोक्न खोज्छन्।

**हितोपदेश २९:९:** यस नीतिवचनका दुईवटा अर्थ हुन सक्छन्। यी दुईमा निम्न व्याख्या बढ़ी सम्भव भएको देखिन्छः बुद्धिमान् मानिसले मूर्ख मानिससँग तर्क गर्दा मूर्ख मानिस कि त रिसाउँछ, कि त हाँस्छ (एन.के.जे.वी., आर.एस.वी. र बेर्क्लीको अनुवादअनुसार)। त्यसलाई कहिल्यै मनाउन सकिँदैन; यसकारण त्यहाँ कहिल्यै शान्ति हुँदैन।

दोस्रो व्याख्या यस प्रकारको छः बुद्धिमान् मानिसले मूर्ख मानिससँग तर्क गर्दाखेरि चाहे उसले गम्भीरताको, चाहे हास्यको सहारा लिए ता पनि यो कुनै सीपै लाग्दैन, अँ, यसबाट कुनै सकारात्मक नतिजा देखिँदैन।

**हितोपदेश २९:१०:** यस पदको विषयमा पनि दुईवटा व्याख्या सम्भव छन्। ए.एस.वी.ले यस प्रकारले अनुवाद गर्‍योः 'खूनी मानिसहरूले निर्दोष मानिसलाई घृणा गर्छन् र सीधा चाल चल्नेको हत्या गर्न खोज्छन्।' यस अनुवादअनुसार दुवै हमलाहरू खूनी मानिसहरूका हमला हुन्।

तर के.जे.वी., एन.के.जे.वी., डार्बी र बेर्क्लीको अनुवादअनुसार निम्न प्रकारको अर्थ निस्कन्छः रक्तपात गर्नेहरूले निर्दोषीलाई घृणा गरेर उसको हत्या गर्न खोज्दा सीधा चाल चल्नेहरूले उसको प्राण बचाउन चाहन्छन्।

**हितोपदेश २९:११:** मूर्ख मानिसले प्याच्च आफ्नो सारा मनको कुरा बताउँछ; तर बुद्धिमान् मानिसले आफ्नो विचारमा लगाम लगाउँछ। यस विषयमा श्री जेय एडम्सले निम्न सल्लाह दिएका छन्ः

> 'रिसले चूर भएर बम्क्नु र आफ्नो मनमा जे आउँछ, त्यो प्याच्च, सोचविचार नगरीकन भनिहाल्ने वा तत्कालै गरिहाल्ने धारणा बिलकुल गलत हो। किनभने हामीले आफ्नो व्यवहारको निम्ति जिम्मेवारी लिनैपर्छ, यसका नतिजाहरू भोग्नैपर्छ। यसकारण रिसाएको बेलामा हामीले मनमनै एकदेखि दससम्म गन्न सक्नुपर्छ, आफ्नो आवेग थामिराख्न सक्नुपर्छ र शान्त हुने प्रयास गर्नुपर्छ। हामीले सम्बन्धित कुराको सम्पूर्ण कहानी सुन्नुपर्छ; नत्र हामीबाट अवश्य एउटा ठूलो गल्ती गरिनेछ।' **42)**

**हितोपदेश २९:१२:** *'शासकले झूटा कुराहरूमाथि ध्यान दिन्छन् भने उनका सबै कर्मचारीहरू दुष्ट हुन्छन्।'* यहाँ भन्न खोजेको कुरा यस प्रकारको छः जुन शासकले पुलपुल, चापलुसी र मनोहर कुराहरू मात्र सुन्न मन पराउँछन्, ती शासकले आफ्ना कर्मचारीहरूबाट त्यही कुरा सुन्न पाउँछन्; तिनीहरूले उनीसित झूट बोल्छन् र उनलाई चिप्लो घस्छन्।

**हितोपदेश २९:१३:** समाजमा गरिबदुःखी र अत्याचारी मानिसको बीचमा आकाश-पातालको भिन्नता छ होला, तर परमेश्वरको सामु सबै मानिसहरूको स्तर एउटै हो। परमप्रभु ती दुवैजनाका आँखाहरू ज्योति दिनुहुन्छ।

**हितोपदेश २९:१४:** परमेश्वरले शासकहरूलाई कुन दृष्टिकोणले हेर्नुहुन्छ, सो यस पदबटा थाहा लाग्छ। के शासकले गरिबहरूसित गरेको व्यवहार विचारशील र पक्षपातरहित हुन्छ? मुख्य कुरा यसैमा छ।

परमेश्वरको प्रतिज्ञाअनुसार राजाको यस प्रकारको विश्वासयोग्य व्यवहारले तिनको सिंहासन सर्वदा स्थिर पार्नेछ। तर हामी केवल यस प्रकारको सत्व्यवहार देखाउनुभएको एकजना राजालाई चिन्छौंः हाम्रा प्रभु येशू।

**हितोपदेश २९ः१५ः** *'छड़ी र हप्कीले बुद्धि दिन्छन्, तर छाड़ा छोड़िएको बालकले आफ्नी आमालाई शर्ममा पार्छ।'* यस पदले भनेको कुराले वर्तमान विशेषज्ञहरूको धारणा काट्छ र नकार्छ, जसको धारणा सबैलाई आ-आफ्नै इच्छाअनुसार गर्न दिने प्रजातन्त्र भनिन्छ। छड़ीचाहिँ शारीरिक ताड़ना दिने साधन हो भने, हप्कीचाहिँ मौखिक सुधार गर्ने उपाय हो। अनि पारिवारिक अनुशासनका यी दुई-वटा माध्यमद्वारा हाम्रा छोराछोरीहरूले बुद्धि प्राप्त गर्छन्। छड़ी र हप्कीले हाम्रा छोराछोरीहरूलाई विकास गर्न कहाँ बाधा दिन्छन् वा तिनीहरूको व्यक्तित्व कहाँ बढ्न दिँदैनन्!! होइन, होइन, यस विषयमा विशेषज्ञहरूको धारणा नै गलत, बिलकुल गलत हो।

**हितोपदेश २९ः१६ः** जब दुष्ट मानिस-हरूको सङ्ख्या र प्रभाव बढ्छ, तब अपराधहरू पनि बढ्छन्। तर धर्मी जनहरूले दुष्टहरूको पतन देख्न पाउनेछन्। यो एक आत्मिक नियम हो, जसमा अपवादहरू छँदैछन्, तर यी अपवादहरूले यो नियम कुनै हालतमा पनि खण्डन गर्दैनन्।

**हितोपदेश २९ः१७ः** ठीक प्रकारको अनुशासन पाएको छोराछोरीले आफ्ना बुबा-आमालाई आनन्द दिलाउँछ र विश्राम दिन्छ। यस्ता बुबाआमाहरूलाई चिन्ता छैन, तिनी-हरूलाई मनको पीर हुँदैन।

**हितोपदेश २९ः१८ः** *'जहाँ दर्शन छैन, त्यहाँ मानिसहरू छाड़ा हुन्छन्; तर जसले व्यवस्था पालन गर्छ, ऊ धन्यको हो।'* यहाँ दर्शनको अर्थ भविष्यवाणीरूपी ईश्वरीय प्रकाश बुझिन्छ, अनि भविष्यवाणीरूपी प्रकाश भन्नाले परमेश्वरको वचन बुझ्नुपर्छ (१ शमूएल ३ः१)। यहाँ, यस पदमा भन्न खोजेको मतलब यही होः जुन मानिसहरूले परमेश्वरको वचन जान्दैनन् र वास्ता गर्दैनन्, ती मानिसहरू छाड़ा हुन्छन्-हुन्छन्। तर जुन मानिसहरूले व्यवस्थारूपी परमेश्वरको वचन पालन गर्छन्, ती मानिसहरू धन्यका हुन्!

**हितोपदेश २९ः१९ः** धेरै नोकरचाकरहरू छन्, जो हठी हुन्छन्, र जसको व्यवहार शिष्ट हुँदैन। बेला-बेलामा तिनीहरूलाई मुखले मात्र आह्वाउन पुग्दैन। तिनीहरूले मालिकका आदेशहरू बुझेर पनि यी आदेशहरूअनुसार गर्दैनन्। तिनीहरू नबोली चुप रहन्छन्, केवल आफ्नो मुख बिगार्छन्, खिन्न देखा पर्छन्। तर प्रभु येशूले यसो भन्नुभयोः *'तिमीहरू मलाई किन "प्रभु, प्रभु" भन्छौ, र मैले भनेका कुराहरूचाहिँ पालन गर्दैनौ?'* (लूका ६ः४६)।

**हितोपदेश २९ः२०ः** हितोपदेशको पुस्तकमा प्रस्तुत गरिएका जेजति विषयहरू छन्, ती विषयहरूमा हाम्रो बोलीचाहिँ सबैभन्दा बढ़ी चर्चित भएको विषयवस्तु हो। यहाँ, यस पदमा हामी के सिक्छौं भने, जुन मानिसले सोचविचार नगरीकन बोल्छ, त्यो मानिस महामूर्ख रहेछ, जसको स्तर आफ्नो दृष्टिमा बुद्धिमान् भएको स्वाभिमानी मानिसको स्तरको बराबर राखिएको छ (हितोपदेश २६ः१२)।

**हितोपदेश २९ः२१ः** जसले आफ्नो नोकरलाई लाड़े प्यार गर्छ, उसले त्यसलाई बिगार्छ; किनभने नोकरले आफ्नो पद के हो, सो बिर्सन्छ र छोरातुल्य व्यवहार पाउने आशा गर्छ। यसकारण बुझ्नुहोस्ः कामको मालिक र कामदारको बीचमा असुहाउँदो घनिष्ठताले प्रायः अपमान पैदा गर्छ।

**हितोपदेश २९ः२२ः** हामी सबैजनाले कता-कतै रिसाहा र क्रोधी मानिसलाई भेटेका छौं। रिसाहाले किसिम-किसिमका समस्या-

हरू मच्चाउँछ भने क्रोधी मानिसले प्रशस्त पाप गर्छ।

**हितोपदेश २९:२३:** घमण्डी मानिस एकदिन अवश्य तल झारिनेछ; किनभने आदरको स्थानमा उचालिनको निम्ति हामी नम्र हुनुपर्छ।

'प्रोफेसर एस. बी. स्मिथ 'व्याइटहर्न' नामक चुचुरामा पुग्न लागेका थिए। त्यस बेलामा गाइडले तिनलाई अघि जान दिएर तिनलाई टाकुरामा पहिले पुग्ने सुअवसर दियो। सुन्दर दृश्यले मोहित भएका श्री स्मिथले टाकुरामा प्रचाण्ड आँधी चलेको परिस्थिति भुले। तिनी आनन्दले उफ्रेर नभन्दै टाकुरामा खड़ा भए। तर गाइडले तिनलाई तल तानेर भन्योः 'सर, घुँड़ा टेक्नुहोस्! किनकि यस ठाउँमा घुँड़ामा बस्ने मानिस मात्र सुरक्षित रहन्छ।' यसकारण बुझ्नुहोस्ः ज्ञान र शिक्षादीक्षाको उच्च टाकुरामा, प्रेम वा सफलताको उच्च टाकुरामा अथवा जीवनको जुनसुकै उच्च टाकुरामा हाम्रा निम्ति प्रशस्त खतरा र जोखिमहरू छन्।'

Choice Gleanings बाट उद्धृत गरिएको

हे परमेश्वरको थुमा, मलाई तपाईंको रक्ताम्मे छातीमा टाँसेर सुरक्षित राखिदिनुहोस्!
किनभने त्यहाँ मेरो निम्ति सुरक्षा र स्थायी शान्ति पाउने एकमात्र स्थान हो।
मेरो वरिपरि शत्रु र पासोहरू छँदैछन्; मेरो मनभित्र अभिलाषा र डरहरू छँदैछन्।
तब जुन ईश्वरीय अनुग्रहले मलाई खोजेर भेट्टायो, केवल तपाईंको त्यही अनुग्रहले मलाई शुद्ध राख्न सक्छ।

श्री जेम्स जी. डेक

**हितोपदेश २९:२४:** चोरलाई साथ दिने मानिसले आफूलाई हेला गर्छ। किन? किनभने न्यायकर्ताले त्यसलाई शपथ खान लाउँछन् र त्यसले 'म सत्य, केवल सत्य बोल्छु' भनेर भन्छ, तर त्यसले चोरले गरेको अपराध के थियो, सो प्रकट गर्दैन। यो कुरा साक्षी दिएको भनिँदैन, तर झूटो साक्षी भनिन्छ। अनि मोशाको व्यवस्थाअन्तर्गत न्यायकर्ताद्वारा शपथले बाँधिएको जुन मानिसले गवाही दिन मान्दैन भने, त्यो मानिस दोषी ठहरिन्थ्यो र यसको निम्ति सजाय भोग्नुपर्थ्यो (लेवी ५:१)। त्यस जमानाको कानुनअन्तर्गत न्यायकर्ताको सामु गवाही दिनु नपर्ने कुनै प्रबन्ध गरिएको थिएन।

**हितोपदेश २९:२५:** मानिसहरूको डर मानेको फलस्वरूप हामी खराब गर्ने दवाउमा परेको बेलामा वा उचित काम नगर्ने तनाउमा परेको बेलामा परिस्थितिसित हार्छौं। नरकमा धेरै मानिसहरू छन्, जो 'म ख्रीष्ट येशूमाथि विश्वास गरे साथीहरूले मलाई के भन्लान्' भनेर आफ्ना साथीहरू र तिनीहरूको प्रतिक्रियादेखि डराए।

परमप्रभुमाथि भरोसा गर्ने मानिस उसको जीवनमाथि जेजस्तो आइपरे पनि सुरक्षित रहन्छ। यस विषयमा श्री विलियम गुर्नलले यसो लेखेका छन्ः

'हामीमा परमेश्वरको डर नभएको हुनाले हामी मानिसहरूदेखि यति बढ़ी डराउँछौं।'

**हितोपदेश २९:२६:** धेरै मानिसहरू छन्, जसले आफ्ना सबै समस्याहरू हल हुनको निम्ति शासकको बाटो हेर्छन्, जब हरेक मानिसको न्याय परमप्रभु परमेश्वरबाट आउँछ।

**हितोपदेश २९:२७:** अन्याय गर्ने मानिस र धर्मी जनको बीचमा कुनै खास सम्बन्ध छैन। किनकि धर्मी जनले भक्तिहीन मानिसलाई घृणा गर्छ र दुष्ट मानिसले सीधा चाल चल्ने इमानदार मानिसलाई घृणा गर्छ। जसरी एउटा सीधा लट्ठीले बाङ्गो डन्डी टेढ़ा भएको प्रकट गर्छ, त्यसरी नै शुद्ध, निर्दोष जीवनले दुष्टको जीवन भन्डाफोर गर्छ।

यहाँ राजा सुलेमानका नीतिवचनहरूको अन्त भएको छ।

# खण्ड ६

# हितोपदेश ३०ः

## याकेका छोरा आगूरका वचनहरू

**हितोपदेश ३०ः१ः** आगूर को थिए, सो कुरा हामी यस अध्यायमा थाह पाउँछौं। तिनी याकेको छोरा थिए। जुन शब्द भविष्यवाणी अनुवाद गरिएको छ, त्यसको अर्थ 'बोझ' हो, र 'मस्सा' भन्ने नामको रूपमा पनि अनुवाद गर्न सकिन्छ। यस शब्दको माने 'मस्सा' हो भने, आगूरचाहिँ इश्माएलको वंशको भएको अर्थ सम्भव देखिन्छ (उत्पत्ति २५ः१४)।

यस पदको दोस्रो खण्डको अनुवाद ए.एस.वी.को पार्श्वको टिप्पणीअनुसार यस प्रकारको भएको छः 'यी मानिसले मानिलिएर भनेः 'मैले आफूलाई थकाएँ, हे परमेश्वर! मैले आफूलाई थकाएँ, हे परमेश्वर, र म क्लान्त भएँ।' यो प्रसङ्गमाथि निर्भर गरेको कुरा हो; किनभने हितोपदेश ३०ः२ पदसित जोड्दा उक्त वाक्यबाट के माने निस्कन्छ भने, सीमित मानिसले असीमित परमेश्वरलाई बुझ्नमा आफूलाई थकाए। किनभने यो तिनको व्यर्थ प्रयास ठहरियो।

**हितोपदेश ३०ः२ः** यस पदमा ती आगूरले मानिलिएका छन्ः तिनमा समझ प्राप्त गर्ने क्षमता छँदैथिएन। तिनको नम्रता प्रशंसनीय छ; किनभने परमेश्वरका काम र चालहरूको विषयमा ज्ञान पाउन चाहने मानिसको मनसाय र मनोभावना यस्तै हुनुपर्छ।

**हितोपदेश ३०ः३ः** तिनले आफ्नै कोशिशले बुद्धि सिकेनन्; तिनले आफ्नै प्रयत्नले पवित्र परमेश्वरलाई भेट्टाएनन्। तिनमा पवित्र जनको ज्ञान पाउने क्षमता थिएन। तिनको इमानदार स्वीकार यो हो।

**हितोपदेश ३०ः४ः** अब तिनले हाम्रो सामु विभिन्न प्रश्नहरू पेश गर्छन्, जुन प्रश्नहरूद्वारा तिनले परमेश्वरको महानता प्रस्तुत गर्न चाहन्छन्, जुन महानता उहाँ प्रकृतिबाट प्रकट गर्नुहुन्छ।

**क)** ब्रह्माण्डको उचाइ र गहिरामा परमेश्वर सजिलोसँग पुग्नुहुन्छ, जहाँ कुनै मानिस उहाँको पछि आउनै सक्दैन। **ख)** परमेश्वरको मुठीमा हावाबतासको प्रचाण्ड शक्ति छ। **ग)** आकाशका बादलहरूदेखि लिएर समुद्रको गहिराइसम्म सबै पानी उहाँको नियन्त्रणमा छ। **घ)** उहाँले पृथ्वीको निम्ति सिमानाहरू सुनिश्चित ठहऱ्याउनुभयो।

*'उहाँको नाम के हो? र उहाँको छोराको नाम के हो?'* आगूरका शब्दहरूबाट निस्केको निचोड़ यस प्रकारको छः परमेश्वर यति महान् व्यक्ति हुनुहुन्छ; यसकारण कसैले पनि उहाँलाई पूरा रूपले जान्न सक्दैन। उहाँ हाम्रो समझदेखि बाहिरको हुनुहुन्छ; उहाँ अगम्य हुनुहुन्छ। उहाँको शक्ति असीमित र उहाँको उपस्थिति सबै ठाउँमा छ। तर हामी उहाँको नाम जान्दछौंः उहाँको नाम परमप्रभु हो। अनि उहाँको पुत्रको नाम प्रभु येशू ख्रीष्ट हो।

यहूदी श्रोतागणले अचम्म मान्छ होलाः अरे, परमेश्वरको छोरा कहिले हुन्छ र? किनभने तिनीहरूले यस प्रकारको शिक्षा पाएका छैनन्। तर यस पदबाट पुरानो नियमको जमानामा जिउने विश्वासी जनहरूले बुझ्न पाएः हो, परमेश्वरको पुत्र हुनुहुँदो रहेछ।

**हितोपदेश ३०ः५ः** परमेश्वरले प्रकृतिमा आफूलाई प्रकट गर्नुभएको विषय छोड़ेर आगूर अघि बढ्छन् र उहाँले आफूलाई आफ्नो वचनमा प्रकट गर्नुभएको विषय उठाउँछन्। *'परमेश्वरको वचनको एक-एक वचन शुद्ध*

*छ।'* आगूरको निम्ति पवित्र धर्मशास्त्र बाइबल त्रुटिरहित थियो। त्यसपछि तिनले यसो भन्छन्: *'उहाँमाथि भरोसा राख्नेहरूको निम्ति उहाँ ढाल हुनुहुन्छ।'* यसर्थ पवित्र बाइबलको परमेश्वरमाथि विश्वास गर्नेहरू सबै सुरक्षित छन्।

**हितोपदेश ३०:६:** *'उहाँका वचनहरूमा केही पनि नथप! नत्र उहाँले तिमीलाई हप्काउनुहुन्छ, र तिमी झूटा ठहरिनेछौ।'* पवित्र धर्मशास्त्र बाइबल सर्व-पर्याप्त र पूरा यथेष्ट छ। यसकारण कसैले परमेश्वरको वचनमा केही थप्ने दुःसाहस नगरोस्! हामीबाट परमेश्वरको वचनमा आफ्नै विचार र आफ्नै अनुमानहरू थप्ने कुकर्म कहिल्यै नभएको होस्! यस पदले झूटा पन्थहरूलाई दोषी ठहऱ्याएको छ; किनभने तिनीहरूले आफ्ना लेखहरू र आफ्नै रीतिहरूमा पवित्र बाइबलले मात्र पाउनुपर्ने अधिकार दिएका छन्।

**हितोपदेश ३०:७-९:** यस पुस्तकमा उल्लेख गरिएको एकमात्र प्रार्थना यी पदहरूमा पढ्न पाइन्छ। आगूरको प्रार्थना छोटो छ, र विषयबद्ध छ। किनभने यसमा दुईवटा अनुरोधहरू चढ़ाइएका छन्: पहिलो विन्ती तिनको आत्मिक जीवनको सम्बन्धमा छ भने, अर्को विन्तीको सन्दर्भ तिनको भौतिक जीवन हो।

आगूरले पहिले के माग गरेका छन् भने, तिनले एउटा व्यर्थ जीवन होइन, तर एउटा अर्थपूर्ण, इमानदार जीवन जिउन चाहन्छन्। तिनले महत्त्वहीन कुराहरूमा लागेर आफ्नो जीवन बड़बाड़ पार्न चाहेनन्। तिनले मामुली कुराहरूमाथि ध्यान दिएर खास कुरा गुमाउन चाहेनन्। तिनले अरूलाई धोका दिन चाहेनन्, तर आफूले धोका खान पनि चाहेनन्।

भौतिक कुराहरूको सम्बन्धमा तिनको प्रार्थना यस प्रकारको छः तिनी गरिब र धनाढ्य हुनुदेखि बाँच्न चाहन्थे। दुवै कुराहरू तिनको निम्ति सीमादेखि बाहिरका कुराहरू थिए। तिनले आफ्नो निम्ति परमेश्वरद्वारा निर्धारित गरिएको भोजन मात्र पाउन चाहन्थे। अर्को शब्दमा भन्नु हो भने, 'आज मलाई मेरो दैनिक भोजन जुटाइदिनुहोस्!' भन्ने विन्ती चढ़ाए (मत्ती ६:११)।

तिनले हददेखि गरिब र हददेखि धनी किन हुन चाहँदैनथिए? तिनले यसको निम्ति कारणहरू बताउँछन्। तिनलाई अघाएर परमप्रभुमाथि भर नपर्ने जीवन जिउने डर थियोः उहाँको दरकार नलागेर तिनले उहाँलाई इन्कार गर्लान् कि? 'परमप्रभु को हुनुहुन्छ' भन्नेसम्म तिनको मनमा दुःसाहस बढ़ेर आउला कि? 'परमप्रभु को हो' भनेको 'मेरो खाँचो पूरा हुनको निम्ति मैले परमप्रभुको बाटो हेर्नुपर्ने उहाँ को हुनुहुन्छ?' भनेजतिकै थियो।

गरिबीमा पनि तिनको निम्ति खतरा थियो; किनभने तिनी चोरी गर्नेसम्म पुग्न सक्नेथिए। अनि तिनलाई शपथ खान लाउँदा तिनले यस विषयमा झूट बोलेर आफ्नो पाप ढाकछोप गर्नुपर्नेथियो।

**हितोपदेश ३०:१०:** यस पदमा विषय बदली भएको भान लाग्छ। किनकि आगूरले हामीलाई चेताउनी दिएर यसो भन्छन्: 'नोकरको चुक्ली उसका मालिककहाँ नलाउनू!' यसको निम्ति सजाय एउटा श्रापमनि पर्नु थियो, जुन श्राप नोकरले आफ्नो पोल लगाउने व्यक्तिमाथि हाल्नेथियो। अनि यो श्राप हामीलाई लाग्नेथियो, किनभने परमेश्वर थिचोमिचोमा परेकाहरूको मुद्दा लड़्नुहुन्छ।

नयाँ नियममा *'अर्काको नोकरलाई न्याय गर्ने तिमी को हौ। ऊ आफ्नै मालिकको निम्ति खड़ा हुन्छ कि पतित हुन्छ'* भन्ने चेताउनी हाम्रो निम्ति लेखिएको छ (रोमी १४:४)।

**हितोपदेश ३०:११:** 'एउटा पुस्ता छ' भन्ने सन्दर्भमा यस खण्डमा जे लेखिएको छ, त्यो

कुरा हाम्रै पुस्तामा, अँ, प्रभुको आगमन हुनुभन्दा अघि अन्तिम दिनहरूमा जिउने पुस्ताको विषयमा सत्य ठहरिएको छ (२ तिमोथी ३ः१-७)। यस विषयमा तपाईंले निम्न बुँदाहरू याद गर्नुहोलाः

**क)** *बुबाआमाको निरादरः* तिनीहरूले आ-आफ्ना बुबालाई सराप्छन्, र तिनीहरू आ-आफ्नी आमाप्रति आभारी हुँदैनन्। यसरी नै तिनीहरूले दस आज्ञाको पाँचौं आज्ञा उल्लङ्घन गरेका हुन्छन्। जवान मानिसहरूको बीचमा आफ्ना बुबाआमाप्रति जुन हेला भएको देखिन्छ, त्यो हेला हामीले आफ्नो भ्रष्ट समाजको अवनतिको प्रमुख चिन्ह मान्नुपर्छ।

**हितोपदेश ३०ः१२ः ख)** *स्वधर्मी, स्वदम्भीः* यी मानिहरू नीच र अशुद्ध छन्; तर तिनीहरूमा अलिकति सरम छैन। बाहिरबाट हेर्दा तिनीहरू चुना लगाइएका चिहानहरूजस्तै छन्, तर भित्रपट्टिचाहिँ तिनीहरू मुर्दाहरूका हड्डीहरू र सबै प्रकारको अशुद्धताले भरिएका हुन्छन् (मत्ती २३ः२७)।

**हितोपदेश ३०ः१३ः ग)** *घमण्ड र अहङ्कारः* तिनीहरू र रब्बी सिमेओन बेन योकाइको बीचमा ठूलो समानता छ, जसले यसो भनेका छन्ः 'यस संसारमा दुईजना धर्मीजन मात्र भए ती दुईजना म र मेरो छोरा हुनुपर्छ; अनि एकजना धर्मीजन मात्र भएदेखि त्यो धर्मीजन मै हुँ।'

**हितोपदेश ३०ः१४ः घ)** *क्रूर दमनकारीः* यी मानिसहरूमा धनको यत्रो तीव्र लालच छ, जुनचाहिँ कहिल्यै तृप्त हुन सक्दैन। तिनी-हरूले गरिबहरूलाई च्यातच्युत गरेर होस्, तोड़ेर होस् वा निलेर होस्, उनीहरूको शोषण गर्छन्-गर्छन्। काम गर्ने मालिकहरूले कामदारहरूलाई लामो समयसम्म काम गर्न लाउँछन्, तर कम्ती मजदुरी दिन्छन् र उनी-हरूको निम्ति राम्रो काम गर्ने बन्दोबस्त गर्दैनन्। काम गर्ने जगत्मा र समजमा तिनीहरूका अन्यायहरू अनेक छन्।

**हितोपदेश ३०ः१५-१६ः** अघिको पदमा अत्याचारीहरूको लोभलालचले कस्तो-कस्तो रूप लिएको छ, सो प्रकट गरियो। अनि अब अरू चाहनाहरू पेश गरिन्छन्, जसको तृप्ति कहिल्यै हुँदैन।

**क)** जुकाका दुईजना छोरीहरू छन्, जसको रगत चुस्ने चाहना अपार छ। त्यसका छोरीहरूका नाम 'देऊ' र 'देऊ' हो।

**ख)** अधोलोक कहिल्यै भरिँदैन। मृत्युको छुट्टी कहिल्यै हुँदैन। चिहानमा मुर्दाहरू दफन गर्न ठाउँ नरहेको स्थिति कहिल्यै हुँदैन।

**ग)** बाँझो गर्भले आफ्नो बाँझोपन कहिल्यै स्वीकार गर्दैन; त्यसको गर्भधारण गर्ने आशा कहिल्यै टुट्दैन।

**ङ)** पानीले तृप्त नभएको जमिनः जति झरीपानी परे पनि त्यसले सुक्खा जमिनलाई तृप्त पार्न सक्दैन। त्यस जमिनले पानी, अझ पानी सोस्छ।

**च)** आगोले 'पुग्यो' कहिल्यै भन्दैन। त्यसले जति पनि दाउरा भस्म गर्न सक्छ।

'तीनवटा कुराहरू छन्, ... अँ, चारवटा कुराहरू छन् ...' भन्ने वाक्यमा साहित्यको एउटा सूत्र प्रयोग गरिएको छ, जुन सूत्रले चरमोत्कर्ष पैदा गर्छ। अनि श्री एफ. डब्ल्यू. ग्रान्टले के सङ्केत गरेका छन् भने, अङ्क चारचाहिँ कि त भौतिक पूर्णताको सङ्ख्या हो, कि त सर्वमान्य कुराको सङ्ख्या हो; किनकि पृथ्वीका चारवटा दिशाहरू छन्, कि त सृष्टि गरिएको थोक आफ्नो सृष्टिकर्ताबाट छुट्ट्याउन प्रयोग गरिने सङ्ख्या हो। [43)]

**हितोपदेश ३०ः१७ः** यो पद अरू खण्डहरूबाट अलग भएको देखिन्छ, तर यहाँ भनिएको कुरा हितोपदेश ३०ः११ पदसित मिल्छ। यस पदको शिक्षा यस प्रकारको छः जुन छोराले आफ्ना बुबाको खिल्ली उड़ाएर तुच्छ ठान्छ र आफ्नी आमाको आज्ञापालन

गर्दैन, त्यस छोराको हिंसात्मक मृत्यु हुनेछ र त्यसको आदरयोग्य दफन-संस्कार हुँदैन। यहूदीहरूको विचारमा, मृतकको लासको दफन नहुनुचाहिँ ठूलो अपमान र शर्म हुन्थ्यो। मनपरी गर्ने हठी छोराको डरलाग्दो अन्तचाहिँ त्यसको लास गिद्धहरूको आहार हुनु हो।

**हितोपदेश ३०:१८-१९:** आगूरको दृष्टिमा चारवटा कुराहरू अद्‌भुत थिए। अनि यी चारवटा कुराहरू के-के हुन्, सो अध्ययन गर्दाखेरि के बुझिन्छ भने, यी चारवटा कुराहरूको आत्मिक अर्थमा केही समानता लुकेको छ भन्ने आभास कताकतै लाग्दैछ। यी चारवटा कुराहरूमा भएको समानता के हो त? धेरैजसो टिप्पणीकारहरूले के भन्छन् भने, यी चारवटा कुराहरूले कुनै देख्न सकिने सङ्केत छोड्दैनन्। अनि यो तिनीहरूको विचार हितोपदेश ३०:२० पदसँग मेल खान्छ; जुन पदमा व्यभिचारी स्त्रीको चाल बेपत्ता हुन्छ। त्यसको पापको दोष कसैले पत्ता लगाउँदैन। यस सिलसिलामा श्री डेरेक किड्नरले यसो भनेका छन्:

> 'आकाश, चट्टान, समुद्र र तरुणीजस्तो व्यवहार गर्ने अप्ठ्यारा तत्त्वहरू अरू केही पनि नहोलान्, तर उपयोगी साधन छ भने, यी अप्ठ्याराभन्दा अप्ठ्यारा तत्त्वहरू अधीन गर्न सकिँदो रहेछ।' 44)

**क)** आकाशमा चीलको चालः यस महान् चराको अद्‌भुत उड़ानमा अचम्म मान्नु हाम्रो भाग हो। चीलजस्तै कुनचाहिँ चराको उड़ान यति सुन्दर छ? यति गतिशील छ र लोक-प्रसिद्ध छ?

**ख)** चट्टानमाथि सर्पको चालः घस्रेर हिँड्ने सरीसृप जन्तुको अचम्मको चाल हेर्नुहोस्: त्यसका न खुट्टा, न हात, न पखेटाहरू छन्।

**ग)** समुद्रको बीचमा पानीजहाजको चालः हुन सक्छ, माछाको निम्ति पानीजहाजचाहिँ कविताको भाषा होला, कुन्नि? (भजन १०४:२६ हेर्नुहोस्!)। यसो हो भने, आगूरले यहाँ समुद्री जन्तुहरूमा मार्गदर्शन हुने सीपको विषयमा अचम्म मानेका होलान्।

**घ)** तरुणीसँग पुरुषको चालः यसको सबैभन्दा सरल व्याख्या यस प्रकारको छः यहाँ, यस वाक्यमा पुरुष-स्त्रीको बीचको प्रेमालापको स्वाभाविक सहज प्रवृत्तिको विषयमा कुरा गरिएको होला। अरू टिप्पणी-कारहरू छन्, जसले यस वाक्यमा पुरुषले एउटी कन्यालाई कसरी पापमा फसायो, उसको यो धूर्त चाल देख्न खोजे।

**हितोपदेश ३०:२०:** अनि अचम्म लाग्ने पाँचौं चालचाहिँ व्यभिचारी स्त्रीको चाल रहेछ। यो कुरा बीचमा हाल्न अवश्य कुनै उचित कारण छँदैछ। व्यभिचारिणीले आफ्नो अभिलाषा पूरा गरी, त्यसपछि आफ्नो मुख पुछ्छी र भनीः 'मैले केही नराम्रो काम गरेकी छैनँ; ममा कुनै दोषै छैन।'

**हितोपदेश ३०:२१-२३:** अब चारवटा सहन नसकिने कुराहरू पेश गरिएका छन्। यी चारवटा कुराहरू यस संसारमा खलबल मच्चाउने कुराहरू हुन्, जस्तैः

**क)** राज्य गर्ने दासः यस्तो मानिस उच्च ओहदाले मात्छ; त्यो घमण्डले फुल्छ र दमनकारी हुन्छ।

**ख)** पेटभर खान पाएको मूर्खः त्यसको फलिफापले त्यसलाई अझ मूर्ख र ढीठ हुने प्रेरणा दिन्छ।

**ग)** हेला गरिएकी स्त्रीः अन्तमा यस स्त्रीको विवाह भएको छ। त्यसको नीच स्वभावले गर्दा त्यसको विवाह अघि भएन; किनकि सामान्य हिसाबले त्यो सधैं अविवाहिता रहनेथिई। तर संयोगवश त्यसले एउटा पतिलाई भेट्टाई। तर त्यसको विवाह भएपछि त्यसले रानीको जस्तो व्यवहार देखाउन थाल्छे; त्यो घमण्डी हुन्छे, र त्यसले अरूलाई हेप्छे, जसको विवाह भएको छैन।

**घ)** मालिकनीको हकदार भएकी दासीः दासी कुलीन, सज्जन व्यवहार देखाउन जान्दैन, तर त्यो रूखो, अभद्र र अशिष्ट हुन्छे।

**हितोपदेश ३०:२४:** अबचाहिँ आगूरको ध्यान ती चारवटा जानवरहरूमाथि पर्न जान्छ, जुन जानवरहरू साना छन्, तर बुद्धिमानीसाथ काम गर्छन्, जस्तैः

**हितोपदेश ३०:२५: क)** कमिलाः कमिलाहरू सारा सूक्ष्म कीरा हुन्, र यसो हेर्दा असहाय हुन्छन्। तर कमिलाहरू ग्रीष्म ऋतुमा व्यस्त रहन्छन्। तर प्रासङ्गिक शब्दकोष-अनुसार प्रायः कमिलाहरूले हिउँदको निम्ति खानेकुरा जम्मा गर्दैनन्; किनकि तिनीहरू जाड़ो महिनाहरूभरि आफ्नो गोला गुँड़मा डल्लो परेर सुतिबस्छन्। तर एक प्रकारको कमिला रहेछ, जुन कमिलाले ग्रीष्म ऋतुमा खानेकुरा सञ्चय गर्छ, जुन खानेकुरा जाड़ो ऋतुमा त्यसको आहारा हुन्छ। यहाँ सम्बन्धित कमिलाचाहिँ आफ्नो खानेकुराको प्रबन्ध गर्नमा व्यस्त रहेको छ।

**हितोपदेश ३०:२६: ख)** भीर खरायोः भीर खरायाहरू कमजोर छन्, रक्षाहीन हुन्छन्। तर तिनीहरूले बुद्धि लगाएर चट्टान-हरूहुँदो आ-आफ्नो घर बनाउँछन्। भीर खरायोको अर्को नाम 'हाइरक्स' पनि हो। चिरा परेका चट्टानहरूले तिनीहरूलाई सबैभन्दा उत्तम सुरक्षा दिन्छन्। यस सम्बन्धमा एउटा गीत छ, जुन गीतले निम्न आत्मिक प्रयोग गरेको छः 'हे सनातानको चट्टान, जो मेरो निम्ति फोरिनुभएको छ।'

**हितोपदेश ३०:२७: ग)** सलहहरूः सलहहरूको शासक हुँदैन, र पनि अचम्म प्रकारले दल बाँधेर अघि बढ्छन्।

**हितोपदेश ३०:२८: घ)** माउसुलीः माउसुली हातमा लिन सक्ने सानो जन्तु हो, र पनि राजमहाल र दरबारहरूमा पाइन्छ। माउसुलीको चाल ती ख्रीष्ट-विश्वासीहरूले नकल गरेका छन्, जो कहिल्यै पुग्न नसक्ने महत्त्वपूर्ण स्थानहरूमा पुगिहाले; किनभने परमेश्वरले राजदरबारहरूमा पनि आफ्नो गवाही राख्नुहुँदो रहेछ।

**हितोपदेश ३०:२९-३१:** अबको खण्डमा चारवटा कुराहरूको अन्तिम माला प्रस्तुत गरिन्छ, जसको चाल भव्य, राजसी र सुशोभित हुन्छ, जस्तैः

**क)** सिंहः सिंहचाहिँ जानवरहरूको राजा हो। त्यसको शान्त चाल राजासमान हुन्छ।

**ख)** शिकारी कुकुरः दोस्रो जानवरको विषयमा निक्कै अमेल छ। एन.आइ.वी.ले 'कुखराको भाले', डार्बीले 'जङ्गी घोड़ा' अनुवाद गरे भने, अन्यबाट 'शिकारी कुकुर' भएर अनुवाद भएछ। यी सबै जानवरहरूको चालको विवरण एउटै कुरामा मिल्छः तिनीहरूको बुलन्द गरिमा। यसो हो भने, मलाई के लाग्छ भने, शिकारी कुकुर भन्ने शब्द यहाँ बढ़ी मिल्छ, जसको हिँड़ाइ अति सुन्दर हुन्छ।

**ग)** बोकाः बगालको अघि-अघि हिँड्ने बोका वा साँढ़भेड़ाको चित्र सुन्दर छ; त्यसको चाल कति मनोहर र शानदार छ।

**घ)** राजाः *'राजा, जसको विरोधमा कुनै विद्रोह छैन'* भन्ने वाक्यको अनुवादको विषयमा पनि दुईमत छन्। आर.एस.वी.को अनुवादअनुसार 'प्रजाको सामु मार्चपासमा हिँड्ने राजा' वा एन.के.जे.वी.को अनुवाद-अनुसार 'राजा, जसको साथमा तिनको सेना छ।' जेजस्तो भए पनि यहाँ भन्न खोजेको कुरा सुस्पष्ट छः राजाको हिँड़ाइमा शाही गौरव छ।

**हितोपदेश ३०:३२-३३:** यस अध्यायको अन्तमा दुईवटा पदहरू छन्, जसको सम्बन्ध उक्त खण्डमा नरहेको देखिन्छ। यस विषयमा श्री जर्च विलियम्सले यस प्रकारको भाव-अनुवाद गरेका छन्ः

'जुन कमजोर मानिसले मूर्ख काम गरेर आफूलाई परमेश्वरको विरोधमा उचालेको छ, अथवा हुन सक्छ, त्यसले उहाँको विषयमा सोच्न नहुने दुर्बोध विचारहरू गरेको छ होला, त्यस मानिसले ध्यानसित बुद्धिको कुरा सुनोस् र आफ्नो मुखमा आफ्नो हात राखोस्, नत्र ता यसको निम्ति त्यसको प्रतिफल सुनिश्चित हुनेछ, जसरी दूधको मन्थनले मक्खन, नाकको बटाराइले रगत र रिसउठाइले झगड़ा उत्पन्न हुने कुरा सुनिश्चित हुन्छ।' 45)

# खण्ड ७

# हितोपदेश ३१ः१-९ः

## राजा लमुएलकी आमाले तिनलाई सिकाएका वचनहरू

**हितोपदेश ३१ः१ः** राजा लमुएल को थिए, सो कुरा हामी कुनै हालतमा पनि जान्न सक्दैनौं। तिनको नामको अर्थ 'परमेश्वरको निम्ति समर्पण गरिएको' वा 'परमेश्वरको निजी सम्पत्ति' हो। हाम्रो निम्ति महत्त्वपूर्ण कुरा के हो भने, तिनले हाम्रो निम्ति यो बुद्धिले पूर्ण सल्लाह जोगाएर राखे, जुन सल्लाह तिनकी आमाले तिनलाई दिएकी थिइन्।

**हितोपदेश ३१ः२ः** हामीले यस पदको अर्थ बढ़ाएर यसको परिभाषा यस प्रकारले गर्न सक्छौंः 'हे परमप्रभुको निम्ति अर्पण गरेको मेरो प्यारो छोरा, म तिमीलाई के भनूँ? र तिमीलाई कुनचाहिँ बुद्धिका रत्नहरू पेश गरूँ?'

**हितोपदेश ३१ः३ः** पहिले तिनलाई चेताउनी दिइन्छ, अनि त्यो यो होः तिनले लम्पट, विलासी, कामुक जीवन जिउनुहुँदैन। 'प्रवक्ताको टिप्पणी' नामक पुस्तकमा यसो लेखिएको छः 'उहिले रनिवासबाट आउने परीक्षाहरूले सताइरहेका थिए, जसको श्राप अहिलेसम्म सबै पूर्वीय राज्यहरूमाथि परेको छ।'

**हितोपदेश ३१ः४-८ः** दोस्रो, तिनलाई दाखमद्य र मदिरा नपिउने आग्रह गरिन्छ। किनकि रक्सीको सेवनले राजाहरूको न्याय गर्ने शक्ति कम गराउँदो रहेछ; तिनीहरूले सठीक निर्णयहरू गर्न सक्दैनन्; तिनीहरूलाई कानुनले माग गरेको सही न्यायका बुँदा र फैसलाहरू बिर्सन कुनै बेर लाग्दैन। यसकारण तिनीहरूले थिचोमिचोमा परेका-हरूका मुद्दाहरू लड्न छोड्छन्। यहाँ दाखमद्य औषधीको रूपमा सेवन गर्ने अनुमति दिइएको छः यो त मर्न लागेकाहरूको शक्ति बढ़ाउने उत्तेजक पदार्थ र हताश भएकाहरूको खिन्नता, निराशा र उदासी हटाउने दवाई पो हो। ठिक्कै छ, यस्ता मानिसहरूले पिएर आफ्नो खाँचो र आफ्नो दुर्दशा बिर्सन सक्छन्।

**हितोपदेश ३१ः९ः** राजा लमुएलचाहिँ आफ्नो प्रतिवाद आफूले गर्न नसक्ने निराश्रय हुनेहरूको पक्षमा बोल्ने वकील हुनुपर्छ। तिनी तिनको मद्दतविना मर्न लागेका सबै असहाय र अनाथहरूको मामिला लड्नुपर्छ। तिनी गरिब र खाँचोमा परेकाहरूको निम्ति मुख खोलेर बोल्न सक्नुपर्छ।

# खण्ड ८

# हितोपदेश ३१:१०-३१:

## आदर्श पत्नी र आमा

हितोपदेशको पुस्तकको अन्तिम खण्डमा आदर्श पत्नीको वर्णन गरिएको छ। यो खण्ड अक्षरबद्ध कविताको रूपमा लेखिएको छ; यसर्थ हिब्रू वर्गमालाको क्रमअनुसार त्यसको एक-एक अक्षरबाट एक-एक पद शुरु गर्छ। श्री नोक्सले अङ्ग्रेजीमा पनि त्यही गर्न खोजे, र अङ्ग्रेजीको वर्गमालाको बाइसवटा अक्षर लिएर यस खण्डको एक-एक पदको अनुवादमा क्रमिक रूपले प्रयोग गरे।

**हितोपदेश ३१:१०-१२:** गुणवती स्त्रीचाहिँ सक्षम हुन्छिन्, हो, परिश्रमी, सुयोग्य र असल हुन्छिन्। तिनको मूल्यको नापजोख बहुमूल्य हीरामोतीहरूले गर्नै सक्दैन। तिनका पतिले तिनीमाथि पूरा भर पर्न सक्छन्। उनलाई शुभ लाभ हुन्छ, अँ, कुनै घटी हुँदैन। तिनले उनको सहायोगिणीको भूमिका राम्रोसँग खेल्छिन्। तिनले उनको भलाइ गर्छिन्; तिनले उनलाई सधैं साथ दिन्छिन् र सदैव उनीसँग मिलेर काम गर्छिन्।

**हितोपदेश ३१:१३-१५:** तिनी सधैं ऊन र सनको खोजीमा रहन्छिन्, र त्यो काढ़ेर दागो बनाउँछिन् र त्यो लिएर लुगा बुन्छिन्। किनमेल गर्दा तिनी पानीजहाजहरूजस्तै छिन्, जुन जहाजहरूले टाढ़ा-टाढ़ाबाट आफ्ना मालहरू बन्दरगाहमा फर्काएर ल्याउँछन्। आजभोलिका दिदीबहिनीहरू सुपरमार्केट, डिपार्टमेन्ट-स्टोरबाट कार्टभरि सौदा फर्काएर ल्याएको दृश्यसित यो परिभाषा खूब मिल्छ। मिरमिर उज्यालो खस्नुभन्दा अघि तिनी सबेरै उठ्छिन् र आफ्नो घरपरिवारको निम्ति खाना तयार गर्छिन्। तिनले आफ्ना दासीहरूलाई आ-आफ्नो भाग र काम गर्ने जिम्मा अह्राउँछिन्।

**हितोपदेश ३१:१६-१८:** छिमेकमा एउटा बारी बेचिन्छ भन्ने खबर सुन्नासाथ तिनी त्यो जग्गा हेर्न जान्छिन् र त्यसको मूल्याङ्कन गर्छिन्। त्यो आफूले चाहेजस्तै बारी भेट्टाएपछि तिनले त्यो जमिन किन्छिन्, र त्यसमा आफूले कमाएको पैसाले एउटा दाखबारी लगाउँछिन्। तिनले आफ्ना कामहरूको निम्ति राम्ररी तयार गर्छिन्, आफ्नो जोश र तागत भ्याएसम्म गर्छिन्। तिनी श्रमको कामबाट डराउँदिनन्। अनि तिनको काम सफल भयो भने, तिनले शान्त, विनीत भई त्यसबाट सन्तुष्टि लिन्छिन्। अरू मानिसहरू सुत्न जाँदा तिनले अझै काम गर्छिन्।

**हितोपदेश ३१:१९-२२:** तिनले चर्खामा हात लगाउँछिन् र कतुवा समात्छिन्। तिनका हातहरू कहिल्यै खाली हुँदैनन्, तर सधैं व्यस्त रहेर तिनले ऊन र सन काढ़ेर दागो बनाउँछिन् – यस भनाइको मतलब यो हो। यसबाहेक तिनले गरिबहरू र खाँचोमा परेकाहरूको निम्ति मुट्ठी खोल्छिन्। निस्वार्थसाथ तिनले अभागीहरूसित आफ्नो सम्पत्तिबाट बाँड़-चुँड़ गर्छिन्। तिनी हिउँदको जाड़ोबाट डराउँदिनन्; किनभने तिनले यस समयको निम्ति अघिबाट न्यानो लुगाहरू तयार गरिराखिन्। आलमारीभरि न्याना-न्याना लुगाहरूको थाक छँदैछ। तिनले आफ्नो निम्ति बुट्टादार ओढ्ने बनाउँछे; तिनका वस्त्रहरू मिहिन मलमल र बैजनीका हुन्छन्।

**हितोपदेश ३१:२३:** तिनका पति समाजमा सम्मानित व्यक्ति मानिएका छन्।

उनी मूलढोकाहरूमा बूढ़ा प्रधानहरूको बीचमा बस्छन्। उनी ढुक्कै भएर सामाजिक कामकुरामा व्यस्त रहन सक्छन्; किनकि उनले घरको फिक्री गर्नुपर्दैन।

**हितोपदेश ३१ः२४-२७ः** उनकी पत्नीले मलमलको लुगा बुन्छिन् र त्यो बजारमा बेच्छिन्। तिनले व्यापारीहरूलाई पेटीहरू बेचेर पैसा कमाउँछिन्। मेहनत र सम्मान तिनको पहिरन हो; आउँदो दिनको विषयमा तिनको के चिन्ता? किनकि तिनको भविष्य उज्यालो छ। तिनले आफ्नो परिवारलाई दिने शिक्षा सन्तुलित छ, त्यसमा दुवै बुद्धि र दया छ। तिनी आफ्नो घरपरिवारसित सम्बन्धित कुराहरूमा ध्यानकेन्द्रित रहन्छिन्। तिनले तुच्छ, निकम्मा, फलहीन कामकुरामा आफ्नो समय खेर फाल्दिनन्।

**हितोपदेश ३१ः२८-२९ः** तिनका छोरा-छोरीहरूले आफ्नी आमालाई तिनी कति अद्वितीय, असाधारण आमा हुन् भनेर जान्दछन्, र तिनको तारिफ गर्छन्। अनि तिनका पतिले पनि परमेश्वरले दिनुभएको पत्नी भनेर तिनको प्रशंसा गर्छन्। उनले यसो भन्छन्ः 'यस संसारमा असल पत्नीहरू धेरै छन् होलान्, तर तिमीले चाहिँ ती सबैलाई उछिनेकी छ्यौ।'

**हितोपदेश ३१ः३०-३१ः** गुणवती पत्नीका पतिले तिनको उक्त प्रशंसामा यस पुस्तकको लेखकले आफ्नो समर्थन दिएर के भन्छन् भने, 'हो, यो सही कुरा हो।' किनकि कुनै स्त्रीमा आकर्षण होला, तर त्यससँग कुनै दिमाग र विवेक नहोला। ऊ सुन्दर होली, तर व्यावाहरिक नहोली। तर उक्त खण्डमा बयान गरेअनुसारकी परमप्रभुको डर मान्ने स्त्री सबैभन्दा उत्तम हुन्। तिनको परिश्रम प्रशंसनीय छ; तिनको चरित्र महान् छ। शहरका बूढ़ा प्रधानहरू बैठकको निम्ति भेला हुँदा अचम्म, तिनीहरूको चर्चा गुणवती स्त्रीको अद्भुत, असाधारण निपुणता हुँदो रहेछ।

हितोपदेशको पुस्तकको सुहाउँदो अन्त ध्यान दिन योग्य छ; किनभने यहाँ स्त्रीहरूको सद्गुणको वर्णन र प्रशंसा गरिएको छ। यस पुस्तकमा तीनवटा स्त्रीहरू प्रमुख छन्ः **क)** बुद्धिको अवतार लिएकी स्त्री, जुन स्त्रीले विद्यार्थीहरूलाई तिनको भोजमा निम्तो दिन्छिन्; **ख)** व्यभिचारी स्त्री वा परस्त्री; अनि **ग)** सद्गुणमा वीरता देखाउने गुणवती स्त्री। हितोपदेश ३१ः१० पदमा 'गुणवती स्त्री'को शब्द एन.के.जे.वी.को पार्श्वको टिप्पणीमा 'शूरवीर महिला वा पत्नी' भनेर अनुवाद गरिएको छ।

## ENDNOTES:

1) **Introduction:** Quoted by D. L. Moody in *Notes from My Bible*, p. 81.
2) **Introduction:** William Arnot uses this as the title for his commentary on Proverbs (see Bibliography).
3) **1:8:** Henry Bosch, ed., *Our Daily Bread*.
4) **1:19:** The Hebrew word for wisdom (hokmaµh) is a feminine noun, hence it was natural to personify this virtue as a woman.
5) **1:25:** Donald Grey Barnhouse, *Words Fitly Spoken*, p. 239.
6) **3:2:** Jay Adams, *Competent to Counsel*, p. 125.
7) **5:18:** Michael Griffiths, *Take My Life*, p. 117.
8) **5:22:** Jay Adams, *Competent to Counsel*, p. 145.
9) **6:16:** Derek Kidner, *The Proverbs: An Introduction and Commentary,* p. 73. See similar forms in 30:15, 18.
10) **6:17:** J. Oswald Sanders, *On To Maturity*, p. 63.
11) **6:28:** Michael Griffiths, *Take My Life*, p. 116.
12) **7:2:** *International Standard Bible Encyclopedia*, I:209.
13) **9:18:** The French text is as follows: Plaisir d'amour ne dure qu'une nuit; Chagrin d'amour dure toute la vie.
14) **10:24:** C. S. Lewis, *Weight of Glory*, ed. by Walter Hooper, p. 13.
15) **10:28:** G. S. Bowes, quoted in *Our Daily Bread*.
16) **13:4:** Henry Bosch, ed., *Our Daily Bread*
17) **13:5:** J. Allen Blair, further documentation unavailable.
18) **13:7:** G. Campbell Morgan, *Searchlights from the Word*, p. 203.
19) **13:10:** C. S. Lewis, *Christianity*, pp. 110, 111.
20) **13:24:** Benjamin Spock, taken from *the Tampa Tribune, Tampa*, FL, January 22, 1974.
21) **14:2:** Derek Kidner, *Proverbs*, p. 106.
22) **14:30:** Paul Adolph, *"God in Medical Practice,"* in The Evidence of God in an Expanding Universe by John Clover Monsma, pagination unavailable.
23) **15:1:** Charles Haddon Spurgeon, quoted by A. Naismith in *1200 More Notes, Quotes and Anecdotes*, p. 239.
24) **16:3:** J. Allen Blair, further documentation unavailable.
25) **16:24:** Watchman Nee, *Do All to the Glory of God*, p. 55.
26) **16:32:** Henry Durbanville, *Winsome Christianity*, p. 41.
27) **17:17:** D. L. Moody, *Notes from My Bible*, p. 83.
28) **17:22:** Paul Brock, *Reader's Digest*, September, 1974.
29) **17:22:** Blake Clark, *Reader's Digest*, May, 1972.
30) **18:9:** Michael Griffiths, *Take my Life*, p. 53.
31) **18:14:** Paul Adolph, *"God in Medical Practice,"* pagination unavailable.
32) **18:24:** G. Campbell Morgan, *Searchlights from the Word*, p. 204.
33) **19:17:** Henry Bosch, ed., *Our Daily Bread.*

**34) 22:6:** Henry Ward Beecher, further documentation unavailable.

**35) 22:6:** Jay Adams, *Competent in Counsel*, p. 158.

**36) 22:15:** Matthew Henry, *Matthew Henry's Commentary on the Whole Bible*, III:919.

**37) 25:16:** Larry Christenson, *The Christian Family*, p. 58.

**38) 25:20:** Keith Weston, further documentation unavailable.

**39) 25:21-22:** Sarah Anne Jepson, "*Preparing Tables of Forgiveness*," Good News Broadcaster, June 1975, p. 13.

**40) 26:20-21:** Atlanta Journal, further documentation unavailable.

**41) 27:20:** Arthur G. Gish, *Beyond the Rat Race*, p. 91.

**42) 29:11:** Jay Adams, *Competent in Counsel*, p. 221.

**43) 30:15-16:** F. W. Grant, *The Numerical Bible*, I:15.

**44) 30:18-19:** Derek Kidner, *Proverbs*, p. 180.

**45) 30:32-33:** George Williams, *The Student's Commentary on the Holy Scriptures*, p. 437.

## BIBLIOGRAPHY

Arnot, William. *Laws from Heaven for Life on Earth*. London: James Nisbet & Co., n.d.

Bridges, Charles. *A Commentary on Proverbs*. Reprint. Edinburgh: The Banner of Truth Trust, 1983.

Delitzsch, Franz. *"Proverbs." In Biblical Commentary on the Old Testament*. Vols. 16, 17. Grand Rapids: Wm. B. Eerdmans Publishing Co., 1971.

Harris, R. Laird. *"Proverbs." In The Wycliffe Bible Commentary*. Chicago: Moody Press, 1962.

Henry, Matthew. *"Proverbs." In Matthew Henry's Commentary on the Whole Bible*. Vol. 3. McLean, VA: MacDonald Publishing Company, n.d.

Ironside, H. A. *Notes on the Book of Proverbs*. Neptune, N.J.: Loizeaux Brothers, 1964.

Jensen, Irving L. *Proverbs*. *Everyman's Bible Commentary*. Chicago: Moody Press, 1982.

Kidner, Derek. *The Proverbs: An Introduction and Commentary*. Downers Grove, IL: InterVarsity Press, 1964.

MacDonald, William. *Listen, My Son*. Kansas City, KS: Walterick Publishers, 1965.

E. H. Plumptre. *"Proverbs." In Commentary on the Holy Bible* (Speaker's Commentary). London: John Murray, 1873.

Spence, H.D.M., and Joseph S. Exell, eds. *"Proverbs." In The Pulpit Commentary*, Vol. 9. Grand Rapids: Wm. B. Eerdmans Publishing Company, 1909.

Weston, Keith. *Living in the Light*. Bromley, Kent, England: STL Books, 1983.

# उपदेशकको पुस्तकको टिप्पणी

# उपदेशकको पुस्तकको भूमिका

*'म उपदेशको पुस्तकजस्तै उत्कृष्ट अरू कुनै पुस्तक जान्दिनँ, जुन पुस्तकले यसले जस्तै नाशवान् मानिसको पीड़ा र सुखको रसवान् चित्रण र विस्तृत सर्वेक्षण गर्छ; किनकि यस पुस्तकले मानिसको सफलता-असफलताको सठीक मूल्याङ्कन गर्छ; योजस्तै उच्च उदासीपन कुनचाहिँ पुस्तकमा छ होला ? मेरो विचारमा, योजस्तै शक्तिशाली, अदम्य कुनै कविताको रचना नै छैन, जुन रचना हामीलाई आत्मिक प्रकाश दिनमा योभन्दा बढ़ी सक्षम हुन्छ ।'*

श्री ई. सी. स्टेडम्यान

### क) ग्रन्थ-सूचिमा यस पुस्तकको विशिष्ट स्थान

उपदेशकको पुस्तकचाहिँ पवित्र बाइबलको एकै पुस्तक हो, जसको अद्वितीय गुण र स्तरको विषयमा कहिल्यै कुनै प्रश्न उठेन । तर यसका लेखक, यसको लेख्ने मिति, यसको विषयवस्तु र सिद्धान्त, अँ, प्रायः यसको सबको सब एउटा विवादको विषय बनेको छ ।

यस पुस्तकले परमेश्वरको वचनको बाँकी भागसँग टक्कर खाएको जस्तै लाग्ने कारण हामीले यसको मानवीय तर्कमा खोज्नुपर्छ, किनकि यस पुस्तकले केवल 'सूर्यमनि'को दृष्टिकोण प्रस्तुत गर्छ । यसकारण उपदेशकको पुस्तक बुझ्ने कुञ्जी-शब्दचाहिँ 'सूर्यमनि' नै हो; 'सूर्यमनि' भन्ने वाक्यांश यस पुस्तकको सबैभन्दा महत्त्वपूर्ण शब्द हो । यो शब्द यस पुस्तकमा उनन्तीस पल्ट प्रयोग गरिएको छ; यसबाट लेखकको सामान्य दृष्टिकोण यही हुँदो रहेछ भन्ने स्पष्ट बुझिन्छ । उनको खोजतलाश यस पृथ्वीमा सिमित रह्यो । उनले जीवनको रहस्य बुझ्नको निम्ति चारैतिर सारा संसारभरि खोजे । अनि बुझ्नुहोस्, उनको यो सम्पूर्ण खोजतलाश उनले आफ्नो दिमागको बलले गरे, परमेश्वरको सहायताविना गरे ।

यसकारण 'सूर्यमनि' भन्ने कुञ्जी-शब्द हामीले निरन्तर मनमा याद गर्नुपर्छ; नत्र ता यस पुस्तकबाट ठूला समस्याहरू उठ्छन् । पवित्र धर्मशास्त्र बाइबलको बाँकी भागसित ठक्कर नखाएको जस्तै नलाग्ने गरी, अनौठा सिद्धान्तहरू पेश गरिएको भान नलाग्ने गरी हामीले यो पुस्तक पढ्न सक्नुपर्छ । किनकि यसमा कुनै शङ्कालाग्दो नैतिकताको शिक्षा पेश गरिएको छैन । यसमा ढुक्कै हुनुहोस् !

तर याद गर्नुहोस्ः उपदेशकको पुस्तक मानिसको बुद्धिको संग्रह हो, परमेश्वरको बुद्धिको संग्रह होइन । यसकारण यस पुस्तकमा प्रस्तुत गरिएका कति निष्कर्षहरू साँचो छन् भने यसका कति निष्कर्षहरू अर्धसत्य छन् र केहीचाहिँ साँचो छैनन् । यो किन यस्तो हो, सो उक्त कुराबाट स्पष्ट बुझिन्छ ।

आउनुहोस्, हामी यसको निम्ति केही उदाहरणहरू हेरौं ! उपदेशक १२ः१ पदमा दिइएको सल्लाह सबै युगका जवान मानिसहरूको निम्ति सत्य र उपयोग्य हो ।

तिनीहरूले आफ्नो युवावस्थामा आफ्ना सृष्टिकर्ताको सम्झना गर्नुपर्छ। तर उपदेशक १:४ पद अर्धसत्य हो; किनकि एउटा पुस्तापछि अर्को पुस्ता आउँछ भन्ने कुरा सत्य हो, तर पृथ्वी सदा-सर्वदा रहिरहन्छ भन्ने कुराचाहिँ सत्य होइन (भजन १०२:२५-२६ र २ पत्रुस ३:७ र १०)। अनि निम्न कुराहरू हामीले लेखिएको जस्तैको त्यस्तै लिनु हो भने, यी कुराहरू सत्य होइनन्: *'मानिसले खाओस्, पिओस् र आफ्नो परिश्रमबाट आफ्नो प्राणलाई असल कुरा उपभोग गराओस्, मानिसको निम्ति योभन्दा असल कुरा केही पनि छैन'* (२:२४); *'मानिस पशुभन्दा श्रेष्ठ छैन'* (३:१९); अनि *'मरेकाहरूले केही पनि जान्दैनन्'* (९:५)। यी कुराहरू सत्य होइनन्।

तर निस्सन्देह, हामीसँग परमेश्वरबाट कुनै दिव्य प्रकाश नभएदेखि हामी पनि यही निष्कर्षमा आइपुग्नेथियौं। यसमा शङ्का छैन।

### अ) तब उपदेशकको पुस्तक लेख्ने ईश्वरीय प्रेरणाको विषयमा के हो त?

उपदेशकको पुस्तकका निष्कर्षहरू केवल 'सूर्यमनि' गरिएका मानवीय निष्कर्षहरू भएका हुनाले कतिचाहिँ अर्धसत्य भएका र कतिचाहिँ सत्य नभएका कुरा हाम्रो उक्त भनाइ थियो। तब यस कुराले उपदेशकको पुस्तक परमेश्वरको आत्माको प्रेरणाको फल हो भन्ने सिद्धान्त असर गर्छ कि गर्दैन? तब यसको एकमात्र उत्तर 'यस कुराले यसको आत्माको प्रेरणा अलिकति पनि असर गर्दैन' भन्ने जवाफ हुन्छ।

यो पुस्तक परमेश्वरको आत्माको प्रेरणाद्वारा लेखिएको पवित्र ग्रन्थ अर्थात् परमेश्वरको वचनको अभिन्न अंश हो। यो पुस्तक परमेश्वरको आत्माको सास र प्राणवायु हो। अनि परमेश्वरले 'यो पुस्तक धर्मशास्त्र बाइबलका पवित्र पुस्तकहरूको कानुनमा समावेश हुनुपर्छ' भन्ने कुरा निर्धारित गर्नुभयो। अनि हामी सम्पूर्ण बाइबलको विषयमा जुन विश्वास राख्छौं, त्यो विश्वास उपदेशकको पुस्तकको विषयमा पनि दृढ़तासाथ कायम राख्छौंः यस पुस्तकको एक-एक शब्द, र यो पुस्तक सम्पूर्ण रूपले परमेश्वरको आत्माको प्रेरणाको फल हो। (बढ़ी जानकारीको निम्ति तपाईंले 'पुरानो नियमको भूमिका'मा हेर्नुहोला)।

तर पवित्र बाइबलका पुस्तकहरूको विषयमा कुरा यस्तै छः कहिलेकाहीं तिनमा शैतानले भनेका अथवा मानिसहरूले भनेका कुराहरू पढ़िन्छ, जुन कुराहरू सत्य छैनन्। हामी यसको उदाहरण दिन्छौंः उत्पत्ति ३:४ पदमा शैतानले हव्वालाई भनेको कुरा लेखिएको छः 'तिमीहरूले बगैंचाको बीचमा भएको रूखको फल खायौ भने तिमीहरू निश्चय मर्नेछैनौ' भनेर शैतानले भन्यो। अनि योचाहिँ बिलकुल एउटा झूट थियो; तर 'शैतान शुरुदेखि नै झूटा हो' भन्ने शिक्षा दिन त्यसले बोलेका शब्दहरू धर्म-शास्त्रमा हाम्रो निम्ति लेखिएका हुन्। यस सम्बन्धमा डा. एल. एस. चाफरले निम्न कुरा ख्याल गरेका छन्:

> 'शैतानले बोलेको अथवा मानिसहरूले बोलेका असत्य कुरा आत्माको प्रेरणाले लेखिएको लेखमा समावेश त गरिएको छ, तर यसको अर्थ झूटको धुलाइ भएको र स्वीकृत भएको होइन। किनकि ईश्वरीय लेखमा असल वा खराब, जेजस्तो होस्, कसैले भनेको वा गरेको कुरा जस्ताको त्यस्तै उल्लेख गरिएको छ।' 1)

### आ) उपदेशकको पुस्तकको बेप्रयोग

उपदेशकको पुस्तकमा 'सूर्यमनि' पाइरहेको मानवीय तर्क प्रस्तुत गरिएको कारणले गर्दा यो पुस्तक सन्देहवादीहरू र झूटा पन्थहरूको निम्ति मनपर्दो पुस्तक भएको छ। तिनीहरूले बड़ो उत्साहको साथ यस पुस्तकबाट उद्धृत गरेर आफ्नो अविश्वास र आफ्ना पाखण्डी, विधर्मी शिक्षाहरू, विशेष गरी मृत्यु र परलोकको विषयमा राचेका आफ्ना सिद्धान्तहरू प्रमाणित

गर्न खोज्छन् । के हामी तपाईंलाई यसको स्पष्ट उदाहरण दिऔं ? तिनीहरूले 'मृत्युपछि मानिसको आत्मा चिरनिद्रामा पर्छ र दुष्ट मानिसहरूको मृत्यु भएपछि तिनीहरूको अस्तित्व हराउँछ' भन्ने कुरा सिकाउँछन् र यसको निम्ति यस पुस्तकका कतिपय पदहरू प्रयोग गर्ने गर्छन् । तिनीहरूले पदहरूको सन्दर्भ केही पनि वास्ता नगरी यी पदहरूसित मनपरी गर्दा रहेछन्, तब मानिसको आत्माको अमरता र पापी मानिसहरूको अनन्त सजायको शिक्षा अस्वीकार किन नहुने ?

तर तिनीहरूले 'सूर्यमनि' भन्ने कुञ्जी-शब्द कहिल्यै प्रयोग गर्दैनन्, नत्र तिनीहरूको बुझाइमा ढोका खोल्नेथियो । तिनीहरूले तिनीहरूको पकड़मा परेकाहरूलाई कहिल्यै भन्दैनन्, कि उपदेशकको पुस्तकले सूर्यमनि मानिसको बुद्धि कहाँसम्म पुग्न सक्छ, सो बताइदिन्छ । यसकारण यो पुस्तक इसाई मतका सिद्धान्तहरू प्रमाणित गर्न उपयोगी होइन । यस पुस्तकका लेखहरू यसको योग्य स्रोत हुँदैनन् ।

### ख) यस पुस्तकको लेखक को हुन् ?

इस्वी संवत्को सत्रौं शताब्दीसम्म धेरैजसो यहूदीहरू र प्रायः सबै इसाईहरूले 'सुलेमान उपदेशकको पुस्तक लेख्ने लेखक हुन्' भन्ने कुरा विश्वास गर्थे । तर त्यसको एक शताब्दी अघि, अर्थात् सोह्रौं शताब्दीमा जिएका शास्त्रसम्मत श्री मार्टिन लुथरले 'यसको लेखक सुलेमान हुन्' भन्ने कुरा अस्वीकार गरे । तर त्यस समयसम्म यस प्रकारको धारणा विरलै पाइन्थ्यो ।

तर अचम्मको कुरा के हो भने, वर्तमान समयमा धेरैजसो बाइबल-विद्वान्हरूले 'सुलेमानले यो पुस्तक नलेखेका' भन्छन् । शास्त्रसम्मत विद्वान्हरूको राय पनि त्यो भयो, कसरी ? तिनीहरूको तर्क यस प्रकारको छः यो पुस्तक सुलेमानीय ढाँचामा प्रस्तुत गरिएको छ; यो छलबाजीको काम होइन, तर एक प्रकारको साहित्यको प्रयोग हो अरे ।

### अ) सुलेमानचाहिँ यस पुस्तकको लेखक हुन् भन्ने धारणामा भएको समस्या

'राजा सुलेमानले उपदेशको पुस्तक लेखे' भन्ने परम्परागत धारणा अस्वीकार गर्ने मुख्य कारण यसको भाषा हो। किनकि धेरै विशेषज्ञहरूले यस पुस्तकमा प्रयोग गरिएका कति शब्दहरू छन् र व्याकरणका कति निर्माणहरू छन्, जसको रचना बेबिलोनी कैद र त्यसपछिको समयसम्म पाइँदैनथियो अरे ।

तर धेरैजसो इभान्जेलिकल इसाईहरूको लागि उपदेशकको पुस्तकका शब्दहरू सुलेमानको मुखमा राखिएको कुरा अवैधको काम हो, यो कुनै हालतमा पनि साहित्यको उपयोगी तरिका होइन । पश्चिमी देशका ख्रीष्ट-विश्वासीहरूको दृष्टिमा यो सरासर एउटा छलको काम हो ।

यसको पक्ष र विपक्षमा गरिएका तर्कहरू लामा र जटिल छन्; यसैले हामी यहाँ यस कुरामा पस्न सक्दैनौं । तर यति भन्न पर्याप्त होला, कि सुलेमान यस पुस्तकको लेखक हुने सम्बन्धमा उठाइएका आपत्तिहरू जित्न नसकिने होइनन् । किनकि श्री ग्लेसन आर्चरजस्ता भरपर्दा विद्वान्हरूको विचारमा, यो पुस्तक सुलेमानले लेखे । तिनीहरूको निम्ति यो विकल्प अझै जारी रहन्छ । [2)]

### आ) सुलेमानचाहिँ यस पुस्तकको लेखक हुन् भन्ने धारणाको पक्षमा भएका सकारात्मक तर्कहरू

वर्तमान समयमा यो परम्परागत धारणा जतिसुकै लोकप्रिय नभए तापनि, वास्तवमा, अहिलेसम्म यो धारणा कहिल्यै झूटो साबित भएन । यसकारण हाम्रो विचारमा, राजा सुलेमान यस पुस्तकको लेखक हुन् भन्ने धारणा कायम राख्नु सबैभन्दा न्यायसँगत र सुरक्षित कुरा हो ।

'सुलेमानले यो पुस्तक लेखे' भन्ने धारणाको निम्ति सङ्केतहरू उपदेशक १:१ र १२ पदमा पाइन्छ, जहाँ लेखकले आफूलाई 'यरूशलेमका राजा, दाऊदका पुत्र' भनेर आफ्नो परिचय दिए। हुन त, 'पुत्र' भन्ने शब्द पुस्तापुस्ताको सन्तानको अर्थमा पनि प्रयोग गरिएको छ। तर यो शब्द राजा सुलेमानको सुपरिचित जीवनी-सित मिल्ने विवरणमा पढ्न पाउँदा यसको गहकिलोपन निक्कै वजनदार हुँदो रहेछ।

लेखकले उपदेशक १:१२ पदमा 'म राजा थिएँ' भनेर भनेको कारणले धेरैजनालाई 'उनी अबचाहिँ राजा होइन रहेछन्' भन्ने कुरा प्रमाणित भएको लाग्छ। यसकारण तिनीहरूले 'यसको लेखक सुलेमान हुनै सक्दैनन्, किनकि राजा भईकन उनको मृत्यु भएको हो' भन्छन्। तर यो यसको अन्तिम निष्कर्ष हुनुपर्दैन। किनकि तपाईं आफै भन्नुहोस्, राजा सुलेमान्ले बुढ़ेसकालमा यो पुस्तक लेखेका भए के उनले आफू राजा भएको कुरा भूतकालमा भएको कुराजस्तै शैलीमा राख्न सक्दैनथिए र?

तर उपदेशकको पुस्तकमा सुस्पष्ट ऐतिहासिक सन्दर्भहरू छन्, जुन सन्दर्भहरू सुलेमानको जीवनसँग खूबै मेल खान्छन्, अनि वास्तवमा उनीबाहेक अरू कसैको जीवनसित यी सन्दर्भहरूले मेल खाँदैनन्।

**क)** सुलेमान यरूशलेममा राजा थिए। **ख)** उनीसँग अरू सबैको भन्दा बढ़ी बुद्धि थियो (उपदेशक १:१६)। **ग)** उनको प्रशस्त धन थियो (उपदेशक २:८)। **घ)** उनले आफूलाई कुनै सुखबाट अलग राख्दैनथिए (उपदेशक २:३)। **ङ)** उनका धेरै कमाराकमारीहरू र नोकरचाकरहरू थिए (उपदेशक २:७)। अनि **च)** उनी ठूला-ठूला भवनहरू निर्माण गर्नुमा सुप्रख्यात थिए; अनि दाखबारीहरूदेखि लिएर बगानहरू र पानीका दहहरू आदि उनले बनाइराखे। उनी यस प्रकारका सजिसजावट र ठाँटबाँटका योजनाहरूको निम्ति प्रसिद्ध थिए (उपदेशक २:४-६)।

यहूदी परम्पराले[3)] 'उपदेशकको पुस्तक सुलेमानको रचना हो' भन्ने कुरामा जोड़ दिन्छ; अनि इसाई युगका शुरुका शताब्दीहरूदेखि इसाई विद्वान्हरूले यही कुरा मान्दै आएका थिए। तर वर्तमान समयमा यस कुराको खण्डनमण्डन गरिन्छ।

'सुलेमान उपदेशकको लेखक थिएनन्' भन्ने धारणाको आधार प्रायः यस पुस्तकमा प्रयोग गरिएको भाषा सम्बन्धी तर्कहरू हुन्। तर हिब्रूका विशेषज्ञहरूले यी भाषिक तर्कहरूलाई ठूलो चुनौती दिएका छन्। यसकारण उक्त प्रमाणहरूको खातिर हामीले यहूदी र इसाई परम्परागत धारणा रोजेका छौं।

### ग) यस पुस्तकको लेख्ने मिति के हो?

मानौं, राजा सुलेमान यस पुस्तकका लेखक थिए; तब ख्रीष्टपूर्व ९३० साल यसको लेख्ने मिति थियो होला। किनकि सायद उनले आफ्नो बुढ़ेसकालमा यो पुस्तक लेखे होलान्, जब उनले आफ्नो स्वार्थी, विलासी जीवनबाट अघाइसके र यस प्रकारको जीवनसँग उनको मोह भङ्ग भइसक्यो।

तर सुलेमान यस पुस्तकको कोहेलेत अर्थात् यसको प्रवक्ता र प्रचारक नभएका भए 'यस पुस्तकको सम्भावित लेख्ने मिति एक हजार वर्ष यता र उता हुन जान्छ।[4)]

अब विद्वान्हरूको कुरा आयोः तिनीहरूले यस पुस्तकमा चलाइएको भाषा निक्कै पछाड़ि प्रयोग गरिएको हिब्रू भाषा ठान्छन्। तर श्री ग्लेसन आर्चरको विचारअनुसार यसको भाषा पछाड़िको होइन, तर अद्वितीय पो छ। जे होस्; यही कारणले धेरै विद्वान्हरूद्वारा उपदेशकको पुस्तकको लेख्ने मिति प्रायः यहूदीहरू बेबिलोनको कैदबाट फर्केर आएको समयदेखि यता भएको ख्रीष्टपूर्व ३५०-२५० सालको अवधिभित्र निर्धारित गरिएको हो। अनि कोही इभान्जेलिकल विद्वान्हरू पनि छन्, जसले यसको लेख्ने मिति ख्रीष्टपूर्व ४५०-३५०

सालको अवधिभित्र अर्थात् फारसको युगको अन्ततिर लगाउन रुचाएका छन् ।

तर उपदेशकको पुस्तकको अन्तिम सम्भावित लेख्ने मिति ख्रीष्टपूर्व २५०-२०० सालभित्रको अवधि हो; किनकि ख्रीष्टपूर्व १९० सालमा लेखिएको 'एक्लेसिअस्टिकस' नामक अकानुनीय पुस्तकको लेखकले निश्चय नै उपदेशकको पुस्तक आफ्नो लेखको निम्ति आधार तुल्याएको हुनुपर्ला, अनि ख्रीष्टपूर्वको दोस्रो शताब्दीको अन्ततिर लेखिएका मृत सागरका मुठाहरूमध्ये उपदेशकको पुस्तकका केही टुक्राटुक्रीहरू भेट्टाइए ।

### घ) यस पुस्तकको सन्दर्भ र यसका विषयवस्तुहरू के-के हुन् ?

उपदेशकको पुस्तक सुलेमानको रचना थियो भन्ने आधार अपनाउनु हो भने, यस कुराले हामीलाई निश्चयताको साथ यस पुस्तकको ऐतिहासिक पृष्ठभूमि र यस पुस्तकको विषयवस्तु भेट्टाउन मद्दत गर्छ ।

### अ) सुलेमानको खोजतलाश

राजा सुलेमानले आफ्नो जीवनको कुनै एक समयमा आफ्नो अस्तित्वको साँचो अर्थ के हो, सो खोज्न थाले । अनि असल जीवन पत्ता लगाउँछु भन्ने उनको दृढ़ संकल्प थियो । यसको सन्दर्भमा तपाईंले १ राजा १०ः१४-२५ र २ इतिहास ९ः२२-२४ पदका खण्डहरू पढ्नुहोला । प्रशस्त बुद्धिले सुसम्पन्न भएका र प्रशस्त धनसम्पत्तिले सुसज्जित भएका राजा सुलेमानले के सोचेका थिए भने, 'कसैले दिगो सन्तुष्टि पाउन सक्यो भने, त्यो मानिस म नै हुँ ।'

तर सुलेमानले यस खोजतलाशमा आफूमाथि एउटा शर्त लगाए । उनी स्वयम्ले यो पत्ता लगाउनु थियो; उनले अरू कसैबाट सहायता लिनेथिएनन् । ईश्वरीय प्रकाशले होइन, तर उनको निजी समझले उनलाई जीवनको पूर्णता पत्ता लगाउन सक्षम बनाउनु थियो । परमेश्वरबाट कुनै पनि सहायता नलिईकन यो बिलकुलै एउटा मानिसको अन्वेषण हुनेथियो । उनले 'सूर्यमनि' जीवनको सर्वोत्तम कुरा के हो, सो खोजेर निकाल्नेथिए ।

### आ) सुलेमानको खोजका नतिजाहरू

तर जीवनको अर्थ खोज्दा-खोज्दै सुलेमान अन्तमा निम्न निष्कर्षमा आइपुगेः 'जीवन व्यर्थ छ र हावाबतास पक्रन खोजेको प्रयास मात्र हो' (उपदेशक १ः१४) । उनको संकल्प कहाँसम्म पुग्न सफल भयो ? सूर्यमनि जिउनुपरेको जीवन जिउन लायक होइन रहेछ । किनकि उनले जीवनको पूर्णता र स्थायी सन्तुष्टि पाउन सकेनन् । उनको सारा धनसम्पत्ति र उनको बुद्धि जति धेरै किन नहोस्, उनी असल जीवन पत्ता लगाउन असफल भए ।

अनि पक्का पनि उनको निष्कर्ष सही र सत्य थियोः मानिस सूर्यदेखि माथिको तहमा पुग्न सक्दैन भने उसको जीवन साँच्चै केवल एउटा व्यर्थ प्रयास र अभ्यास हो । अनि यस प्रकारको जीवन अर्थहीन हो । संसारले हामीलाई के पो दिन सक्छ र ? त्यसले जे दिन सक्छ, यी जम्मै थोकहरू मानिसको हृदयलाई सन्तुष्टि दिन सक्दैनन् । श्री ब्लेस पास्कलले भनेः 'मानिसको हृपयमा एउटा खालीपन छ, जुनचाहिँ परमेश्वरले त्यहाँ हाल्नुभएको छ ।' अनि हिप्पोका श्री अगस्टिनले निम्न कुरामा ध्यान राखेः 'हो, प्रभु, तपाईंले हामीलाई आफ्नै निम्ति सृष्टि गर्नुभएको हो, र जबसम्म हाम्रो हृदय तपाईंमा अड़ेसिँदैन, तबसम्म त्यसले शान्ति पाउँदैन ।'

सुलेमानले गरेको यो अनुभवचाहिँ प्रभु येशूको वचनको सत्यताको पूर्वअनुभव थियो; किनभने उहाँले यसो भन्नुभयोः *'यस पानीबाट पिउने हरेक मानिस फेरि तिर्खाउनेछ'* (यूहन्ना ४ः१३) । यसकारण बुझ्नुहोस्ः यस संसारको पानीले दिगो सन्तुष्टि दिन सक्दैन ।

जीवनको वास्तविकता पत्ता लगाउने सुलेमानको यो खोजतलाशचाहिँ उनको अल्पकालिक अवस्था थियो, उनको जीवनको एक अंश मात्र थियो। सत्यताको प्राप्ती गर्न उनले यो तत्त्वज्ञानी खोज शुरु गर्न लागेको समयमा उनको उमेर कति थियो, सो हामीलाई थाहा छैन। तर उनले यो लेख लेखेको बेलामा उनी वृद्ध मानिस थिए (१:१२ र ११:९)। किनकि अन्तमा सुलेमान सूर्यदेखि माथिको तहमा आफ्नो दृष्टि लगाउन सक्षम भए। हामी यो कसरी जान्दछौं ? पवित्र बाइबलका तीनवटा पुस्तकहरू, तिनको अधिक अंश, उनको रचना थिए। यसैबाट यो स्पष्ट रूपले जानिन्छ। तर उनको पाप र उनको त्रूटिले उनको जीवनका अन्तिम वर्षहरू धमिलो पाऱ्यो। यस स्मरणीय कुराबाट हामी एउटा गम्भीर चेताउनी पाउँछौंः ओहो, एक ख्रीष्ट-विश्वासी कहाँसम्म पछि हटेर पतित हुन सक्दो रहेछ ! आहा, प्रभु येशूका सबैभन्दा उत्कृष्ट प्रतिरूपहरू[5)] पनि कति अपूर्ण छन्, कति असिद्ध छन् !

### इ) सुलेमान र परमेश्वरको बीचको सम्बन्ध

यो स्पष्ट छ कि सुलेमान परमेश्वरमाथि विश्वास गर्ने मानिस थिए; अँ, उनले जीवनको पूर्णताको खोजी गरेको समयमा पनि उनले उहाँमाथि विश्वास गर्थे। किनकि उपदेशकको पुस्तकमा उनले चालीस पल्ट परमेश्वरको सन्दर्भमा केही न केही लेखेका छन्। तर यसको मतलब उनी त्यस समयमा एक समर्पित विश्वासी थिए, यो होइन। उनले यस पुस्तकभरि 'परमेश्वर'को निम्ति प्रयोग गरेको शब्द 'एलोहिम' हो। अनि एलोहिम भन्ने शब्दचाहिँ उहाँलाई शक्तिशाली सृष्टिकर्ताको रूपमा प्रस्तुत गर्छ। तर उनले एकै पल्ट पनि परमेश्वरलाई 'परमप्रभु' भनेर सम्बोधन गर्दैनन्। तर परमप्रभु त्यो परमेश्वर हुनुहुन्छ, जसले आफ्ना मानिसहरूसँग वाचाको सम्बन्ध स्थापित गर्नुहुन्छ।

अनि अर्को ध्यानमा राख्ने महत्त्वपूर्ण कुरा यही होः सूर्यमनि बाँचिरहेको मानिसले परमेश्वर हुनुहुन्छ भन्ने कुरा जान्न सक्दो रहेछ। अनि यही कुरा प्रेरित पावलले हामीलाई रोमी १:२० पदमा सम्झना गराउँछन्, जहाँ यसो लेखिएको छः

*'किनकि संसारको उत्पत्तिदेखि नै उहाँका नदेखिने गुणहरू, उहाँको अनन्त शक्ति र ईश्वरत्व, छरलङ्ग देखा परेका छन् र सृष्टि गरिएका कुराहरूबाट जानिन्छन्; यसकारण तिनीहरूलाई कुनै पनि बहाना छैन।'*

परमेश्वरको अस्तित्व सृष्टिबाट स्पष्ट बुझिन्छ। यसकारण नास्तिकतामा बुद्धिको झलक होइन, तर जानाजानी अन्धोपनको पक्का प्रमाण छ। सुलेमान सबैभन्दा बुद्धिमान् मानिस थिए; अनि उनले आफ्नो दिमाग लगाएरै अन्धाधुन्धमा सत्यताको खोजी गर्दैथिए; तर उनले ईश्वर हुनुहुन्छ भन्ने तथ्य स्वीकार गरे।

हो, सबै थोकहरू सृष्टि गर्नुहुने सृष्टिकर्ता परमेश्वर हुनुहुन्छ भन्ने कुरा जोसुकै मानिसले जान्न सक्छ। तर उहाँलाई परमप्रभुको रूपमा जान्नको निम्ति विशेष प्रकाश चाहिन्छ। यसकारण बुझ्नुहोस्ः यस पुस्तकमा घरिघरि परमेश्वरसित सरोकार राख्ने सन्दर्भहरू त पाइन्छन्; तर मुक्ति दिलाउने र आत्मा बचाउने विश्वास अर्को कुरा हो। यी परमेश्वरसित सम्बन्ध राख्ने सन्दर्भहरूको मतलब के हो त ? यी सन्दर्भहरूले प्रमाणित गर्छन्, कि सृष्टिले हामी जहाँ हेरे पनि परमेश्वरको अस्तित्वको विषयमा गवाही दिन्छ; अनि उहाँको अस्तित्व अस्वीकार गर्ने मानिसहरू मूर्ख हुन् (भजन १४:१ र ५३:१)।

### ई) उपदेशकको पुस्तकको निम्ति केको आवश्यकता छ ?

अनिवार्य रूपले हाम्रो मनमा यो प्रश्न उठ्छः 'परमेश्वरले यो पुस्तक किन पवित्र बाइबलमा हाल्न इच्छा गर्नुभयो – एउटा पुस्तक, जसको प्रकाश सूर्यदेखि माथि कहिल्यै उठ्दैन ?'

सर्वप्रथम यो पुस्तक पवित्र बाइबलमा यस हेतुले हालिएको छ, कि कसैले पनि सुलेमानको निराशाजनक अनुभव गर्नुपर्दैन; कसैले पनि सन्तुष्टि पाउन नसकिने ठाउँमा सन्तुष्टि खोज्नुपर्दैन ।

किनकि पापी मानिसले के सोच्छ भने, उसले कि त धनसम्पत्ति थुपारेर, सुखहरू उपभोग गरेर र भ्रमण गरेर, कि त लागू पदार्थ र रक्सीसक्सी सेवन गरेर र सम्भोग गरेर अथवा अन्य कुरा-हरूद्वारा आफूलाई खुशी तुल्याउन सक्छ । तर यस पुस्तकको सन्देश के हो भने, हामीभन्दा बुद्धिमान् र हामीभन्दा धनवान् मानिसले कोशिश गरे र उनी आफ्नो यस व्यर्थ प्रयासमा असफल भए । यसकारण आफ्नो सबै खर्च बचत गर्नुहोस् ! अनि आफूलाई मनको दुखाइ, निराशा र हारैहारबाट बचाउनुहोस् ! हो, सूर्यदेखि माथिको तहतिर आफ्ना आँखा उठाउनुहोस् र प्रभु येशू ख्रीष्टलाई पाउनुहोस्, जसले तपाईंलाई पूरा सन्तुष्ट पार्न सक्नुहुन्छ । उहाँबाहेक अरू कोही छैन, जसले हामीलाई तृप्ति दिन सक्छ ।

तर यस अद्वितीय पुस्तकमा ती मानिसहरूको निम्ति थप आशिष पनि छ, जसले अहिलेसम्म सुसमाचारको सन्देश ग्रहण गर्न तयार छैनन् । किनकि डा. डब्ल्यू. टी. डेभिसनले यसो भनेका छन्ः

'उपदेशकको पुस्तक र ख्रीष्ट येशूको सुसमाचारको बीचमा भएको भिन्नताको लमाइ-चौड़ाइ गर्न आवश्यक छैन; तर हुन सक्छ, सायद निम्न कुरामाथि जोड़ दिन आवश्यक छः हो, नयाँ नियमको सुसमाचारको सन्देश आयो; तर त्यसले पुरानो नियमको बुद्धि साहित्य रद्द गर्न खोजेको होइन ।

किनकि उपदेशकको पुस्तकले आफ्नो समयमा आफ्नो काम पूरा गर्‍यो; अनि यसले अझै पनि आफ्नो काम पूरा गर्दैछ । किनकि मानिसको जीवनमा यस्ता समयहरू आउँछन्, जब ऊ प्रभु येशूको चरणमा बसेर सिक्न तयार हुँदैन; तब उसको लागि 'कोहेलेत'को स्कूलमा जान बढ़िया हुन्छ । किनभने कुरा यस्तो छः कसैको हृदय भरिनु हो भने, त्यो पहिला रित्तिएको हुनुपर्छ । अनि वर्तमान समयमा प्रायः प्रचारकको काम के हो भने, तिनले एउटै कुरामा जोड़ दिनुपर्छः *"परमेश्वरको भय मान र उहाँका आज्ञाहरू पालन गर, किनभने मानिसको सम्पूर्ण कर्तव्य यही हो ।"* यो पाठ पुरानो भएको छैन; अहँ, त्यो कहिल्यै अप्रचलित हुनेछैन नै । परमेश्वरको भय मान्न र उहाँका आज्ञाहरू पालन गर्न चाहने मानिस यो कुरा असल ढङ्गले सिक्न प्रभु येशूकहाँ आउनुपर्छ र उसले ती उच्च पाठहरूको शिक्षा पाउनुपर्छ, जसको बाटो उपदेशकको पुस्तकले तयार गर्छ ।' [6)]

## रूपरेखाः

**खण्ड १) उपदेशक १ः१-११ः यस पुस्तकको भूमिकाः सूर्यमनि जे छ, यो सब व्यर्थ छ**

**खण्ड २) उपदेशक १ः१२-६ः१२ः सबै व्यर्थ छ**

**क) उपदेशक १ः१२-१८ः** दिमागी खोजहरूको व्यर्थता

**ख) उपदेशक २ः** सुख, उच्च सामाजिक पद र समृद्धिमा भएको व्यर्थता

**ग) उपदेशक ३ः** जीवन र मृत्युको चक्रमा भएको व्यर्थता

**घ) उपदेशक ४ः** जीवनका असमानताहरूमा भएको व्यर्थता

**ङ) उपदेशक ५ः१-९ः** धर्म र राजनीतिमा भएको व्यर्थता

**च) उपदेशक ५ः१०-६ः१२ः** नाशवान् धनसम्पत्तिमा भएको व्यर्थता

**खण्ड ३) उपदेशक ७ः१-१२ः८ः सूर्यमनि जिउने जीवनको निम्ति दिइएको सुझाउ**

**क) उपदेशक ७ः** सूर्यमनि भएको असल कुरा र योभन्दा उत्तम कुरा के हो ?

**ख) उपदेशक ८ः** सूर्यमनि भएको बुद्धि यो हो

**ग) उपदेशक ९ः** सूर्यमनि जिएको जीवनको आनन्द यो हो

**घ) उपदेशक १०ः** सूर्यमनि बुद्धिमान् मानिस र मूर्ख मानिस यो हो

**ङ) उपदेशक ११ः१-१२ः८ः** सूर्यमनि असल कुरा यसरी फैलिन्छ

**खण्ड ४) उपदेशक १२ः९-१४ः उपसंहारः सूर्यमनि भएको सबैभन्दा असल कुरा यही हो**

# उपदेशकको पुस्तकको टिप्पणी

## खण्ड १
## उपदेशक १:१-११:
### यस पुस्तकको भूमिकाः सूर्यमनि जे छ, यो सब व्यर्थ छ

**उपदेशक १:१:** उपदेशकको पुस्तकका लेखकले आफ्नो परिचय दिँदा आफूलाई 'उपदेशक, दाऊदका पुत्र, यरूशलेमका राजा' भनेर भनेका छन् । अनि यो उपदेशक भन्ने शब्द निक्कै चाखलाग्दो छ। हिब्रू भाषामा यहाँ 'कोहेलेत' भन्ने शब्द छ, जसको अर्थ 'आह्वान दिने व्यक्ति' वा 'भेला गराउने व्यक्ति' हुन्छ। अनि ग्रीक भाषामा यसको शब्द 'एक्लेसियस्टेस' भयो, जसको अर्थ 'कुनै सभा वा बैठक बोलाउने व्यक्ति' हुन्छ। अनि यस ग्रीक शब्दबाट यसको अर्थ बढ़ाएर यसको माने 'संयोजक, भेला गर्ने व्यक्ति, वक्ता, छलफल गर्ने व्यक्ति, प्रवक्ता र प्रचारक' भनेर भएको हो ।

अनि यी उपदेशकचाहिँ दाऊदका पुत्र थिए । ठिक्कै छ, हामी मान्छौं, यहाँ प्रयोग गरिएको 'छोरा' भन्ने शब्दचाहिँ सन्दर्भअनुसार नाति, पनातिको अर्थ पनि लिन सक्छ। तर हामी हाँगाहरूतिर किन जाने ? यसको मूलअर्थ छोरा वा पुत्र हो, र यो मूलअर्थ यहाँ समुचित छ र सबैभन्दा बढ़ी सुहाउँछ । किनभने सुलेमानचाहिँ दाऊदका एकमात्र पुत्र थिए, जो यरूशलेममा इस्राएलका राजा थिए (उपदेशक १:१२)। दाऊदका बाँकी सन्तानहरू सबै केवल यहूदा-माथि राजाहरू भए। अनि इस्राएलमा राजा भएका अरू राजवंशकाहरूले कि त शेकेममा (१ राजा १२:२५), कि त सामरियामा (१ राजा १६:२४) राज्य गरे; तिनीहरूको राजधानी यरूशलेम कहिल्यै भएन ।

**उपदेशक १:२:** सुलेमान आफूले भन्न खोजेको कुरा अन्तिम अध्यायसम्म बाँकी राख्दैनन्; उनले यहाँ आफ्नो मुख्य कुरा पेश गरिछोड्छन् । किनभने सुलेमानले सूर्यमनि गरेका उनको सबै अनुसन्धान र उनको सारा खोजतलाशको नतिजा यस प्रकारको छः 'सबै कुरा व्यर्थ छ।' जीवन क्षणिक छ; त्यो एकै क्षणमा बितिजान्छ; जीवन विनाकामको, मतलबहीन र व्यर्थ छ । जीवन अर्थहीन हुन्छ । यस पृथ्वीमा कुनै पनि कुरा छैन, जसले हामीलाई जिउन योग्य उद्देश्य र लक्ष्य प्रदान गर्छ ।

के यो सत्य हो ? हो, यो बिल्कुल सत्य हो ! के यस नरलोकको जीवन सब थोक हो ? के मृत्युले मानिसको अस्तित्वमाथि अन्तिम रेखा तान्छ ? तब जीवन केही पनि होइन, एउटा वाफ

मात्र हो; एउटा खोक्रो, क्षणभङ्गुर हावाले भरिएको फोका हो ।

तर प्रेरित पावलले हामीलाई याद दिलाउँछन्, कि पृथ्वीमा पापको प्रवेश भएको कारणले सारा सृष्टि व्यर्थता वा क्षण-भङ्गुरताको अधीनतामा राखिएको छ (रोमी ८:२०) । अनि मानिसका पहिला बुबाआमाले आफ्नो माहिलो छोराको नाम 'हाबिल' राखेकोमा अर्थ नभएको होइन है; किनकि हाबिल नामको अर्थ 'व्यर्थता' वा 'वाफ' हो । सुलेमानले भनेको कुरा सही होः सूर्यमनि सबै कुरा व्यर्थ छ ।

**उपदेशक १:३ः** कमजोर मानिसको जीवन परिश्रम र विभिन्न कामधन्धाले भरिएको हुन्छ । तर मलाई भन्नुहोस्, मानिसले इच्छा गरेका र कल्पना गरेका, उसले पूरा गर्न खोजेका सबै कुरा पूरा भएपछि उसले के पायो त ? मुसा हिँड़ाउने चक्का सम्झिनुहोस् ! त्यसमा एउटा मुसा सधैं दगुर्छ, तर त्यसले चक्का घुमाएको-घुमाएकै गरेको बाहेक अरू कुनै प्रगति गर्दैन । आउनुहोस्, हामी कुनै मानिससित अन्तर्वार्ता गर्ने कल्पना गरौं र उसलाई सोधौंः 'तपाईंले किन काम गर्दै हुनुहुन्छ ?' तब उसले हामीलाई भन्लाः 'हजुर, पैसा कमाउनको लागि म काम गर्छु ।' तर उसलाई पैसा किन चाहिन्छ ? खानेकुरा किन्नको लागि, होइन र ? अनि उसलाई खानेकुरा किन चाहिन्छ ? उसको शरीरको स्वास्थ्य र बल कायम राख्नको लागि उसलाई खानेकुरा चाहिन्छ । हो, हो; तर उसलाई किन बल चाहिन्छ त ? किनभने उसलाई काम गर्ने शक्ति चाहिएको छ । अनि नभन्दै हामी फेरि उसले आफ्नो कुरा जहाँ शुरु गरेको थियो, त्यहीं ठाउँमा आइपुग्यौं । उसले खानेकुरा किन्नको लागि काम गरेर पैसा कमाउँछ; उसले बल पाउनको निम्ति खान्छ; उसले पाएको बल काममा खर्च गर्छ, पैसा कमाउनको निम्ति । त्यो पैसा लिएर उसले खानेकुरा किन्छ; खाना खाएर उसले बल पाउँछ; बल पाएर उसले काम गर्छ । अनि अनन्तसम्म यस प्रकारको क्रमरूपी चक्का घुमिरहन्छ । यस सम्बन्धमा श्री हेन्री थोरोले टिप्पणी गरेका छन्ः 'ओहो, मानिसले चुपचापसित कत्रो निराशाले पूर्ण जीवन बिताउँछ !'

बस स्टपमा एउटी स्त्रीलाई रोइरहेकी देखेर एकजना इसाई दाजुले उसलाई सोधेः 'के म तपाईंलाई सहायता गर्न सक्छु ।' उसले जवाफ दिईः 'होइन, होइन; म साह्रै थकित भएकी छु; मेरो चाख र जाँगर छैन । मेरा पति मेहनती हुनुहुन्छ, तर मैले चाहेको जति उहाँ कमाउन सक्नुहुन्न । यसकारण म पनि काममा लागें । म हरेक बिहान सबेरै उठ्छु, हाम्रा चारजना छोराछोरीहरूको निम्ति बिहानको खाजा मिलाउँछु, सबैजनाको लागि दिउँसोको खाना पोको पार्छु, र बस चढ़ेर आफ्नो काममा जान्छु । त्यसपछि म घर फर्कन्छु, अनिवार्य घरको काम गर्न र केही घण्टा निद्रा पाउनको निम्ति । अनि भोलिपल्ट फेरि यही क्रम चल्छ । मलाई के लाग्छ भने, म यस अन्तहीन नित्यकर्म र व्यर्थ दिनचर्याबाट बिरामी भएकी छु ।'

अनि यस विषयमा श्री एच. एल. मेन्केन्ले यसो भनेका छन्ः

> 'मानिसको जीवनको आधारभूत तथ्य के हो भने, उसको जीवन एक त्रासदीय दुःखान्त होइन, तर एउटा साह्रै दिक्क लाग्ने कुरा हो । मानिसको जीवन पीड़ादय त छ, तर यसको मुख्य कुरा यो होइन, तर मानिसको जीवन अर्थहीन भएको यसको खास समस्या हो ।'[7]

**उपदेशक १:४ः** मानिसको क्षणिकताचाहिँ पृथ्वीमा उसको वरिपरि भएको वातावरणमा देखिने स्थायित्वको ठीक विपरीत छ । एक पुस्तादेखि अर्को पुस्ता आउँछ; अथक क्रम यस्तै छ । सूर्यमनिको जीवन यस्तै छ ।

> 'मैले यस संसारबाट कहिल्यै बिदा लिनु नपरोस्' ।
> हरेक मानिसको सपना यस्तो छ;
> तर नभन्दै ऊ कहाँ गयो ? बेपत्ता ।[8]
>
> श्री विल एज. हुटन

ईश्वरीय प्रकाशविनाको विचार कस्तो छ ? हाम्रो विचारमा, वर्तमान पृथ्वी सधैंभरि रहि-रहन्छ। अनि सुलेमान पनि यही निष्कर्षमा आइपुगे। तर प्रेरित पत्रुसले हामीलाई के भन्छन् भने, *'प्रभुको दिनमा पृथ्वी र त्यसमा भएका कामहरू जलेर शेष हुनेछन्'* (२ पत्रुस ३:१०)।

**उपदेशक १:५:** प्रकृति निरन्तर, रोकिनसकिने चक्रमा चलिबस्छ। उदाहरणको लागि, सूर्य पूर्वमा उदाउँछ, र आकाशको एक छेउदेखि अर्को छेउसम्म झुलेर पश्चिममा अस्ताउँछ, त्यसपछि फेरि पूर्वमा उदाउन छिटो पृथ्वीको अर्को पाता पार गरिहाल्छ। एक युगदेखि अर्को युगसम्म यो एउटा कहिल्यै टुङ्गो नहुने प्रक्रम देखिन्छ। तब मानिस के हो र ? ऊ त बित्दै गरेको छाया पो हुँदो रहेछ।

के यस्तो कोही छ, जसलाई सुलेमानले सूर्यको सम्बन्धमा वैज्ञानिक दृष्टिकोणले एउटा ठूलो भूल गरेका लाग्छ। किनकि सूर्य पृथ्वीको वरिपरि घुम्दैन, तर पृथ्वी पो सूर्यको परिक्रमा गर्छ। यस्तो मानिसले उनलाई दोष लगाउन एकक्षण पर्खोस् ! किनकि सुलेमानले वैज्ञानिक भाषा होइन, तर मानिसको दृष्टिमा जस्तो देखिन्छ, त्यस्तै यो कुरा बयान गरेका छन्। किनभने सूर्य उदाएको र अस्ताएको देखिन्छ। अनि वैज्ञानिकहरूले पनि सूर्य उदाएको-सूर्य अस्ताएको भन्छन्; यो सामान्य भाषा भएको छ। यसको निम्ति कुनै स्पष्टीकरण दिइबस्नु-पर्दैन।

**उपदेशक १:६:** सुलेमानले यस पदमा अघिको विचारलाई निरन्तरता दिएका छन्। हावाबतासका नियमहरू पनि वर्षका ऋतुहरू-अनुसार नियमित रूपले बदली हुन्छन्। हिउँदमा उत्तरीय हावा जोरले इस्राएल देशबाट भएर नेगेवसम्म बहन्छ; नेगेव भन्नाले इस्राएलको दक्षिणको मरुभूमि बुझिन्छ। त्यसपछि, जब ग्रीष्म ऋतु आउँछ, तब दक्षिणी हावाहरू बहन थाल्छन् र आफ्नो साथमा उत्तरतर्फ न्यानोपन बोक्छन्। यो हावाहरूको कस्तो न्यास्रो लाग्ने एकनासको चाल हो ! तर हावाका नियमहरू यही चक्रअनुसार चल्छन् र हावाबतासहरू जस्ता आएका छन्, त्यस्तै फेरि हराइहाल्छन्; मानिसहरूको दुनियाँको विषयमा हावाबतासको के वास्ता ?

**उपदेशक १:७:** पृथ्वीको चाल, सूर्य र हावाको चाल मात्र होइन, तर पानीको चाल पनि यस्तै छ। किनकि शताब्दीहरूदेखि पानीले एकै दिनचर्यारूपी नियम कायम राख्छ। सबै नदीहरूको पानी समुद्रमा बगेर जाँदो रहेछ, तर समुद्र कहिल्यै भरिएर पोखिँदैन; किनभने सूर्यले ठूलो मात्रामा पानी लिएर वाफ हुन वाष्पीकरण गर्छ। त्यसपछि जब वाफ बोक्ने हावा चिसो हुन्छ, तब यो वाफ सघन हुन्छ र यसबाट बादलहरू बनिन्छन्। बादलहरू आकाशभरि मड़ारिन्छन् र पानीझरी, हिउँ वा असिनाको रूपमा भूक्षेत्रहरूमाथि बर्साउँछन्। अनि यसबाट उब्रेको पानी नदीहरूमा पुग्छ, जुन नदीहरूले त्यो पानी लगेर समुद्रमा फर्काउँछन्। प्रकृतिको यस निरन्तर गतिविधिले मानिसलाई के सम्झना गराउँछ भने, उसको नटुङ्गिने श्रम पनि यस्तै छ। हुन सक्छ, सायद श्री क्रिस क्रिस्टोफरसनको मनमा यो पदको सम्झना थियो, जब तिनले निम्न गीतका शब्दहरू लेखेः 'म एउटा निरन्तर बगिरहने नदी हुँ, किनकि म कहिल्यै समुद्रमा पुगेको छैनँ।'

**उपदेशक १:८:** यसरी यस पृथ्वीमा सीमित भएको जीवन थकावटले भरिएको हुन्छ। यसको एकनासे एकोहोरोपन, यसको उराठलाग्दो न्यास्रोपन, यसको क्षणभङ्गुरता – यसको पूरा परिभाषा गर्ने मानिसका शब्दहरू पर्याप्त छैनन्। मानिस कहिल्यै सन्तुष्ट, कहिल्यै तृप्त हुँदैन। उसले जति देखे ता पनि उसले अझ धेरै देख्न चाहन्छ। अनि उसका कानहरू नयाँ कुरा सुन्न नहुने गरी कहिल्यै अघाउँदैनन्। मानिसले नयाँ अनुभवहरू, नयाँ दृश्यहरू, नयाँ आवाजहरूको लागि अविराम-सँगले र उन्मत्त भई भ्रमण गरिरहन्छ। एकजना

अमेरिकी समाज शास्त्रीको शब्दमा भन्नु हो भने, यो नित्य प्रयासचाहिँ नयाँ अनुभवको पछि लागिपर्नुपर्ने मानिसको मूलभूत चाहना हो अरे। तर के गर्ने? मानिस यस व्यर्थ प्रयासबाट असन्तुष्ट र निराश भएर फर्कन्छ। मानिसको बनावट यस प्रकारको छ, कि सारा संसारले उसको हृदयमा स्थायी खुशी ल्याउन सक्दैन। तर यो बुझ्नुहोस्ः मानिसको अवस्था आशाहीन होइन। मानिस केवल सूर्यदेखि माथिको तहमा उहाँकहाँ पुग्नुपर्छ, जसले तिर्सना गर्नेको मनलाई तृप्त पार्नुहुन्छ र भोको भएको मनलाई असल थोकले सन्तुष्ट पार्नुहुन्छ (भजन १०७:९)।

> सांसारिक आनन्द क्षीणक हुन्छ, अँ, यो आफैआफ व्यर्थ हुन्छ; यसको चम्किलो चमक व्यर्थ छ, यसको धनका सबै भण्डारहरू व्यर्थ छन्; यसको रवाफ, यसको स्वाङ र धाक व्यर्थ छ; किनभने केवल तपाईं हामीलाई यस धरतीमा रहेसम्म शान्ति र सन्तिष्टि दिन सक्नुहुन्छ। हे प्रभु येशू, तपाईंजस्तो अरू कोही छैन, अहँ, अरू कोही छैन; तिर्खा लागेको मनको लागि तपाईंबाहेक अरू कोही छैन।
>
> अज्ञात लेखकको रचना

**उपदेशक १:९:** *'सूर्यमनि कुनै नयाँ कुरा हुँदैन।'* सुलेमानको यस निराशपनमा थप कुरा के थियो भने, उनले चाल पाए, कि सूर्यमनि कुनै नयाँ कुरा छैन रहेछ; इतिहासमा अतीत घटनाहरू बारम्बार फेरि दोहोरिरहन्छन्। तर उनले नयाँ, नयाँ रोमाञ्चहरूको चाहना गर्ने गर्थे, तर के गर्ने? उनले जेजस्तो गरे पनि, सबै कुराहरू कुनै न कुनै तरिकाले अप्रिय, नमीठो अनुभव पो भएको पत्ता लगाउन उनलाई धेरै बेर लाग्दैनथियो।

**उपदेशक १:१०:** तर के, के साँच्चै कुनै नयाँ कुरा छैन त? हो, एक प्रकारले। किनकि सबैभन्दा आधुनिक अन्वेषण र आविष्कारहरूको विषयमा पनि भन्न सकिन्छ, कि यी नयाँ कुराहरूचाहिँ शुरुदेखि सृष्टिमा बाँधिएका पुराना प्राकृतिक नियमहरू विकास गरेर प्राप्त गरिएका कुराहरू मात्र हुन्। अनि मानिसका गर्वशाली उपलब्धिहरूको विषयमा के हो? यी उपलब्धिहरूमध्ये धेरैको प्रतिरूप प्रकृतिमा पाइन्छ। के हामी तपाईंलाई यसको उदाहरण दिऔं? मानिसहरू उड्नुभन्दा धेरै अघि चराहरू उड्थे। अन्तरिक्ष यात्रा पनि नयाँ कुरा होइन। परमेश्वरले हनोक र एलियालाई उठाउँदा तिनीहरू अन्तरिक्षबाट भएर लगियो; अनि तिनीहरूलाई साथमा अक्सिजन बोक्न दरकार थिएन। यसकारण जुन मानिसहरू नयाँ कुराहरू खोजिनिकाल्न आफ्नो जीवन बिताउँछन्, ती मानिसहरू निराश हुन बाध्य छन्। किनकि त्यो 'नवीन' कुरा त हाम्रो अघिका युगहरूमा भइसकेको कुरा पो हो।

**उपदेशक १:११:** मानिसले निल्नुपर्ने अर्को तीतो चक्की के हो भने, उसले के छिटो बिर्सन्छ! र उसको सम्झना के छिटो हराउँछ! स्थायी यश हुने कुरा एउटा भ्रमको कुरा हो; किनकि हामीमध्ये को होला, जसले आफ्ना बराज्यूको नाम जान्दछ? अनि हाम्रो देशका भूतपूर्व चारजना उप-राष्ट्रपतिहरूका नाम भन्न सक्ने मानिसहरू अझै कम हुन्। हामी आफ्नो दृष्टिमा कति महत्त्वपूर्ण छौं? हामी आफूलाई नभई हुँदैन ठान्छौं। तर हाम्रो मृत्यु भएपछि हाम्रो सम्झना के छिटो हराइहाल्छ; अनि हामीविना यस पृथ्वीमा जीवन सामान्य रूपले चलिजान्छ।

# खण्ड २

# उपदेशक १ः१२-६ः१२ः

## सबै व्यर्थ छ

### क) उपदेशक १ः१२-१८ः दिमागी खोजहरूको व्यर्थता

**उपदेशक १ः१२ः** यहाँसम्म सुलेमानका निष्कर्षहरू भए। तर अब उनले हामीलाई आफ्नो यस खोजको यात्रामा लान्छन्, र हामीलाई जीवनको सर्वश्रेष्ठ, सर्वोत्तम कुराको आफ्नो यस खोजीमा साथमा लैजान्छन्। उनले हामीलाई सम्झना गराउँछन् कि उनी त्यस बेलामा यरूशलेममा इस्राएलका राजा थिए; यसर्थ उनको धनसम्पत्ति, प्रतिष्ठा र क्षमता के पो थिएन, सो आफै सोच्नुहोला। जब सुलेमानले 'म राजा थिएँ' भन्छन्, तब त्यति बेला उनको शासन समाप्त भएको उनले भन्न खोजेको तत्पार्य होइन। उनी राजा थिए र अझै पनि राजा भइरहेका थिए (उपदेशक १ः१)।

**उपदेशक १ः१३ः** यहाँदेखि सुलेमान सूर्यमनि आफ्नो सुखको खोजी शुरु गर्छन्। पहिले उनले समझको मार्गमा लाग्न निर्णय गर्छन्। 'मैले पर्याप्त ज्ञान हासिल गर्न सके म खुशी हुन्छु' भन्ने उनको विचार थियो। यसकारण उनी यथाशक्ति व्यापक शिक्षा हासिल गर्न लगिपरे। उनले आफूलाई अनुसन्धान र अन्वेषण गर्न, मिलाउने संश्लेषण र अलग-अलग छुट्ट्याउने विश्लेषण गर्न, आगमन-विधि र निष्कर्षका सूत्रहरू निकाल्न दिइहाले। तर चाँड़ै उनी विद्याको मोहजालबाट झसङ्ग भए; किनकि विद्या हासिल गर्नमा कुनै खास अर्थ थिएन। वास्तवमा उनले के भन्छन् भने, मनभित्र उब्जेको गहन प्रेरणा बोकीकन जीवनको अर्थ पत्ता लगाउन खोज्ने प्रयास एउटा दुःखदायी काम हो, जससित परमेश्वरले मानिसहरूलाई व्यस्त रहन दिनुहुन्छ।

अनि सन् १९०३-१९९० सालमा बाँचेका समकालीन ऋषि माल्कम मुगेरिज उस्तै निष्कर्षमा आइपुगे, जसले यसो भनेः

> 'मेरो विचारमा, शिक्षाचाहिँ युगयुगको महाधोका र महाछल हो। किनकि शिक्षाले हामीलाई उपयुक्त जीवन जिउन सुसज्जित पार्छु भनेर प्रतिज्ञा गर्छ, र शिक्षाचाहिँ किशोर अपराधदेखि लिएर पूर्व-जराजीर्णतासम्मका सबै रोगहरू निको पार्ने एकमात्र सार्वत्रिक औषधिको रूपमा पेश गरिएको छ। तर प्रायः जसो शिक्षाले उल्टो काम गर्छः त्यसले मानिसहरूको बीचमा मूर्खता बढ़ाउँदो रहेछ; त्यसले कि त मानिसहरूलाई घमण्डी, अहङ्कारी तुल्याउँछ, कि त मानिसहरूलाई सबै कुरा पत्याउने भोला बनाउँछ। किनभने हामीले बुझ्नुपर्छ, कि विद्या दिमाग-धुलाइ गर्नेहरूको हातमा छ, जसले मुद्रण, रेडियो, टेलिभिजन र सामाजिक मीडियाद्वारा हामीलाई तिनीहरूको प्रभावमा र नियन्त्रणमा पारिहाल्छन्।'[10]

हालसालको कुरा होः कसैले विश्व-विद्यालयको पुस्तकालयको भित्तामा बाक्लो, कालो अक्षरमा यी शब्द कोरेः 'यहाँ उदासीपनले राज्य गर्छ।' अरे, जुन कुरा सुलेमानले धेरै शताब्दीहरूभन्दा अघि सिकेका थिए, त्यो कुरा वर्तमान समयमा अर्को एकजनाले भेट्टाएको रहेछ! शिक्षाचाहिँ जीवनको पूर्णताकहाँ पुर्‍याउने मूलबाटो होइन, तर शिक्षा आफूमा सीमित राखिन्छ भने त्यो कति उराठलाग्दो कुरा हुन्छ!

हाम्रा शैक्षिक प्रयासहरूको निम्ति ठाउँ त छ; अनि हाम्रो जीवनमा शिक्षाले महत्त्व भूमिका खोल्न सक्छ। तर विद्याको निम्ति समुचित ठाउँ ख्रीष्ट येशूको चरणमा छ। यसकारण तपाईंले आफूलाई र हासिल गर्नुभएको शैक्षिक ज्ञान र

योग्यता प्रभु येशूलाई अर्पण गर्नुहोस् ! किनकि हामीले हासिल गरेको शिक्षादीक्षा उहाँको महिमा गर्ने माध्यम हुनुपर्छ, नत्र ता शिक्षामा कुनै खास अर्थ हुँदैन ।

यस पदमा परमेश्वरको प्रथम सन्दर्भ छ। अनि परमेश्वरको नाम लिनासाथ हामीले यो अङ्गिकारचाहिँ सुलेमानको गहिरो व्यक्तिगत विश्वासको अङ्गिकार ठान्नुहुँदैन । श्री डब्ल्यू. जे. एर्डम्यानले 'एलोहिम' [11] परमेश्वरको प्राकृतिक नाम भनेका छन् । यस पुस्तकको भूमिकामा हामीले उल्लेख गरेअनुसार यस नामले परमेश्वरलाई सर्वशक्तिमान् परमेश्वरको रूपमा, ब्रह्माण्डको सृष्टिकर्ताको रूपमा प्रस्तुत गर्छ । तर यस पुस्तकभरि सुलेमानले उहाँलाई आफ्ना जनहरूसित बाँध्नुभएको वाचा कायम राख्नुहुने परमप्रभुको रूपमा स्वीकार गरेका छैनन्, जुन परमप्रभुचाहिँ आफूमाथि भरोसा राख्नेहरूलाई अनुग्रह देखाउनुहुन्छ र दाम तिरेर छुटाउनुहुन्छ ।

**उपदेशक १:१४:** यसमा कुनै शङ्का छैन, कि सुलेमानले त्यस समयमा इस्राएल देशमा उपलब्ध भएको सर्वोत्तम शिक्षा पाए। 'मैले सूर्यमनि गरिएका सबै कामकुराहरू देखेको छु' भन्ने उनको निर्लज्ज दाबीबाट यो कुरा स्पष्ट बुझिन्छ । यसको अर्थ के हो भने, उनी मानव विद्वत्ताका अन्य क्षेत्रहरूको साथै विज्ञानमा, दर्शनशास्त्रमा, इतिहासमा, कलाशास्त्रमा, सामाजिक विज्ञानमा, साहित्यमा, धर्मविज्ञानमा, मनोविज्ञानमा, नैतिकतामा, भाषाहरूको ज्ञानमा धेरै जान्ने विद्वान् पो भए ।

उनको नामको अगाड़ि जति पनि उपाधिहरू किन नहोऊन् र उनको कोठाका भित्ताहरूभरि डिप्लोमाका प्रमाण-पत्रहरू टाँसिएका किन नहोऊन्, तर यी कुराहरूबाट उनले खोजेको कुरा पाएनन् । यसको ठीक विपरीत भयो; उनी निष्कर्षमा पुगे, कि यो सबै हावाबतास पक्रन खोजेको एउटा व्यर्थ प्रयास मात्र हो रहेछ ।

**उपदेशक १:१५:** किताबी ज्ञानले जीवनका सबै रहस्यहरू खुलस्त पार्दैन र त्यसका समस्याहरू समाधान गर्दैन भन्ने कुरा पत्ता लगाएर उनी निक्कै निराश भए । किनकि बाङ्गा कुराहरू छन्, जुन कुराहरूचाहिँ सीधा पार्न सकिँदैनन् । अनि अभाव भएका कुराहरू अनगिन्ती छन् । यस विषयमा श्री रोबर्ट लोरिनले पत्ता लगाएर यसो भनेका छन्ः

> 'जीवनचाहिँ एक-अर्कासित नमिल्ने विरोध-आभासहरू र सामान्य नियमअनुसार नभएका विसङ्गतका कुराहरूले भरिएको हुन्छ; तब त्यसका समस्याहरू समाधान कहाँ गर्न सकिन्छ र ? अनि यस सम्बन्धमा कुरा झन् उल्टा छः जीवनलाई अर्थ र महत्त्व दिने कुराहरू होलान्, तर ह्रय, यी नभई नहुने कुराहरूको अभाव बढ़ी भएको छ ।' [12]

हो, मानिस चन्द्रमामा पुगेको छ; तर एउटा मौरी उड्दा वायु-गति विज्ञानका सबै ज्ञात नियमहरू चुनौती दिन्छ । ठिक्कै छ, वैज्ञानिक-हरूले परमाणुका रहस्यहरू कोट्याएका छन्, तर आकाशमा बिजुली चम्कँदा तिनीहरूले यसबाट न विद्युत उत्पन्न गर्न सक्छन्, न ता यसको शक्ति कुनै ब्याट्रीमा जम्मा गर्न सक्छन् । हो, पोलियो र क्षयरोगजस्ता महारोगहरू नियन्त्रणमा आए होलान्, तर सामान्य रुघाखोकीको विषयमा के भयो ? रुघाखोकीमाथि अझ विजय पाउनु छ ।

**उपदेशक १:१६:** सुलेमानले आफ्ना सबै शैक्षिक पुरस्कार र उच्च सम्मानहरू पाएपछि उनले आफ्नो व्यक्तिगत हिसाबकिताब गरे । यरूशलेममा उनीभन्दा पहिले शासन गर्नेहरू जोजति थिए, तिनीहरूको भन्दा उनीसँग धेरै बुद्धि थियो; यो उनको घमण्ड गर्ने कारण थियो (१ राजा ४:२९-३१; २ इतिहास १:१२) । किनकि उनको दिमाग ज्ञानको विशाल कोष भएको थियो । अनि उनीसँग बुद्धि पनि थियो अर्थात् उनी आफ्नो ज्ञान ठीक ठाउँमा प्रयोग गर्न सक्षम थिए; उनले आफ्नो ज्ञान जीवनका दैनिक कामकाजहरूमा लागू गराउन सके; उनले सही

निर्णयहरू गर्न र अरूसँग न्यायसँगत व्यवहार गर्न जान्दथे ।

**उपदेशक १:१७:** सुलेमानलाई याद भयोः एकातिर बुद्धि प्राप्त गर्न उनले आफूलाई अनुशासनमा राखे र उनी पूरा अभ्यस्त भए; अनि अर्कोतिर उनले पागलपन र मूर्खताको बारेमा जान्न प्रयास गरे । अर्को शब्दमा भन्नु हो भने, कहीं जीवनको वास्तविक अर्थ बुद्धिरूपी वल्लो किनारामा थियो कि अथवा मूर्खतारूपी पल्लो किनारामा थियो कि ? या कतै दुवै किनाराहरूमा पो पाइन्छ कि भनेर उनले मानवीय व्यवहारका वल्लो र पल्लो किनारामा खोजे । उनले वरपर जीवनका सबका सब अनुभवहरू गरे; तर उनको निराशाजनक निष्कर्ष यो थियोः यो सबै हावाबतास पक्रन खोजेको एउटा व्यर्थ प्रयास मात्र हुँदो रहेछ ।

धेरै शताब्दीहरूपछि हेनरी मार्टिन नामक एक युवा थिए, जसले क्याम्ब्रिजको विश्व-विद्यालयमा शीर्ष सम्मान खोजे र पाए पनि । तर आफ्नो शैक्षणिक चरमसीमामा पुगेको घड़ीमा तिनले यसो भनेः 'म तीनछक परें; किनकि मैले छाया पो पक्रें !' तर यो तिनको निम्ति एउटा आशिषमय भ्रममुक्त अनुभव भयो । तिनको सम्बन्धमा श्री जे. डब्ल्यू. जोवेटले निम्न कुरा ख्याल गरेका छन्ः 'यसरी तिनले आफ्ना शैक्षिक पुरस्कारहरूबाट आफ्ना आँखाहरू हटाए र ख्रीष्ट येशू हाम्रा प्रभुमा परमेश्वरको उच्च बोलावटको पुरस्कारमाथि लगाए, जुनचाहिँ पूरा सन्तुष्टि दिने एकमात्र पुरस्कार हो ।'

**उपदेशक १:१८:** प्रज्ञाता जीवनको अर्थ खोल्ने चाबी हो भने, हाम्रा कलेजका परिसर-हरूचाहिँ शान्ति र तुष्टिका सुखद, रमणीय माहुल हुनेथिए । तर हाम्रा कलेजहरू यस्ता स्वर्गीय ठाउँहरू कहाँ हुन् र ! होइन, हाम्रा कलेजहरू उद्वेग र अशान्ति मच्चाइरहेका डेक्ची पो हुन् । विद्यार्थीको एउटा पुरानो कार्टून छ; त्यसमा एउटा विद्यार्थीको व्यङ्ग्य-चित्र छ, जसको टाउको एउटा तौलियाले लपेटिएको छ र जसले एस्पिरिनको चक्की निल्न ठूलो मग कफी पिएको छ । यस व्यङ्ग्य-चित्रचाहिँ सुलेमानले अठार पदमा गरेको निष्कर्षसँग खूब मेल खान्छ, जहाँ यसो लेखिएको छः

*'किनभने धेरै बुद्धिमा धेरै पीर हुन्छ;*
*अनि जसले ज्ञान बढ़ाउँछ, उसले कष्ट पनि बढ़ाउँछ ।'*

अर्को शब्दमा भन्नु हो भने, 'तपाईं जति बुद्धिमान् हुनुहुन्छ, उति नै धेरै तपाईंका चिन्ताहरू हुन्छन्; अनि तपाईं जति जान्नुहुन्छ, त्यसको अनुपातमा तपाईंका पीड़ा पनि बढ़ी हुन्छन् ।' यसो हो भने, 'अज्ञानतामा आनन्द छ' र 'तपाईंलाई थाहा नभएको कुराबाट तपाईंलाई कुनै हानि हुँदैन' भन्ने लोकोक्तिहरूमा केही सत्य छ ।

### ख) उपदेशक २: मोजमज्जा, उच्च सामाजिक पद र समृद्धिमा भएको व्यर्थता

**उपदेशक २:१:** ठिक्कै छ, सुलेमानले बौद्धिक खोजमा जीवनको अर्थ, पूर्णता र सन्तुष्टि पाउन सकेनन्; तब उनी अब के गरे ठीक होला ? सुलेमान आफ्नो खोजमा मोज-मज्जातिर लागे । यसमा उनको विचार यस प्रकारको थियोः 'मलाई के लाग्छ भने, मैले मोजमज्जाबाट सकेसम्म धेरै आनन्द उपभोग गर्न सकें भने, मेरो परम सुख यसैमा होला त नि ।' मोजमज्जाको परिभाषा गर्नु हो भने, त्यो त मानिसले व्यक्तिगत अभिलाषाहरू पूरा गरेर त्यसबाट उसले पाउने आनन्दको अनुभव हो । यसकारण उनले सकेसम्म धेरै मोज गर्ने निर्णय गरे । उनी मानिसको मन र उसका इन्द्रिया-हरूबाट उठ्न सक्ने हरेक तरङ्ग र हरेक प्रसङ्गमा संलग्न भए । उनले मनमोजको कचौरा पूरा पिउनेथिए, र त्यसपछि उनको हृदयले फेरि कहिल्यै अरू कुनै कुरा माग्नेथिएन ।

तर उनको यो खोज पनि असफल भयो । किनकि उनी निष्कर्षमा पुगे, कि सूर्यमनि पाउने

सुखहरू व्यर्थ हुँदा रहेछन् ! उनको निराशाको प्रतिध्वनि निम्न स्तुतिगानमा गुँजिन्छः

> 'हे प्रभु, मैले फुटेका दहहरूबाट पानी पिउन
> कोशिश त गरें, तर आहा, त्यहाँ पानी थिएन;
> किनकि जब म पानी पिउन झुकें, तब पानी भागि-
> हाल्यो, र म रोइरहँदा त्यसले मेरो गिल्ला गर्‍यो '।[13)]
>
> बि. इ.

यसको अर्थ के हो ? के परमेश्वरका जनहरूले आनन्द लिनुहुँदैन ? के यो उहाँको इच्छाको विरोधमा छ ? कदापि होइन ! वास्तवमा यसको ठीक विपरीत उहाँको इच्छा हो। परमेश्वरले आफ्ना जनहरूको निम्ति एउटा उत्तम जीवन ठहराउनुभएको छ। तर यस संसारले साँचो आनन्द दिन सक्दैन भन्ने कुरा हामीले बुझेको उहाँ चाहनुहुन्छ। त्यो साँचो आनन्द केवल सूर्यदेखि माथिको तहमा पाउन सकिन्छ। किनकि उहाँको उपस्थितिमा आनन्दको भरपूरी छ; अनि उहाँको दाहिने हातमा सदा-सर्वदा सुखचैनहरू छन् (भजन १६:११)। यसर्थ परमेश्वर सबैभन्दा ठूलो सुखवादी हुनुहुन्छ; उहाँ सर्वश्रेष्ठ आनन्द प्रेमी हुनुहुन्छ।

तर चलचित्रहरू, टि.भी. र विज्ञापन गर्ने मीडियाहरूमार्फत एउटा ठूलो झूट प्रचार-प्रसार गरिन्छः मानिसले परमेश्वरविना यहाँ, यस धरतीमा आफ्नै स्वर्ग बनाउन सक्छ अरे। तर सुलेमानले के सिके, के चाल पाए ? यस संसारले हामीलाई दिन सक्ने सबै कुराहरू पानीका फुटिएका दह र कुवाहरू हुन्, तर परमेश्वर जीवनको पानीको मुहान हुनुहुन्छ।

**उपदेशक २:२ः** उनले फर्केर हेरे र सबै व्यर्थ हाँसोहरू सम्झे। ओहो, यो कत्रो पागलपन थियो ! अनि आफ्ना आमोदप्रमोदका यी क्षण-हरूबाट उनले वास्तवमा केही पनि पाएनन्। हो, कुरा साँच्चै यस्तै छ। किनकि सबै हाँसोको मुकुन्डोको पछाड़ि शोक छ; अनि जुन मानिस-हरूले अरूलाई खुशी तुल्याउन कोशिश गर्छन्, ती मानिसहरूलाई प्रायः बढ़ी व्यक्तिगत सहायताको आवश्यकता पर्छ।

श्री बिली ग्राहमले 'आनन्दको रहस्य' नामक आफ्नो किताबमा निम्न कथा बताएका छन्ः मन असन्तुलित भएको मानिस मनोचिकित्सकसँग परामर्श लिन गएछ। त्यो मानिस गहन खिन्नताले पीड़ित भएको थियो। तर उसले चलाएको कुनै पनि कुराले उसलाई मद्दत गर्न सकेको थिएन। ऊ निरुत्साहित र उदास भएर बिउँझ्यो; अनि समय बित्दै जाँदा उसको मानसिक अवस्था झन्-झन् बिग्रियो। ऊ पूरा हताश भयो; अबदेखि उसो ऊ यसरी जिउन सक्दैनथियो। तर ऊ मनोचिकित्सकको कोठा-बाट निस्कनुभन्दा अघि यी डाक्टरले उसलाई स्थानीय नाटकशालामा भइरहेको कार्यक्रमको बारेमा बताए। त्यस प्रदर्शनमा एक इटालियन जोकर छ, जसले दर्शकहरूलाई रातारात हँसाउँछ, मक्ख पार्छ, फुरुक्क पार्छ अरे। अनि डाक्टरले आफ्नो बिरामीलाई सल्लाह दिएः 'तपाईं त्यस प्रदर्शनमा जानुस् ल, र एक-दुई घण्टा हाँस्नुस् र आफ्ना समस्याहरू बिर्सनुस् ! तपाईंको रोगको उत्कृष्ट उपचार यही हो। त्यहाँ जानुस् र यस इटालियन जोकरलाई हेर्नुस् !' उँधोमुन्टो फर्केको अँध्यारो मुख लिएर यस बिरामीले बिस्तारै भन्योः 'त्यो जोकर मै हुँ।' उसले हाँसोको विषयमा पनि भन्न सक्योः 'यो पागलपन हो', अनि हर्षउल्लासको विषयमा 'यसको के काम छ र ?' भन्न सक्यो।

जीवनमा प्रायः कुरा यस्तो छः हामी अरू मानिसहरूलाई हेर्छौं र 'तिनीहरूसँग कुनै समस्या छैन' भन्ने मिथ्या कल्पना गर्छौं। के तिनीहरूको सङ्कष्ट छैन र? के तिनीहरूलाई कुनै आवश्यकता पर्दैन त ?

**उपदेशक २:३ः** त्यसपछि के भयो ? सुलेमान, ती पुरानो नियमका उड़न्ते पुत्र, मद्य-मदिरातिर पो लागेछन्। उनी सबैभन्दा उत्तम दाखमद्यहरूको पराखी गुणज्ञ बनेछन्। हुन सक्छ, कसले जान्दछ, उनले यसो हुँदा

सबैभन्दा उत्कृष्ट स्वादको अनुभव गर्न सके होलान्; उनको सम्पूर्ण शरीर र प्राण सन्तुष्टै-सन्तुष्ट भयो होला ।

तर धन्न, आफ्नो भोगवाद लगाम र बन्धनमा राख्न उनीसँग पर्याप्त बुद्धि थियो । हामी यो कसरी जान्दछौं ? 'मैले आफ्नो हृदय बुद्धिले डोऱ्याएँ' भन्ने वाक्यबाट यो बुझिन्छ । अर्को शब्दमा भन्नु हो भने, उनी लगाम छोड़ेर असंयमी हुँदैनथिए; उनी पियक्कड़, माद चढ्ने मत्थु भएनन् । उनलाई मदिराको लत लागेको यहाँ कुनै गन्ध छैन । अनि जीवनको अर्थ र यथार्थताको खोजीमा कतै उनी लागू पदार्थको कुलतमा परेको सङ्केत छैन । उनी यसो नगर्न बुद्धिमान् थिए ।

अनि उनले अर्को कुरा जाँचेर हेरे; उनले मूर्खता के हो, सो चाखेर हेरे; अर्थात् उनले हानिकारक नभएको, रमाइला, रद्द, बेमतलबका कुराहरूबाट आनन्द लिए । कारणवश बुद्धिमा जीवनको अर्थ थिएन भने, उनले त्यसको विपरीत दिशामा पनि हेर्ने निर्णय गरे । किनकि कहिलेकाहीं धेरै बाठा मानिसहरूभन्दा लाटा मानिसहरू नै बढ़ी खुशी भएका देखिन्छन् । यसकारण उनले सकभर कोशिश गरे, र आफ्नो ध्यान महत्त्वहीन, तुच्छ कुराहरूमाथि, भोगविलासमाथि र मनोरञ्जनमाथि लगाए । सूर्यमनि बाँच्न पाएका आफ्ना छोटाभन्दा छोटा दिनहरूमा मानिसले के गरे सठीक होला, सो कुरा पत्ता लगाउनुचाहिँ उनको निम्ति दिक्दारी काम थियो । किनकि उनले यी तुच्छ कुराहरूबाट यसको खास जवाफै पाएनन् ।

**उपदेशक २:४-५:** यसकारण सुलेमानले एउटा विशाल निर्माण-कार्यक्रम शुरु गर्ने निर्णय गरे । शिक्षादीक्षामा होइन, मोजमज्जामा पनि होइन, मद्यमरिदाको सेवनमा होइन र मूर्खतामा पनि जीवनको रहस्य खोल्ने कुञ्जी थिएन भने त सायद धनसम्पत्तिमा यसको चाबी थियो कि ? उनले भव्य भवनहरू निर्माण गरे; उनले आफ्नो निम्ति एकर-एकरका दाखबारीहरू लगाए । सुलेमानको निर्माण-कार्यक्रमको विषयमा जति जान्न सक्छौं, त्यसबाट स्पष्ट बुझिन्छ, कि उनले त्यसमा कम्ती खर्च गरेनन् ।

उनले ठूला-ठूला पार्कहरू, बगानहरू र फूलबारीहरू लगाए – ओहो, कत्रा अदनका बगैंचाहरू ! देशभरि जताततै सबै किसिमका फलफूलका रूखहरू भएका बगैंचाहरू थिए । हामी सजिलोसँग सुलेमानलाई कल्पना गर्न सक्छौं, जसले आफ्ना मित्रहरूलाई यी बगैंचाहरू देखाउने भ्रमणमा लगे; तिनीहरूको प्रफुल्ल मनबाट निस्केका वाह-वाह शब्दहरूद्वारा उनको अहम कति फुल्यो होला ?

सायद उनका यी साथीहरूमध्ये कसैसँग पनि श्री सामुएल जोह्न्सनको जस्तै साहस थिएन होला । किनकि जब एकजना करोड़पतिले तिनलाई आफ्नो अहम फुलाउने भ्रमणमा साथमा लगे, र तिनले सारा वैभव र गौरव देखे, तब तिनले यिनलाई यसो भन्ने आँट गरेः 'यी तिनै कुराहरू हुन्, जसले गर्दा मानिसलाई मर्न गाह्रो पर्ला ।'

श्री हान्स क्रिस्त्यान एन्डर्सनको 'सम्राटको वस्त्र' नामक कथामा उल्लेख गरिएका राजाजस्तै यस संसारमा अझै पनि धेरै करोड़पतिहरू होलान् । किनकि यी राजाको के भ्रमको विचार थियो भने, तिनी अत्यन्तै सुन्दर लुगा लिएर परेडमा गए क्यारे । तर एउटा सानो बालकले राजालाई पूरै नाङ्गो भएका देख्न सक्यो । ओहो, कति लाज, कति शर्म !

**उपदेशक २:६:** यस्ता विशाल बगानहरूलाई ग्रीष्म ऋतुका गरम, सुक्खा महिनाहरूमा सिँचाइ चाहिएको थियो । यसकारण सुलेमानले यी बगानहरूकहाँ पानी पुऱ्याउन नहरहरू, तालहरू र पोखरीहरू तिनका नाला-कुलाहरूसहित निर्माण गरे ।

रासैरास धनसम्पत्तिले निश्चय शान्ति र आनन्द दिन सकेको भए पक्का पनि उनी त्यही शान्ति र आनन्दको पात्र हुनेथिए । तर उनले सिक्नुपऱ्यो, जुन कुरा हामी सबैजनाले

सिक्नुपर्छः साँचो आनन्द उन्माद भई गरेको धनको सञ्चयबाट आउँदैन, तर उदारचित्तको त्यागबाट पो आउँछ। जुन कुरा खानेकुरा थिएन, उनी बिचराले त्यस कुराको लागि आफ्नो पैसा खर्च गरे, अनि जुन कुरा सन्तुष्टि दिँदैनथियो, त्यही कुरामा आफ्नो परिश्रम खर्च गरे (यशैया ५५:२)।

**उपदेशक २:७ः** राजालाई आफ्नो विशाल सम्पदा सञ्चालन गर्न भीड़ैभीड़ नोकरचाकर-हरूको आवश्यकता परेको थियो। यसकारण उनले कमारा-कमारीहरूलाई किनेर काममा लगाए। अनि उनको घरमा जन्मेका दासहरू पनि थिए; त्यस बेलाको प्रतिष्ठा प्रतीकमा यो महत्त्वपूर्ण थियो।

सुलेमानको लागि, र अरू धेरैजसो मानिस-हरूको निम्ति, आफ्नो महानता केमा थियो, र छ? के सेवा पाउनुमा थिएन? किनकि उनको निम्ति सेवा गर्ने मानिसभन्दा टेबलमा बस्ने मानिस ठूलो हुन्थ्यो। तर सुलेमानभन्दा महान् व्यक्ति यस संसारमा आउनुभयो; अनि उहाँले दासहरूको दासको रूपमा धारण गर्नुभयो। अनि उहाँले परमेश्वरको राज्यमा महानता के हो, त्यो साँचो महानता देखाउनुभयो; अनि यो साँचो महानताचाहिँ सेवा हो र सेवाको भावना हो (मर्कूस १०:४३-४५; लूका ९:२४-२७)।

यरूशलेमका बासिन्दाहरूमध्ये अरू कोही थिएन, जसका गाईवस्तु र भेड़ाबाख्राहरू सुलेमानजतिका थिए। सबैभन्दा ठूला बथान र बगालहरू उनका बारीहरू र चरनहरूहुँदा चर्ने गर्थे। यसकारण प्रतिष्ठाचाहिँ सुखी जीवनको कुञ्जी थियो भने त उनीसँग त्यो चाबी थियो। तर प्रतिष्ठा त्यो चाबी थिएन। यसकारण उनीसँग त्यो कुञ्जी पनि थिएन। यस सम्बन्धमा एकजना अज्ञात भाइले यसो भनेका छन्: 'मैले जीवनको आनन्द उपभोग गर्ने सबै कुराहरू मागें, तर मलाई एउटा जीवन दिइयो, जसले गर्दा मैले सबै कुराहरूबाट आनन्द लिन सकें।'

**उपदेशक २:८ः** अनि सुलेमानका आर्थिक स्रोतहरूको बारेमा हामी के भनौं त! उनीसँग प्रशस्त सुन र चाँदी थियो; उनीसँग राजाहरू र प्रान्तहरूको धन थियो। यसको मतलब यो थियो, कि उनले आफ्नो अधीनतामा बसेका जातिहरूबाट कर उठाउने गर्थे, र उनले पराजित गरेका क्षेत्रहरूबाट सम्पत्तिहरू जम्मा गर्थे। अनि अर्को सम्भावित अर्थ यो पनि हो, कि शेबाकी रानीजस्तै उनलाई भेट्न आउने गन्यमान्य व्यक्तिहरूले उनलाई विभिन्न कलावस्तुहरू उपहारको रूपमा चढ़ाउँथे।

उनले सङ्गीत चाखेर हेरे। अनि सङ्गीतमा आकर्षण-शक्ति छ। यसकारण उनले उत्कृष्ट गायक र गायिकाहरूलाई भेला गरे। शायद यरूशलेमको खबरकागजमा यी सार्वजनिक सङ्गीत समारोहहरूको विषयमा प्रतिवेदनहरू पढ्न पाइन्थ्यो। तर राजाको निम्ति निजी प्रदर्शनहरू पनि हुन्थे, जस्तैः रात्रीभोजको सङ्गीत, च्याम्बर आर्केष्ट्रा आदि। अनि मेरो विचारमा, उनको निराशा श्री सामुएल जोह्न्सनले 'द हिस्टोरी ऑफ रसेलास, द प्रिन्स ऑफ एबिसिनिया' नामक पुस्तकमा यसरी राम्रोसँगले व्यक्त गरेका छन्ः

> 'म एकसाथ बाँसुरी बजाउनेलाई र गायकलाई बोलाउन सक्छु; तर के गर्ने? मलाई हिजो प्रसन्न तुल्याएको रागले मलाई आज थकाएको छ, र भोलि झन् बढ़ी थकाउला। मैले सुखको वैध आमोदले आफ्नो मनको जुनैपनि अनुभूति तृप्त पारें, र अब म मेरो मनमा अरू कुनै अनुभूति भेट्टाउन सक्दिनँ, जुन अनुभूति तृप्त भएको छैन; र पनि म आनन्दित हुँदिनँ। यसर्थ निश्चय नै मानिसमा एउटा गुप्त इन्द्रिय हुनुपर्छ, जसको निम्ति यहाँ, यस धरतीमा कुनै सन्तुष्टि पाइँदैन। अथवा मानिसमा उसका ज्ञानेन्द्रियहरूदेखि बाहिरका केही चाहनाहरू हुनुपर्छ, जुन चाहनाहरू पहिले तृप्त हुनैपर्छ, नत्र ता ऊ कहिल्यै खुशी हुनै सक्दैन।' [15)]

अनि सुलेमानले मैथुनको स्वाद चाँखे। उनले केवल दाखमद्यको स्वाद मात्र होइन

(पद ३), गीतको मिठास मात्र होइन (पद ८), तर उनले स्त्रीप्रसङ्गको स्वाद पनि लिएः मद्य, स्त्रीहरू र गीत ! जुन शब्द आठ पदमा के.जे.वी. र एन.के.जे.वी.-बाइबलहरूमा 'सबै प्रकारका बाजाहरू' भनेर अनुवाद गरियो, त्यस शब्दको खास अर्थ धमिलो छ, र यसको अनुवाद यसको सन्दर्भको फल हो । यसकारण एन.ए.एस.बी.-बाइबलले यस पदको यो अंश 'मैले मानिस-हरूका सुखहरूअनुसार *धेरै उपपत्नीहरूको* प्रबन्ध गरें' भनेर अनुवाद गर्‍यो । पवित्र बाइबलले कति कुराको अनुमोदन नगरे ता पनि हामीलाई सत्य कुरा बताइदिन्छः सुलेमानसँग सात सय पत्नीहरू र तीन सय उपपत्नीहरू थिए (१ राजा ११:३) । अनि उनले 'सुख प्राप्त गर्ने तरिका यही हो' भन्ठाने, कसरी ? यस्तो विशाल जनानखानामा कति ईर्ष्या, कति नचाहिँदो गफ, कति चुक्लीचाक्ली थियो, सो विचार गर्नुहोस् त !

अब हामी आफ्नो रोगी समाजको कुरा गर्नुपर्छ; किनकि 'सम्भोगचाहिँ जीवनको सुख र पूर्णताको राजमार्ग हो' भन्ने भ्रम हाम्रो समाजमा अझ पनि जारी रहेकै छ। एक पति र एक पत्नीको बीचको विवाहको सम्बन्धमा परमेश्वरले यौन-सुख निर्धारित गर्नुभएको हो । अनि यस सीमाभित्र त्यो सम्भव देखिन्छ। तर सम्भोगको दुर्व्यवहारले गर्दा मानिसलाई भारी कष्ट र स्वनाश भएको छ ।

वर्तमान यौनग्रस्त सनक समाजको शिकार भएकी एकजना स्त्रीले आफूलाई पूरा ठगिएकी महसुस गरिन् । किनकि यिनले यसरी लेखेकी छिन्ः

> 'मलाई अहिले के लागेको छ भने, मैले त्यस बेलामा सम्भोग खोजेकी थिएँ; मैले त्यो कुरा लटरीको ठूलो पुरस्कार सम्झें; मैले त्यो कुरा मेरो सारा दुनियाँ उज्यालो पार्ने माध्यम ठानेकी थिएँ, एउटा पिनबल मेसिनजस्तै । तर सम्भोग-क्रीडा सकेपछि मैले साह्रै कम्ती पाएकी मलाई लाग्यो । अनि मलाई याद छ, मैले त्यस बेलामा सोच्दैथिएँः "के सम्भोगमा केवल यति छ र ? के साँच्चै त्यसमा यति मात्र छ ?" ' 16)

**उपदेशक २:९ः** सुलेमान महान् भए । उनले सबै भूतपूर्व राजाहरूलाई जितेछन्, किनकि उनी सिँढी चढ़ेर तिनीहरूको भन्दा उच्च स्तरमा पुगे; अनि उनको सन्तुष्टि यसैमा थियो । तर यस प्रकारको सन्तुष्टि के होला त नि ? अनि उनले अनुभव गरेका सबै प्रयोगविधिहरू र उनले गरेका सबै अध्ययन-यात्राहरूपछि पनि उनको बुद्धि अझै पनि उनको साथमा थियो; उनले आफ्नो दिमाग गुमाएनन् ।

**उपदेशक २:१०ः** सन्तुष्टिको खोजीमा उनले आफ्नो खर्चमा कुनै सीमा राखेनन् । उनले आफूले चाहेको कुनै चीज देखे भने, उनले त्यो चीज किनिहाले । अनि उनले कुनै सुखको आमोद गर्न चाहे भने, उनले त्यो सुख गरिछाड़े । उनले जहिले पनि केही न केही चीज प्राप्त गर्नु थियो र केही न केही काम गर्नु थियो; उनी यस चक्करमा परेर के हदसम्म आनन्द पाए । तर उनले सुख र सम्पत्तिको पछि लागेको व्यर्थ प्रयासको निम्ति यो क्षणिक आनन्द उनले पाएको एकमात्र प्रतिफल थियो ।

**उपदेशक २:११ः** त्यसपछि उनले आफूले गरेका सबै कामकुराहरूको हिसाबकिताब गरे । आहा, उनले यसको निम्ति कति ऊर्जा खर्च गरेका थिए ! र यसको प्रतिफल के पो थियो ? सबै व्यर्थ रहेछ र सबै हावाबतास पक्रन खोजेको एउटा व्यर्थ प्रयास हुँदो रहेछ ! उनले सूर्यमनि दिगो सन्तुष्टि पाएनन् । श्री मार्टिन लुथरले जस्तो उनले पनि 'सारा संसार कुकुरको सामु फ्याँकिएको रोटीको टुक्रा मात्र हो' भन्ने कुरा थाहा पाए । किनकि सबै कुराहरूबाट उनलाई दिक्क र वक्क लागेको थियो ।

एकजना राल्फ बार्टुन नामक व्यङ्ग्य-चित्र बनाउने उत्कृष्ट कार्टूनकार थिए, जसलाई पनि दिक्क भइरहेको थियो । किनकि तिनले यसो लेखेका छन्ः

> 'मेरा समस्याहरू थोरै छन्; मेरा साथीहरू धेरै र मेरा सफलताहरू ठूला छन्; म एउटी श्रीमतीदेखि अर्की श्रीमतीकहाँ गएको हुँ; मैले घर किन्दै-घर बेच्दै बारम्बार आफ्नो घर बदली गरेको छु; अनि मैले संसारका प्रायः सबै देशहरू घुमेको छु । तर मेरो दिनको चौबीस घण्टा भर्ने यी उपायहरूबाट मलाई दिक्क भएको छ ।' 16)

सुख र सम्पत्ति मानिसको हृदय भर्नमा असफल हुन्छ-हुन्छ। यो कुरा सुस्पष्ट पार्न हामी निम्न काल्पनिक मानिसको एउटा कथा पेश गर्छौं; उसले कुनै कुरा केवल इच्छा मात्र गर्नुपरेको थियो, र उसले त्यो कुरा तुरुन्तै पाइहाल्थ्यो। यस मानिसको कथा यस प्रकारको छः

> 'उसले एउटा घरको चाहना गर्‍यो, र तत्कालै उसले त्यो घर पाइहाल्यो, जसको ढोकामा उसको सेवा गर्ने नोकरचाकरहरू पनि हाजिर थिए । उसमा एउटा क्याडिलैक कार पाउने इच्छा जाग्यो, र नभन्दै त्यो भव्य कार चलकको साथ उसकोमा आइपुग्यो । शुरुमा ऊ साह्रै खुशी थियो; तर चाँड़ै उसलाई वक्क र दिक्क लाग्यो । अनि उसले आफ्नो नोकरलाई भन्योः "म यसबाट निस्कन चाहन्छु । म केही न केही कुरा रच्न चाहन्छु; म केही दुःख पाउन चाहन्छु । म यहाँ बस्नुभन्दा बरु नरकमा बस्न चाहन्छु ।" अनि उसको नोकरले उसलाई जवाफ दियोः "तपाईं कुन ठाउँमा हुनुभएको, तपाईंलाई के लाग्दैछ ?" ' 17)

हाम्रो वर्तमान समाजका मानिसहरू एउटा भौतिकताको नरकमा बसिरहेका छन्; किनकि तिनीहरूले आफ्नो हृदय चिरस्थायी आनन्द ल्याउन नसक्ने भौतिक चीजहरूले सन्तुष्ट पार्ने प्रयास गरिरहेका छन् ।

**उपदेशक २:१२:** सुलेमानले आफ्नो सारा अनुसन्धानको निराशाजनक नतिजाले गर्दा विचार गर्न थालेः 'बुद्धिमान् मानिस हुनु कि मूर्ख मानिस हुनु – कुनचाहिँ उत्तम होला ?' उनले यो कुरा अध्ययन गर्ने निर्णय गरे। यो जीवन पानीका फोकाहरूको पछि लाग्ने कुरा हुँदो रहेछ। समझदार भएर जिउने मानिसलाई अर्को मानिसको भन्दा बढ़ी फाइदा के होला त नि, जसले समझदार हुनुको ठीक विपरीत गर्छ, अनि पागलपन र मूर्खतामा शरण लिएर एउटा सुखी जीवन यापन गर्छ ?

उनी एकमात्र सार्वभौम राजा थिए; उनी बुद्धिमान् र धनी राजा थिए; यसकारण यो कुरा पत्ता लगाउन उनको अवस्था राम्रो थियो । तर उनले यो कुरा पत्ता लगाउन सकेनन् भने, उनको पछि आउने मानिस जोसुकै होस्, उसलाई यो कुरा पत्ता लगाउने सम्भावना निक्कै कम हुनेथियो । किनभने राजाको उत्तराधिकारी हुनेले यस विषयमा कुनै नयाँ प्रकाश पाउने सम्भावना के पो थियो र ?

**उपदेशक २:१३:** उनको सामान्य आम-निष्कर्ष के थियो भने, मूर्खताभन्दा बुद्धि धेरै उत्तम हो, जसरी अन्धकारभन्दा ज्योति पनि धेरै उत्तम छ। किनकि बुद्धिमान् मानिस ज्योतिमा हिँड्छ र उसले बाटोमा उसमाथि आइलाग्ने खतराहरू देख्न सक्छ। तर मूर्ख मानिस अन्धकारमा छामछाम-छुमछुम गर्छ, र हरेक खाड़ल र पासोमा परिहाल्छ ।

**उपदेशक २:१४:** बुद्धिमान् मानिसका आँखाहरूले सामुमा ऊ गइरहेको ठाउँ देख्न सक्छन्; हो, बुद्धिमान् मानिसको फाइदा यति नै हो । तर अन्तिम आएर यसले के भिन्नता गर्छ ? किनकि अन्तमा यी दुवैजना मर्नुपर्छ, र बुद्धि जति भए पनि त्यसले यो अन्तिम नियुक्ति ढिलो होस् वा रद्द होस् भन्ने पार्न सक्दैन । सबै मानिस-हरूको अन्तिम दशा त्यही रहेछ ।

**उपदेशक २:१५:** जब सुलेमानले महसुस गरे, कि मूर्ख मानिसको दशा उनको पनि दशा हुने रहेछ, तब उनले आफूलाई 'मैले आफ्नो जीवनभरि बुद्धिमान् हुन यति प्रयत्न किन गरें होला' भन्ने प्रश्न गरे । किनकि बुद्धिको एकमात्र फाइदा के हो भने, यसले बाटो उज्यालो पार्दो रहेछ । तर योबाहेक बुद्धिमा अरू असल कुरा के पो छ र ? अनि यही कारणले गर्दा बुद्धिको खोजी पनि ठूलो श्रमको बर्बादी हो ।

**उपदेशक २:१६-१७:** अनि यही विचारलाई उनले १६ र १७ पदमा निरन्तरता दिन्छन्। बुद्धिमान् मानिस र मूर्खा मानिसको अन्त्येष्टि भएपछि मानिसहरूले दुवैजनालाई तुरुन्तै बिर्सन्छन्। एक-दुई पुस्ताभित्र यिनीहरू कहिल्यै नबाँचेको जस्तै छ। हिजाआज धेरै महत्त्वपूर्ण भएका नामहरू र मानिसहरू छन्, जसका अनुहारहरू विस्मृतिमा हराउनेछन्। चिरस्थायी प्रसिद्धताको कुरा गर्नु हो भने, यस सम्बन्धमा बुद्धिमान् मानिस मूर्ख मानिसभन्दा उत्तम छैन, तर बराबर हुन्छ।

'मानिसको प्रसिद्धता यति क्षणिक छ र मानिसको सम्झना यति छिट्टै हराइहाल्छ' भन्ने चिसो बोधले गर्दा सुलेमानले आफ्नो जीवन घृणा गर्न थाले। सूर्यमनि मानवीय क्रिया-कलापमा सन्तुष्टि र तृप्ति पाउनु पर जाओस्, उनले शोक पो पाए। 'सबै व्यर्थ छ र हावाबतास पक्रन खोजेको व्यर्थ प्रयास पो हो' भन्ने कुरा बुझ्दा उनी विचलित भए।

प्रसिद्धता हासिल गरेका एक पूर्व-खेलाड़ीले यसो भनेका छन्:

> 'मेरो जीवनको सबैभन्दा ठूलो हर्ष के थियो भने, जब एउटा ठूलो फूटबल-मैचमा मैले पहिलो पल्ट निर्णयक गोल हानें, र हर्षोल्लासित भीड़को चिच्च्याउने आवाज सुनें। तर त्यही रात मेरो कोठाको शान्त वातावरणमा यसको अर्थहीनताको अनुभूतिले मलाई छोप्यो। आखिरमा यसको महत्त्व के थियो र? के जीवनमा गोलहरू हान्नुभन्दा राम्रो कुरा थिएन? यस्ता विचारहरूले गर्दा मैले जीवनको तृप्तिको खोजी गर्न थालें। अनि मेरो हृदयमा मलाई थाहा थियो, कि मेरो आवश्यकता परमेश्वरबाहेक अरू कसैले पनि पूरा गर्न सक्दैन। अनि त्यसपछि धेरै समय लागेन, र मैले ख्रीष्ट येशूमा पाएँ, जुन कुरा मैले संसारमा कहिल्यै भेट्टाउन सक्नेथिइनँ।' 18)

**उपदेशक २:१८:** सुलेमानलाई साह्रै बेठीक लागेको, उनको दृष्टिमा सबैभन्दा ठूलो अन्याय के थियो भने, उनले आफूले थुपारेको धन उपभोग गर्न पाउँदैनथिए। यस सिलसिलामा श्री सी. ई. स्टूवर्टले यसरी लेखेका छन्:

> 'मृत्युचाहिँ सुख नामक रूखको जरामा बस्ने कीरा हो। किनकि मृत्युले हाम्रो सुख हरण गर्छ; त्यसले हाम्रो आनन्द निभाउँछ; किनकि त्यसले त्यति बेला मानिसको जीवन शेष पार्छ, जुन बेलामा उसले बल्ल वर्षौंवर्ष गरेको परिश्रमको फल उपभोग गर्न लागेको थियो।' 19)

हो, सुलेमानले आफूले थुपारेको धन उपभोग गर्न पाउनेथिएनन्, तर उनले त्यो सबै आफ्नो उत्तराधिकारीको निम्ति छोड्नुपरेको थियो।

**उपदेशक २:१९:** अनि पित्तजत्तिकै तीतो कुरा के हो भने, उत्तराधिकारी बुद्धिमान् नहुनु पनि सम्भव थियो। ऊ फजुलखर्ची हुन सक्नेथियो, ऊ नकली हुन सक्नेथियो, ऊ एउटा अल्छे, कामचोर हुन सक्नेथियो। तर के गर्ने? ऊ उनको सारा सम्पत्तिको उत्तराधिकारी हुनेथियो। ऊ सम्पत्तिको बर्बादी र अपव्यय गर्ने मालिक हुनेथियो – एउटा सम्पत्तिको मालिक, जसको निम्ति उसले न कुनै मेहनत गऱ्यो, न कुनै योजना गऱ्यो।

यो कुरा साँच्चै सुलेमानलाई तीतो-पीरो लाग्यो। हुन सक्छ, उनले सायद आफ्नै परिवारमा यस्तो हुनेछ भन्ने पूर्वआभास पाए होलान्। हुन सक्छ, उनले अघिबाट आफ्नो छोरा रहबामलाई चिने होलान्, जसले आफ्नो मूर्खताले गर्दा सुलेमानले धेरै मेहनत गरेर जम्मा गरेको सारा धनसम्पत्ति उड़ाउनेथिए। इतिहास साक्षी छः रहबामले ठीक यस्तै गरे। तिनले आफ्ना वृद्ध सल्लाहकारहरूको कुरा सुन्न इन्कार गरेका हुनाले तिनले राज्यमा विभाजन ल्याइ-हाले। जब मिस्त्रीहरूले यहूदामाथि हमला गरे, तब तिनले तिनीहरूलाई मन्दिरका भण्डारहरूमा भएको धन दिएर मनाए। अनि सुनका ढालहरू मिस्त्रीहरूको खजानामा गए, र रहबामले तिनको सट्टामा पित्तलका ढालहरू बनाए (२ इतिहास १२:९-१०)।

**उपदेशक २:२०:** आफ्नो जीवनकार्य र आफ्नो धनसम्पत्ति अयोग्य उत्तराधिकारीको हातमा छोड्नुपर्ने सम्भावना र पूर्वेक्षणले सुलेमानलाई ठूलो निराशा र हतोत्साहमा डुबाइदियो। उनका आँखामा यो एकदम बेतुकाको र असङ्गत कुरा देखिन्थ्यो; यसकारण उनलाई आफ्ना सबै प्रयासहरू व्यर्थ भएका जस्तै लाग्यो।

**उपदेशक २:२१:** यस सम्पूर्ण विचारबाट उनी व्याकुल भए; किनकि उनीजस्तै मानिस बुद्धिमानी साथ लगानी गरेर, व्यापारको हिसाबले बाठै निर्णयहरू गरेर र निपुणतासाथ सठीक कदमहरू चालेर आर्थिक धनहरू थुपारेपछि आफ्नो मृत्यु हुने बेलामा त्यो सबका सब कसैलाई छोड़ेर जान बाध्य हुन्छ, जसले त्यस धनको निम्ति कहिल्यै, कुनै काम गरेको छैन र चिन्ताको एक औंसा पनि खर्च गरेको छैन। यो एउटा बेतुका मूर्खता र ठूलो विपत्ति-बाहेक अरू के हुन सक्नेथियो र?

सुलेमानले खोजेर निकालेका निचोड़हरूमा के मतलब छ र? किनकि अझ पनि सारा संसारभरि बुबाआमाहरूले आफ्ना छोराछोरी-हरूको निम्ति आफ्नो जीवनको सबैभन्दा उत्तम भाग सम्पत्ति जम्मा गर्न बिताउँछन्। तिनीहरूले यो आफ्नो निस्वार्थ नैतिक दायित्व पो भन्छन्। तर श्री रोबर्ट जेमिसन, श्री एन्ड्रु आर. फौसेट र श्री डेविड ब्राउनले निम्न सुझाउ दिएका छन्:

> 'निश्चय आफ्ना छोराछोरीहरूको निम्ति गरिने प्रबन्धको पछाड़ि प्रायः सांसारिक बुबाआमाहरूको स्वार्थ लुकेको छ।'[20]

किनकि तिनीहरूको पहिलो र प्रथम विचार-चाहिँ आफ्नै बुढ़ेसकालको लागि प्रशस्त प्रबन्ध गर्नु हो। तिनीहरूले यसो गर्दा पहिले आफ्नो निम्ति सोच्छन्। किनकि केवल तिनीहरूको उब्रेको सम्पत्तिमाथि तिनीहरूका छोराछोरीहरूको हक लाग्छ; अनि त्यो पनि बुबाआमाहरूको मृत्युले गर्दा र अंशबन्डाका सरकारी नियमहरूले गर्दा यसो हो।

हामीले इसाई दृष्टिकोणले हेर्नु हो भने, बुबाआमाहरूले काम र परिश्रम गरेर, कमखर्ची, मितव्ययी जीवन जिएर, बचत गरेर र त्याग गरेर आफ्ना छोराछोरीहरूको निम्ति रुपियाँपैसा छोड्न कुनै खास कारण छैन। पछाड़ि छोड्न सकिने सबैभन्दा उत्तम सम्पदा आत्मिक हो, आर्थिक होइन। इच्छापत्रहरूमा फलाना र फलानाको निम्ति निर्धारित गरिएको रुपियाँ-पैसाले धेरजसो सुखी र मिलानसार परिवार-हरूमा गहन ईर्ष्या, बेमेल र फाटो पो ल्याउँछ। धेरै पल्ट अचानक ठूला-ठूला अंशहरूका उत्तराधिकारी बनेका छोराछोरीहरूको आत्मिकता र नैतिकता बिग्रिएको छ। अनि यस कुराले अनिवार्य रूपले अन्य खराबीहरू निम्त्याउँछ।

यस कुरामा हामीले आत्मिक दृष्टिकोण अपनाउनु हो भने, हामीले आफ्नो रुपियाँपैसा अहिले नै परमेश्वरको काममा लगाउनुपर्छ, र अयोग्य, कृतघ्न, बैगुणी र मुक्ति नपाएका छोराछोरीहरूलाई छोड्नुपर्दैन, जस्तै कहिले-काहीं हुँदो रहेछ। यस विषयमा श्री मार्टिन लुथरले महसुस गरे, कि जुन परमेश्वरकहाँ तिनले आफूलाई सुम्पेका थिए, ती परमेश्वरको हातमा तिनले आफ्नो परिवारलाई पनि सुम्पन सक्छन्। यसकारण तिनले आफ्नो इच्छापत्रमा र वसियतमा यसरी लेखे:

> 'हे परमप्रभु परमेश्वर, म तपाईंलाई धन्यवाद चढ़ाउँछु; किनकि मलाई यस पृथ्वीमाथि गरिब र दरिद्र मानिस बनाउन तपाईंको इच्छा थियो। मेरो पछाड़ि कसैलाई छोड़ेर जान मसँग न घर छ, न जग्गा छ, न ता पैसा छ। तपाईंले मलाई एउटी पत्नी र छोराछोरीहरू दिनुभयो, जसलाई म अब फेरि तपाईंको हातमा सुम्पन्छु। हे प्रभु, जसरी तपाईंले मसित सुव्यवहार गर्नुभयो, त्यसरी नै तिनीहरूलाई पालन-पोषण गर्नुहोस्, तिनीहरूलाई सिकाउनुहोस् र तिनीहरूको सुरक्षा गर्नुहोस्।'

**उपदेशक २:२२:** सुलेमोन निष्कर्षमा पुगे: सूर्यमनि मानिसको सारा श्रम, टाउको दुःखाइ र हृदयको पीड़ाको परिणाम-स्वरूप उसले स्थायी

मूल्यवान् तत्त्व पाउँदैन रहेछ । मानिसले कोशिश गर्छ, उसले योजना बनाउँछ, उसले फिक्री गर्छ र उसले आफूलाई थकाउँछ – तर केको लागि ? उसको मृत्युको पाँच मिनेटपछि त्यसले के भिन्नता गर्छ ?

निस्सन्देह दिव्य प्रकाशविना हामी पनि त्यही निष्कर्षमा आइपुग्नेथियौं । तर परमेश्वरको वचनबाट हामीलाई थाहा छ, कि हामी आफ्नो जीवन परमेश्वरको लागि र परलोकको निम्ति जिउन सक्छौं । हामी जान्दछौं, हामीले उहाँको लागि गरेका सबै कामकुराहरूको निम्ति इनाम पाउनेछौं । प्रभुमा हाम्रो परिश्रम व्यर्थ हुँदैन (१ कोरिन्थी १५ :५८) ।

**उपदेशक २:२३ः** तर मृत्युपार कुनै आशा नभएको मानिसको लागि यो सत्य होः उसका दिनहरू पीड़ा र कष्टपूर्ण कामले भरिएका हुन्छन्, र उसका रातहरू ऊ दायाँ-बायाँतिर ढल्किँदै बित्छन् । जीवन एउटा ठूलो हतोसाहको अनुभव हो, र फिक्रीचिन्ताहरू र टाउँको-दुःखाइले भरिएको छ ।

**उपदेशक २:२४ः** हो, कुरा यस्तो छ । यसकारण जुन मानिसको लागि उसको सम्पूर्ण अस्तित्व सूर्यमनि छ, उसको जीवनको आदर्श-वाक्य र त्यसको तर्कसँगत सिद्धान्त यो होः 'खाऊ, पिऊ र आफ्नो परिश्रमबाट आनन्द लेऊ !' यहाँ सुलेमानले घिचासपन र मतवलीपनको पक्ष लिँदैनन्, यसको सिफारिस गर्दैनन् । तर उनले भन्न खोजेको कुरा यही होः जीवनका मामुली कामकुराहरूमा हामीले जतिसक्दो आनन्द लिन सक्नुपर्छ । यो पनि परमेश्वरको हातबाट भएको होः मानिसहरूले जीवनका साधारण कृपाहरू उपभोग गर्न सक्नुपर्छ, जस्तैः स्वादिष्ठ खानाबाट आउने मीठो स्वाद लिन, सुराविनाको साधारण जल-पानको सेवनबाट आनन्द लिन र इमानदार कामबाट आउने सन्तुष्टि उपभोग गर्न सक्नु-पर्छ । मानिसमा भोगको शक्ति तबसम्म हुँदैन, जबसम्म परमेश्वरले उसलाई त्यो दिनुहुन्न ।

पछि प्रेरित पावलमा अर्को प्रचारक उठे, जसले सुलेमानको यो दृष्टिकोण पुष्टि गरे । किनकि तिनको भनाइअनुसार मरेकाहरूको पुनरुत्थान हुँदैन भने त सबैभन्दा राम्रो नीति-चाहिँ 'खाऔं र पिऔं; किनकि भोलि हामी मर्छौं' भन्ने नीति हो (१ कोरिन्थी १५ :३२) ।

सुलेमानले यसमा निम्न विचार थप्छन्ः खाना खाएर आनन्द लिने क्षमता र अन्य तरिकाले आनन्द उपभोग गर्न सक्ने क्षमताहरू परमेश्वरबाट आउँछन् । उहाँविना हामीले सबैभन्दा साधारण कुराहरूबाट आनन्द लिन सक्दैनौं । खानेकुराको निम्ति हामी उहाँमाथि भर पर्छौं, साथै भोक र पाचन-शक्तिको निम्ति, देख्न, सुन्न, सुँघ्नको निम्ति, सम्झना-शक्ति, शरीर र मनको स्वास्थ्यको निम्ति र अरू सबै कुराहरूको निम्ति हामी उहाँमाथि निर्भर गर्छौं, जसले गर्दा हामी साधारणभन्दा साधारण सुखद अनुभवहरू गर्न सक्छौं ।

**उपदेशक २:२५ः** अनि यस पदमा उनले उक्त कुरामा अझ कुन कुरा थप्छन् भने, उनले यी सबै कुराहरू अरू सबैले गरेको भन्दा बढ़ी उपभोग गर्न सके ।

श्री जोह्न डि. रोकेफेलरको हप्तामा लगभग दस लाख डलर आम्दानी थियो; तर तिनका डाक्टरहरू सबैले तिनलाई केही कौड़ी मात्र पर्ने खानेकुरा खाने अनुमति दिए । अनि तिनको जीवनी लेख्ने लेखकहरूमध्ये एकजनाले के भने भने, 'तिनी यस्तो खुराकमा बाँचे, जुनचाहिँ एउटा गरिब भिक्षुकले समेत तुच्छ ठान्नेथियो ।'

> 'तिनको शरीरको ओजन पचास के.जी.भन्दा कम थियो; अनि बिहानको खाजाको निम्ति तिनले खान पाउने खानेकुरा सब निम्न लिखित निर्धारित हुन्थ्योः कफीका केही थोपाहरू, एक चम्चा पोरिच वा दूधसितको चिउरा, एक काँटाभरिको फ्राइ-अण्डा र मटरजत्तिकै ठूलो एक टुक्राको मासु ।' 21)

तिनी संसारका सबैभन्दा धनी व्यक्ति थिए, तर बिचरा, तिनमा आफ्नो खानाबाट आनन्द लिने क्षमता थिएन ।

**उपदेशक २:२६:** अन्तमा सुलेमान यी उपदेशकले के पत्ता लगाए भने, परमेश्‍वरले जहाँ धार्मिकता भेट्टाउनुहुन्छ, त्यहाँ इनाम दिनुहुन्छ र पापलाई दण्ड दिनुहुन्छ; योचाहिँ जीवनको एक मूलभूत नियम हो। जसले उहाँलाई खुशी पार्छ, उसलाई परमेश्‍वरले बुद्धि, ज्ञान र आनन्द दिनुहुन्छ। तर पापमा चल्ने मानिसलाई उहाँले कष्टदायक काम दिनुहुन्छ। त्यसले परमेश्‍वरको मनसायअनुसारको व्यक्तिको निम्ति जम्मा गर्छ र थुपार्छ। अनि त्यसले त्यो कुरा एक दिन देख्नेथियो र त्यो लाजले लुत्रुक्क हुनेथियो। किनकि योजस्तै निष्फल निकम्माता, योजस्तै निराशा, योजस्तै हार अरू के पो हुन सक्थ्यो र ?

### ग) उपदेशक ३: जीवन र मृत्युको चक्रमा भएको व्यर्थता

**उपदेशक ३:१:** जीवनको सम्बन्धमा र मानिसको व्यवहारको विषयमा अनुसन्धान गर्ने व्यक्तिको रूपमा सुलेमानले के पत्ता लगाए भने, सबै कुराहरूको निम्ति पूर्वनिर्धारित गरिएको समय छ, र हरेक घटनाको निम्ति निश्‍चित समय तोकिएको छ। परमेश्‍वरले हरेक क्रियाकलापको निम्ति एउटा विशाल कम्प्युटरलाई निर्देशन गर्नुभएको यसको मतलब हो, जसरी स्पेनका मानिसहरूले भन्ने गर्छन्: 'के सेरा, सेरा'; यसको अर्थ 'जे हुनु छ, हुनेछ' हो। यसको अर्थ यो पनि हो कि इतिहासमा चक्ररूपी प्रक्रियाहरू चल्दा रहेछन्, र यी प्रक्रियाहरू नियमित र चिरस्थायी रूपले दोहोरिने गर्छन्। यसो हो भने, मानिस आफ्नो व्यवहारमा यी नियमित गतिविधिहरूभित्र बाँधिएको र थुनिएको हुन्छ, जुन गतिविधिहरू केही सुस्थिर नियम र पद्धितिहरूद्वारा निर्धारित गरिएका हुन्छन्। मानिस अनिवार्यताको दास हो। किनकि अनिवार्यताको घड़ी र पात्रो यहाँ, यस नरलोकमा चल्छ।

उपदेशक ३:१-८ पदको खण्डमा सुलेमान यी उपदेशकले अट्ठाइसवटा क्रियाकलापहरू सूचित गरेका छन्, जुन क्रियाकलापहरूले जीवनको सम्पूर्ण चालको क्षेत्र देखाउन खोजे होलान्। यो कुरा अङ्क अट्ठाइसबाट बुझिन्छ, जुन सङ्ख्या सात गुणा चारको योगफल हो; किनकि अङ्क चारचाहिँ संसारको सङ्ख्या हो भने, पूर्णताको सङ्ख्या सात हो।

यस सूचिमा विपरीत अर्थका शब्दहरू हालिएका छन्; यसमा चौधवटा सकारात्मक र चौधवटा नकारात्मक छन्। एक प्रकारले, सकारात्मक कुराहरूले एक-एक नकारात्मक कुरा रद्द गरेको देखिन्छ; चौधबाट चौध घटाउँदा यसको सङ्ख्या शून्य हुन्छ।

**उपदेशक ३:२:** जन्मने समय हुन्छ। कुनै व्यक्तिसँग आफ्नो जन्ममाथिको नियन्त्रण छैन; अनि बुबाआमाहरूले पनि नौ महिना पर्खनुपर्छ; किनभने नौ महिनाभित्र जन्म चक्र पूरा हुन्छ।

अनि मर्ने समय पनि हुन्छ। भजन ९०:१० पदअनुसार मानिसको आयु सत्तरी वर्ष तोकिएको छ; तर योबाहेक के देखिन्छ भने, मृत्यु एक पूर्वनिर्धारित नियुक्ति हो, जुन नियुक्ति सबैले मान्नैपर्छ, जसमा सबै सामेल हुनैपर्छ।

हो, यस पृथ्वीमा हाम्रो जीवनको समय-अवधि कति हो, सो कुरा परमेश्‍वर पहिलेदेखि जान्नुहुन्छ; तर हामी ख्रीष्ट-विश्‍वासीहरूको निम्ति यस कुराले केही पर्बाह गर्दैन; किनकि यो हाम्रो निम्ति न उराठलाग्दो, नअशुभ कुरा हो। किनभने जबसम्म हाम्रो काम पूरा हुँदैन, तबसम्म हामी अमर नै हुन्छौं भन्ने कुरा हामीलाई थाहा छ। अनि हाम्रो मृत्यु हुनु एउटा सम्भावना होला; तर हाम्रो मृत्यु निश्‍चित छैन; किनभने हामी ख्रीष्ट येशूको पुनर्‌आगमनको बाटो हेर्दै जिउँछौं; यो हाम्रो परम धन्य आशा हो। ख्रीष्ट-विश्‍वासी भाइबहिनीहो, हामी हाम्रो कफिन बनाउनेको बाटो हेरेर होइन, तर हाम्रा मुक्तिदाताको बाटो हेरेर जिउनुपर्छ। प्रचारक श्री पीटर पेलले यस कुरामा आफ्नो रङ्ग र रस हालेका छन्: 'म मलाई मट्टीमा गाड्ने मानिसको लागि पर्खिरहेको छैनँ,

तर म मलाई उठाएर लैजानुहुने प्रभु येशूको लागि पर्खिरहेको छु !'

रोप्ने समय हुन्छ, र रोपिएको चीज उखेल्ने समय पनि हुन्छ। यो वाक्यहरूद्वारा सुलेमानले कृषि-जगत्को सम्पूर्ण क्षेत्र समेटेका देखिन्छ; वर्षका ऋतुहरू त्यससित नजिकको सम्बन्ध राख्छन् (उत्पत्ति ८:२२)। किनकि जुन कृषकले बीउ रोप्दा र फसल कट्दा यी ऋतुहरू ख्यालै गर्दैन, त्यो कृषक अलफल हुन्छ-हुन्छ, र उसले ठूलो हानि उठाउनुपर्छ।

**उपदेशक ३:३:** मार्ने समय हुन्छ, र निको पार्ने समय पनि हुन्छ। बाइबलका टिप्पणीकारहरूले के भन्छन् भने, यस पदको सन्दर्भ हत्याको कुरा होइन, तर यहाँ लड़ाइँको कुरा, मृत्युदण्ड दिने वा आफ्नो प्रतिरक्षा गरेको कुरा हो अरे। तर हामीले एउटा कुरा याद गर्नुपर्छः सुलेमानले यहाँ व्यक्त गरेका कुराहरू 'सूर्यमनि' भइरहेका कुराहरू हुन्। उनको ज्ञान यसमा सीमित थियो। ईश्वरीय प्रकाशविना यस संसारमा जीवन उनलाई केजस्तो लाग्यो ? यो जीवन उनको निम्ति कि त वधशाला कि त अस्पताल, कि त युद्धको रणभूमि कि त प्राथमिक उपचार केन्द्र थियो।

भत्काउने समय हुन्छ, र निर्माण गर्ने समय पनि हुन्छ। पहिले भत्काउने टोली आउँछ, र त्यसले पुराना भइसकेका, काम नलाग्ने घरहरू भत्काउँछ; त्यसपछि निर्माणकर्ताहरूले त्यहाँ नयाँ भवनहरू खड़ा गर्छन् र त्यो थोत्रो ठाउँ एउटा सुन्दर आबाद बनाउँछन्।

**उपदेशक ३:४:** रुने समय हुन्छ, र हाँस्ने समय पनि हुन्छ। के जीवन वियोग र हास्य नाटकको बीचमा पालोपिलो गर्छ ? किनकि एक समयमा जीवनले त्रासदीको कालो मुखुण्डो देखाउँछ; अर्को समयमा यसले जोकरको रङ्गले रङ्गीन पारिएको अनुहार देखाउँछ।

विलाप गर्ने समय हुन्छ, र नाच्ने समय पनि हुन्छ। उता शव-यात्रा शोकमा डुबेका, विलाप गर्दै गरेका शोकित परिवारको साथमा जाँदैछ। तर केही समय नबित्दै, यता विवाहको स्वागत कार्यक्रममा मानिसहरूले नाचिरहेका हुन्छन्। त्यो अघिको शोक कहाँ गयो त ? यो यति छिटो कसरी गायब भयो ?

**उपदेशक ३:५:** ढुङ्गाहरू फ्याँक्ने समय हुन्छ, र ढुङ्गाहरू बटुल्ने समय पनि हुन्छ। यो कुरा हामी अक्षरशः लिनु हो भने, ढुङ्गाहरू हटाएर मानिसले खेती गर्ने जमिन तयार गर्नुपर्छ (यशैया ५:२); अनि घरहरू, पर्खालहरू बनाउन वा अन्य परियोजनाहरूको लागि ढुङ्गाहरू जम्मा गरिन्छन्। अनि यी शब्दहरूमा हामीले लाक्षणिक अर्थमा लिनु हो भने, जसरी प्रायः सबै वर्तमान टिप्पणीकारहरूले यसको अर्थ लगाउँछन्, तब विवाहको सम्बन्धचाहिँ यसको सन्दर्भ होला। तब टि.ई.वी.को भावानुवादअनुसार यसको अर्थ 'सम्भोग गर्ने समय हुन्छ, र सम्भोग नगर्ने समय पनि हुन्छ' होला त नि, कि कसो कुन्नि ?

अङ्गालो हाल्ने समय हुन्छ, र अङ्गालो हाल्नबाट अलग बस्ने समय पनि हुन्छ। स्नेहको क्षेत्रमा पनि यसमा संलग्न समय र यसबाट पछि हट्ने समय हुँदो रहेछ। किनकि कुनै समयमा प्रेम शुद्ध हुन्छ भने, अरू बेलामा प्रेम अशुद्ध र अनुचित हुन सक्छ।

केही चीज हासिल गर्न खोज्ने समय हुन्छ, र चीज हराउने समय पनि हुन्छ। यस वाक्यले हामीलाई व्यापार-जगत्को सम्झना दिलाउँछ; किनकि व्यापारधन्धामा लाभ र घाटा हुन्छ-हुन्छ। शुरु-शुरुमा व्यापारधन्धामा ज्वाररूपी तेज आम्दानी हुन्छ; तर त्यसपछि बजार ठन्डा-मन्द हुन्छ, र कम्पनीहरू घाटामा चल्छन्।

**उपदेशक ३:६:** राख्ने समय हुन्छ, र फ्याँक्ने समय पनि हुन्छ। प्रायः सबै गृहिणीहरू यस अनौठो चालसित सुपरिचित हुन्छन्। कति महिनासम्म, अँ, वर्षौंवर्षसम्म विभिन्न जिन्सी मालसामानहरू अलमारीहरूमा र तहखाना-कक्षमा अनि बुइगलमा र कौसी-कोठाहरूमा राखिन्छन्। त्यसपछि घर-सफाइ गर्ने जोशमा

ती मालसामानहरू निकालिन्छन् र कुनै स्थानीय कल्याण सेवा केन्द्रलाई दिइन्छन्, जसका मानिसहरूले यी थोकहरू एउटा गाड़ामा हालेर लैजान्छन् ।

**उपदेशक ३ः७ः** च्यात्ने समय हुन्छ, र सिलाउने समय पनि हुन्छ। के सुलेमानले कपड़ा-फेसनमा निरन्तर भइरहेको हेरफेरको बारेमा सोचिरहेका थिए? कतै कुनै प्रख्यात भूषाचारीले नयाँ आकर्षक वस्त्र निकालोस् त, तब यसको नमुनाअनुसार संसारभरि लुगाका फेरहरू लामा-छोटा पारिन्छन्। हिजाआजका लुगाहरू दुःसाहसी हुन्छन् र ध्यान-आकर्षक हुन्छन्। अनि भोलिको दिनमा लुगाहरू फेरि हजुरआमाको पालोको पुरानो शैलीमा फर्कन्छन् ।

चुप लाग्ने समय हुन्छ, र बोल्ने समय पनि हुन्छ। चुप लाग्ने समय त्यस बेलामा हो, जब मानिसहरूले हामीलाई अन्यायपूर्वक छिद्रान्वेषी गर्छन्। जब हामी अरू मानिसहरूलाई दोष लगाउने परीक्षामा पर्छौं, तब हाम्रो निम्ति चुप लाग्ने समय आएको छ। अथवा जब हामी असत्य, निर्दयी, वा अरूको उन्नति नगर्ने शब्दहरू बोल्न लागेका छौं, तब हाम्रो लागि चुप लाग्नु बेस हो। मोशाले आफ्ना ओठहरूले सोचविचार नगरी बोले; यसकारण उनले प्रतिज्ञा गरिएको देशमा प्रवेश गर्न पाएनन् (गन्ती २०ः१०; भजन १०६ः३३)।

हाम्रो बोल्ने समय त्यो हो, जब मुक्तिको सुसमाचार वा बाइबलको कुनै महान् शिक्षा खतरामा परेको हुन्छ। मोर्दकैले एस्तरलाई 'अहिले तिम्रो बोल्ने समय आएको छ' भन्ने अर्ती दिए (एस्तर ४ः१३-१४)। अनि यसमा श्री डान्टे अलिघिएरीले थपेर भनेका छन्ः 'नरकका गर्मीभन्दा गर्मी ठाउँहरू ती मानिसहरूको निम्ति साँचेर राखिएका छन्, जुन मानिसहरू यस ठूलो नैतिक सङ्कष्टको समयमा चुप रहन्छन्।'

**उपदेशक ३ः८ः** प्रेम गर्ने समय हुन्छ, र घृणा गर्ने समय पनि हुन्छ। हामीले यो वाक्य इसाई पृष्ठभूमिमा हाल्न जबरजस्ती गर्नुहुँदैन। किनकि सुलेमानले यहाँ इसाई भएर कुरा लेखेनन्। उनले यहाँ संसारको मानिसको रूपमा कुरा गरे। उनलाई के लागेको थियो भने, मानिसको चालसित समयले पिङ खेलेको जस्तै छः कहिले प्रेमको समय, कहिले घृणाको समय हुन्थ्यो, र हुन्छ।

लड़ाइँ गर्ने समय हुन्छ, र मेलमिलाप गर्ने समय पनि हुन्छ। इतिहास के हो त? के क्रूर, निष्ठुर लड़ाइँहरूको वृत्तान्त होइन र, जसको बीच-बीचमा बेला-बेलामा शान्तिका छोटा-छोटा समयअवधिहरू थिए?

**उपदेशक ३ः९ः** तर सुलेमानको मनमा एउटा प्रश्न गुँजिबसेको थियोः *'काम गर्नेले आफूले मेहनतसित गरेको परिश्रमबाट के फाइदा पाउँछ?'* किनकि हरेक उत्थान गर्ने क्रियाकालापको निम्ति एक विनाशक क्रियाकलाप पनि छ। एक अङ्क बढ़ाउनको साथै फेरि एक अङ्क घटाइन्छ। चौधवटा सकारात्मक कार्यहरू चौधवटा नकारात्मक कार्यहरूद्वारा रद्द गरिन्छन्। यसकारण जीवनको गन्ने सूत्र यस प्रकारको छः चौधबाट चौध घटाइयो भने यसको जोगफल शून्य हुन्छ। यसर्थ अन्तमा मानिससँग शून्यबाहेक अरू केही पनि रहँदैन रहेछ।

**उपदेशक ३ः१०ः** सुलेमानले सबै क्रिया-कलापहरू, सबै कामधन्धाहरू र सबै उद्योग-हरूको विस्तृत सर्वेक्षण गरेका थिए, जुनचाहिँ परमेश्वरले मानिसलाई समय बिताउने हेतुले यस संसारमा दिनुभयो। अनि भर्खर उनले हामीलाई उपदेशक ३ः२-८ पदको खण्डमा यी कुराहरूको सूचि पेश गरे।

**उपदेशक ३ः११ः** उनी निम्न निष्कर्षमा पुगेः *'परमेश्वरले हरेक थोक त्यसको समयमा सुन्दर बनाउनुभएको छ।'* अथवा अझ स्पष्ट रूपले भन्नु हो भने, हरेक क्रियाकलापको लागि उपयुक्त समय हुन्छ। उनले यहाँ परमेश्वरको सृष्टिको सुन्दरतामाथि आफ्नो ध्यान लगाएनन्;

तर उनले यहाँ के भन्छन् भने, हरेक कामकुराको निम्ति त्यसको निर्धारित समय हुन्छ, र हरेक काम आफ्नो समयमा साह्रै उपयुक्त हुँदो रहेछ ।

*'... साथै उहाँले तिनीहरूको मनमा सदा-काल पनि हालिदिनुभएको छ ।'* मानिस नरलोकमा जिउँछ, तर परलोकको विषयमा उससँग धेरै सङ्केत र जानकारीहरू छन् । सहज-ज्ञानको कुरा होः मानिसले सदा-कालको विषयमा विचार गर्छ । उसले परलोकको कुरा कहाँ बुझ्न सक्छ ! तर उसकहाँ कता एउटा आभास छः यस नरलोकको जीवनदेखि उता यस्तो समयरूपी विशाल सागर छ, जसका किनाराहरू छैनन् ।

तर परमेश्‍वरका कामहरू र उहाँका चालहरू मानिसको निम्ति अथाह र अगम्य हुन्छन् । परमेश्‍वरको प्रकाश नपाएसम्म हामीले न सृष्टिको रहस्य, न उहाँको पूर्वप्रबन्धको भेद, न ता ब्रह्माण्डको अन्त र समाप्ति कहाँ हुने हो, सो बुझ्न सक्छौं । मानिसको ज्ञानले ठूलो प्रगति गरेको छ, तर हामी अझै पनि धमिलो ऐनाबाट सबै कुरा हेरिरहेका छौं । हामीले एउटा ठूलो सुस्केराको साथ स्वीकार गर्नुपर्छः 'ओहो, हामी उहाँको विषयमा साह्रै थोरै जान्दछौं !'

**उपदेशक ३ः१२ः** एक, केही अनिवार्य नियमहरू मानिसको जीवनमाथि राज्य गर्छन्; अनि दुई, मानिसका सबै क्रियाकलापहरूले उसलाई कुनै प्रगति गर्न दिँदैनन्, तर उसलाई उसले शुरु गरेकै ठाउँमा छोड़िदिएका जस्तो देखिन्छ । यसकारण सुलेमानले के निर्णय गरे भने, जीवनको सबैभन्दा उत्तम नीति भनेको आनन्दित रहनु हो र आफ्नो जीवनबाट सकेसम्म धेरै आनन्द उठाउनु हो ।

**उपदेशक ३ः१३ः** उनको विचारमा जीवन परमेश्‍वरको दान थियो । यसकारण उनले जीवन रक्सीधोकाइको मदनोत्सव सम्झेनन्, लम्पटताको अवसर वा वाक्कव्याक्क हुने-सम्मको अतिभोग गर्ने मौका पनि ठानेनन्; होइन, होइन ! मानिसले आफ्नो खानेकुरा र पिउने कुराहरूबाट आनन्द लिने कुरा, साथै उसको दैनिक काममा सकेसम्म आनन्दको अनुभव गर्न सक्ने कुरा पनि परमेश्‍वरको दान हो । जीवनको विषयमा उनको यो दृष्टिकोण निक्कै तल स्तरको थियो; यो त इसाई दृष्टिकोणै होइन, तर त्योभन्दा निक्कै तलको धारणा हो । तर हामी निरन्तर एउटा कुरा याद गर्नुपर्छः सुलेमानको यो दृष्टिकोण सरासर सांसारिक थियो ।

**उपदेशक ३ः१४ः** तर उनले सठीक प्रकारले एउटा कुरा बुझेः परमेश्‍वरका आदेशहरू अपरिवर्तनीय हुन्छन् । जुन कुरा परमेश्‍वरले निर्णय गर्नुभयो, त्यो कुरा स्थिर र सुदृढ़ रहने नै छ; मानिसले यसमा कुनै कुरा थप्न सक्दैन र यसबाट कुनै कुरा घटाउन सक्दैन, अहँ, उसले उहाँको कुनै निर्णय बदली गर्नै सक्दैन । यसकारण मानिसले बुझोस्ः हामीजस्तै सृष्टि गरिएको प्राणीको निम्ति आफ्ना सृष्टिकर्ताका प्रबन्धहरूको विरुद्धमा लड्नु मूर्खता हो । बरु हामीले उहाँलाई आदर गर्नुपर्छ र हामीले आफूलाई उहाँको अधीनतामा सुम्पनुपर्छ । यो सर्वोत्तम कुरा हो ।

**उपदेशक ३ः१५ः** खास कुरा कस्तो छ ? वर्तमान समयमा भइरहेका घटनाहरूचाहिँ अघि घटेका घटनाहरूको दोबारा मात्र हुन्; अनि भविष्यमा जुन कुरा घट्नेछ, त्यो कुनै नयाँ कुरा हुने होइन, तर त्यो कुरा अघि एक समयमा भइसकेको थियो । परमेश्‍वरले सबै कुराहरू फेरि र फेरि दोहोरिने आधारमा व्यवस्थित गर्नुभएको छ । यसकारण भइरहेका कुराहरू फेरि र फेरि हुन आउनेछन् । उहाँ विगत कुरा फर्काएर ल्याउनुहुन्छ, र यसरी इतिहास फेरि दोहोरिन्छ । *'अनि परमेश्‍वर वितिसकेको कुरा खोज्नुहुन्छ'* भन्ने वाक्यको प्रयोग प्रायः यस प्रकारले गरिन्छः विश्‍वास नगर्ने मानिसहरूले आफ्ना विगत पापहरूको लेखा दिनुपर्छ । हो, मानिस-हरूले आफ्ना कामहरूको लेखा दिनुपर्छ, यो सत्य हो; तर यो यस खण्डमा भन्न खोजिएको

कुरा होइन। किनकि यहाँ इतिहास अर्को चक्र लगाउनको निम्ति परमेश्वरले विगत घटनाहरू फेरि निकाल्नुहुन्छ। श्री आर. सी. स्प्रोउलले यस कुराको नाम 'अनन्त दोहोऱ्याइ' भनेका छन्।

'अनन्त दोहोऱ्याइ भन्नाले के बुझिन्छ? अपरिमित समयमा बेला-बेलामा चक्रहरू हुने गर्छन्, जुन चक्रहरूमा अघि भइसकेका कुराहरू फेरि र फेरि दोहोरिन्छन्। मानवीय जीवन एउटा नाटकजस्तै हो, जुन नाटकको एकै भाग फेरि र फेरि दोहोरिन्छ'।[22)]

**उपदेशक ३:१६:** अनि यी उपदेशकलाई पीड़ा दिने कुराहरूमध्ये अन्याय र दुष्टता पनि थिए। किनकि उनले अदालतमा, जहाँ न्यायको काम हुनु थियो, न्याय टेढ़ामेढ़ा भएको पाए, अनि सरकारी जगत्‌मा, जहाँ त्यसका कर्मचारी-हरूले धार्मिकताको साथ काम गर्नु थियो, त्यहाँ उनले बेइमानी व्यवहार देखे।

**उपदेशक ३:१७:** जीवनमा यी अनियमित-ताहरू देखेको हुनाले उनलाई के लाग्यो भने, एक दिन परमेश्वरले मानिसहरूको न्याय गर्ने समय हुनैपर्छ; तब यस पृथ्वीमा यी अधर्महरू सच्याइनेछन्। सुलेमानले यो न्याय परलोकमा हुनेछ भन्ने कुरा स्पष्ट रूपले भन्दैनन्। तर यो उनको पूर्व-फैसला थियो; किनभने यस संसारमा यति धेरै अधर्महरू छन्, जसको उचित सजाय हुँदैन रहेछ। अनि उनको यस निष्कर्षले धर्मी जनहरूको हृदयमा भएको साझा भावना झल्काउँछ। शिष्टाचार र निष्पक्षताको माग के हो भने, एउटा लेखा दिने समय हुनुपर्छ, अनि धर्म र न्याय सत्य ठहरिने समय हुनुपर्छ।

**उपदेशक ३:१८:** यस अध्यायका अन्तिम पदहरूमा यी उपदेशकको विषयवस्तु मृत्यु हुने रहेछ। उनले मृत्यु कबाफमा भएको हड्डी सम्झे, किनकि मृत्युले मानिसका सबै उच्च आकांक्षाहरू, उसका सबै प्रयासहरू र उसका सबै सुखहरू अन्त गर्छ। अनि हामीसँग पवित्र बाइबल नभएको भए, हामी पनि उनको निष्कर्षमा आइपुग्नेथियौं। धन्न, हामीसँग पवित्र बाइबलको प्रकाश छ!

*'मैले आफ्नो मनमनमा भनें'* भनेर उनले आफ्नो कुरा शुरु गर्छन्; यसमा ध्यान दिनुहोस्! परमेश्वरले उनलाई कुनै कुरा प्रकट गर्नुभएको कुरा छैन यहाँ। तर उनले आफ्नो मनमा वा आफ्नो दिमागमा उठेको कुरा यहाँ पेश गर्छन्। यो त 'सूर्यमनि' भएको उनको तर्क पो हो। यसकारण यो खण्ड मृत्यु र परलोकको विषयमा उपयोग्य शिक्षा प्राप्त गर्ने ठावैं होइन। हामी आफ्नो शिक्षा यस खण्डमाथि निर्माण गर्नुहुँदैन। तर ठीक यही कुरा आफ्नो झूटो शिक्षा प्रचार गर्ने धेरै झुण्डहरूले गरेका रहेछन्। तिनीहरूले यी पदहरू लिएर मरेकाहरूको चिर-निद्रा र मरेपछि दुष्टहरूको अस्तित्व नरहने आफ्ना गलत शिक्षाहरू यहाँबाट समर्थन गर्छन्। तर तपाईंले यो खण्ड ध्यानसित पढ्नुहोला; तब तपाईंले बुझ्नुहुनेछः वास्तवमा यस खण्डमा सुलेमानले यस प्रकारका धारणाहरू पेश गरेका छैनन्।

उनले यस खण्डमा खास के भने त? परमेश्वरले मानिसलाई यस पृथ्वीमा एउटा छोटो समयको निम्ति राख्नुहुन्छ। अनि यस छोटो अवधिमा उहाँले उसलाई जाँच्नुहुन्छ र उसलाई ऊ कति कमजोर र क्षणिक छ, सो देखाउनुहुन्छ; किनकि मानिस पशुजस्तै छ। तर के उनले यहाँ 'मानिस जनावरभन्दा असल छैन' भन्ने कुरा भन्छन् त?

**उपदेशक ३:१९:** होइन! मानिस पशु कहाँ हो र! तर एकै हिसाबले मानिस जनावरजस्तो छ; एकै हिसाबले उसलाई पशुभन्दा बढ़ी फाइदा हुँदैन। किनकि जसरी पशुहरूमा मृत्यु आउँछ, त्यसरी नै मानिसमा पनि मृत्यु आउँछ। *'तिनीहरू सबैको एउटै सास हुन्छ;'* अनि मृत्यु हुने बेलामा त्यो सास निस्किजान्छ। यस दृष्टिकोणमा मात्र मानिसको लागि र सृष्टिको तल्लो स्तरका प्राणीहरूको लागि जीवन उस्तै छ।

**उपदेशक ३:२०:** किनकि सबैको अन्त चिहानमा अर्थात् मट्टीमा हुँदो रहेछ। मानिस र पशुहरू एउटै ठाउँमा जान्छन्, धूलोमा फर्केर जान्छन्। मानिस र पशुहरू धूलोबाट आए; अनि तिनीहरू धूलोमा फर्केर जानेछन्। तर के मानिसको जीवन शरीर मात्र हो त? होइन, किनकि हामीलाई थाहा छः मानिसको शरीर त केवल एउटा पाल हो, जसभित्र मानिसले वास गर्छ। तर सुलेमानले यसको विषयमा सारा सत्यता जानेनन्; विशेष गरी परलोकमा मानिसको अवस्थाको विषयमा उनी अनजान थिए।

**उपदेशक ३:२१:** मृत्युको समयमा के हुन्छ, यसको बारेमा सुलेमानको अज्ञानता केमा देखिन्छ? उनले यहाँ, यस पदमा सोधेको प्रश्नबाट यो बुझिन्छ। 'मानिसका सन्तानहरूको सास उँभोतिर जान्छ र पशुहरूको सास तल पृथ्वीतिर जान्छ भन्ने कुरा कसले जान्दछ र?' यो वाक्य हामीले शिक्षाको रूपमा लिनुहुँदैन; किनकि यो त परमेश्वरले दिनुभएको निश्चयता होइन, तर केवल अनजान भएको मानिसको प्रश्न हो!

आउनुहोस्, हामी नयाँ नियममा जाऔं; किनकि हामी नयाँ नियमबाट जान्दछौं, कि ख्रीष्ट-विश्वासीहरूको आत्मा र प्राण, उनीहरूको मृत्यु भएको समयमा, ख्रीष्ट येशूकहाँ जान्छन् (२ कोरिन्थी ५:८; फिलिप्पी १:२३), र उनीहरूको शरीर चिहानमा जान्छ (प्रेरित ८:२)। तर विश्वास नगर्ने मानिसहरूको आत्मा र प्राण पातालमा जान्छन्, र तिनीहरूको शरीर मट्टीमा जान्छ (लूका १६:२२ख-२३)। जब ख्रीष्ट येशू फर्केर आउनुहुनेछ र आकाशमा देखा पर्नुहुनेछ, तब विश्वासमा मरेकाहरूका शरीरहरू महिमित रूपमा बौराएर उठाइनेछन् अनि यी महिमित शरीरहरू उनीहरूका आत्मा र प्राणसँग फेरि मिल्नेछन् (फिलिप्पी ३:२०-२१; १ थेस्सलोनिकी ४:१६-१७)। तर ठूलो सेतो सिंहासनको सामुन्ने न्यायमा उभिनको लागि विश्वास नगर्ने मानिसहरूका मृत शरीरहरू पनि बौराएर उठाइनेछन् र तिनीहरूका आत्मा र प्राणसँग फेरि मिल्नेछन्; त्यसपछि ती मानिसहरू आत्मा, प्राण र शरीरको साथ नरकको आगोको सागरमा फालिनेछन् (प्रकाश २०:१२-१४)।

यस कुरामा हामीले थप्नुपर्छ, कि जनावरहरूमा शरीर र प्राण त छन्, तर पशुहरूको आत्मा हुँदैन।[23] अनि 'पशुहरूमा मृत्युपछिको जीवन छ' भन्ने विषयमा पवित्र बाइबल चुप लागेको छ। अनि यसको मौनतामा ठूलो अर्थ हुन्छ।

**उपदेशक ३:२२:** मृत्युको विषयमा सुलेमानसँगको ज्ञान अधूरो थियो; यसकारण उनी निम्न निष्कर्षमा पुगेः मानिसको निम्ति आफ्ना दैनिक कामकुराहरूमा आनन्दित हुनु सबैभन्दा असल कुरा हुँदो रहेछ; उसको भाग यही हो; अनि यस नभई नहुने अनिवार्य कुराको अधीनतामा रहन उसको निम्ति समुचित देखिन्थ्यो। किनकि जुन कुरा उसले बदली गर्न सक्दैनथियो, त्यो कुरा ग्रहण गर्नु र त्यसमा सन्तुष्ट रहनु समझको कुरा थियो। तर यसबाहेक उसले जस्तो भए पनि आफ्नो वर्तमान जीवनबाट आनन्द लिन सक्नुपर्नेथियो; किनकि उसको जीवन बितेपछि यस पृथ्वीमा के हुने हो, सो कसैले उसलाई बताउन सक्दैनथियो।

### घ) उपदेशक ४: जीवनका असमानताहरूमा भएको व्यर्थता

**उपदेशक ४:१:** श्री रोबर्ट बर्न्सले यसो भनेका छन्: 'मानिसले मानिसप्रति देखाएको अमानवीयताले अनगिन्ती मानिसहरूलाई रुवाएको छ!' हरेक युगमा हमदर्दशील हृदय भएका मानिसहरू हुन्थे, र हुन्छन्, जसले दुष्ट मानिसहरूद्वारा आफ्ना छरछिमेकी र सङ्गीनागरिकहरूमाथि गरिएको अत्याचार देख्नै सक्दैनन्, तर त्यसबाट धेरै दुःखित हुन्छन्। यस कुराले सुलेमानलाई पनि सतायो। अत्याचारमा

परेकाहरूका आँसुहरू कति थिए कति ! यिनीहरूका उत्पीड़कहरूको हातमा भएको शक्ति आम्मै हो, कति धेरै ! तर थिचोमिचोमा परेकाहरूको पक्ष लिने कोही पनि नभएको कसरी ? यो सब देखेर सुलेमान दुःखित भए। किनकि शक्ति दमनकारीहरूको हातमा थियो, र कसैले पनि तिनीहरूको त्यो शक्ति सामना गर्ने वा चुनौती दिने साहसै गरेन । यस दृष्टिकोणबाट हेर्नु हो भने, 'सत्यतालाई सधैं फाँसी दिइएको छ, र असत्यताचाहिँ सदाको निम्ति सिंहासनमाथि बसाइन्छ' जस्तै देखिन्थ्यो । किनकि उनले 'हाम्रो निम्ति धमिलो, अनभिज्ञ भएको अवस्थाको छहारीमा परमेश्वर उभिनुभएको र आफ्ना जनहरूको हेरचाह गर्नुभएको' देख्न सक्दैनथिए । [24)]

**उपदेशक ४ः२ः** यसकारण आफ्नो व्याकुलतामा उनले जीवितहरूको अवस्थाभन्दा मरेकाहरूको अवस्था असल ठाने । उनको विचारमा, मृत्युले हामीलाई यस जीवनका सबै सतावट र क्रूरताहरूबाट सुखद निकास प्रदान गर्थ्यो अरे । उनले मृत्युमा अझ गहिरा निहितार्थहरू देख्न सकेनन्; उनले यहाँ यी निहितार्थहरूप्रति कुनै मतलब राख्दैनथिए। किनकि आफ्नो अविश्वासमा मर्ने मृतकले चाहिँ नरकमा कसैले यस पृथ्वीमा भोग्नुपरेको सबैभन्दा ठूलो अत्याचारको भन्दा असाध्य ठूलो पीड़ा भोग्नेछ । उनको निम्ति 'के मरणपछि पनि जीवन छ ?' भन्ने प्रश्न उठेन, तर 'के जन्म लिएपछि कुनै अर्थपूर्ण जीवन छ के त ?' भन्ने उनको प्रश्न पो थियो ।

**उपदेशक ४ः३ः** सुलेमानको विचारमा जीवितहरूको भन्दा मरेकाहरूको अवस्था बढ़िया भएको, अनि जन्म नलिएको मानिसको अवस्था ती दुवैको भन्दा अझ उत्तम र लोभलाग्दो थियो अरे । यसमा उनको नकच्चरोपन कति नीच थियो ! जन्म नलिएकाहरूलाई के तकलिफ ? तिनीहरूलाई सूर्यमनि चलिरहेका थिचोमिचोहरूबाट कुनै असरै पर्दैनथियो। तिनीहरूले 'सुखको अत्यन्त ठूलो हँस्सी-दिल्लगी' नाम गरेको पार्थिव जीवन कहिल्यै सहनुपर्दैनथियो ।

**उपदेशक ४ः४ः** तर त्यहाँ अर्को कुरा पनि थियो, जुन कुराले उनको रिस उठायो । यो के थियो भने, मानिसका क्रियाकलाप र क्षमताहरू आफ्नो छिमेकीलाई उछिन्ने इच्छाले अभिप्रेरित थिए । मानिस-मानिसको बीचको प्रतिस्पर्धाको भावनाले जीवन-चक्र चलाउँदैथियो । अरूले लगाएको लुगाभन्दा बढ़िया वस्त्र र अरूले बसेका घरहरूभन्दा भव्य महलमा जिउने चाहना, यो के हो ? परमेश्वरको स्वरूपमा र उहाँको प्रतिरूपमा सृष्टि गरिएका मानिसहरूको लागि यो कति तुच्छ भावना र अयोग्य व्यवहार थियो !

जब सन् इस्वी संवत् १४७५-१५६४ सालमा जिउने माइकल एन्जेलो र सन् १४८३-१५२० सालमा जिउने रफ्फाएल्लो सन्जियो डा उर्बिनोले आ-आफ्नो कलात्मक प्रतिभाअनुसार पोपको 'वेटिकन' नामक भवनको सजिसजावट गर्ने आदेश पाए, तब तिनीहरूको बीचमा गहन प्रतिद्वन्द्विताको भावनाले काम गर्‍यो । 'तिनीहरू हरेकको काम फरक-फरक थियो, तर तिनीहरू यति ईर्ष्यालु भए कि तिनीहरूले अन्तिम आएर एक-अर्कासँग बोल्दैथिए ।' [25)] हामीमध्ये कोही छन्, जो यी दुईजना प्रतिभायुक्त कलाकारहरूभन्दा आफ्नो ईर्ष्या लुकाउनमा बढ़ी सिपालु छन्। तर वर्तमान समयमा पनि धेरै क्रियाकलापहरू प्रतिद्वन्द्वको यही मनोवृत्तिले प्रेरित छन्।

हिजोआज एकजना नक्कचरोले यसरी लेखेका छन्ः 'यस जीवनले प्रदान गर्न सक्ने सबै कुराहरू मैले नियालेर हेरें; तर मैले के सिकेको र जानेको छु भने, एकजना मानिसले सुखको व्यर्थ प्रयासमा अर्को मानिसलाई पछाड़ि पार्ने प्रयत्न गरिरहेको छ ।' [26)]

**उपदेशक ४ः५ः** जुन-जुन मानिसहरूको प्रेरणा ईर्ष्या र तिनीहरूको परिश्रमको प्रतिफल

ईर्ष्याको फल हो, ती मानिसहरूको विपरीत मानिस त्यो मूर्ख, त्यो बेवकुफ हो, जो सुस्त छ, जो अल्छी छ । त्यसले आफ्ना हातहरू बाँधेर राख्छ; त्यो थोरै खानेकुरामा बाँच्छ र सन्तुष्ट रहन्छ, किनकि त्यसले परिश्रम गर्दैन, अँ, परिश्रम गर्दै-गर्दैन । तर हुन सक्छ, त्यो मानिस आफ्ना छिमेकीहरूभन्दा बुद्धिमान् होला, जो आफ्नो ईर्ष्या र लोभद्वारा अभिप्रेरित हुन्छन् र त्यसको अथक र अविराम करकापमा परि-रहन्छन् ।

**उपदेशक ४ः६ः** त्यसको वरिपरिका मानिसहरू प्रतिस्पर्धाले उन्मत्त छन्, र मरिमेटेर काम गर्छन्; तब त्यस मूर्ख मानिसका भावनाहरू यस्ता हुन्छन्ः *'परिश्रम र खिन्नताको साथ दुई मुठी हुनुभन्दा चैनको साथ एक मुठी हुनु उत्तम हो ।'* अथवा श्री एच. सी. लोइपोल्डको भावानुवादअनुसार 'मसँग थोरै भए तापनि मलाई मेरो शान्ति प्रिय छ । तब खिन्नताको साथ धेरै प्राप्त गर्नुमा मेरो के चासो ? किनकि धेरै प्राप्त गर्ने प्रयासमा खिन्नता हुन्छ-हुन्छ ।'

**उपदेशक ४ः७-८ः** अर्को मूर्खता पनि थियो, जुन मूर्खताले यी उपदेशकलाई विह्वल पारिदियो । एकजना मानिस थियो, जो एकलै थियो; तर उसले बस्मारी काम गरिरहन्थ्यो र निरन्तर धनसम्पत्ति थुपारिरहन्थ्यो । यो कत्रो पागलपन हो ! उसको न छोराछोरी छ, न दाजुभाइ छ, न ता कुनै नजिकको नातेदार छ । ऊसँग चाहिएको भन्दा बढ़ी रुपियाँपैसा भइसकेको छ; उसले यति कहिल्यै खर्च गर्नै सक्दैन । रपनि उसले आफूलाई दिन प्रतिदिन काममा दिइहाल्छ र आफूबाट जीवनका सामान्य सुविधा र सुखहरू बाँकी राख्छ । 'कसको लागि म परिश्रम गरेर आफूलाई घटीमा राख्छु होला' भनेर उसले आफूलाई कहिल्यै प्रश्न गर्दैन । उसको मनमा कहिल्यै यो प्रश्न उठ्दैन । श्री चार्ल्स ब्रिजले आफ्नो टिप्पणीमा निम्न टिक्का हालेका छन्ः 'ए लोभी ! यो तेरो सुहाँउदो नाम हो ! तँ कुबेरको अभागी दास ! तँ परिश्रम गर्दै-गर्दा, घोट्दै-गर्दा, सोहोर्दै-गर्दा बूढ़ो भएको कुल्ली !' उसको नाम मक्खीचुस हो, अनि ऊ आफ्नो नामअनुसार अभागी पनि हो । यस प्रकारको जीवन जिउन सुलेमानको दृष्टिमा कति तुच्छ, कति व्यर्थ थियो !

श्री सामुएल जोह्न्सन ठीक थिए, जसले यसरी भनेका छन्ः 'सुनको लालच, त्यो दया-माया र हमदर्दरहित नीच चाहनाचाहिँ हामीले पतित मानिसको भ्रष्ट स्वभावको चरमसीमा मान्नुपर्छ ।'

**उपदेशक ४ः९ः** लोभी मानिस एकलै हुन्छ; अनि उसको एकलोपनले सुलेमानलाई सङ्गति र साझेदारीबाट हुने फाइदाहरू व्यक्त गर्ने प्रेरणा दिलायो । उनले आफ्नो अनुसन्धान पुष्टि गर्न चारवटा उदाहरणहरू पेश गर्छन् । सबैभन्दा पहिले, **क)** दुईजना कामदारहरू एकजनाभन्दा उत्तम हुन्; किनभने तिनीहरूले सँग मिलेर काम गरेका हुनाले तिनीहरू बढ़ी कार्यकुशल हुन्छन् ।

**उपदेशक ४ः१०ः** अनि काम गर्ने ठाउँमा कुनै दुर्घटना भइहाल्यो भने पनि काम गर्ने साथीले दुर्घटनामा परेको आफ्नो साथीलाई मद्दत गर्न सक्छ । तर हाय त्यस मानिसलाई, जो एकलै हुँदा सिँढ़ीबाट तल भुइँमा लड्छ ! किनकि उसलाई सहायता गर्ने कोही पनि साथमा छैन । तब उसले कसलाई दुहाई गर्ने ?

**उपदेशक ४ः११ः ख)** चिसो रातमा एकलै ओछ्यानमा सुत्नुभन्दा दुईजना सँगै सुत्नु उत्तम हो; किनभने तिनीहरूले एक-अर्कालाई न्यानो पार्न मद्दत गर्छन् । चिसा खुट्टाहरू भएको जीवनसाथीको कुरा, अथवा सिरक अँगालो मारेर सुत्ने लोग्नेको कुरा अथवा बिजुलीको कम्बलबाट जीवनसाथीको शरीरबाट भन्दा असल प्रकारले तातो आउने कुरा गरेर हामीले उनको कुरा काट्न सक्नेथियौं होला । तर यहाँ भन्न खोजेको मुख्य कुरा रहिरहन्छः एकलै जिउने मानिस मित्रता गाँसेको र सामाजिक बनेको जीवनबाट आउने सुखहरू र आशिष-हरूको विषयमा केही पनि जान्दैन ।

**उपदेशक ४:१२: ग)** तेस्रो उदाहरण यस प्रकारको छः जब एउटा चोरले हमला गर्छ, तब सुरक्षाको सवाल उठ्छ। चोरले हमला गर्दा एकजनालाई जित्न सक्ला; तर दुईजनाले प्रायः घूसपैठ गर्नेलाई सफलतापूर्वक प्रतिरोध गर्न सक्छन्।

**घ)** अन्तमा, तीनवटा पोयाले बाटिएको डोरी एक-दुई पोयाले बाटिएको डोरीभन्दा बलियो हुन्छ। वास्तवमा, तपाईंले तीनवटा सूत एकसाथ बाटिएको डोरी र तीनवटा अलग-अलग सूतहरू लिनुभयो भने, त यी तीनवटा अलग सूतभन्दा तीनवटा सूतले बाटिएको डोरी तीन गुणाभन्दा बढ़ी बलियो हुन्छ।

**उपदेशक ४:१३-१६:** जीवनका मूर्खता र व्यर्थताहरू चपरासीहरूमा मात्र सीमित हुँदैनन्; यस्ता कुराहरू राजाको दरबारमा पनि पाइन्छन्। सुलेमानले यहाँ एकजना राजाको कुरा गरेका छन्, जो गरिबीबाट उठेर र आफ्नो झ्याल-खानाको बसाइबाट निस्केर राजा भए। तर अब तिनी वृद्ध भए र एकहोरा पनि भए – एकजना मानिस, जसले आफ्ना सल्लाहकारहरूको कुरा सुन्दैनथिए। तिनको बदलीमा राज्य गर्न एउटा शिक्षणीय जवान मानिस आए कति बढ़िया हुनेथियो! अनि त्यो जवान मानिस गरिब भएको भए यसले कुनै भिन्नता गर्नेथिएन।

सुलेमानले यी वृद्ध राजाको अधीनतामा रहेको सारा प्रजाका मानिसहरूको विषयमा विचार गरे। उनले यस जवान मानिसको बारेमा पनि सोचे, जो दोस्रो स्थानमा आइपुगेको थियो, किनकि ऊ सिंहासनको उत्तराधिकारी थियो। उसको पछाड़ि भीड़को घुइँचो लागेको थियो। मानिसहरू वृद्ध राजाबाट थाकेका र अघाइ-सकेका थिए; तिनीहरूले परिवर्तन खोज्दैथिए, अनि शासनको बदलीबाट उत्तम प्रशासन पाउने आशा गर्दैथिए। तर के गर्ने? अर्को पुस्ताका मानिसहरू आउनेथिए, जो केही समयपछि फेरि नयाँ शासकसँग बेखुशी हुनेथिए।

मानिसहरूको बीचमा यो निरन्तर भइरहेको चञ्चलता र नयाँ कुराको अथक लालचबाट सुलेमानले बुझेः यस संसारका सर्वोच्च सम्मानहरू पनि व्यर्थ हुन्, हावाबतास पक्रन खोज्ने प्रयासहरू मात्र हुन्।

### ङ) उपदेशक ५:१-९: धर्म र राजनीतिमा भएको व्यर्थता

धर्मचाहिँ मानिसको स्वाभाविक ज्ञानको फल हो; तर यो एउटा असल कुरा नहुन पनि सक्छ। किनकि बढ़ी सम्भव छ, कि यो एउटा खराब कुरा हुन जाला, जब मानिसको धर्मनिष्ठताले उसका आँखाहरूबाट उसको मुक्तिको आवश्यकता छिपाउन सक्छ, र यसैले उसले ख्रीष्ट येशूमाथि विश्वास गरेर परमेश्वरको अनुग्रहको निःशुल्क मुक्तिको वरदान ग्रहण गर्दैन। अनि यो पनि सम्भव देखिन्छ, कि यस मानिसको भक्तिचाहिँ एउटा देखावटी भक्ति, एउटा खोक्रो भक्ति होला, उसको बाहिरको स्वाङ्ग होला; तर उसभित्र धर्मको सद्‌गुण र गन्द केही पनि छैन होला। यसकारण होशियार, हाम्रो धार्मिक जीवनमा घमण्ड आउन सक्छ, जसरी हाम्रो जीवनका अन्य क्षेत्रहरूमा पनि त्यो अभिमान आउँछ। यसको निम्ति सम्भावना बढ़ी देखिन्छ। यसकारण पाँच अध्यायमा सुलेमानले हामीलाई केही सल्लाहहरू दिन्छन्। यी सल्लाहहरूले हामीलाई हाम्रा सृष्टिकर्ता परमेश्वरसँगको सम्बन्धमा मद्दत गर्छन् र हामीलाई केवल औपचारिक र देखावटी हुनदेखि जोगाउँछन्।

**उपदेशक ५:१:** *'परमेश्वरको भवनमा जाँदा आफ्ना पाउसित होशियारी गर!'* पहिले उनले हामीलाई परमेश्वरको घरमा जाँदा हामीले आफ्ना पाइलाहरूमा ध्यान दिने सल्लाह दिएका छन्। परमेश्वरको भवनमा हाम्रो भक्तिभय केकस्तो छ, सो कुरामाथि हाम्रो ध्यान हुनुपर्छ; पक्का पनि यसको सन्दर्भ यही होला। तर यहाँ यस सल्लाहको अर्थ यस प्रकारको होलाः

परमेश्वरको भवनमा हतारसँग बोल्नुभन्दा, अँ, उहाँको सामु धेरै कुरा गर्नुभन्दा हामी बरु सुन्न र सिक्न बढ़ी तयार हुनुपर्छ। हतारसँग गरिएका भाकलहरू मूर्खहरूका बलिदान हुन्। बेहोशी मानिसहरूले सोचविचार नगरी भाकलहरू गर्छन्, र यसमा आफूले खराबी गरेको याद गर्दैनन्।

**उपदेशक ५ः२ः** उपासकहरू प्रार्थना चढ़ाउँदा, भाकल गर्दा वा आफ्नो भक्तिको अङ्गीकार गर्दा दुःसाहसी हुनुहुँदैन। किनकि सर्वशक्तिमान् परमेश्वरको उपस्थितिचाहिँ आतुरी वा बेहोशीको साथ बोल्ने स्थान होइन। आकाश पृथ्वीभन्दा जति उच्च छ, त्यति नै परमेश्वर मानिसभन्दा असीमित उच्च हुनुहुन्छ; यसबाट निम्न शिक्षा ग्रहण गर्नुहोस्ः मानिसले सर्वोच्च परमेश्वरको नजिक जाउँदा आफ्नो बोली नियन्त्रण गर्नुपर्छ।

**उपदेशक ५ः३ः** दिमागको अतिक्रियाशीलताले अनियन्त्रित सपनाहरू उत्पन्न गर्छ, ठीक त्यसरी नै अति क्रियाशील भएको मुख मूर्ख शब्दहरूको धारा हो, अँ, प्रार्थनाजस्तै पवित्र कार्य पनि यसबाट बाहेक हुँदैन। यस सिलसिलामा श्री अलेक्जाण्डर पोपले यसो लेखेका छन्ः 'शब्दहरू पातहरूजस्तै हुन्, अनि जहाँ पातहरू प्रशस्त हुन्छन्, त्यहाँ धेरै फलहरू विरलै पाइन्छ, धेरै शब्दहरू भएको ठाउँमा प्रायः अर्थपूर्ण कुरा सुनिँदैन।'

सुलेमानले तीन पदमा सपनाको उत्पत्तिको विषयमा सम्पूर्ण, वैज्ञानिक व्याख्या दिन चाहँदैनथिए। तर दिउँसो उनको दिमाग चर्खाजस्तै बेसी घुम्थ्यो भने प्रायः राति अस्तव्यस्त सपनाहरू यसको फल हुन्थे। यसकारण उनले अति व्यस्त दिमाग र रातका सपनाहरूको बीचमा सम्बन्ध रहेको देखे र यो कुरा यहाँ उल्लेख गरे।

**उपदेशक ५ः४ः** अब भाकलहरूको कुरा आयोः इमानदारीको माग के हो भने, परमेश्वरसँग गरेको भाकल हामीले ढिलो नहुने गरी पूरा गर्नुपर्छ। मूर्ख मानिससँग परमेश्वरले कुनै सरोकार राख्नुहुन्न, जो केवल एक बकबके हुन्छ, जसले भाकल गरेको कुरा पूरा गर्दैन। यसकारण हाम्रो निम्ति दिव्य सल्लाह यस प्रकारको छः 'तिमीले जे भाकल गरेका छौ, त्यो पूरा गर!'

**उपदेशक ५ः५ः** भाकल गरेको कुरा पूरा गर्ने हाम्रो मनसाय छैन भने, हाम्रो निम्ति भाकलै नगरे असल हुन्छ।

सुलेमान यी उपदेशकलाई मानिसमा भएको बानीको विषयमा राम्ररी थाहा थियोः कठिन, निराशाजनक प्रतिकूल अवस्थामा पर्दा मानिसले परमेश्वरसँग भाकल गर्छः 'हे प्रभु, यस समस्याबाट मलाई बचाउनुहोस्! तपाईंले मलाई यसबाट छुटाउनुभयो भने, म सधैंभरि तपाईंकै सेवा गर्नेछु।' तर यो सङ्कष्ट पार भएपछि मानिस आफूले गरेको भाकल के छिटो बिर्सन्छ।

आत्मिक उत्साह भएको बेलामा 'मेरो सारा जीवन अर्पण गर्छु', 'म कहिल्यै विवाह गर्दिनँ' अथवा निर्धनता वा अन्य विषयमा प्रण गर्न सजिलो हुन्छ। तर परमेश्वरले आफ्ना जनहरूबाट यस प्रकारका प्रण र भाकलहरू कहिल्यै माग गर्नुभएन। अनि विवाह नगर्ने सम्बन्धमा कुनै प्रण नगर्नु असल हुन्छ। तर जुन भाकल गरिएको छ, त्यो भाकल मानिसले पूरा गर्नुपर्छ। अनि हाम्रो विवाहको प्रण स्वर्गमा पारित भएको छ; यसकारण विवाहको सम्बन्ध कहिल्यै नतोड्नुहोस्, नत्र यसका परिणामहरू साह्रै किम्मती हुनेछन्। प्रभुकहाँ फर्कनुभन्दा अघि गरिएका भाकलहरू पनि हामीले पूरा गर्नुपर्छ, यदि ती भाकलहरू परमेश्वरको वचनको विरुद्धमा छैनन् भने।

**उपदेशक ५ः६ः** यसकारण यस सम्बन्धमा सामान्य नियम यस प्रकारको छः हाम्रो मुखले हामीलाई पाप गर्न लाउनुहुँदैन, हाम्रा भङ्ग गरेका भाकलहरूद्वारा पनि होइन। अनि परमेश्वरको दूत वा दासको सामु 'ओहो, यो भाकल गर्दा मेरो

भूल भएछ; मैले यसो भन्न खोजेको होइनँ' भनेर हामी आफ्नो सफाइ गर्ने मिथ्या प्रयास नगरौं ! अथवा हामीले बेहोशी भई भाकलहरू भङ्ग गर्‍यौं भने कुनचाहिँ बलिदान हाम्रो प्रायश्चित्त गर्ला ? तब हाम्रो तर्फबाट कुनचाहिँ भेटीले उहाँलाई मनाउन सक्ला ?

यहाँ परमेश्‍वरको दास वा दूत को होलान् त नि ? सन्दर्भअनुसार यिनी पूजाहारी भएका हुनुपर्ला; किनकि पुरानो नियमको समयमा मानिसले भङ्ग गरिएका भाकलहरू पूजाहारीको सामु स्वीकार गर्नुपरेको थियो (लेवी ५:४-६)। तर यसको निम्ति मोशाको व्यवस्थाको ज्ञान हुनु अनिवार्य थियो। तर सुलेमानले यहाँ, यस पुस्तकमा यहूदी धर्मको दिव्य प्रकाशदेखि अलग बसेर कुरा गरे। तब सायद हाम्रो निम्ति परमेश्‍वरको दूत उहाँको प्रतिनिधिको अर्थमा लिनु उचित छ होला।

तर यहाँ प्रस्तुत गरिएको आधारभूत बुँदा के हो ? हाम्रो बोली इमानदार छैन भने, परमेश्‍वर यसमा अत्यन्तै बेखुशी हुनुहुन्छ। यसो हो भने, हामी उहाँलाई रिस उठाउने शब्दहरू किन बोल्ने ? किनकि जुन मानिसले उहाँको रिस उठाउँछ, यस मानिसको काममा उहाँ बाधा दिनुहुन्छ; उहाँ त्यो विफल पार्नुहुन्छ र नाश गर्नुहुन्छ।

**उपदेशक ५:७:** सपनाहरूको प्रशस्ततामा ठूलो भ्रम छ; त्यसरी नै जताभावी बोलेका शब्दहरूमा व्यर्थता र विनाश हुन्छ। तब के गरे ठीक होला ? सुलेमानले हामीलाई निम्न सल्लाह दिएका छन्: 'परमेश्‍वरको भय मान !' तर उनले यहाँ परमप्रभुमाथि गरेको प्रेमपूर्वक भरोसाको विषयमा कुरा गरेनन्, तर कतै सर्वशक्तिमान् परमेश्‍वरको रिस पो उठाएका हौं कि भन्ने डरको विषयमा कुरा गरे। यस विषयमा श्री जी. क्याम्पबेल मोर्गनले हामीलाई सम्झना गराएका छन् कि यो भयचाहिँ दासले मालिकसित गरेको डर हो, छोराले बुबालाई गरेको श्रद्धा र आदर होइन। हामीले यहाँ सुलेमानलाई उनको आत्मिक अन्तर्दृष्टिको विषयमा चाहिएको भन्दा बढ़ी श्रेय दिनुहुँदैन। यसको निम्ति यहाँ कुनै ठावैं छैन।

**उपदेशक ५:८:** त्यसपछि सुलेमान अर्को विषयतिर लाग्छन्: गरिबमाथि गरिएको थिचोमिचो र अदालतमा बिगारिएको न्याय। हाम्रो इलाकामा हामीले यस प्रकारका खराबीहरू देख्यौं भने, हामी निराश र व्याकुल हुनुहुँदैन। यो उनले हामीलाई दिएको सल्लाह हो। किनकि सरकारका अधिकारीहरूमा श्रेणीहरू हुन्छन्, र उच्च पद अधिकारीहरूले आफ्ना अधीनस्थ कर्मचारीहरूलाई चीलको आँखाले नियालेर हेर्छन् नि !

तर के तिनीहरूले साँच्चै यसो गर्छन् र ? प्रायः यी जाँच गर्ने प्रणालीहरू विफल हुँदा रहेछन्, र तह-तहका अधिकारीहरूले घूसमा आफ्नो भाग प्राप्त गर्दा रहेछन्।

धर्मी जनहरूको एकमात्र सान्त्वना परमेश्‍वरमा छ, जो उच्च अधिकारीहरूभन्दा पनि उच्च हुनुहुन्छ। अनि एक दिन सबैको लेखा हुनेछ; उहाँ यसको धरौटी बस्ने जमानत हुनुहुन्छ। तर सुलेमानले यहाँ यो कुरा गरेको मलाई शङ्का छ।

**उपदेशक ५:९:** यो पद उपदेशकको पुस्तकको सबैभन्दा अस्पष्ट पद हो; किनकि हिब्रूमा यस पदको अर्थ पनि अनिश्‍चित छ। यो कुरा निम्न अनुवादहरूका उदाहरणहरूबाट स्पष्ट बुझिन्छः

*जे. एन. डार्बीः* 'अनि पृथ्वी हर प्रकारले लाभदायक हुन्छ; राजा स्वयम् धरतीमाथि निर्भर हुन्छन्।'

*एन.ए.एस.बीः* 'खेति गर्ने राजा देशको निम्ति लाभको कारण हुन्।'

*टि.ई.वीः* 'राजा पनि फसलमाथि भर पर्छन्।'

*के.जे.वी./एन.के.जे.वी.:* 'अनि भूमिको उब्जनी सबैको निम्ति हो; खेतबारीबाट राजाको पनि सेवा हुन्छ।'

यस पदको सामान्य विचार यस्तो देखिन्छः सर्वोच्च अधिकारी समेत जमिनको उत्पादनमाथि निर्भर हुन्छन्; यसर्थ तिनी परमेश्‍वरको प्रबन्धमाथि निर्भर हुन्छन्। सबैजना परमेश्‍वरमाथि आश्रित छन्।

**च) उपदेशक ५:१०-६:१२: नाशवान् धनसम्पत्तिमा भएको व्यर्थता**

**उपदेशक ५:१०:** रुपियाँपैसालाई प्रेम गर्ने मानिसहरू कहिल्यै तृप्त हुँदैनन्; किनकि तिनीहरू सधैं अझ बढ़ी रुपियाँपैसा पाउने चाहना गर्छन्। धनले तृप्ति कहिल्यै दिँदैन। मुनाफा, लाभांश, ब्याज र मूल्यको वृद्धि – यी सबैबाट अझै बढ्‌दा धनको निम्ति भोक जाग्छ। यो कति व्यर्थ कुरा हो।

**उपदेशक ५:११:** जब कसैको धनसम्पत्ति बढ्छ, तब यस धनसम्पत्तिबाट फाइदा उठाउने परजीवीहरू पनि उत्तिकै बढ्छन्, चाहे तिनीहरू पद्धितिका सल्लाहकारहरू हुन्, चाहे कर सल्लहकारहरू हुन्, चाहे लेखापालहरू हुन्, चाहे वकीलहरू हुन्, चाहे घरका नोकरचाकरहरू, चाहे परान्नभोजी आफन्तहरू नै किन नहोऊन्।

मानिसले दौरासुरालको एकै जोर मात्र लगाउन सक्छ; अनि एकै दिनमा उसले कति खान सक्छ? यसकारण उसले आफ्नो धनसम्पत्तिबाट उठाएको मुख्य फाइदा के होला त नि? उसले आफ्नो ब्याङ्क खाताको व्ययमाथि, आफ्नो भण्डारको भरिभराउमाथि, आफ्ना शेयर पत्रहरूको मूल्यको वृद्धिमाथि नजर लगाएर आनन्द उठाउनुबाहेक अरू के गर्न सक्ला? उसले अन्य बेहोशी धनी मानिसहरूसँग यसो भन्न सक्लाः 'हे प्राण, तँसँग धेरै वर्षसम्म पुग्ने गरी थुप्रै सम्पत्ति छ; आराम गर्, खा, पी र आनन्द गर्!' (लूका १२:१९)।

**उपदेशक ५:१२:** मीठो निद्राको कुरा गर्नु हो भने, धनसम्पत्ति भएको मानिसको भन्दा श्रमीको निद्रा प्रायः मीठो हुन्छ। किनकि चाहे उसले पेटभर खाएको होस्, चाहे एक निस्तो गाँस खाएको होस्, उसलाई चिन्ता छैन, उसलाई डरै छैन, जुन डरले उसको निद्रा भङ्ग गर्न सक्नेथियो। उता एकजना धनी मानिस छ, जसले शेयर बजारको मूल्य माथितल भएको चिन्ता गर्छ, चोरी र व्ययहरणको बारेमा सोच्दैछ, र आफ्नो पेटको अमिलो रस काट्न अम्लरोधी औषधि निल्दै रात बिताउँदैछ।

**उपदेशक ५:१३:** धनसम्पत्ति सोहोर्ने मानिसले आफूमाथि विनाशकारी नतिजाहरू निम्त्याउँछ। यो कुरा सुलेमानले छरलङ्गै देखे। यता एकजना धनी मानिस थियो, जससँग प्रशस्त सम्पत्ति थियो, तर उसले त्यो धन कुनै लाभदायक, उपयोगी कार्यमा खर्च गर्दैनथियो, तर यसो गर्नुको सट्टामा आफ्नो धन लुकाइराख्यो।

**उपदेशके ५:१४:** तर नभन्दै एउटा विपत्ति आयो, र शेयर बजारमा ठूलो भाटा भयो, र त्यसको सबै रुपियाँपैसा खतम भयो, एकै रातमा गायब भयो। त्यस मानिसको छोरा त थियो; तर के गर्ने? त्यसले आफ्नो छोराको लागि केही पनि छोड्न सकेन; त्यो छोरा पूरा निराश्रित र असाहय भयो।

**उपदेशक ५:१५:** त्यो मानिस आफ्नी आमाको गर्भबाट रित्तो हात लिएर आयो; अनि अब त्यो मानिस रित्तै हात लिएर यो संसार छोड़ेर जान्छ। आफ्नो जीवनभरि त्यसले धेरै रुपियाँपैसा जम्मा त गऱ्यो, तर त्यो गरिब भई मर्छ।

श्री सेसिल जे. रेड्‌सले वर्षौंसम्म दक्षिण अफ्रिकाका प्राकृतिक स्रोतहरूको दोहन गर्थे। तिनी मर्नै लागेको बेलामा पछुताएर यसो भन्दै मानिलिएः

> 'हो, मैले अफ्रिकामा धेरै कुराहरू प्राप्त गरेको थिएँ: हीरा, सुन र जमिन आदि मैले प्राप्त गरें; तर अब मैले ती सबै छोड्नुपर्छ। मैले आर्जन गरेको एउटै कुरा पनि मसँगै जाँदैन। मैले अनन्त धनको खोजी गरिनँ; यसकारण वास्तवमा मसँग केही पनि छैन।' [28)]

**उपदेशक ५ः१६ः** सुलेमानले यहाँ के भनेका छन्, सो सुन्नुहोस्; किनकि यहाँ एउटा दुःखदायी खराबी भएछ। अनि त्यो पीड़ादायी विपत्ति के थियो त? त्यस मानिसले आफ्नो रुपियाँपैसा दिगो फाइदाको लागि प्रयोग गर्न सक्नेथियो। तर यसको सट्टामा त्यो जस्तो आयो, त्यस्तै रित्तै जान्छ। अन्तमा त्यसले परिश्रमको योग्य केही पनि देखाउन सकेन। किनकि त्यसले केवल हावाको लागि मेहनत गरेको थियो।

**उपदेशक ५ः१७ः** यस त्रासदीमा थप कुरा के थियो भने, त्यस मानिसको जीवनका अन्तिम दिनहरू ठूलो उदासीपन, शोकचिन्ता, रोग र क्रोधले भरिएका थिए। त्यसको जीवनी सिन्ड्रेलाको कथाजस्तो, तर यस कथाको ठीक उल्टो भएको थियोः धनदेखि थाङनासम्म।

एक प्रकारले हरेक मानिस मर्दाखेरि सबै कुरा छोड़ेर जानुपर्छ। तर यहाँ यस ठाउँमा यी उपदेशकले रुपियाँपैसा सोहोर्नुमा भएको मूर्खतामाथि हाम्रो ध्यान आकर्षण गर्न खोजे; किनकि त्यसको रुपियाँपैसा उपयोगी काममा लगाउन सकिन्थ्यो। तर के गर्ने? त्यसले यसको सबै गुमाउनुपर्‍यो। तब त्यसले जीवनभरि गरेका परिश्रमबाट कुनै इनामको योग्य काम देखाउन सकेन।

**उपदेशक ५ः१८ः** दैनिक जीवनका खाने, पिउने र काम गर्ने जस्तै सामान्य क्रियाकलापहरूबाट आनन्द लिन सक्नुपर्छ; यो सर्वोत्तम जीवन-नीति हो। तब जे हुन्छ, जस्तैसुकै होस्, किनकि कुनै पनि कुराले मानिसबाट उसले पाइसकेको आनन्द खोस्न सक्दैन। हाम्रो जीवन धेरै छोटो छ; यसकारण समय छँदै हामीले यसको सकभर आनन्द उपभोग किन नगर्ने?

**उपदेशक ५ः१९ः** परमेश्वरले मानिसलाई धनसम्पत्ति दिनुको साथै उसलाई उसको सम्पत्तिबाट आनन्द लिने क्षमता दिनुभयो भने, उसलाई उसको जीवनको भाग्यसँग सन्तुष्ट हुने र उसको कामबाट आनन्द लिने क्षमता दिनुभयो भने, यो कुरा सुलेमानको विचारमा सबैभन्दा बढ़िया कुरा थियो। यो संयोग हामीले परमेश्वरको विशेष वरदान मन्नुपर्छ; अथवा आफ्नो शब्दमा भन्नु हो भने, यो सच्चा जीवन, यो वास्तविक कुरा थियो।

**उपदेशक ५ः२०ः** यस्तो मानिसले आफ्नो छोटो जीवन, त्यसका दुःखहरू र त्यसका तल-माथिका कुराहरूको विषयमा चिन्ता गर्दैन; किनभने परमेश्वरले उसको मन उसको वर्तमान परिस्थितिको आनन्दमा केन्द्रित राख्नुहुन्छ।

**उपदेशक ६ः१-२ः** तर जीवनमा एउटा निर्दयता, एउटा बिडम्बना छ, जुनचाहिँ मानिसहरूमाथि ठूलो भारी हुन्छ। अनि यो के हो त? परमेश्वरले एकजना मानिसलाई उसले चाह गरेको जत्ति धन, दौलत र मान दिनुभयो; तर उहाँले यसको साथमा उसलाई यी थोकहरू उपभोग गर्ने क्षमता दिनुभएन। याद रहोस्ः सुलेमानले यहाँ परमेश्वरलाई यसको दोष दिएका छन्; किनभने उहाँले त्यस व्यक्तिलाई उसको सम्पत्तिबाट आनन्द लिनदेखि वञ्चित गर्नुभयो।

त्यस मानिसमाथि अकाल मृत्यु आइपुग्छ; यसकारण उसले आफ्नो धनसम्पत्तिबाट आनन्द लिन पाउँदैन। अनि उसले यो सारा धनसम्पत्ति एउटा अपरिचित व्यक्तिलाई छोड़िदिन्छ, आफ्नो छोरालाई अथवा आफ्नो नजिकको नातेदारलाई पनि होइन। तब पक्कै पनि जीवन एउटा पानीको रित्तो फोकाजस्तै देखिन्छ, होइन र? अथवा अझै बढ़ी, एउटा घातक रोगजस्तो देखिन्छ।

**उपदेशक ६ः३ः** ठिक्कै छ, मानौं त्यस मानिसको ठूलो परिवार भएको होस्, र ऊ धेरै वर्ष र लामो उमेरसम्म बाँचोस्। तर यी सर्वोत्तम आशिषहरूको मतलब के हो, यदि उसले आफ्नो जीवनबाट आनन्द लिन सक्दैन भने, अथवा अन्तमा उसको योग्य दफन छैन भने? तब उसको भन्दा तुहेको बालकको हालत असल हुँदो रहेछ।

**उपदेशक ६ः४ः** मृतजन्म व्यर्थ छ; किनकि त्यस तुहेत्रोलाई कसैले पनि नचिनीकन त्यो यस धरतीबाट गइहाल्छ। त्यसको नाम जीवितहरूको कुनै सूचिमा हालिँदैन; त्यो कहिल्यै नजन्मेको, कहिल्यै नमरेको बराबर हो ।

**उपदेशक ६ः५ः** हो, तुहेको बालकले कहिल्यै सूर्य देख्दैन र केही जान्दैन । तर लोभी मानिसको भन्दा त्यसको आराम धेरै हुनेछ; किनकि त्यसले जीवनका मुटु धड्काउने प्रति-कूलताका अनुभवहरू कहिल्यै गर्नुपर्दैन ।

**उपदेशक ६ः६ः** लोभी मानिसले दुई पल्ट हजार वर्ष बाँच्न पायो भने त्यसको निम्ति यो के हो त, यदि त्यसले जीवनका उत्तम-उत्तम कुराहरूबाट आनन्द लिन सकेन भने ? त्यसको भाग्य र तुहेको बालकको भाग्य एउटै होः चिहान ।

**उपदेशक ६ः७ः** मानिसले काम गरेको मुख्य कारणचाहिँ आफ्नो परिवारको लागि खानेकुरा किन्नु हो । तर अनौठो कुरा के हो भने, उसको पेट भरिन्छ, तर उसको मन कहिल्यै तृप्त हुँदैन । उसको आम्दानी जति बढ्छ, त्यति नै बढ़ी उसलाई किनमेल गर्न मन लाग्छ । सन्तुष्टि त्यो लड्डु हो, जुनचाहिँ उसले घिउसँग खान खोजेको हो, तर जुनचाहिँ उसको सामुबाट सधैं लुप्त हुन्छ ।

**उपदेशक ६ः८ः** यस व्यर्थ प्रयासमा बुद्धिमान् मानिसलाई मूर्ख मानिसलाई भन्दा बढ़ी फाइदा हुँदैन। अनि त्यो गरिब मानिस पनि अग्रसर छैन, जससँग अरू सबै मानिसहरूको भन्दा जीवन धाउने उत्तम तरिका छ ।

**उपदेशक ६ः९ः** के तपाईंको सामु राखिएको खानामा तपाईं सन्तुष्ट हुनुहुन्छ कि तपाईं सधैं अझ मीठो, अझ स्वादिष्ठ खानेकुरा खोज्नु-हुन्छ ? तब बुझ्नुहोस्ः सन्तुष्टि धेरै राम्रो कुरा हो । सधैं नयाँ, अझै नयाँ कुराहरूको लालसा गर्नुचाहिँ हावाबतासलाई पक्रन खोज्नुजतिकै मूर्ख प्रयास हो। श्री एच. सी. लोइपोल्डले भनेझैं, 'साँचो सन्तुष्टि प्राप्त गर्ने खोजीमा मानिस एउटा कुराबाट अर्को कुरामा पुग्छ र आफ्नो अभिलाषामा भड्किन्छ ।' 28)

**उपदेशक ६ः१०-११ः** मानिस धनी वा गरिब, ज्ञानी वा मूर्ख, वृद्ध वा जवान ' ऊ जोसुकै होस्, तर उसलाई पहिलेबाट एउटा नाम दिइएको छः मानिस । अनि यहाँ मानिसको निम्ति हिब्रू भाषामा 'आदम' भन्ने शब्द लगाइएको छ; अनि यसको अर्थ 'रातो माटो' हो । तब रातो माटो भएको एउटा प्राणीले सृष्टिकर्ता परमेश्वरसँग कसरी बहस गर्न सक्छ, सो मलाई भन्नुहोस् !

**उपदेशक ६ः१२ः** यी उपदेशकको विचारअनुसार कुरा सुस्पष्ट छः छायाजस्तै बितिजाने यस व्यर्थ जीवनमा आफ्नो लागि कुनचाहिँ कुरा उत्तम होला ? यो कुरा कसैलाई पनि थाहा छैन । अनि आफ्नो मृत्यु भएपछि यस पृथ्वीमा के हुने हो, सो कुरा कसैलाई पनि थाहा हुँदैन ।

# खण्ड ३

# उपदेशक ७ः१-१२ः८ः

## सूर्यमनि जिउने जीवनको निम्ति दिइएको सुझाउ

### क) उपदेशक ७ः सूर्यमनि भएको असल कुरा र योभन्दा उत्तम कुरा के हो ?

**उपदेशक ७ः१ः** छ अध्यायको अन्तमा पढ़ेको पिरोल्ने कुरा के थियो भने, मानिसले सूर्यमनि आफ्नो लागि उत्तम कुरा के हो, सो जान्न सक्दैन । तर सुलेमानसँग असल र असलभन्दा

उत्तम कुराहरूको विषयमा केही विचारहरू छन्, जुन कुराहरू उनले सात अध्यायमा पेश गर्न लागेका छन्। वास्तवमा, यस अध्यायमा जतिपल्ट 'असल' वा 'उत्तम' भन्ने शब्दहरू प्रयोग गरिएका छन्, त्यति धेरै यी शब्दहरू पुरानो नियमभरि अरू कुनै अध्यायमा प्रयोग गरिएका छैनन्।

पहिलो कुराः *'एउटा सुनामचाहिँ बहुमूल्य तेलभन्दा असल हो।'* निस्सन्देह, एउटा सुनामले एउटा असल चरित्र सङ्केत गर्छ। अनि बहुमूल्य तेलले चाहिँ किम्मती कुरा र सुगन्धित कुरा दर्साउँछ। तब यसबाट बुझौंः सबैभन्दा महँगो सुगन्धले कहिल्यै आदरको योग्य, सम्मानित जीवनको स्थान लिन सक्दैन।

दुई, यी उपदेशकले के भन्छन् भने, *'कसैको जन्म-दिनभन्दा उसको मृत्युको दिन असल हो।'* यस वाक्यमा उनले के भन्न खोजे होलान्? यसमा हामी दोधारमा परेका छौं। के उनले यो कुरा एउटा सामान्य नियमको रूपमा पेश गरे? कि के उनले यो एउटा सुनाम भएको मानिसको विषयमा भने कि? ठिक्कै छ, आउनुहोस्, हामी उनको यो भनाइ साँचो विश्वासीहरूमाथि लागू गरौं! तब उनको निचोड़ सही हो। तर आफ्ना पापहरू स्वीकार नगरीकन र पापको क्षमा नपाईकन मर्नेहरूको विषयमा पक्कै पनि यो उक्त कुरा सत्य हुँदैन।

**उपदेशक ७:२ः** तेस्रो कुराः सुलेमानको विचारमा, *'भोजको घरमा जानुभन्दा शोकको घरमा जानु असल हो।'* किनकि मृत्यु सबै मानिसहरूको अन्त हो; अनि जब हामीले मृत्युको सामना गर्नुपर्छ, तब हामी एकक्षण रोक्छौं र आफ्नै प्रस्थानको बारेमा सोच्न बाध्य हुन्छौं।

हरेक विचारशील व्यक्तिले मृत्युको यथार्थता ध्यानमा राख्नुपर्छ, र ऊसँग जीवनको यस्तो एउटा सिद्धान्त हुनुपर्छ, जुन सिद्धान्तले उसलाई निर्धक्कासाथ त्यो अपरिहार्य नियुक्ति सामना गर्न सक्षम तुल्याउँछ। मुक्तिको सुसमाचारले हामीलाई एकजना मुक्तिदाताको बारेमा बताउँछ, जसले आफ्नो मृत्युद्वारा मृत्युमाथि अधिकार भएको शैतानलाई नष्ट गर्नुभयो र जसले तिनीहरू सबैलाई छुटकारा दिनुहुन्छ, जो मृत्युको डरले गर्दा सारा जीवनभरि बन्धनमा परेका हुन्छन् (हिब्रू २:१४-१५); उहाँको नाम येशू हो।

**उपदेशक ७:३ः** अब चौथो असल कुरा आयोः *'हाँसोभन्दा शोक असल हो।'* यी उपदेशक कुन कुरामा विश्वस्त थिए भने, गम्भीरताचाहिँ हल्कापनभन्दा सक्रिय हुन्छ। किनकि गम्भीरताले जीवनका ठूला समस्या-हरूसँग जुध्न हाम्रो दिमाग तीखो बनाइदिन्छ; तर सबै कुराहरू हल्का लिने तुच्छ व्यवहारले हाम्रो समय बर्बाद गर्छ र हामीलाई जीवनका महत्त्वपूर्ण कुराहरू बुझ्नदेखि रोक्छ।

> म सुखदेवीसँग एक माइल हिँडें;
> त्यसले बाटोभरि मसँग कुरा गरिरही,
> तर त्यसले जति धेरै बोले पनि
> मैले त्यसको कुराबाट केही पनि सिक्न सकिनँ।
>
> म शोकमतीसँग एक माइल हिँडें,
> अनि बाटोभरि उसले एक शब्द पनि बोल्दिनथी।
> तर ओहो, दुःखमती मसँग हिँडेको बेलामा
> मैले उसबाट कति गहन कुराहरू सिकें!
>
> श्री रोबर्ट ब्राउनिङ ह्यामिल्टन

*'किनकि उदास अनुहारले हृदय असल बनिन्छ।'* जीवनको सम्बन्धमा नमिल्ने कुरा-हरूमध्ये एक यो हो कि आनन्द र शोक सँगै रहन सक्छन्। अँ, अन्यजाति दार्शनिकहरूले समेत दुःखकष्ट र उदासीपनमा रोगको इलाजमा मूल्य छ भन्ने कुरा स्वीकार गरेका छन्। तर जुन कुरा विश्वास नगर्ने मानिसहरूको सम्बन्धमा केही मात्रामा साँचो हुन्छ, त्यो कुरा परमेश्वरका जनहरूको सम्बन्धमा झन् बढ़ी सत्य हुन्छ। किनकि शोक र कष्टहरू उनीहरूको जीवनमा सद्गुणहरू विकास गर्ने माध्यम हुन्। उनीहरूले सहेका दुःखकष्टहरूले उनीहरूलाई ख्रीष्ट

येशूका दुःखकष्टहरूको निम्ति बढ़ी कृतज्ञ हुने नयाँ मौका दिन्छन् । उनीहरूले सहेका दुःख-कष्टहरूले उनीहरूलाई यस्तै परीक्षाहरूमा परेकाहरूलाई सान्त्वना दिन सक्षम तुल्याउँछन् । अनि ती दुःखकष्टहरू भावी महिमाको बन्धक-रूपी बैना हुन् (रोमी ८ः१७) ।

**उपदेशक ७ः४ः** बुद्धिमान् व्यक्तिको मन कसैको मृत्युको उपस्थितिमा शान्त, निश्चल र स्थिर रहन्छ । उसले शोक र चापहरूसँग व्यवहार गर्न जान्दछ; किनभने उसका जराहरू गहिरा छन् । तर मूर्ख मानिसहरू सिकिस्त सङ्कष्टहरू सामना गर्न खड़ा हुन सक्दैनन् । तिनीहरूले हाँसो र हर्षउल्लासद्वारा जीवनका आवाजहरू दबाउन खोजेका छन् । तिनीहरू अस्पताल र मुर्दाघरहरूसँग कुनै सम्पर्क राख्दैनन्, तर तीदेखि टाढ़ा रहन्छन्; किनभने तिनीहरूसँग गहन नभएका फिक्का-फिक्का स्रोतहरूले तिनीहरूलाई जीवनका चापाचाप-हरूमा खड़ा हुन सक्न सक्षम तुल्याउँदैनन् ।

**उपदेशक ७ः५ः** तर अझै यसभन्दा बढ़िया कुरा छँदैछ । *'मानिसको निम्ति मूर्खहरूको गीत सुन्नभन्दा बुद्धिमान्को हप्की सुन्नु असल हो ।'* हाम्रो हित र उन्नति खोज्ने आलोचनाले अर्ती दिन्छ, सच्याउँछ र चेतावनी दिन्छ । तर मूर्ख मानिसहरूको खोक्रो रमाइलो र खुशीयालीले कुनै पनि टिक्ने मूल्यवान् कुरा हासिल गर्दैन ।

**उपदेशक ७ः६ः** *'भाँड़ामनि काँड़ाहरू पड्केको आवाज जस्तो हुन्छ, मूर्खको हाँसो पनि त्यस्तै हुन्छ'* अर्थात् मूर्खको हाँसो भड्किलो हुन्छ र भाँड़भैले हल्ला त हुन्छ, तर यसबाट कसैको उन्नति र उत्थान हुँदैन । जलिरहेका काँड़ाहरू कटकट गर्लान्, पर्र्याकपुरुक गर्लान् र पटपट पड्कलान्, तर काँड़ाहरू राम्रो दाउरा हुँदैनन् । काँड़ाहरूको आगोले थोरै ताप उत्पन्न गर्छ, तर त्यसको आगो चाँड़ै निभ्छ । यो त प्रभावहीन हल्ला मात्र हो, एउटा सारहीन फोका मात्र हो ।

**उपदेशक ७ः७ः** बुद्धिमान् मानिस पनि ठग र अत्याचारी हुनु सम्भव छ; तब ऊ एउटा महामूर्ख काम गर्छ । तब ऊ शक्तिले उन्मत्त हुन्छ, र उसले आफ्नो सन्तुलन र आत्मसंयम गुमाउँछ । अनि बक्सिस र घूसखोरको पछि लाग्नेहरू सबैले आफ्नो मन र दिमाग भ्रष्ट पार्छन् । तिनीहरू घूस ग्रहण गर्नेबित्तिकै पतित हुन्छन्, र तिनीहरूले पूर्वाग्रहरहित फैसलाहरू गर्ने आफ्नो क्षमता गुमाइपठाउँछन् ।

**उपदेशक ७ः८ः** सुलेमानलाई केकस्तो लाग्यो ? *'कुनै कुराको शुरुभन्दा त्यसको अन्त असल हो ।'* हुन सक्छ, उनको विचार कुनै परियोजनाको शुरुमा पुग्यो होला, जब एउटा नयाँ काम शुरु गर्न मानिसले आफ्नो सारा हिम्मत र जाँगर लिएर आरम्भिक ऊर्जासङ्कट काट्नु-पर्छ । अनि उनको ध्यान यस कठिन परिश्रम र अनुशासनमाथि पर्न गयो होला, जुन परिश्रम र अनुशासन कुनै परियोजनाको शुरुमा चाहिन्छ । तब ठिक्कै हो, यस परियोजनाको अन्तमा केही न केही सफलता प्राप्त भएको उपलब्धिको भावना र सन्तुष्टि आउँछ ।

तर उनले यहाँ पेश गरेको यो नियम सधैं लागू हुँदैन; यो महसुस गर्न धेरै बेर लाग्दैन । किनकि धार्मिक कामहरूको अन्त तिनीहरूको शुरुभन्दा असल हुनेछ; तर पापको ज्याला मृत्यु हुनेछ । अय्यूबको पछिल्लो अवस्था तिनका शुरुका दिनहरूभन्दा असल थियो (अय्यूब ४२ः१२); तर दुष्ट मानिसहरूको अन्त भयानक हुनेछ, यसको साध्य छैन (हिब्रू १०ः३१) ।

*'धीरजी आत्माचाहिँ घमण्डी आत्माभन्दा असल हो ।'* जब यी उपदेशकले धीरजी मानिस घमण्डी मानिसभन्दा श्रेष्ठ हो भन्ने यो वाक्य कहे, तब उनी एउटा बलियो जगमाथि उभे । धैर्य एउटा सुन्दर सद्‌गुण हो, तर घमण्ड मूलपाप हो । धैर्यवान् मानिसले परमेश्वरको अनुमोदन पाउँछ (रोमी ५ः४), तर घमण्ड

मानिसलाई विनाशको योग्य तुल्याउँछ (हितोपदेश १६ :१८ ) ।

**उपदेशक ७ :९ :** *'रिसाउनलाई आफ्नो आत्मामा हड़बड़ नगर; किनभने मूर्खहरूको छातीमा रिसले वास गर्छ ।'* यहाँ झड़ङ्ग रिसाउने झुकाउको विरुद्ध हामीलाई चेताउनी दिइएको छ । यस प्रकारको आत्म-नियन्त्रणको कमीले हाम्रो स्वभावको कमजोरता प्रकट गर्छ । एकजना अज्ञात भाइले यसो भनेका छन्ः 'मानिसको रिस उठाउन सक्ने कुरा ठूलो वा सानो होस्, तर मानिसको महानता जाँच्ने कसी यही हो ।' के हामी ईर्ष्या र रिसरागको अड्डा हौं ? तब हामी आफैलाई मूर्ख साबित गर्छौं । बुद्धिमान् मानिसहरूले यस्तो तुच्छ मतलबहीन व्यवहारले आफ्नो जीवन बर्बाद गर्दैनन् ।

**उपदेशक ७ :१० :** *'पहिलेका दिनहरू अहिलेका दिनहरूभन्दा असल थिए, यसको कारण के होला त नि भनेर नभन !'* बितिसकेको समयमा जिउनुचाहिँ अर्को मूर्ख कुरा हो । हामी जहिले 'पुराना असल दिनहरू'को बारेमा कुरा गर्छौं, र 'ती दिनहरू फर्केर आए कति असल हुनेथियो' भनेर विगत दिनहरूको खूब चाहना गर्छौं । तर के यी बितेका दिनहरू साँच्चै यति असल थिए र ? कि के हामी सपना-जगत्मा जिइरहेका छौं ? हामीले परिस्थितिहरूको सामना गर्नुपर्छ; योचाहिँ असल कुरा हो । परिस्थितिहरू जेजस्ता किन नहोऊन्, हामी एउटा विजयी जीवन जिउनुपर्छ । अन्धकारलाई सराप्नुभन्दा मैनबत्ती बाल्नु असल हो ।

**उपदेशक ७ :११ :** *'पैतृक सम्पत्तिको साथमा बुद्धि हुनु असल हो;'* यहाँ सुलेमानको विचार दुईवटा कुरामाथि पर्न गयोः बुद्धि र अधिकारको भाग । अनि यो वाक्य निम्न तीन प्रकारले बुझ्न सकिन्छः **क)** पहिलो, अंशको साथ बुद्धि हुनु असल हो (के.जे.वी., एन.के.जे.वी. र एन.ए.एस.बी.); किनकि बुद्धिले अंसियारलाई उसको हकको सम्पत्ति होशियारसाथ प्रयोग गर्न सक्षम तुल्याउँछ । **ख)** दोस्रो, अधिकारको भागको रूपमा बुद्धि असल हो (जे.एन.डी.); कसैले एउटा मात्र सम्पदा रोज्न सक्छ भने, बुद्धि उसको सर्वोत्तम रोजाइ हुनेथियो । **ग)** तेस्रो, बुद्धि उत्तराधिकारजत्तिकै असल हुन्छ । बुद्धि धनको मूलस्रोत हो ।

*'... र सूर्य देख्नेहरूको निम्ति यसबाट लाभ हुन्छ;'* बुद्धि हुने कुरा सूर्य देख्नेहरूको निम्ति अर्थात् पृथ्वीमा बाँच्नेहरूको निम्ति फाइदाजनक छ । निम्न बाह्र पदमा यसको फाइदा केमा छ, सो स्पष्ट पारिएको छ ।

**उपदेशक ७ :१२ :** *'किनकि बुद्धि एउटा आश्रय हो, अनि रुपियाँपैसा पनि एउटा आश्रय हो;'* बुद्धिले यहाँ रुपियाँपैसाको ठाउँ लिएको छ; किनकि रुपियाँपैसाले जस्तो बुद्धिले पनि हामीलाई सुरक्षा र संरक्षण प्रदान गर्छ । रुपियाँपैसा लिएर एक व्यक्तिले आफूलाई बीमामार्फत भौतिक र आर्थिक हानिबाट जोगाउन सक्छ । तर बुद्धिले हामीलाई नैतिक र आत्मिक क्षतिबाट बचाउन सक्छ । यसकारण बुद्धि रुपियाँपैसाभन्दा श्रेष्ठ हो; किनकि बुद्धिले बुद्धि हुनेहरूको जीवन बचाइराख्छ, तिनीहरूको भौतिक सम्पत्ति मात्र होइन ।

हामी याद गरौंः ख्रीष्ट येशू परमेश्वरको बुद्धि हुनुहुन्छ, र उहाँलाई भेट्टाउनेहरूले जीवन भेट्टाएका छन् । तब बुद्धिको असीम श्रेष्ठता छरलङ्गै देखिन्छ । उहाँमा बुद्धि र ज्ञानको सारा धन लुकेको छ (कलस्सी २ :३ ) ।

**उपदेशक ७ :१३ :** *'परमेश्वरको काम विचार गर !'* एकजना बुद्धिमान् व्यक्तिले एउटा काम गर्छः उसले सार्वभौम परमेश्वरले आफ्ना कार्यहरू कसरी नियन्त्रण गर्नुहुन्छ, सो विचार गर्छ । उहाँले कुनै कुरा बाङ्गो बनाउनुभयो भने, कसले यो सीधा पार्न सक्छ र ? अर्को शब्दमा भन्नु हो भने, कसले उहाँको इच्छा सफलतापूर्वक विरोध गर्न सक्छ ? उहाँका आदेशहरू अपरिवर्तनीय हुन्छन् र मानवीय हस्तक्षेपको अधीनतामा छँदैछैनन् ।

**उपदेशक ७ः१४ः** जुन परमेश्वरले हाम्रो जीवन सुव्यवस्थित गर्नुहुन्छ, ती परमेश्वरले हामीलाई समृद्धि र फलिफापका समयहरू दिनुको साथै हामीलाई प्रतिकूल समयहरू पनि दिन उचित ठान्नुभएको छ। जब समृद्धि आउँछ, तब हामी खुशी हुनुपर्छ र हामीले त्यसबाट आनन्द लिनुपर्छ। तर विपत्तिको दिनमा हामीले बुझ्नुपर्छ कि परमेश्वरले यस हेतुले असल र खराब, सुख र दुःख पठाउनुहुन्छ, कि अब के हुन आउने हो, सो मानिसलाई थाहा नभएको होस्। किनकि त्योचाहिँ कृपा हुन सक्छ, त्यो-चाहिँ निराशा हुन सक्छ।

यो कुरा पनि विचार गर्न लायक छः परमेश्वरले असल र खराब यस प्रकारले मिलाउनुहुन्छ, कि मानिसहरूले उहाँमा कुनै पनि गल्ती भेट्टाउन नसकून्।

जेजस्तो भए पनि यो सुनिश्चित छ, कि यी दिव्य निर्णयहरू सूर्यमनि भएको भौतिक जीवन मात्र असर गर्छन्।

**उपदेशक ७ः१५ः** 'अब मैले सबै कुरा देखेको छु' भन्ने हामीसँग एउटा भनाइ छ, जुन भनाइ हामी तब प्रयोग गर्छौं, तब हामीले अप्रत्याशित, अनपेक्षित कुरा देखेका छौं, अर्थात् हामीलाई असम्भव लागेको परम आश्चर्य देखेका छौं। अनि मलाई लाग्छ, कि यस पदमा सुलेमानले यही अर्थमा यसो भनेका हुन्। किनकि उनले आफ्नो व्यर्थ जीवनमा एक-अर्कालाई विरोध गर्ने हर किसिमको कुरा देखे। उनले धर्मी मानिसहरूलाई देखे, जो आफ्नो जवानीमा मरे, अनि उनले दुष्ट मानिसहरूलाई देखे, जो लामो समयसम्म बाँचे।

**उपदेशक ७ः१६ः** यी उपदेशकले यता एउटा धर्मी जीवन र आशिषको बीचमा अनि उता पाप र दण्डको बीचमा कुनै सुनिश्चित सम्बन्ध पत्ता लगाउन सकेनन्; यसकारण उनले यताको सुदूर किनारामा होइन, र उताको सुदूर किनारामा पनि होइन, तर यी दुई कुराहरूको ठीक बीचमा बस्ने नीति सबैभन्दा असल नीति ठानेर अपनाए। तर यो एउटा साह्रै फिक्का, अबाइबलीय निष्कर्ष हो, जसको नाम 'सुनौलो माध्य नामक निष्पक्षताको नियम' भनिन्छ।

सुनौलो माध्य नामक नियमअनुसार अत्यन्त धर्मी हुने र अत्याधिक बुद्धिमान् हुने कुरा टारेर मानिस अकाल विनाशबाट उम्कन सक्छ अरे। तर वास्तवमा यो कुरा सत्य होइन। परमेश्वरले आफ्ना जनहरूको निम्ति निम्न उच्च स्तर दिनुभयोः उनीहरूले पाप गर्नुहुँदैन (१ यूहन्ना २ः१)। अनि उहाँले आफ्ना जनहरूलाई सुनिश्चयता दिनुभयोः उनीहरूको काम पूरा नहोउन्जेल उनीहरू अमर हुन्छन्।

**उपदेशक ७ः१७ः** सुलेमानको हिसाबमा अर्को खतरा पनि थियोः ज्यादा दुष्ट हुनु हो। दुस्साहसी मानिसचाहिँ आफ्नो समयभन्दा पहिले मर्न सक्छ। यसकारण यी उपदेशकले के भन्छन् भने, मध्यवर्ती नीति आदर्श नीति हो, जसकहाँ आइपुग्न हामीले प्रयास गर्नुपर्छ अरे।

यो सुनिश्चित छ, कि यस्ता धारणाहरू मानिसहरूका तर्कहरू मात्र हुन्, परमेश्वरका प्रकाशका कुराहरू होइनन्। परमेश्वरले पापलाई कुनै हालतमा पनि छोड्दिन वा छूट दिन सक्नुहुन्न। सिद्धता सधैं उहाँको स्तर हो।

**उपदेशक ७ः१८ः** यी उपदेशकको विचार-अनुसार कुरा यस्तो थियोः सर्वोत्तम नीति भनेको निम्न कुरा बुझ्नु होः यता चाहिएको भन्दा बढ़ी धर्मी मानिसको अकाल मृत्यु भयो भने, उता उड़न्ता पुत्रको आत्म-नाश भयो। यसकारण जसले परमेश्वरको भय मान्छ, उसले मध्यवर्ती चाल अपनाउँछ र ऊ दुवै खाड़ल-हरूमा पर्नदेखि उम्कन्छ।

यस मानवीय सल्लाहअनुसार परमेश्वर पाप र अधर्मको विषयमा कठोर हुनुहुन्न, तर मध्यमार्गी र सहनशील हुनुहुन्छ। तर यो बिलकुल गलत हो। तर के गर्ने? यो त सुलेमानका अवलोकनहरूको फल थियो; किनभने उनले सूर्यमनि के-के भइरहेको थियो, सो नियालेर हेरेका थिए। यो कुरा हामीले सधैं

याद गर्नुपर्छ; नत्र ता हामी यस प्रकारको सांसारिक धारणाको विषयमा अलमल्ल पर्नेछौं ।

**उपदेशक ७:१९:** *'बुद्धिले बुद्धिमान् मानिसलाई शहरमा हुने दसजना शासकहरूभन्दा बढ़ी बलवान् तुल्याउँछ ।'* सुलेमानको विश्वास थियो कि बुद्धिले मानिसलाई बढ़ी बल र सुरक्षा दिन्छ, अँ, दसजना शासकहरूले एउटा शहरलाई दिन सक्ने बल र सुरक्षाभन्दा धेरै बढ़ी दिन्छ । यस भनाइको सरल अर्थ यो होः बुद्धि सशस्त्र बलभन्दा ठूलो छ । परमेश्वर अनिवार्य रूपले सबैभन्दा ठूला सेनाहरूको पक्षमा हुनु आवश्यक छैन ।

**उपदेशक ७:२०:** *'किनकि ...'* यो पद 'किनकि' भन्ने शब्दबाट शुरु भएको छ; यसकारण यो पद अघिको पदसँग जोड़िएको छ । तर यी दुईवटा पदहरूको बीचमा सम्बन्ध के छ त ? त्यो सम्बन्ध यसैमा छः हामी सबैलाई यी उपदेशकले अघि वर्णन गरेको बुद्धिबाट हुने लाभहरू चाहिन्छ; किनकि हामी सबैजना सिद्ध छैनौं । सधैं असल मात्र गरिरहने र कहिल्यै पाप नगर्ने सिद्ध धर्मी मानिस कोही पनि छैन ।

पापको व्यापकताको विषयमा सिकाउन प्रायः उपदेशक ७:२० पद लिइन्छ, र यस प्रकारको अर्थ लगाइ ठिक्कै छ । तर यस पदको सन्दर्भको विषयमा श्री एच. सी. लोइपोल्डले के लेखेका छन् भने, 'भर्खरै वर्णन गरिएको बुद्धिसँग हाम्रो घनिष्ठ सम्बन्ध हामीलाई किन बढ़ी आवश्यकता पर्छ, सो कुरा यस बीस पदले बताउँछ ।' 29)

**उपदेशक ७:२१:** आफ्नो असिद्धताको विषयमा हामीलाई एउटा खाँटी भावना चाहिन्छ; किनकि यस प्रकारको भावनाले हामीलाई आलोचना र दोषारोपहरू शान्तिसँग लिन मद्दत गर्छ । कुनै नोकरले हामीलाई सरापेको हामी सुन्छौं भने, एउटा नोकर, जसको सामाजिक स्तर हाम्रो भन्दा निक्कै तल छ, तब उसले हामीलाई राम्रोसँग नचिनेकोमा हामी सधैं आनन्दित हुन सक्छौं; किनभने त्यसले हामीलाई राम्ररी चिनेको भए त्यससँग हामीलाई अझ धेरै सराप्ने कारणहरू हुनेथिए ।

जब शिमीले दाऊदलाई सराप्यो, तब अबिशैले त्यसको टाउको काट्न चाहे, तर दाऊदको जवाफबाट के बुझिन्छ भने, शिमीको श्राप पूरा रूपले कराणहीन भएको थिएन रहेछ (२ शमूएल १६:५-१४) ।

**उपदेशक ७:२२:** अनि हामी यही कुराको विषयमा पनि दोषी छौं भन्ने कुरा हामीले सधैं सम्झनुपर्छ । किनभने धेरै पल्ट हामीले पनि आफ्नो हृदयमा अरू मानिसहरूलाई सराप्यौं । जब हामी आफै सिद्ध हुनदेखि यति टाढ़ा छौं, तब हामी अरूहरूबाट तिनीहरू सिद्ध हुने आशा किन गर्ने ?

सिद्धतावादीका निराशाहरूमध्ये एउटाचाहिँ यही होः उसले हरेक कुरा र हरेक व्यक्तिलाई सिद्ध भएको चाहन्छ । तर के गर्ने ? ऊ एउटा त्रुटिपूर्ण संसारमा जिउँछ; अनि धिक्कार, किनकि ऊ स्वयम् आफैले अरूको लागि तय गरेको लक्ष्यमा पुग्न सक्दैन ।

**उपदेशक ७:२३:** यी उपदेशकले जीवनका यी सबै क्षेत्रहरू अनुसन्धान गर्न आफ्नो असाधारण बुद्धि प्रयोग गरे। उनले सबै रहस्यहरूको भेद जान्न र सबै पेचिला गाँठाहरू खोल्न प्रशस्त बुद्धिमान् हुन चाहे। तर परमेश्वरबाट अलग रहीकन उनले आफ्ना सबै अनुसन्धानहरू गरे; यसकारण उनले के पत्ता लगाए भने, अन्तिम जवाफहरू फुट्ट उनको हातबाट निस्के । विशेष प्रकाश नपाईकन हाम्रो निम्ति जीवन एउटा जटिल पहेली पो रहि-रहन्छ ।

**उपदेशक ७:२४:** अस्तित्वमा आएका थोकहरूको विषयमा दिइएका स्पष्टीकरणहरू धमिला, अगम्य र अत्यन्त गहिरा छन् । हाम्रो संसार रहस्यहरूले भरिएको छ। अन्वेषण नगरिएको विशाल अज्ञात क्षेत्र रहिरहन्छ।

रहस्यहरू र उत्तर नपाएका प्रश्नहरूले हामीलाई सताइरहेका छन् ।

**उपदेशक ७ : २५ :** जवाफहरू प्राप्त गर्न असफल भएका सुलेमान आफ्नो खोजीमा दृढ़तापूर्वक अडिग रहे, र उनले मानिसको अस्तित्वको पक्ष-विपक्षको विषयमा अज्ञात राशिको योगफल निकाल्न अझै ठूलो बुद्धि पाउन खोजे । उनले मूर्खतामा हुने दुष्टता, अनि मूर्ख्याइँ र पागलपनमा भएको खराबी बुझ्न चाहेः मानिसहरूले आफूलाई किन विलासीता र लाजशर्ममा दिइहाल्छन् ?

**उपदेशक ७ : २६ :** त्यस सिलसिलामा उनले विशेष गरी एउटी छाड़ी स्त्री, एउटी वेश्याको बारेमा विचार गरे – एउटी यस्ती स्त्री, जसको दुष्ट प्रभाव मृत्युभन्दा पनि तीतो हुन्छ । त्यसको मन पुरुषहरूलाई पासोमा पार्ने जटिल युक्तिहरूले भरिएको थियो; अनि त्यसको पकड़मा परेकाहरू साङ्लोले झैं बलियो गरी बाँधिएका थिए । हरेक जसले परमेश्‍वरलाई प्रसन्न तुल्याउने इच्छा गर्छ, ऊ त्यसका फन्दाहरूबाट उम्कनेछ । तर जुन मानिसले पापसँग खेल्छ, त्यस मानिसको बाटो र त्यस स्त्रीको बाटो एक-अर्कासित अवश्य भेट्ने नै छन्, र त्यो मानिस त्यसको अङ्कुसेमा पर्ने कुरा सुनिश्‍चित छ ।

यो सम्भव छ कि यहाँ उल्लेख गरिएकी स्त्रीचाहिँ संसारको एउटा प्रतीक वा संसारको बुद्धिको एउटा चित्र हुन सक्छे (कलस्सी २ : ८; याकूब ३ : १५) ।

**उपदेशक ७ : २७-२८ :** आउँदा तीनवटा पदहरूमा सुलेमानले आफ्ना सह-नागरिकहरूको विषयमा आफ्नो निराशा व्यक्त गरेको देखिन्छ । किनकि जब उनले कुनै व्यक्तिलाई पहिलो पल्ट भेटे, तब उनले यस व्यक्तिप्रति धेरै अपेक्षाहरू राखे; तर जब उनले यस व्यक्तिलाई राम्रोसँग चिने, तब उनका आशा र आकाङ्क्षाहरू चक्नाचूर भए; किनकि कोही पनि उनको आदर्शअनुसार थिएन । किनभने जब उनले कुनै आकर्षक व्यक्तिलाई देखे, तब उनले 'मैले यस व्यक्तिलाई राम्रोसँग चिन्नुपर्छ; म उससँग घनिष्ठ, व्यक्तिगत सम्बन्ध विकास गर्छु' भन्ने विचार गरे । तर जति बढ़ी उनी यस नौलो मानिससँग चिनजान हुन थाले, त्यति नै बढ़ी उनको मोह भङ्ग हुँदै गयो । उनले फेला पारे, कि कुनै सिद्ध बिराना छैन रहेछ; अनि आत्मीयताबाट अपमान पो उत्पन्न हुँदो रहेछ ।

सुलेमानले मित्रहरूको सङ्ख्या लिने निर्णय गरे; यसमा उनले केवल तिनीहरूको सङ्ख्या लिने विचार गरे, जसबाट उनले केही सन्तुष्टि पाएका थिए र केही मात्रामा उनका आशाहरू पूरा भए । उनले चिनेका सबै मानिसहरूमध्ये कति जनालाई उनले आफ्ना साँचो आत्मीय भाइहरू ठाने ?

उनी सिद्ध व्यक्तिलाई खोजिरहन्थे; तर उनले भेट्टाउन सकेनन् । उनले भेटेका सबै मानिसहरूमा कुनै न कुनै खोट थियो, तिनीहरूको स्वभावमा कुनै न कुनै कमजोरी थियो ।

उनले के पत्ता लगाए भने, असल पुरुषहरू विरलै पाइन्छन्, तर असल महिलाहरू झन् दर्लभ छन् । किनकि उनले एक हजारमा एकजना पुरुषलाई भेट्टाए, जुन पुरुष उनको आदर्शअनुसारको थियो – जो एक विश्‍वासयोग्य, भरपर्दो र निःस्वार्थ मानिस थियो ।

तर उनले हजारमा एउटी स्त्रीलाई भेट्टाउन सकेनन्, जुन स्त्रीचाहिँ उनको उत्कृष्ट आदर्शअनुसारकी थिई, जसले उनलाई प्रभावित पार्न सकी । यति धेरैमा उनले कुनै स्त्रीलाई भेट्टाउन सकेनन् । अरे, पुरुषहरूलाई स्त्रीहरूभन्दा श्रेष्ठ मान्ने यो नीच धारणा कहाँबाट आयो ! हामी हिजोआजका मानिसहरूको निम्ति यस्तो विचार कति अनुचित देखिन्छ ! यो हाम्रो समझदेखि बाहिरको, कति नमिल्ने, तुच्छ भावना हो ! किनभने हाम्रा सबै फैसलाहरू इसाई शिक्षाहरूका उच्च आत्मिक स्तरहरूमाथि आधारित छन् । तर एउटा धर्मनिष्ठ यहूदी मानिसको निम्ति यो कुनै अचम्म लाग्ने कुरा थिएन; किनकि उसले

स्त्रीको रूपमा नजन्मेकोको खातिर हरेक दिन परमेश्‍वरलाई धन्यवाद चढ़ाउँछ। अनि यस संसारमा अरू समाजहरू पनि छन्, जुन समाजका पुरुषहरूलाई यस प्रकारको धारणाबाट घत लाग्दैन; किनभने तिनीहरूको दृष्टिमा स्त्रीहरू कि त दासीहरू, कि त सम्पत्ति हुन्।

सुलेमानले यहाँ प्रयोग गरेका कड़ा शब्द-हरूको चर्कोपन घटाउन टिप्पणीकारहरूले निक्कै व्याख्यात्मक कसरत गर्छन्, तर यसमा तिनीहरूको अभिप्राय जति असल किन नहोस्, तर तिनीहरूका यी प्रयासहरू तारो हान्दैनन्, तिनीहरूको उद्देश्य पूरा गर्दैनन्। किनकि यी उपदेशकले यहाँ जेजस्तो लेखे, उनले ठीक यही भन्न र लेख्न खोजे। अनि उनको यो धारणा अझै पनि यस संसारभरि यी पुरुषहरूमा पाइन्छ, जसको विचार सांसारिक र शारीरिक हुन्छ।

स्त्री जातिको विषयमा सुलेमानको धारणा साह्रै एकतर्फी थियो। श्री जी. क्याम्पबेल मोर्गनले एउटा सन्तुलित दृष्टिकोण अपनाए, जब उनले निम्न टिप्पणी लेखेका छन्:

> ‘स्त्री जातिको प्रभाव एकदम शक्तिशाली छ, तिनीहरूको असल प्रभाव र तिनीहरूको खराब प्रभाव। मैले एकजना पोख्त निरीक्षकको मुखबाट निम्न कुरा सुनेको छुः मानव इतिहासमा मानिसहरूको उत्थानको लागि जति ठूला आन्दोलनहरू थिए, यी आन्दोलनहरूमध्ये एउटा पनि थिएन, जसमा स्त्री-हरूको ठूलो हात र प्रभाव थिएन। यो कथन एउटा अतिशयोक्ति हो वा यो कुरा साँचो हो, सो मलाई थाहा छैन। तर मेरो विचारमा, तिनको भनाइ सत्य हुनुपर्ला। तर यो उत्तिकै सत्य हो कि मानव जातिलाई भ्रष्ट पार्ने स्त्री जातिको हात पनि ठूलो छ। किनकि जब कुनै देशका महिलाहरूको नैतिकता उच्च छ, तब त्यस देशको राष्ट्रिय जनजीवन मजबुत हुन्छ। तर जब त्यस देशका महिलाहरूको नैतिकता भ्रष्ट छ, तब त्यो राष्ट्र नाश हुन्छ। किनकि चाहे असलको गढ़ होस्, चाहे खराबको गढ़ होस्, महिलाचाहिँ त्यसको उच्च गढ़ हो। किनकि स्त्रीको दया र उसको क्रूरता साह्रै ठूलो छ।’ 30)

सुलेमानले पछि आफूलाई धर्मी ठहराए, जब उनले गुणवती स्त्रीका सर्वश्रेष्ठ सद्‌गुणहरूको सम्बन्धमा साहित्यको उत्कृष्ट श्रद्धान्जलि लेखेः हितोपदेश ३१ अध्याय। किनकि उपदेशकको पुस्तकमा उनले मानव पूर्वाग्रहको पार्थिव दृष्टिकोणबाट लेखे, तर हितोपदेश ३१ अध्यायमा उनले ईश्‍वरीय प्रकाशरूपी उच्च शिखरबाट हेरेर लेखे।

इसाई विश्‍वास आएपछि स्त्री जाति उठेर आफ्नो इज्जत र सम्मानको शिखरमा पुग्यो। प्रभु येशू स्त्री जातिको परम मित्र र त्यसको स्वतन्त्रता दिलाउने उद्धारक हुनुहुन्छ।

**उपदेशक ७ः२९ः** यी उपदेशकले आफूले भेटेका, चिनेका मानिसहरूको सम्बन्धमा आफ्नो कहिल्यै नटुङ्गिने निराशाको विषयमा विचार गर्दैथिए; तब उनी सठीक निष्कर्षमा पुगेः मानिस उसको शुरुको अवस्थाबाट पतित भएको हुनुपर्छ। यो कति सत्य र सही कुरा हो ! किनकि परमेश्‍वरले मानिसलाई आफ्नो स्वरूप र आफ्नो प्रतिरूपमा बनाउनुभयो। तर मानिसले धेरै पापका युक्तिहरू निकाल्यो, जुन युक्तिहरूले उसमा रहेको ईश्‍वरीय स्वरूप बिगारे र उसलाई एउटा कुरूप दिए।

यस्तो पतित अवस्थामा पनि मानिसलाई सहज तृष्ण लाग्दैछ; उसले सिद्धता भेट्टाउन चाहन्छ। ऊ आफ्नो निम्ति सिद्ध जीवन-साथीलाई, सर्वोच्च जागिर र हरेक सिद्ध कुरा खोज्दै हिँड्छ। तर उसले न अरू मानिसहरूमा, न आफैमा त्यो सिद्धता पाउन सक्छ। उसको समस्या के हो त ? उसको खोज सूर्यमनि सिमित रहेको छ। यस पृथ्वीमाथि एकजनाको जीवन मात्र एउटा सिद्ध जीवन थियो, अनि त्यो सिद्ध जीवनचाहिँ प्रभु येशू ख्रीष्टको जीवन थियो। तर अहिले उहाँ सूर्यमनि होइन, तर सूर्यभन्दा अति उच्च स्थानमा हुनुहुन्छ; उहाँ उच्च स्वर्गमा परमेश्‍वरको दाहिने हातमा हुनुहुन्छ। अनि हे भाइबहिनीहो, के तपाईं सिद्धताको निम्ति तृष्ण

गर्नुहुन्छ? तब ख्रीष्ट येशूकहाँ आउनुहोस्, किनकि परमेश्वरले तपाईंको यो तृष्ण प्रभु येशूमा मेटाउनुहुन्छ। उहाँमा सिद्धता छ, अरू कसैमा होइन, अरू केही कुरामा होइन।

### ख) उपदेशक ८ः सूर्यमनि भएको बुद्धि यो हो

**उपदेशक ८ः१ः** सुलेमान आफ्नो मानवीय बुद्धिले आफ्ना सबै समस्याहरू समाधान गर्न असफल भए तापनि उनले अरू कसैको होइन, तर अझै पनि बुद्धिमान् मानिसको तारिफ गरे; किनकि वस्तुहरूको गुप्त अर्थ खोजिनिकाल्न अरू कोही पनि योग्य थिएन। अनि सुलेमान यी प्रचारक-राजा थिए, जसको बुद्धि उनको अनुहार चम्काइदियो। बुद्धिद्वारा उनको कठोर चेहरा बदलियो। ओहो, बुद्धिले हाम्रो रूप समेत बदली दिँदो रहेछ! हाम्रो अनुहार बुद्धिको प्रतिबिम्ब गर्ने ऐना पो हुँदो रहेछ!

**उपदेशक ८ः२ः** चाहे ती राजाचाहिँ स्वर्गको परमेश्वर होऊन्, चाहे यस पृथ्वीका कुनै राजा होऊन्, हामीले राजाको उपस्थितिमा कसरी व्यवहार गर्नुपर्ने हो, सो कुरा बुद्धिले हामीलाई सिकाइदिन्छ। बुद्धिको प्रथम सल्लाह होः *'राजाको आज्ञापालन गर!'* बुद्धिको प्रमुख छाप आज्ञाकारिता हो। यस पदको बाँकी भाग हिब्रूमा अस्पष्ट छ; यो कुरा निम्न अनुवादहरूबाट देखिन्छः

**क)** 'परमेश्वरको शपथको कारणले' (के.जे.बी.)।

**ख)** 'परमेश्वरको सामु गरिएको शपथको खातिर' (एन.ए.एस.बी.)।

**ग)** 'परमेश्वरसित खाएको तिम्रो शपथको खातिर' (एन.के.जे.वी.)।

यस शपथ-शब्दको सन्दर्भचाहिँ कि त मानिसले सरकारप्रति राजभक्ति गर्ने उसको प्रतिज्ञा हुन सक्छ, कि त सरकारको विषयमा परमेश्वरले खानुभएको शपथ हुन सक्छ, जुन शपथद्वारा उहाँले राजाहरूलाई शासन गर्ने अधिकार दिनुहुन्छ (भजन ८९ः३५)।

**उपदेशक ८ः३ः** यस पदको अर्थ पनि अस्पष्ट छ। **क)** हामी यो पदको अर्थ कुनै खराब कुरा मच्चिरहेको बेलामा ढिला नहुने गरी राजाको उपस्थितिबाट निस्कने सल्लाहको रूपमा बुझ्न सक्छौं। **ख)** अथवा हामी यो पद कुनै खराब परिस्थितिमा हतारसँग राजाको उपस्थितिबाट ननिस्कने सल्लाहको रूपमा बुझ्न सक्छौं, जसरी के.जे.वी., एन.ए.एस.बी., एन.के.जे.वी.का बाइबल-अनुवादहरूले यो पद राखेका छन्। यहाँ भनिएको त्यो खराबी हाम्रो रिस हुन सक्छ, हाम्रो तर्फबाट कुनै अनाज्ञाकारिता हुन सक्छ, हाम्रो ढिठपन हुन सक्छ वा हामीले आफ्नो काम र कर्तव्य छोड़ेको कुरा हुन सक्छ।

जेजस्तो भए पनि यस पदको जोड़ यो होः राजाको रिस उठाउने काम मूर्खता हो; किनभने राजालाई जे मन लाग्छ, त्यो गर्ने तिनको अधिकार हो।

**उपदेशक ८ः४ः** जब राजाले बोल्छन्, तब तिनको वचनमा पूरा अधिकार हुन्छ। तिनको मुखबाट निस्केको वचन सर्वोच्च नियम हो र कुनै हालतमा पनि तिनको प्रजाका मानिसहरूले खण्डन गर्न सक्ने कुरा ठहरिँदैन।

**उपदेशक ८ः५ः** जसले राजाको आज्ञा पालन गर्छन्, तिनीहरूलाई राजाको रिसको केको डर! राजाका आदेशहरू पालन गर्ने सम्बन्धमा बुद्धिले हामीलाई त्यसको उचित समय के हो र त्यसको उपयुक्त तरिका के हो, सो पनि सिकाउँछ।

**उपदेशक ८ः६ः** किनकि हाम्रो काम गर्ने तरिका सठीक हुन सक्छ र गलत पनि हुन सक्छ; अनि हाम्रो काम गर्ने समय पनि सही वा गलत हुन सक्छ। तर हाम्रो समस्या के हो भने, र हामीमाथि एउटा ठूलो भारीजस्तै हामीलाई के लाग्छ भने, हामी सधैं यी भाग्यशाली समुचित पलहरू कहिले हुन्, सो खुट्ट्याउन सक्दैनौं।

**उपदेशक ८:७:** मानिसलाई थाहा नभएका कुराहरू छन्, उसले नजानेका कुराहरू कति हुन् कति ! उसले भविष्य जान्दैन; उसले के हुनेछ, कहिले के हुनेछ, सो जान्दैन ।

**उपदेशक ८:८:** मानिसले आफ्नो मर्ने बेलामा आफ्नो आत्मालाई ननिस्कन रोकिराख्न सक्दैन; न ता उसले आफ्नो मृत्युको ठीक समय जान्न सक्छ । उसले त्यस लड़ाइँबाट अवकास पाउँदैन । किनकि मृत्युले उसको विरुद्धमा अथक लड़ाइँ लड़िरहेको हुन्छ । उसले जति अक्कल लगाएर पनि कुनै छल वा कुनै युक्ति-द्वारा युद्धविराम पाउन सक्दैन ।

**उपदेशक ८:९:** यी उपदेशकले सूर्यमनि भइरहेको जीवन अध्ययन गर्दा उक्त कुराहरू पत्ता लगाए – एउटा यस्तो संसारमा, जहाँ एउटा मानिसले अर्को मानिसलाई आफ्ना खुट्टामनि कुल्चन्छ, जुन संसारमा एउटा मानिसले अर्को मानिसमाथि अधिकार जमाउँछ, र यसरी आफ्नो हानि पो गर्छ ।

**उपदेशक ८:१०:** जीवनका धेरै कुराहरू छन्, जसमा गहिराइ हुँदैन । एउटा दुष्ट मानिस मर्छ र गाड़िन्छ । एक समयमा त्यो निरन्तर आराधना-स्थलमा दाउँथ्यो । तर अब जब त्यो मानिस छैन, मानिसहरूले त्यसको निष्ठा त्यही शहरमा प्रशंसा गर्छन्, जुन शहरमा त्यसले आफ्ना टेढ़ा युक्तिहरू पूरा गर्थ्यो । ओहो, त्यसको धर्म त्यसको बेइमानीको निम्ति ढकनी पो भएछ । यो सब कति खोक्रो र अर्थहीन हुन्छ ।

**उपदेशक ८:११:** अपराधीहरूको न्याय-जाँच र फैसला साह्रै ढिलो भएको हुनाले त्यस्तो व्यवहारले अराजकताको वृद्धि गर्छ र न्याय व्यवस्था हेला गर्ने वातावरण सृजना गर्छ । हरेक आरोपित व्यक्तिले निष्पक्ष न्यायजाँच पाउनुपर्छ; यो महत्त्वपूर्ण कुरा हो; तर यसो गर्दा अपराधीलाई अतिरक्षा गर्नु सम्भव हुन्छ, र यसरी घायल पक्षको हानि हुन्छ । तत्काल हुने निष्पक्ष न्यायजाँचले अपराध थाम्ने काम गर्छ । तर बेहद स्थगनहरूले गर्दा अपराधीहरूले नियमकानुन भङ्ग गर्ने अझ बढ़ी हिम्मत पाउँछन्; किनभने तिनीहरूको विचारमा, तिनीहरू कि त दण्डबाट पूरा उम्कन सक्छन्, कि त हलका सजाय पाउलान् ।

**उपदेशक ८:१२:** सुलेमानको रायअनुसार धीरज धार्नुहोस्, किनकि परमेश्‍वरको भय मान्नेहरूको सफलता सबैभन्दा बढ़ी सुनिश्‍चित हुन्छ । ठिक्कै छ, यस कुरामा कतै अपवादहरू होलान्; सुलेमानले यस्ता मेल नखाने कुराहरू देखे । हो, हुन सक्छ, एउटा अपराध गर्ने बानी लागेको कुकर्मी धेरै वर्षसम्म बाँच्ला; तर त्यस अपवादले यसको विषयमा सुस्थिर सर्वमान्य नियम काट्न वा रद्द गर्न सक्दैनः धार्मिक कामको असल प्रतिफल हुन्छ-हुन्छ; अनि अपराधीको बाटो कठिन हुन्छ ।

**उपदेशक ८:१३:** यी उपदेशक सुनिश्‍चित थिए, कि अन्तिम आएर एउटा दुष्ट मानिस हार्छ । त्यसले परमेश्‍वरको भय मान्न इन्कार गर्‍यो; यो त्यसको असफलता थियो । यसकारण त्यसको जीवन छोटो हुन्छ; त्यसले यो दण्ड आफूमाथि निम्त्यायो । त्यसको जीवन छायाजस्तो क्षणिक, अँ, क्षणस्थायी हुन्छ ।

**उपदेशक ८:१४:** सुलेमान सामान्य नियमहरू र सुस्पष्ट अपवादहरूको बीचमा पालोपिलो गरेको जस्तै दिखिन्छ । कहिलेकाहीं धर्मी जनहरूलाई दुष्ट भएझैं सजाय दिइन्छ । अनि कहिलेकाहीं दुष्ट मानिसहरूलाई धर्मी, शिष्ट नागरिक भएझैं इनाम दिइन्छ । यी कहिल्यै हुन नहुने कुराहरूले गर्दा, यी अपवादहरूले गर्दा दार्शनिक-राजाले जीवनको व्यर्थतालाई घृणा गरे ।

**उपदेशक ८:१५:** उनको विचारमा, एकमात्र तर्कसिद्ध नीति के थियो भने, जीवनबाट सकेसम्म धेरै आनन्द लिनु हो । उनको निम्ति सूर्यमनि खानु, पिउनु र रमाइलो

गर्नुभन्दा असल कुरा अरू केही पनि छैन रहेछ। जुन जीवन परमेश्वरले मानिसलाई यस धरतीमा दिनुभयो, त्यस सारा जीवनभरि मानिसले परिश्रम गर्नुपर्छ। तब उसको साथमा के रहन्छ त? उसको साथमा उक्त कुरा रहँदो रहेछ। सुलेमान लड्डु घिउसँग खाने सपनादर्शी थिएनन्। उनले आफ्नो हिस्सा यहाँ र अहिले नै पाउन चाहन्थे।

**उपदेशक ८:१६:** यसकारण यी उपदेशकले सबै उत्तरहरू खोजिनिकाल्न आफूलाई पूरा दिइहाले। उनले आफ्नो मगजलाई दर्शनशास्त्र र तत्त्वज्ञान अध्ययन गर्न तालिम दिए; किनकि उनले जीवनका काम-कुराहरूको फेद र जगमा पुग्ने दृढ़ संकल्प गरे। तर यो एउटा यस्तो दिक्दारी काम थियो, जुन कामले गर्दा उनले दिनरात निद्रा पाउँदैनथिए।

**उपदेशक ८:१७:** त्यसपछि उनले के पत्ता लगाए भने, परमेश्वरले सबै कुराहरू यस प्रकारले व्यवस्थित गर्नुभयो, कि मानिसले ज्ञानका टुक्रा-टुक्रा लिएर पहेलीरूपी तस्बिर मिलाउन सक्दैन। अनि मानिसले जति कोशिश गरे तापनि ऊ यस प्रयासमा असफल हुने नै छ। अनि ऊ जति ज्ञानी किन नहोस्, तर उसले सबै प्रश्नहरूको निम्ति सठीक उत्तरहरू पाउने-छैन नै।

### ग) उपदेशक ९: सूर्यमनि जिएको जीवनको आनन्द यो हो

**उपदेशक ९:१:** यस अध्यायमा यी उपदेशकले यी सबै कुराहरू विचार गर्दैछन्; यसो गर्दै उनले सकेसम्म फराकिलो, विस्तृत दृष्टिकोण लगाउन कोशिश गरेका छन्। उनले असल मानिसहरूलाई र बुद्धिमान् मानिसहरूलाई देखे, र उनीहरूले गरेका सबै कामहरू उनले विचार गरेः उनीहरू र उनीहरूका कामहरू परमेश्वरको हातमा हुँदा रहेछन्। तर उनीहरू-माथि जे आइपर्छ, त्यो परमेश्वरको प्रेम वा घृणाको चिन्ह हो, सो कसैलाई थाहा छैन। सम्पूर्ण भविष्य अज्ञात छ र जान्न नसकिने हुन्छ, र जे पनि घट्न सक्छ।

**उपदेशक ९:२:** के धर्मी जन, के दुष्ट मानिस, के असल मानिस, के खराब मानिस, के शुद्ध मानिस, के अशुद्ध मानिस, के आराधना गर्ने मानिस, के आराधना नगर्ने मानिस – यी सबैको अन्त एकै ठाउँ होः तिनीहरू सबैजना चिहानमा पर्न जान्छन्। मर्ने हिसाबले धर्मी जनलाई दुष्ट मानिसलाई भन्दा फाइदा छैन। किनकि शपथ खानुहोस् वा शपथ नखानुहोस्! मृत्यु तपाईंको भाग हुनेछ।

**उपदेशक ९:३:** यो जीवनको जटिल समस्या होः मृत्युले अन्तमा सबै वर्गका मानिस-हरूलाई दाबी गर्छ। मानिसहरू निर्लज्ज जीवन जिऊन् र आफ्नो उटपट्याङमा जति उन्मत्त किन नहोऊन्, अनि त्यसपछि? त्यसपछि मृत्यु आउँछ-आउँछ। सबैको अन्त मृत्यु हुने हो भने, यो कत्रो अन्याय हो, होइन र? न्यायको माग होः परलोक हुनैपर्छ।

**उपदेशक ९:४:** मानिस जीवित होउन्जेल उसको निम्ति आशा छ; अनि सन्दर्भ-अनुसार 'आशा छ' भनेको उसले अझै केही न केही कुराको बाटो हेर्न सक्छ। अनि यस सिलसिलामा मरेको सिंहभन्दा जीवित कुकुर उत्तम हो। यहाँ कुकुरले मानिसको सबैभन्दा मिल्ने साथीको रूप लिँदैन, तर पशुजगत्मा पाइने सबैभन्दा तल्लो, नीच रूप पो लिन्छ।[31)] सिंहचाहिँ पशुहरूको राजा हो; त्यो शक्तिशाली र गौरवशाली छ।

**उपदेशक ९:५:** जीवितहरूलाई थाहा छ, कि तिनीहरू मर्नेछन्। तर यस संसारमा के भइरहेको छ, सो विषयमा मरेकाहरूले केही पनि जान्दैनन्।

'मृत्युपछि मानिसको आत्माको चिरनिद्रा पर्छ' भन्ने कुरा सिकाउन झूटा शिक्षकहरूले यो पद सधैं प्रयोग गर्छन्। तिनीहरूको भनाइ-अनुसार मानिसले अन्तिम सास लिएपछि उसको चेतना समाप्त हुन्छ। तर यस पदमाथि वा यस

पुस्तकमाथि परलोकको शिक्षा स्थापित गर्नु मूर्खता हो। किनकि हामीले बारम्बार जोड़ दिएका छौंः उपदेशकको पुस्तकमा मानिसले 'सूर्यमनि' आफ्ना जवाफहरू खोजेको र उसले पत्ता लगाएका निष्कर्षहरू पो पेश गरिएको छ। उसले जे पत्ता लगायो, यो ईश्वरीय प्रकाशको फल होइन, तर उसको अवलोकन र सोचाइको फल हुन्, र यो आधारित उसका निष्कर्षहरू हुन्। पवित्र बाइबलको प्रकाश नभएको खण्डमा बुद्धिमान् मानिस आफ्नो सोचविचारमा यहाँसम्म आइपुग्न सक्छ है।

तपाईंले कुनै व्यक्तिलाई मरेको र उसको लास चिहानमा तल झर्दै गरेको देख्नुभएको बेलामा तपाईंको मनमा के विचार उठ्छ? हो, उसको मृत शरीर माटोमा मिल्नेछ, ठिक्कै हो। हुन सक्छ, तपाईंको विचार निम्न प्रकारको होलाः 'ए साथी, तिम्रो अन्त यही हो; तिमी अब केही पनि जान्दैनौ; तिमी अबदेखि उसो यहाँ भइरहेको कुनै क्रियाकलापमा भाग लिएर त्यसबाट आनन्द लिन सक्नेछैनौ। किनकि तिमीले सबै बिर्स्यौ, र तिम्रो सम्झना धरि रहनेछैन।'

**उपदेशक ९:६ः** अनि सुलेमानले ठीक यही सोचे। मानिस मरेपछि उसको मनमा प्रेम, घृणा, डाहा वा अन्य कुनै भावना उठ्नेछैन रे। यस संसारको कुनै पनि क्रियाकलाप र कुनै पनि अनुभवमा उसको भाग फेरि कहिल्यै हुनेछैन।

**उपदेशक ९:७ः** यसकारण यी उपदेशक फेरि एक पल्ट हामीलाई आफ्नो आधारभूत निष्कर्षको नारा सुनाउँछन्ः 'आफ्नो जीवन जिऊ, मोजमज्जा गर, आफ्ना खानेकुराबाट आनन्द लेऊ, दाखमद्य पिएर आफ्नो हृदय आनन्दित गर! तिमीले अपनाएको यो चाल-चलन परमेश्वरले अघिबाट अनुमोदन गर्नु-भएको हो। उहाँको दृष्टिमा यो सब ठीक छ।'

**उपदेशक ९:८ः** 'भड़कदार वस्त्र लगाऊ, शोकको लुगा होइन! आफ्नो टाउकोमा खरानी दल्ने होइन, तर सुगन्धित तेल, सेन्ट लगाऊ!' कसै-कसैको विचारमा संसार त रमाइलो र हर्षउल्लास गर्न बनाइएको छ; सुलेमानले पनि यस्तै विचार गरे।

**उपदेशक ९:९ः** सुलेमानको विचारमा, हामीले वैवाहिक सम्बन्धबाट आउने आनन्दहरू सकेसम्म बढ़ी उपभोग गर्नुपर्छ। किनकि जीवन व्यर्थ, रित्तो छ; 'यसकारण तिमीले आफ्नो जीवन सदुपयोग गर्नुपर्छ र यसबाट सकेसम्म धेरै लाभ उठाउनुपर्छ। हरेक दिनबाट आनन्द लेऊ; किनकि आफ्नो परिश्रम र आफ्नो गाह्रोसाह्रोबाट तिमी यति पाउँछौ।'

७-९ पदहरूको खण्ड र 'गिल्गामेश' नामक महाकाव्यको निम्न खण्ड अद्‌भुत प्रकारले मिल्दाजुल्दा छन्। गिल्गामेशचाहिँ ठूलो जलप्रलयको विषयमा लेखिएको पुरानो बेबिलोनी विवरण हो।

> मानिसलाई सृष्टि गरेको दिनदेखि
> देवताहरूले मानिसको निम्ति मृत्यु सुनिश्चित गरे;
> जीवन तिनीहरूको हातमा छ;
> यसकारण हे गिल्गामेश, आफ्नो पेट भर!
> दिनरात हर्षित होऊ!
> दिन प्रतिदिन तिमीलाई आनन्द होस्!
> दिनरात उत्ताउलो गर, मनोरञ्जन गर!
> तिम्रा वस्त्रहरू भड्किला होऊन्,
> तिम्रो शिर पानीले धोएर सफा होस्।
> तिम्रो चाहनाअनुसार तिम्रा छोराछोरीहरू थुप्रा होऊन्, तिम्रो उत्तम भाग होऊन्!
> र तिम्रो काखमा तिम्री पत्नी बसोस्, र उसको आनन्द उपभोग गर! [32)]

यी दुईवटा काव्यहरूको विषयमा एकजनाले अर्को काव्यको नक्कल गरेको वा नगरेको कुरा महत्त्वपूर्ण होइन; तर सूर्यमनि मानिसको बुद्धि एकै निष्कर्षमा पुग्दो रहेछ – यो पो मुख्य कुरा हो। जब मैले श्री डेनिस अलेक्जाण्डरले लेखेको किताब पढ़ें, तब तिनले मानवतावादको विषयमा दिएको सारबाट म निक्कै प्रभावित भएँ। आउनुहोस्, मानवतावादले हामीलाई प्रदान गर्न सक्ने कुरा के हो, सो हामी तिनको लेखबाट सुनौंः

'मानवतावादचाहिँ मेरो निम्ति निल्न नसकिने ठूलो चक्की हो । किनकि म बीसौं शताब्दीको मानिस, यस पुस्तामा तीस वर्षको उमेर पुगेका मानिसहरूको प्रतिनिधि हुँ; अनि तिनीहरूले मलाई पहिले के विश्‍वास दिलाउन चाहन्छन् भने, म विकासको अनियमित प्रक्रमको परिणाम हुँ अरे । अनि यो प्रक्रम पूरा हुनको निम्ति केवल एउटा मूल पदार्थ चाहिन्छ, अनि समय र संयोग चाहिन्छ । अनि भाग्यको अनौठो तरङ्‌गले गर्दा हामी मानिसहरूचाहिँ ती एकमात्र प्राणीहरू भयौं, जसलाई आफ्नो अस्तित्वको विषयमा कुनै निश्‍चित चेतना प्रदान गरिएको छ । तिनीहरूको भनाइअनुसार क) खरायो, रूख र ढुङ्गा आदि भौतिक चीजहरू छन्, जुन चीजहरूभन्दा मैले आफूलाई र अरू मानिसहरूलाई धेरै मूल्यवान् ठान्नुपर्छ । तर मेरो विचारमा, हुन सक्छ, एक सय वर्षभित्र मेरो सड़ेको मृत शरीरका परमाणुहरू र ती चीजहरूका परमाणुहरूको बीचमा कसैले छुट्ट्याउन नसक्ला । अनि ख) मेरो टाउकोमा चलमलाउने अनगिन्ती परमाणुहरूमा खरायोको टाउकोमा भएका परमाणुहरूभन्दा बढ़ी अर्थ भएको, कसरी ? यो विचार गर्न लायकको तर्क हो ।

अनि ती विकासवादीहरूले मलाई भन्छन्, कि जीवन मृत्युसँग समाप्त हुन्छ रे । एउटा मूल तत्त्वबाट क्रमशः सबै थोकहरू बढ्दै आएको विकासवादअनुसार मेरो जीवन त समयको हिसाबले एउटा छिट्टै बिलिने वाफ मात्र हो । यसकारण यस जीवनमा मलाई मेरो मनमा ठीक-बेठीक लागेका कुराहरू जस्तासुकै होऊन्, अनि मैले गरेका मेरा सबै प्रयासहरू र मैले लिएका मेरा ठूला-ठूला निर्णयहरू जेजति किन नहोऊन्, ती सबै कुराहरू समयको क्रममा हराइहाल्नेछन् । समयलाई लाखलाख वर्ष बित्न दिनुहोस्, यो केही पनि होइन, यो त पृथ्वीको सम्पूर्ण इतिहासको तुलनामा एक थोपा मात्र हो, तब सबैभन्दा ठूलो साहित्यरत्न, सबैभन्दा उत्कृष्ट कला र महात्माहरूका जीवनहरूको सम्झना रहनेछैन, तर ऊष्मको गतिविज्ञानको दोस्रो नियमअनुसार क्षय हुनेछन्, जुन नियम कुनै हालतमा रोक्न सकिँदैन । अडोल्फ हिटलर के, मार्टिन लुथर किङ के, जेम्स सेवेल के, असिसीका फ्रान्सिस के, कॉमरेड माओत्से तुङ्ग के, राष्ट्रपति रोबर्ट केनेडी के – यी सबका सब एउटा अगम्य शून्यतामा मेटिनेछन् ।

यसकारण तिनीहरूले मलाई यसो भनेका छन्ः "यस्ता प्रतिकूल परिस्थितिहरूमा तिमीले आफ्नो जीवनबाट सकेसम्म ज्यादा गर्न सक्नुपर्छ !" मभित्र प्रबल अध्यात्मिक आभास छ; यसैले म विकासको प्रक्रमको कुनै अज्ञ तरङ्‌गको फल मात्र होइन, तर त्योभन्दा बढ़ी हुनुपर्छ भन्ने गहिरो बोध मसँग छँदैछ । तब मैले यस्ता चिन्ता बढ़ाइदिने प्रश्‍नहरू कसरी बिर्सूं, मलाई भन्नुहोस् ! तब मैले समाजमा आफ्नो जिम्मेवारी उठाएर कसरी वास्तविक समस्याहरूको विषयमा फिक्रीचिन्ता गर्ने, जसरी तिनीहरूले मलाई गर्ने सल्लाह दिन्छन् ? किनकि आन्विक जीवविज्ञानीको हैसियतले प्रकृतिका अन्य मेसिनहरूजस्तै मानिसको मस्तिष्क मेसिनको रूपमा अध्ययन गर्नु मेरो काम हो । तब अन्तर्निहित हिसाबले मानिसको मूल्य जनावरको मूल्यभन्दा ठूलो हुन्छ भन्ने कुरा मैले कसरी विश्‍वास गरूँ ? हो, मेरो भावनाले मलाई "यो कुरा सही हो" त भन्छ, तर ती विकासवादीहरूले किन, अँ, किन मलाई विश्‍वास दिलाउने कुनै ठोस प्रमाण दिँदैनन् ?' 33)

**उपदेशक ९ः१०ः** *'तिम्रो हातले गर्नलाई जे भेट्टाउँछ, त्यो आफ्नो शक्तिभर गर; किनभने चिहानमा, जहाँ तिमी जाँदैछौ, कुनै काम, कुनै युक्ति, कुनै ज्ञान र कुनै बुद्धि हुँदैन ।'* यस पदमा जुन आदर्श वाक्य वा सूत्र वाक्य उल्लेख गरिएको छ, जुनचाहिँ यस पुस्तकमा सबैभन्दा बढ़ी ज्ञात छ, त्यो आदर्श वाक्य वा सूत्र वाक्य ख्रीष्ट-विश्‍वासीहरूले 'इसाई सेवामा जोश र लगनशीलता देखाऊ' भन्ने प्रोत्साहन दिने हेतुले अक्सर प्रयोग गर्ने गर्छन्; अनि यस प्रकारको सल्लाह असल हो, हामी यसको विरोधमा केही पनि भन्दैनौं । तर यस पदको सन्दर्भ खास अर्कै हो; यस पदको सत्‌अर्थ यस प्रकारको छः 'समय छँदै हामीले सुख र मनोविनोद गर्ने हरेक अवसर छोप्नुपर्छ; किनकि जुन चिहानतिर हामी सुनिश्‍चित र अनिवार्य रूपले लम्किरहेका छौं, त्यस चिहानमा परेपछि हामी न काम गर्न, न

आविष्कार गर्न, न कल्पना गर्न, न विचार गर्न, न ता केही जान्न सक्छौं ।'

यस पदमा दिइएको सल्लाह एकदम राम्रो छ; तर यसको निम्ति पेश गरिएको कारण पो एकदम खराब छ। यसकारण हामीले यहाँ दिइएको सल्लाह सीमित रूपले प्रयोग गर्नुपर्छः जुन गतिविधिहरू शास्त्रसम्मत हुन्छन्, जुन गति-विधिहरू लाभदायक र उन्नतिशील हुन्छन्, ती गतिविधिहरूको निम्ति हामीले यहाँ दिइएको सल्लाह सीमित राख्नुपर्छ ।

**उपदेशक ९ः११ः** यी उपदेशकले अर्को कुरा पत्ता लगाएः भाग्य र संयोगले जीवनमा ठूलो भूमिका खेल्दा रहेछन् । किनकि सबैभन्दा छिटो दौड्न सक्ने खेलाड़ीले सधैं दौड़ नजित्दो रहेछ । अनि शूरवीर सिपाहीहरूले सधैं लड़ाइँ नजित्दा रहेछन्। अनि बुद्धिमान् मानिसहरूले सधैं सर्वोत्तम भोजन उपभोग नगर्दा रहेछन्। अनि निपुण मानिसहरू सधैं धनी नहुँदा रहेछन् । अनि सबैभन्दा बढ़ी सक्षम भएका मानिसहरू सधैं शासनको आसनमा बस्ने राष्ट्रपति नहुँदा रहेछन्। हरेक मानिसले कदम-कदममा प्रतिकूल, अशुभ परिस्थितिहरू सामना गर्नुपर्छ । अनि हाम्रो सफलता वा असफलतामा समय र संयोगले महत्त्वपूर्ण भूमिका खेल्दा रहेछन्। अनि जब कसैले करोड़पति र तेल कम्पनीका मालिक श्री जे. पावल गेट्टीलाई 'आफ्नो सफलताको बारेमा एक-दुई शब्द भन्नुहोस्' भन्ने अनुरोध गर्‍यो, तब तिनले यसरी जवाफ दिएः 'कति मानिसहरूले तेल भेट्टाउँछन्; अरूले भेट्टाउँदैनन् ।'

**उपदेशक ९ः१२ः** अनि दुर्भाग्य कहिले आइपर्छ, सो कसैलाई थाहा छैन । जालमा परेका माछाहरू वा पासोमा फसेका चराहरूजस्तै मानिसमाथि कुनै दुर्भाग्य आइपर्छ, अँ, मृत्यु समेत आइपर्न सक्छ । कुनचाहिँ खराबी उसलाई प्रहार गर्छ, सो उसलाई थाहा हुँदैन ।

**उपदेशक ९ः१३-१५ः** जीवनमा अर्को हृदय पिरोल्ने दुःख छः बुद्धिको गुण सधैं गरिँदैन। सुलेमानले यसको निम्ति निम्न उदाहरण पेश गर्छन्ः थोरै बासिन्दाहरू भएको एउटा सानो शहर थियो; अनि त्यसको रक्षाको प्रबन्ध निक्कै कमजोर थियो। एक दिन एक शक्तिशाली राजाले तोपहरू लिएर त्यो शहर चारैतिर घेरे, र तिनी त्यसका पर्खालहरू हान्न तयार भए । अनि जब परिस्थिति नाजुक देखिन्थ्यो, तब एकजना गरिब मानिस अघि सर्‍यो, र उसले एउटा धेरै बुद्धिमान् युक्ति प्रस्तुत गर्‍यो; अनि उसको योजनाले त्यस शहरलाई बचायो । त्यस बेलामा त्यो मानिस त्यस शहरको वीर भयो, तर उसको सम्झना धेरै दिन रहेन ।

**उपदेशक ९ः१६ः** यस कुराले यी उपदेशकलाई साह्रै दुःखित तुल्यायोः शक्तिभन्दा बुद्धि उत्तम भए ता पनि गरिब मानिसको सल्लाह पछि तुच्छ ठानियो । किनकि सङ्कष्ट पार भएपछि उसको रायमा कसैलाई चासो हुँदैन रहेछ ।

निस्सन्देह यस दृष्टान्तमा सुसमाचारको सुगन्ध हालिएको छ। मानिसको मन त्यो शहरजस्तै छः सानो र सुरक्षाहीन। अनि त्यो ठूलो राजा शैतान हो, जसले मानिसलाई आक्रमण गर्न लागेको र उसको आत्मा नाश गर्न लागेको छ (२ कोरिन्थी ४ः४; एफेसी २ः२) । अनि मानिसलाई छुटकारा दिनेचाहिँ मुक्तिदाता प्रभु हुनुहुन्छ; उहाँ हाम्रो निम्ति गरिब हुनुभयो (२ कोरिन्थि ८ः९); उहाँ बुद्धिमान् हुनुहुन्छ (१ कोरिन्थी १ः२४; कलस्सी २ः३) । उहाँले हाम्रो निम्ति मुक्तिको प्रबन्ध गर्नुभयो; तापनि उहाँलाई यसको श्रेय भएन; उहाँको सम्मान खोइ, कहाँ छ ? के तपाईंले यस महान् मुक्तिको निम्ति उहाँको गुण गर्नुभएको छ ? यस संसारका धेरैजसो मानिसहरू प्रभु येशू कहिल्यै नमर्नु-भएको झैं बाँचिरहेका छन्। अनि ख्रीष्ट-विश्वासीहरूले पनि उहाँको सम्झना गर्ने सम्बन्धमा लापर्वाह गरिरहेका छन् । आउनुहोस्, हामी परमेश्वरले निर्धारित गर्नुभएअनुसार प्रभु

येशूलाई र उहाँको त्राणात्मक मृत्यु प्रभुभोजमा सम्झना गर्ने गरौं !

**उपदेशक ९ः१७ः** ठिक्कै छ, मानिसहरू कृतघ्न होलान्, वास्ता नगर्लान्; तर कुरा रहेको छः बुद्धिमान् मानिसका शान्तिपूर्वक बोलेका शब्दहरूचाहिँ मूर्ख मानिसहरूका शक्तिशाली शासकका चिच्च्याहटका नाराभन्दा बढ़ी मूल्यवान् हुन्छन् ।

**उपदेशक ९ः१८ः** लड़ाइँका हातहतियार र युद्धसामग्रीहरूभन्दा बुद्धि उत्तम हो । २ शमूएल २०ः१४-२२ पदको खण्डमा हामी एउटी बुद्धिमती स्त्रीको विषयमा पढ्छौं, जसले बेतमाकाको आबेल नामक शहरलाई बचाइराखी, जब योआबले त्यो शहर घेरामा हालेका थिए ।

*'तर एउटा पापी मानिसले धेरै असल कुराहरू नष्ट पार्छ ।'* जसरी ससाना स्यालहरूले दाखका बोटहरू बिगार्न सक्छन्, त्यसरी नै एउटा पापी मानिसले आफ्नो मूर्खतामा बुद्धिमान् व्यक्तिले सुसम्पन्न गरेका धेरै असल कामहरू पनि उल्टाइदिन सक्छ ।

### घ) उपदेशक १०ः सूर्यमनि बुद्धिमान् मानिस र मूर्ख मानिस यो हो

**उपदेशक १०ः१ः** जब झिँगाहरू अत्तर बनाउने मानिसको सुगन्धित तेलमा परेर मर्छन्, तब ती झिँगाहरूले गर्दा त्यो सुगन्धित तेल ठसठसती गनाउँछ। ठीक त्यस्तै मानिसको व्यवहारमा समानता छ। किनकि बुद्धि र सम्मानले सुनाम भएको व्यक्तिले एउटै गल्तीद्वारा आफ्नो सुनाम पूरा बर्बाद गर्न सक्छ। मानिसहरूले हाम्रो एउटा सानो लापरवाह सम्झनेछन्, तर हाम्रा वर्षौंवर्षका प्रशंसनीय उपलब्धिहरू बिर्सिदिनेछन्। याद रहोस्ः सर्वसाधारणमा तीनवटा अनुचित शब्दहरू बोलेर हामीले आफ्नो प्रतिष्ठा बर्बाद गर्न सक्छौं ।

**उपदेशक १०ः२ः** दाहिने हात बढ़ी निपुण, अनि देब्रे हात बढ़ी अनाड़ी मानिन्छ। यसर्थ बुद्धिमान् मानिसले हरेक कामको निम्ति सही तरिका जान्दछ; तर मूर्ख मानिसचाहिँ साह्रै गड़बड़ गर्ने व्यक्ति हो ।

**उपदेशक १०ः३ः** मूर्ख मानिस बाटोमा हिँड्दै गरोस्, यस्तो साधार काम गर्दा पनि त्यसले आफूसँग व्यावहारिक बुद्धि नभएको कुरा प्रकट गरिहाल्छ। त्यसले सबैलाई आफू मूर्ख भएको कुरा देखाउँछ। कि त त्यसले अरू सबैलाई 'लठुवा' भन्छ, कि त त्यसले आफ्नो सबै काममा आफ्नो अज्ञानता प्रकट गर्छ ।

**उपदेशक १०ः४ः** कुनै शासक हाम्रो विरुद्धमा बम्के भने, के गरे असल होला ? हामीले रिसले आफ्नो काम र पद छोड्नुहुँदैन । त्यस बेलामा हाम्रो निम्ति बरु नम्र र विनीत हुन असल हो । यस प्रकारको व्यवहारले तिनको रिस शान्त पार्न सक्छ र सिकिस्त अपराधहरूको निम्ति क्षतिपूर्ति गर्न सक्ला ।

**उपदेशक १०ः५-६ः** यस अस्तवस्त संसारमा अर्को नमिलेको कुरा सुलेमानलाई के झन्झट लाग्यो भने, शासकको तर्फबाट न्यायसँगत नभएका निर्णयहरू र अन्यायहरू आउँदा रहेछन् । किनकि उपयुक्त योग्यताहरू नभएका मानिसहरू उच्च पदहरूमा नियुक्त हुन्छन्, तर सुयोग्य व्यक्तिहरूले साधारण नोकरीहरूमा आफ्ना प्रतिभाहरू खर्च गर्नुपर्छ ।

**उपदेशक १०ः७ः** यसकारण नोकरहरू घोड़ाहरूमाथि बसेर सवार हुन्छन्, र शासकहरूले पैदल यात्रा गर्नुपर्छ। यस्ता असँगत कुराहरू राजनीतिमा, व्यवसायमा, सेनामा र धार्मिक क्षेत्रमा पनि देखिन्छन् ।

**उपदेशक १०ः८ः** जुन मानिसले अरूलाई हानि पुर्‍याउन खाड़ल खन्छ, त्यो मानिस आफ्नै दुष्टताको शिकार हुनेछ। आफ्नो असल-खराब कामको प्रतिफल सुनिश्चित हुन्छ ।

ढुङ्गाको पर्खाल भत्काउने व्यक्तिलाई साँपले ठुङ्छ; किनकि त्यसले फोरेर अवैध रूपले अर्कोको जमिनमा पस्न खोजेको, कुनै बदमास काम गरेको अथवा सिमानाढुङ्गा सारेर जमिन मिच्न चाहेको थियो। कुनै न कुनै तरिकाले

त्यसले यसको मूल्य चुकाउनुपरेको छ ।

**उपदेशक १०:९-१०:** अँ, स्वीकार्णीय क्रियाकलापहरूमा पनि खतराहरू छन्। ढुङ्गाको खानीमा काम गर्ने मानिसलाई ढुङ्गाको चोट लाग्ने खतरा छ, र दाउरा चिर्ने व्यक्तिलाई बन्चरोबाट खतरा आउँछ ।

तीखा हतियारहरू लिएर काम गर्नु असल विचार हो; नत्र काम पूरा गर्न धेरै मेहनत पर्छ । बन्चरो तिखार्नमा समय खर्च गरिन्छ, तर यसरी काममा समय र बल बचाइन्छ । बुद्धिले छोटो, सीधा बाटो देखाउँछ अथवा श्रम बचाउने उपायहरू सिकाउँछ। अथवा श्री एच. सी. लोइपोल्डले अनुवाद गरेअनुसार 'बुद्धिले सफलताको मार्गको तयारी गर्छ ।' 34)

**उपदेशक १०:११:** सपराले आफ्नो मोहनी शुरु गर्नुभन्दा अगाड़ि साँपले उसलाई ठुड्यो भने, यस सपराबाट के लाभ भयो र? अथवा हाम्रो भनाइअनुसार 'घोड़ाको चोरी भएपछि तबेलामा ताला किन लगाएको?' यसकारण बुझ्नुहोस्: कतिपय कामहरूको महत्त्व र प्रभाव उचित समयमा गरेको फल हो । कति कामहरू हामीले समयमै गर्नुपर्छ ।

**उपदेशक १०:१२-१३:** बुद्धिमान् मानिसको मुखका शब्दहरू निगाहवान् छन्; यसैले यी शब्दहरूले गर्दा उसले कृपादृष्टि पाउँछ। तर मूर्खको बोली नै त्यसको पतन र विनाश हो । त्यसले सीधासादा बकबकबाट कुरा गर्न थाल्ला, तर त्यसको बातचितको अन्तमा सनक्कै पागलपन हुन्छ ।

**उपदेशक १०:१४:** मूर्ख मानिसले कहिले बोल्न छोड्नुपर्छ, सो जान्दैन। आम्मै हो, त्यसको मुखबाट शब्दमाथि शब्द र शब्दमाथि शब्द ओरिन्छन्! त्यसैलाई मात्र सबै कुरा थाहा हुने गरी त्यो बोल्ने गर्छ। तर त्यसलाई के पो थाहा छ र! त्यसको कहिल्यै टुङ्गा नहुने बकबकमा 'भविष्यमा म यस्तो-उस्तो गर्नेछु' भन्ने डीङ र धाक समावेश हुन्छ-हुन्छ। त्यो र यो धनी मूर्ख मानिस उस्तै छन्, जसले भन्यो: *'अँ, म यसो गर्नेछु; म मेरा ढुकुटीहरू भत्काउनेछु र झन् ठूला-ठूला बनाउनेछु; अनि त्यहाँ म मेरा सबै अन्न र मेरा मालहरू राख्नेछु । अनि म मेरो प्राणलाई भन्नेछुः "हे प्राण, तँसँग धेरै वर्षको लागि राखिएका थुप्रै सम्पत्ति छन्; आराम गर्, खा, पी र आनन्द गर्!"'* (लूका १२:१८-१९)। तर अब के हुने हो, यस धनवान् मूर्खलाई के थाहा? त्यसले बरु यसो भन्नुपर्नेथियो: 'प्रभुको इच्छा भयो भने, हामी बाँचौंला, अनि यो वा त्यो गरौंला' (याकूब ४:१५)।

**उपदेशक १०:१५:** मूर्ख मानिसले आफ्नो अदक्षता अनि आफ्नो उपजयुक्त नभएको र आफ्नो उत्पादनशील नभएको कामले आफूलाई थकाउँछ। त्यसले शहरजत्तिकै सुस्पष्ट भएको कुरा पनि देख्न सक्दैन, न आफ्नो बाटो फेला पार्न सक्छ। हुन सक्छ, सायद पानीझरीबाट कसरी उम्काइन्छ, सो कुरा धरि सिकाउने त्यसको समझ पनि छैन होला। साधारण मामिला कुराहरूको सम्बन्धमा त्यसको अज्ञानता यति विघ्न छ भने, त्यसले भविष्यको लागि कसरी योजना तयार गर्न सक्ला? त्यसका भावी योजनाहरू कति हाँसउठ्दा होलान्?!

**उपदेशक १०:१६-१७:** हाय, त्यस देशलाई, जसका शासक एउटा केटाजस्तै अपरिपक्व र सजिलोसँग प्रभावित हुन्छन् र जसका प्रशासकहरू आफ्नो कर्तव्यमा ध्यान दिनुको सट्टामा बिहानैदेखि मातिरहेका हुन्छन्।

धन्य त्यो देश, जसका राजा चरित्रवान् र सज्जन हुन्छन् र जसका सह-शासकहरूले सुचरित्र र आत्मसंयम देखाउँछन्। किनकि तिनीहरूले मात्तको निम्ति होइन, तर बल र स्वास्थ्यको लागि खाने गर्छन्।

**उपदेशक १०:१८:** निरन्तर अल्छीपन र सुस्तीपनले गर्दा एउटा घर भत्किन्छ – त्यस घरले कुनै सरकार, कुनै परिवार वा कसैको व्यक्तिको जीवन चित्रण गरोस्। लगातार स्याहारसुसारविना जुनै पनि घरको छत चुहिन्छ।

**उपदेशक १०:१९:** खाना खाने बेला कति खुशीको समय हो ! अनि दाखमद्यले जीवनमा चमकदमक थपिदिन्छ। अनि रुपियाँपैसाले सबै कुरा प्राप्त हुन्छ।

के सुलेमानले साँच्चै रुपियाँपैसा नै सबै सुखको कञ्जी हो भन्ने कुरा विश्वास गरे त ? सायद उनले भन्न खोजेको मतलब यो थियो, कि मानिसलाई चाहिएको सबै खानेकुरा र पिउने कुरा रुपियाँपैसाले किन्न सकिन्छ। अथवा हुन सक्छ, उनले सोह्र पदमा उल्लेख गरिएका, बिहानैदेखि मातिरहेका शासकहरूको मुखको शब्द उद्धृत गरे कि ? किनकि तिनीहरूको यो दुर्व्यवहारले तिनीहरूलाई कहाँ पुऱ्याउँछ, यसको विषयमा तिनीहरूलाई अठार पदमा चेताउनी दिइयो। एकजना अज्ञात भाइले यसो भनेका छन्ः 'हो, रुपियाँपैसाले खुशीआनन्दबाहेक अरू सबै कुराहरू किन्न सकिएला, अनि स्वर्गको निम्ति बाहेक अरू जुनसुकै ठाउँको निम्ति टिकट किन्न सकिएला।' मानिसको जीवनचाहिँ ऊसँग भएको सम्पत्तिको भरपूरीमाथि निर्भर गर्दैन।

**उपदेशक १०:२०:** होशियार, न राजाको विरोधमा, न ता तिनका धनी कर्मचारीहरूको विरोधमा खराब बोल्नु हुन्छ ! कसैले नसुनेको जस्तै हामीलाई लाग्ला। तर भित्ताहरूका पनि कानहरू छन् है ! अनि कतै कुनै चराले त्यो बोलेको शब्द बोकेर राजदरबारमा लैजाला ! याद गर्नुहोस्ः विवेकहीन व्यवहारमा पखेटाहरू पलाउने अवगुण छ है।

### ङ) उपदेशक ११:१-१२:८: सूर्यमनि असल कुरा यसरी फैलिन्छ

**उपदेशक ११:१:** *'आफ्नो रोटी पानीको सतहमाथि फालिदेऊ; किनभने धेरै दिनपछि तिमीले त्यो भेट्टाउनेछौ।'* यहाँ, यस ठाउँमा रोटी अन्नको एउटा प्रतीक हो, किनकि अन्नबाट रोटी बनिन्छ। अनि पानीमाथि रोटी फालेको अर्थ के हो ? यसको सन्दर्भ कि त पानी भरिएका पानीखेतहरूमा बीउ छर्ने काम हो, कि त समुद्र-यात्रा गरेर पानीजहाजहरूमा गरिएको अन्नको व्यापार हो। जेसुकै भए पनि, आउनुहोस्, हामी यहाँ प्रस्तुत गर्न खोजेको विचार पक्रौंः हामीले असल कुराको व्यापक वितरण र मोठव्यापार गर्नुपर्छ, तब फसलको समयमा हामी प्रशस्त प्रतिफल पाउनेछौं।

यस पदको अर्थ सुसमाचारको सम्बन्धमा पनि सत्य छ। जीवनको रोटी बाँड्दाखेरि हामी तुरुन्तै कुनै स्पष्ट देखिने नतिजा देख्न पाउँदैनौं, तर अन्तमा यस कामको फसल सुनिश्चित हुनेछ।

**उपदेशक ११:२:** सात-आठजनालाई भाग दिनु भनेको **क)** केही रोकथाम नगरिने उदारता बुझिन्छ, अथवा **ख)** व्यापारका उद्यमहरूमा भएको बहुरूपता बुझिन्छ। यसको पहिलो अर्थ ठीक हो भने, हामीले समय छँदै कुनै मतलब नभएको भलाइ र निस्वार्थ उपकार गर्नुपर्छ; किनकि सम्भव छ, कि विपत्ति र दुर्भाग्यको समय आउला, जब हामी यसो गर्न सक्नेछैनौं। धेरैजसो मानिसहरू आपतकालको निम्ति बचत गर्छन्; तर यस पदले हामीलाई के सल्लाह दिन्छ भने, जीवनको अनिश्चितताले गर्दा हामीले एउटा खुला, अप्रतिबन्धित उदारताको भावना अपनाउनुपर्छ। अथवा यसको दोस्रो अर्थ ठीक हो भने, यसको विचार यो हुन सक्छः हामीले एकै कुरामा मात्र सबै लगानी गर्नुहुँदैन; हामीले हाम्रो व्यापारमा वा हाम्रो कामधन्धामा विभिन्न कुराहरूसित सरोकार राख्नुपर्छ। किनकि जब एउटा काम असफल भयो भने, हामीसँग अरू कामहरू छँदैछन्, जससित हामी अघि बढ्न सक्छौं। यो कुरा विविधीकरण भनिन्छ।

**उपदेशक ११:३:** यस पदले अघिल्लो पदमा प्रस्तुत गरिएको विचार अगाडि बढाउँदै लैजान्छ; यसको विशेष दृष्टिकोणचाहिँ यस पृथ्वीमा हामीमाथि आइपर्न सक्ने अज्ञात खराबी नै हो। किनकि जीवनमाथि आइपर्ने विपत्तिहरूको बारेमा यस पदले के सुझाउ दिन्छ भने, ती विपत्तिहरूको सम्बन्धमा सुनिश्चित अपरिहार्यता

र अदलबदल नहुने अन्तिमता छ। जसरी पानीले भरिएका बादलहरूले पृथ्वीमाथि पानी बर्साएर आफूलाई खाली गर्छन्, त्यसरी नै मानिसका सन्तानहरूमाथि पक्कै पनि समस्या र परीक्षाहरू आइपर्छन्। अनि ढालिएको रूख मुढ़ा रहिरहन्छ। त्यसको सुनिश्चित नियति यही हो।

निम्न कवितामा यस पदको विस्तृत प्रयोग यसरी दिइएको छः

जसरी रूख ढालिन्छ, त्यसरी नै त्यो रहनुपर्छ;
जसरी मानिस जिउँछ, त्यसरी नै ऊ मर्नुपर्छ,
अनि जस्तै मानिस मर्छ, त्यस्तै ऊ रहिरहनुपर्छ,
अनन्तकालका सबै वर्षहरूभरि त्यस्तै रहिरहनेछ।

श्री जोह्न राय

**उपदेशक ११ः४ः** हामी चाहिएको भन्दा बढ़ी सतर्क भएको सम्भव हुन्छ। हामी सिद्ध परिस्थितिहरू नभएसम्म पर्ख्यौं भने, हामीले केही पनि गर्नेछैनौं। सधैं केही न केही हावा-बतास चल्दैछ र सधैं आकाशमा बादलहरू हुन्छन् नै। हामी हावा शून्य भएको स्थिति पर्ख्यौं भने, हामीले आफ्ना बारीहरूमा बीउ कहिल्यै छर्नेछैनौं। हामीले पानी नपर्ने मौसमको निम्ति पर्खिबस्यौं भने, फसल उठाउन पाउनुभन्दा अघि नै बाली कुहिजानेछ। पूरा निश्चयताको निम्ति पर्खिबस्ने मानिसले सायद सधैंभरि पर्खिनुपर्नेछ होला।

**उपदेशक ११ः५ः** हामीलाई सबै कुरा थाहा नभएको हुनाले हामीसँग भएको ज्ञान लिएर हामी अघि बढ़्नुपर्छ र आफ्नो जीवन चलाउनुपर्छ। हामी हावाबतासको चाल जान्दैनौं, अथवा गर्भवती स्त्रीको गर्भमा हड्डीहरू कसरी बनाइन्छन्, सो कुरा बुझ्दैनौं। ठीक त्यस्तै हामी परमेश्वरले गर्नुभएको हरेक काम जान्दैनौं र उहाँले किन यसो कि उसो गर्नुभएको, सो बुझ्दैनौं।

**उपदेशक ११ः६ः** हामीलाई उक्त कुरा थाहा नभएकोले हाम्रो जीवनको सर्वोत्तम नीतिचाहिँ यो होः हामीले आफ्ना दिनहरू सबै किसिमका उत्पादनशील कामहरूले भर्नुपर्छ। कुनचाहिँ कामहरू सफल हुन्छन्, सो हामी जान्न सक्दैनौं; यसको निम्ति हामीसँग कुनै निश्चित तरिका छैन। हुन सक्छ, हाम्रा सबै कामहरू सफल होलान्। कसले जान्दछ?

परमेश्वरको वचन फैलाउने काम सफल हुन्छ नै, यसको सफलता सुनिश्चित छ। तर यस सम्बन्धमा पनि कुरा यस्तो छः कतिवटा तरिकाहरू अरू तरिकाहरूभन्दा बढ़ी फलवन्त छन्। यसकारण प्रभुको सेवामा हामी थाक्नुहुँदैन, तर बहुमुखी प्रतिभावान्, निपुण र विश्वासयोग्य हुनुपर्छ।

अनि हामीले आफ्नो जीवनको बिहानीमा रोप्नुपर्छ, र आफ्नो जीवनको साँझसम्म अथक परिश्रम गर्नुपर्छ। उहाँको निरन्तर सेवा गर्न हाम्रो बोलावट भएको छ।

**उपदेशक ११ः७-८ः** यस पदमा ज्योतिले युवावस्थाका चम्किला, उज्याला दिनहरू सङ्केत गर्ला। जवान हुनु कति मज्जाको कुरा हो! ओहो, स्वस्थ, बलियो र जोशले तातिएको, फूर्तिलो हुनु कति रमाइलो! तर मानिसले जति धेरै वर्षहरूसम्म जोश र समृद्धिबाट आनन्द उठाओस्, तर ऊ अन्धकारका दिनहरू अवश्य आउने नै छन् भन्ने कुराको विषयमा सचेत रहनुपर्छ। बुढ़ेसकालका पीड़ा र दर्दहरू अपरिहार्य छन्। बुढ़ेसकालचाहिँ जीवनको उराठलाग्दो र कामसामविनाको समय हो।

**उपदेशक ११ः९ः** यस पदको विषयमा हामीलाई भन्न गाह्रो छ, के यो वृद्ध मानिसको हितकारी सल्लाह हो कि? कि के यो एक निराश भएको मानिसको कुटिलता हो? उनको सल्लाह यस प्रकारको छः 'तिमीले आफ्नो हृदयका इच्छाहरूअनुसार गर्नू र आँखाहरूले भ्याएसम्म हेर्नू! तर याद गर, कि अन्तमा परमेश्वरले यी सबै कुराहरूको विषयमा तिम्रो न्याय गर्नुहुनेछ!' अनि न्याय गर्नु भनेको यसको सन्दर्भअनुसार बुढ़ेसकालरूपी न्याय हो। किनकि बुढ़ेसकालचाहिँ सुलेमानको दृष्टिमा बाल्यावस्था र

जवानीमा गरेका पापहरूको निम्ति ईश्वरीय प्रतिफल हुन्थ्यो ।

**उपदेशक ११ः१०ः** *'यसकारण आफ्नो हृदयबाट चित्तदुःखाइ हटाऊ र आफ्नो शरीरबाट खराबी पर सार; किनभने बाल्यावस्था र जवानी व्यर्थै हुन् ।'* जवान हुँदा सकेसम्म धेरै आनन्द लेऊ, अनि फिक्रीचिन्ता र र दुःखकष्ट कम गर ! (खराबीको शब्दको अर्थ यहाँ पाप होइन, तर कष्ट होला) । बाल्यकाल र युवावस्था व्यर्थ हुन्; किनभने बाल्यावस्था र जवानीको समय धेरै छोटो छ ।

अब हामी बाह्र अध्यायमा पस्न लागेका छौं, जसको पहिलो भागमा बुढ़ेसकालको उत्कृष्ट परिभाषा गरिएको छ। अरू साहित्यहरूमा योजस्तै उत्कृष्ट वर्णन कहीं पाइँदैन । यसले त जराविज्ञानको पत्रिकाका सम्पादकको मनमा जलन पो पैदा गर्ला । यस खण्डमा अर्थ सतहमा छैन; किनभने यो वर्णन एउटा रूपकको रूपमा प्रस्तुत गरिएको छ । तर पढ्दै जाँदा नभन्दै हाम्रो मनका आँखाको सामु एउटा चित्र देखा पर्छः यहाँ हिँड्दै गरेको बेलामा पूरा डगमगाइरहेको एउटा बूढ़ा मानिस प्रस्तुत गरिएको छ, जो आफ्ना खुट्टाहरू घिसार्दै नरोकीकन चिहानतिर लम्किरहेको छ, जोचाहिँ मानौं एउटा हिँड़िरहेको जराचिकित्सक संग्राहालयजस्तै छ ।

**उपदेशक १२ः१ः** 'आफ्नो जवानीका दिनहरूमा आफ्ना सृष्टिकर्ताको सम्झना गर !' अब बुढ़ेसकाल र वृद्धताको शोकाकुल तस्बिर देख्छौं, जसले विशेष गरी हाम्रा युवाहरूलाई 'आफ्नो युवावस्थामा आफ्ना सृष्टिकार्ताको सम्झना गर' भन्ने चेताउनी दिन्छ । याद रहोस्ः 'आफ्ना प्रभु, आफ्ना मुक्तिदाता वा आफ्ना उद्धारकको सम्झना गर' भनेर सुलेमानले यहाँ भन्दैनन्, तर 'आफ्ना सृष्टिकर्ताको सम्झना गर' भनेर भनेका छन्। किनकि सुलेमानले सूर्यमनिको आफ्नो स्थान र दृष्टिकोणबाट हेर्दा परमेश्वरलाई सृष्टिकार्तको रूपमा चिन्नु नै उनको निम्ति एकमात्र तरिका थियो । तर उनले दिएको सल्लाह राम्रो छः हो, हे युवाहरूहो, तिमीहरूले आफ्नो जीवनका दिनहरू सकिनुभन्दा, त्यसको सूर्यास्त हुनुभन्दा अघि आफ्ना सृष्टिकर्ताको सम्झना गर्नुपर्छ; किनकि तिमीहरूको जीवन अस्ताएको बेलामा अप्ठ्यारा र क्रूर दिनहरू आउनेछन् – यस्ता वर्षहरू आउनेछन्, जुन वर्षहरूमा तिमीहरूको एउटै सुख र एउटै आनन्द पटक्कै हुनेछैन नै। यसकारण तिमीहरूको आकाङ्शा निम्न पङ्क्तिहरूअनुसार भएको होस्ः

हे प्रभु, मेरो शक्तिको पूर्णतामा,
म तपाईंको निम्ति बलियो हुन चाहन्छु;
मेरो जीवन सुखैसुखले भरिएर पोखिरहेको बेलामा
तपाईंकहाँ मेरो गीतको सोर उठ्नुपर्छ ।

म यस संसारलाई मेरो हृदय दिएर
'तपाईंलाई प्रेम गर्छु भनेर भन्दिनँ;
अनि मेरो बल सकिएको बेलामा
म तपाईंको सेवा गर्नेछैनँ ।

म ठूलो उमङ्ग र पूरा जोशको साथ
संसारले मलाई अह्राएका कामहरूमा लाग्ने होइनँ,
अँ, म गलेका खुट्टाहरूसित विस्तार-विस्तारै
स्वर्गीय पहाड़तिर उकालो लाग्ने होइनँ ।

अहँ, तपाईंको निम्ति मेरा कमजोर इच्छाहरू हुने होइनन्,
तपाईंको निम्ति मेरो घटिया, क्षुद्र भाग हुने होइन;
अहँ, तपाईंको निम्ति मेरो निभ्ने आगो हुने होइन,
तपाईंको निम्ति मेरो हृदयका खरानीहरू हुने होइनन् ।

हे प्रभु, मलाई मेरो सुनौलो समयमा चुन्नुहोस्,
मेरा परम आनन्दहरूमा तपाईंको भाग हुनुपर्छ;
मेरो गौरवशाली जवानी रमेरो सम्पूर्ण हृदय तपाईंको हुनुपर्छ। [35)]

श्री थोमस एच. गिल

**उपदेशक १२ः२ः** बुढ़ेसकाल कस्तो समय हो ? बुढ़ेसकालचाहिँ बत्तीहरू निभ्ने बेला हो,

शारीरिक हिसाबले र मानसिक हिसाबले पनि। तब दिनहरू उराठलाग्दा हुन्छन्, र रातहरू लामा हुन्छन्; तब उदासीनता र निरशा शुरु हुन्छ।

हाम्रो जीवनका शुरुका वर्षहरूमा पनि केही पानीभरी भएको थियो, अर्थात् हाम्रो जीवनमा केही कष्ट र निराशा थियो। तर पानी परेपछि फेरि घाम लाग्थ्यो, र तुरुन्तै हाम्रो हिम्मत फेरि जाग्थ्यो। तर अबचाहिँ घमाइला दिनहरू गइसकेका र हरेक झरीपछि पानी पर्ने सम्भावना बोकेर बादलहरू फेरि देखा परिहाल्दा रहेछन्।

यसकारण बुझ्नुहोस्ः युवावस्थाचाहिँ आफ्ना सृष्टिकर्ताको सम्झना गर्न सठीक समय हो; किनभने त्यस बेलामा सूर्य, चन्द्रमा र ताराहरू अँध्यारा हुँदैनन्, र पानीझरी भएपछि बादलहरू फर्केर आउँदैनन्।

**उपदेशक १२ः३ः** अब यस पदमा एउटा घरचाहिँ वृद्ध मानिसको शरीरको चित्रण गर्छ। अनि घरका रक्षकहरू उसका पाखुरा र हातहरू हुन्; बितेको समयमा उसका हातहरू बलिया र सक्रिय थिए, तर अबचाहिँ ती हातहरू चाउरी परेका, कड़ा र पार्किन्सन-रोगले काँपिरहेका छन्।

अनि ती बलवान् मानिसहरूको विषयमा कसो हो? तिनीहरू उसका खुट्टाहरू र तिघ्राहरू हुन्। अब उसका खुट्टाहरू सीधा छैनन्, हृष्टपुष्ट छैनन्, तर कोष्ठक चिन्हहरूजस्तै खुम्चिएका छन्, मानौं शरीरको ओजनले गर्दा झुकिगएका छन्।

जाँतो पिँध्नेहरूले काम गर्न छोड़ेका छन्, किनकि तिनीहरू थोरै भए; अर्थात् दाँतहरूले अब चपाउन सक्दैनन्; किनभने माथिका दाँत-हरूका निम्ति मनिका दाँतरूपी जोड़ी हुँदैनन्। दाँतका डाक्टरले यस अवस्थाको नाम 'दाँतको अपुग टोकाइ' भन्ने नाम दिएका छन्।

झ्यालहरूबाट बाहिर हेर्नेहरू अँध्यारा भएका छन्। उसका आँखाहरू लगातार रूपले कमजोर हुँदै गएका छन्। पहिले उसलाई बाइफोकल लेन्सको चस्मा, त्यसपछि त्राइफोकल लेन्सको चस्मा र त्यसपछि मोटिबिन्दुको शल्यक्रिया आवश्यक भएको थियो। अनि अबचाहिँ उसका आँखाहरूले आवर्धक लेन्सको सहायताले ठूला-ठूला अक्षरहरू मात्र पढ्न सक्छन्।

**उपदेशक १२ः४ः** सड़कमा ढोकाहरू बन्द भएका छन्। यसको सन्दर्भ उसका कानहरू हुन्। हरेक कुरा घरिघरि दोहोर्‍याएर उसलाई भन्नुपर्छ। किनकि घट्टको पिँधाइजस्तै ठूला-ठूला आवाजहरू समेत उसको निम्ति धीमा र अस्पष्ट भए।

यो वृद्ध मानिस अनिद्राग्रस्त हुन्छ; बिहानै जब पहिलो चराले चिरबिराउन थाल्छ र भाले बास्छ, तब ऊ झसङ्ग बिउँझन्छ र सबेरै उठ्छ।

सबै गायिकाहरूको सोर धीमा भयो; किनकि उसका स्वर रज्जुहरू निक्कै बिग्रिएका छन्। उसको आवाज खस्रो छ र हल्लिन्छ, गीत गाउने कुरा परै जाओस्।

**उपदेशक १२ः५ः** ऊ अग्लो कुराबाट डराउने भएकोले उत्तुङ्गको डर पैदा हुन्छ; चाहे सीढ़ी चढ़ेर होस्, कि अग्ला-अग्ला भवनहरूबाट तल हेरेर होस् वा विमानमा सवारी गरेर किन नहोस्, उसलाई साह्रै डर लाग्दैछ।

बाटोहुँदै उसलाई डरैडर हुन्छ। उसमा आत्मविश्वास छैन, त्यो हराएर गयो। कतै एकलै जानु, अहँ, उसले गर्नै सक्दै सक्दैन, रातको अन्धकारमा निस्कने कुरा नगरे हुन्छ।

अनि हाड़े बदामको फूल फुलेको रूखको विषयमा के हो? प्रायः त्यसले सेतो फुलेको कपालको अर्थ लिन्छ; किनकि पहिले हाड़े बदामको रूखका फूलहरू प्रशस्त हुन्छन्, त्यसपछि यी फूलहरू भुइँमा खस्छन्।

फट्याङ्ग्राको अर्थ दुई किसिमले दिन सकिन्छ। पहिलो अर्थमा, फट्याङ्ग्रा एउटा भारी हो; यसर्थ वृद्ध मानिसको निम्ति सबै-भन्दा हल्का थोकहरू पनि बोक्न नसकिने भारी पो हुँदा रहेछन्। अथवा एन.ए.एस.बी.को अनुवादअनुसार दोस्रो अर्थमा फट्याङ्ग्राले यस

वृद्ध मानिसको व्यङ्ग्य-चित्रण गर्छ; ऊ झुकेको छ, ऊ कुप्रिएको छ, ऊ घिस्रँदै र सानो ढुङ्गामा ठोकिँदै र ठेस खाँदै ताल नमिलेको चालमा अगाडि बढ्दै जान्छ ।

उसको चाहना मर्छ । यसर्थ उसको भोक घट्छ र अन्तमा उसलाई भोकै लाग्दैन । उसको निम्ति खानामा मीठो स्वाद हुँदैन; उसलाई खाना खाने रुचि हुँदैन; अनि उसका अन्य आधारभूत चाहनाहरू पनि मरेर जान्छन् । उसको यौन-शक्ति हराएको छ ।

यो नष्ट पार्ने प्रक्रिया चल्दैछ; किनभने मानिस आफ्नो मृत्युरूपी दीर्घकालीन घरमा, उसको चिहानतिर जाँदैछ, अनि चाँडै उसको अन्तेष्टि गर्ने शोक-यात्रीहरूलाई सड़कमा जाँदै गरेका देखिन्छ ।

**उपेदशक १२ः६ः** अनि यसले गर्दा बुद्धिमान् मानिसको सल्लाह छः चाँदीको तार चुँड़िनुभन्दा अघि, सुनको कचौरा फोरिनुभन्दा अघि, मुहानमा माटोको गाग्रो फुट्नुअघि र इनारको चक्का भाँचिनुभन्दा अघि हामीले आफ्ना सृष्टिकर्ताको सम्झना गर्नुपर्छ । यी सबै शब्द-चित्रहरूमा सही अर्थ लगाउन हामीलाई गाह्रो छ ।

तर हुन सक्छ, चाँदीको तार चुँड़िनु भनेको शरीरबाट आत्मा निस्कँदा जीवनको कोमल धागो चुँड़िनु हो । श्रीमती फानी जे. क्रस्बी नामक अन्धा कविले निम्न कविता लेख्दै गर्दा कुरा यसरी बुझिन्ः

> कुनै दिन चाँदीको तार चुँड़िन्छ,
> र म अहिलेजस्तै गाउनेछैनँ;
> तर ओहो, मेरो परम आनन्द तब हुनेछ,
> जब म राजाको दरबारभित्र बिउँझनेछु ।36)

अब सुनको कचौराको कुरा आयो । सुनको कचौरामा मानिसको खोपड़ी बुझिन्छ; अनि खोपड़ी फुट्नु भनेको काव्यात्मक अर्थमा मृत्युको समयमा मानिसको दिमागले काम गर्न छोड्नु हो ।

अनि फुटेको गाग्रो र भाँचिएको चक्का सँगै लिँदा कुन अर्थ निस्कन्छ त ? हाम्रो अर्थ लगाइ सन्दर्भको फल होः हुन सक्छ, मानिसको रक्त सञ्चार बन्द हुने बेलामा सिस्टोलिक र डायस्टोलिक रक्तचापमा गड़बड़ी आएको होला त नि, कि कसो हो ?

**उपदेशक १२ः७ः** तब शव-काठिन्य शुरु हुन्छ । त्यसपछि त्यो मृत शरीर माटोमा फर्कन थाल्छ, तर मानिसको आत्माचाहिँ परमेश्वरकहाँ फर्कन्छ, जसले त्यो आत्मा दिनुभयो । सुलेमानलाई यस्तै लाग्थ्यो । अनि ख्रीष्ट-विश्वासीहरूको सम्बन्धमा उनको निष्कर्ष साँचो थियो । तर विश्वास नगर्ने मानिसको आत्मा पातालमा जान्छ, त्यो ठूलो सेतो सिंहासनको सामु न्यायमा नउभिएसम्म त्यहाँ पर्खनेछ । त्यसपछि मानिसको शरीरसँग त्यस आत्माको पुनर्मिलन हुनेछ र सम्पूर्ण व्यक्ति – त्यसको आत्मा, प्राण र शरीर आगोको कुण्डमा फालिनेछन् (प्रकाश २०ः१२-१४) ।

**उपदेशक १२ः८ः** अनि यसरी नै यी उपदेशक चक्कर लाएर शुरुमा आइपुगे, जहाँबाट उनले आफ्नो खोज शुरु गरेः सूर्यमनिको जीवन व्यर्थ छ, अर्थहीन छ, क्षणिक छ, रित्तो छ। यो उनको सामान्य सिद्धान्त थियो । उनको दयनीय नाराले मलाई एउटी सानी केटीको याद दिलाउँछ, जो मेलामा गएकी र त्यहाँ अबेरसम्म बसेकी थिई ।

> म सङ्गीत सधैंभरि बजेको सुन्न चाहन्छु,
> तर के, के म मेलामा बढ़ी समय बसेकी ?
> मैले जोकरलाई निरन्तर आफ्नो अनुहार बिगारेको हेर्न चाहन्छु,
> तर के, के म मेलामा बढ़ी समय बसेकी ?
> मैले आफ्नो कपाल बाँध्न निला रिबनहरू किनेकी छु, तर मैले यहाँ मेरो वास्ता गर्ने एकैजनालाई पनि भेट्टाउन सकिनँ ।
> अरे, हिँड़ोला सुस्त हुन थालेको छ;
> आहा, म त मेलामा बढ़ी समय बसेकी रहिछु ।
>
> मलाई सधैं मेला लाग्ने शहरमा बस्न मन लाग्यो,
> जहाँ जताततै हाँसो र प्रेम छ ।
> म आफ्ना साथीहरूसँग रोमहर्ष र मोज गर्न चाहन्छु ।

अनि कसैले मेरो वास्ता गरेको मैले चाहना
गरेको छु ।
एक समयमा मेरा यी रिबनहरू चम्किला र नयाँ
थिए, तर अब मैले ती रिबनहरू निला नभएका,
तर फिका भएका देखें ।
किनकि हिँड़ोलाले मेरो ठट्टा गर्न थालेको छ;
के म मेलामा बढ़ी समय बसेकी ?
त्यहाँ मेरो निम्ति पाउनु केही पनि थिएन,
किनकि कसैले पनि मेरो चाहनाअनुसार गरेन;
के म मेलामा बढ़ी समय बसेकी होइन र ?
अवश्य । [37)]

श्री बिलि बर्नस

हामी यहाँ सूर्यमनिको जीवनको शून्यताको बारेमा सुलेमानको अन्तिम सन्दर्भ-पदमा आइपुग्यौं। मलाई एउटा कथाको सम्झना आउँछ, जुन कथाचाहिँ श्री ए. स्टन्ली जोन्सले सुनाउने गर्थे:

'तिनले पानीजहाजमा यात्रा गर्दै-गर्दा धेरै मोटा जीउ भएका लोग्नेस्वास्नीसँग तिनको भेट भयो; तिनीहरूका अनुहारहरू भैंसीजस्ता मोटा थिए। तिनीहरू एक भोजनदेखि अर्को भोजनको निम्ति जिइरहेका थिए। तिनीहरू दुईजना कामबाट अवकाशप्राप्त वृद्ध मानिसहरू थिए; अनि तिनीहरूसँग प्रशस्त धन त थियो, तर तिनीहरूसँग खास केही पनि थिएन ।

वेटरहरूले तिनीहरूलाई उत्तम सेवा नदिएका हुनाले तिनीहरू उनीहरूसँग रिसाए । तिनीहरूलाई खाना नपाएर भोकले मर्ने डर लागेको थियो । कुरा मेरो निम्ति यस्तो देखिन्थ्यो । तिनीहरूको शारीरिक भोक नै तिनीहरूको एकमात्र चाहना थियो । मैले तिनीहरूलाई कहिल्यै कुनै किताब, कुनै पत्रिका वा कुनै खबर-कागज पढ़ेका देख्दिनथिएँ । तिनीहरू अर्को खाना खान पर्खे र तिनीहरू एकटक लाएर शून्यतिर हेर्दैबसे, वास्तवमा, तिनीहरूलाई साह्रै बोरिङ्ग भइरहेको थियो, र तिनीहरू अर्को खानाको लागि पर्खिरहे ।

एक रात मैले तिनीहरूलाई यसरी नै बसिरहेका र शून्यतातिर एकटक लाएर हेरिरहेका देखें; त्यस बेलामा अचानक लोग्नेको दिमागमा एउटा विचार चम्किएको थियो । ती लोग्ने आतसखानकहाँ गए र त्यसको डिलमाथि रहेका फूलदानीहरू उठाए, र तीभित्र हेरे; अनि त्यसपछि आफ्नी पत्नीकहाँ फर्केर तिनले यिनलाई भने: 'होनी, फूलदानीहरू रित्ता छन् !' तर ती फूलदानीहरू मात्र होइन, तर ती दुवैजनाका मन र दिमाग पनि खाली थिए। तिनीहरूका पैसाका थैलीहरूमा भरिभराउ त थियो, तर तिनीहरूका आत्मामा केही पनि थिएन । अनि त्यो नै तिनहरूको सजाय थियो । तिनीहरूको न्यास्रोपन सुनिश्चित थियो; तर तिनीहरूको जीवनमा चाख-लाग्दो, जोशिलो, फूर्तिलो केही पनि थिएन । तिनीहरूका पेटीहरू ठूला र लामा थिए, तर तिनीहरूको ज्ञान र अनुभवको परिधि निक्कै साँघुरो थियो ।' [38)]

# खण्ड ४

# उपदेशक १२:९-१४:

## उपसंहार: सूर्यमनि भएको सबैभन्दा असल कुरा यही हो

**उपदेशक १२:९:** यी उपदेशक आफै बुद्धिमान् थिए; योबाहेक उनले आफ्नो ज्ञान अरू मानिसहरूसित पनि बाँड़चुँड़ गर्थे। उनले आफ्नो बुद्धि हितोपदेशहरूको रूपमा प्रस्तुत गर्न खोजे; यसकारण उनले यी हितोपदेशहरू रच्दा यिनका शब्दहरू ध्यानपूर्वक जाँचे र यिनको विशुद्धता र यथार्थता परख गरेर हेरे ।

**उपदेशक १२:१०:** उनले यिनका शब्दहरू होशियारसाथ छाने। उनले सान्त्वनादायक, मनोहर र सत्य शब्दहरू एकसाथ जोड्न प्रयास गरे। यो त एउटा पुष्टिकर, स्वादिष्ठ भोजन

तयार गर्नुजत्तिकै हो, जुनचाहिँ अजमोदा वा धनियाँका पातहरूको साथ पस्किन्छ ।

**उपदेशल १२ः११ः** बुद्धिमान् मानिसहरूका शिक्षाहरू तीखा सुइराहरूजस्ता छन्ः सरल, सीधा र विश्वास दिलाउने खालका हुन्छन् । अनि यी एकै गोठालाबाट संग्रह गरिएका उक्तिहरू तम्बूलाई स्थिरता दिने असल ढङ्गले गाड़िएका काँटी वा खुटीहरू हुन्छन् । यी उक्तिहरू शक्तिबल दिनुको साथै कीलाको काम पनि गर्छन्; किनभने हामी यी उक्तिरूपी कीला-हरूमा हाम्रा विचारहरू टँगाउन सक्छौं ।

अङ्ग्रेजीमा धेरैजसो बाइबलका संस्करण-हरूले यस पदमा 'गोठाला' भन्ने शब्द बड़ा अक्षरहरूमा लेख्ने गर्छन्; यसको मतलब हो, कि अनुवादकहरूले यो गोठाला शब्द परमेश्वरलाई सङ्केत गरेको अर्थमा बुझे । तर हामीले याद गर्नुपर्छ कि मध्यपूर्वका मानिसहरूको धारणा-अनुसार राजालाई प्रजाको गोठालाको रूपमा हेरिन्थ्यो । श्री होमरले भनेः 'सबै राजाहरू जनताका गोठालाहरू हुन् ।' यसो हो भने, राजा सुलेमानले यहाँ आफूलाई ती गोठालाको रूपमा पेश गरेका सम्भव देखिन्छ । अनि सन्दर्भ-अनुसार यो अर्थ बढ़ी मिल्दो हुन्छ ।

**उपदेशक १२ः१२ः** सुलेमानले यस विषयको तलाश निःशेष गरेको देखिँदैन । उनले यस विषयमा अझ धेरै लेख्न सक्नेथिए, तर यसो गर्दा उनी यही निष्कर्षमा आइपुग्नेथिए । उनले यहाँ पाठकवर्गलाई चेताउनी दिएर भन्छन्ः अनगिन्ती किताबहरू लेखिनेछन् र प्रकाशन गरिनेछन्; अनि ती सबै किताबहरू पढ्नुपरेको भए यस कामले हामीलाई निक्कै थकाउँथ्यो । तर हामीलाई यसको के फिक्री ! ती किताबहरूले अरू के प्रकट गर्नेथिए ? ती किताबहरूले जीवनको व्यर्थता प्रकट गर्नेथिए ।

**उपदेशक १२ः१३ः** उनको अन्तिम निष्कर्ष पढ्दा हामीलाई के लाग्छ भने, ओहो, बल्ल उनको धारणा सूर्यदेखि माथिको तहमा उठेको रहेछ । किनकि उनले अन्तमा यसो भनेका छन्ः *'परमेश्वरको भय मान र उहाँका आज्ञाहरू पालन गर; किनकि मानिसको सम्पूर्ण कर्तव्य यही हो ।'* मानिसको एकमात्र कर्तव्य परमेश्वरको भय मान्नु र उहाँका आज्ञाहरू पालन गर्नु हो रहेछ । तर परमेश्वरको भय मान्नु मुक्ति हासिल गरिने विश्वास होइन भन्ने कुरा हामीले मनमा राख्नु-पर्छ । परमेश्वरको भय मान्नु भनेको यहाँ, यस ठाउँमा सृष्टि गरिएको प्राणी एउटा दासजस्तै आफ्ना सृष्टिकर्ताको सामु भयातुर हुनु हो । अनि उहाँका आज्ञाहरूचाहिँ पुरानो नियममा प्रकट भएको दस आज्ञारूपी परमेश्वरको व्यवस्था नहुनु सम्भव छ । तब उहाँका आज्ञाहरू हामी यहाँ कुन अर्थमा लिऔं ? उहाँका आज्ञाहरू ती आदेश र नियमहरू हुन सक्छन्, जुन आदेश र नियमहरू परमेश्वरले मानिसको हृदयमा लेखेर सहजज्ञानको रूपले हालिदिनुभयो ।

अर्को शब्दमा भन्नु हो भने, हामीले सुलेमानका यी शब्दहरूमा उच्च स्तरको आत्मिक अन्तर्दृष्टि देख्नुपर्दैन । हुन सक्छ, ती शब्दहरू एकजना बुद्धिमान् मानिसको निष्कर्ष होलान्, जुन मानिस आफ्नो सहजज्ञानबाट र आफ्नो व्यावहारिक अनुभवबाट यस निष्कर्षमा आइपुगे ।

परमेश्वरको भय मान्नु र उहाँका आज्ञाहरू पालन गर्नु मानिसको सम्पूर्ण कर्तव्य हो । उसको कर्तव्य मात्र होइन, तर यो त एउटा पूर्ण र सुखी जीवनका आधारभूत तत्त्व पनि हो ।

**उपदेशक १२ः१४ः** *'किनकि परमेश्वरले हरेक काम र हरेक गुप्त कुराको न्याय गर्नुहुनेछ, चाहे त्यो असल होस्, चाहे खराब ।'* यहाँ, यस पदमा परमेश्वरको भय मान्ने र उहाँका आज्ञाहरू पालन गर्ने प्रेरणाचाहिँ भावी न्यायको निश्चयता हो । हे ख्रीष्ट-विश्वासीहरूहो, हामी अनन्त-अनन्तसम्म कृतज्ञ हुनुपर्छ; किनकि मुक्तिदाता प्रभुले हामीलाई यस प्रकारको भयबाट छुटकारा दिनुभयो ।

*'प्रेममा कुनै डर हुँदैन; तर सिद्ध प्रेमले डर निकालिदिन्छ; किनभने डरमा बढ़ी पीड़ा हुन्छ। जो डराउँछ, ऊ प्रेममा सिद्ध भएको छैन।'* १ यूहन्ना ४:१८

हामीचाहिँ डरको कारणले न विश्वास गर्छौं, न आज्ञापालन गर्छौं; तर प्रेमको कारणले हामी प्रभु येशूमाथि भरोसा राख्छौं र उहाँको आज्ञा-पालन गर्छौं। गलगथामा प्रभु येशूले पूरा गर्नुभएको त्राणको कामको खातिर हामीसँग यो निश्चयता छ कि हामी कहिल्यै न्यायमा पर्नेछैनौं; किनकि हामी मृत्युबाट जीवनमा सरिसकेका छौं (यूहन्ना ५:२४)। अब हामी भन्न सक्छौं:

मेरो लागि कुनै दण्डको आज्ञा छैन,
मेरो लागि कुनै नरक छैन;
मेरा आँखाहरूले त्यो यातना र त्यो आगो कहिल्यै
देख्नेछैनन्;
मेरो लागि कुनै न्यायको फैसला छैन,
मेरो लागि कुनै खील छैन;
किनकि मलाई प्रेम गर्नुहुने प्रभुले
मलाई आफ्ना पखेटामनि रक्षा गर्नुहुनेछ।

श्री पावल गेर्हार्ट

## FOOTNOTES:

1) **Introduction:** L. S. Chafer, Systematic Theology, I:83.

2) **Introduction:** See Gleason Archer, A Survey of Old Testament Introduction, pp. 478–88.

3) **Introduction:** Megillah 7a; Sabbath 30.

4) **Introduction:** W. Graham Scroggie, Know Your Bible, I:143.

5) **Introduction:** Solomon is widely held to be a "type" (or picture) of Christ reigning in peace during the Millennial Kingdom.

6) **Introduction:** Quoted by W. Graham Scroggie, *Know Your Bible*, I:144

7) **1:3:** H. L. Mencken, quoted by Bill Bright, Revolution Now, 1969, p. 15.

8) **1:4:** Will Houghton, "By Life or by Death."

9) **1:8:** Author unknown. "Thou Alone, Lord Jesus," in Hymns of Grace and Truth, no. 220.

10) **1:13:** Malcolm Muggeridge, Jesus Rediscovered, p. 11.

11) **1:13:** For example, this name was used by other Semitic nations, and even in the OT *Elohim* is used for false "gods." It is debated whether Satan's words in Genesis 3:5 should be translated "You shall be like God" (NKJV) or "You shall be like gods" (NEB, Knox).

12) **1:15:** Robert Laurin, "Ecclesiastes," in The Wycliffe Bible Commentary, p. 587.

13) **2:1:** B. E. "None but Christ Can Satisfy!" in Hymns of Truth and Praise, no. 306.

14) **2:8:** Samuel Johnson, The History of Rasselas, Prince of Abyssinia, ed. J. P. Hardy.

15) **2:8:** Quoted by David R. Reuben, "Why Wives Cheat on Their Husbands," in Reader's Digest, Aug. 1973, p. 123.

16) **2:11:** Ralph Barton, quoted by Denis Alexander, Beyond Science, p. 123. Used by permission of Lion Publishing.

17) **2:11:** E. Stanley Jones, Growing Spiritually, p. 4.

18) **2:17:** Choice Gleanings Calendar. Grand Rapids: Gospel Folio Press.

19) **2:18:** C. E. Stuart, *Thoughts on Ecclessiastes*, in Assembly Writers Library, Vol. 5, p. 186.

20) **2:21:** Robert Jamieson, A. R. Fausset, and David Brown, Critical and Experimental Commentary on the Old and New Testament, III:518.

21) **2:25:** Jules Abels, The Rockefeller Billions, p. 299.

22) **3:15:** *Table Talk*, Vol. 11, No. 4, August 1987, p.3

23) **3:21:** The same Hebrew word translated spirit can also mean breath.

24) **4:1:** James Russell Lowell, “The Present Crisis,” in Complete Poetical Works, p. 67.
25) **4:4:** Cited by Henry G. Bosch, Our Daily Bread, 24 May 1973.
26) **4:4:** Quoted by Bill Bright, Revolution Now, p. 37.
27) **5:15:** Choice Gleanings Calendar.
28) **6:9:** H. C. Leupold, Exposition of Ecclesiastes, p. 141.
29) **7:20:** H. C. Leupold, Ecclesiastes, p. 167.
30) **7:28:** G. C. Morgan, Searchlights from the Word, p. 217.
31) **9:4:** Dogs in the Middle East are often snarling curs that feed on garbage and run wild through the streets, not the beloved pets of Western homes.
32) **9:9:** The Gilgamesh epic, quoted by H. C. Leupold, Ecclesiastes, p. 216.
33) **9:9:** Denis Alexander, Beyond Science, pp. 132–33. Used by permission of Lion Publishing.
34) **10:9-10:** H. C. Leupold, Ecclesiastes, p. 242.
35) **12:1:** Thomas H. Gill, “Lord in the Fullness of My Might,” in Hymns, no. 26.
36) **12:6:** Fanny J. Crosby, “Saved by Grace,” in Hymns of Truth and Praise, no. 621.
37) **12:8:** Billy Barnes, “I Stayed Too Long at the Fair.” Used by permission.
38) **12:8:** E. Stanley Jones, Is the Kingdom of God Realism?, pagination unknown.

## BIBLIOGRAPHY:


Delitzsch, Franz. "Ecclesiastes." In *Biblical Commentary on the Old Testament*. Vol. 18. Grand Rapids: Wm. B. Eerdmans Publishing Co., 1971.

Eaton, Michael A. *Ecclesiastes*. The Tyndale Old Testament Commentaries. Downers Grove, IL: InterVarsity Press, 1983.

Erdman, W. J. *Ecclesiastes*. Chicago: B.I.C.A., 1969.

Hengstenburg, Ernest W. *A Commentary on Ecclesiastes*. Reprint. Minneapolis: James and Klock Christian Publishing Co., 1977.

Lange, John Peter, ed. "Ecclesiastes." In *Commentary on the Holy Scriptures*. Vol. 7. Reprint (25 vols. in 12). Grand Rapids: Zondervan Publishing House, 1960.

Laurin, Robert. "Ecclesiastes." In *The Wycliffe Bible Commentary*. Chicago: Moody Press, 1962.

Leupold, H. C. *Exposition of Ecclesiastes*. Grand Rapids: Baker Book House, 1952.

MacDonald, William. *Chasing the Wind*. Chicago: Moody Press, 1975.

# श्रेष्ठगीतको टिप्पणी

# श्रेष्ठगीतको भूमिका

*'मानौं पवित्र बाइबलको प्रकाशचाहिँ एउटा महिमित मन्दिर हो, जुन मन्दिर परमप्रभु हाम्रा परमेश्‍वरले त्यसमा आफ्नो नाम वास गर्न भनी चुन्‍नुभयो । त्यस परमेश्‍वरको वचनरूपी मन्दिरको महिमा सियोन पर्वतमा खड़ा गरिएको भौतिक मन्दिरको महिमाभन्दा ठूलो छ, चमकदमकले पूर्ण छ । तब श्रेष्ठगीतको पुस्तक कुन प्रकारले हेर्न उचित होला ? यरूशलेमको मन्दिरमा कोठाहरू थिए भने पवित्र बाइबलमा पुस्तकहरू छन्, जसमध्ये एउटाचाहिँ श्रेष्ठगीतको पुस्तक पनि हो । वास्तवमा यो पुस्तक सानो छ, तर एउटा उत्कृष्ट रचना हो, जुनचाहिँ देवदारको काठभन्दा उत्तम सरसामानहरूले निर्माण गरिएको, अँ, नीरमणिले मोहोरेको चम्किलो हात्तीदाँतभन्दा चम्किलो वस्तुले बनेको हो । किनकि यो पुस्तक सत्यताका प्रतिरूपहरूले पूर्ण छ, जुन सत्यताका प्रतिरूपहरू पवित्र आत्माद्वारा सीधा स्वर्गबाट ल्याइए र यस पुस्तकमा यस हेतुले हालिए, कि यी सत्यताका प्रतिरूपहरूले तिनीहरूलाई सान्त्वना दिऊन् र आनन्द दिलाऊन्, जसले परमेश्‍वरको वासस्थान र उहाँको महिमाले वास गरेको ठाउँ अर्थात् उहाँको पवित्र वचन प्रेम गर्छन् ।'*

श्री जर्च बुरोज

### क) ग्रन्थ-सूचिमा यस पुस्तकको विशिष्ट स्थान

'गीतहरूको गीत' भन्‍ने शीर्षक एउटा हिब्रू मुहाबरा हो, जसको अर्थ 'सबैभन्दा उत्कृष्ट गीत' हो । अनि 'मिड्र्आश' नामक यहूदी बाइबलको टिप्पणीले यसको नाम 'सबै गीत-हरूमध्ये सबैभन्दा प्रशंसनीय, उत्कृष्ट, बहुमूल्य गीत' राखेको छ । अनि यस गीतले 'वुल्गेट' नामक लेटिन बाइबलमा 'कन्टिक्लेस' भन्‍ने नाम पाएको छ । पवित्र बाइबलभरि श्रेष्ठगीतको पुस्तकचाहिँ बुझ्‍नको निम्ति सबैभन्दा गाह्रो पुस्तक मानिन्छ । यसको विषयमा श्री फ्रान्ज डेलित्चले यसरी लेखेका छन्ः 'यो श्रेष्ठगीतको पुस्तकचाहिँ पुरानो नियमको सबैभन्दा अस्पष्ट पुस्तक हो ।'[1] तपाईंले कविता, प्रेमको वर्णन र प्रकृतिका विषयहरू पढ्न मन पराउनुभयो भने, तपाईं यस पुस्तकबाट अवश्य आनन्द उठाउनुहुनेछ; तर यस पुस्तकले वास्तविक के भन्‍न खोजेको हो र यसको खास अर्थ के हो, सो जान्‍न चाहनुभयो भने, कुरा अर्को छ ।

यो पुस्तक कविता-कविताको बीचमा सम्बन्ध नभएको प्रेमका कविताहरूको संग्रह हो कि, एउटा सानो नाटकीय दृश्य काव्य हो कि, अथवा 'प्रेमको नाटकीय बातचितरूपी संयुक्त गीत काव्य'[2] हो, यसमा विद्वान्‌हरूको बीचमा एकमत छैन । तर **क)** यसका कोरसहरू घरिघरि दोहोरिन्छन्, अनि **ख)** यसमा कथाको प्रवाहको अटुट सिलसिला छ, साथै **ग)** यो पुस्तक निक्कै छोटो छ; यसले गर्दा यो एउटा नाटक छैन होला, तर यो पुस्तक एउटा प्रेमको नाटकीय बातचितरूपी संयुक्त गीत काव्यको रूपमा मात्र उचित देखिन्छ ।

तर हाम्रो निम्ति यो प्रश्‍न रहेको छः यो पुस्तकको व्याख्या कुन प्रकारले गरे उचित होला त ? युगयुगमा पाठकहरूले यसको विषयमा

कल्पना गरिबसे । कति सङ्कोची यहूदीहरू र इसाईहरूले यो पुस्तक 'कामुक' भनेर पढ्दै पढ्दैनन् भने, इतिहासभरि बड़ा भक्त र निष्ठावान् पवित्र जनहरूले यो पुस्तक पढ्दाखेरि ठूलो आनन्द उठाए र उठाउँदैछन् ।

**ख) यस पुस्तकको लेखक को हुन् ?**

यहूदी परम्पराअनुसार सुलेमानले आफ्नो युवावस्थामा श्रेष्ठगीतको पुस्तक लेखे, आफ्नो प्रौढ़तामा हितोपदेशको पुस्तक लेखे र यस संसारसित अघाइसकेपछि आफ्नो वृद्ध अवस्थामा उपदेशकको पुस्तक लेखे। यो धारणा अनुमोदन र सिफारिस गर्न लायक छ। एक सुझाउ के थियो भने, यसका लेखकले विवाहको सम्बन्धमा विश्वासयोग्य हुने पतिव्रत-पत्नीव्रत हुने भक्तिको प्रशंसा गरेका हुनाले सुलेमानले यो पुस्तक आफ्नी प्रथम पत्नीलाई समर्पण गरेका हुनुपर्ला; पछि उनका धेरै पत्नीहरू भए, किनकि उनी बहुविवाह र उपपत्नीत्वको पछि लागे। तर यस सम्बन्धमा यहाँ प्रस्तुत गरिएको बाइबलको टिप्पणीले भिन्नै दृष्टिकोण अपनाएको छ।

यस श्रेष्ठगीतका सातवटा पदहरूले सुलेमानको नाम लिएका छन्, जस्तैः श्रेष्ठगीत १:१ र ५, ३:७, ९ र ११, अनि ८:११ र १२। अनि श्रेष्ठगीत १:१ पदले सुलेमानलाई लेखकको रूपमा परिचय दिन्छ। तर यस पदको अनुवाद 'सुलेमानको विषयमा लेखिएको श्रेष्ठगीत' पनि हुन सम्भव छ। यस पुस्तकभरि प्रकृतिको विषयमा गरिएका सङ्केतहरूले सुलेमानको चासोसँग मेल खान्छन् (१ राजा ४:३३), साथै शाही घोड़ाहरू, रथहरू र पालकीको विषयमा लेखिएका पदहरूले पनि सुलेमान यस पुस्तकका लेखक थिए भन्ने कुरा समर्थन गर्छन्। अनि यसमा उल्लेख गरिएका भौगोलिक स्थानहरूका नामहरूबाट के बुझिन्छ भने, यी सबै ठाउँहरू एउटै संयुक्त राज्यभित्र परेका थिए; अनि यो कुरा प्रायः सुलेमानको राज्यकालमा यस्तो भएको थियो ।

यही कारणहरूले गर्दा लेखकको विषयमा परम्परागत दृष्टिकोण ग्रहण गर्न समुचित देखिन्छ; किनकि विपरीत तर्कहरू विश्वास-लाग्दा छैनन् ।

**ग) यस पुस्तकको लेख्ने मिति के हो ?**

राजा सुलेमानले एक हजार पाँचवटा गीतहरू रचे (१ राजा ४:३२)। ती गीतहरूमध्ये सबैभन्दा उत्कृष्ट रचनाचाहिँ उनले आफ्नो चालीस वर्षको शासनकालभित्र अर्थात् ख्रीष्टपूर्व ९७१-९३१ सालमा लेखे। अनि परम्पराअनुसार उनी त्यस बेलामा अझ जवान थिए, र उनले अझै धेरै स्त्रीहरूसँग सम्बन्ध राखेका थिएनन्। यो कुरा न्यायसँगत र रोचक देखिन्छ।

**घ) यस पुस्तकको सन्दर्भ र यसका विषयवस्तुहरू के-के हुन् ?**

यस पुस्तकको विषयमा सर्वमान्य इसाई व्याख्या यस प्रकारको छः यस पुस्तकले ख्रीष्ट येशूको प्रेम प्रस्तुत गर्छ, जुन प्रेमले उहाँले आफ्नो मण्डलीलाई प्रेम गर्नुहुन्छ। अनि यो व्याख्याअनुसार बाइबलका धेरै संस्करणहरूले यसका अध्यायका शीर्षकहरू तयार गरेका छन्। यस धारणाअनुसार सुलेमानचाहिँ ख्रीष्ट येशूको प्रतीक र शुलामाइटचाहिँ मण्डलीको प्रतीक हुन्। तर धर्मशास्त्र बाइबल ध्यानसित पढ्ने विद्यार्थीले बुझ्छ, कि यस पुस्तकको प्रमुख व्याख्या यो हुन सक्दैन; किनकि संसारको उत्पत्तिदेखि नै मण्डलीको विषयचाहिँ परमेश्वरमा लुकेर बसेको रहस्य थियो, जुन रहस्य नयाँ नियमका प्रेरितहरू र भविष्य-वक्ताहरू नआएसम्म खोलिएको थिएन (रोमी १६:२५-२६; एफेसी ३:९)। तर थोरै इसाई भाइबहिनी मात्र होलान्, जसले जुन प्रेम ख्रीष्ट

येशूसँग मण्डलीको निम्ति छ, यस श्रेष्ठगीतमा उहाँको यस प्रेमको अति सुन्दर तस्बिर छ भन्ने कुरा अस्वीकार गर्छन्। तर यो कुरा प्रमुख व्याख्या मानिँदैन, तर हामीले यो यसको उचित प्रयोग पो भन्नुपर्ला। तर यस पुस्तकको प्रमुख व्याख्या परमप्रभु र इस्राएली जातिको बीचको सम्बन्ध हुनुपर्छ।

अनि दोस्रो व्याख्याले यो पुस्तक विवाहको सम्बन्धमा हुने विश्वासघातको विरोधमा लेखिएको प्रतिवादको रूपमा लिन्छ। यस धारणाअनुसार धेरै पत्नीहरू भइसकेका सुलेमानले शुलामाइट नामक कन्यालाई प्रेम देखाउन खोज्दैछन्। तर यिनका गोठाला-प्रेमी भइसकेका छन्, जसप्रति यिनी विश्वासयोग्य र सत्य रहन्छिन्। यिनी सुलेमानका खुसामदका शब्दहरूतिर झुक्दिनन्। हर पल्ट जब उनले यिनको चापलुसी गर्छन्, त्यस बेलामा यिनले आफ्ना प्रेमीको बारेमा बोल्न थाल्छिन्। पुस्तकको अन्तमा, शुलामाइट आफ्ना गोठाला-प्रेमीसँग एक भएकी र तिनको प्रेमको आड़मा बसेकी देखिन्छ। यो दोस्रो व्याख्या स्वीकार गर्नेहरूले के भन्छन् भने, प्रायः सुलेमानसित सन्दर्भ राख्ने पदहरू शहर र दरबारको पृष्ठभूमिमा लेखिएका हुन्; तर गोठालासित सम्बन्ध राख्ने पदहरूले तिनलाई ग्रामीण पृष्ठभूमिमा पस्तुत गर्छन्।

शहर र देहातको बीचको ठूलो भिन्नताले यस नाटकीय कथामा एकजना होइन, तर दुईजना अभिनेताहरू छन् भन्ने धारणा पुष्टि गर्छ। तर यो व्याख्या लोकप्रिय छैन; किनभने यस धारणाले सुलेमानलाई प्रतिकूल रूपमा प्रस्तुत गर्छ।[3] तर हामीले यो तथ्य याद गर्नुपर्छः सुलेमानको बहुविवाह थियो। तर परमेश्वरका जनहरूको निम्ति उहाँको आदेश थियोः 'तिमीहरूको विवाह एकैजनासँग मात्र हुनुपर्छ।' अनि यसको सिलसिलामा हामीले ध्यानमा राख्नुपर्छः इस्राएली जाति परमप्रभुप्रति अविश्वासी थियो; किनकि इस्राएलीहरू धेरै प्रेमीहरूको पछि लागे। अनि यस श्रेष्ठगीतको पुस्तकमा तिनीहरूले विश्वासयोग्य प्रेम-सम्बन्धमा भएको सुन्दरताको बारेमा पढ्न पाएका छन्।

यस पुस्तकको तेस्रो व्याख्या पनि छ। यस तेस्रो व्याख्याअनुसार कन्या शुलामाइटले चाहिँ इस्राएली जातिको बाँकी भागको रूप लिन्छ, जुन बाँकी भाग मानिसहरूले चाहिँ आगामी दिनमा विश्वास गर्नेछन्। यस धारणामा सुलेमान प्रभु येशूको प्रतीक हुन्। किनकि एक दिन तिनीहरूले उहाँलाई हेर्नेछन्, जसलाई तिनीहरूले छेंड़ेका थिए, र आफ्ना एकमात्र छोराको निम्ति विलाप गरेझैं तिनीहरूले उहाँको निम्ति विलाप गर्नेछन्; अनि त्यस दिनमा यी बाँकी रहेका यहूदीहरूले उहाँसितको मीठो सङ्गतिबाट आनन्द लिनेछन्। श्रेष्ठगीतको पुस्तकले यस भावी प्रेमले पूर्ण सङ्गति चित्रण गर्छ। सुलेमानले बहुविवाह गरेको कुराले उनलाई प्रभु येशूको प्रतीक हुनदेखि वञ्चित गर्दैन। किनकि जुनै पनि प्रतीक सिद्ध छैन; अनि प्रभु येशूको प्रतीक सिद्ध हुनुपर्दैन; प्रभु येशू सिद्ध हुनुहुन्छ।

चौथो धारणा पनि छ; अनि वर्तमान समयमा यो निक्कै लोकप्रिय भएको छ। यस धारणा-अनुसार यो पुस्तक विवाहको बन्धनभित्र साँचो प्रेम छ र त्यसको शुद्धता कायम राख्नुपर्छ भन्ने प्रोत्साहन हो। एउटा दुनियाँमा, जसमा मानिसहरूले विवाहको सम्बन्धदेखि बाहिर यौनका सुखहरू उपभोग गर्न खोज्छन्, यस धारणाको निम्ति पनि उपयोगी ठाउँ त छ; किनकि यो कुरा उत्पत्ति १ः२७ र २ः२०-२४ पदका खण्डहरूसँग राम्रोसँग मिल्छ।

यसको विषयमा जेजति भने पनि र जुनसुकै दृष्टिकोण अपनाए पनि, कुरा यस्तो छः श्रेष्ठगीतको पुस्तकको समुचित प्रयोग व्यापक छ; किनकि ख्रीष्ट-विश्वासी दुलहा-दुलहीहरूले विवाहको रातमा यसको सदुपयोग गरेका छन् र यसबाट आफ्नो वैवाहिक सम्बन्धको निम्ति बढ़ी लाभ उठाएका छन्।

# रूपरेखाः

**खण्ड १) श्रेष्ठगीत १ः१ः** शीर्षक

**खण्ड २) श्रेष्ठगीत १ः२-८ः** सुलेमानको राजदरबारमा शुलामाइटले आफ्नो अनुपस्थित गोठाला-प्रेमीको विषयमा सोचेकी र राजदरबारका स्त्रीहरूलाई तिनको र आफ्नो विषयमा बताएकी ।

**खण्ड ३) श्रेष्ठगीत १ः९-२ः६ः** सुलेमानले कन्या शुलामाइटलाई प्रेम देखाउन खोजेका, तर यिनी उनका खुशामदका शब्दहरूको निम्ति बहिरा भएकी

**खण्ड ४) श्रेष्ठगीत २ः७ः** यी कन्याले यरूशलेमका छोरीहरूलाई दिएको आदेश

**खण्ड ५) श्रेष्ठगीत २ः८-१७ः** शुलामाइटले आफ्ना गोठाला-प्रेमीसितको विगत भेटघाट सम्झिरहेको बेलामा यिनका दाजुभाइहरूले यिनको मनन बीचमा काटेर यिनलाई काममा जाने आदेश दिएका

**खण्ड ६) श्रेष्ठगीत ३ः१-४ः** यी कन्याले आफ्ना प्रेमीसँगको विगत भेटघाटको विषयमा सपना देखेकी

**खण्ड ७) श्रेष्ठगीत ३ः५ः** यी कन्याले यरूशलेमका छोरीहरूलाई आदेश दोहोऱ्याएकी

**खण्ड ८) श्रेष्ठगीत ३ः६-११ः** सुलेमानको शोभायात्रा यरूशलेममा आइपुगेको

**खण्ड ९) श्रेष्ठगीत ४ः१-६ः** सुलेमानले फेरि यी कन्यालाई जित्न खोजेका, तर यिनी उनका मोहक शब्दहरूले प्रभावित नभएकी ।

**खण्ड १०) श्रेष्ठगीत ४ः७-५ः१ः** ती जवान गोठाला आइपुगेका र यी कन्यालाई 'मसित यरूशलेमबाट हिँड़ेर जाऊ' भन्ने सुझाउ दिएका; तिनीहरू बस्तीमा भएको घरमा जाऊन्, जसको योजना तिनीहरूले अघिबाट गरेका थिए । अनि यिनी राजी भएकी

**खण्ड ११) श्रेष्ठगीत ५ः२-८ः** शुलामाइटले एउटा भयभीत सपनाको सम्झना गरेकी, जुन सपनामा यिनको अल्छीपनले गर्दा यिनले आफ्ना प्रेमीलाई भेट्न नपाएकी

**खण्ड १२) श्रेष्ठगीत ५ः९-६ः३ः** राजदरबारका स्त्रीहरूले सोधेका हुनाले यिनले आफ्ना प्रेमीका सुन्दरताहरूको प्रशंसा गरेकी; यसैले उनीहरूले तिनलाई पनि हेर्न चाहेका

**खण्ड १३) श्रेष्ठगीत ६ः४-१०ः** सुलेमानले आफ्ना प्रेमका मनमोहक प्रस्तावहरू दोहोऱ्याएका

**खण्ड १४) श्रेष्ठगीत ६ः११-१३ः** यिनले राजदरबारका स्त्रीहरूलाई यिनी आफू कुन अनौठो तरिकाले यस राजदरबारमा ल्याइए, सो सुनाएकी

**खण्ड १५) श्रेष्ठगीत ७ः१-१०ः** सुलेमानको अन्तिम प्रस्ताव व्यर्थ भएको

**खण्ड १६) श्रेष्ठगीत ७ः११-८ः२ः** यिनी आफ्ना गोठाला-प्रेमीसँग कुराकानी गरेकी, जो यिनलाई लैजान आइपुगेको

**खण्ड १७) श्रेष्ठगीत ८ः३-४ः** यिनले यरूशलेमका छोरीहरूलाई तेस्रो र अन्तिम आदेश दिएकी

**खण्ड १८) श्रेष्ठगीत ८ः५-१४ः** दुलहा-दुलही देहातमा भएको आफ्नो गाउँमा आइपुगेका, तिनीहरूले विवाहको प्रण गरेका र अबदेखि उप्रान्त खुशीसाथ वैवाहिक जीवन जिएका

# श्रेष्ठगीतको टिप्पणी

## खण्ड १

## श्रेष्ठगीत १ः१ः

### शीर्षक

**श्रेष्ठगीत १ः१ः** 'गीतहरूको गीत' नामक पुस्तक सुलेमानको रचना हो; यस पुस्तकको परिचय यो हो। तर हुन सक्छ, यसको अर्थ 'सुलेमानको विषयमा लेखिएको' पनि सम्भव छ।

## खण्ड २

## श्रेष्ठगीत १ः२–८ः

### सुलेमानको राजदरबारमा शुलामाइटले आफ्नो अनुपस्थित गोठाला-प्रेमीको विषयमा सोचेकी र राजदरबारका स्त्रीहरूलाई तिनको र आफ्नो विषयमा बताएकी।

**श्रेष्ठगीत १ः२-४ः** शुलामाइट आफ्ना गोठाला-प्रेमीका चुम्बनहरूको निम्ति साह्रै इच्छुक भइन्; त्यसपछि तिनी त्यहाँ उपस्थित भएको कल्पना गर्दै यिनले तिनलाई 'तिम्रो प्रेम दाखमद्यभन्दा उत्तम छ' भनेर भन्छिन्। यिनले तिनका सद्‌गुणहरू सुगन्धित तेलसँग तुलना गर्छिन्; अनि यसैमा यिनले अन्य कन्याहरूले तिनलाई पनि प्रेम गरेको कारण देख्छिन्। ओहो, तिनी आऊन्, र तिनले यिनलाई आफ्नी पत्नीको रूपमा दाबी गरून्; यिनको तीव्र चाहना यो थियो। तब यरूशलेमका छोरीहरूले व्यर्थमा तिनीहरूको पछि आउने प्रयास गर्नेथिए। राजा सुलेमानले शुलामाइटलाई आफ्ना कोठाहरूमा यस हेतुले ल्याए, कि उनले यिनलाई आफ्ना पत्नीहरूमा थप्न सकून्। तर यो यिनको इच्छाको विरुद्धमा थियो। अनि जब यरूशलेमका छोरीहरूले यिनको प्रेमीको विषयमा यिनको दृष्टिकोण र राय अपनाउँछन्, तब यिनले तिनको विषयमा गरेको तिनीहरूको गुणगान मुनासिब छ भनेर स्वीकार गर्छिन्।

**श्रेष्ठगीत १ः५-६ः** राजदरबारका स्त्रीहरूको रङ्ग फिका-फिका थियो भने, देहाती शुलामाइटले दाखबारीहरूकरो देखरेख गर्दा घाममा धेरै समय बिताएकी छिन्। यसकारण यिनी घामले डढ़ेकी, काली थिइन्, तर [4)] सुन्दरी थिइन्।

**श्रेष्ठगीत १ः७-८ः** यिनका विचारहरू आफ्ना प्रेमीकहाँ पुग्छन्। तिनले आफ्नो बगाललाई कहाँ चढ़ाइरहे होलान्, दिउँसो कहाँ आराम गरिरहे होलान्? यिनले यो जान्न चाहिन्। अनि यिनी किन तिनीसँग हुन सकिनन्, सो यिनले बुझ्न सकिनन्। यिनी किन अन्य

पुरुषहरूको उपस्थितिमा घुम्टो हालिएकी भई बस्नुपर्छ, जसको निम्ति यिनको कुनै चासो थिएन, र जसमा यिनले केही मूल्य देखिनन्।

यरूशलेमका छोरीहरूले[5] यिनलाई छेड़ हानेर भन्छन्ः 'तिमी जान्दिनौ भने भेड़ा-बाख्राका खुरका छापहरू पहिल्याउँदै जाऊ, तब तिमी तिनलाई भेट्टाउँछ्यौ !'

# खण्ड ३

## श्रेष्ठगीत १ः९-२ः६ः

### सुलेमानले कन्या शुलामाइटलाई प्रेम देखाउन खोजेका, तर यिनी उनका खुशामदका शब्दहरूको निम्ति बहिरा भएकी

**श्रेष्ठगीत १ः९-१०ः** सुलेमानले अब शुलामाइटको आकर्षण आफूतिर खिच्न खोज्दैछन्। उनको विचारमा यिनी फाराओका रथहरूको सजिसजाउ भएको मूल्यवान् जवान घोड़ी थिइन्। उनले यिनका गालाहरू हेर्दैथिए, जुनचाहिँ उत्तम-उत्तम गहनाहरूले सजाइएका थिए। उनले यिनको गला हेर्दैथिए, जसमा सुनका सिक्रीहरू झुन्डिएका थिए।

**श्रेष्ठगीत १ः११ः** सम्पादकीय भाषा प्रयोग गरेर उनले यहाँ 'हामी' भन्ने शब्द प्रयोग गर्छन्।[6] 'हामी तिम्रो निम्ति सुनका लहरहरू, साथै चाँदीका फूलीहरू बनाइदिन्छौं ल' भनेर उनले यिनलाई प्रस्ताव गर्छन्।

**श्रेष्ठगीत १ः१२-१४ः** तर शुलामाइट राजाका चापलुसीका शब्दहरू र प्रलोभनका प्रस्तावहरूबाट अप्रभावित हुन्छिन्। यिनले आफ्ना प्रेमीको विषयमा बाहेक अरू केही पनि विचार गर्न सक्दिनन्। राजा आफ्नो टेबिलमा बस्दथिए; तर यिनको आफ्नै सुगन्धको स्रोत थियोः यिनीसँग जटामसीको एउटा सानो थैली थियो, जुन थैलीचाहिँ यिनले आफ्ना गोठालाको सम्झाउनीको रूपमा आफ्नो छेउमा राखिराख्थिन्। यिनको निम्ति तिनी एन्-गेदीका दाखबारीहरूमा फुलेका मेंहदी-फूलको गुच्छाजत्तिकै सुगन्धित थिए।

**श्रेष्ठगीत १ः१५ः** सुलेमानले फेरि यिनको मन जित्न खोजे। यसपालि उनले यिनको सुन्दरताको प्रशंसा गर्दैथिए र यिनका आँखाहरू ढुकुरहरूका आँखाहरूसँग तुलना गर्दैथिए।

**श्रेष्ठगीत १ः१६-१७ः** तर शुलामाइटले आफ्नो मनमा बातचितको प्रसङ्ग बदली गर्छिन् र मनमनै आफ्ना प्रेमीलाई 'तिमी कति सुन्दर छौ' भन्छिन्। यिनको कल्पनामा बाहिर त्यो खुला मैदान यिनको घर थियो, अनि भुइँको घाँस तिनीहरूको ओछ्यान थियो र तिनीहरूको घरका निदालहरू र छतचाहिँ देवदार र सल्लाका रूखका हाँगाहरू थिए। तिनीहरूको प्रेम लीला गर्ने ठाउँ राजदरबार थिएन, तर पूरापूर देहात पो थियो।

**श्रेष्ठगीत २ः१ः** यी कन्याले आफ्नो सादापन र आफ्नो अयोग्यतामाथि जोड़ दिएर आफ्नो विषयमा कुरा अघि बढ़ाउँछिन्। यिनले आफूलाई शारोनको गुलाफसित र बेंसीहरूमा फुल्ने लिली[7] फूलसित तुलना गर्छिन्; यिनले यहाँ हामीले खेती गरेका गुलाफ र लिली फूलहरूको विषयमा कुरा गर्दैनथिइन्, तर सायद रातो जङ्गली रत्नज्योति अथवा हुन सक्छ, केशर[8]को बारेमा सोचिरहेकी थिइन् होला।

**श्रेष्ठगीत २ः२ः** सुलेमानले यिनले आफ्नो अयोग्यताको विषयमा दिएको जोड़ सुनेका हुनुपर्छ; किनभने उनले भन्छन्ः 'तिमी अति विशेष छ्यौ।' उनको निम्ति यिनी अन्य कन्याहरूको तुलनामा काँढ़ाहरूको बीचमा फूलेको लिली पो थिइन्।

**श्रेष्ठगीत २ः३ः** तर यिनी फेरि देहातका दृश्यहरूमा फर्किसकिन्; यिनले आफ्ना प्रेमीलाई वनका रूखहरूको बीचमा रोपिएको स्याउको रूखको रूपमा देख्छिन्। यिनको निम्ति तिनीसँग

बिताएका क्षणहरू सधैं रमाइला थिए र तिनीसँग पाएको सङ्गति सधैं मीठो हुन्थ्यो ।

**श्रेष्ठगीत २ः४-६ः** यिनी तिनीसँग समय बिताउन पाए हुन्थ्यो, यिनको निम्ति यो त भोजको घरमा बसेको बराबर हुनेथियो । तिनको प्रेमको झण्डा सधैं यिनीमाथि रहिरहन्थ्यो । तिनको बारेमा सोच्दा-सोच्दै यिनी प्रेमको रोगी भइन् । यसकारण फेरि ताजा र बलियो हुन यिनले किसमिसका मालपुवाहरू र स्याउहरू मगाउँछिन् । यिनको निम्ति तिनी यिनीसँगै थिए, तिनले यिनलाई समात्दै गरेको र अँगालो हालेको जस्तै थियो ।

## खण्ड ४

## श्रेष्ठगीत २ः७ः

### यी कन्याले यरूशलेमका छोरी-हरूलाई दिएको आदेश

**श्रेष्ठगीत २ः७ः** यरूशलेमका छोरी-हरू[9]तिर फर्केर शुलामाइटले यस पुस्तकमा भएको मुख्य कुरा व्यक्त गर्छिन्ः प्रेमको निम्ति सठीक समय हुन्छ । प्रेमका भावनाहरू शारीरिक प्रलोभनहरूद्वारा जगाउनुहुँदैन (जसरी राजा सुलेमानले गर्न खोजे) । यिनले तिनीहरूलाई सुन्दर हरिणहरूको नाममा शपथ खान लाउँछिन्ः 'प्रेमको उचित समयसम्म तिमीहरूले प्रेमलाई जगाउनुहुँदैन र उठाउनुहुँदैन ।' अर्को शब्दमा भन्नु हो भने, प्रेमचाहिँ किन्न सकिने वस्तु होइन, जबरजस्ती गर्ने कुरा पनि होइन, ढोङ र स्वाङ गर्ने कुरा पनि होइन; तर प्रेम सहजै आउने कुरा हो; जसले प्रेम गर्छ, उसले स्वतन्त्रतापूर्वक र इमान्दारपूर्वक यसो गर्छ ।'[10] इस्राएली जातिले यो साधारण नियम पालन गरेको भए, तिनीहरूले पक्का पनि कहिल्यै परमप्रभुप्रति अविश्वासयोग्य हुनेथिएनन् ।

## खण्ड ५

## श्रेष्ठगीत २ः८-१७ः

### शुलामाइटले आफ्ना गोठाला-प्रेमी-सितको विगत भेटघाट सम्झिरहेको बेलामा यिनका दाजुभाइहरूले यिनको मनन बीचमा काटेर यिनलाई काममा जाने आदेश दिएका

**श्रेष्ठगीत २ः८-१४ः** अब यी कन्याले आफ्ना प्रेमीसँग भएको विगतको भेटघाट सम्झन्छिन् । तिनले पहाड़हरूहुँदा फड्को मार्दै र डाँड़ाहरूहुँदा उफ्रँदै यिनलाई भेट्न हतार गर्दैथिए। तिनको सुन्दरता मृग वा जवान हरिणको सारा सुन्दरताअनुसारको थियो। एकैक्षणमा तिनी पर्खालको पछाड़ि उभिरहेका थिए र जालीदार झ्यालहरूबाट भित्र चियाउँदै-थिए । यिनले तिनको सोर सुन्दैथिइन्; तिनले यिनलाई 'मसँग जाऊ' भनेर बोलाउँदैथिए। किनकि त्यो कालो रातरूपी जाड़ो समय बिति-गएको, र पानी पर्ने समय सकेको थियो । वसन्त ऋतुका लक्षणहरू जताततै देखा परिसकेका थिएः फूलहरू फुलिरहेका थिए, ढुकुरहरूले कुर्लेका थिए, नेभाराका रूखहरूमा चिचिला फलहरू लाग्दैथिए र दाखका बोटहरूमा चिचिला अङ्गुरहरू देखा परे। यसकारण तिनले यिनलाई 'उठ, र आइहाल' भनेर आग्रह गरे। हुन सक्छ, यिनको प्रतिक्रियामा केही ढिलाइ भएको हुनुपर्ला; किनकि तिनले यिनलाई 'झ्यालमा आऊ' भने; किनकि तिनले यिनको अनुहार देख्न र यिनको सोर सुन्न चाहन्थे । त्यस क्षणसम्म यिनी लुकेकी थिइन्, चट्टानका दाराहरूमा र भीरपहराका गुप्त स्थानहरूमा लुकिरहेको ढुकुरजस्तै ।

**श्रेष्ठगीत २ः१५ः** तर के गर्ने ? नभन्दै यिनका दाजुभाइहरू आइपुगिहाले, जसले यिनलाई र यिनका साथीहरूलाई यसो भन्ने आज्ञा गरेः 'हाम्रो निम्ति ती स्यालहरू, ती ससाना स्यालहरू पक्रिदेओ, **11)** जसले दाखका बोटहरू बिगार्छन्; किनकि हाम्रा दाखका बोटहरूमा कोमल अङ्गुरहरू लागेका छन् ।' **12)** त्यतिकै यिनको निम्ति तिनीसँग हिँड़िहाल्ने सम्भावना हराइगयो ।

**श्रेष्ठगीत २ः१६-१७ः** यो यिनको निम्ति ठूलो निराशा थियो, तर यिनले यस कुरामा सान्त्वना पाइन्ः 'मेरा प्रिय मेरा हुन् र म तिनकी हुँ ।' यिनका गोठाला-प्रेमी र यिनी एक-अर्काको निम्ति निर्धारित थिए । यसकारण यिनले तिनलाई मानौं यसो भनिन्ः 'त्यस समयमा फर्क, जब दिन ठण्डा हुन्छ र छायाहरू भागिसके ! बेतेरका पहाड़हरूहुँदा मृग वा जवान हिरणजस्तै छिटो फर्क !' बेतेरको अर्थ अलग पार्नु हो; यसर्थ यस वाक्यले 'हामीलाई अलग पार्ने यी पहाड़हरू नाघेर मकहाँ आऊ' भन्ने अर्थ लिन्छ ।

## खण्ड ६
## श्रेष्ठगीत ३ः१-४ः
### यी कन्याले आफ्ना प्रेमीसँगको विगत भेटघाटको विषयमा सपना देखेकी

**श्रेष्ठगीत ३ः१-४ः** अहिले यी कन्याले आफ्नो प्रेमीसँग भएको भेटघाटको विषयमा देखेको सपना सम्झिरहेकी छिन् । एक रात यिनले तिनलाई खोजिरहेकी थिइन्, तर यिनले तिनलाई भेट्टाउन सकिनथिइन् । यसकारण यिनी शहरमा गइन्, र यिनले तिनलाई सड़क र चोकहरूहुँदो खोजी गर्थिन्; यिनले तिनको विषयमा पहरेदारहरूलाई समेत सोधिन् । त्यसको लगत्तै यिनले तिनलाई भेट्टाइन्; अनि यिनले तिनलाई पक्रिन् र यिनलाई आफ्नो घरमा ल्याइन् ।

## खण्ड ७
## श्रेष्ठगीत ३ः५ः
### यी कन्याले यरूशलेमका छोरी-हरूलाई आदेश दोहोऱ्याएकी

**श्रेष्ठगीत ३ः५ः** *'हे यरूशलेमका छोरीहरूहो, म तिमीहरूलाई मृगीहरू र मैदानका हरिणीहरूको नाममा शपथ खुवाएर आज्ञा गर्छुः जबसम्म प्रेमले चाहँदैन, तबसम्म त्यसलाई नउठाओ र नजगाओ !'* यरूशलेमका छोरीहरूलाई आफ्नो आदेश दोहोऱ्याउन यिनले आफ्नो कुरा एकक्षण रोकिराखिन् ।

## खण्ड ८
## श्रेष्ठगीत ३ः६-११ः
### सुलेमानको शोभायात्रा यरूशलेममा आइपुगेको

**श्रेष्ठगीत ३ः६-११ः** अबचाहिँ प्रस्तुत दृश्यस्थल बदली भएको छ । आउनुहोस्, अब हामी यरूशलेममा सुलेमानको भव्य र शानदार शोभायात्रा कसरी आइपुगेको, सो हेरौं । तब हामीमा एउटा अर्थगर्भित प्रश्न रहेको छः 'यत्रो गौरवशाली राजाका प्रेम-प्रसङ्गयुक्त प्रस्तावना-हरू कसले प्रतिरोध गर्न सक्ला ?' अनि यस प्रश्नको सही जवाफ 'शुलामाइटले गर्न सक्छिन्' हो । किनकि यिनी आफ्नो प्रेमीप्रति विश्वास-योग्य रहिन्, र अन्य सबै सोरहरूप्रति बहिरा छिन् ।

यस जुलुसको मार्गको दाहिने-देब्रे छेउमा उभिएका दर्शकहरू राजाको भव्य आगमनमा अवाक् भए; अनि चारैतिर गन्धरस र लोबानको धूपका धूवाँका मुस्लाहरू उठिरहेका थिए। तिनीहरूले सुलेमानको पालकी देख्न सके, जसको पहरा साठीजना हतियारधारी शूरवीर सिपाहीहरूले गर्दैथिए। पालकीको बनावट यस प्रकारको थियोः त्यसका भव्य स्तम्भहरू चाँदीका थिए, र त्यसको पींध सुनको थियो, त्यसको आसन एउटा बैजनी गद्दी थियो, र त्यसमा बिछ्याइएका गलैंचाहरू यरूशलेमका छोरीहरूले प्रेमपूर्वक बुनेका गलैंचाहरू थिए। सियोनका नागरिकहरूलाई आह्वान दिइएको थियो; यसैले तिनीहरू राजा सुलेमानलाई स्वागत गर्न उपस्थित थिए; अनि उनको शिरमा उनकी आमाले उनलाई उनको विवाहको दिनमा लगाइदिएको मुकुट थियो।

## खण्ड ९

## श्रेष्ठगीत ४ः१-६ः

### सुलेमानले फेरि यी कन्यालाई जित्न खोजेका, तर यिनी उनका मोहक शब्दहरूले प्रभावित नभएकी।

**श्रेष्ठगीत ४ः१-५ः** श्रेष्ठगीतको पुस्तकका अभिनेताहरू तीनैजना हुन् भन्ने धारणा अपनाउनेहरूको बीचमा यी पदहरूमा बोल्ने वक्ता सुलेमान हुन् कि गोठाला हुन्, यसको विषयमा दुईमत छ। हामी अनुमान लगाएर भन्छौं, कि यहाँ बोल्ने वक्ताचाहिँ बहुविवाह गरेका सुलेमान हो, जो भर्खरै यरूशलेममा फर्केर आएका हुन् र जसले शुलामाइटलाई जित्न अर्को प्रयास गर्छन्।

उनले अब यिनको सुन्दरताको विस्तृत बयान गर्न शुरु गर्छन्। घुम्टोको पछाड़िबाट चियाएर हेर्ने यिनका आँखाहरूले उनलाई ढुकुरका आँखाहरूको याद दिलाउँछन्। अनि यिनको कपालका टल्किरहेका लहरलहरचाहिँ उनलाई गिलाद पहाड़को पाखाबाट घाममा एकसाथ ओर्लिरहेका बाख्राहरूको बगालजस्तो लाग्दैथियो। अनि यिनका चम्किला सेता दाँतहरू उनको निम्ति नुहाइएको ठाउँबाट बाहिर निस्किरहेका, भर्खरै कत्रिएका भेड़ीहरूको बगालजस्तै थिए। यिनका दाँतहरू जुम्ल्याहा पाठाहरूजस्तै थिए; किनकि यिनको मुखमा हरेक माथिल्लो दाँतको निम्ति मिल्ने तल्लो दाँत थियो; यिनका दाँतहरू पूर्ण थिए, तिनमा एउटा पनि निकालिएको थिएन। अनि यिनका ओठहरूचाहिँ? यिनका ओठहरू सिन्धूरे रङ्गको सूतजस्तै थिए, र यिनको मुखको रूप सिद्ध थियो। घुम्टोको पछाड़ि यिनका कनपटहरूको आकृति अनारका फग्लेंटाजस्तै देखा पर्‍यो। अनि यिनको गलाचाहिँ? त्यो त दाऊदको धरहरा जस्तै थियो। धरहरा भन्नाले बल र मर्यादाको कुरा बुझिन्छ। अनि यिनका दुईवटा स्तनहरू मृगीका जुम्ल्याहा पाठाजस्तै थिए, अर्थात् तिनका सुन्दरता साह्रै नरम, नाजुक र कोमल थिए।

**श्रेष्ठगीत ४ः६ः** शुलामाइटले बीचैमा उनको कुरा[13)] काट्छिन्। उनको चापलुसीबाट यिनी प्रभावित भइनन्। उनले यो बुझ्नुपर्छ। यिनले त आफ्ना प्रेमीसँगको पुनर्मिलनको बाटो हेर्दैथिइन्। जब दिन ठण्डा हुन्छ र छायाहरू भागिसक्छन्, तब यिनी गन्धरसको पहाड़ र लोबानको डाँड़ामा जानेथिइन्, अर्थात् आफ्ना गोठाला-प्रेमीकहाँ गइहाल्नेथिइन्।

# खण्ड १०

# श्रेष्ठगीत ४ः७-५ः१ः

## ती जवान गोठाला आइपुगेका र यी कन्यालाई 'मसित यरूशलेमबाट हिँड़ेर जाऊ' भन्ने सुझाउ दिएका; तिनीहरू बस्तीमा भएको घरमा जाऊन्, जसको योजना तिनीहरूले अघिबाट गरेका थिए। अनि यिनी राजी भएकी

**श्रेष्ठगीत ४ः७-१५ः** अब ती गोठाला देखा परे,[14] र तिनले आफ्नी दुलहीलाई 'मसँगै लेबानोनबाट आऊ' भन्ने आग्रह गर्छन्, साथै तिनले यिनको शोभा, यिनको प्रेम, यिनका ओठहरू र यिनका वस्त्रहरूको सुगन्ध तारिफ गर्छन्। यिनका वस्त्रहरूको सुगन्ध भन्नाले यिनको जीवनको सुचरित्र र शुचिता बुझिन्छ। तिनले यिनलाई पूरा सिँचिएको बगैंचासँग तुलना गर्छन्, जसमा सबैभन्दा उत्तम फलफूलहरू फल्दैथिए र सबैभन्दा उत्तम सुगन्धित मसलाहरू बढ़्दैथिए।

**श्रेष्ठगीत ४ः१६ः** काव्यात्मक शब्दहरूमा यिनले तिनलाई 'बगैंचामा आऊ र यसलाई आफ्नै तुल्याऊ' भन्ने आग्रह गर्छिन्।

**श्रेष्ठगीत ५ः१[क]ः** अनि शुलामाइटले ती गोठालालाई ४ः१६ पदमा जुन निम्तो दिइन्, त्यस निम्तोप्रति ती गोठालाले अब आफ्नो सकारात्मक प्रतिक्रिया जनाउँछन्ः 'म बगैंचामा आएँ है; म त्यसको मसला बटुल्दैछु; म महको चाखा खाँदैछु; म दूध र दाखमद्य पिँदैछु।'

**श्रेष्ठगीत ५ः१[ख]ः** *'हे साथीहरूहो, खाओ! हे प्रियहरूहो, पिओ, प्रशस्त गरी पिओ!'* यस पदको बाँकी भागमा यी दुईजनामा चासो लिएका अज्ञात दर्शकहरूले यी परितप्त प्रेमी-प्रेमिकालाई उत्साह दिएका जस्तै लाग्छ।[15]

# खण्ड ११

# श्रेष्ठगीत ५ः२-८ः

## शुलामाइटले एउटा भयभीत सपनाको सम्झना गरेकी, जुन सपनामा यिनको अल्छीपनले गर्दा यिनले आफ्ना प्रेमीलाई भेट्न नपाएकी

**श्रेष्ठगीत ५ः२-७ः** अब यी कन्याले एउटा सपनाको कुरा गर्छिन्; यस सपना यिनले तिनलाई ढोका ढकढकाएका र यिनलाई 'ढोका खोल' भन्ने विन्ती गरेका सुनेकी थिइन्। तिनी साँझको शीतले भिजेका थिए। तर जब यिनले तिनको निम्ति ढोका खोल्न हिचकिचाइन्, किनभने यिनी नुहाइसकेकी थिइन् र पलङमा सुत्नै लागेकी थिइन्, तब तिनले ढोकाबाट आफ्नो हात झिकाए। अन्तमा यिनी उठिन् र ढोकातिर गइन्। अनि ढोका खोल्दाखेरि तिनले आग्लोका हातोहरूमा छोड़ेको तरल गन्धरसले यिनका हातहरू सुगन्धित भए। तर तिनीचाहिँ गइसकेका थिए। यिनले तिनलाई खोजिन्; यिनले तिनको नाम लिएर तिनलाई बोलाइन्, तर यिनले तिनलाई भेट्टाउन सकिनन्। अनि शहरका पहरेदारहरूले यिनलाई भेट्टाए र यिनलाई पिटे; तिनीहरूले यिनको घुम्टो खोसेर लगे; किनकि तिनीहरूले यिनलाई एउटी चरित्रहीन स्त्री सम्झे।

**श्रेष्ठगीत ५ः८ः** आफ्नो पीड़ामा यिनले यरूशलेमका छोरीहरूलाई यसो भन्दै आदेश दिइन् र भनिन्ः *'तिमीहरूले मेरा प्रियलाई भेट्टायौ भने उहाँलाई भनिदेओः म प्रेमको रोगी छु।'*

## खण्ड १२

## श्रेष्ठगीत ५ : ९ – ६ : ३ :

### राजदरबारका स्त्रीहरूले सोधेका हुनाले यिनले आफ्ना प्रेमीका सुन्दरताहरूको प्रशंसा गरेकी; यसैले उनीहरूले तिनलाई पनि हेर्न चाहेका

**श्रेष्ठगीत ५ : ९ :** यिनले अरू कसैको विषयमा होइन, तर केवल ती गोठालाको विषयमा उत्साहको साथ निरन्तर कुरा गरेकी हुनाले यस कुराले यरूशलेमका छोरीहरूमा चासो जगायो। यिनले कुनै अज्ञात देहातको केटाको निम्ति सुलेमानको प्रेम कसरी इन्कार गर्न सकिन्? तिनीहरूले यो बुझ्न सकेनन्। यसकारण तिनीहरूले यिनलाई सोधेः *'कुन कुरामा तिम्रा प्रिय अरू कुनै प्रियभन्दा बढ़ी छन्?'*

**श्रेष्ठगीत ५ : १० – १६ :** अनि यही कुराले यिनलाई दस हजारभन्दा उत्तम हुने आफ्ना प्रेमीको शारीरिक सुन्दरताको प्रशंसा गर्ने मौका दिलायो। विभिन्न काव्यात्मक रूपक र उपमाहरूको सारा धन प्रयोग गरेर यिनले तिनको रङ्गरूप, तिनको शिर, तिनको कपाल, तिनका आँखाहरू, तिनका गाला र ओठहरू, तिनका हातहरू, तिनको शरीर, तिनको अनुहार र तिनको मुखको बारेमा सुरिएर बोलिन्। छोटकरीमा भन्नु हो भने, यिनका प्रेमी बिलकुलै मनोहर थिए।[16)]

**श्रेष्ठगीत ६ : १ :** यति बेलासम्म यरूशलेमका छोरीहरूले ती परमसुन्दर आदर्श-पुरुषलाई देख्न चाहे। यसकारण तिनीहरूले यिनलाई सोध्छन्ः 'तिम्रा प्रिय कहाँ गएका छन्? तिम्रा प्रिय कतातिर लागे? हामी तिमीसित उनलाई कहाँ खोजौं?'[17)]

**श्रेष्ठगीत ६ : २ – ३ :** जानीजानी यी कन्याले दिएको जवाफ अस्पष्ट र कुरा टार्ने खालको थियोः 'मेरा प्रिय तल आफ्नो बगैंचामा जानुभएको छ।' यिनले तिनको बारेमा तिनीहरूलाई अरू बढ़ी किन भन्ने? यिनी तिनकी थिइन्, र तिनी पनि यिनका थिए। अनि यिनको इच्छा थियोः यो यस्तै भइरहोस्।

## खण्ड १३

## श्रेष्ठगीत ६ : ४ – १० :

### सुलेमानले आफ्ना प्रेमका मनमोहक प्रस्तावहरू दोहोऱ्याएका

**श्रेष्ठगीत ६ : ४ – १० :** यस खण्डमा सुलेमान फेरि देखा परे; अनि उनले शुलामाइटलाई प्रेम देखाएर जित्न प्रयास गर्छन्। मध्यपूर्व मुलुकमा चल्ती भएको कल्पनीय शैलीमा उनले सुरिलो पाराले यिनको अनुहारको सुन्दरताको बढ़ाइचढ़ाइ गर्छन्। उनले यहाँ जे भन्छन्, प्रायः सबै उनले श्रेष्ठगीत ४ : १ – ३ पदको खण्डमा भनिसके र यहाँ दोहोऱ्याएका छन्। उनको विचारमा, यिनको सुन्दरताले साठी रानीहरू, अस्सी उपपत्नीहरू र अनगिन्ती कन्याहरूको सुन्दरता जित्दो रहेछ। यिनी आफ्नी आमाको प्रेमपात्र थिइन्; यति मात्र होइन, तर छोरीहरू, रानीहरू र उपपत्नीहरू सबैले यिनको प्रशंसा गरे, र यसो भनेः 'यिनी को हुन्, जसको हेराइ प्रभातजस्तै छ, जसको सुन्दरता चन्द्रमाजस्तै छ, जसको निर्मलता सूर्यजस्तै छ, जसको चाल झण्डाहरू लिएर हिंड़ेको फौजजस्तो भयानक छ?'

# खण्ड १४

## श्रेष्ठगीत ६ः११-१३ः

### यिनले राजदरबारका स्त्रीहरूलाई यिनी आफू कुन अनौठो तरिकाले यस राजदरबारमा ल्याइए, सो सुनाएकी

**श्रेष्ठगीत ६ः११-१२ः** शुलामाइटले सुलेमानका प्रस्तावहरू सरासर इन्कार गरिन्; यसको निम्ति यिनले यहाँ एउटा अनौठो स्पष्टीकरण दिन्छिन्ः यिनी बेंसीमा फलफूलहरू र ओखरहरूको बगैंचा हेर्न गएको बेलामा राजाको रथ आएको थियो । त्यसपछि राजाले यिनलाई यरूशलेमको राजदरबारमा लैजाने इच्छा गरे; तर यसमा यिनको कल्पना धरि थिएन, यिनको अलिकति पनि चासो थिएन ।

**श्रेष्ठगीत ६ः१३ः** यिनी त्यहाँबाट निस्कन लागेको बेलामा कि त सुलेमानले, कि त यरूशलेमका छोरीहरूले, कि त यिनका साथीहरूले यिनको सुन्दरताको एक झलक पाउन यिनलाई 'फर्केर हेर' भन्ने आग्रह गर्छन् । तर यिनले तिनीहरूलाई निम्न जवाफ दिन्छन्ः तिनीहरूले यिनीजस्तो साधारण तरुणीलाई किन हेर्न चाहन्छन् ?

अनि यस पदको अन्तिम वाक्य हामीलाई बुझ्न गाह्रो छ। किनकि जुन दुईवटा फौजका शिविरहरूको विषयमा, (जुनचाहिँ हिब्रू भाषामा 'महनैम' भनिन्छ), शुलामाइटले कुरा गरिन्, ती दुईवटा फौजका शिविरहरू एउटा गोल नृत्य हुन सक्छन्, जुन नृत्यमा नर्तकहरूका दुईवटा टोलीहरू हुन्छन्, जो नाच्दा एक समयमा एक-अर्कासँग मिल्छन् र एकक्षणपछि फेरि एक-अर्काबाट अलग हुन्छन् ।

# खण्ड १५

## श्रेष्ठगीत ७ः१-१०ः

### सुलेमानको अन्तिम प्रस्ताव व्यर्थ भएको

**श्रेष्ठगीत ७ः१-९[क]ः** सुलेमानले अझै पनि शुलामाइटको अतिरञ्चित प्रशंसा गरेर यिनका शारीरिक आकर्षणहरूको बेलीबिस्तार गर्छन् । यसो गर्दा उनले यिनको तुलना आफ्नो सम्पूर्ण राज्यका प्रशिद्ध ठाउँहरूसित गर्छन्, जस्तैः हेश्बोन, बत-रब्बीम, लेबानोन, दमस्कस र कर्मेल पहाड़ । त्यसपछि उनले यिनलाई एउटा गतिलो खजूरको रूखको रूपमा देख्छन्, र यिनलाई आफ्नो अङ्गालोमा हाल्ने इच्छा गर्छन् । यसो गर्दा यिनका स्तनहरू उनको निम्ति छोहोराका झुप्पाहरूजस्तै हुनेथिए, अनि यिनको सासको सुगन्ध स्याउहरूजस्तै र यिनका चुम्बनहरू सबैभन्दा उत्तम दाखमद्यजस्तै मीठो हुनेथिए ।

**श्रेष्ठगीत ७ः९[ख]-१०ः** तर यी कन्याले सुलेमानको कुरा काटेर उनलाई भनिहाल्छिन्ः यिनको दाखमद्य उनको निम्ति होइन, तर यिनको प्रेमीको लागि हो। यिनी राजाकी थिइनन्, तर यिनका प्रेमीकी प्रेमिका थिए । यिनले यसो भन्दा सुनिश्चित थिइन्ः ती गोठाला-प्रेमीले यिनको नित्य चाहना गर्थे ।

# खण्ड १६

## श्रेष्ठगीत ७ः११-८ः२ः

### यिनी आफ्ना गोठाला-प्रेमीसँग कुराकानी गरेकी, जो यिनलाई लैजान आइपुगेको

**श्रेष्ठगीत ७ः११-१३ः** अब ती गोठाला-प्रेमी यरूशलेममा आइपुगेका रहेछन्; अनि

शुलामाइटचाहिँ तिनको साथमा बस्तीमा जान र गाउँहरूतिर जान स्वतन्त्र भइन्। यिनले के आशा गर्थिन् भने, यिनी तिनको साथमा बारीहरूहुँदो हिँड्नेछिन्, बिहानै उठेर दाख-बारीहरूमा दाखका बोटहरू र अनारका रूखहरूमा कोपिला लागेको छ कि छैन, सो हेर्न जानेछिन्। त्यस ग्रामीण परिवेशमा, दूधेफल-हरूले सुगन्ध दिइरहेको अवस्थामा यिनले तिनलाई आफ्नो प्रेम दिनेछिन् र सबै किसिमका उत्तम, मनोहर फलहरू दिनेछिन्, जुन उत्तम, मनोहर फलहरू यिनले तिनको निम्ति साँचेर राखिन्।

**श्रेष्ठगीत ८:१-२:** यस खण्डमा शुलामाइट अझै बोल्दैछिन्। ती गोठाला तिनका दाज्यू भइदिएका भए यिनले गाली नखाईकन तिनलाई चुम्बन गर्न सक्नेथिइन्। यिनले तिनलाई आफ्नी आमाको घरमा लैजानेथिइन् र अनारबाट बनेको सबैभन्दा असल मसलादार दाखमद्य खुवाउने-थिइन्।

## खण्ड १७

## श्रेष्ठगीत ८:३-४:

### यिनले यरूशलेमका छोरीहरूलाई तेस्रो र अन्तिम आदेश दिएकी

शुलामाइटले आफूलाई आफ्ना प्रमीको अङ्गालोमा भएकी सम्झन्छिन्; त्यसपछि यिनले यरूशलेमका छोरीहरूलाई ताकेर तिनी-हरूलाई अन्तिम पल्ट आदेश दिन्छिन्:

*‘हे यरूशलेमका छोरीहरूहो, म तिमीहरूलाई शपथ खुवाएर आज्ञा गर्छु: जबसम्म प्रेमले चाहँदैन, तबसम्म त्यसलाई नउठाओ र नजगाओ!’*

## खण्ड १८

## श्रेष्ठगीत ८:५-१४:

### दुलहा-दुलही देहातमा भएको आफ्नो गाउँमा आइपुगेका, तिनीहरूले विवाहको प्रण गरेका र अबदेखि उप्रान्त खुशीसाथ वैवाहिक जीवन जिएका

**श्रेष्ठगीत ८:५क:** शुलामाइटको निजी गाउँमा स्थानीय मानिसहरूले यिनलाई यरूशलेमबाट फर्केकी देख्छन् र सोध्छन्: *‘आफ्ना प्रियमाथि अड़ेसिएर उजाड़स्थानबाट निस्केर आउने यिनी को हुन्?’*

**श्रेष्ठगीत ८:५ख:** त्यसपछि यो जोड़ा नजिक आइरहेको बेलामा ती गोठालाले यिनलाई सुपरिचित ठाउँहरू देखाउँछन्, जस्तै: त्यो स्याउको रूख, जुन रूखमनि तिनीहरूको बीचमा प्रेमको सम्बन्ध शुरु भएको, अनि यिनको जन्मस्थल पनि।

**श्रेष्ठगीत ८:६-७:** शुलामाइटले सुझाव दिन्छिन्: ‘आऊ, हामी आफ्नो विवाहका प्रणहरू फेरि एकपल्ट दोहोऱ्याऔं!’ यिनका शब्दहरू सुन्नुहोस्, किनकि यिनका यी शब्दहरूमा ठूलो शोभन छ!

*‘मलाई एउटा मोहोरछापझैं आफ्नो हृदयमाथि लगाइदेऊ, एउटा मोहोरछापझैं आफ्नो पाखुरामाथि लगाइदेऊ; किनकि प्रेमचाहिँ मृत्युजत्तिकै बलवान् छ, अनि डाहा चिहानजत्तिकै कठोर छ। त्यसका ज्वालाहरू आगोका ज्वालाहरू हुन्, याहको ज्वाला हुन्। प्रेमलाई धेरै-धेरै पानीले पनि निभाउन सक्दैन, न ता बाढ़हरूले त्यसलाई डुबाउन सक्छन्; मानिसले प्रेमको निम्ति आफ्नो*

*घरको सारा धनसम्पत्ति दिइहाले ता पनि त्यो बिलकुल तुच्छ गनिनेथियो ।'*

यिनका यी शब्दहरू धेरै ठाउँहरूमा र धेरै अवसरहरूमा उद्धृत गरिएका छन् ।

यिनले आफ्नो प्रेम अरू कसैलाई दिनेछैनँ भन्ने सुदृढ़ प्रतिज्ञा पुष्टि गर्छिन् । यिनको प्रेम मृत्युजत्तिकै बलियो थियो, त्यो कहिल्यै निभ्दैनथियो, र त्यो अति मूल्यवान् थियो, अँ, अमूल्य थियो ।

**श्रेष्ठगीत ८ः८-९ः** यो निक्कै साल अगाड़िको कुरा होः जब शुलामाइटका दाजुभाइहरूले आफ्नी जवान बहिनीको भविष्य तय गर्न खोजेका थिए, तब तिनीहरू निम्न निर्णयमा आइपुगेका थिएः यिनी पवित्र, शुद्ध र विश्वासयोग्य रहिन् भने, तिनीहरूले यिनको विवाहमा यिनलाई चाँदी अर्थात् नगदरूपी दाइजो दिनेथिए । तर यिनी अशुद्ध र चरित्रभ्रष्ट भइन्, जसैले पनि यिनीसँग सहवास गर्न पायो भने, तिनीहरूले यिनलाई बन्दमा राखेर लुकाउनेथिए ।

**श्रेष्ठगीत ८ः१०-११ः** तर यी कन्याले तिनीहरूलाई निश्चिन्त गराउँछिन्ः अब यिनको विवाह गर्ने उमेर भयो; अनि यस दिनसम्म यिनी पर्खालजस्तै अटल भइरहिन् । अनि त्यो कुरा यिनका प्रेमीलाई थाहा थियो । कुराकुरामा प्रसङ्गबाट कुरा उठ्योः बाल-हामोनमा सुलेमानको एउटा दाखबारी थियो, जसका रखवालाहरू धेरै थिए ।

**श्रेष्ठगीत ८ः१२ः** तर त्यस बारीमा यिनको चासो अलिकति पनि थिएन । किनकि यिनीसँग आफ्नो दाखबारी छँदैथियो, यिनका गोठाला-प्रेमी ! सुलेमानले आफ्नो धनसम्पत्ति आफूसँग राखून् । यिनलाई त्यो चाहिँदैनथियो ।

**श्रेष्ठगीत ८ः१३ः** अनि साक्षीहरूको उपस्थितिमा ती गोठालाले यिनलाई सोध्छन्ः 'के तिमी मेरा विवहिता पत्नी हुन चाहन्छ्यौ ? तब "हजुर, म चाहन्छु" भन !'

**श्रेष्ठगीत ८ः१४ः** अनि अलङ्कृत भाषामा यिनले आफ्ना प्रेमीलाई भन्छिन्ः 'हतार गर, र ढिलो नगरी मलाई आफ्नो तुल्याऊ !' अनि यसरी यस पुस्तकको अन्त भयो ।

*'पवित्र धर्मशास्त्र बाइबलमा सुलेमानचाहिँ बहुविवाहको सबैभन्दा सुस्पष्ट उदाहरण भए । यसो भए पनि पुरानो नियममा श्रेष्ठगीतको पुस्तकले एकल विवाहको पूरा समर्थन गर्छ । यसो हो भने हामीले यो पुस्तकचाहिँ सुलेमानको पालोमा जिएको इस्राएली जातिको निम्ति प्रेम र विवाहको सम्बन्धमा परमेश्वरले दिनुभएको विशुद्ध उत्कृष्ट आदर्शमा फर्कने बलियो आह्वान मान्नुपर्छ ।'* 18)

## ENDNOTES:

1) **Introduction:** Franz Delitzsch, "The Song of Songs," in Biblical Commentary on the Old Testament, XVI:1.

2) **Introduction:** Arthur Farstad, "Literary Genre of the Song of Songs" p. 63.

3) **Introduction:** Clarke's commentary (see Bibliography) presents the same view as the Believers Bible Commentary.

4) **1:5-6:** The little word translated "but" (we) can be (and more often is) translated "and." Then a literal translation would be "black and beautiful."

5) **1:7-8:** The translators of the NKJV take verse 8 to be the words of the Beloved, and hence not sarcastic. The Beloved and Solomon are taken as the same person rather than as rivals for the Shulamite's love. It should be stressed that the headings in the NKJV, New Scofield Bible, or any other Bible, are editorial, and not part of the text. However, as the note at 1:1 in the NKJV points out, the Hebrew wording is clearer than the English as to gender and number of persons referred to.

6) **1:11:** The NKJV takes the "we" literally as referring to the daughters of Jerusalem.

7) **2:1:** In prose, poetry, and hymnody our Lord has been likened to the lily of the valley and the rose of Sharon. That comparison is still valid even if it is not the thought in this passage.

8) **2:1:** Arthur Farstad, "Literary Genre of the Song of Songs", p. 79, f.n. 6.

9) **2:7:** The NKJV takes the address to the daughters to start at v. 4.

10) **2:7:** W. Twyman Williams, "The Song of Solomon," Moody Monthly, February 1947, p. 398.

11) **2:15:** The plural form of "catch" may be explained by the likelihood that these lines (extremely song-like and full of rhymes in the original) are a "vine-dresser's ditty" (Delitzsch, 'Song of Songs,' p. 53). Otto Zöckler writes that "this verse is a little vintagers' song or at least a fragment of one" and says that all the commentators of his time who are not allegorists are settled on this ('Song of Songs' in Lange's Commentary on the Holy Scriptures, V:71).

12) **2:15:** Young foxes (the term includes jackals) come out in the spring and destroy the vines by burrowing passages and holes beneath the roots, thus undermining their support. See Delitzsch, "Song of Songs," p. 54

13) **4:6:** The NKJV editors take this verse as part of the Beloved's speech.

14) **4:7–15:** The NKJV editors see no indication of a new speaker here and take these verses as part of the Beloved's speech.

15) **5:1b:** The NKJV editors agree, calling these people "His friends."

**16) 5:10–16:** Based on the Christological interpretation of the book, the phrases "chief among ten thousand" and "altogether lovely" have been applied to our Lord in sermon and song. Especially in the spiritual sense, these applications are well warranted, even if not originally meant by the context.

**17) 6:1:** In the Christological interpretation the bride's (= church's) "witnessing" to the beauties of her beloved (= Christ) causes others to seek Him too

**18) 8:14:** W. Twyman Williams, "The Song of Solomon", p. 422.

## BIBLIOGRAPHY

Bellett, J. G. *Meditations upon the Canticles*. London: G. Morrish, n.d.

Burrowes, George. *A Commentary on the Song of Solomon*. Philadelphia: William S. & Alfred Martien, 1860.

Clarke, Arthur G. *The Song of Songs*. Kansas City, KS: Walterick Publishers, n.d.

Delitzsch, Franz. "The Song of Songs." In *Biblical Commentary on the Old Testament*, Vol. 16. Grand Rapids: Wm. B. Eerdmans Publishing Company, 1971.

Zöckler, Otto. "The Song of Solomon." *Lange's Commentary on the Holy Scriptures*. Vol. 5. Grand Rapids: Zondervan Publishing House, 1960.

Periodicals

Williams, W. Twyman. "The Song of Solomon," *Moodly Monthly*, February 1947.

Unpublished Materials

Farstad, Arthur L. "Literary Genre of the Song of Songs." Th.M. Thesis, Dallas Theological Seminary, 1967.